

# सत्यार्थप्रकाश

## नेपाली भाषामा अनुवादित



सत्यार्थ प्रकाशका लेखक
महर्षि दयानन्द सरस्वती
विक्रम सम्वत् १८८१ – १९४०

॥ ओ३म् ॥

# अथ सत्यार्थप्रकाशः

## वेदादिविविधसच्छास्त्रप्रमाणैः

## समन्वितः

"मेरो कुनै नवीन कल्पना वा मत-मतान्तर चलाउने लेशमात्र पनि अभिप्राय होइन । पक्षपातलाई छोडेर यसलाई हेर्नाले सत्यासत्य मत सबैलाई विदित हुने नै छ । किनभने मेरो तात्पर्य कसैको हानि वा विरोध गर्नको लागि होइन किन्तु सत्यासत्यको निर्णय गर्न-गराउनको लागि हो । यसै प्रकारबाट सबै मनुष्यहरू न्यायदृष्टिले चल्न अति उचित हुन्छ । मनुष्य-जन्मको प्रयोजन सत्यासत्यको निर्णय गर्न-गराउनको लागि नै हो, न कि वादविवाद, विरोध गर्न-गराउनको लागि । मैले यस ग्रन्थलाई बनाउनुको मुख्य प्रयोजन सत्य-सत्य अर्थको प्रकाश गर्नु हो ।"

–दयानन्द सरस्वती

**श्रीमत्परमहंसपरिव्राजकाचार्य्यमहर्षिदयानन्दसरस्वतीस्वामिविरचितः**

**(सर्वथा राजनियमे नियोजितः)**

प्रकाशकः



ग्रन्थको मूललाई यताउति चलाउने मेरो सामर्थ्य छैन । मात्र महर्षिजीको भाषालाई नेपालीमा रूपान्तरण गर्ने मेरो प्रयत्न रहेको छ । केही जटिल सन्दर्भलाई प्रष्टचाउनको लागि उहाँकै 'संस्कारविधि' एवं 'शास्त्रार्थसंग्रह' तथा 'भागवत खण्डनम्' पुस्तकको सहारा लिनुका साथै नेपालका केही चर्चित स्थलका सत्य घटनालाई समेटेको छु । उहाँको भाषा मौलिक र परिष्कृत रहेकाले ग्रन्थको मर्म, विषय र शैलीलाई हुबहु नेपालीमा रूपान्तरण गरेर उतार्न खोज्दा भाषामा र टाइपिङ्ग गर्दा मूलमा समेत पक्कै पनि त्रुटि रहन गएको छ होला । यसलाई विज्ञजनहरूले औंल्याइदिनु भएमा आगामी संस्करणमा समेट्न सजिलो हुने थियो ।

आर्यावर्तीय देशहरू मध्येमा नेपाल पनि एउटा प्रमुख देश भएको र अविद्याकै कारणले अधार्मिकता, अज्ञान, कुसंस्कार, अन्धविश्वास एवं रूढिवादी परम्पराबाट यो पनि भारतवर्षदेखि अलग रहन सकेको छैन । ग्रन्थमा उठान गरिएका सम्पूर्ण सत्यासत्यको विषय वर्तमान समयमा पनि यथावतै देख्न पाइन्छ । ग्रन्थले १३३ वर्ष अगाडि चलेका तत्कालीन समयका नवीन मतहरूको समेत कुरा समेटेको छ । वर्तमान समयमा देखिएका अत्यन्त-नवीन मतहरू जस्तै साईं, ओसो, अद्वैत, ब्रह्मकुमारी, ॐ शान्ति, बोलबम, निर्मल इत्यादि सबैका मतहरूको पनि समीक्षा गर्नको लागि विद्वान्हरूलाई यस ग्रन्थले प्रेरणा दिन्छ भन्ने मेरो विश्वास छ । कुनै नयाँ मत, पन्थ वा सम्प्रदाय बनाउनुको सट्टा वेदप्रतिपादित सत्य-सिद्धान्तलाई ग्रहण गरेर असत्यलाई त्याग गर्नमा सम्पूर्ण मानव जातिको हितको लागि पक्कै पनि कल्याण र उपकारको विषय हुनेछ । बाँकी कुराहरू ग्रन्थ आफैले बोलिरहेको छ ।


अनुवादक: नारायण पौडेल
दुलेगौंडा नगरपालिका-१
गाछेपानी, तनहूँ
वि.सं. १०/११/२०७३
npaudel40@gmail.com
npaudel12@yahoo.com

# विषय-सूची


| क्र.सं. | समुल्लास | विषय | पृष्ठ संख्या |
|---|---|---|---|
| | – | सत्यार्थप्रकाश विषयक श्लोकहरू | १ |
| | – | **भूमिका** | **२** |
| **१** | **पहिलो** | **ओंकार आदि ईश्वरको नामको व्याख्या** | **६** |
| १.१ | " | ईश्वरको नामहरूको व्याख्या | ६ |
| १.२ | " | मन्त्रहरूको अर्थ | ६ |
| १.३ | " | ओङ्कारको व्याख्या | ९ |
| १.४ | " | मङ्गलाचरणको विषयमा समीक्षा | १६ |
| **२** | **दोस्रो** | **सन्तानको लागि सुशिक्षाको विषय** | **१८** |
| २.१ | " | बाल-बालिकाको शिक्षा विषय | १८ |
| २.२ | " | भूत-प्रेत आदिको विषयमा निषेध | १९ |
| २.३ | " | चिना-टिप्पन एवं नवग्रहको समीक्षा | २० |
| **३** | **तेस्रो** | **अध्ययन-अध्यापन, ब्रह्मचर्य एवं ग्रन्थको विषय** | **२३** |
| ३.१ | " | अध्ययन-अध्यापनको विषय | २३ |
| ३.२ | " | गुरु मन्त्रको व्याख्या | २३ |
| ३.३ | " | प्राणायामको बारेमा शिक्षा | २४ |
| ३.४ | " | सन्ध्या-अग्निहोत्रको विषयमा उपदेश | २५ |
| ३.५ | " | यज्ञपात्र बनाउने विधि एवं होमनको फल | २५ |
| ३.६ | " | उपनयनको बारेमा समीक्षा | २६ |
| ३.७ | " | ब्रह्मचर्यको विधिको बारेमा वर्णन | २६ |
| ३.८ | " | पाँच प्रकारको परीक्षा एवं अध्ययन-अध्यापन | ३१ |
| ३.९ | " | पठन-पाठनको बारेमा विशेष विधि | ३७ |
| ३.१० | " | प्रामाण्य-अप्रामाण्य ग्रन्थहरूको विषय | ३९ |
| ३.११ | " | स्त्री एवं शूद्रको लागि अध्ययन विधि | ४१ |
| **४** | **चौथो** | **समावर्तन, विवाह एवं गृहाश्रमको विधि** | **४४** |
| ४.१ | " | समावर्तनको विषयमा वर्णन | ४४ |
| ४.२ | " | टाढा विवाह गर्दाका फाइदाहरू | ४४ |
| ४.३ | " | विवाहमा स्त्री-पुरुषको परीक्षा | ४५ |
| ४.४ | " | सानै उमेरमा विवाह गर्न निषेध | ४५ |
| ४.५ | " | गुण-कर्मानुसारले वर्ण व्यवस्था | ४७ |
| ४.६ | " | विवाहका लक्षणहरू | ५१ |
| ४.७ | " | स्त्री-पुरुषका व्यवहारहरू | ५३ |
| ४.८ | " | पाँच महायज्ञहरू (ब्रह्म, देव, तर्पण, श्राद्ध होम) | ५४ |
| ४.९ | " | पाखण्डी तिरस्कार | ५७ |
| ४.१० | " | बिहान उठेदेखिका धर्मकर्महरू | ५७ |
| ४.११ | " | पाखण्डीको लक्षणहरू | ५८ |
| ४.१२ | " | गृहस्थ धर्मको विषय | ५८ |
| ४.१३ | " | पण्डितको लक्षणहरू | ६० |
| ४.१४ | " | मूर्खको लक्षणहरू | ६० |

| | | | |
|---|---|---|---|
| ४.१५ | " | विद्यार्थीका कर्मको वर्णन | ६० |
| ४.१६ | " | पुनर्विवाह एवं नियोगको विषय | ६१ |
| ४.१७ | " | गृहस्थ आश्रमको श्रेष्ठता | ६७ |
| **५** | **पाँचौं** | **वानप्रस्थ एवं संन्यास आश्रमको विधि** | **६८** |
| ५.१ | " | वानप्रस्थाश्रमको विधि | ६८ |
| ५.२ | " | संन्यास आश्रमको विधि | ६९ |
| **६** | **छैटौं** | **राजा र प्रजाको धर्म एवं कर्तव्यको वर्णन** | **७५** |
| ६.१ | " | राजधर्मको विषय | ७५ |
| ६.२ | " | तीन सभाको बारेमा कथन | ७५ |
| ६.३ | " | राजा एवं सभापतिका लक्षणहरू | ७५ |
| ६.४ | " | दण्डको बारेमा व्याख्या | ७६ |
| ६.५ | " | राजाको कर्तव्य | ७७ |
| ६.६ | " | अष्टाह्र व्यसनहरूको निषेध | ७८ |
| ६.७ | " | मन्त्री, दूत एवं राजपुरुषहरूको लक्षण | ७९ |
| ६.८ | " | मन्त्रीहरूको कार्यनियोग एवं दुर्ग निर्माणको व्याख्या | ७९ |
| ६.९ | " | युद्धका प्रकार एवं तरिका | ८० |
| ६.१० | " | राज्यको लक्षणहरू एवं विधि | ८१ |
| ६.११ | " | ग्राम अधिपतिको वर्णन एवं कर लिने प्रकार | ८३ |
| ६.१२ | " | मन्त्रणाको प्रकार | ८३ |
| ६.१३ | " | आसन आदि छ गुणहरूको व्याख्या | ८४ |
| ६.१४ | " | राजा, उदासीन मित्र एवं शत्रुसँग चल्ने विधि | ८४ |
| ६.१५ | " | शत्रुसँग युद्ध गर्ने तरिका | ८५ |
| ६.१६ | " | व्यापार आदि तथा राजभागको कथन | ८७ |
| ६.१७ | " | अष्टाह्र विवादास्पद मार्गहरूमा धर्म एवं न्यायले चल्ने... | ८७ |
| ६.१८ | " | साक्षीको लागि कर्तव्य र उपदेश | ८८ |
| ६.१९ | " | झुटा साक्षीको लागि दण्ड विधि | ८९ |
| ६.२० | " | चोरको लागि दण्डको व्याख्या | ९० |
| **७** | **सातौं** | **ईश्वर एवं वेद विषयमा विस्तृत व्याख्या** | **९३** |
| ७.१ | " | ईश्वर र वेदको व्याख्या | ९३ |
| ७.२ | " | ईश्वरको विषयमा प्रश्नोत्तरहरू | ९३ |
| ७.३ | " | ईश्वरको स्तुति-प्रार्थना-उपासना | ९६ |
| ७.४ | " | ईश्वरका ज्ञानका प्रकारहरू | ९९ |
| ७.५ | " | ईश्वरको अस्तित्वको विषयमा कथन | १०० |
| ७.६ | " | ईश्वरको अवतार निषेधको बारेमा कथन | १०० |
| ७.७ | " | जीवको स्वतन्त्रता | १०२ |
| ७.८ | " | जीव र ईश्वरको भिन्नताको वर्णन | १०२ |
| ७.९ | " | ईश्वरको सगुणता र निर्गुणताको बारेमा कथन | १०३ |
| ७.१० | " | वेदको विषयमा विचार | १०७ |
| **८** | **आठौं** | **सृष्टि-उत्पत्ति-स्थिति-प्रलयको विषयमा व्याख्या** | **१११** |
| ८.१ | " | सृष्टि र उत्पत्तिको विषय | १११ |
| ८.२ | " | ईश्वरको भिन्नता, प्रकृति र उपादान-कारणको व्याख्या | १११ |
| ८.३ | " | सृष्टि विषयमा नास्तिक मतको निराकरण | ११५ |

| | | | |
|---|---|---|---|
| ८.४ | ” | मनुष्यहरूको आदिसृष्टि एवं स्थानको निर्णय | १२० |
| ८.५ | ” | आर्य र म्लेच्छहरूको विषयमा व्याख्या | १२१ |
| ८.६ | ” | ईश्वरले जगत्लाई धारण गर्ने विषयमा व्याख्या | १२२ |
| **९** | **नवौं** | **विद्या-अविद्या र बन्ध-मोक्षको विषयमा व्याख्या** | **१२६** |
| ९.१ | ” | विद्या-अविद्याको विषय | १२६ |
| ९.२ | ” | बन्ध र मुक्तिको विषयमा वर्णन | १२८ |
| ९.३ | ” | तदनन्तर श्रवणचतुष्टय | १३३ |
| **१०** | **दशौं** | **आचार-अनाचार र भक्ष्य-अभक्ष्यको विषयमा....** | **१४०** |
| १०.१ | ” | आचार र अनाचारको विषयमा वर्णन | १४० |
| १०.२ | ” | भक्ष्य र अभक्ष्यको विषयमा वर्णन | १४३ |
| | | **अनुभूमिका (१)** | **१४८** |
| **११** | **एघारौं** | **आर्यावर्तका मतमतान्तर र खण्डन-मण्डन विषय** | **१४९** |
| ११.१ | ” | मण्डनको विषय | १४९ |
| ११.२ | ” | चक्रवर्ती राजाहरूको नाम उल्लेख | १४९ |
| ११.३ | ” | मन्त्रहरूको सिद्धि एवं निराकरण | १५० |
| ११.४ | ” | वाममार्गको निराकरण | १५३ |
| ११.५ | ” | अद्वैतवादको समीक्षा | १५७ |
| ११.६ | ” | भस्म, रुद्राक्ष, तिलक, माला, कण्ठी आदिको समीक्षा | १६३ |
| ११.७ | ” | वैष्णवमतको बारेमा समीक्षा | १६६ |
| ११.८ | ” | मूर्तिपूजाको बारेमा समीक्षा | १६८ |
| ११.९ | ” | गयाश्राद्धको बारेमा समीक्षा | १७४ |
| ११.१० | ” | जगन्नाथ तीर्थको बारेमा समीक्षा | १७५ |
| ११.११ | ” | रामेश्वरको बारेमा समीक्षा | १७६ |
| ११.१२ | ” | कालियकन्त, सोमनाथ आदिको समीक्षा | १७६ |
| ११.१३ | ” | द्वारका ज्वालामुखी आदिको समीक्षा | १७७ |
| ११.१४ | ” | हरिद्वार, बदरीनाथ, पशुपतिनाथ आदिको समीक्षा | १७८ |
| ११.१५ | ” | मांसाहार एवं बलि प्रथाको निषेध | १७९ |
| ११.१६ | ” | गङ्गास्नानको समीक्षा | १८१ |
| ११.१७ | ” | नामस्मरण र तीर्थ शब्दको व्याख्या | १८१ |
| ११.१८ | ” | गुरु माहात्म्यको समीक्षा | १८२ |
| ११.१९ | ” | अट्ठाह्र पुराणहरूको समीक्षा | १८२ |
| ११.२० | ” | शिवपुराणको समीक्षा | १८३ |
| ११.२१ | ” | मार्कण्डेय पुराणको समीक्षा | १८५ |
| ११.२२ | ” | भागवत पुराणको समीक्षा | १८५ |
| ११.२३ | ” | सूर्य आदि नवग्रहपूजाको समीक्षा | १८९ |
| ११.२४ | ” | गरुडपुराणको समीक्षा | १९० |
| ११.२५ | ” | दान र पात्रको लक्षण एवं समीक्षा | १९३ |
| ११.२६ | ” | एकादशी आदि व्रतहरूको समीक्षा | १९४ |
| ११.२७ | ” | मारण-मोहन-उच्चाटनको साथै वाममार्गको समीक्षा | १९७ |
| ११.२८ | ” | शैवमतको समीक्षा | १९८ |
| ११.२९ | ” | शाक्त-वैष्णवमतको समीक्षा | १९८ |
| ११.३० | ” | कबीरपन्थको समीक्षा | २०२ |

| | | | | |
|---|---|---|---|---|
| ११.३१ | ” | | नानकपन्थको समीक्षा | २०२ |
| ११.३२ | ” | | दादूराम, रामस्नेह पन्थको समीक्षा | २०४ |
| ११.३३ | ” | | गोकुलिये गोस्वामीमतको समीक्षा | २०६ |
| ११.३४ | ” | | स्वामी नारायणमतको समीक्षा | २०९ |
| ११.३५ | ” | | माध्व, लिङ्ग, चक्राङ्कित, ब्राह्मप्रार्थना समाजादिको स.... | २१२ |
| ११.३६ | ” | | आर्यसमाजको विषय | २१५ |
| ११.३७ | ” | | तन्त्रादि विषयक प्रश्नोत्तरहरू | २१६ |
| ११.३८ | ” | | ब्रह्मचारी एवं संन्यासीको समीक्षा | २२० |
| ११.३९ | ” | | आर्यावर्तदेशीय राजवंशावली | २२२ |
| | | | **अनुभूमिका (२)** | **२२६** |
| **१२** | **बाह्रौं** | | **नास्तिकमत चारवाक, बौद्ध र जैन खण्डन-मण्डन** | **२२७** |
| १२.१ | ” | | नास्तिकमतको समीक्षा | २२७ |
| १२.२ | ” | | चारवाकमतको समीक्षा | २२८ |
| १२.३ | ” | | बौद्धादिका नास्तिक भेदहरू | २२९ |
| १२.४ | ” | | बौद्ध र सौगतमतको समीक्षा | २३२ |
| १२.५ | ” | | जैनमतको समीक्षा | २३२ |
| १२.६ | ” | | सात भङ्गका स्याद्वादहरू | २३३ |
| १२.७ | ” | | जैन र बौद्धको ऐक्यता | २३४ |
| १२.८ | ” | | तौतातिको मतको उल्लेख | २३६ |
| १२.९ | ” | | जैनमतको ईश्वरखण्डन विषयमा प्रश्नहरू | २३८ |
| १२.१० | ” | | जगत्को अनादित्व सम्बन्धी समीक्षा एवं जैनका साधु... | २३९ |
| १२.११ | ” | | जैनमतमा रहेका सिद्धान्त-संग्रहरू | २३९ |
| १२.१२ | ” | | जीवको अनन्तसत्वको विषयमा समीक्षा | २४१ |
| १२.१३ | ” | | जैनमतको समीक्षा | २४१ |
| १२.१४ | ” | | जैनमतमा मूर्तिपूजाको प्रमाणहरू | २४१ |
| १२.१५ | ” | | जैनमतमा रहेका असम्भव कथाहरूको समीक्षा | २४२ |
| १२.१६ | ” | | जैनमतमा रहेको काल र भूमिको परिमाण | २४५ |
| १२.१७ | ” | | जैनमतमा रहेको जीव-अजीवको लक्षणहरू | २४७ |
| १२.१८ | ” | | सम्यक्त्वादिको लक्षणहरू | २४७ |
| १२.१९ | ” | | जैनमतमा मूर्तिपूजाको प्रमाणहरू | २५५ |
| १२.२० | ” | | जैनमतमा रहेको असम्भव कथाहरूको समीक्षा | २५५ |
| १२.२१ | ” | | जैनमतका २४ तीर्थङ्करहरूको व्याख्या | २६० |
| १२.२२ | ” | | जैनमतमा रहेको जम्बूद्वीपादिको विस्तार | २६१ |
| | | | **अनुभूमिका (३)** | **२६५** |
| **१३** | **तेह्रौं** | | **ईसाईमतको विषयमा व्याख्या** | **२६६** |
| १३.१ | ” | | ईसाईमतको समीक्षा | २६६ |
| | ” | **१३.२** | **(क) पुरानो विधानको पुस्तक तौरेत** | २६६ |
| १३.२.१ | ” | | उत्पत्ति पुस्तक (तौरेत) | २६६ |
| १३.२.२ | ” | | यात्राको पुस्तक (तौरेत) | २७६ |
| १३.२.३ | ” | | लैव्य व्यवस्थाको पुस्तक (तौरेत) | २७८ |
| १३.२.४ | ” | | गणनाको पुस्तक (तौरेत) | २८० |
| १३.२.५ | ” | | समुएलको दोस्रो पुस्तक (तौरेत) | २८० |

| | | | | | |
|---|---|---|---|---|---|
| १३.२.६ | ” | | राजाहरूको पुस्तक | (तौरेत) | २८१ |
| १३.२.७ | ” | | कालको समाचारको पुस्तक | (जबूर) | २८१ |
| १३.२.८ | ” | | ऐयूबको पुस्तक | (जबूर) | २८१ |
| १३.२.९ | ” | | उपदेशको पुस्तक | (जबूर) | २८२ |
| | ” | **१३.३** | **(ख) नयाँ विधानको पुस्तक इञ्जील** | | **२८२** |
| १३.३.१ | ” | | मत्ती रचित इञ्जील आख्यान | (इञ्जील) | २८२ |
| १३.३.२ | ” | | मार्क रचित इञ्जील आख्यान | (इञ्जील) | २९२ |
| १३.३.३ | ” | | लूका रचित इञ्जील आख्यान | (इञ्जील) | २९२ |
| १३.३.४ | ” | | यूहन्ना रचित सुसमाचार | (इञ्जील) | २९२ |
| १३.३.५ | ” | | यूहन्नाको प्रकाशित वाक्य | (इञ्जील) | २९३ |
| | | | **अनुभूमिका (४)** | | **३०१** |
| **१४** | **चौधौं** | | **यवनमतको विषयमा समीक्षा** | | **३०२** |
| १४.१ | ” | | यवनमतको समीक्षा | | ३०२ |
| **१५** | **–** | | **स्वमन्तव्य-अमन्तव्य विषयमा प्रकाश** | | **३४३** |

## ॥ ओ३म् ॥

# अथ सत्यार्थप्रकाशविषयकश्लोकाः

**श्रीयुक्तदयानन्दसरस्वतीस्वामिविरचितः**

दयाया आनन्दो विलसति परस्वात्मविदितः,
सरस्वत्यस्यान्ते निवसति मुदा सत्यशरणा ।
तदाख्यातिर्यस्य प्रकटितगुणा राष्ट्रिपरमा,
सको दान्तः शान्तो विदितविदितो वेद्यविदितः ॥१॥

सत्यार्थप्रकाशाय ग्रन्थस्तेनैव निर्मितः ।
वेदादिसत्यशास्त्राणां प्रमाणैर्गुणसंयुतः ॥२॥

विशेषभागीह वृणोति यो हितं,
प्रियोऽत्र विद्यां सुकरोति तात्त्विकीम् ।
अशेषदुःखात्तु विमुच्य विद्यया,
स मोक्षमाप्नोति न कामकामुकः ॥३॥

न ततः फलमस्ति हितं विदुषो,
ह्यधिकं परमं सुलभन्नु पदम् ।
लभते सुयतो भवतीह सुखी,
कपटी सुसुखी भविता न सदा ॥४॥

धर्मात्मा विजयी स शास्त्रशरणो विज्ञानविद्यावरो-
ऽधर्मेणैव हतो विकारसहितोऽधर्मस्सुदुःखप्रदः ।
येनाऽसौ विधिवाक्यमानमननात् पाखण्डखण्डः कृत-
स्सत्यं यो विदधाति शास्त्रविहितन्धन्योऽस्तु तादृग्घि सः ॥५॥*

●

---

*यी श्लोक सत्यार्थप्रकाश प्रथम संस्करणको मूलप्रतिमा विषयसूचीको पश्चात् लेखिएको छ । महर्षि दयानन्दको ऋग्वेदादिभाष्यभूमिका, संस्कारविधि, आर्याभिविनय आदि ग्रन्थहरूमा पनि यसै प्रकार श्लोक लेख्ने शैली मिल्दछ । यी श्लोक प्रथम र द्वितीय संस्करणमा प्रकाशित हुन बाँकी रहेको थियो, त्यसैले यहाँ प्रकाशित गरिएको छ ।

# ओ३म्
# भूमिका

जुन समयमा मैले यो ग्रन्थ 'सत्यार्थप्रकाश' बनाएको थिएँ, त्यस समय र त्यस भन्दा पूर्व संस्कृतभाषण गर्ने, पठन-पाठनमा संस्कृत नै बोल्ने र जन्मभूमिको भाषा पनि गुजराती हुनाको कारणले मलाई यस भाषाको विशेष परिज्ञान थिएन, यसैले भाषा अशुद्ध बन्न गएको थियो । अहिले भाषा बोल्न र लेख्नको लागि जानिसकेको छु । त्यसैले यस ग्रन्थलाई भाषा व्याकरणानुसार शुद्ध गरेर दोस्रो पटक छपाइएको छ । विशेष गरेर यस पटकमा यसको भाषा पूर्व भन्दा उत्तम हुन गएको छ । कहीं-कहीं शब्द, वाक्य रचनाको भेद हुन गएको छ सो गर्न उचित थियो, किनभने यसको भेद गरे बिना भाषाको परिपाटी सुधार्न कठिन थियो, परन्तु अर्थको भेद गरिएको छैन, बरू बढी लेखिएको छ । हो, जुन प्रथम छप्नमा कहीं-कहीं भुल रहन गएको थियो, त्यसलाई निकाल्दै शोध गरेर ठीक-ठीक गरिएको छ ।

यो ग्रन्थ चौध (१४) समुल्लास अर्थात् चौध विभागहरूमा रचना गरिएको छ । यसमा १० समुल्लास पूर्वार्द्ध र ४ समुल्लास उत्तरार्ध गरेर बनेको छ, परन्तु अन्त्यका दुई समुल्लास र पश्चात् स्वसिद्धान्त कुनै कारणवश प्रथममा छाप्न सकिएको थिएन, अहिले त्यो पनि छपाइएको छ ।

१– पहिलो समुल्लासमा ईश्वरको ओंकाराऽऽदि नामहरूको व्याख्या छ ।
२– दोस्रो समुल्लासमा सन्तानहरूको लागि शिक्षाको बारेमा बताइएको छ ।
३– तेस्रो समुल्लासमा ब्रह्मचर्य, पठनपाठनव्यवस्था, सत्याऽसत्य ग्रन्थहरूका नाम र पढ्न-पढाउनको लागि रीति बताइएको छ ।
४– चौथो समुल्लासमा विवाह र गृहाश्रमको व्यवहारको बारेमा बताइएको छ ।
५– पाँचौं समुल्लासमा वानप्रस्थ र संन्यासाश्रमको विधि बताइएको छ ।
६– छैटौं समुल्लासमा राजधर्मको बारेमा बताइएको छ ।
७– सातौं समुल्लासमा वेद र ईश्वरको बारेमा बताइएको छ ।
८– आठौं समुल्लासमा जगत्को उत्पत्ति, स्थिति र प्रलयको विषय छ ।
९– नवौं समुल्लासमा विद्या, अविद्या, बन्ध र मोक्षको विषयमा छ ।
१०– दशौं समुल्लासमा आचार, अनाचार र भक्ष्याभक्ष्यको विषयमा छ ।
११– एघारौं समुल्लासमा आर्यावर्तीय मत मतान्तरको खण्डन-मण्डनको विषय छ ।
१२– बाह्रौं समुल्लासमा चारवाक, बौद्ध र जैनमतको विषयको बारेमा छ ।
१३- तेह्रौं समुल्लासमा ईसाई मतको विषयको बारेमा छ ।
१४– चौधौं समुल्लासमा मुसलमानहरूको मतको विषयको बारेमा छ ।

र चौधौं समुल्लासको अन्तमा आर्यहरूको सनातन वेदविहित मतको विशेषतः व्याख्या लेखिएको छ, जसलाई मैले पनि यथावत् मान्दछु ।

मैले यस ग्रन्थलाई बनाउनुको मुख्य प्रयोजन सत्य-सत्य अर्थको प्रकाश गर्नु हो, अर्थात् जुन सत्य हो त्यस सत्यलाई र जुन मिथ्या हो त्यस मिथ्यालाई नै प्रतिपादन गर्नु सत्य अर्थको प्रकाश सम्झेको छु । त्यसलाई सत्य भनिंदैन जहाँ सत्यको स्थानमा असत्य र असत्यको स्थानमा सत्यको प्रकाश गरिन्छ । किन्तु जुन पदार्थ जस्तो छ त्यसलाई त्यस्तै भन्नु, लेख्नु र मान्नुलाई सत्य भनिन्छ । जुन मनुष्य पक्षपाती हुन्छ, त्यो आफ्नो असत्यलाई पनि सत्य र दोस्रो विरोधी मतवालाको सत्यलाई पनि असत्य सिद्ध गर्नमा प्रवृत्त हुन्छ, यसैले त्यो सत्य मतलाई प्राप्त हुन सक्दैन । यसैले विद्वान् आप्तहरूको यही मुख्य काम हो कि उपदेश वा लेखद्वारा सबै मनुष्यहरूको सामुन्ने सत्याऽसत्यको स्वरूप समर्पित गरिदेओस्, पश्चात् उनीहरू स्वयंले आफ्नो हिताहित सम्झेर सत्यार्थलाई ग्रहण र मिथ्यार्थको परित्याग गरेर सदा आनन्दमा रहून् । मनुष्यको आत्मा सत्याऽसत्यलाई जान्नेवाला छ तथापि आफ्नो प्रयोजनको सिद्धि, हठ, दुराग्रह र अविद्यादि दोषहरूबाट सत्यलाई छोडेर असत्यमा झुक्न जान्छ । परन्तु यस ग्रन्थमा त्यस्तो कुनै कुरो राखिएको छैन र न त कसैको मन दुखाउनु वा कसैको हानिमा तात्पर्य छ, किन्तु जसबाट मनुष्य जातिको उन्नति र उपकार हुन्छ, सत्याऽसत्यलाई मनुष्यले जानेर सत्यको ग्रहण र असत्यको परित्याग गरून्, किनभने सत्योपदेशको बिना अन्य कुनै पनि मनुष्य जातिको उन्नतिको कारण छैन ।

यस ग्रन्थमा जहाँ भुल-चुकले अथवा शोधन तथा छाप्नमा भुल-चुक रहन गएमा, त्यसलाई विज्ञजनहरूले विदित गराइदिएमा जस्तो त्यहाँ सत्य हुनेछ त्यस्तै गरिदिनेछौं । र जो कसैले पक्षपातले अन्यथा शङ्का वा खण्डन मण्डन गर्नेछ, त्यसको कुरामा ध्यान दिइने छैन । हो, यदि त्यो मनुष्यमात्रको हितैषी भएर केही जनाइदिएमा त्यसलाई सत्य-सत्य बुझिएमा त्यसको मतलाई संगृहीत गरिनेछ ।

यद्यपि आजभोलि थुप्रै विद्वान् प्रत्येक मतहरूमा छन्, तिनीहरू पक्षपातलाई छोडेर सर्वतन्त्र सिद्धान्त अर्थात् जुन-जुन कुरा सबैको अनुकूल सबैमा सत्य हुन्छ, त्यसको ग्रहण र जो एक दोस्रासँग विरुद्ध कुराहरू छन्, त्यसको त्याग गरेर परस्पर प्रीतिले चल्ने र चलाउने गरेमा त जगत्‌को पूर्ण हित हुनेछ । किनभने विद्वान्‌हरूको विरोधले अविद्वान्‌हरूमा विरोध बढेर अनेकविध दुःखको वृद्धि र सुखको हानि हुन जान्छ । यस हानिले, जुन कि स्वार्थी मनुष्यहरूलाई प्रिय छ, सबै मनुष्यहरूलाई दुःखसागरमा डुबाइदिएको छ । यी मध्येबाट जो कोही सार्वजनिक हित लक्ष्यमा लागेर प्रवृत्त हुन्छ, त्यससँग स्वार्थीहरू विरोध गर्नमा तत्पर भएर अनेक प्रकारको विघ्न गर्दछन् । परन्तु **'सत्यमेव जयति नानृतं सत्येन पन्था विततो देवयानः ।'** अर्थात् सर्वदा सत्यको विजय र असत्यको पराजय र सत्यबाटै विद्वान्‌हरूको मार्ग विस्तृत हुन्छ । यस दृढ निश्चयको आलम्बनबाट आप्त जनहरू परोपकार गर्नमा उदासीन भएर कहिल्यै सत्यार्थप्रकाश गर्नको लागि हट्‌दैनन् । यो ठूलो दृढ निश्चय हो कि **'यत्तदग्रे विषमिव परिणामेऽमृतोपमम् ।'** यो गीताको वचन हो । यसको अभिप्राय यो हो कि जुन-जुन विद्या र धर्मप्राप्तिका कर्म छन्, ती प्रथम गर्नमा विषकै तुल्य र पश्चात् अमृतको सदृश हुन्छन् । यस्तै कुराहरूलाई चित्तमा राखेर मैले यस ग्रन्थको रचना गरेको छु । श्रोता वा पाठकगण पनि प्रथम प्रेमले हेरेर यस ग्रन्थको सत्य-सत्य तात्पर्य जानेर यथेष्ठ मनन गरून् ।

**यसमा यो अभिप्राय राखिएको छ कि जुन-जुन सबै मतहरूमा सत्य-सत्य कुराहरू छन्, ती-ती सबैमा अविरुद्ध हुनाले त्यसलाई स्वीकार गरेर, जुन-जुन मतमतान्तरहरूमा मिथ्या कुरा छन्, त्यस-त्यसको खण्डन गरिएको छ ।** यसमा यो अभिप्राय राखिएको छ कि सबै मतमतान्तरहरूका गुप्त वा प्रकट नराम्रा कुराहरूको प्रकाश गरेर विद्वान् अविद्वान् सबै साधारण मनुष्यहरूको सामुन्ने राखेको छु, सबैको सबैसँग विचार मथेर परस्पर प्रेमी हुँदै एक सत्य मतस्थ बन्न सकौं ।

यद्यपि म आर्यावर्त्त देशमा जन्में र बस्दछु, तथापि जसरी यस देशको मतमतान्तरहरूको झुट्टा कुराको पक्षपात नगरेर याथातथ्य प्रकाश गर्दछु, त्यसरी नै दोस्रा देशस्थ वा मतवालाहरूको साथ पनि गर्दछु । **जसरी स्वदेशीहरूका साथ मनुष्योन्नतिको विषयमा लाग्दछु, त्यसरी नै विदेशीहरूका साथ पनि तथा सबै सज्जनहरूले पनि लागि पर्न योग्य छ ।** किनभने म पनि कुनै एकको पक्षपाती हुन्थें भने त जसरी आजभोलिका स्वमतको स्तुति, मण्डन र प्रचार गर्दछन् र दोस्राको मतको निन्दा, हानि र बन्ध गर्नमा तत्पर हुन्छन्, त्यस्तै म पनि हुन्थें, परन्तु यस्ता कुरा मनुष्यपनदेखि बहिः छ । किनभने जसरी पशु बलवान् भएर निर्बलहरूलाई दुःख दिन्छन् र मार्दछन् पनि, जब मनुष्य शरीर पाएर त्यस्तै कर्म गर्दछन् भने त ती मनुष्य स्वभावयुक्त होइनन्, किन्तु पशुवत् हुन् । र जसले बलवान् भएर निर्बलहरूको रक्षा गर्दछ त्यसैलाई मनुष्य भन्दछन् र जसले स्वार्थवश भएर परहानिमात्र गरिराख्दछ, त्यसलाई जान्नु कि पशुको पनि दाजु हो ।

अब आर्यावर्तीहरूको विषयमा विशेष गरेर एघारौं समुल्लाससम्म लेखेको छु । यी समुल्लासहरूमा जुन कि सत्यमत प्रकाशित गरिएको छ, त्यो वेदोक्त हुनाले मलाई सर्वथा मन्तव्य छ र जुन नवीन पुराण तन्त्रादि ग्रन्थोक्त कुराहरूको खण्डन गरिएको छ, त्यो त्यक्तव्य छ ।

यद्यपि जुन बाह्रौं समुल्लासमा चारवाकको मत लेखिएको छ, त्यो यस समयमा क्षीणाऽस्त जस्तो छ र यो चारवाक बौद्ध जैनसँग धेरै सम्बन्ध अनीश्वरवादादिमा राख्दछ । यो चारवाक सबै भन्दा ठूलो नास्तिक हो । त्यसको चेष्टालाई रोक्न आवश्यक छ, किनभने जुन मिथ्या कुरो रोकिएन भने त संसारमा थुप्रै अर्नथ प्रवृत्त हुन जान्छ ।

चारवाकको जुन मत हो, त्यो बौद्ध र जैनको मत हो, त्यो पनि बाह्रौं समुल्लासमा संक्षेपबाट लेखिएको छ । र बौद्ध तथा जैनीहरूको मत पनि चारवाकको मतको साथ मेल राख्दछ र केही थोरै कुरामामात्रै भेद छ, र जैनी पनि धेरै अंशमा चारवाक र बौद्धहरूको साथ मेल राख्दछ र थोरै कुरामा मात्र भेद छ । यसैले जैनीहरूको भिन्न शाखा गन्ने गरिन्छ । त्यो भेद बाह्रौं समुल्लासमा लेखिदिएको छु । यथायोग्य वहीं सम्झनू । जे यसको भिन्न छ, सो-सो बाह्रौं समुल्लासमा देखाइएको छ । बौद्ध र जैनको मतको विषय पनि लेखिएको छ ।

यी मध्येमा बौद्धहरूको दीपवंशादि प्राचीन ग्रन्थहरूमा बौद्धमत संग्रह **'सर्वदर्शनसंग्रह'** मा देखाइएको छ, त्यसैबाट लिएर यहाँ लेखिएको छ र जैनीहरूका निम्नलिखित सिद्धान्तका पुस्तकहरू छन् । ती मध्येबाट–

**४ चार मूलसूत्र, जस्तै–**

१-आवश्यकसूत्र, २-विशेष आवश्यकसूत्र, ३-दशवैकालिकसूत्र, र ४-पाक्षिकसूत्र ।

**११ एघार अङ्ग, जस्तै–**

१-आचारांगसूत्र, २-सुयडांगसूत्र, ३-ठाणांगसूत्र, ४-समवायांगसूत्र, ५-भगवतीसूत्र,

६-ज्ञाताधर्मकथासूत्र, ७-उपासकदशासूत्र, ८-अन्तगडदशासूत्र, ९-अनुत्तरोववाईसूत्र, १०-विपाकसूत्र, र ११-प्रश्नव्याकरणसूत्र ।

**१२ बाह्र उपाङ्ग, जस्तै–**

१-उववाईयसूत्र, २-रायपसेनीसूत्र, ३-जीवाभिगमसूत्र, ४-पन्नगणासूत्र, ५-जम्बूद्वीपपण्णतिसूत्र, ६-चन्दपन्नतिसूत्र, ७-सूरियपण्णतिसूत्र, ८-निरीयावलिकासूत्र, ९-कप्पियासूत्र, १०-कपवडीसयासूत्र, ११-पुप्पियासूत्र, र १२-पुप्पचूलियासूत्र ।

**५ पाँच कल्पसूत्र, जस्तै–**

१-उत्तराध्ययनसूत्र, २-निशीथसूत्र, ३-कल्पसूत्र, ४-व्यवहारसूत्र, र ५-जीतकल्पसूत्र ।

**६ छः छेद, जस्तै–**

१-महानिशीथबृहद्वाचनासूत्र, २-महानिशीथलघुवाचनासूत्र, ३-मध्यमवाचनासूत्र ४-पिण्डनिरुक्तिसूत्र, ५-औघनिरुक्तिसूत्र, र ६-पर्य्यूषणासूत्र ।

**१० दश पयन्नासूत्र, जस्तै–**

१-चतुस्सरणसूत्र, २-पञ्चखाणसूत्र, ३-तदुलवैयालिकसूत्र, ४-भक्तिपरिज्ञानसूत्र, ५-महाप्रत्याख्यानसूत्र, ६-चन्दाविजयसूत्र, ७-गणीविजयसूत्र, ८-मरणसमाधिसूत्र, ९-देवेन्द्रस्तवनसूत्र, र १०-संसारसूत्र तथा नन्दीसूत्र, अनुयोगोद्धारसूत्र पनि प्रमाणिक मान्दछन् ।

**५ पञ्चाङ्ग, जस्तै–**

१-पूर्व सबै ग्रन्थहरूका टीका, २-निरुक्ति, ३-चरणी, ४-भाष्य । यी चार अवयव र यी सबै मूल मिलाएर पञ्चाङ्ग भन्दछन् ।

यिनीहरूमा ढूंढियाले अवयवहरूलाई मान्दैनन् र यी देखि भिन्न पनि अनेक ग्रन्थहरू छन् कि जसलाई जैनीहरूले मान्दछन् । यिनीहरूको विशेष मतमाथि विचार बाह्रौं समुल्लासमा हेर्नुहोला ।

जैनीहरूका ग्रन्थहरूमा लाखौं पुनरुक्त दोष छन् र यिनको यो पनि स्वभाव हो कि आफ्ना ग्रन्थ दोस्रो मतवालाको हातमा छ वा छापिएको छ भने त कुनै-कुनैले त्यस ग्रन्थलाई अप्रमाण पनि गर्दछन्, यो कुरो यिनीहरूको मिथ्या हो । किनभने जसलाई कसैले मान्दछ, कसैले मान्दैन, यसैले त्यो ग्रन्थ जैनमतदेखि बाहिर हुन सक्दैन । हो, जसलाई कसैले मान्दैन र न कहिल्यै कुनै जैनीले मानेको होस्, तब नै अग्राह्य हुन सक्दछ । परन्तु यस्तो कुनै पनि ग्रन्थ छैन कि जसलाई जैनीले मान्दैन । यसैले जसले जुन ग्रन्थलाई मान्दछ होला उस ग्रन्थस्थ विषयक खण्डन मण्डन पनि उसैको लागि सम्झनुपर्दछ । परन्तु कति त यस्ता पनि छन् कि त्यस ग्रन्थलाई मान्दछन् र जान्दछन् तर पनि सभा वा संवादमा मुख फेर्दछन् । यसै हेतुले जैनीहरूले आफ्ना ग्रन्थहरूलाई लुकाएर राख्दछन् । दोस्रो मतस्थलाई दिंदैनन्, सुनाउँदैनन् र पढाउँदैनन्, यसैले कि त्यसभित्र असम्भव कुराहरू लेखिएका छन् जसको कुनै पनि उत्तर जैनीहरूले दिन सक्दैनन् । झुट्टो कुरालाई छोडिदिनु नै उत्तर हुन्छ ।

तेह्रौं समुल्लासमा ईसाईहरूको मतको बारेमा लेखिएको छ । यिनीहरूले बाइबललाई आफ्नो धर्म-पुस्तक मान्दछन् । यिनीहरूका विशेष समाचार उसै तेह्रौं समुल्लासमा हेर्नुहोला र चौधौं समुल्लासमा मुसलमानहरूको मत-विषयको बारेमा लेखिएको छ । यिनीहरूले कुरानलाई आफ्नो मतको मूल पुस्तक मान्दछन् । यिनीहरूका पनि विशेष व्यवहार चौधौं समुल्लासमा हेर्नुहोला र यस भन्दा अगाडि वैदिकमतको विषयमा लेखिएको छ ।

जो कसैले यस ग्रन्थकर्ताको तात्पर्यलाई विरुद्ध मनसायले हेर्नेछ त्यसलाई केही पनि अभिप्राय विदित हुनेछैन, किनभने वाक्यार्थबोधमा चार कारण हुन्छन्– आकांक्षा, योग्यता, आसत्ति र तात्पर्य । जब यी चारै कुराहरूमा ध्यान दिएर, जुन मनुष्यले ग्रन्थलाई हेर्दछ, तब नै त्यसलाई ग्रन्थको अभिप्राय यथायोग्य विदित हुनेछ–

**'आकांक्षा'** कुनै विषयमाथि वक्ताको र वाक्यस्थ पदहरूको आकांक्षा परस्पर हुने गर्दछ ।

**'योग्यता'** त्यसलाई भनिन्छ कि जसबाट जे हुन सक्दछ, जस्तै जलले सिञ्चनु ।

**'आसत्ति'** जुन पदको साथ जसको सम्बन्ध हुन्छ, त्यसैको समीप त्यस पदलाई बोल्नु वा लेख्नु ।

**'तात्पर्य'** जसको लागि वक्ताले शब्दोच्चारण वा लेख गरेको हुन्छ, त्यसको साथ त्यस वचन वा लेखलाई युक्त गर्नु ।

थुप्रै हठी-दुराग्रही मनुष्य हुन्छन् कि जसले वक्ताको अभिप्राय भन्दा विरुद्ध कल्पना गर्दछन्, विशेष गरेर मतवादीहरू । किनभने मतको आग्रहले उनको बुद्धि अन्धकारमा फसेर नष्ट हुन जान्छ । यसैले **जसरी**

**मैले पुराण, जैनीहरूका ग्रन्थ, बाइबल र कुरानलाई प्रथम नै विकारदृष्टिले नहेरेर ती भित्रबाट गुणहरूको ग्रहण र दोषहरूको त्याग तथा अन्य मनुष्य जातिको उन्नतिको लागि प्रयत्न गर्दछु, त्यस्तै सबैले गर्न योग्य छ ।**

यी मतहरूको थोरै-थोरै मात्र दोष प्रकाशित गरिएको छ, जसलाई देखेर मनुष्यहरूले सत्याऽसत्य मतको निर्णय गर्न सक्नेछन् र सत्यको ग्रहण र असत्यको त्याग गर्न गराउनमा समर्थ बन्नेछन्, किनभने एक मनुष्य जातिमा बहकाएर, विरुद्ध बुद्धि गराएर, एक-अर्कालाई शत्रु बनाएर, लडाएर मार्न विद्वान्हरूको स्वभावदेखि बहिः हो ।

यद्यपि यस ग्रन्थलाई देखेर अविद्वान्हरूले अन्यथा विचार्नेछन्, तथापि बुद्धिमानीहरूले यथायोग्य यसको अभिप्रायलाई बुझ्नेछन्, यसैले मैले आफ्नो परिश्रमलाई सफल सम्झेको छु र आफ्नो अभिप्राय सबै सज्जनहरूका सामुन्ने राखेको छु । यसलाई देखेर-देखाएर मेरो परिश्रमलाई सफल गर्नुहोस् । र यसै प्रकारले पक्षपात नगरिकन सत्यार्थको प्रकाश गर्नमा म वा सबै महाशयहरूको मुख्य कर्तव्य कर्म हो ।

सर्वात्मा सर्वान्तर्यामी सच्चिदानन्द परमात्मा आफ्नो कृपाले यस आशयलाई विस्तृत र चिरस्थायी गरून् ।

**॥ अलमतिविस्तरेण बुद्धिमद्वरशिरोमणिषु ॥**

**॥ इति भूमिका ॥**

स्थानः महाराणाजीको उदयपुर
भाद्रपद, शुक्लपक्ष विक्रम संवत् १९३९

**–(स्वामी) दयानन्द सरस्वती**

●

# ओ३म्
# सत्यार्थप्रकाश
## (१) पहिलो समुल्लास
## ईश्वरका नामहरूको व्याख्या (१.१)

**ओ३म् । शन्नो मित्रः शं वरुणः शन्नो भवत्वर्यमा । शन्नऽइन्द्रो बृहस्पतिः शन्नो विष्णुरुरुक्रमः। नमो ब्रह्मणे नमस्ते वायो त्वमेव प्रत्यक्षं ब्रह्मासि । त्वामेव प्रत्यक्षं ब्रह्म वदिष्यामि ऋतं वदिष्यामि सत्यं वदिष्यामि । तन्मामवतु तद्वक्तारमवतु । अवतु माम् ॥ अवतु वक्तारम् ।**

**ओ३म् शान्तिश्शान्तिश्शान्तिः ॥१॥**

–तैत्तिरीय आरण्यक (प्रपाठक ७/अनुवाक १) ॥

**अर्थ–** (ओ३म्) जुन यो ओंकार शब्द छ त्यो परमेश्वरको सर्वोत्तम नाम हो, किनभने यसमा जुन **अ, उ** र **म्** तीन अक्षर छन् ती मिलेर एक **'ओ३म्'** समुदाय बनेको छ । यस एक नामबाट परमेश्वरको थुप्रै नाम आउँछ, जस्तै- अकारबाट विराट्, अग्नि र विश्वादि । उकारबाट हिरण्यगर्भ, वायु र तैजसादि । मकारबाट ईश्वर, आदित्य र प्रज्ञादि नामहरूको वाचक र ग्राहक हो । उसलाई यसरी नै वेदादि सत्यशास्त्रमा स्पष्टसँग व्याख्यान गरेको छ कि जहाँ प्रकरणानुकूल यी सबै नाम परमेश्वरका नै हुन् ।

**प्रश्न–** परमेश्वरदेखि भिन्न अर्थहरूको वाचक विराट् आदि किन होइन ? ब्रह्माण्ड, पृथिव्यादि भूत, मनुष्य, विद्वान् र वैद्यकशास्त्रमा सुठो आदि औषधिहरूको पनि यही नाम लेखिएको छ ।

**उत्तर–** छन्, परन्तु परमात्माका पनि हुन् ।

**प्रश्न–** केवल देवताहरूको ग्रहण यी नामबाट गर्दछौ कि गर्दैनौ ?

**उत्तर–** तपाईले ग्रहण गर्नामा के प्रमाण छ ?

**प्रश्न–** देव सबै प्रसिद्ध र तिनीहरू उत्तम पनि छन्, त्यसैले म तिनीहरूको ग्रहण गर्दछु ।

**उत्तर–**के परमेश्वर अप्रसिद्ध र उसभन्दा कोही उत्तम पनि छन् ? पुनः यी नामहरू परमेश्वरको पनि किन मान्दैनौ ? जब परमेश्वर अप्रसिद्ध र उसको तुल्य कोही छैन भने उसभन्दा उत्तम अरू कोही कसरी हुनसक्दछ र ? यसबाट तपाईंले भनेको यो कुरा सत्य हुँदैन । किनकि तपाईंले यति भन्दैमा थुप्रै दोषहरू पनि आउँछन्, जस्तै– **'उपस्थितंपरित्यज्याऽनुपस्थितं याचत इति बाधितन्यायः'** कसैले कसैको लागि भोजनको पदार्थ राखेर भन्यो कि तपाईंले भोजन गर्नुहोस् र उसले त्यसलाई छोडेर अप्राप्त भोजनको लागि जहाँ तहीं भ्रमण गर्दछ भने त्यो त बुद्धिमानी ठहरिँदैन । किनभने त्यो उपस्थित नाम समीप प्राप्त भएको पदार्थलाई छोडेर अनुपस्थित अर्थात् अप्राप्त पदार्थको लागि श्रम गर्दछ । यसबाट त्यो बुद्धिमान् होइन यस्तै तपाईंको कथन भयो । किनकि तपाईं ती विराट् आदि नामहरूका जुन प्रसिद्ध प्रमाणसिद्ध परमेश्वर र ब्रह्माण्डादि उपस्थित अर्थहरूको परित्याग गरेर असम्भव र अनुपस्थित देवादिको ग्रहणमा श्रम गर्नुहुन्छ, यसमा कुनै पनि प्रमाण र युक्ति छैन । यदि तपाईंले यस्तो भन्न खोज्नुभयो भने जहाँ जसको प्रकरण छ, त्यहाँ उसैको ग्रहण गर्नु योग्य हुन्छ, जस्तो कसैले कसैसँग भन्यो कि **'हे भृत्य ! त्वं सैन्धवमानय'** अर्थात् तैंले सैन्धव लिएर आइज । तब त्यसले समय अर्थात् प्रकरणलाई विचार गर्नु आवश्यक छ, किनभने सैन्धव नाम दुई पदार्थको हुन्छ, एउटा घोडा र अर्को लवणको । यदि गमनको समय छ भने त घोडा र भोजनको काल भए त लवणलाई ल्याउन उचित हुन्छ । यदि गमनसमयमा लवण र भोजनसमयमा घोडा लग्यो भने त त्यसको स्वामी त्यसमाथि क्रुद्ध भएर भन्नेछ कि "तँ निर्बुद्धि पुरुष होस् । गमनसमयमा लवण र भोजनकालमा घोडा ल्याउनको के प्रयोजन थियो ? तँ प्रकरणवित् छैनस्, नत्रभने जुन समयमा जसलाई ल्याउनुपर्ने थियो त्यसैलाई ल्याउँथिस् । जुन तैंले प्रकरण-विचार गर्नु आवश्यक थियो त्यो तैंले गरिनस्, यसैले तँ मूर्ख होस्, मलाई छोडेर जा ।" यसबाट के सिद्ध हुन्छ भने जहाँ जसको प्रकरण गर्न उचित हुन्छ त्यहाँ त्यसै अर्थको ग्रहण गर्न उचित हुन्छ । यसरी नै हामी र तपाईंहरूले मान्नु र गर्नु पनि पर्दछ ।

## मन्त्रहरूको अर्थ (१.२)

**ओं खम्ब्रह्म ॥१॥** –यजुर्वेद (अध्याय ४०/मन्त्र १७) ॥

हेर्नुहोस् वेदहरूमा यस्ता-यस्ता प्रकरणहरूमा **'ओम्'** आदि परमेश्वरका नाम छन् ।

**ओमित्येतदक्षरमुद्गीथमुपासीत ॥२॥** –छान्दोग्य उपनिषद् (अध्याय १/खण्ड १/मन्त्र १) ॥

**ओमित्येतदक्षरमिदꣳसर्वं तस्योपव्याख्यानम् ॥३॥** –माण्डूक्य उपनिषद् (१/१) ॥

**सर्वे वेदा यत्पदमामनन्ति तपांसि सर्वाणि च यद्वदन्ति ।**

**यदिच्छन्तो ब्रह्मचर्य्यं चरन्ति तत्ते पदं संग्रहेण ब्रवीम्योमित्येतत् ॥४॥**

–कठोपनिषद् (वल्ली २/मन्त्र १५) ॥

**प्रशासितारं सर्वेषामणीयांसमणोरपि । रुक्माभं स्वप्नधीगम्यं विद्यात्तं पुरुषं परम् ॥५॥**

**एतमग्निं वदन्त्येके मनुमन्ये प्रजापतिम् । इन्द्रमेके परे प्राणमपरे ब्रह्म शाश्वतम् ॥६॥**

–मनुस्मृति (अध्याय १२/श्लोक १२२-१२३) ॥

**स ब्रह्मा स विष्णुः स रुद्रस्स शिवस्सोऽक्षरस्स परमः स्वराट् ।**

**स इन्द्रस्स कालाग्निस्स चन्द्रमाः ॥७॥** –कैवल्य उपनिषद् (खण्ड १/मन्त्र ८) ॥

**इन्द्रं मित्रं वरुणमग्निमाहुरथो दिव्यः स सुपर्णो गरुत्मान् ।**

**एकं सद्विप्रा बहुधा वदन्त्यग्निं यमं मातरिश्वानमाहुः ॥८॥**

–ऋग्वेद (मण्डल १/सूक्त १६४/मन्त्र ४६) ॥

**सुपर्णं विप्राः कवयो वचोभिरेकं सन्तं बहुधा कल्पयन्ति ॥९॥**

–ऋग्वेद (मण्डल १०/सूक्त ११४/मन्त्र ५) ॥

**भूरसि भूमिरस्यदितिरसि विश्वधाया विश्वस्य भुवनस्य धर्त्री ।**

**पृथिवीं यच्छ पृथिवीं दृꣳह पृथिवीं मा हिꣳसीः पुरुशङ्गत् ॥१०॥**

–यजुर्वेद (अध्याय १३/मन्त्र १८) ॥

१ २ ३ १ २र ३ २३ २ ३ १ २
**इन्द्रो मह्ना रोदसी पप्रथच्छव इन्द्रः सूर्य्यमरोचयत् ।**
१ २ ३ २ ३ १ २ ३ १ २ ३ २ ३ १ २
**इन्द्रे ह विश्वा भुवनानि येमिर इन्द्रे स्वानास इन्दवः ॥११॥**

–सामवेद (उ.)/अध्याय १६/(प्रपाठक ७/त्रिक ८/मन्त्र २), (मन्त्र १५८८) ॥

**प्राणाय नमो यस्य सर्वमिदं वशे ।**

**यो भूतः सर्वस्येश्वरो यस्मिन्त्सर्वं प्रतिष्ठितम् ॥१२॥**

–अथर्ववेद (काण्ड ११/सूक्त ४/मन्त्र १) ॥

**अर्थ–** यहाँ यी प्रमाणहरूलाई लेख्नको तात्पर्य्य यही हो कि जुन यस्तै-यस्तै प्रकरणहरूमा ओङ्कारादि नामहरूबाट परमात्माको ग्रहण हुन्छ लेखेर आएको छु । तथा परमेश्वरको कुनै पनि नाम अनर्थक छैन, जसरी लोकमा दरिद्री आदिको धनपति नाम हुन्छन् । यसबाट यही सिद्ध हुन्छ कि कहीं गौणिक, कहीं कार्मिक र कहीं स्वाभाविक अर्थको वाचक हो ।

**'ओम्'** आदि नाम सार्थक हुन् । जस्तै– **(ओं खं.)** **'अवतीत्योम्, आकाशमिव व्यापकत्वात् खम्, सर्वेभ्यो बृहत्वाद् ब्रह्म'** रक्षा गर्नाले **'ओम्,'** आकाशवत् व्यापक हुनाले **'खम्',** सबैभन्दा विशाल (ठूलो) हुनाले ईश्वरको नाम **'ब्रह्म'** हो ॥१॥

**(ओमित्येत.)** **'ओ३म्'** जसको नाम छ र जो कहिल्यै पनि नष्ट हुँदैन, उसैको उपासना गर्नयोग्य छ, अन्यको होइन ॥२॥

**(ओमित्येत.)** सबै वेदादि शास्त्रहरूमा परमेश्वरको **प्रधान** र **निज नाम 'ओ३म्'** लाई भनेको छ, अन्य सबै गौणिक नाम हुन् ॥३॥

**(सर्वे वेदा.)** किनभने सबै वेद सबै धर्मानुष्ठानरूप तपश्चरण जसको कथन र मान्य गर्दै र जसको प्राप्तिको इच्छा गर्दै **ब्रह्मचर्य्याश्रम** गर्दछन् उसकै नाम **'ओ३म्'** हो ॥४॥

**(प्रशासिता.)** जसले सबैलाई शिक्षा दिने सूक्ष्मभन्दा पनि सूक्ष्म, स्वप्रकाशस्वरूप, समाधिस्थ बुद्धिले जान्नयोग्य छ, उसैलाई परमपुरुष जान्नुपर्दछ ॥५॥

र स्वप्रकाश हुनाले **'अग्नि'**, विज्ञानस्वरूप हुनाले **'मनु'** र सबैको पालन गर्नाले **'प्रजापति'** परमैश्वर्य्यतावाला हुनाले **'इन्द्र',** सबैका जीवनमूल हुनाले **'प्राण'** र निरन्तर व्यापक हुनाले परमेश्वरको नाम **'ब्रह्म'** हो ॥६॥

**(स ब्रह्मा स विष्णु.)** सबै जगत्लाई बनाउनाले **'ब्रह्मा',** सर्वत्र व्यापक हुनाले **विष्णु**, दुष्टलाई दण्ड दिएर रुवाउनाले **'रुद्र',** मङ्गलमय र सबैका कल्याणकर्ता हुनाले **'शिव', 'यः सर्वमश्नुते न क्षरति न विनश्यति तदक्षरम्' । १ । 'यः स्वयं राजते स स्वराट्' । २ । 'योऽग्निरिव कालः कलयिता प्रलयकर्ता स कालाग्निरीश्वरः' । ३ ।** **(अक्षर)** जो सर्वत्र व्याप्त र अविनाशी, **(स्वराट्)** स्वयं प्रकाशस्वरूप र **(कालाग्नि)** प्रलयमा सबैका काल र कालका पनि काल हुन्, यसैले परमेश्वरको नाम **'कालाग्नि'** भयो ॥७॥

**(इन्द्रं मित्रं.)** जुन एक, अद्वितीय, सत्य ब्रह्म वस्तु छ, उसैको इन्द्र, मित्र, वरुण, अग्नि, सुपर्ण, मातरिश्वा आदि सबै नाम हुन् । **'द्युषु शुद्धेषु पदार्थेषु भवो दिव्यः', 'शोभनानि पर्णानि पालनानि पूर्णानि कर्माणि वा यस्य सः सुपर्णः, यो गुर्वात्मा स गरुत्मान् यो मातरिश्वा वायुरिव बलवान् स मातरिश्वा' ।** **(दिव्य)** जुन प्रकृत्यादि दिव्य पदार्थहरूमा व्याप्त, **(सुपर्ण)** जसको उत्तम पालन र पूर्ण कर्म छन्, **(गरुत्मान्)** जसको आत्मा अर्थात् स्वरूप महान् छ, **(मातरिश्वा)** जो वायुको समान अनन्त बलवान् छ, यसैले परमात्माको **'दिव्य', 'सुपर्ण, गरुत्मान्'** र **'मातरिश्वा'** यी नाम हुन् । अर्थात् श्रेष्ठ पालनकर्ता अद्वितीय सत् रूपमा रहेको एउटै परमेश्वरका विभिन्न गुणहरू र रूपको सम्बन्धमा विद्वान्हरूले विभिन्न दृष्टिकोणबाट व्याख्या गर्दछन् । शेष नामहरूको अर्थ अगाडि लेख्नेछौं ॥८-९॥

**(भूमिरसि.)** **'भवन्ति भूतानि यस्यां सा भूमिः'** जसमा सबै भूत **प्राणी** हुन्छन्, यसैले ईश्वरको नाम **'भूमि'** हो । शेष नामहरूको अर्थ अगाडि लेख्नेछु ॥१०॥

**(इन्द्रो मह्नवा.)** यसमा **'इन्द्र'** परमेश्वरको नै नाम हो, यसैले यो प्रमाण लेखिएको छ ॥११॥

**(प्राणाय.)** जसरी **प्राण**को वशमा सबै शरीर र इन्द्रियहरू हुन्छन्, त्यसरी नै परमेश्वरको वशमा सबै जगत् रहन्छ ॥१२॥

इत्यादि प्रमाणहरूको अर्थलाई ठीक-ठीक जान्नाले यी नामहरूबाट परमेश्वरको नै ग्रहण हुन्छ, किनभने **'ओ३म्'** र **'अग्न्यादि'** नामहरूको मुख्य अर्थले परमेश्वरको नै ग्रहण हुन्छ । जस्तो कि व्याकरण, निरुक्त, ब्राह्मण सूत्रादि ऋषि-मुनिहरूका व्याख्यानबाट परमेश्वरको ग्रहण देखिनमा आउँछ त्यसैलाई ग्रहण गर्नु सबैको योग्य छ, परन्तु **'ओ३म्'** यो त केवल परमात्माको नै नाम हो र अग्नि आदि नामहरूबाट परमेश्वरको ग्रहणमा प्रकरण र विशेषण नियमकारक छन् । यसबाट के सिद्ध हुन्छ भने जहाँ-जहाँ स्तुति, प्रार्थना, उपासना, सर्वज्ञ, व्यापक, शुद्ध, सनातन, सृष्टिकर्ता आदि विशेषण लेखिएका छन् त्यहीं-त्यहीं यिनै नामबाट परमेश्वरको ग्रहण हुन्छ र जहाँ-जहाँ यस्ता प्रकरणहरू छन् कि–

**ततो॑ वि॒राड॑जायत वि॒राजो॒ अधि॒ पूरु॑षः ॥** –यजुर्वेद (अध्याय ३१/मन्त्र ५) ॥

**श्रोत्रा॑द्वा॒युश्च॑ प्रा॒णश्च॒ मुखा॑द॒ग्निर॑जायत ॥** –यजुर्वेद (अध्याय ३१/मन्त्र १२) ॥

**तेन॑ दे॒वा अ॑यजन्त ॥** –यजुर्वेद (अध्याय ३१/मन्त्र ९) ॥

**प॒श्चाद्भूमि॑म॒थो॑ पु॒रः ॥** –यजुर्वेद (अध्याय ३१/मन्त्र ५) ॥

**तस्माद्वा एतस्मादात्मन आकाशः सम्भूतः । आकाशाद्वायुः । वायोरग्निः । अग्नेरापः ।**
**अद्भ्यः पृथिवी । पृथिव्या ओषधयः । ओषधिभ्योऽन्नम् । अन्नाद्रेतः । रेतसः पुरुषः ।**
**स वा एष पुरुषोऽन्नरसमयः ॥** –यो तैत्तिरीयोपनिषद् (वल्ली २/अनुवाक १) को वचन हो ॥

यस्तो प्रकरणहरूमा विराट्, पुरुष, देव, आकाश, वायु, अग्नि, जल, भूमि आदि नाम लौकिक पदार्थहरूका हुन्छन् । किनभने जहाँ-जहाँ उत्पत्ति, स्थिति, प्रलय, अल्पज्ञ, जड, दृश्य आदि विशेषण लेखिएको भए पनि त्यहाँ-त्यहाँ परमेश्वरको ग्रहण हुँदैन । त्यो उत्पत्ति आदि व्यवहारदेखि पृथक् छ र उपरोक्त मन्त्रहरूमा उत्पत्ति आदि व्यवहार छन् । त्यसैले यहाँ विराट् आदि नामहरूबाट परमात्माको ग्रहण नभएर संसारी पदार्थहरूको ग्रहण हुन्छ । किन्तु जहाँ-जहाँ सर्वज्ञादि विशेषण होस्, त्यहाँ-त्यहाँ परमात्मा र जहाँ-जहाँ इच्छा, द्वेष, प्रयत्न, सुख, दुःख र अल्पज्ञादि विशेषण छ भने, त्यहाँ-त्यहाँ जीवको ग्रहण हुन्छ । यस्तो सर्वत्र सम्झिनुपर्दछ । किनभने परमेश्वरको जन्म-मरण कहिल्यै पनि हुँदैन । यसबाट विराट् आदि नाम र

जन्मादि विशेषणहरूदेखि जगत्को जड र जीवादि पदार्थहरूको ग्रहण गर्नु उचित हुन्छ, परमेश्वरको होइन । अब जुन प्रकारले विराट् आदि नामबाट परमेश्वरको ग्रहण हुन्छ, त्यसलाई यस प्रकारसँग तल लेखिएको प्रमाणहरू जान ।

## ओङ्कारको अर्थ (१.३)

'वि' उपसर्गपूर्वक (राजृ दीप्तौ) यस धातुबाट क्विप् प्रत्यय गर्नाले विराट् शब्द सिद्ध हुन्छ । **'यो विविधं नाम चराऽचरं जगद्राजयति प्रकाशयति स विराट्'** विविध अर्थात् जसले बहु प्रकारको जगत्लाई प्रकाशित गर्दछ, यसबाट **'विराट्'** नामले परमेश्वरको ग्रहण हुन्छ ।

(अञ्चु गतिपूजनयोः) (अग्, अगि, इण् गत्यर्थक) धातु हुन्, यिनबाट 'अग्नि' शब्द सिद्ध हुन्छ । **'गतेस्त्रयोऽर्थाः– ज्ञानं गमनं प्राप्तिश्चेति, पूजनं नाम सत्कारः'** । **'योऽञ्चति, अच्यतेऽगत्यङ्गतीति वा सोऽयमग्निः'** जो ज्ञानस्वरूप, सर्वज्ञ, जान्ने, प्राप्ति हुने र पूजा गर्न योग्य छ, यसबाट परमेश्वरको नाम **'अग्नि'** हो ।

(विश प्रवेशने) यस धातुबाट **'विश्व'** शब्द सिद्ध हुन्छ । **'विशन्ति प्रविष्टानि सर्वाण्याकाशादीनि भूतानि यस्मिन् यो वाऽऽकाशादिषु सर्वेषु भूतेषु प्रविष्टः स विश्व ईश्वरः'** जसमा आकाशादि सबै भूत प्रवेश गरिरहेका छन् अथवा जो यिनमा व्याप्त भएर प्रविष्ट भैरहेछ, यसैले उस परमेश्वरको नाम **'विश्व'** हो । इत्यादि नामहरूको ग्रहण **अकारमात्रा**ले हुन्छ ।

**'ज्योतिर्वै हिरण्यं तेजो वै हिरण्यम् ।'** –इत्यैतरेयशतपथब्राह्मणे ॥

**'यो हिरण्यानां सूर्यादीनां तेजसां गर्भ उत्पत्तिनिमित्तमधिकरणं स हिरण्यगर्भः'** जसमा सूर्यादि तेज भएका लोक उत्पन्न भएर जसको आधारले रहन्छन् अथवा जो सूर्यादि तेजः स्वरूप पदार्थहरूको गर्भ नाम, उत्पत्ति र निवासस्थान हो, यसबाट उस परमेश्वरको नाम **'हिरण्यगर्भ'** हो । यसमा यजुर्वेदको मन्त्रको प्रमाण–

**हिरण्यगर्भः समवर्त्तताग्रे भूतस्य जातः पतिरेक आसीत् ।**

**स दाधार पृथिवीं द्यामुतेमां कस्मै देवाय हविषा विधेम ॥** –यजुर्वेद (अध्याय १३/मन्त्र ४) ॥

इत्यादि स्थलहरूमा **'हिरण्यगर्भ'** बाट परमेश्वरको नै ग्रहण हुन्छ ।

(वा गतिगन्धनयोः) यस धातुबाट **'वायु'** शब्द सिद्ध हुन्छ । **(गन्धनं हिंसनम्) 'यो वाति चराऽचरञ्जगद्धरति बलिनां बलिष्ठः स वायुः'** जसले चराऽचर जगत्को धारण, जीवन र प्रलय गर्दछ र सबै बलवान्हरू भन्दा बलवान् छ, यसैले ईश्वरको नाम **'वायु'** भयो ।

(तिज निशाने) यस धातुबाट **'तेजः'** र यसलाई तद्धित गर्नाले **'तैजस'** शब्द सिद्ध हुन्छ । जो स्वयं आफू प्रकाश र सूर्यादि तेजस्वी लोकहरूलाई प्रकाश गर्दछ यसैले ईश्वरको नाम **'तैजस'** भयो । इत्यादि नामार्थ **उकार**बाट ग्रहण हुन्छन् ।

(ईश ऐश्वर्ये) यस धातुबाट **'ईश्वर'** शब्द सिद्ध हुन्छ । **'य ईष्टे सर्वैश्वर्यवान् वर्त्तते स ईश्वरः'** जसको सत्य, विचारशील, ज्ञान र अनन्त ऐश्वर्य छ, यसैले उस परमात्माको नाम **'ईश्वर'** भयो ।

(दो अवखण्डने)=**'अवखण्डनं नाम विनाशः'** यस धातुबाट **'अदिति'** र यसलाई तद्धित गर्नाले **'आदित्य'** शब्द सिद्ध हुन्छ । **'न विद्यते विनाशो यस्य सोऽयमदितिः, अदितिरेव आदित्यः'** जसको विनाश कहिल्यै हुँदैन त्यही **'आदित्य'** संज्ञा ईश्वरको हो ।

(ज्ञा अवबोधने) **'प्र'** पूर्वक यस धातुबाट **'प्रज्ञ'** र यसलाई तद्धित गर्नाले **'प्राज्ञ'** शब्द सिद्ध हुन्छ । **'यः प्रकृष्टतया चराऽचरस्य जगतो व्यवहारं जानाति स प्रज्ञः प्रज्ञ एव प्राज्ञः'** जो निर्भ्रान्त ज्ञानयुक्त सबै चराऽचर जगत्को व्यवहारलाई यथावत जान्दछ यसैले **'प्राज्ञ'** ईश्वरको नाम भयो । इत्यादि नामार्थ **मकार**बाट गृहीत हुन्छन् । जसरी एक-एक मात्राबाट तीन-तीन अर्थ यहाँ व्याख्यात गरिएको छ त्यसरी नै अन्य नामार्थ पनि ओङ्कारबाट जान्न सकिन्छ ।

जुन (**शन्नो मित्रः शं वरुणः**) यस मन्त्रमा मित्रादि नाम छन् ती पनि परमेश्वरको नाम हुन्, किनभने स्तुति, प्रार्थना, उपासना श्रेष्ठकै नै गरिन्छ । श्रेष्ठ त्यसलाई भन्दछन् जो आफ्नो गुण, कर्म, स्वभाव र सत्य-सत्य व्यवहारहरूमा सबैभन्दा अधिक होस् । ती सबैमा पनि जुन अत्यन्त श्रेष्ठ छ त्यसैलाई परमेश्वर भन्दछन् । जसको तुल्य न कोही भए, न कोही छन् र न कोही हुनेछन् । जब तुल्य नै छैनन् भने अधिकतर हुने त कुरै भएन ? जस्तै परमेश्वरको सत्य, न्याय, दया, सर्वसामर्थ्य र सर्वज्ञत्वादि अनन्त गुण छन्, यस्तो अन्य कुनै जड वा जीव पदार्थको छैनन् । जुन पदार्थ सत्य हो, त्यसको गुण, कर्म, स्वभाव पनि सत्य नै हुन्छ । त्यसैले सबै मनुष्यको योग्य छ कि परमेश्वरको नै स्तुति, प्रार्थना र उपासना गर, यसदेखि भिन्नको

कदापि नगर । किनभने ब्रह्मा, विष्णु, महादेव पूर्वज महाशय विद्वान्, दैत्य-दानवादि निकृष्ट मनुष्य र अन्य साधारण मनुष्यहरूले पनि परमेश्वरमा नै विश्वास गरेर, उसैको स्तुति, प्रार्थना र उपासना गरे, उसदेखि भिन्नकोलाई होइन । यस्तो हामी सबैले गर्न योग्य छ । यसको विशेष विचार उपासना र मुक्तिको विषयमा गरिने छ ।

**प्रश्न–** मित्रादि नामहरूले सखा र इन्द्रादि देवहरूको प्रसिद्ध व्यवहार देख्नाले उनैको ग्रहण गर्नुपर्दछ ।

**उत्तर–** यहाँ उनीहरूको ग्रहण गर्नु योग्य छैन, किनभने जो मनुष्य कसैको मित्र हुन्छ, वही अन्यको शत्रु र कसैदेखि उदासीन पनि देखिनमा आउँछ । यसबाट मुख्यार्थमा सखा आदिको ग्रहण हुन सक्दैन, किन्तु जसरी परमेश्वर सबै जगत्को निश्चित मित्र, न कसैको शत्रु न कसैको उदासीन हो, यसदेखि भिन्न कोही पनि जीव यस प्रकारको कहिल्यै पनि हुन सक्दैन । त्यसैले परमात्माकै ग्रहण यहाँ हुन्छ । हो, गौंण अर्थमा मित्रादि शब्दबाट सुहृदादि मनुष्यको ग्रहण हुन्छ ।

(ञिमिदा स्नेहने) **'अस्माद धातोरौणादिकः क्त्रः प्रत्ययः ।'** यस धातुबाट औणादिक 'क्त्र' प्रत्ययको हुनाले 'मित्र' शब्द सिद्ध हुन्छ । **'मेदते मिद्यते, स्निह्यति स्निह्यते वा स मित्रः'** जो सबैसँग स्नेह गर्दछ र सबैले प्रीति गर्न योग्य छ, त्यो परमेश्वर सबैको साँच्चो **'मित्र'** हो, यसैले परमेश्वरको नाम **'मित्र'** हो ।

(वृञ् वरणे, वर ईप्सायाम्) यी धातुहरूबाट उणादि 'उनन्' प्रत्यय हुनाले **'वरुण'** शब्द सिद्ध हुन्छ । **'यः सर्वान् शिष्टान् मुमुक्षून्धर्मात्मनो वृणोत्यथवा यः शिष्टैर्मुमुक्षुभिर्धर्मात्मभिर्व्रियते वर्य्यते वा स वरुणः परमेश्वरः'** जो आप्तयोगी, विद्वान्, मुक्तको इच्छा गर्नेवाला मुक्त र धर्मात्माहरूको स्वीकारकर्ता, अथवा जो शिष्ट, मुमुक्षु, मुक्त र धर्मात्माहरूदेखि ग्रहण गरिन्छ त्यो 'वरुण' नामयुक्त ईश्वर हो । अथवा **'वरुणो नाम वरः श्रेष्ठः'** जसको लागि सबै **श्रेष्ठ** छ, यसैले **'वरुण'** परमेश्वरको नाम हो ।

(ऋ गतिप्रापणयोः) यस धातुबाट 'यत्' प्रत्यय गर्नाले **'अर्य्य'** शब्द सिद्ध हुन्छ र 'अर्य्य' पूर्वक (माङ् माने) यस धातुबाट 'कनिन्' प्रत्यय हुनाले 'अर्य्यमा' शब्द सिद्ध हुन्छ । **'योऽर्य्यान स्वामिनो न्यायाधीशान् मिमीते मान्यान् करोति सोऽर्यमा'** जसले सत्य न्याय गराउने मनुष्यका मान्य र पाप तथा पुण्य गर्नेहरूको पाप र पुण्यको फलको यथावत् सत्य-सत्य नियमकर्ता हुन्, त्यसैले उस परमेश्वरको नाम **'अर्यमा'** भयो ।

(इदि परमैश्वर्ये) यस धातुबाट 'रन्' प्रत्यय गर्नाले **'इन्द्र'** शब्द सिद्ध हुन्छ । **'य इन्दति परमैश्वर्यवान् भवति स इन्द्रः परमेश्वरः'** जो अखिल ऐश्वर्ययुक्त छ, त्यसैले परमात्माको नाम **'इन्द्र'** हो ।

'बृहत्' शब्दपूर्वक (पा रक्षणे) यस धातुबाट 'डति' प्रत्यय, बृहत्को तकारको लोप र सुडागम हुनाले **'बृहस्पति'** शब्द सिद्ध हुन्छ । **'यो बृहतामाकाशादीनां पतिः स्वामी पालयिता स बृहस्पतिः'** जो ठूलोदेखि पनि ठूलो र विशाल आकाशादि ब्रह्माण्डहरूको स्वामी हो, यसैबाट परमेश्वरको नाम **'बृहस्पति'** भयो ।

(विष्लृ व्याप्तौ) यस धातुबाट 'नु' प्रत्यय भएर **'विष्णु'** शब्द सिद्ध भएको छ । **'वेवेष्टि व्याप्नोति चराऽचरं जगत् स विष्णुः परमात्मा'** चर र अचररूप जगत्मा व्यापक हुनाले परमात्माको नाम **'विष्णु'** भयो ।

**'उरुर्महान् क्रमः पराक्रमो यस्य स उरुक्रमः'** अनन्त पराक्रमयुक्त हुनाले परमात्माको नाम **'उरुक्रम'** हो । जो परमात्मा (**उरुक्रमः**) महापराक्रमयुक्त (**मित्रः**) सबैको सुहृत् अविरोधी हो, त्यो (**शम्**) सुखकारक, त्यो (**वरुणः**) सर्वोत्तम (**शम्**) सुखस्वरूप, त्यो (**अर्यमा**) (**शम्**) सुखप्रचारक, त्यो (**इन्द्रः**) (**शम्**) सकल ऐश्वर्यदायक, त्यो (**बृहस्पतिः**) सबैको अधिष्ठाता (**शम्**) विद्याप्रद र (**विष्णुः**) जो सबैमा व्यापक परमेश्वर हो, त्यो (**नः**) हाम्रो कल्याणकारक (**भवतु**) होस् ।

(**वायो ते ब्रह्मणे नमोऽस्तु**) 'बृह, बृहि वृद्धौ' यी धातुहरूबाट **'ब्रह्म'** शब्द सिद्ध भएको छ । जो सबैका माथि विराजमान, सबै भन्दा ठूला, अनन्त-बलयुक्त परमात्मा हुन्, उस ब्रह्मलाई हामी नमस्कार गर्दछौं । हे परमेश्वर ! (**त्वमेव प्रत्यक्षं ब्रह्मासि**) तपाईं नै अन्तर्यामीरूपले प्रत्यक्ष ब्रह्म हुनुहुन्छ (**त्वामेव प्रत्यक्षं ब्रह्म वदिष्यामि**) मैले तपाईंलाई नै प्रत्यक्ष ब्रह्म भन्नेछु, किनभने तपाईं सबै ठाउँमा व्याप्त भएर सबैलाई नित्य नै प्राप्त हुनुहुन्छ (**ऋतं वदिष्यामि**) जो तपाईंको वेदस्थ यथार्थ आज्ञा हो, त्यसैको म सबैका लागि उपदेश र आचरण पनि गर्नेछु । (**सत्यं वदिष्यामि**) सत्य बोलूँ, सत्य मानूँ र सत्य नै गर्नेछु, (**तन्मामवतु**) सो तपाईंले मेरो रक्षा गर्नुहोस् (**तद्वक्तारमवतु**) सो तपाईंले म आप्त सत्यवक्ताको रक्षा गर्नुहोस् कि जसबाट तपाईंको आज्ञामा मेरो बुद्धि स्थिर भएर, विरुद्ध कहिल्यै पनि नजाओस् । किनभने जुन तपाईंको आज्ञा हो, त्यही धर्म र जो त्यसदेखि विरुद्ध, त्यही अधर्म हो । (**अवतु मामवतु वक्तारम्**) यो दोस्रो पटक पाठ अधिकार्थको लागि हो । जसरी **'कश्चित् कञ्चित् प्रति वदति त्वं ग्रामं गच्छ गच्छ'** यसमा दुई पटक क्रियाको उच्चारणले तँ शीघ्र नै ग्राममा जा यस्तो सिद्ध हुन्छ । यसरी नै यहाँ पनि तपाईं मेरो रक्षा अर्थात्

धर्ममा सुनिश्चित र अधर्मदेखि घृणा सदा गरूँ यस्तो कृपा ममाथि गर्नुहोस्, मैले तपाईंको ठूलो उपकार मान्नेछु (**ओ३म् शान्तिश्शान्तिश्शान्तिः**) यसमा तीन पटक शान्तिपाठको प्रयोजन यो हो कि त्रिविधताप अर्थात् यस संसारमा तीन प्रकारका दुःख छन्–

पहिलो **'आध्यात्मिक'** जुन आत्मा, शरीरमा अविद्या, राग, द्वेष, मूर्खता र ज्वर पीडादिबाट हुन्छ ।

दोस्रो **'आधिभौतिक'** जुन शत्रु, व्याघ्र र सर्पादिबाट प्राप्त हुन्छ ।

तेस्रो **'आधिदैविक'** अर्थात् जुन अतिवृष्टि, अवृष्टि, अतिशीत, अति उष्णता, मन र इन्द्रियहरूको अशान्तिले हुन्छ ।

यी तीन प्रकारका क्लेशहरूदेखि तपाईंले हामीलाई दूर गरेर कल्याणकारक कर्ममा सदा प्रवृत्त राख्नुहोस् । किनभने तपाईं नै कल्याणस्वरूप, सब संसारको कल्याणकर्ता र धार्मिक मुमुक्षुहरूका कल्याणका दाता हुनुहुन्छ । यसैले तपाईं स्वयं आफ्नो करुणाले सबै जीवहरूको हृदयमा प्रकाशित हुनुहोस् कि जसबाट सबै जीव धर्मको आचरण र अधर्मलाई छोडेर परमानन्दलाई प्राप्त होऊन् र दुःखदेखि पृथक् रहून् ।

**'सूर्य्यऽआत्मा जगतस्तस्थुषश्च'** यस यजुर्वेद (१३/४६) को वचनबाट जुन जगत् नाम प्राणी, चेतन र जङ्गम अर्थात् जो चल्दछन्-फिर्दछन्, **'तस्थुषः'** अप्राणी अर्थात् स्थावर जड अर्थात् पृथ्वी आदि हुन्, ती सबैका आत्मा हुनाले स्वप्रकाशरूप सबैको प्रकाश गर्नाले परमेश्वरको नाम **'सूर्य'** भयो ।

(अत सातत्यगमने) यस धातुबाट **'आत्मा'** शब्द सिद्ध भएको छ । **'योऽतति व्याप्नोति स आत्मा'** जो सब जीवादि जगत्मा निरन्तर व्यापक भैरहेको छ । **'परश्चासावात्मा च य आत्मभ्यो जीवेभ्यः सूक्ष्मेभ्यः परोऽतिसूक्ष्मः स परमात्मा'** जुन सबै जीवादिदेखि उत्कृष्ट र जीव, प्रकृति तथा आकाश भन्दा पनि अतिसूक्ष्म र सबै जीवहरूको अन्तर्यामी आत्मा हो, यसैले ईश्वरको नाम **'परमात्मा'** हो ।

सामर्थ्यवालेको नाम **'ईश्वर'** हो । **'य ईश्वरेषु समर्थेषु परमः श्रेष्ठः स परमेश्वरः'** जो ईश्वरहरूमा अर्थात् समर्थहरूमा समर्थ, जसको तुल्य अरू कोही पनि छैनन्, उसको नाम **'परमेश्वर'** हो ।

(षुञ् अभिषवे, षूङ् प्राणिगर्भविमोचने) यी धातुहरूबाट 'सविता' शब्द सिद्ध हुन्छ । **'अभिषवः प्राणिगर्भविमोचनं चोत्पादनम् । यश्चराचरं जगत् सुनोति सूते वोत्पादयति स सविता परमेश्वरः'** जसले सबै जगत्को उत्पत्ति गर्दछ, त्यसैले परमेश्वको नाम **'सविता'** हो ।

(**दिवु क्रीडाविजिगीषाव्यवहारद्युतिस्तुतिमोदमस्वप्नकान्तिगतिषु**) यस धातुबाट **'देव'** शब्द सिद्ध हुन्छ । (**क्रीडा**) जो शुद्ध जगत्लाई क्रीडा गराउने (**विजिगीषा**) धार्मिकहरूलाई जिताउने इच्छायुक्त (**व्यवहार**) सबैलाई चेष्टाको साधनोपसाधनहरूको दाता (**द्युति**) स्वयंप्रकाशस्वरूप सबका प्रकाशक (**स्तुति**) प्रशंसाको योग्य (**मोद**) आफू आनन्दस्वरूप र अरूलाई आनन्द दिनेवाला (**मद**) मदोन्मत्तहरूलाई ताड्नेवाला (**स्वप्न**) सबैको शयनार्थ रात्रि र प्रलयलाई गराउनेवाला (**कान्ति**) कामनाको योग्य र (**गति**) ज्ञानस्वरूप हुनुहुन्छ, यसैले परमेश्वरको नाम **'देव'** हो । अथवा **'यो दीव्यति क्रीडति स देवः'** जो आफ्नो स्वरूपले आफै नै क्रीडा गर्दछ अथवा कसैको सहायको बिना क्रीडावत् सहज स्वभावबाट सब जगत्लाई बनाउँछ वा सबै क्रीडाहरूको आधार हो । **'विजिगीषते स देवः'** जो सबैलाई जित्नेवाला, स्वयं अजेय अर्थात् जसलाई कसैले पनि जित्न सक्दैन । **'व्यवहारयति स देवः'** जो न्याय र अन्यायरूपी व्यवहारलाई जान्ने र उपदेष्टा । **'यश्चराचरं जगत् द्योतयति'** जो सबका प्रकाशक । **'यः स्तुयते स देवः'** जो सबै मनुष्यहरूका प्रशंसाका योग्य र निन्दाको योग्य न हो । **'यो मोदयति स देवः'** जो स्वयं आनन्दस्वरूप र अरूलाई आनन्द गराउँछ, जसलाई दुःखको लेश पनि न हो । **'यो माद्यति स देवः'** जो सदा हर्षित, शोकदेखि रहित र अरूलाई हर्षित गराउनेवाला र दुःखदेखि पृथक् राख्नेवाला । **'यः स्वापयति स देवः'** जो प्रलयको समय अव्यक्तमा सबै जीवहरूलाई सुताउँछ । **'यः कामयते काम्यते वा स देवः'** जसको सबै सत्य काम र जसको प्राप्तिको कामना सबै शिष्टले गर्दछन् । **'यो गच्छति गम्यते वा स देवः'** जो सबैमा प्राप्त र जान्नयोग्य छ, यसैले परमेश्वरको नाम **'देव'** हो ।

(कुवि आच्छादने) यस धातुबाट **'कुबेर'** शब्द सिद्ध हुन्छ । **'य सर्वं कुम्बति स्वव्याप्त्याच्छादयति स कुबेरो जगदीश्वरः'** जो आफ्नो व्याप्तिले सबैको आच्छादन गर्दछ, यसैले परमेश्वरको नाम **'कुबेर'** हो ।

(पृथु विस्तारे) यस धातुबाट **'पृथिवी'** शब्द सिद्ध हुन्छ । **'यः पर्थति सर्वं जगविस्तृणाति तस्मात् स पृथिवी'** जो सब विस्तृत जगत्को विस्तार गर्नेवाला हो, यसैले ईश्वरको नाम **'पृथ्वी'** भयो ।

(जल घातने) यस धातुबाट **'जल'** शब्द सिद्ध हुन्छ । **'जलति घातयति दुष्टान्, सङ्घातयति–अव्यक्तपरमाण्वादीन् तद् ब्रह्म जलम्'** जो दुष्टहरूको ताडन र अव्यक्त तथा परमाणुहरूको अन्योऽन्य संयोग वा वियोग गर्दछ, त्यो परमात्मालाई **'जल'** संज्ञक भन्दछन् । **'यद्वा यज्जनयति लाति सकलं जगत् तद्ब्रह्म जलम्'** अथवा जो सबैका जनक र सबै सुख दिनेवाला हुन्, यसैले पनि परमात्माको नाम **'जल'** हो ।

(काशृ दीप्तौ) यस धातुबाट **'आकाश'** शब्द सिद्ध हुन्छ । **'यः सर्वतः सर्वं जगत् प्रकाशयति स आकाशः'** जो सबैतिरबाट सब जगत्को प्रकाशक हो, यसैले उस परमात्माको नाम **'आकाश'** हो ।

(अद भक्षणे) यस धातुबाट **'अन्न'** शब्द सिद्ध हुन्छ ।

**अद्यतेऽत्ति च भूतानि तस्मादन्नं तदुच्यते ॥** –तैत्तिरीयो उपनिषद् (२/२) ॥

**अहमन्नमहमन्नमहमन्नम् । अहमन्नादोऽहमन्नादोऽहमन्नादः ॥** –तैत्तिरीयो उपनिषद् (३/१०) ॥

**अत्ता चराऽचरग्रहणात् ॥** –वेदान्त सूत्र (१/२/९) ॥ यो व्यासमुनिकृत शारीरक सूत्र हो ॥

जो सबैलाई भित्र राख्न, सबैलाई ग्रहण गर्नयोग्य, चराचर जगत्को ग्रहण गर्नेवाला हो, यसबाट ईश्वरका **'अन्न'** **'अन्नाद'** र **'अत्ता'** नाम हुन्, र जुन यसमा तीन पटक पाठ छ त्यो आदरको लागि हो । जसरी अञ्जीरको फलमा कृमि उत्पन्न भएर उसैमा रहन्छन् र नष्ट हुन्छन् त्यसरी नै परमेश्वरको बीचमा सब जगत्को अवस्था छ ।

(वस निवासे) यस धातुबाट **'वसु'** शब्द सिद्ध भएको छ । **'वसन्ति भूतानि यस्मिन्नथवा यः सर्वेषु भूतेषु वसति स वसुरीश्वरः'** जसमा सब आकाशादि भूत बस्दछन् र जो सबैमा वास गरिहेको छ, यसैले उस परमेश्वरको नाम **'वसु'** हो ।

(रुदिर् अश्रुविमोचने) **रुदेर्णिलोपश्च** यस णिजन्त धातुबाट **'रुद्र'** शब्द सिद्ध हुन्छ । **'यो रोदयत्यन्यायकारिणो जनान् स रुद्रः'** जो दुष्ट कर्म गर्नेहरूलाई रुवाउँछ, यसबाट परमेश्वरको नाम **'रुद्र'** भयो ।

**यन्मनसा ध्यायति तद्वाचा वदति यद्वाचा वदति तत् कर्मणा करोति यत् कर्मणा करोति तदभिसम्पद्यते ॥** –(श.कां. १४/प्रपा. ६/ब्रा. २/कं. ७) यो यजुर्वेदको ब्राह्मणको वचन हो ।

जीव जसको मनले ध्यान गर्दछ उसलाई वाणीले बोल्दछ, जसलाई वाणीले बोल्दछ त्यसलाई कर्मले गर्दछ, जसलाई गर्दछ उसैलाई प्राप्त गर्दछ । यसबाट के सिद्ध हुन्छ भने जुन जीव जस्तो कर्म गर्दछ, त्यस्तै नै फल पाउँछ । जब दुष्ट कर्म गर्नेवाला, ईश्वरको व्यवस्थाले दुःखरूप फल पाउँछ तब रुन्छ र यसै प्रकार ईश्वरले तिनलाई रुवाउँछ, त्यसैले परमेश्वरको नाम **'रुद्र'** भयो ।

**आपो नारा इति प्रोक्ता आपो वै नरसूनवः । ता यदस्यायनं पूर्वं तेन नारायणः स्मृतः ॥**

–मनुस्मृति (अध्याय १/१० श्लोक) ॥

जल, प्राण र जीवहरूको नाम पनि नार हो, ती अयन अर्थात् निवासस्थान हुन् जसका, यसैले सबै जीवहरूमा व्यापक परमात्माको नाम **'नारायण'** हो ।

**(चदि आह्लादे)** यस धातुबाट **'चन्द्र'** शब्द सिद्ध हुन्छ । **'यश्चन्दति चन्दयति वा स चन्द्रः'** जो आनन्दस्वरूप र सबैलाई आनन्द दिनेवाला हो, यसैले ईश्वरको नाम **'चन्द्र'** भयो ।

(मगि गत्यर्थक) धातुबाट **'मङ्गेरलच्'** (उ.सू. ५/७०) यस सूत्रबाट 'मङ्गल' शब्द सिद्ध हुन्छ । **'यो मङ्गति मङ्गयति वा स मङ्गलः'** जो स्वयं मङ्गलस्वरूप र जीवहरूको मङ्गलको कारण हो, यसैले उस परमेश्वरको नाम **'मङ्गल'** भयो ।

(बुध अवगमने) यस धातुबाट **'बुध'** शब्द सिद्ध हुन्छ । **'यो बुध्यते बोध्येत वा सः बुधः'** जो स्वयं बोधस्वरूप र सबै जीवहरूको बोधको कारण हो, यसैले उस परमेश्वरको नाम **'बुध'** हो । **'बृहस्पति'** शब्दको अर्थ गरिसकिएको छ ।

(ईशुचिर् पूतीभावे) यस धातुबाट **'शुक्र'** शब्द सिद्ध भयो । **'यः शुच्यति शोचयति वा स शुक्रः'** जो अत्यन्त पवित्र र जसको सङ्गले जीव पनि पवित्र हुन्छ, यसैले ईश्वरको नाम **'शुक्र'** भयो ।

(चर गतिभक्षणयोः) यस धातुबाट 'शनैस्' अव्यय उपपद लगाएर **'शनैश्चर'** शब्द सिद्ध भयो । **'यः शनैश्चरति स शनैश्चरः'** जो सबैमा सहजले प्राप्त धैर्यवान् हो, यसैले उस परमेश्वरको नाम **'शनैश्चर'** भयो ।

(रह त्यागे) यस धातुबाट **'राहु'** शब्द सिद्ध हुन्छ । **'यो रहति परित्यजति दुष्टान् राहयति त्याजयति स राहुरीश्वरः'** जो एकान्तस्वरूप जसको स्वरूपमा दोस्रो पदार्थको संयुक्त छैन, जो दुष्टलाई छोड्ने र अन्यलाई छोडाउनेवाला हो, यसैले परमेश्वरको नाम **'राहु'** हो ।

(कित निवासे रोगापनयने च) यस धातुबाट **'केतु'** शब्द सिद्ध हुन्छ । **'यश्चिकेतति चिकित्सति वा स केतुरीश्वरः'** जो सब जगत्को निवासस्थान, सब रोगहरूदेखि रहित मुमुक्षुहरूलाई मुक्ति समयमा सब रोगदेखि छुटाउँदछ, यसैले परमेश्वरको नाम **'केतु'** हो ।

(यज देवपूजासङ्गतिकरणदानेषु) यस धातुबाट **'यज्ञ'** शब्द सिद्ध हुन्छ । **'यज्ञो वै विष्णुः'–** यो ब्राह्मणग्रन्थको वचन हो [शतपथ ब्राह्मण (१/१/२/१३); गोपथ ब्राह्मण उत्तरभाग (प्रपा.४/कं.६)] । **'यो**

**यजति विद्वद्भिरिज्यते वा स यज्ञः'** जसले सबै जगत्को पदार्थहरूलाई संयुक्त गर्दछ र सबै विद्वान्हरूको पूज्य हो, र ब्रह्मादेखि लिएर सबै ऋषि-मुनिहरूको पूज्य थियो, छ र हुनेछ, यसैले परमात्माको नाम **'यज्ञ'** हो, किनभने ऊ सर्वत्र व्यापक छ ।

(हु दानाऽदनयोः, आदाने चेत्येके) यस धातुबाट **'होता'** शब्द सिद्ध भएको छ । **'यो जुहोति स होता'** जो सबै जीवहरूलाई दिन योग्य पदार्थहरूको दाता र ग्रहण गर्न योग्य हो, यसैले ईश्वरको नाम **'होता'** भयो ।

(बन्ध बन्धने) यसबाट **'बन्धु'** शब्द बनेको छ । **'यः स्वस्मिन् चराचरं जगत् बध्नाति बन्धुवद्धर्मात्मनां सुखाय सहायो वा वर्त्तते स बन्धुः'** जसले आफूमा सबै लोक-लोकान्तरहरूलाई नियमले बद्ध गरेर राख्दछ र सहोदरको समान सहायक हुन्छ, यसैले आफ्नो-आफ्नो परिधि वा नियमको उल्लङ्घन गर्न सक्दैनन् । जसरी भ्राता भाइहरूको सहायकारी हुन्छ, त्यसरी नै परमेश्वर पनि पृथिव्यादि लोकहरूको धारण, रक्षण र सुख दिनाले **'बन्धु'** संज्ञक हो ।

(पा रक्षणे) यस धातुबाट **'पिता'** शब्द सिद्ध भएको छ । **'यः पाति सर्वान् स पिता'** जो सबैको रक्षक जस्तै पिता आफ्नो सन्तानमाथि सदा कृपालु भएर उन्नति चाहन्छ, त्यसरी नै परमेश्वर सबै जीवहरूको उन्नति चाहन्छ, यसबाट ईश्वरको नाम **'पिता'** हो ।

**'यः पितॄणां पिता स पितामहः'** जो पिताहरूको पनि पिता हो, यसैले परमेश्वरको नाम **'पितामह'** हो ।

**'यः पितामहानां पिता स प्रपितामहः'** जो पिताहरूको पितृको पिता हो, यसबाट परमेश्वरको नाम **'प्रपितामह'** हो ।

(माङ् माने शब्दे च) यसबाट **'माता'** शब्द सिद्ध हुन्छ । **'यो मिमीते मानयति सर्वाञ्जीवान् स माता'** जसरी पूर्णकृपायुक्त जननी आफ्ना सन्तानहरूको सुख र उन्नति चाहन्छिन्, त्यसरी नै परमेश्वरले पनि सबैको बढोत्तरी चाहन्छ, यसैले परमेश्वरको नाम **'माता'** हो ।

(चर गतिभक्षणयोः) आङ् पूर्वक यस धातुबाट **'आचार्य'** शब्द सिद्ध हुन्छ । **'यः आचारं ग्राहयति सर्वा विद्या बोधयति स आचार्य ईश्वरः'** जो सत्य आचारको ग्रहण गर्नेवाला र सबै विद्याहरूको प्राप्तिको हेतु भएर सबै विद्या प्राप्त गराउँदछ, यसैले परमेश्वरको नाम **'आचार्य'** भयो ।

(गॄ शब्दे) यस धातुबाट **'गुरु'** शब्द बनेको छ । **'यो धर्म्यान् शब्दान् गृणात्युपदिशति स गुरुः । स पूर्वेषामपि गुरुः कालेनानवच्छेदात् ।'** यो योगशास्त्रको सूत्र (१/२६) हो । जो सत्यधर्मप्रतिपादक, सकल, विद्यायुक्त वेदहरूको उपदेश गर्दछ, जो सृष्टिको आदिमा अग्नि, वायु, आदित्य, अङ्गिरा र ब्रह्मादि गुरुहरूको पनि गुरु र जसको नाश कहिल्यै हुँदैन, यसैले परब्रह्मको नाम **'गुरु'** हो ।

(अज गतिक्षेपणयोः जनी प्रादुर्भावे) यी धातुहरूबाट **'अज'** शब्द बनेको छ । **'योऽजति सृष्टिं प्रति सर्वान् प्रकृत्यादीन् पदार्थान् प्रक्षिपति जनयति कदाचिन्न जायते सोऽजः'** जो सबै प्रकृतिको अवयव आकाशादि भूत परमाणुहरूलाई यथायोग्य मिलाउँछ, शरीरको साथमा जीवको सम्बन्ध गरेर जन्म दिन्छ र स्वयं कहिल्यै जन्म लिंदैन, यसैले ईश्वरको नाम **'अज'** हो ।

(वृह बृहि वृद्धौ) यी धातुहरूबाट **'ब्रह्मा'** शब्द सिद्ध हुन्छ । **'योऽखिलं जगन्निर्माणेन बर्हीति वर्द्धयति स ब्रह्मा'** जसले सम्पूर्ण जगत्लाई रचेर बढाउँछ, यसैले उस परमेश्वरको नाम **'ब्रह्मा'** हो ।

**'सत्यं ज्ञानमनन्तं ब्रह्म'** यो तैत्तिरीयोपनिषद् (२/१) को वचन हो । **'सन्तीति सन्तस्तेषु सत्सु साधु तत्सत्यम् । यज्जानाति चराऽचरं जगत्तज्ज्ञानम् । न विद्यतेऽन्तोऽवधिर्मर्यादा यस्य तदनन्तम् । सर्वेभ्यो बृहत्त्वाद् ब्रह्म'** जो पदार्थ हुन् तिनलाई सत् भन्दछन् । तिनमा साधु हुनाले परमेश्वरको नाम **सत्य** भयो । जसले सबैलाई जान्दछ, यसैले परमेश्वरको नाम **'ज्ञान'** भयो । जसको अन्त अवधि मर्यादा यति लामो-चौडा, सानो या ठूलो छ, यस्तो परिमाण छैन, त्यसैले परमेश्वरको नाम **'अनन्त'** भयो । जो सबै भन्दा ठूलो भएकैले परमेश्वरको सत्य, ज्ञान र अनन्त नाम छन् ।

(डुदाञ् दाने) आङ्पूर्वक यस धातुबाट **'आदि'** शब्द र नञ्पूर्वक 'अनादि' शब्द सिद्ध हुन्छ । **'यस्मात् पूर्वं नास्ति परं चास्ति स आदिरित्युच्यते ।'** (महाभाष्य १/१/५/२०) **'न विद्यते आदिः कारणं यस्य सोऽनादिरीश्वरः'** जसको पूर्व केही नहोस् र परे होस्, त्यसलाई **'आदि'** भन्दछन्, जसको आदिकारण कोही पनि छैन, यसैले परमेश्वरको नाम **'अनादि'** हो ।

(टुनदि समृद्धौ) आङ् पूर्वक यस धातुबाट **'आनन्द'** शब्द बन्दछ । **'आनन्दन्ति सर्वे मुक्ता यस्मिन् यद्वा यः सर्वाञ्जीवानानन्दयति स आनन्दः'** जो आनन्दस्वरूप, जसमा सबै मुक्त जीव आनन्दलाई प्राप्त गर्दछन् र सबै धर्मात्मा जीवहरूलाई आनन्दयुक्त गर्दछ, यसैले उस परमेश्वरको नाम **'आनन्द'** भयो ।

(अस भुवि) यस धातुबाट **'सत्'** शब्द सिद्ध हुन्छ । **'यदस्ति त्रिषु कालेषु न बाध्यते तत्सद् ब्रह्म'** जो सदा वर्तमान अर्थात् भूत, भविष्यत्, वर्तमान कालहरूमा जसको बाध नहोस्, उस परमेश्वरलाई **'सत्'** भन्दछन् ।

(चिती संज्ञाने) यस धातुबाट **'चित्'** शब्द सिद्ध हुन्छ । **'यश्चेतति चेतयति संज्ञापयति सर्वान् सज्जनान् योगिनस्तच्चित्परं ब्रह्म'** जो चेतनस्वरूप सबै जीवलाई चेताउने र सत्याऽसत्यलाई जनाउनेवाला हो, यसैले उस परमात्माको नाम **'चित्'** हो । यी तीनै शब्दहरूको विशेषण हुनाले परमेश्वरको नामलाई **'सच्चिदानन्दस्वरूप'** भन्दछन् ।

नित्य**– 'यो ध्रुवोऽचलोऽविनाशी स नित्यः ।'** जो निश्चल अविनाशी हो, सो **'नित्य'** शब्दवाच्य ईश्वर हो ।

(शुन्ध शुद्धौ) यसबाट **'शुद्ध'** शब्द सिद्ध हुन्छ । **'यः शुन्धति सर्वान् शोधयति वा स शुद्ध ईश्वरः'** जो स्वयं पवित्र सब अशुद्धिहरूदेखि पृथक् र सबैलाई शुद्ध गराउनेवाला हो, यसैले ईश्वरको नाम **'शुद्ध'** भयो ।

(बुध अवगमने) यस धातुबाट **'क्त'** प्रत्यय हुनाले **'बुद्ध'** शब्द सिद्ध हुन्छ । **'यो बुद्धवान् सदैव ज्ञाताऽस्ति स बुद्धो जगदीश्वरः'** जो सदा सबैलाई जान्दछ, यसबाट ईश्वरको नाम **'बुद्ध'** भयो ।

(मुच्लृ मोचने) यस धातुबाट **'मुक्त'** शब्द सिद्ध हुन्छ । **'यो मुञ्चति मोचयति वा मुमुक्षून् स मुक्तो जगदीश्वरः'** जो सर्वदा अशुद्धिहरूदेखि अलग र सबै मुमुक्षुहरूलाई क्लेशबाट छुटाइदिन्छ, यसैले परमात्माको नाम **'मुक्त'** हो । **'अत एव नित्यशुद्धबुद्धमुक्तस्वभावो जगदीश्वरः'** यसै कारणले परमेश्वरको स्वभाव **नित्य, शुद्ध, बुद्ध** र **मुक्त** छ ।

निर् र आङ् पूर्वक (डुकृञ् करणे) यस धातुबाट **'निराकार'** शब्द सिद्ध हुन्छ । **'निर्गत आकारात्स निराकारः'** जसको आकार केही पनि छैन र कहिल्यै पनि शरीर धारण गर्दैन, यसैले परमेश्वरको नाम **निराकार** हो ।

(अञ्जू व्यक्तिम्लक्षणकान्तिगतिषु) यस धातुबाट **'अञ्जन'** शब्द बनेको छ र निर् उपसर्गको योगबाट **'निरञ्जनः'** शब्द सिद्ध हुन्छ । **'अञ्जनं व्यक्तिर्म्लक्षणं कुकाम इन्द्रियैः प्राप्तिश्चेत्यस्माद्यो निर्गतः पृथग्भूतः स निरञ्जनः'** जो व्यक्ति अर्थात् आकृति, म्लेच्छाचार, दुष्टकामना र चक्षुरादि इन्द्रियादि विषयहरूको पथदेखि पृथक् छ, यसैले ईश्वरको नाम **'निरञ्जन'** भयो ।

(गण संख्याने) यस धातुबाट **'गण'** शब्द सिद्ध हुन्छ । यसभन्दा अगाडि 'ईश' वा 'पति' शब्द राख्नाले 'गणेश' र 'गणपति' शब्द सिद्ध हुन्छ । **'ये प्रकृत्यादयो जडा जीवाश्च गण्यन्ते संख्यायन्ते तेषामीशः स्वामी पतिः पालको वा'** जो प्रकृत्यादि जड र सब जीव प्रख्यात पदार्थहरूका स्वामी वा पालन गर्नेवाला हुन्, यसैले ईश्वरको नाम **'गणेश'** र **'गणपति'** हो ।

**'यो विश्वमीष्टे स विश्वेश्वरः'** जो संसारको अधिष्ठाता हो, उस परमेश्वरको नाम **'विश्वेश्वर'** हो ।

**'यः कूटेऽनेकविधव्यवहारे स्वस्वरूपेणैव तिष्ठति स कूटस्थः परमेश्वरः'** जो सबै व्यवहारहरूमा व्याप्त र सबै व्यवहारहरूको आधार भएर पनि कुनै व्यवहारमा आफ्नो स्वरूपलाई फेर्दैन, यसैले परमेश्वरको नाम **'कूटस्थ'** हो ।

जति **'देव'** शब्दको अर्थ लेखियो उतिनै **'देवी'** शब्दको पनि छन् । परमेश्वरको तीनै लिङ्गहरूको नाम छन्, जस्तै– **'ब्रह्म चितिरीश्वरश्चेति'** जब ईश्वरको विशेषण हुनेछ तब **'देव',** जब चितिको हुँदा तब **'देवी'** यसैले ईश्वरको नाम **'देवी'** हो ।

(शक्लृ शक्तौ) यस धातुबाट **'शक्ति'** शब्द बनेको छ । **'यः सर्वं जगत् कर्तुं शक्नोति स शक्तिः'** जो सबै जगत् बनाउनमा समर्थ छ, यसैले परमेश्वरको नाम **'शक्ति'** भयो ।

(श्रिञ् सेवायाम्) यस धातुबाट **'श्री'** शब्द सिद्ध हुन्छ । **'यः श्रीयते सेव्यते सर्वेण जगता विद्वद्भिर्योगिभिश्च स श्रीरीश्वरः'** जसको सेवन सब जगत्, विद्वान् र योगीजन गर्दछन्, उस परमात्माको नाम **'श्री'** हो ।

(लक्ष दर्शनाङ्कनयोः) यस धातुबाट **'लक्ष्मी'** शब्द सिद्ध हुन्छ । **'यो लक्षयति पश्यत्यङ्कते चिह्नयति चराचरं जगदथवा वेदैराप्तैर्योगिभिश्च यो लक्ष्यते स लक्ष्मीः सर्वप्रियेश्वरः'** जसले सबै चराचर जगत्लाई देख्दछ, चिह्नित अर्थात् दृश्य बनाउँछ, जस्तै शरीरको नेत्र, नासिकादि र वृक्षका पत्र, पुष्प, फल, मूल, पृथ्वी जलको कृष्ण, रक्त, श्वेत, मृत्तिका, पाषाण, चन्द्र-सूर्यादि चिह्न बनाउँछ, तथा सबैलाई देख्दछ, सबै शोभाहरूको पनि शोभा हो र जो वेदादि शास्त्र, धार्मिक विद्वान् योगीहरूको लागि लक्ष्य अर्थात् हेर्न योग्य हो, यसैले उस परमेश्वरको नाम **'लक्ष्मी'** हो ।

(सृ गतौ) यस धातुबाट **'सरस्'** यसमा मतुप् र ङीप् प्रत्यय हुनाले **'सरस्वती'** शब्द सिद्ध हुन्छ । **'सरो विविधं ज्ञानं विद्यते यस्यां चितौ सा सरस्वती'** जसलाई विविध विज्ञान, शब्द, अर्थ, सम्बन्ध प्रयोगको ज्ञान यथावत् हुन्छ, यसैले उस परमेश्वरको नाम **'सरस्वती'** हो ।

**'सर्वाः शक्तयो विद्यन्ते यस्मिन् स सर्वशक्तिमानीश्वरः'** जसले आफ्नो कार्य गर्नमा कसै अन्यको सहायताको इच्छा लेशमात्र पनि गर्दैन, आफ्नै सामर्थ्यले आफ्नो सबै काम पूरा गर्दछ, यसैले उस परमात्माको नाम **'सर्वशक्तिमान्'** हो ।

(णीञ् प्रापणे) यस धातुबाट **'न्याय'** शब्द सिद्ध हुन्छ । **'प्रमाणैरर्थपरीक्षणं न्यायः'** (वा.भा. १/१/१) यो वचन न्यायसूत्रमाथि वात्स्यायनमुनिकृत भाष्यको हो । **'पक्षपातराहित्याचरणं न्यायः'** जुन प्रत्यक्षादि प्रमाणहरूको परीक्षाबाट सत्य-सत्य सिद्ध भएको हो, तथा पक्षपातरहित धर्मरूप आचरणलाई न्याय भन्दछन् । **'न्यायं कर्तुं शीलमस्य स न्यायकारीश्वरः'** जसको न्याय अर्थात् पक्षपातरहित धर्म गर्नु नै स्वभाव हो, यसैले ईश्वरको नाम **'न्यायकारी'** हो ।

(दय दानगतिरक्षणहिंसादानेषु) यस धातुबाट 'दया' शब्द सिद्ध हुन्छ । **'दयते ददाति जानाति गच्छति रक्षति हिनस्ति यया सा दया, बह्वी दया विद्यते यस्य स दयालुः परमेश्वरः'** जो अभयका दाता, सत्याऽसत्य सर्व-विद्यालाई जान्ने, सब सज्जनहरूको रक्षा गर्ने र दुष्टलाई यथायोग्य दण्ड दिनेवाला हुन्, यसैले परमात्माको नाम **'दयालु'** हो ।

**'द्वयोर्भावो द्वाभ्यामितं सा द्विता, द्वीतं वा, सैव तदेव वा द्वैतम्, न विद्यते द्वैतं द्वितीयेश्वरभावो यस्मिंस्तदद्वैतम् ।'** अर्थात् **'सजातीयविजातीयस्वगतभेदशून्यं ब्रह्म'–** दुईको हुनु, दुइटैले युक्त हुनु त्यो द्विता वा द्वीत अथवा द्वैत, अर्थात् जुन यसदेखि रहित छन् । सजातीय जस्तै मनुष्यको सजातीय दोस्रो मनुष्य हुन्छ, विजातीय जस्तै मनुष्यदेखि भिन्न जाति भएका वृक्ष, पाषाणादि । स्वगत अर्थात् जस्तो शरीरमा आँखा, नाक, कान आदि अवयवहरूको भेद हुन्छ, त्यसरी नै दोस्रा स्वजातीय ईश्वर, विजातीय ईश्वर वा आफ्नो आत्मामा तत्त्वान्तर वस्तुहरूदेखि रहित एक परमेश्वर हो, यसैले परमात्माको नाम **'अद्वैत'** भयो ।

**'गुण्यन्ते ये ते गुणा वा यैर्गुणयन्ति ते गुणाः, यो गुणेभ्यो निर्गतः स निर्गुण ईश्वरः'** जति सत्त्व, रज, तम, रूप, रस, स्पर्श, गन्धादि जडका गुण, अविद्या, अल्पज्ञता, राग, द्वेष र अविद्यादि क्लेश जीवका गुण हुन् ती देखि जो पृथक् छ । यसमा **'अशब्दमस्पर्शमरूपमव्ययम्'** (कठोपनिषद् १/३/१५) इत्यादि उपनिषद्का प्रमाणहरू छन् । जो शब्द, स्पर्श, रूपादि गुणरहित छ, यसैले परमात्माको नाम **'निर्गुण'** हो ।

**'यो गुणैः सह वर्त्तते स सगुणः'** जो सबैका ज्ञान, सर्वसुख, पवित्रता, अनन्तबलादि गुणले युक्त छ, यसैले परमेश्वरको नाम **'सगुण'** हो । जसरी पृथ्वी गन्धादि गुणले **'सगुण'** र इच्छादि गुणले रहित हुनाले **'निर्गुण'** भयो, त्यसरी नै जगत् र जीवको गुणहरूदेखि पृथक् हुनाले परमेश्वर **'निर्गुण'** र सर्वज्ञादि गुणले सहित हुनाले **'सगुण'** हो । अर्थात् यस्तो कुनै पनि पदार्थ छैन जुन सगुण र निर्गुणताबाट पृथक् होस् । जसरी चेतन गुणदेखि पृथक् हुनाले जड पदार्थ निर्गुण र आफ्नो गुणले सहित हुनाले सगुण, त्यसरी नै जड गुणदेखि पृथक् हुनाले जीव **'निर्गुण'** र इच्छादि आफ्नो गुणले सहित हुनाले **'सगुण'** । यसरी नै परमेश्वरमा पनि सम्झनु पर्दछ ।

**'अन्तर्यन्तुं नियन्तुं शीलं यस्य सोऽयमन्तर्यामी'** जो सब प्राणी र अप्राणीरूप जगत्को भित्र व्यापक भएर सबैको नियम गर्दछ, यसैले उस परमेश्वरको नाम **'अन्तर्यामी'** हो ।

**'यो धर्म्मे राजते स धर्मराजः'** जो धर्ममा नै प्रकाशमान र अधर्मदेखि रहित, धर्मको नै प्रकाश गर्दछ, यसैले परमेश्वरको नाम **'धर्म्मराज'** हो ।

(यमु उपरमे) यस धातुबाट **'यम'** शब्द बनेको छ । **'यः सर्वान् प्राणिनो नियच्छति स यमः'** जसले सबै प्राणीहरूको कर्मफल दिनको लागि व्यवस्था गर्दछ र सबै अन्यायदेखि पृथक् रहन्छ, यसैले परमात्माको नाम **'यम'** हो ।

(भज सेवायाम्) यस धातुबाट **'भग'** यसबाट मतुप् हुनाले 'भगवान्' शब्द सिद्ध हुन्छ । **'भगः सकलैश्वर्य्यं सेवनं वा विद्यते यस्य स भगवान्'** जो समग्र ऐश्वर्यले युक्त वा भज्नयोग्य हो, यसैले ईश्वरको नाम **'भगवान्'** भयो ।

(मन ज्ञाने) यस धातुबाट **'मनु'** शब्द बन्दछ । **'यो मन्यते स मनुः'** जो मनु अर्थात् विज्ञानशील र मान्नयोग्य छ, यसैले ईश्वरको नाम **'मनु'** हो ।

(पॄ पालनपूरणयोः) यस धातुबाट **'पुरुष'** शब्द सिद्ध भएको छ । **'यः स्वव्याप्त्या चराऽचरं जगत् पृणाति पूरयति वा स पुरुषः'** जो सब जगत्मा पूर्ण भैरहेको छ, यसैले उस परमेश्वरको नाम **'पुरुष'** हो ।

(डुभृञ् धारणपोषणयोः) **'विश्व'** पूर्वक यस धातुबाट **'विश्वम्भर'** शब्द सिद्ध हुन्छ । **'यो विश्वं बिभर्ति धरति पुष्णाति वा स विश्वम्भरो जगदीश्वरः'** जसले जगत्को धारण र पोषण गर्दछ, यसैले परमेश्वरको नाम **'विश्वम्भर'** हो ।

(कल संख्याने) यस धातुबाट 'काल' शब्द बनेको छ । **'कलयति संख्याति सर्वान् पदार्थान् स कालः'** जो जगत्को सबै पदार्थ र जीवहरूको संख्या गर्दछ, यसैले परमेश्वरको नाम **'काल'** हो ।

(शिष्लृ विशेषणे) यस धातुबाट **'शेष'** शब्द सिद्ध हुन्छ । **'यः शिष्यते स शेषः'** जो उत्पत्ति र प्रलयबाट शेष अर्थात् बाँकी रहन्छ, यसैले परमात्माको नाम **'शेष'** हो ।

(आप्लृ व्याप्तौ) यस धातुबाट **'आप्त'** शब्द सिद्ध हुन्छ । **'यः सर्वान् धर्मात्मन आप्नोति वा सर्वैर्धर्मात्मभिराप्यते छलादिरहितः स आप्तः'** जो सत्योपदेशक सकलविद्यायुक्त, सब धर्मात्माहरूलाई प्राप्त हुन्छ र धर्मात्माहरूदेखि प्राप्त हुन योग्य, छल-कपटादिदेखि रहित छ, यसैले परमात्माको नाम **'आप्त'** हो ।

(डुकृञ् करणे) **'शम्'** पूर्वक यस धातुबाट **'शङ्कर'** शब्द सिद्ध भएको छ । **'यः शं कल्याणं सुखं करोति स शङ्करः'** जो कल्याण अर्थात् सुखलाई गराउने हुन्, यसैले **'शङ्कर'** नाम ईश्वरको हो ।

'महत्' शब्द पूर्वक **'देव'** शब्दबाट **'महादेव'** शब्द सिद्ध हुन्छ । **'यो महतां देवः स महादेवः'** जो महान् देवहरूका देव अर्थात् विद्वान्हरूका पनि विद्वान्, सूर्यादि पदार्थहरूका प्रकाशक हुन्, यसैले परमात्माको नाम **'महादेव'** हो ।

(प्रीञ् तर्पणे कान्तौ च) यस धातुबाट **'प्रिय'** शब्द सिद्ध हुन्छ । **'यः प्रणाति प्रीयते वा स प्रियः'** जसले सबै धर्मात्माहरू, मुमुक्षुहरू र शिष्टहरूलाई प्रसन्न गराउँछ र सबैको कामनाको योग्य हो, यसैले ईश्वरको नाम **'प्रिय'** हो ।

(भू सत्तायाम्) **'स्वयं'** पूर्वक यस धातुबाट **'स्वयम्भू'** शब्द सिद्ध हुन्छ । **'यः स्वयं भवति स स्वयम्भूरीश्वरः'** जो आफूबाट आफै छ, कसैबाट कहिल्यै उत्पन्न भएको छैन, यसैले परमात्माको नाम **'स्वयम्भू'** हो ।

(कु शब्दे) यस धातुबाट **'कवि'** शब्द सिद्ध हुन्छ । **'यः कौति शब्दयति सर्वा विद्याः स कविरीश्वरः'** जो वेदद्वारा सबै विद्याहरूको उपदेष्टा र वेत्ता हो, यसैले परमेश्वरको नाम **'कवि'** भयो ।

(शिवु कल्याणे) यस धातुबाट **'शिव'** शब्द सिद्ध हुन्छ । **'बहुलमेतन्निदर्शनम्'** (धातुपाठे चुरादिगणे) यसबाट **'शिव'** धातु मानिन्छ । जो कल्याणस्वरूप र कल्याणलाई गराउने हो, यसैले परमात्माको नाम **'शिव'** हो ।

यी सय नामहरू परमेश्वरका लेखिएका छन् । परन्तु यी देखि भिन्न परमात्माको असंख्य नाम छन् । किनभने जसरी परमेश्वरको अनन्त गुण, कर्म, स्वभाव छन्, त्यसरी नै उसका अनन्त नाम पनि छन् । ती मध्येबाट प्रत्येक गुण, कर्म र स्वभावको एक-एक नाम छ । यो मैले लेख्नु समुद्रको अगाडि थोपोजस्तै हो । किनभने वेदादि शास्त्रमा परमात्माको असंख्य गुण, कर्म, स्वभाव व्याख्यात गरिएको छ, तिनलाई अध्ययन र अध्यापन गराउनाले सबैलाई बोध हुन सक्दछ र अन्य पदार्थको ज्ञान पनि तिनैलाई पूरा हुन सक्दछ, जसले वेदादि शास्त्रहरूलाई पढ्दछन् ।

## मङ्गलाचरणको समीक्षा (१.४)

**प्रश्न–** जसरी अन्य ग्रन्थकारहरूले लेखको आदि, मध्य र अन्तमा मङ्गलाचरण गर्दछन् त्यस्तो तपाईंले त केही पनि न लेख्नु न गर्नु नै भयो ?

**उत्तर–** यस्तो गर्नु हामीलाई योग्य छैन । किनभने जो आदि, मध्य र अन्तमा मङ्गल गर्दछ भने उसको ग्रन्थमा आदि, मध्य र मध्य तथा अन्तको बीचमा जे जति लेखेको होला, त्यो सबै अमङ्गल नै रहनेछ । यसैले– **'मङ्गलाचरणं शिष्टाचारात् फलदर्शनाच्छ्रुतितश्चेति'** यो सांख्यशास्त्र (५/१) को वचन हो । यसको यो अभिप्राय हो कि जो न्याय, पक्षपातरहित, सत्य, वेदोक्त ईश्वरको आज्ञा हो उसैको यथावत् सर्वत्र र सदा आचरण गर्नुलाई नै मङ्गलाचरण भन्दछन् । ग्रन्थको आरम्भदेखि लिएर समाप्तिपर्यन्त सत्याचार गर्नु नै मङ्गलाचरण हो, न कि कहीं मङ्गल र कहीं अमङ्गल लेख्नु । हेर्नुहोस् महाशय महर्षिहरूको लेखलाई–

**यान्यनवद्यानि कर्माणि तानि सेवितव्यानि, नो इतराणि ॥** –यो तैत्तिरीयोपनिषद् (१/११) को वचन हो ।

हे सन्तानहरू हो ! जो 'अनवद्य' अनिन्दनीय अर्थात् धर्मयुक्त कर्म छन्, तिनैलाई तिमीले गर्न योग्य छ, अधर्मयुक्तलाई होइन ।

यसैले जो आधुनिक ग्रन्थ वा टीकाकारहरूको **'श्रीगणेशाय नमः', 'सीतारामाभ्यां नमः', 'राधाकृष्णाभ्यां नमः', 'श्रीगुरुचरणारविन्दाभ्यां नमः', 'हनुमते नमः', 'दुर्गायै नमः', 'वटुकाय नमः', भैरवाय नमः', 'शिवाय नमः', 'सरस्वत्यै नमः', 'नारायणाय नमः'** इत्यादि लेख देख्नमा आएका छन्, यिनलाई बुद्धिमानी जनहरू वेद र शास्त्रहरूको विरुद्ध हुनाले मिथ्या नै सम्झन्छन् । किनभने वेद र ऋषि, मुनिहरूको ग्रन्थमा कहीं पनि यस्तो मङ्गलाचरण देख्नमा आउँदैन र आर्ष ग्रन्थहरूमा **'ओ३म्'** तथा **'अथ'** शब्द त देखिनमा आएको छ । हेर्नुहोस्–

**'अथ शब्दानुशासनम्' । अथेत्ययं शब्दोऽधिकारार्थः प्रयुज्यते ।** –व्याकरण महाभाष्य (पस्पशाह्निक) ॥
**'अथातो धर्मजिज्ञासा' । अथेत्यानन्तर्ये वेदाध्ययनानन्तरम् ।** –यो पूर्वमीमांसा (१/१/१) ॥
**'अथातो धर्मं व्याख्यास्यामः' । अथेति धर्मकथनानन्तरं धर्मलक्षणं विशेषेण व्याख्यास्यामः ।** –यो वैशेषिक दर्शन (१/१/१) ॥
**'अथ योगानुशासनम्' । अथेत्ययमधिकारार्थः ।** –यो योगशास्त्रको वचन (१/१) ॥
**'अथ त्रिविधदुःखात्यन्तनिवृत्तिरत्यन्तपुरुषार्थः' ।**
**सांसारिकविषयभोगानन्तरं त्रिविधदुःखात्यन्तनिवृत्त्यर्थः प्रयत्नः कर्त्तव्यः ।**–यो सांख्यशास्त्रको वचन हो ।
**'अथातो ब्रह्मजिज्ञासा' । चतुष्टयसाधनसंपत्त्यनन्तरं ब्रह्म जिज्ञास्यम् ।** –यो वेदान्तसूत्र हो (१/१/१)
**'ओमित्येतदक्षरमुद्गीथमुपासीत' ।** –यो छान्दोग्योपनिषद् (१/१/१) को वचन हो ॥
**'ओमित्येतदक्षरमिदꣳ सर्वं तस्योपव्याख्यानम्' ।** –यो माण्डूक्योपनिषद्को शुरूको वचन हो ॥

यसरी नै अन्य ऋषि-मुनिहरूको ग्रन्थहरूमा **'ओ३म्'** र **'अथ'** शब्द लेखिएका छन्, त्यसरी **नै (अग्नि, इट्, अग्नि, ये त्रिषप्ताः परियन्ति**) यी शब्द चारै वेदहरूको आदिमा लेखिएका छन् । **'श्रीगणेशाय नमः'** इत्यादि शब्द कहीं पनि छैन, र जो वैदिक जनहरू वेदको आरम्भमा **'हरिः ओम्'** भनेर लेख्दछन् र पढ्दछन्, यो पौराणिक र तान्त्रिक जनहरूको मिथ्या कल्पनाबाट सिकेका हुन् । केवल ओङ्कारको पाठ त ऋषि-मुनिहरूका ग्रन्थहरूमा देखिन आएको छ; **'हरि'** शब्द आदिमा कहीं पनि छैन । यसैले **'ओ३म्'** वा **'अथ'** शब्द नै ग्रन्थको आदिमा लेख्नुपर्दछ । यो मैले किञ्चिनमात्र ईश्वरको विषयमा लेखें अब यस भन्दा अगाडि शिक्षाको विषयमा लेख्ने छु ।

## इति श्रीमद्दयानन्दसरस्वतीस्वामिकृते सत्यार्थप्रकाशे सुभाषाविभूषित ईश्वरनामविषये प्रथमः समुल्लासः सम्पूर्णः ॥१॥

●

# (२) दोस्रो समुल्लास

## बाल-बालिकाको शिक्षा विषय (२.१)

**मातृमान् पितृमानाचार्यवान् पुरुषो वेद ।** –यो शतपथ ब्राह्मणको वचन हो ॥
–(तुलना-श.ब्रा.कां. १४/प्रपा. ५/ब्रा ८/कं. २ ॥ तथा छा.उ.प्रपा. ६/खं. १४) ॥

वस्तुतः जब जीव तीन उत्तम शिक्षक अर्थात् एक माता, दोस्रो पिता र तेस्रो आचार्य भए भने तब नै मनुष्य ज्ञानवान् हुन्छ । त्यो कुल धन्य ! त्यो सन्तान ठूलो भाग्यवान् ! जसका माता र पिता धार्मिक र विद्वान् हुन्छन् । जति माताबाट सन्तानलाई उपदेश र उपकार पुग्दछ, त्यति अरू कसैबाट हुँदैन । जसरी माता सन्तानमाथि प्रेम, तिनको हित गर्न चाहन्छिन्, त्यति अन्य कसैले गर्न सक्दैन । यसैले **(मातृमान्)** अर्थात् **प्रशस्ता धार्मिकी विदुषी माता विद्यते यस्य स मातृमान् ।** धन्य ती माता हुन् जो गर्भाधानदेखि लिएर जबसम्म पूरै विद्या नहोस्, तबसम्म सुशीलताको उपदेश गर्दछिन् ।

माता र पिताको अति उचित यो हो कि गर्भाधानको पूर्व, मध्य र पश्चात् दुर्गन्ध, रूक्ष, बुद्धिनाशक नशादि पदार्थहरूलाई छोडेर जसले शान्ति, आरोग्य, बल, बुद्धि, पराक्रम र सुशीलताबाट सभ्यतालाई प्राप्त गरून् त्यस्ता घृत, दुग्ध, मिष्ट, अन्नपान आदि श्रेष्ठ पदार्थहरूको सेवन गरून् कि जसबाट रज-वीर्य्य पनि दोषदेखि रहित भएर अत्युत्तम गुणयुक्त होस् । जस्तो ऋतुगमनको विधि अर्थात् रजोदर्शनको पाँचौं दिवसदेखि लिएर सोह्रौं दिवससम्म ऋतुदान दिने समय हो । तिनमा प्रथमका चार दिन त्याज्य छन्, रहे १२ दिन, त्यसमा पनि एकादशी र त्रयोदशीलाई छोडेर बाँकी १० रात्रिहरूमा गर्भाधान गर्नु उत्तम हो र रजोदर्शनको दिनदेखि लिएर १६औं रात्रि पश्चात् समागम नगर्नु । पुनः जबसम्म ऋतुदानको समय पूर्वोक्त नआओस् तबसम्म र गर्भस्थितिको पश्चात् एक वर्षसम्म संयुक्त नहोऊन् कि जब दुवैको शरीर आरोग्य, परस्पर प्रसन्नता, कुनै प्रकारको शोक नहोओस् । जस्तो चरक र सुश्रुतमा भोजन-छादन को विधान र मनुस्मृतिमा स्त्री-पुरुषको प्रसन्नताको रीति लेखिएको छ, त्यसै प्रकारले गरून् र चलून् । गर्भाधानको पश्चात् स्त्रीले असाध्यै सावधानीसँग भोजन-छादन गर्नुपर्दछ । पश्चात् एक वर्ष पर्यन्त स्त्री-पुरुषको सङ्ग नगरून् । बुद्धि, बल, रूप, आरोग्य, पराक्रम, शान्ति आदि गुणकारक द्रव्यहरूको नै सेवन स्त्रीले गर्दैराखोस् कि जबसम्म सन्तानको जन्म नहोस् ।

जब जन्म होस् तब राम्रो सुगन्धियुक्त जलले बालकको स्नान, नाडीछेदन गरेर सुगन्धियुक्त घृतादिको होम र स्त्रीलाई पनि स्नान, भोजनको यथायोग्य प्रबन्ध गरियोस् कि जसले बालक र स्त्रीको शरीर क्रमशः आरोग्य र पुष्ट हुँदै जाओस् । यस्तो पदार्थ उसको माता वा धायीआमाले खाऊन् कि जसबाट दूधमा पनि उत्तम गुण प्राप्त होस् । प्रसूताको दूध एक दिन वा छः दिनसम्म बालकलाई पिलाऊन् । त्यसपछि धायीआमाले पिलाउने गरून् । परन्तु धायीआमालाई उत्तम पदार्थहरूको खान-पान माता-पिताले गराऊन् । जो कोही दरिद्र छन् भने, धायीआमालाई राख्न नसकेमा तिनले गाई वा बाख्राको दूधमा उत्तम औषधि जुन कि बुद्धि, पराक्रम, आरोग्य गराउनेखाले होस् त्यसलाई शुद्ध जलमा भिजाएर, छानेर दूधको समान जल मिलाएर बालकलाई पिलाऊन् । जन्मे पश्चात् बालक र बालककी मातालाई दोस्रो स्थान कि जहाँको वायु शुद्ध होस् त्यस्तो स्थानमा राखून् । सुगन्ध तथा दर्शनीय पदार्थ पनि राखून्, र त्यस देशमा भ्रमण गराउन उचित हुन्छ कि जहाँको वायु शुद्ध होस्, र जहाँ धायीआमा, गाई, बाख्रो आदिको दूध मिल्न नसकोस्, त्यहाँ जस्तो उचित हुन्छ त्यस्तै गर्नु । किनभने प्रसूता स्त्रीको शरीरको अंशबाट बालकको शरीर बन्दछ, यसैले स्त्री प्रसव समयमा निर्बल हुन्छे, त्यस समय उसको दूधमा पनि कम बल हुन्छ, यसैले प्रसूता स्त्रीले दूध न पिलाओस् । दूध रोक्नको लागि स्तनको छिद्रमा ओषधिको लेप गरोस्, जसले गर्दा दूध स्रवित नहोस् । यस्तो गर्नाले द्वितीय महिनामा पुनरपि युवती हुन जान्छे । तबसम्म पुरुष ब्रह्मचर्यले वीर्यको निग्रह राखोस् । यस प्रकार जो स्त्री वा पुरुषले गर्नेछन्, तिनका उत्तम सन्तान, दीर्घायु, बल, पराक्रमको वृद्धि नै भैरहनेछ कि जसबाट सबै सन्तान, उत्तम बल-पराक्रमयुक्त, दीर्घायु, धार्मिक होऊन् । स्त्री योनिसङ्कोच, शोधन र पुरुष वीर्यको स्तम्भन गरून् । पुनः सन्तान जति हुनेछन् तिनीहरू पनि सबै उत्तम हुनेछन् ।

बालकलाई माताले सदा उत्तम शिक्षा गरून्, जसले सन्तान सभ्य बनून् र कुनै अङ्गले कुचेष्टा न गर्न पाऊन् । जब बोल्न थाल्छ तब उसकी माता बालकको जिह्वा जुन प्रकारले कोमल भएर स्पष्ट उच्चारण गर्न सकोस् त्यस्तै उपाय गरून् कि जुन वर्णको स्थान, प्रयत्न अर्थात् जस्तै 'प' यसको ओष्ठ स्थान र स्पृष्ट प्रयत्न कि दुवै ओष्ठहरूलाई मिलाएर बोल्नु, यसको बिना शुद्धोच्चारण ह्रस्व, दीर्घ, प्लुत अक्षरहरूलाई ठीक-ठीक बोल्न सक्दैन । मधुर, गम्भीर, सुस्वर, अक्षर, मात्रा, पद, वाक्य, संहिता, अवसान भिन्न-भिन्न श्रवण होओस् । जब उसले केही-केही बोल्न र बुझ्न लागोस् तब सुन्दर वाणी र ठूला, साना,

मान्य, पिता, माता, राजा, विद्वान् आदिसँग भाषण, उनीहरूसँग वर्तमान र नजिक बस्ने आदिको पनि शिक्षा गरून् कि जसबाट उनको कतै अयोग्य व्यवहार नहोस् कि सर्वत्र प्रतिष्ठा हुन जाओस् । जसरी सन्तान जितेन्द्रिय, विद्याप्रिय र सत्सङ्गमा रुचि गरोस्, त्यस्तो प्रयत्न गर्दै राखून् । व्यर्थ क्रीडा, रोदन, हास्य, लडाई, हर्ष, शोक, कुनै पदार्थमा लोलुपता, ईर्ष्या, द्वेषादि न गरून् । उपस्थेन्द्रियको स्पर्श बिना निमित्त नगरून्, किनभने यसको स्पर्श र मर्दनले वीर्यको क्षीणता, नपुंसकता, हस्तमा दुर्गन्ध पनि हुन्छ । यसैले उसको स्पर्श नगरून् । सदा सत्यभाषण, शौर्य, धैर्य, प्रसन्नवदन आदि गुणहरूको प्राप्ति जुन प्रकारले हुन्छ गराउने । जब पाँच-पाँच वर्षका छोरा-छोरी हुन्छन् तब देवनागरी अक्षरहरूको अभ्यास गराउने अन्यदेशीय भाषाहरूको अक्षरहरू पनि अभ्यास गराउने । त्यसपछि जसबाट राम्रो शिक्षा, विद्या, धर्म, परमेश्वर, माता, पिता, आचार्य, विद्वान्, अतिथि, राजा, प्रजा, कुटुम्ब, बन्धु, भगिनी, भृत्य आदिसँग कसरी-कसरी चल्नुपर्दछ, यी कुराहरूको मन्त्र, श्लोक, सूत्र, गद्य, पद्य पनि अर्थ सहित कण्ठस्थ गराउने । जसबाट सन्तान कुनै धूर्तको बहकाउमा नआओस् र जो-जो विद्याधर्मविरुद्ध भ्रान्तिजालमा गिराउनेखाले व्यवहार छन्, तिनको पनि उपदेश गर्ने, जसबाट भूत, प्रेत आदि मिथ्या कुराहरूको विश्वास नहोस् ।

## भूतप्रेत आदिको निषेध (२.२)

**गुरोः प्रेतस्य शिष्यस्तु पितृमेधं समाचरन् । प्रेतहारैः समं तत्र दशरात्रेण शुद्धचति ॥**

–मनुस्मृति (अध्याय ५/श्लोक ६५) ॥

**अर्थ–** जब गुरुको प्राणान्त होस्, तब मृतकशरीर जसको नाम **'प्रेत'** हो उसको दाह गराउने शिष्य प्रेतहार अर्थात् मृतकलाई उठाउनेहरूका साथ दशौं दिनमा शुद्ध हुन्छ र जब त्यस शरीरको दाह भैसक्यो तब उसको नाम **'भूत'** हुन्छ अर्थात् त्यो अमुकनामा पुरुष थियो । जति उत्पन्न भएका छन् वर्तमानमा आएर रहँदैन, ती भूतस्थ हुनाले तिनको नाम **भूत** हो । यस्तो ब्रह्मादेखि लिएर आज पर्यन्तका विद्वान्हरूको सिद्धान्त हो । परन्तु जसलाई शङ्का, कुसङ्ग, कुसंस्कार हुन्छ, त्यसलाई भय र शङ्कारूपी भूत, प्रेत, शाकिनी, डाकिनी आदि अनेक भ्रमजाल दुःखदायक हुन्छन् ।

हेर ! जब कोही प्राणी मर्दछ तब उसको जीव पाप-पुण्यको वश भएर परमेश्वरको व्यवस्थाको सुख-दुःखको फल भोग्नको अर्थ जन्मान्तर धारण गर्दछ । के यस अविनाशी परमेश्वरको व्यवस्थालाई कसैले पनि नाश गर्न सक्दछ र ? अज्ञानी जनहरू वैद्यकशास्त्र वा पदार्थविद्यालाई पढ्ने, सुन्ने र विचारदेखि रहित भएर सन्निपातज्वरादि शारीर र उन्मादादि मानस रोगहरूको नाम भूत प्रेतादि राख्दछन् । त्यसको औषधि सेवन र पथ्यादि उचित व्यवहार नगरेर ती धूर्त, पाखण्डी, महामूर्ख अनाचारी, स्वार्थी, भङ्गी, चमार, शूद्र, म्लेच्छादि माथि पनि विश्वासी भएर अनेक प्रकारको ढोङ्ग, छल-कपट र उच्छिष्ट भोजन, डोरी, धागो आदि मिथ्या मन्त्र-यन्त्र बाँध्ने-बँधाउने गर्दछन् । आफ्नो धनको नाश, सन्तान आदिको दुर्दशा र रोगलाई बढाएर दुःख दिइराख्दछन् ।

जब **आँखाका अन्धा गाँठका पूरा,** ती दुर्बुद्धि पापी स्वार्थीहरूकहाँ गएर सोध्छन् कि "महाराज ! यस केटो, केटी, स्त्री र पुरुषलाई थाहा छैन के भयो ?" तब ती अन्धा र लुच्चा भन्दछन् कि "यसको शरीरमा ठूलो भूत, प्रेत, भैरव, शीतला आदि देवी चढेकी छन् जबसम्म यसको उपाय गर्दैनौ तबसम्म यसले छोड्नेछैन र प्राण पनि लिन सक्दछ । यदि तिमीले भोग अथवा यति भेटी दिन्छौ भने हामी मन्त्र-जप-पुरश्चरणले झारफुक गरेर निकालिदिने छौं ।" तब ती अन्धा र तिनका सम्बन्धीहरूले भन्दछन् कि "महाराज ! चाहे हाम्रो सर्वस्व नै किन नजाओस् परन्तु यिनलाई निको पारिदिनुहोस् ।" तब त तिनको भनेजस्तो हुनेछ । ती धूर्त भन्दछन् "ल यति सामाग्री ल्याओ, यति दक्षिणा, देवताको भेटी र ग्रहदान गराओ ।" मुजुरा, मृदङ्ग, डम्फू, थाली लिएर उनका सामुन्ने बजाउँछन्, गाउँछन्, फलाक्न थाल्दछन् र ती मध्येमा एउटा पाखण्डी उन्मत्त हुँदै नाच्दै, काँप्दै र उफ्रँदै भन्न थाल्दछ कि मैले यसको ज्यानै लिन्छु ! तब ती अन्धा त्यस भङ्गी, चमार आदिको पनि खुट्टामा पर्दछन् र भन्दछन् "तपाईंले जे चाहनुहुन्छ त्यही लिनुहोस्, यसलाई बचाइदिनुहोस् ।" तब त्यो धूर्तले भन्दछ कि "म हनुमान हूँ, ल्याओ मिठाई, तेल, सिन्दूर, सवामनको रोटी र रातो-लङ्गोट ।" "म देवी वा भैरव हूँ, ल्याओ पाँच बोतल मद्य, बीस कुखुरा, पाँच पाठी, मिठाई र वस्त्र ।" जब उनीहरूले भन्दछन् कि "जे चाहन्छौ त्यही लेल" तब त्यो बहुलाह झन नाँच्न-कुद्न थाल्दछ । परन्तु जब कुनै विद्वान्ले त्यसको भेटी पाँच लात्तो, डण्डा वा लपेटो हानेमा त्यसको हनुमान्, देवी र भैरव झट् प्रसन्न भएर कता भाग्दछ कता, किनभने त्यो केवल धनादि हरण गर्नको लागि प्रयोजनार्थ ढोङ्ग हो ।

## चिना-टिप्पन एवं नवग्रहहरूको समीक्षा (२.३)

फेरि जब कुनै ग्रहग्रस्त, ग्रहरूप, ज्योतिर्विदाभासकहाँ गएर भन्दछन् कि– “हे महाराज ! यसलाई के भयो ?” तब तिनीहरूले भन्दछन् कि “यसमाथि सूर्यादि क्रूर ग्रह चढेको छ । यदि तिमीले यिनको शान्ति, पाठ, पूजा, दान गरायौ भने सुखी हुनेछौ, नत्र भने त असाध्यै पीडित र मर्नै पनि बेर हुँदैन ।”

**उत्तर–** भन्नुहोस् ज्योतिर्वित् ! जस्तो यो पृथ्वी जड छ त्यस्तै नै सूर्यादि लोकहरू छन् । तिनीहरू ताप र प्रकाशादिदेखि भिन्न केही पनि गर्न सक्दैनन्, के यिनीहरू चेतन हुन् ? जो क्रोधित भएर दुःख र शान्त भएर सुख दिन सक्ने ?

**प्रश्न–** के यस संसारमा राजा-प्रजा सुखी-दुःखी भैराखेका छन्, यो ग्रहको फल होइन र ?

**उत्तर–** होइन, यी सबै पाप-पुण्यको फल हो ।

**प्रश्न–** त्यसो भए के ज्योतिषशास्त्र झुटो हो त ?

**उत्तर–** होइन, जो त्यसमा अङ्क, बीज, रेखागणित विद्या छ, त्यो साँचो हो, जुन फलको लीला छ त्यो सबै झुटो हो ।

**प्रश्न–** के यो जन्मपत्र (चिना-टिपन) छ सो निष्फल हो त ?

**उत्तर–** हो, त्यो **‘जन्मपत्र’** होइन किन्तु त्यसको नाम **‘शोकपत्र’** राख्नुपर्दछ । किनभने जब सन्तानको जन्म हुन्छ, तब सबैलाई आनन्द हुन्छ । परन्तु तबसम्म हुन्छ जबसम्म जन्मपत्र बनेर ग्रहहरूको फल सुन्दैनन् । जब पुरोहितले जन्मपत्र बनाउन तिनीहरूलाई भन्दछ तब उसका माता, पिता पुरोहितसँग भन्दछन् कि– “महाराज तपाईंले असाध्यै राम्रो जन्मपत्र बनाउनुहोस्” जो धनाढच छ भने त थुप्रै रातो-पहेंलो रेखाहरूले चित्र-विचित्र र निर्धन रहेछ भने त साधारण रीतिबाट जन्मपत्र बनाएर सुनाउन आउँछ । तब उसका आमा-बुबा ज्योतिषीका अगाडि बसेर भन्दछन् कि “यसको जन्मपत्र त राम्रो छ नि ?” ज्योतिषीले भन्दछ “जस्तो छ त्यस्तै म सुनाइदिन्छु, यसको जन्मग्रह एकदमै राम्रो छ र मित्र ग्रह पनि राम्रो छ, जसको फल धनाढच र प्रतिष्ठावान्, जुन सभामा गएर बस्नेछ सबैमाथि यसको तेज पर्नेछ, शरीरमा आरोग्य र राज्यमान्य पनि हुनेछ ।” इत्यादि कुराहरू सुनेर पिता आदि भन्दछन् “वाह-वाह ज्योतिषीजी ! तपाई असाध्यै असल हुनुहुन्छ ।” ज्योतिषीले विचार्दछ कि यी कुराले कार्य सिद्ध नहोलाजस्तो छ । तब ज्योतिषी भन्दछ कि “यी ग्रह त एकदमै राम्रा हुन् परन्तु यो ग्रहचाहिं क्रूर हो । अर्थात् फलानो-फलानो ग्रहको योगले ८औं वर्षमा यसको मृत्युयोग छ ।” यस कुरालाई सुनेपछि माता पितादि पुत्रको जन्मको आनन्दलाई बिर्सेर शोकसागरमा डुबेर ज्योतिषीसँग भन्दछन् कि “महाराज ! अब हामीले के गरौं ?” तब ज्योतिषीले भन्दछन् “उपाय गर ।” गृहस्थले सोधे– “के उपाय गर्ने ?” ज्योतिषीले भन्दछ कि “यस्तो-यस्तो दान गर, ग्रहको मन्त्रको जाप गराऊ र नित्य ब्राह्मणलाई भोजन गरायौ भने अनुमान छ कि नवग्रहहरूको विघ्न हट्नेछ । अनुमान शब्द यसको लागि हो कि यदि मरिहाल्यो भने त भन्ने कि हामीले के गरौं, परमेश्वरदेखि माथि कोही पनि छैन, हामीले त थुप्रै यत्न गर्‍यौं र तिमीले पनि गरायौ, त्यसको कर्म नै यस्तै थियो । यदि बचेको खण्डमा भन्दछन् कि, हेर हाम्रो मन्त्र, देवता र ब्राह्मणको शक्ति कस्तो छ ! तिम्रो छोरालाई बचाइदियो । यहाँ यो कुरा हुनुपर्दछ कि जो यिनको जप, पाठले केही नभएमा दुईगुणा-तीनगुणा रुपैयाँ ती धूर्तहरूसँगबाट लिनुपर्दछ र बचेको खण्डमा पनि लिनुपर्दछ । किनभने जस्तो ज्यातिषीले भन्यो कि “यसको कर्म र परमेश्वरको नियम तोड्नको लागि कसैको पनि सामर्थ्य छैन”, यस्तै गृहस्थले पनि भनोस् कि “यो आफ्नो कर्म र परमेश्वरको नियमबाट बचेको हो तिमीले गर्नाले होइन ।” अब तेस्रा गुरु आदिले पनि पुण्य-दान गराएर आफै लिन्छन् तिनलाई पनि त्यहीखालको उत्तर दिनुपर्दछ, जुन ज्योतिषीलाई दिइएको थियो ।

अब रह्यो शीतला र मन्त्र-तन्त्र आदि । यिनीहरूले पनि यस्तैखालको ढोङ्ग मचाउँदछन् । कसैले भन्दछन् कि “जुन हामीले मन्त्र पढेर डोरो या यन्त्र-जन्तर बनायौं भने त हाम्रा देवता र प्रेतात्मा त्यस मन्त्र-यन्त्र-जन्तरको प्रतापले त्यसलाई कुनै वाधा-विघ्न हुन दिंदैनन् ।” तिनलाई पनि त्यही उत्तर दिनुपर्दछ कि के तिमी मृत्यु, परमेश्वरको नियम र कर्मफलदेखि पनि बचाउन सक्दछौ र ? तिमीले यस्तो गर्दामा पनि कति बच्चाहरू मरेर गएका छन् र तिम्रो घरमा पनि मर्दछन् र के तिमी पनि मरणदेखि बच्न सक्दछौ र ? त्यतिवेला तिनले केही बोल्न सक्ने छैनन् ती धूर्तले बुझ्ने छन् कि अब यहाँ हाम्रो केही वश चल्ने छैन ।

यसबाट यी सबै मिथ्या व्यवहारहरूलाई छोडेर धार्मिक, सब देशको उपकारकर्ता, निष्कपटताबाट सबैलाई विद्या पढाउने, उत्तम विद्वान् जनहरूको प्रत्युपकार गर्नु, जसरी उनीहरूले जगत्को उपकार गर्दछन्, यस कामलाई कहिल्यै पनि छोड्नु हुँदैन र जति लीला, रसायन, मारण, मोहन, उच्चाटन, वशीकरण आदि गर्दछन्, तिनीहरूलाई पनि महापामर सम्झनुपर्दछ । इत्यादि मिथ्या कुराहरूको उपदेश बाल्यवस्थामा नै

आफ्ना सन्तानको हृदयमा हालिदिनुपर्दछ । जसबाट स्वसन्तान कसैको भ्रमजालमा परेर दुःख पाउनेछैनन् र वीर्यको रक्षामा आनन्द र नाश गर्नमा दुःख प्राप्ति हुने कुरा पनि जनाइदिनुपर्दछ । जस्तो "हेर ! जसको शरीरमा सुरक्षित वीर्य रहन्छ तब उसको आरोग्य, बुद्धि, बल, पराक्रम बढेर थुप्रै सुखहरू प्राप्त हुन्छन् । यसको रक्षणको यही रीति हो कि विषयहरूको कथा, विषयी जनहरूको सङ्ग, विषयहरूको ध्यान, स्त्रीको दर्शन्, एकान्तसेवन, सम्भाषण र स्पर्श आदि कर्मबाट ब्रह्मचारी जन पृथक् रहेर उत्तम शिक्षा, पूर्ण विद्यालाई प्राप्त गर्दछन् । यसरी नै तिमीले उत्तम शिक्षा र पूर्ण विद्यालाई प्राप्त गर । जसको शरीरमा वीर्य हुँदैन त्यो नपुंसक, महाकुलक्षणी र जसलाई प्रमेह रोग हुन्छ तथा दुर्बल, निस्तेज, निबुर्द्धि, उत्साह, साहस, धैर्य, बल, पराक्रमादि गुणहरूदेहि रहित भएर नष्ट हुन जान्छ । यदि तिमी सुशिक्षा, विद्याको ग्रहण र वीर्यको रक्षा गर्नमा यस समयमा चुक्यौ भने त पुनः यस जन्ममा तिमीलाई यो अमूल्य समय प्राप्त हुन सक्दैन । जबसम्म हामी गृहकर्मलाई गर्नेवालाहरू बाँच्दछौं, तबसम्म तिमीले विद्या-ग्रहण र शरीरको बल बढाउनुपर्दछ ।"

यस प्रकारको अन्य शिक्षा पनि माता र पिताले गरून्, यसैले **'मातृमान् पितृमान्'** शब्दको ग्रहण उक्त वचनमा गरिएको छ । अर्थात् जन्मदेखि पाँचौ वर्षसम्म आमाले, छैटौं देखि आठौं वर्षसम्म पिताले शिक्षा गरून् र नवौं वर्षको आरम्भमा द्विज आफ्नो सन्तानको उपनयन गरेर आचार्यकुलमा अर्थात् जहाँ पूर्ण विद्वान् र पूर्ण विदूषी स्त्री शिक्षा र विद्यादान गराउँदछन्, त्यहाँ केटा र केटीहरूलाई पठाइदिनु । शूद्रादि वर्णले उपनयन नगरिकनै विद्याभ्यासको लागि गुरुकुलमा पठाइदिनु । तिनैका सन्तान विद्वान्, सभ्य र सुशिक्षित हुन्छन्, जसले पढाउनमा लाड्प्यार कहिल्यै गर्दैनन् किन्तु ताडना नै गरिराख्दछन् । यसमा व्याकरण **महाभाष्यको प्रमाण** छ कि–

**सामृतैः पाणिभिर्घ्नन्ति गुरवो विषोक्षितैः । लालनाश्रयिणो दोषास्ताडनाश्रयिणो गुणाः ॥**

–व्याकरण महाभाष्य (८/१/८) ॥

**अर्थ–** जो माता, पिता र आचार्य सन्तान र शिष्यहरूलाई ताडना गर्दछन्, यो बुझ कि तिनीहरूले आफ्ना सन्तान र शिष्यलाई आफ्नो हातले अमृत पिलाउँदैछन्, र जसले सन्तानहरू वा शिष्यहरूलाई लाड्प्यार गर्दछन् तिनीहरूले आफ्ना सन्तानहरू वा शिष्यहरूलाई विष पिलाएर नष्ट-भ्रष्ट गर्दछन् । किनभने लाडनले सन्तान र शिष्य दोषयुक्त तथा ताडनाले गुणयुक्त हुन्छन् र सन्तान र शिष्यहरूपनि ताडनाले प्रसन्न र लाडनाले अप्रसन्न सदा रहने गरून् । परन्तु माता, पिता तथा अध्यापकहरू ईर्ष्या, द्वेषले ताडन नगरून् किन्तु माथिबाट भय-प्रदान र भित्रबाट कृपादृष्टि राखून् ।

जस्तो अन्य शिक्षाको, त्यस्तै चोरी, जारी, आलस्य, प्रमाद, मादकद्रव्य, मिथ्याभाषण, हिंसा, क्रूरता, ईर्ष्या, द्वेष, मोह आदि दोषहरूलाई छोड्ने र सत्याचारलाई ग्रहण गर्ने शिक्षा गरून् । किनभने जुन पुरुषले जसको सामुन्ने एक पटक चोरी, जारी, मिथ्याभाषणादि कर्म गऱ्यो, उसको प्रतिष्ठा त्यसको सामुन्ने मृत्युपर्यन्त हुँदैन । जस्तो हानि प्रतिज्ञा मिथ्या गर्नेवालाको हुन्छ, त्यस्तै अन्य कसैको हुँदैन । यसैले जोसँग जस्तो प्रतिज्ञा गरिन्छ, त्यसलाई त्यसरी नै पूरा गर्नुपर्दछ, अर्थात् जस्तै कसैले कसैसँग भन्यो कि "म तिमीसँग अथवा तिमी मसँग अमुक समयमा मिल्नेछु वा मिल्नु अथवा अमुक वस्तु अमुक समयमा मैले तिमीलाई दिन्छु" यसलाई त्यसरी नै पूरा गरोस्, नत्रभने उसको **प्रतीति** कसैले पनि गर्नेछैनन् । यसैले सदा सत्यप्रतिज्ञायुक्त सबैले हुनुपर्दछ । कसैले अभिमान गर्नु राम्रो होइन, किनभने **'अभिमानः श्रियं हन्ति'** यो कुनै कविको वचन हो । जुन अभिमान अर्थात् अहङ्कार हो, त्यसले सबै शोभा र लक्ष्मीको नाश गरिदिन्छ, त्यसै अभिमान गर्नुहुँदैन ।

छल, कपट, वा कृतघ्नताले आफ्नै हृदय नै दुःखित हुन्छ भने दोस्राको के कथा भन्नु ? **छल** र **कपट** त्यसलाई भन्दछन् जो भित्र अर्कै र बाहिर अर्कै गर्दछ, अरूलाई मोहमा पारेर अर्काको हानिमा ध्यान नदिंदै स्वप्रयोजन सिद्ध गर्दछ । **कृतघ्नता** त्यसलाई भन्दछन् कि कसैले गरिदिएको उपकारलाई नमान्ने । क्रोधादि दोष र कटु वचनलाई छोडेर शान्त र मधुर वचन नै बोलोस् र धेरै कुरा नगरोस् । जति बोल्नुपर्दछ त्यसभन्दा न्यून वा अधिक नबोलोस् । ठूलालाई आदर गरोस्, आफू उठेर उनीहरूलाई उच्चासनमा राखोस् । प्रथम नमस्ते भनोस् । उनीहरूको सामुन्ने उत्तमासनमा नबसोस् । सभामा त्यस्तो स्थानमा बसोस् जहाँ आफ्नो योग्यता होस् र दोस्रो कसैले आफूलाई नउठाऊन् । कसैसँग विरोध नगरिकन प्रसन्न हुँदै गुणहरूको ग्रहण र दोषहरूको त्याग गर । सज्जनहरूको सङ्ग र दुष्टहरूको त्याग गर्दै आफ्ना माता, पिता र आचार्यको तन, मनले सेवा गरोस् ।

**यान्यस्माकꣳ सुचरितानि तानि त्वयोपास्यानि नो इतराणि ॥**

–यो तैत्तिरीयोपनिषद् (१/११) को वचन हो ॥

यसको यो अभिप्राय हो कि माता, पिता, आचार्य आफ्नो सन्तान र शिष्यहरूलाई सदा सत्य उपदेश गरून् र यो पनि भनून् कि जुन-जुन हाम्रो धर्मयुक्त कर्म छन्, तिन-तिनको ग्रहण गर र जो-जो दुष्ट कर्म छन्, तिन-तिनलाई त्यागिदिने गर । जे-जेलाई सत्य जान्दछौ त्यस-त्यसको प्रकाश र प्रचार गर । कुनै पाखण्डी, दुष्टाचारी मनुष्यमाथि विश्वास नगर र जुन-जुन उत्तम कर्मको लागि माता-पिता र आचार्यले आज्ञा दिन्छन् त्यस-त्यसको पालन गरोस् । जसरी माता-पिताले धर्म, विद्या, राम्रो आचरणको श्लोक, 'निघण्टु', 'निरुक्त', 'अष्टाध्यायी', अथवा अन्य सूत्र वा वेदमन्त्र कण्ठस्थ गराएका हुन्, ती-ती लाई पुनः अर्थ विद्यार्थीहरूलाई विदित गराइदिने गर्नु । जसरी प्रथम समुल्लासमा परमेश्वरको व्याख्यान गरिएको छ, त्यसरी नै मानेर उसको उपासना गरोस् । जुन प्रकारले आरोग्य, विद्या र बल प्राप्त होस् उसै प्रकारले भोजन, छादन र व्यवहार गर्नु-गराउनु अर्थात् जति क्षुधा होस् त्यसभन्दा केही न्यून भोजन गरोस् । मद्य-मांसादिको सेवनदेखि अलग रहोस् । अज्ञात गम्भीर जलमा प्रवेश नगरोस्, किनभने जल-जन्तु वा अन्य कुनै पदार्थबाट दुःख र जसले पौडिन जान्दैन भने डुब्न पनि सक्दछ ।

**नवाविज्ञाते जलाशये ।** –यो मनुस्मृति (अध्याय ४/श्लोक १२९) को वचन हो ॥

अविज्ञात जलाशयमा प्रविष्ट भएर स्नानादि नगरोस् ।

**दृष्टिपूतं न्यसेत्पादं, वस्त्रपूतं जलं पिबेत् । सत्यपूतां वदेद्वाचं, मनःपूतं समाचरेत् ॥**

–यो मनुस्मृति (अध्याय ६/श्लोक ४६) को वचन हो ॥

**अर्थ–** दृष्टिलाई तल राख्दै तल-माथिको स्थानलाई हेर्दै हिंडोस्, वस्त्रले छाँनेर जल पियोस्, सत्यले पवित्र गरेर वचन बोलोस्, मनले विचार गरेर आचरण गरोस् ।

**माता शत्रुः पिता वैरी, येन बालो न पाठितः । न शोभते सभामध्ये, हंसमध्ये बको यथा ॥**

–यो कुनै कविको वचन हो (चाणक्यनीति २/११ ) ॥

ती माता र पिता आफ्ना सन्तानहरूका पूर्ण शत्रु हुन् कि जसले तिनलाई विद्या प्राप्ति नगराई, ती विद्वान्हरूको सभामा त्यसरी नै तिरस्कृत र कुशोभित हुन्छन् जसरी हंसको बथानमा बकुल्लो । यही माता-पिताको कर्तव्यकर्म, परमधर्म र कीर्तिको काम हो कि जो आफ्नो सन्तानलाई तन, मन, धनले विद्या, धर्म, सभ्यता र उत्तम शिक्षायुक्त बनाउनु । यो बालशिक्षामा थोरै मात्र लेखें, यतिबाट नै बुद्धिमान् जनहरूले धेरै बुझ्नेछन् ।

## इति श्रीमद्दयानन्दसरस्वतीस्वामिकृते सत्यार्थप्रकाशे सुभाषाविभूषिते बालशिक्षाविषये द्वितीयः समुल्लासः सम्पूर्णः ॥२॥

# (३) तेस्रो समुल्लास

## अध्ययन-अध्यापनको विषय (३.१)

अब तेस्रो समुल्लासमा पढ्न-पढाउनको लागि प्रकार लेखिन्छ । सन्तानहरूलाई उत्तम विद्या, शिक्षा, गुण, कर्म र स्वभावरूप आभूषणहरूलाई धारण गराउनु माता, पिता, आचार्य र सम्बन्धीहरूको मुख्य कर्म हो । सुन, चाँदी, हीरा, माणिक, मोती, मुंगा आदि रत्नहरूले युक्त आभूषणहरू धारण गर्नाले मनुष्यको आत्मा सुभूषित कहिल्यै हुन सक्दैन । किनभने आभूषण धारण गर्नाले केवल देहाभिमान, विषयासक्ति र चोर आदिको भय तथा मृत्युको पनि सम्भव हुन्छ । संसारमा देखिन आउँछ कि आभूषणको योगले बालकादिहरूको मृत्यु दुष्टहरूको हातबाट हुने गर्दछ ।

**विद्याविलासमनसो धृतशीलशिक्षाः; सत्यव्रता रहितमानमलापहारः ।**
**संसारदुःखदलनेन सुभूषिता ये, धन्या नरा विहितकर्मपरोपकाराः ॥**

जुन पुरुषहरूको मन विद्याको विलासमा तत्पर रहन्छ; सुन्दर शीलस्वभावयुक्त; सत्यभाषणादि नियमपालनयुक्त; र जो अभिमान, अपवित्रतादेखि रहित, अन्यको मलिनताको नाशक; सत्योपदेश, विद्यादानले संसारी-जनहरूको दुःख दूर गर्नाले सुभूषित, वेदविहित कर्मबाट पराईको उपकार गर्नमा तत्पर रहन्छन्, ती नर र नारी धन्य छन् । बिना यसले कसैको पनि शोभा हुँदैन ।

यसैले आठ वर्षका भएपछि केटालाई केटाको र केटीलाई केटीको पाठशालामा पठाइदिने गर्नु । जो अध्यापक, पुरुष वा स्त्री दुष्टाचारी छन् भने, तिनबाट शिक्षा नदिलाउनु । किन्तु जो पूर्णविद्यायुक्त धार्मिक छन् तिनैलाई पढाउने र शिक्षा दिनमा योग्य हुन्छन् । द्विज आफ्नो घरमा केटाहरूको यज्ञोपवीत र कन्याहरूको पनि यथायोग्य संस्कार गरेर यथोक्त आचार्यकुल अर्थात् आफ्नो-आफ्नो पाठशालामा पठाइदिनु । विद्या पढ्ने स्थान एकान्त देशमा हुनु पर्दछ र ती केटा र केटीहरूको पाठशाला दुई कोस एक-अर्काबाट टाढा हुनुपर्दछ । जो त्यहाँ अध्यापिका र अध्यापक पुरुष वा नोकर-चाकर हुन्छन् तिनीहरू कन्याहरूको पाठशालामा स्त्री र केटाहरूको पाठशालामा पुरुष रहनुपर्दछ । स्त्रीहरूको पाठशालामा पाँच वर्षको केटा र केटाहरूको पाठशालामा पाँच वर्षकी केटी पनि जान दिनुहुँदैन अर्थात् जबसम्म ब्रह्मचारी वा ब्रह्मचारिणी रहून्, तबसम्म स्त्री वा पुरुषको दर्शन, स्पर्शन, एकान्तसेवन, भाषण, विषयकथा, परस्परक्रीडा, विषयको ध्यान र सङ्ग यी आठै प्रकारको मैथुनहरूदेखि अलगै रहून् र अध्यापकहरूले तिनलाई यी कुराहरूबाट बचाउने गर्नु, जसबाट उत्तम विद्या, शिक्षा, शील-स्वभाव, शरीर र आत्मादेखि बलयुक्त हुनुको आनन्दलाई नित्य बढाउन सकून् । पाठशालादेखि एक योजन अर्थात् चार कोस दूर ग्राम वा नगर रहोस् । सबको तुल्य वस्त्र, खान, पान, आसन दिइयोस्, चाहे तिनीहरू राजकुमार र राजकुमारी नै किन नहून्, चाहे दुःखी-दरिद्रका सन्तान हुन्, सबै तपस्वी हुनुपर्दछ । तिनका माता-पिता आफ्ना सन्तानसँग वा सन्तान आफ्ना माता-पितासँग मिल्न नसकून् र कुनै प्रकारको पत्र व्यवहार नै एक-अर्काले चलाउन सकून्, जसबाट संसारी चिन्ताले रहित भएर केवल विद्या पढाउनमा नै तल्लिन रहून् । जब भ्रमण गर्न जान्छन् त साथमा अध्यापक रहून्, जसले गर्दा कुनै प्रकारको कुचेष्टा गर्न नसकून् र न त आलस्य प्रमाद नै गर्न सकून् ।

**कन्यानां सम्प्रदानं च कुमाराणां च रक्षणम् ॥** –मनुस्मृति (अध्याय ७/श्लोक १५२) ॥

यसको अभिप्राय यो हो कि यसमा राजनियम र जातिनियम हुनुपर्दछ कि पाँचौं अथवा आठौं वर्षदेखि अगाडि आफ्ना केटा-केटीलाई घरमा नराखिकन पाठशालामा अवश्य पठाइदिने गर्नु, जसले पठाउँदैनन् ती दण्डनीय हुन् । प्रथम केटाको यज्ञोपवीत घरमा होस् र दोस्रो पाठशालामा आचार्यकुलमा होस् । पिता, माता वा अध्यापकले आफ्ना केटा-केटीलाई अर्थसहित गायत्री मन्त्रको उपदेश गरिदिने । मन्त्र यस प्रकार छ–

## गुरुमन्त्रको व्याख्या (३.२)

**ओ३म् भूर्भुवः स्वः । तत्सवितुर्वरेण्यं भर्गो देवस्य धीमहि । धियो यो नः प्रचोदयात् ॥**

–यजुर्वेद (अध्याय ३६/मन्त्र ३) ॥

यस मन्त्रमा जुन प्रथम ओङ्कार छ, यसको अर्थ प्रथमसमुल्लासमा गरिसकिएको छ, त्यहीं हेरेर बुझ्नुहोस् । अब तीन महाव्याहृतिहरूको अर्थ संक्षेपमा लेख्दछु– **'भूरिति वै प्राणः' 'यः प्राणयति चराऽचरं जगत् स भूः स्वयम्भूरीश्वरः'** जुन सब जगत्को जीवनको आधार, प्राण भन्दा पनि प्रिय र स्वयम्भू हो उस प्राणको वाचक हुनाले **'भूः'** परमेश्वरको नाम हो । **'भुवरित्यपानः' 'यः सर्वं दुःखमपानयति सोऽपानः'** जो सबै दुःखदेखि रहित, जसको सङ्गले जीवको सबै दुःखहरू छुटेर जान्छन्, यसैले परमेश्वरको नाम **'भुवः'** हो । **'स्वरिति व्यानः' 'यो विविधं जगद् व्यानयति व्याप्नोति स व्यानः'** जो नानाविध जगत्मा व्यापक भएर

सबैलाई धारण गरिरहेको छ, यसैले परमेश्वरको नाम **'स्वः'** हो । यी तीनै वचन तैत्तिरीय आरण्यक (प्रपाठक ७/अनुवाक ५) का हुन् ।

**(सवितुः)** **'यः सुनोत्युत्पादयति सर्वं जगत् स सविता तस्य'** जो सब जगत्‌का उत्पादक र सब ऐश्वर्यका दाता हुन् **(देवस्य)** **'यो दीव्यति दीव्यते वा स देवः'** जसले सबै सुख दिन्छन् र जसको प्राप्तिको कामना सबैले गर्दछन् उनै परमात्माको जुन **(वरेण्यम्)** **'वर्त्तुमर्हम्'** स्वीकार गर्न योग्य अतिश्रेष्ठ **(भर्गः)** **'शुद्धस्वरूपम्'** शुद्धस्वरूप र पवित्र गराउने चेतन ब्रह्मस्वरूप हो **(तत्)** उनै परमात्माको स्वरूपको हामीहरू **(धीमहि)** **'धरेमहि'** धारण गरौं । कुन प्रयोजनको लागि भने **(यः)** जो सविता देव परमात्मा **(नः)** हाम्रो **(धियः)** बुद्धिहरूलाई **(प्रचोदयात्)** प्रेरणा गरून् अर्थात् नराम्रो कामबाट छुटाएर राम्रा कामहरूमा प्रवृत्त गरून् ।

**'हे परमेश्वर ! हे सच्चिदानन्दानन्तस्वरूप ! हे नित्यशुद्धबुद्धमुक्तस्वभाव ! हे कृपानिधे न्यायकारिन् ! हे अज निरञ्जन निर्विकार ! हे सर्वान्तर्यामिन् ! हे सर्वाधार सर्व-जगत्पतिः सकलजगदुत्पादक ! हे अनादे विश्वम्भर सर्वव्यापिन् ! हे करुणामृतवारिधे ! सवितुर्देवस्य तव यदों भूर्भुवः स्वर्वरेण्यं भर्गोऽस्ति तद्वयं धीमहि दधीमहि धरमेहि ध्यायेम वा । कस्मै प्रयोजनायेत्यत्राह- हे भगवन् ! यः सविता देवः परमेश्वरो भवानस्माकं धियः प्रचोदयात्, स एवास्माकं पूज्य उपासनीय इष्टदेवो भवतु । नातोऽन्यद्वस्तु भवत्तुल्यं भवतोऽधिकं च कञ्चित् कदाचिन्मन्यामहे ।'**

हे मनुष्यहरू हो ! सबै समर्थहरूमा समर्थ; सच्चिदानन्दानन्तस्वरूप; नित्य शुद्ध-नित्यबुद्ध-नित्यमुक्तस्वभाववाला; कृपासागर, ठीक-ठीक न्याय गराउनेवाला; जन्ममरणादि क्लेशरहित, आकार विकार रहित, सबैको घट-घटलाई जान्नेवाला, सबका धर्ता, पिता, उत्पादक; अनादि, विश्वको पोषण गर्नेवाला, सर्वव्यापक; सकल ऐश्वर्ययुक्त,जगत्‌का निर्माता, शुद्धस्वरूप र जुन प्राप्तिको कामना गर्न योग्य हुन्, उनै परमात्माको जुन शुद्ध चेतनस्वरूप हो, त्यसैलाई हामीले धारण गरौं । यस प्रयोजनको लागि उनै परमेश्वर हाम्रो आत्मा र बुद्धिलाई अन्तर्यामीस्वरूप हामीलाई दुष्टाचार अधर्मयुक्त मार्गदेखि हटाएर श्रेष्ठाचार सत्यमार्गमा हिंडाऊन्, उनलाई छोडेर दोस्रो कुनै वस्तुको ध्यान हामीहरूले नगरौं । किनभने न कोही उनको तुल्य र अधिक छन् । उनै हाम्रा पिता, राजा, न्यायाधीश र सबै सुख प्रदान गर्नेवाला हुन् ।

यस प्रकार गायत्री मन्त्रको उपदेश गरेर सन्ध्योपासनाको जुन स्नान, आचमन, प्राणायाम आदि क्रिया छन्, सिकाउनु । प्रथम स्नान यसमानेमा हो कि जसबाट शरीरको बाह्य अवयवहरूको शुद्धि, आरोग्य आदि हुन्छ । यसमा प्रमाण–

**अद्भिर्गात्राणि शुध्यन्ति, मनः सत्येन शुध्यति । विद्यातपोभ्यां भूतात्मा, बुद्धिर्ज्ञानेन शुध्यति ॥**

–यो मनुस्मृतिको (५/१०९) वचन हो ॥

जलले शरीरको बाहिरी अवयव; सत्याचारले मन; विद्या र तप अर्थात् सबै प्रकारको कष्ट पनि सहेर, धर्मको नै अनुष्ठान गर्नाले जीवात्मा; ज्ञान अर्थात् पृथ्वीदेखि लिएर परमेश्वर पर्यन्त पदार्थहरूको विवेकले बुद्धि अर्थात् दृढनिश्चय पवित्र हुन्छ । यसैले स्नान भोजनको पूर्व अवश्य गर्नु पर्दछ ।

## प्राणायामको बारेमा शिक्षा (३.३)

दोस्रो प्रणायाम, यसमा प्रमाण–

**प्राणायामादशुद्धिक्षये ज्ञानदीप्तिराविवेकख्यातेः ॥** –यो योगशास्त्र सूत्र (२/२८) को वचन हो ॥

जब मनुष्यले प्राणायाम गर्दछ तब प्रतिक्षण उत्तरोत्तर कालमा अशुद्धिको नाश र ज्ञानको प्रकाश हुँदै जान्छ । जबसम्म मुक्ति हुँदैन तबसम्म उसको आत्माको ज्ञान बराबर बढ्दै जान्छ ।

**दह्यन्ते ध्मायमानानां धातूनां च यथा मलाः । तथेन्द्रियाणां दह्यन्ते दोषाः प्राणस्य निग्रहात् ॥**

–यो मनुस्मृतिको (६/७१) श्लोक हो ॥

जसरी अग्निमा तपाउनाले सुवर्णादि धातुहरूको मल नष्ट भएर शुद्ध हुन्छन्, त्यसरी नै प्राणायाम गरेर मन आदि इन्द्रियहरूको दोष क्षीण भएर निर्मल हुन जान्छ ।

प्राणायामको विधि–

**प्रच्छर्दनविधारणाभ्यां वा प्राणस्य ।** –यो योगशास्त्र सूत्र (१/३४) को वचन हो ॥

जसरी अत्यन्त वेगले वमन भएर अन्न बाहिर निस्कन्छ, त्यसैगरी प्राणलाई बाहिर फ्याँकेर बाहिर नै यथाशक्तिले रोकिदिनु । जब बाहिर निकाल्न चाहेमा, तब मूलेन्द्रियलाई माथि खिचेर, वायुलाई बाहिर फ्याँकिदिनु । जबसम्म मूलेन्द्रियलाई माथि खिचिराखिन्छ, तबसम्म प्राण बाहिर रहन्छ । एवं प्रकारले प्राण बाहिर अधिक रोकिन सक्दछ । जब घबराहट हुन्छ तब सुस्तरी-सुस्तरी भित्र वायुलाई लिंदै फेरि पनि त्यसै गर्दै जाने, जति सामर्थ्य र इच्छा हुन्छ, र मनमा **'ओ३म्'** यसको जप गर्दै जाने । यस प्रकारले आत्मा र मनको, पवित्रता र स्थिरता हुन्छ ।

एक **'बाह्यविषय'** अर्थात् बाहिर नै प्राणलाई अधिक रोक्नु । दोस्रो **'आभ्यान्तर'** अर्थात् जति प्राणलाई भित्र रोक्न सकिन्छ त्यति नै रोक्ने । तेस्रो **'स्तम्भवृत्ति'** अर्थात् एकदम जहाँ-को-तहीं प्राणलाई यथाशक्ति रोकिदिनु । **'बाह्याभ्यन्तराक्षेपी'** अर्थात् जब प्राण भित्रबाट बाहिर निस्किन लाग्दछ तब त्यसको विरुद्ध त्यसलाई निक्लिन नदिइकन बाहिरबाट भित्र लिने र जब बाहिरबाट भित्र आउन लाग्दछ तब बाहिरतिर प्राणलाई धक्का दिएर रोक्दै जाने । यसरी एक-दोस्राको विरुद्ध क्रिया गर्दै गयौं भने त दुइटैको गति रोकिएर प्राण आफ्नो वशमा हुनाले मन र इन्द्रियहरू पनि स्वाधीन हुन्छन् । बल पुरुषार्थ बढेर बुद्धि तीव्र सूक्ष्मरूप हुन जान्छ कि जुन धेरै कठिन र सूक्ष्म विषयलाई पनि ग्रहण गर्दछ । यसबाट मनुष्य शरीरमा वीर्य वृद्धिको प्राप्त भएर स्थिर बल, पराक्रम, जितेन्द्रियता, सबै शास्त्रहरूलाई थोरै कालमा नै सम्झेर-बुझेर उपस्थित गर्दछ । स्त्रीले पनि यसै प्रकारले योगाभ्यास गर्ने गरून् । भोजन-छादन, बस्ने-उठ्ने, बोल्ने-चाल्ने, ठूला-सानासित यथायोग्य व्यवहार गर्नेजस्ता कुराको उपदेश गर्ने ।

## सन्ध्या-अग्निहोत्रको विषयमा उपदेश (३.४)

**सन्ध्योपासन,** जसलाई ब्रह्मयज्ञ पनि भन्दछन् । **'आचमन'** त्यति नै जललाई हत्केलामा लिएर, पञ्जाको मूल र मध्यदेशमा ओष्ठ लगाएर गर्ने कि त्यो जल कण्ठको तल हृदयसम्म पुगोस्, न त्यसको अधिक, न न्यून । त्यसबाट कण्ठस्थ कफ र पित्तको निवृत्ति अलिकति हुन्छ । पश्चात् **'मार्जन'** अर्थात् मध्यमा र अनामिका औंलाको अग्रभागले नेत्रादि अङ्गहरूमा जल छर्किने, त्यसबाट आलस्य दूर हुन्छ । जो आलस्य र जल प्राप्त नभएमा नगर्दा हुन्छ । पुनः समन्त्रक प्राणायाम, मनसापरिक्रमण, उपस्थान । पछि परमेश्वरको स्तुति, प्रार्थना र उपासनाको रीति सिकाउने । पश्चात् **'अघमर्षण'** अर्थात् पाप गर्ने इच्छा पनि कहिल्यै नगरोस् । यो सन्ध्योपासन एकान्त देशमा एकाग्रचित्तले गरोस् ।

**अपां समीपे नियतो नैत्यकं विधिमास्थितः । सावित्रीमप्यधीयीत गत्वारण्यं समाहितः ॥**


–यो मनुस्मृति (अध्याय २/श्लोक १०४) को वचन हो ॥

वनमा अर्थात् एकान्त देशमा गएर, सावधान हुँदै, जलको समीप स्थित भएर, नित्य कर्मलाई गर्दै सावित्री अर्थात् गायत्री मन्त्रको उच्चारण, अर्थज्ञान र त्यसको अनुसार आफ्नो-चाल-चलनलाई गरोस् । परन्तु यो जप मनले गर्नु उत्तम हो ।

## यज्ञपात्र बनाउने विधि एवं होमनको फल (३.५)

दोस्रो **देवयज्ञ**– जो अग्निहोत्र, विद्वान्हरूको सङ्ग सेवादिबाट हुन्छ । सन्ध्या र अग्निहोत्र सायं-प्रातः दुइटै कालमा मात्र गरोस् । दुइटै मात्र रात-दिनका सन्धिवेला हुन्छन्, अन्य होइन । थोरैमा पनि एक घण्टा ध्यान अवश्य गरोस् । जसरी समाधिस्थ भएर योगीहरूले परमात्माको ध्यान गर्दछन्, त्यसरी नै सन्ध्योपासन पनि गर्ने गरोस् । दोस्रो अग्निहोत्र कर्म-दुवै सन्धिवेला अर्थात् सूर्योदयको पश्चात् र सूर्यास्तको पूर्व अग्निहोत्र गर्नको लागि समय हो । एउटा कुनै धातु वा माटोको, माथि १२ वा १६ अंगुल चौकोण, त्यति नै गहिरो र तल ३ वा ४ अंगुल परिमाणले वेदी यस प्रकारसँग बनाओस् कि अर्थात् माथि जति चौडा हुन्छ त्यसको चतुर्थांश तल चौडा होस् । त्यसमा चन्दन, पलाश वा आम्रादिको श्रेष्ठ काष्ठहरूको टुक्रा त्यसै वेदीको परिमाणले सानो-ठूलो गरेर राखोस्, त्यसको



मध्यमा अग्नि राखेर पुनः त्यसमाथि समिधा अर्थात् पूर्वोक्त इन्धन राखिदेओस् । एक प्रोक्षणीपात्र  यस्तो र तेस्रो प्रणीतापात्र  यस प्रकारको, र एक यस  प्रकारको आज्यस्थाली अर्थात् घृत राख्नको लागि पात्र, र एक चमसा  यस्तो सुन, चाँदी वा काष्ठको बनाएर प्रणीता र प्रोक्षणीमा जल तथा घृतपात्रमा घृत राखेर, घृतलाई तपाओस् । प्रणीता जल राख्ने र प्रोक्षणी यसको लागि हो कि त्यसबाट हात धुने जल लिनको लागि सुगम हुन्छ । पश्चात् त्यस घृतलाई राम्रोसँग हेरोस्, हेरेपछि–

**ओं भूरग्नये प्राणाय स्वाहा । भुवर्वायवेऽपानाय स्वाहा । स्वरादित्याय व्यानाय स्वाहा ।**

**भूर्भुवः स्वरग्निवाय्वादित्येभ्यः प्राणापानव्यानेभ्यः स्वाहा ।** –तैत्तिरीयोपनिषत् (१/५) को आशयमा ॥

अग्निहोत्रका यी प्रत्येक मन्त्रले एक-एक आहुति देओस् र जो अधिक आहुति दिनु छ भने त–

**विश्वा॑नि देव सवितर्दुरि॒तानि॒ परा॑ सुव । यद्भ॒द्रं तन्न॒ऽआ सु॑व ॥** –यजुर्वेद (अध्याय ३०/मन्त्र ३) ॥

यस मन्त्र र पूर्वोक्त गायत्री मन्त्रले आहुति देओस् । **'ओं'** **'भूः'** र **'प्राण'** आदि यी सबै नाम परमेश्वरका हुन् । यिनको अर्थ अगाडि बताइसकिएको छ । **'स्वाहा'** शब्दको अर्थ यो हो कि जस्तो ज्ञान

आत्मामा हुन्छ त्यस्तै नै जिब्रोले बोलोस्, विपरीत होइन । जसरी परमेश्वरले सबै प्राणीहरूको सुखार्थ यस सबै जगत्को पदार्थ रचेको छ, त्यसरी नै मनुष्यले पनि परोपकार गर्नुपर्दछ ।

**प्रश्न–** होमले के उपकार हुन्छ र ?

**उत्तर–** सबैले जान्दछन् कि दुर्गन्धयुक्त वायु र जलबाट रोग, रोगले प्राणीहरूलाई दुःख, र सुगन्धित वायु तथा जलले आरोग्य, र रोगहरू नष्ट हुनाले सुख प्राप्ति हुन्छ ।

**प्रश्न–** चन्दनादि घसेर कसैलाई लगाइदियोस्, वा घृतादि खानलाई दियो भने त ठूलो उपकार हुन्छ नि । अग्निमा हालेर व्यर्थै नष्ट गर्नु बुद्धिमान्हरूको काम होइन ।

**उत्तर–** यदि तिमीले पदार्थविद्या जान्दथ्यौ भने त कहिल्यै पनि यस्तो कुरा भन्ने थिएनौ । किन भने कुनै द्रव्यको अभाव हुँदैन । हेर ! जहाँ होम गरिन्छ, त्यहाँदेखि दूर देशमा स्थित पुरुषको नासिकाले सुगन्धको ग्रहण गर्दछ, त्यसरी नै दुर्गन्धको पनि । यत्ति कुराले बुझ कि अग्निमा हालिएको पदार्थ सूक्ष्म भएर फैलँदै वायुको साथमा दूर देशमा गएर दुर्गन्ध निवृत्ति गर्दछ ।

**प्रश्न–** जब यस्तो नै हो भने त केशर, कस्तुरी, सुगन्धित पुष्प र अत्तर आदि घरमा राख्नाले सुगन्धित वायु भएर सुखकारक हुन्छ ।

**उत्तर–** त्यस सुगन्धको यो सामर्थ्य हुँदैन कि गृहस्थको वायुलाई बाहिर निकालेर शुद्ध वायुलाई प्रवेश गराउन सकोस्, किनभने उसमा भेदक-शक्ति हुँदैन र अग्निको मात्रै सामर्थ्य हुन्छ कि त्यस वायु र दुर्गन्धयुक्त पदार्थहरूलाई छिन्न-भिन्न र हल्का गरेर बाहिर निकाली पवित्र वायुलाई प्रवेश गराइदिन्छ ।

**प्रश्न–** त्यसो भए मन्त्र पढेर होम गर्नाको के प्रयोजन भयो त ?

**उत्तर–** मन्त्रमा त्यो व्याख्यान छ कि जसबाट होम गर्नाको लाभ विदित हुन जान्छ र मन्त्रहरूको आवृत्ति हुनाले कण्ठस्थ रहन्छ । वेदपुस्तकहरूको पठन-पाठन र रक्षा पनि हुन्छ ।

**प्रश्न–** के होम नगर्नाले पाप हुन्छ र ?

**उत्तर–** किनभने जुन मनुष्यको शरीरबाट जति दुर्गन्ध उत्पन्न भएर वायु र जललाई बिगारेर रोगोत्पत्तिको निमित्त हुन जानाको कारणले प्राणीहरूलाई दुःख प्राप्त गराउँदछ, त्यति नै पाप त्यस मनुष्यलाई हुन्छ । यसैले त्यस पापको निवारणार्थ त्यति नै सुगन्ध वा त्यस भन्दा अधिक; वायु र जलमा फैलाउनु पर्दछ र ख्वाउनु-पिलाउनाले त्यही एक व्यक्तिलाई सुखविशेष हुन्छ । जति घृत र सुगन्धादि पदार्थ एक मनुष्यले खान्छ, त्यति द्रव्यको होमले लाखौं मनुष्यको उपकार हुन्छ । परन्तु जुन मनुष्यले घृतादि उत्तम पदार्थ खाएन भने त उसको शरीर र आत्माको बलको उन्नति हुन सक्दैन, त्यसैले राम्रो पदार्थ ख्वाउनु-पिलाउनु पनि पर्दछ, परन्तु त्यसभन्दा होम अधिक गर्नु उचित छ, यसैले होम गर्नु अत्यावश्यक छ ।

**प्रश्न–** प्रत्येक मनुष्यले कति आहुति गर्नुपर्दछ र एक-एक आहुतिको कति परिमाण हो ?

**उत्तर–** प्रत्येक मनुष्यले सोह्र-सोह्र आहुति र छः-छः माशा घृतादि एक-एक आहुतिको परिमाण न्यून-भन्दा-न्यून चाहिन्छ र यस भन्दा अधिक गरेमा झनै राम्रो हो । यसैले आर्यवरशिरोमणि महाशय, ऋषि, महर्षि, राजा, महाराजाहरूले थुप्रै होम गर्दथे र गराउँथे । जबसम्म होमको प्रचार रह्यो, तबसम्म आर्यावर्त्त देश रोगदेखि रहित र सुखले पूरित थियो, यदि अहिले पनि प्रचार गरियो भने त त्यस्तै हुन जानेछ । यी दुई यज्ञ अर्थात् एक **'ब्रह्मयज्ञ'** जुन पढ्नु-पढाउनु, सन्ध्योपासन, ईश्वरको स्तुति, प्रार्थना, उपासना गर्नु । दोस्रो **'देवयज्ञ'** जुन अग्निहोत्रदेखि लिएर अश्वमेधपर्यन्त यज्ञ र विद्वान्हरूको सेवा सङ्ग गर्नु । परन्तु ब्रह्मचर्यमा केवल ब्रह्मयज्ञ र अग्निहोत्र मात्र गर्नुपर्ने हुन्छ ।

## उपनयनको बारेमा समीक्षा (३.६)

**ब्राह्मणस्त्रयाणां वर्णानामुपनयनं कर्त्तुमर्हति । राजन्यो द्वयस्य । वैश्यो वैश्यस्यैवेति । शूद्रमपि कुलगुणसम्पन्नं मन्त्रवर्जमनुपनीतमध्यापयेदित्येके ।**

–(सु.१/२/५) यो सुश्रुतको सूत्रस्थान दोस्रो अध्यायको वचन हो ॥

ब्राह्मण तीनै वर्ण ब्राह्मण, क्षत्रिय, वैश्य; क्षत्रिय क्षत्रिय र वैश्य; तथा वैश्य एक वैश्य वर्णलाई यज्ञोपवीत गराएर पढाउन सक्दछ । कुलीन शुभलक्षणयुक्त शूद्र हो भने त उसलाई मन्त्रसंहिता छोडेर सबै शास्त्र पढाइदिनु, शूद्रले पढोस्, परन्तु त्यसको उपनयन नगरून्, यो मत अनेक आचार्यहरूको हो । यस विधि पश्चात् पाँचौं या आठौं वर्षदेखि केटा-केटाको पाठशालामा र केटी-केटीको पाठशालामा जाऊन् र निम्नलिखित नियमपूर्वक अध्ययनको आरम्भ गरून् ।

## ब्रह्मचर्यको विधिको बारेमा वर्णन (३.७)

**षट्त्रिंशदाब्दिकं चर्य्यं गुरौ त्रैवैदिकं व्रतम् । तदर्धिकं पादिकं वा ग्रहणान्तिकमेव वा ॥**

–मनुस्मृति (अध्याय ३/श्लोक १) ॥

**अर्थ–** आठौं वर्षदेखि अगाडि छत्तीसौं वर्ष पर्यन्त, अर्थात् एक-एक वेदको साङ्गोपाङ्ग पढ्नमा बाह्र-बाह्र वर्ष मिलाएर छत्तीस र आठ मिलाएर चवालीस, अथवा अट्ठाह्र वर्षको ब्रह्मचर्य र आठ पूर्वको मिलाएर छब्बीस, वा नौ वर्ष तथा जबसम्म विद्या पूर्ण ग्रहण नगरोस् तबसम्म ब्रह्मचर्य राखोस् ।

**पुरुषो वाव यज्ञस्तस्य यानि चतुर्विंꣳशतिवर्षाणि तत्प्रातःसवनं चतुर्विंशत्यक्षरा गायत्री गायत्रं प्रातःसवनं, तदस्य वसवोऽन्वायत्ताः प्राणा वाव वसव एते हीदꣳ सर्वं वासयन्ति ॥१॥**

**तञ्चेदेतस्मिन्वयसि किञ्चिदुपतपेत्स ब्रूयात्प्राणा वसव इदं मे प्रातःसवनं माध्यन्दिनꣳसवनमनुसन्तनुतेति माहं प्राणानां वसूनां मध्ये यज्ञो विलोप्सीयेत्युद्धैव तत एत्यगदो ह भवति ॥२॥**

**अथ यानि चतुश्चत्वारिꣳशद्वर्षाणि तन्माध्यन्दिनꣳसवनं चतुश्चत्वारिꣳशदक्षरा त्रिष्टुप्त्रैष्टुभं माध्यन्दिनꣳसवनं तदस्य रुद्रा अन्वायत्ताः प्राणा वाव रुद्रा एते हीदꣳसर्वꣳ रोदयन्ति ॥३॥**

**तं चेदेतस्मिन्वयसि किञ्चिदुपतपेत्स ब्रूयात्प्राणा रुद्रा इदं मे माध्यन्दिनꣳसवनं तृतीयसवनमनुसन्तनुतेति माहं प्राणानाꣳरुद्राणां मध्ये यज्ञो विलोप्सीयेत्युद्धैव तत एत्यगदो ह भवति ॥४॥**

**अथ यान्यष्टाचत्वारिꣳशद्वर्षाणि तत्तृतीयसवनमष्टाचत्वारिꣳशदक्षरा जगती जागतं तृतीयसवनं तदस्यादित्याअन्वायत्ताः प्राणा वावादित्या एते हीदꣳसर्वमाददते ॥५॥**

**तं चेदेतस्मिन्वयसि किञ्चिदुपतपेत्स ब्रूयात्प्राणा आदित्या इदं मे तृतीयसवनमायुरनुसन्तनुतेति माहं प्राणानामादित्यानां मध्ये यज्ञो विलोप्सीयेत्युद्धैव तत एत्यगदो हैव भवति ॥६॥**

–यी सबै छान्दोग्योपनिषद् (३/१६/१-६) का वचन हुन् ॥

ब्रह्मचर्य तीन प्रकारबाट हुन्छ । **कनिष्ठ, मध्यम** र **उत्तम** । ती मध्येमा **कनिष्ठ–** जुन यो पुरुष अन्नरसमय देह र पुरि अर्थात् देहमा शयन गर्नेवाला जीवात्मा; यज्ञ अर्थात् अतीव शुभगुणले सङ्गत र सत्कर्तव्य हो । यसलाई अवश्य नै २४ वर्ष पर्यन्त जितेन्द्रिय ब्रह्मचारी रहेर वेदादि विद्या र सुशिक्षालाई ग्रहण गरोस् र विवाह गरेर पनि लम्पटता गरेन भने त उसको शरीरमा प्राण बलवान् भएर सबै शुभगुणहरूलाई वास गराउनेवाला हुन्छ ॥१॥

यस प्रथम वयमा जसले उसलाई विद्याभ्यासमा संतप्त गरोस् र त्यो आचार्यले पनि त्यस्तै उपदेश गरोस् र ब्रह्मचारीले यस्तो निश्चय गरोस् कि जो म प्रथम अवस्थामा ठीक-ठीक ब्रह्मचर्यसँग रहें भने मेरो शरीर र आत्मा आरोग्य, बलवान् भएर शुभगुणलाई बसाउने मेरो प्राण हुनेछ । हे मनुष्यहरू हो ! तिमीहरूले यस प्रकारसँग सुखलाई विस्तार गर, जहाँ मैले ब्रह्मचर्यको लोप नगरूँ । २४ वर्षपछि गृहाश्रम गरें भने त प्रसिद्ध नै छ कि रोगरहित रहनेछु र आयु पनि मेरो ७० वा ८० वर्षसम्म रहनेछ ॥२॥

**मध्यम ब्रह्मचर्य यो हो–** जो मनुष्य ४४ वर्ष पर्यन्त ब्रह्मचारी रहेर वेदाभ्यास गर्दछ, उसको प्राण, इन्द्रियहरू, अन्तःकरण र आत्मा बलयुक्त भएर सबै दुष्टहरूलाई रुवाउने र श्रेष्ठहरूको पालन गर्नेवाला हुन्छ ॥३॥

जो म यसै प्रथम वयमा जस्तो तपाईंले भन्नुहुन्छ केही तपस्या गरूँ, त मेरो यो रुद्ररूप प्राणयुक्त यो मध्यम ब्रह्मचर्य सिद्ध हुनेछ । हे ब्रह्मचारीहरू हो ! तिमीहरूले यस ब्रह्मचर्यलाई बढाओ । जसरी मैले यस ब्रह्मचर्यको लोप नगरिकन यज्ञस्वरूप हुन्छु र उसै आचार्यकुलमा आउँछु र रोगरहित हुन्छु । जसरी यो ब्रह्मचारीले राम्रो काम गर्दछ, त्यस्तै तिमीहरूले पनि गर्ने गर ॥४॥

**उत्तम ब्रह्मचर्य** ४८ वर्ष पर्यन्तको तेस्रो प्रकारको हुन्छ । जस्तो ४८ अक्षरको जगती छन्द, त्यस्तै जसले ४८ वर्ष पर्यन्त यथावत् ब्रह्मचर्य गर्दछ, उसको प्राण अनुकूल भएर सकल विद्याहरूलाई ग्रहण गर्दछ ॥५॥

जो आचार्य र माता-पिता आफ्ना सन्तानहरूलाई प्रथम वयमा विद्या गुणग्रहणको लागि तपस्वी गराएर र उसैको उपदेश गर्दछन् र ती सन्तान आफै नै अखण्डित ब्रह्मचर्य सेवनबाट तेस्रो उत्तम ब्रह्मचर्यको सेवन गरेर पूर्ण अर्थात् चार सय वर्ष पर्यन्त आयुलाई बढाओस्, त्यसरी नै तिमीले पनि बढाऊ । किनभने जो मनुष्य यस ब्रह्मचर्यमा प्राप्त भएर लोप गर्दैन, तिनीहरू सब प्रकारको रोगदेखि रहित भएर धर्म, अर्थ, काम र मोक्षलाई प्राप्त गर्दछन् ॥६॥

**चतस्रोऽवस्थाः शरीरस्य वृद्धिर्यौवनं सम्पूर्णता किञ्चित्परिहाणिश्चेति । आषोडशाद्वृद्धिः । आपञ्चविंशतेर्यौवनम् । आचत्वारिंशतः सम्पूर्णता । ततः किञ्चित्परिहाणिश्चेति ॥**

–(तुलना.सु.१/३५/२९) ॥

**पञ्चविंशे ततो वर्षे पुमान् नारी तु षोडशे । समत्वागतवीर्यौ तौ जानीयात्कुशलो भिषक् ॥**

–(सू. १/३५/१३) यो सुश्रुतको सूत्र स्थानको वचन हो ॥

यस शरीरमा चार अवस्था हुन्छन् । **एक वृद्धि,** जुन जन्मेदेखि लिएर १६ वर्ष पर्यन्त, **दोस्रो यौवन,** जुन १६औं वर्षदेखि लिएर २५औं वर्ष पर्यन्त सबै धातुहरूको बढ्ने क्रम हुन्छ । **तेस्रो सम्पूर्णता**, जुन २५औं वर्षदेखि लिएर ४०औं वर्ष पर्यन्त सबै धातुहरूको पुष्टि हुन्छ । **चौथो किञ्चित्परिहाणि,** जब साङ्गोपाङ्ग शरीरस्थ सकल धातु पुष्ट भएर पूर्णतालाई प्राप्त हुन्छन्, तदनन्तर जुन धातु बढ्दछ, त्यो शरीरमा रहँदैन, किन्तु स्वप्न, प्रस्वेदादि द्वारबाट बाहिर निस्केर जान्छ । त्यही ४०औं वर्ष नै उत्तम समय विवाहको हो, अर्थात् उत्तमोत्तम त ४८औं वर्षमा विवाह गर्नु हो ।

**प्रश्न–** के यो ब्रह्मचर्यको नियम स्त्री वा पुरुष दुइटैको लागि बराबर हो त ?

**उत्तर–** होइन । जो २५ वर्ष पर्यन्त पुरुषले ब्रह्मचर्य गरे त १६ वर्ष पर्यन्त कन्या, जो पुरुष ३० वर्षसम्म ब्रह्मचारी रहेमा त स्त्री १७ वर्ष, जो पुरुष ३६ वर्ष पर्यन्त ब्रह्मचारी रहेमा त स्त्री १८ वर्ष, जो पुरुष ४० वर्ष पर्यन्त ब्रह्मचर्य गरेमा त स्त्री २० वर्ष, जो पुरुष ४४ वर्ष पर्यन्त ब्रह्मचर्यमा रहेमा त स्त्री २२ वर्ष, जो पुरुष ४८ वर्ष पर्यन्त ब्रह्मचर्यमा रहेमा त स्त्री २४ वर्ष पर्यन्त ब्रह्मचर्य सेवन राखोस्, अर्थात् ४८औं वर्षभन्दा अगाडि पुरुष र २४औं वर्षभन्दा अगाडि स्त्रीले ब्रह्मचर्य राख्न हुँदैन । परन्तु यो नियम विवाह गर्ने पुरुष र स्त्रीहरूका लागि हो । जसले विवाह गर्न चाहँदैन, त्यसले मरणपर्यन्त ब्रह्मचारी रहन चाहन्छ भने त रहोस्, परन्तु यो काम पूर्ण विद्यावाला, जितेन्द्रिय र निर्दोष योगी स्त्री र पुरुषको हो । यो एकदम कठिन काम हो कि जुन काम वेगलाई थामेर इन्द्रियहरूलाई आफ्नो वशमा राख्नु ।

**ऋतं च स्वाध्यायप्रवचने च । सत्यं च स्वाध्यायप्रवचने च । तपश्च स्वाध्यायप्रवचने च ।**
**दमश्च स्वाध्यायप्रवचने च । शमश्च स्वाध्यायप्रवचने च । अग्नयश्च स्वाध्यायप्रवचने च ।**
**अग्निहोत्रं च स्वाध्यायप्रवचने च । अतिथयश्च स्वाध्यायप्रवचने च । मानुषं च स्वाध्यायप्रवचने च ।**
**प्रजा च स्वाध्यायप्रवचने च । प्रजनश्च स्वाध्यायप्रवचने च । प्रजातिश्च स्वाध्यायप्रवचने च ।**

–यो तैत्तिरीयोपनिषद् ( शिक्षावल्ली १/अनुवाक ९) को वचन हो ॥

यो पढ्ने-पढाउनेवालाहरूका लागि नियम हो । (**ऋतं.**) यथार्थ उच्चारणले पढोस् र पढाओस् (**सत्यं.**) सत्याचारले सत्यविद्यालाई पढोस् र पढाओस् (**तप.**) तपस्वी अर्थात् धर्मानुष्ठान गर्दै वेदादि शास्त्रहरू पढोस् र पढाओस् (**दम.**) बाह्य इन्द्रियहरूलाई नराम्रो कामबाट रोकेर पढ्दै-पढाउँदै जाओस् (**शम.**) अर्थात् मनको वृत्तिलाई सबै प्रकारको दोषहरूदेखि हटाएर पढ्दै-पढाउँदै जाओस् (**अग्नय.**) आहवनीयादि अग्नि र विद्युत् आदिलाई जानेर पढ्दै-पढाउँदै जाओस् र (**अग्निहोत्रं.**) अग्निहोत्र गर्दै पठन र पाठन गरोस्-गराओस् (**अतिथयः**) अतिथिहरूको सेवा गर्दै पढोस् र पढाओस् (**मानुषं.**) मनुष्य सम्बन्धी व्यवहारहरूलाई यथायोग्य गरेर पढ्दै र पढाउँदै रहोस् (**प्रजा.**) अर्थात् सन्तान र राज्यको पालन गर्दै पढ्दै र पढाउँदै जाओस् (**प्रजन.**) वीर्यको रक्षा र वृद्धि गर्दै पढ्दै-पढाउँदै जाओस् (**प्रजाति.**) अर्थात् आफ्नो सन्तान र शिष्यको पालन गर्दै पढोस्-पढाओस् ।

**यमान् सेवेत सततं न नियमान् केवलान् बुधः । यमान्पतत्यकुर्वाणो नियमान् केवलान् भजन् ॥**

–मनुस्मृति (अध्याय ४/श्लोक २०४) ॥

**यम** पाँच प्रकारका हुन्छन्–

**तत्राहिंसासत्यास्तेयब्रह्मचर्यापरिग्रहा यमाः ॥** –योगदर्शन सूत्र (२/३०) को वचन हो ॥

अर्थात् (**अहिंसा**) वैरत्याग, (**सत्य**) सत्य नै मान्नु, सत्य नै बोल्नु र सत्य नै गर्नु, (**अस्तेय**) अर्थात् मन, कर्म, वचनले चोरी त्याग, (**ब्रह्मचर्य**) अर्थात् उपस्थेन्द्रियको संयम (**अपरिग्रह**) अत्यन्त लोलुपता स्वत्वाभिमानरहित हुनु, यी **पाँच यमहरूको** सेवन सदा गरून् ।

**नियम** पनि पाँच प्रकारका छन्–

**शौचसन्तोषतपः स्वाध्यायेश्वरप्रणिधानानि नियमाः ॥** –यो योगशास्त्र सूत्र (२/३२) को वचन हो ॥

(**शौच**) अर्थात् स्नानादिबाट पवित्रता, (**सन्तोष**) सम्यक् प्रसन्न भएर निरुद्यम रहनु सन्तोष होइन, किन्तु पुरुषार्थ जति हुनसक्दछ त्यति नै गर्नु, हानि-लाभमा हर्ष वा शोक नगर्नु, (**तपः**) अर्थात् कष्टसेवनले पनि धर्मयुक्त कर्महरूको अनुष्ठान, (**स्वाध्याय**) पढ्नु-पढाउनु (**ईश्वरप्रणिधान**) ईश्वरको भक्तिविशेषले आत्मालाई अर्पित राख्नु, यी पाँच **नियम** बताइएको छ । यमहरूको बिना यी नियमहरूको सेवन नगर्नु, किन्तु यी दुइटैको सेवन गर्ने गर्नु । जसले यमको सेवनलाई छोडेर केवल नियमको सेवन गर्दछ, त्यसले उन्नति प्राप्त गर्दैन । किन्तु अधोगति अर्थात् संसारमा गिरिराख्दछ–

**कामात्मता न प्रशस्ता न चैवेहास्त्यकामता । काम्यो हि वेदाधिगमः कर्मयोगश्च वैदिकः ॥**

–मनुस्मृति (अध्याय २/श्लोक २) ॥

**अर्थ–** अत्यन्त कामातुरता र निष्कामता कसैको लागि पनि श्रेष्ठ हुँदैन, किनभने यदि कामना गरेन भने त वेदहरूको ज्ञान र वेदविहित कर्मादि उत्तम कर्म कसैबाट हुन सक्दैन । यसैले–

**स्वाध्यायेन व्रतैर्होमैस्त्रैविद्येनेज्यया सुतैः । महायज्ञैश्च यज्ञैश्च ब्राह्मीयं क्रियते तनुः ॥**

–मनुस्मृति (अध्याय २/श्लोक २८) ॥

**अर्थ– (स्वाध्याय)** सकल विद्या पढ्ने-पढाउने, **(व्रत)** ब्रह्मचर्य सत्यभाषणादि नियम पालन गर्ने, **(होम)** अग्निहोत्रादि होम, सत्यको ग्रहण, असत्यको त्याग र सत्य विद्याहरूको दान दिने, **(त्रैविद्येन)** वेदस्थ कर्मोपासना ज्ञान विद्याको ग्रहण, **(इज्यया)** पक्षेष्टयादि गर्नु, **(सुतैः)** सुसन्तानोत्पत्ति, **(महायज्ञैः)** ब्रह्म, देव, पितृ, वैश्वदेव र अतिथिहरूको सेवनरूप पञ्चमहायज्ञ र **(यज्ञैः)** अग्निष्टोमादि तथा शिल्पविद्याविज्ञानादि यज्ञहरूको सेवनले यस शरीरको 'ब्राह्मी' अर्थात् वेद र परमेश्वरको भक्तिको आधाररूप ब्राह्मणको शरीर बनाउनुपर्दछ । यति साधनहरूको बिना ब्राह्मण-शरीर बन्न सक्दैन ।

**इन्द्रियाणां विचरतां विषयेष्वपहारिषु । संयमे यत्नमातिष्ठेद् विद्वान् यन्तेव वाजिनाम् ॥**

–मनुस्मृति (अध्याय २/श्लोक ८८) ॥

**अर्थ–** जसरी विद्वान् सारथिले घोडालाई नियममा राख्दछ, त्यसरी नै मन र आत्मालाई खोटा काममा खिच्नेवाला विषयहरूमा विचरण गरिरहेको इन्द्रियहरूको निग्रहमा प्रयत्न सब प्रकारले गर्ने । किनभने–

**इन्द्रियाणां प्रसङ्गेन दोषमृच्छत्यसंशयम् । सन्नियम्य तु तान्येव ततः सिद्धिं नियच्छति ॥**

–मनुस्मृति (अध्याय २/श्लोक ९३) ॥

**अर्थ–** जीवात्मा इन्द्रियहरूको वशमा भएर निश्चित ठूला-ठूला दोषहरूलाई प्राप्त गर्दछ; र जब इन्द्रियहरूलाई आफ्नो वशमा गर्दछ, तबै सिद्धिलाई प्राप्त हुन्छ ।

**वेदास्त्यागश्च यज्ञाश्च नियमाश्च तपांसि च । न विप्रदुष्टभावस्य सिद्धिं गच्छन्ति कर्हिचित् ॥**

–मनुस्मृति (अध्याय २/श्लोक ९७) ॥

जो दुष्टाचारी, अजितेन्द्रिय पुरुष हुन्छ, त्यसको वेद, त्याग, यज्ञ, नियम र तप तथा अन्य राम्रा कामहरूले कहिल्यै पनि सिद्धिलाई प्राप्त गर्दैनन् ।

**वेदोपकरणे चैव स्वाध्याये चैव नैत्यके । नानुरोधोऽस्त्यनध्याये होममन्त्रेषु चैव हि ॥१॥**
**नैत्यके नास्त्यनध्यायो ब्रह्मसत्रं हि तत्स्मृतम् । ब्रह्माहुतिहुतं पुण्यमनध्यायवषट्कृतम् ॥२॥**

–मनुस्मृति (अध्याय २/श्लोक १०५-१०६) ॥

वेदादि शास्त्रहरूलाई पढ्ने-पढाउने, सन्ध्योपासनादि पञ्चमहायज्ञलाई गर्ने र होममन्त्रमा अनध्याय र निरोध अर्थात् अनुष्ठान=रोकावट हुँदैन, किनभने नित्यकर्ममा अनध्याय हुँदैन ॥१॥ जसरी श्वास-प्रश्वास सदा लिइन्छ, बन्ध गर्न सकिन्न, त्यसरी नै नित्यकर्म प्रतिदिन गर्नुपर्दछ, न कुनै दिन छोड्नु, किनभने अनध्यायमा पनि अग्निहोत्रादि उत्तम कर्म गरेका पुण्यरूप हुन्छ । जस्तै झुटो बोल्दा सदा पाप र सत्य बोल्दा सदा पुण्य हुन्छ, त्यसरी नै नराम्रो काम गर्नमा अनध्याय र राम्रो काम गर्नाले सदा स्वाध्याय नै हुने गर्दछ ॥२॥

**अभिवादनशीलस्य नित्यं वृद्धोपसेविनः । चत्वारि तस्य वर्द्धन्त आयुर्विद्या यशो बलम् ॥**

–मनुस्मृति (अध्याय २/श्लोक १२१) ॥

जसले सदा नम्र, सुशील, विद्वान् र वृद्धहरूको सेवा गर्दछ; त्यसको आयु, विद्या, कीर्ति र बल; यी चार सदा बढिराख्दछन् र जसले यस्तो गर्दैन, त्यसको आयु आदि चार बढ्दैनन् ।

**अहिंसयैव भूतानां कार्यं श्रेयोऽनुशासनम् । वाक् चैव मधुरा श्लक्ष्णा प्रयोज्या धर्ममिच्छता ॥१॥**
**यस्य वाङ्मनसे शुद्धे सम्यग्गुप्ते च सर्वदा । स वै सर्वमवाप्नोति वेदान्तपोगतं फलम् ॥२॥**

–मनुस्मृति (अध्याय २/श्लोक १५९-१६०) ॥

विद्वान् र विद्यार्थीहरूलाई योग्य छ कि वैरबुद्धि छोडेर सबै मनुष्यको लागि कल्याणको मार्गको उपदेश गरून्; र उपदेष्टा सदा मधुर, सुशीलतायुक्त वाणी बोलोस् । जसले धर्मको उन्नति चाहन्छ, त्यो सधैं सत्यमा चलोस् र सत्यको नै उपदेश गरोस् ॥१॥ जुन मनुष्यको वाणी र मन शुद्ध तथा सुरक्षित सदा रहन्छ; त्यसैले सबै वेदान्त अर्थात् सबै वेदहरूको सिद्धान्तरूप फललाई प्राप्त गर्दछ ॥२॥

**संमानाद् ब्राह्मणो नित्यमुद्विजेत विषादिव । अमृतस्येव चाकाङ्क्षेदवमानस्य सर्वदा ॥**

–मनुस्मृति (अध्याय २/श्लोक १६२) ॥

त्यही ब्राह्मणले समग्र वेद र परमेश्वरलाई जान्दछ, जो प्रतिष्ठादेखि विषतुल्य सदा डराउँछ; र अपमानको इच्छा अमृतकै समान गर्ने गर्दछ ।

**अनेन क्रमयोगेन संस्कृतात्मा द्विजः शनैः । गुरौ वसन् सञ्चिनुयाद् ब्रह्माधिगमिकं तपः ॥**

–मनुस्मृति (अध्याय २/श्लोक १६४) ॥

यसै प्रकारले कृतोपनयन द्विज ब्रह्मचारी कुमार र ब्रह्मचारिणी कन्या सुस्त-सुस्त वेदार्थको ज्ञानरूप उत्तम तपलाई बढाउँदै लैजाऊन् ।

**योऽनधीत्य द्विजो वेदमन्यत्र कुरुते श्रमम् । स जीवन्नेव शूद्रत्वमाशु गच्छति सान्वयः ॥**

–मनुस्मृति (अध्याय २/श्लोक १६८) ॥

जसले वेदलाई नपढिकन अन्यत्र श्रम गर्ने गर्दछ, त्यो आफ्नो पुत्र-पौत्रसहित शूद्रभावलाई शीघ्र नै प्राप्त हुन जान्छ ।

**वर्जयेन्मधुमांसञ्च गन्धं माल्यं रसान् स्त्रियः । शुक्तानि यानि सर्वाणि प्राणिनां चैव हिंसनम् ॥१॥**
**अभ्यङ्गमञ्जनं चाक्ष्णोरुपानच्छत्रधारणम् । कामं क्रोधं च लोभं च नर्त्तनं गीतवादनम् ॥२॥**
**द्यूतं च जनवादं च परिवादं तथाऽनृतम् । स्त्रीणां च प्रेक्षणालम्भमुपघातं परस्य च ॥३॥**
**एकः शयीत सर्वत्र न रेतः स्कन्दयेत्क्वचित् । कामाद्धि स्कन्दयन् रेतो हिनस्ति व्रतमात्मनः ॥४॥**

–मनुस्मृति (अध्याय २/श्लोक १७७-१८०) ॥

ब्रह्मचारी र ब्रह्मचारिणी मद्य, मांस, गन्ध, माला, रस, स्त्री र पुरुषको सङ्ग, सबै प्रकारका अमिलो, प्राणीहरूको हिंसा ॥१॥ अङ्गहरूको मर्दन, बिना निमित्त उपस्थेन्द्रियको स्पर्श, आँखामा अञ्जन, जुत्ता र छत्रको धारण, काम, क्रोध, लोभ, मोह, भय, शोक, ईर्ष्या, द्वेष र नाच, गान, बाजा बजाउनु ॥२॥ द्यूत, जुनसुकैको कथा, निन्दा, मिथ्याभाषण, स्त्रीहरूको दर्शन, आश्रय, दोस्राको हानि आदि कुकर्महरूलाई सदा छोडिदेओस् ॥३॥ सर्वत्र एक्लै सुतोस्, वीर्य स्खलित कहिल्यै नगरोस् । जसले कामनाले वीर्य स्खलित गर्‍यो भने त जान कि त्यसले आफ्नो ब्रह्मचर्य-व्रतको नाश गर्‍यो ॥४॥

**वेदमनूच्याचार्योऽन्तेवासिनमनुशास्ति । सत्यं वद । धर्मं चर । स्वाध्यायान्मा प्रमदः । आचार्य्याय प्रियं धनमाहृत्य प्रजातन्तुं मा व्यवच्छेत्सीः । सत्यान्न प्रमदितव्यम् । धर्मान्न प्रमदितव्यम् । कुशलान्न प्रमदितव्यम् । भूत्यै न प्रमदितव्यम् । स्वाध्यायप्रवचनाभ्यां न प्रमदितव्यम् ॥१॥ देवपितृ-कार्य्याभ्यां न प्रमदितव्यम् । मातृदेवो भव । पितृदेवो भव । आचार्य्यदेवो भव । अतिथिदेवो भव । यान्यनवद्यानि कर्माणि तानि सेवितव्यानि नो इतराणि । यान्यस्माकꣳसुचरितानि तानि त्वयोपास्यानि ॥२॥ नो इतराणि । ये के चास्मच्छ्रेयांसो ब्राह्मणास्तेषां त्वयासनेन प्रश्वसितव्यम् । श्रद्धया देयम् । अश्रद्धया देयम् । श्रिया देयम् । ह्रिया देयम् । भिया देयम् । संविदा देयम् । अथ यदि ते कर्मविचिकित्सा वा वृत्तविचिकित्सा वा स्यात् ॥३॥ ये तत्र ब्राह्मणाः समदर्शिनो युक्ता अयुक्ता अलूक्षा धर्मकामाः स्युर्यथा ते तत्र वर्त्तेरन् । तथा तत्र वर्त्तेथाः । (अथाभ्याख्यातेषु । ये तत्र ब्राह्मणाः संमर्शिनः । युक्ता आयुक्ताः । अलूक्षा धर्मकामाः स्युः । यथा ते तेषु वर्त्तेरन् । तथा तेषु वर्त्तेथाः ॥) एष आदेश एष उपदेश एषा वेदोपनिषत् । एतदनुशासनम् । एवमुपासितव्यम् । एवमु चैतदुपास्यम् ॥४॥**

–यो तैत्तिरीयोपनिषद् (१/११) को वचन हो ॥

आचार्य अन्तेवासी, अर्थात् आफ्ना शिष्य र शिष्याहरूलाई यस प्रकारले उपदेश गरोस् कि तैंले सधैं सत्य बोल, धर्माचार गर, प्रमादरहित भएर पढ्-पढा, पूर्ण ब्रह्मचर्यले समस्त विद्याहरूको ग्रहण र आचार्यको लागि प्रिय-धन दिएर, विवाह गरेर सन्तानोत्पत्ति गर । प्रमादले सत्यलाई कहिल्यै पनि नछोड्, प्रमादले धर्मको कहिल्यै पनि त्याग नगर, प्रमादले आरोग्य र चतुराईलाई नछोड्, प्रमादले उत्तम ऐश्वर्यको वृद्धिलाई नछोड्, प्रमादले पढ्न र पढाउन पनि कहिल्यै नछोड् । देव, विद्वान् र माता-पितादिको सेवामा प्रमाद नगर । जसरी विद्वान्को सत्कार गर्दछस्, त्यसरी नै माता, पिता, आचार्य र अतिथिको सेवा सदा गर्ने गरोस् । जुन अनिन्दित धर्मयुक्त कर्म छन्, ती सत्यभाषणादिलाई गर्ने गरोस्, ती देखि भिन्न मिथ्याभाषणादि कहिल्यै पनि नगर्नू । जुन हाम्रा सुचरित्र अर्थात् धर्मयुक्त कर्म छन्, तिनको ग्रहण गर र जुन हाम्रा पापाचरण हुन् तिनलाई कहिल्यै पनि नगर । जो कोही हाम्रा मध्यमा उत्तम विद्वान् धर्मात्मा ब्राह्मण छन्, उनैको समीपमा बसेर उनैलाई विश्वास गर्ने गर्नु । श्रद्धाले दिनु, अश्रद्धाले दिनु, शोभाले दिनु, लज्जाले दिनु, भयले दिनु र प्रतिज्ञाले पनि दिनुपर्दछ । जब कुनै वेला तँलाई कर्म वा शील तथा उपासना ज्ञानमा कुनै प्रकारको संशय उत्पन्न भएमा; तब त जुन ती समदर्शी पक्षपातरहित, योगी, अयोगी, आर्द्रचित्त, धर्मको कामना गर्ने धर्मात्माजन छन्, जसरी ती धर्ममार्गमा लाग्दछन् त्यसरी नै तँ पनि लाग्ने गर । यही आदेश आज्ञा, यही उपदेश, यही वेदको उपनिषत् र यही शिक्षा हो । यसै प्रकार चल्नु र आफ्नो चाल-चलनलाई सुधार्नु पर्दछ ।

**अकामस्य क्रिया काचिद् दृश्यते नेह कर्हिचित् । यद्यद्धि कुरुते किञ्चित् तत्तत्कामस्य चेष्टितम् ॥**

–मनुस्मृति (अध्याय २/श्लोक ४) ॥

मनुष्यले निश्चय गर्नुपर्दछ कि निष्काम पुरुषमा नेत्रको संकोच-विकास हुन पनि सर्वथा असम्भव हुन्छ, यसबाट यो सिद्ध हुन्छ कि जे-जे कुराहरू पनि गर्दछ, त्यो-त्यो चेष्टा कामनाको बिना हुँदैन ।

**आचारः प्रथमो धर्मः श्रुत्युक्तः स्मार्त्त एव च । तस्मादस्मिन्त्सदा युक्तो नित्यं स्यादात्मवान् द्विजः ॥१॥**
**आचाराद्विच्युतो विप्रो न वेदफलमश्नुते । आचारेण तु संयुक्तः सम्पूर्णफलभाग्भवेत् ॥२॥**

–मनुस्मृति (अध्याय १/श्लोक १०८-१०९) ॥

भन्ने, सुन्ने-सुनाउने, पढ्ने-पढाउनेको फल यही हो कि वेद र वेदानुकूल स्मृतिहरूमा प्रतिपादित धर्मको आचरण गर्नु । यसैले धर्माचरमा सदा युक्त रहौं ॥१॥ किनभने जो धर्माचरणले रहित हुन्छ, त्यसले वेदप्रतिपादित धर्मजन्य सुखरूप फललाई प्राप्त गर्न सक्दैन र जसले विद्या पढेर धर्माचरण गर्दछ, त्यसैले सम्पूर्ण सुखलाई प्राप्त गर्दछ ॥२॥

**योऽवमन्येत ते मूले हेतुशास्त्राश्रयाद् द्विजः । स साधुभिर्बहिष्कार्यो नास्तिको वेदनिन्दकः ॥**

–मनुस्मृति (अध्याय २/श्लोक ११) ॥

जसले वेद र वेदानुकूल आप्त पुरुषहरूले गरेका शास्त्रहरूको अपमान गर्दछ, त्यस वेदनिन्दक नास्तिकलाई जाति, पङ्क्ति र देशबाट बाह्य गरिदिनु पर्दछ । किनभने–

**श्रुतिः स्मृतिः सदाचारः स्वस्य च प्रियमात्मनः । एतच्चतुर्विधं प्राहुः साक्षाद्धर्मस्य लक्षणम् ॥**

–मनुस्मृति (अध्याय २/श्लोक १२) ॥

श्रुति=वेद; स्मृति=वेदानुकूल आप्तोक्त मनुस्मृत्यादि शास्त्र; सत्पुरुषहरूको आचार जो सनातन अर्थात् वेदद्वारा परमेश्वरोक्त-प्रतिपादित कर्म; र आफ्नो आत्मामा प्रिय, अर्थात् जसलाई आत्माले चाहन्छ, जस्तो कि सत्यभाषण; यी चार धर्मका लक्षण हुन् अर्थात् यिनैबाट धर्माऽधर्मको निश्चय हुन्छ । जो पक्षपातरहित न्याय, सत्यको ग्रहण, असत्यको सर्वथा परित्यागरूप आचार हो, यसैको नाम **'धर्म'** हो र यसदेखि विपरीत जो पक्षपातसहित अन्यायाचरण, सत्यको त्याग र असत्यको ग्रहणरूप कर्म हो, यसलाई **'अधर्म'** भन्दछन् ।

**अर्थकामेष्वसक्तानां धर्मज्ञानं विधीयते । धर्मं जिज्ञासमानानां प्रमाणं परमं श्रुतिः ॥**

–मनुस्मृति (अध्याय २/श्लोक १३) ॥

जुन पुरुष (अर्थ) सुवर्णादि रत्न र (काम) स्त्रीसेवनादिमा फस्दैनन्, तिनैलाई धर्मको ज्ञान प्राप्त हुन्छ । जसले धर्मको ज्ञानको इच्छा गर्दछ, त्यसले वेदद्वारा धर्मको निश्चय गरोस्, किनभने धर्माऽधर्मको निश्चय बिना वेदको ठीक-ठीकसँग ज्ञान हुन सक्दैन ।

यस प्रकार आचार्यले आफ्ना शिष्यहरूलाई उपदेश गरोस् र विशेष गरेर राजा इतर क्षत्रिय, वैश्य र उत्तम शूद्र जनहरूलाई पनि विद्याको अभ्यास अवश्य गराओस् । किनभने जुन ब्राह्मण हुन् तिनैले नै केवल विद्याभ्यास गरून् र क्षत्रियादिले नगरून् त विद्या, धर्म, राज्य र धनादिको वृद्धि कहिल्यै हुन सक्दैन । किनभने ब्राह्मण त केवल पढ्न-पढाउन र क्षत्रियादिबाट जीविकालाई प्राप्त भएर जीवन धारण गर्न सक्दछन् । जीविकाको आधीन र क्षत्रियादिको आज्ञादाता र यथावत् परीक्षक दण्डदाता नहुनाले ब्राह्मणादि सबै वर्ण पाखण्ड छल-कपटमा फसेर, विद्याभ्यास धर्मलाई छोडेर पाखण्डमा नै फस्न जान्छन् ।

र जब क्षत्रियादि विद्वान् हुन्छन् तब ब्राह्मण पनि अधिक विद्याभ्यास र धर्मपथमा चल्दछन् र ती क्षत्रियादि विद्वान्हरूको सामुन्ने पाखण्ड, झुटो व्यवहार पनि गर्न सक्दैनन्, र जब क्षत्रियादि अविद्वान् भएमा त तिनले जस्तो आफ्नो मनमा आउँछ, त्यस्तै नै गर्दछन्-गराउँदछन् । यसैले ब्राह्मण पनि आफ्नो कल्याण चाहन्छ भने त क्षत्रियादिलाई वेदादि सत्यशास्त्रको अभ्यास अधिक प्रयत्नले गराओस् । किनभने क्षत्रियादि नै विद्या, धर्म, राज्य र लक्ष्मीको वृद्धि गराउनेवाला हुन्, ती कहिल्यै भिक्षावृत्ति गर्दैनन्, यसैले तिनीहरू पक्षपाती पनि विद्याव्यवहारमा हुन सक्दैनन् र जब सबै वर्णमा विद्या सुशिक्षा हुन्छ तब कसैले पनि पाखण्डरूप अधर्मयुक्त मिथ्याव्यवहारलाई चलाउन सक्दैन । यसबाट के सिद्ध हुन्छ भने कि क्षत्रियादिलाई नियममा चलाउने ब्राह्मण र संन्यासी तथा ब्राह्मण र संन्यासीलाई सुनियममा चलाउने क्षत्रियादि नै हुन्छन् । यसैले सबै वर्णका स्त्री-पुरुषहरूमा विद्या र धर्मको प्रचार अवश्य हुनुपर्दछ ।

## पाँच प्रकारको परीक्षा एवं अध्ययन-अध्यापन (३.८)

अब जे-जे पढ्नु-पढाउनु छ, त्यो-त्यो राम्रोसँग परीक्षा गरेर हेर्नु योग्य छ । परीक्षा पाँच प्रकारको हुन्छ–

**एक–** जे-जे ईश्वरको गुण, कर्म, स्वभाव र वेददेखि अनुकूल छन्, त्यही-त्यही **'सत्य'** र त्यसदेखि विरुद्ध **'असत्य'** हो ।

**दोस्रो**– जे-जे सृष्टिक्रमसित अनुकूल त्यही-त्यही **'सत्य'** र जुन-जुन विरुद्ध हो, त्यो सबै **'असत्य'** हो । जो कसैले भन्दछ– "बिना माता-पिताको योगले छोरो उत्पन्न भयो", यो सृष्टिक्रमको विरुद्ध हुनाले असत्य हो ।

**तेस्रो**– **"आप्त"** अर्थात् जुन धार्मिक, विद्वान्, सत्यवादी, निष्कपटीहरूको सङ्ग उपदेशको अनुकूल हुन्छ, त्यो **ग्राह्य** र जुन-जुन विरुद्ध हुन्छ त्यो-त्यो **'अग्राह्य'** हो ।

**चौथो**– आफ्नो आत्माको पवित्रता, विद्याको अनुकूल अर्थात् जस्तो आफूलाई सुख प्रिय र दुःख अप्रिय लाग्दछ, यस्तै सर्वत्र बुझ्नु कि मैले पनि कसैलाई दुःख वा सुख दिएँ भने त त्यो पनि अप्रसन्न वा प्रसन्न हुन्छ ।

र **पाँचौं**– आठै प्रमाण अर्थात् **प्रत्यक्ष, अनुमान, उपमान, शब्द, ऐतिह्य, अर्थापत्ति, सम्भव** र **अभाव** ।

यी मध्येमा प्रत्यक्षको लक्षणादिमा जुन-जुन तल सूत्र लेख्नेछु, त्यो-त्यो सबै न्यायशास्त्रको प्रथम र द्वितीय अध्यायको जान्नु–

**इन्द्रियार्थसन्निकर्षोत्पन्नं ज्ञानमव्यपदेश्यमव्यभिचारि व्यवसायात्मकं प्रत्यक्षम् ॥**

–न्यायशास्त्र (अध्याय १/आह्निक १/सूत्र ४) ॥

जुन श्रोत्र, त्वचा, चक्षु, जिह्वा र घ्राणको शब्द, स्पर्श, रूप, रस र गन्धको साथ अव्यवहित अर्थात् आवरणरहित सम्बन्ध हुन्छ, इन्द्रियको साथ मनको र मनको साथ आत्माको संयोगले ज्ञान उत्पन्न हुन्छ, यसलाई **प्रत्यक्ष** भन्दछन् । परन्तु जुन व्यपदेश्य अर्थात् संज्ञासंज्ञीको सम्बन्धले उत्पन्न हुन्छ, त्यो-त्यो ज्ञान होइन । जस्तै कसैले कसैसँग भन्यो कि "तँ पानी लिएर आइज" उसले पानी ल्याएर थमाउँदै भन्यो कि "यो पानी हो" परन्तु वहाँ 'जल' यी दुई अक्षरको संज्ञालाई, न ल्याउने वा मगाउनेवालाले देख्न सक्दछ । किन्तु जुन पदार्थको नाम 'जल' हो, त्यही प्रत्यक्ष हुन्छ, र जुन शब्ददेखि ज्ञान उत्पन्न हुन्छ त्यो शब्दप्रमाणको विषय हो । 'अव्यभिचारि' जस्तो कि कसैले रात्रिमा खाँबोलाई देखेर पुरुषको निश्चय गऱ्यो, जब दिनमा त्यसलाई देख्यो त रात्रिको पुरुषज्ञान नष्ट भएर स्तम्भज्ञान रह्यो, यस्तो विनाशी ज्ञानको नाम व्यभिचारी हो । 'व्यवसायात्मक' कसैले टाढाबाट नदीको बालुवा देखेर भन्यो कि "वहाँ वस्त्र सुकिराखेका छन्, जल हो वा अरू कुनै चीज हो ? " "त्यो देवदत्त उभिएको हो वा यज्ञदत्त ?" जबसम्म एक निश्चय हुँदैन, तबसम्म यो प्रत्यक्ष ज्ञान हुँदैन । किन्तु जुन अव्यपदेश्य, अव्यभिचारि र निश्चयात्मक ज्ञान हो, त्यसैलाई **प्रत्यक्ष** भन्दछन् ।

दोस्रो **अनुमान**–

**अथ तत्पूर्वकं त्रिविधमनुमानं पूर्ववच्छेषवत्सामान्यतोदृष्टञ्च ॥**

–न्यायशास्त्र (अध्याय १/आह्निक १/सूत्र ५) ॥

जुन प्रत्यक्षपूर्वक अर्थात् जसको कुनै एकदेश वा सम्पूर्ण द्रव्य कुनै स्थान वा कालमा प्रत्यक्ष भएको हो, त्यसको दूर देशबाट सहचारी एक देशको प्रत्यक्ष हुनाले अदृष्ट अवयवीको ज्ञान हुनुलाई **'अनुमान'** भन्दछन् । जस्तै पुत्रलाई देखेर पिता, पर्वतादिमा धुवाँलाई देखेर अग्नि, जगत्मा सुख-दुःखलाई देखेर पूर्वजन्मको ज्ञान हुन्छ ।

त्यो **अनुमान तीन प्रकारको** हुन्छ । एक **'पूर्ववत्'** जस्तै बादललाई देखेर वर्षा, विवाहलाई देखेर सन्तानोत्पत्ति, पढिराखेको विद्यार्थीलाई देखेर विद्या हुने निश्चय हुन्छ– इत्यादि । जहाँ-जहाँ कारणलाई देखेर कार्यको ज्ञान हुन्छ, त्यो 'पूर्ववत्' । दोस्रो **'शेषवत्'** अर्थात् जहाँ कार्यलाई देखेर कारणको ज्ञान होस् । जस्तै नदीको प्रवाहको बढोत्तरीलाई देखेर माथितिर भएको वर्षाको, पुत्रलाई देखेर पिताको, सृष्टिलाई देखेर अनादि कारणको, सृष्टिमा रचनाविशेषलाई देखेर कर्ता ईश्वरको, पाप-पुण्यको आचरणलाई देखेर सुख-दुःखको ज्ञान हुन्छ, यसैलाई 'शेषवत्' भन्दछन् । तेस्रो **'सामान्यतोदृष्ट'** जसमा कुनै कसैको कार्य कारण नहोस् परन्तु कुनै प्रकारको साधर्म्य एक दोस्राको साथ होस्, जस्तै कोही पनि बिना नहिंडि दोस्रो स्थानमा जान सक्दैन, त्यसरी नै अरूको पनि स्थानान्तरणमा जानु; बिना गमनको कहिल्यै हुन सक्दैन । अनुमान शब्दको अर्थ यही हो कि अनु अर्थात् **'प्रत्यक्षस्य पश्चान्मीयते ज्ञायते येन तदनुमानम्'** जुन प्रत्यक्षको पश्चात् उत्पन्न होस्, जस्तो धूम्रको प्रत्यक्ष देखे बिना अदृष्ट अग्निको ज्ञान कहिल्यै पनि हुन सक्दैन ।

तेस्रो **उपमान**–

**प्रसिद्धसाधर्म्यात्साध्यसाधनमुपमानम् ॥** –न्यायशास्त्र (अध्याय १/आह्निक १/सूत्र ६) ॥

जुन प्रसिद्ध अर्थात् प्रत्यक्ष साधर्म्यबाट साध्य अर्थात् सिद्ध गर्न योग्य ज्ञानको सिद्धि गर्नको लागि साधन हो, त्यसलाई **'उपमान'** भन्दछन् । **'उपमीयते येन तदुपमानम्'** जस्तै कसैले कुनै भृत्यसँग भन्यो कि "तँ देवदत्तको सदृश विष्णुमित्रलाई बोलाएर ले" उसले भन्यो कि "मैले उसलाई कहिल्यै पनि देखेको छैन" ।

उसको स्वामीले उसलाई भन्यो कि “जस्तो यो देवदत्त छ, त्यस्तै नै त्यो विष्णुमित्र छ;” “वा जस्तो यो गाई छ, त्यस्तै गवय अर्थात् नीलगाई हुन्छिन्” । जब त्यो वहाँ गएर देवदत्तकै सदृश देख्यो, निश्चय जान्यो कि यही विष्णुमित्र हो, उसलाई लिएर आयो । अथवा कुनै वनमा जुन पशुलाई गाईको सदृश देख्यो, त्यसलाई जान्यो कि यसैको नाम गवय हो ।

चौथो **शब्दप्रमाण–**

**आप्तोपदेशः शब्दः ॥** –न्यायशास्त्र (अध्याय १/आह्निक १/सूत्र ७) ॥

जो आप्त अर्थात् पूर्ण विद्वान्, धर्मात्मा, परोपकारप्रिय, सत्यावादी, पुरुषार्थी, जितेन्द्रिय पुरुष जस्तो आफ्नो आत्मामा जान्दछ र जसबाट सुख पाएको छ, उसैको कथनको इच्छाबाट प्रेरित सबै मनुष्यको कल्याणार्थ उपदेष्टा होस् । अर्थात् जति पृथ्वीदेखि लिएर परमेश्वर पर्यन्त पदार्थहरूको ज्ञान प्राप्त भएर उपदेष्टा हुन्छ जुन यस्तो पुरुष र पूर्ण आप्त परमेश्वरको उपदेश वेद हो, त्यसैलाई **‘शब्दप्रमाण’** जान ।

पाँचौ **ऐतिह्य–**

**न चतुष्ट्वमैतिह्यार्थापत्तिसम्भवाभावप्रामाण्यात् ॥** –न्यायशास्त्र (अध्याय २/आह्निक २/सूत्र १) ॥

जुन इति ह अर्थात् यस प्रकार थियो; उसले यस प्रकार गर्‍यो । अर्थात् कसैको जीवन-चरित्रको नाम **‘ऐतिह्य’** हो ।

छैटौं **अर्थापत्ति–**

**‘अर्थादापद्यते सा अर्थापत्तिः’** केनचिदुच्यते– **‘सत्सु घनेषु वृष्टिः, सति कारणे कार्य्यं भवतीति’** किमत्र प्रसज्यते– **‘असत्सु घनेषु वृष्टिरसति कारणे च कार्य्यं न भवतीति’** जसरी कसैले कसैसँग भन्यो कि “बादलको हुनाले वर्षा र कारणको हुनाले कार्य उत्पन्न हुन्छ” यसबाट नभनिकनै यो दोस्रो कुरा सिद्ध हुन्छ कि “बिना बादल वर्षा र बिना कारण कार्य कहिल्यै हुन सक्दैन ।”

सातौं **सम्भव–**

**‘सम्भवति यस्मिन् स सम्भवः’** कसैले भन्दछ कि “माता-पिताको सङ्गको बिना सन्तानोत्पत्ति, कसैले मृतक ब्युँताए, पहाड उठाए, समुद्रमा ढुङ्गा तैराए, चन्द्रमाको टुक्रा पारे, परमेश्वरको अवतार भयो, मनुष्यको सींग देखियो र बन्ध्याको पुत्र र पुत्रीको विवाह गरियो” इत्यादि सबै असम्भव हुन् । किनभने यी सबै कुराहरू सृष्टिक्रमको विरुद्ध छन् र जुन कुरो सृष्टिक्रमको अनुकूल होस्, त्यही **‘सम्भव’** हो ।

आठौं **अभाव–**

**‘न भवन्ति यस्मिन् सोऽभावः’** जस्तो कसैले कसैसँग भन्यो कि “हात्ती लिएर आइज” उसले उहाँ हात्तीको अभाव देखेर जहाँ हात्ती थियो, त्यहाँबाट लिएर आयो ।

यी **आठ प्रमाण** । यिनीहरूमा जुन शब्दमा ऐतिह्य र अनुमानमा अर्थापत्ति, सम्भव र अभावको गणना गरेमा, त चार प्रमाण रहन जान्छन् । यस पाँच प्रकारको परीक्षाले सत्याऽसत्यको निश्चय मनुष्यले गर्न सक्दछ, अन्यथा सक्दैन ।

**धर्मविशेषप्रसूताद् द्रव्यगुणकर्मसामान्यविशेषसमवायानां पदार्थानां साधर्म्यवैधर्म्याभ्यां तत्त्वज्ञानान्निःश्रेयसम् ॥** –वैशेषिक (अध्याय १/आह्निक १/सूत्र ४) ॥

जब मनुष्यले धर्मको यथायोग्य अनुष्ठान गर्नाले पवित्र भएर **‘साधर्म्य’** अर्थात् जुन तुल्य धर्म, जस्तै पृथ्वी जड र जल पनि जड; **‘वैधर्म्य’** अर्थात् पृथ्वी कठोर र जल कोमल; यसै प्रकारले द्रव्य, गुण, कर्म, सामान्य, विशेष र समवाय छः पदार्थहरूको तत्वज्ञान अर्थात् स्वरूपज्ञानदेखि **‘निःश्रेयसम्’** मोक्षलाई प्राप्त गर्दछ ।

**पृथिव्यापस्तेजोवायुराकाशं कालो दिगात्मा मन इति द्रव्याणि ।** –वैशेषिक (अ.१/आ.१/सू.५) ॥

पृथ्वी, जल, तेज, वायु, आकाश, काल, दिशा, आत्मा र मन यी नव **द्रव्य** हुन् ।

**क्रियागुणवत्समवायिकारणमितिद्रव्यलक्षणम् ॥** –वैशेषिक (अ.१/आ.१/सू.१५) ॥

**‘क्रियाश्च गुणाश्च विद्यन्ते यस्मिँस्तत् क्रियागुणवत्’** जसमा क्रिया, गुण र केवल गुण नै रहोस्, त्यसलाई **‘द्रव्य’** भन्दछन् । ती देखि पृथ्वी, जल, तेज, वायु, मन र आत्मा यी छः द्रव्य क्रिया र गुणवाला हुन् । तथा आकाश, काल र दिशा यी तीन गुणवाला त हुन् किन्तु क्रियावाला होइनन् । **(समवायि) ‘समवेतुं शीलं यस्य तत् समवायि, प्राग्वृत्तित्त्वं कारणं, समवायि च तत्कारणं च समवायिकारणम्, लक्ष्यते येन तल्लक्षणम्’** जुन मिल्नको स्वभावयुक्त, कार्यले कारण पूर्वकालस्थ हुन्छ, जसबाट क्रियागुणयुक्त हुन्छ, त्यसलाई **द्रव्य** भन्दछन् । जसबाट लक्ष्य जानिन्छ, जसरी आँखाले रूप जानिन्छ, त्यसलाई **लक्षण** भन्दछन् ।

**रूपरसगन्धस्पर्शवती पृथिवी ॥** –वैशेषिक (अ.२/आ.१/सू.१) ॥

जसमा रूप, रस, गन्ध र स्पर्श हुन्छ त्यसलाई **‘पृथ्वी’** भनिन्छ ।

**व्यवस्थितः पृथिव्यां गन्धः ॥** –वैशेषिक (अ.२/आ.२/सू.२) ॥

पृथ्वीमा **गन्ध**, गुण स्वभाविक छ । रूप, रस र स्पर्श अग्नि, जल र वायुको योगले हो, जलमा रस, अग्निमा रूप, वायुमा स्पर्श र आकाशमा शब्द स्वभाविक छ ।

**रूपरसस्पर्शवत्य आपो द्रवाः स्निग्धाः ॥** –वैशेषिक (अ.२/आ.१/सू.२) ॥

रूप, रस र स्पर्शवान्, द्रवीभूत र कोमल हुन्छ, त्यसलाई **'जल'** भन्दछन् । परन्तु स्वाभाविक गुण, जलको **रस** हो, तथा रूप-स्पर्श अग्नि र वायुको योगले हुन्छ ।

**अप्सु शीतता ॥** –वैशेषिक (अ.२/आ.२/सू.५) ॥

र जलमा **शीतलत्व** पनि गुण स्वाभाविक हो ।

**तेजो रूपस्पर्शवत् ॥** –वैशेषिक (अ.२/आ.१/सू.३) ॥

जो रूपवाला र स्पर्शवाला छ, त्यो **'तेज'** हो । परन्तु यसमा रूप स्वाभाविक र स्पर्श वायुको योगले गर्दा हुन्छ ।

**स्पर्शवान् वायुः ॥** –वैशेषिक (अ.२/आ.१/सू.४) ॥

स्पर्श गुणवाला **'वायु'** हो । परन्तु यसमा पनि उष्णता, शीतता, तेज र जलको योगले हुन्छ ।

**त आकाशे न विद्यन्ते ॥** –वैशेषिक (अ.२/आ.१/सू.५) ॥

रूप, रस, गन्ध र स्पर्श आकाशमा छैन । किन्तु**' शब्द'** नै **आकाश**को गुण हो ।

**निष्क्रमणं प्रवेशनमित्याकाशस्य लिङ्गम् ॥** –वैशेषिक (अ.२/आ.१/सू.२०) ॥

जसमा प्रवेश र निस्कने हुन्छ, त्यो **'आकाश'** को लिङ्ग हो ।

**कार्य्यान्तराप्रादुर्भावाच्च शब्दः स्पर्शवतामगुणः ॥** –वैशेषिक (अ.२/आ.१/सू.२५) ॥

अन्य पृथ्वी आदि कार्यहरूदेखि प्रकट नहुनाले शब्द; स्पर्शगुणवाला भूमि आदिको गुण हुँदैन । किन्तु शब्द आकाशको नै गुण हो ।

**अपरस्मन्नपरं युगपच्चिरं क्षिप्रमिति काललिङ्गानि ॥** –वैशेषिक (अ.२/आ.२/सू.६) ॥

जसमा अपर, पर, (युगपत्) एकपटक, (चिरम्) विलम्ब, (क्षिप्रम्) शीघ्र इत्यादि प्रयोग हुन्छन्, त्यसलाई **'काल'** भन्दछन् ।

**नित्येष्वभावादनित्येषु भावात्कारणे कालाख्येति ॥** –वैशेषिक (अ.२/आ.२/सू.९) ॥

जो नित्य पदार्थहरूमा छैन र अनित्यमा छ, यसैले कारणमा नै **काल संज्ञा** हो ।

**इत इदमिति यतस्तद्दिश्यं लिङ्गम् ॥** –वैशेषिक (अ.२/आ.२/सू.१०) ॥

यहाँदेखि यो पूर्व, दक्षिण, पश्चिम, उत्तर, माथि, तल, जसमा यो व्यवहार हुन्छ, उसैलाई **'दिशा'** भन्दछन् ।

**आदित्यसंयोगाद् भूतपूर्वाद् भविष्यतो भूताच्च प्राची ॥** –वैशेषिक (अ.२/आ.२/सू.१४) ॥

जसबाट प्रथम आदित्यको संयोग भएको हो, छ, हुनेछ, त्यसलाई **'पूर्व'** दिशा भन्दछन्, र जहाँ अस्त हुन्छ, उसलाई **'पश्चिम'**, पूर्वाभिमुख मनुष्यको दाहिनेतिर **'दक्षिण'** र बायाँतिरलाई **'उत्तर'** दिशा भनिन्छ ।

**एतेन दिगन्तरालानि व्याख्यातानि ॥** –वैशेषिक (अ.२/आ.२/सू.१६) ॥

यसदेखि जुन पूर्व-दक्षिणको बीचमा दिशा छ त्यसलाई **'आग्नेयी'**, दक्षिण-पश्चिमको बीचलाई **'नैर्ऋति'** पश्चिम-उत्तरको बीचको लागि **'वायवी'** र उत्तर-पूर्वको बीचको लागि **'ऐशानी'** दिशा भन्दछन् ।

**इच्छाद्वेषप्रयत्नसुखदुःखज्ञानान्यात्मनो लिङ्गमिति ॥** –न्यायशास्त्र (अ.१/आ.१/सू.१०) ॥

जसमा (इच्छा) राग, (द्वेष) वैर, (प्रयत्न) पुरुषार्थ; सुख; दुःख; (ज्ञान) जान्नु गुण हो, त्यो जीवात्मा । वैशेषिकमा यति विशेष छ–

**प्राणाऽपाननिमेषोन्मेषजीवनमनोगतीन्द्रियान्तरविकाराः सुखदुःखेच्छाद्वेषप्रयत्नाश्चात्मनो लिङ्गानि ॥**

–वैशेषिक (अध्याय ३/आह्निक २/सूत्र ४) ॥

(प्राण) भित्रबाट वायुलाई निकाल्नु, (अपान) बाहिरबाट वायुलाई भित्र लिनु, (निमेष) आँखालाई तल पार्नु, (उन्मेष) आँखालाई माथि उठाउनु, (जीवन) प्राणलाई धारण गर्नु, (मनः) मनन विचार अर्थात् ज्ञान, (गति) यथेष्ट गमन गर्नु, (इन्द्रिय) इन्द्रियहरूलाई विषयहरूमा चलाउनु, तिनबाट विषयहरूको ग्रहण गर्नु, (अन्तर्विकार) क्षुधा, तृषा, ज्वर, पीडा आदि विकारहरू हुनु, सुख, दुःख, इच्छा, द्वेष र प्रयत्न यी सबै **आत्मा**का लिङ्ग अर्थात् कर्म र गुण हुन् ।

**युगपज्ज्ञानानुत्पत्तिर्मनसो लिङ्गम् ॥** –न्यायशास्त्र (अध्याय १/आह्निक १/सूत्र १६) ॥

जसबाट एक कालमा दुइटा पदार्थको ग्रहण, ज्ञान हुँदैन, त्यसलाई **'मन'** भन्दछन् । यो द्रव्यको स्वरूप र लक्षण भनियो । अब गुणको बारेमा बताइन्छ–

**रूपरसगन्धस्पर्शाः संख्याः परिमाणानि पृथक्त्वं संयोग-विभागौ परत्वाऽपरत्वे बुद्धयः सुखदुःखेच्छाद्वेषौ प्रयत्नाश्च गुणाः ॥** –वैशेषिक (अ.१/आ.१/सू.६) ॥

रूप, रस, गन्ध, स्पर्श, संख्या, परिमाण, पृथक्त्व, संयोग, विभाग, परत्व, अपरत्व, बुद्धि, सुख, दुःख, इच्छा, द्वेष, प्रयत्न, गुरुत्व, द्रवत्व, स्नेह, संस्कार, धर्म, अधर्म र शब्द, यी **२४**लाई **गुण** भन्दछन् ।

**द्रव्याश्रय्यगुणवान् संयोगविभागेष्वकारणमनपेक्ष इति गुणलक्षणम् ॥**

–वैशेषिक (अ.१/आ.१/सू.१६) ॥

गुण त्यसलाई भन्दछन् कि जो द्रव्यको आश्रयमा रहन्छ, अन्य गुणलाई धारण गर्दैन, संयोग र विभागहरूमा कारण नहोस्, (अनपेक्ष) अर्थात् एक दोस्राको अपेक्षा नहोस्, तिनको नाम **'गुण'** हो ।

**श्रोत्रोपलब्धिर्बुद्धिनिर्ग्राह्यः प्रयोगेणाऽभिज्वलित आकाशदेशः शब्दः ॥** –महाभाष्य (१/१/२/२) ॥

जसको श्रोत्रबाट प्राप्ति हुन्छ त्यो **शब्द,** र जसलाई बुद्धिले ग्रहण गर्दछ त्यो **शब्द,** र जुन प्रयोगले प्रकाशित हुन्छ त्यो **शब्द,** र आकाश जसको देश हो, त्यसलाई पनि **'शब्द'** भनिन्छ । नेत्रबाट जसको ग्रहण हुन्छ त्यो **रूप**, जिब्रोबाट जुन मिष्टादि अनेक प्रकारको ग्रहण हुन्छ त्यो **रस**, नासिकाबाट जसको ग्रहण हुन्छ त्यो **गन्ध**, त्वचाबाट जसको ग्रहण हुन्छ त्यो **स्पर्श**, एक-द्वि इत्यादि संख्या=जसबाट पदार्थहरूको गणना हुन्छ, (**परिमाण**) जसबाट तौल अर्थात् हलुको वा भारी विदित हुन्छ, (**पृथक्त्व**) एक दोस्राबाट अलग, (**संयोग**) एक दोस्रोसँग मिल्नु, (**विभाग**) एक मिलेकाको अनेक टुक्रा हुनु, (**परत्व**) यसदेखि यो पर छ (**अपर**) उसदेखि यो वर छ, (**बुद्धि**) ज्ञान, (**सुख**) आनन्द, (**दुःख**) क्लेश, (**इच्छा**) राग, (**द्वेष**) विरोध, वैर, (**प्रयत्न**) अनेक प्रकारको बल पुरुषार्थ, (**गुरुत्व**) भारीपन, (**द्रवत्व**) पग्लिनु, (**स्नेह**) प्रीति र चिप्लोपना, (**संस्कार**) दोस्राको योगदेखि वासना हुनु, (**धर्म**) न्यायाचरण र कठिनत्वादि, (**अधर्म**) अन्यायाचरण र कठिनतादेखि विरुद्ध कोमलता, यी २४ **गुण** हुन् ।

**उत्क्षेपणमवक्षेपणमाकुञ्चनं प्रसारणं गमनमिति कर्माणि ॥** –वैशेषिक (अ.१/आ.१/सू.७) ॥

(उत्क्षेपण) माथितिर चेष्टा गर्नु, (अवक्षेपण) तलतिर चेष्टा गर्नु, (आकुञ्चन) सङ्कोच गर्नु-खुम्चिनु, (प्रसारण) फैलनु, (गमन) समभागमा गति गर्नु अर्थात् चल्नु, आउनु-जानु, घुम्नु आदि हुन्छन्, यिनलाई **कर्म** भन्दछन् । यिनको लक्षण–

**एकद्रव्यमगुणं संयोगविभागेष्वनपेक्षकारणमिति कर्मलक्षणम् ॥** –वैशेषिक (अ.१/आ.१/सू.१७) ॥

**'एकं द्रव्यमाश्रय आधारो यस्य तदेकद्रव्यम्, न विद्यते गुणो यस्य यस्मिंस्तदगुणम्, संयोगेषु विभागेषु चाऽपेक्षारहितं कारणं तत्कर्मलक्षणम्'** अथवा **'यत् क्रियते तत्कर्म, लक्ष्यते येन तल्लक्षणम् कर्मणो लक्षणं कर्मलक्षणम्'** एक द्रव्यको आश्रित, गुणदेखि रहित, संयोग र विभाग हुनमा अपेक्षारहित कारण हो, त्यसलाई **'कर्म'** भन्दछन् ।

**द्रव्यगुणकर्मणां द्रव्यं कारणं सामान्यम् ॥** –वैशेषिक (अ.१/आ.१/सू.१८) ॥

जुन कार्य-द्रव्य, गुण र कर्मको कारण द्रव्य हो, त्यो सामान्य द्रव्य हो ।

**द्रव्याणां द्रव्यं कार्य्यं सामान्यम् ॥** –वैशेषिक (अ.१/आ.१/सू.२३) ॥

जुन द्रव्यहरूको कार्य द्रव्य नै हो, त्यो कार्यपनदेखि सबै कार्यहरू सामान्य हुन् ।

**द्रव्यत्वं गुणत्वं कर्मत्वञ्च सामान्यानि विशेषाश्च ॥** –वैशेषिक (अ.१/आ.२/सू.५) ॥

द्रव्यहरूमा द्रव्यपन, गुणहरूमा गुणपन, कर्महरूमा कर्मपन यी सबै 'सामान्य' र 'विशेष' भनिन्छन् । किनभने द्रव्यहरूमा द्रव्यत्व सामान्य, र गुणत्व कर्मत्वदेखि द्रव्यत्व विशेष हो, यसै प्रकारले सर्वत्र जान्नु ।

**सामान्यं विशेष इति बुद्धयपेक्षम् ॥** –वैशेषिक (अ.१/आ.२/सू.३) ॥

सामान्य र विशेष, बुद्धिको अपेक्षाले सिद्ध हुन्छन् । जस्तै– मनुष्य व्यक्तिहरूमा मनुष्यत्व सामान्य र पशुत्वादिदेखि विशेष तथा स्त्रीत्व र पुरुषत्व यिनमा ब्राह्मणत्व, क्षत्रियत्व, वैश्यत्व, शूद्रत्व पनि विशेष हुन् । ब्राह्मण व्यक्तिहरूमा ब्राह्मणत्व सामान्य र क्षत्रियादिदेखि विशेष हो, यसै प्रकारले सर्वत्र जान्नु ।

**इहेदमिति यतः कार्यकारणयोः स समवायः ॥** –वैशेषिक (अ.७/आ.२/सू.२६) ॥

यसमा यो, जस्तै द्रव्यमा क्रिया, गुणीमा गुण, व्यक्तिमा जाति, अवयवमा अवयवी, कार्यमा कारण अर्थात् क्रिया-क्रियावान्, गुण-गुणी, जाति-व्यक्ति, कार्य-कारण, अवयव-अवयवी, यिनको नित्य सम्बन्ध हुनाले **'समवाय'** भनिन्छ, र जुन द्रव्यहरूको परस्पर सम्बन्ध हुन्छ, त्यो संयोग अर्थात् अनित्य सम्बन्ध हो ।

**द्रव्यगुणयोः सजातीयारम्भकत्वं साधर्म्यम् ॥** –वैशेषिक (अ.१/आ.१/सू.९) ॥

जुन समानजातीयक द्रव्य र गुणको कार्यको आरम्भ हुन्छ, त्यसलाई **'साधर्म्य'** भन्दछन् । जस्तै पृथ्वीमा जडत्व धर्म र घटादिकार्योत्पादकत्व स्वसदृश धर्म हो, त्यस्तै जलमा पनि जडत्व र हिम आदि स्वसदृश कार्यको आरम्भ, पृथ्वीको साथ जलको र जलको साथ पृथ्वीको तुल्य धर्म हो । अर्थात्

**द्रव्यगुणयोर्विजातीयारम्भकत्वं वैधर्म्यम्** यो विदित भयो कि जुन द्रव्य र गुणको विरुद्ध धर्म र कार्यको आरम्भ हो, त्यसैलाई **'वैधर्म्य'** भन्दछन्, जसरी पृथ्वीमा कठिनत्व, शुष्कत्व र गन्धत्त्व धर्म जलदेखि विरुद्ध र जलको द्रवत्व, कोमलता र रसगुणयुक्तपन पृथ्वीदेखि विरुद्ध छ ।

**कारणाऽभावात्कार्याऽभावः ॥** –वैशेषिक (अ.१/आ.२/सू.१) ॥

कारणको नहुनाले, कार्य कहिल्यै पनि हुँदैन ।

**कारणभावात्कार्यभावः ॥** –वैशेषिक (अ.४/आ.१/सू.३) ॥

कारण भएमा मात्रै कार्य हुन्छ ।

**न तु कार्याभावात्कारणाभावः ॥** –वैशेषिक (अ.१/आ.२/सू.२) ॥

कार्यको अभावले कारणको अभाव हुँदैन ।

**कारणगुणपूर्वकः कार्यगुणो दृष्टः ॥** –वैशेषिक (अ.२/आ.१/सू.२४) ॥

जसरी कारणमा गुण हुन्छन्, त्यसरी नै कार्यमा पनि हुन्छन् । **परिमाण** दुई प्रकारको हुन्छ–

**अणुमहदिति तस्मिन्विशेषभावाद्विशेषाभावाच्च ॥** –वैशेषिक (अ.७/आ.१/सू.११) ॥

(अणु) सूक्ष्म, (महत्) ठूलो, सापेक्ष हो । जस्तै त्रसरेणु लिक्षा भन्दा सानो र द्व्यणुक भन्दा ठूलो हो, तथा पहाड पृथ्वी भन्दा सानो, वृक्षहरू भन्दा ठूलो हो ।

**सदिति यतो द्रव्यगुणकर्मसु सा सत्ता ॥** –वैशेषिक (अ.१/आ.२/सू.७) ॥

जुन द्रव्य, गुण र कर्महरूमा सत् शब्द अन्वित रहन्छ, अर्थात् (सद् द्रव्यम्-सन् गुणः–सत्कर्म) सत् द्रव्य, सत् गुण, सत् कर्म । अर्थात् वर्तमान कालवाची शब्दको अन्वय सबैको साथमा रहन्छ ।

**भावोऽनुवृत्तेरेव हेतुत्वात्सामान्यमेव ॥** –वैशेषिक (अ.१/आ.२/सू.४) ॥

जुन सबैको साथ अनुवर्तमान हुनाले सत्तारूप भाव हो, त्यसलाई **'महासामान्य'** भनिन्छ । यो क्रम भावरूप द्रव्यहरूको हो, र जुन **अभाव** हो त्यो पाँच प्रकारको हुन्छ ।

**क्रियागुणव्यपदेशाभावात्प्रागसत् ॥** –वैशेषिक (अ.९/आ.१/सू.१) ॥

क्रिया र गुणको विशेष निमित्तको अभावले प्राक् अर्थात् पूर्व (असत्) थिएन । जस्तै घट, वस्त्रादि उत्पत्तिको पूर्व थिएनन्, यसको नाम **'प्रागभाव'** । दोस्रो–

**सदसत् ॥** –वैशेषिक (अ.९/आ.१/सू.२) ॥

जुन भएर रहँदैन । जस्तै घट उत्पन्न भएर नष्ट हुन्छ, यो **'प्रध्वंसाभाव'** भनिन्छ । तेस्रो–

**सच्चासत् ॥** –वैशेषिक (अ.९/आ.१/सू.४) ॥

जुन हुन्छ र हुँदैन पनि । जस्तै **'अगौरश्वोऽनश्वो गौः'** यो घोडा गाई होइन र यो गाई घोडा होइन । अर्थात् घोडामा गाईको र गाईमा घोडाको अभाव र गाईमा गाई र घोडामा घोडाको भाव छ । यसलाई **अन्योऽन्याभाव** भनिन्छ । चौथो–

**यच्चान्यदसदतस्तदसत् ॥** –वैशेषिक (अ.९/आ.१/सू.५) ॥

जुन पूर्वोक्त तीनै अभावदेखि भिन्न छ, त्यसलाई **'अत्यन्ताभाव'** भन्दछन् । जस्तै–'नरशृङ्ग' अर्थात् मनुष्यको सींग, 'खपुष्प' आकाशको फूल र 'बन्ध्यापुत्र' को पुत्र इत्यादि । पाँचौं–

**नास्ति घटो गेह इति सतो घटस्य गेहसंसर्गप्रतिषेधः ॥** –वैशेषिक (अ.९/आ.१/सू.१०) ॥

घरमा घडा छैन अर्थात् अन्यत्र छ, घरको साथ घडाको सम्बन्ध छैन । यिनीहरूलाई पाँचौं **अभाव** भनिन्छ ।

**इन्द्रियदोषात्संस्कारदोषाच्चाविद्या ॥** –वैशेषिक (अ.९/आ.२/सू.१०) ॥

इन्द्रियहरूको र संस्कारको दोषबाट **अविद्या** उत्पन्न हुन्छ ।

**तद्दुष्टं ज्ञानम् ॥** –वैशेषिक (अ.९/आ.२/सू.११) ॥

जुन दुष्ट ज्ञान हो अर्थात् विपरीत ज्ञान हो, त्यसैलाई **'अविद्या'** भन्दछन् ।

**अदुष्टं विद्या ॥** –वैशेषिक (अ.९/आ.२/सू.१२) ॥

जुन अदुष्ट अर्थात् यथार्थ ज्ञान हो, त्यसलाई **'विद्या'** भन्दछन् ।

**पृथिव्यादिरूपरसगन्धस्पर्शा द्रव्यानित्यत्वादनित्याश्च ॥** –वैशेषिक (अ.७/आ.१/सू.२) ॥

**एतेन नित्येषु नित्यत्वमुक्तम् ॥** –वैशेषिक (अ.७/आ.१/सू.३) ॥

जुन कार्यरूप पृथिव्यादि पदार्थ र उनमा रूप, रस, गन्ध, स्पर्श गुण छन्, यी सबै द्रव्यहरूको अनित्य हुनाले अनित्य हुन्, र जुन यसबाट कारणरूप पृथिव्यादि नित्य द्रव्यहरूमा गन्धादि गुण छन्, ती **नित्य** हुन् ।

**सदकारणवन्नित्यम् ॥** –वैशेषिक (अ.४/आ.१/सू.१) ॥

जुन विद्यमान छ र जसको कारण कुनै पनि छैन, त्यो **नित्य** हो । अर्थात् **'सत्कारणवदनित्यम्'** जुन कारणवाला कार्यरूप द्रव्य गुण हो, त्यसलाई **अनित्य** भनिन्छ ।

**अस्येदं कार्यं कारणं संयोगि विरोधि समवायि चेति लैङ्गिकम् ।** –वैशेषिक (अ.९/आ.२/सू.१) ॥

यसको यो, कार्य वा कारण हो, इत्यादि समवायि, संयोगि, एकार्थसमवायि र विरोधि यो चार प्रकारको लैङ्गिक अर्थात् लिङ्ग-लिङ्गिको सम्बन्धले ज्ञान हुन्छ । 'समवायि' जस्तो आकाश परिमाणवाला हो, 'संयोगि' जस्तो शरीर त्वचावाला हो, इत्यादिको नित्य संयोग हुन्छ, 'एकार्थसमवायि' एक अर्थमा दुइटा रहनु, जस्तो कार्यरूप–स्पर्श कार्यको लिङ्ग अर्थात् जान्नेवाला हो, 'विरोधि'–जस्तो भैसकेको वृष्टि हुनेवाला वृष्टिको विरोधी लिङ्ग हो ।

'व्याप्ति'–

**नियतधर्मसाहित्यमुभयोरेकतरस्य वा व्याप्तिः ॥** –सांख्यशास्त्र–२९ ॥

**निजशक्त्युद्भवमित्याचार्याः ॥** –सांख्यशास्त्र–३१ ॥

**आधेयशक्तियोग इति पञ्चशिखः ॥** –सांख्यशास्त्र–३२ ॥

जुन दुइटै साध्य साधन अर्थात् सिद्ध गर्न योग्य र जसबाट सिद्ध गरिन्छ ती दुइटै अथवा एक, साधनमात्रको निश्चित धर्मको सहचार हो, त्यसैलाई **'व्याप्ति'** भन्दछन् । जस्तो **धूम** र **अग्नि**को सहचार हो ॥२९॥ तथा व्याप्त जुन धूम उसको निज शक्तिले उत्पन्न हुन्छ अर्थात् जब देशान्तरमा दूर धुवाँ जान्छ तब बिना अग्निको योगले पनि धुवाँ स्वयं रहन्छ, त्यसैको नाम व्याप्ति हो, अर्थात् अग्निको छेदन, भेदन, सामर्थ्यले जलादि पदार्थ धूमरूपमा प्रकट हुन्छ ॥३१॥ जस्तै महत्तत्त्वादिमा प्रकृत्यादिको व्यापकता र बुद्ध्यादिमा व्याप्यता धर्मको सम्बन्धको नाम व्याप्ति हो, जसरी शक्ति आधेयरूप र शक्तिमान् आधाररूपको सम्बन्ध हो ॥३२॥ इत्यादि शास्त्रहरूको प्रमाणादिबाट परीक्षा गरेर पढोस् र पढाओस् । अन्यथा विद्यार्थीहरूलाई सत्यको बोध कहिल्यै पनि हुन सक्दैन । जुन-जुन ग्रन्थलाई पढाउँछ, त्यस-त्यसको पूर्वोक्त प्रकारले परीक्षा गरेर जुन सत्य ठहरिन्छ, त्यही-त्यही ग्रन्थ पढाओस् । जुन-जुन यी परीक्षाहरूदेखि विरुद्ध हुन्छन्, ती-ती ग्रन्थहरू नपढोस् र नपढाओस् । किनभने–

**लक्षणप्रमाणाभ्यां वस्तुसिद्धिः ॥** –न्यायशास्त्र वात्स्यायन भाष्य (३/१/२८) ॥

लक्षण जस्तो कि **गन्धवती पृथ्वी** जुन पृथ्वी हो त्यो गन्धवाली हो । यस्ता लक्षण र प्रत्यक्षादि प्रमाण, यी देखि सबै सत्याऽसत्य र पदार्थको निर्णय हुन जान्छ । यसको बिना केही पनि हुँदैन ।

## पठन-पाठनको बारेमा विशेष विधि (३.९)

अब पढ्न-पढाउनको लागि प्रकार लेखिन्छ– प्रथम पाणिनिमुनिकृतशिक्षा जुन कि सूत्ररूप हो, यसको रीति अर्थात् यस अक्षरको यो स्थान, यो प्रयत्न, यो करण हो । जस्तै 'प' यसको ओष्ठ स्थान, स्पृष्ट प्रयत्न र प्राण तथा जिब्रोको क्रिया गर्नुलाई **'करण'** भन्दछन् । यस प्रकार यथायोग्य सबै अक्षरहरूको उच्चारण माता, पिता, आचार्यले सिकाइदिनु । तदनन्तर व्याकरण अर्थात् प्रथम अष्टाध्यायीको सूत्रहरूको पाठ, जस्तै **'वृद्धिरादैच्'** (अष्टाध्यायी अध्याय १/पाद १/सूत्र १) फेरि **पदच्छेद** जस्तै 'वृद्धिः, आत्, ऐच्', पश्चात् समास **'आच्च ऐच्च आदैच्',** फेरि अर्थ– **'आदैचां वृद्धिसंज्ञा क्रियते'** आ, ऐ, औ को वृद्धि **संज्ञा** हो । **'तः परो यस्मात्स तपरस्तादपि परस्तपरः'** तकार जसदेखि पर र जुन तकारदेखि पनि पर होस्, त्यसलाई 'तपर' भनिन्छ । यसबाट सिद्ध भयो कि जुन आकारदेखि पर त् र तकारदेखि पर ऐच् दुइटै तपर हुन् । तपरको प्रयोजन यस कारणले हो कि ह्रस्व र प्लुतको वृद्धि संज्ञा भएन ।

उदारहण **'भागः'** यहाँ 'भज्' धातुबाट 'घञ्' प्रत्ययको पर 'घ्, ञ्' **को इत्संज्ञा**, **लोप, भकारस्थ अकारको** स्थानमा 'आ' वृद्धि भयो भने त **'भाज्'** । पुनः 'ज्' को ग् होस्, अकारको साथमा मिलेर 'भागः' यस्तो प्रयोग भयो ।

'अध्यायः' यहाँ अधिपूर्वक 'इङ्' धातुको ह्रस्व इकारको स्थानमा 'घञ्' प्रत्ययको पर 'ऐ' वृद्धि होस्, 'आय्' होस्, मिलेर **'अध्यायः'** ।

'नायकः' यहाँ 'नीञ्' धातुको दीर्घ ईकारको स्थानमा 'ण्वुल्' प्रत्ययको पर 'ऐ' वृद्धि होस्, 'आय' मिलेर **'नायकः'** ।

र 'स्तावकः' यहाँ 'स्तु' धातुबाट 'ण्वुल्', ह्रस्व उकारको 'औ' वृद्धि 'आव्' आदेश भएर अकारमा मिल्यो भने त **'स्तावकः'** ।

**(कृञ्)** धातुदेखि अगाडि 'ण्वुल्', प्रत्यय उसको 'ण्, ल्' को इत्संज्ञा भएर लोप, 'वु' को स्थानमा 'अक' आदेश र ऋकारको स्थानमा 'आर्' वृद्धि भएर 'कारकः' सिद्ध भयो, र जुन-जुन सूत्र अगाडि पछाडिको, प्रयोगमा लाग्दछ, त्यसको कार्य सबै बताइयोस् र खरीपाटी अथवा काठको पाटीमा देखाउँदै-देखाउँदै काँचो

रूप धर्दै जस्तै 'भज+घञ्+सु' । प्रथम धातुको अकारको लोपको पश्चात् घ्कार ञ्को लोप भएर 'भज्+अ+सु' यस्तो रह्यो, फेरि 'भाग्+अ+सु', 'भाग+सु' फेरि भागरूँ, फेरि भागरूं, फेरि भाग्र पुनः भागः । जुन-जुन सूत्रबाट जुन-जुन कार्य हुनु छ, त्यस-त्यसलाई पढेर र लेख्ने-लेखाउने गर्दै कार्य गर्दै-गर्दै जानु । यस प्रकारले पढ्ने-पढाउने गर्नाले राम्रोसँग दृढ बोध हुन्छ ।

एक पटक यसै प्रकारले अष्टाध्यायी पढाएर धातुपाठ, अर्थ र दश लकारहरूको रूप तथा प्रक्रिया सहित सूत्रहरूको उत्सर्ग अर्थात् सामान्यसूत्र जस्तै– **'कर्मण्यण्'** (अष्टा.३/२/१) कर्म उपपद लागेको छ भने त सबै धातुले मात्रै अण् प्रत्यय होस्, जसरी **'कुम्भकारः'** । पश्चात् अपवाद सूत्र जस्तै **'आतोऽनुपसर्गे कः'** (अष्टा.३/२/३) उपसर्गभित्र कर्म उपपद लागेको छ भने त आकारान्त धातुबाट 'क' प्रत्यय होस् । अर्थात् जुन बहुव्यापक जस्तो कि कर्मोपपद लागेको छ भने त सबै धातुबाट 'अण्' प्राप्त हुन्छ, त्यसदेखि विशेष अर्थात् अल्प विषय उसै पूर्व सूत्रको विषयदेखि आकारान्त धातुको 'क' प्रत्ययले ग्रहण गरेर लियो, जसरी उत्सर्गको विषयमा अपवाद सूत्रको प्रवृत्ति हुन्छ, त्यसरी अपवादको विषयमा उत्सर्गको प्रवृत्ति हुँदैन । जस्तै चक्रवर्ती राजाको राज्यमा माण्डलिक र भूमिदारहरूको प्रवृत्ति हुन्छ, त्यस्तो माण्डलिक राजादिको राज्यमा चक्रवर्तीको प्रवृत्ति हुँदैन । यसै प्रकार पाणिनि महर्षिले हजारौं श्लोकहरूको बीचमा अखिल शब्द, अर्थ र सम्बन्धहरूको विद्या प्रतिपादित गरिदिएका छन् ।

धातुपाठको पश्चात् उणादिगणलाई पढाउनमा सर्व सुबन्तको विषय राम्रोसँग पढाएर पुनः दोस्रो पटक शङ्का, समाधान, वार्त्तिक, कारिका, परिभाषाको घटनापूर्वक अष्टाध्यायीको द्वितीयानुवृत्ति पढाओस् । तदनन्तर महाभाष्य पढाओस् । अर्थात् जो बुद्धिमान्, पुरुषार्थी, निष्कपटी, विद्यावृद्धिलाई चाहनेवाला नित्य पढोस्-पढाओस् त डेढ वर्षमा अष्टाध्यायी र डेढ वर्षमा महाभाष्य पढेर तीन वर्षमा पूर्ण वैयाकरण भएर वैदिक र लौकिक शब्दहरूको व्याकरणदेखि बोध हुँदै पुनः अन्य शास्त्रहरूलाई शीघ्र पढ्न-पढाउन सक्दछ । किन्तु जस्तो ठूलो परिश्रम व्याकरणमा हुने गर्दछ, त्यस्तो श्रम अन्य शास्त्रहरूमा गर्न पर्दैन, र जति बोध यिनलाई पढ्नाले तीन वर्षमा हुन्छ, त्यति बोध कुग्रन्थ सारस्वत, चन्द्रिका, कौमुदी, मनोरमादिलाई पढ्नाले पचास वर्षमा पनि हुन सक्दैन । किनभने जो महाशय महर्षि जनहरूले सहजतासँग महान् विषय आफ्नो ग्रन्थमा प्रकाशित गरेका छन्, त्यस्तो यी क्षुद्राशय, मनुष्यको कल्पित ग्रन्थहरूमा कसरी हुन सक्दछ र ! महर्षि जनहरूको आशय, जहाँसम्म हुन सक्दछ वहाँसम्म सुगम र जसको ग्रहणमा समय थोरै लाग्दछ, यस प्रकारको हुन्छ र क्षुद्राशय जनहरूको मनसा यस्तो हुन्छ कि जहाँसम्म बन्न सक्दछ त्यहाँ सम्म कठिन रचना गर्ने, जसलाई बडो परिश्रमले अल्प लाभ उठाउन सकून्, जस्तै पहाडलाई खन्नु, कौडीको लाभ पाउनु । आर्ष ग्रन्थहरूलाई पढ्नु यस्तो हो कि एक गोता लगाउनु, बहुमूल्य मोतिलाई पाउनु ।

व्याकरणलाई पढेर यास्कमुनिकृत निघण्टु र निरुक्त छः वा आठ महिनामा सार्थक पढोस् र पढाओस् । अन्य नास्तिककृत अमरकोशादिमा अनेक वर्ष व्यर्थ नगुमाउनु । तदनन्तर पिङ्गलाचार्यकृत छन्दोग्रन्थ जसबाट वैदिक लौकिक छन्दहरूको परिज्ञान, नवीन रचना र श्लोक बनाउने रीति पनि यथावत् सिकोस् । यस ग्रन्थ र श्लोकहरूको रचना तथा प्रस्तारलाई चार महिनामा सिकेर पढ्न-पढाउन सकिन्छ, र वृत्तरत्नाकर आदि अल्पबुद्धिप्रकल्पित ग्रन्थहरूमा अनेक वर्ष न बिताउनु । तत्पश्चात् मनुस्मृति, वाल्मीकि रामायण र महाभारतको उद्योगपर्वान्तर्गत विदुरनीति आदि राम्रा प्रकरण जसबाट दुष्ट व्यसन दूर होस् र उत्तम सभ्यता प्राप्ति होस्, त्यस्तै काव्यरीति अर्थात् पदच्छेद, पदार्थोक्ति, अन्वय, विशेष्य, विशेषण र भावार्थलाई अध्यापकले जनाइदिनु र विद्यार्थीहरूले जान्दै जानु । यिनलाई एक वर्ष भित्रै पढेर सकून् ।

तदनन्तर पूर्वमीमांसा, वैशेषिक, न्याय, योग, सांख्य र वेदान्त अर्थात् जहाँसम्म बन्न सक्दछ, वहाँसम्म ऋषिकृत व्याख्यासहित अथवा उत्तम विद्वान्हरूको सरल व्याख्यायुक्त छः शास्त्रहरूलाई पढोस्-पढाओस् । परन्तु वेदान्तको सूत्रलाई पढ्न भन्दा पूर्व ईश, केन, कठ, प्रश्न, मुण्डक, माण्डूक्य, ऐतरेयी, तैत्तिरेयी, छान्दोग्य र बृहदारण्यक यी दश उपनिषद्हरूलाई पढेर छः शास्त्रहरूको भाष्य वृत्तिसहित सूत्रहरूलाई दुई वर्षभित्रमा पढोस् र पढाओस् । पश्चात् छः वर्षहरूको भित्रमा चारै ब्राह्मण अर्थात् ऐतरेय, शतपथ, साम र गोपथ ब्राह्मणहरूको सहित चारै वेदहरूका स्वर, शब्द, अर्थ, सम्बन्ध तथा क्रियासहित पढ्न योग्य छ । यसमा प्रमाण–

**स्थाणुरयं भारहारः किलाभूदधीत्य वेदं न विजानाति योऽर्थम् ।**

**योऽर्थज्ञ इत्सकलं भद्रमश्नुते नाकमेति ज्ञानविधूतपाप्मा ॥** –यो निरुक्त (१/१८) को मन्त्र हो ॥

जसले वेदको स्वर र पाठमात्र पढेर अर्थलाई जान्दैन, त्यो जस्तो वृक्ष-डाली, पात, फल, फूल र अन्य पशु-धान्य आदिको भार उठाउँछ, त्यस्तै भारवाह अर्थात् भारलाई उठाउनेवाला हो, र जसले वेदलाई

पढ्छ र उनका यथावत् अर्थ जान्दछ, त्यही सम्पूर्ण आनन्दलाई प्राप्त भएर देहान्तको पश्चात् ज्ञानले पापहरूलाई छोडेर, पवित्र धर्माचरणको प्रतापले सर्वानन्दलाई प्राप्त हुन्छ ।

**उत त्वः पश्यन्न ददर्श वाचमुत त्वः शृण्वन्न शृणोत्येनाम् ।**

**उतो त्वस्मै तन्वं1 विसस्रे जायेव पत्य उशती सुवासाः ॥** –ऋग्वेद (मं.१०/सू.७१/मं.४) ॥

जो अविद्वान् छन् तिनले सुन्दासुन्दै पनि सुन्दैनन्, देख्दादेख्दै पनि देख्दैनन्, बोल्दाबोल्दै पनि बोल्दैनन् अर्थात् अविद्वान् जनहरूले यस विद्या वाणीको रहस्यलाई जान्न सक्दैनन् र जसले शब्द, अर्थ र सम्बन्धलाई जान्दछ उसको लागि विद्या– जसरी सुन्दर वस्त्र आभूषण धारण गरेकी, आफ्नो पतिको कामना गर्दी स्त्री आफ्नो शरीर स्वरूपको प्रकाश पतिको सामुन्ने गर्दछे– त्यस्तै विद्या विद्वान्को लागि आफ्नो स्वरूप प्रकाश गर्दछ, अविद्वान्हरूको लागि होइन ।

**ऋचो अक्षरे परमे व्योमन्यस्मिन्देवा अधि विश्वे निषेदुः ।**

**यस्तन्न वेद किमृचा करिष्यति य इत्तद्विदुस्त इमे समासते ॥** –ऋग्वेद (मं.१/सू.१६४/मं.३९) ॥

जुन व्यापक अविनाशी सर्वोत्कृष्ट परमेश्वरमा सबै विद्वान् र पृथ्वी सूर्य आदि सबै लोक स्थित छन्, कि जसमा सबै वेदहरूको मुख्य तात्पर्य हो, उस ब्रह्मलाई जसले जान्दैन, त्यसले ऋग्वेदादिदेखि के सुखलाई प्राप्त गर्न नै सक्दछ र ? होइन-होइन किन्तु जसले वेदलाई पढेर धर्मात्मा, योगी भएर ब्रह्मलाई जान्दछन्, ती सबै परमेश्वरमा स्थित भएर मुक्तिरूपी परमानन्दलाई प्राप्त हुन्छन् । यसैले जे-जति पढ्नु-पढाउनु छ, त्यो अर्थज्ञानसहित हुनुपर्दछ । यस प्रकारले सबै वेदहरूलाई पढेर, **'आयुर्वेद'** अर्थात् जुन चरक, सुश्रुत आदि ऋषि मुनि-प्रणीत वैद्यक शास्त्र छन्, तिनको अर्थ, क्रिया, शस्त्र-छेदन-भेदन, लेप, चिकित्सा, निदान, औषध, पथ्य, शारीर, देश, काल र वस्तुको गुण ज्ञानपूर्वक ४ वर्षको भित्रमा पढोस्-पढाओस् ।

तदनन्तर **'धनुर्वेद'** अर्थात् जुन राज्य सम्बन्धी काम गर्नु छ, यसका दुई भेद– एक निज राजपुरुषसम्बन्धी र अर्को प्रजासम्बन्धी हो । राजकार्यमा सबै सभा, सेनाको अध्यक्ष, शस्त्रास्त्रविद्या, नाना प्रकारको व्यूहहरूको अभ्यास अर्थात् जसलाई आजभोलि **'कवाज'** भन्दछन् जुन कि शत्रुसँगको लडाईंको समयमा क्रिया गर्नुपर्ने हुन्छ, त्यसलाई यथावत् सिकोस् र जुन-जुन प्रजाको पालन र वृद्धि गराउने प्रकार हुन्, तिनलाई सिकेर न्याय पूर्वक सबै प्रजालाई प्रसन्न राखोस्, दुष्टलाई यथायोग्य दण्ड र श्रेष्ठहरूको पालनको प्रकार सब प्रकारले सिकोस् । यस राजविद्यालाई दुई-दुई वर्षमा सिकेर **'गान्धर्ववेद'** कि जसलाई गानविद्या पनि भन्दछन्, त्यसमा स्वर, राग, रागिणी, समय, ताल, ग्राम, तान, वादित्र, नृत्य, गीत आदिलाई यथावत् सिकोस्, परन्तु मुख्य गरेर सामवेदको गान वादित्रवादनपूर्वक सिकोस् र नारदसंहिता आदि जुन-जुन आर्ष ग्रन्थ छन्, तिनलाई पढोस् परन्तु भँडुवा, वेश्या र विषयासक्तिकारक वैरागीहरूको गदर्भशब्दवत् व्यर्थ आलाप कहिल्यै नगरोस्, **'अथर्ववेद'** कि जसलाई शिल्पविद्या भन्दछन् त्यसको पदार्थ, गुण-विज्ञान-क्रियाकौशल, नानाविध पदार्थहरूको निर्माण, पृथ्वीदेखि लिएर आकाश-पर्यन्तको विद्यालाई यथावत् सिकेर अर्थ अर्थात् जसले ऐश्वर्यलाई बढाउँछ, त्यस विद्यालाई सिकेर दुई वर्षमा 'ज्योतिषशास्त्र' सूर्यसिद्धान्तादि जसमा बीजगणित, अङ्क, भूगोल, खगोल र भूगर्भविद्या पर्दछ, त्यसलाई यथावत् सिकोस् । तत्पश्चात् सबै प्रकारको हस्तक्रिया, यन्त्रकला आदिलाई सिकोस् । परन्तु जति ग्रह, नक्षत्र, जन्मपत्र, राशि, मुहूर्त आदिको फलको विधायक ग्रन्थहरू छन्, तिनलाई झुटो सम्झेर कहिल्यै पनि नपढोस् र नपढाओस् । यस्तो प्रयत्न पढ्ने र पढाउनेवालाले गरोस् कि जसमा बीस वा एक्काईस वर्षको भित्र समग्र विद्या उत्तम शिक्षा प्राप्त गरेर मनुष्यहरू कृतकृत्य हुँदै सदा आनन्दमा रहून् । जति विद्या यस रीतिबाट बीस वा एक्काईस वर्षहरूमा हुन सक्दछ, त्यति अन्य प्रकारले शतवर्षमा पनि हुन सक्दैन ।

## प्रामाण्य-अप्रामाण्य ग्रन्थहरूको विषय (३.१०)

ऋषिप्रणीत ग्रन्थहरूलाई यस कारण पढ्नुपर्दछ कि उनीहरू ठूला विद्वान्, सर्वशास्त्रवित् र धर्मात्मा थिए र जो अनृषि अर्थात् जसले अल्प शास्त्र पढेका छन् र जसको आत्मा पक्षपातसहित छ, तिनीहरूले बनाएका ग्रन्थहरू पनि त्यस्तैखाले हुन् भनेर जान्नू ।

पूर्वमीमांसामाथि व्यासमुनिकृत व्याख्या, वैशेषिकमाथि गौतममुनिकृत प्रशस्तपादभाष्य, गौतममुनिकृत न्यायसूत्रमाथि वात्स्यायनमुनिकृत भाष्य, पतञ्जलिमुनिकृत सूत्रमाथि व्यासमुनिकृत भाष्य, कपिलमुनिकृत सांख्यसूत्रमाथि भागुरिमुनिकृत भाष्य, व्यासमुनिकृत वेदान्तसूत्रमाथि वात्स्यायनकृत भाष्य अथवा बौधायनमुनिकृत भाष्य वृत्तिसहित पढोस्-पढाओस्, इत्यादि सूत्रहरूलाई कल्प अङ्गमा पनि गन्नुपर्दछ । जस्तै ऋग्, यजुः, साम, अथर्व चारै वेद ईश्वरकृत हुन् त्यस्तै ऐतरेय, शतपथ, साम र गोपथ चारै ब्राह्मण; शिक्षा,

कल्प, व्याकरण, निघण्टु-निरुक्त, छन्द र ज्योतिष छः वेदहरूको अङ्ग; मीमांसादि छः शास्त्र वेदहरूका उपाङ्ग; आयुर्वेद, धनुर्वेद, गान्धर्ववेद र अथर्ववेद यी चारै वेदहरूका उपवेद इत्यादि सबै ऋषि-मुनिले बनाएका ग्रन्थहरू हुन् । यिनमा पनि जुन-जुन वेदविरुद्ध प्रतीत हुन्छ, तिन-तिनलाई छोडिदिनु, किनभने वेद ईश्वरकृत हुनाले निर्भ्रान्त, 'स्वतःप्रमाण' अर्थात् वेदको प्रमाण वेद नै हुन्छ । ब्राह्मणादि सबै ग्रन्थ 'परतःप्रमाण' अर्थात् यिनको प्रमाण वेदाधीन हो । वेदको विशेष व्याख्या **'ऋग्वेदादिभाष्यभूमिका'** मा हेर्नुहोस् र यस ग्रन्थमा पनि अगाडि लेख्नेछु ।

अब जुन परित्यागका योग्य ग्रन्थहरू छन्, तिनको परिगणन संक्षेपले गरिन्छ । अर्थात् जुन-जुन तल ग्रन्थ लेख्नेछु, ती-ती जालग्रन्थ सम्झनुपर्दछ । व्याकरणमा कातन्त्र, सारस्वत, चन्द्रिका, मुग्धबोध, कौमुदी, शेखर, मनोरमादि । कोशमा अमरकोशादि । छन्दग्रन्थहरूमा वृत्तरत्नाकरादि । शिक्षामा **'अथ शिक्षां प्रवक्ष्यामि पाणिनीयं मतं यथा'** इत्यादि । ज्योतिषमा शीघ्रबोध, मुहूर्तचिन्तामणि आदि । काव्यमा नायिकाभेद, कुवलयानन्द, रघुवंश, माघ । किरातार्जुनीयादि । मीमांसामा धर्मसिन्धु, व्रतार्कादि । वैशेषिकमा तर्कसंग्रहादि । न्यायमा जागदीशी आदि । योगमा हठप्रदीपिकादि । सांख्यमा सांख्यतत्त्वकौमुद्यादि । वेदान्तमा योगवासिष्ठ, पञ्चदश्यादि । वैद्यकमा शार्ङ्गधरादि । स्मृतिहरूमा एक मनुस्मृति यसमा पनि प्रक्षिप्त (पछि थपिएका) श्लोकहरूलाई छोडेर अन्य सबै स्मृति, सबै तन्त्र ग्रन्थ, सबै पुराण, सबै उपपुराण, तुलसीदासकृत भाषा रामायण, रुक्मिणीमङ्गलादि र सर्वभाषाग्रन्थ, यी सबै कपोलकल्पित मिथ्याग्रन्थ हुन् ।

**प्रश्न**– के यी ग्रन्थहरूमा केही पनि सत्य छैन त ?

**उत्तर**– थोरै सत्य त छ परन्तु यसको साथमा थुप्रै असत्य पनि छ । यसबाट **'विषसम्पृक्तान्नवत् त्याज्याः'** जसरी अत्युत्तम अन्न विषले युक्त हुनाले छोड्नयोग्य हुन्छ, त्यस्तै यी ग्रन्थहरू हुन् ।

**प्रश्न**– के तपाईंले पुराण इतिहासलाई मान्नुहुँदैन ?

**उत्तर**– हो मान्दछु, परन्तु सत्यलाई मान्दछु, मिथ्यालाई होइन ।

**प्रश्न**– कुन सत्य र कुन मिथ्या हो त ?

**उत्तर**– **ब्राह्मणानीतिहासान् पुराणानि कल्पान् गाथा नाराशंसीरिति ॥** -यो गृह्यसूत्रादिको वचन हो ॥

तुलना–आश्वलायन (गृ. सू. अ.३/कं.३/मं.१-२); तैत्तिरीय आरण्यक (प्रपा.२/अनु.९) ॥

जुन ऐतरेयादि, शतपथादि, ब्राह्मण लेखियो उनैका इतिहास, पुराण, कल्प, गाथा र **नाराशंसी** पाँच नाम हुन्, श्रीमद्भागवतादिको नाम पुराण होइन ।

**प्रश्न**– जुन त्याज्य ग्रन्थहरूमा सत्य छ, तिनलाई ग्रहण किन गर्दैनौ ?

**उत्तर**– जे-जति तिनमा सत्य छ, सो-सो वेदादि सत्य शास्त्रहरूका हुन्, र मिथ्या जति सबै उनैका घरका हुन् । वेदादि सत्य शास्त्रहरूलाई स्वीकार गर्नासाथ सबै सत्यको ग्रहण भैहाल्दछ । जो कसैले यी मिथ्या ग्रन्थहरूबाट सत्यको ग्रहण गर्न चाहन्छन् भने त मिथ्या पनि घाँटीमा टाँसिएर बेरिने छ । यसैले **'असत्यमिश्रं सत्यं दूरतस्त्याज्यमिति'** असत्यले युक्त ग्रन्थस्थ सत्यलाई पनि छोडिदिनु पर्दछ, जसरी विषयुक्त अन्नलाई ।

**प्रश्न**– तिम्रो मत के हो ?

**उत्तर**– वेद अर्थात् जे-जे वेदमा गर्न र छोड्नको लागि शिक्षा गरिएको छ, त्यसैलाई हामीले यथावत् गर्न-छोड्न मान्दछौं । जस कारणले वेद हामीलाई मान्य छ, यसैले हाम्रो मत वेद हो । यस्तो मानेर नै सबै मनुष्यले, विशेष गरेर आर्यहरूले ऐकमत्य भएर रहनुपर्दछ ।

**प्रश्न**– जस्तो सत्याऽसत्य र एक-दोस्राका ग्रन्थहरूको परस्पर विरोध छ, त्यस्तै अन्य शास्त्रहरूमा पनि छ । जस्तो सृष्टि विषयमा छः शास्त्रको विरोध छ– मीमांसा कर्म, वैशेषिक काल, न्याय परमाणु, योग पुरुषार्थ, सांख्य प्रकृति र वेदान्तशास्त्र ब्रह्मबाट सृष्टिको उत्पत्ति मान्दछ, के यो विरोध होइन ?

**उत्तर**– होइन, प्रथम त बिना सांख्य र वेदान्तको अर्का चार शास्त्रहरूमा सृष्टिको उत्पत्ति प्रसिद्ध लेखेको छैन र यिनमा विरोध पनि छैन, किनभने तिमीलाई विरोधाविरोधको ज्ञान छैन । म तिमीसँग सोध्छु कि विरोध कुन स्थलमा हुन्छ ? के एक विषयमा अथवा भिन्न-भिन्न विषयमा ?

**प्रश्न**– एक विषयमा अनेकौंको परस्पर विरुद्ध कथन होस्, त्यसलाई बल्ल विरोध भन्दछन् । यहाँ पनि सृष्टि एउटै विषय हो ।

**उत्तर**– के विद्या एउटा छ वा दुइटा ? एउटा हो । यदि एक छ भने त व्याकरण, वैद्यक, ज्योतिष आदिका भिन्न-भिन्न विषय किन छन् ? जस्तो कि एक विद्यामा अनेक विद्याको अवयवहरूको, एक-अर्कासँग भिन्न प्रतिपादन हुन्छ, त्यसरी नै सृष्टि विद्याको भिन्न-भिन्न छः अवयवहरूको छः शास्त्रहरूमा प्रतिपादन गर्नाले यिनमा केही पनि विरोध छैन । जस्तो घैंटो बनाउनमा कर्म, समय, माटो, विचार, संयोग-

वियोगादिको पुरुषार्थ, प्रकृतिको गुण र कुमालेको कारण हो, त्यसरी नै सृष्टिको जुन कर्म कारण हो, त्यसको व्याख्या मीमांसामा, समयको व्याख्या वैशेषिकमा, उपादान कारणको व्याख्या न्यायमा, पुरुषार्थको व्याख्या योगमा, तत्त्वहरूको अनुक्रमबाट परिगणनको व्याख्या सांख्यमा र निमित्तकारण जो परमेश्वर हो, त्यसको व्याख्या वेदान्तशास्त्रमा छ, यसमा कुनै पनि विरोध छैन । जस्तो वैद्यकशास्त्रमा निदान, चिकित्सा, औषधि-दान र पथ्यको प्रकरण भिन्न-भिन्न कथित छन् परन्तु सबैको सिद्धान्त रोगको निवृत्ति हो, त्यसरी नै सृष्टिका छः कारण छन्, यिनमा एक-एक कारणको व्याख्या एक-एक शास्त्रकारले गरे, यसैले यिनीहरूमा केही पनि विरोध छैन । यसको विशेष व्याख्या सृष्टिप्रकरणमा गर्नेछु ।

जुन विद्या पढ्न-पढाउनको लागि विघ्न पार्दछ, तिनलाई छोडिदिनु । जस्तै कुसङ्ग अर्थात् दुष्ट विषयी जनहरूको सङ्ग; दुष्टव्यसन जस्तै मद्यादि सेवन र वेश्यागमनादि; बाल्यावस्थामा विवाह अर्थात् २५ वर्षदेखि पूर्व पुरुष र १६ वर्षदेखि पूर्व स्त्रीको विवाह हुन जानु, पूर्ण ब्रह्मचर्य नहुनु; राजा, माता, पिता र विद्वान्हरूको प्रेम वेदादि शास्त्रहरूको प्रचारमा नहुनु; अतिभोजन, अतिजागरण गर्नु, पढ्न-पढाउन परीक्षा लिन वा दिनमा आलस्य वा कपट गर्नु; सर्वोपरि विद्याको लाभ नसम्झनु; ब्रह्मचर्यले वीर्य, बल, बुद्धि, पराक्रम, आरोग्य, राज्य, धनको वृद्धि नमान्नु; ईश्वरको ध्यानलाई छोडेर अन्य पाषाणादि जड-मूर्तिको दर्शनमा व्यर्थ समय नष्ट गर्नु; माता, पिता, अतिथि र आचार्य, विद्वान् यिनलाई सत्यमूर्तिमान् मानेर सेवा र सत्सङ्ग नगर्नु; वर्णाश्रमको धर्म छोडेर ऊर्ध्वपुण्ड्र, त्रिपुण्ड्र, तिलक, कण्ठी, मालाधारण, एकादशी, त्रयोदशी आदिको व्रत गर्नु; गयाकाशी आदि तीर्थ र राम, कृष्ण, नारायण, शिव, भगवती, गणेशादिको नामस्मरणले पाप दूर हुने विश्वास गर्नु; पाखण्डीहरूको उपदेशले विद्या पढ्नमा अश्रद्धा हुनु; विद्या, धर्म, योग परमेश्वरको उपासनाको बिना, मिथ्या-पुराणनामक भागवतादिको कथादिबाट मुक्तिलाई मान्नु; लोभले धनादिमा प्रवृत्त भएर, विद्यामा प्रीति नराख्नु; यता-उता व्यर्थै घुम्दैराख्नु; इत्यादि मिथ्या व्यवहारहरूमा फसेर ब्रह्मचर्य र विद्याको लाभदेखि रहित हुँदै रोगी र मूर्ख बन्दछन् ।

आजभोलिका सम्प्रदायी र स्वार्थी ब्राह्मण आदि जसले अरूलाई विद्या र सत्संगबाट हटाएर आफ्नो जालमा फसाउँदै उनीहरूको तन, मन, धन नष्ट गरिदिन्छन्, र चाहन्छन् कि जो क्षत्रियादि वर्ण पढेर विद्वान् भए भने त हाम्रो पाखण्डजालबाट छुटेर हाम्रो छललाई चिन्दै, हाम्रो अपमान गर्नेछन् । इत्यादि विघ्नहरूलाई राजा र प्रजाले दूर गरेर आफ्ना छोरा र छोरीहरूलाई विद्वान् बनाउनको लागि तन, मन, धनले प्रयत्न गर्ने गर्नु ।

## स्त्री एवं शूद्रको लागि अध्ययन विधि (३.११)

**प्रश्न**– के स्त्री र शूद्रले पनि वेद पढ्ने त ? यदि यिनीहरूले पढे भने त फेरि हामीले के गर्ने नि ? र यिनीहरूले पढ्नको लागि प्रमाण पनि त छैन, जस्तो यहाँ निषेध छ–

**स्त्रीशूद्रौ नाधीयातामिति श्रुतेः ॥** –वेदान्तदर्शन शांकरभाष्य (अध्याय २/पाद ३/सूत्र ४) ॥

स्त्री र शूद्र नपढून् यो– श्रुति हो ।

**उत्तर**– सबै स्त्री र पुरुष अर्थात् मनुष्यमात्रको पढ्ने अधिकार हो, र तिमी कुवामा परिराख र यो श्रुति पनि तिम्रै कपोलकल्पनाबाट भएको हो । कुनै प्रामाणिक ग्रन्थको होइन, र सबै मनुष्यलाई वेदादि पढ्न-सुन्नको लागि अधिकारको प्रमाण यजुर्वेदको छब्बीसौं अध्यायमा दोस्रो मन्त्र छ–

**यथेमां वाचं कल्याणीमावदानि जनेभ्यः ।**

**ब्रह्मराजन्याभ्याᳬ शूद्राय चार्याय च स्वाय चारणाय च ।** –यजुर्वेद (अध्याय २६/मन्त्र २) ॥

परमेश्वरले भन्दछ कि **(यथा)** जसरी म **(जनेभ्यः)** सबै मनुष्यहरूको लागि, **(इमाम्)** यस, **(कल्याणीम्)** कल्याण अर्थात् संसार र मुक्तिको सुखलाई दिने, **(वाचम्)** ऋग्वेदादि चारै वेदहरूको वाणीको **(आ, वदानि)** उपदेश गर्दछु, त्यसरी नै तिमीले पनि गर ।

यहाँ कसैले **प्रश्न** गरोस् कि 'जन' शब्दले द्विजहरूको ग्रहण गर्नुपर्दछ किनभने स्मृत्यादि ग्रन्थहरूमा ब्राह्मण, क्षत्रिय, वैश्यलाई नै वेदहरू पढ्ने अधिकार लेखेको छ, स्त्री र शूद्रादिलाई होइन ।

**उत्तर**– (ब्रह्मराजन्याभ्यां) इत्यादि । हेर ! परमेश्वर स्वयं भन्दछ कि मैले ब्राह्मण, क्षत्रिय **(अर्य्याय)** वैश्य **(शूद्राय)** शूद्र र **(स्वाय)** आफ्नो भृत्य वा स्त्रीयादि **(अरणाय)** र अतिशूद्रादिको लागि पनि वेदहरूको प्रकाश गरेको छु, अर्थात् सबै मनुष्य वेदलाई पढ्ने-पढाउने र सुन्ने-सुनाउने गरेर विज्ञानलाई बढाउँदै राम्रो कुराको ग्रहण र नराम्रो कुराको त्याग गरेर दुःखबाट छुट्दै आनन्दलाई प्राप्त गरून् । भन ! अब तिम्रो कुरा मान्ने कि ईश्वरको ? परमेश्वरको कुरा अवश्य माननीय छ । यतिले पनि जो कुनै यसलाई मान्दैन भने, त्यसलाई **नास्तिक** भनिन्छ । किनभने **'नास्तिको वेदनिन्दकः'** (मनुस्मृति २/११) वेदहरूको

निन्दक र नमान्नेलाई नास्तिक भन्दछन् । के परमेश्वरले शूद्रको भलाइ चाहँदैन र ? के ईश्वर पक्षपाती हो र वेदलाई पढ्न-सुन्नलाई शूद्रको लागि निषेध र द्विजहरूको लागि विधि गर्ने ? यदि परमेश्वरको अभिप्राय शूद्रादिको लागि पढाउने सुनाउने हुन्थेन भने त यिनको शरीरमा वाक् र श्रोत्र-इन्द्रिय किन रच्थ्यो ? जसरी परमात्माले पृथ्वी, जल, अग्नि, वायु, चन्द्र, सूर्य र अन्नादि पदार्थ सबैको लागि बनाएको हो, त्यसरी नै वेद पनि सबैका लागि प्रकाशित गरेको हो, र जहाँ कतै निषेध गरेको छ, त्यसको यो अभिप्राय हो कि जसलाई पढ्ने-पढाउनाले केही पनि आउँदैन, त्यो निर्बुद्धि र मूर्ख हुनाले शूद्र कहिन्छ । त्यसलाई पढ्न-पढाउन व्यर्थ छ, र जुन स्त्रीहरूका लागि निषेध गर्दछौ, त्यो तिम्रो मूर्खता, स्वार्थता र निर्बुद्धिताको प्रभाव हो । हेर ! वेदमा कन्याहरूले पढ्नको लागि प्रमाण–

**ब्रह्मचर्य्येण कन्याइं युवानं विन्दते पतिम् ।** –अथर्ववेद (काण्ड ११/अनु.३/प्र.२४/सू.५/मं.१८) ॥

जसरी केटो ब्रह्मचर्यसेवनले पूर्ण विद्या र सुशिक्षालाई प्राप्त गरेर युवती, विदुषी, आफ्नो अनुकूल प्रिय सदृश स्त्रीहरूको साथमा विवाह गर्दछ, त्यस्तै (**कन्या**) कुमारी (**ब्रह्मचर्येण**) ब्रह्मचर्य सेवनले वेदादि-शास्त्रलाई पढेर पूर्णविद्या र उत्तम शिक्षालाई प्राप्त गरेर युवती हुँदै पूर्ण युवावस्थामा आफ्नो सदृश प्रिय विद्वान् (**युवानम्**) पूर्ण युवावस्थायुक्त पुरुषलाई (**विन्दते**) प्राप्त गरोस् । यसैले स्त्रीहरूले पनि ब्रह्मचर्य र विद्यालाई ग्रहण अवश्य गर्नुपर्दछ ।

**प्रश्न**– के स्त्रीहरूले पनि वेदलाई पढ्ने त ?

**उत्तर**– अवश्य; हेर ! श्रौतसूत्रादिमा–

**इमं मन्त्रं पत्नी पठेत् ॥**

अर्थात् स्त्री यज्ञमा यस मन्त्रलाई पढोस् । जसले वेदादि शास्त्रलाई पढेकी नै छैन भने त यज्ञमा स्वरसहित मन्त्रहरूको उच्चारण र संस्कृतभाषण कसरी गर्न सक्दछे ? भारतवर्षकी स्त्रीहरूमा भूषणरूप गार्गी आदि वेदादि शास्त्रहरूलाई पढेर पूर्ण विदुषी भएकी थिइन्, यो **शतपथब्राह्मण** (काण्ड १४) मा स्पष्ट लेखिएको छ । यदि जुन पुरुष विद्वान् र स्त्री अविदुषी र स्त्री विदुषी र पुरुष अविद्वान् भए भने त नित्यप्रति देवासुर-संग्राम घरमा मच्चिइराख्दछ, फेरि सुख कहाँ ? यसैले जो स्त्री नपढ्ने भए त कन्याहरूको पाठशालामा अध्यापिका कसरी हुन्थे तथा राजकार्य न्यायाधीशत्वादि, गृहाश्रमको कार्य जुन पतिले स्त्री र स्त्रीले पतिलाई प्रसन्न राख्ने, घरको सबै काम स्त्रीको आधीन रहनु, इत्यादि काम बिना विद्याको राम्रोसँग कहिल्यै पनि हुन सक्दैन ।

हेर ! आर्यावर्त्तका राजपुरुषहरूका स्त्रीहरू धनुर्वेद अर्थात् युद्धविद्या पनि राम्रोसँग जान्दथे । किनभने यदि जानेका हुन्थेनन् भने त कैकेयी आदि दशरथ आदिका साथमा युद्धमा कसरी जान सक्थे र युद्ध गर्न सक्थे ? यसैले ब्राह्मणीलाई सबै विद्या, क्षत्रियालाई सबै विद्या र युद्ध तथा राजविद्याविशेष, वैश्यालाई व्यवहार विद्या र शूद्रालाई पाकादि सेवाको विद्या अवश्य पढ्नुपर्दछ । जसरी पुरुषले व्याकरण, धर्म र आफ्नो व्यवहारको विद्या थोरैमा पनि अवश्य पढ्नुपर्दछ, त्यसरी नै स्त्रीहरूले पनि व्याकरण, धर्म, वैद्यक, गणित, शिल्पविद्या त अवश्य सिक्नुपर्दछ । किनभने यिनलाई सिके बिना सत्याऽसत्यको निर्णय, पत्यादिदेखि अनुकूल वर्तमान, यथायोग्य सन्तानोत्पत्ति, तिनको लालन-पालन, वर्द्धन र सुशिक्षा गर्नु, घरको सबै कार्यमा जस्तो चाहिन्छ त्यस्तै गर्नु । वैद्यक विद्याले औषधवत् अन्नपान बनाउने । जसबाट घरमा रोग कहिल्यै नआओस् र सबै जना सदा आनन्दित रहून् । शिल्पविद्यालाई नजानिकन घर बनाउनु, वस्त्र आभूषण आदिको बनाउनु-बनाउन लगाउनु, गणित विद्याको बिना सबैको हिसाब सम्झिनु-सम्झाउनु, वेदादि शास्त्रविद्याको बिना ईश्वर र धर्मलाई नजानेर अधर्मदेखि कहिल्यै बच्न सक्ने थिएनन् । यसैले उनीहरू नै धन्य र कृतकृत्य हुन् कि जसले आफ्ना सन्तानलाई ब्रह्मचर्य, उत्तम शिक्षा र विद्याले शरीर र आत्मालाई पूर्ण बल दिन सकून्, जसबाट ती सन्तान मातृ, पितृ, पति, सासू, श्वसुर, राजा, प्रजा, छिमेकी, इष्ट मित्र र सन्तानादिसँग यथायोग्य धर्मले चलून् । यही कोश अक्षय हो, यसलाई जति व्यय गर्‍यो उति बढ्दै जान्छ, अन्य सबै कोश व्यय गर्नाले घट्दै जान्छ र भागबण्डामा पनि निजभाग लिन्छन्, र विद्याकोशलाई चोरले चोर्न सक्दैन न त भागबण्डा नै लगाउनुपर्छ । यस कोशलाई, रक्षा र वृद्धि गराउनको लागि विशेष राजा र प्रजा नै हुन् ।

**कन्यानां सम्प्रदानं च कुमाराणां च रक्षणम् ॥** –मनुस्मृति (अध्याय ७/श्लोक १५२) ॥

राजाको काम हो कि सबै कन्या र कुमारहरूलाई उक्त समयदेखि उक्त समयसम्म ब्रह्मचर्यमा राखेर विद्वान् गराउनु । जो कसैले यस आज्ञालाई नमानेमा त उसका माता-पितालाई दण्ड दिनु अर्थात् राजाको आज्ञादेखि आठ वर्षको पश्चात् केटा वा केटी कसैको घरमा रहँन नदिनु किन्तु आचार्यकुलमा रहून् । जबसम्म समावर्त्तनको समय नआओस् तबसम्म विवाह हुन नपाओस् ।

**सर्वेषामेव दानानां ब्रह्मदानं विशिष्यते । वार्यन्नगोमहीवासस्तिलकाञ्चनसर्पिषाम् ॥**

–मनुस्मृति (अध्याय ४/श्लोक २३३) ॥

संसारमा जति पनि दान छन् । अर्थात् जल, अन्न, गौ, पृथ्वी, वस्त्र, तिल, सुवर्ण र घृतादि यी सबै दानहरू भन्दा वेदविद्याको दान अतिश्रेष्ठ हो । यसैले जोसँगबाट जति बन्न सक्दछ त्यति नै प्रयत्न तन, मन, धनले विद्याको वृद्धिमा व्यय गर्ने गरौं । जुन देशमा यथायोग्य ब्रह्मचर्य, विद्या र वेदोक्त धर्मको प्रचार हुन्छ, त्यही देश सौभाग्यवान् हुन्छ । यो ब्रह्मचर्याश्रमको शिक्षा संक्षेपले लेखियो । यस भन्दा अगाडि चौथो समुल्लासमा समावर्त्तन, विवाह र गृहाश्रमको शिक्षाको बारेमा लेखिनेछ ।

## इति श्रीमद्दयानन्दसरस्वतीस्वामिकृते सत्यार्थप्रकाशे सुभाषाविभूषिते शिक्षाविषये तृतीयः समुल्लासः सम्पूर्णः ॥३॥

●

# (४) चौथो समुल्लास

# समावर्त्तन, विवाह एवं गृहस्थाश्रमको विधि

## समावर्त्तनको विषय (४.१)

**वेदानधीत्य वेदौ वा वेदं वापि यथाक्रमम् । अविप्लुतब्रह्मचर्यो गृहस्थाश्रममाविशेत् ॥१॥**

**–**मनुस्मृति (अध्याय ३/श्लोक २) ॥

जब यथावत् ब्रह्मचर्य आचार्यानुकूल चलेर, धर्मले चारै वेद, तीन, दुई वा एक वेदलाई साङ्गोपाङ्ग पढेर जसको ब्रह्मचर्य खण्डित नभएको होस्, त्यो स्त्री वा पुरुष गृहाश्रममा प्रवेश गरोस् ।

**तं प्रतीतं स्वधर्मेण ब्रह्मदायहरं पितुः । स्रग्विणं तल्प आसीनमर्हयेत्प्रथमं गवा ॥२॥**

**–**मनुस्मृति (अध्याय ३/श्लोक ३) ॥

जो यथावत् स्वधर्म अर्थात् जुन आचार्य र शिष्यको हो, त्यसदेखि युक्त पिता जनक वा अध्यापकदेखि ब्रह्मदाय अर्थात् विद्यारूप भागलाई ग्रहण, मालाको धारण गर्नेवाला, आफ्नो पलङ्गमा बसेका आचार्यालाई प्रथम गोदानले सत्कार गरोस् । यस्तै लक्षणयुक्त विद्यार्थीलाई पनि कन्याको पिताले गौ दिएर सत्कृत गरोस् ।

**गुरुणानुमतः स्नात्वा समावृत्तो यथाविधि । उद्वहेत द्विजो भार्यां सवर्णां लक्षणान्विताम् ॥३॥**

**–**मनुस्मृति (अध्याय ३/श्लोक ४) ॥

गुरुको आज्ञा लिएर, स्नान गरेर, गुरुकुलदेखि अनुक्रमपूर्वक आएर ब्राह्मण, क्षत्रिय, वैश्य आफ्नो वर्णानुकूल सुन्दर लक्षणयुक्त कन्यासँग विवाह गरोस् ।

**असपिण्डा च या मातुरसगोत्रा च या पितुः । सा प्रशस्ता द्विजातीनां दारकर्मणि मैथुने ॥४॥**

**–**मनुस्मृति (अध्याय ३/श्लोक ५) ॥

जुन कन्या माताको कुलको छः पुस्ताहरूमा नहोस् र पिताको गोत्रको पनि नहोस्, त्यस कन्यासँग विवाह गर्नु उचित हुन्छ ।

## टाढा विवाह गर्दाका फाइदाहरू (४.२)

यसको यो प्रयोजन हो कि–

**परोक्षप्रिया इव हि देवाः प्रत्यक्षद्विषः ॥** –शतपथब्राह्मणे ॥ तु.-श.ब्रा.(६/१/१/२); गो.ब्रा.पू.(१/१) ॥

यो निश्चित कुरो हो कि जस्तो परोक्ष पदार्थमा प्रीति हुन्छ, त्यस्तो प्रत्यक्षमा हुँदैन । जस्तै कसैले मिश्रीको गुणलाई सुनेको छ र खाएको छैन भने त उसको मन त्यसै पदार्थमा लागिराखेको हुन्छ, जस्तै कुनै परोक्ष वस्तुको प्रशंसा सुनेर मिल्नको लागि उत्कट इच्छा हुन्छ, त्यसरी नै दूरस्थ अर्थात् जो आफ्नो गोत्र वा माताको कुलमा निकट सम्बन्धभित्रकी होइन भने त्यसै कन्यासँग वरको विवाह हुनुपर्दछ ।

निकटमा दोष र दूर विवाह गर्नमा गुण यो हो कि–

(१) **पहिलो–** जो बालक बाल्यावस्थादेखि निकट रहन्छन्, परस्पर क्रीडा, लडाई र प्रेम गर्दछन्, एक अर्काको गुण, दोष, स्वभाव, बाल्यवस्थाको विपरीत आचरण जान्दछन् र जुन नाङ्गै पनि एक अर्कालाई देख्दछन्, उनको परस्पर विवाह हुनाले प्रेम कहिल्यै पनि हुन सक्दैन ।

(२) **दोस्रो–** जस्तै पानीमा पानी मिलाउनाले विलक्षण गुण हुँदैन, त्यस्तै एक गोत्र पितृ वा मातृकुलमा विवाह हुँदा धातुहरूको फेर-बदल नहुनाले उन्नति हुँदैन ।

(३) **तेस्रो–** जसरी दूधमा मिश्री वा शुठो इत्यादि औषधिहरूको योग हुनाले उत्तमता हुन्छ, त्यसरी नै भिन्न गोत्र मातृ-पितृ कुलदेखि पृथक् वर्तमान स्त्री पुरुषहरूको विवाह हुनु एकदमै उत्तम हो ।

(४) **चौथो–** जसरी एक देशमा रोगी भए पनि त्यो दोस्रो देशमा वायु र खान-पानको फेर-बदलले रोगरहित हुन्छ, त्यसरी नै दूरस्थ-देशदेखि विवाह गर्नमा उत्तमता हुन्छ ।

(५) **पाँचौं–** निकट सम्बन्ध गर्दामा एक-अर्काको निकट हुँदामा सुख-दुःखको भान र विरोध हुनु पनि सम्भव छ, दूरस्थहरूमा हुँदैन र दूरस्थहरूको विवाहमा दूर-दूर प्रेमको डोरी लम्बिएर बढ्दै जान्छ, निकटस्थ विवाहमा हुँदैन ।

(६) **छैटौं–** दूर-दूर देशको वर्तमान र पदार्थहरूको प्राप्ति पनि दूर सम्बन्ध हुनमा सहजताले हुन सक्दछ, निकट विवाह हुँदामा होइन, त्यसैले–

**दुहिता दुर्हिता दूरेहिता भवतीति ॥** –निरुक्त (३/४) ॥

निरुक्तमा लेखिएको छ कि कन्याको नाम **दुहिता** यस कारणले हो कि यसको विवाह दूर देशमा हुनाले हितकारी हुन्छ, निकट गर्दामा हुँदैन ।

(७) **सातौं–** कन्याको पितृकुलमा दारिद्र्य हुन पनि सम्भव छ, किनभने जब-जब कन्या पितृकुलमा आउँछे, तब-तब उसलाई केही-न-केही दिनैपर्ने हुन्छ ।

(८) **आठौं–** कोही निकटमा हुनाले एक दोस्राको आफ्नो-आफ्नो पितृकुलदेखि सहायको घमण्ड र जब सानोतिनो कुनै पनि वैमनस्य हुँदामा त स्त्री तुरुन्तै पिताको कुलमा जान सक्दछे, एक दोस्राको निन्दा अधिक हुनेछ र विरोध पनि; किनभने प्रायः स्त्रीहरूको स्वभाव तीक्ष्ण र मृदु हुन्छ, इत्यादि कारणले पिताको एक गोत्र, माताको छः पुस्ता र समीप देशमा विवाह गर्नु राम्रो हुँदैन ।

## विवाहमा स्त्री-पुरुषको परीक्षा (४.३)

**महान्त्यपि समृद्धानि गोऽजाविधनधान्यतः । स्त्रीसम्बन्धे दशैतानि कुलानि परिवर्जयेत् ॥१॥**

–मनुस्मृति (अध्याय ३/श्लोक ६) ॥

चाहे जतिसुकै धन, दौलत एवं चौपाय, राज्य, श्री आदिले समृद्ध यी कुल भए तापनि विवाहसम्बन्धमा निम्नलिखित दश कुललाई त्यागिदिनु ॥१॥

**हीनक्रियं निष्पुरुषं निश्छन्दो रोमशार्शसम् । क्षय्यामयाव्यपस्मारिश्वित्रिकुष्ठिकुलानि च ॥२॥**

–मनुस्मृति (अध्याय ३/श्लोक ७) ॥

जुन कुल सत्क्रियादेखि हीन, सत्पुरुषदेखि रहित, वेदाध्ययनदेखि विमुख, शरीरभरी लामा-लामा रउँ, अथवा हर्षको रोग भएको, क्षयरोगी, दमको रोगी, दीर्घखोकी, आमाशय (अजीर्ण), छारेरोगी, श्वेतकुष्ठ र गलितकुष्ठयुक्त कुलहरूको कन्या वा वरको साथमा विवाह हुनुहुँदैन । किनभने ती सबै दुर्गुण र रोग विवाह गर्नेवालाको कुलमा पनि वंशाणु रूपले प्रविष्ट हुन जान्छ, त्यसैले उत्तम कुलका केटा र केटीहरूको आपसमा विवाह हुनुपर्दछ ॥२॥

**नोद्वहेत्कपिलां कन्यां नाऽधिकाङ्गीं न रोगिणीम् । नालोमिकां नातिलोमां न वाचाटान्न पिङ्गलाम् ॥३॥**

–मनुस्मृति (अध्याय ३/श्लोक ८) ॥

न त पहेंली वर्णकी, न अधिकाङ्गी अर्थात् पुरुषभन्दा अग्ली, ठूलो ज्यान भएकी, अधिक बलवाली, न रोगयुक्त, न रउँरहित, न अधिक रउँ भएकी, न धेरै बत्तौरी र एकदमै कुहिरा आँखा भएकी ।

**नर्क्षवृक्षनदीनाम्नीं नान्त्यपर्वतनामिकाम् । न पक्ष्यहिप्रेष्यनाम्नीं न च भीषणनामिकाम् ॥४॥**

–मनुस्मृति (अध्याय ३/श्लोक ९) ॥

न ऋक्ष अर्थात् अश्विनी, भरणी, रोहिणी आदि नक्षत्रका नाम भएकी; पीपल, वर आदि वृक्षका नाम भएकी; गङ्गा, जमुना आदि नदीका नाम भएकी; चांडाली आदि अन्त्य नामवाली; विन्ध्या, हिमालया, पार्वती आदि पर्वत नामवाली; काकी, श्येनी आदि पक्षी नामवाली; नागी, भुजङ्गा आदि सर्प नामवाली; दासी आदि प्रेष्य नामवाली र भीमा, भयंकारी काली, चण्डी आदि भीषण नाम भएकी कन्याको साथमा विवाह गर्नुहुँदैन । किनभने यी नाम कुत्सित र अन्य पदार्थहरूका पनि हुन् । किन्तु–

**अव्यङ्गाङ्गीं सौम्यनाम्नीं हंशवारणगामिनीम् । तनुलोमकेशदशनां मृद्वङ्गीमुद्वहेत्स्त्रियम् ॥५॥**

–मनुस्मृति (अध्याय ३/श्लोक १०) ॥

जसको सरल सीधा अङ्ग होस्, विरुद्ध नहोस्; जसको नाम सुन्दर होस् अर्थात् यशोदा, सुखदा आदि, हंस र हात्तीनीको तुल्य जसको चाल होस्; सूक्ष्म लोम, केश र दाँतयुक्त; र जसको सबै अङ्ग कोमल होस्, त्यस्ती स्त्रीको साथमा विवाह गर्नु राम्रो हुन्छ ।

## सानै उमेरमा विवाह गर्न निषेध (४.४)

**प्रश्न–** विवाहको समय र प्रकार कुनचाहिं राम्रो हुन्छ ?

**उत्तर–** सोह्रौं वर्षदेखि लिएर चौबीसौं वर्षसम्म कन्या र पच्चीसौं वर्षदेखि लिएर अड्चालीसौं वर्षसम्म पुरुषको विवाहको लागि **उत्तम** समय हो । यसमा जसले सोह्र र पच्चीसमा विवाह गरेमा **निकृष्ट,** अट्ठाह्र बीसकी स्त्री, तीस पैंतीस वा चालीसको पुरुष **मध्यम,** चौबीस वर्षकी स्त्री र अड्चालीस वर्षको पुरुषको विवाह **उत्तम** हो जुन देशमा यस प्रकारको विवाहको विधि श्रेष्ठ र ब्रह्मचर्य विद्याभ्यास अधिक हुन्छ, त्यो देश सुखी र जुन देशमा ब्रह्मचर्य-विद्याग्रहण रहित, बाल्यावस्था र अयोग्यहरूको विवाह हुन्छ, त्यो देश दुःखमा डुब्दछ । किनभने ब्रह्मचर्य विद्याको ग्रहणपूर्वक विवाहको सुधारले नै सबै कुराको सुधार र बिग्रेमा सबै कुरा बिग्रन जान्छ ।

**प्रश्न–**

**अष्टवर्षा भवेद् गौरी नववर्षा च रोहिणी । दशवर्षा भवेत्कन्या तत ऊर्ध्वं रजस्वला ॥१॥**

**माता चैव पिता तस्या ज्येष्ठो भ्राता तथैव च । त्रयस्ते नरकं यान्ति दृष्ट्वा कन्यां रजस्वलाम् ॥२॥**

–यो श्लोक पाराशरी (७/६८) र शीघ्रबोध (१/५४, ६५) मा लेखिएको छ ॥

**अर्थ–** कन्याको आठौं वर्ष विवाहमा गौरी, नवौं वर्षमा रोहिणी, दशौं वर्षमा कन्या र यसभन्दा अगाडि रजस्वला संज्ञा हुन जान्छे ॥१॥ दश वर्षसम्ममा विवाह नगराइदिएमा त रजस्वला कन्याका माता, पिता र उसका दाइ-भाइ यी तीनैले देखेपछि त नरकमा गिर्दछन् ॥२॥

**उत्तर–**

**ब्रह्मोवाच–**

**एकक्षणा भवेद् गौरी द्विक्षणेयन्तु रोहिणी । त्रिक्षणा सा भवेत्कन्या ह्यत ऊर्ध्वं रजस्वला ॥१॥**
**माता पिता तथा भ्राता मातुलो भगिनी स्वका । सर्वे ते नरकं यान्ति दृष्ट्वा कन्यां रजस्वलाम् ॥२॥**

–यो सद्योनिर्मित ब्रह्मपुराणको वचन हो ॥

**अर्थ–** जति समयमा एक परमाणुले पल्टि मार्छ, त्यति समयलाई क्षण भन्दछन् । जब कन्या जन्मन्छे तब एक क्षणमा गौरी, दोस्रो क्षणमा रोहिणी, तेस्रो क्षणमा कन्या र चौथो क्षणमा रजस्वला हुन जान्छे ॥१॥ त्यस रजस्वलालाई देखेर उसका माता, पिता, दाइ-भाइ, मामा र बहिनी सबै नरकमा जान्छन् ॥२॥

**प्रश्न–** यी श्लोक प्रमाण होइनन् ।

**उत्तर–** किन प्रमाण होइन ? यदि ब्रह्माजीको श्लोकलाई प्रमाण होइन भन्दछौ भने त तिम्रा पनि प्रमाण हुन सक्दैन ।

**प्रश्न–** वाह-वाह ! पराशर र काशीनाथलाई पनि प्रमाण मान्दैनौ ।

**उत्तर–** वाह जी वाह ! के तिमीले ब्रह्माजीलाई प्रमाण मान्दैनौ, पराशर र काशीनाथ भन्दा ब्रह्माजी ठूला होइनन् र ? यदि तिमीले ब्रह्माजीका श्लोकलाई प्रमाण मान्दैनौ भने त, हामीले पनि पराशर, काशीनाथका श्लोकलाई मान्दैनौं ।

**प्रश्न–** तिम्रा श्लोक असम्भव हुनाले प्रमाण होइन, किनभने हजारौं क्षण जन्म समयमा नै बित्दछ त विवाह कसरी हुन सक्दछ ? र त्यति वेला विवाह गर्नमा केही फल पनि देखिंदैन ।

**उत्तर–** यदि हाम्रा श्लोक असम्भव छन् भने त तिम्रा पनि असम्भव छन् । किनभने आठ, नौ र दशौं वर्ष विवाह गर्न निष्फल छ, किनभने सोह्रौं वर्ष पश्चात् चौबीसौं वर्ष पर्यन्त विवाह हुनाले पुरुषको वीर्य परिपक्व, शरीर बलिष्ठ, स्त्रीको गर्भाशय पूरा र शरीर पनि बलयुक्त हुनाले सन्तान उत्तम हुन्छन् । *जस्तो आठौं वर्षकी कन्यामा सन्तानोत्पत्तिको हुनु असम्भव छ, त्यसरी नै गौरी, रोहिणी नाम दिनु पनि अयुक्त छ । यदि गोरी कन्या नभएर काली होस् त, उसको नाम गौरी राख्न व्यर्थ छ । फेरि गौरी महादेवकी स्त्री, रोहिणी वसुदेवकी स्त्री थिइन् । उनलाई तिमी पौराणिकहरूले मातृसमान मान्दछौ । जब कन्यामात्रमा गौरी आदिको भावना गर्दछौ, त फेरि उनीहरूसित विवाह गर्नु कसरी सम्भव र धर्मयुक्त हुन सक्दछ ? त्यसैले तिम्रो र हाम्रो दुई-दुई श्लोक मिथ्या नै हुन् । किन कि जसरी हामीले 'ब्रह्मोवाच' गरेर श्लोक बनायौं, त्यसै गरी नै पराशर आदिको नामले आफ्नो मतलब सिन्धुहरूले श्लोक बनाएका हुन् । त्यसैले यी सबैका प्रमाणलाई छाडेर वेदको प्रमाणले काम गर्ने गर । हेर ! मनुस्मृतिमा–

**त्रीणि वर्षाण्युदीक्षेत कुमार्यृतुमती सती । ऊर्ध्वं तु कालादेतस्माद्विन्देत सदृशं पतिम् ॥**

–मनुस्मृति (अध्याय ९/श्लोक ९०) ॥

कन्या रजस्वला भएपछिका तीन वर्ष पर्यन्त पतिको खोजी गरेर आफ्नो तुल्य पतिलाई प्राप्त गरोस् । जब प्रतिमास रजोदर्शन हुन्छ भने त तीन वर्षमा ३६ पटक रजस्वला भएपछि विवाहकी योग्य हुन्छे, यसदेखि पूर्व हुँदिन ।

---

***उचित समय भन्दा न्यून आयु भएका स्त्री पुरुषको गर्भाधानमा मुनिवर धन्वन्तरि जी सुश्रुतमा निषेध गर्दछन्–**

**ऊनषोडशवर्षायामप्राप्तः पञ्चविंशतिम् ।**
**यद्याधत्ते पुमान् गर्भं कुक्षिस्थः स विपद्यते ॥१॥**
**जातो वा न चिरञ्जीवेज्जीवेद्वा दुर्बलेन्द्रियः ।**
**तस्मादत्यन्तबालायां गर्भाधानं न कारयेत् ॥२॥**

**अर्थ–** सोह्र वर्ष भन्दा न्यून वयवाली स्त्रीमा, पच्चीस वर्ष भन्दा न्यून आयु भएको पुरुषले गर्भ स्थापन गऱ्यो भने त त्यो कुक्षिस्थ भएको गर्भले विपत्ति प्राप्त गर्दछ अर्थात् पूर्ण कालसम्म गर्भाशयमा रहेर उत्पन्न हुँदैन ॥१॥

अथवा उत्पन्न भए पनि चिरकालसम्म बाँच्दैन वा बाँचेमा पनि दुर्बलेन्द्रिय हुन्छ । यस कारणले अतिबाल्यावस्थावाली स्त्रीमा गर्भ स्थापित नगरोस् ॥२॥

यस्तो-यस्तो शास्त्रोक्त नियम र सृष्टिक्रमलाई देख्नाले र बुद्धिले विचार गर्नाले यही सिद्ध हुन्छ कि १६ वर्ष भन्दा न्यून स्त्री र २५ वर्ष भन्दा न्यून आयुवाला पुरुष कहिल्यै गर्भाधान गर्नको योग्य हुँदैनन् । यी नियम भन्दा विपरीत गर्नेहरू दुःखभागी हुन्छन् ।

# गुण-कर्मानुसारले वर्ण व्यवस्था (४.५)

**काममामरणात्तिष्ठेद् गृहे कन्यर्तुमत्यपि । न चैवैनां प्रयच्छेत्तु गुणहीनाय कर्हिचित् ॥**

–मनुस्मृति (अध्याय ९/श्लोक ८९) ॥

चाहे केटा-केटी मरणपर्यन्त कुमारै रहून्, परन्तु असदृश अर्थात् परस्पर विरुद्ध गुण-कर्म-स्वभाव भएकाहरूसँग कहिल्यै पनि विवाह हुनुहुँदैन । यसबाट यही सिद्ध हुन्छ कि न पूर्वोक्त समय भन्दा प्रथम, वा असदृशरूको विवाह हुन योग्य छैन ।

**प्रश्न**– विवाह गर्नु माता-पिताको आधीन हुनु पर्दछ कि केटा-केटीको आधीनमा ?

**उत्तर**– केटा-केटीको आधीनमा विवाह हुनु उत्तम हो । यदि माता-पिताले विवाह गराउनको लागि विचारे तापनि केटा-केटीको प्रसन्नताको बिना हुनुहुँदैन । किनभने एक दोस्राको प्रसन्नताबाट विवाह हुँदामा विरोध थोरै हुन्छ र सन्तान उत्तम हुन्छन् । अप्रसन्नताको विवाहमा नित्य क्लेश नै रहन्छ । विवाहको मुख्य प्रयोजन भनेको वर र कन्याको नै हो, माता-पिताको होइन । किनभने यदि उनीहरूमा प्रसन्नता रह्यो भने त उनीहरू सुखी र विरोधमा उनीहरू दुःखी हुन्छन् । र–

**सन्तुष्टो भार्यया भर्त्ता भर्त्रा भार्य्या तथैव च । यस्मिन्नेव कुले नित्यं कल्याणं तत्र वै ध्रुवम् ॥**

–मनुस्मृति (अध्याय ३/श्लोक ६०) ॥

जुन कुलमा स्त्रीदेखि पुरुष र पुरुषदेखि स्त्री सदा प्रसन्न रहन्छन्, त्यस कुलमा आनन्द, लक्ष्मी र कीर्ति निवास गर्दछन्, र जहाँ विरोध, कलह हुन्छ, त्यहाँ दरिद्रता र निन्दा निवास गर्दछन् । यसैले जसरी स्वयंवरको रीति आर्यावर्त्तमा परम्परादेखि चलेर आएको छ, त्यही उत्तम हो । जब स्त्री-पुरुष विवाह गर्न चाहन्छन् तब विद्या, विनय, शील, रूप, आयु, बल, कुल, शरीरको परिमाणादि यथायोग्य हुनुपर्दछ । जबसम्म यी सबै कुराको मेल हुँदैन तबसम्म विवाहबाट केही पनि सुख हुँदैन र न त बाल्यवस्थामा विवाह गर्नाले सुख हुन्छ ।

**युवा सुवासाः परिवीत आगात्स उ श्रेयान्भवति जायमानः ।**

**तं धीरासः कवय उन्नयन्ति स्वाध्यो३ मनसा देवयन्तः ॥१॥** –ऋग्वेद (मं.३/सू.८/मं.४) ॥

**आ धेनवो धुनयन्तामशिश्वीः सबर्दुघाः शशया अप्रदुग्धाः ।**

**नव्यानव्या युवतयो भवन्तीर्महद्देवानामसुरत्वमेकम् ॥२॥** –ऋग्वेद (मं.३/सू.५५/मं.१६) ॥

**पूर्वीरहं शरदः शश्रमाणा दोषावस्तोरुषसो जरयन्तीः ।**

**मिनाति श्रियं जरिमा तनूनामप्यू नु पत्नीर्वृषणो जगम्युः ॥३॥** –ऋग्वेद (मं.१/सू.१७९/मं.१) ॥

जुन पुरुष (**परिवीतः**) सबैतिरबाट यज्ञोपवीत, ब्रह्मचर्यसेवनले उत्तम शिक्षा र विद्याले युक्त, (**सुवासाः**) सुन्दर वस्त्र धारण गरेको ब्रह्मचर्ययुक्त, (**युवा**) पूर्ण जवान भएर विद्याग्रहण गरेर गृहाश्रममा, (**आगात्**) आउँछ, (**सः**) त्यही दोस्रो विद्याजन्ममा, (**जायमानः**) प्रसिद्ध भएर, (**श्रेयान्**) अतिशय शोभायुक्त मङ्गलकारी, (**भवति**) हुन्छ, (**स्वाध्यः**) राम्रोसँग ध्यानयुक्त, (**मनसा**) विज्ञानले, (**देवयन्तः**) विद्यावृद्धिको कामनायुक्त, (**धीरासः**) धैर्ययुक्त, (**कवयः**) विद्वान्हरू (**तम्**) उसैलाई (**उन्नयन्ति**) उन्नतिशील गरेर प्रतिष्ठित गर्दछन्, र जो ब्रह्मचर्यधारण विद्या, उत्तम शिक्षालाई ग्रहण नगरिकनै अथवा बाल्यवस्थामा विवाह गर्दछन्, ती स्त्री पुरुष नष्ट-भ्रष्ट भएर विद्वान्हरूका माझ अप्रतिष्ठा कमाउँछन् ॥१॥

जो (**अप्रदुग्धाः**) कसैले नदुहेको, ती (**धेनवः**) गाईकै समान, (**अशिश्वीः**) बाल्यावस्थादेखि रहित, (**सवर्दुघाः**) सबै प्रकारको उत्तम व्यवहारलाई पूर्ण गराउनेवाली, (**शशयाः**) कुमारावस्थाको उल्लङ्घन गराउनेवाली, (**नव्यानव्याः**) नवीन-नवीन शिक्षा र अवस्थाले पूर्ण, (**भवन्तीः**) वर्तमान, (**युवतयः**) पूर्ण युवावस्थास्थ स्त्रीहरू, (**देवानाम्**) ब्रह्मचर्य सुनियमदेखि पूर्ण विद्वान्लाई, (**एकम्**) अद्वितीय, (**महत्**) ठूला, (**असुरत्वम्**) प्रज्ञाशास्त्रशिक्षायुक्त, प्रज्ञामा रमणको भावार्थलाई प्राप्त हुँदै जवान पतिहरूलाई प्राप्त गरेर, (**आधुनयन्ताम्**) गर्भ धारण गरून् । भुलेर पनि बाल्यवस्थामा पुरुषको मनले पनि ध्यान नगरोस्, किनभने यही कर्म यस लोक र परलोकको सुखको साधन हो । बाल्यवस्थाको विवाहले जति पुरुषको नाश गर्दछ त्यस भन्दा अधिक स्त्रीको नाश हुन्छ ॥२॥

जसरी (**नु**) शीघ्र, (**शश्रमाणाः**) अत्यन्त श्रम गर्नेवाला (**वृषणः**) वीर्य सींचनमा समर्थ पूर्ण युवावस्थायुक्त पुरुष, (**पत्नीः**) युवावस्थास्थ, हृदयलाई प्रिय स्त्रीहरूलाई, (**जगम्युः**) प्राप्त गरेर, पूर्ण शतवर्ष वा त्यस भन्दा अधिक आयुलाई आनन्दले भोग्दछन्, र पुत्र-पौत्रादिले संयुक्त रहन्छन् त्यसै गरी स्त्री पुरुष सदा

वर्त्तून्, जसरी (**पूर्वीः**) पूर्व वर्तमान (**शरदः**) शरदऋतुहरू, र (**जरयन्तीः**) वृद्धावस्थालाई प्राप्त गराउनेवाली, (**उषसः**) प्रातःकालको वेलाहरूलाई (**दोषाः**) रात्रि, र (**वस्तोः**) दिन, (**तनूनाम्**) शरीरको, (**श्रियम्**) शोभाको, (**जरिमा**) अतिशय वृद्धपन, बल र शोभालाई, (**मिनाति**) दूर गरिदिन्छ, त्यसरी नै (**अहम्**) म स्त्री वा पुरुष, (**उ**) राम्रोसँग, (**अपि**) निश्चय गरेर ब्रह्मचर्यले विद्या, शिक्षा, शरीर र आत्माको बल साथै युवावस्थालाई प्राप्त गरेपछि मात्रै विवाह गरूँ, यसदेखि विरुद्ध गर्नु, वेदविरुद्ध हुनाले, सुखदायक विवाह कहिल्यै पनि हुन सक्दैन ॥३॥

जबसम्म यसै प्रकार सबै ऋषि-मुनि, राजा-महाराजा, आर्यहरू ब्रह्मचर्यले नै विद्यालाई पढेर नै स्वयंवर विवाह गर्दथे, तबसम्म यस देशको उन्नति भैरहेको थियो । जबदेखि यो ब्रह्मचर्यले विद्यालाई नपढ्न, बाल्यवस्थामा पराधीन अर्थात् माता-पिताको आधीनमा विवाह हुन थाल्यो, तबदेखि क्रमशः आर्यावर्त्त देशको हानि हुँदै गैरहेको छ । त्यस कारण यस दुष्ट कामलाई छाडेर सज्जनहरूले पूर्वोक्त प्रकारबाट स्वयंवर विवाह गर्ने गरून् । सो विवाह वर्णानुक्रमले गरोस् र वर्णव्यवस्था गुण कर्म स्वभावको अनुसार हुनुपर्दछ ।

**प्रश्न**– के जसका माता-पिता ब्राह्मण छन् भने, त्यो ब्राह्मणी-ब्राह्मण हुन्छ र जसका माता-पिता अन्यवर्णस्थ छन् भने, त्यो कहिल्यै ब्राह्मण हुन सक्दछ र ?

**उत्तर**– हो हुन सक्दछ, थुप्रै भैसकेका छन् र अगाडि पनि हुनेछन् । जस्तै छान्दोग्य उपनिषद्मा जाबाल ऋषि अज्ञात कुल, महाभारतमा विश्वामित्र क्षत्रिय वर्ण र मातङ्ग ऋषि चाण्डाल कुलबाट ब्राह्मण भएका थिए । अहिले पनि जो उत्तम विद्या स्वभाववाला हुन्छ, त्यो ब्राह्मणको योग्य र मूर्ख शूद्रको योग्य हुन्छ, र यस्तै अगाडि पनि हुँदै जानेछ ।

**प्रश्न**– कहाँ जुन रज-वीर्यले शरीर बनेको हुन्छ, त्यो फेरिएर दोस्रो वर्णको योग्य कसरी हुन सक्दछ ?

**उत्तर**– रज-वीर्यको योगले ब्राह्मण-शरीर हुँदैन । किन्तु–

**स्वाध्यायेन जपैर्होमैस्त्रैविद्येनेज्यया सुतैः । महायज्ञैश्च यज्ञैश्च ब्राह्मीयं क्रियते तनुः ॥**

–मनुस्मृति (अध्याय २/श्लोक २८) ॥

यसको अर्थ पूर्वमा गरेर आएको छु र यहाँ पनि संक्षेपमा लेख्दछु– (**स्वाध्यायेन**), पढ्न-पढाउन, (**जपैः**) विचार गर्न-गराउन, (**होमैः**) नानाविध होमको अनुष्ठान, (**त्रैविद्येन**) सम्पूर्ण वेदहरूलाई शब्द, अर्थ, सम्बन्ध, स्वरोच्चारणसहित पढ्नु–पढाउनु, (**इज्यया**) पौर्णमासी इष्टि आदिलाई गर्ने, (**सुतैः**) पूर्वोक्त विधिपूर्वक धर्मले सन्तानोत्पत्ति, (**महायज्ञैश्च**) पूर्वोक्त ब्रह्मयज्ञ, देवयज्ञ, पितृयज्ञ, वैश्वदेवयज्ञ र अतिथियज्ञ, (**यज्ञैश्च**) अग्निष्टोमादियज्ञ, विद्वान्हरूको सङ्ग, सत्कार, सत्यभाषण, परोपकारादि सत्यकर्म र सम्पूर्ण शिल्पविद्यादि पढेर दुष्टाचारलाई छोड्दै, श्रेष्ठाचारमा चल्नाले (**इयम्**) यो (**तनुः**) शरीर (**ब्राह्मी**) ब्राह्मणको (**क्रियते**) बनाउन सकिन्छ । के यस श्लोकलाई तिमीले मान्दैनौ ?

**उत्तर**– मान्दछु ।

**प्रश्न**– फेरि किन रज-वीर्यको योगले वर्णव्यवस्थालाई मान्दछौ त ?

**उत्तर**– म एक्लैले मान्दिन, किन्तु थुप्रैले परम्परादेखि नै यस्तै मान्दै आएका छन् ।

**प्रश्न**– के तिमीले परम्पराको पनि खण्डन गर्दछौ ?

**उत्तर**– गर्दिन, परन्तु तिम्रो उल्टो बुझाइलाई नमानेर खण्डन पनि गर्दछु ।

**प्रश्न**– हाम्रो उल्टो र तिम्रो सीधा बुझाइ हो, यसको के प्रमाण छ ?

**उत्तर**– यही प्रमाण हो कि जुन तिमीहरूले पाँच-सात पिढीहरूको अगाडिको कुरालाई वर्तमानको सनातन मान्दछौ र हामीले वेद तथा सृष्टिको आरम्भदेखि आज पर्यन्तको कुरालाई परम्परा मान्दछौं । हेर ! जसको पिता श्रेष्ठ उसको पुत्र दुष्ट र जसको पुत्र श्रेष्ठ उसको पिता दुष्ट तथा कहीं दुइटै श्रेष्ठ अथवा दुइटै दुष्ट देखिनमा आउँछ । यसैले तिमीहरू भ्रममा परेका छौ । हेर ! मनु महाराजले के भनेका छन्–

**येनास्य पितरो याता येन याता पितामहाः । तेन यायात्सतां मार्गं तेन गच्छन्न रिष्यते ॥**

–मनुस्मृति (अध्याय ४/श्लोक १७८) ॥

**अर्थ**– जुन मार्गबाट यसको पिता, पितामह चलेका छन्, उसै मार्गमा सन्तान पनि चलून् परन्तु (**सताम्**) जसका सत्पुरुष पिता, पितामह छन् उनको मार्गमा चलून् र जसका पिता, पितामह दुष्ट छन् त उनको मार्गमा कहिल्यै नचलून् । किनभने सत्पुरुष, धर्मात्मा पुर्खाहरूको मार्गमा चल्नाले दुःख कहिल्यै हुँदैन, यसलाई तिमीले मान्दछौ कि मान्दैनौ ?

हो-हो मान्दछौं ।

र हेर ! जुन परमेश्वर-प्रकाशित वेदोक्त कुरा हो त्यही सनातन र जुन यसदेखि विरुद्ध हुन्छ त्यो सनातन कहिल्यै हुन सक्दैन । यस्तो सबैले मान्नुपर्दछ वा पर्दैन ?

अवश्य मान्नुपर्दछ ।

जसले यस्तो मान्दैन, त्यसलाई भन कि कसैको पिता दरिद्र छ उसको पुत्र धनाढ्य रहेछ भने त के आफ्नो पिताको दरिद्रावस्थाको अभिमानले धनलाई फ्याँकिदिने त ? के जसको पिता अन्धो हुन्छ, उसको पुत्रको पनि आँखा फुटालिदिने त ? जसको पिता कुकर्मी छ, के उसको पुत्रले पनि कुकर्म नै गर्ने त ? होइन-होइन, किन्तु जुन-जुन पुरुषका उत्तम कर्म छन्, तिनको सेवन र दुष्ट कर्महरूको त्याग गरिदिनु सबैको लागि आवश्यक हो । जो कसैले रज-वीर्यको योगले वर्णाश्रमलाई मान्ने र गुणकर्महरूको योगले मान्दैन भने त त्यसलाई सोध्नुपर्दछ कि जो कसैले आफ्नो वर्णलाई छोडेर नीच, अन्त्यज अथवा कृश्चीन, मुसलमान भएको छ, त्यसलाई ब्राह्मण किन मान्दैनौ ? यहाँ यही भन्नेछौ कि उसले ब्राह्मणको कर्म छोडिदियो त्यसैले ऊ ब्राह्मण होइन । यसबाट यहि सिद्ध हुन्छ कि जो ब्राह्मणादि उत्तम कर्म गर्दछन्, तिनीहरू नै ब्राह्मणादि र जुन नीच पनि उत्तम वर्णको गुण कर्म स्वभाववाला हुन्छ भने त त्यसलाई पनि उत्तम वर्णमा र जो उत्तम वर्णस्थ भएर पनि नीच कर्म गर्दछ भने त्यसलाई नीच वर्णमा अवश्य गन्नुपर्दछ ।

**प्रश्न– ब्राह्मणोऽस्य मुखमासीद् बाहू राजन्यः कृतः ।**

**ऊरू तदस्य यद्वैश्यः पद्भ्याꣳ शूद्रो अजायत ॥** –यजुर्वेद (अध्याय ३१/मन्त्र ११) ॥

यो यजुर्वेदको ३१औं अध्यायको ११औं मन्त्र हो । यसको अर्थ यो हो कि ब्राह्मण ईश्वरको मुख, क्षत्रिय बाहू, वैश्य ऊरू र शूद्र पगबाट उत्पन्न भएको हो । यसैले जसरी मुख, न बाहु आदि र बाहू आदि न मुख हुन्छन्, यसै प्रकार ब्राह्मण न क्षत्रियादि र क्षत्रियादि ब्राह्मण हुन सक्दैनन् ।

**उत्तर**– यस मन्त्रको अर्थ जुन तिमीले गरेका छौ, त्यो ठीक होइन, किनभने यहाँ पुरुष अर्थात् निराकार, व्यापक परमात्माको अनुवृत्ति आउँछ । जब ऊ निराकार छ भने त्यसको मुखादि अङ्ग हुने कुरै भएन, जुन मुखादि अङ्गवाला होस् त त्यो पुरुष अर्थात् व्यापक होइन, र जो व्यापक होइन, त्यो सर्वशक्तिमान, जगत्को स्रष्टा, धर्ता, प्रलयकर्ता, जीवहरूको पुण्य-पापलाई जानेर व्यवस्था गर्नेवाला, सर्वज्ञ, अजन्मा, मृत्युरहित आदि विशेषणवाला हुन सक्दैन । त्यसैले यसको अर्थ यो हो कि जुन (**अस्य**) पूर्ण व्यापक परमात्माको सृष्टिमा मुखकै सदृश सबैमा मुख्य उत्तम हो, त्यो (**ब्राह्मण**) ब्राह्मण, (**बाहू**)–

**'बाहुर्वै बलं बाहुर्वैवीर्यम्'** –शतपथब्राह्मण तु.(६/२/३/३३; १३/१/११/५; ५/३/३/१७) ॥

बल वीर्यको नाम बाहु हो, त्यो जसमा अधिक हुन्छ सो (**राजन्यः**) क्षत्रिय (**ऊरू**) कटिदेखि अधोतिरको र जानुको उपरिस्थ भागको नाम ऊरू हो, जुन सबै पदार्थहरूमा र सबै देशहरूमा ऊरूको बलले जान्छ-आउँछ, प्रवेश गर्दछ, त्यो (**वैश्यः**) र (**पद्भ्याम्**) जुन पगको अर्थात् नीच अङ्गको सदृश मूर्खतादि गुणवाला हो, त्यो शूद्र हो । अन्यत्र शतपथ ब्राह्मणादिमा पनि यस मन्त्रको यसरी नै अर्थ गरिएको छ । जस्तै–

**यस्मादेते मुख्यास्तस्मान्मुखतो ह्यसृज्यन्त ।** इत्यादि ।

–तुलना (श.ब्रा. ६/१/१/१०; तै.सं. ७ /१/१/४) ॥

जसदेखि यी मुख्य हुन् त्यसैले मुखबाट उत्पन्न भए, यस्तो कथन संगत हुन्छ । अर्थात् जस्तो मुख सबै अङ्गहरूमा श्रेष्ठ हो, त्यसरी नै पूर्ण विद्या र उत्तम गुण-कर्म-स्वभावले युक्त हुनाले मनुष्यजातिमा उत्तम ब्राह्मण भनिन्छ । जब परमेश्वरको निराकार हुनाले मुखादि अङ्ग नै छैनन् त मुख आदिबाट उत्पन्न हुनु असम्भव छ । जस्तो कि बन्ध्या स्त्रीको पुत्रको विवाह हुनु ! र जो मुखादि अङ्गबाट ब्राह्मणादि उत्पन्न भएमा त उपादान कारणको सदृश ब्राह्मणादिको आकृति अवश्य हुन्थ्यो । जस्तो मुखको आकार गोलमाल छ, त्यसरी नै उनको शरीर पनि गोलमाल हुनुपर्दछ । क्षत्रियहरूको शरीर भुजाहरूको सदृश, वैश्यहरूको शरीर ऊरूको तुल्य र शूद्रहरूको शरीर पगको समान आकारवाला हुन्थे । यस्तो छैन । यदि कसैले तिमीलाई प्रश्न गर्ला कि जो-जो मुखादिबाट उत्पन्न भएका थिए, तिनको ब्राह्मणादि संज्ञा होस् परन्तु तिम्रो होइन, किनभने जसरी सबै मनुष्यहरू गर्भाशयबाट उत्पन्न हुन्छन् त्यसरी नै तिमी पनि हुन्छौ । तिमी मुखादिबाट उत्पन्न नभएर ब्राह्मणादि संज्ञाको अभिमान गर्दछौ यसैले तिमीले भनेको अर्थ व्यर्थ हो र जुन हामीले अर्थ गरेका छौं त्यो साँचो हो, यस्तै अन्यत्र पनि भनिएको छ हेर–

**शूद्रो ब्राह्मणतामेति ब्राह्मणश्चैति शूद्रताम् । क्षत्रियाज्जातमेवन्तु विद्याद्वैश्यात्तथैव च ॥**

–मनुस्मृति (अध्याय १०/श्लाक ६५) ॥

जो शूद्रकुलमा उत्पन्न भएर ब्राह्मण, क्षत्रिय र वैश्यको समान गुण, कर्म, स्वभाववाला भएको छ भने त त्यो शूद्र ब्राह्मण, क्षत्रिय र वैश्य हुन जान्छ, त्यसरी नै जो ब्राह्मण, क्षत्रिय र वैश्यको कुलमा उत्पन्न भएर शूद्रको सदृश हुन्छ भने त त्यो शूद्र हुन जानेछ । त्यसरी नै क्षत्रिय, वैश्यको कुलमा उत्पन्न भएर ब्राह्मण वा शूद्रको समान हुनाले ब्राह्मण र शूद्र पनि हुन जान्छ । अर्थात् चारै वर्णमा जुन-जुन वर्णको सदृश जुन-जुन पुरुष वा स्त्री होस्, त्यो-त्यो उसै वर्णमा गनिन जान्छ ।

**धर्मचर्य्यया जघन्यो वर्णः पूर्वं पूर्वं वर्णमापद्यते जातिपरिवृत्तौ ॥१॥**

**अधर्मचर्य्यया पूर्वो वर्णो जघन्यं जघन्यं वर्णमापद्यते जातिपरिवृत्तौ ॥२॥**

–यो आपस्तम्बको सूत्र हो (धर्मसूत्र प्रश्न २/पटल ५/कण्डिका ११/सूत्र १०-११) ॥

धर्माचरणले निकृष्ट वर्ण आफ्नो भन्दा उत्तम-उत्तम वर्णलाई प्राप्त हुन्छ र उसै वर्णमा गनिन्छ जुनमा उसको योग्यता हुन्छ ॥१॥

त्यसरी नै अधर्माचरणले पूर्व-पूर्व अर्थात् उत्तम-उत्तम वर्णवाला मनुष्य आफूभन्दा नीचा वर्णहरूमा प्राप्त हुन्छ र उसै वर्णमा गनिन्छ ॥२॥

जस्तो पुरुष जुन-जुन वर्णको योग्य हुन्छ त्यसरी नै स्त्रीहरूको पनि व्यवस्था सम्झनुपर्दछ । यसबाट के सिद्ध हुन्छ भने यस प्रकारबाट हुनाले सबै वर्ण आफ्नो-आफ्नो कर्म, गुण, स्वभावयुक्त भएर शुद्धताको साथ रहन्छन् । अर्थात् ब्राह्मणकुलमा कोही क्षत्रिय, वैश्य, शूद्रको सदृश नहून् र क्षत्रिय, वैश्य तथा शूद्र वर्ण पनि शुद्ध रहन्छन् । वर्णसंकरता प्राप्त हुनेछैन । यसबाट कुनै वर्णको निन्दा वा अयोग्यता पनि हुनेछैन ।

**प्रश्न**– जो कसैको एउटै पुत्र वा पुत्री छ, त्यसले दोस्रो वर्णमा प्रविष्ट गर्‍यो भने त्यसका माता-पिताको सेवा कसले गर्नेछ र वंशच्छेदन पनि हुन जानेछ, यस्तो अवस्थामा कस्तो प्रकारको व्यवस्था हुनुपर्दछ ?

**उत्तर**– न कसैको सेवाको भङ्ग र न कसैको वंशोच्छेदन नै हुनेछ, किनभने तिनलाई आफ्ना छोरा-छोरीको सट्टामा स्ववर्णका योग्य दोस्रा सन्तान, विद्यासभा र राजसभाको व्यवस्थाबाट मिल्नेछ, त्यसैले केही पनि अव्यवस्था हुनेछैन । यो गुण कर्मले वर्णहरूको व्यवस्था कन्याहरूको सोह्रौं वर्ष र पुरुषहरूको पच्चीसौं वर्षको परीक्षामा नियत गर्नुपर्दछ र यसै क्रमबाट ब्राह्मणको ब्राह्मणी, क्षत्रियको क्षत्रिया, वैश्यको वैश्या र शूद्रको शूद्राको साथमा विवाह हुनुपर्दछ, तब नै आफ्नो-आफ्नो वर्णहरूको कर्म र परस्पर प्रीति पनि यथायोग्य हुनेछ । यी चारै वर्णहरूको कर्तव्य कर्म र गुण यस प्रकार छन्–

**अध्यापनमध्ययनं यजनं याजनं तथा । दानं प्रतिग्रहश्चैव ब्राह्मणानामकल्पयत् ॥१॥**

–मनुस्मृति (अध्याय १/श्लोक ८८) ॥

**शमो दमस्तपः शौचं क्षान्तिरार्जवमेव च । ज्ञानं विज्ञानमास्तिक्यं ब्रह्मकर्मस्वभावजम् ॥२॥**

–भगवद्गीता (अध्याय १८/श्लोक ४२) ॥

**ब्राह्मणका** पढ्नु-पढाउनु, यज्ञ गर्नु-गराउनु, दान दिनु-लिनु, यी छः कर्म हुन्, परन्तु **प्रतिग्रहः प्रत्यवरः** मनुस्मृति (१०/१०९), अर्थात् दान लिनु नीच कर्म हो ॥१॥ **(शमः)** मनले नराम्रो कामको इच्छा पनि नगर्नु र त्यसलाई अधर्ममा कहिल्यै पनि प्रवृत्त हुन नदिनु, **(दमः)** श्रोत्र र चक्षु आदि इन्द्रियलाई अन्यायाचरणदेखि रोकेर धर्ममा चलाउनु, **(तपः)** सदा ब्रह्मचारी जितेन्द्रिय भएर धर्मानुष्ठान गर्नु । **(शौच)**–

**अद्भिर्गात्राणि शुध्यन्ति मनः सत्येन शुध्यति । विद्यातपोभ्यां भूतात्मा बुद्धिर्ज्ञानेन शुध्यति ॥**

–मनुस्मृति (अध्याय ५/श्लोक १०९) ॥

जलले बाहिरी अङ्ग, सत्याचारले मन, विद्या र धर्मानुष्ठानले जीवात्मा र बुद्धि ज्ञानले पवित्र हुन्छ । भित्र रागद्वेषादि दोष र बाहिरको मललाई दूर गरेर शुद्ध गर्नु अर्थात् सत्याऽसत्यलाई विवेकपूर्वक सत्यको ग्रहण र असत्यको त्यागले निश्चय पवित्र हुन्छ । **(क्षान्ति)** अर्थात् निन्दा-स्तुति, सुख-दुःख, शीतोष्ण, क्षुधा-तृषा, हानि-लाभ, मानापमान आदिमा हर्ष-शोक छोडेर धर्ममा दृढ निश्चित रहनु, **(आर्जव)** कोमलता, निरभिमान, सरलस्वभाव राख्नु, कुटिलतादि दोष छोड्नु, **(ज्ञानम्)** सबै वेदादि शास्त्रहरूको साङ्गोपाङ्ग पढ्ने-पढाउने सामर्थ्य, विवेक सत्याऽसत्यको निर्णय, जुन वस्तु जस्तो छ अर्थात् जडलाई जड र चेतनलाई चेतन जान्नु र मान्नु, **(विज्ञान)** पृथ्वीदेखि लिएर परमेश्वर पर्यन्त पदार्थहरूको विशेषताले जानेर तिनबाट यथायोग्य उपयोग लिनु, **(आस्तिक्य)** कहिल्यै वेद, ईश्वर, मुक्ति, पूर्व-परजन्म, धर्म, विद्या, सत्सङ्ग, माता, पिता, आचार्य र अतिथिहरूको सेवा नछोड्नु र निन्दा पनि कहिल्यै नगर्नु, यी पन्ध्र कर्म र गुण ब्राह्मणवर्ण मनुष्यमा अवश्य हुनुपर्दछ ॥२॥ **क्षत्रिय–**

**प्रजानां रक्षणं दानमिज्याध्ययनमेव च । विषयेष्वप्रसक्तिश्च क्षत्रियस्य समासतः ॥१॥**

–मनुस्मृति (अध्याय १/श्लोक ८९) ॥

**शौर्यं तेजो धृतिर्दाक्ष्यं युद्धे चाप्यपलायनम् । दानमीश्वरभावश्च क्षात्रं कर्म स्वभावजम् ॥२॥**

–भगवद्गीता (अध्याय १८/श्लोक ४३) ॥

न्यायले प्रजाको रक्षा अर्थात् पक्षपात छोडेर, श्रेष्ठहरूको सत्कार र दुष्टहरूको तिरस्कार गर्नु, सब प्रकारबाट सबैको पालन (**दान**) विद्या धर्मको प्रवृत्ति र सुपात्रहरूको सेवामा धनादि पदार्थहरूको व्यय गर्नु, (**इज्या**) अग्निहोत्रादि यज्ञ गर्नु वा गराउनु (**अध्ययन**) वेदादि शास्त्रहरू पढ्नु तथा पढाउनु र (**विषयेष्वप्रसक्ति**) विषयमा नफसेर, जितेन्द्रिय रहँदै, सदा शरीर र आत्माले बलवान् रहनु ॥१॥ (**शौर्य्य**) एक्लै सयौं हजारौंसँग पनि युद्ध गर्नमा भय नमान्नु, (**तेज:**) सदा तेजस्वी दीनतारहित प्रगल्भ दृढ रहनु, (**धृति**) धैर्यवान् हुनु, (**दाक्ष्य**) राजपाट र प्रजासम्बन्धी व्यवहारका साथै सबै शास्त्रहरूमा चतुरो हुनु, (**युद्धे**) युद्धमा पनि दृढ नि:शङ्क रहेर उससँग कहिल्यै नहट्नु, नभाग्नु अर्थात् यस प्रकारले लडोस् कि जसबाट निश्चित विजय होस्, आफू बचोस्, भाग्नाले, शत्रुलाई धोका दिनाले नै जीत हुन्छ भने त यस्तै नै गरोस्, (**दान**) दानशीलता राख्नु, (**ईश्वरभाव**) पक्षपातरहित हुँदै सबैको साथ यथायोग्य चल्नु, विचार्नु, वचन दिएर प्रतिज्ञा पूरा गर्नु, बोलेको कुरालाई कहिल्यै पनि भङ्ग हुन नदिनु, यी एघार क्षत्रिय वर्णको कर्म र गुण हुन् ॥ **वैश्य–**

**पशूनां रक्षणं दानमिज्याध्ययनमेव च । वणिक्पथं कुसीदं च वैश्यस्य कृषिमेव च ॥**

–मनुस्मृति (अध्याय १/श्लोक ९०) ॥

(**पशुरक्षा**) गाई आदि पशुहरूको पालन, वर्द्धन गर्नु, (**दान**) विद्या धर्मको वृद्धि गर्न-गराउनको लागि धनादिको व्यय गर्नु, (**इज्या**) अग्निहोत्रादि यज्ञहरू गर्नु, (**अध्ययन**) वेदादि शास्त्रहरूलाई पढ्नु, (**वणिक्पथ**) सबै प्रकारको व्यापार गर्नु, (**कुसीद**) एक सयकडामा चार आना, छ: आठ, बाह्र, सोह्र वा बीस आनादेखि अधिक व्याज र मूल धनदेखि दुई गुणा अर्थात् एक रुपैयाँ दिएको छ भने त सय वर्षमा पनि दुई रूपैयाँ भन्दा अधिक नलिनु र नदिनु, (**कृषि**) खेती गर्नु, यी सबै वैश्यका गुण कर्म हुन् । **शूद्र–**

**एकमेव हि शूद्रस्य प्रभु: कर्म समादिशत् । एतेषामेव वर्णानां शुश्रूषामनसूयया ॥**

–मनुस्मृति (अध्याय १/श्लोक ९१) ॥

शूद्रलाई योग्य यो हो कि निन्दा, ईर्ष्या, अभिमान आदि दोषहरूलाई छाडेर ब्राह्मण, क्षत्रिय र वैश्यहरूको सेवा यथावत् गर्नु र त्यसैबाट आफ्नो जीवन चलाउनु, यही एक शूद्रको कर्म, गुण हो ।

यति संक्षेपले वर्णहरूका गुण र कर्म लेखियो । जुन-जुन पुरुषमा जुन-जुन वर्णको गुण कर्म हुन्छन्, त्यस-त्यस वर्णको अधिकार दिनु । यस्तो व्यवस्था राख्नाले सबै मनुष्य उन्नतिशील हुनेछन् । किनभने उत्तम वर्णलाई भय हुनेछ कि हाम्रा सन्तान मूर्खत्वादि दोषयुक्त भए भने त शूद्र हुनेछन् र सन्तान पनि डराउँदै रहने छन् कि यदि हामी उत्तम चालचलन र विद्यायुक्त भएनौं भने त शूद्र हुन पर्नेछ, र नीच वर्णमा उत्तम वर्णस्थ हुनको लागि उत्साह बढ्नेछ । विद्या र धर्मको प्रचारको अधिकार ब्राह्मणलाई दिनु किनभने तिनीहरू पूर्णविद्यावान् र धार्मिक हुनाले त्यस कामलाई यथायोग्य गर्न सक्दछन् । क्षत्रियहरूलाई राज्यको अधिकार दिनाले कहिल्यै पनि राज्यको हानि वा विघ्न हुँदैन । पशुपालनादिको अधिकार वैश्यहरूले नै गर्दामा योग्य हुन्छ, किनभने तिनीहरूले यस कामलाई राम्रोसँग गर्दछन् । शूद्रलाई सेवाको अधिकार यस कारणले हो कि तिनीहरू विद्यारहित मूर्ख हुनाले विज्ञानसम्बन्धी काम केही पनि गर्न सक्दैनन् किन्तु शरीरको बलको काम जति सबै गर्न सक्दछन् । यस प्रकार वर्णहरूलाई आफ्नो-आफ्नो अधिकारमा प्रवृत्त गराउनु राजा आदि सभ्यजनहरूको काम हो ।

## विवाहका लक्षणहरू (४.६)

**ब्राह्मो दैवस्तथैवार्ष: प्राजापत्यस्तथाऽऽसुर: । गान्धर्वो राक्षसश्चैव पैशाचश्चाष्टमोऽधम: ॥**

–मनुस्मृति (अध्याय ३/श्लोक २१) ॥

विवाह **आठ** प्रकारको हुन्छ । एक **ब्राह्म**, दोस्रो **दैव**, तेस्रो **आर्ष**, चौथो **प्राजापत्य,** पाँचौं **आसुर**, छैटौं **गान्धर्व,** सातौं **राक्षस,** आठौं **पैशाच** । यिनमा ब्राह्मविवाह त्यो हो कि– वर र कन्या दुइटै यथावत् ब्रह्मचर्यले पूर्ण विद्वान्, धार्मिक र सुशील हुन्छन, तिनको परस्पर प्रसन्नताले विवाह हुनुलाई **'ब्राह्म'** विवाह भनिन्छ । विस्तृतयज्ञ गरेर, ऋत्विक्ले कर्म गर्दै जामातालाई अलङ्कारयुक्त कन्या दिनु **'दैव'** विवाह भनिन्छ । वरदेखि केही लिएर विवाह गर्नुलाई **'आर्ष'** भनिन्छ । दुइटैको विवाह धर्मको वृद्धिको अर्थमा हुनु **'प्राजापत्य'** । वर र कन्यामा केही लेनदेन गरेर विवाह गर्नु **'आसुर'** । अनियम, असमयमा कुनै कारणले दुइटैको इच्छापूर्वक वर र कन्याको परस्पर संयोग हुनु **'गान्धर्व'** । लडाई गरेर बलात्कार पूर्वक कन्या ग्रहण गर्नु **'राक्षस'** । शयन वा मद्यादि पिएर मातेकी बेहोशी कन्यासँग बलात्कार संयोग गर्नु **'पैशाच'** । यी सबै विवाहरूमा ब्राह्मविवाह **सर्वोत्कृष्ट**, दैव र प्राजापत्य **मध्यम**, आर्ष, आसुर र गान्धर्व **निकृष्ट**, राक्षस **अधम** र पैशाच **महाभ्रष्ट** हो । यसैले यो निश्चय राख्नुपर्दछ कि कन्या र वरको विवाहको पूर्व एकान्त मेल हुनुहुँदैन ।

किनभने युवावस्थामा स्त्री-पुरुषको एकान्तवास दूषणकारक हुन्छ । परन्तु जब कन्या वा वरको विवाहको समय होस् अर्थात् जब एक वर्ष वा छः महिना ब्रह्मचर्याश्रम र विद्या पूरा हुनमा शेष रहोस्, तब कन्या र कुमारहरूको प्रतिबिम्ब अर्थात् जसलाई 'फोटोग्राफ' भन्दछन् अथवा प्रतिकृति उतारेर कन्याहरूको अध्यापिकाकहाँ कुमारहरूको, र कुमारहरूतिर केटाहरूको अध्यापककहाँ केटीहरूको प्रतिकृति पठाइदिनु । जस-जसको रूप मिल्छ, उस-उसको इतिहास अर्थात् जन्मदेखि लिएर त्यस दिन पर्यन्त जन्मचरित्र को पुस्तक होस् त्यसलाई अध्यापकले मगाएर हेरून् । जब दुइटैको गुण-कर्म स्वसदृश हुन्छ भने तब जस-जसको साथमा जस-जसको विवाह हुन योग्य देखिन्छ, उस-उस पुरुष र कन्याको प्रतिबिम्ब र इतिहास कन्या र वरको हातमा दिएर र भनून् कि यसमा जे तिम्रो अभिप्राय छ, हामीलाई विदित गरिदिनु । जब ती दुइटाका निश्चय परस्पर विवाह गर्नको लागि पक्का होओस्, तब ती दुइटैको समावर्त्तन एकै समयमा होस् । यदि तिनीहरूले अध्यापककहाँ विवाह गर्न चाहेमा त्यहीं गराइदिने, नत्र भने कन्याको माता-पिताको घरमा विवाह गराइदिन योग्य हुन्छ । जब तिनीहरू समक्ष हुन्छन्, तब अध्यापकहरू वा कन्याको माता-पिता आदि भद्रपुरुषहरूको सामुन्ने ती दुइटैलाई आपसमा कुराकानी, शास्त्रार्थ गर्नु र जे-जति गुप्त व्यवहार सोध्नुछ त्यो सभामा लेखेर, एक देस्राको हातमा दिएर प्रश्नोत्तर गरोस् । जब दुइटैले दृढ प्रेम विवाह गर्नमा राजि हुन्छन्, तब तिनीहरूको खान-पानको उत्तम प्रबन्ध हुनुपर्दछ कि जसबाट उनीहरूको शरीर जुन पूर्व ब्रह्मचर्य र विद्याध्ययन तपश्चर्या र कष्टले दुर्बल हुन्छ, त्यो चन्द्रमाको कलाझैं बढेर थोरै दिनमा नै पुष्ट भएर आओस् ।

पश्चात् जुन दिन कन्या रजस्वला भएर जब शुद्ध हुन्छिन् तब वेदी र मण्डप रचेर अनेक सुगन्ध्यादि द्रव्य र घृतादिको होम तथा आमन्त्रित अनेक विद्वान् पुरुष र स्त्रीहरूलाई यथायोग्य सत्कार गरोस् । पश्चात् जुन दिन ऋतुदान दिन योग्य सम्झिन्छन्, त्यसै दिन **संस्कारविधिस्थ** विवाह विधिको अनुसार सबै कर्म गरेर, मध्यरात्रि वा दश बजे अति प्रसन्नताको साथमा सबैको सामुन्ने पाणिग्रहणपूर्वक विवाहको विधिलाई पूरा गरेर, एकान्तसेवन गरून् । पुरुष वीर्यस्थापन र स्त्री वीर्याकर्षणको जुन विधि छ, त्यसैको अनुसार दुइटैले गरून् । जहाँसम्म बन्छ, त्यहाँसम्म ब्रह्मचर्यको वीर्यलाई खेर जान नदेओस्, किनभने त्यस वीर्य-रजबाट जुन शरीर उत्पन्न हुन्छ, त्यो अपूर्व उत्तम सन्तान हुन्छ । जब वीर्य गर्भाशयमा झर्ने समय हुन्छ, त्यति वेला स्त्री पुरुष दुइटै स्थिर र नासिकाको सामुन्ने नासिका, नेत्रको सामुन्ने नेत्र अर्थात् सीधा शरीर र अत्यन्त प्रसन्नचित्त रहून्, नहल्लिऊन् । पुरुषले आफ्नो शरीरलाई हलुका छोडोस् र स्त्रीले वीर्यप्राप्तिसमय अपान वायुलाई माथितिर खिचोस्, योनिलाई माथितिर संकोच गरेर वीर्यलाई माथि आकर्षण गर्दै गर्भाशयमा स्थित गरोस् । पश्चात् दुइटैले शुद्ध जलले स्नान गरून् ।*

गर्भस्थित भएको परिज्ञान विदुषी स्त्रीलाई त उत्तिखेरै थाहा हुन्छ, परन्तु यसको निश्चय एक महिना पश्चात् रजस्वला नभएपछि सबैलाई थाहा हुन्छ । शुठो, केशर, असगन्ध, सेतो सुकुमेल र कालोमिश्री हालेर तताएर प्रथम नै राखेर सेलाएको दूध यथारुचि दुइटैले पिएर अलग-अलग आफ्नो-आफ्नो शय्यामा शयन गरून् । यही विधि जब-जब गर्भाधान-क्रिया गरिन्छ तब-तब गर्न उचित हुन्छ ।

जब महिनाभरमा रजस्वला नभएपछि गर्भस्थितिको निश्चय हुन्छ, तबदेखि एक वर्ष पर्यन्त स्त्री पुरुषले कहिल्यै पनि समागम गर्नुहुँदैन । किनभने यस्तो हुनबाट सन्तान उत्तम र दोस्रो सन्तान पनि श्रेष्ठ हुँदैन, वीर्य व्यर्थ जान्छ, दुइटैको आयु घट्दछ र अनेक प्रकारको रोग लाग्दछ । परन्तु माथिबाट भाषणादि प्रेमयुक्त-व्यवहार अवश्य राख्नुपर्दछ । पुरुष वीर्यको स्थिति र स्त्री गर्भको रक्षा र भोजन-छादन यस प्रकारले गरून् कि जसबाट पुरुषको वीर्य सपनामा पनि नष्ट नहोस् र गर्भमा बालकको शरीर अत्युत्तम रूप, लावण्य, पुष्टि, बल, पराक्रमयुक्त भएर दशौं महिनामा जन्मियोस् । विशेष उसको रक्षा चौथो महिनादेखि र अतिविशेष आठौं महिनादेखि अगाडि गर्नुपर्दछ । कहिल्यै पनि गर्भवती स्त्रीले रेचक, रुक्ष, मादकद्रव्य, बुद्धि र बलनाशक पदार्थहरूलाई भोजनादिमा सेवन नगरोस्, किन्तु घ्यू, दूध, उत्तम धान, गहुँ, मुंगी, मास र अन्न, पानी र देशकालको पनि सेवन युक्तिपूर्वक गरोस् । गर्भमा दुई संस्कार एक **चौथो महिनामा पुंसवन** र दोस्रो **आठौं महिनामा सीमन्तोन्नयन** विधिको अनुकूल गरोस् ।

जब सन्तानको जन्म हुन्छ, तब स्त्री र बच्चाको शरीरको रक्षा असाध्यै सावधानीले गरोस् । अर्थात् शुण्ठीपाक, अथवा सौभाग्यशुण्ठीपाक प्रथम नै बनाएर राखोस् । त्यति वेला सुगन्धियुक्त उष्ण जल, जुन चाहिं मन्तातो होस्, त्यसैबाट स्त्रीले स्नान गरोस् । बालकलाई पनि स्नान गराओस् । तत्पश्चात् नाडीछेदन-बालकको नाभिको फेदमा एक कोमल सूतले बाँधेर, चार अंगुल छोडेर माथिबाट काटोस् । त्यसलाई यसरी

***यो कुरो बडो रहस्यको छ, यसैले यतिबाटै समग्र कुराहरू बुझ्नुपर्दछ, विशेष लेख्न उचित छैन ।** -(दयानन्द सरस्वती)

बाँधियोस् कि जसबाट शरीरको एक थोपा पनि रुधिर जान नपाओस् । पश्चात् उस स्थानलाई शुद्ध गरेर त्यसको द्वारभित्र सुगन्धादियुक्त घृतादिको होम गरोस् । तत्पश्चात् सन्तानको कानमा पिताले **'वेदोऽसीति'** (श.ब्रा. १४/७/५/२५) अर्थात् तेरो **'नाम वेद हो'** सुनाएर सुनको शलाका अर्थात् तारले घ्यू र मह लिएर सन्तानको जिब्रोमा **'ओ३म्'** अक्षर लेखेर मधु र घृतलाई त्यसै शलाकाले चटाइदेओस् । पश्चात् उसकी आमालाई देओस् । दूध पिउन चाहेमा आमाको दूध पियाइयोस् । यदि आमाको दूध आएको छैन भने कुनै अन्य स्त्रीको दूध परीक्षा गरेर पियाइयोस् । पश्चात् दोस्रो कोठामा जहाँको वायु शुद्ध होस्, त्यहाँ सुगन्धित घ्यूको होम प्रातः र सायंकाल गर्ने गर्नु र त्यसैमा प्रसूता स्त्री तथा बालकलाई राख्नु । छः दिनसम्म माताको दूध पिलाउनु र स्त्री पनि आफ्नो शरीरको पुष्टिको अर्थ अनेक प्रकारको उत्तम भोजन गर्ने र योनिसंकोचादि पनि गर्ने ।

छैटौं दिनमा बाहिर निस्किने र सन्तानको लागि दूध पिलाउनको लागि धायीआमा राख्ने । उसको खान-पानमा राम्रो हेरचाह गरोस् । त्यसले दूध पिलाओस् र पालन पनि गरोस् । परन्तु उसकी माताले बच्चामाथि पूर्ण दृष्टि राखोस् कि कुनै प्रकारको अनुचित व्यवहार उसको पालनमा नहोस् । स्त्रीले दूध बन्ध गर्नको अर्थ स्तनको अग्रभागमा यस्तो लेप गरोस् कि जसबाट दूध स्रवित नहोस् । त्यसरी नै खान-पानको व्यवहारमा पनि यथायोग्य ख्याल राखोस् । पश्चात् नामकरणादि संस्कारविधिको रीतिले यथाकाल गर्दै जाओस् । पश्चात् जब दोस्रो महिनामा रजस्वला भएमा तब शुद्ध भएपछि उसै प्रकारले ऋतुदान देओस् ।

**ऋतुकालाभिगामी स्यात् स्वदारनिरतः सदा ॥** —मनुस्मृति (अध्याय ३/श्लोक ४५) ॥

## स्त्री-पुरुषका व्यवहारहरू (४.७)

**ब्रह्मचार्य्येव भवति यत्र तत्राश्रमे वसन् ॥** —मनुस्मृति (अध्याय ३/श्लोक ५०) ॥

जो आफ्नै स्त्रीमा प्रसन्न र ऋतुगामी हुन्छ, त्यो गृहस्थ पनि ब्रह्मचारी कै सदृश हुन्छ ।

**सन्तुष्टो भार्यया भर्त्ता भर्त्रा भार्या तथैव च । यस्मिन्नेव कुले नित्यं कल्याणं तत्र वै ध्रुवम् ॥१॥**
**यदि हि स्त्री न रोचेत पुमांसन्न प्रमोदयेत् । अप्रमोदात्पुनः पुसंः प्रजनं न प्रवर्त्तते ॥२॥**
**स्त्रियां तु रोचमानायां सर्वं तद्रोचते कुलम् । तस्यां त्वरोचमानायां सर्वमेव न रोचते ॥३॥**

—मनुस्मृति (अध्याय ३/श्लोक ६०-६२) ॥

जुन कुलमा भार्याले भर्ता र पतिले पत्नी सदैव प्रसन्न रहन्छे, त्यस कुलमा सबै सौभाग्य र ऐश्वर्य निवास गर्दछन् । जहाँ कलह हुन्छ, त्यहाँ दौर्भाग्य र दारिद्रय स्थिर हुन्छ ॥१॥ जुन स्त्रीले पतिलाई प्रीति र पतिलाई प्रसन्न गर्दिन भने त पति अप्रसन्न हुनाले त्यहाँ काम उत्पन्न हुँदैन । जुन स्त्रीको प्रसन्नताले सबै कुल प्रसन्न हुन्छ र उसको अप्रसन्नताले सबै अप्रसन्न अर्थात् दुःखदायक हुन जान्छन् ॥३॥

**पितृभिर्भ्रातृभिश्चैताः पतिभिर्देवरैस्तथा । पूज्या भूषयितव्याश्च बहुकल्याणमीप्सुभिः ॥१॥**
**यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवताः । यत्रैतास्तु न पूज्यन्ते सर्वास्तत्राऽफलाः क्रियाः ॥२॥**
**शोचन्ति जामयो यत्र विनश्यत्याशु तत्कुलम् । न शोचन्ति तु यत्रैता वर्द्धते तद्धि सर्वदा ॥३॥**
**तस्मादेताः सदा पूज्या भूषणाच्छादनाशनैः । भूतिकामैर्नरैर्नित्यं सत्कारेषूत्सवेषु च ॥४॥**

—मनुस्मृति (अध्याय ३/श्लोक ५५-५७, ५९) ॥

पिता, भाइ, पति र देवर यिनलाई सत्कारपूर्वक भूषणादिले प्रसन्न राख्नु, जसलाई धेरै कल्याणको इच्छा छ, त्यसले यस्तै गरोस् ॥१॥ जुन घरमा स्त्रीहरूको सत्कार हुन्छ, त्यसमा विद्यायुक्त भएर देवसंज्ञाले चिनिएर आनन्दले क्रीडा गर्दछन् र जुन घरमा स्त्रीहरूको सत्कार हुँदैन, त्यहाँ सबै क्रिया निष्फल हुन जान्छ ॥२॥ जुन घर वा कुलमा स्त्रीहरू शोकातुर भएर दुःख पाउँछन्, त्यो कुल शीघ्र नष्ट-भ्रष्ट हुन जान्छ र जुन घर वा कुलमा स्त्रीहरू आनन्दले, उत्साह र प्रसन्नताले भरिएर रहन्छन्, त्यो कुल सर्वदा बढिराख्दछ ॥३॥ यसैले ऐश्वर्यको कामना चाहने मनुष्यलाई योग्य छ कि सत्कार र उत्सवको समयमा भूषण, वस्त्र र भोजनादिले स्त्रीहरूको नित्यप्रति सत्कार गरून् ॥४॥ यस कुराको सदैव ख्याल राख्नुपर्दछ कि **'पूजा'** को अर्थ सत्कार हो र दिन-रातमा जब-जब प्रथम भेट हुन्छ वा छुट्टिन्छ, तब-तब प्रीतिपूर्वक **'नमस्ते'** शब्दबाट एक-अर्कालाई अभिवादन गरौं ।

**सदा प्रहृष्टया भाव्यं गृहकार्येषु दक्षया । सुसंस्कृतोपस्करया व्यये चामुक्तहस्तया ॥**

—मनुस्मृति (अध्याय ५/श्लोक १५०) ॥

स्त्रीहरूलाई योग्य छ कि अतिप्रसन्नताले घरको काममा चतुराईयुक्त सबै पदार्थलाई उत्तम संस्कार, घरको शुद्धि र व्ययमा अत्यन्त उदार सदा रहनु अर्थात् सबै चीज पवित्र र पाक यस्तो प्रकारले बनाऊन् कि औषधरूपी भएर घर, शरीर वा आत्मामा रोग आउन नपाओस् । जे-जे व्यय भएको छ त्यसको हिसाब

यथावत् राखेर पति आदिलाई सुनाइदिने गर्नु । घरका नोकर-चाकरहरूबाट यथायोग्य काम लियोस् । घरको कुनै कामलाई बिग्रन नदियोस् ।

**स्त्रियो रत्नान्यथो विद्या सत्यं शौचं सुभाषितम् । विविधानि च शिल्पानि समादेयानि सर्वतः ॥**

–मनुस्मृति (अध्याय २/श्लोक २४०) ॥

उत्तम स्त्री, नाना प्रकारको रत्न, विद्या, सत्य, पवित्रता, श्रेष्ठभाषण र नाना प्रकारको कारीगरी सबै मनुष्यले सबै देश र मनुष्यबाट ग्रहण गरोस् ।

**सत्यं ब्रूयात्प्रियं ब्रूयान्न ब्रूयात् सत्यमप्रियम् । प्रियं च नानृतं ब्रूयादेष धर्मः सनातनः ॥१॥**
**भद्रं भद्रमिति ब्रूयाद्भद्रमित्येव वा वदेत् । शुष्कवैरं विवादं च न कुर्यात्केनचित्सह ॥२॥**

–मनुस्मृति (अध्याय ४/श्लोक १३८-१३९) ॥

सदा प्रिय सत्य, दोस्रालाई हितकारक बोलोस्, अप्रिय सत्य अर्थात् कानालाई कानो नभनोस्, झुट अर्थात् दोस्रालाई प्रसन्न गर्ने अर्थ नबोलोस् ॥१॥ सदा भद्र अर्थात् सबैको हितकारी वचन बोलोस् । शुष्कवैर अर्थात् बिना अपराध कसैसँग विरोध वा विवाद नगरोस् ॥२॥ जुन-जुन अर्काको हितकारक कुरा होस् र नराम्रो मानून्, तथापि भनेरै छोड्नु ।

**पुरुषा बहवो राजन् सततं प्रियवादिनः । अप्रियस्य तु पथ्यस्य वक्ता श्रोता च दुर्लभः ॥**

–महाभारत उद्योगपर्व-विदुरनीति (अध्याय ३७ श्लोक १४) ॥

विदुरजी भन्नुहुन्छ कि हे धृतराष्ट्र ! यस संसारमा अर्कालाई निरन्तर प्रसन्न गर्नको लागि प्रिय बोल्ने प्रशंसकहरू थुप्रै छन्, परन्तु सुन्नमा अप्रिय विदित होस् र त्यो कल्याण गर्ने वचन होस्, त्यसलाई भन्ने र सुन्ने पुरुषहरू दुर्लभ छन् । किनभने सत्पुरुषहरूको बानी नै हो कि मुखले सामुन्ने अर्काको दोष भन्नु र आफ्नो सुनाउनु, परोक्षमा दोस्राको गुण सदा बताउनु । फेरि दुष्टहरूको यही रीति हो कि सम्मुखमा गुण बताउनु र परोक्षमा दोषको प्रकाश गर्नु । जबसम्म मनुष्यले अर्काबाट आफ्नो दोष सुन्दैन वा भन्नेवालाले भन्दैन तबसम्म मनुष्य दोषहरूबाट छुटेर गुणी हुँदैन । कहिल्यै पनि कसैको निन्दा नगर्नु । जस्तै–

**गुणेषु दोषारोपणमसूया** अर्थात् **दोषेषु गुणारोपणमप्यसूया, गुणेषु गुणारोपणं दोषेषु दोषारोपणं च स्तुतिः** जसले गुणमा दोष र दोषमा गुण लगाउँछ त्यो निन्दा र गुणमा गुण, दोषमा दोषको कथन गर्दछ त्यसलाई स्तुति भनिन्छ । अर्थात् मिथ्याभाषणको नाम **'निन्दा'** र सत्यभाषणको नाम **'स्तुति'** हो ।

**बुद्धिवृद्धिकराण्याशु धन्यानि च हितानि च । नित्यं शास्त्राण्यवेक्षेत निगमांश्चैव वैदिकान् ॥१॥**
**यथा यथा हि पुरुषः शास्त्रं समधिगच्छति । तथा तथा विजानाति विज्ञानं चास्य रोचते ॥२॥**

–मनुस्मृति (अध्याय ४/श्लोक १९-२०) ॥

जुन बुद्धि, धन र हितको शीघ्र वृद्धि गराउने शास्त्र र वेदहरू छन्, तिनलाई नित्य सुनून् र सुनाऊन्, ब्रह्मचर्याश्रममा पढेका हुन्, तिनलाई स्त्री पुरुष नित्य विचारून् र पढाउने गरून् ॥१॥ किनभने जसरी मनुष्यले शास्त्रहरूलाई यथावत् जान्दछ, त्यसरी नै उसको विज्ञान बढ्दै जान्छ र त्यसैमा रुचि पनि बढ्दै रहन्छ ॥२॥

## पाँच महायज्ञहरू (४.८)

**ऋषियज्ञं देवयज्ञं भूतयज्ञं च सर्वदा । नृयज्ञं पितृयज्ञं च यथाशक्ति न हापयेत् ॥१॥**

–मनुस्मृति (अध्याय ४/श्लोक २१) ॥

**अध्यापनं ब्रह्मयज्ञः पितृयज्ञश्च तर्प्पणम् । होमो दैवो बलिर्भौतो नृयज्ञोऽतिथिपूजनम् ॥२॥**

–मनुस्मृति (अध्याय ३/श्लोक ७०) ॥

**स्वाध्यायेनार्चयेतर्षीन् होमैर्देवान् यथाविधि । पितॄन् श्राद्धैश्च नॄनन्नैर्भूतानि बलिकर्मणा ॥३॥**

–मनुस्मृति (अध्याय ३/श्लोक ८१) ॥

**दुइटा यज्ञ** ब्रह्मचर्यमा लेखिसकेको छु– तिनीहरू अर्थात् **एक (ब्रह्मयज्ञ)** वेदादि शास्त्रहरूलाई पढ्नु-पढाउनु, सन्ध्योपासन, योगाभ्यास । **दोस्रो देवयज्ञ**–विद्वान्हरूको सङ्ग, सेवा, पवित्रता, दिव्य गुणहरूको धारण, दातृत्व, विद्याको उन्नति गर्नु हो । यी दुइटा यज्ञ सायं-प्रातः गर्नुपर्ने हुन्छ ।

**सायंसायं गृहपतिर्नो अग्निः प्रातः प्रातः सौमनसस्य दाता० ॥१॥**

**प्रातः प्रातर्गृहपतिर्नो अग्निः सायंसायं सौमनसस्य दाता० ॥२॥**

–अथर्ववेद (काण्ड १९/अनुवाक ७/मन्त्र ३-४), (१९/५५/३-४) ॥

**तस्मादहोरात्रस्य संयोगे ब्राह्मणः सन्ध्यामुपासीत ।** –(तु.–षड्विंश ब्राह्मण प्रपा.४/खं.५) ॥
**उद्यन्तमस्तं यान्तमादित्यमभिध्यायन् ॥३॥** –तैत्तिरीय आरण्यक (प्रपा. २/अनुवाक २) ॥

**न तिष्ठति तु यः पूर्वां नोपास्ते यश्च पश्चिमाम् । स शूद्रवद्बहिष्कार्यः सर्वस्माद् द्विजकर्मणः ॥४॥**

–मनुस्मृति (अध्याय २/श्लोक १०३) ॥

जुन सन्ध्या-सन्ध्या कालमा होम गरिन्छ, त्यो हुत द्रव्य प्रातःकालमा वायुशुद्धिद्वारा सुखकारी हुन्छ ॥१॥ जुन अग्निमा प्रातः-प्रातः कालमा होम गरिन्छ, त्यो हुत द्रव्य सायंकाल पर्यन्त वायुको शुद्धिद्वारा बल, बुद्धि र आरोग्यकारक हुन्छ ॥२॥ यसैले दिन र रात्रिको सन्धिमा अर्थात् सूर्योदय र सूर्यास्त समयमा परमेश्वरको ध्यान र अग्निहोत्र अवश्य गर्नुपर्दछ ॥३॥ र जसले यी दुइटै काम सायं र प्रातःकालमा गर्दैन, त्यसलाई सज्जनहरूले सब द्विजहरूको कर्मदेखि बाहिर निकालिदिनु, अर्थात् त्यसलाई शूद्रवत् सम्झनु ॥४॥

**प्रश्न**– त्रिकाल सन्ध्या किन नगर्ने ?

**उत्तर**– तीन समयमा सन्धि हुँदैन, प्रकाश र अन्धकारको सन्धि मात्र सायं-प्रातः दुइटा नै वेलामा हुन्छ । जसले यसलाई नमानेर मध्याह्नकालमा तेस्रो सन्ध्या गर्न मान्दछ, त्यसले मध्यरात्रिमा पनि किन नगर्ने ? जसले मध्यरात्रिमा पनि गर्न चाहन्छ भने प्रहर-प्रहर, घडी-घडी, पल-पल र क्षण-क्षणको पनि सन्धिमा सन्ध्योपासन गर्ने गरोस् । जुन यस्तो चाहेर पनि हुन सक्दैन र कुनै शास्त्रको मध्याह्न सन्ध्यामा प्रमाण पनि छैन । यसैले दुइटै कालमा मात्र सन्ध्या र अग्निहोत्र गर्नु, तेस्रो कालमा होइन । फेरि जुन तीन कालमा हुन्छ त्यो भूत, भविष्यत् र वर्तमानको भेदले गर्दा भएको हो । सन्ध्योपासनको भेदले होइन ।

**तेस्रो 'पितृयज्ञ'** अर्थात् जसमा देव जुन विद्वान्, ऋषि जसले पढ्छ-पढाउँछ, पितृ जुन माता-पिता आदि वृद्ध, ज्ञानी र परम योगीहरूको सेवा गर्नु । पितृयज्ञको दुइटा भेद छन्– पहिलो **'श्राद्ध'** र दोस्रो **'तर्पण'** । श्राद्ध अर्थात् **श्रत्** सत्यको नाम हो, **'श्रत्सत्यं दधाति यया क्रियया सा श्रद्धा, श्रद्धया यत्क्रियते तच्छ्राद्धम्'** अर्थात् जसबाट सत्यको ग्रहण गरियोस् त्यसलाई **श्रद्धा** र जुन-जुन श्रद्धाले सेवारूप कर्म गरिन्छ, त्यसको नाम **'श्राद्ध'** हो । **'तृप्यन्ति तर्पयन्ति येन पितॄन् तत्तर्पणम्'** अर्थात् जुन-जुन कर्मले तृप्त अर्थात् विद्यमान माता-पितादि पितृहरू प्रसन्न हुन्छन् र प्रसन्न गरियोस्, यसैको नाम **'तर्पण'** हो, परन्तु **यो कर्म जीवितहरूको लागि हो, मृतकहरूको लागि होइन ।**

## अथ देवतर्पणम्

**ओं ब्रह्मादयो देवास्तृप्यन्ताम् । ब्रह्मादिदेवपत्न्यस्तृप्यन्ताम् । ब्रह्मादिदेवसुतास्तृप्यन्ताम् । ब्रह्मादिदेवगणास्तृप्यन्ताम् ॥** –हेर्नुहोस् (पारस्कर र आश्वलायन गृह्यसूत्र) ॥

## इति देवतर्पणम्

**'विद्वाꣳसो हि देवाः'** –यो शतपथ ब्राह्मण (३/५/६/१०) को वचन हो ।

जो विद्वान् छन्, उनैलाई **'देव'** भनिन्छ । जसले साङ्गोपाङ्ग चारै वेदलाई जान्दछ, उनैको नाम **'ब्रह्मा'** र जो उनीदेखि न्यून पढेका छन्, उनको नाम पनि **'देव'** अर्थात् **'विद्वान्'** हो । उनकै सदृश विदुषी उनकी स्त्री **'ब्रह्माणी'** र **'देवी'**, उनकै तुल्य पुत्र र शिष्य तथा उनकै सदृश उनकै **गण** अर्थात् सेवक हुन्, उनैको सेवा गर्नुको नाम नै **'श्राद्ध'** र **'तर्पण'** हो ।

## अथ ऋषितर्पणम्

**ओं मरीच्यादय ऋषयस्तृप्यन्ताम् । मरीच्याद्यृषिपत्न्यस्तृप्यन्ताम् । मरीच्याद्यृषिसुतास्तृप्यन्ताम् । मरीच्याद्यृषिगणास्तृप्यन्ताम् ॥** –हेर्नुहोस् (पारस्कर र आश्वलायन गृह्यसूत्र) ॥

## इति ऋषितर्पणम्

जो ब्रह्माको प्रपौत्र मरीचिवत् विद्वान् भएर पढाउँछन् र उनकै सदृश विद्यायुक्त उनकी स्त्रीहरू, कन्याहरूलाई विद्यादान दिन्छन्, उनकै तुल्य पुत्र र शिष्य तथा उनकै समान उनकै सेवक हुन्, तिनैको सेवन-सत्कार गर्नु **'ऋषितर्पण'** हो ।

## अथ पितृतर्पणम्

**ओं सोमसदः पितरस्तृप्यन्ताम् । अग्निष्वात्ताः पितरस्तृप्यन्ताम् । बर्हिषदः पितरस्तृप्यन्ताम् । सोमपाः पितरस्तृप्यन्ताम् । हविर्भुजः पितरस्तृप्यन्ताम् । आज्यपाः पितरस्तृप्यन्ताम् । सुकालिनः पितरस्तृप्यन्ताम् । यमादिभ्यो नमः यमादींस्तर्पयामि । पित्रे स्वधा नमः पितरं तर्पयामि । पितामहाय स्वधा नमः पितामहं तर्पयामि । प्रपितामहाय स्वधा नमः प्रपितामहं तर्पयामि । मात्रे स्वधा नमो मातरं तर्पयामि । पितामह्यै स्वधा नमः पितामहीं तर्पयामि । प्रपितामह्यै स्वधा नमः प्रपितामहीं तर्पयामि । स्वपत्न्यै स्वधा नमः स्वपत्नीं तर्पयामि । सम्बन्धिभ्यः स्वधा नमः सम्बन्धिनस्तर्पयामि । सगोत्रेभ्यः स्वधा नमः सगोत्राँस्तर्पयामि ॥**

–हेर्नुहोस् (यजुर्वेद अध्याय १९ ॥ मनुस्मृति अध्याय ३ ॥ बृ. पाराशर स्मृति अ.७/श्लोक १६७-१६८) ॥

# इति पितृतर्पणम् ॥

**(सोमसदः) 'ये सोमे जगदीश्वरे पदार्थविद्यायां च सीदन्ति ते सोमसदः'** जो परमात्मा र पदार्थ-विद्यामा निपुण छ । **'यैरग्नेर्विद्युतो विद्या गृहीता ते अग्निष्वात्ताः'** जसले अग्नि अर्थात् विद्युदादि पदार्थहरूलाई जान्दछ । **'ये बर्हिषि उत्तमे व्यवहारे सीदन्ति ते बर्हिषदः'** जो उत्तम विद्यावृद्धियुक्त व्यवहारमा स्थित छ । **'ये सोममैश्वर्यमोषधीरसं वा पान्ति पिबन्ति वा ते सोमपाः'** जो ऐश्वर्यको रक्षक र महौषधि रसको पान गर्नाले रोगरहित र अन्यको ऐश्वर्यको रक्षक, औषधिहरू दिएर रोग नाशक हुन्छ, ती **'सोमपा'** । **'ये हविर्होतुमत्तुमर्हं भुञ्जते भोजयन्ति वा ते हविर्भुजः'** मादक, हिंसाकारक द्रव्यलाई छोडेर भोजन गर्नेहरू, ती **'हविर्भुजः'** । **'य आज्यं ज्ञातुं प्राप्तुं वा योग्यं रक्षन्ति वा पिबन्ति ते'** जो जान्नयोग्य वस्तुको रक्षक र घृत-दुग्धादि खाने र पिउनेहरू, तिनीहरू **'आज्यपा'** । **'शोभनः कालो विद्यते येषान्ते सुकालिनः'** जसले राम्रो धर्म गर्ने र सुखरूपी समय होस् । **'ये दुष्टान् यच्छन्ति निगृह्णन्ति ते यमा न्यायाधीशाः'** जो न्यायकारी दुष्टहरूलाई दण्ड र श्रेष्ठहरूको पालन गर्दछ । **'यः पाति सः पिता'** जो सन्तानलाई अन्न र सत्कारको रक्षक वा जनक हो त्यो **'पिता'** । **'पितुः पिता पितामहः पितामहस्य पिता प्रपितामहः'** जो पिताको पनि पिता हो, त्यो **'पितामह'** र जो पितामहको पनि पिता हो, त्यो **'प्रपितामह'** । **'या मानयति सा माता'** जसले अन्न र सत्कारद्वारा आफ्नो सन्तानको मान्य गर्दछिन् उनी **'माता'** । **'या पितुर्माता सा पितामही, पितामहस्य च माता प्रपितामही'** जो पिताकी माता हुन्, उनी **'पितामही'** र जुन पितामहकी माता हुन्, उनी **'प्रपितामही'** । आफ्नी स्त्री तथा भगिनी, सम्बन्धी र एक गोत्रका अर्थात् अन्य कुनै भद्र पुरुष वा वृद्ध हुन्, ती सबैलाई अत्यन्त श्रद्धाले उत्तम अन्न, वस्त्र, सुन्दर-यान आदि दिएर राम्रोसँग जुन तृप्त गराउनु अर्थात् जुन-जुन कर्मले उनीहरूको आत्मा तृप्त र शरीर स्वस्थ्य रहन्छ, त्यस-त्यस कर्मबाट प्रीतिपूर्वक तिनको सेवा गर्नुलाई **'श्राद्ध'** र **'तर्पण'** भनिन्छ ।

**चौथो वैश्वदेव–** अर्थात् जब भोजन तयार हुन्छ तब जे-जति भोजनार्थ बनेको छ, त्यसमा अमिलो, लवणान्न र क्षारलाई छोडेर घृत-मिष्टयुक्त अन्न लिँदै चुलोबाट अग्नि लिएर, निम्नलिखित मन्त्रले आहुति र भाग गर्नु ।

**वैश्वदेवस्य सिद्धस्य गृह्येऽग्नौ विधिपूर्वकम् । आभ्यः कुर्याद्देवताभ्यो ब्राह्मणो होममन्वहम् ॥**

–मनुस्मृति (अध्याय ३/श्लोक ८४) ॥

जे पाकशालामा भोजनार्थ अन्न सिद्ध छ, त्यसको दिव्य गुणार्थ, उसै पाकाग्निमा निम्नलिखित मन्त्रले विधिपूर्व होम नित्य गरोस्–

## होमको मन्त्र

**ओं अग्नये स्वाहा । सोमाय स्वाहा । अग्नीषोमाभ्यां स्वाहा । विश्वेभ्यो देवेभ्यः स्वाहा । धन्वन्तरये स्वाहा । कुह्वै स्वाहा । अनुमत्यै स्वाहा । प्रजापतये स्वाहा । सह द्यावापृथिवीभ्यां स्वाहा । स्विष्टकृते स्वाहा ॥**

–मनुस्मृति (अध्याय ३/श्लोक ८५-८६) को आधारमा॥

एक-एक मन्त्र पढेर एक-एक आहुति देओस् । भाग अर्थात् थालीमा वा भूमिमा पूर्वादि दिशाको अनुक्रमले भाग लगाउनु–

**ओं सानुगायेन्द्राय नमः । सानुगाय यमाय नमः । सानुगाय वरुणाय नमः । सानुगाय सोमाय नमः । मरुद्भ्यो नमः । अद्भ्यो नमः । वनस्पतिभ्यो नमः । श्रियै नमः । भद्रकाल्यै नमः । ब्रह्मपतये नमः । वास्तुपतये नमः । विश्वेभ्यो देवेभ्यो नमः । दिवाचरेभ्यो भूतेभ्यो नमः । नक्तञ्चारिभ्यो भूतेभ्यो नमः । सर्वात्मभूतये नमः ॥** –मनुस्मृति (अध्याय ३/श्लोक ८७-९१) को आधारमा ॥

एक-एक मन्त्रले पन्ध्र भाग लगाउनु, फेरि लवणान्नलाई भूमिमा राख्नु ।

**शुनां च पतितानां च श्वपचां पापरोगिणाम् । वायसानां कृमीणां च शनकैर्निर्वपेद्भूवि ॥**

–मनुस्मृति (अध्याय ३/श्लोक ९२) ॥

एक कुकुर, दोस्रो पापी, तेस्रो चाण्डाल, चौथो पाप रोगी, पाँचौं काग, छैटौं कृमीको भाग लगाएर कुकुर आदिलाई देओस् र त्यो पन्ध्र भागलाई कुनै अतिथिलाई देओस् अथवा त्यति वेला अतिथि उपस्थित नभएमा त अग्निमा राखिदिनु । यो मनुस्मृति आदिको विधि हो । बाँकी भान्छाघरको वायु शुद्ध र जुन त्यसमा अदृष्ट जीवहरूको हत्या हुन्छ, त्यसको प्रत्युपकार हुन जान्छ ।

**पाँचौं अतिथिसेवा–** अतिथि-धार्मिक, सत्योपदेशक, सबैका उपकारक पूर्ण विद्वान्, सर्वत्र विचरण गर्नेवाला, संन्यासी अतिथि हुन्छन् । तिनको आसन, खान-पान, नम्रतादिले सत्कार गरेर, उनैसँग सत्सङ्ग गरेर, अपूर्व विद्यालाई जानोस् । समयको कारणले गृहस्थ र राजादि पनि अतिथि हुन सक्दछन् । परन्तु–

# पाखण्डी तिरस्कार (४.९)

**पाषण्डिनो विकर्मस्थान् वैडालवृत्तिकान् शठान् । हैतुकान् बकवृत्तींश्च वाङ्मात्रेणापि नार्चयेत् ॥**

–मनुस्मृति (अध्याय ४/श्लोक ३०) ॥

**(पाषण्डी)** वेदनिन्दक, वेदविरुद्ध आचरण गर्ने **(विकर्मस्थ)** जो वेदविरुद्ध कर्मको कर्ता, मिथ्याभाषणादियुक्त, जस्तै बिरालोले लुकेर स्थिर हुँदै ताक्ने, कुद्ने, झम्टिने गरेर मुसा आदि प्राणीलाई मारेर आफ्नो पेट भर्दछ, त्यस्ता जनहरूको नाम 'वैडालवृत्ति', **(शठ)** अर्थात् हठी, दुराग्रही, अभिमानी, आफूले जान्दैन अरूले भनेको पनि मान्दैन, **(हैतुक)** कुतर्की व्यर्थ कराउने जस्ता कि आजभोलिका वेदान्ती "हामी ब्रह्म हौं जगत् मिथ्या हो, वेदादि शास्त्र र ईश्वर पनि कल्पित हो" इत्यादि कुरौटे **(बकवृत्ति)** जस्तै बकुल्लो माछाको प्राण लिएर आफ्नो पेट भर्नको लागि ध्यानावस्थित हुन्छ, त्यस्तै वर्तमानका जटाजूट वैरागी आदि हुन्, तिनलाई वाणीमात्रले पनि सत्कार नगर्नु । किनभने यिनको सत्कार गर्नाले बढेर संसारलाई अधर्मयुक्त गराइदिन्छन् ।

**यी पाँच महायज्ञको फल– ब्रह्मयज्ञ** गर्नाले विद्या, शिक्षा, धर्म र सभ्यताको वृद्धि हुन्छ ।

**'अग्निहोत्र'** ले वायु, वृष्टि, जलको शुद्धि भएर औषधिहरू शुद्ध हुन्छन् । शुद्ध वायुको श्वासास्पर्श, खान-पानले आरोग्य, बुद्धि, बल, पराक्र बढेर धर्मार्थ, काम, मोक्षको अनुष्ठान निर्विघ्नताले सम्पन्न हुन्छ । त्यसैले यसलाई **देवयज्ञ** भन्दछन् । कारण यसले वायु आदि पदार्थलाई दिव्य बनाइदिन्छ ।

**'पितृयज्ञ'** को फल– जब उसले माता-पिता र ज्ञानीहरूको सेवा गर्नेछ, तब त्यसको ज्ञान बढ्नेछ । त्यसबाट सत्यासत्यको निर्णय गरेर सत्यको ग्रहण, असत्यको त्याग गरेर सुखी हुनेछ । दोस्रो कृतज्ञता अर्थात् जस्तो सेवा माता-पिता र आचार्यले सन्तान र शिष्यलाई गरे, त्यसको बदला दिनु उचित नै हो ।

**'बलिवैश्वदेव'** को पनि फल माथि नै भनेर आइसकेको छ, त्यही नै हो ।

जबसम्म उत्तम अतिथि जगत्मा हुँदैनन् तबसम्म उन्नति पनि हुँदैन । उनीहरू सबै देशमा घुमेर र सत्योपदेश गर्नाले पाखण्डको वृद्धि हुन पाउँदैन र सर्वत्र गृहस्थहरूलाई सहजसित सत्य विज्ञानको प्राप्ति भैराख्दछ र मनुष्यमात्रमा एउटै धर्म स्थिर रहन्छ । बिना अतिथिको सन्देहनिवृत्ति हुँदैन । यसबाट नछुटिकन दृढ निश्चय पनि हुँदैन, बिना निश्चयको सुख कहाँ ?

# बिहान उठेदेखिका धर्मकर्महरू (४.१०)

**ब्राह्मे मुहूर्त्ते बुध्येत धर्मार्थौ चानुचिन्तयेत् । कायक्लेशाँश्च तन्मूलान् वेदतत्त्वार्थमेव च ॥**

–मनुस्मृति (अध्याय ४/श्लोक ९२) ॥

चौथो प्रहर अथवा चार घडी रात हुँदा उठ्ने । आवश्यक कार्य गरेर धर्म र अर्थ, शरीरका रोगहरूको निदान र परमात्माको ध्यान गर्ने । कहिल्यै पनि अधर्मको आचण नगर्ने । किनभने–

**नाधर्मश्चरितो लोके सद्यः फलति गौरिव । शनैरावर्त्तमानस्तु कर्त्तुर्मूलानि कृन्तति ॥**

–मनुस्मृति (अध्याय ४/श्लोक १७२) ॥

गरिएको अधर्माचरण निष्फल कहिल्यै पनि हुँदैन, परन्तु जुन समयमा अधर्म गर्दछ, त्यति वेलै फल पनि हुँदैन, त्यसैले अज्ञानीहरू अधर्माचरणदेखि डराउँदैनन् । परन्तु निश्चय जान कि त्यो अधर्माचरणले विस्तारै-विस्तारै सुखको तिम्रो मूललाई काटिराखेको हुन्छ । यस क्रमबाट–

**अधर्मेणैधते तावत्ततो भद्राणि पश्यति । ततः सपत्नाञ्जयति समूलस्तु तु विनश्यति ॥**

–मनुस्मृति (अध्याय ४/श्लोक १७४) ॥

जब मनुष्यले धर्मको मर्यादालाई छोड्दछ– जसरी बन्ध भएको पोखरीको पानीले घेरिएको पर्खाललाई फुटाएर पानी चारैतिरबाट वेगले बाहिर निस्कन्छ, त्यसरी नै अधर्मात्मा पनि मिथ्याभाषण, कपट, पाखण्ड अर्थात् रक्षा गर्ने भएका वेदहरूको खण्डन र विश्वासघातादि कर्मले पराई पदार्थलाई लिएर प्रथम बढ्दछ, पश्चात् धनादि ऐश्वर्यले खान, पान, वस्त्र, आभूषण, यान, स्थान, मान, प्रतिष्ठालाई प्राप्त गर्दछ, अन्यायले शत्रुलाई पनि जित्दछ, पश्चात् शीघ्र नष्ट भएर जान्छ । जसरी जरो काटिएको रूख नष्ट भएर जान्छ, त्यसरी नै अधर्मी नष्ट-भ्रष्ट भएर जान्छ । त्यसैले–

**सत्यधर्मार्यवृत्तेषु शौचे चैवारमेत्सदा । शिष्याँश्च शिष्याद्धर्मेण वाग्बाहूदरसंयतः ॥**

–मनुस्मृति (अध्याय ४/श्लोक १७५) ॥

जुन वेदोक्त **'सत्य धर्म'** अर्थात् पक्षपातरहित भएर सत्यको ग्रहण र असत्यको परित्याग न्यायरूप वेदोक्त धर्मादि; **'आर्य'** अर्थात् उत्तम पुरुषहरूको गुण, कर्म, स्वभाव; र पवित्रताले नै सदा रमण गरोस् । वाणी, बाहु, उदर आदि अङ्गहरूको संयम अर्थात् धर्ममा चलाउँदै, धर्मले शिष्यहरूलाई शिक्षा देओस् ।

**ऋत्विक् पुरोहिताचार्य्यैर्मातुलातिथिसंश्रितैः । बालवृद्धातुरैर्वैद्यैर्ज्ञातिसम्बन्धिबान्धवैः ॥१॥**

**मातापितृभ्यां यामिभिर्भ्रात्रा पुत्रेण भार्यया । दुहित्रा दासवर्गेण विवादं न समाचरेत् ॥२॥**

–मनुस्मृति (अध्याय ४/श्लोक १७९-१८०) ॥

(**ऋत्विक्**) यज्ञ गराउनेवाला, (**पुरोहित**) सदा उत्तम चालचलनको शिक्षाकर्ता, (**आचार्य**) विद्या प्रदान गर्नेवाला, (**मातुल**) मामा, (**अतिथि**) अर्थात् जसको कुनै जान-आउनको लागि निश्चित तिथि छैन, (**संश्रित**) आफ्ना आश्रित, (**बाल**) बालक, (**वृद्ध**) बूढा, (**आतुर**) पीडित, (**वैद्य**) आयुर्वेदको ज्ञाता, (**ज्ञाति**) स्वगोत्र वा स्ववर्णस्थ, (**सम्बन्धी**) सासू, श्वशुर आदि, (**बान्धव**) मित्र ॥१॥ (**माता**) आमा, (**पिता**) बुबा, (**यामि**) दिदीबहिनी, (**भ्राता**) दाजुभाइ, (**पुत्र**) छोरा, (**भार्या**) पत्नी, (**दुहित्रा**) कन्या र सेवकहरूसँग विवाद अर्थात् विरुद्ध झै-झगडा कहिल्यै पनि नगरोस् ॥२॥

**अतपास्त्वनधीयानः प्रतिग्रहरुचिर्द्विजः । अम्भस्यश्मप्लवेनेव सह तेनैव मज्जति ॥**

–मनुस्मृति (अध्याय ४/श्लोक १९०) ॥

एक (**अतपाः**) ब्रह्मचर्य सत्यभाषणादि तपरहित, दोस्रो (**अनधीयानः**) अनपढ, तेस्रो (**प्रतिग्रहरुचिः**) अत्यन्त धर्मार्थ दोस्रादेखि दान लिनेवाला, यी तीनै जस्तै ढुङ्गाको डुँगाले समुद्र तर्नु बराबर, आफ्नो दुष्ट कर्मको साथमा नै दुःख-सागरमा डुब्दछन् । ती त डुब्दछन् नै, परन्तु दाताहरूलाई पनि साथमा लिएर डुबाइदिन्छन् ।

**त्रिष्वप्येतेषु दत्तं हि विधिनाप्यर्जितं धनम् । दातुर्भवत्यनर्थाय परत्रादातुरेव च ॥**

–मनुस्मृति (अध्याय ४/श्लोक १९३) ॥

जसले धर्मबाट प्राप्त गरेको धन यी तीनैलाई दिन्छ, यो दान-दाताको नाश यसै जन्ममा र लिनेवालाको नाश परजन्ममा गर्दछ ।

यदि यस्तो भयो भने के हुन्छ–

**यथा प्लवेनौपलेन निमज्जत्युदके तरन् । तथा निमज्जतोऽधस्तादज्ञौ दातृप्रतीच्छकौ ॥**

–मनुस्मृति (अध्याय ४/श्लोक १९४) ॥

जसरी ढुङ्गाको डुँगामा बसेर जलमा तर्नेवाला डुब्दछ, त्यस्तै अज्ञानी दाता र ग्रहीता दुइटै अधोगति अर्थात् दुःखलाई प्राप्त गर्दछन् ।

## पाखण्डीको लक्षणहरू (४.११)

**धर्मध्वजी सदालुब्धश्छाद्मिको लोकदम्भकः । बैडालव्रतिको ज्ञेयो हिंस्रः सर्वाभिसन्धकः ॥१॥**
**अधोदृष्टिर्नैष्कृतिकः स्वार्थसाधनतत्परः । शठो मिथ्याविनीतश्च बकव्रतचरो द्विजः ॥२॥**

–मनुस्मृति (अध्याय ४/श्लोक १९५-१९६) ॥

(**धर्मध्वजी**) धर्म केही पनि नगर्ने, परन्तु धर्मको नामले मान्छेहरूलाई ठग्ने, (**सदालुब्धः**) सर्वदा लोभले युक्त, (**छाद्मिकः**) कपटी, (**लोकदम्भकः**) संसारी मान्छेहरूका सामुन्ने आफ्नो बडाइको डिङ्ग हाँक्ने, (**हिंस्रः**) प्राणीहरूको घातकी, अरूसँग वैरबुद्धि राख्नेवाला, (**सर्वाभिसन्धकः**) सबै राम्रो-नराम्रोसित पनि मेल राख्ने, त्यसलाई बैडाल-व्रतिक अर्थात् बिरालो समान धूर्त नीच सम्झनु ॥१॥ (**अधोदृष्टिः**) कीर्तिको लागि तल दृष्टि राख्ने, (**नैष्कृतिकः**) ईर्ष्यक कसैले उसको पैसा लिएर अपराध गरेको छ भने त त्यसको बदला लिनको लागि प्राणसम्म लिन तयार हुने । (**स्वार्थसाधनतत्परः**) चाहे कपट अधर्म विश्वासघात किन नहोस्, आफ्नो प्रयोजन साँध्नमा चतुर, (**शठः**) चाहे आफ्नो कुरो झुटो किन नहोस्, परन्तु हठ कहिल्यै नछोड्ने (**मिथ्याविनीतः**) झुट-मुट माथिबाट शील, सन्तोष र साधुता देखाउने, त्यसलाई (**बकव्रतचरो द्विजः**) बकुल्लाको समान नीच सम्झनु । यस्ता-यस्ता लक्षण भएकाहरू पाखण्डी हुन्छन्, यिनको विश्वास वा सेवा कहिल्यै पनि नगर्नु ॥२॥

## गृहस्थ धर्मको विषय (४.१२)

**धर्मं शनैः सञ्चिनुयाद् वल्मीकमिव पुत्तिकाः । परलोकसहायार्थं सर्वलोकान्यपीडयन् ॥१॥**
**नामुत्र हि सहायार्थं पिता माता च तिष्ठतः । न पुत्रदारं न ज्ञातिधर्मस्तिष्ठति केवलः ॥२॥**
**एकः प्रजायते जन्तुरेक एव प्रलीयते । एको नु भुङ्क्ते सुकृतमेक एव च दुष्कृतम् ॥३॥**

–मनुस्मृति (अध्याय ४/श्लोक २३८-२४०) ॥

**एकः पापानि कुरुते फलं भुङ्क्ते महाजनः । भोक्तारो विप्रमुच्यन्ते कर्त्ता दोषेण लिप्यते ॥४॥**

–महाभारत उद्योगपर्व (प्रजागरपर्व १/अध्याय ३३/श्लोक ४१) ॥

**मृतं शरीरमुत्सृज्य काष्ठलोष्ठसमं क्षितौ । विमुखा बान्धवा यान्ति धर्मस्तमनुगच्छति ॥५॥**

–मनुस्मृति (अध्याय ४/श्लोक २४१) ॥

स्त्री र पुरुषले बुझ्नुपर्दछ कि जसरी पुत्तिका अर्थात् धमिरोले देवल बनाउँछ, त्यसै गरी सबै भूतहरूलाई पीडा नदिइकन परलोक अर्थात् परजन्मको सुखार्थ विस्तारै-विस्तारै धर्मको सञ्चय गरोस् ॥१॥

किनभने परलोकमा न माता, न पिता, न पुत्र, न स्त्री, न ज्ञातिले सहायता गर्न सक्दछन्, किन्तु एक धर्म नै सहायक हुन्छ ॥२॥ हेर ! एक्लै जीव जन्मन्छ, मरणलाई प्राप्त हुन्छ, एक्लै धर्मको फल सुख र अधर्मको दुःखरूप फललाई भोग्दछ ॥३॥ यो पनि बुझ कि कुटुम्बमा एउटा पुरुषले पाप गरेर पदार्थ ल्याउँछ र महाजन अर्थात् सबै कुटुम्बले त्यसलाई भोग्दछन्, भोग्नेहरू दोषका भागी हुँदैनन्, किन्तु अधर्मको कर्ता नै दुःखको भागी हुन्छ ॥४॥ जब कुनै कसैको सम्बन्धी मर्दछ, त्यसलाई काठ वा माटाको डल्लोलाई झैं भूमिमा छोडेर, पीठ फर्काएर, बन्धुवर्ग विमुख भएर जान्छन् । कोही पनि उसको साथमा जाँदैनन्, किन्तु एकमात्र धर्म नै उसको सङ्गी हुन्छ ॥५॥ त्यसैले–

**तस्माद्धर्मं सहायार्थं नित्यं सञ्चिनुयाच्छनैः । धर्म्मेण हि सहायेन तमस्तरति दुस्तरम् ॥१॥**
**धर्मप्रधानं पुरुषं तपसा हतकिल्विषम् । परलोकं नयत्याशु भास्वन्तं खशरीरिणम् ॥२॥**

–मनुस्मृति (अध्याय ४/श्लोक २४२-२४३) ॥

त्यस हेतुले परलोक, अर्थात् परमसुख र परजन्मको सहायार्थ नित्य धर्मको सञ्चय विस्तारै-विस्तारै गर्दै जाओस्; किनभने धर्मको नै सहायताले ठूला-ठूला दुस्तर दुःखसागरबाट जीव तर्न सक्दछ ॥१॥ किन्तु जुन पुरुषले धर्मलाई नै प्रधान सम्झन्छ, जसको धर्मको अनुष्ठानले कर्तव्य (=सम्भावित) पाप दूर भएर गए, त्यो प्रकाशस्वरूप र आकाश जसको शरीरवत् छ, त्यो परलोक अर्थात् परमदर्शनीय परमात्मालाई धर्मले नै शीघ्र प्राप्त गराइदिन्छ ॥२॥ यसैले–

**दृढकारी मृदुर्दान्तः क्रूराचारैरसंवसन् । अहिंस्रो दमदानाभ्यां जयेत्स्वर्गं तथाव्रतः ॥१॥**
**वाच्यर्था नियताः सर्वे वाङ्मूला वाग्विनिःसृताः । तां तु यः स्तेनयेद्वाचं स सर्वस्तेयकृन्नरः ॥२॥**
**आचाराल्लभते ह्यायुराचारादीप्सिताः प्रजाः । आचाराद्धनमक्षय्यमाचारो हन्त्यलक्षणम् ॥३॥**

–मनुस्मृति (अध्याय ४/श्लोक २४६, २५६, १५६) ॥

सदा दृढकारी, कोमल-स्वभाव, जितेन्द्रिय, हिंसक-क्रूर-दुष्टाचारी पुरुषदेखि पृथक् रहँने, धर्मात्मा, मनलाई जितेर र विद्यादि दानले सुखलाई प्राप्त गर्दछ ॥१॥ परन्तु यो पनि ख्याल राखोस् कि जुन वाणीमा सबै अर्थ अर्थात् व्यवहार निश्चित हुन्छन्, त्यो वाणी नै उसको मूल र सबै व्यवहार पनि त्यसैबाट सिद्ध हुन्छ; जसले यस्तो वाणीलाई चोर्दछ अर्थात् मिथ्याभाषणमा लगाउँछ, त्यो सबै चोरी आदि पापलाई गर्नेवाला हुन्छ ॥२॥ यसैले मिथ्याभाषणादिरूप अधर्मलाई छोडेर, जुन धर्माचार अर्थात् ब्रह्मचर्य, जितेन्द्रियताले पूर्ण आयु, र धर्माचारले उत्तम प्रजा; धर्माचारबाटै अक्षय धनलाई प्राप्त गर्दछ तथा जुन धर्माचारले दुष्ट-लक्षणहरूलाई नाश गर्दछ, त्यस आचरणलाई सदा गर्ने गर ॥३॥ किनभने–

**दुराचारो हि पुरुषो लोके भवति निन्दितः । दुःखभागी च सततं व्याधितोऽल्पायुरेव च ॥१॥**

–मनुस्मृति (अध्याय ४/श्लोक १५७) ॥

जो दुष्टाचारी पुरुष हुन्छ, त्यो संसारमा सज्जनहरूको माझमा निन्दालाई प्राप्त, निरन्तर दुःखलाई भोग्ने र अनेक प्रकारको रोगले ग्रस्त भएर अल्पायुमै शीघ्र नष्ट-भ्रष्ट भएर जान्छ । त्यसैले यस्तो प्रयत्न गरोस्–

**यद्यत्परवशं कर्म तत्तद्यत्नेन वर्जयेत् । यद्यदात्मवशं तु स्यात् तत्तत्सेवेत यत्नतः ॥१॥**
**सर्वं परवशं दुःखं सर्वमात्मवशं सुखम् । एतद्विद्यात्समासेन लक्षणं सुखदुःखयोः ॥२॥**

–मनुस्मृति (अध्याय ४/श्लोक १५९, १६०) ॥

जुन-जुन पराधीन कर्म छन्, तिन-तिनको प्रयत्नले त्याग; र जुन-जुन स्वाधीन कर्म छन्, त्यस-त्यसको प्रयत्नले सेवन गरोस् ॥१॥ किनभने जुन-जुन पराधीनता हो, त्यो-त्यो सबै दुःख र जुन-जुन स्वाधीनता हो, त्यो-त्यो सबै सुख; यही संक्षेपले सुख र दुःखको लक्षण जान्नुपर्दछ ॥२॥

परन्तु जुन एक-दोस्राको आधीन काम हो, त्यस-त्यसलाई आधीनताबाट नै गर्नुपर्दछ, जस्तै कि स्त्री र पुरुष एक-दोस्राको आधीन व्यवहार अर्थात् स्त्री पुरुषको र पुरुष स्त्रीको प्रियाचारी, अनुकूल रहनु, व्यभिचार वा विरोध कहिल्यै पनि नगर्नु । पुरुषको आज्ञानुकूल घरको काममा स्त्री र बाहिरको कामको लागि पुरुषको आधीन रहनु । दुष्ट व्यसनमा फस्नदेखि एक-अर्कालाई रोक्नुपर्दछ, अर्थात् यही निश्चय जान्नु । जब विवाह हुन्छ तब स्त्रीको हातमा पुरुष र पुरुषको हातमा स्त्री बिकिसकेका हुन्छन्, अर्थात् स्त्री र पुरुषको साथ हाव, भाव, बोली-वचन, नखशिखापर्यन्त जेसुकै हुन्छ, त्यो वीर्यादि एक-दोस्राको आधीनमा हुन जान्छ । स्त्री र पुरुषको प्रसन्नताको बिना कुनै पनि व्यवहार नगरियोस् । यिनमा जुन ठूलो अप्रियकारक व्यभिचार, वेश्या-परपुरुषगमनादि काम हो, तिनलाई दुइटै स्त्री-पुरुषले छोडिदिनुपर्दछ, दुइटैले यसलाई छोडेर, आफ्नो लोग्नेसँग स्वास्नी र स्वास्नीसँग लोग्ने सदा प्रसन्न रहने गर्नुपर्दछ । स्त्रीको पूजनीय देव पति हुन्छ र पुरुषको पूजनीय देवी अर्थात् सत्कार गर्नयोग्य देवी स्त्री हुन्छे ।

जो ब्राह्मणवर्णस्थ छ, त्यसले केटाहरूलाई पढाओस् तथा सुशिक्षा गरोस् तथा केटीहरूलाई स्त्रीले पढाओस् । नानाविध उपदेश र वक्तृत्व प्रदान गरेर तिनीहरूलाई विद्वान् बनाओस् । जबसम्म गुरुकुलमा रहन्छन्, तबसम्म माता-पिताकै समान अध्यापकहरूलाई सम्भिन् र अध्यापकहरूले पनि आफ्नै सन्तान सरह सम्भनुपर्दछ ।

## पण्डितको लक्षणहरू (४.१३)

शिक्षा-दीक्षा दिने अध्यापक र अध्यापिका कस्ता खालका हुनुपर्दछ–

**आत्मज्ञानं समारम्भस्तितिक्षा धर्मनित्यता । यमर्था नापकर्षन्ति स वै पण्डित उच्यते ॥१॥**
**निषेवते प्रशस्तानि निन्दितानि न सेवते । अनास्तिकः श्रद्दधान एतत्पण्डितलक्षणम् ॥२॥**
**क्षिप्रं विजानाति चिरं शृणोति, विज्ञाय चार्थं भजते न कामात् ।**
**नासम्पृष्टो ह्युपयुङ्क्ते परार्थे, तत्प्रज्ञानं प्रथमं पण्डितस्य ॥३॥**
**नाप्राप्यमभिवाञ्छन्ति नष्टं नेच्छन्ति शोचितुम् । आपत्सु च न मुह्यन्ति नराः पण्डितबुद्धयः ॥४॥**
**प्रवृत्तवाक् चित्रकथ ऊहवान् प्रतिभानवान् । आशु ग्रन्थस्य वक्ता च यः स पण्डित उच्यते ॥५॥**
**श्रुतं प्रज्ञानुगं यस्य प्रज्ञा चैव श्रुतानुगा । असंभिन्नार्यमर्यादः पण्डिताख्यां लभेत सः ॥६॥**

–यी सबै महाभारत उद्योगपर्व विदुरप्रजागर (अध्याय ३३) को श्लोकहरू हुन् ॥

**अर्थ–** जसको आत्मज्ञान; सम्यक् आरम्भ अर्थात् जो निकम्मा अल्छी कहिल्यै नरहोस्; सुख, दुःख, हानि, लाभ, मानापमान, निन्दा, स्तुतिमा हर्ष, शोक कहिल्यै पनि नगरोस्; धर्ममा नै नित्य निश्चित रहोस्; जसको मनलाई उत्तम-उत्तम पदार्थ अर्थात् विषय-सम्बन्धी वस्तुले आकर्षण गर्न नसकोस्, त्यसैलाई पण्डित भन्दछन् ॥१॥ **उसको कर्त्तव्याकर्त्तव्य कर्म–** सदा धर्मयुक्त कर्मको सेवन; अधर्मयुक्त कर्मको त्याग; ईश्वर, वेद, सत्याचारको निन्दा नगर्ने; ईश्वर आदिमा अत्यन्त श्रद्धालु होस्; यही पण्डितहरूको कर्त्तव्याकर्त्तव्य कर्म हो ॥२॥ **त्यो कस्तो हुनुपर्दछ–** कठिन विषयलाई पनि शीघ्र जान्नसक्ने; धेरैकालसम्म शास्त्रहरूलाई पढोस्, सुनोस् र विचार गरोस्; जे-जति जान्दछ त्यसलाई परोपकारमा प्रयुक्त गरोस्, आफ्नो स्वार्थको लागि कुनै काम नगरोस्, बिना सोधे वा योग्य समयको बिना जाने अर्काको अर्थमा सम्मति नदिनु; त्यही प्रथम प्रज्ञान पण्डितमा हुनुपर्दछ ॥३॥ **त्यो कस्तो होस्–** जुन प्राप्तिको अयोग्यको इच्छा कहिल्यै नगरोस; नष्ट भएको पदार्थमाथि कहिल्यै शोक नगरोस्; आपत्कालमा मोहमा प्राप्त नहोस् अर्थात् व्याकुल नहोस्, त्यही नै बुद्धिमान् पण्डित हो ॥४॥ **उसको रीति कस्तो होस्–** जसको वाणी सबै विद्याहरूमा र प्रश्नोत्तर गर्नमा अतिनिपुण; विचित्र शास्त्रका प्रकरणहरूको कुशल वक्ता; यथायोग्य तर्क र स्मृतिमान्; ग्रन्थहरूको यथार्थ अर्थको शीघ्र वक्ता छ भने त्यसैलाई पण्डित भन्दछन् ॥५॥ जसको प्रज्ञा सुनेका सत्य अर्थको अनुकूल र जसको श्रवण बुद्धिको अनुसार हुन्छ; जसले कहिल्यै पनि आर्य अर्थात् श्रेष्ठ धार्मिक पुरुषहरूको मर्यादाको छेदन गर्दैन, त्यसैले पण्डितसंज्ञा प्राप्त गर्दछ ॥६॥ जहाँ यस्ता-यस्ता सज्जन स्त्री-पुरुष अध्ययन-अध्यापन गराउनेवालाहरू हुन्छन्, त्यहाँ विद्या, धर्म र उत्तमाचारको वृद्धि भएर प्रतिदिन आनन्द बढ्दै जान्छ ।

## मूर्खको लक्षणहरू (४.१४)

**पढाउनमा अयोग्य र मूर्खको लक्षणहरू–**

**अश्रुतश्च समुन्नद्धो दरिद्रश्च महामनाः । अर्थांश्चाऽकर्मणा प्रेप्सुर्मूढ इत्युच्यते बुधैः ॥१॥**
**अनाहूतः प्रविशति ह्यपृष्टो बहु भाषते । अविश्वस्ते विश्वसिति मूढचेता नराधमः ॥२॥**

–यी श्लोक पनि महाभारत उद्योगपर्व विदुरप्रजागर (अध्याय ३३) कै हुन् ॥

**अर्थ–** जसले कुनै शास्त्र पढेको छैन, सुनेको छैन; र अतीव घमण्डी, दरिद्र हुँदा पनि ठूलो-ठूलो मनोरथ राख्ने; बिना कर्मले पदार्थहरूको प्राप्तिको इच्छा गर्ने, त्यसलाई बुद्धिमानीहरूले 'मूढ' भन्दछन् ॥१॥ नबोलाइकन सभामा वा कसैको घरमा प्रविष्ट गर्ने, उच्चासनमा बस्न चाहने, बिना सोधे सभामा बड्बड् गर्ने; विश्वासको अयोग्य वस्तु वा मनुष्यमा विश्वास गर्ने, त्यही 'मूढ' र सबै मनुष्यमा 'नीच' मनुष्य गनिन्छ ॥२॥ जहाँ यस्ता पुरुष, अध्यापक, उपदेशक, गुरु र माननीय हुन्छन्, त्यहाँ अविद्या, अधर्म, असभ्यता, कलह, विरोध र फुट बढेर दुःख नै बढ्दछ ।

## विद्यार्थीका कर्मको वर्णन (४.१५)

**अब विद्यार्थीहरूको लक्षण–**

**आलस्यं मदमोहौ च चापलं गोष्ठिरेव च । स्तब्धता चाभिमानित्वं तथाऽत्यागित्वमेव च ।**
**एते वै सप्त दोषाः स्युः सदा विद्यार्थिनां मताः ॥१॥**
**सुखार्थिनः कुतो विद्या नास्ति विद्यार्थिनः सुखम् । सुखार्थी या त्यजेद्विद्यां विद्यार्थी वा त्यजेत्सुखम् ॥२॥**

–यी श्लोक पनि महाभारत उद्योगपर्व विदुरप्रजागर (अध्याय४०) कै हुन् ॥

(आलस्य) शरीर र बुद्धिमा जडता; नशा-मोह=कुनै वस्तुमा फस्नु; चपलता; यता-उताको व्यर्थ कथा गर्नु-सुनाउनु; पढ्दा-पढ्दै रोकिनु; अभिमानी; अत्यागि हुनु; यी सात दोष विद्यार्थीहरूमा हुन्छन् ॥१॥ जो यस्ता हुन्छन् तिनलाई विद्या कहिल्यै पनि आउँदैन । सुख भोग्ने इच्छा गर्नेलाई विद्या कहाँ ? र विद्या पढ्नेलाई सुख कहाँ ? किनभने विषयसुखार्थीले विद्यालाई र विद्यार्थीले विषयसुखलाई छोडिदेओस् ॥२॥ यस्तो नगरिकन विद्या कहिल्यै पनि प्राप्त गर्न सकिंदैन । साथै यस्ताहरूलाई विद्या प्राप्त हुन्छ–

**सत्ये रतानां सततं दान्तानामूर्ध्वरेतसाम् । ब्रह्मचर्यं दहेद्राजन् सर्वपापान्युपासितम् ॥**

–महाभारत अनुशासन पर्व (अध्याय ७५/श्लोक ३८) ॥

जो सदा सत्याचारमा प्रवृत्त, जितेन्द्रिय र जसको वीर्य अधःस्खलित कहिल्यै हुँदैन, तिनैको ब्रह्मचर्य साँचो र तिनै विद्वान् हुन्छन् ॥ यसैले शुभलक्षणयुक्त अध्यापक र विद्यार्थीहरू हुनुपर्दछ । अध्यापकहरूले यस्तो यत्न गरोस्, जसबाट विद्यार्थीहरू सत्यवादी, सत्यमानी, सत्यकारी, सभ्य, जितेन्द्रिय, सुशीलतादि शुभगुणयुक्त, शरीर र आत्माको पूर्ण बललाई बढाएर समग्र वेदादि शास्त्रहरूमा विद्वान् बनून्, सदा तिनको कुचेष्टालाई छोडाउने र विद्या पढाउनमा चेष्टा गर्ने र विद्यार्थीहरूले पनि सदा जितेन्द्रिय, शान्त, पढ्नमा प्रेमी, विचारशील, परिश्रमी भएर यस्तो पुरुषार्थ गरोस्, जसबाट पूर्ण विद्या, पूर्ण आयु, पूर्ण धर्मात्मा र पुरुषार्थ गर्न जानोस्, इत्यादि **ब्राह्मण-वर्णको** काम हो ।

क्षत्रियको कर्मको बारेमा राजधर्ममा लेखिनेछ ।

जो वैश्य छन्, तिनीहरू ब्रह्मचर्यादिले वेदादि विद्या पढ्ने, विवाह गर्ने, नाना देशहरूको भाषा, नाना प्रकारको व्यापारको रीति, तिनको दर-भाव, किन्नु-बेच्नु, द्वीपद्वीपान्तरहरूमा लाभार्थ जानु-आउनु, लाभार्थ कामको आरम्भ गर्नु, पशुपालन र खेतीको उन्नति चतुराईबाट गर्नु-गराउनु, धनलाई बढाउनु, विद्या र धर्मको उन्नतिमा व्यय गर्नु, सत्यवादी, निष्कपटी भएर सत्यताले सबै व्यापार गर्नु, सबै वस्तुहरूको रक्षा यसरी गर्ने कि, जसबाट केही नष्ट हुन नपाओस् ।

शूद्र सबै सेवाहरूमा चतुर, पाकविद्यामा निपुण, अतिप्रेमले द्विजहरूको सेवा र उनैबाट आफ्नो उपजीविका गर्नु, र द्विजहरू यिनको खान, पान, वस्त्र, स्थान, विवाहादिमा जे-जति व्यय हुन्छ, सबै थोक दिनु, अथवा मासिक कर दिनु । चारै वर्ण परस्पर प्रीति, उपकार, सज्जनता, सुख, दुःख, हानि, लाभमा ऐकमत्य रहेर राज्य र प्रजाको उन्नतिमा तन, मन, धन व्यय गर्दैराखोस् ।

## पुनर्विवाह एवं नियोगको विषय (४.१६)

स्त्री र पुरुषको वियोग कहिल्यै पनि हुनुहुँदैन । किनभने–

**पानं दुर्जनसंसर्गः पत्या च विरहोऽटनम् । स्वप्नोऽन्यगेहवासश्च नारीसन्दूषणानि षट् ॥**

–मनुस्मृति (अध्याय ९/श्लोक १३) ॥

मद्य, भाङ्ग आदि मादक द्रव्यहरू पिउनु; दुष्ट पुरुषहरूको सङ्ग; पतिसँग वियोग, एक्लै जतातत‍ै व्यर्थ पाखण्डी आदिको दर्शनले फिर्दै हिंड्नु र पराई घरमा शयन वा वास गर्नु; यी छः कुराहरू स्त्रीलाई दूषित गराउने दुर्गुणहरू हुन्, र यिनै दुर्गुण पुरुषहरूको लागि पनि हो । पति र स्त्रीको वियोग दुई प्रकारबाट हुन्छ– कहीं कार्यार्थ देशान्तरमा जानु र दोस्रो मृत्युबाट हुने वियोग । यिनमा प्रथमको उपाय यही हो कि दूर देशमा यात्रार्थ जाँदाखेरि स्त्रीलाई पनि साथमा लैजाने । यसको प्रयोजन यो हो कि धेरै कालसम्म वियोग हुन नपरोस् ।

**प्रश्न**– स्त्री र पुरुषको बहुविवाह हुनु राम्रो हो कि होइन ?

**उत्तर**– युगपत् न अर्थात् एक समयमा होइन ।

**प्रश्न**– के समयान्तरमा अनेक विवाह पनि हुनुपर्दछ ?

**उत्तर**– हुनुपर्दछ, जस्तै–

**या स्त्री त्वक्षतयोनिःस्याद् गतप्रत्यागतापि वा । पौनर्भवेन भर्त्रा सा पुनः संस्कारमर्हति ॥**

–मनुस्मृति (अध्याय ९/श्लोक १७६) ॥

जुन स्त्री वा पुरुषको पाणिग्रहणमात्र संस्कार भएको छ र संयोग (नभएको) अर्थात् अक्षतयोनि स्त्री, अक्षतवीर्य पुरुष छ भने त, त्यस स्त्री वा पुरुषको अन्य स्त्री वा पुरुषसँग पुनर्विवाह हुनुपर्दछ । फेरि शूद्रवर्णमा पनि चाहे जस्तोसुकै होस् पुनर्विवाह हुन सक्दछ । किन्तु ब्राह्मण, क्षत्रिय, वैश्य वर्णमा क्षतयोनि स्त्री, क्षतवीर्य पुरुषको पुनर्विवाह हुनुहुँदैन ।

**प्रश्न**– पुनर्विवाहमा के दोष छ ?

**उत्तर**– **(पहिलो)** स्त्री पुरुषमा प्रेम न्यून हुन्छ । किनभने जब चाहन्छन् तब पुरुषले स्त्री र स्त्रीले पुरुष छोडेर अर्केसँग सम्बन्ध गाँस्दछन् ।

**(दोस्रो)** जब स्त्री वा पुरुष, पति (वा स्त्रीको) मरेपछि दोस्रो विवाह गर्न चाहेमा, तब पूर्व पतिको वा प्रथम स्त्रीको पदार्थलाई उडाएर लैजानु वा मेटाइदिनु राम्रो मान्दछन् र उनको कुटुम्ब ती सँग झगडा गर्नेछन् ।

**(तेस्रो)** थुप्रै भद्रकुलको नाम वा चिह्न पनि नरहेर, उसको पदार्थ छिन्न-भिन्न हुन जान्छ ।

**(चौथो)** पातिव्रत्य र स्त्रीव्रत धर्म नष्ट हुनु, इत्यादि दोषहरूको अर्थ द्विजहरूमा पुनर्विवाह वा अनेक विवाह कहिल्यै पनि गर्नुहुँदैन ।

**प्रश्न**– जब वंशच्छेदन हुन जान्छ, तब पनि उसको कुल नष्ट हुन जान्छ र स्त्री पुरुषले व्यभिचारादि कर्म गरेर गर्भपातानादि थुप्रै दुष्ट कर्म गर्नेछन्, त्यसैले पुनर्विवाह गर्न राम्रो हुन्छ ।

**उत्तर**– राम्रो हुँदैन, किनभने जुन स्त्री पुरुष ब्रह्मचर्यमा स्थित रहन चाहन्छन् भने त कुनै पनि उपद्रव हुनेछैन । फेरि जसले कुलको परम्परा राख्नको लागि कुनै आफ्नो स्वजातिको बच्चा काख (गोद) लिनेछन्, त्यसबाट कुल पनि चल्नेछ र व्यभिचार पनि हुनेछैन, र जसले ब्रह्मचर्यमा रहन सक्दैन भने नियोग गरेर सन्तानोत्पत्ति गराउन सक्दछन् ।

**प्रश्न**– पुनर्विवाह र नियोगमा के अन्तर छ ?

**उत्तर**– **(पहिलो)** जसरी विवाह गर्दामा कन्याले आफ्नो पिताको घरलाई छाडेर पतिको घरमा जान्छे र पितासँग विशेष सम्बन्ध रहँदैन, र विधवा स्त्री उसै विवाहित पतिको घरमा रहन्छे ।

**(दोस्रो)** त्यसै विवाहित स्त्रीका छोराहरू त्यसै विवाहित पतिका सम्पत्तिको अंशबण्डामा अधिकारी हुन्छन् । फेरि विधवा स्त्रीका छोरा वीर्यदाताका नामले चिनिदैनन्, न त त्यसको गोत्रका नै हुन्छन्, न त त्यसको स्वत्व ती केटाहरूमा नै हुन्छ, किन्तु तिनीहरू मृतपतिको नामले चिनिन्छन्, उसैको गोत्रका हुन्छन्, र उसैको पदार्थको अधिकारी भएर उसैको घरमा रहन्छन् ।

**(तेस्रो)** विवाहित स्त्री-पुरुषले परस्पर सेवा र पालन गर्न आवश्यक छ, र नियुक्त स्त्री-पुरुषको कुनै पनि सम्बन्ध रहँदैन ।

**(चौथो)** विवाहित स्त्री-पुरुषको सम्बन्ध मरणपर्यन्त रहन्छ भने नियुक्त स्त्री-पुरुषको सम्बन्ध कार्यसिद्धिको पश्चात् टुट्दछ ।

**(पाँचौं)** विवाहित स्त्री-पुरुष आपसमा गृहको कार्यको सिद्धि गर्नको लागि यत्न गर्दछन् भने नियुक्त स्त्री-पुरुष आफ्नो-आफ्नो घरको काम गर्ने गर्दछन् ।

**प्रश्न**– विवाह र नियोगको नियम एउटै हो कि पृथक्-पृथक् ?

**उत्तर**– केही थोरै मात्र भेद छ, जति पूर्वमा भनेर आएँ र दोस्रो यो हो कि स्त्री-पुरुष एक पति र एउटै स्त्री मिलेर दश सन्तानसम्म उत्पन्न गर्न सक्दछन्, र नियुक्त स्त्री-पुरुष दुई वा चार भन्दा अधिक सन्तानोत्पत्ति गर्न सक्दैनन् । अर्थात् जस्तो कुमार-कुमारीको विवाह हुन्छ, त्यस्तै जसकी स्त्री वा पुरुष मर्दछ, तिनैको नियोग हुन्छ, कुमार-कुमारीको होइन । जसरी विवाहित स्त्री-पुरुष सदा सङ्गमा नै रहन्छन्, त्यस्तो नियुक्त स्त्री-पुरुषको व्यवहार हुँदैन, किन्तु बिना ऋतुदानको समय एकत्र हुनुहुँदैन । जुन स्त्रीले आफ्नो लागि नियोग गर्दछे भने जब दोस्रो गर्भ रहन्छ, त्यसै दिनबाट स्त्री-पुरुषको सम्बन्ध छुट्दछ । साथै जुन पुरुषले आफ्नो लागि नियोग गर्दछ भने दोस्रो गर्भ रहेपछि सम्बन्ध छुट्दछ । परन्तु त्यही नियुक्त स्त्रीले दुई-तीन वर्ष पर्यन्त ती बच्चालाई पालेर नियुक्त पुरुषलाई सुम्पिदियोस् । यसरी एक विधवा स्त्रीले दुइटा आफ्नो लागि र दुई-दुइटा अन्य-अन्य चार नियुक्त पुरुषहरूको लागि सन्तान पाउन सक्दछे, र एक मृतकस्त्री-पुरुषले पनि दुई आफ्नो लागि र दुई-दुइटा अन्य-अन्य चार विधवाहरूको लागि पुत्र उत्पन्न गर्न सक्दछ । यसरी मिलाएर दश-दश सन्तानोत्पत्तिको आज्ञा वेदमा पनि छ । जस्तै–

**इमां त्वमिन्द्र मीढ्वः सुपुत्रां सुभगां कृणु । दशास्यां पुत्राना धेहि पतिमेकादशं कृधि ॥**

–ऋग्वेद (मण्डल १०/सूक्त ८५/मन्त्र ४५) ॥

हे (मिढ्व, इन्द्र) वीर्य-सेचनमा समर्थ ऐश्वर्ययुक्त पुरुष ! तँ यस विवाहित स्त्री वा विधवा स्त्रीहरूको लागि श्रेष्ठपुत्र र सौभाग्ययुक्त बना । यस विवाहित स्त्रीमा दश पुत्र उत्पन्न गरेर एघारौं स्त्रीलाई मान् ॥ हे स्त्री ! तैंले पनि विवाहित पुरुष वा नियुक्त पुरुषहरूबाट दश सन्तान उत्पन्न गरेर एघारौं पतिलाई मान् । यस वेदको आज्ञाले ब्राह्मण, क्षत्रिय र वैश्यवर्णस्थ स्त्री र पुरुष दश-दश सन्तान भन्दा अधिक उत्पन्न नगरून् । किनभने अधिक जन्माउनाले सन्तान निर्बल, निर्बुद्धि, अल्पायु हुन्छन् र स्त्री तथा पुरुष पनि निर्बल, अल्पायु र रोगी भएर वृद्धावस्थामा धेरै दुःख पाउँछन् ।

**प्रश्न**– यो नियोगको कुरो त व्यभिचार जस्तो देखिन्छ नि ?

**उत्तर**– जस्तै बिना विवाहितहरूको व्यभिचार मानिन्छ, त्यस्तै बिना नियुक्तहरूको पनि व्यभिचार मानिन्छ । यसबाट यही सिद्ध हुन्छ कि जस्तो नियमसँग विवाह भएपछि व्यभिचार मानिदैन, त्यस्तै नियमपूर्वक नियोग गर्नाले व्यभिचार मानिदैन । जसरी– अर्काकी छोरी र अर्काको छोराको शास्त्रोक्त विधिले विवाहपूर्वक समागममा व्यभिचार वा पाप, लज्जा, शर्म हुँदैन, त्यसरी नै वेदशास्त्रोक्त नियोगमा व्यभिचार, पाप, लज्जा, शर्म मान्न हुँदैन ।

**प्रश्न**– ठीक त हो, तर यो वेश्याको जस्तै कर्म देखिन्छ ।

**उत्तर**– होइन, किनभने वेश्याको समागममा कुनै निश्चित पुरुष वा नियम लागु हुँदैन, र नियोगमा विवाहकै समान नियम लागु हुन्छ । जसरी अर्कैलाई छोरी दिइन्छ, अर्कैसँग समागम गर्नमा विवाहपूर्वक लज्जा शर्म हुँदैन, त्यसरी नै नियोगमा पनि हुनुहुँदैन । के जुन व्यभिचारी पुरुष वा स्त्री हुन्छन्, तिनीहरू विवाह भएपछि पनि कुकर्म गर्नबाट बच्दछन् ?

**प्रश्न**– मलाई त नियोगको कुरामा पाप देखिनेजस्तो लाग्दैछ ।

**उत्तर**– यदि नियोगको कुरामा पाप देख्दछौ भने त विवाहको कुरामा पनि पाप किन देख्दैनौ ? पाप त नियोगलाई रोक्नमा छ । किनभने ईश्वरको सृष्टिक्रमानुकूल स्त्री-पुरुषको स्वाभाविक व्यवहार रोकिन सक्दैन, सिवाय वैराग्यवान्, पूर्ण विद्वान् योगीहरू बाहेक । के गर्भपतनरूप भ्रूणहत्या र विधवा स्त्री र मृतक स्त्री-पुरुषको महासन्तापलाई पापमा गन्दैनौ ? किनभने जबसम्म युवावस्थामा हुन्छन्, मनमा सन्तानोत्पत्ति र विषयको चाहना हुनेहरूले कुनै राज्यव्यवहार वा जाति-व्यवहारले रोकावट गरे पनि गुप्त-गुप्त कुकर्म नराम्रो तरिकासँग गरिराखेका हुन्छन् । यस्तो व्यभिचार र कुकर्मलाई रोक्ने यही एउटा श्रेष्ठ उपाय हो कि जसबाट जितेन्द्रिय रहन सकून्, तिनले विवाह वा नियोग नगरे त ठीकै हो । परन्तु जो यस्ता छैनन्, तिनको लागि विवाह र आपत्कालमा नियोग अवश्य हुनुपर्दछ । यसबाट व्यभिचार न्यून हुन जान्छ, प्रेमले उत्तम सन्तान भएर मनुष्यको वृद्धि हुन सम्भव छ, र गर्भहत्या सर्वथा छुटेर जानेछ । नीच पुरुषहरूबाट उत्तम स्त्री र वेश्यादि नीच स्त्रीहरूबाट उत्तम पुरुषहरूको व्यभिचाररूप कुकर्म, उत्तम कुलमा कलङ्क, वंशको उच्छेद, स्त्री-पुरुषहरूको सन्ताप र गर्भहत्यादि कुकर्म विवाह र नियोगले निवृत्त हुन्छन्, त्यसैले नियोग गर्नु राम्रो हो ।

**प्रश्न**– नियोगमा के-के कुरा हुनुपर्दछ ?

**उत्तर**– जसरी प्रसिद्धिले विवाह, त्यसरी नै प्रसिद्धिले नियोग । जसरी विवाहमा भद्र पुरुषहरूको अनुमति र कन्या वरको प्रसन्नता हुन्छ, त्यस्तै नियोगमा पनि । अर्थात् जब स्त्री-पुरुषको नियोग गर्नु छ तब आफ्ना कुटुम्बमा पुरुष-स्त्रीहरूको सामुन्ने भनून् कि हामी दुईले नियोग सन्तानोत्पत्तिको लागि गर्दैछौं । जब नियोगको नियम पूरा हुनेछ, तब हामीले संयोग गर्नेछैनौं । यदि अन्यथा गर्‍यौं भने त पापी र जाति वा राज्यको दण्डनीय हुनेछौं । महिना-महिनामा एकपटक गर्भाधानको कर्म गर्नेछौं, गर्भ रहे पश्चात् एक वर्ष दिनसम्म पृथक् रहनेछौं ।

**प्रश्न**– नियोग आफ्नो वर्णमा हुनुपर्दछ कि, वा अन्य वर्णस्थको साथमा पनि ?

**उत्तर**– आफ्नो वर्णमा वा आफ्नो भन्दा उत्तमवर्णस्थ पुरुषको साथमा । अर्थात् वैश्या स्त्रीले वैश्य, क्षत्रिय र ब्राह्मणको साथमा, क्षत्रिया क्षत्रिय र ब्राह्मणको साथमा, ब्राह्मणी ब्राह्मणको साथमा नियोग गर्न सक्दछे । यसको तात्पर्य यही हो कि वीर्य सम वा उत्तम वर्णको हुनुपर्दछ, आफू भन्दा तल्लो वर्णको होइन । स्त्री र पुरुषको सृष्टिको यही प्रयोजन हो कि धर्मले अर्थात् वेदोक्त रीतिले विवाह वा नियोगबाट सन्तानोत्पत्ति गर्नु ।

**प्रश्न**– पुरुषले नियोग गर्न के आवश्यकता छ, किनभने उसले दोस्रो विवाह गर्नेछ ?

**उत्तर**– मैले लेखिसकेको छु, द्विजहरूमा स्त्री र पुरुषको एक पटक मात्रै विवाह हुनु वेदादि शास्त्रहरूमा लेखिएको छ, द्वितीय पटक होइन । कुमार र कुमारीको विवाह हुनुमा न्याय र विधवा स्त्रीसँग कुमार पुरुष र कुमारी स्त्रीसँग मृतक स्त्री पुरुषको विवाह हुनमा अन्याय अर्थात् अधर्म हो । जसरी विधवा स्त्रीसँग पुरुषको विवाह गरिंदैन, त्यसरी नै विवाह र स्त्रीसँग समागम गरिसकेको पुरुषसँग विवाह गर्न कुमारीले पनि इच्छा गर्दिन । जब विवाह गरिसकेको पुरुषसँग कुनै कुमारी कन्या र विधवा स्त्रीको ग्रहण कुनै कुमार पुरुषले पनि गर्नेछैन, तब पुरुष र स्त्रीलाई नियोग गर्नुपर्ने आवश्यकता हुनेछ र यही धर्म हो कि जस्तालाई त्यस्तैसँग नै सम्बन्ध हुनुपर्दछ ।

**प्रश्न**– जसरी विवाहमा वेदादि-शास्त्रहरूको प्रमाण छ, त्यसरी नै नियोगमा प्रमाण छ कि छैन ?

**उत्तर**– यस विषयमा थुप्रै प्रमाण छन्, हेर र सुन–

**कुह स्विद्दोषा कुह वस्तोरश्विना कुहाभिपित्वं करतः कुहोषतुः ।**

**को वां शयुत्रा विधवेव देवरं मर्य्यं न योषा कृणुते सधस्थ आ ॥१॥**

–ऋग्वेद (मण्डल १०/सूक्त ४०/मन्त्र २) ॥

**उदीर्ष्व नार्यभि जीवलोकं गतासुमेतमुप शेष एहि ।**

**हस्तग्राभस्य दिधिषोस्तवेदं पत्युर्जनित्वमभि सं बभूथ ॥२॥**

–ऋग्वेद (मण्डल १०/सूक्त १८/मन्त्र ८) ॥

हे (**अश्विना**) स्त्री-पुरुषहरू ! जसरी (**देवरं विधवेव**) देवरलाई विधवा र (**योषा मर्यन्न**) विवाहिता स्त्रीले आफ्नो पतिलाई (**सधस्थे**) समान स्थान शय्यामा एकत्र भएर सन्तानोत्पत्तिको लागि (**आ कृणुते**) सब प्रकारबाट उत्पन्न गर्दछे, त्यसरी नै तिमी दुई स्त्री-पुरुष (**कुहस्विद्दोषा**) कहाँ रात्रि र (**कुह वस्तः**) कहाँ दिनमा बसेका थियौ ? (**कुहाभिपित्वम्**) कहाँ पदार्थहरूको प्राप्ति (**करतः**) गऱ्यौ ? र (**कुहोषतुः**) कुन समयमा कहाँ वास गर्दथ्यौ ? (**को वां शयुत्रा**) तिम्रो शयनस्थान कहाँ छ ? तथा को वा कुन देशका हवौ ? यसबाट यही सिद्ध हुन्छ कि देश-विदेशमा स्त्री-पुरुष सँगैमा रहून् र विवाहित पतिकै समान नियुक्त पतिको ग्रहण गरेर विधवा स्त्रीले पनि सन्तानोत्पत्ति गरोस् ॥१॥

**प्रश्न**– जुन विधवाको देवर अर्थात् पतिको भाइ छैन भने त नियोग कोसित गर्ने ?

**उत्तर**– देवरसँग । परन्तु देवर शब्दको अर्थ जस्तो तिमीले सम्झेका छौ, त्यस्तो होइन ।

हेर ! निरुक्तमा–

**देवरः कस्माद् द्वितीयो वर उच्यते ॥** –निरुक्त (अध्याय ३ । खण्ड १५) ॥

**अर्थ**– देवर उसलाई भन्दछन् कि जो विधवाको दोस्रो पति हुन्छ, चाहे पतिको भाइ होस् वा दाइ, अथवा आफ्नो वर्ण वा आफू भन्दा उत्तम वर्णवाला होस्, जोसँग नियोग गरिन्छ, त्यसैको नाम **'देवर'** हो ।

हे (**नारि**) विदुई ! तैंले (**एतं गतासुम्**) यस मरेको पतिको आशा छोडेर (**शेषे**) बाँकी पुरुषहरूदेखि (**अभिजीवलोकम्**) मनले चाहेको दोस्रो पतिलाई (**उपैहि**) प्राप्त गरेस्, र (**उदीर्ष्व**) यस कुराको विचार र निश्चय राख कि जुन (**हस्तग्राभस्य दिधिषोः**) तँ विधवाको पुनः पाणिग्रहण गर्नको लागि नियुक्त पतिको सम्बन्धको लागि नियोग भयो भने त (**इदम्**) यो (**जनित्वम्**) जन्मिएको बालक उसै नियुक्त (**पत्युः**) पतिको हुनेछ र यदि तैंले आफ्नो लागि नियोग गरिस् भने त यो सन्तान तेरो तब हुनेछ; यसरी निश्चययुक्त (**अभि सम् बभूथ**) भएस् र नियुक्त पुरुषले पनि यसलाई पालन गरोस् ॥२॥

**अदेवृघ्न्यपतिघ्नीहैधि शिवा पशुभ्यः सुयमा सुवर्चाः ।**

**प्रजावती वीरसूर्देवृकामा स्योनेममग्निं गार्हपत्यं सपर्य ॥**

–अथर्ववेद (काण्ड १४/(प्रपा.२९) अनु.२/मन्त्र १८ ) ॥

हे (**अपतिघ्न्यदेवृघ्नि**) पति र देवरलाई दुःख नदिने भएकी स्त्री ! तँ (**इह**) यस गृहाश्रममा, (**पशुभ्यः**) पशुहरूको लागि, (**शिवा**) कल्याण गर्ने, (**सुयमा**) राम्रो प्रकारसँग धर्म नियममा चल्ने, (**सुवर्चाः**) रूप र सर्वशास्त्रविद्यायुक्त, (**प्रजावती**) उत्तम-पुत्र पौत्रादि सहित, (**वीरसूः**) शूरवीर पुत्रहरूलाई जन्माउन, (**देवृकामा**) देवरको कामना गर्ने, (**स्योना**) र सुख दिनको लागि, पति वा देवरलाई, (**एधि**) प्राप्त गरेर, (**इमम्**) यस, (**गार्हपत्यम्**) गृहस्थसम्बन्धी, (**अग्निम्**) अग्निहोत्रको, (**सपर्य**) सेवन गर्ने गर ।

**तामनेन विधानेन निजो विन्देत देवरः ॥** –मनुस्मृति (अध्याय ९/श्लोक ६९) ॥

यदि अक्षतयोनि स्त्री विधवा भई भने त त्यसको पतिको निज सानो भाइले पनि त्यससँग विवाह गर्न सक्दछ ।

**प्रश्न**– एक स्त्री वा पुरुषले कति नियोग गर्न सक्दछन् ? र विवाहित नियुक्त पतिहरूको नाम के हुन्छ ?

**उत्तर– सोमः प्रथमो विविदे गन्धर्वो विविद उत्तरः । तृतीयो अग्निष्टे पतिस्तुरीयस्ते मनुष्यजाः ॥**

–ऋग्वेद (मण्डल १०/सूक्त ८५/मन्त्र ४०) ॥

हे स्त्री ! (**ते**) तेरो (**प्रथमः**) पहिलो विवाहित (**पतिः**) पति तँलाई (**विविदे**) प्राप्त हुन्छ, उसको नाम (**सोमः**) सुकुमारतादि गुणयुक्त हुनाले **'सोम'**; जुन दोस्रो नियोग हुनाले (**विविदे**) त्यो (**गन्धर्वः**) अर्थात् एक स्त्रीसँग सम्भोग गर्नाले **'गन्धर्व'**; जुन (**तृतीय उत्तरः**) दुईको पश्चात् तेस्रो पति हुन्छ, त्यो (**अग्निः**) अत्युष्णतायुक्त हुनाले **'अग्नि' संज्ञक**; र जुन (**ते**) तेरो (**तुरीयः**) चौथोदेखि लिएर एघारौंसम्म नियोगबाट पति

हुन्छन्, तिनीहरू (**मनुष्यजाः**) **'मनुष्य'** नामले चिनिन्छन् । जस्तै (**इमां त्वमिन्द्र.**) यस मन्त्रमा एघारौं पुरुषसम्म स्त्रीले नियोग गर्न सक्दछे, त्यसरी नै पुरुषले पनि एघारौं स्त्रीसम्म नियोग गर्न सक्दछ ।

**प्रश्न**– 'एकादश' शब्दबाट दश पुत्र र एघारौं पतिलाई किन नगन्ने ?

**उत्तर**– यदि यस्तो अर्थ गऱ्यौ भने त **'विधवेव देवरम्' 'देवरः कस्माद् द्वितीयो वर उच्यते' 'अदेवृध्नि'** र **'गन्धर्वो विविद उत्तरः'** इत्यादि वेदप्रमाणहरूदेखि विरुद्धार्थ हुनेछ । किनभने तिम्रो अर्थले त दोस्रो पनि पति प्राप्त हुन सक्दैन ।

**देवराद्वा सपिण्डाद्वा स्त्रिया सम्यङ्नियुक्तया । प्रजेप्सिताधिगन्तव्या सन्तानस्य परिक्षये ॥१॥**
**ज्येष्ठो यवीयसो भार्य्यां यवीयान्वाग्रजस्त्रियम् । पतितौ भवतो गत्वा नियुक्तावप्यनापदि ॥२॥**
**औरसः क्षेत्रजश्चैव॰ ॥३॥** –मनुस्मृति (अध्याय ९/श्लोक ५९, ५८, १५९) ॥

इत्यादि मनुजीले लेख्नुभएको छ कि (सपिण्ड), अर्थात् पतिको छः पुस्ताहरूमा पतिको भाइ वा दाइ अथवा स्वजातीय तथा आफ्नो भन्दा उत्तम जातिस्थ पुरुषसँग स्त्रीको नियोग हुनुपर्दछ । परन्तु जुन ती मृतकस्त्री पुरुष र विधवा स्त्रीले सन्तानोत्पत्तिको इच्छा गर्दछे भने त नियोग गर्न उचित छ, र जब सन्तानको सर्वथा क्षय हुन्छ, तब नियोग होस् ॥१॥ जुन आपत्काल, अर्थात् सन्तानहरूको हुनमा इच्छा नहुँदामा, ठूलो दाइकी स्त्रीसँग सानोको र सानो भाइको स्त्रीसँग ठूलो दाइको नियोग भएर सन्तानोत्पत्ति हुँदाखेरि पनि पुनः ती नियुक्त आपसमा समागम गरे भने त पतित हुनेछन्, अर्थात् एक नियोगमा दोस्रो पुत्रको गर्भ रहनेसम्म नियोगको अवधि हो, यस पश्चात् समागम गर्न हुँदैन ॥२॥ र यदि दुइटैको लागि नियोग हो भने त चौथो गर्भसम्म, अर्थात् पूर्वोक्त रीतिले दश सन्तानसम्म हुन सक्दछ । पश्चात् विषयासक्तिमा गनिनेछ, यसले गर्दा तिनीहरू पतितमा गनिनेछन् । र जो विवाहित स्त्री-पुरुष पनि दशौं गर्भदेखि अधिक समागम गरे भने त कामी र निन्दित हुन्छन् । अर्थात् विवाह वा नियोग सन्तानहरूकै अर्थमा गरिएको हुन्छ, पशुवत् कामक्रीडाको लागि होइन ।

**प्रश्न**– नियोग मरेपछि नैं हुन्छ कि पति जीउँदो हुँदा पनि ?

**उत्तर**– जीउँदो हुँदा पनि हुन्छ–

**अन्यमिच्छस्व सुभगे पतिं मत् ॥** –ऋग्वेद (मण्डल १०/सूक्त १०/मन्त्र १०) ॥

जब पति सन्तानोत्पत्तिको लागि असमर्थ हुन्छ भने तब स्त्रीलाई आज्ञा देओस् कि हे सुभगे ! सौभाग्यको इच्छा गर्ने भएकी तँ (**मत्**) मदेखि (**अन्यम्**) दोस्रो पतिको (**इच्छस्व**) इच्छा गर्, किनभने अब मबाट सन्तानोत्पत्ति हुन सक्दैन । तब स्त्रीले दोस्रोसँग नियोग गरेर सन्तानोत्पत्ति गरोस्, परन्तु त्यस विवाहित महाशय पतिको सेवामा तत्पर रहोस् । त्यसरी नै स्त्री पनि जब रोगादि दोषले ग्रस्त भएर सन्तानोत्पत्तिमा असमर्थ भई भने तब आफ्नो पतिलाई आज्ञा देओस् कि हे स्वामी ! तपाईंले मबाट सन्तानोत्पत्तिको इच्छालाई छोडेर, कुनै अर्की विधवा स्त्रीसँग नियोग गरेर सन्तानोत्पत्ति गर्नुहोस् । जस्तै कि पाण्डु राजाकी स्त्री कुन्ती र माद्री आदिले गरे । साथै जसरी व्यासजीले चित्राङ्गद र विचित्रवीर्यको मरण पश्चात् ती आफ्नी भाइकी स्त्रीहरूसँग नियोग गरेर अम्बिकामा धृतराष्ट्र, अम्बालिकामा पाण्डु र दासीमा विदुरको उत्पत्ति गरे, इत्यादि इतिहास पनि यस कुराको प्रमाण हुन् ।

**प्रोषितो धर्मकार्यार्थं प्रतीक्ष्योऽष्टौ नरः समाः । विद्यार्थं षड् यशोऽर्थं वा कामार्थं त्रींस्तु वत्सरान् ॥१॥**
**वन्ध्याष्टमेऽधिवेद्याब्दे दशमे तु मृतप्रजाः । एकादशे स्त्रीजननी सद्यस्त्वप्रियवादिनी ॥२॥**
–मनुस्मृति (अध्याय ९/श्लोक ७६, ८१) ॥

विवाहित स्त्री; जो विवाहित पति धर्मको अर्थ परदेश गएको छ भने आठ वर्ष, विद्या र कीर्तिको लागि गएको छ भने त छः वर्ष, र धनादि कमाउनको लागि गएको हो भने त तीन वर्षसम्म बाटो हेरेर, पश्चात्मा नियोग गरेर सन्तानोत्पत्ति गरोस् । जब विवाहित पति आयो भने त नियुक्त पुरुष पनि छुटोस् ॥१॥ त्यसरी नै पुरुषको लागि पनि नियम छ, जब विवाह गरेदेखि आठ वर्षसम्म स्त्रीमा गर्भ रहेन भने, यदि बन्ध्या भै भने त आठौं वर्षमा, सन्तान जन्मेर पनि रहेनन् भने त दशौं, जब-जब हुन्छ तब-तब कन्या, पुत्र नभएको खण्डमा एघारौं, र जो स्त्री अप्रिय बोल्दछे भने त तुरुन्त त्यसलाई छोडेर, दोस्रो स्त्रीसँग नियोग गरेर सन्तानोत्पत्ति गरोस् ॥२॥ त्यसरी नै जो पुरुष अत्यन्त दुःखदायक छ भने त्यसलाई तुरुन्त छोडेर दोस्रोसँग नियोग गरेर सन्तानोत्पत्ति गरेर उसै विवाहित पतिको दायभागी (अंशियार) सन्तान गराओस् । इत्यादि प्रमाण र युक्तिहरूबाट स्वयंवर विवाह र नियोगबाट आफ्नो-आफ्नो कुलको उन्नति गरोस् ।

जसरी **'औरस'** अर्थात् विवाहित पतिबाट जन्मेको पुत्र, पिताको पदार्थहरूको स्वामी हुन्छ, त्यसरी नै **'क्षेत्रज'** अर्थात् नियोगबाट जन्मेका पुत्रले पनि मृतपिताको दायभागी (अंशियार) हुन्छ ।

अब यसमाथि स्त्री र पुरुषले यस कुराको ख्याल राख्नुपर्दछ कि वीर्य र रजलाई सदैव अमूल्य सम्झिऊन् । जो कसैले यस्तो अमूल्य पदार्थलाई परस्त्री, वेश्या वा दुष्ट पुरुषहरूको सङ्गमा लागेर नष्ट गर्दछन्, ती महामूर्ख हुन्छन् । किनभने किसान वा माली मूर्ख भएर पनि आफ्नो खेत वा वाटिकाको बिना अन्यत्र बीउ रोप्दैनन् । जुन कि साधारण बीउको र मूर्खको यही वर्तमान (पहिचान) हो भने त जुन सर्वोत्तम मनुष्यशरीररूपी वृक्षको बीजलाई कुक्षेत्रमा खसाल्दछ भने, त्यो महामूर्खमा गनिन्छ, किनभने त्यसको फल त्यसलाई मिल्दैन र **'आत्मा वै जायते पुत्रः'** यो ब्राह्मण ग्रन्थ (शत.कां.१४/प्रपा.७/ब्रा.५/कं.२६) को वचन हो ।

**अङ्गादङ्गात्सम्भवसि हृदयादधि जायसे । आत्मासि पुत्र मा मृथाः स जीव शरदः शतम् ॥**

–यो सामवेदको ब्राह्मणको वचन हो ॥

–सामवेद ब्राह्मण मन्त्रपर्व (प्रपाठक १/खण्ड ५/कण्डिका १७ को पूर्वार्द्ध र १८ को उत्तरार्द्ध) ॥

हे पुत्र ! तँ अङ्ग-अङ्गबाट उत्पन्न भएको वीर्यबाट उत्पन्न र हृदयबाट उत्पन्न हुन्छस्, त्यसैले तँ मेरो आत्मा होस्, म भन्दा पूर्व नमर्नू, किन्तु शय वर्षसम्म बाँच्नू । जसबाट यस्ता-यस्ता महात्मा र महाशयहरूको शरीर उत्पन्न हुन्छ, त्यसलाई वेश्यादि दुष्टक्षेत्रमा खेर फाल्नु, वा दुष्ट बीज राम्रो क्षेत्रमा रोप्नु महापापको काम हो ।

**प्रश्न**– विवाह किन गर्ने ? किनभने यसबाट स्त्री र पुरुष बन्धनमा परेर थुप्रै संकोच गर्नु र दुःख भोग्नुपर्दछ, त्यसैले जसको जोसँग प्रीति हुन्छ, तिनीहरू तबसम्म मिलिरहून्, जब प्रीति छुट्दछ तब छोडिदिऊन् ।

**उत्तर**– यो त पशु-पक्षीहरूको व्यवहार भयो नि, मनुष्यको होइन । यदि मान्छेमा विवाहको नियम रहेन भने त, गृहाश्रमको राम्रो व्यवहार सबै नष्ट-भ्रष्ट हुन जान्छ । कसैले कसैसँग भय वा लाज मान्ने छैन । वृद्धावस्थामा कसैले कसैको सेवा पनि गर्नेछैन, र महाव्यभिचार बढेर सबै रोगी, निर्बल र अल्पायु भएर शीघ्र-शीघ्र मर्नेछन् । कोही कसैको पदार्थको स्वामी वा अंशियार नहुने र कसै-कसैको पदार्थमा दीर्घकाल-पर्यन्त स्वत्व रहनेछ, इत्यादि दोषहरूको निवारणार्थ विवाह अवश्य हुनुपर्दछ ।

**प्रश्न**– जब विवाह हुनेछ, एक पुरुषकी एक स्त्री र एक स्त्रीको एक पुरुष हुनेछ, तब स्त्री गर्भवती हुन्छे, स्थिररोगिणी अथवा पुरुष दीर्घरोगी भए भने र दुइटैको युवावस्था रहेछ भने; त्यतिखेर उनीहरूको मन मानेन भने के गर्ने ?

**उत्तर**– यसको प्रत्युत्तर नियोगमा दिइसकेको छु, र जब गर्भवती स्त्रीसँग एक वर्ष पर्यन्त समागम नगर्ने समयमा पुरुषको स्त्रीको मन थामिन सकेन भने कुनै विधवासित नियोग गरेर त्यसको लागि पुत्रोत्पत्ति गरिदेओस्, परन्तु वेश्यागमन वा व्यभिचार कहिल्यै पनि नगर्नु ।

जहाँसम्म हुन सक्दछ, त्यहाँसम्म अप्राप्त वस्तुको इच्छा, प्राप्तको रक्षण र रक्षितको वृद्धि अनि बढेको धनको व्यय देशोपकारमा गर्ने गर्नु । सबै प्रकारको अर्थात् पूर्वोक्त रीतिले आफ्नो-आफ्नो वर्णाश्रमको व्यवहारहरूलाई अत्युत्साह, प्रयत्न, तन, मन, धनले गर्ने गर्नु । आफ्ना माता, पिता, सासू, श्वशुरको अत्यन्त शुश्रूषा गर्ने गर्नु । मित्र, छिमेकी, राजा, विद्वान्, वैद्य र सत्पुरुषहरूसँग प्रीति राख्ने र दुष्टसँग उपेक्षा राखेर तिनलाई सुधार्नको लागि प्रयत्न गर्ने । जहाँसम्म बन्न सक्दछ, त्यहाँसम्म प्रेमले आफ्ना सन्तानहरूलाई विद्वान् र सुशिक्षित बनाउनतिर धनादिलाई लगाउने । धर्मले सबै व्यवहारलाई गर्दै मोक्षको साधन पनि गर्ने गर्नु जसको प्राप्तिले परमानन्द होओस् । तलका यस्ता व्यर्थ श्लोकहरूलाई नमान्नू–

**पतितोऽपि द्विजः श्रेष्ठो न च शूद्रो जितेन्द्रियः । निर्दुग्धा चापि गौः पूज्या न च दुग्धवती खरी ॥१॥**

–तुलना (भाषा पाराशरी अध्याय ८/श्लोक ३३, पराशरस्मृति अध्याय ८/श्लोक ३२) ॥

**अश्वालम्भं गवालम्भं संन्यासं पलपैत्रिकम् । देवराच्च सुतोत्पत्तिं कलौ पञ्च विवर्जयेत् ॥२॥**

–तुलना (पारस्कर गृह्य सूत्र काण्ड १/कं. ३ को गदाधर भाष्यमा उद्धृत श्लोकबाट) ॥

**नष्टे मृते प्रव्रजिते क्लीवे च पतिते पतौ । पञ्चस्वापत्सु नारीणां पतिरन्यो विधीयते ॥३॥**

–भाषा पाराशरी (अध्याय ४/श्लोक ३०) ॥

यी कपोलकल्पित पाराशरीका श्लोक हुन् । जुन दुष्ट कर्मकारी द्विजलाई श्रेष्ठ, र श्रेष्ठ कर्मकारी शूद्रलाई नीच मान्यो भने त यसभन्दा पर पक्षपात, अन्याय, अधर्म दोस्रो अधिक के नै होला ! के दुहुनो गाई र थारो गाई गोपाललाई पालनीय हुन्छ, त्यस्तै कुमाले आदिलाई गधिनी पालनीय हुन्न ? र यो दृष्टान्त पनि विषम छ, किनभने द्विज र शूद्र मनुष्य जाति, गाई र गधिनी भिन्न जाति हो । कथञ्चित् पशु जातिबाट दृष्टान्तको एकदेश दार्ष्टान्तमा मिले पनि त यसको आशय अयुक्त हुनाले यो श्लोक विद्वान्हरूलाई माननीय कहिल्यै पनि हुन सक्दैन ॥१॥

जब अश्वालम्भ अर्थात् घोडालाई मारेर अथवा गाईलाई मारेर होम गर्नु वेदविहित छैन भने त त्यसलाई कलियुगमा निषेध गर्नु वेदविरुद्ध किन होइन ? यदि कलियुगमा यस नीच कर्मलाई निषेध मान्यौं भने त त्रेता आदिमा विधि हुन्थ्यो । त्यसकारण यस्तो दुष्ट काम श्रेष्ठ युगमा हुनु सर्वथा असम्भव छ । साथै संन्यासको वेदादिमा विधि छ, त्यसको निषेध गर्नु निर्मूल हो । जब मांसको निषेध छ भने त सर्वदा नै निषेध छ । जब देवरबाट पुत्रोत्पत्ति गर्न वेदमा लेखिएको छ भने त यो श्लोककर्ता किन भन्कन्छ ? ॥२॥

यदि (नष्टे) अर्थात् पति कुनै देश-देशान्तरमा गएको छ भने, घरमा स्त्रीले नियोग गरोस्, त्यति वेलै विवाहित पति आयो भने त त्यो कस्की स्त्री हुन्छे ? कोही भन्दछ कि विवाहित पतिकी । हामीले मान्यौं, परन्तु यस्तो व्यवस्था पाराशरीमा त लेखिएको छैन । के स्त्रीका पाँच नै आपत्समय हो ? रोगी भएको भए, लडाईं भएको भए, इत्यादि आपत्काल पाँच भन्दा अधिक छन्, त्यसैले यस्ता-यस्ता श्लोकहरूलाई कहिल्यै पनि मान्नहुँदैन ॥३॥

**प्रश्न**– के त ! तिमीले पराशर मुनिको वचनलाई पनि मान्दैनौ ?

**उत्तर**– चाहे कसैको वचन होस्, परन्तु वेदको विरुद्ध हुनाले मान्दैनौं, र यो पराशरको वचन पनि होइन । किनभने जसरी **'ब्रह्मोवाच, वसिष्ठ उवाच, राम उवाच, शिव उवाच, देव्युवाच'** इत्यादि श्रेष्ठहरूको नाम लेखेर, ग्रन्थरचना यसको लागि गर्दछन् कि सर्वमान्यको नामले यी ग्रन्थलाई संसारमा सबैले मान्नेछन् र हाम्रो पुष्कल जीविका चल्नेछ । केही प्रक्षिप्त (पछि थपिएको) श्लोकहरूलाई छोडेर मनुस्मृति नै वेदानुकूल छ, अन्य स्मृति छैनन् । यसरी नै अन्य जाल ग्रन्थहरूको पनि व्यवस्था सम्झनु ।

## गृहस्थ आश्रमको श्रेष्ठता (४.१७)

**प्रश्न**– गृहाश्रम सबै भन्दा सानो हो कि ठूलो ?

**उत्तर**–आफ्नो कर्ममा सबै ठूला हुन् । परन्तु–

**यथा नदीनदाः सर्वे सागरे यान्ति संस्थितिम् । तथैवाश्रमिणः सर्वे गृहस्थे यान्ति संस्थितिम् ॥१॥**

–मनुस्मृति (अध्याय ६/श्लोक ९०) ॥

**यथा वायुं समाश्रित्य वर्त्तन्ते सर्वजन्तवः । तथा गृहस्थमाश्रित्य वर्त्तन्ते सर्व आश्रमाः ॥२॥**
**यस्मात्त्रयोऽप्याश्रमिणो दानेनान्नेन चान्वहम् । गृहस्थेनैव धार्य्यन्ते तस्माज्ज्येष्ठाश्रमो गृही ॥३॥**
**स संधार्य्यः प्रयत्नेन स्वर्गमक्षयमिच्छता । सुखं चेहेच्छता नित्यं योऽधार्यो दुर्बलेन्द्रियैः ॥४॥**

–मनुस्मृति (अध्याय ३/श्लोक ७७-७९) ॥

**अर्थ**– जसरी नदी र ठूला-ठूला नद तबसम्म घुमिराख्दछन्, जबसम्म समुद्रलाई प्राप्त गर्दैनन्, यसै गरी गृहस्थकै आश्रयले सबै आश्रम स्थिर रहन्छन्, बिना गृहस्थाश्रमले अन्य आश्रमको कुनै पनि व्यवहार सिद्ध हुन सक्दैन ॥१॥ (जसरी वायुको आश्रयमा सबै प्राणी छन्, त्यसरी नै गृहस्थाश्रम सबै आश्रमहरूको पनि आश्रम हो) बिना यस आश्रमले ब्रह्मचारी, वानप्रस्थी र संन्यासीको दैनिक व्यवहार अर्थात् निर्वाह सिद्ध हुँदैन ॥२॥ जसबाट ब्रह्मचारी, वानप्रस्थ र संन्यासी तीनै आश्रमको दान र अन्नादि दिएर प्रतिदिन गृहस्थले नै धारण गर्दछ, यसैले गृहस्थ ज्येष्ठाश्रम हो, अर्थात् सबै व्यवहारहरूमा धुरन्धर मानिन्छ ॥३॥ त्यसैले जसले अक्षय मोक्ष र संसारको सुखको इच्छा गर्दछ, त्यसले प्रयत्न गर्दै गृहाश्रमलाई धारण गरोस् । गृहाश्रम दुर्बलेन्द्रिय अर्थात् भीरु र निर्बल पुरुषलाई धारण गर्न अयोग्य छ, यसलाई राम्रोसँग धारण गरोस् ॥४॥

यसैले जे-जति व्यवहार संसारमा छन्, त्यसको आधार भनेको गृहाश्रम नै हो । यदि यो गृहाश्रम हुन्थेन भने त सन्तानोत्पत्ति नहुनाले **ब्रह्मचर्य, वानप्रस्थ** र **संन्यासाश्रम** कहाँबाट हुन सक्दथे ? जो कसैले गृहाश्रमको निन्दा गर्दछ भने, त्यो आफै निन्दनीय हुन्छ, र जसले प्रशंसा गर्दछ त्यही प्रशंसनीय हुन्छ । परन्तु तब नै गृहाश्रममा सुख हुन्छ जब स्त्री र पुरुष दुइटै परस्पर प्रसन्न, विद्वान्, पुरुषार्थी र सबै प्रकारको व्यवहारको ज्ञाता हुन्छन् । यसैले गृहाश्रमको सुखको मुख्य कारण **ब्रह्मचर्य** र पूर्वोक्त स्वयंवर विवाह हो ।

यहाँ संक्षेपमा समावर्त्तन, विवाह र गृहाश्रमको विषयमा शिक्षा लेखें । यसको अगाडि वानप्रस्थ र संन्यासको विषयमा लेखिने छ ।

**इति श्रीमद्दयानन्दसरस्वतीस्वामिकृते सत्यार्थप्रकाशे**
**सुभाषाविभूषिते समावर्त्तनविवाहगृहाश्रमविषये**
**चतुर्थः समुल्लासः सम्पूर्णः ॥४॥**

●

# (५) पाँचौं समुल्लास
# वानप्रस्थ एवं संन्यास आश्रमको विधि
## वानप्रस्थाश्रमको विधि (५.१)

**ब्रह्मचर्य्याश्रमं समाप्य गृही भवेत् गृही भूत्वा वनी भवेद्वनी भूत्वा प्रव्रजेत् ॥**

–शतपथ ब्राह्मण काण्ड १४ ॥ (तुलना-जाबालोपनिषद् खण्ड ४) ॥

मनुष्यलाई यो उचित छ कि ब्रह्मचर्याश्रम समाप्त गरेर गृहस्थ, गृहस्थ भएपछि वानप्रस्थ र वानप्रस्थ भएर संन्यासी बनोस्, अर्थात् यो अनुक्रमले आश्रमको विधान हो ।

**एवं गृहाश्रमे स्थित्वा विधिवत्स्नातको द्विजः । वने वसेत्तु नियतो यथावद्विजितेन्द्रियः ॥१॥**
**गृहस्थस्तु यदा पश्येद्वलीपलितमात्मनः । अपत्यस्यैव चापत्यं तदारण्यं समाश्रयेत् ॥२॥**
**संत्यज्य ग्राम्यमाहारं सर्वं चैव परिच्छदम् । पुत्रेषु भार्यां निःक्षिप्य वनं गच्छेत्सहैव वा ॥३॥**
**अग्निहोत्रं समादाय गृह्यं चाग्निपरिच्छदम् । ग्रामादरण्यं निःसृत्य निवसेन्नियतेन्द्रियः ॥४॥**
**मुन्यन्नैर्विविधैर्मेध्यैः शाकमूलफलेन वा । एतानेव महायज्ञान्निर्वपेद्विधिपूर्वकम् ॥५॥**

–मनुस्मृति (अध्याय ६/श्लोक १-५) ॥

यस प्रकार स्नातक अर्थात् ब्रह्मचर्यपूर्वक गृहाश्रमको कर्ता द्विज अर्थात् ब्राह्मण, क्षत्रिय र वैश्य गृहाश्रममा रहेर निश्चितात्मा र यथावत् इन्द्रियहरूलाई जितेर वनमा पसोस् ॥१॥ परन्तु जब गृहस्थ शिरमा श्वेत केश तथा त्वचा चाउरी पर्न लागेमा, र नातिहरू ठूलठूला हुन थालेमा, तब वनमा पसोस् ॥२॥ ग्रामको आहार, वस्त्रादि सबै उत्तमोत्तम पदार्थहरूलाई छोडेर, पुत्रलाई स्त्रीको जिम्मा लगाएर, वा आफ्नो साथैमा लिएर वनमा पसोस् ॥३॥ साङ्गोपाङ्ग अग्निहोत्रलाई लिएर ग्रामबाट निक्लँदै, दृढेन्द्रिय भएर, अरण्यमा आएर बसोस् ॥४॥ नाना प्रकारको सामा आदि अन्न, सुन्दर साग, मूल, फल, कन्दादिले पूर्वोक्त पञ्चमहायज्ञहरूलाई गरोस् र त्यसैबाट अतिथि सेवा र आफूले पनि निर्वाह गरोस् ॥५॥

**स्वाध्याये नित्ययुक्तः स्याद्दान्तो मैत्रः समाहितः । दाता नित्यमनादाता सर्वभूतानुकम्पकः ॥१॥**
**अप्रयत्नः सुखार्थेषु ब्रह्मचारी धराशयः । शरणेष्वममश्चैव वृक्षमूलनिकेतनः ॥२॥**

–मनुस्मृति (अध्याय ६/श्लोक ८, २६) ॥

स्वाध्याय अर्थात् पढ्न-पढाउनमा नित्ययुक्त, जितात्मा, सबैको मित्र, इन्द्रियहरूको दमनशील, विद्याको दान गर्ने र सबैमाथि दयालु, कसैसँगबाट केही पनि पदार्थ नलियोस्, यस प्रकारले सदा वर्तमान गरोस् ॥१॥ शरीरको सुखको लागि अति प्रयत्न नगर्ने किन्तु ब्रह्मचारी रहने अर्थात् आफ्नो स्त्री साथमा रहे तापनि उनीसँग विषयचेष्टा केही पनि नगरोस्, भूमिमा सुतोस्, आफ्ना आश्रित वा स्वकीय पदार्थमा ममता नगरोस्, वृक्षको मूलमा बसोस् ॥२॥

**तपः श्रद्धे ये ह्युपवसन्त्यरण्ये, शान्ता विद्वांसो भैक्षचर्य्यां चरन्तः ।**
**सूर्य्यद्वारेण ते विरजाः प्रयान्ति, यत्राऽमृतः स पुरुषो ह्यव्ययात्मा ॥**

–मुण्डकोपनिषद् (मुण्डक १/खण्ड २/मन्त्र ११) ॥

जो शान्त विद्वानीहरू वनमा तप, धर्मानुष्ठान र सत्यको श्रद्धा गरेर भिक्षाचरण गर्दै वनमा बस्दछन्, जहाँ नाशरहित पूर्ण पुरुष हानिलाभ रहित परमात्मा छन्, वहाँ ती निर्मल भएर प्राणद्वारबाट त्यो परमात्मालाई प्राप्त गरेर आनन्दित हुन्छन् ।

**अभ्यादधामि समिधमग्ने व्रतपते त्वयि । व्रतञ्च श्रद्धां चोपैमीन्धे त्वा दीक्षितो अहम् ॥१॥**

–यजुर्वेद (अध्याय २०/मन्त्र २४) ॥

वानप्रस्थलाई उचित यो छ कि– मैले अग्निमा होम गरेर दीक्षित हुँदै व्रत, सत्याचरण र श्रद्धालाई प्राप्त गरूँ- यस्तो इच्छा गरेर वानप्रस्थ होओस्, नाना प्रकारको तपश्चर्या, सत्सङ्ग, योगाभ्यास र सुविचारले ज्ञान र पवित्रतालाई प्राप्त गरोस् । पश्चात् जब संन्यासको ग्रहणको इच्छा भएमा, तब स्त्रीलाई पुत्रको जिम्मा लगाएर, फेरि संन्यास ग्रहण गरोस् ॥१॥

## इति संक्षेपेण वानप्रस्थविधिः ।

●

# संन्यास आश्रमको विधि (५.२)

**वनेषु च विहृत्यैवं तृतीयं भागमायुषः । चतुर्थमायुषो भागं त्यक्त्वा सङ्गान् परिव्रजेत् ॥**

–मनुस्मृति (अध्याय ६/श्लोक ३३) ॥

यस प्रकार वनमा आयुको तेस्रो भाग अर्थात् पचासौं वर्षदेखि लिएर पचहत्तरौं वर्ष पर्यन्त वानप्रस्थ भएर, आयुको चौथो भागमा सङ्गहरूलाई छोडेर परिव्राट अर्थात् संन्यासी बनोस् ।

**प्रश्न–** गृहाश्रम र वानप्रस्थाश्रम नगरिकन, संन्यासाश्रम गरेमा, त्यसलाई पाप हुन्छ, वा हुँदैन ?

**उत्तर–** हुन्छ र हुँदैन पनि ।

**प्रश्न–** यस्तो दुई प्रकारको कुरो किन गर्दछौ ?

**उत्तर–** दुई प्रकारको होइन । किनभने जो बाल्यवस्थामा विरक्त भएर विषयहरूमा फसेमा त महापापी, र जो फस्दैन त्यो महापुण्यात्मा सत्पुरुष हो ।

**यदहरेव विरजेत्तदहरेव प्रव्रजेद्वनाद्वा गृहाद्वा ब्रह्मचर्यादेव प्रव्रजेत् ॥**

–यो ब्राह्मणग्रन्थको वचन हो । (तुलना-अथर्ववेदीयजाबालोपनिषद् खण्ड ४) ॥

जुन दिन वैराग्य प्राप्त हुन्छ, त्यसै दिन घर वा वनबाट संन्यास ग्रहण गरोस् । पहिला संन्यासको पक्षक्रम भनियो र यसमा विकल्प यो दोस्रो पक्ष अर्थात् वानप्रस्थ न गरोस्, गृहस्थाश्रमबाटै नै संन्यास ग्रहण गरोस् र तृतीय पक्ष यो हो कि जो पूर्ण विद्वान्, जितेन्द्रिय, विषय-भोगको कामनादेखि रहित, परोपकार गर्ने इच्छाले युक्त पुरुष होस्, त्यसले ब्रह्मचर्याश्रमबाटै नै संन्यास लेओस् ।

र वेदहरूमा पनि **यतयः** (ऋग्वेद ८/६/१८), **ब्राह्मणस्य** (ऋग्वेद १०/१०९/४), **विजानतः** (यजुर्वेद ४०/७) इत्यादि पदहरूमा संन्यासको विधान छ, परन्तु–

**नाविरतो दुश्चरितान्नाशान्तो नासमाहितः । नाशान्तमानसो वापि प्रज्ञानेनैनमाप्नुयात् ॥**

–कठोपनिषद् (अध्याय १/वल्ली २/मन्त्र २४) ॥

जो दुराचारदेखि पृथक् छैन्, जसलाई शान्ति छैन, जसको आत्मा योगी छैन, र जसको मन शान्त छैन, त्यस्तोले संन्यास लिएर पनि प्रज्ञानबाट परमात्मालाई प्राप्त गर्न सक्दैन । यसैले–

**यच्छेद्वाङ्मनसी प्राज्ञस्तद्यच्छेद् ज्ञान आत्मनि । ज्ञानमात्मनि महति नियच्छेत्तद्यच्छेच्छान्त आत्मनि ॥**

–कठोपनिषद् (अध्याय १/वल्ली ३/मं १३) ॥

संन्यासी बुद्धिमान् वाणी र मनलाई अधर्मदेखि रोकोस्, उनलाई ज्ञान र आत्मामा लगाओस्, र त्यस ज्ञान स्वात्मालाई परमात्मामा लगाओस् र त्यस विज्ञानलाई शान्तस्वरूप आत्मामा स्थिर गरोस् ।

**परीक्ष्य लोकान् कर्मचितान् ब्राह्मणो निर्वेदमायान्नास्त्यकृतः कृतेन ।**
**तद्विज्ञानार्थं स गुरुमेवाभिगच्छेत् समित्पाणिः श्रोत्रियं ब्रह्मनिष्ठम् ॥**

–मुण्डकोपनिषद् (मुण्डक १/खण्ड २/मन्त्र १२) ॥

सबै लौकिक भोगहरू कर्मबाट संचित भएको देखेर ब्राह्मण अर्थात् संन्यासी वैराग्यलाई प्राप्त गरोस् । किनभने **'अकृत'** अर्थात् नगरिएको परमात्मा **'कृत'** अर्थात् केवल कर्मले प्राप्त हुँदैन, यसैले केही अर्पणको अर्थ हातमा लिएर वेदवित् र परमेश्वरलाई जान्ने त्यस गुरुकहाँ विज्ञानको लागि जाओस्, गएर सबै सन्देहरूको निवृत्ति गरोस् । परन्तु सदा यिनीहरूको सङ्ग छोडिदिनु कि–

**अविद्यायामन्तरे वर्त्तमानाः स्वयं धीराः पण्डितम्मन्यमानाः ।**
**जङ्घन्यमानाः परियन्ति मूढा अन्धेनैव नीयमाना यथान्धाः ॥१॥**
**अविद्यायां बहुधा वर्त्तमाना वयं कृतार्था इत्यभिमन्यन्ति बालाः ।**
**यत्कर्मिणो न प्रवेदयन्ति रागात्तेनातुराः क्षीणलोकाश्च्यवन्ते ॥२॥**

–मुण्डकोपनिषद् (मुण्डक १/खण्ड २/मन्त्र ८-९) ॥

जो अविद्याको भित्र खेलिरहेका हुन्छन्, आफूलाई धीर र पण्डित मान्दछन्, र नीच गतितिर जाने जस्तै अन्धाको पछाडि अन्धाले दुर्दशालाई प्राप्त गर्दछ, त्यस्तै गरी नै मूढले दुःखलाई प्राप्त गर्दछन् ॥१॥ जो धेरै अविद्यामा रमण गर्नेहरू, बालबुद्धिले हामी त पूर्ण कृतार्थ छौं यस्तो मान्दछन्, जसलाई केवल कर्मकाण्डीहरू रागले मोहित भएर जान्दैनन् र जनाउन पनि सक्दैनन्, तिनीहरू आत्तुरिएर जन्म मरणरूप दुःखमा पर्दछन् ॥ त्यसैले–

**वेदान्तविज्ञानसुनिश्चितार्थाः, संन्यासयोगाद्यतयः शुद्धसत्वाः ।**
**ते ब्रह्मलोकेषु परान्तकाले, परामृतात्परिमुच्यन्ति सर्वे ॥**

–मुण्डकोपनिषद् (मुण्डक ३/खण्ड २/मन्त्र ६) ॥

जुन वेदान्त अर्थात् परमेश्वर प्रतिपादक वेदमन्त्रहरूको अर्थज्ञान र आचारमा राम्रोसँग निश्चित गर्दै संन्यासयोगले शुद्धान्तःकरण संन्यासी हुन्छन्, तिनीहरू परमेश्वरमा मुक्ति-सुखलाई प्राप्त गरेर, भोगको पश्चात् जब मुक्तिमा सुखको अवधि पूरा हुन्छ, तब त्यहाँबाट छुटेर संसारमा आउँछन् । बिना मुक्तिले दुःखको नाश हुँदैन । किनभने–

**न वै सशरीरस्य सतः प्रियाप्रिययोरपहतिरस्त्यशरीरं वाव सन्तं न प्रियाप्रिये स्पृशतः ॥**

–छान्दोग्योपनिषद् (प्रपाठक ८/खण्ड १२/प्रवाक १) ॥

जो देहधारी छ, त्यो सुख-दुःखको प्राप्तिबाट पृथक् कहिल्यै रहन सक्दैन र जुन शरीररहित जीवात्मा मुक्तिमा सर्वव्यापक परमेश्वरको साथ शुद्ध भएर रहन्छ, तब त्यसलाई सांसारिक सुख-दुःख प्राप्त हुँदैन । यसैले–

**लोकैषणायाश्च वित्तैषणायाश्च पुत्रैषणायाश्चोत्थायाथ भैक्षचर्यं चरन्ति ॥**

–तुलना (शत.ब्रा.कां. १४/प्रपा. ५/ब्रा. २/कं. १) ॥

लोकमा प्रतिष्ठा वा लाभ, धनले भोग वा मान्य, पुत्रादिको मोहदेखि अलग भएर, संन्यासीहरू भिक्षुक हुँदै रात-दिन मोक्षको साधनहरूमा तत्पर रहन्छन् ।

**प्राजापत्यां निरूप्येष्टिं तस्यां सर्ववेदसं हुत्वा ब्राह्मणः प्रव्रजेत् ॥१॥**

–यजुर्वेदब्राह्मणे ॥ हेर्नुहोस्-न्याय सूत्र (४/१/६२) मा वात्स्यायनको भाष्य) ॥

**प्राजापत्यां निरूप्येष्टिं सर्ववेदसदक्षिणाम् । आत्मन्यग्नीन्समारोप्य ब्राह्मणः प्रव्रजेद् गृहात् ॥२॥**
**यो दत्वा सर्वभूतेभ्यः प्रव्रजत्यभयं गृहात् । तस्य तेजोमया लोका भवन्ति ब्रह्मवादिनः ॥३॥**

–मनुस्मृति (अध्याय ६/श्लोक ३८-३९) ॥

प्रजापति अर्थात् परमेश्वरको प्राप्तिको अर्थ इष्टि अर्थात् यज्ञ गरेर उसमा यज्ञोपवीत शिखादि चिह्नहरूलाई छोडेर, आहवनीयादि पाँच अग्निहरूको प्राण, अपान, व्यान, उदान र समान यी पाँच प्राणहरूमा आरोपण गरेर ब्राह्मण ब्रह्मवित् घरबाट निक्लेर संन्यासी बनोस् ॥१-२॥ जसले सबै भूत= प्राणीमात्रलाई अभयदान दिएर घरबाट निस्केर संन्यासी बन्दछ, त्यस ब्रह्मवादी अर्थात् परमेश्वरप्रकाशित वेदोक्त धर्मादि विद्याहरूको उपदेश गर्ने संन्यासीको लागि प्रकाशमय अर्थात् मुक्तिको आनन्दस्वरूप लोक प्राप्ति हुन्छ ॥३॥

**प्रश्न**– संन्यासीहरूको धर्म के हो ?

**उत्तर**– धर्म त पक्षपातरहित न्यायाचरण, सत्यको ग्रहण, असत्यको परित्याग, वेदोक्त ईश्वरको आज्ञाको पालन, परोपकार, सत्यभाषणादि-लक्षण सबै आश्रमहरूका अर्थात् सबै मनुष्यमात्रको एउटै नै हो, परन्तु संन्यासीको विशेष धर्म यो हो कि–

**दृष्टिपूतं न्यसेत्पादं वस्त्रपूतं जलं पिबेत् । सत्यपूतां वदेद्वाचं मनःपूतं समाचरेत् ॥१॥**
**क्रुद्धचन्तं न प्रतिक्रुध्येदाक्रुष्टः कुशलं वदेत् । सप्तद्वारावकीर्णां च न वाचमनृतां वदेत् ॥२॥**
**अध्यात्मरतिरासीनो निरपेक्षो निरामिषः । आत्मनैव सहायेन सुखार्थी विचरेदिह ॥३॥**
**क्लृप्तकेशनखश्मश्रुः पात्री दण्डी कुसुम्भवान् । विचरेन्नियतो नित्यं सर्वभूतान्यपीडयन् ॥४॥**
**इन्द्रियाणां निरोधेन रागद्वेषक्षयेण च । अहिंसया च भूतानाममृतत्वाय कल्पते ॥५॥**
**दूषितोऽपि चरेद्धर्मं यत्र तत्राश्रमे रतः । समः सर्वेषु भूतेषु न लिङ्गं धर्मकारणम् ॥६॥**
**फलं कतकवृक्षस्य यद्यप्यम्बुप्रसादकम् । न नामग्रहणादेव तस्य वारि प्रसीदति ॥७॥**
**प्राणायामा ब्राह्मणस्य त्रयोऽपि विधिवत्कृताः । व्याहृतिप्रणवैर्युक्ता विज्ञेयं परमं तपः ॥८॥**
**दह्यन्ते ध्मायमानानां धातूनां हि यथा मलाः । तथेन्द्रियाणां दह्यन्ते दोषाः प्राणस्य निग्रहात् ॥९॥**
**प्राणायामैर्दहेद्दोषान् धारणाभिश्च किल्विषम् । प्रत्याहारेण संसर्गान् ध्यानेनानीश्वरान् गुणान् ॥१०॥**
**उच्चावचेषु भूतेषु दुर्ज्ञेयामकृतात्मभिः । ध्यानयोगेन संपश्येद् गतिमस्यान्तरात्मनः ॥११॥**
**अहिंसयेन्द्रियासङ्गैर्वैदिकैश्चैव कर्म्मभिः । तपसश्चरणैश्चोग्रैस्साधयन्तीह तत्पदम् ॥१२॥**
**यदा भावेन भवति सर्वभावेषु निःस्पृहः । तदा सुखमवाप्नोति प्रेत्य चेह च शाश्वतम् ॥१३॥**
**चतुर्भिरपि चैवैतैर्नित्यमाश्रमिभिर्द्विजैः । दशलक्षणको धर्मः सेवितव्यः प्रयत्नतः ॥१४॥**
**धृतिः क्षमा दमोऽस्तेयं शौचमिन्द्रियनिग्रहः । धीर्विद्या सत्यमक्रोधो दशकं धर्मलक्षणम् ॥१५॥**
**अनेन विधिना सर्वास्त्यक्त्वा संगाञ्छनैः शनैः । सर्वद्वन्द्वविनिर्मुक्तो ब्रह्मण्येवावतिष्ठते ॥१६॥**

–मनुस्मृति (अध्याय ६/श्लोक ४६, ४८, ४९, ५२, ६०, ६६, ६७, ७०-७३, ७५-८०, ९१, ९२, ८१) ॥

जब संन्यासी मार्गमा हिंड्दछ, तब यता-उति नहेरेर, तल पृथ्वीमा दृष्टि राखेर हिंडोस् । सदा वस्त्रले छानेर जल पियोस्, निरन्तर सत्य बोलोस्, सर्वदा मनबाट विचार गरेर सत्यको ग्रहण र असत्यलाई

छोडिदेओस् ॥१॥ जब कहीं उपदेश वा संवादादिमा कुनै संन्यासीमाथि क्रोध गरे अथवा निन्दा गरे, त्यसमाथि कहिल्यै पनि क्रोध नगरोस् र सदा उसलाई कल्याणको उपदेश नै गरोस् । मुखमा, दुई नासिकाको, दुई आँखाको र दुई कानको छिद्रहरूमा छरिएर रहेको वाणीलाई, कुनै कारणले पनि मिथ्या कहिल्यै नबोलोस् ॥२॥ आफ्नो आत्मा र परमात्मामा स्थिर, अपेक्षारहित, मद्यमांसादिवर्जित हुँदै आत्माकै सहायदेखि सुखार्थी भएर, यस संसारमा धर्म विद्यालाई बढाउनमा उपदेशको लागि सदा विचरिरहनु ॥३॥ केश, नख, दारी, जुँगालाई छेदन गरोस्, सुन्दर पात्र, दण्ड र कुसुम्भ आदिले रङ्गिएको वस्त्रहरूलाई ग्रहण गरेर निश्चितात्मा, सबै भूत (प्राणी) हरूलाई पीडा नदिइकन सर्वत्र विचरोस् ॥४॥ इन्द्रियहरूलाई अधर्माचरणदेखि रोक्दै, राग-द्वेषलाई छोड्दै, सबै प्राणीहरूसँग निर्वैर वर्त्तेर, मोक्षको लागि सामर्थ्य बढाउने गरोस् ॥५॥ कसैले संसारमा उसलाई दूषित वा भूषित गरे पनि जुन कुनै आश्रममा वर्त्तेको पुरुष अर्थात् संन्यासी सबै प्राणीहरूमा पक्षपातरहित हुँदै, स्वयं धर्मात्मा र अन्यहरूलाई पनि धर्मात्मा बनाउने प्रयत्न गरोस् र यो आफ्नो मनमा निश्चित जानेर कि दण्ड, कमण्डलु र काषायवस्त्र आदि चिह्न धारण धर्मको कारण होइन, सबै मनुष्यादि प्राणीहरूलाई सत्योपदेश र विद्यादानले उन्नति गर्नु संन्यासीको मुख्य कर्म हो ॥६॥ किनभने निर्मली वृक्षको फललाई पिसेर अँखराको जलमा हाल्नाले जलको शोधक हुन्छ, तदपि बिना नहालि त्यसको नामकथनको श्रवणमात्रले अँखराको जल शुद्ध हुँदैन ॥७॥ यसैले ब्राह्मण अर्थात् ब्रह्मवित् संन्यासीले यो उचित छ कि ओङ्कारपूर्वक सप्तव्याहृतिहरूले विधिपूर्वक प्राणायाम जति आफ्नो शक्ति हुन्छ, त्यति गरोस्, परन्तु तीनदेखि न्यून कहिल्यै नगरोस्, यही संन्यासीको परमतप हो ॥८॥ किनभने जसरी अग्निमा तपाउनाले र गलाउनाले धातुहरूको मल नष्ट हुन्छन्, त्यसरी नै प्राणहरूको निग्रहबाट मन आदि इन्द्रियहरूको दोष पनि भस्मीभूत हुन जान्छ ॥९॥ त्यसैले संन्यासीहरू नित्यप्रति प्राणायामहरूबाट आत्मा, अन्तःकरण र इन्द्रियहरूको दोष; धारणाहरूबाट पाप; प्रत्याहारबाट सङ्गदोष; ध्यानबाट अनीश्वरका गुणहरूको अर्थात् हर्ष, शोक र अविद्यादि जीवका दोषहरूलाई भस्मीभूत गरोस् ॥१०॥ यसै ध्यानयोगले जुन अयोगी अविद्वान्हरूको दुःखबाट जान्न योग्य, साना-ठूला पदार्थहरूमा परमात्माको व्याप्ति र आफ्नो आत्मा र अन्तर्यामी परमेश्वरको गतिलाई देखोस् ॥११॥ सबै भूतहरूदेखि निर्वैर, इन्द्रियहरूका दुष्ट विषयहरूको त्याग, वेदोक्त कर्म र अत्युग्रतपश्चरणले यस संसारमा मोक्षपदको पूर्वोक्त संन्यासीले नै सिद्ध गर्न र गराउन सक्दछ, अन्य कुनैले होइन ॥१२॥ जब संन्यासी सबै भावहरूमा अर्थात् पदार्थहरूमा निःस्पृह कांक्षारहित र सबै बाहिर-भित्रको व्यवहारहरूमा भावले पवित्र हुन्छ, तब नै यस देहमा र मरेपछि पनि सुखलाई प्राप्त गर्दछ ॥१३॥ यसैले ब्रह्मचारी, गृहस्थ, वानप्रस्थ र संन्यासीहरूलाई योग्य छ कि प्रयत्नले दशलक्षणयुक्त निम्नलिखित धर्मको सेवन नित्य गरोस् ॥१४॥

एक–(**धृति**) अर्थात् सदा धैर्य राख्नु । दोस्रो–(**क्षमा**) जुन कि निन्दा-स्तुति, मानाऽपमान, हानि-लाभ आदि दुःखहरूमा पनि सहनशील रहनु । तेस्रो–(**दम**) मनलाई सदा धर्ममा प्रवृत्त गरेर अधर्मलाई रोकिदिनु अर्थात् अधर्म गर्ने इच्छा कहिल्यै पनि नउठोस् । चौथो–(**अस्तेय**) चोरीत्याग अर्थात् बिना आज्ञाको छल, कपट, विश्वासघात वा कुनै व्यवहार तथा वेदविरुद्ध उपदेशबाट परपदार्थको ग्रहण गर्नु 'चोरी' र यसलाई छोडिदिनु 'साहुकारी' भन्दछन् । पाँचौं– (**शौच**) रागद्वेष पक्षपात छोडेर भित्र, र जल मृत्तिका मार्जन आदिले बाहिरको पवित्रता राखोस् । छैटौं–(**इन्द्रियनिग्रह**) अर्थात् अधर्माचरणहरूदेखि रोकेर, इन्द्रियहरूलाई धर्ममा नै सदा चलाओस् । सातौं–(**धीः**) मादकद्रव्य बुद्धिनाशक अन्य-पदार्थ, दुष्टहरूको सङ्ग, आलस्य, प्रमाद आदिलाई छोडेर, श्रेष्ठ पदार्थहरूको सेवन, सत्पुरुषहरूको सङ्ग, योगाभ्यास, धर्माचरण, ब्रह्मचर्य आदि शुभकर्महरूबाट बुद्धिलाई बढाओस्, यसदेखि विपरीत गर्नु अविद्या हो । आठौं–(**विद्या**) पृथ्वीदेखि लिएर परमेश्वर-पर्यन्त यथार्थज्ञान र तिनबाट यथायोग्य उपकार लेओस् । यस भन्दा विपरीत अविद्या हो । नवौं– (**सत्य**) जस्तो आत्मामा त्यस्तै मनमा, जस्तो मनमा त्यस्तै वाणीमा र त्यस्तै कर्ममा वर्त्तिनु सत्य, जस्तो जुन पदार्थ छ त्यसलाई त्यस्तै सम्झनु, बोल्नु र गर्नु पनि । तथा दशौं–(**अक्रोध**) क्रोधादि दोषहरूलाई छोडेर, शान्त्यादि गुण ग्रहण गर्नु दशौं लक्षण धर्मको हो । यस दशलक्षणयुक्त पक्षपातरहित न्यायाचरण धर्मको सेवन चारै आश्रमकाहरूले गरून् र विशेष काम संन्यासीहरूको यो हो कि यसै वेदोक्त धर्ममा नै आफू चल्नु र अरूलाई पनि सम्झाएर चलाउनु विशेष धर्म हो ॥१५॥ यसै प्रकारले विस्तारै-विस्तारै सबै सङ्गदोषहरूलाई छोडेर, हर्षशोकादि सबै द्वन्द्वदेखि विमुक्त भएर, संन्यासी ब्रह्ममा नै अवस्थित हुन्छ । संन्यासीहरूको मुख्य कर्म यही नै हो कि गृहस्थादि आश्रमहरूलाई सबै प्रकारको व्यवहारहरूको सत्य निश्चय गराएर, अधर्म व्यवहारदेखि छोडाएर, सबै संशयहरूको छेदन गरेर, सत्यधर्मयुक्त व्यवहारमा प्रवृत्त गराओस् ॥१६॥

**प्रश्न**– संन्यासग्रहण गर्नु ब्राह्मणको मात्रै धर्म हो कि क्षत्रियादिको पनि ?

**उत्तर**– ब्राह्मणको मात्रै अधिकार हो, किनभने जो सबै वर्णहरूमा पूर्ण विद्वान्, धार्मिक, परोपकारप्रिय मनुष्य हुन्छ, त्यसैको नाम **'ब्राह्मण'** हो । बिना पूर्णविद्या, धर्म, परमेश्वरको निष्ठा र वैराग्यले संन्यास-ग्रहण गर्नमा संसारको विशेष, उपकार हुन सक्दैन । यसैले लोकश्रुति छ कि ब्राह्मणलाई संन्यासको अधिकार छ, अन्यलाई होइन । यसमा मनुको प्रमाण पनि छ कि–

**एष वोऽभिहितो धर्मो ब्राह्मणस्य चतुर्विधः । पुण्योऽक्षयफलः प्रेत्य राजधर्मं निबोधत ॥**

–मनुस्मृति (अध्याय ६/९७) ॥

यहाँ मनुमहाराज भन्नुहुन्छ कि हे ऋषिहरू हो ! यो चार प्रकार अर्थात् ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र संन्यासाश्रम गर्नु ब्राह्मणको धर्म हो । यहाँ वर्तमानमा पुण्यस्वरूप र शरीर छोडे पश्चात् मुक्तिरूप अक्षय आनन्दलाई दिने संन्यास धर्म नै हो, यसभन्दा अगाडि राजाहरूको धर्म तिमीले मबाट सुन । यसबाट यही सिद्ध हुन्छ कि संन्यासग्रहणको अधिकार मुख्य गरेर ब्राह्मणको हो, र क्षत्रियादिको ब्रह्मचर्याश्रम हो ।

**प्रश्न**– संन्यास ग्रहणको आवश्यकता के हो ?

**उत्तर**– जसरी शरीरमा शिरको आवश्यकता छ, त्यसरी नै आश्रमहरूमा संन्यासाश्रमको आवश्यकता छ । किनभने यसको बिना विद्या, धर्म कहिल्यै पनि बढ्न सक्दैन र दोस्रा आश्रमहरूको विद्याग्रहण, गृहकृत्य र तपश्चर्यादिको सम्बन्ध हुनाले अवकाश थोरै मिल्दछ । पक्षपात छोडेर वर्तनु दोस्रा आश्रमहरूमा दुष्कर छ । जसरी संन्यासी सर्वतोमुक्त भएर जगत्को उपकार गर्न सक्दछ, त्यसरी अन्य आश्रमीले गर्न सक्दैन । किनभने संन्यासीलाई जति अवकाश सत्यविद्याबाट पदार्थहरूको विज्ञानको उन्नतिमा मिल्दछ, त्यति अन्य आश्रमहरूलाई मिल्दैन । परन्तु जुन ब्रह्मचर्यले संन्यासी भएर जगत्लाई सत्यशिक्षा दिएर जति उन्नति गर्न सक्दछ, त्यति गृहस्थ वा वानप्रस्थ आश्रम गरेर संन्यासाश्रमी गर्न सक्दैन ।

**प्रश्न**– संन्यास ग्रहण गर्नु ईश्वरको अभिप्रायदेखि विरुद्ध छ, किनभने ईश्वरको अभिप्राय मनुष्यको बढती गर्नमा नै छ । जब गृहाश्रमले गर्दैन भने त त्यसबाट सन्तान नै हुँदैनन् । यदि संन्यासाश्रम नै मुख्य हो भने, सबै मनुष्यले गरे भने त मनुष्यको मूलच्छेदन हुनजानेछ ।

**उत्तर**– हेर, विवाह गरेर पनि कतिका सन्तान छैनन्, अथवा भएर पनि शीघ्र नष्ट भएर जान्छन्, फेरि त्यो पनि त ईश्वरको अभिप्रायदेखि विरुद्ध गर्ने भयो नि । तिमीले भनौला कि **'यत्ने कृते यदि न सिध्यति कोऽत्र दोषः'** यो कुनै कविको वचन हो (पञ्चतन्त्र, मित्रभेद कथा ४/श्लोक २१७) । **अर्थ**– जुन यत्न गर्नाले पनि कार्य सिद्ध नभएमा त यसमा कसैको के दोष अर्थात् दोष हुँदेन । हामीले तिमीसँग सोध्छौं कि गृहाश्रममा थुप्रै सन्तान भएर, आपसमा विरुद्धाचारण गरेर लड्दै मरेभने हानि कति ठूलो हुन्छ ? सम्झिनु विरोधबाट लडाईं थुप्रै हुन्छ । जब संन्यासीले एक वेदोक्त धर्मको उपदेशबाट परस्पर प्रीति बढाउनेछ त लाखौं मनुष्यलाई बचाउँछ । हजारौं गृहस्थको तुल्य मनुष्यको बढती गराइदिने छ । सबै मनुष्यले संन्यासग्रहण गर्न नै सक्दैनन्, किनभने सबैको विषयासक्ति कहिल्यै पनि छुट्न सक्दैन । जुन-जुन संन्यासीहरूको उपदेशले धार्मिक मनुष्य हुनेछन्, ती सबैलाई जान्नु कि संन्यासीकै पुत्र-तुल्य हुन् ।

**प्रश्न**– संन्यासीहरू भन्दछन् कि हामीलाई कुनै कर्तव्य छैन । अन्न-वस्त्र लिएर आनन्दमा रहनु, अविद्यारूप संसारमा माथापच्ची किन गर्नु । आफूलाई ब्रह्म मानेर सन्तुष्ट रहनु, कोही आएर सोधेमा त्यसलाई त्यस्तै उपदेश दिनु कि तँ पनि ब्रह्म होस् । तँलाई पाप-पुण्य लाग्दैन, किनभने शीतोष्ण शरीर, क्षुधा-तृष्णा प्राण, र सुख-दुःख मनको धर्म हो । जगत् मिथ्या हो र जगत्को व्यवहार पनि सबै कल्पित अर्थात् झुट्टा हुन्, त्यसैले यिनमा फस्नु बुद्धिमानीहरूको काम होइन । जे-जति पाप-पुण्य हुन्छ, त्यो त देह र इन्द्रियहरूको धर्म हो, आत्माको होइन, इत्यादि उपदेश गर्दछन्, र तपाईंले त अरू नै संन्यासको धर्म भन्नुभयो । अब हामीले कसलाई साँचो मान्ने ।

**उत्तर**– के तिनीहरूलाई राम्रो कर्म पनि कर्तव्य होइन ? हेर ! **'वैदिकैश्चैव कर्मभिः'** (मनुस्मृति ६/७५) मनुजीले 'वैदिक कर्म', जुन धर्मयुक्त सत्य-कर्म हो, त्यसलाई संन्यासीहरूले पनि अवश्य गर्नुपर्दछ भनेर लेख्नुभएको छ । के भोजन-छादनादि कर्म पनि तिनीहरूले छाड्न सक्दछन् र ? जब यी कर्म छुट्दैनन् भने त उत्तम कर्म छोड्नाले तिनीहरू पतित हुने छैनन् ? जब गृहस्थहरूबाट अन्न-वस्त्रादि लिन्छन् भने र तिनको उपकार गर्दैनन् भने त के तिनीहरू महापापी हुँदैनन् ? जस्तै आँखाले हेर्नु, कानले सुन्नु नहोस् त आँखा र कानको हुनु व्यर्थ छ, त्यसरी नै जो संन्यासी सत्योपदेश र वेदादि-सत्यशास्त्रहरूको विचार-प्रचार गर्दैन भने त तिनीहरू पनि जगत्मा व्यर्थै भाररूप हुन् । फेरि अविद्यारूपी संसारमा माथापच्ची किन गर्नु आदि लेख्दछन् र भन्दछन्, त्यस्ता उपदेश गर्नेहरू नै मिथ्यारूप पापी र पापलाई बढाउनेवाला हुन् । जे-जति शरीरादिबाट कर्म गरिन्छन्, ती सबै आत्माको नै र त्यसको फल भोग्नेवाला पनि आत्मा नै हो । जसले जीवलाई ब्रह्म बताउँछन्, तिनीहरू अविद्यानिद्रामा सुत्दछन् । किनभने **'जीव'** अल्प, अल्पज्ञ र **'ब्रह्म'**

सर्वव्यापक, सर्वज्ञ हो । ब्रह्म नित्य-शुद्ध-मुक्तस्वभावयुक्त छ, र जीव कहिले बद्ध कहिले मुक्त रहन्छ । ब्रह्म सर्वव्यापक सर्वज्ञ हुनाले भ्रम वा अविद्या कहिल्यै हुन सक्दैन, र जीवलाई कहिले विद्या त कहिले अविद्या हुन्छ । ब्रह्म जन्ममरण दुःखलाई कहिल्यै प्राप्त गर्दैन र जीवले प्राप्त गर्दछ, त्यसैले त्यो उनको उपदेश मिथ्या हो ।

**प्रश्न–** **"संन्यासी सर्वकर्मविनाशी"** र अग्नि तथा धातुको स्पर्श गर्दैनन् । यो कुरो साँचो हो कि होइन ?

**उत्तर–** होइन । **"सम्यङ् नित्यमास्ते यस्मिन् यद्वा सम्यङ् न्यस्यन्ति दुःखानि कर्माणि येन स संन्यासः, स प्रशस्तो विद्यते यस्य स संन्यासी"** जुन ब्रह्म र उसको आज्ञामा उपविष्ट अर्थात् स्थित र जसमा दुष्ट-कर्महरूको त्याग गरियोस् त्यो **संन्यास,** त्यो उत्तम स्वभाव जसमा हुन्छ, त्यसलाई **संन्यासी** भनिन्छ । त्यसैले सुकर्मको कर्ता र दुष्ट-कर्महरूको विनाश गर्नेवालालाई संन्यासी भन्दछन् ।

**प्रश्न–** अध्यापन र उपदेश गृहस्थले गर्दछन्, पुनः संन्यासीको के प्रयोजन छ ?

**उत्तर–** सत्योपदेश सबै आश्रमीले गरून् र सुनून्, परन्तु जति अवकाश र निष्पक्षपातता संन्यासीलाई हुन्छ, त्यति गृहस्थलाई हुँदैन । हो, जो ब्राह्मण छन्, तिनको यही काम हो कि पुरुष पुरुषहरूलाई र स्त्री स्त्रीहरूलाई सत्योपदेश पढाउने गरोस् । जति भ्रमणको अवकाश संन्यासीलाई मिल्दछ, त्यति गृहस्थ ब्राह्मणादिकहरूलाई कहिल्यै पनि मिल्न सक्दैन । जब ब्राह्मण वेदविरुद्ध आचरण गर्दछ तब त्यसको नियन्ता संन्यासी नै हुन्छ । त्यसैले पनि संन्यासको हुनु उचित छ ।

**प्रश्न–** **'एकरात्रिं वसेद् ग्रामे'** [–तुलना नारदपरिव्राजकोपनिषद् उपदेश (४/१४)] इत्यादि वचनहरूबाट संन्यासीले एकत्र एक रात्रि मात्र रहनु; अधिक निवास गर्नुहुँदैन ।

**उत्तर–** यो कुरो थोरै अंशमा त ठीकै हो कि एकत्र वास गर्नाले जगत्को उपकार अधिक हुन सक्दैन र स्थानान्तरको पनि अभिमान हुन जान्छ, राग-द्वेष पनि अधिक हुन्छ, परन्तु जो विशेष उपकार एकत्र रहनाले हुन्छ भने त भैरहोस् । जसरी राजा जनककहाँ चार-चार महिनासम्म पञ्चशिखादि र अन्य संन्यासी कयौं वर्षसम्म निवास गर्दथे । फेरि 'एकत्र रहन हुँदैन' यो कुरा आजभोलिका पाखण्डी सम्प्रदायीहरूले बनाएका हुन् । किनभने जो संन्यासी एकत्र अधिक रह्यो भने त हाम्रो पाखण्ड खण्डित भएर, अधिक बढ्न सक्नेछैन ।

**प्रश्न– यतीनां काञ्चनं दद्यात्ताम्बूलं ब्रह्मचारिणाम् । चौराणामभयं दद्यात् स नरो नरकं व्रजेत् ॥**

–तुलना [लघु पराशर स्मृति (अध्याय १/श्लोक ५१)] ॥

इत्यादि वचनहरूको अभिप्राय यही हो कि संन्यासीहरूलाई जसले सुवर्ण दान दिन्छ भने त दाताले नरकलाई प्राप्त गर्दछ ।

**उत्तर–** यो कुरो पनि वर्णाश्रमविरोधी, सम्प्रदायी र स्वार्थसिन्धुवाले पौराणिकहरूले कल्पिएका हुन्, किनभने संन्यासीहरूलाई धन मिल्यो भने त तिनीहरूले हाम्रो खण्डन धेरै गर्न सक्नेछन् र हाम्रो हानि हुनेछ तथा तिनीहरू हाम्रो आधीन पनि रहने छैनन् । जब भिक्षादि-व्यवहार हाम्रो आधीन रहेमा त डराइ रहनेछन् । जब मूर्ख र स्वार्थीलाई दान दिनमा राम्रो सम्झन्छन् भने त विद्वान् र परोपकारी संन्यासीलाई दिनमा केही पनि दोष हुन सक्दैन, हेर–

**विविधानि च रत्नानि विविक्तेषूपपादयेत् ॥** –मनुस्मृति (अध्याय ११/श्लोक ६) ॥

नाना प्रकारको रत्न सुवर्णादि धन (विविक्त) अर्थात् संन्यासीहरूलाई देओस् । त्यो बताइएको श्लोक पनि अनर्थक हो । किनभने संन्यासीलाई सुवर्ण दिनाले यजमान नरकमा जान्छ भने चाँदी, मोती, हीरा आदि दिनाले स्वर्गमा जानेछ ।

**प्रश्न–** यहाँ पण्डितजीले यसको पाठ बोल्न भुले । यहाँ यस्तो छ कि **'यतिहस्ते धनं दद्यात्'** अर्थात् जसले संन्यासीहरूको हातमा धन दिन्छ, त्यो नरकमा जान्छ ।

**उत्तर–** यो पनि वचन अविद्वान्ले कपोलकल्पनाले रचेको हो । किनभने जो हातमा दान दिनाले दाता नरकमा जान्छ भने त, धनको कुम्लो पाउमा राखिदिनाले त स्वर्गमा जानेछ । त्यसैले यस्तो कल्पना मान्न योग्य छैन । हो, यो कुरो त हो कि जो संन्यासीले योगक्षेम भन्दा अधिक राख्यो भने त चोरादिदेखि पीडित र मोहित पनि हुनेछ । परन्तु जो विद्वान् हुन्छ, त्यसले अयुक्त व्यवहार पनि गर्दैन, न त मोहमा फस्दछ नै, किनभने त्यो प्रथम गृहाश्रममा अथवा ब्रहमचर्यमा सबै थोक भोगेर आएको अथवा देखिसकेको हुन्छ र जुन ब्रह्मचर्यले युक्त हुन्छ, त्यो पूर्ण वैराग्ययुक्त हुनाले कहीं पनि फस्दैन ।

**प्रश्न–** मान्छेहरू भन्दछन् कि श्राद्धमा संन्यासी आयो भने वा जिउनार गरायो भने त उसका पितृ भाग्दछन् र नरकमा गिर्दछन् ।

**उत्तर**– प्रथम त मरेका पितृहरू आउनु र गरिएको श्राद्ध मरेका पितृहरूलाई पुग्नु नै असम्भव छ, यो कुरो वेद र युक्तिविरुद्ध हुनाले मिथ्या हो । फेरि जब आउँदैनन् भने त भाग्नु बन्दै बन्दैन, जब आफ्नो पाप-पुण्यको अनुसार ईश्वरको व्यवस्थाले मरणको पश्चात् जीवले जन्म लिन्छ भने ऊ कसरी आउन सक्दछ र ? त्यसैले यो सबै कुरो पेटार्थी, पुराणी र वैरागीहरूको मिथ्या कल्पना हो । हो, यो त ठीक हो कि जहाँ संन्यासी जान्छन्, त्यहाँ मृत-श्राद्ध गर्नु वेदादि-शास्त्रदेखि विरुद्ध हुनाले पाखण्ड दूर हुनेछ ।

**प्रश्न**–जसले ब्रह्मचर्यबाट संन्यास लिन्छ, त्यसको निर्वाह कठिनताले हुन्छ र कामलाई रोक्नु पनि अति कठिनता छ, त्यसैले गृहाश्रम, वानप्रस्थ भएर जब वृद्ध हुन्छ, तब नै संन्यास लिनु राम्रो हुन्छ ।

**उत्तर**– जसले निर्वाह गर्न सक्दैन, इन्द्रियहरूलाई रोक्न सक्दैन, त्यसले ब्रह्मचर्यबाट संन्यास नलेओस्; परन्तु जसले रोक्न सक्दछ त्यसले किन नलेओस् ? जुन पुरुषले विषयको दोष र वीर्यसंरक्षको गुणलाई जानेको छ, त्यो विषयासक्त कहिल्यै पनि हुन सक्दैन, र त्यसको वीर्य विचाराग्निको इन्धनवत् हुन्छ, अर्थात् त्यसैमा व्यय हुन जान्छ । जसरी वैद्य र औषधिहरूको आवश्यकता रोगीको लागि हो, नीरोगीहरूको लागि होइन । त्यसरी नै जुन पुरुष वा स्त्रीलाई विद्या, धर्मवृद्धि र सबै संसारको उपकार गर्नु नै प्रयोजन छ भने, त्यसले विवाह नगरोस् । जसरी पञ्चशिखादि पुरुष र गार्गी आदि स्त्रीहरू भएका थिए । त्यसैले सन्यासीको हुनु अधिकारीहरूको लागि राम्रो हो । फेरि जो अनधिकारीले संन्यास ग्रहण गर्दछ भने आफू पनि डुब्दछ र अरूलाई पनि डुबाउँछ । जसरी **'सम्राट्'** सर्वोपरि चक्रवर्ती राजा हुन्छ, त्यसरी नै **'परिव्राट्'** संन्यासी हुन्छ । प्रत्युत राजा आफ्नो देश वा सम्बन्धीहरूमा सत्कार पाउँछ, र संन्यासी सर्वत्र पूजित हुन्छ ।

**विद्वत्त्वं च नृपत्वं च नैव तुल्यं कदाचन । स्वदेशे पूज्यते राजा विद्वान् सर्वत्र पूज्यते ॥**

–यो चाणक्यशतकको श्लोक हो ॥

विद्वान् र राजा कहिल्यै तुल्य हुँदैनन् । किनभने राजाले आफ्नो देशमा मात्रै मान पाउँछ र विद्वान्को सर्वत्र प्रतिष्ठा हुन्छ ॥ त्यसैले विद्या पढ्ने, सुशिक्षा लिने र बलवान् हुने आदिको लागि ब्रह्मचर्य; सबै प्रकारको उत्तम व्यवहार सिद्ध गर्ने अर्थमा गृहस्थ; विचार, ध्यान र ज्ञान बढाउने, र तपश्चर्या गर्नको लागि वानप्रस्थ; र वेदादि-सत्यशास्त्रहरूको प्रचार, धर्म-व्यवहारको ग्रहण र दुष्ट-व्यवहारको त्याग, सत्योपदेश र सबैलाई निःसन्देह गर्नको लागि संन्यास-आश्रम हो । परन्तु जसले यस संन्यासको मुख्य-धर्म सत्योपदेशादि गर्दैनन्, तिनीहरू पतित र नरकगामी हुन् । त्यसैले संन्यासीहरूलाई यो उचित छ कि सदा सत्योपदेश, शङ्कासमाधान, वेदादि-सत्यशास्त्रहरूको अध्यापन र वेदोक्त धर्मको वृद्धिमा प्रयत्न गरेर सबै संसारको उन्नति गर्ने गरोस् ।

**प्रश्न**– जो संन्यासीदेखि अन्य साधु, वैरागी, गुसाईं आदि छन्, तिनीहरूलाई पनि संन्यासाश्रममा गनिन्छ कि गनिँदैन ?

**उत्तर**– गनिँदैन, किनभने तिनीहरूमा संन्यासको लक्षण छैन । तिनीहरू वेदविरुद्ध मार्गमा प्रवृत्त भएर वेद भन्दा आफ्ना सम्प्रदायका आचार्यहरूको वचनलाई मान्दछन् र आफ्नै मतको प्रशंसा गर्दछन्, मिथ्या प्रपञ्चमा फसेर आफ्नो स्वार्थको लागि दोस्रालाई आफ्नो-आफ्नो मतमा फसाउँछन् । सुधार गर्नु त टाढा, त्यसको बदलामा संसारलाई बहकाएर अधोगतिलाई प्राप्त र आफ्नो प्रयोजन साँध्छन्, त्यसैले यिनलाई संन्यासाश्रममा गनिँदैन । किन्तु यी स्वार्थाश्रमी त पक्कै हुन्, यसमा कुनै सन्देह छैन ।

संन्यासी आफू धर्ममा चल्दछ र सबै संसारलाई चलाउँछ, जसबाट तिमी र सबै संसार अर्थात् यस जन्म परलोक अर्थात् परजन्ममा स्वर्ग अर्थात् सुखको भोग गर्ने गरोस् । यो संन्यासको शिक्षा संक्षेपमा लेखियो र यस भन्दा अगाडि राजाप्रजाधर्मको बारेमा लेख्ने छु ।

## इति श्रीमद्दयानन्दसरस्वतीस्वामिकृते सत्यार्थप्रकाशे सुभाषाविभूषिते वानप्रस्थसंन्यासाश्रमविषये पञ्चमः समुल्लासः सम्पूर्णः ॥५॥

# (६) छैटौं समुल्लास
# राजा र प्रजाको धर्म एवं कर्तव्यको विषयमा वर्णन
## राजधर्मको विषय (६.१)

**राजधर्मान् प्रवक्ष्यामि यथावृत्तो भवेन्नृपः । संभवश्च यथा तस्य सिद्धिश्च परमा यथा ॥१॥**
**ब्राह्मं प्राप्तेन संस्कारं क्षत्रियेण यथाविधि । सर्वस्यास्य यथान्यायं कर्त्तव्यं परिरक्षणम् ॥२॥**

–मनुस्मृति (अध्याय ७/श्लोक १-२) ॥

अब मनुजी ऋषिहरूसँग भन्नुहुन्छ कि चारै वर्ण र चारै आश्रमको व्यवहार कथनको पश्चात् राजधर्महरूलाई बताउनेछु कि जुन प्रकारले राजा हुनुपर्दछ, र जसरी यो हुन सम्भव छ तथा जसरी यसले परमसिद्ध प्राप्त गरोस्, त्यो सबै प्रकारले बताउँछु ॥१॥ कि जसरी परम विद्वान् ब्राह्मण हुन्छ, त्यसरी नै विद्वान् सुशिक्षित भएर क्षत्रियको योग्य हो कि यस सबै राज्यको रक्षा न्यायबाट यथावत् गरोस् ॥२॥ कसरी गर्न सक्दछ–

**त्रीणि राजाना विदथे पुरूणि परि विश्वानि भूषथः सदांसि ।**

–ऋग्वेद (मण्डल ३/सूक्त ३८/मन्त्र ६) ॥

ईश्वरले उपदेश गर्दछ कि (**राजाना**) राजा र प्रजाका पुरुषहरू मिलेर (**विदथे**) सुख प्राप्ति र विज्ञानवृद्धिकारक राजा-प्रजाको सम्बन्धरूप व्यवहारमा (**त्रीणि सदांसि**) तीन सभा अर्थात् विद्यार्य्यसभा, धर्मार्य्यसभा र राजार्य्यसभा नियत गरेर (**पुरूणि**) धेरै प्रकारको (**विश्वानि**) समग्र प्रजासम्बन्धी मनुष्यादि प्राणीहरूको (**परिभूषथः**) सबैतिरबाट विद्या, स्वातन्त्र्य, धर्म, सुशिक्षा र धनादिले अलंकृत गरोस् ।

## तीन सभाको बारेमा कथन (६.२)

**तं सभा च समितिश्च सेना च ॥१॥** –अथर्ववेद (काण्ड १५/अनुवाक २/व.९/मन्त्र २) ॥

**सभ्यः सभां मे पाहि ये च सभ्याः सभासदः ॥२॥**

–अथर्ववेद (काण्ड १९/अनुवाक ७/व.५५/मन्त्र ५) ॥

(**तम्**) त्यस राजधर्मको (**सभा च**) तीनै सभा (**समितिश्च**) संग्रामादिको व्यवस्था, र (**सेना च**) सेना मिलेर पालन गरोस् ॥१॥ सभासद् र राजालाई योग्य हो कि राजाले सबै सभासद्लाई आज्ञा देओस् कि– हे (**सभ्य**) सभाका योग्य मुख्य सभासद् ! तैंले (**मे**) मेरो (**सभाम्**) सभाको धर्मयुक्त व्यवस्थाको (**पाहि**) रक्षा गर, र (**ये च**) जो (**सभ्याः**) सभाको योग्य (**सभासदः**) सभासद् छन्, तिनीहरूले पनि सभाको व्यवस्थाको पालन गरून् ॥२॥ यसको अभिप्राय यो हो कि एउटालाई स्वतन्त्र राज्यको अधिकार दिन हुँदैन किन्तु राजा जो सभापति तदधीन सभा, सभाधीन राजा, राजा र सभा प्रजाको आधीन, र प्रजा राजसभाको आधीनमा रहोस् । यदि यस्तो गरेनौ भने त–

**राष्ट्रमेव विश्याहन्ति तस्माद्राष्ट्री विशं घातुकः ।**
**विशमेव राष्ट्रायाद्यां तस्माद्राष्ट्री विशमत्ति न पुष्टं पशुं मन्यत इति ॥**

–शतपथ ब्राह्मण [कां. १३/प्रपा. २/ब्रा. ३/क. (७-८)] ॥

जो प्रजादेखि स्वतन्त्र स्वाधीन राजवर्ग रहे भने त राजपुरुष (**राष्ट्रमेव विश्याहन्ति**) राज्यमा प्रवेश गरेर प्रजाको नाश गर्ने गर्दछ । जस कारणले एक्लै राजा स्वाधीन वा उन्मत्त भएर (**राष्ट्री विशं घातुकः**) प्रजाको नाशक हुन्छ, अर्थात् 'विशमेव राष्ट्रायाद्यां करोति' त्यस राजाले प्रजालाई खाइदिन्छ गर्दछ (अत्यन्त पीडा दिन्छ), त्यसैले कुनै एकलाई राज्यमा स्वाधीन गर्न हुँदैन । जसरी– सिंह वा मांसाहारीले पुष्ट पशुलाई मारेर खान्छ, त्यसरी नै (**राष्ट्री विशमत्ति**) स्वतन्त्र राजाले प्रजाको नाश गर्दछ, अर्थात् कसैलाई आफू भन्दा अधिक अथवा माथि जान दिंदैन, श्रीमान्लाई लुटेर, आरोप लगाएर अन्यायले दण्ड दिंदै आफ्नो प्रयोजन सिद्ध गर्दछ । त्यसैले–

## राजा एवं सभापतिको लक्षणहरू (६.३)

**इन्द्रो जयाति न परा जयाता अधिराजो राजसु राजयातै ।**

**चर्कृत्य ईड्यो वन्द्यश्चोपसद्यो नमस्योऽ भवेह ॥**

–अथर्ववेद (काण्ड ६/अनुवाक १०/व.९८/मन्त्र १) ॥

हे मनुष्यहरू हो ! जो (**इह**) मनुष्यको समुदायमा (**इन्द्रः**) परम ऐश्वर्यका कर्ता, शत्रुहरूलाई (**जयाति**) जित्न सकोस् (**न पराजयातै**) जो शत्रुहरूदेखि पराजित हुँदैन (**राजसु**) राजाहरूमा (**अधिराजः**) सर्वोपरि विराजमान (**राजयातै**) प्रकाशमान होस् (**चर्कृत्यः**) सभापति हुनको लागि अत्यन्त योग्य (**ईड्यः**) प्रशंसनीय गुण-कर्म-स्वभावयुक्त (**वन्द्यः**) सत्करणीय (**चोपसद्यः**) समीप जान र शरण लिन योग्य (**नमस्यः**) सबैका माननीय (**भव**) होओस्, त्यसैलाई सभापति राजाले बनाओस् ।

**इमं देवाऽअसपत्नᳫं सुवध्वं महते क्षत्राय महते ज्यैष्ठ्याय महते जानराज्यायेन्द्रस्येन्द्रियाय॰ ॥**

–यजुर्वेद (अध्याय ९/मन्त्र ४०) ॥

हे (**देवाः**) विद्वान्हरू ! राजाप्रजाजनहरू ! तिमी (**इमम्**) यस प्रकारका पुरुषहरूलाई (**महते क्षत्राय**) ठूलो चक्रवर्ती राज्य (**महते ज्यैष्ठाय**) सबै भन्दा ठूलो हुन (**महते जानराज्याय**) ठूला-ठूला विद्वान्हरूले युक्त राज्य पालन, र (**इन्द्रस्येन्द्रियाय**) परम ऐश्वर्ययुक्त राज्य र धनको पालनको लागि (**असपत्नᳫसुवध्वम्**) सम्मति गरेर सर्वत्र पक्षपातरहित, पूर्णविद्या-विनययुक्त, सबैको मित्र सभापति राजालाई सर्वाधीश मानेर सब भूगोललाई शत्रुरहित बनाओ । फेरि–

**स्थिरा वः सन्त्वायुधा पराणुदे वीळू उत प्रतिष्कभे ।**

**युष्माकमस्तु तविषी पनीयसी मा मर्त्यस्य मायिनः ॥**

–ऋग्वेद (मण्डल १/सूक्त ३९/मन्त्र २) ॥

ईश्वरले उपदेश गर्दछ कि हे राज पुरुषहरू हो ! (**वः**) तिम्रो (**आयुधा**) आग्नेयादि अस्त्र 'शतघ्नी' तोप, 'भुशुण्डी' बन्दूक, धनुष-बाण, 'असि' तलवार आदि शस्त्र; शत्रुहरूको (**पराणुदे**) पराजय गर्न (**उत प्रतिष्कभे**) र रोक्नको लागि (**वीलू**) प्रशंसित र (**स्थिरा**) दृढ (**सन्तु**) बनून् (**युष्माकम्**) र तिम्रो (**तविषी**) सेना (**पनीयसी**) प्रशंसनीय (**अस्तु**) हुँदै जसबाट तिमी सदा विजयी भैराख, परन्तु (**मा मर्त्यस्य मायिनः**) जसले निन्दित अन्यायरूपी काम गर्दछ, त्यसको लागि पूर्व चीजहरू नहून् । अर्थात् जबसम्म मनुष्य धार्मिक रहन्छन्, तबसम्म राज्य पनि बढ्दैराख्दछ र जब दुष्टाचारी हुन्छन् तब नष्ट-भ्रष्ट हुनजान्छ । महाविद्वान्हरूलाई विद्यासभाऽधिकारी, धार्मिक विद्वान्हरूलाई धर्मसभाका अधिष्ठाता र प्रशंसनीय धार्मिक पुरुषहरूलाई राजसभाका सभासद् र सबैको बीचमा जो उत्तम पुरुष हुन्छ, त्यसलाई राजा सभाको पतिरूपमा मानेर सबै प्रकारबाट उन्नति गरून् । तीनै सभाहरूको सम्मतिले राजनीतिको उत्तम नियम र नियमहरूको आधीन सबैजना चलून्, सबैको हितकारक कामहरूमा सम्मति गरोस् । सर्वहित गर्नको लागि परतन्त्र र धर्मयुक्त कामहरूमा जुन-जुन निजको काम होस्, त्यस-त्यसमा स्वतन्त्र रहोस् ।

पुनः त्यस सभापतिको गुण कस्तो होस्–

**इन्द्राऽनिलयमार्काणामग्नेश्च वरुणस्य च । चन्द्रवित्तेशयोश्चैव मात्रा निर्हृत्य शाश्वतीः ॥१॥**
**तपत्यादित्यवच्चैष चक्षूंषि च मनांसि च । न चैनं भुवि शक्नोति कश्चिदप्यभिवीक्षितुम् ॥२॥**
**सोऽग्निर्भवति वायुश्च सोऽर्कः सोमः स धर्मराट् । स कुबेरः स वरुणः स महेन्द्रः प्रभावतः ॥३॥**

–मनुस्मृति (अध्याय ७/श्लोक ४, ६, ७) ॥

त्यो सभेश राजा **'इन्द्र'** विद्युत्को तुल्य शीघ्र ऐश्वर्यकर्ता, **'वायु'** को समान सबैको प्राणवत् प्रिय र हृदयको कुरालाई जान्ने, **'यम'** पक्षपातरहित-न्यायाधीशको समान चल्नेवाला, **'सूर्य'** को समान न्याय, धर्म, विद्याको प्रकाशक, अन्धकार अर्थात् अविद्या-अन्यायको निरोधक, **'अग्नि'** को समान दुष्टलाई भस्म गर्नेवाला, **'वरुण'** अर्थात् बाँध्नेवालाकै सदृश दुष्टहरूलाई अनेक प्रकारबाट बाँध्नेवाला, **'चन्द्र'** कै तुल्य श्रेष्ठ-पुरुषहरूको आनन्ददाता, **'धनाध्यक्ष'** कै समान कोशरूलाई पूर्ण गराउनेवाला सभापति होओस् ॥१॥ जो सूर्यवत् प्रतापी सबैको बाह्य र भित्र मनलाई आफ्नो तेजले तपाउनेवाला, जसलाई पृथ्वीमा कडा नजरले हेर्नको लागि कोही पनि समर्थ नहोओस् ॥२॥ र जो आफ्नो प्रभावले अग्नि, वायु, सूर्य, सोम, धर्मप्रकाशक, धनवर्द्धक, दुष्टहरूको बन्धनकर्ता, बडो ऐश्वर्यशाली होओस्, त्यही **'सभाध्यक्ष'** **'सभेश'** बनोस् ॥३॥

## दण्डको बारेमा व्याख्या (६.४)

साँचो राज कुन हो–

**स राजा पुरुषो दण्डः स नेता शासिता च सः । चतुर्णामाश्रमाणां च धर्मस्य प्रतिभूः स्मृतः ॥१॥**
**दण्डः शास्ति प्रजाः सर्वा दण्ड एवाभिरक्षति । दण्डः सुप्तेषु जागर्ति दण्डं धर्मं विदुर्बुधाः ॥२॥**
**समीक्ष्य स धृतः सम्यक् सर्वा रञ्जयति प्रजाः । असमीक्ष्य प्रणीतस्तु विनाशयति सर्वतः ॥३॥**
**दुष्येयुः सर्ववर्णाश्च भिद्येरन्सर्वसेतवः । सर्वलोकप्रकोपश्च भवेद्दण्डस्य विभ्रमात् ॥४॥**

**यत्र श्यामो लोहिताक्षो दण्डश्चरति पापहा । प्रजास्तत्र न मुह्यन्ति नेता चेत्साधु पश्यति ॥५॥**
**तस्याहुः संप्रणेतारं राजानं सत्यवादिनम् । समीक्ष्यकारिणं प्राज्ञं धर्मकामार्थकोविदम् ॥६॥**
**तं राजा प्रणयन्सम्यक् त्रिवर्गेणाभिवर्द्धते । कामात्मा विषमः क्षुद्रो दण्डेनैव निहन्यते ॥७॥**
**दण्डो हि सुमहत्तेजो दुर्धरश्चाकृतात्मभिः । धर्माद्विचलितं हन्ति नृपमेव सबान्धवम् ॥८॥**
**सोऽसहायेन मूढेन लुब्धेनाकृतबुद्धिना । न शक्यो न्यायतो नेतुं सक्तेन विषयेषु च ॥९॥**
**शुचिना सत्यसन्धेन यथाशास्त्रानुसारिणा । प्रणेतुं शक्यते दण्डः सुसहायेन धीमता ॥१०॥**

–मनुस्मृति (अध्याय ७/श्लोक १७-१९, २४-२८, ३०-३१) ॥

जुन दण्ड हो त्यही पुरुष, राजा, त्यही न्यायको प्रचारकर्ता, र सबैको शासनकर्ता, त्यही चार वर्ण र चारै आश्रमको धर्मको **'प्रतिभू'** अर्थात् जमानत हो ॥१॥ त्यही प्रजाको शासनकर्ता, सबै प्रजाको रक्षक, सुतिराखेका प्रजास्थ मनुष्यहरूमा जाग्दछ, त्यसैले बुद्धिमानीहरू दण्डलाई नै धर्म भन्दछन् ॥२॥ जुन दण्ड राम्रो विचारसँग धारण गरियो भने त त्यसले सबै प्रजालाई आनन्दित तुल्याउँछ र यदि बिना विचार गरेर चलाइयो भने त सबैतिरबाट राजाको विनाश गर्दछ ॥३॥ बिना दण्डले सबै वर्ण दूषित र सबै मर्यादा छिन्न-भिन्न हुन जान्छ । दण्डको यथावत् व्यवस्था नहुनाले सबैजनहरूमा प्रकोप बढ्नेछ ॥४॥ जहाँ कृष्णवर्ण रक्तनेत्र भयङ्कर पुरुषको समान पापलाई नाश गर्नेवाला दण्ड विचर्दछ, त्यहाँ प्रजा मोहलाई प्राप्त नभएर आनन्दित हुन्छन्, परन्तु दण्डलाई चलाउनेवाला पक्षपातरहित विद्वान् हुन्छ भने मात्र ॥५॥ जो त्यस दण्डलाई चलाउनेवाला सत्यवादी; विचारक; बुद्धिमान्; धर्म, अर्थ र कामको सिद्धि गर्नमा पण्डित राजा छ भने, त्यही नै त्यस दण्डलाई चलाउनेवाला विद्वान्हरू भन्दछन् ॥६॥ जुन दण्डलाई राम्रो प्रकारसँग राजाले चलाउँछ; त्यो धर्म, अर्थ र कामको सिद्धिले बढ्दछ; र जो विषयमा लम्पट, टेढो, ईर्ष्या गर्ने, क्षुद्र, नीचबुद्धि न्यायाधीश, राजा हुन्छ; त्यो दण्डले नै मारिन्छ ॥७॥ जब दण्ड बडो तेजोमय हुन्छ भने, त्यसलाई अविद्वान्, अधर्मात्माले धारण गर्न सक्दैन, तब त्यो दण्डले धर्मदेखि रहित कुटुम्बसहित राजाको नै नाश गरिदिन्छ ॥८॥ किनभने जो आप्त पुरुषहरूका लागि सहाय, विद्या, सुशिक्षादेखि रहित, विषयमा आसक्त मूढ हुन्छ; त्यो न्यायले दण्डलाई चलाउनमा समर्थ कहिल्यै पनि हुन सक्दैन ॥९॥ र जो पवित्र आत्मा, सत्याचार र सत्पुरुषहरूको सङ्गी, यथावत् नीतिशास्त्रको अनुकूल चल्नेवाला, श्रेष्ठ पुरुषहरूका लागि सहायताले युक्त बुद्धिमान् हुन्छ, त्यही नै न्यायरूपी दण्डलाई चलाउनमा समर्थ हुन्छ ॥१०॥ त्यसैले–

## राजाको कर्तव्य (६.५)

**सैन्यापत्यं च राज्यं च दण्डनेतृत्वमेव च । सर्वलोकाधिपत्यं च वेदशास्त्रविदर्हति ॥१॥**
**दशावरा वा परिषद्यं धर्मं परिकल्पयेत् । त्र्यवरा वापि वृत्तस्था तं धर्मं न विचालयेत् ॥२॥**
**त्रैविद्यो हैतुकस्तर्की नैरुक्तो धर्मपाठकः । त्रयश्चाश्रमिणः पूर्वे परिषत्स्याद्दशावरा ॥३॥**
**ऋग्वेदविद्यजुर्विच्च सामवेदविदेव च । त्र्यवरा परिषज्ज्ञेया धर्मसंशयनिर्णये ॥४॥**
**एकोऽपि वेदविद्धर्मं यं व्यवस्येद् द्विजोत्तमः । स विज्ञेयः परो धर्मो नाज्ञानामुदितोऽयुतैः ॥५॥**
**अव्रतानाममन्त्राणां जातिमात्रोपजीविनाम् । सहस्रशः समेतानां परिषत्त्वं न विद्यते ॥६॥**
**यं वदन्ति तमोभूता मूर्खा धर्ममतद्विदः । तत्पापं शतधा भूत्वा तद्वक्तॄननुगच्छति ॥७॥**

–मनुस्मृति (अध्याय १२/श्लोक १००, ११०-११५) ॥

सबै सेना, र सेनापतिहरूको माथि राज्याधिकार, दण्ड दिने व्यवस्थाको सबै कार्यहरूको आधिपत्य, र सबैमाथि वर्तमान सर्वाधीश राजाधिकार, यी चारै अधिकारीहरूमा सम्पूर्ण वेद-शास्त्रहरूमा प्रवीण, पूर्ण विद्यावाला, धर्मात्मा, जितेन्द्रिय, सुशील जनहरूलाई स्थापित गर्नुपर्दछ । अर्थात् मुख्य सेनापति, मुख्य राज्याधिकारी, मुख्य न्यायाधीश, प्रधान र राजा यी चार सबै विद्यामा पूर्ण विद्वान् हुनुपर्दछ ॥१॥ न्यून भन्दा न्यून दश विद्वान्हरू अथवा एकदमै न्यून छ भने तीन विद्वान्हरूको सभाजस्तो व्यवस्था गरोस्, त्यस **'धर्म'** अथवा व्यवथाको कसैले पनि उल्लङ्घन नगरोस् ॥२॥ यस सभामा चारै वेद, न्यायशास्त्र, निरुक्त, धर्मशास्त्र आदिको वेत्ता विद्वान् सभासद होस् परन्तु त्यो ब्रह्मचारी, गृहस्थ र वानप्रस्थ होस् तब त्यो सभा कि जसमा दश विद्वान्हरू भन्दा न्यून हुनुहुँदैन ॥३॥ र जुन सभामा ऋग्वेद, यजुर्वेद, सामवेदलाई जान्ने तीन सभासदको व्यवस्था गरोस्, त्यस सभामा गरिएको व्यवस्थालाई पनि कसैले उल्लङ्घन नगरोस् ॥४॥ यदि एउटा एक्लै सबै वेदहरूलाई जान्ने द्विजहरूमा उत्तम संन्यासीले जुन धर्मको व्यवस्था गर्दछ, त्यही श्रेष्ठ धर्म हो, किनभने अज्ञानीहरूले हजारौं लाखौं र करोडौं मिलेर पनि जुन व्यवस्था गर्दछन्, त्यसलाई कहिल्यै पनि मान्न हुँदैन ॥५॥ जो ब्रह्मचर्य-सत्यभाषणादि व्रत, वेदविद्या वा विचारदेखि रहित, जन्ममात्रले शूद्रवत् वर्तमान छन् भने त्यस्ता हजारौं मनुष्य मिलेर पनि सभा भनिँदैन ॥६॥ अविद्यायुक्त मूर्ख, वेदलाई नजान्ने मनुष्यले जुन धर्मलाई भन्दछ, त्यसलाई कहिल्यै पनि मान्न हुँदैन । किनभने जो मूर्खले बताएको धर्ममा चल्दछन् भने त,

तिनको पछाडि सयकडौं प्रकारको पाप लाग्दछ ॥७॥ त्यसैले तीनै अर्थात् विद्यासभा, धर्मसभा र राजसभाहरूमा मूर्खलाई कहिल्यै पनि भर्ती गर्न हुँदैन । किन्तु सदा विद्वान् र धार्मिक पुरुषहरूको स्थापन गरोस् । र अब सबै मान्छेहरू यस्ता हुनुपर्दछ–

## अट्ठाह्र व्यसनहरूको निषेध (६.६)

**त्रैविद्येभ्यस्त्रयीं विद्यां दण्डनीतिं च शाश्वतीम् । आन्वीक्षिकीं चात्मविद्यां वार्त्तारम्भाँश्च लोकतः ॥१॥**
**इन्द्रियाणां जये योगं समतिष्ठेद्दिवानिशम् । जितेन्द्रियो हि शक्नोति वशे स्थापयितुं प्रजाः ॥२॥**
**दश कामसमुत्थानि तथाष्टौ क्रोधजानि च । व्यसनानि दुरन्तानि प्रयत्नेन विवर्जयेत् ॥३॥**
**कामजेषु प्रसक्तो हि व्यसनेषु महीपतिः । वियुज्यतेऽर्थधर्माभ्यां क्रोधजेष्वात्मनैव तु ॥४॥**
**मृगयाक्षो दिवास्वप्नः परिवादः स्त्रियो मदः । तौर्य्यत्रिकं वृथाटचा च कामजो दशको गणः ॥५॥**
**पैशुन्यं साहसं द्रोह ईर्ष्यासूयार्थदूषणम् । वाग्दण्डजं च पारुष्यं क्रोधजोऽपि गणोऽष्टकः ॥६॥**
**द्वयोरप्येतयोर्मूलं यं सर्वे कवयो विदुः । तं यत्नेन जयेल्लोभं तज्जावेतावुभौ गणौ ॥७॥**
**पानमक्षाः स्त्रियश्चैव मृगया च यथाक्रमम् । एतत्कष्टतमं विद्याच्चतुष्कं कामजे गणे ॥८॥**
**दण्डस्य पातनं चैव वाक्पारुष्यार्थदूषणे । क्रोधजेऽपि गणे विद्यात्कष्टमेतत्त्रिकं सदा ॥९॥**
**सप्तकस्यास्य वर्गस्य सर्वत्रैवानुषङ्गिणः । पूर्वं पूर्वं गुरुतरं विद्याद्व्यसनमात्मवान् ॥१०॥**
**व्यसनस्य च मृत्योश्च व्यसनं कष्टमुच्यते । व्यसन्यधोऽधो व्रजति स्वर्यात्यव्यसनी मृतः ॥११॥**

–मनुस्मृति (अध्याय ७/श्लोक ४३-५३) ॥

राजा र राजसभाका सभासद तब हुनसक्दछन् कि जब चारै वेदहरूको कर्मोपासना-ज्ञान-विद्यालाई जान्नेहरूमा तीनै विद्या, सनातन दण्डनीति, न्यायविद्या, आत्मविद्या अर्थात् परमात्माको गुण-कर्म-स्वभाव-स्वरूपलाई यथावत् जान्नेरूप ब्रह्मविद्या र लोकहरूसँग वार्ताहरूको आरम्भ गर्नु र सोध्नु अनि सिकेर मात्र सभासद वा सभापति हुन सक्दछ ॥१॥ सबै सभासद र सभापति इन्द्रियलाई जित्ने अर्थात् आफ्नो वशमा राखेर सदा धर्ममा वर्त्तोस् र अधर्मदेखि हटोस्-हटाओस्, त्यसले रात-दिन नियत समयमा योगाभ्यास पनि गर्दैराखोस्, किनभने जो जितेन्द्रियको आफ्नो इन्द्रिय मन, प्राण र शरीर प्रजा हो, यसलाई जिते बिना बाहिरका प्रजालाई आफ्नो वशमा स्थापन गर्नको लागि समर्थ कहिल्यै पनि हुन सक्दैन ॥२॥ दृढोत्साही भएर कामले दश र क्रोधले आठ व्यसनमा फसेको मनुष्य कठिनताले निक्लन सक्दछ, तिनलाई प्रयत्नले छोडिदेओस् ॥३॥ किनभने जो राजा कामबाट उत्पन्न भएको दश दुष्ट व्यसनहरूमा फस्दछ, त्यो अर्थ अर्थात् राज्य, धनादि र धर्मदेखि रहित हुन जान्छ । र जो क्रोधबाट उत्पन्न भएका आठ नराम्रा व्यसनहरूमा फस्दछ, त्यो त शरीरदेखि पनि रहित हुन जान्छ ॥४॥ **कामबाट उत्पन्न हुने व्यसन–** मृगया (शिकार) गर्नु, चौसर खेल्नु, जूवा खेल्नु, दिनमा सुत्नु; कामकथा वा अर्काको निन्दा गर्ने गर्नु; स्त्रीलम्पट हुनु, मादकद्रव्य मद्य, अफिम, भाँग, गाँजा आदिको सेवन गर्नु; गाउनु, बजाउनु, नाच्नु वा नचाउनु वा सुन्नु र हेर्नु, वृथामा यता-उता घुमिराख्नु यी दश कामोत्पन्न व्यसन हुन् ॥५॥ **क्रोधबाट उत्पन्न हुने व्यसन– 'पैशुन्यम्'** अर्थात् **चुग्लीखोरी** गर्नु; बिना विचारे बलत्कार कसैकी स्त्रीसँग कुकर्ममा लाग्नु; द्रोह राख्नु; **'ईर्ष्या'** अर्थात् अर्काको उन्नति देखेर-सुनेर डाह गर्नु र भित्रभित्रै जल्नु, **'असूया'** दोषहरूमा गुण लगाउनु र गुणमा दोषारोपण गर्नु; **'अर्थदूषण'** अर्थात् अधर्मयुक्त नराम्रा काममा धनादिको व्यय गर्नु; कठोर वचन बोल्नु र बिना अपराध कडा वा अधिक दण्ड दिनु; यस्ता आठ दुर्गुण क्रोधबाट उत्पन्न हुन्छन् ॥६॥ जसलाई सबै विद्वान्हरूले कामज र क्रोधजको मूल जान्दछन् कि जसबाट यी सबै दुर्गुण मनुष्यलाई प्राप्त हुन्छन्, त्यस लोभलाइ प्रयत्नले छोडिदेओस् ॥७॥ काम व्यसनमा ठूलो दुर्गुण पहिलो मद्यादि मादक द्रव्यहरूको सेवन, दोस्रो पासा आदि खेल्नु, तेस्रो स्त्रीहरूको विशेष सङ्ग, चौथो मृगया (शिकार) गर्नु, यी चार महादुष्ट व्यसन हुन् र यही नै कामजहरूमा अत्यन्त दुःखदायक दोष हुन् ॥८॥ बिना अपराध दण्डको निपातन, कठोर वचन बोल्नु र धनादिको अन्यायमा खर्च गर्नु, यी तीन क्रोधबाट उत्पन्न हुने महादुःखदायक दोषहरू हुन् ॥९॥ जुन यी सात दुर्गुण दुइटै कामज र क्रोधज दोषरूमा गनिएका छन्, यी देखि पूर्व-पूर्व अर्थात् व्यर्थ व्ययले कठोर वचन, कठोर वचनबाट अन्यायले दण्ड दिनु, यसबाट मृगया खेल्नु, यसबाट स्त्रीहरूको अत्यन्त सङ्ग, यसबाट जुवा अर्थात् द्यूत गर्नु र यसभन्दा पनि मद्यादि सेवन गर्नु बडो भारी दुष्ट व्यसन हो ॥१०॥ यसमा यो निश्चय छ कि दुष्ट व्यसनमा फस्नु भन्दा मर्नु ठीक छ । किनभने जो दुष्टाचारी पुरुष हुन्छ, त्यो अधिक बाँच्यो भने त अधिक-अधिक पाप गरेर नीच-नीच गति अर्थात् अधिक-अधिक दुःखलाई प्राप्त गर्नेछ र जो कुनै व्यसनमा फस्दैन, त्यो मरे पनि सुखलाई प्राप्त हुन्छ । त्यसैले विशेष राजा र सबै मनुष्यलाई यो उचित हुन्छ कि मृगया र मद्यपानादि दुष्ट काममा न फसोस् र दुष्ट व्यसनदेखि पृथक् भएर, धर्मयुक्त गुण-कर्म-स्वभावहरूमा सदा वर्त्तेर राम्रो-राम्रो काम गरोस् ॥११॥

# मन्त्री, दूत एवं राजपुरुषहरूको लक्षण (६.७)

राजसभासद र मन्त्री कस्तो हुनु पर्दछ–

**मौलान् शास्त्रविदः शूराँल्लब्धलक्ष्यान् कुलोद्गतान् । सचिवान्सप्त चाष्टौ वा प्रकुर्वीत परीक्षितान् ॥१॥**
**अपि यत्सुकरं कर्म तदप्येकेन दुष्करम् । विशेषतोऽसहायेन किन्तु राज्यं महोदयम् ॥२॥**
**तैः सार्द्धं चिन्तयेन्नित्यं सामान्यं सन्धिविग्रहम् । स्थानं समुदयं गुप्तिं लब्धप्रशमनानि च ॥३॥**
**तेषां स्वं स्वमभिप्रायमुपलभ्य पृथक् पृथक् । समस्तानाञ्च कार्य्येषु विदध्याद्धितमात्मनः ॥४॥**
**अन्यानपि प्रकुर्वीत शुचीन् प्राज्ञानवस्थितान् । सम्यगर्थसमाहर्तृनमात्यान्सुपरीक्षितान् ॥५॥**
**निवर्त्तेतास्य यावद्भिरितिकर्तव्यता नृभिः । तावतोऽतन्द्रितान् दक्षान् प्रकुर्वीत विचक्षणान् ॥६॥**
**तेषामर्थे नियुञ्जीत शूरान् दक्षान् कुलोद्गतान् । शुचीनाकरकर्मान्ते भीरूनन्तर्निवेशने ॥७॥**
**दूतं चैव प्रकुर्वीत सर्वशास्त्रविशारदम् । इङ्गिताकारचेष्टज्ञं शुचिं दक्षं कुलोद्गतम् ॥८॥**
**अनुरक्तः शुचिर्दक्षः स्मृतिमान् देशकालवित् । वपुष्मान्वीतभीर्वाग्मी दूतो राज्ञः प्रशस्यते ॥९॥**

–मनुस्मृति (अध्याय ७/श्लोक ५४-५७, ६०-६४) ॥

स्वराज्य स्वदेशमा उत्पन्न भएका, वेदादि शास्त्रहरूलाई जान्ने, शूरवीर, जसको लक्ष्य अर्थात् विचार निष्फल नहोस्, र कुलीन, राम्रोसँग परीक्षित, सात वा आठ उत्तम धार्मिक चतुर 'सचिवान्' अर्थात् मन्त्री बनाओस् ॥१॥ किनभने विशेष गरेर सहायको बिना जुन सुगम कर्म हो, त्यो पनि एकले गर्नमा कठिन हुन जान्छ, जब यस्तो हुन्छ भने त महान् राज्यकर्म एकबाट कसरी चल्न सक्दछ र ? त्यसैले एकलाई राजा र एउटैको बुद्धिमा राज्यको कार्यभार निर्भर राख्नु असाध्यै नराम्रो काम हो ॥२॥ त्यसैले सभापतिलाई यो उचित हुन्छ कि नित्यप्रति ती राज्यकर्ममा कुशल विद्वान् मन्त्रीहरूको साथमा सामान्य गरेर कसैसँग (सन्धि) मित्रता, कसैसँग (विग्रह) विरोध, (स्थान) स्थित समयलाई पर्खेर चुपचाप रहनु, आफ्नो राज्यको रक्षा गरेर बस्नु, (समुदयम्) जब आफ्नो उदय हुन्छ अर्थात् वृद्धि हुन्छ तब दुष्टमाथि चढाई गर्नु, (गुप्तिम्) मूल, राज, सेना, कोश आदिको रक्षा, (लब्धप्रशमनानि) जुन-जुन देश प्राप्त हुन्छ, त्यस-त्यसमा शान्तिस्थापन उपद्रवरहित गर्नु, यी छः गुणहरूको विचार नित्य गर्ने गर्नु ॥३॥ यस्तो विचार गर्नु कि ती सभासदहरूको पृथक्-पृथक् आफ्नो-आफ्नो विचार र अभिप्रायलाई सुनेर बहुपक्षानुसार कार्यहरूमा आफ्नो र अन्यको हितकारक होस्, यस्तो गर्न लाग्नु ॥४॥ अन्य पनि पवित्रात्मा, बुद्धिमान्, निश्चितबुद्धि, पदार्थहरूको संग्रह गर्नमा अति चतुर, सुपरीक्षित मन्त्री बनाओस् ॥५॥ जति मनुष्यहरूबाट राजकार्य सिद्ध हुन सक्दछ, त्यति नै आलस्यरहित, बलवान् र बडा चतुर प्रधान पुरुषहरूको अधिकारी अर्थात् नोकर राख्नु ॥६॥ यिनीहरूको आधीनमा शूरवीर, बलवान्, कुलोत्पन्न, पवित्र भृत्यहरूलाई ठूला-ठूला कर्महरूमा नियुक्त गर्ने र भीरु डरपोकहरूलाई भित्री काममा नियुक्त गर्ने ॥७॥ प्रशंसित कुलमा उत्पन्न, चतुर, पवित्र, हाउभाउ र चेष्टाले भित्री हृदय, र भविष्यको कुराहरूलाई जान्नेवाला, सबै शास्त्रमा विशारद चतुर दूतलाई पनि राख्नु ॥८॥ त्यो यस्तो होस् कि– काम काजमा अत्यन्त उत्साह, प्रीतियुक्त, निष्कपटी, पवित्रात्मा, चतुर, पुरानो भन्दा पुरानो कुरालाई पनि नभुल्नेवाला, देश र कालानुकूलको वर्तमानको कर्ता, सुन्दर रूपयुक्त, निभर्य र ठूलो वक्ता होस्, त्यो राजाको 'दूत' हुनमा प्रशस्त हुन्छ ॥९॥

# मन्त्रीहरूको कार्यनियोग एवं दुर्ग निर्माणको व्याख्या (६.८)

कस-कसलाई के-के अधिकार दिन योग्य हुन्छ–

**अमात्ये दण्ड आयत्तो दण्डे वैनयिकी क्रिया । नृपतौ कोशराष्ट्रे च दूते सन्धिविपर्ययौ ॥१॥**
**दूत एव हि संधत्ते भिनत्त्येव च संहतान् । दूतस्तत्कुरुते कर्म भिद्यन्ते येन मानवाः ॥२॥**
**बुद्ध्वा च सर्वं तत्त्वेन परराजचिकीर्षितम् । तथा प्रयत्नमातिष्ठेद् यथात्मानं न पीडयेत् ॥३॥**
**धनुर्दुर्गं महीदुर्गमब्दुर्गं वार्क्षमेव वा । नृदुर्गं गिरिदुर्गं वा समाश्रित्य वसेत्पुरम् ॥४॥**
**एकः शतं योधयति प्राकारस्थो धनुर्धरः । शतं दशसहस्राणि तस्माद्दुर्गं विधीयते ॥५॥**
**तत्स्यादायुधसम्पन्नं धनधान्येन वाहनैः । ब्राह्मणैः शिल्पिभिर्यन्त्रैर्यवसेनोदकेन च ॥६॥**
**तस्य मध्ये सुपर्याप्तं कारयेद्गृहमात्मनः । गुप्तं सर्वर्त्तुकं शुभ्रं जलवृक्षसमन्वितम् ॥७॥**
**तदध्यास्योद्वहेद्भार्यां सवर्णां लक्षणान्विताम् । कुले महति सम्भूतां हृद्यां रूपगुणान्विताम् ॥८॥**
**पुरोहितं प्रकुर्वीत वृणुयादेव चर्त्विजम् । तेऽस्य गृह्याणि कर्माणि कुर्य्युर्वैतानिकानि च ॥९॥**

–मनुस्मृति (अध्याय ७/श्लोक ६५, ६६, ६८, ७०, ७४-७८) ॥

अमात्यलाई दण्डाधिकार, दण्डमा विनय-क्रिया अर्थात् जसबाट अन्यायरूप दण्ड हुन नपाओस्, राजाको आधीन कोश र राजकार्य तथा सभाको आधीन सबै कार्य र दूतको आधीन कसैसँग मेल वा विरोध गर्ने अधिकार देओस् ॥१॥ दूत त्यसलाई भन्दछन् जसले फुटमा मेल र मिलेका दुष्टलाई तोड-फोड

गराओस् । दूतले त्यस्तो काम गरोस् जसबाट शत्रुमा फुट परोस् ॥२॥ त्यो सभापति र सभासद वा दूत आदिले यथार्थबाट अर्को विरोधी राजाको राज्यको अभिप्रायलाई जानेर त्यस्तै प्रयत्न गरोस् जसबाट आफूलाई पीडा नहोस् ॥३॥ यसको लागि सुन्दर वन धन-धान्ययुक्त देशमा (धनुर्दुर्गम्) धनुर्धारी पुरुषहरूदेखि गहन (महीदुर्गम्) माटोबाट बनाइएको (अब्दुर्गम्) पानीले घेरिएको (वार्क्षम्) अर्थात् चारैतिरबाट वन (नृदुर्गम्) चारैतिर सेना रहून् (गिरिदुर्गम्) अर्थात् चारैतिरबाट पहाडले घेरिएको बीचमा (दुर्ग) कोट बनाएर यसको मध्यमा नगर बसाओस् ॥४॥ र नगरको चारैतिर (प्राकार) प्रकोट बनाओस्, किनभने त्यसमा स्थित भएको एक वीर धनुर्धारी शस्त्रयुक्त पुरुष सय जनासँग, र सय दश हजार जनासँग युद्ध गर्न सक्दछन्, त्यसैले दुर्ग बनाउनु उत्तम हो ॥५॥ त्यो दुर्ग शस्त्रास्त्र, धन, धान्य, वाहन, ब्राह्मण जो पढाउने उपदेश गर्ने हुन् (शिल्पी) कारीगर, यन्त्र, नाना प्रकारको कला, (यवसेन) चारा, घाँस र जल आदिले सम्पन्न अर्थात् परिपूर्ण होस् ॥६॥ त्यसको मध्यमा जल वृक्ष पुष्पादियुक्त सबै प्रकारले रक्षित, सबै ऋतुहरूमा सुखकारक, श्वेतवर्ण आफ्नो लागि घर जसमा सबै राजकार्यको निर्वाह होस्, त्यस्तो बनाउनु ॥७॥ यति अर्थात् ब्रह्मचर्यले विद्या पढेर, यहाँसम्म राजकाम गरेर, रूप गुण **सौन्दर्य युक्त**, हृदयलाई प्रिय, अति उत्तम कुलमा उत्पन्न, सुन्दरलक्षणयुक्त, आफ्नो क्षत्रियकुलकी कन्या जुन कि आफू सदृश विद्यादि गुण-कर्म-स्वभाव भएकी होस्, त्यस्ती एउटी स्त्रीसँग मात्र विवाह गरोस् । दोस्री सबै स्त्रीहरूलाई अगम्य सम्झेर दृष्टिले पनि नहेरोस् ॥८॥ पुरोहित् र ऋत्विज्लाई स्वीकार यसको लागि गर्नु कि तिनीहरू अग्निहोत्र र पक्षेष्टि आदि सब राजघरको कर्म गर्ने गरून्, र आफू सदा राजकार्यमा लागिरहनु । अर्थात् यही नै राजाको सन्ध्योपासनादि कर्म हो, जो रात-दिन राजकार्यमा प्रवृत्त रहनु र कुनै पनि राजकाम बिग्रिन नदिनु ॥९॥

## युद्धका प्रकार एवं तरिका (६.९)

**साँवत्सरिकमाप्तैश्च राष्ट्रादाहारयेद् बलिम् । स्याच्चाम्नायपरो लोके वर्त्तेत पितृवन्नृषु ॥१॥**
**अध्यक्षान्विविधान्कुर्यात् तत्र तत्र विपश्चितः । तेऽस्य सर्वाण्यवेक्षेरन् नृणां कार्याणि कुर्वताम् ॥२॥**
**आवृत्तानां गुरुकुलाद्विप्राणां पूजको भवेत् । नृपाणामक्षयो ह्येष निधिर्ब्राह्मो विधीयते ॥३॥**
**समोत्तमाधमैः राजा त्वाहूतः पालयन् प्रजाः । न निवर्तेत संग्रामात् क्षात्रं धर्ममनुस्मरन् ॥४॥**
**आहवेषु मिथोऽन्योन्यं जिघांसन्तो महीक्षितः । युध्यमानाः परं शक्त्या स्वर्गं यान्त्यपराङ्मुखाः ॥५॥**
**न च हन्यात्स्थलारूढं न क्लीवं न कृताञ्जलिम् । न मुक्तकेशं नासीनं न तवास्मीति वादिनम् ॥६॥**
**न सुप्तं न विसन्नाहं न नग्नं न निरायुधम् । नायुध्यमानं पश्यन्तं न परेण समागतम् ॥७॥**
**नायुधव्यसनं प्राप्तं नार्त्तं नातिपरिक्षतम् । न भीतं न परावृत्तं सतां धर्ममनुस्मरन् ॥८॥**
**यस्तु भीतः परावृत्तः संङ्ग्रामे हन्यते परैः । भर्त्तुर्यद्दुष्कृतं किञ्चित्तत्सर्वं प्रतिपद्यते ॥९॥**
**यच्चास्य सुकृतं किञ्चिदमुत्रार्थमुपार्जितम् । भर्त्ता तत्सर्वमादत्ते परावृत्तहतस्य तु ॥१०॥**
**रथाश्वं हस्तिनं छत्रं धनं धान्यं पशून्स्त्रियः । सर्वद्रव्याणि कुप्यं च यो यज्जयति तस्य तत् ॥११॥**
**राज्ञश्च दद्युरुद्धारमित्येषा वैदिकी श्रुतिः । राज्ञा च सर्वयोधेभ्यो दातव्यमपृथग्जितम् ॥१२॥**

–मनुस्मृति (अध्याय ७/श्लोक ८०-८२, ८७, ८९, ९१-९७) ॥

प्रजाबाट वार्षिक कर आप्तपुरुषहरूद्वारा ग्रहण गरोस् र जो सभापतिरूप राजा आदि प्रधान पुरुष छन् ती सबै, सभा वेदानुकूल भएर, प्रजाको साथमा पिताको समान व्यवहार गरोस् ॥१॥ त्यस राज्यकार्यमा विविध प्रकारका विद्वान् अध्यक्षहरूलाई सभा नियत गरोस् । यिनीहरूको यही काम हो कि जति-जति जुन-जुन काममा राजपुरुष हुन्छन्, तिनीहरू नियमानुसार वर्तेर यथावत् काम गर्दछन् कि गर्दैनन्; जो यथावत् गर्दछन् तिनलाई सत्कार र जो विरुद्ध गर्दछन् तिनलाई यथावत् दण्ड दिने गरोस् ॥२॥ सदा जुन राजाहरूको वेद प्रचाररूप अक्षय-कोश हुन्छ, यसको प्रचारको लागि जो कुनै यथावत् ब्रह्मचर्यबाट वेदादि शास्त्रहरूलाई पढेर गुरुकुलमा आउँछ, तिनको सत्कार राज सभाले यथावत् गरोस्, र तिनको पनि जसलाई पढाइएका विद्वान् हुन्छन् ॥३॥ यस कुरालाई गर्दामा राज्यमा विद्याको उन्नति भएर अत्यन्त उन्नति हुन्छ । जब कहिले प्रजाको पालन गर्नेवाला राजाले कुनै आफू भन्दा सानो, तुल्य र उत्तम संग्राममा आह्वान गरेमा त क्षत्रियहरूको धर्मलाई स्मरण गरेर, संग्रामबाट कहिल्यै पनि निवृत्त नहोस् । अर्थात् अति चतुराईको साथ तिनीहरूसित युद्ध गरोस्, जसबाट आफ्नो विजय होस् ॥४॥ जब संग्राममा एक अर्कालाई हनन गर्ने इच्छाले राजाहरू जति आफ्नो सामर्थ्य हुन्छ बिना डर, पीठ नदेखाएर, युद्ध गर्दछन्, तिनले सुखलाई प्राप्त गर्दछन्, यसबाट विमुख कहिल्यै नहून्, किन्तु कहिलेकाहिं शत्रुलाई जित्नको लागि तिनको सामुन्नेबाट लुक्नु पनि पर्दछ, किनभने जुन प्रकारले शत्रुलाई जित्न सकिन्छ, त्यस्तै काम गर्नु, जसरी सिंह क्रोधले सामुन्ने आएर शस्त्राग्निमा शीघ्र भस्म हुन जान्छ, त्यस्तो मूर्खताले नष्ट-भ्रष्ट नहुनू ॥५॥ युद्ध समयमा न यताउति उभिएका, न नपुंसक, न हात जोडिराखेकाको, न शिरको केश खुलिराखेकाको, न बसेकाको, न "म तेरो

शरणमा छु" यस्तो भनेकाको ॥६॥ न सुतेकाको, न मूर्छालाई प्राप्त भएकाको, न नग्न भएकाको, न आयुधदेखि रहित भएकाको, न युद्धलाई देखिरहेकाहरूको, न युद्ध गरिहेकाहरूको, न शत्रुका साथीको ॥७॥ न आयुधको प्रहारबाट चोट खाएकाको, न दुःखी, न अत्यन्त घाइते, न डराइरहेको, न पलायन गरिरहेका पुरुषको सत्पुरुषहरूको धर्मको मर्मलाई जानेका योद्धाहरूले कहिल्यै नमारोस्; किन्तु तिनलाई समातेर जो राम्रा छन्, लगेर राम्रो बन्दीगृहमा राखेर भोजन-आच्छादन यथावत् देवोस्, र घाइते भएकालाई औषधि उपचार विधिपूर्वक गरिदेओस् । तिनलाई नचिडाओस्, दुःख नदेओस् । यदि तिनको योग्य काम छ भने देओस् । विशेष यसमाथि ध्यान राखोस् कि स्त्री-बालक, वृद्ध र आतुर तथा शोकयुक्त पुरुषहरूमाथि शस्त्र कहिल्यै पनि नचलाओस् । तिनका छोराहरूलाई आफ्नै सन्तान सदृश पालोस् र स्त्रीहरूलाई पनि पालोस् । तिनीहरूलाई आफ्नै स्वसन्तान आमा, बहिनी र कन्याकै समान सम्झियोस्, कहिल्यै पनि विषयासक्तिको दृष्टिले नहेरोस् । जब राज्य राम्रोसँग जमोस् र जसमा पुनः युद्ध गर्ने शङ्का नहोस्, तिनीहरूलाई सत्कारपूर्वक छोडेर आफ्नो-आफ्नो घर वा देशमा पठाइदेओस्, र जसबाट भविष्यत्कालमा विघ्न हुने सम्भव छ भने, तिनीहरूलाई सदा कारागारमा नै राखोस् ॥८॥ र जो पलायन अर्थात् भागेको र डराएको भृत्य शत्रुदेखि मारियो भने त, त्यो उसको स्वामीको अपराधलाई प्राप्त भएर दण्डनीय होस् ॥९॥ र जो उसको प्रतिष्ठा हो, जसबाट यस लोक र परलोकमा सुख हुने थियो त्यसलाई उसको स्वामी प्राप्त होओस्, जो भाग्दै गरेको मारिन्छ, त्यसको सबै पुण्यफल त्यसको स्वामीलाई प्राप्त हुन्छ, र भागेकाको सबै प्रतिष्ठा नष्ट हुन जान्छ, र उसले त्यस प्रतिष्ठालाई प्राप्त गरोस्, जसले धर्मसंगत यथावत् युद्ध गरेको छ भने त ॥१०॥ यस व्यवस्थालाई कहिल्यै पनि नतोडोस् कि जुन-जुन लडाईंमा जुन-जुन सैनिकले रथ, घोडा, हात्ती, छत्र, धन, धान्य, अन्न, गाई आदि पशु र स्त्रीहरू तथा अन्य प्रकारको सबैद्रव्य र घ्यू, तेल आदिको कुप्ये जितेका छन् भने, त्यसले नै तिनलाई ग्रहण गरोस् ॥११॥ परन्तु सेनास्थजन पनि त्यो जितेको पदार्थबाट सोह्रौं भाग राजालाई देओस् र राजाले पनि सेनास्थ योद्धाहरूलाई त्यस धनबाट जो कि सबै मिलेर जितेको होस्, सोह्रौं भाग सेनास्थ पुरुषहरूलाई अवश्य देओस्, र जो कोही युद्धमा मरेको छ, त्यसकी स्त्री र सन्तानहरूलाई त्यसको भाग देओस् र स्त्री तथा असमर्थ केटाहरूको यथावत् पालन गरोस् । जब त्यसको केटाहरू समर्थ हुनेछन् तब तिनलाई यथायोग्य अधिकार देओस् । जो कसैले आफ्नो राज्यको रक्षा, वृद्धि, प्रतिष्ठा, विजय र आनन्दवृद्धिको इच्छा राख्दछ भने, त्यसले यस मर्यादालाई कहिल्यै पनि उल्लङ्घन नगरोस् ॥१२॥

## राज्यको लक्षणहरू एवं विधि (६.१०)

**अलब्धं चैव लिप्सेत लब्धं रक्षेत्प्रयत्नतः । रक्षितं वर्द्धयेच्चैव वृद्धं पात्रेषु निःक्षिपेत् ॥१॥**
**एतच्चतुर्विधं विद्यात् पुरुषार्थप्रयोजनम् । अस्य नित्यमनुष्ठानं सम्यक्कुर्यादतन्द्रितः ॥२॥**
**अलब्धमिच्छेद्दण्डेन लब्धं रक्षेदवेक्षया । रक्षितं वर्द्धयेद्वृद्धया वृद्धं दानेन निःक्षिपेत् ॥३॥**
**अमाययैव वर्तेत न कथञ्चन मायया । बुध्येतारिप्रयुक्तां च मायां नित्यं स्वसंवृतः ॥४॥**
**नास्य छिद्रं परो विद्याच्छिद्रं विद्यात्परस्य तु । गूहेत्कूर्म इवाङ्गानि रक्षेद्विवरमात्मनः ॥५॥**
**बकवच्चिन्तयेदर्थान् सिंहवच्च पराक्रमेत् । वृकवच्चावलुम्पेत शशवच्च विनिष्पतेत् ॥६॥**
**एवं विजयमानस्य येऽस्य स्युः परिपन्थिनः । तानानयेद्वशं सर्वान् सामादिभिरुपक्रमैः ॥७॥**
**यदि ते तु न तिष्ठेयुरुपायैः प्रथमैस्त्रिभिः । दण्डेनैव प्रसह्यैताँश्छनकैर्वशमानयेत् ॥८॥**
**यथोद्धरति निर्दाता कक्षं धान्यं च रक्षति । तथा रक्षेन्नृपो राष्ट्रं हन्याच्च परिपन्थिनः ॥९॥**
**मोहाद्राजा स्वराष्ट्रं यः कर्षयत्यनवेक्षया । सोऽचिराद् भ्रश्यते राज्याज्जीविताच्च सबान्धवः ॥१०॥**
**शरीरकर्षणात्प्राणाः क्षीयन्ते प्राणिनां यथा । तथा राज्ञामपि प्राणाः क्षीयन्ते राष्ट्रकर्षणात् ॥११॥**
**राष्ट्रस्य संग्रहे नित्यं विधानमिदमाचरेत् । सुसंगृहीतराष्ट्रो हि पार्थिवः सुखमेधते ॥१२॥**
**द्वयोस्त्रयाणां पञ्चानां मध्ये गुल्ममधिष्ठितम् । तथा ग्रामशतानां च कुर्य्याद्राष्ट्रस्य संग्रहम् ॥१३॥**
**ग्रामस्याधिपतिं कुर्य्याद्दशग्रामपतिं तथा । विंशतीशं शतेशं च सहस्रपतिमेव च ॥१४॥**
**ग्रामदोषान्त्समुत्पन्नान् ग्रामिकः शनकैः स्वयम् । शंसेद् ग्रामदशेशाय दशेशो विंशतीशिनम् ॥१५॥**
**विंशतीशस्तु तत्सर्वं शतेशाय निवेदयेत् । शंसेद् ग्रामशतेशस्तु सहस्रपतये स्वयम् ॥१६॥**
**तेषां ग्राम्याणि कार्याणि पृथक्कार्याणि चैव हि । राज्ञोऽन्यः सचिवः स्निग्धस्तानि पश्येदतन्द्रितः ॥१७॥**
**नगरे नगरे चैकं कुर्यात्सर्वार्थचिन्तकम् । उच्चैः स्थानं घोररूपं नक्षत्राणामिव ग्रहम् ॥१८॥**
**स ताननुपरिक्रामेत्सर्वानेव सदा स्वयम् । तेषां वृत्तं परिणयेत्सम्यग्राष्ट्रेषु तच्चरैः ॥१९॥**
**राज्ञो हि रक्षाधिकृताः परस्वादायिनः शठाः । भृत्या भवन्ति प्रायेण तेभ्यो रक्षेदिमाः प्रजाः ॥२०॥**
**ये कार्यिकेभ्योऽर्थमेव गृह्णीयुः पापचेतसः । तेषां सर्वस्वमादाय राजा कुर्यात्प्रवासनम् ॥२१॥**

–मनुस्मृति (अध्याय ७/श्लोक ९९-१०१, १०४-१०८, ११०-११७, १२०-१२४) ॥

राजा र राजसभा अलब्धको प्राप्तिको इच्छा, प्राप्तको प्रयत्नले रक्षा गरोस्; रक्षितलाई बढाओस् र बढेको धनलाई वेदविद्या, धर्मको प्रचार, विद्यार्थी, वेदमार्गोपदेशक तथा असमर्थ अनाथहरूको पालनमा लगाओस् ॥१॥ यी चार प्रकारका 'पुरुषार्थ' को प्रयोजनलाई जानेर आलस्यलाई छोड्दै यसलाई राम्रोसँग नित्य अनुष्ठान गरोस् ॥२॥ दण्डबाट अप्राप्तको प्राप्तिको इच्छा, नित्य देख्नाले प्राप्तको रक्षा, रक्षितको वृद्धि अर्थात् ब्याजबाट बढाओस र बढेको त्यो धनलाई पूर्वोक्त मार्गमा नित्य व्यय गरोस् ॥३॥ कदापि कसैसँग छल नगरोस् किन्तु निष्कपट भएर सबैसँग वर्त्ताव राखोस् र नित्यप्रति आफ्नो रक्षा गरेर शत्रुले गरेको छललाई जानेर निवृत्त गरोस् ॥४॥ कुनै शत्रुले आफ्नो छिद्र अर्थात् निर्बलतालाई जान्न नसकोस् र स्वयंले शत्रुको छिद्रहरूलाई जान्दैराखोस्, जसरी कछुवाले आफ्नो अङ्गलाई गुप्त राख्दछ, त्यसरी नै शत्रुहरू प्रवेश गर्ने छिद्रहरूलाई गुप्त राखोस् ॥५॥ जसरी बकुल्लोले माछो समाउनको लागि भनेर ध्यानावस्थित भएर ताक्दछ, त्यसरी नै अर्थसंग्रहको विचार गर्ने गर्नु । जुन प्रकारले द्रव्य र बलको वृद्धि होस्, शत्रुलाई जित्नको लागि सिंहकै समान पराक्रम गरोस्, चितुवाले झैं लुकेर शत्रुलाई समातोस् र समीपमा आएको बलवान् शत्रुसँग खरायोको झैं दूर भागोस् र पश्चात् तिनलाई छलले समातोस् ॥६॥ यस प्रकार विजय गर्नेवाला सभापतिको राज्यमा जो परिपन्थी अर्थात् डाँकू-लुटेरा हुन्छन्, तिनलाई (साम) अर्थात् मिलाउनु, (दाम) केही दिएर (भेद) फुट पारेर वशमा गर्नु ॥७॥ यदि यी कुराबाट वशमा हुँदैनन् भने त अतिकठिन दण्डले वशमा गर्नु ॥८॥ जसरी धानबाट टटहलो निकालेर धानको रक्षा गर्दछ अर्थात् टुट्न दिँदैन, त्यसरी नै राजा, डाँकू-चोरहरूलाई मारोस् र राज्यको रक्षा गरोस् ॥९॥ जो राजा मोहले, अविचारले आफ्नो राज्यलाई दुर्बल गर्दछ, त्यो राज्य र आफ्ना बन्धुसहित जीवनदेखि शीघ्र नष्ट-भ्रष्ट हुन जान्छ ॥१०॥ जसरी प्राणीहरूको प्राण शरीरलाई कृश गर्नाले क्षीण भएर जान्छ, त्यसरी नै प्रजालाई दुर्बल बनाउनाले राजाहरूको 'प्राण' अर्थात् बलादि, बन्धुसहित नष्ट हुन जान्छ ॥११। त्यसैले राजा र राजसभा राजकार्यको सिद्धिको लागि यो प्रयत्न गरोस् कि जसबाट राजकार्य यथावत् सिद्ध होस् । जुन राजा राज्यपालनमा तत्पर रहन्छ, त्यसका सुख सधैं बढिराख्दछन् ॥१२॥ यसैले दुई, तीन, पाँच र सय ग्रामहरूको बीचमा एक राज-स्थान राखोस्, जसमा यथायोग्य भृत्य अथवा कामदार राखेर सबै राज्यको कार्य पूरा गरोस् ॥१३॥ एक-एक ग्राममा एक-एक पुरुष राखोस्, उनै दश ग्रामहरूको माथि दोस्रो, उनै बीसग्रामहरूका माथि तेस्रो, उनै सय ग्रामहरूका माथि चौथो र उनै हजार ग्रामहरूका माथि पाँचौं पुरुष राखोस् । अर्थात् जसरी आजभोलि एक ग्राममा एक पटवारी (वडा), उनै दश ग्रामहरूमा एक थाना (चौकी), र उनै दुई थानामा एउटा ठूलो थाना र उनै पाँच थानामा एक तहसील र दश तहसीलमा एक जिल्ला नियत गरिएको छ, यी कुराहरू मनु आदि धर्मशास्त्रमा छन् बाँकी सबै यसैबाट बुझ्नुपर्दछ ॥१४॥ यस प्रकारले प्रबन्ध गरेर आज्ञा देओस् कि त्यो एक-एक ग्रामको पतिले ग्राममा नित्यप्रति जे-जे दोष उत्पन्न हुन्छन्, तिनलाई गुप्तताले दश ग्रामका पतिलाई विदित गराओस्, र ती दश ग्रामाधिपतिले उसै प्रकारबाट बीस ग्रामका स्वामीलाई दश ग्रामहरूको वर्तमान नित्यप्रति जनाइदेओस् ॥१५॥ र बीस ग्रामका अधिपतिले बीस ग्रामहरूको वर्तमानलाई शतग्रामाधिपतिलाई नित्यप्रति निवेदन गराओस्, त्यसरी नै सय ग्रामहरूका पतिले सय-सय ग्रामहरूको वर्तमानलाई सहस्राधिपतिलाई अर्थात् हजार ग्रामको स्वामीलाई बताइदेओस् । र दश-दश ग्रामका दुइटै अधिपति बीस ग्रामका स्वामीलाई र बीस-बीस ग्रामका पाँच अधिपति, सय ग्रामका अध्यक्षलाई, सय-सय ग्रामका दश अधिपति हजार ग्रामका अधिष्ठातालाई दिन-दिनैको वर्तमान बताइदिऊन् र ती हजार-हजारका दश अधिपति दश हजारका अधिपतिलाई र ती दश-दश हजारका दश अधिपति लक्षग्रामहरूका राजसभालाई प्रतिदिनको वर्तमान जनाइदिने गरून् र ती सबै राजसभा महाराजसभा अर्थात् सार्वभौमचक्रवर्ती-महाराजसभामा सबै भूगोलको वर्तमान बताइदिने गरून् ॥१६॥ र एक-एक दश-दश हजार ग्रामहरूमा दुई-दुई सभापति त्यसरी नै गरून् जसमा एक राजसभामा दोस्रो अध्यक्ष बनाओस् कि आलस्य छोडेर सबै न्यायाधीशादि राजपुरुषहरूको कामलाई सदा घुमेर हेर्दैराखून् ॥१७॥ ठूला-ठूला नगरहरूमा एक विचार गर्नको लागि सभाको सुन्दर उच्च र विशाल जस्तै कि चन्द्रमा छ, त्यस्तै एक-एक घर बनाओस्, त्यसमा ठूला-ठूला विद्यावृद्ध कि जसले विद्याबाट सबै प्रकारको परीक्षा गरेका छन्, तिनीहरूले बसेर विचार गरून् । जुन नियमबाट राजा र प्रजाको उन्नति होस्, त्यस्ता-त्यस्ता नियम र विद्या प्रकाशित गर्ने गरोस् ॥१८॥ जो नित्य विचरण गर्नेवाला सभापति हुन्छ, त्यसको आधीन सबै गुप्तचर अर्थात् दूतहरूलाई राख्नु, जो राजपुरुष र प्रजापुरुषहरूको साथमा नित्य सम्बन्ध राख्दछन् र तिनीहरू भिन्दा-भिन्दै जातिका हुनुपर्दछ । तिनीहरूबाट सबै राजा र प्रजापुरुषहरूको सबै दोष र गुण गुप्तरीतिले जान्ने गरोस्, जसको अपराध होस्, त्यसलाई दण्ड र जसको गुण होस्, त्यसको प्रतिष्ठा सदा गर्ने गरोस् ॥१९॥ राजाले जसलाई प्रजाको रक्षाको अधिकार दिन्छ, तिनीहरू धार्मिक, सुपरीक्षित, विद्वान्, कुलीन हुनुपर्दछ, तिनका आधीन प्रायः शठ र परपदार्थ हर्ने

चोर-डाँकूहरूलाई पनि नोकर राखोस्, तिनलाई दुष्टकर्मदेखि बचाउनको लागि राजका नोकर बनाएर, तिनैका रक्षा गर्ने विद्वान्हरूको स्वाधीन गरेर, ती बाट आफ्ना प्रजाको रक्षा यथावत् गरोस् ॥२०॥ जुन राजपुरुषले अन्याय गरेर वादी-प्रतिवादीसँगबाट गुप्त धन लिएर पक्षपातले अन्याय गर्दछ, त्यसको सर्वस्व हरण गरेर यथायोग्य दण्ड दिएर यस्तो ठाउँमा राखोस् कि पुनः तिनलाई यस कुराको देखेर-सुनेर दोस्रा राजपुरुष पनि यस्तो दुष्ट काम गर्नबाट बचून् । किनभने यदि त्यसलाई दण्ड दिइएन भने त तिनका कार्यलाई देखेर अरूले पनि यस्तै दुष्ट काम गर्न लाग्नेछन्, परन्तु जतिले राजपुरुषहरूको योगक्षेम भलीभाँति होस् र जसबाट धनाढ्य पनि बन्न सकून् त्यति धन वा भूमि राजाको तर्फबाट मासिक वा वार्षिक अथवा एकैचोटि मिलोस् र जब वृद्ध हुन्छन् तिनलाई पनि आधा मिलोस् परन्तु यो ध्यानमा रहोस् कि जबसम्म ती बाँच्दछन् तबसम्म यो जीविका बनिरहोस्, पश्चात् पर्दैन, परन्तु यिनका सन्तान वा नोकरी तिनका गुणको अनुसार अवश्य दिनुपर्दछ र जसका बालक जबसम्म असमर्थ हुन्छन् उनकी स्त्री बाँचिराखेकी छ भने सबैको निर्वाहार्थ राजाको तर्फबाट यथायोग्य धन मिलोस् । परन्तु जसका स्त्री वा छोरा कुकर्मी छन् भने त केही पनि दिनहुँदैन, यस्तो नीति राजाले बराबर राखोस् ॥२१॥

## ग्राम अधिपतिको वर्णन एवं कर लिने प्रकार (६.११)

**यथा फलेन युज्येत राजा कर्त्ता च कर्मणाम् । तथाऽवेक्ष्य नृपो राष्ट्रे कल्पयेत्सततं करान् ॥१॥**
**यथाऽल्पाऽल्पमदन्त्याद्यं वार्य्योकोवत्सषट्पदाः । तथाऽल्पाऽल्पो ग्रहीतव्यो राष्ट्राद्राज्ञाब्दिकः करः ॥२॥**
**नोच्छिन्द्यादात्मनो मूलं परेषां चातितृष्णया । उच्छिन्दन्ह्यात्मनो मूलमात्मानं ताँश्च पीडयेत् ॥३॥**
**तीक्ष्णश्चैव मृदुश्च स्यात् कार्यं वीक्ष्य महीपतिः । तीक्ष्णश्चैव मृदुश्चैव राजा भवति सम्मतः ॥४॥**
**एवं सर्वं विधायेदमितिकर्त्तव्यमात्मनः । युक्तश्चैवाप्रमत्तश्च परिरक्षेदिमाः प्रजाः ॥५॥**
**विक्रोशन्त्यो यस्य राष्ट्राद् ध्रियन्ते दस्युभिः प्रजाः । सम्पश्यतः सभृत्यस्य मृतः स न तु जीवति ॥६॥**
**क्षत्रियस्य परो धर्मः प्रजानामेव पालनम् । निर्दिष्टफलभोक्ता हि राजा धर्मेण युज्यते ॥७॥**

—मनुस्मृति (अध्याय ७/श्लोक १२८, १२९, १३९, १४०, १४२-१४४) ॥

जसरी राजा र कर्महरूको कर्ता राजपुरुष वा प्रजाजन सुखरूप फलले युक्त हुन्छन्, त्यसरी नै विचार गरेर राजा तथा राजसभा राज्यमा 'कर' स्थापन गरोस् ॥१॥ जसरी जुका, बाच्छो र भमराले थोरै-थोरै भोग्य पदार्थलाई ग्रहण गदर्छन्, त्यसरी नै राजाले थोरै-थोरै वार्षिक कर लेओस् ॥२॥ अति लोभले आफ्नो वा अर्काको सुखको मूललाई उच्छिन्न अर्थात् नष्ट कदापि नगरोस्, किनभने जसले व्यवहार र सुखको मूललाई छेदन गर्दछ, त्यसले आफूलाई र अरूलाई पीडा नै दिन्छ ॥३॥ जो महीपति कार्यलाई देखेर तीक्ष्ण र कमलो पनि होस्, त्यो दुष्टमाथि तीक्ष्ण र श्रेष्ठमाथि कमलो रहनाले राजा अतिमाननीय हुन्छ ॥४॥ यस प्रकार सबै राज्यको प्रबन्ध गरेर सदा यसमा युक्त र प्रमादरहित हुँदै आफ्नो प्रजाको पालन निरन्तर गरोस् ॥५॥ जुन भृत्यसहित देखिरहेका राजाको राज्यबाट डाँकूहरूले रुँदै विलाप गरेका प्रजाको पदार्थ र प्राणलाई हरण गर्दछन्, त्यो यो जान कि भृत्य, अमात्यसहित मृतक हो, जीउँदो होइन, र महादुःखलाई पाउनेवाला हुन्छ ॥६॥ त्यसैले राजाहरूले प्रजापालन गर्नु नै परमधर्म हो । र जुन यस मनुस्मृतिको सातौं अध्यायमा 'कर' लिन लेखिएको छ र जस्तो सभाले नियत गर्दछ, त्यसको भोक्ता राजा धर्मले युक्त भएर सुख प्राप्त गर्दछ, जसले यसको विपरीत गर्दछ दुःखलाई प्राप्त हुन्छ ॥७॥

## मन्त्रणाको प्रकार (६.१२)

**उत्थाय पश्चिमे यामे कृतशौचः समाहितः । हुताग्निर्ब्राह्मणाँश्चार्च्य प्रविशेत्स शुभां सभाम् ॥१॥**
**तत्र स्थितः प्रजाः सर्वाः प्रतिनन्द्य विसर्जयेत् । विसृज्य च प्रजाः सर्वा मन्त्रयेत्सह मन्त्रिभिः ॥२॥**
**गिरिपृष्ठं समारुह्य प्रासादं वा रहोगतः । अरण्ये निःशलाके वा मन्त्रयेदविभावितः ॥३॥**
**यस्य मन्त्रं न जानन्ति समागम्य पृथग्जनाः । स कृत्स्नां पृथिवीं भुङ्क्ते कोशहीनोऽपि पार्थिवः ॥४॥**

—मनुस्मृति (अध्याय ७/श्लोक १४५-१४८) ॥

जब रातको पछिल्लो प्रहर होस् तब उठेर शौच र सावधान भएर परमेश्वरको ध्यान, अग्निहोत्र, धार्मिक विद्वान्हरूको सत्कार, भोजन गरेर भित्र सभामा प्रवेश गरोस् ॥१॥ त्यहाँ उभिएर जो प्रजाजन उपस्थित हुन्छन्, तिनलाई मान्यदिनु, अनि मुख्यमन्त्रीको साथ राज्यव्यवस्थाको विचार गरोस् ॥२॥ पश्चात् उसको साथमा घुम्नको लागि जानु, पर्वतको शिखर अथवा वन जसमा एक शलाका पनि नहोस्, त्यस्तो एकान्त स्थान (चौरमा) मा बसेर विरुद्ध भावनालाई छोडेर मन्त्रीको साथमा विचार-विमर्श गरोस् ॥३॥ जुन राजाको गूढ विचारलाई अन्य जन मिलेर पनि जान्न सक्दैनन् अर्थात् जसको विचार गम्भीर शुद्ध परोपकारार्थ सदा गुप्त रहोस्, त्यो धनहीन पनि राजा सबै पृथ्वीको राज्य गर्नमा समर्थ हुन्छ, त्यसैले आफ्नो मनबाट एउटा पनि काम नगरोस् कि जबसम्म सभासदहरूको अनुमति नहोस् ॥४॥

## आसन आदि छ गुणहरूको व्याख्या (६.१३)

**आसनं चैव यानं च सन्धिं विग्रहमेव च । कार्यं वीक्ष्य प्रयुञ्जीत द्वैधं संश्रयमेव च ॥१॥**
**सन्धिं तु द्विविधं विद्याद्राजा विग्रहमेव च । उभे यानासने चैव द्विविधः संश्रयः स्मृतः ॥२॥**
**समानयानकर्मा च विपरीतस्तथैव च । तथा त्वायतिसंयुक्तः सन्धिर्ज्ञेयोद्विलक्षणः ॥३॥**
**स्वयंकृतश्च कार्यार्थमकाले काल एव वा । मित्रस्य चैवापकृते द्विविधो विग्रहः स्मृतः ॥४॥**
**एकाकिनश्चात्ययिके कार्ये प्राप्ते यदृच्छया । संहतस्य च मित्रेण द्विविधं यानमुच्यते ॥५॥**
**क्षीणस्य चैव क्रमशो दैवात्पूर्वकृतेन वा । मित्रस्य चानुरोधेन द्विविधं स्मृतमासनम् ॥६॥**
**बलस्य स्वामिनश्चैव स्थितिः कार्यार्थसिद्धये । द्विविधं कीर्त्यते द्वैधं षाड्गुण्यगुणवेदिभिः ॥७॥**
**अर्थसम्पादनार्थं च पीडचमानस्य शत्रुभिः । साधुषु व्यपदेशार्थं द्विविधः संश्रयः स्मृतः ॥८॥**
**यदावगच्छेदायत्यामाधिक्यं ध्रुवमात्मनः । तदात्वे चाल्पिकां पीडां तदा सन्धिं समाश्रयेत् ॥९॥**
**यदा प्रहृष्टा मन्येत सर्वास्तु प्रकृतीर्भृशम् । अत्युच्छ्रितं तथात्मानं तदा कुर्वीत विग्रहम् । ।१०॥**
**यदा मन्येत भावेन हृष्टं पुष्टं बलं स्वकम् । परस्य विपरीतं च तदा यायाद्रिपुं प्रति ॥११॥**
**यदा तु स्यात्परिक्षीणो वाहनेन बलेन च । तदासीत प्रयत्नेन शनकैः सान्त्वयन्नरीन् ॥१२॥**
**मन्येतारिं यदा राजा सर्वथा बलवत्तरम् । तदा द्विधा बलं कृत्वा साधयेत्कार्य्यमात्मनः ॥१३॥**
**यदा परबलानां तु गमनीयतमो भवेत् । तदा तु संश्रयेत् क्षिप्रं धार्मिकं बलिनं नृपम् ॥१४॥**
**निग्रहं प्रकृतीनां च कुर्याद् योऽरिबलस्य च । उपसेवेत तं नित्यं सर्वयत्नैर्गुरुं यथा ॥१५॥**
**यदि तत्रापि संपश्येद् दोषं संश्रयकारितम् । सुयुद्धमेव तत्राऽपि निर्विशङ्कः समाचरेत् ॥१६॥**

–मनुस्मृति (अध्याय ७/श्लोक १६१-१७६) ॥

सबै राजादि राजपुरुषहरूले यो कुरो लक्ष्यमा राख्न योग्य छ कि– जो (आसन) स्थिरता, (यान) शत्रुसँग लड्नको लागि जानु, (सन्धि) तिनीहरूसँग मेल गर्नु, (विग्रह) दुष्ट शत्रुहरूसँग लडाईं गर्नु, (द्वैधम्) दुई प्रकारको सेना बनाएर स्वविजय गर्नु, (संश्रय) र निर्बलतामा दोस्रो प्रबल राजाको आश्रय लिनु, यी छः प्रकारका कर्म यथायोग्य कार्यलाई विचार गरेर त्यसमा युक्त गर्नु पर्दछ ॥१॥ राजाले जुन सन्धि, विग्रह, यान, आसन, द्वैधीभाव र संश्रय दुई-दुई प्रकारका हुन्छन्, तिनलाई यथावत् जानोस् ॥२॥ जब (सन्धि) अर्थात् शत्रुसँग मेल गर्नु छ भने तब उसको तुल्य सवारी कर्म गरोस् अथवा त्यसदेखि विपरीतता गरोस्, परन्तु वर्तमान र भविष्यत्मा गर्नुपर्ने काम बराबर गर्दै जाओस्, यसैलाई दुई प्रकारको **'मेल'** भनिन्छ ॥३॥ **(विग्रह)** जब कार्यसिद्धिको लागि उचित समय वा अनुचित समयमा स्वयंले गरेको वा मित्रलाई अपराध गर्ने शत्रुसँग, विरोध दुई प्रकारबाट गर्नुपर्दछ ॥४॥ (यान) अकस्मात् कुनै कार्य प्राप्त हुँदामा एकाकी वा मित्रको साथमा मिलेर शत्रुतिर जानु, यसलाई दुई प्रकारको **'गमन'** भनिन्छ ॥५॥ जब स्वयं कुनै कारणले क्षीण भएमा अर्थात् निर्बल भएमा, अथवा मित्रले रोक्दामा आफ्नो स्थानमा बसिराख्नु, यसलाई दुई प्रकारको **'आसन'** भनिन्छ ॥६॥ जब कार्यसिद्धिको लागि सेनापति र सेनालाई दुई भागमा गरेर विजय गराउनु, यसलाई दुई प्रकारको **'द्वैध'** भनिन्छ ॥७॥ एक कुनै अर्थको सिद्धिको लागि कुनै बलवान् राजा वा कुनै महात्माको शरण लिनु, जसबाट शत्रुदेखि पीडित नहोस् त्यसैले दुई प्रकारको **'आश्रय'** लिनु भनिएको हो ॥८॥ जब यो बुझोस् कि यति वेलै युद्ध गर्नाले थोरै पीडा हुन्छ, र पश्चात् गर्नाले आफ्नो वृद्धि र विजय अवश्य हुन्छ, तब शत्रुसँग मेल गरेर उचित समयको लागि धीरज राखोस् ॥९॥ जब आफ्ना सबै प्रजा वा सेना अत्यन्त प्रसन्न उन्नतिशील, र श्रेष्ठ जानोस्, त्यस्तै आफूलाई सम्झोस्, त्यतिखेरै शत्रुसँग विग्रह=युद्ध गरोस् ॥१०॥ जब आफ्नो बल अर्थात् सेनालाई हर्ष र पुष्टियुक्त प्रसन्न भावले जानोस्, र शत्रुको बल आफ्नो भन्दा विपरीत निर्बल भएको वेलामा, तब शत्रुतिर युद्ध गर्नको लागि जाओस् ॥११॥ जब सेना बल वाहनले क्षीण भयोभने तब शत्रुलाई विस्तारै-विस्तारै प्रयत्नले शान्त गर्दै आफ्नो स्थानमा बसिराखोस् ॥१२॥ जब राजा शत्रुलाई अत्यन्त बलवान् जानोस् तब द्विगुणा वा दुई प्रकारको सेना बनाएर आफ्नो कार्य सिद्ध गरोस् ॥१३॥ जब आफूलाई थाहा भयो कि शत्रुले आफूमाथि शीघ्र नै चढाई गर्नेवाला छ, तब कुनै धार्मिक बलवान् राजाको आश्रय शीघ्र लेओस् ॥१४॥ जसले प्रजा, आफ्नो सेना र शत्रुको बललाई निग्रह अर्थात् रोक्दछ, त्यसको सेवा सबै यत्नले गुरुको सदृश नित्य गर्ने गरोस् ॥१५॥ जसको आश्रय लेओस्, त्यस सेवित पुरुषको कर्ममा दोष देखेमा त्यहाँ पनि राम्रोसँग युद्धलाई नै निःशङ्क, भएर गरोस् ॥१६॥ जो धार्मिक राजा हुन्छ त्यससँग विरोध कहिल्यै नगरोस् किन्तु उससँग सदा मेल राखोस् र जो दुष्ट प्रबल हुन्छ, त्यसैलाई जित्नको लागि पूर्वोक्त प्रयोग गर्नु उचित हुन्छ ।

## राजा, उदासीन मित्र एवं शत्रुसँग चल्ने विधि (६.१४)

**सर्वोपायस्तथा कुर्यान्नीतिज्ञः पृथिवीपतिः । यथास्याभ्यधिका न स्युर्मित्रोदासीनशत्रवः ॥१॥**
**आयतिं सर्वकार्याणां तदात्वं च विचारयेत् । अतीतानां च सर्वेषां गुणदोषौ च तत्त्वतः ॥२॥**

**आयत्यां गुणदोषज्ञस्तदात्वे क्षिप्रनिश्चयः । अतीते कार्य्यशेषज्ञः शत्रुभिर्नाभिभूयते ॥३॥**
**यथैनं नाभिसंदध्युर्मित्रोदासीनशत्रवः । तथा सर्वं संविदध्यादेष सामासिको नयः ॥४॥**

–मनुस्मृति (अध्याय ७/श्लोक १७७-१८०) ॥

नीतिलाई जान्नेवाला पृथ्वीपति राजा जुन प्रकारले उसका मित्र उदासीन र शत्रु अधिक नहून्, यस्तो उपायले चलोस् ॥१॥ सबै कार्यहरूको वर्तमानमा कर्तव्य, र भविष्यत्मा जे-जे गर्नु छ, र जुन काम गरिसकियो ती सबैलाई यथार्थताले गुण-दोषलाई विचार गरोस् ॥२॥ पश्चात् दोषहरूको निवारण र गुणहरूको स्थिरतामा यत्न गरोस् । जो राजा भविष्यत् अर्थात् अगाडि गर्ने कर्ममा गुण-दोषहरूको ज्ञाता, वर्तमानमा तुरन्त निश्चयको कर्ता, र गरिएको कार्यको शेष कर्तव्यलाई जान्दछ, त्यो शत्रुदेखि कहिल्यै पनि पराजित हुँदैन ॥३॥ सबै प्रकारबाट राजपुरुष, विशेष सभापति राजा यस्तो प्रयत्न गरोस् कि जुन प्रकार राजादि-जनहरूका मित्र उदासीन र शत्रु वशमा गरेर अन्यथा नगरोस्, यस्तो मोहमा कहिल्यै नफसोस्, यसैलाई संक्षेपले **'विनय'** अर्थात् **'राजनीति'** भनिन्छ ॥४॥

## शत्रुसँग युद्ध गर्ने तरिका (६.१५)

**कृत्वा विधानं मूले तू यात्रिकं च यथाविधि । उपगृह्यास्पदं चैव चारान् सम्यग्विधाय च ॥१॥**
**संशोध्य त्रिविधं मार्गं षड्विधं च बलं स्वकम् । सांपरायिककल्पेन यायादरिपुरं शनैः ॥२॥**
**शत्रुसेविनि मित्रे च गूढे युक्ततरो भवेत् । गतप्रत्यागते चैव स हि कष्टतरो रिपुः ॥३॥**
**दण्डव्यूहेन तन्मार्गं यायात्तु शकटेन वा । वराहमकराभ्यां वा सूच्या वा गरुडेन वा ॥४॥**
**यतश्च भयमाशङ्केत् ततो विस्तारयेद् बलम् । पद्मेन चैव व्यूहेन निविशेत सदा स्वयम् ॥५॥**
**सेनापतिबलाध्यक्षौ सर्वदिक्षु निवेशयेत् । यतश्च भयमाशङ्केत् प्राचीं तां कल्पयेद्दिशम् ॥६॥**
**गुल्मांश्च स्थापयेदाप्तान् कृतसंज्ञान् समन्ततः । स्थाने युद्धे कुशलानभीरूनविकारिणः ॥७॥**
**संहतान् योधयेदल्पान् कामं विस्तारयेद् बहून् । सूच्या वज्रेण चैवैतान् व्यूहेन व्यूह्य योधयेत् ॥८॥**
**स्यन्दनाश्वैः समे युध्येदनूपे नौद्विपैस्तथा । वृक्षगुल्मावृते चापैरसिचर्मायुधैः स्थले ॥९॥**
**प्रहर्षयेद् बलं व्यूह्य ताँश्च सम्यक् परीक्षयेत् । चेष्टाश्चैव विजानीयादरीन् योधयतामपि ॥१०॥**
**उपरुध्यारिमासीत राष्ट्रं चास्योपपीडयेत् । दूषयेच्चास्य सततं यवसान्नोदकेन्धनम् ॥११॥**
**भिन्द्याच्चैव तडागानि प्राकारपरिखास्तथा । समवस्कन्दयेच्चैनं रात्रौ वित्रासयेत्तथा ॥१२॥**
**प्रमाणानि च कुर्वीत तेषां धर्म्यान्यथोदितान् । रत्नैश्च पूजयेदेनं प्रधानपुरुषैः सह ॥१३॥**
**आदानमप्रियकरं दानञ्च प्रियकारकम् । अभीप्सितानामर्थानां काले युक्तं प्रशस्यते ॥१४॥**

–मनुस्मृति (अध्याय ७/श्लोक १८४-१९२, १९४-१९६, २०३-२०४) ॥

जब राजा शत्रुसँग युद्ध गर्नको लागि जान्छ तब आफ्नो राज्यको रक्षाको प्रबन्ध र यात्राको सबै सामाग्री यथाविधि लिएर, सबै सेना, यान, वाहन, शस्त्रास्त्रादि पूर्ण लिएर, सर्वत्र दूतहरू अर्थात् चारैतिरका समाचारहरू दिने पुरुषहरूलाई गुप्त स्थापन गरेर, शत्रुतिर युद्ध गर्नको लागि जाओस् ॥१॥ तीन प्रकारको मार्ग अर्थात् पहिलो **स्थल** (भूमि) मा, दोस्रो **जल** (समुद्र या नदी) मा, तेस्रो **आकाशमार्ग**लाई शुद्ध बनाएर भूमिमार्गमा रथ, घोडा, हात्ती, जलमा नौका (डुँगा) र आकाशमा विमानादि यानबाट जाओस् । र पैदल, रथ, हात्ती, घोडा, शस्त्र, अस्त्र र खानपानादि सामाग्रीलाई यथावत् साथमा लिएर बलयुक्त पूर्ण गरेर कुनै निमित्तलाई प्रसिद्ध गरेर शत्रुको नगरको समीप विस्तारै-विस्तारै जाओस् ॥२॥ जो भित्रभित्रै शत्रुसित मिलेको छ, र आफूमाथि देखावटीरूपमा माथिबाट मित्रता राख्दछ, गुप्त तरिकाबाट त्यस्तो शत्रुलाई भेदिदिनु, त्यसलाई आउँदा-जाँदामा, त्यससँग अत्यन्त सावधानी राख्नु किनभने भित्र शत्रु र बाहिर मित्र भएर देखिने पुरुषलाई ठूलो शत्रु मान्नुपर्दछ ॥३॥ सबै राजपुरुषहरूलाई युद्ध गर्ने विद्या सिकाओस् र आफूले पनि सिकोस्, तथा अन्य प्रजाजनलाई पनि सिकाओस् । जो पूर्व शिक्षित योद्धा हुन्छन्, तिनीहरूले नै राम्रोसँग लड्न-लडाउन जान्दछन् । जब शिक्षा दिन्छ तब (दण्डव्यूह) दण्डको समान आफ्नो सेनालाई चलाओस्, (शकट॰) जसरी शकट अर्थात् गाडीकै समान, (वराह॰) जसरी सुँगुर एक अर्काको पछि दौडेर फेरि एकैसाथ मिल्दै झुण्ड बन्दछन्, त्यसरी नै, त्यस्तै गरेर (मकर॰) जसरी गोही पानीमा चल्दछ, त्यसरी नै सेनालाई बनाओस् (सूचीव्यूह) जसरी सियोको अग्रभाग सूक्ष्म पश्चात् स्थूल र त्यसबाट सूत्र स्थूल हुन्छ, त्यस्तै शिक्षा दिएर सेनालाई बनाओस्, र जसरी नीलकण्ठ (मयूर) ले माथि र तल झपट मार्दछ, त्यसरी नै सेनालाई बनाएर लडाओस् ॥४॥ जतातिरबाट भय विदित हुन्छ त्यतातिरै सेनालाई फैलाओस्, सबै सेनाका पतिहरूलाई चारैतिर राखेर (पद्मव्यूह) अर्थात् पद्माकार चारैतिरबाट सेनालाई राखेर आफू मध्यमा रहोस् ॥५॥ सेनापति र बलाध्यक्ष अर्थात् आज्ञा दिने र सेनासँग लड्ने-लडाउने वीरहरूलाई आठै दिशामा राख्नु । जतातिरबाट लडाईं भैरहेको छ त्यतैतिर सेनाको मुख फर्काउनु, परन्तु दोस्रोतिर पनि पक्का प्रबन्ध राख्नु, नत्र भने

पछाडि अथवा पार्श्व भागबाट शत्रुले घात गर्न सम्भव हुन्छ ॥६॥ जो गुल्म अर्थात् दृढ स्तम्भहरूको तुल्य युद्धविद्याले सुशिक्षित धार्मिक स्थित हुन र युद्ध गर्नमा चतुर, भयरहित, र जसको मनमा कुनै प्रकारको विकार नहोस्, उनलाई चारैतिर राखोस् ॥७॥ थोरै पुरुषहरूले धेरैसँग युद्ध गर्नु छ भने मिलाएर लडाओस् र जरुरत परेको खण्डमा तिनैलाई फैलाइदेओस् । जब नगर दुर्ग वा शत्रुको सेनामा प्रविष्ट भएर युद्ध गर्नु छ भने तब 'सूचीव्यूह' अथवा 'वज्रव्यूह' जस्तो दुई धार भएको खड्ग, दुवैतिरबाट युद्ध गर्दै जाने र प्रविष्ट पनि हुँदै जाने त्यस्तै अनेक प्रकारका व्यूह अर्थात् सेनालाई बनाएर लडाओस् । जो सामुन्ने (शतघ्नी) तोप, वा (भुशुण्डी) बन्दूक छुटिराखेका छन् भने त 'सर्पव्यूह' अर्थात् सर्पको तुल्य सुतेर जाओस्, जब तोपहरूको नजिक पुगोस् तब तिनलाई समाउँदै तोपको मुख शत्रुहरूतिरै फर्काएर तिनै तोप वा बन्दूक आदिले उनै शत्रुलाई मार्नु अथवा वृद्ध पुरुषहरूलाई तोपहरूको मुखको सामुन्ने घोडामाथि सवारी गराएर दौडाउने र बीचमा राम्रा-राम्रा सवार रहनुपर्दछ । एक पटक धावा बोलेर शत्रुको सेनालाई छिन्न-भिन्न पारेर पक्डने अथवा लखेट्ने ॥८॥ यदि समभूमिमा युद्ध गर्नु छ भने त रथ, घोडा र पदातीहरूसँग; र समुद्रमा युद्ध गर्नु छ भने त नौका; अथवा थोरै पानी भएको ठाउँमा हात्तीमा सवार भएर; वृक्ष र झाडीमा बाण; तथा स्थल बालुवामा तलवार र ढालले युद्ध गरोस्-गराओस् ॥९॥ जति वेला युद्ध हुन्छ, त्यो समयमा लडाकाहरूलाई उत्साहित र हर्षित पारोस् । जब युद्ध बन्ध हुन्छ तब जसको शौर्य र युद्धमा उत्साह हुन्छ, त्यस्तो वक्तृत्वले सबैको चित्तलाई बढाओस् । आफू भन्दा पनि अधिक लड्नेवालाहरूलाई खान-पान, अस्त्र-शस्त्र-सहाय र औषधिहरूले प्रसन्न राखोस् । बिना व्यूहको लडाईं नगरोस्, नगराओस्, लडिराखेका आफ्ना सेनाहरूको चेष्टालाई हेर्दैराखोस् कि ठीक-ठीकसँग लड्दैछन् कि कपटले लड्दैछन् ॥१०॥ कुनै वेला उचित सम्झियो भने त शत्रुलाई चारैतिरबाट घेरा हालेर राख्ने र त्यसको राज्यलाई पीडित गर्ने, शत्रुको चारा, अन्न, जल र इन्धनलाई दूषित पारेर नष्ट गरिदिने ॥११॥ शत्रुको तलाउ, नगरको प्रकोट र खाल्टाहरूलाई तोड-फोड गरिदिने, रात्रिमा तिनलाई (त्रास) भय दिएर जित्ने उपाय गर्ने ॥१२॥ जितेर तिनीहरूको साथ प्रमाण अर्थात् प्रतिज्ञादि लेखाओस् र उचित समय सम्झियौ भने त त्यसकै वंशस्थ कुनै धार्मिक पुरुषलाई राजा बनाइदेओस् र लेखाओस् कि तिमीले हाम्रो आज्ञाको अनुकूल जसरी धर्मयुक्त राजनीति हुन्छ, त्यसकै अनुसार न्यायले प्रजाको पालन गर्नुपर्ने छ, यस्तो उपदेश गरोस् र यस्ता पुरुष तिनको साथमा राखोस् कि जसबाट फेरि उपद्रव नहोस्, र जसले हार्दछ त्यसको सत्कार प्रधान पुरुषहरूको साथमा मिलेर रत्नादि उत्तम पदार्थहरू दान दिएर गरोस्, यस्तो हुन नजाओस् कि जसबाट त्यसको योगक्षेम पनि नहोस् । बन्दीगृहमा राखिएको राजा भए पनि त्यसको यथायोग्य सत्कार गरियोस् । जसबाट उसले हारेको शोकदेखि रहित भएर आनन्दले रहोस् ॥१३॥ किनभने संसारमा अर्काको पदार्थ ग्रहण गर्नु अप्रीति र दिनु प्रीतिको कारण हो । साथै विशेष गरेर समयमा उचित क्रिया गर्नु र त्यस पराजितलाई मनोवांछित पदार्थहरू दिनु असाध्यै उत्तम हो र त्यसलाई चिढाउनु हुँदैन, न त हँस्सी र ठट्टा नै गरोस्, सामुन्नेबाट **"हामीले तिमीलाई पराजित गरेका हौं"** यस्तो भनोस् किन्तु **तपाईं हाम्रो भाइ हुनुहुन्छ** इत्यादि मान्य प्रतिष्ठा सदा गरोस् ॥१४॥

**हिरण्यभूमिसंप्राप्त्या पार्थिवो न तथैधते । यथा मित्रं ध्रुवं लब्ध्वा कृशमप्यायतिक्षमम् ॥१॥**
**धर्मज्ञं च कृतज्ञं च तुष्टप्रकृतिमेव च । अनुरक्तं स्थिरारम्भं लघुमित्रं प्रशस्यते ॥२॥**
**प्राज्ञं कुलीनं शूरं च दातारमेव च । कृतज्ञं धृतिमन्तञ्च कष्टमाहुररिं बुधाः ॥३॥**
**आर्यता पुरुषज्ञानं शौर्य्यं करुणवेदिता । स्थौललक्ष्यं च सततमुदासीनगुणोदयः ॥४॥**

–मनुस्मृति (अध्याय ७/श्लोक २०८-२११) ॥

**मित्रको लक्षण–** राजा सुवर्ण र भूमिको प्राप्तिले त्यसरी बढ्दैन कि जसरी निश्चल प्रेमयुक्त भविष्यत्को कुरालाई सोच्ने र कार्य सिद्ध गर्ने समर्थ मित्र अथवा दुर्बल मित्रलाई पनि प्राप्त गरेर बढ्दछ ॥१॥ धर्मलाई जान्ने, 'कृतज्ञ' गरिएको उपकारलाई सदा मान्ने, प्रसन्नस्वभाव, अनुरागी, स्थिरारम्भी, लघु सानो मित्रलाई पनि प्राप्त गरेर, प्रशंसित हुन्छ ॥२॥ सदा यस कुराको दृढ राखोस् कि बुद्धिमान्, कुलीन्, शूरवीर, चतुर, दाता, गरिएको कुरालाई जान्ने र धैर्यवान् पुरुषलाई कहिल्यै पनि शत्रु नबनाओस्; र यस्तालाई जसले शत्रु बनाउँछ, त्यसले दुःख पाउँछ ॥३॥ **उदासीनको लक्षण–** जसमा प्रशंसित गुणयुक्त, राम्रा-नराम्रा मनुष्यको ज्ञान, शूरवीरता र करुणा पनि; स्थूललक्ष्य अर्थात् माथि-माथिको कुरालाई निरन्तर सुनाउने गरोस्, त्यसलाई **'उदासीन'** भनिन्छ ॥४॥

**एवं सर्वमिदं राजा सह सम्मन्त्र्य मन्त्रिभिः । व्यायाम्याप्लुत्य मध्याह्ने भोक्तुमन्तःपुरं विशेत् ॥**

–मनुस्मृति (अध्याय ७/श्लोक २१६) ॥

पूर्वोक्त प्रातःकालको समयमा उठेर, शौचादि सन्ध्योपासन गरेर वा गराएर, सबै मन्त्रीहरूसँग विचार-विमर्श गरेर, सैनिकहरूलाई भेट्दै, सबै भृत्य र सेनाध्यक्षहरूसँग मिलेर, तिनलाई हर्षित गराउँदै,

नानाप्रकारको व्यूहशिक्षा अर्थात् कवाज गराएर, सबै घोडा, हात्ती, गाई आदिको स्थान, शस्त्र र अस्त्रको कोश तथा वैद्यालय, धनको कोशलाई हेरेर, सबैप्रति नित्यदृष्टि राखेर जे-जति तिनमा खोट छ भने निकालेर, व्यायामशालामा गएर व्यायाम गर्ने, भोजनको लागि **अन्तःपुरमा** अर्थात् पत्नी आदिको निवासस्थानमा प्रवेश गरोस् र भोजन सुपरीक्षित, बुद्धिबलपराक्रमवर्द्धक, रोगविनाशक, अनेक प्रकारको अन्न-व्यञ्जन पान आदि सुगन्धित मिष्टादि अनेक रसयुक्त उत्तम गरोस् कि जसबाट सदा सुखी रहन सकियोस् । यस प्रकारबाट राज्यको सबै उन्नति गर्ने गर्नू ।

## व्यापार आदि तथा राजभागको कथन (६.१६)

प्रजासँग राजाले कसरी **कर** लिनुपर्दछ यसको प्रकार–

**पञ्चाशद्भाग आदेयो राज्ञा पशुहिरण्ययोः । धान्यानामष्टमो भागः षष्ठो द्वादश एव वा ॥**

–मनुस्मृति (अध्याय ७/श्लोक १३०) ॥

व्यापार गर्ने व्यापारी वा शिल्पीलाई सुवर्ण र चाँदीको जति लाभ हुन्छ त्यसमा पाँचौं भाग, चामल आदि अन्नमा छैटौं, आठौं वा बाह्रौं भाग लिने गरोस् र जुन धन लिइन्छ त्यो पनि यस प्रकारले लियोस् कि जसबाट किसान आदि खान-पिन र धनले रहित भएर दुःख नपाऊन् । किनभने प्रजा धनाढ्य, आरोग्य खान-पान आदिले सम्पन्न रहेमा नै राजाको ठूलो उन्नति हुन्छ । प्रजालाई आफ्नै सन्तान सदृश सुख देओस् र प्रजाले आफ्नो पिता सदृश राजा र महापुरुषहरूलाई जानोस् । यो कुरो ठीक हो कि राजाहरूका राजा किसान आदि परिश्रम गर्नेहरू हुन् र राजा तिनको रक्षक हो । यदि प्रजा नै भएन भने त राजा के कामको ? र राजा नै भएन भने त प्रजा कसको भन्ने ? दुइटै आफ्नो काममा स्वतन्त्र र मिसिएको काममा परतन्त्र रहून् । प्रजाको साधारण सम्मतिको विरुद्धमा राजा वा राजपुरुष नहून्, राजाको आज्ञाको विरुद्ध राजपुरुष वा प्रजा नबनून्, यो राजाको राजकीय निज काम अर्थात् जसलाई **'राजनीति'** भन्दछन्, संक्षेपमा यहाँ बताइयो । अब यस भन्दा विशेष हेर्न चाहेमा चारैवेद र मनुस्मृति, शास्त्रहरूलाई हेरेर निश्चय गर्नू ।

र जसले प्रजालाई न्याय गर्न चाहन्छ, त्यसले मनुस्मृतिको अष्टमाध्याय आदिलाई रीतिपूर्वक हेरेर मनन गर्नुपर्दछ । परन्तु यहाँ पनि संक्षेपले लेखिन्छ–

## अट्ठाह्र विवादास्पद मार्गहरूमा धर्म एवं न्यायले चल्ने रीति (६.१७)

**प्रत्यहं देशदृष्टैश्च शास्त्रदृष्टैश्च हेतुभिः । अष्टादशसु मार्गेषु निबद्धानि पृथक् पृथक् ॥१॥**
**तेषामाद्यमृणादानं निक्षेपोऽस्वामिविक्रयः । संभूय च समुत्थानं दत्तस्यानपकर्म च ॥२॥**
**वेतनस्यैव चादानं संविदश्च व्यतिक्रमः । क्रयविक्रयानुशयो विवादः स्वामिपालयोः ॥३॥**
**सीमाविवादधर्मश्च पारुष्ये दण्डवाचिके । स्तेयं च साहसं चैव स्त्रीसङ्ग्रहणमेव च ॥४॥**
**स्त्रीपुंधर्मो विभागश्च द्यूतमाह्वय एव च । पदान्यष्टादशैतानि व्यवहारस्थिताविह ॥५॥**
**तेषु स्थानेषु भूयिष्ठं विवादं चरतां नृणाम् । धर्मं शाश्वतमाश्रित्य कुर्यात्कार्यविनिर्णयम् ॥६॥**
**धर्मो विद्धस्त्वधर्मेण सभां यत्रोपतिष्ठते । शल्यं चास्य न कृन्तन्ति विद्धास्तत्र सभासदः ।७॥**
**सभा वा न प्रवेष्टव्या वक्तव्यं वा समञ्जसम् । अब्रुवन्विब्रुवन्वापि नरो भवति किल्विषी ॥८॥**
**यत्र धर्मो ह्यधर्मेण सत्यं यत्रानृतेन च । हन्यते प्रेक्षमाणानां हतास्तत्र सभासदः ॥९॥**
**धर्म एव हतो हन्ति धर्मो रक्षति रक्षितः । तस्माद्धर्मो न हन्तव्यो मा नो धर्मो हतोऽवधीत् ॥१०॥**
**वृषो हि भगवान्धर्मस्तस्य यः कुरुते ह्यलम् । वृषं तं विदुर्देवास्तस्माद्धर्मं न लोपयेत् ॥११॥**
**एक एव सुहृद्धर्मो निधनेऽप्यनुयाति यः । शरीरेण समं नाशं सर्वमन्यद्धि गच्छति ॥१२॥**
**पादोऽधर्मस्य कर्त्तारं पादः साक्षिणमृच्छति । पादः सभासदः सर्वान् पादो राजानमृच्छति ॥१३॥**
**राजा भवत्यनेनास्तु मुच्यन्ते च सभासदः । एनो गच्छति कर्त्तारं निन्दार्हो यत्र निन्द्यते ॥१४॥**

–मनुस्मृति (अध्याय ८/श्लोक ३-८, १२-१९) ॥

सभा, राजा र राजपुरुष सबैजना देशाचार र शास्त्रव्यवहार हेतुहरूदेखि निम्नलिखित अट्ठाह्र विवादास्पद मार्गहरूमा विवादयुक्त कर्महरूको निर्णय प्रतिदिन गर्ने गर्नु । र जुन-जुन नियम शास्त्रोक्त नपाइएमा र तिनको हुनुपर्ने आवश्यकता ठहरिएमा त उत्तमोत्तम नियम बाँधेर चलाउनु जसबाट राजा र प्रजाको उन्नति होस् ॥१॥ अट्ठाह्र मार्ग यी हुन्– तिनमा **१- (ऋणादान)** कसैसँग ऋण लेन-देनमा विवाद । **२-(निक्षेप)** धरौटि अर्थात् कसैले कसैसँग पदार्थ धरौटि राखेको छ र माग्दा दिँदैन । **३-(अस्वामिविक्रयः)** अर्काको पदार्थलाई दोस्रै मान्छेले बेचिदिने । **४-(संभूय च समुत्थानम्)** मिलेमतो गरेर कसैमाथि अत्याचार गर्नु । **५-(दत्तस्यानपकर्म च)** दिएको पदार्थलाई नदिनु । **६-(वेतनस्यैव चादानम्)** वेतन अर्थात् कुनै पनि नोकरीबाट लिनु वा थोरै दिनु अथवा दिँदै नदिनु । **७-(संविदश्च व्यतिक्रमः)** प्रतिज्ञादेखि विरुद्ध वर्त्तिनु । **८-(क्रयविक्रयानुशय)** अर्थात् लेन-देनमा झगडा हुनु । **९-विवादः स्वामिपालयोः)** पशुको स्वामी र वस्तु

पाल्नेवालासँगको झगडा । १०-सीमाको विवाद । ११-कसैलाई कठोर दण्ड दिनु । १२-कठोर वाणी बोल्नु । १३-चोरी वा डकैती मार्नु । १४-कुनै काम बलात्कारले गर्नु । १५-कसैकी स्त्री वा पुरुषमा व्यभिचार हुनु । १६-स्त्री र पुरुषको धर्ममा व्यतिक्रम हुनु । १७-विभाग (अंशबण्डा) दायभागमा वाद उठ्नु । १८-द्यूत अर्थात् जड पदार्थ र समाह्वय अर्थात् चेतनलाई दाउमा राखेर जुवा खेल्नु । यी अट्ठाह्र प्रकारका परस्पर विरुद्ध व्यवहारहरूका स्थान हुन् ॥५॥ यी व्यवहारहरूमा धेरै विवाद गर्ने पुरुषहरूलाई न्यायको सनातनधर्मको आश्रय अर्थात् तराजुबाट निर्णय गर्ने गर्नु, अर्थात् कसैलाई पनि पक्षपात कहिल्यै नगर्नु ॥६॥ जुन सभामा अधर्मले घाइते भएर धर्म उपस्थित हुन्छ; यदि त्यसको शल्य अर्थात् तीरवत् धर्मको कलङ्कलाई निकालेर अधर्मको छेदन गर्दैन भने, अर्थात् धर्मीलाई मानेर अधर्मीलाई दण्ड दिँदैनभने, त्यस सभामा जति सभासद छन् ती सबै घाइतेकै समान भएको सम्झिइन्छ ॥७॥ धार्मिक मनुष्यलाई यो योग्य हुन्छ कि सभामा कहिल्यै प्रवेश नगरोस्, यदि प्रवेश गर्नै परेमा पनि प्रवेश गरेर सत्य नै बोलोस्; जो कुनै सभामा अन्याय भैरहेको देखेर पनि चुप रहन्छ, अथवा सत्य न्यायको विरुद्ध बोल्दछ, त्यो महापापी हुन्छ ॥८॥ जुन सभामा अधर्मले धर्म, असत्यले सत्य सबै सभासदहरूले हेर्दाहेर्दैमा मारिन्छ, त्यस सभामा भएका जति सबै मृतकका समान हुन्, तिनीहरूमा जीउँदो कोही पनि हुँदैन ॥९॥ मरेको धर्मले मार्नेवालाको नाश र रक्षित गरिएको धर्मले रक्षकको रक्षा गर्दछ, त्यसैले धर्मको हनन गहिल्यै पनि नगर्नु, कारण कि मारिएको धर्मले कहिल्यै पनि आफूलाई नमारोस् ॥१०॥ जो सबै ऐश्वर्यहरूलाई दिने र सुखको वर्षा गराउनेवाला धर्म हो, त्यसको लोप गर्दछ भने त्यसलाई मान्छेहरूले 'वृषल' अर्थात् शूद्र र नीच भन्दछन् । त्यसैले कुनै पनि मनुष्यले धर्मको लोप गर्न उचित हुँदैन ॥११॥ यस संसारमा एउटै मात्र धर्म सुहृद् हो, जुन मृत्यु पश्चात् पनि साथ चल्दछ; र सबै पदार्थ वा सङ्गी, शरीरको नाश हुनासाथ नै नाशलाई प्राप्त हुन्छन्, अर्थात् सबैको सङ्ग छुट्दछ परन्तु धर्मको सङ्ग कहिल्यै पनि छुट्दैन ॥१२॥ जब राजसभामा पक्षपातबाट अन्याय गरिन्छ भने त्यहाँ अधर्मको चार विभाग हुन जान्छ, त्यसमा पहिलो अधर्मको कर्ता, दोस्रो साक्षी, तेस्रो सभासदहरू र चौथो पाद अधर्मी सभाको सभापति राजालाई प्राप्त हुन्छ ॥१३॥ जुन सभामा निन्दाका योग्यहरूको निन्दा, स्तुतिका योग्यहरूको स्तुति, दण्डका योग्यहरूलाई दण्ड र मान्यका योग्यहरूलाई मान्यता प्राप्त हुन्छ, त्यहाँ राजा र सभासद पापदेखि रहित र पवित्र हुन्छन्, पापको **कर्ता**लाई नै पाप प्राप्त हुन्छ ॥१४॥

## साक्षीको लागि कर्तव्य र उपदेश (६.१८)

अब साक्षी कस्तो हुनुपर्दछ–

**आप्ताः सर्वेषु वर्णेषु कार्य्याः कार्येषु साक्षिणः । सर्वधर्मविदोऽलुब्धा विपरीतांस्तु वर्जयेत् ॥१॥**
**स्त्रीणां साक्ष्यं स्त्रियः कुर्युर्द्विजानां सदृशा द्विजाः । शूद्राश्च सन्तः शूद्राणामन्त्यानामन्त्ययोनयः ॥२॥**
**साहसेषु च सर्वेषु स्तेयसङ्ग्रहणेषु च । वाग्दण्डयोश्च पारुष्ये न परीक्षेत साक्षिणः ॥३॥**
**बहुत्वं परिगृह्णीयात् साक्षिद्वैधे नराधिपः । समेषु तु गुणोत्कृष्टान् गुणिद्वैधे द्विजोत्तमान् ॥४॥**
**समक्षदर्शनात्साक्ष्यं श्रवणाच्चैव सिध्यति । तत्र सत्यं ब्रुवन्साक्षी धर्मार्थाभ्यां न हीयते ॥५॥**
**साक्षी दृष्टश्रुतादन्यद्विब्रुवन्नार्य्यसंसदि । अवाङ्नरकमभ्येति प्रेत्य स्वर्गाच्च हीयते ॥६॥**
**स्वभावेनैव यद् ब्रूयुस्तद् ग्राह्यं व्यावहारिकम् । अतो यदन्यद्विब्रूयुधर्ममर्थं तदपार्थकम् ॥७॥**
**सभान्तः साक्षिणः प्राप्तानर्थिप्रत्यर्थिसन्निधौ । प्राड्विवाकोऽनुयुञ्जीत विधिनाऽनेन सान्त्वयन् ॥८॥**
**यद् द्वयोरनयोर्वेत्थ कार्येऽस्मिँश्चेष्टितं मिथः । तद् ब्रूत सर्वं सत्येन युष्माकं ह्यत्र साक्षिता ॥९॥**
**सत्यं साक्ष्ये ब्रुवन्साक्षी लोकानाप्नोति पुष्कलान् । इह चानुत्तमां कीर्तिं वागेषा ब्रह्मपूजिता ॥१०॥**
**सत्येन पूयते साक्षी धर्मः सत्येन वर्द्धते । तस्मात्सत्यं हि वक्तव्यं सर्ववर्णेषु साक्षिभिः ॥११॥**
**आत्मैव ह्यात्मनः साक्षी गतिरात्मा तथात्मनः । मावमंस्थाः स्वमात्मानं नृणां साक्षिणमुत्तमम् ॥१२॥**
**यस्य विद्वान् हि वदतः क्षेत्रज्ञो नाभिशङ्कते । तस्मान्न देवाः श्रेयांसं लोकेऽन्यं पुरुषं विदुः ॥१३॥**
**एकोऽहमस्मीत्यात्मानं यत्त्वं कल्याण मन्यसे । नित्यं स्थितस्ते हृद्येषः पुण्यपापेक्षिता मुनिः ॥१४॥**

–मनुस्मृति अध्याय (८/श्लोक ६३, ६८, ७२-७५, ७८-८१, ८३, ८४, ९६, ९१) ॥

सबै वर्णहरूमा धार्मिक, विद्वान्, निष्कपटी, सबै प्रकारबाट धर्मलाई जान्ने, लोभरहित, सत्यवादीहरूलाई न्यायव्यवस्थामा साक्षी राख्नु, यी देखि विपरीतहरूलाई कहिल्यै नराख्नु ॥१॥ स्त्रीहरूका साक्षी स्त्री, द्विजहरूका साक्षी द्विज; शूद्रहरूका शूद्र र अन्त्यजहरूका अन्त्यज नै साक्षीमा राख्नु ॥२॥ जति बलात्कारको काम, चोरी, व्यभिचार; कठोर वचन, दण्डनिपातन रूप अपराध छन्, यिनमा साक्षीको परीक्षा नलिनु र अत्यावश्यक पनि नसम्झनु, किनभने यी काम सबै गुप्त हुन्छन् ॥३॥ दुवैतिरका साक्षीहरूमा बहुपक्षानुसार, तुल्य साक्षीमा उत्तम गुणी पुरुषलाई साक्षीको अनुकूल, र दुइटैका साक्षी उत्तम गुणी र तुल्य छन् भने **'द्विजोत्तम'** अर्थात् ऋषि, महर्षि र यतिहरूको साक्षीको अनुसार न्याय गर्ने गर्नु ॥४॥ दुई प्रकारबाट

साक्षी हुनको लागि सिद्ध हुन्छ– एक साक्षात् देख्नाले र दोस्रो सुन्नाले; जब सभामा सोधिन्छ तब साक्षीले सत्य बोलोस्, त्यो धर्महीन र दण्डको योग्य नहोस् र जुन साक्षीले मिथ्या बोल्दछ, त्यो यथायोग्य दण्डनीय होस् ॥५॥ जसले राजसभा वा कुनै उत्तम पुरुषहरूको सभामा देखेको र सुनेको भन्दा विपरीत साक्षी बकेमा त त्यो (अवाङ्नरक) अर्थात् जिह्वाको छेदनबाट दुःखरूप नरकलाई वर्तमान समयमा प्राप्त होस्, र मरेपश्चात् सुखदेखि हीन बनोस् ॥६॥ साक्षीको त्यस वचनलाई मान्नु जुन स्वभावैले त्यस व्यवहार-सम्बन्धी वचन बोल्दछ र यसदेखि भिन्न सिकाइएको जुन-जुन वचन बोल्दछ, त्यस-त्यसलाई न्यायाधीशले व्यर्थ सम्झियोस् ॥७॥ जब अर्थी (वादी) र प्रत्यर्थी (प्रतिवादी) को सामुन्ने सभाको समीपमा प्राप्त भएका साक्षीहरूलाई शान्तिपूर्वक न्यायाधीश र प्राड्विपाक अर्थात् वकिल वा बैरिस्टरले यस प्रकारले सोधोस् ॥८॥ –हे साक्षीहरू हो ! यस कार्यमा यी दुइटाको परस्पर कर्ममा जे तिमीले जान्दछौ; त्यसलाई सत्यको साथमा भन, किनभने तिमी त्यस कार्यमा साक्षिता छौ ॥९॥ किनभने जुन साक्षीले सत्य बोल्दछ, त्यो जन्मान्तरमा उत्तम जन्म र उत्तम लोकान्तरहरूमा जन्म प्राप्त गरेर सुख भोग्दछ । यस जन्म वा परजन्ममा उत्तम कीर्तिलाई प्राप्त गर्दछ, किनभने जुन यो वाणी हो त्यही वेदहरूमा सत्कार र तिरस्कारको कारण लेखिएको छ । जसले सत्य बोल्दछ त्यो प्रतिष्ठित र मिथ्यावादी निन्दित हुन्छ ॥१०॥ सत्य बोल्नाले साक्षी पवित्र हुन्छ, र सत्य नै बोल्नाले धर्म बढ्दछ; त्यसैले सबै वर्णहरूमा साक्षीहरूले सत्य नै बोल्ने गर्नुपर्दछ ॥११॥ आत्माको साक्षी आत्मा, र आत्माको गति आत्मा हो; यसलाई जानेर हे पुरुष ! तँ सबै मनुष्यको उत्तम साक्षी आफ्नो आत्माको अपमान नगर अर्थात् यही सत्यभाषण हो कि जुन तेरो आत्मा, मन र वाणीमा एउटै छ त्यो सत्य र यसदेखि विपरीत त्यो मिथ्याभाषण हो ॥१२॥ जुन बोल्दै गरेको पुरुषको विद्वान् 'क्षेत्रज्ञ' अर्थात् शरीरलाई जान्ने आत्माले भित्रभित्रै शङ्का प्राप्त गर्दैन; त्यसदेखि भिन्न विद्वान्हरू कसैलाई उत्तम पुरुष जान्दैनन् ॥१३॥ हे कल्याणको इच्छा गर्ने पुरुष ! जो तँ "म एक्लै छु" यस्तो आफ्नो आत्मामा जानेर मिथ्या बोल्दछस् त्यो ठीक होइन किन्तु जुन दोस्रो तेरो हृदयमा अन्तर्यामीरूपबाट परमेश्वर पुण्य-पापलाई हेर्नेवाला मुनि स्थित छ, त्यस परमात्मादेखि डराएर सधैं सत्य बोल्ने गर्नु ॥१४॥

## झुटा साक्षीको लागि दण्ड विधि (६.१९)

**लोभान्मोहाद्भयान्मैत्रात्कामात्क्रोधात्तथैव च । अज्ञानाद् बालभावाच्च साक्ष्यं वितथमुच्यते ॥१॥**
**एषामन्यतमे स्थाने यः साक्ष्यमनृतं वदेत् । तस्य दण्डविशेषाँस्तु प्रवक्ष्याम्यनुपूर्वशः ॥२॥**
**लोभात्सहस्रं दण्डचस्तु मोहात्पूर्वन्तु साहसम् । भयाद् द्वौ मध्यमौ दण्डचौ मैत्रात्पूर्वं चतुर्गुणम् ॥३॥**
**कामाद्दशगुणं पूर्वं क्रोधात्तु त्रिगुणं परम् । अज्ञानाद् द्वे शते पूर्णे बालिश्याच्छतमेव तु ॥४॥**
**उपस्थमुदरं जिह्वा हस्तौ पादौ च पञ्चमम् । चक्षुर्नासा च कर्णौ च धनं देहस्तथैव च ॥५॥**
**अनुबन्धं परिज्ञाय देशकालौ च तत्त्वतः । साराऽपराधौ चालोक्य दण्डं दण्डचेषु पातयेत् ॥६॥**
**अधर्मदण्डनं लोके यशोघ्नं कीर्त्तिनाशनम् । अस्वर्ग्यञ्च परत्रापि तस्मात्तत्परिवर्जयेत् ॥७॥**
**अदण्डचान्दण्डयन् राजा दण्डचांश्चैवाप्यदण्डयन् । अयशो महदाप्नोति नरकं चैव गच्छति ॥८॥**
**वाग्दण्डं प्रथमं कुर्याद्धिग्दण्डं तदनन्तरम् । तृतीयं धनदण्डं तु वधदण्डमतः परम् ॥९॥**

–मनुस्मृति (अध्याय ८/श्लोक ११८-१२१, १२५-१२९) ॥

**द्रष्टव्यः** यसमा दण्डको रकम अहिलेको विनिमय अनुसार मिलाएर राखिएको छ ।

जसले लोभ, मोह, भय, मित्रता, काम, क्रोध, अज्ञान र बालकपनबाट साक्षी दिन्छ भने त्यो सबैलाई मिथ्या सम्झनु ॥१॥ यी मध्येका कुनै स्थानमा साक्षीले झुट बोले त्यसलाई वक्ष्यमाण अनेकविध दण्ड दिने गर्नु ॥२॥ जो लोभले झुटो साक्षी दिन्छ भने त्यसलाई २५ रुपैयाँ दण्ड लेओस्, जसले मोहबाट झुटो साक्षी दिन्छ ५ रुपैयाँ, जसले भयबाट मिथ्या साक्षी दिन्छ १० रुपैयाँ, जसले मित्रताको कारणले झुटो साक्षी दिन्छ त्यसलाई २० रुपैयाँ ॥३॥ जसले कामनाबाट प्रेरित भएर झुटो साक्षी दिन्छ त्यसलाई ४० रुपैयाँ, जसले क्रोधबाट साक्षी दिन्छ त्यसलाई ७४ रुपैयाँ, जसले अज्ञानबाट साक्षी दिन्छ १० रुपैयाँ, जसले बालकपनबाट मिथ्या साक्षी दिन्छ ३ रुपैयाँ दण्ड लगाउनुपर्दछ ॥४॥ दण्डका उपस्थेन्द्रिय, उदर, जिह्वा, हात, खुट्टा, आँखा, नाक, कान, धन र देह यी दश स्थान हुन् जसमा दण्ड दिने गरिन्छ ॥५॥ परन्तु जति-जति दण्ड लेखिएको छ र लेखिनेछ जस्तै लोभले झुटो साक्षी दिंदामा २५ रुपैयाँ लेखिएको छ परन्तु त्यो यदि अत्यन्त निर्धन छ भने त त्यसभन्दा थोरै र यदि धनाढच छ भने त त्यस भन्दा दुईगुणा, तीनगुणा, चौगुणा सम्म पनि लेओस् अर्थात् जस्तो देश, काल, पुरुष र अपराधको प्रकृति हेरेर त्यसलाई त्यस्तै दण्ड-सजायँ लगाउनु ॥६॥ किनभने यस संसारमा जुन अधर्मले दण्ड गराइन्छ, त्यसले पूर्व प्रतिष्ठा, वर्तमान र भविष्यत्मा हुने कीर्तिलाई नाश गर्दछ र परजन्ममा पनि दुःखदायक हुन्छ, त्यसैले अधर्मयुक्त दण्ड कसैमाथि नगर्नु ॥७॥ जो राजा दण्डनीयलाई दण्ड नदिने र अदण्डनीयलाई दण्ड दिने गर्दछ अर्थात् दण्ड दिन योग्यलाई छोडिदिन्छ त्यसले

जीउँदैमा घोर निन्दा र मरेपछि ठूलो दुःखलाई प्राप्त गर्दछ, त्यसैले जसले अपराध गर्दछ त्यसलाई सदा दण्ड र अनपराधीलाई दण्ड कहिल्यै पनि नदेओस् ॥८॥ प्रथम वाणीको दण्ड अर्थात् त्यसको 'निन्दा', दोस्रो 'धिक्' अर्थात् तँलाई धिक्कार छ कि तैंले यस्तो नराम्रो काम गरिस्, तेस्रो 'धनदण्ड' अर्थात् 'धन लिनु' र 'वध' दण्ड अर्थात् त्यसलाई कोर्रा वा बेतको लाठीले हान्नु वा शिर काटिदिनु ॥९॥

## चोरको लागि दण्डको व्याख्या (६.२०)

**येन येन यथाङ्गेन स्तेनो नृषु विचेष्टते । तत्तदेव हरेदस्य प्रत्यादेशाय पार्थिवः ॥१॥**
**पिताचार्य्यः सुहृन्माता भार्य्या पुत्रः पुरोहितः । नादण्डचो नाम राज्ञोऽस्ति यः स्वधर्मे न तिष्ठति ॥२॥**
**कार्षापणं भवेद्दण्डचो यत्रान्यः प्राकृतो जनः । तत्र राजा भवेद्दण्डचः सहस्रमिति धारणा ॥३॥**
**अष्टापाद्यन्तु शूद्रस्य स्तेये भवति किल्विषम् । षोडशैव तु वैश्यस्य द्वात्रिंशत्क्षत्रियस्य च ॥४॥**
**ब्राह्मणस्य चतुःषष्टिः पूर्णं वापि शतं भवेत् । द्विगुणा वा चतुःषष्टिस्तद्दोषगुणविद्धि सः ॥५॥**
**ऐन्द्रं स्थानमभिप्रेप्सुर्यशश्चाक्षयमव्ययम् । नोपेक्षेत क्षणमपि राजा साहसिकं नरम् ॥६॥**
**वाग्दुष्टात्तस्कराच्चैव दण्डेनैव च हिंसतः । साहसस्य नरः कर्त्ता विज्ञेयः पापकृत्तमः ॥७॥**
**साहसे वर्त्तमानं तु यो मर्षयति पार्थिवः । स विनाशं व्रजत्याशु विद्वेषं चाधिगच्छति ॥८॥**
**न मित्रकारणाद्राजा विपुलाद्वा धनागमात् । समुत्सृजेत् साहसिकान् सर्वभूतभयावहान् ॥९॥**
**गुरुं वा बालवृद्धौ वा ब्राह्मणं वा बहुश्रुतम् । आततायिनमायान्तं हन्यादेवाविचारयन् ॥१०॥**
**नाततायिवधे दोषो हन्तुर्भवति कश्चन । प्रकाशं वाऽप्रकाशं वा मन्युस्तन्मन्युमृच्छति ॥११॥**
**यस्य स्तेनः पुरे नास्ति नान्यस्त्रीगो न दुष्टवाक् । न साहसिकदण्डघ्नौ स राजा शक्रलोकभाक् ॥१२॥**

–मनुस्मृति (अध्याय ८/श्लोक ३३४-३३८, ३४४-३४७, ३५०-३५१, ३८६) ॥

चोर जुन प्रकारले जुन-जुन अङ्गद्वारा मनुष्यको विरुद्ध चेष्टा गर्दछ; त्यस-त्यस अङ्गलाई मनुष्यको शिक्षाको लागि राजाले हरण अर्थात् छेदन गरिदेओस् ॥१॥ चाहे पिता, आचार्य, मित्र, माता, स्त्री, पुत्र र पुरोहित नै किन नहोस्; जो स्वधर्ममा स्थित रहँदैन, त्यो राजाको अदण्डच हुँदैन । अर्थात् जब राजा न्यायासनमा बसेर न्याय गर्दछ तब कसैको पक्षपात नगरोस् किन्तु यथोचित दण्ड देओस् ॥२॥ जुन अपराधमा साधारण मनुष्यलाई एक पैसा दण्ड हुन्छ; त्यसै अपराधमा राजालाई हजार पैसा दण्ड होओस् अर्थात् साधारण मनुष्यको भन्दा राजालाई हजार गुणा दण्ड हुनुपर्दछ । दिवान अर्थात् राजाका मन्त्रीलाई आठ सय गुणा, त्यस भन्दा न्यूनलाई सात सय गुणा र त्यस भन्दा पनि न्यूनलाई छः सय गुणा, यसै प्रकार उत्तर-उत्तर अर्थात् जुन एक सानो भन्दा सानो भृत्य अर्थात् चपरासी हो, त्यसलाई आठ गुणा भन्दा कम्ती हुनुहुँदैन । किनभने यदि प्रजापुरुषहरू भन्दा राजपुरुषहरूलाई अधिक दण्ड हुँदैन भने त राजपुरुषहरूले प्रजापुरुषहरूको नाश गरिदिन्छन् । जसरी सिंह अधिक र बाख्रा थोरै हुँदामा वशमा परिहाल्दछ । त्यसैले राजादेखि लिएर साना भन्दा साना भृत्य पर्यन्त राजपुरुषहरूलाई अपराधमा प्रजापुरुषहरूको भन्दा अधिक दण्ड हुनुपर्दछ ॥३॥ त्यसरी नै जो विवेकी हुँदै चोरी गर्दछ, त्यस शूद्रको चोरीमा आठ गुणा, वैश्यलाई सोह्र गुणा, क्षत्रियलाई बत्तीस गुणा ॥४॥ ब्राह्मणलाई चौसट्ठी गुणा वा सय गुणा अथवा एक सय अट्ठाईस गुणा दण्ड दिनुपर्दछ । अर्थात् जसको जति ज्ञान र प्रतिष्ठा अधिक हुन्छ, त्यसको अपराधमा उतिनै अधिक दण्ड हुनुपर्दछ ॥५॥ राज्यको अधिकारी, धर्म र ऐश्वर्यलाई चाहने राजाले बलात्कार काम गर्ने डाँकूहरूलाई दण्ड दिनमा एक क्षण पनि विलम्ब गर्नुहुँदैन ॥६॥

**साहसिक पुरुषको लक्षण यस्तो हुन्छ–**

जसले दुष्ट वचन बोल्दछ, चोरी गर्दछ, बिना अपराधबाट दण्ड दिने भन्दा पनि साहस बलात्कार-काम गर्ने वाला अतीव पापी दुष्ट हो ॥७॥ जुन राजा साहसमा वर्तमान पुरुषलाई दण्ड नदिएर सहन गर्दछ, त्यो राजा शीघ्र नै नाशलाई प्राप्त हुन्छ र राज्यमा द्वेष उठ्दछ ॥८॥ न मित्रता, न पुष्कल धनको प्राप्तिले पनि, राजा सबै प्राणीहरूलाई दुःख दिने साहसिक मनुष्यलाई बन्धन-छेदन गरे बिना कहिल्यै नछोड्नु ॥९॥ चाहे गुरु होस्, चाहे पुत्रादि बालक होस्, चाहे पिता आदि वृद्ध होस्, चाहे ब्राह्मण र चाहे धेरै शास्त्रहरूको श्रोता किन नहोस्; जसले धर्मलाई छोडेर अधर्मलाई वर्तमान बिना अपराध अर्कालाई मार्नेवाला, यस्तालाई बिना विचार मारिहाल्नुपर्दछ र मारेपछि मात्रै विचार गर्नुपर्दछ ॥१०॥ दुष्ट पुरुषहरूलाई मार्दामा हन्तालाई पाप हुँदैन; चाहे प्रसिद्ध मारोस् चाहे अप्रसिद्ध, किनभने क्रोधीलाई क्रोधले नै मार्नुपर्दछ अर्थात् क्रोधसँग क्रोधको नै लडाईं हुन्छ ॥११॥ जुन राजाको राज्यमा न चोर, न परस्त्रीगामी, न दुष्ट वचन बोल्नेवाला, न साहसिक डाँकू र नदण्डघ्न अर्थात् राजाको आज्ञालाई भङ्ग गर्नेवाला हुँदैन, त्यो राजा अतीव श्रेष्ठ हो ॥१२॥

**भर्त्तारं लङ्घयेद्या स्त्री स्वज्ञातिगुणदर्पिता । तां श्वभिः खादयेद्राजा संस्थाने बहुसंस्थिते ॥१॥**
**पुमांसं दाहयेत्पापं शयने तप्त आयसे । अभ्यादध्युश्च काष्ठानि तत्र दह्येत पापकृत् ॥२॥**

**दीर्घाध्वनि यथादेशं यथाकालं तरो भवेत् । नदीतीरेषु तद्विद्यात् समुद्रे नास्ति लक्षणम् ॥३॥**
**अहन्यहन्यवेक्षेत कर्मान्तान्वाहनानि च । आयव्ययौ च नियतावाकरान्कोषमेव च ॥४॥**
**एवं सर्वानिमान् राजा व्यवहारान्समापयन् । व्यपोह्य किल्विषं सर्वं प्राप्नोति परमां गतिम् ॥५॥**

–मनुस्मृति (अध्याय ८/श्लोक ३७१-३७२, ४०६, ४१९-४२०) ॥

जुन स्त्री आफ्नो जाति गुणको घमण्डले पतिलाई छोडेर व्यभिचार गर्दछे, त्यसलाई थुप्रै स्त्री र पुरुषहरूको सामुन्ने तालिम प्राप्त कुकुरहरूबाट टोकाएर मार्नु ॥१॥ त्यसरी नै आफ्नी स्त्रीलाई छोडेर परस्त्री वा वेश्यागमन गर्दछ भने, त्यस पापीलाई फलामको पलंगलाई अग्निमा तताएर रातो बनाउँदै त्यसमाथि सुताएर सबैको सामुन्ने भस्म गरिदिनु ॥२॥

**प्रश्न**– यदि राजा वा रानी अथवा न्यायाधीश वा उसकी स्त्रीले व्यभिचारादि कुकर्म गरे भने त तिनलाई कसले दण्ड दिने त ?

**उत्तर**– सभा, अर्थात् तिनलाई प्रजापुरुषहरूको भन्दा पनि अधिक दण्ड मिल्नुपर्दछ ।

**प्रश्न**– राजादिले तिनीहरूबाट दण्ड किन ग्रहण गर्ने ?

**उत्तर**– राजा पनि एउटा पुण्यात्मा भाग्यशाली मनुष्य हो । जब उसलाई दण्ड नदिने र उसले दण्ड ग्रहण नगरे त अरू मान्छेले किन मान्ने ? र जब सबै प्रजा र प्रधान राज्याधिकारी र सभा धार्मिकताले दण्ड दिन चाहन्छन् भने त एक्लो राजाले के गर्न सक्दछ र ? यदि यस्तो व्यवस्था भएन भने त राजा प्रधान र सबै समर्थ पुरुष अन्यायमा डुबेर न्यायधर्मलाई डुबाउँदै सबै प्रजाको नाश गर्दछ र आफू पनि नष्ट हुन जान्छ अर्थात् श्लोकको अर्थलाई स्मरण गर कि न्याययुक्त दण्डको नै नाम राजा र धर्म हो, जसले यसको लोप गर्दछ, त्यो भन्दा नीच अरू को हुन सक्दछ र ?

**प्रश्न**– यस्तो कडा दण्ड हुनु उचित भएन, किनभने मनुष्यले कुनै अङ्गलाई बनाउन वा जिलाउन सक्दैन, त्यसैले यस्तो दण्ड दिनुहुँदैन ।

**उत्तर**– जसले यसलाई कडा दण्ड मान्दछन्, तिनीहरूले राजनीतिलाई बुझ्दैनन्, किनभने एक पुरुषलाई यस प्रकारको दण्ड मिल्नाले सबै जना नराम्रो काम गर्नदेखि पछि हट्नेछन्, घटिया काम गर्ने छैनन् । नराम्रो कामलाई छोडेर धर्ममार्गमा स्थित रहनेछन् । यसबाट साँच्चो कुरा के भने एउटा तोरीको गेडाजत्ति पनि यो दण्ड सबैको भागमा पर्नेछैन र यदि सुगम दण्ड दिइयो भने त दुष्ट काम बढेर जानेछ । जसलाई तिमीले सुगम दण्ड भन्दछौ, त्यो करोडौं गुणा अधिक हुनाले करोडौं गुणा कठिन हुन्छ, किनभने जब धेरै मान्छेले दुष्ट कर्म गर्नेछन् तब थोरै-थोरै दण्ड पनि दिनुपर्दछ । अर्थात् जस्तै एउटालाई मनभरी दण्ड भयो भने अर्कोलाई पाउभरी त पाउभरी भन्दा अधिक, एक मन दण्ड हुन्छ भने त प्रत्येक मनुष्यको भागमा आधापाउ बीससेर दण्ड पऱ्यो, सुगम दण्डलाई दुष्टहरूले के सम्झन्छन् ? जसरी एउटालाई एक मन १००० र हजार मनुष्यलाई पाउ-पाउ दण्ड भयो भने त छः सवा छः मनुष्य जातिमा दण्ड हुनाले अधिक र यही कडा तथा यो एक मन दण्ड न्यून र सुगम हुन्छ ।

जुन लामो मार्गमा समुद्रको खाडीहरू वा नदी तथा ठूला नदमा जति लामो देश पर्दछ, त्यति **'कर'** स्थापन गर्ने र महासमुद्रमा निश्चित 'कर' स्थापन गर्न सकिन्न किन्तु जस्तो अनुकूल देखिन्छ कि जसबाट राजा र ठूला-ठूला डुँगालाई चलाउनमा दुइटै लाभयुक्त होऊन्, त्यस्तो व्यवस्था गर्नु । परन्तु यो ख्याल राख्नुपर्दछ कि जो यस्तो भन्दछन् कि प्रथम जहाज चल्दैनथे, तिनीहरू झुटा हुन् र देश-देशान्तर, द्वीप-द्वीपान्तरमा डुँगाबाट यात्रा गर्ने आफ्ना प्रजास्थ पुरुषहरूको सर्वत्र रक्षा गरेर तिनीहरूलाई कुनै प्रकारको दुःख हुन नपाओस् यस्तो व्यवस्था गर्ने ॥३॥ राजाले (प्रतिदिनका कर्महरूको समाप्तिको, हात्ती-घोडा आदि वाहनहरूको, नियत लाभ र खर्चको) आएर रत्नादिकहरूको खानी र कोष (भण्डार) लाई हेर्ने गरोस् ॥४॥ राजाले यस प्रकारका सबै व्यवहारहरूको यथावत् समाप्ति गर्दै-गर्दै सबै पापलाई छोडेर परमगतिको मोक्षसुखलाई प्राप्त गर्दछ ॥५॥

**प्रश्न**– संस्कृत विद्यामा पूरा-पूरा राजनीति छ कि अधूरो ?

**उत्तर**– पूरा छ, किनभने भूगोलमा जुन-जुन राजनीति चल्यो र चल्नेछ त्यो सबै संस्कृत विद्याबाटै लिएका हुन्, र जसको प्रत्यक्ष लेख छैन, यसको लागि–

**प्रत्यहं लोकदृष्टैश्च शास्त्रदृष्टैश्च हेतुभिः ॥** –मनुस्मृति (अध्याय ८/श्लोक ३) ॥

जुन-जुन नियम राजा र प्रजाहरूको लागि सुखकारक र धर्मयुक्त देखिन्छ ती-ती नियमहरूलाई पूर्ण विद्वान्हरूको राजसभामा प्रयोगमा ल्याउनको लागि बनाउनु । परन्तु यसमाथि नित्य ध्यान रहोस् कि जहाँसम्म बन्न सक्दछ, त्यहाँसम्म बाल्यवस्थामा विवाह गर्न र हुन नदिनु । युवावस्थामा पनि बिना प्रसन्नताले नगर्नु, नगराउनु र गर्न नदिनु । ब्रह्मचर्यको यथावत् सेवन गर्नु-गराउनु । व्यभिचार र

बहुविवाहलाई बन्ध गरोस् कि जसबाट शरीर र आत्मामा पूर्ण बल सदा रहोस् । किनभने जसले केवल आत्माको बल अर्थात् विद्या ज्ञान बढाउँदै जान्छ र शरीरको बल बढाएन भने त एक बलवान् शरीरबाट सयकडौं विद्वान्हरूलाई जित्नसक्दछ । फेरि यदि शरीरको मात्रै बल बढाइयो, आत्माको होइन, तब पनि राज्य पुरुष र पालनको उत्तम व्यवस्था बिना विद्याले कहिल्यै पनि हुन सक्दैन । बिना व्यवस्थाबाट एक-आपसमा नै फुट परेर विरोध र लडाईं गरेर झै-झगडाले नष्ट-भ्रष्ट हुन जान्छन् । त्यसैले शरीर र आत्माको बललाई सदा बढाउँदै राख्नुपर्दछ । जस्तै बल र बुद्धिको नाशक व्यवहार, व्यभिचार र अतिविषयासक्ति हुन्छ, त्यस्तो अरू कुनै छैन । विशेष गरेर क्षत्रियहरू दृढाङ्ग र बलयुक्त हुनुपर्दछ । किनभने जब तिनीहरू नै विषयासक्त भए भने त राजधर्म नै नष्ट हुन जानेछ ।

र यसमाथि ध्यान राख्नुपर्दछ कि **'यथा राजा तथा प्रजाः'** (चाणक्यनीति दर्पण १३/८) जस्तो राजा हुन्छ त्यस्तै प्रजा हुन्छन् । त्यसैले राजा र राजपुरुषहरूलाई यो उचित हुन्छ कि कहिल्यै पनि दुष्टाचार नगरोस्, किन्तु सबै दिनहरूमा धर्म न्यायले वर्त्तेर सबैको सुधारको लागि दृष्टान्त बनोस् ।

यो संक्षेपले राजधर्मको यहाँ वर्णन गरियो । विशेष वेद, मनुस्मृतिको सप्तम, अष्टम र नवम अध्याय, शुक्रनीति तथा विदुरप्रजागर र महाभारत शान्तिपर्वको राजधर्म र आपद्धर्म आदि पुस्तकहरूमा अध्ययन गरेर पूर्ण राजनीतिलाई धारण गर्दै माण्डलिक अथवा सार्वभौम चक्रवर्ती राज्य गरोस् र यही सम्झोस् कि–

**'वयं प्रजापतेः प्रजाऽअभूम॰'** –यो यजुर्वेद (अध्याय १८/मन्त्र २९) को वचन हो ॥

हामी 'प्रजापति' अर्थात् परमेश्वरका प्रजा र परमात्मा हाम्रा राजा अनि हामी उसका किङ्कर भृत्यवत् हौं । उसले कृपा गरेर आफ्नो सृष्टिमा हामीलाई राज्याधिकारी बनाओस् र हाम्रो हातबाट आफ्नो सत्य न्यायको प्रवृत्ति गराओस् ।

अब यस भन्दा अगाडि ईश्वर र वेदको विषयमा लेखिने छ ।

## इति श्रीमद्दयानन्दसरस्वतीस्वामिकृते सत्यार्थप्रकाशे सुभाषाविभूषिते राजधर्मविषये षष्ठः समुल्लासः सम्पूर्णः ॥६॥

●

# (७) सातौं समुल्लास

## ईश्वर एवं वेद विषयमा विस्तृत व्याख्या (७.१)

**ऋचो अक्षरे परमे व्योमन् यस्मिन्देवा अधि विश्वे निषेदुः ।**
**यस्तन्न वेद किमृचा करिष्यति च इत्तद्विदुस्त इमे समासते ॥१॥**

–ऋग्वेद (मण्डल १/सूक्त १६४/मन्त्र ३९) ॥

**ईशा वास्यमिदꣳ सर्वं यत्किञ्च जगत्यां जगत्।**
**तेन त्यक्तेन भुञ्जीथा मा गृधः कस्य स्विद्धनम्॥२॥** –यजुर्वेद (अध्याय ४०/मन्त्र १) ॥

**अहम्भुवं वसुनः पूर्व्यस्पतिरहं धनानि सं जयामि शश्वतः ।**
**मां हवन्ते पितरं न जन्तवोऽहं दाशुषे वि भजामि भोजनम् ॥३॥**

–ऋग्वेद (मण्डल १०/सूक्त ४८/मन्त्र १) ॥

**अहमिन्द्रो न परा जिग्य इद्धनं न मृत्यवेऽवतस्थे कदा चन ।**
**सोममिन्मा सुन्वन्तो याचता वसु न मे पूरवः सख्ये रिषाथन ॥४॥**

–ऋग्वेद (मण्डल १०/सूक्त ४८/मन्त्र ५) ॥

**अहं दां गृणते पूर्व्यं वस्वहं ब्रह्म कृणवं मह्यं वर्धनम् ।**
**अहं भुवं यजमानस्य चोदिताऽयज्वनः साक्षि विश्वस्मिन्भरे ॥५॥**

–ऋग्वेद (मण्डल १०/सूक्त ४९/मन्त्र १) ॥

**(ऋचो अक्षरे॰)** यस मन्त्रको अर्थ ब्रह्मचर्याश्रमको शिक्षा (पृष्ठ ३९) मा लेखिसकिएको छ। अर्थात् जो सबै दिव्य गुण-कर्म-स्वभाव-विद्यायुक्त र जसमा पृथ्वी सूर्यादि लोक स्थित छन् र जो आकाशकै समान व्यापक, सबै देवहरूका पनि देव परमेश्वर हो; त्यसलाई जो मनुष्यले जान्दैनन्, मान्दैनन् र उसको ध्यान गर्दैनन् भने, ती नास्तिक र दुःखी हुन्छन्। त्यसैले उसै परमेश्वरलाई जानेर सबै मनुष्य सुखी हुन्छन् ॥१॥

## ईश्वरको विषयमा प्रश्नोत्तरहरू (७.२)

**प्रश्न**– वेदमा ईश्वर अनेक छन्, यस कुरालाई तिमीले मान्दछौ कि मान्दैनौ ?

**उत्तर**– मान्दैनौं, किनभने चारै वेदहरूमा यस्तो कहीं पनि लेखिएको छैन जसबाट ईश्वर अनेक सिद्ध हुन्छ। किन्तु यो त लेखिएको छ कि ईश्वर एक छ।

**प्रश्न**– वेदमा जुन अनेक देवता लेखिएको छ, त्यसको के अभिप्राय हो ?

**उत्तर**– **'देवता'** दिव्य गुणहरूले युक्त हुनाको कारणले भनिएको हो, जस्तै कि पृथ्वी, परन्तु कहीं पनि यसलाई ईश्वर वा उपासनीय मानिएको छैन। हेर ! यसै मन्त्रमा कि 'जसमा सबै देवता स्थित छन्, त्यो जान्न र उपासना गर्न योग्य ईश्वर हो।' यो तिनीहरूको **भुल** हो जुन देवता शब्दले ईश्वरको ग्रहण गर्दछन्। परमेश्वर देवहरूका पनि देव हुनाले **'महादेव'** यसैले भनिन्छ कि वही सबै जगत्को उत्पत्ति-स्थिति-प्रलयकर्ता, न्यायाधीश, अधिष्ठता हो। **'त्रयस्त्रिंशत्त्रिंशता॰'** [तुलना–यजुर्वेद (अध्याय १४/मन्त्र ३१)] इत्यादि वेदमा प्रमाण छ, यसको व्याख्या (शतपथ कां.१४/प्रपा.५/ब्रा.७/कं.४) मा गरिएको छ कि तेत्तीस देव अर्थात् **पृथ्वी, जल, अग्नि, वायु, आकाश, चन्द्रमा, सूर्य** र **नक्षत्र** सबै सृष्टिको निवासस्थान हुनाले **आठ 'वसु'**। **प्राण, अपान, व्यान, उदान, समान, नाग, कूर्म्म, कृकल, देवदत्त, धनञ्जय** र **जीवात्मा** यी **एघार 'रुद्र'** यस कारणले भनिन्छ कि जब शरीरलाई छोड्दछौं तब रोदन गराउनेवाला हुन्छन्। संवत्सरका बाह्र महिना **बाह्र 'आदित्य'** यस कारणले हुन् कि यी सबैले आयुलाई लिएर जान्छन्। बिजुलीको नाम **'इन्द्र'** यस हेतुले हो कि परम ऐश्वर्यको हेतु हुनाले हो। यज्ञलाई **'प्रजापति'** भन्नाको कारण यो हो कि जसबाट वायु, वृष्टि, जल, औषधिको शुद्धि, विद्वान्हरूको सत्कार र नाना प्रकारको शिल्पविद्याबाट प्रजाको पालन हुन्छ। यी **तेत्तीस** पूर्वोक्त गुणहरूको योगले **'देव'** भनिन्छ। यिनका **स्वामी** र सबै भन्दा **ठूला हुनाले परमात्मा चौंतीसौं** उपास्यदेव शतपथको चौधौं काण्डमा स्पष्टसँग लेखिएको छ। यसै प्रकारले अन्यत्र पनि लेखिएको छ। यदि

तिनीहरूले यी शास्त्रलाई हेरेका अथवा अध्ययन गरेका हुन्थे भने त वेदहरूमा अनेक ईश्वर मान्नेरूप भ्रमजालमा गिरेर झुट्टो किन बोल्दथे ? ॥१॥

हे मनुष्यहरू हो ! जे-जति यस संसारमा जगत् छ, त्यस सबैमा नियन्ता व्याप्त भएर रहेको छ, त्यसैलाई ईश्वर जान, उससँग डराउँदै तैंले अन्यायबाट कसैको धनको आकांक्षा नगर्नू । त्यस्तो अन्यायको त्याग र न्यायाचरणरूप धर्मबाट आफ्नो आत्माले आनन्दलाई भोग ॥२॥

ईश्वरले सबैलाई उपदेश गर्दछ कि– हे मनुष्यहरू हो ! म ईश्वर सबैको पूर्व विद्यमान, सबै जगत्को पति हूँ । म सनातन जगत्कारण र सबै धनलाई विजय गर्नेवाला र दाता हूँ; मलाई नै सबै जीव जसरी पितालाई सन्तानले पुकार्दछन् त्यसरी नै पुकार । म सबैलाई सुख दिन जगत्को लागि नाना प्रकारको भोजनहरूको विभाग पालनको लागि गर्दछु ॥३॥

म परमैश्वर्य्यवान् सूर्यकै समान सबै जगत्को प्रकाशक हूँ । कहिल्यै पराजयलाई प्राप्त हुन्न र न कहिल्यै मृत्युलाई प्राप्त गर्दछु, म नै जगत्रूप धनको निर्माता हूँ, सबै जगत्को उत्पत्ति गराउनेवाला मलाई नै जान; हे जीवहरू हो ! ऐश्वर्य्य प्राप्तिको यत्न गर्दै तिमीहरूले विज्ञानादि धनलाई मसँग माग र तिमीहरू मेरो मित्रतादेखि अलग नहुनू ॥४॥

हे मनुष्यहरू हो ! मैले सत्यभाषणरूप स्तुति गर्ने मनुष्यको लागि सनातन ज्ञानादि धन दिन्छु । म ब्रह्म अर्थात् वेदको प्रकाशक र मलाई जसले वेद यथावत् भन्दछ, त्यसदेखि सबैको ज्ञानलाई मैले बढाउँछु; म सत्पुरुषको प्रेरक, यज्ञ गर्नेहरूका लागि फलदाता र यस विश्वमा जे-जति छ, ती सबै कार्य्यलाई बनाउने र धारण गर्नेवाला हूँ, त्यसैले तिमीहरूले मलाई छोडेर कुनै दोस्रालाई मेरो स्थानमा नपूज्नू, नमान्नू र नजान्नू ॥५॥

**हिरण्यगर्भः समवर्त्तताग्रे भूतस्य जातः पतिरेकऽआसीत् ।**

**स दाधार पृथिवीं द्यामुतेमां कस्मै देवाय हविषा विधेम ॥६॥**

–यजुर्वेद (अध्याय १३/मन्त्र ४) ॥

हे मनुष्यहरू हो ! जो सृष्टिको पूर्व सबै सूर्यादि तेजवाला लोकहरूको उत्पत्ति-स्थान, आधार र जे-जति उत्पन्न भएको थियो, छ र हुनेछ, त्यसको स्वामी थियो, छ र हुनेछ; उसैले पृथ्वीदेखि लिएर सूर्यलोक-पर्य्यन्त सृष्टिलाई बनाएर धारण गरिरहेको छ । उसै सुखस्वरूप परमात्माको नै भक्ति जसरी हामीले गर्दछौं, त्यसरी नै तिमीहरूले पनि गर्ने गर ॥६॥

**प्रश्न**– तिमी ईश्वर-ईश्वर भन्दछौ, त्यसको सिद्धि कुन प्रकारबाट गर्दछौ ?

**उत्तर**– सबै प्रत्यक्षादि प्रमाणहरूबाट ।

**प्रश्न**– ईश्वरमा प्रत्यक्ष प्रमाण कहिल्यै पनि घट्न सक्दैन ।

**उत्तर– इन्द्रियार्थसन्निकर्षोत्पन्नं ज्ञानमव्यपदेश्यमव्यभिचारि व्यवसायात्मकं प्रत्यक्षम् ॥**

–गौतमकृत न्यायदर्शन (अध्याया १/आह्निक १/सूत्र ४) ॥

जुन श्रोत्र, त्वचा, चक्षु, जिह्वा, घ्राण र मनको; शब्द, स्पर्श, रूप, रस, गन्ध, सुख-दुःख, सत्यासत्य विषयहरूको साथमा सम्बन्ध हुनाले ज्ञान उत्पन्न हुन्छ, त्यसैलाई **'प्रत्यक्ष'** भन्दछन्, परन्तु त्यो निर्भ्रम होस् । अब विचार गर्नुपर्दछ कि इन्द्रियहरू र मनबाट गुणहरूको प्रत्यक्ष हुन्छ गुणीको होइन । जसरी चारै त्वचा आदि इन्द्रियहरूबाट स्पर्श, रूप, रस र गन्धको ज्ञान हुनाले गुणी जो पृथ्वी उसको आत्मायुक्त मनबाट प्रत्यक्ष गरिन्छ, त्यसरी नै यस प्रत्यक्ष सृष्टिमा रचना विशेष आदि ज्ञानादि गुणहरूको प्रत्यक्ष हुनाले परमेश्वरको पनि प्रत्यक्ष हुन्छ । फेरि जब आत्मा मन र मन इन्द्रियहरूलाई कुनै विषयमा लगाउँदा वा चोरी आदि नराम्रो वा परोपकार आदि राम्रा कुरा गर्दामा जुन क्षणमा आरम्भ गर्दछ, त्यस समय जीवको इच्छा-ज्ञानादि, उसै इच्छित विषयमाथि झुक्दछ । त्यसै क्षणमा आत्माको भित्रबाट नराम्रो काम गर्नमा भय, शङ्का र लज्जा तथा राम्रो काम गर्नमा अभय, निःशङ्कता र आनन्दोत्साह उठ्दछ । त्यो जीवात्माको तर्फतिरबाट होइन किन्तु परमात्माको तर्फतिरबाट भएको हो । फेरि जब जीवात्मा शुद्ध भएर शुद्धान्तःकरणले युक्त योगी समाधिस्थ भएर आत्मा र परमात्माको विचार गर्नमा तत्पर रहन्छ, त्यसलाई त्यति वेलै दुइटै प्रत्यक्ष हुन्छन् । जब परमेश्वरको प्रत्यक्ष हुन्छ भने त अनुमानादिबाट परमेश्वरको ज्ञान हुनमा के सन्देह छ र ? किनभने **कार्य्यलाई देखेर कारणको, नियमलाई देखेर नियन्ताको, सृष्टिलाई देखेर स्रष्टाको अनुमान हुन्छ ।**

**प्रश्न**– ईश्वर व्यापक छ, वा कुनै देश (स्थान) विशेषमा रहन्छ ?

**उत्तर**– व्यापक छ । किनभने यदि एकदेशमा रहन्थ्यो भने त सर्वान्तर्यामी, सर्वज्ञ, सर्वनियन्ता, सबैको स्रष्टा, सबैको धर्ता र प्रलयकर्ता हुन सक्दैन । अप्राप्त देशमा कर्ताको क्रियाको हुन असम्भव हुन्छ ।

**प्रश्न**– परमेश्वर दयालु र न्यायकारी छ, वा छैन ?

**उत्तर**– छ ।

**प्रश्न**– यी दुवै गुण परस्पर विरुद्ध छन् । जहाँ न्याय गरे त दया र दया गरे त न्याय छुट्दछ । किनभने **'न्याय'** त्यसलाई भन्दछन् कि जो कर्ताको कर्मको अनुसार न अधिक न न्यून सुख-दुःख पुऱ्याउनु, र **'दया'** त्यसलाई भन्दछन् जुन अपराधीलाई बिना दण्ड छोडिदिनु ।

**उत्तर**– न्याय र दयाको नाममात्रमा नै भेद हो । किनभने जुन न्यायबाट प्रयोजन सिद्ध हुन्छ, त्यही दयाबाट सिद्ध हुन्छ । दण्ड दिनाको प्रयोजन यो हो कि मनुष्य अपराध गर्नबाट बन्ध भएर दुःखलाई प्राप्त नहोस् । त्यसैलाई दया भनिन्छ जसबाट पराय दुःखहरू छुट्दछन्, र जस्तो अर्थ तिमीले दया र न्यायको गऱ्यौ त्यो ठीक होइन, किनभने जसले जति नराम्रो काम गरेको छ, त्यसलाई त्यति नै त्यस्तै दण्ड दिनुपर्दछ, यसैको नाम **'न्याय'** हो र यदि अपराधीलाई दण्ड दिइएन भने त दयाको नाश हुन जान्छ । किनभने एक अपराधी डाँकूलाई छोडिदिनु भनेको हज्जारौं धर्मात्मा पुरुषहरूलाई दुःख दिनु हो । जब एउटालाई छोड्नाले हजारौं मनुष्यलाई दुःख प्राप्त हुन्छ भने, त्यो दया कुन प्रकारले हुनसक्दछ ? **'दया'** त्यही हो कि त्यस डाँकूलाई कारागारमा राखेर पाप गर्नबाट बचाउनु, र त्यस डाँकूलाई मारिदिनाले अन्य हजार मनुष्यमाथि दया प्रकाशित हुन्छ ।

**प्रश्न**– त्यसो भए दया र न्याय दुई शब्द किन भए ? किनभने जब दुइटै शब्दको अर्थ एउटै हो भने त दुइटा शब्द हुनु व्यर्थ छ, कुनै एक शब्द रहन्थ्यो भने त राम्रो हुन्थ्यो । त्यसैले दया र न्यायको एक प्रयोजन होइन ।

**उत्तर**– के एक अर्थको अनेक नाम र एक नामको अनेक अर्थ हुँदैनन् ?

**प्रश्न**– हुन्छन् ।

**उत्तर**– पुनः तिमीलाई शङ्का किन भयो ?

**प्रश्न**– संसारमा सुनिन्छ, त्यसैले ।

**उत्तर**– संसारमा त साँचो र झुट्टो दुइटै सुन्ने गरिन्छ, त्यसलाई विचारले निश्चय गर्नु आफ्नो काम हो । ईश्वरको पूरै दया त यो हो कि जसले सबै जीवहरूको प्रयोजन सिद्ध गर्नको लागि सबै पदार्थ उत्पन्न गरेर जगत्मा दान दिइराखेको छ । यसदेखि भिन्न ठूलो दया दोस्रो कुनचाहिं छ र ? न्यायको फल जगत्मा सुख-दुःखको व्यवस्था अधिक-न्यूनताबाट देखाइरहेको छ । यी दुइटामा यतिमात्रै फरक छ कि मनमा सबैलाई सुख गराउने र दुःख छुटाउने इच्छा र क्रिया गर्नु, त्यो **'दया'** र बाह्य चेष्टा अर्थात् बन्धन-छेदनादि यथायोग्य दण्ड दिनुलाई **न्याय** भनिन्छ । दुइटैको एक प्रयोजन यो हो कि सबैलाई पाप र दुःखहरूबाट पृथक् गराइदिनु ।

**प्रश्न**– ईश्वर **साकार** हो कि **निराकार** ?

**उत्तर**– **निराकार,** किनभने यदि साकार हुन्थ्यो भने त व्यापक हुन सक्दैन । जब व्यापक हुँदैन भने त सर्वज्ञादि गुण पनि हुन सक्दैन, किनभने परिमित वस्तुमा गुण-कर्म-स्वभाव पनि परिमित रहन्छन् तथा शीतोष्ण, क्षुधा, तृषा र रोग, दोष, छेदन-भेदन आदिदेखि रहित हुन सक्दैन । यसबाट यो निश्चित हुन्छ कि ईश्वर **निराकार** हो । यदि साकार हुन्थ्यो भने त त्यसको आकार बनाउनेवाला अर्कै दोस्रो हुनुपर्दछ । किनभने जो संयोगबाट उत्पन्न हुन्छ त्यसलाई संयुक्त गर्नेवाला निराकार चेतन अवश्य चाहिन्छ । यदि कसैले भन्दछ कि ईश्वरले आफ्नो शरीर बनायो तब त यही सिद्ध हुन्छ कि शरीर बन्न भन्दा पूर्व निराकार थियो । यसैले त्यो परमात्माले न शरीर धारण गर्दछ, निराकार भएर सबै जगत्लाई सूक्ष्म आकारबाट स्थूलाकार बनाउँछ ।

**प्रश्न**– ईश्वर सर्वशक्तिमान् हो कि होइन ?

**उत्तर**– हो, परन्तु 'सर्वशक्तिमान्' शब्दको यतिमात्रै अर्थ हो कि ईश्वरले आफ्नो पालन आदि काम गर्नमा कुनै दोस्राको सामर्थ्यको सहायता लिन पर्दैन किन्तु **स्वसामर्थ्य**बाट नै सबै आफ्नो काम पूरा गर्दछ ।

**प्रश्न**– हामीले यस्तो जान्दछौं कि ईश्वरले जे चाहन्छ त्यही गर्दछ ।

**उत्तर**– उसले के र कस्तो चाहन्छ ? यदि तिमीले भन्दछौ कि सबै कुरा चाहन्छ र गर्नसक्दछ त हामीले तिमीसँग सोध्छौं कि परमेश्वर आफूलाई मार्न, अनेक ईश्वर बनाउन, स्वयं अविद्वान्, चोरी, पाप गरेर दुःखी पनि हुन सक्दछ ? जसरी यी कामहरू ईश्वरको गुण-कर्म-स्वभावदेखि विरुद्ध छन् तापनि तिम्रो भनाइ अनुसार **"उसले सबै कुरो गर्न सक्दछ"** यो कहिल्यै पनि घट्न सक्दैन । त्यसैले सर्वशक्तिमान् शब्दको अर्थ जुन हामीले भनेका छौं, त्यही ठीक हो ।

**प्रश्न**– परमेश्वर सादि हो कि अनादि ?

**उत्तर–** अनादि । अर्थात् जसको आदि कुनै कारण वा समय नहोस्, त्यसलाई **'अनादि'** भन्दछन्, इत्यादि सबै अर्थ प्रथम समुल्लासमा गरिएको छ, त्यहाँ (पृष्ठ १३ मा) हेर्नुहोस् ।

**प्रश्न-** परमेश्वरले के चाहन्छ ?

**उत्तर–** सबैको भलाइ र सबैको लागि सुखको इच्छा गर्दछ, परन्तु स्वतन्त्रताको साथ । कसैलाई बिना पाप नगरी पराधीन गर्दैन ।

## ईश्वरको स्तुति, प्रार्थना र उपासना (७.३)

**प्रश्न–** परमेश्वरको स्तुति, प्रार्थना र उपासना गर्नुपर्दछ कि पर्दैन ?

**उत्तर–** गर्नुपर्दछ ।

**प्रश्न–** के स्तुति आदि गर्नाले ईश्वरले आफ्नो नियमलाई छोडेर स्तुति, प्रार्थना गर्नेहरूलाई पापदेखि छुटाइदिन्छ ?

**उत्तर–** होइन ।

**प्रश्न–** त्यसो भए स्तुति, प्रार्थना किन गर्ने ?

**उत्तर–** त्यसलाई गर्नुको फल अन्य नै छ ।

**प्रश्न–** के हो ?

**उत्तर–** स्तुतिले ईश्वरमा प्रीति, उसको गुण-कर्म-स्वभावले आफ्नो गुण-कर्म-स्वभावलाई सुधार्नु; प्रार्थनाबाट निरभिमानता, उत्साह र सहायता मिल्नु; उपासनाले परब्रह्मसँग मेल र त्यसको साक्षात्कार हुनु ।

**प्रश्न–** यी कुरालाई अझ स्पष्ट गरेर बुझाऊ ।

**उत्तर–** जस्तै–

**स पर्यगाच्छुक्रमकायमव्रणमस्नाविरꣳ शुद्धमपापविद्धम् ।**

**कविर्मनीषी परिभूः स्वयम्भूर्याथातथ्यतोऽर्थान् व्यदधाच्छाश्वतीभ्यः समाभ्यः ॥**

–यजुर्वेद (अध्याय ४०/मन्त्र ८) ॥

**ईश्वरको स्तुति–** त्यो परमात्मा सबैमा व्यापक, शीघ्रकारी र अनन्त बलवान् जो शुद्ध, सर्वज्ञ, सबैको अन्तर्यामी, सर्वोपरि विराजमान, सनातन, स्वयंसिद्ध, परमेश्वर आफ्नो जीवरूप सनातन अनादि प्रजालाई आफ्नो सनातन विद्याले यथावत् अर्थहरूको बोध वेदद्वारा गराउँदछ, यो **'सगुण-स्तुति'** अर्थात् जुन-जुन गुणले सहित परमेश्वरको स्तुति गर्नु त्यो सगुण, र अकाय अर्थात् उसले कहिल्यै पनि शरीर धारण वा जन्म लिंदैन, जसमा छिद्र हुँदैन र जुन नाडी आदि बन्धनमा आउँदैन, र कहिल्यै पापाचरण गर्दैन, जसमा क्लेश, दुःख, अज्ञान कहिल्यै हुँदैन, इत्यादि जुन-जुन राग द्वेषादि गुणहरूदेखि पृथक् मानेर परमेश्वरको स्तुति गर्नु हो, यसलाई **'निर्गुण-स्तुति'** भनिन्छ । यसको फल यो हो कि जस्तो परमेश्वरको गुण छन् त्यस्तै नै गुण-कर्म-स्वभाव आफ्नो पनि गर्नु । जसरी ऊ न्यायाकारी छ त्यसरी नै आफू पनि न्यायाकारी हुनु । र जसले केवल भाँडकै समान परमेश्वरको गुणकीर्तन गर्दै जान्छ तर आफ्नो चरित्रलाई सुधार्दैन, त्यसले स्तुति गर्नु व्यर्थ छ ।

### प्रार्थना–

**यां मेधां देवगणाः पितरश्चोपासते । तया मामद्य मेधयाऽग्ने मेधाविनं कुरु स्वाहा ॥१॥**

–यजुर्वेद (अध्याय ३२/मन्त्र १४) ॥

**तेजोऽसि तेजो मयि धेहि वीर्य्यमसि वीर्य्यं मयि धेहि । बलमसि बलं मयि धेहि ।**

**ओजोऽस्योजो मयि धेहि । मन्युरसि मन्युं मयि धेहि सहोऽसि सहो मयि धेहि ॥२॥**

–यजुर्वेद (अध्याय १९/मन्त्र ९) ॥

**यज्जाग्रतो दूरमुदैति दैवं तदु सुप्तस्य तथैवैति ।**

**दूरङ्गमं ज्योतिषां ज्योतिरेकं तन्मे मनः शिवसङ्कल्पमस्तु ॥३॥**

**येन कर्माण्यपसो मनीषिणो यज्ञे कृण्वन्ति विदथेषु धीराः ।**

**यदपूर्वं यक्षमन्तः प्रजानां तन्मे मनः शिवसङ्कल्पमस्तु ॥४॥**

**यत्प्रज्ञानमुत चेतो धृतिश्च यज्ज्योतिरन्तरमृतं प्रजासु ।**

**यस्मान्नऽऋते किं चन कर्म क्रियते तन्मे मनः शिवसङ्कल्पमस्तु ॥५॥**

**येनेदं भूतं भुवनं भविष्यत्परिगृहीतममृतेन सर्वम् ।**

**येन यज्ञस्तायते सप्त होता तन्मे मनः शिवसङ्कल्पमस्तु ॥६॥**

**यस्मिन्नृचः साम यजूꣳषि यस्मिन्प्रतिष्ठिता रथनाभाविवाराः ।**

**यस्मिँश्चित्तꣳसर्वमोतं प्रजानां तन्मे मनः शिवसङ्कल्पमस्तु ॥७॥**

**सुषारथिरश्वानिव यन्मनुष्यान्नेनीयतेऽभीशुभिर्वाजिनऽइव ।**

**हृत्प्रतिष्ठं यदजिरं जविष्ठं तन्मे मनः शिवसङ्कल्पमस्तु ॥८॥**

–यजुर्वेद (अध्याय ३४/मन्त्र १-६) ॥

हे 'अग्ने' अर्थात् स्वप्रकाशस्वरूप परमेश्वर ! तपाइँको स्वकृपाले जुन बुद्धिको उपासना विद्वान्, ज्ञानी र योगीहरू गर्दछन् त्यसै बुद्धिले युक्त हामीलाई यसै वर्तमान समयमा पनि बुद्धिमान् बनाउनुहोस् ॥१॥ तपाईं प्रकाशस्वरूप हुनुहुन्छ, कृपा गरेर ममा पनि प्रकाश स्थापन गरिदिनुहोस् । तपाईं अनन्त पराक्रमयुक्त हुनुहुन्छ, ममा कृपा-कटाक्षले पूर्ण पराक्रलाई धारण गराइदिनुहोस् । तपाईं अनन्त बलयुक्त हुनुहुन्छ, त्यसैले ममा पनि बल धारण गराइदिनुहोस् । तपाईं अनन्त सामर्थ्ययुक्त हुनुहुन्छ, मलाई पनि सामर्थ्य दिनुहोस् । तपाईं दुष्ट काम र दुष्टहरूमाथि क्रोधकारी हुनुहुन्छ, मलाई पनि त्यस्तै गराइदिनुहोस् । तपाईं निन्दा, स्तुति र स्वअपराधीहरूलाई सहन गर्नुहुन्छ, कृपा गरेर मलाई पनि त्यस्तै बनाइदिनुहोस् ॥२॥ हे दयानिधे ! तपाईंको कृपाले– 'जो मेरो मन जागेको अवस्थामा दूर-दूरसम्म जान्छ, दिव्यगुणयुक्त रहन्छ, र फेरि त्यही सुतेको अवस्थामा मेरो मन सुषुप्तिलाई प्राप्त हुन्छ वा स्वप्नमा दूर-दूर गएकै समानले व्यवहार गर्दछ, सबै प्रकाशकहरूका पनि प्रकाशक, एक यो' मेरो मन 'शिवसङ्कल्प' अर्थात् आफ्नो र अरू प्राणीहरूको अर्थ कल्याणको सङ्कल्प गर्ने बनोस् । कसैको हानि गर्ने यच्छायुक्त कहिल्यै पनि नहोस् ॥३॥ हे सर्वान्तर्यामी ! जसबाट कर्म गर्नको लागि धैर्ययुक्त विद्वान्हरू यज्ञ र युद्धादिमा कर्म गर्दछन्; जुन अपूर्व सामर्थ्ययुक्त, पूजनीय र प्रजाको भित्र रहने गर्दछ, त्यो मेरो मन धर्म गर्ने इच्छायुक्त भएर अधर्मलाई सर्वथा छोडिदेओस् ॥४॥ जुन उत्कृष्ट ज्ञान र दोस्रालाई चेताउने निश्चयात्मकवृत्ति छ, र जो प्रजाहरूमा भित्र प्रकाशयुक्त र नाशरहित छ; जसको बिना कसैले केही पनि कर्म गर्न सक्दैन, त्यो मेरो मन शुभ गुणहरूको इच्छा गरेर दुष्ट गुणहरूदेखी पृथक् रहोस् ॥५॥ हे जगदीश्वर ! जसबाट सबै योगीहरूले यी सबै भूत, भविष्यत्, वर्तमानको व्यवहारहरूलाई जान्दछन्, जुन नाशरहित जीवात्मालाई परमात्माको साथमा मिलाएर सबै प्रकारले त्रिकालज्ञ गराउँदछ, जसमा ज्ञान र क्रिया छ; पाँच ज्ञानेन्द्रिय, बुद्धि र आत्मायुक्त रहन्छ, त्यस योगरूप यज्ञ जसबाट बढ्दछ, त्यो मेरो मन योग-विज्ञानयुक्त भएर अविद्यादि क्लेशहरूदेखि पृथक् रहोस् ॥६॥ हे परमविद्वन् परमेश्वर ! तपाईंको कृपाबाट जुन मेरो मनमा जसरी रथको मध्य धुरा (अक्ष) मा आरा (मदानी) लागेका हुन्छन्, त्यसरी नै ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद पनि प्रतिष्ठित हुन्छन्; र जसमा सर्वज्ञ, सर्वव्यापक, प्रजाको साक्षी चित्त चेतन विदित हुन्छ, त्यो मेरो मन अविद्याको अभाव गरेर विद्याप्रिय सदा रहोस् ॥७॥ हे सर्वनियन्तः ईश्वर ! जुन मेरो मन डोरीले घोडाको समान अथवा घोडाहरूको नियन्ता सारथिकै तुल्य मनुष्यहरूलाई अत्यन्त यता-उता डुलाउँछ; जुन हृदयमा प्रतिष्ठित, गतिमान् र अत्यन्त वेगशाली छ, त्यो मेरो मन सबै इन्द्रियहरूलाई अधर्माचरणदेखि रोकेर धर्मपथमा सदा चलाउने गरोस्, यस्तो कृपा ममाथि गर्नुहोस् ॥८॥

**अग्ने नय सुपथा रायेऽअस्मान् विश्वानि देव वयुनानि विद्वान् ।**

**युयोध्यस्मज्जुहुराणमेनो भूयिष्ठां ते नमऽउक्तिं विधेम ॥** –यजुर्वेद (अध्याय ४०/मन्त्र १६) ॥

हे सुखका दाता, स्वप्रकाशस्वरूप, सबैलाई जान्ने परमात्मन् ! तपाईंले हामीलाई श्रेष्ठ मार्गबाट सम्पूर्ण प्रज्ञानहरूलाई प्राप्त गराउनुहोस्; र जुन हामीमा कुटिल पापाचरणरूप मार्ग छन्, त्यसदेखि पृथक् गरिदिनुहोस् । त्यसैले हामीहरू तपाईंलाई नम्रतापूर्वक थुप्रै स्तुतिहरू गर्दछौं कि तपाईंले हामीलाई पवित्र गर्नुहोस् । र–

**मा नो महान्तमुत मा नोऽअर्भकं मा नऽउक्षन्तमुत मा न उक्षितम् ।**

**मा नो वधीः पितरं मोत मातरं मा नः प्रियास्तन्वो रुद्र रीरिषः ॥**

–यजुर्वेद (अध्याय १६/मन्त्र १५) ॥

हे 'रुद्र' ! दुष्टहरूलाई पापको दुःखरूप फल दिएर रुवाउने परमेश्वर ! तपाईं हाम्रा साना-ठूला जन, गर्भ, माता, पिता र प्रिय बन्धुवर्ग तथा शरीरहरूको हनन गर्नको लागि प्रेरित नगर्नुहोस्, यस्तो मार्गबाट हामीलाई हिंडाउनुहोस् कि जसमा तपाईंका दण्डनीय नबनौं ।

**असतो मा सद् गमय, तमसो मा ज्योतिर्गमय, मृत्योर्माऽमृतं गमयेति ॥**

–शतपथ ब्राह्मण (१४/३/१/३०) को वचन हो ॥

हे परमगुरो परमात्मन् ! तपाईंले हामीलाई असत् मार्गदेखि पृथक् गरेर सन्मार्गमा प्राप्त गराउनुहोस् । अविद्यान्धकारलाई छुटाएर विद्यारूप सूर्यलाई प्राप्त गराउनुहोस्, र मृत्युरोगदेखि पृथक् गरेर मोक्षको आनन्दरूप अमृतलाई प्राप्त गराउनुहोस् । अर्थात् जुन-जुन दोष वा दुर्गुणदेखि परमेश्वर र आफूलाई पनि पृथक् मानेर प्रार्थना गरिन्छ, त्यो विधि-निषेधमुख हुनाले सगुण-निर्गुण प्रार्थना । जो मनुष्यले जुन कुराको प्रार्थना गर्दछ, त्यसलाई त्यस्तै वर्तमान गर्नुपर्दछ अर्थात् जसरी सर्वोत्तम बुद्धिको प्राप्तिको लागि परमेश्वरको प्रार्थना गर्ने, त्यसको लागि जति आफूबाट प्रयत्न हुनसक्दछ, त्यति गर्ने । अर्थात् आफ्नो पुरुषार्थको उपरान्त प्रार्थना गर्नु योग्य हुन्छ । यस्तो प्रार्थना कहिल्यै पनि गर्नहुँदैन कि जसलाई परमेश्वरले स्वीकार गर्दैन जस्तै– 'हे परमेश्वर ! तपाईंले मेरा शत्रुहरूको नाश, मलाई सबै भन्दा ठूलो, मेरो मात्रै प्रतिष्ठा र मेरो आधीन सबै होऊन्' इत्यादि । किनभने जब दुइटै शत्रुले एक-अर्काको नाशको लागि प्राथना गरेमा त के परमेश्वरले दुइटैलाई नाश गरिदिने त ? यदि कसैले भन्दछ कि जसको प्रेम अधिक त्यसको प्रार्थना सफल हुन्छ तब हामी भन्दछौं कि जसको प्रेम न्यून हुन्छ, त्यसका शत्रुको पनि नाश हुनुपर्दछ । यस्तो मूर्खताको प्रार्थना गर्दागर्दै कसैले यसो भनेर पनि प्रार्थना गर्नेछन् कि– "हे परमेश्वर ! तपाईंले हामीलाई खाना पकाएर ख्वाउनुहोस्, घरको बढारबुढुर र लिपपोत गरिदिनुहोस्, लुगा धोइदिनुहोस् र खेती-पाती पनि गरिदिनुहोस् ।" यस प्रकारले जो परमेश्वरको भरोसामा अल्छी बनेर बस्दछन्, ती महामूर्ख हुन् । किनभने जहाँ परमेश्वरको पुरुषार्थ गर्नको लागि आज्ञा छ, त्यसलाई जो कसैले तोड्दछ भने, त्यसले कहिल्यै पनि सुख पाउँदैन । जसरी–

**कुर्वन्नेवेह कर्माणि जिजीविषेच्छतꣳ समाः । एवं त्वयि नान्यथेतोऽस्ति न कर्म लिप्यते नरे ॥**

–यजुर्वेद (अध्याय ४०/मन्त्र २) ॥

परमेश्वरले आज्ञा दिन्छ कि मनुष्य सय वर्ष पर्य्यन्त अर्थात् जबसम्म बाँचोस्, तबसम्म कर्म गर्दै जीउने इच्छा गरोस्, कहिल्यै पनि अल्छी नबनोस् । हेर ! सृष्टिको बीचमा जति प्राणी वा अप्राणी छन्, ती सबै आफ्ना-आफ्ना कर्म र यत्न गरी नै रहन्छन् । जस्तै पिपीलिका (कमिला) आदि सदा प्रयत्न गरिराख्दछन्, पृथ्वी आदि सदा घुम्दछन् र वृक्ष आदि सदा बढ्दै-घट्दै रहन्छन्, त्यसरी नै यो दृष्टान्तलाई मनुष्यले पनि ग्रहण गर्नु योग्य छ । जसरी पुरुषार्थ गरिराखेको पुरुषलाई अरूले पनि सहायता गर्दछन्, त्यसरी नै धर्मबाट पुरुषार्थीको सहायता परमेश्वरले पनि गर्दछ । जसरी कामको लायकलाई मात्रै भृत्य (सेवक) राख्दछन्, अन्यलाई होइन । हेर्नको इच्छा हुँदामा नेत्र भएकोलाई नै देखाइन्छ, अन्धालाई होइन । यसै प्रकारले परमेश्वर पनि सबैको उपकार गर्ने प्रार्थनामा सहायक हुन्छ, हानिकारक कर्ममा होइन, जो कसैले **'गुँड मीठो'** छ भन्दछ भने, त्यसलाई गुँड प्राप्त वा स्वाद प्राप्त कहिल्यै पनि हुँदैन, र जसले यत्न गर्दछ, उसलाई शीघ्र वा विलम्बले गुँड मिलि नै हाल्दछ ।

**अब तेस्रो उपासना–**

**समाधिनिर्धूतमलस्य चेतसो निवेशितस्यात्मनि यत्सुखं भवेत् ।**
**न शक्यते वर्णयितुं गिरा तदा, स्वयन्तदन्तःकरणेन गृह्यते ॥**

–यो मैत्रायणी उपनिषद् (४/४/९) ॥ को वचन हो ॥

जुन पुरुषको समाधियोगबाट अविद्यादि मल नष्ट भएर गएको छ, आत्मस्थ भएर परमात्मामा चित्त जसले लगाएको छ, त्यसलाई परमात्माको जुन योगको सुख मिल्दछ; त्यसलाई वाणीले भनेर सकिंदैन, किनभने त्यस आनन्दलाई जीवात्माले आफ्नो अन्तःकरणबाट ग्रहण गर्दछ । **'उपासना'** शब्दको अर्थ समीप हुनु हो । अष्टाङ्गयोगबाट परमात्माको समीपस्थ हुन र त्यसलाई सर्वव्यापी, सर्वान्तर्यामीरूपदेखि प्रत्यक्ष गर्नको लागि जुन-जुन काम गनुपर्ने हुन्छ, त्यो-त्यो सबै गर्नुपर्दछ अर्थात्–

**तत्र–अहिंसासत्याऽस्तेयब्रह्मचर्याऽपरिग्रहा यमाः ॥** –पातञ्जल योगशास्त्र (साधनपाद/सूत्र ३०) ॥

इत्यादि सूत्र पातञ्जल-योगशास्त्रका हुन्– जसले उपासनाको आरम्भ गर्न चाहन्छ, त्यसको लागि यही आरम्भ हो कि त्यसले कसैसँग वैर नराखोस्, सर्वदा प्रीति गरोस् । सत्य बोलोस्, मिथ्या कहिल्यै नबोलोस्, चोरी नगरोस्, सत्य व्यवहार गरोस् । जितेन्द्रिय होस्, लम्पट नहोस् र निरभिमानी होस्, अभिमान कहिल्यै नगरोस् । यी पाँच प्रकारका **'यम'** मिलेर उपासनायोगको प्रथम अङ्ग हुन्छ ।

**शौचसन्तोषतपःस्वाध्यायेश्वरप्रणिधानानि नियमाः ॥** –योगसूत्र (साधनपाद/सूत्र ३२) ॥

राग-द्वेष छोडेर भित्रबाट, र जलादिले बाहिरबाट पवित्र रहोस्, धर्मबाट पुरुषार्थ गर्नाले लाभमा न प्रसन्नता र हानिमा न अप्रसन्नता गरोस् । प्रसन्न हुँदै आलस्यलाई छोडेर सदा पुरुषार्थ गर्ने गरोस् । सदा दुःख-सुखहरूको सहन र धर्मको नै अनुष्ठान गरोस्, अधर्मको होइन । सदा सत्य-शास्त्रहरूलाई पढोस्-पढाओस्, सत्पुरुषहरूको सङ्ग गरोस्, र **'ओङ्कार'** को जप र अर्थ विचार गर्ने गरोस् । आफ्नो आत्मालाई परमेश्वरको आज्ञानुकूल समर्पित गरिदेओस् । यी पाँच प्रकारको **'नियमहरूलाई'** मिलाएर उपासनायोगको दोस्रो अङ्ग हुन्छ । यस भन्दा अगाडिका कुराहरूका बारेमा छः अङ्ग योगशास्त्र वा **ऋग्वेदादिभाष्यभूमिका**मा हेर्नुहोस् ।

जब उपासना गर्न चाहन्छ, तब एकान्त शुद्ध देशमा (ठाउँमा) गएर, आसन जमाएर, प्राणायाम गर्दै, बाह्य विषयहरूदेखि इन्द्रियहरूलाई रोक्दै, मनलाई नाभि, हृदय, कण्ठ, नेत्र, शिखा, पीठको मध्य हाडमा कुनै स्थानमा स्थिर गरेर, आफ्नो आत्मा र परमात्माको विवेचन गर्दै, परमात्मामा मग्न हुन जानाले संयमी हुन्छ । जब यी साधनहरूलाई गर्नेछ तब त्यसको आत्मा र अन्तःकरण पवित्र भएर सत्यले भरपूर हुन जान्छ । नित्यप्रति ज्ञान-विज्ञानलाई बढाउँदै मुक्तिसम्म पुग्नजान्छ । जसले आठ प्रहरमा एक घडीमात्र पनि यस प्रकारले ध्यान गर्दछ, त्यसले सदा उन्नतिलाई प्राप्त गर्दछ । त्यहाँ सर्वज्ञादि गुणहरूको साथ परमेश्वरको उपासना गर्नु **'सगुण'** र द्वेष, रूप, रस, गन्ध, स्पर्शादि गुणहरूदेखि पृथक् मानेर, अतिसूक्ष्म आत्माको भित्र-बाहिर व्यापक परमेश्वरमा दृढ स्थित हुन जानु **'निर्गुणोपासना'** भनिन्छ ।

**यसको फल**– जसरी जाडोले कठाङ्ग्रिएको पुरुष आगोको नजिक जानाले शीत निवृत्त हुनजान्छ, त्यसै गरी परमेश्वरको समीप प्राप्त हुनाले सबै दोष, दुःख छुटेर परमेश्वरको गुण-कर्म-स्वभावको सदृश जीवात्माको गुण-कर्म-स्वभाव पवित्र हुन जान्छन् । त्यसैले परमेश्वरको स्तुति, प्रार्थना र उपासना अवश्य गर्नुपर्दछ । त्यसैले यसको फल पृथक् हुनेछ, परन्तु आत्माको बल यति बढ्नेछ कि, त्यसले पर्वतको समान दुःख प्राप्त हुँदा पनि हड्बडाउने छैन र सहन गर्न सक्नेछ । के यो सानो कुरो हो त ? र जसले परमेश्वरको स्तुति, प्रार्थना र उपासना गर्दैन, त्यो कृतघ्न र महामूर्ख पनि हुन्छ, किनभने जुन परमात्माले यस जगत्का सबै पदार्थ जीवहरूको सुखको लागि दिइराखेको छ, उसको गुणलाई भुल्न जानु, ईश्वरलाई नै नमान्नु **'कृतघ्नता'** र **'मूर्खता'** देखि कम होइन ।

## ईश्वरका ज्ञानका प्रकारहरू (७.४)

**प्रश्न**– जब परमेश्वरको श्रोत्र, नेत्रादि इन्द्रियहरू छैनन् भने, फेरि उसले इन्द्रियहरूको काम कसरी गर्न सक्दछ ?

**उत्तर– अपाणिपादो जवनो ग्रहीता पश्यत्यचक्षुः स श्रृणोत्यकर्णः ।**
**स वेत्ति विश्वं न च तस्यास्ति वेत्ता तमाहुरग्र्यं पुरुषं पुराणम् ॥**

–यो श्वेताश्वतरोपनिषद् (अध्याय ३/मन्त्र १९) को वचन हो ॥

परमेश्वरका हात छैनन्, परन्तु आफ्नो शक्तिरूपी हातबाट सबैको रचना, ग्रहण गर्दछ; खुट्टा छैनन्, परन्तु व्यापक हुनाले सबै भन्दा अधिक वेगवान् छ; आँखा छैनन्, परन्तु सबैलाई यथावत् देख्दछ; कान छैनन्, तथापि सबैको कुरा सुन्दछ; अन्तःकरण छैन, परन्तु सबै जगत्लाई जान्दछ र उसलाई अवधिसहित जान्नेवाला कोही पनि छैनन्; उसैलाई सनातन, सबै भन्दा श्रेष्ठ, सबैमा पूर्ण हुनाले **'पुरुष'** भन्दछन् । उसले इन्द्रियहरू र अन्तःकरणको बिना आफ्नो काम आफ्नो सामर्थ्यले गर्दछ ।

**प्रश्न**– उसलाई धेरै मान्छेहरूले निष्क्रिय र निर्गुण भन्दछन् नि ?

**उत्तर– न तस्य कार्य्यं करणं च विद्यते, न तत्समश्चाभ्यधिकश्च दृश्यते ।**
**परास्य शक्तिर्विविधैव श्रूयते, स्वाभाविकी ज्ञानबलक्रिया च ॥**

–यो श्वेताश्वतरोपनिषद् (अध्याय ६/मन्त्र ८) को वचन हो ॥

उसका शरीर र इन्द्रियहरू छैनन्, उसको समान र ऊभन्दा बर्ता पनि अरू कुनै देखिँदैनन्, उसको पराशक्ति नै नाना प्रकारको सुनिन्छ र त्यो स्वभाविकी ज्ञानक्रिया र बलक्रिया हो । अर्थात् परमात्मादेखि कुनै तद्रूप कार्य्य र उसको कारण अर्थात् साधकतम दोस्रो अपेक्षित छैन । न कुनै उसको तुल्य र न अधिक छन् । सर्वोत्तमशक्ति अर्थात् अनन्त ज्ञान, अनन्त बल र अनन्त क्रिया छ, त्यो स्वाभाविक अर्थात् सहज

उसमा सुनिने गरिन्छ । यदि परमेश्वर निष्क्रिय हुन्थ्यो भने त जगत्को उत्पत्ति, स्थिति र प्रलय हुन सक्थेन । त्यसैले ऊ **'विभु'** तथापि **'चेतन'** हुनाले उसमा क्रिया पनि छ ।

**प्रश्न**– जब उसले क्रिया गर्दोहोला तब अन्तवाला क्रिया हुन्छ कि अनन्त ?

**उत्तर**– जति देश, कालमा क्रिया गर्न उचित सम्झन्छ त्यति नै देश, कालमा क्रिया गर्दछ । न अधिक, न न्यून, किनभने ऊ विद्वान् हो ।

**प्रश्न**– परमेश्वर आफ्नो अन्त जान्दछ कि जान्दैन ? जान्दछ भने त अनन्त र जान्दैन भने त पूर्ण ज्ञानी होइन ?

**उत्तर**– परमात्मा पूर्ण ज्ञानी हो । किनभने ज्ञान उसैलाई भन्दछन् कि जसबाट जस्ताको तस्तै पदार्थ जान्न सकियोस् । जब परमेश्वर अनन्त छ भने त उसलाई अनन्त नै जान्नु ज्ञान, र अनन्तलाई सान्त र सान्तलाई अनन्त जान्नु अज्ञान अर्थात् 'भ्रम' भन्दछन् । **'यथार्थ दर्शनं ज्ञानमिति'** (तुलना–भगवद्गीता १३/११) जुन जस्तो पदार्थ छ त्यसलाई त्यस्तै जान्नु **'ज्ञान'** र त्यसदेखि उल्टो **'अज्ञान'** । त्यसैले–

**क्लेशकर्मविपाकाशयैरपरामृष्टः पुरुषविशेष ईश्वरः ॥** –योगसूत्र (समाधिपाद सूत्र २४) ॥

जो अविद्यादि क्लेश, कुशल, अकुशल, इष्ट, अनिष्ट र मिश्र फलदायक कर्महरूको वासनादेखि रहित हुन्छ, त्यो सबै जीवदेखि विशेष हुनाले **'ईश्वर'** भनिन्छ ।

**प्रश्न**– चेतन एक छ कि अनेक ?

**उत्तर**– ईश्वर चेतन एक, र जीव चेतन अनेक ।

## ईश्वरको अस्तित्वको विषयमा कथन (७.५)

**प्रश्न**– **ईश्वरासिद्धेः ॥१॥** –सांख्यशास्त्र (सूत्र १/९२) ॥
**प्रमाणाभावान्न तत्सिद्धिः ॥२॥** –सांख्यशास्त्र (सूत्र ५/१०) ॥
**सम्बन्धाभावान्नानुमानम् ॥३॥** –सांख्यशास्त्र (सूत्र ५/११) ॥
–यी सबै सांख्यशास्त्रका सूत्र हुन् ॥

प्रत्यक्षबाट ईश्वरको सिद्धि हुँदैन ॥१॥ किनभने जब उसको सिद्धिमा प्रत्यक्ष नै हुँदैन भने त अनुमानादि प्रमाण घट्न सक्दैनन् ॥२॥ र व्याप्ति-सम्बन्ध नहुनाले अनुमान पनि हुन सक्दैन । पुनः प्रत्यक्षानुमानादिको नहुनाले शब्द-प्रमाण आदि पनि घट्न सक्दैन ॥३॥

**उत्तर**– यहाँ ईश्वरको सिद्धिमा प्रत्यक्ष प्रमाण छैन, र न ईश्वर जगत्को उपादान कारण हो । पुरुषदेखि विलक्षण अर्थात् सर्वत्र पूर्ण हुनाले परमात्माको नाम **'पुरुष'** र शरीरमा शयन गर्नाले जीवको पनि नाम **'पुरुष'** हो । किन कि यसै प्रकरणमा भनिएको छ कि–

**प्रधानशक्तियोगाच्चेत्सङ्गापत्तिः ॥१॥** –सांख्यशास्त्र (सूत्र ५/८) ॥
**सत्तामात्राच्चेत्सर्वैश्वर्य्यम् ॥२॥** –सांख्यशास्त्र (सूत्र ५/९) ॥
**श्रुतिरपि प्रधानकार्य्यत्वस्य ॥३॥** –सांख्यशास्त्र (सूत्र ५/१२) ॥

यदि पुरुषमा प्रधानशक्तिको योग होस् त पुरुषमा सङ्गापत्ति हुन जान्छ । अर्थात् जसरी प्रकृति सूक्ष्मसँग मिलेर कार्यरूपमा सङ्गत भएको छ, त्यसरी नै परमेश्वर पनि स्थूल हुन जानेछ । त्यसैले परमेश्वर जगत्को उपादान कारण होइन, किन्तु निमित्त कारण हो ॥१॥ यदि चेतनबाट जगत्को उत्पत्ति हुन्छ भने त जसरी परमेश्वर समग्रैश्वर्ययुक्त छ, त्यस्तै संसारमा पनि सर्वैश्वर्यको योग हुनुपर्दछ, त्यस्तो छैन । त्यसैले परमेश्वर जगत्को उपादान कारण होइन, किन्तु निमित्त कारण हो ॥२॥ किनभने उपनिषद्ले पनि प्रधानलाई नै जगत्को उपादान कारण भन्दछ ॥३॥ जस्तै–

**अजामेकां लोहितशुक्लकृष्णां बह्वीः प्रजाः सृजमानां स्वरूपाः ॥**

–यो श्वेताश्वतरोपनिषद् (अध्याय ४/मन्त्र ५) को वचन हो ॥

जो जन्मरहित सत्त्व, रज र तमोगुणरूप प्रकृति छ, वही स्वरूपाकारले थुप्रै प्रजारूप हुन जान्छ । अर्थात् प्रकृति परिणामिनी हुनाले अवस्थान्तर हुन जान्छ र पुरुष अपरिणामी हुनाले ऊ अवस्थान्तर भएर दोस्रो रूपमा कहिल्यै पनि प्राप्त हुँदैन, सदा कूटस्थ निर्विकार रहन्छ । साथै प्रकृति सृष्टिमा सविकार र प्रलयमा निर्विकार रहन्छ । यसैले जो कसैले कपिलाचार्यलाई अनीश्वरवादी भन्दछ, त्यही अनीश्वरवादी हो, कपिलाचार्य होइनन् । तथा **मीमांसा**को **धर्म-धर्मी**बाट ईश्वर । वैशेषिक र न्याय पनि **'आत्म'** शब्दबाट अनीश्वरवादी होइन, किनभने सर्वज्ञत्वादि **धर्मयुक्त** र **'अतति सर्वत्र व्याप्नोतीत्यात्मा'** जो सर्वज्ञादि धर्मयुक्त सर्वत्र व्यापक सबै जीवहरूको आत्मा हो, त्यसैलाई मीमांसा, वैशेषिक र न्यायले **'ईश्वर'** मान्दछन् ।

## ईश्वरको अवतार निषेधको बारेमा कथन (७.६)

**प्रश्न**– ईश्वरले अवतार लिन्छ कि लिंदैन ?

**उत्तर**– लिंदैन, किनभने–

**अज एकपात् ॥** –ऋग्वेद (मण्डल ७/सूक्त ३५/मन्त्र १३); यजुर्वेद (अध्याय ३४/मन्त्र ५३) ॥

ईश्वर एक प्रकारको अद्वितीय, निश्चल, अव्यभिचारी, बोधवाला जुन कहिल्यै उत्पन्न हुँदैन ॥

**स पर्यगाच्छुक्रमकायमव्रणमस्नाविरम् ॥** –यजुर्वेद (अध्याय ४०/मन्त्र ८) ॥

ईश्वर आकाशकै सदृश सर्वव्यापक छ, तेजस्वी र दीप्तिमान् छ । त्यो देहरहित, स्नायुरहित अर्थात् नस-नाडीदेखि रहित एवं छिद्ररहित तथा निर्मल छ ॥

**न चास्य कश्चिज्जनिता न चाधिपा ॥** –श्वेताश्वतरोपनिषद् (अध्याय ६/मन्त्र ९) ॥

ईश्वरका कोही पनि माता-पिता अर्थात् उत्पत्तिकर्ता छैनन्, न त उसका कोही स्वामी नै ॥

**दिव्यो ह्यमूर्तः पुरुषः सबाह्याभ्यन्तरो ह्यजः ।**

**अप्राणो ह्यमनाः शुभ्रो ह्यक्षरात्परतः परः ॥** –मुण्डकोपनिषद् (मुण्डक २/मन्त्र २) ॥

त्यो प्रकाशमान, अमूर्तरूप ब्रह्म भित्र-बाहिर सर्वत्र विद्यमान छ । त्यो अजन्मा, प्राणरहित, मनरहित एवं उज्ज्वल छ र अविनाशी आत्मा भन्दा पनि उत्कृष्ट छ ॥

यी चारवटै वचन ऋग्वेद, यजुर्वेद, श्वेताश्वतरोपनिषद् र मुण्डकोपनिषद्का हुन् । इत्यादि वचनबाट परमेश्वर न त जन्म न त कहिल्यै शरीरवाला हुन्छ ।

**प्रश्न– यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत ।**

**अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ॥** –भगवद् गीता (अध्याय ४/श्लोक ७) ॥

श्रीकृष्णजी भन्नुहुन्छ कि जब-जब धर्मको लोप हुन्छ तब-तब म शरीर धारण गर्दछु ।

**उत्तर**– यो कुरो वेदविरुद्ध हुनाले प्रमाण होइन । फेरि यस्तो पनि हुन सक्दछ कि श्रीकृष्ण धर्मात्मा थिए र धर्मको रक्षा गर्न चाहन्थे । यस कारण 'म युग-युगमा जन्म लिएर श्रेष्ठहरूलाई रक्षा र दुष्टहरूलाई नाश गर्छु' भन्नुमा केही दोष छैन । किनभने **'परोपकाराय सतां विभूतयः'** परोपकारको लागि सत्पुरुषहरूको तन, मन, धन लागिरहेको हुन्छ, तथापि यसबाट श्रीकृष्ण ईश्वर हुन सक्दैनन् ।

**प्रश्न**– यदि यस्तो हो भने त संसारमा ईश्वरको चौबीस अवतार हुन्छन् भनिन्छ, यिनलाई अवतार किन मान्दछन् ?

**उत्तर**– वेदको अर्थ नजान्नेले, सम्प्रदायी व्यक्तिहरूले भुक्याउनाले र आफै अविद्वान् भएर भ्रमजालमा फसेर यस्ता-यस्ता अप्रमाणिक कुरा गर्दछन् र मान्दछन् ।

**प्रश्न**– ईश्वरले अवतार नलिने हो भने त कंस-रावणादि दुष्टहरूको नाश कसरी हुन सक्दछ ?

**उत्तर**– प्रथम त जो जन्मन्छ, त्यसले अवश्य मृत्युलाई प्राप्त गर्दछ । जो ईश्वर अवतार शरीर धारण गरे बिना जगत्को उत्पत्ति, स्थिति, प्रलय गर्दछ, उसको सामुन्ने कंस र रावणादि एक कीट (किरो) बराबर पनि होइनन् । ऊ सर्व व्यापक हुनाले कंस-रावणादिको शरीरमा पनि परिपूर्ण भैरहेको छ, जब चाहन्छ उति वेलै मर्मच्छेदन गरेर नाश गर्न सक्दछ । यस अनन्त-गुण-कर्म-स्वभावयुक्त परमात्मालाई एक क्षुद्र जीवलाई मार्नको लागि जन्म-मरणयुक्त भन्नु महामूर्खताको काम हो । यदि कसैले भन्दछ कि भक्तहरूको उद्धारको लागि जन्म लिन्छ भने पनि सत्य होइन, किनभने जो भक्तजन, ईश्वरको आज्ञानुकूल चल्दछन्, तिनीहरूलाई उद्धार गर्ने पूरा सामर्थ्य ईश्वरमा छ । के ईश्वरले पृथ्वी, सूर्य, चन्द्रादि जगत्लाई बनाउने, धारण गर्ने र प्रलय गर्ने रूप कर्महरूदेखि पुत्रोत्पत्ति कंस-रावणादिको वध र गोवर्धनादि उठाउनु ठूलो कर्म हो ? जो कसैले यस सृष्टिमा भएका परमेश्वरको कर्महरूलाई विचार गरेमा त **'न भूतो न भविष्यति'** ईश्वरको सदृश न कोही भयो, न छ र न हुनेछ ।

फेरि, युक्तिले पनि ईश्वरको जन्म सिद्ध हुँदैन । जस्तै अनन्त आकाशलाई कसैले भन्दछ कि 'गर्भमा आयो' वा 'मुट्ठीभित्र पारें', यो साँचो कहिल्यै हुन सक्दैन, किनभने आकाश सबैमा व्यापक छ । न त्यो बाहिर आउँछ, न त भित्र नै जान्छ, त्यसै गरी नै परमेश्वर व्यापक हुनाले उसको आउनु-जानु सिद्ध हुन सक्दैन । किनभने जानु त्यहाँ हुन सक्दछ जहाँ ऊ छँदैछैन र आउनु पनि त्यहाँबाट हुन्छ जहाँ परमेश्वर हुँदै नहोस् । के यो गर्भमा व्यापक थिएन जो कतैबाट आयो ? र बाहिर छैन जो भित्रबाट निक्लोस् ? त्यसैले परमेश्वरको जन्म कहिल्यै पनि हुन सक्दैन । यसै प्रकार 'यीशु मसीह' को पनि ईश्वरको जन्म होइन यो सम्झनुपर्दछ ।

**प्रश्न**– ईश्वरले आफ्ना भक्तहरूको पाप क्षमा गर्दछ कि गर्दैन ?

**उत्तर**– गर्दैन, किनभने पाप क्षमा गऱ्यो भने त उसको न्याय नष्ट हुन जानेछ र सबै मनुष्य महापापी हुनेछन् । किनभने तिनीहरूलाई पाप गर्नमा उत्साह र निर्भयता हुनेछ । जस्तै कुनै राजाले

अपराधीहरूको पाप क्षमा गरिदिएमा त उनीहरू झन अधिक-अधिक अपराध र पाप गर्न थाल्नेछन् । यस्तोमा जसले अपराध गर्दैन त्यो पनि अपराध गर्नदेखि डराउँदैन । त्यसैले सबै कर्महरूको फल दिनु नै ईश्वरको काम हो, क्षमा गर्नु होइन ।

## जीवको स्वतन्त्रता (७.७)

**प्रश्न**– जीव स्वतन्त्र छ या परतन्त्र ?

**उत्तर**– आफ्नो कर्तव्य कर्महरूमा स्वतन्त्र र ईश्वरको व्यवस्थामा परतन्त्र छ ।

**स्वतन्त्रः कर्त्ता** –यो पाणिनीय अष्टाध्यायी (१/४/५४) व्याकरणको सूत्र हो ॥

जो स्वतन्त्र अर्थात् स्वाधीन छ, त्यही कर्ता हो ।

**प्रश्न**– स्वतन्त्र कसलाई भन्दछन् ?

**उत्तर**– जसको आधीन शरीर, प्राण, इन्द्रिय र अन्तःकरणादि हुन्छन्, त्यो स्वतन्त्र हो । यदि स्वतन्त्र हुँदैन भने त त्यसलाई पाप-पुण्यको फल प्राप्त कहिल्यै पनि हुनसक्दैन । किनभने जसरी भृत्य स्वामी; र सेना, सेनाध्यक्षको आज्ञाले अथवा प्रेरणाले युद्धमा अनेक पुरुषहरूलाई मारेर पनि अपराधी हुँदैनन्, त्यसै गरी परमेश्वरको प्रेरणा र आधीनताले काम सिद्ध हुन्छ भने त जीवलाई पाप या पुण्य लाग्दैन । त्यस फलको भागी प्रेरक परमेश्वर हुन्छ । स्वर्ग-नरक अर्थात् सुख-दुःखको प्राप्ति पनि परमेश्वरको हुन्छ । जस्तै कुनै मनुष्यले शस्त्रविशेषले कसैलाई मार्‍यो भने त त्यही मार्नेवालालाई पक्राउ गरिन्छ, दण्ड पाउँछ, शस्त्रले होइन । त्यसरी नै पराधीन जीव पाप-पुण्यको भागी हुन सक्दैन । त्यसैले आफ्नो सामर्थ्यानुकूल कर्म गर्नमा जीव स्वतन्त्र, परन्तु जब उसले पाप गरिसक्दछ तब ईश्वरको व्यवस्थामा पराधीन भएर पाप भोग्दछ । त्यसैले कर्म गर्नमा जीव स्वतन्त्र र पापको दुःखरूप फल भोग्नमा परतन्त्र हुन्छ ।

## जीव र ईश्वरको भिन्नताको वर्णन (७.८)

**प्रश्न**– यदि परमेश्वरले जीवलाई बनाउँथेन, सामर्थ्य दिन्थेन भने त जीवले केही गर्न सक्थेन । त्यसैले परमेश्वरको प्रेरणाबाट नै जीवले कर्म गर्दछ ।

**उत्तर**– जीव कहिल्यै उत्पन्न भएन; यो अनादि हो । जसरी ईश्वर र जगत्को उपादान कारण नित्य छ, र जीवको शरीर तथा इन्द्रियहरूका गोलक परमेश्वरले बनाएका हुन्, परन्तु ती सबै जीवको आधीनमा छन् । जो कसैले मन, कर्म र वचनले पाप-पुण्य गर्दछ, त्यही भोक्ता हो, ईश्वर होइन । जसरी कुनै कारिगरले पहाडबाट फलाम निकाल्यो, त्यस फलामलाई कुनै व्यपारीले क्रय गर्‍यो, उसको पसलबाट लोहारले लिएर तलवार बनायो, लोहारसँगबाट कुनै सिपाहीले तलवार लियो, उसले त्यस हतियारबाट कसैलाई मार्‍यो । अब यहाँ जसरी फलामलाई उत्पन्न गर्ने, उसबाट किनेर लिने, तलवार बनाउनेवाला र तलवारलाई समातेर राजाले दण्ड दिँदैन, किन्तु जसले तलवारद्वारा मार्‍यो, उसैले दण्ड पाउँछ । यसै प्रकार शरीरादिलाई उत्पत्ति गर्नेवाला परमेश्वर उसको कर्मको भोक्ता हुँदैन, किन्तु जीव भोक्ता हुन्छ । फेरि यदि परमेश्वरले कर्म गराउँथ्यो भने त कुनै जीवले पनि पाप गर्दैनथे, किनभने परमेश्वर पवित्र र धार्मिक हुनाले कुनै जीवलाई पाप गर्नमा प्रेरणा गर्दैन । त्यसैले जीव आफ्नो कर्म गर्नमा स्वतन्त्र छ । जसरी जीव आफ्नो कामहरूमा स्वतन्त्र छ, त्यसरी नै परमेश्वर पनि आफ्नो कामहरूमा स्वतन्त्र छ ।

**प्रश्न**– जीव र ईश्वरको स्वरूप, गुण, कर्म र स्वभाव कस्तो छ ?

**उत्तर**– दुइटै चेतनस्वरूप छन् । स्वभाव दुइटैको पवित्र, अविनाशी र धार्मिकता आदि छ । परन्तु परमेश्वरका सृष्टिको उत्पत्ति, प्रलय, सबैलाई नियममा राख्नु, जीवहरूलाई पाप-पुण्यको फल दिनु आदि धर्मयुक्त कर्म हुन् भने जीवको सन्तानोत्पत्ति, तिनको पालन, शिल्पविद्या आदि राम्रा र नराम्रा कर्म हुन् । ईश्वरको नित्यज्ञान, आनन्द, अनन्त बल आदि गुण हुन् । र जीवका–

**इच्छाद्वेषप्रयत्नसुखदुःखज्ञानान्यात्मनो लिङ्गमिति ॥** –न्यायशास्त्र (१/१/१०) सूत्र ॥

**प्राणापाननिमेषोन्मेषजीवनमनोगतीन्द्रियान्तरविकाराः ।**

**सुखदुःखे इच्छाद्वेषौ प्रयत्नश्चात्मनो लिङ्गानि ॥** –वैशेषिक सूत्र (३/२/४) चन्द्रानन्दवृत्ति सूत्रपाठ ॥

दुइटै सूत्रमा– (**इच्छा**) पदार्थहरूको प्राप्तिको अभिलाषा, (**द्वेष**) दुःखादिको अनिच्छा, वैर, (**प्रयत्न**) पुरुषार्थ बल, (**सुख**) आनन्द, (**दुःख**) विलाप, अप्रसन्नता, (**ज्ञान**) विवेक, चिन्नु यी तुल्य हुन् । परन्तु वैशेषिकमा (**प्राण**) प्राणलाई बाहिर निकाल्नु, (**अपान**) प्राणलाई बाहिरबाट भित्रतिर लैजानु, (**निमेष**) आँखा चिम्लनु, (**उन्मेष**) आँखा खोल्नु, (**जीवन**) प्राणलाई धारण गर्नु, (**मन**) निश्चय, स्मरण र अहङ्कार गर्नु, (**गति**) चल्नु, (**इन्द्रिय**) सबै इन्द्रियलाई चलाउनु, (**अन्तर्विकार**) भिन्न-भिन्न क्षुधा, तृषा, हर्ष, शोकादिको हुनु । यी जीवात्माका गुण परमात्मादेखि भिन्दै छन् । यिनैबाट आत्माको प्रतीति गर्नु, किनभने त्यो स्थूल छैन । जबसम्म आत्मा देहमा हुन्छ, तबसम्म नै यी गुण प्रकाशित रहन्छन्, र जब यसले शरीरलाई छोडेर जान्छ,

तब यी गुणहरू शरीरमा रहँदैनन् । जसको हुनाले जुन हुन्छ, र जसको नहुनाले हुँदैन, ती गुणहरू उसैका हुन्छन्, जो त्यस शरीरमा थियो । जस्तै दीप र सूर्यादिको हुनाले प्रकाशादिको हुनु, नहुँदा नहुनु, त्यसरी नै जीव र परमात्माको विज्ञान गुणद्वारा हुन्छ ।

**प्रश्न**– परमेश्वर त्रिकालदर्शी हो, उसले भविष्यत्को कुरो जान्दछ । उसले जस्तो निश्चय गर्नेछ, जीवले त्यस्तै गर्नेछ । यसबाट जीव स्वतन्त्र छैन र जीवलाई ईश्वरले दण्ड पनि दिन सक्दैन । किनभने जस्तो ईश्वरले आफ्नो ज्ञानले निश्चित गरेको छ, त्यस्तै नै जीवले गर्दछ ।

**उत्तर**– ईश्वरलाई त्रिकालदर्शी भन्नु मूर्खताको काम हो, किनभने जुन भएर रहँदैन, त्यो **'भूतकाल'** र नभएर हुन्छ, त्यो **'भविष्यत्काल'** भनिन्छ । के ईश्वरलाई कुनै ज्ञान भएर रहँदैन तथा नभएर पनि हुन्छ ? यसैले परमेश्वरको ज्ञान सदा एकरस, अखण्डित वर्तमान रहन्छ । भूत, भविष्यत् जीवहरूको लागि हो । यति त हो कि जीवहरूको कर्मको अपेक्षादेखि त्रिकालज्ञता ईश्वरमा छ, स्वतः होइन । जसरी स्वतन्त्रताले कर्म जीव गर्दछ, त्यसरी नै सर्वज्ञताले ईश्वर जान्दछ । जस्तो ईश्वर जान्दछ, त्यस्तै जीव गर्दछ अर्थात् भूत, भविष्यत्, वर्तमानको ज्ञान र फल दिनमा ईश्वर स्वतन्त्र र जीव किञ्चित् वर्तमान र कर्म गर्नमा स्वतन्त्र छ । ईश्वरको अनादि ज्ञान हुनाले जस्तो कर्मको ज्ञान छ, त्यस्तै नै उसको दण्ड दिने ज्ञान पनि अनादि छ । दुइटै ज्ञान उसका सत्य हुन् । के 'कर्मज्ञान' साँचो र 'दण्डज्ञान' मिथ्या कहिल्यै हुन सक्दछ ? त्यसैले यसमा कुनै पनि दोष आउँदैन ।

**प्रश्न**– जीव शरीरमा भिन्न विभु हो कि परिच्छिन्न ?

**उत्तर**– परिच्छिन्न । यदि विभु हुन्थ्यो भने त जाग्रत, स्वप्न, सुषुप्ति, मरण, जन्म, संयोग, वियोग, जानु, आउनु कहिल्यै पनि हुन सक्दैन । त्यसैले जीवको स्वरूप अल्पज्ञ, अल्प अर्थात् सूक्ष्म छ र परमेश्वरको अतिसूक्ष्म, अनन्त, सर्वज्ञ र सर्वव्यापक स्वरूप छ । त्यसैले जीव र परमेश्वरको **'व्याप्य-व्यापक'** सम्बन्ध छ ।

**प्रश्न**– जुन ठाउँमा एउटा वस्तु हुन्छ, त्यस ठाउँमा अर्को वस्तु रहन सक्दैन । त्यसैले जीव र ईश्वरको संयोग सम्बन्ध हुन सक्दछ, व्याप्य-व्यापक होइन ।

**उत्तर**– यो नियम समान आकार भएका पदार्थमा मात्र घट्न सक्दछ, असमान आकृतिमा होइन । जस्तै फलाम स्थूल, अग्नि सूक्ष्म हुन्छ, यसकारणबाट फलाममा विद्युत् अग्नि व्यापक भएर एउटै अवकाशमा दुइटै रहन्छन्, त्यसरी नै जीव परमेश्वर भन्दा स्थूल र परमेश्वर-जीव भन्दा सूक्ष्म हुनाले परमेश्वर व्यापक र जीव व्याप्य हो । जस्तो यो व्याप्य-व्यापक सम्बन्ध जीव-ईश्वरको छ, त्यसरी नै सेव्य-सेवक, आधाराधेय, स्वस्वामी, राजा-प्रजा र पिता-पुत्र आदिको पनि सम्बन्ध हुन्छ ।

## ईश्वरको सगुणता र निर्गुणताको बारेमा कथन (७.९)

**प्रश्न**- ब्रह्म र जीव अलग-अलग हुन् कि एक ?

**उत्तर**– अलग-अलग हुन् ।

**प्रश्न**– यदि पृथक्-पृथक् हो भने त–

| | |
|---|---|
| **प्रज्ञानं ब्रह्म ॥१॥** | –ऐतरेय उपनिषद् (३/५/३) ॥ |
| **अहं ब्रह्मास्मि ॥२॥** | –बृहदारण्यकोपनिषद् (१/४/१०; शत.ब्रा.४/३/२/२१) ॥ |
| **तत्त्वमसि ॥३॥** | –छान्दोग्योपनिषद् (६/८/७) ॥ |
| **अयमात्मा ब्रह्म ॥४॥** | –माण्डूक्योपनिषद् २; शत. ब्रा. (१४/४/५/१४) ॥ |

यी वेदहरूका **'महावाक्यहरू'** को के अर्थ हो ?

**उत्तर**– यी वेदवाक्य नै होइनन्, किन्तु ब्राह्मण-ग्रन्थहरूका वचन हुन्, र यिनको नाम **'महावाक्य'** भनेर कुनै सत्यशास्त्रहरूमा लेखिएको छैन ।

**अर्थ**– अर्थात् ब्रह्म प्रकृष्ट ज्ञानस्वरूप छ **॥१॥**

(अहम्) म (ब्रह्म) अर्थात् ब्रह्मस्थ (अस्मि) हूँ । यहाँ 'तात्स्थ्योपाधि' छ, जस्तै **'मञ्चाः क्रोशन्ति'** मञ्चान पुकार्दछन् । मञ्चान जड हो, त्यसमा पुकार्ने सामर्थ्य हुँदैन, त्यसैले मञ्चस्थ मनुष्यहरू पुकार्दछन् । यसै प्रकारले यहाँ पनि बुझ्नुपर्दछ । कसैले भन्दछ कि ब्रह्मस्थ सबै पदार्थ छन्, पुनः जीवलाई ब्रह्मस्थ भन्नुमा के विशेष छ ? यसको उत्तर यो हो कि सबै पदार्थ ब्रह्मस्थ हुन्, परन्तु जस्तो साधर्म्ययुक्त निकटस्थ जीव हो, त्यस्तो अन्य होइनन्, र जीवलाई ब्रह्मको ज्ञान र मुक्तिमा ब्रह्मको साक्षात्सम्बन्धमा रहन्छ, यसैले जीवको ब्रह्मको साथमा 'तात्स्थ्य' वा 'तत्सहचरितोपाधि' अर्थात् ब्रह्मको सहचारी जीव हो । त्यसैले जीव र ब्रह्म एक होइनन् । जस्तै कसैले कसैसँग भनोस् कि म र यो एकै हौं अर्थात् अविरोधी हौं, त्यस्तो जुन जीव समाधिस्थ, परमेश्वरमा प्रेमबद्ध भएर निमग्न हुन्छ, त्यसले भन्नसक्दछ कि म र ब्रह्म एक अर्थात् अविरोधी

एक अवकाशस्थ हौं । जो जीव परमेश्वरको गुण-कर्म-स्वभावको अनुकूल आफ्नो गुण-कर्म-स्वभावलाई ढाल्दछ, त्यही साधर्म्यले ब्रह्मको साथ एकता भन्न सक्दछ ॥२॥

**प्रश्न–** त्यसो भए यसको अर्थ कस्तो गर्दछौ (तत्) ब्रह्म (त्वं) तँ जीव (असि) होस् । हे जीव ! (त्वम्) तँ (तत्) त्यो ब्रह्म (असि) होस् ।

**उत्तरपक्ष–** तिमीले 'तत्' शब्दबाट के लिन्छौ ?

**पूर्वपक्ष–** 'ब्रह्म' ।

**उत्तरपक्ष–** 'ब्रह्म' पदको अनुवृत्ति कताबाट ल्यायौ ?

**पूर्वपक्ष– 'सदेव सोम्येदमग्र आसीदेकमेवाद्वितीयं ब्रह्म' ॥** यस पूर्व वाक्यबाट ।

**उत्तरपक्ष–** तिमीले यस छान्दोग्य उपनिषद्को दर्शन पनि गरेनौ । यदि तिमीले देखेका हुन्थ्यौ भने त यस्तो झुट्टो किन बोल्थ्यौ ? वहाँ **'ब्रह्म'** शब्दको पाठ पनि छैन, किन्तु छान्दोग्यमा त–

**सदेव सोम्येदमग्र आसीदेकमेवाद्वितीयम् ॥** –छान्दोग्योपनिषद् (अध्याय ६/खण्ड २/मन्त्र १) ॥

यस्तो पाठ छ । वहाँ 'ब्रह्म' शब्द छैन ।

**प्रश्न–** त्यसो भए तिमीले तच्छब्दले के लिन्छौ ?

**उत्तर– स य एषोऽणिमैतदात्म्यमिदꣳ सर्वं तत्सत्यꣳ स आत्मा तत्त्वमसि श्वेतकेतो इति ॥**

–छान्दोग्योपनिषद् (६/८/७) ॥

त्यो परमात्मा जान्नयोग्य छ । जुन यो अत्यन्तसूक्ष्म र यस सबै जगत् र जीवको आत्मा हो । वही सत्यस्वरूप र आफ्नो आत्मा आफै हो । हे श्वेतकेतो ! प्रियपुत्र ! **'तदात्मकस्तदन्तर्यामी त्वमसि'** उस परमात्मा अन्तर्यामीदेखि तँ युक्त छस् । यही अर्थ सबै उपनिषद्हरूदेखि अविरुद्ध छ । किनभने–

**य आत्मनि तिष्ठन्नात्मनोऽन्तरो यमात्मा न वेद यस्यात्मा शरीरम् ।**
**य आत्मानमन्तरो यमयति स तऽआत्मान्तर्याम्यमृतः ॥** –शत.ब्रा. (१४/५/५/३०) ॥

–तुलना [काण्व बृहदारण्यकोपनिषद (३/७/२२)] ॥

यो बृहदारण्यक उपनिषद्को वचन हो । महर्षि याज्ञवल्क्यले उद्दालकलाई भन्नुहुन्छ कि– "हे उद्दालक ! जुन परमेश्वर आत्मा अर्थात् जीवमा स्थित र जीवात्मादेखि भिन्न छ, जसलाई मूढ जीवात्माले जान्दैन कि त्यो परमात्मा ममा व्यापक छ । जुन परमेश्वरको जीवात्मा शरीर अर्थात् जसरी शरीरमा जीव रहन्छ, त्यसरी नै जीवमा परमेश्वर व्यापक छ । जीवात्मादेखि भिन्न रहेर जीवको पाप-पुण्यको साक्षी भएर तिनको फल जीवलाई दिएर नियममा राख्दछ, वही अविनाशीस्वरूप तिम्रो पनि अन्तर्यामी आत्मा अर्थात् तिम्रो भित्र व्यापक छ, त्यसलाई तिमीले जान ।" इत्यादि वचनहरूलाई के कसैले अन्यथा गर्न सक्दछ र ? **॥३॥**

**'अयमात्मा ब्रह्म'** अर्थात् समाधिदशामा जब योगीलाई परमेश्वर प्रत्यक्ष हुन्छ, तब त्यसले भन्दछ कि **"यो जुन ममा व्यापक छ, वही ब्रह्म सर्वत्र व्यापक छ ।"** त्यसैले जो आजभोलिका वेदान्ती जीव-ब्रह्मको एकता गर्दछन्, तिनीहरूले वेदान्तशास्त्रलाई जान्दैनन् **॥४॥**

**प्रश्न– अनेनात्मना जीवेनानुप्रविश्य नामरूपे व्याकरवाणि ॥१॥** –छान्दोग्योपनिषद् (६/३/३) ॥

**तत्सृष्ट्वा तदेवानुप्राविशत् ॥२॥** –तैत्तिरीयोपनिषद् (ब्रह्मानन्दवल्ली/अनुवाक ६/मन्त्र १) ॥

परमेश्वर भन्दछ कि म जगत् र शरीरलाई रचेर जगत्मा व्यापक र जीवरूप भएर शरीरमा प्रविष्ट हुँदै नाम र रूपको व्याख्या गरूँ ॥१॥ परमेश्वरले त्यस जगत् र शरीरलाई बनाएर, त्यसैमा ऊ प्रविष्ट भयो । इत्यादि श्रुतिहरूको अर्थ अर्कै कसरी गर्न सक्दछौ ॥२॥

**उत्तर–** यदि तिमीले पद, पदार्थ र वाक्यार्थ जान्दथ्यौ भने त यस्तो अनर्थ कहिल्यै गर्ने थिएनौ । किनभने यहाँ यस्तो सम्झ– एक 'प्रवेश' र अर्को 'अनुप्रवेश' अर्थात् पश्चात् प्रवेश भनिन्छ । परमेश्वर शरीरमा प्रविष्ट भएका जीवसँग अनुप्रविष्टकै समान भएर वेदद्वारा सबै नाम रूपादिको विद्यालाई प्रकट गर्दछ; र शरीरमा जीवलाई प्रवेश गराएर, आफू जीवको भित्र अनुप्रविष्ट भैरहेको छ । यदि तिमीले 'अनु' शब्दको अर्थ जान्दथ्यौ त त्यस्तो विपरीत अर्थ कहिल्यै गर्दैनथ्यौ ।

**प्रश्न– 'सोऽयं देवदत्तो य उष्णकाले काश्यां दृष्टः, स इदानीं प्रावृट्समये मथुरायां दृश्यते'** अर्थात् जुन देवदत्त मैले उष्णकालमा काशीमा देखेको थिएँ, उसैलाई वर्षा समय मथुरामा देख्दछु । यहाँ त्यो काशी देश उष्णकाल, यो मथुरा देश र वर्षाकाललाई छोडेर शरीरमात्रमा लक्ष्य गरेमा नै देवदत्त लक्षित हुन्छ, त्यसरी नै यस भागत्यागलक्षणादेखि ईश्वरको परोक्ष देश, काल, माया, उपाधि र जीवको यो देश, काल, अविद्या र अल्पज्ञता उपाधि छोडेर चेतनमात्रमा लक्ष्य दिनाले एउटै ब्रह्म वस्तु दुइटैमा लक्षित हुन्छ । यस 'भागत्यागलक्षणा' अर्थात् केही ग्रहण गर्नु केही छोडिदिनु– जस्तै सर्वज्ञत्वादि वाच्यार्थ ईश्वरको र

अल्पज्ञत्वादि वाच्यार्थ जीवको छोडेर चेतनमात्र लक्ष्यार्थको ग्रहण गर्नाले 'अद्वैत' सिद्ध हुन्छ, यहाँ के भन्न सक्दछौ ?

**उत्तर**– प्रथम तिमीले जीव र ईश्वरलाई नित्य मान्दछौ कि अनित्य ?

**प्रश्न**– यी दुइटै उपाधिजन्य कल्पित हुनाले अनित्य मान्दछौं ।

**उत्तर**– त्यस उपाधिलाई नित्य मान्दछौ कि अनित्य ?

**प्रश्न**– हाम्रो मतमा–

**जीवेशौ च विशुद्धाचिद् विभेदस्तु तयोर्द्वयोः । अविद्या तच्चितोर्योगः षडस्माकमनादयः ॥१॥**

–विद्यारण्य विरचित 'अनुभूतिप्रकाश' (अध्याय १/श्लोक ६१) ॥

**कार्य्योपाधिरयं जीवः कारणोपाधिरीश्वरः । कार्य्यकारणतां हित्वा पूर्णबोधोऽवशिष्यते ॥२॥**

–यी 'संक्षेपशारीरक' र 'शारीरकभाष्य' मा कारिका हुन् ॥

–अप्पयदीक्षित रचित नारायणयन्त्र–कलकत्तामुद्रित–सिद्धान्तलेशसंग्रह ॥

हामी वेदान्तीले छः पदार्थहरू अर्थात् एक जीव, दोस्रो ईश्वर, तेस्रो ब्रह्म, चौथो जीव र ईश्वरको विशेष भेद, पाँचौं अविद्या अज्ञान, र छैटौं अविद्या र चेतनको योगलाई अनादि मान्दछौं । परन्तु एक **ब्रह्म** अनादि, अनन्त र अन्य पाँच अनादि सान्त हुन्, जस्तो कि प्रागभाव हुन्छ । जबसम्म अज्ञान रहन्छ, तबसम्म यी पाँच रहन्छन्, र यी पाँचैको आदि विदित हुँदैन, त्यसैले '**अनादि**' र ज्ञान भएपश्चात् नष्ट हुन्छन्, यसैले **'सान्त'** अर्थात् नाशवाले भनिन्छ ।

**उत्तर**– यी तिम्रा दुइटै श्लोक शुद्ध छैनन्, किनभने अविद्याको योगको बिना जीव र मायाको योगको बिना ईश्वर तिम्रो मतमा सिद्ध हुन सक्दैन । यसबाट **'तच्चितोर्योगः'** जुन छैटौं पदार्थ तिमीले गनेका छौ, त्यो रहेन । किनभने त्यो अविद्या माया जीव ईश्वरमा चरितार्थ हुन गयो र ब्रह्म तथा माया र अविद्याको योगको बिना ईश्वर बन्दैन, फेरि ईश्वरलाई अविद्या र ब्रह्मदेखि पृथक् गन्नु व्यर्थ हो । त्यसैले दुइटा मात्रै पदार्थ अर्थात् ब्रह्म र अविद्या तिम्रो मतमा सिद्ध हुन सक्दछन्, छः होइन ॥१॥ तथा तिम्रो प्रथम कार्योपाधि र कारणोपाधिले जीव र ईश्वरको सिद्ध गर्न तब हुनसक्दछ कि जब अनन्त, नित्य-शुद्ध-बुद्ध-मुक्तस्वभाव, सर्वज्ञ, सर्वव्यापक ब्रह्ममा अज्ञान सिद्ध गरे । यदि त्यसको एक देशमा स्वाश्रय र स्वविषयक अज्ञान अनादि सर्वत्र मान्यौ भने त सबै ब्रह्म शुद्ध हुन सक्दैन; र जब एक देशमा अज्ञान मान्यौ भने त त्यो परिच्छिन्न हुनाले यता-उता आउने-जाने गरिरहनेछ । जहाँ-जहाँ जानेछ, त्यहाँ-त्यहाँको ब्रह्म अज्ञानी र जुन-जुन देशलाई छोड्दै जानेछ, त्यस-त्यस देशको ब्रह्म ज्ञानी भैरहनेछ तब कुनै देशको ब्रह्मलाई अनादि शुद्ध ज्ञानयुक्त भन्न सक्नेछैनौ । फेरि जुन अज्ञानको सीमामा ब्रह्म छ, त्यसले अज्ञानलाई जान्नेछ । बाहिर र भित्रको ब्रह्मको टुक्रा हुन जानेछ । यदि भनौला कि टुक्रा हुन जाओ ब्रह्मको के हानि ? जुन टुक्रा भयो भने त त्यो अखण्ड होइन । जुन अखण्ड भयो भने त अज्ञानी होइन तथा ज्ञानको अभाव वा विपरीत ज्ञान पनि गुण हुनाले कुनै द्रव्यको साथ नित्य सम्बन्धले रहनेछ । यदि यस्तो हो भने त समवायसम्बन्ध हुनाले अनित्य कहिल्यै पनि हुन सक्दैन । फेरि जस्तै शरीरमा एक ठाउँमा घाउ हुनाले सर्वत्र दुखाई फैलिन्छ, त्यसरी नै एक देशमा अज्ञान, सुख-दुःख, क्लेशहरूको उपलब्धि हुनाले सबै ब्रह्म दुःखादिको अनुभवयुक्त हुनेछ र सबै ब्रह्मलाई शुद्ध भन्नसक्ने छैनौ । त्यसरी नै 'कार्योपाधि' अर्थात् अन्तःकरणको उपाधिको योगले ब्रह्मलाई जीव मान्यौ भने त, हामीले सोध्छौं कि ब्रह्म व्यापक हो कि परिच्छिन्न ? यदि भन कि व्यापक र उपाधि– 'परिच्छिन्न' हो अर्थात् एकदेशी र पृथक्-पृथक् हो, तब त अन्तःकरण चल्ने-फिर्ने गर्दछ कि गर्दैन ?

**उत्तर**– चल्ने-फिर्ने गर्दछ ।

**प्रश्न**– अन्तःकरणको साथ ब्रह्म पनि चल्ने-फिर्ने गर्दछ कि स्थिर रहन्छ ?

**उत्तर**– स्थिर रहन्छ ।

**प्रश्न**– जब अन्तःकरण जुन-जुन देशलाई छोड्दै जानेछ, त्यस-त्यस देशको ब्रह्म अज्ञानरहित र जुन-जुन देशलाई प्राप्त गर्दै जानेछ त्यस-त्यस देशको शुद्ध ब्रह्म अज्ञानी हुँदै जान्छ होला । यसरी क्षणमा ज्ञानी र क्षणमा अज्ञानी ब्रह्म हुन्छ होला । यसबाट मोक्ष र बन्ध पनि क्षणभङ्ग हुनेछ । फेरि जस्तो एउटाले देखेकोलाई कुनै अन्यले स्मरण गर्न सक्दैन, त्यसरी नै हिजो देखेको-सुनेको वस्तु वा कुराको ज्ञान रहन सक्दैन । किनभने जति वेला देखेको-सुनेको थियो, त्यो दोस्रो देश र दोस्रै काल, जति वेला स्मरण गर्दछ, त्यो दोस्रो देश र दोस्रै काल हो । यदि भन्दछौ कि ब्रह्म एक हो, तब त सर्वज्ञ किन होइन ? यदि भन्दछौ कि अन्तःकरण भिन्न-भिन्न हो, यसले गर्दा त्यो पनि भिन्न-भिन्न हुन जान्छ होला । त्यसो भए त त्यो जड हो, त्यसमा ज्ञान हुन सक्दैन । यदि भनौला कि न केवल ब्रह्म र न केवल अन्तःकरणलाई ज्ञान हुन्छ, किन्तु अन्तःकरणस्थ चिदाभासलाई ज्ञान हुन्छ । तापनि चेतनलाई नै अन्तःकरणद्वारा ज्ञान भयो, त्यसो भए त्यो

नेत्रद्वारा अल्प अल्पज्ञ किन छ ? त्यसैले कारणोपाधि र कार्योपाधिको योगबाट ब्रह्म, जीव र ईश्वर बनाउन सक्दैनौ । किन्तु 'ईश्वर' नाम ब्रह्मको हो र ब्रह्मदेखि भिन्न अनादि, अनुत्पन्न र अमृतस्वरूप जीवको नाम 'जीव' हो । यदि तिमीले भन्यौ कि जीव 'चिदाभास' को नाम हो, तब त त्यो क्षणभङ्ग हुनाले वही 'प्रत्यभिज्ञा' को भङ्गको दोष आयो र 'अनिर्मोक्षापत्ति' पनि आउँछ, किनकि जीव उत्पन्न हुनाले नष्ट हुनजान्छ भने त मोक्षको सुख कसले भोग्ने ? त्यसैले ब्रह्म जीव र जीव ब्रह्म कहिल्यै एक भएन, न छ र न हुनेछ ॥२॥

**प्रश्न–** त्यसो भए **'सदेव सोम्येदमग्र आसीदेकमेवाद्वितीयम्' ॥** –छान्दोग्योपनिषद् (६/२/१) ॥

अद्वैतसिद्धि कसरी हुनेछ ? हाम्रो मतमा त ब्रह्मदेखि पृथक् कुनै सजातीय, विजातीय वस्तु र स्वगत् अवयवहरूको भेद नहुनाले एक ब्रह्म नै सिद्ध हुन्छ । जब जीव दोस्रो हो भने त अद्वैतसिद्धि कसरी हुन सक्दछ ?

**उत्तर–** यस भ्रममा परेर किन डराउँछौ ? विशेष्य-विशेषण विद्याको विचार गर कि त्यसको के फल हो । यदि भन कि **'व्यावर्त्तकं विशेषणं'** विशेषण भेदकारक हुन्छ भने त, यति अरू पनि मान कि **'प्रवर्त्तकं प्रकाशकमपि विशेषणं भवतीति'** विशेषण प्रवर्त्तक र प्रकाशक धर्मवाला पनि हुन्छ । अब भन कि अद्वैत विशेषण ब्रह्मको हो । यसमा व्यावर्त्तक धर्म यो हो कि 'द्वैत वस्तु' अर्थात् जसरी अनेक जीव र तत्त्व छन् ती देखि ब्रह्मलाई पृथक् गर्दछ र विशेषणको प्रवर्त्तक र प्रकाशक धर्म यो हो कि ब्रह्म एउटै हुने प्रवृत्ति गराउँछ र प्रकाशक हो । जसरी **"अस्मिन्नगरेऽद्वितीयो धनाढचो देवदत्तः, अस्यां सेनायामद्वितीयः शूरवीरो विक्रमसिंहः ।"** कसैले कसैसँग भन्यो कि– "यस नगरमा अद्वितीय धनाढच देवदत्त र यस सेनामा अद्वितीय शूरवीर विक्रमसिंह छ ।" यसबाट के सिद्ध हुन्छ भने देवदत्तको सदृश यस नगरमा दोस्रो धनाढच र यस सेनामा विक्रमसिंहकै समान दोस्रो शूरवीर छैन । न्यून त छन् । र पृथ्वी आदि जड पदार्थ, पश्वादि र वृक्षादि पनि छन्, तिनको निषेध हुन सक्दैन । त्यसरी नै ब्रह्मको सदृश जीव वा प्रकृति छैन, किन्तु न्यून त छ । यसबाट यही सिद्ध भयो कि ब्रह्म सदा एक छ र जीव तथा प्रकृतिस्थ तत्त्व अनेक छन् । ती देखि भिन्न गरेर ब्रह्मको एकत्वको सिद्ध गर्नको लागि 'अद्वैत' वा 'अद्वितीय' विशेषण हो । यसबाट जीव वा प्रकृतिको र कार्य्यरूप जगत्को अभाव र निषेध हुन सक्दैन किन्तु यी सबै छन्, परन्तु ब्रह्मको तुल्य होइन, यसबाट न अद्वैतसिद्धि र न द्वैतसिद्धिको हानि हुन्छ । नहड्बडाऊ, सोच र सम्झ ।

**प्रश्न–** ब्रह्मको सत्, चित्, आनन्द र जीवको अस्ति, भाति, प्रियरूपदेखि एकता हुन्छ । फेरि किन खण्डन गर्दछौ ?

**उत्तर–** किञ्चित् साधर्म्य मिल्नाले एकता हुन सक्दैन । जसरी पृथ्वी जड, दृश्य हो, त्यस्तै जल र अग्नि आदि पनि जड र दृश्य हो, यतिमात्रैले एकता हुँदैन । यिनमा वैधर्म्य भेदकारक अर्थात् विरुद्ध धर्म जस्तै गन्ध, रूक्षता, काठिन्य, आदि गुण पृथ्वी, र रस, द्रवत्व, कोमलत्वादि धर्म जल, र रूप, दाहकत्वादि धर्म अग्निको हुनाले एकता छैन । जस्तै मनुष्य र किरा आँखाले देख्छन्, मुखले खान्छन्, खुट्टाले हिंड्छन् तथापि मनुष्यको जाति, आकृति, दुई खुट्टा र किराको जाति, आकृति अनेक खुट्टा आदि भिन्न हुनाले एकता हुँदैन, त्यसरी नै परमेश्वरको अनन्त ज्ञान, आनन्द, बल, क्रिया, निर्भ्रान्तित्व र व्यापकता जीवदेखि र जीवको अल्पज्ञान, अल्पबल, अल्पस्वरूप, सभ्रान्तित्व र परिच्छिन्नतादि गुण ब्रह्मदेखि भिन्न हुनाले जीव र परमेश्वर एक होइन, किनभने यिनको स्वरूप पनि, परमेश्वर अतिसूक्ष्म र जीव उसदेखि केही स्थूल हुनाले, भिन्न छ ।

**प्रश्न– अथोदरमन्तरं कुरुते, अथ तस्य भयं भवति ।** –तैत्तिरीयोपनिषद् (ब्र.व.अनु.७) ॥

**द्वितीयाद्वै भयं भवति ॥** –बृहदारण्यकोपनिषद् (१/४/२) ॥

जसले ब्रह्म र जीवमा थोरै पनि भेद गर्दछ, त्यसलाई भय प्राप्त हुन्छ, किनभने दोस्रोबाट नै भय प्राप्त हुने गर्दछ ।

**उत्तर–** यसको अर्थ यो होइन । किन्तु जुन जीवले परमेश्वरको निषेध वा कुनै एक देश-कालमा परिच्छिन्न परमात्मालाई माने, वा उसको आज्ञा र गुण-कर्म-स्वभावदेखि विरुद्ध भएमा, अथवा कुनै दोस्रो मनुष्यसँग वैर गरेमा, त्यसलाई भय प्राप्त हुन्छ । किनभने 'द्वितीय बुद्धि' अर्थात् ईश्वरसँग मेरो कुनै सम्बन्ध छैन, तथा कुनै मनुष्यलाई भनोस् कि "तँलाई मैले केही पनि सम्झन्न, तैंले मेरो केही पनि गर्न सक्दैनस्," वा कसैको हानि गर्दै र दुःख दिंदै गएमा त्यसलाई उनीहरूदेखि भय हुन्छ, र सबै प्रकारबाट अविरोध भएमा त बल्ल एक भनिन्छ । जस्तै संसारमा भनिन्छ कि देवदत्त, यज्ञदत्त र विष्णुमित्र एक हुन्, अर्थात् अविरुद्ध हुन् अर्थात् विरोध नरहनाले सुख र विरोध रहनाले दुःख प्राप्त हुन्छ ।

**प्रश्न–** ब्रह्म र जीवको सदा एकता अनेकता रहन्छ कि अथवा कहिले दुइटै मिलेर एक पनि हुन्छन्, कि हुँदैनन् ?

**उत्तर**– भर्खरै यसको पूर्व केही उत्तर दिइसकिएको छ, परन्तु साधर्म्य अन्वयभावले एकता हुन्छ । जसरी आकाशबाट मूर्त्त-द्रव्य जडत्व हुनाले र कहिल्यै पृथक् नरहनाले एकता र आकाशको विभु, सूक्ष्म, अरूप, अनन्त आदि गुण र मूर्त्तको परिच्छिन्न, दृश्यत्व आदि वैधर्म्यले भेद हुन्छ, अर्थात् जसरी पृथिव्यादि-द्रव्य आकाशदेखि भिन्न कहिल्यै पनि रहँदैन । किनभने 'अन्वय' अर्थात् अवकाशको बिना मूर्त्त-द्रव्य कहिल्यै पनि रहन सक्दैन र 'व्यतिरेक' अर्थात् स्वरूपदेखि भिन्न हुनाले पृथक्ता छ । त्यसरी नै ब्रह्मको व्यापक हुनाले जीव र पृथ्वी आदि द्रव्य त्यसदेखि अलग रहँदैनन् र स्वरूपदेखि एक पनि हुँदैनन् । जसरी घर बनाउनु भन्दा पूर्व भिन्न-भिन्न देशको माटो, काठ, फलाम, आकाशमा नै रहन्छन्, जब घर बन्यो तब पनि आकाशमा नै हुन्छ र जब त्यो नष्ट भयो अर्थात् त्यसको सबै अवयव भिन्न-भिन्न देशमा प्राप्त हुन गए, तब पनि आकाशमै हुन्छ । अर्थात् तीनै कालमा आकाशदेखि भिन्न हुन सक्दैनन् र स्वरूपदेखि भिन्न हुनाले न त कहिल्यै एक थिए, छन् र हुनेछन् । यसै प्रकारले जीव तथा सबै संसारका पदार्थ परमेश्वरमा व्याप्य हुनाले परमात्मादेखि तीनै कालहरूमा अभिन्न र स्वरूपदेखि भिन्न हुनाले कहिल्यै पनि एक हुन सक्दैनन् । आजभोलिका वेदान्तीहरूको दृष्टि कानो पुरुषको समान अन्वयतिर परेर व्यतिरेकभावदेखि छुटेर विरुद्ध भएको छ । कुनै पनि यस्तो द्रव्य छैन जसमा सगुणनिर्गुणता, अन्वय-व्यतिरेक, साधर्म्य-वैधर्म्य र विशेष्य-विशेषण भाव नहोस् ।

## वेदको विषयमा विचार (७.१०)

**प्रश्न**– परमेश्वर सगुण हो कि निर्गुण ?

**उत्तर**– दुइटै प्रकारको हो ।

**प्रश्न**– के एक म्यानमा दुइटा तलवार कहिल्यै रहन सक्दछन् ! एक पदार्थमा सगुण र निर्गुणता कसरी रहन सक्दछ ?

**उत्तर**– जसरी जडका रूपादि गुण हुन्छन् र चेतनका ज्ञानादि गुण जडमा हुँदैनन्, त्यसरी नै चेतनमा इच्छादि गुण छन् र रूपादि जडको गुण छैन । त्यसैले **'यद्गुणैस्सह वर्त्तमानं तत्सगुणम्, गुणेभ्यो यन्निर्गतं पृथग्भूतं तन्निर्गुणम्'** जो गुणहरूदेखि सहित त्यो **'सगुण'** र जो गुणहरूदेखि रहित त्यो **'निर्गुण'** भनिन्छ । आफ्नो-आफ्नो स्वभाविक गुणहरूको सहित र दोस्रो विरोधीको गुणहरूदेखि रहित हुनाले सबै पदार्थ सगुण र निर्गुण हुन्छन् । कुनै पनि यस्तो पदार्थ छैन जसमा केवल निर्गुणता वा केवल सगुणता होस्, किन्तु एउटैमा सगुणता र निर्गुणता सदा रहन्छ । त्यसरी नै परमेश्वर आफ्नो अनन्तज्ञान-बलादि गुणहरूदेखि सहित हुनाले **'सगुण'** र रूपादि जडको तथा द्वेषादि जीवको गुणदेखि पृथक् हुनाले परमेश्वर **'निर्गुण'** भनिन्छ ।

**प्रश्न**– संसारमा निराकारलाई निर्गुण र साकारलाई सगुण भन्दछन् । अर्थात् जब परमेश्वरले जन्म लिंदैन, तब **'निर्गुण'** र जब अवतार लिन्छ, तब **'सगुण'** भनिन्छ ?

**उत्तर**– यो कल्पना केवल अज्ञानीहरूको हो । जसलाई विद्या हुँदैन, तिनीहरू पशुकै समान यथा-तथा बर्बराउने गर्दछन् । जसरी सन्निपात-ज्वरयुक्त मनुष्य अण्डबण्ड बक्दछ, त्यसरी नै अविद्वान्हरूले भनेको वा लेखेकोलाई व्यर्थ सम्झनुपर्दछ ।

**प्रश्न**– परमेश्वर रागी हो कि विरक्त ?

**उत्तर**– दुइटै होइन, किनभने राग आफू भन्दा भिन्न उत्तम पदार्थहरूमा हुन्छ, सो परमेश्वरदेखि कुनै पदार्थ पृथक् वा उत्तम छैन, त्यसैले उसमा 'राग' को सम्भव छैन । र जसले प्राप्तलाई छोडिदिन्छ, त्यसलाई 'विरक्त' भन्दछन् । ईश्वर व्यापक हुनाले कुनै पदार्थलाई छोड्न सक्दैन, त्यसैले विरक्त पनि होइन ।

**प्रश्न**– ईश्वरमा इच्छा छ कि छैन ?

**उत्तर**– त्यस्तो इच्छा छैन । किनभने इच्छा पनि अप्राप्त, उत्तम र जसको प्राप्तिले सुख-विशेष होओस् तब नै ईश्वरमा इच्छा हुन सक्दछ । न त उसदेखि कुनै अप्राप्त पदार्थ, न त कुनै उसदेखि उत्तम र पूर्ण सुखयुक्त हुनाले सुखको अभिलाषा पनि छैन, त्यसैले ईश्वरमा इच्छाको त सम्भव छैन, किन्तु 'ईक्षण' अर्थात् सबै प्रकारको विद्याको दर्शन र सबै सृष्टिलाई गर्नु भनिन्छ, त्यो ईक्षण हो । इत्यादि संक्षिप्त विषयदेखि नै सज्जनहरूले धेरै कुराहरू बुझ्न सक्नेछन् ।

अब संक्षेपले ईश्वरको विषय लेखेर वेदको विषय लेखिन्छ–

**यस्मादृचो अपातक्षन् यजुर्यस्मादपाकषन् ।**

**सामानि यस्य लोमान्यथर्वाङ्गिरसो मुखं स्कम्भन्तं ब्रूहि कतमः स्विदेव सः ॥**

–अथर्ववेद (काण्ड १०/प्रपाठक २३/अनुवाक ४/मन्त्र २०) ॥

जुन परमात्मादेखि ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद प्रकाशति भएका छन्, त्यो कुनचाहिं देव हो ? यसको **उत्तर**– जसले सबैलाई उत्पन्न गरेर धारण गरिरहेको छ, त्यही परमात्मा हो ।

**स्वयम्भूर्याथातथ्यतोऽर्थान् व्यदधाच्छाश्वतीभ्यः समाभ्यः ।** –यजुर्वेद (अध्याय ४०/मन्त्र ८) ॥

जो स्वयम्भू, सर्वव्यापक, शुद्ध, सनातन, निराकार परमेश्वर हो, उसैले सनातन जीवरूप प्रजाको कल्याणार्थ यथावत् रीतिपूर्वक वेदद्वारा सबै विद्याहरूको उपदेश गर्दछ ।

**प्रश्न**– परमेश्वरलाई तिमीले निराकार मान्दछौ कि साकार ?

**उत्तर**– निराकार मान्दछु ।

**प्रश्न**– जब निराकार हो भने त वेदविद्याको उपदेश बिना मुखको वर्णोच्चारण कसरी हुन सक्दछ ? किनभने वर्णहरूको उच्चारणमा ताल्वादि स्थान, जिह्वाको प्रयत्न अवश्य हुनुपर्दछ ।

**उत्तर**– परमेश्वर सर्वशक्तिमान् र सर्वव्यापक हुनाले जीवहरूलाई आफ्नो विद्याको उपदेश गर्नमा कुनै पनि मुखादिको अपेक्षा छैन । किनभने मुख-जिह्वादेखि वर्णोच्चारण आफू भन्दा भिन्न मनुष्यको लागि गर्ने गरिन्छ, आफ्नो लागि होइन । बिना मुख र जिह्वाको मनमा अनेक व्यवहारहरूको विचार र शब्दोच्चारण भैराख्दछ । कानमा औंलाले थुनेर हेर, सुन कि बिना मुख-जिह्वा-ताल्वादि स्थानहरूको कस्ता-कस्ता शब्द भैरहेका छन्, त्यसरी नै जीवहरूलाई अन्तर्यामीरूपबाट उपदेश गरेको छ । किन्तु केवल दोस्रोलाई सम्झाउनको लागि उच्चारण गर्ने गरिन्छ । जब परमेश्वर निराकार सर्वव्यापक छ भने त आफ्नो विद्याको उपदेश जीवस्थ स्वरूपबाट जीवात्मामा प्रकाशित गरिदिन्छ । फेरि त्यो मनुष्यले आफ्नो मुखले उच्चारण गरेर दोस्रालाई सुनाउँछ, त्यसैले ईश्वरमा यो दोष आउन सक्दैन ।

**प्रश्न**– कसको आत्मामा कहिले वेदहरूको प्रकाश गरे ?

**उत्तर– अग्नेर्वा ऋग्वेदो जायते वायोर्यजुर्वेदः सूर्यात्सामवेदः ॥**

–(तुलना-) शतपथ ब्राह्मण (११/४/२/३) ॥

प्रथम अर्थात् सृष्टिको आदिमा परमात्माले अग्नि, वायु, आदित्य तथा अङ्गिरा ऋषिहरूको आत्मामा एक-एक वेदको प्रकाश गरे ।

**प्रश्न– यो वै ब्रह्माणं विदधाति पूर्वं यो वै वेदांश्च प्रहिणोति तस्मै ॥**

–श्वेताश्वतरोपनिषद् (अध्याय ६/मन्त्र १८) ॥

यस वचनबाट ब्रह्माजीको हृदयमा वेदहरूको उपदेश गरियो । फेरि अग्न्यादि ऋषिहरूको आत्मामा किन भनियो ?

**उत्तर**– ब्रह्माको आत्मामा अग्नि आदिको द्वारा स्थापित गराए । हेर ! मनुस्मृतिमा के लेखेको छ ?

**अग्निवायुरविभ्यस्तु त्रयं ब्रह्म सनातनम् । दुदोह यज्ञसिद्ध्यर्थमृग्यजुःसामलक्षणम् ॥**

–मनुस्मृति (अध्याय १/श्लोक २३) ॥

जुन परमात्माले आदि सृष्टिमा मनुष्यलाई उत्पन्न गरेर अग्नि आदि चारै ऋषिहरूद्वारा चारै वेद ब्रह्मालाई प्राप्त गराए र उसै ब्रह्माले अग्नि, वायु, आदित्य र (तँ अर्थात्) अङ्गिराबाट ऋग्, यजुः, साम र अथर्ववेदको ग्रहण गरे ।

**प्रश्न**– ती चारैमा मात्र वेदहरूको प्रकाश गरे, अन्यलाई होइन, यसबाट ईश्वर पक्षपाती ठहरिन्छ ।

**उत्तर**– तिनीहरू चारै जनामात्र सबै जीवहरू भन्दा अधिक पवित्रात्मा थिए । अन्य उनीहरूका सदृश थिएनन् । त्यसैले पवित्र विद्याको उनैमा प्रकाश गरे ।

**प्रश्न**– कुनै देश-भाषामा वेदहरूको प्रकाश नगरेर संस्कृतमा किन गरे ?

**उत्तर**– यदि कुनै देश-भाषामा प्रकाश गर्थे भने त ईश्वर पक्षपाती हुन्थ्यो, किनभने जुन देशको भाषामा प्रकाश गर्थे तिनीहरूलाई सुगमता र विदेशीहरूलाई कठिनता वेदलाई पढ्न-पढाउनमा हुन्थ्यो । यसैले संस्कृतमा नै प्रकाश गरे, जो कुनै देशको भाषामा होइन, र अन्य सबै देशभाषाहरूको कारण हो, उसैमा वेदहरूको प्रकाश गरे । जसरी ईश्वरको पृथ्वी आदि सृष्टि सबै देश र देशवालाहरूको लागि एउटै र सबै शिल्पविद्याको कारण हो, त्यसरी नै परमेश्वरको विद्याको भाषा पनि एउटै हुनुपर्दछ कि सबै देशवालाहरूको लागि पढ्न-पढाउनमा तुल्य परिश्रम हुनाले ईश्वर पक्षपाती हुँदैन, र सबै भाषाहरूको कारण पनि हो ।

**प्रश्न**– वेद ईश्वरकृत हो, अन्यकृत होइन, यसको के प्रमाण छ ?

**उत्तर**– (१) जसरी ईश्वर पवित्र, सर्वविद्यावित्, शुद्धगुणकर्मस्वभाव, न्यायकारी, दयालु आदि गुणवाला छ, त्यस्तै जुन पुस्तकमा ईश्वरको गुण, कर्म, स्वभावको अनुकूल कथन हुन्छ, त्यो ईश्वरकृत; अन्य होइन । (२) र जसमा सृष्टिक्रम, प्रत्यक्षादि प्रमाण, आप्तहरूको र पवित्रात्माको व्यवहारदेखि विरुद्ध कथन नहोस्,

त्यो ईश्वरोक्त । (३) जस्तो ईश्वरको निर्भ्रम ज्ञान त्यस्तै जुन पुस्तकमा भ्रान्तिरहित ज्ञानको प्रतिपादन हुन्छ, त्यो ईश्वरोक्त । (४) जस्तो परमेश्वर छ र जस्तो सृष्टिक्रम राखेको छ, त्यस्तै नै ईश्वर, सृष्टि, कार्य, कारण र जीवको प्रतिपादन जसमा हुन्छ, त्यो परमेश्वरकृत पुस्तक हो । (५) र जुन प्रत्यक्षादि प्रमाण-विषयहरूदेखि अविरुद्ध, शुद्धात्माको स्वभावदेखि विरुद्ध नहोस् ।

यस प्रकारको वेदमात्रै छन् । अन्य बाइबल, कुरान, आदि होइन । यसको स्पष्ट व्याख्या बाइबल र कुरानको तेह्रौं र चौधौं समुल्लासमा गरिनेछ ।

**प्रश्न**– वेद ईश्वरदेखि हुनुपर्ने कुनै आवश्यकता नै छैन, किनभने मनुष्यहरूले क्रमशः ज्ञान बढाउँदै लगेर पश्चात् पुस्तक पनि बनाउन सक्नेछन् ।

**उत्तर**– कहिल्यै पनि बनाउन सक्ने छैनन् । किनभने बिना कारणको कार्योत्पत्तिको हुन असम्भव छ । जस्तै जङ्गली मनुष्य सृष्टिलाई देखेर पनि विद्वान् हुँदैनन् र जब कुनै शिक्षक मिल्यो भने त विद्वान् हुन्छन् र अहिले पनि कसैसँग नपढिकन विद्वान हुँदैनन् । यस प्रकार यदि ती ऋषिहरूलाई वेद विद्या नपढाएको भए र तिनीहरूले अरूलाई पढाउने थिएनन् तब त सबै जना अविद्वान् रहन जान्थे । जसरी कसैको बालकलाई जन्मेदेखि एकान्त, अविद्वान्हरू वा पशुहरूसँग राखिदियो भने त त्यो जस्तो सङ्ग छ, त्यस्तै हुन जानेछ । यसको दृष्टान्त जङ्गली भील (कुसुण्डाहरू) आदि हुन् । जबसम्म आर्यावर्त्तदेखि शिक्षा गएको थिएन तबसम्म मिश्र, यूनान र यूरोप देश आदिस्थ मनुष्यहरूमा केही पनि विद्या थिएन । र इंग्लैण्डको कोलम्बस आदि पुरुष अमेरिकामा जबसम्म गएका थिएनन्, तबसम्म तिनीहरू पनि हजारौं, लाखौं, करोडौं वर्षदेखि मूर्ख थिए । अब शिक्षा पाउनाले विद्वान् भएका छन् । त्यसरी नै परमात्मादेखि सृष्टिको आदिमा विद्या-शिक्षाको प्राप्तिले उत्तरोत्तर कालमा विद्वान् हुँदै आए ।

**स पूर्वेषामपि गुरुः कालेनानवच्छेदात् ।** –योगशास्त्र सूत्र (समाधिपाद/सूत्र २६) ॥

जसरी वर्तमान समयमा हामीहरू अध्यापकहरूसँग पढेर नै विद्वान् हुन्छौं, त्यसरी नै परमेश्वर सृष्टिको आरम्भमा उत्पन्न भएका अग्नि आदि ऋषिहरूका 'गुरु' अर्थात् पढाउनेवाला हुन् । किनभने जसरी जीव सुषुप्ति र प्रलयमा ज्ञानरहित हुन जान्छ, त्यस्तो परमेश्वर हुँदैन । उसको ज्ञान नित्य छ । त्यसैले यो निश्चित जान्नुपर्दछ कि बिना निमित्तबाट नैमित्तिक अर्थ सिद्ध कहिल्यै हुँदैन ।

**प्रश्न**– वेद संस्कृतभाषामा प्रकाशित भए र ती अग्नि आदि ऋषिहरू त्यस संस्कृतभाषालाई जान्दैनथे, फेरि वेदहरूको अर्थलाई उनीहरूले कसरी जाने ?

**उत्तर**– परमेश्वरले जनायो, र धर्मात्मा योगी महर्षिहरू जब-जब जुन-जुनको अर्थलाई जान्ने इच्छा गरेर ध्यानावस्थित हुँदै परमेश्वरको स्वरूपमा समाधिस्थ भए, तब-तब परमात्माले अभीष्ट मन्त्रहरूको अर्थ जनाइदिए । जब धेरैको आत्माहरूमा वेदार्थप्रकाश भयो तब ऋषि-मुनिहरूले त्यो अर्थ र ऋषि-मुनिहरूको इतिहासपूर्वक ग्रन्थ बनाए । तिनैको नाम ब्राह्मण अर्थात् 'ब्रह्म' जुन वेदको व्याख्यानग्रन्थ हुनाले **'ब्राह्मण'** नाम भयो । र–

**ऋषयो मन्त्रदृष्टयः मन्त्रान्सम्प्रादुः ।** –(तुलना-) निरुक्त (अ.७/खं.३); (अ.१/खं.२०) ॥

जुन-जुन मन्त्रार्थको दर्शन जुन-जुन ऋषिलाई भयो र प्रथम नै अरू भन्दा पहिला कसैले त्यस मन्त्रको अर्थ प्रकाशित गरेका थिएनन्, प्रकाशित गरे र अरूलाई पढाए पनि, त्यसैले अद्यावधि ती-ती मन्त्रको साथ ऋषिको नाम स्मरणार्थ लेख्ने र लेखाइँने गरिन्छ । जो कसैले ऋषिहरूलाई मन्त्रकर्ता भन्दछ भने, तिनीहरूलाई मिथ्यावादी सम्झनु । ऋषिहरू त मन्त्रहरूका अर्थ प्रकाशक हुन् ।

**प्रश्न**– वेद कुन ग्रन्थहरूको नाम हो ?

**उत्तर**– ऋक्, यजुः, साम र अथर्व मन्त्रसंहिताहरूको नाम वेद हो, अन्यको होइन ।

**प्रश्न– मन्त्रब्राह्मणयोर्वेदनामधेयम् ।** –हेर्नुहोस् ! (कात्यायनपरिशिष्ट प्रतिज्ञासूत्र १/१) ॥

इत्यादि कात्यायनादिकृत प्रतिज्ञासूत्रादिको अर्थलाई के गर्दछौ ?

**उत्तर**– हेर ! संहिता पुस्तकको आरम्भ, अध्यायको समाप्तिमा वेद शब्द सनातनदेखि लेखिँदै आएको छ र ब्राह्मण पुस्तकको आरम्भ वा अध्यायको समाप्तिमा कहीं पनि लेखिएको छैन । र निरुक्तमा–

**इत्यपि निगमो भवति ॥ इति ब्राह्मणम् ॥** –निरुक्त (अध्याय ५/खण्ड ३, ४) ॥

**छन्दोब्राह्मणानि च तद्विषयाणि ॥** –पाणिनीय अष्टाध्यायी (४/२/६५) ॥

यो पाणिनीय सूत्र हो– यसबाट पनि स्पष्ट विदित हुन्छ कि **'वेद'** मन्त्रभाग र **'ब्राह्मण'** व्याख्याभाग हो । यदि यसलाई विशेष हेर्न चाहेमा **'ऋग्वेदादिभाष्यभूमिका'** मा हेर्नुहोला । वहाँ अनेकशः प्रमाणहरूदेखि विरुद्ध हुनाले यो कात्यायनको वचन माननीय हुन सक्दैन । किनभने यदि मान्यौं भने त वेद सनातन कहिल्यै हुन सक्दैनन् । किनभने ब्राह्मण-पुस्तकहरूमा थुप्रै ऋषि, महर्षि र राजादिको इतिहास लेखिएको छ

र इतिहास जसको हुन्छ, उसको जन्मको पश्चात् लेखिन्छ । ती ग्रन्थ पनि उनको जन्म पश्चात्‌को हो र यस्तै सिद्ध हुन्छ । वेदहरूमा कसैको इतिहास छैन; किन्तु जुन-जुन शब्ददेखि विद्याको बोध हुन्छ, त्यस-त्यस शब्दको प्रयोग गरिएको छ । कुनै विशेष मनुष्यको संज्ञा वा विशेष कथाको प्रसङ्ग वेदहरूमा छैन ।

**प्रश्न**– वेदहरूका कति शाखा छन् ?

**उत्तर**– एक हजार एक सय सत्ताईस ।

**प्रश्न**– शाखालाई के भनेर चिनिन्छ ?

**उत्तर**– व्याख्यानलाई **'शाखा'** भन्दछन् ।

**प्रश्न**– संसारमा विद्वान्‌हरू वेदको अवयवभूत विभागहरूलाई शाखा मान्दछन् ?

**उत्तर**– अलिकता विचार गर्‍यौ भने त ठीक, किनभने जति शाखा छन्, ती आश्वलायन आदि ऋषिहरूका नामले प्रसिद्ध छन् र मन्त्रसंहिता परमेश्वरको नामबाट प्रख्यात छन् । जसरी चारै वेदहरूलाई परमेश्वरकृत मान्दछन्, त्यसरी नै आश्वलायनी आदि शाखाहरूलाई ती-ती ऋषिकृत मान्दछन् र सबै शाखाहरूमा मन्त्रहरूको प्रतीक राखेर व्याख्या गर्दछन् । जस्तै तैत्तिरीय शाखामा **'इषे त्वोर्जे त्वा इति',** इत्यादि प्रतीक राखेर व्याख्यान गरिएको छ र वेदसंहिताहरूमा कसैको पनि प्रतीक राखिएको छैन । त्यसैले परमेश्वरकृत चारै वेद मूल-वृक्ष र आश्वलायनादि सबै शाखा ऋषि-मुनिकृत हुन्, परमेश्वरकृत होइनन् । यसको विशेष व्याख्या हेर्न चाहेमा **'ऋग्वेदादिभाष्यभूमिका'** मा हेर्नुहोला । जसरी माता-पिता आफ्नो सन्तानमाथि कृपादृष्टि गरेर उन्नति चाहन्छन्, त्यसरी नै परमात्माले सबै मनुष्यमाथि कृपा गरेर वेदहरू प्रकाशित गरेको छ । जसबाट मनुष्य अविद्यान्धकार भ्रमजालबाट छुटेर विद्या विज्ञानरूप सूर्यलाई प्राप्त गरेर आनन्दमा रहून् र विद्या तथा सुखहरूको वृद्धि गर्दै जाऊन् ।

**प्रश्न**– वेद नित्य हुन् कि अनित्य ?

**उत्तर**– 'नित्य' हुन्, किनभने परमेश्वर नित्य हुनाले उसको ज्ञानादि गुण पनि नित्य हुन्छ । जो नित्य पदार्थ हुन्छ त्यसको गुण, कर्म स्वभाव नित्य र अनित्य द्रव्यको 'अनित्य' हुन्छ ।

**प्रश्न**– के यो पुस्तक पनि नित्य हो ?

**उत्तर**– होइन । किनभने पुस्तक त कागज र मसीले बनेको हुन्छ, त्यो नित्य कसरी हुन सक्दछ ? किन्तु जो शब्द, अर्थ र सम्बन्ध छन्, ती नित्य हुन् ?

**प्रश्न**– ईश्वरले ती ऋषिहरूलाई ज्ञान दियो होला र त्यस ज्ञानबाट ती ऋषिहरूले वेद बनाए होलान् ?

**उत्तर**– ज्ञान ज्ञेयको बिना हुँदैन । गायत्र्यादि छन्द, षड्‌जादि र उदात्ताऽनुदात्तादि स्वरको ज्ञानपूर्वक गायत्र्यादि छन्दहरूको निर्माण गर्न बिना सर्वज्ञको कसैको सामर्थ्य छैन कि यस प्रकारको सर्वज्ञानयुक्त शास्त्रलाई बनाउन सकोस् । हो, वेदलाई पढेपश्चात् व्याकरण, निरुक्त र छन्द आदि ग्रन्थ ऋषि-मुनिहरूले विद्याहरूको प्रकाशको लागि गरेका हुन् । यदि परमात्माले वेदहरूको प्रकाश नगरेको भए त कसैले केही पनि बनाउन सक्ने थिएन । त्यसैले वेद परमेश्वरोक्त हुन् । यिनैको अनुसार सबै जनाहरू चल्नुपर्दछ र यदि कसैले सोधेमा कि तिम्रो मत के हो ? तब यही उत्तर दिनु कि हाम्रो मत 'वेद' अर्थात् जे-जति वेदमा भनिएको छ, हामी त्यो सबैलाई मान्दछौं ।

यसको अगाडि सृष्टिको विषयमा लेखिनेछ । यति संक्षेपले ईश्वर र वेदविषयमा व्याख्यान लेखियो ।

## इति श्रीमद्दयानन्दसरस्वतीस्वामिकृते सत्यार्थप्रकाशे
## सुभाषाविभूषिते ईश्वरवेदविषये
## सप्तमः समुल्लासः सम्पूर्णः ॥७॥

# (८) आठौं समुल्लास
# सृष्टि, उत्पत्ति, स्थिति र प्रलयको विषयमा व्याख्या
## सृष्टि र उत्पत्तिको विषय (८.१)

**इयं विसृष्टिर्यत आबभूव यदि वा दधे यदि वा न ।**
**यो अस्याध्यक्षः परमे व्योमन्त्सो अङ्ग वेद यदि वा न वेद ॥१॥**

–ऋग्वेद (मण्डल १०/सूक्त १२९/मन्त्र ७) ॥

**तम आसीत्तमसा गूळ्हमग्रेऽप्रकेतं सलिलं सर्वमा इदम् ।**
**तुच्छ्येनाभ्वपिहितं यदासीत्तपसस्तन्महिना जायतैकम् ॥२॥**

–ऋग्वेद (मण्डल १०/सूक्त १२९/मन्त्र ३) ॥

**हिरण्यगर्भः समवर्त्तताग्रे भूतस्य जातः पतिरेक आसीत् ।**
**स दाधार पृथिवीं द्यामुतेमां कस्मै देवाय हविषा विधेम ॥३॥**

–ऋग्वेद (मण्डल १०/सूक्त १२१/मन्त्र १) ॥

**पुरुषऽएवेद॑ सर्वं यद्भूतं यच्च भाव्यम् ।**
**उतामृतत्वस्येशानो यदन्नेनातिरोहति ॥४॥** –यजुर्वेद (अध्याय ३१/मन्त्र २) ॥

**यतो वा इमानि भूतानि जायन्ते येन जातानि जीवन्ति ।**
**यत्प्रयन्त्यभिसंविशन्ति तद्विजिज्ञासस्व तद् ब्रह्मेति ॥५॥**

–तैत्तिरीयोपनिषद् (भृगुवल्ली/अध्याय ३/अनुवाक १) ॥

हे (अङ्ग) मनुष्य ! जसबाट यो विविध सृष्टि प्रकाशित भएको छ, जसको धारण र प्रलयकर्ता हो । जो यस जगत्को स्वामी, जस् व्यापकमा यो सबै जगत् उत्पत्ति, स्थिति, प्रलयलाई प्राप्त हुन्छ, सो परमात्मा हो, त्यसलाई तैंले जान्नू र दोस्रालाई सृष्किर्ता नमान्नू ॥१॥ यो सबै जगत् सृष्टिको पहिला अन्धकारले आवृत, रात्रिरूपमा जान्नको अयोग्य, आकाशरूप सबै जगत्, तथा 'तुच्छ' अर्थात् अनन्त परमेश्वरको सामुन्ने एकदेशी आच्छादित थियो, पश्चात् परमेश्वरले आफ्नो महिमा अर्थात् सामर्थ्यबाट कारणरूपदेखि कार्यरूप गरिदियो ॥२॥ हे मनुष्यहरू हो ! जुन सबै सूर्यादि तेजस्वी पदार्थहरूको आधार र जुन यो जगत् भएको थियो, छ र हुनेछ यसको एक अद्वितीय पति परमात्मा यस जगत्को उत्पत्तिको पूर्व विद्यमान थियो, र जसले पृथ्वीदेखि लिएर सूर्यपर्यन्त जगत्लाई उत्पन्न गरेको छ, उस परमात्मा देवको प्रेमले भक्ति गर्ने गर्नू ॥३॥ हे मनुष्यहरू हो ! जो सबैमा पूर्ण पुरुष र जो नाशरहित कारण र जीवको स्वामी, जो पृथिव्यादि जड र जीवदेखि अतिरिक्त छ, वही पुरुष यस सबै भूत, भविष्यत् र वर्त्तमानस्थ जगत्लाई बनाउनेवाला हो ॥४॥ जुन परमात्माको रचनादेखि यी सबै पृथिव्यादि भूत उत्पन्न हुन्छन्, जसबाट जीउँछन् र जसमा प्रलयलाई प्राप्त गर्दछन्, त्यो **'ब्रह्म'** हो, उसलाई जान्नको लागि इच्छा गर ॥५॥

**जन्माद्यस्य यतः ॥** –शारीरक सूत्र (अध्याय १/पाद १/सूत्र २) ॥

जसबाट यस जगत्को जन्म, स्थिति र प्रलय हुन्छ, वही **'ब्रह्म'** जान्नको योग्य छ ।

## ईश्वरको भिन्नता, प्रकृति र उपादान-कारणको व्याख्या (८.२)

**प्रश्न**– यो जगत् परमेश्वरबाट उत्पन्न भएको हो कि अन्यदेखि ?

**उत्तर**– निमित्त कारण परमात्मादेखि उत्पन्न भएको हो, परन्तु यसको उपादान कारण प्रकृति हो ।

**प्रश्न**– के प्रकृतिलाई परमेश्वरले उत्पन्न गरेको होइन ?

**उत्तर**– होइन । यो अनादि हो ।

**प्रश्न**– अनादि कसलाई भन्दछन् र कति पदार्थ अनादि छन् ?

**उत्तर**– ईश्वर, जीव र जगत्को कारण, **यी तीन 'अनादि'** हुन् ।

**प्रश्न**– यसमा के प्रमाण छ ?

**उत्तर**– **द्वा सुपर्णा सयुजा सखाया समानं वृक्षं परि षस्वजाते ।**
**तयोरन्यः पिप्पलं स्वाद्वत्त्यनश्नन्न्यो अभि चाकशीति ॥१॥**

–ऋग्वेद (मण्डल १/सूक्त १६४/मन्त्र २०) ॥

**शाश्वतीभ्यः समाभ्यः ॥२॥** –यजुर्वेद (अध्याय ४०/मन्त्र ८) ॥

(**द्वा**) जो ब्रह्म र जीव दुइटै (**सुपर्णा**) चेतनता र पालनादि गुणहरूले केही सदृश (**सयुजा**) व्याप्य-व्यापक भावले संयुक्त (**सखाया**) आपसमा परस्पर मित्रतायुक्त, सनातन अनादि छन्; र (**समानम्**) त्यसरी नै (**वृक्षम्**) अनादि मूलरूप कारण र शाखारूप कार्ययुक्त वृक्ष अर्थात् जुन स्थूल भएर प्रलयमा छिन्न-भिन्न हुन जान्छ, त्यो तेस्रो अनादि पदार्थ; यी तीनैको गुण, कर्म, स्वभाव पनि अनादि छन् । यी (**तयोरन्यः**) जीव र ब्रह्म मध्येमा एक जुन जीव हो त्यो यस वृक्षरूप संसारमा पापपुण्यरूप फलहरूलाई (**स्वाद्वत्ति**) राम्रो प्रकारले भोग्दछ र दोस्रो परमात्मा कर्महरूको फललाई (**अनश्नन्**) नभोग्दै चारैतिर अर्थात् भित्र-बाहिर सर्वत्र प्रकाशमान भैरहेको छ । जीवदेखि ईश्वर, ईश्वरदेखि जीव र यी दुइटैदेखि प्रकृति भिन्न-स्वरूप तीनै **'अनादि'** हुन् ॥१॥ (**शाश्वतीभ्य**ः) अर्थात् अनादि सनातन जीवरूप प्रजाको लागि वेदद्वारा परमात्माले सबै विद्याहरूको बोध गरेको छ ॥२॥

**अजामेकां लोहितशुक्लकृष्णां, बह्वीः प्रजाः सृजमानां स्वरूपाः ।**
**अजो ह्येको जुषमाणोऽनुशेते, जहात्येनां भुक्तभोगामजोऽन्यः ॥**

–श्वेताश्वतरोपनिषद् (अध्याय ४/मन्त्र ५) ॥

प्रकृति, जीव र परमात्मा तीनै **'अज'** अर्थात् जसको जन्म कहिल्यै हुँदैन, यिनले कहिल्यै जन्म लिंदैनन्, अर्थात् यी तीन सबै जगत्का कारण हुन्, यिनको कारण कोही छैन । यस अनादि प्रकृतिको भोग अनादि जीवले गर्दै फस्दछ र त्यसमा परमात्मा फस्दैन र त्यसको भोग पनि गर्दैन । ईश्वर र जीवको लक्षण ईश्वर–विषयमा बताएर आएको छु । अब प्रकृतिको लक्षण यो हो कि–

**सत्त्वरजस्तमसां साम्यावस्था प्रकृतिः प्रकृतेर्महान् महतोऽहङ्कारोऽहङ्कारात् पञ्चतन्मात्राण्युभयमिन्द्रियं पञ्चतन्मात्रेभ्यः स्थूलभूतानि पुरुष इति पञ्चविंशतिर्गणः ॥** –यो सांख्य सूत्र (१/६१) को वचन हो ॥

(**सत्त्व**) शुद्ध, (**रजः**) मध्य, (**तमः**) जाडच अर्थात् जडता तीन वस्तु मिलेर जुन एक संघात हुन्छ, त्यसको नाम **'प्रकृति'** हो । त्यसबाट **'महत्तत्व'** बुद्धि, त्यसबाट **'अहङ्कार'**, अहङ्कारबाट पाँच **'तन्मात्रा'** सूक्ष्म-भूत र दश इन्द्रियहरू तथा एघारौं मन, पाँच तन्मात्राहरूदेखि पृथिव्यादि पाँच भूत, यी चौबीस र पच्चीसौं **'पुरुष'** अर्थात् जीव र परमेश्वर हो । यिनीहरूमा प्रकृति अविकारिणी; र महत्तत्व, अहङ्कार तथा पाँच सूक्ष्म-भूत प्रकृतिको कार्य र इन्द्रियहरू मन तथा स्थूल-भूतहरूको कारण हो । फेरि पुरुष न कसैको प्रकृति, उपादान कारण र न कसैको कार्य हो ।

**प्रश्न– सदेव सोम्येदमग्र आसीत् ॥१॥** –छान्दोग्योपनिषद् (प्र.६/खं.२) ॥
**असद्वा इदमग्र आसीत् ॥२॥** –तैत्तिरीयोपनिषद् (ब्रह्म वल्ली/अनुवाक ७) ॥
**आत्मा वा इदमग्र आसीत् ॥३॥** –तुलना-बृहदारण्यकोपनिषद् (अ.१/ब्रा.४/कं.१) ॥
**ब्रह्म वा इदमग्र आसीत् ॥४॥** –यी उपनिषद्का वचनहरू हुन् (शतपथ ११/१/११/१) ॥

हे श्वेतकेतो; यो जगत् सृष्टिको पूर्व–

सत् ॥१॥ असत् ॥२॥ आत्मा ॥३॥ र ब्रह्मरूप थियो ॥४॥ पश्चात्–

**तदैक्षत बहु स्यां प्रजायेयेति ॥१॥** –छान्दोग्योपनिषद् (प्र.६/खं.२/मं.३) ॥
**सोऽकामयत बहु स्यां प्रजायेयेति ॥२॥** –यो तैत्तिरीयोपनिषद् (ब्र.वल्ली/अनु.६) को वचन हो ॥

वही परमात्मा आफ्नो इच्छाले बहुरूप हुन गयो ॥१-२॥

**सर्वं खल्विदं ब्रह्म नेह नानास्ति किंचन ।** –यो उपनिषद्को वचन हो ॥

जुन यो जगत् हो, त्यो सबै निश्चय गरेर ब्रह्म हो । उसमा दोस्रो नाना प्रकारको पदार्थ केही पनि छैन किन्तु सबै ब्रह्मरूप हो ।

**उत्तर**– किन यी वचनहरूको अनर्थ गर्दछौ ? किनकि उनै उपनिषद्हरूमा–

**सोम्यान्नेन शुङ्गेनापो मूलमन्विच्छाद्भिस्सोम्य शुङ्गेन तेजोमूलमन्विच्छ तेजसा सोम्य शुङ्गेन सन्मूलमन्विच्छ सन्मूलाः सोम्येमाः सर्वाः प्रजाः सदायतनाः सत्प्रतिष्ठाः ॥**

–छान्दोग्योपनिषद् (अध्याय ६/खण्ड ८/मन्त्र ४) ॥

हे श्वेतकेतो ! अन्नरूप पृथ्वी कार्यबाट जलरूप मूल कारणलाई तैंले जान् । कार्यरूप जलबाट तेजोरूप मूल र तेजोरूप कार्यबाट सद्रूप कारण जुन नित्य प्रकृति हो उसलाई जान् । यही सत्यस्वरूप प्रकृति सबै जगत्को मूल घर र स्थितिको स्थान हो । यो सबै जगत् सृष्टिको पूर्व असत्को सदृश र जीवात्मा, ब्रह्म र प्रकृतिमा लीन भएर वर्तमान थियो, अभाव थिएन ।

र जुन (सर्वं खलु.) यो वचन **'कहीं की ईंट कहीं का रोडा, भानमती ने कुड्वां जोडा'** अर्थात् यो वचन यताउतिका कुरा जोडेर आफ्नो अनुकूल अर्थ गर्न गरिएको यस्तो लीला हो । किनभने–

**सर्वं खल्विदं ब्रह्म तज्जलानिति शान्त उपासीत ॥** –छान्दोग्योपनिषद् (प्र.३/ख.१४/मं.१) ॥

र–

**नेह नानास्ति किंचन ॥** –कठोपनिषद (अध्याय २/वल्ली १/मन्त्र ११) ॥

जसरी शरीरको अङ्ग जबसम्म शरीरको साथ रहन्छन्, तबसम्म कामका र अलग हुनाले निकम्मा हुन जान्छन्, त्यसरी नै प्रकरणस्थ वाक्य सार्थक र प्रकरणदेखि अलग गर्नाले वा अन्य कुनैको साथमा जोड्नाले अनर्थक हुन जान्छ । सुन ! यसको अर्थ यो हो–

हे जीव ! तँ उस ब्रह्मको उपासना गर, जुन ब्रह्मदेखि जगत्को उत्पत्ति, स्थिति र जीवन हुन्छ; जसले बनाउने र धारण गर्नाले यो जगत् विद्यमान भएको छ, वा ब्रह्मदेखि सहचरित छ, उसलाई छोडेर दोस्राको उपासना गर्नहुँदैन । यस चेतनमात्र अखण्डैकरस ब्रह्मस्वरूपमा नाना वस्तुहरूको मेल छैन, किन्तु यी सबै पृथक्-पृथक स्वरूपमा परमेश्वरको आधारमा स्थित छन् ।

**प्रश्न**– जगत्को कारण कति वटा हुन्छन् ?

**उत्तर– तीन वटा छन् । एक निमित्त, दोस्रो उपादान, तेस्रो साधारण । 'निमित्त कारण'** त्यसलाई भन्दछन् कि जसलाई बनाउनाले केही बनोस्, नबनाउनाले नबनोस्, आफै स्वयं बन्दैन, दोस्राको प्रकारान्तर बनाओस् । दोस्रो **'उपादन कारण'** त्यसलाई भन्दछन् जसको बिना केही बन्दैन, वही अवस्थान्तर रूप भएर बनोस् र बिग्रोस् पनि । तेस्रो **'साधारण कारण'** त्यसलाई भन्दछन् कि जुन बनाउनमा साधन र साधारण निमित्त होस् ।

**निमित्त कारण दुइटा छन्**– एक-सबै सृष्टिलाई कारणले बनाउने, धारण गर्ने र प्रलय गर्ने तथा सबैको व्यवस्था राख्नेवाला **'मुख्य निमित्त कारण' परमात्मा** । दोस्रो-परमेश्वरको सृष्टिदेखि सबै पदार्थहरूलाई लिएर अनेकविध कार्यान्तर बनाउनेवाला **'साधारण निमित्त कारण' जीव ।**

**उपादानकारण–'प्रकृति' 'परमाणु'** जसलाई सबै संसार बनाउने सामाग्री भन्दछन् । त्यो जड हुनाले आफै बन्न र बिग्रन सक्दैन किन्तु दोस्राले बनाउँदा बन्छ र बिगार्नाले बिग्रन्छ । कहीं-कहीं जडको निमित्तले जड पनि बन्ने र बिग्रने हुन्छ, जसरी परमेश्वरले रचित बीउ पृथ्वीमा खस्ने र जल पाउनाले वृक्षाकार हुन जान्छन् र अग्नि आदि जडको संयोगले बिग्रन पनि जान्छन् । परन्तु यिनको नियमपूर्वक बन्नु र बिग्रनुमा परमेश्वर र जीवको आधीन छन् ।

जब कुनै वस्तु बनाइन्छ, तब जुन-जुन साधनहरूबाट अर्थात् ज्ञान, दर्शन, बल, हात र नाना प्रकारको औजार र दिशा, काल र आकाश **'साधारण कारण' ।** जसरी घैंटो बनाउनेवाला कुमाले **निमित्त**, माटो **उपादान;** र दण्ड, चक्र आदि **सामान्य निमित्त;** दिशा, काल, आकाश, प्रकाश, आँखा, हात, ज्ञान, क्रिया आदि **निमित्त साधारण** र **निमित्त कारण** पनि हुन्छन् । यी तीन कारणहरूको बिना कुनै पनि वस्तु बन्न सक्दैन र बिग्रन पनि सक्दैन ।

**प्रश्न**– नवीन वेदान्ती केवल परमेश्वरलाई नै जगत्को **'अभिन्ननिमित्तोपादानकारण'** मान्दछन्–

**यथोर्णनाभिः सृजते गृह्णते च ।** –मुण्डकोपनिषद् (मुण्डक १/खण्ड १/मन्त्र ७) ॥

जसरी माकुरोले बाहिरबाट कुनै पदार्थ लिंदैन, आफैबाट तन्तु निकालेर जालो बनाउँदै आफै त्यसमा खेल्दछ, त्यसरी नै ब्रह्म आफूमा जगत्लाई बनाएर, आफै जगदाकार बन्दै, आफै क्रीडा गरिरहेको छ । सो ब्रह्म इच्छा र कामना गर्दै कि म 'बहुरूप' अर्थात् जगदाकार होऊँ । सङ्कल्पमात्रले सबै जगद्रूप बन्यो । किनभने–

**आदावन्ते च यन्नास्ति वर्त्तमानेऽपि तत्तथा ।** –यो माण्डूक्योपनिषदमाथि गौडपादीय कारिका हो ॥
–वैतथ्याख्य प्रकरण २/६, अलातशान्ताख्य प्रकरण ४/३१ ॥

जुन प्रथम हुँदैन, अन्तमा रहँदैन, त्यो वर्तमानमा पनि छैन । किन्तु सृष्टिको आदिमा जगत् थिएन, ब्रह्म थियो । प्रलयको अन्तमा संसार रहने छैन । ब्रह्म रहेमा त वर्तमानमा सबै जगत् ब्रह्म किन होइन ?

**उत्तर**– यदि तिम्रो भनाइ अनुसार जगत्को उपादान कारण ब्रह्म हुन्छ भने त त्यो परिणामी, अवस्थान्तरयुक्त विकारी हुन जान्छ, र उपादान कारणको गुण-कर्म-स्वभाव कार्यमा पनि आउँछन्–

**कारणगुणपूर्वकः कार्य्यगुणो दृष्टः ॥** –वैशेषिक सूत्र (अ.२/आ.१/सू.२४) ॥

उपादान कारणको सदृश कार्यमा पनि गुण हुन्छन् भने त ब्रह्म सच्चिदानन्दस्वरूप; जगत् कार्यरूपबाट असत्, जड र आनन्दरहित; ब्रह्म अज र जगत् उत्पन्न भएको छ, ब्रह्म अदृश्य र जगत् दृश्य छ, ब्रह्म अखण्ड र जगत् खण्डरूप छ, यदि ब्रह्मदेखि पृथिव्यादि कार्य उत्पन्न हुन्छ भने त पृथिव्यादि

कार्यको जडादि गुण ब्रह्ममा पनि हुन्छ । अर्थात् जसरी पृथिव्यादि जड छन्, त्यसरी नै ब्रह्म पनि जड हुन जानेछ र जसरी परमेश्वर चेतन छ, त्यसरी नै पृथिव्यादि कार्य पनि चेतन हुनुपर्दछ, र जुन माकुराको दृष्टान्त दियौ, त्यो तिम्रो मतको साधक होइन, किन्तु बाधक हो । किनभने त्यो जडरूप-शरीर तन्तुको उपादान र जीवात्मा निमित्तकारण हो । फेरि यो पनि परमात्माको अद्भुत रचनाको प्रभाव हो किनभने अन्य जन्तुको शरीरबाट जीव तन्तु निक्लन सक्दैन । त्यसरी नै व्यापक ब्रह्मले आफूभित्र व्याप्य प्रकृति र परमाणु कारणले स्थूल जगत्लाई बनाएर बाहिर स्थूलरूप गरेर, आफू उसैमा व्यापक रहेर साक्षीभूत आनन्दमय भैरहेको छ ।

र जुन परमात्माले 'ईक्षण' अर्थात् दर्शन, विचार र कामना गऱ्यो कि मैले सबै जगत्लाई बनाएर प्रसिद्ध होऊँ, अर्थात् जब जगत् उत्पन्न हुन्छ तब नै जीवहरूको विचार, ज्ञान, ध्यान, उपदेश श्रवणमा परमेश्वर प्रसिद्ध र धेरै स्थूल पदार्थहरूसँग सह वर्तमान हुन्छ । जब प्रलय हुन्छ तब बिना परमेश्वर र मुक्तजीवहरूको बाहेक उसलाई कसैले जान्दैनन्, र जुन त्यो कारिका हो त्यो भ्रममूलक छ । किनभने सृष्टिको आदि अर्थात् प्रलयमा जगत् प्रसिद्ध थिएन र सृष्टिको अन्त अर्थात् प्रलयको आरम्भदेखि जबसम्म दोस्रो पटक सृष्टि हुँदैन तबसम्म पनि जगत्को कारण सूक्ष्म भएर अप्रसिद्ध रहन्छ । किनभने–

**तम॑ आसी॒त्तम॑सा गू॒ळ्हमग्रे॑ ॥१॥** –ऋग्वेद (मण्डल १०/सूक्त १२९/मन्त्र ३) को वचन हो ॥

**आसीदिदं तमोभूतमप्रज्ञातमलक्षणम् । अप्रतर्क्यमविज्ञेयं प्रसुप्तमिव सर्वतः ॥२॥**

–मनुस्मृति (अध्याय १/श्लोक ५) ॥

यो सबै जगत् सृष्टिको पहिला प्रलयमा अन्धकारले आवृत अर्थात् आच्छादित थियो र प्रलयारम्भको पश्चात् पनि त्यस्तै हुनेछ । उस समय न कसैले जान्ने, न तर्कमा ल्याउने, न त प्रसिद्ध चिह्नहरूले युक्त इन्द्रियहरूले जान्नयोग्य थियो, र न त हुनेछ, किन्तु वर्तमानमा जानिन्छ, प्रसिद्ध चिह्नहरूले युक्त जान्नको योग्य हुन्छ र यथावत् उपलब्ध छ ॥१-२॥ पुनः उस कारिकाकारले वर्तमानमा पनि जगत्को अभाव लेखे सो सर्वथा अप्रमाण हो, किनभने जसलाई प्रमाता प्रमाणहरूले जान्दछ र प्राप्त हुन्छ, त्यो अन्यथा कहिल्यै हुन सक्दैन ।

**प्रश्न**– जगत्लाई बनाउनमा परमेश्वरको के प्रयोजन छ ?

**उत्तर**– नबनाउनमा के प्रयोजन छ ?

**प्रश्न**– यदि नबनाएको भए त आनन्दमा बसिराख्ने थियो र जीवहरूलाई पनि सुख-दुःख प्राप्त हुने थिएन ।

**उत्तर**– यो अल्छी र दरिद्रहरूका कुरा हुन्, पुरुषार्थीको होइन । फेरि जीवहरूलाई प्रलयमा के सुख वा दुःख हुन्छ ? जुन सृष्टिको सुख-दुःखको तुलना गर्ने हो भने त सुख कयौं गुणा अधिक हुन्छ र थुप्रै पवित्रात्मा जीव मुक्तिको साधन गरेर मोक्षको आनन्दलाई पनि प्राप्त गर्दछन् । प्रलयमा निकम्माहरू जसरी सुषुप्तिमा परिराख्दछन्, त्यसरी रहन्छन् र प्रलयको पूर्व सृष्टिमा जीवहरूले गरेका पाप-पुण्य कर्महरूको फल ईश्वरले कसरी दिन सक्दछ र जीवले के-कसरी भोग्न सक्दछन् ? यदि कसैले तिमीसँग सोध्यो कि आँखाको हुनमा के प्रयोजन छ ? तिमीले यही भन्नेछौ कि हेर्नको लागि । तब त ईश्वरमा जगत्को रचना गर्न विज्ञान, बल र क्रिया छ, त्यसको के प्रयोजन ? बिना जगत्को उत्पत्ति गर्नको दोस्रो केही पनि भन्न सक्ने छैनौ । साथै परमात्माको न्याय, धारण, दया आदि गुण पनि तबै सार्थक हुन सक्दछन् कि जब जगत्लाई बनाओस् । उसको अनन्त सामर्थ्य जगत्को उत्पत्ति, स्थिति, प्रलय र व्यवस्था गर्नाले नै सफल हुन्छ । जस्तो नेत्रको स्वाभाविक गुण हेर्नु हो, त्यस्तै परमेश्वरको स्वाभाविक गुण जगत्को उत्पत्ति गरेर सबै जीवहरूलाई असंख्य पदार्थ दिएर परोपकार गर्नु हो ।

**प्रश्न**– बीउ पहिला हो कि वृक्ष ?

**उत्तर**– बीउ । किनभने बीउ, हेतु, निदान, निमित्त र कारण इत्यादि शब्द एकार्थवाचक हो । कारणको नाम बीउ हुनाले कार्यको प्रथम नै हुन्छ ।

**प्रश्न**– जब परमेश्वर सर्वशक्तिमान् छ भने त उसले कारण र जीवलाई पनि उत्पन्न गर्नसक्दछ । यदि गर्न सक्दैन भने त सर्वशक्तिमान् पनि हुन सक्दैन ?

**उत्तर**– सर्वशक्तिमान् शब्दार्थ पूर्वमा लेखेर आएको छु । परन्तु के सर्वशक्तिमान् त्यसलाई भनिन्छ कि जो असम्भव कुरालाई पनि गर्न सकोस् ? जुन असम्भव कुरो अर्थात् जस्तो कारणको बिना कार्य गर्न सक्दछ भने त बिना कारण दोस्रो ईश्वरको उत्पत्ति गरेर र स्वयं मृत्युलाई प्राप्त, जड, दुःखी, अन्यायकारी, अपवित्र र कुकर्मी आदि हुन सक्दछ कि सक्दैन ? जुन स्वाभाविक नियम, अर्थात् जस्तो अग्नि उष्ण, जल शीतल र पृथिव्यादि सबै जडहरूलाई विपरीत गुणवाला बनाउन ईश्वरले पनि सक्दैन । जसरी आफू जड

हुन सक्दैन, त्यसरी नै जडलाई चेतन गर्न पनि सक्दैन, र ईश्वरको नियम सत्य र पूरा छन्, त्यसैले परिवर्तन गर्न सक्दैन । त्यसैले **'सर्वशक्तिमान्'** को अर्थ यतिमात्रै हो कि परमात्माले बिना कसैको सहायको आफ्नो सबै कार्य पूर्ण गर्न सक्दछ ।

**प्रश्न**– ईश्वर साकार हो कि निराकार ? यदि निराकार हो भने त बिना हात आदि साधनहरूको जगत्लाई बनाउन सक्दैन र यदि साकार हो भने त कुनै दोष आउँदैन ।

**उत्तर**– ईश्वर निराकार छ । जो साकार अर्थात् शरीरयुक्त हुन्छ, त्यो ईश्वर होइन । किनभने ऊ परिच्छिन्न, परिमित शक्तियुक्त, देश काल वस्तुहरूमा परिच्छिन्न, क्षुधा, तृषा, छेदन, भेदन, शीतोष्ण, ज्वर, पीडादि सहित हुन्छ । उसमा सिवाय जीवको, ईश्वरका गुण कहिल्यै घट्न सक्दैनन् । जसरी तिमी र हामी 'साकार' अर्थात् शरीरधारी छौं, यसबाट त्रसरेणु, अणु, परमाणु र प्रकृतिलाई आफ्नो वशमा ल्याउन सक्दैनौं न त ती सूक्ष्म पदार्थलाई समातेर स्थूल बनाउन सक्दछौं, त्यसरी नै स्थूल देहधारी परमेश्वरले पनि ती सूक्ष्म पदार्थदेखि स्थूल जगत् बनाउन सक्दैन । जो परमेश्वर भौतिक-इन्द्रियगोलक हस्त-पादादि अवयवहरूदेखि रहित छ, परन्तु उसका अनन्त शक्ति बल पराक्रम छन्, तिनैबाट सबै काम गर्दछ, जुन चाहिं जीव र प्रकृतिदेखि कहिल्यै हुन सक्दैन । जब ऊ प्रकृति भन्दा पनि सूक्ष्म तिनमा व्यापक छ, तब नै तिनीहरूलाई समातेर जगदाकार गरिदिन्छ, साथै सर्वगत हुनाले सबैको धारण र प्रलय पनि गर्न सक्दछ ।

**प्रश्न**– जसरी मनुष्यादिका आमा-बुबा साकार हुन्छन्, उनका सन्तान पनि साकार हुन्छन्, यदि ती निराकार हुन्थे भने त तिनका सन्तान पनि निराकार हुने थिए, त्यसरी नै परमेश्वर निराकार हो भने त उसले बनाएको जगत् पनि निराकार हनुपर्ने थियो ?

**उत्तर**– यो तिम्रो प्रश्न अविद्याको=केटाको समान छ । किन कि भर्खरैमात्र मैले भनें कि परमेश्वर जगत्को उपादान कारण होइन, किन्तु निमित्त कारण हो; र जुन स्थूल हुन्छ त्यो प्रकृति र परमाणु जगत्को उपादान कारण हो । फेरि ती सर्वथा निराकार होइनन् किन्तु परमेश्वर भन्दा स्थूल र अन्य कार्यले सूक्ष्म आकार राख्दछ ।

**प्रश्न**– के कारणको बिना परमेश्वर कार्यलाई गर्न सक्दैन ?

**उत्तर**– सक्दैन । किनभने जसको **'अभाव'** अर्थात् जो वर्तमान छैन, उसको **'भाव'** वर्तमान हुनु सर्वथा असम्भव छ । जस्तै कुनै गफाडीले गफ हाँकिदियो कि "मैले बन्ध्याको पुत्र र बन्ध्याकी पुत्रीको विवाह देखें, त्यसले नरशृङ्गको धनुष र ती दुवैले खपुष्पको माला पहिरेका थिए, मृगतृष्णिकाको जलमा स्नान गर्दै र गन्धर्वनगरमा रहन्थे, वहाँ बादलको बिना वर्षा, पृथ्वीको बिना सबै अन्नहरूको उत्पत्ति आदि हुन्थ्यो ।" त्यसरी नै कारणको बिना कार्यको हुनु असम्भव छ । जस्तै कसैले भनोस् कि **"मम मातापितरौ न स्तोऽहमेवमेव जातः । मम मुखे जिह्वा नास्ति वदामि च"** अर्थात् "मेरा माता-पिता थिएनन् यत्तिकै म उत्पन्न भएको हूँ । मेरो मुखमा जिब्रो छैन, परन्तु बोल्दछु ।" "देवलमा सर्प थिएन, निक्लिएर आयो ।" "म कहीं पनि थिइन, यी सबै कतै थिएनन् र हामी सबै जना आएका हौं ।" यस्तो असम्भव कुरो प्रमत्तगीत अर्थात् बहुलाहरूको हो ।

**प्रश्न**– जुन कारणको बिना कार्य हुँदैन भने त कारणको कारण को हो ?

**उत्तर**– जुन केवल कारणरूप मात्रै हो, ती कार्य कसैको हुँदैनन् र जो कसैको कारण र कसैको कार्य हुन्छ, त्यसलाई दोस्रै भनिन्छ । जसरी पृथ्वी घट र घर आदिको कारण र जल आदिको कार्य हुन्छ । परन्तु जो आदिकारण प्रकृति हो, त्यो अनादि हो ।

**मूले मूलाभावादमूलं मूलम् ।** –सांख्यशास्त्र सूत्र (१/६७) ॥

मूलको मूल अर्थात् कारणको कारण हुँदैन । यसबाट अकारण सबै कार्यहरूको कारण हुन्छ । किनभने कुनै कार्यको आरम्भ समयको पूर्व तीनै कारण अवश्य हुन्छन् । जस्तै लुगा बनाउन भन्दा पूर्व तन्तुवाय, कपासको धागो र नलिका आदि पूर्व वर्तमान हुनाले बल्ल वस्त्र बन्दछ, त्यसरी नै जगत्को उत्पत्तिको पूर्व परमेश्वर, प्रकृति, काल र आकाश तथा जीवहरूको अनादि हुनाले यस जगत्को उत्पत्ति हुन्छ । यदि यिनमा एउटाको पनि उपस्थिति भएन भने त जगत् पनि हुँदैन ।

## सृष्टि विषयमा नास्तिक मतको निराकरण (८.३)

**अत्र नास्तिका आहुः–**

**शून्यं तत्त्वं भावो विनश्यति वस्तुधर्मत्वाद्विनाशस्य ॥१॥** –सांख्यशास्त्र सूत्र (अध्याय १/सूत्र४४) ॥
**अभावाद् भावोत्पत्तिर्नानुपमृद्य प्रादुर्भावात् ॥२॥ ईश्वरः कारणं पुरुषकर्माफल्यदर्शनात् ॥३॥**
**अनिमित्ततो भावोत्पत्तिः कण्टकतैक्ष्ण्यादिदर्शनात् ॥४॥ सर्वमनित्यमुत्पत्तिविनाशधर्मकत्वात् ॥५॥**
**सर्वं नित्यं पञ्चभूतनित्यत्वात् ॥६॥ सर्वं पृथग् भावलक्षणपृथक्त्वात् ॥७॥**

**सर्वमभावो भावेष्वितरेतराभावसिद्धेः ॥८॥ न स्वभावसिद्धिरापेक्षिकत्वात् ॥९॥**

–न्यायशास्त्र सूत्र (अध्याय ४/आह्निक १/सूत्र (१४, १९, २२, २५, २९, ३४, ३७, ३९) ॥

यहाँ नास्तिकहरू यस्तो भन्दछन् कि– 'शून्य' नै एक पदार्थ हो । सृष्टिको पूर्व शून्य थियो, अन्तमा शून्य हुनेछ, किनभने जो 'भाव' छ अर्थात् वर्तमान पदार्थ छ, त्यसको अभाव भएर शून्य हुन जानेछ ।

**उत्तर**– शून्य आकाश, अदृश्य, अवकाश र बिन्दुलाई पनि भन्दछन् । शून्य जड पदार्थ हो । यस शून्यमा सबै पदार्थ अदृश्य रहन्छन् । जसरी एक बिन्दुबाट रेखा, रेखाहरूबाट वर्तुलाकार गर्नाले भूमि-पर्वतादि ईश्वरको रचनाबाट बन्दछन्, र शून्यलाई जान्नेवाला शून्य हुँदैन ॥१॥

**दोस्रो नास्तिक**– अभावबाट भावको उत्पत्ति हुन्छ । जसरी बीजलाई मर्दन गरे बिना अङ्कुर उत्पन्न हुँदैन र बीजलाई फुटालेर हेरेमा त अङ्कुरको अभाव देखिन्छ । जब प्रथम अङ्कुर देखिँदैन भने त अभावबाट उत्पत्ति भयो ।

**उत्तर**– जसले बीजको उपमर्दन गर्दछ, त्यो प्रथम नै बीजमा थियो । यदि हुन्थेन भने त उत्पन्न कहिल्यै हुने थिएन ॥२॥

**तेस्रो नास्तिक भन्दछ**– कि कर्महरूको फल पुरुषले कर्म गर्नाले मात्रै प्राप्त हुँदैन । कति कर्महरू त निष्फल देखिनमा आएका छन् । त्यसैले अनुमान लगाउन सकिन्छ कि कर्महरूको फल प्राप्त हुनमा ईश्वरको आधीन छ । जुन कर्मको फल ईश्वरले दिन चाहेमा दिन्छ । जुन कर्मको फल दिन चाहँदैन भने दिँदैन । यस कुराबाट कर्मफल ईश्वराधीन छ ।

**उत्तर**– यदि कर्मको फल ईश्वराधीन हो भने त बिना कर्म नगरी ईश्वरले फल किन दिँदैन ? त्यसैले जस्तो कर्म मनुष्यले गर्दछ, त्यस्तै नै फल ईश्वरले दिन्छ । यसबाट ईश्वरले स्वतन्त्र पुरुषलाई कर्मको फल दिन सक्दैन । किन्तु जस्तो कर्म जीवले गर्दछ, त्यस्तै नै फल ईश्वरले दिन्छ ॥३॥

**चौथो नास्तिक भन्दछ**– बिना निमित्तको पदार्थहरूको उत्पत्ति हुन्छ । जस्तै बबूल (डम्मरू) आदि वृक्षहरूका काँडा तीक्ष्ण अणिवाले देखिनमा आउँछ । यसबाट विदित हुन्छ कि जब-जब सृष्टिको आरम्भ हुन्छ, तब-तब शरीरादि पदार्थ बिना निमित्तको हुन्छन् ।

**उत्तर**– जसबाट पदार्थ उत्पन्न हुन्छ, त्यही उसको निमित्त हो । बिना बीज, कण्टकी वृक्षको काँडा उत्पन्न किन हुँदैनन् ? ॥४॥

**पाँचौ नास्तिक भन्दछ**– सबै पदार्थ उत्पत्ति र विनाशवाला छन्, त्यसैले सबै अनित्य हुन् ।

**श्लोकार्धेन प्रवक्ष्यामि यदुक्तं ग्रन्थकोटिभिः । ब्रह्म सत्यं जगन्मिथ्या जीवो ब्रह्मैव नापरः ॥**

–यो कुनै ग्रन्थको श्लोक हो ॥

नवीन वेदान्तीहरू पाँचौं नास्तिकको कोटिमा छन्, किनभने उनीहरू यस्तो भन्दछन् कि करोडौं ग्रन्थहरूको यो सिद्धान्त हो– "ब्रह्म सत्य, जगत् मिथ्या र जीव ब्रह्मदेखि भिन्न छैन ।"

**उत्तर**– जो सबैको नित्यता नित्य छ भने त सबै अनित्य हुन सक्दैनन् ।

**प्रश्न**– सबैको नित्यता पनि अनित्य हो, जसरी अग्नि काष्ठहरूलाई नष्ट गरेर आफै पनि नष्ट हुन जान्छ ।

**उत्तर**– जुन यथावत् उपलब्ध हुन्छ, त्यसलाई वर्तमानमा अनित्यत्व र परमसूक्ष्म कारणको अनित्य भन्नु कहिल्यै हुन सक्दैन । जुन वेदान्तीहरू ब्रह्मबाट जगत्को उत्पत्ति मान्दछन् भने ब्रह्मको सत्य हुनाले उसको कार्य असत्य कहिल्यै पनि हुन सक्दैन । जुन स्वप्न, रस्सी-सर्पादिवत् कल्पित भने तापनि ठीक बन्न सक्दैन । किनभने कल्पना गुण हो, गुणबाट द्रव्य कहिल्यै हुँदैन, र गुण द्रव्यदेखि पृथक् रहन सक्दैन । जब कल्पनाको कर्ता नित्य छ भने उसको कल्पना पनि नित्य हुनुपर्दछ, नत्र भने त्यसलाई पनि अनित्य मान । जसरी सपना बिना देखे-सुने कहिल्यै आउँदैन । जो जागृत अर्थात् वर्तमान समयमा सत्य पदार्थ छन् तिनको साक्षात् सम्बन्धले प्रत्यक्षादि ज्ञान भएपछि **'संस्कार'** अर्थात् तिनको वासनारूप ज्ञान आत्मामा स्थित हुन जान्छ, स्वप्नमा तिनैलाई प्रत्यक्ष देख्दछ । जसरी सुषुप्ति हुनाले बाह्य पदार्थहरूको ज्ञानको अभावमा पनि बाह्य पदार्थ विद्यमान रहन्छन् । त्यसरी नै प्रलयमा पनि कारण द्रव्य वर्तमान रहन्छ । यदि संस्कारको बिना सपना हुन्छ भने त जन्मान्धलाई पनि रूपको स्वप्न हुनेछ । त्यसैले वहाँ तिनीहरूको ज्ञानमात्रै हो र बाहिर सबै पदार्थ वर्तमान हुन्छन् ।

**प्रश्न**– जसरी जागृतको पदार्थ स्वप्न र दुइटैको सुषुप्तिमा अनित्य हुन जान्छन्, त्यसरी नै जागृतका पदार्थहरूलाई पनि स्वप्न तुल्य मान्नुपर्दछ ।

**उत्तर**– यस्तो कहिल्यै पनि मान्न सकिन्न । किनभने स्वप्न र सुषुप्तिमा बाह्य पदार्थहरूको अज्ञानमात्र हुन्छ, अभाव होइन । जस्तै कसैको पछाडितिर थुप्रै पदार्थ अदृष्ट रहन्छन्, उनको अभाव हुँदैन,

त्यसरी नै स्वप्न र सुषुप्तिको कुरो हो । त्यसैले जुन पूर्वमा भनेर आएँ कि **ब्रह्म, जीव र जगत्-कारण** अनादि नित्य हुन्, वही सत्य हो ॥५॥

**छैटौं नास्तिक भन्दछ कि–** पाँच भूतहरूको नित्य हुनाले सबै जगत् नित्य छ ।

**उत्तर–** यो कुरो सत्य होइन । किनभने जुन पदार्थहरूको उत्पत्ति र विनाशको कारण देखिन आउँछ त्यो सबै नित्य भयो भने त सबै स्थूल जगत् तथा शरीर घटपटादि पदार्थहरूको उत्पन्न र विनष्ट हुँदै गरेको देखिन्छ नै, यसबाट कार्यलाई नित्य मान्न सकिँदैन ॥६॥

**सातौं नास्तिक भन्दछ कि–** सबै पृथक्-पृथक् हुन्, कुनै एक पदार्थ छैन, जुन-जुन पदार्थलाई हामीले देख्दछौं कि उनमा दोस्रो एक पदार्थ कुनै पनि देखिँदैन ।

**उत्तर–** अवयवहरूमा अवयवी, वर्तमानकाल, आकाश, परमात्मा र जाति पृथक्-पृथक् पदार्थ-समूहहरूमा एक-एक छन् । ती देखि पृथक् कुनै पदार्थ हुन सक्दैन । त्यसैले सबै पृथक् पदार्थ होइन, किन्तु स्वरूपले पृथक्-पृथक् हुन् र पृथक्-पृथक् पदार्थहरूमा एक पदार्थ पनि हुन्छ ॥७॥

**आठौं नास्तिक भन्दछ कि–** सबै पदार्थहरूमा इतरेतराभावको सिद्धि हुनाले सबै अभावरूप हुन् । जसरी **'अनश्वो गौः । अगौरश्वः'** गाई घोडा होइन र घोडा गाई होइन, त्यसैले सबैलाई अभावरूप मान्नुपर्दछ ।

**उत्तर–** सबै पदार्थहरूमा इतरेतराभावको योग होस् परन्तु **'गवि गौरश्वेऽश्वो भावरूपो वर्तत एव'** गाईमा गाई र घोडामा घोडाको भाव नै हुन्छ, अभाव कहिल्यै हुन सक्दैन । जुन पदार्थको भाव नहोस् त 'इतरेतराभाव' पनि कसमा भनिने छ ? ॥८॥

**नवौं नास्तिक भन्दछ कि–** स्वभावबाट सबै जगत्को उत्पत्ति हुन्छ । जसरी पानी, अन्न एकत्र भएर सड्नाले कृमि (किरा) उत्पन्न हुन्छन् र बीज पृथ्वी जलको मिल्नाले घाँस वृक्षादि र पाषाणादि उत्पन्न हुन्छन् । जसरी समुद्र वायुको योगले तरङ्ग; र तरङ्गले समुद्रफिंज; बेसार, चूना र कागतीको रस मिलाउनाले रोरी (अबीर) बन्दछ, त्यसरी नै सबै जगत् तत्त्वहरूको स्वभाव गुणहरूबाट उत्पन्न भएको छ । यसलाई बनाउनेवाला कोही पनि छैन ।

**उत्तर–** जुन स्वभावदेखि जगत्को उत्पत्ति हुन्छ भने त विनाश कहिल्यै हुँदैन । यदि विनाश पनि स्वभावदेखि मानेमा त उत्पत्ति हुनेछैन । फेरि दुइटै स्वभाव युगपत् द्रव्यहरूमा मान्यौ भने त उत्पत्ति र विनाशको व्यवस्था कहिल्यै हुनसक्ने छैन । यदि निमित्तको हुनाले उत्पत्ति र नाश मान्यौ भने त 'निमित्त' बाट उत्पत्ति र विनाश हुनेवाला द्रव्यहरूदेखि पृथक् मान्नुपर्नेछ । यदि स्वभावले उत्पत्ति र विनाश हुन्थ्यो भने त एक समयमा नै उत्पत्ति र विनाशको हुनु सम्भव छैन ।

यदि स्वभावदेखि उत्पन्न हुन्थ्यो भने त, यस भूगोलको निकटमा दोस्रो भूगोल, चन्द्र-सूर्य आदि उत्पन्न किन हुँदैनन् ? र जस-जसको योगले जुन-जुन उत्पन्न हुन्छ, त्यो-त्यो ईश्वरले उत्पन्न गरेको बीज, अन्न-जलादिको संयोगले घाँस-वृक्ष र कृमि आदि उत्पन्न हुन्छन्, बिना उनको होइन, जस्तै बेसार, चूना र कागतीको रस दूर-दूर देशबाट आएर आफै मिल्दैनन्, कसैले मिलाउनाले मात्रै मिल्दछन्, त्यसमा पनि यथायोग्य (बराबर मात्रामा) मिलाउनाले रोरी अर्थात् अबीर हुन्छ, अधिक, न्यून वा अन्यथा गर्नाले रोरी बन्दैन; त्यसरी नै प्रकृति, परमाणुहरूको ज्ञान र युक्तिबाट बिना परमेश्वरले नमिलाइकन जड पदार्थ स्वयं कुनै पनि कार्यसिद्धिको लागि विशेष पदार्थ बन्न सक्दैन । त्यसैले स्वभावादिदेखि सृष्टि हुँदैन, किन्तु परमेश्वरको रचनाबाटै हुन्छ ॥९॥

**प्रश्न–** यस जगत्को कर्ता थिएन, न छ र न हुने नै छ किन्तु अनादि कालदेखि यो जस्ताको तस्तै बनेको छ । न कहिले यसको उत्पत्ति भयो, न कहिल्यै विनाश हुनेछ ।

**उत्तर–** बिना कर्ताको कुनै पनि क्रिया या क्रियाजन्य पदार्थ बन्न सक्दैन । जुन पृथ्वी आदि पदार्थहरूमा संयोग-विशेषले रचना देखिन्छ, ती अनादि कहिल्यै पनि हुन सक्दैनन्, र जो संयोगबाट बन्दछ, त्यो संयोगको पूर्व हुँदैन र वियोगको अन्तमा रहँदैन । यदि तिमीले यसलाई मान्दैनौ भने त कठिन भन्दा कठिन पाषाण, हीरा र धातु आदिलाई फुटालेर, गलाएर वा भस्म बनाएर हेर कि तिनीहरूमा परमाणु पृथक्-पृथक् मिलेको छ कि छैन ? यदि मिलेको छ भने त ती समय पाएर अलग-अलग पनि अवश्य हुनेछन् ॥१०॥

**प्रश्न–** अनादि ईश्वर कोही छैन, किन्तु जो योगाभ्यासले अणिमादि ऐश्वर्यलाई प्राप्त गरेर सर्वज्ञादिगुणयुक्त केवल-ज्ञानी हुन्छ, त्यही जीव **'ईश्वर', 'परमेश्वर'** भनेर चिनिन्छ ।

**उत्तर–** यदि अनादि ईश्वर जगत्को स्रष्टा नहोस् त, साधनहरूले सिद्ध हुनेवाला जीवहरूको आधार जीवनरूप जगत्, शरीर र इन्द्रियहरूका गोलक कसरी बन्थे ? बिना यिनको जीव साधन गर्न नै सक्दैन ।

जब साधन नै नहोस् त सिद्ध कहाँबाट हुने ? जीवले चाहे जस्तोसुकै साधन गरेर सिद्ध बनोस् तर पनि 'ईश्वर'– जो कि स्वयं सनातन अनादि सिद्ध छ, जसमा अनन्त सिद्धि छन्,– उसको तुल्य कुनै पनि जीव हुन सक्दैन । किनभने जीवको परम अवधिसम्म ज्ञान बढे तापनि परिमित ज्ञान र सामर्थ्यवाला हुन्छ । अनन्त ज्ञान र सामर्थ्यवाला कहिल्यै पनि हुन सक्दैन । हेर ! कुनै पनि योगी आजसम्म ईश्वरकृत सृष्टिक्रमलाई बदल्नसक्ने भएका छैनन्, न त हुने नै छन् । जसरी अनादि-सिद्ध परमेश्वरले नेत्रले हेर्ने र कानहरूबाट सुन्नको निबन्ध गरेको छ, यसलाई कुनै पनि योगीले बदल्न सकेको छैन । जीव **'ईश्वर'** कहिल्यै पनि हुन सक्दैन ।

**प्रश्न**– कल्प-कल्पान्तरमा ईश्वरले सृष्टि विलक्षण-विलक्षण बनाउँछ अथवा एउटै ? जस्तो अहिले छ, यस्तो पहिला थियो र अगाडि पनि हुनेछ, भेद गर्दैन ?

**उत्तर– सूर्याचन्द्रमसौ धाता यथापूर्वमकल्पयत् । दिवं च पृथिवीं चान्तरिक्षमथो स्वः ॥**

–ऋग्वेद (मण्डल १०/सूक्त १९०/मन्त्र ३) ॥

(धाता) परमेश्वरले जसरी पूर्व-कल्पमा सूर्य, चन्द्र, विद्युत, पृथ्वी अन्तरिक्ष, आदित्य बनाएको थियो । त्यसरी नै अहिले बनाएको छ र अगाडि पनि त्यसरी नै बनाउने छ ॥ यसैले परमेश्वरको काम बिना भुल-चुकबाट हुनाले सदा एकजस्तै भैराख्दछ । जो अल्पज्ञ र जसको ज्ञान बुद्धि-क्षयलाई प्राप्त हुन्छ, त्यसको काममा भुल-चुक हुने गर्दछ, ईश्वरको काममा होइन ।

**प्रश्न**– सृष्टि-विषयमा वेदादि-शास्त्रको अविरोध छ कि विरोध ?

**उत्तर**– अविरोध ।

**प्रश्न**– यदि अविरोध छ भने–

**तस्माद्वा एतस्मादात्मन आकाशः सम्भूतः । आकाशाद्वायुः । वायोरग्निः । अग्नेरापः ।**
**अद्भ्यः पृथिवी । पृथिव्या ओषधयः । ओषधिभ्योऽन्नम् । अन्नाद्रेतः । रेतसः पुरुषः ।**
**स वा एष पुरुषोऽन्नरसमयः ।** –यो तैत्तिरीय उपनिषद् (ब्र.व./अनु.१) को वचन हो ॥

उस परमेश्वर र प्रकृतिदेखि आकाश 'अवकाश' अर्थात् जुन कारणरूप द्रव्य सर्वत्र फैलिरहेको थियो, त्यसलाई जम्मा गर्नाले आकाश उत्पन्नजस्तो हुन्छ, वास्तवमा आकाशको उत्पत्ति होइन । किनभने बिना आकाशको प्रकृति र परमाणु कहाँ रहन सक्दछन् ? आकाशको पश्चात् वायु, वायुको पश्चात् अग्नि, अग्निको पश्चात् जल, जलको पश्चात् पृथ्वी, पृथ्वीदेखि औषधि, औषधिदेखि अन्न, अन्नदेखि वीर्य, वीर्यदेखि पुरुष अर्थात् शरीर उत्पन्न हुन्छ ।

यहाँ आकाशादि क्रमबाट, र छान्दोग्यमा अग्न्यादि क्रमबाट, ऐतरेयमा जलादि क्रमले सृष्टि भयो । वेदहरूमा कहीं पुरुष, कहीं हिरण्यगर्भ आदिबाट, मीमांसामा कर्म, वैशेषिकमा काल, न्यायमा परमाणु, योगमा पुरुषार्थ, सांख्यमा प्रकृति र वेदान्तमा ब्रह्माबाट सृष्टिको उत्पत्ति मानिएको छ । अब कसलाई साँचो र कसलाई झुट्टो मान्ने ?

**उत्तर**– यसमा सबै साँचो हो, कुनै पनि झुट्टो होइन । झुटो त त्यो हो जसले विपरीत सम्झन्छ । किनकि परमेश्वर निमित्त र प्रकृति जगत्को उपादान कारण हो । जब महाप्रलय हुन्छ, त्यसको पश्चात् आकाशादि क्रम, अर्थात् जब आकाश र वायुको प्रलय हुँदैन र अग्न्यादिको हुन्छ अग्न्यादि क्रमबाट, र जब विद्युत अग्निको पनि प्रलय हुँदैन त, तब जलादि क्रमले सृष्टि हुन्छ, अर्थात् जुन-जुन प्रलयमा जहाँ-जहाँसम्म प्रलय हुन्छ, त्यहाँ-त्यहाँदेखि सृष्टिको उत्पत्ति हुन्छ । पुरुष र हिरण्यगर्भादि सबै नाम ईश्वरका नै हुन्, ती प्रथम समुल्लासमा पनि लेखेर आएको छु । शास्त्रहरूको अविरोधको विषयमा पनि पूर्व लेखेर आएको छु ।

परन्तु विरोध त्यसलाई भन्दछन् कि एक-कार्यमा एउटै विषयमाथि विरुद्ध वाद होओस् । छः शास्त्रहरूमा अविरोध हेर यस प्रकारले छ । **मीमांसामा**– 'यस्तो कुनै पनि कार्य जगत्मा हुँदैन कि जसलाई बनाउनमा कर्मचेष्टा गर्न नपरोस् ।' **वैशेषिकमा**– 'बिना समय नलागिकन बन्दै बन्दैन ।' **न्यायमा– 'उपादान कारण नहुनाले केही पनि बन्न सक्दैन ।' योगमा**– 'विद्या, ज्ञान, विचार गरिएन भने त बन्न सक्दैन ।' **सांख्यमा**– 'तत्त्वहरूको मेल नहुनाले बन्न सक्दैन ।' र **वेदान्तमा**– 'बनाउनेवालाले नबनाएमा त कुनै पनि पदार्थ उत्पन्न हुन सक्दैन ।' त्यसैले सृष्टि छः कारणहरूले बन्दछ । ती छः कारणहरूको व्याख्या एक-एकको एक-एक शास्त्रमा छन् । यसैले उनमा विरोध केही पनि छैन । जसरी छः पुरुष मिलेर एक छाप्राको लागि छानो उठाएर हाल्दछन्, त्यसरी नै सृष्टिरूप कार्यको व्याख्या छः शास्त्रकाहरूले मिलेर पूरा गरेका छन् ।

परन्तु जसरी पाँच अन्धा र एक मन्ददृष्टि भएकोलाई कसैले हात्तीको एक-एक देश (अङ्ग) देखायो । उनीहरूसित सोध्यो कि हात्ती कस्तो छ ? ती मध्येको एउटाले भन्यो-खाँबो, दोस्रोले भन्यो-नाङ्लो, तेस्रोले भन्यो-मूसल, चौथोले भन्यो-कुचो, पाँचौंले भन्यो-चौतारो र छैटौंले भन्यो-काला-काला चार खाँबोमाथि केही भैंसीजस्तो आकार भएको छ । यसै प्रकार आजभोलिका अनार्ष, नवीन ग्रन्थहरू पढ्ने र प्राकृत भाषावालाहरूले ऋषिप्रणीत ग्रन्थ नपढेर, नवीन क्षुद्रबुद्धिकल्पित संस्कृत र भाषाहरूको ग्रन्थ पढेर, एक दोस्राको निन्दामा तत्पर हुँदै झुटो कल-झगडा मच्चाएका छन् । यिनीहरूका कथनलाई बुद्धिमानीहरूले र अन्यहरूले मान्नयोग्य छैन । किनभने जुन अन्धाको पछाडि अन्धा नै चलेमा त दुःख किन नपाउने ? त्यसरी नै आज-भोलिका अल्प-विद्यायुक्त, स्वार्थी, इन्द्रियाराम पुरुषहरूका लीला संसारलाई नाश गराउनेवाला हुन्छ ।

**प्रश्न**– जब कारणको बिना कार्य हुँदैन भने त कारणको कारण किन हुँदैन ?

**उत्तर**– अरे सोझा भाइहरू ! केही त आफ्नो बुद्धिलाई काममा ल्याउने गर ? हेर ! संसारमा दुइटैमात्र पदार्थ हुन्छन्, एक- कारण दोस्रो- कार्य । जुन कारण हो, त्यो कार्य हुँदैन र जुन जतिखेर कार्य हुन्छ, त्यो कारण होइन । जबसम्म मनुष्यले सृष्टिलाई यथावत् बुझ्दैन तबसम्म त्यसलाई यथावत् ज्ञान प्राप्त हुँदैन–

**नित्यायाः सत्वरजस्तमसां साम्यावस्थायाः प्रकृतेरुत्पन्नानां परमसूक्ष्माणां पृथक् पृथग्वर्त्तमानानां तत्त्वपरमाणूनां प्रथमः संयोगारम्भः संयोग-विशेषादवस्थान्तरस्य स्थूलाकारप्राप्तिः सृष्टिरुच्यते ।**

अनादि नित्यस्वरूप सत्त्व, रजस् र तमगुणहरूको एकावस्थारूप प्रकृतिदेखि उत्पन्न जुन परमसूक्ष्म पृथक्-पृथक् वर्तमान तत्त्वावयव विद्यमान छ, तिनैको प्रथम जुन संयोगको आरम्भ हो, र संयोग विशेषहरूदेखि अवस्थान्तर दोस्रो-दोस्रो अवस्थाको सूक्ष्म स्थूल-स्थूल बन्दै-बनाउँदै विचित्ररूप बनेको छ, यसैले यो संसर्ग हुनाले **'सृष्टि'** भनिन्छ ।

भला जुन प्रथम संयोगमा मिल्ने र मिलाउनेवाला पदार्थ हो, जुन संयोगको आदि र वियोगको अन्त अर्थात् जसको विभाग हुन सक्दैन, त्यसको **'कारण'** र जुन संयोगको पछाडि बन्दछ र वियोगको पश्चात् त्यस्तो रहँदैन, त्यसलाई **'कार्य'** भन्दछन् । जसले त्यस कारणको कारण, कार्यको कार्य, कर्ताको कर्ता, साधनको साधन र साध्यको साध्य भन्दछ, त्यो हेर्दो अन्धो, सुन्दो बहिरो र जान्दो मूढ हो । कहीं आँखाको आँखो, दीपकको दीपक र सूर्यको सूर्य कहिल्यै हुन सक्दछ ? जुन जसबाट उत्पन्न हुन्छ त्यो **'कारण'**, र जुन उत्पन्न हुन्छ त्यो **'कार्य'**, र जसले कारणलाई कार्यरूप बनाउनेवाला हो त्यो **'कर्ता'** भनिन्छ ।

**नासतो विद्यते भावो नाभावो विद्यते सतः ।**
**उभयोरपि दृष्टोऽन्तस्त्वनयोस्तत्त्वदर्शिभिः ॥** –भगवद्गीता (अध्याय २/श्लोक १६) ॥

कहिल्यै पनि 'असत्' को भाव वर्तमान र 'सत्' को अभाव अवर्तमान हुँदैन, यी दुइटैको निर्णय गर्न तत्त्वदर्शीहरूले जानेका छन् । अन्य पक्षपाती, आग्रही, मलीनात्मा, अविद्वान्हरूले यस कुरालाई सहजमा कसरी जान्न सक्दछन् ? किनभने जो मनुष्य विद्वान्, सत्सङ्गी बनेर पूरा विचार गर्दैन भने त्यो सदा भ्रमजालमा परिराख्दछ । ती पुरुषहरू धन्य हुन् कि जसले सबै विद्याहरूको सिद्धान्तलाई जान्दछन् र जान्नको लागि परिश्रम गर्दछन्, जानेर अन्यहरूलाई निष्कपटताले सिकाउँछन् । त्यसकारण जो कसैले कारणको बिना सृष्टि मान्दछ भने त, त्यसले केही पनि जान्दैन ।

जब सृष्टिको समय आउँछ, तब परमात्मा ती परमसूक्ष्म पदार्थहरूलाई जम्मा गर्दछ । त्यसको प्रथम अवस्थामा जुन परमसूक्ष्म प्रकृतिरूप कारणले केही स्थूल हुन्छ, त्यसको नाम महत्तत्व, र जुन त्यसदेखि केही स्थूल हुन्छ त्यसको नाम अहङ्कार, र अहङ्कारदेखि भिन्न-भिन्न पाँच सूक्ष्मभूत; श्रोत्र, त्वचा, नेत्र, जिह्वा, घ्राण, पाँच ज्ञानेन्द्रियहरू; वाक्, हस्त, पाद, उपस्थ र गुदा यी पाँच कर्म इन्द्रियहरू हुन् र एघारौं मन केही स्थूल उत्पन्न हुन्छ,; र ती पञ्चतन्मात्राहरूदेखि अनेक स्थूलावस्थाहरूमा प्राप्त हुँदै क्रमैले पाँच स्थूलभूत जसलाई हामीहरूले प्रत्यक्ष देख्दछौं, उत्पन्न हुन्छन् । त्यसबाट नाना प्रकारको औषधिहरू, वृक्ष आदि, तिनबाट अन्न, अन्नबाट वीर्य र वीर्यबाट शरीर बन्दछ । परन्तु आदिसृष्टि मैथुनीसृष्टि हुँदैन । किनभने जब स्त्री-पुरुषहरूको शरीर परमात्माले बनाएर तिनीहरूमा जीवहरूको संयोग गरिदिन्छ, तदनन्तर मैथुनी सृष्टि चल्दछ ।

हेर ! शरीरमा कुन प्रकारले ज्ञानपूर्वक सृष्टि रचेको छ कि जसलाई विद्वान्हरूले देखेर आश्चर्यमा पर्दछन् । भित्र हाडहरूको जोड, नाडीहरूको बन्धन, मांसको लेपन, छालाको ढक्कन, आन्द्राभुँडी, पित्त, कलेजो, फोक्सो, पङ्खा कलाको स्थापन, रुधिरशोधन, प्रचालन, विद्युत्को स्थापन, जीवको संयोजन, शिरोरूप मूलरचन, लोम नखादिको स्थापन, आँखाको अतीव सूक्ष्म शिराको तारवत् ग्रन्थन, इन्द्रियहरूको मार्गको प्रकाशन, जीवले जागृत, स्वप्न, सुषुप्ति अवस्थालाई भोग्नको लागि स्थानविशेषहरूको निर्माण, सबै

धातुहरूको विभागकरण कला-कौशल-स्थापनादि अद्‌भुत सृष्टिलाई बिना परमेश्वरको कसले गर्न सक्दछ ? यसको अतिरिक्त नाना प्रकारको रत्न धातुबाट जडित भूमि, विविध प्रकारको वटवृक्ष आदिको बीजहरूमा अति सूक्ष्मरचना, असंख्य रक्त, हरित, श्वेत, पीत, कृष्ण, चित्र, मध्यरूपदेखि युक्त पत्र, पुष्प, फल, मूलनिर्माण, मिष्ट, क्षार, कटुक, कषाय, तिक्त, अम्लादि विविध रस, सुगन्धादियुक्त पत्र, पुष्प, फल, अन्न, कन्द, मूलादि-रचन, अनेकानेक करोडौं भूगोल, सूर्य, चन्द्रादि लोकनिर्माण, धारण, भ्रामण, नियममा राख्नु आदि परमेश्वरको बिना कसैले गर्न सक्दैन । जब कसैले कुनै पदार्थलाई हेर्दछ भने त दुई प्रकारको ज्ञान उत्पन्न हुन्छ । एक-जस्तो त्यो पदार्थ र दोस्रो-त्यसमा रचना देखेर बनाउनेवालाको ज्ञान हुन्छ । जस्तै कुनै पुरुषले सुन्दर आभूषण वनमा पायो, हेर्दाखेरि उसलाई विदित भयो कि त्यो सुवर्णको हो र कुनै बुद्धिमान् कारिगरले बनाएको हो । यसै प्रकार यो नाना प्रकारको सृष्टिमा विविध रचनाले, बनाउनेवाला परमेश्वरको सिद्ध गर्दछ ।

## मनुष्यहरूको आदिसृष्टि एवं स्थानको निर्णय (८.४)

**प्रश्न**– मनुष्यको सृष्टि प्रथम भयो कि पृथ्वी आदिको ?

**उत्तर**– पृथ्वी आदिको । किनभने पृथिव्यादिको बिना मनुष्यको स्थिति र पालन हुन सक्दैन ।

**प्रश्न**– सृष्टिको आदिमा एक वा अनेक मनुष्य उत्पन्न गरेका थिए कि अथवा के हो ?

**उत्तर**– अनेक, किनभने जुन जीवहरूको कर्म ऐश्वरी सृष्टिमा उत्पन्न हुनपर्ने थियो, तिनको जन्म सृष्टिको आदिमा ईश्वरले दिन्छ । किनभने–

**'मनुष्या ऋषयश्च ये'** –तुलना [(यजुर्वेद अध्याय ३१); मुण्डकोपनिषद् (२/७/१)]

**'ततो मनुष्या अजायन्त'** –यो यजुर्वेद [शत.ब्रा.(कां.१४/प्रपा.३/ब्रा.२/कं.५)] मा लेखिएको छ ।

यस प्रमाणबाट यही निश्चय हुन्छ कि आदिमा अनेक अर्थात् सयकडौं हजारौं मनुष्य उत्पन्न भए । फेरि सृष्टिमा देख्नाले पनि यो निश्चित हुन्छ कि मनुष्य अनेक आमा-बुबाका सन्तान हुन् ।

**प्रश्न**– आदि सृष्टिमा मनुष्य आदिको बाल्य, युवा वा वृद्धावस्थामा सृष्टि भएको थियो अथवा तीनै अवस्थामा ?

**उत्तर**– युवावस्थामा । किनभने यदि बालक उत्पन्न गर्थे भने त तिनीहरूको पालनको लागि दोस्रो मनुष्य आवश्यक हुन्थ्यो । यदि वृद्धावस्थामा बनाउँथ्यो भने त मैथुनी-सृष्टि हुन्थेन, त्यसैले युवावस्थामा सृष्टि गरेका हुन् ।

**प्रश्न**– कहिल्यै सृष्टिको प्रारम्भ हुन्छ कि हुँदैन ?

**उत्तर**– हुँदैन । जसरी दिनको पूर्व रात र रातको पूर्व दिन तथा दिनको पछि रात र रातको पछि दिन बराबर चलेर आउँछ, यसै प्रकार सृष्टिको पूर्व प्रलय र प्रलयको पूर्व सृष्टि तथा सृष्टिको पछि प्रलय र प्रलयको अगाडि सृष्टि अनादिकालदेखि चक्र चलेर आइरहेको छ । यसको आदि वा अन्त छैन । किन्तु जसरी दिन वा रातको आरम्भ र अन्त देखिनमा आउँछ, त्यसरी नै सृष्टि र प्रलयको आदि-अन्त भैराख्दछ किनभने जसरी परमात्मा, जीव, जगत्‌को कारण तीन स्वरूपबाट अनादि छन्, त्यसरी नै जगत्‌को उत्पत्ति, स्थिति र प्रलय प्रवाहदेखि अनादि छन् । जस्तै नदीको प्रवाह त्यस्तै देखिन्छ, कहिले सुक्न जान्छ, कहिले देखिंदैन, फेरि वर्षामा देखिन्छ र उष्णकालमा देखिंदैन, यस्तो व्यवहारहरूलाई प्रवाह रूप जान्नुपर्दछ । जसरी परमेश्वरको गुण, कर्म, स्वभाव अनादि छन्, त्यसरी नै उसले जगत्‌को उत्पत्ति, स्थिति र प्रलय गर्नु पनि अनादि हो । जसरी कहिल्यै ईश्वरको गुण, कर्म, स्वभावको आरम्भ र अन्त हुँदैन, यसै प्रकार उसको कर्तव्य-कर्महरूको पनि आरम्भ र अन्त छैन ।

**प्रश्न**– ईश्वरले कुनै जीवहरूलाई मनुष्य जन्म, कुनैलाई सिंहादि क्रूर जन्म, कुनैलाई हरिण, गाई आदि पशु, कुनैलाई वृक्षादि, कुनैलाई कृमि कीट पतङ्गादि जन्म दिएको छ, यसबाट परमात्मामा पक्षपात देखिन आउँछ ।

**उत्तर**– पक्षपात आउँदैन, किनभने ती जीवहरूको पूर्व सृष्टिमा गरिएको कर्मानुसार व्यवस्था गर्नाले । यदि कर्मको बिना जन्म दिन्थ्यो भने मात्रै पक्षपात हुन्थ्यो ।

**प्रश्न**– मनुष्यहरूको आदि-सृष्टि कुन स्थलबाट भयो ?

**उत्तर**– **'त्रिविष्टप्'** अर्थात् जसलाई 'तिब्बत' भन्दछन् ।

**प्रश्न**– आदि सृष्टिमा एक जाति थियो कि अनेक ?

**उत्तर**– एक मनुष्य जाति थियो । पश्चात्–

**विजा॑नी॒ह्यार्य्या॒न् ये च॒ दस्य॑वः ॥** –यो ऋग्वेद (१/५१/८) को वचन हो ।

श्रेष्ठहरूको नाम 'आर्य, विद्वान्, देव' र दुष्टहरूको नाम 'दस्यु' अर्थात् डाँकू, मूर्ख र अनाडी नाम हुनाले **'आर्य'** र **'दस्यु'** दुई नाम भए ।

**उत शूद्र उतार्ये ॥** –यो अथर्ववेद (१९/६२/१) को वचन हो ।

आर्यहरूमा पूर्वोक्त प्रकारबाट ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र चार भेद भए । द्विज विद्वान्हरूको नाम **'आर्य'** र मूर्खहरूको नाम **'शूद्र'** र **'अनार्य'** अर्थात् **'अनाडी'** भयो ।

**प्रश्न**– फेरि उनीहरू यहाँ कसरी आए ?

**उत्तर**– जब आर्य र दस्युहरूमा अर्थात् विद्वान् जो देव, अविद्वान् जो असुर, उनीहरूमा सदा लडाईं-झगडा-बखेडा भैराख्यो । जब धेरै उपद्रव मच्चिन लाग्यो, तब आर्य जनहरू सम्पूर्ण भूगोलभरिमा यस उत्तम भूमिको खण्डलाई जानेर यहीं आएर बसे । यसै कारणले यस देशको नाम **'आर्यावर्त'** हुन गयो ।

**प्रश्न**– आर्यावर्तको अवधि (सीमा) कहाँसम्म पर्दछ ?

**उत्तर**– **आसमुद्रात्तु वै पूर्वादासमुद्रात्तु पश्चिमात् । तयोरेवान्तरं गिर्योरार्य्यावर्त्तं विदुर्बुधाः ॥१॥**
**सरस्वतीदृषद्वत्योर्देवनद्योर्यदन्तरम् । तं देवनिर्मितं देशमार्यावर्तं प्रचक्षते ॥२॥**

–मनुस्मृति (अध्याय २/श्लोक २२, तु.-२२/१७) ॥

उत्तरमा हिमालय, दक्षिणमा विन्ध्याचल, पूर्व र पश्चिममा समुद्र ॥१॥ तथा सरस्वती पश्चिममा **'अटक'** नदी; जुन उत्तरतर्फको पहाडबाट निस्केर दक्षिणको समुद्रको खाडीमा गएर मिलेको छ । पूर्वमा **'दृषद्वती'** जुन नेपालको पूर्व भाग पहाडदेखि निक्लेर, बङ्गालको आसामको पूर्व र बर्मा (ब्रह्मा) को पश्चिम हुँदै दक्षिणको समुद्रमा गएर मिलेको छ, जसलाई **'ब्रह्मपुत्र'** भन्दछन् । हिमालयको मध्यरेखादेखि दक्षिण र पहाडहरूको भित्र र रामेश्वर-पर्यन्त विन्ध्याचलको भित्र जति देश छन्, ती सबैलाई **'आर्यावर्त'** भन्दछन् । यो देश देवनिर्मित आर्यावर्त यसैले भनिएको हो कि 'देव' नाम विद्वानहरूले राखे र आर्यजनहरूले निवास गर्नाले **'आर्यावर्त'** भनियो ।

**प्रश्न**– प्रथम यस देशको नाम के थियो र यसमा को बस्दथे ?

**उत्तर**– यसको पूर्व यस देशको नाम केही पनि थिएन र न कुनै आर्यहरूदेखि पूर्व यस देशमा बस्दथे । किनभने आर्यहरू सृष्टिको आदिमा केही काल पश्चात् तिब्बतबाट सीधै यस देशमा आएर बसे ।

**प्रश्न**– कसैले भन्दछन् कि यिनीहरू ईरानबाट आएका हुन् । यसैले गर्दा यिनीहरूको नाम 'आर्य' भएको हो । यिनको पूर्व यहाँ जङ्गली-मान्छेहरू बस्दथे कि जसलाई **'असुर'** र **'राक्षस'** भन्दथे । आर्य-जनहरू आफूलाई देवता बताउँथे र उनीहरूको जब संग्राम भयो, त्यसको नाम 'देवासुरसंग्राम' भनेर कथामा लेखियो ।

**उत्तर**– यो कुरो सर्वथा झुट्टो हो । किनभने–

**वि जानीह्यार्यान् ये च दस्यवो बर्हिष्मते रन्धया शासदव्रतान् ॥** –ऋग्वेद (मं.१/सू.५१/मं.८) ॥

**उत शूद्र उतार्ये ॥** –अथर्ववेद (काण्ड १९/सूक्त ६२/मन्त्र १) को प्रमाण हो ॥

मैले लेखिसकेको छु कि **'आर्य'** नाम धार्मिक, विद्वान्, आप्त पुरुषहरूको र यी देखि विपरीत जनहरूको नाम **'दस्यु'** अर्थात् डाँकू, दुष्ट, अधार्मिक र अविद्वान् हो । तथा ब्राह्मण, क्षत्रिय, वैश्य द्विजहरूको नाम **'आर्य'** र शूद्रको नाम **'अनार्य'** अर्थात् **'अनाडी'** हो । जब वेदले यसरी भन्दछ भने त अरू विदेशीहरूको कपोलकल्पितलाई बुद्धिमानीहरूले कहिल्यै पनि मान्न सक्दैनन् । रह्यो देवासुर-संग्रामको कुरा यसमा आर्यावर्तीय अर्जुन तथा महाराजा दशरथ आदि जुन कि हिमालय पहाडमा आर्य विद्वान् र दस्यु, म्लेच्छ असुरहरूको जुन युद्ध भएको थियो, त्यसमा 'देव' अर्थात् आर्यहरूको रक्षा र असुरहरूको पराजय गर्नको लागि सहायक भएका थिए । यसबाट यही सिद्ध हुन्छ कि आर्यावर्तको बाहिर चारैतिर जुन हिमालयको पूर्व, आग्नेय, दक्षिण, नैर्ऋत, पश्चिम, वायव्य, उत्तर, ईशान देशमा मनुष्य रहन्छन् उनैको नाम 'असुर' सिद्ध हुन्छ । किनभने जब-जब हिमालय-प्रदेशस्थ आर्यहरूमाथि लड्नलाई चढाई गर्दथे, तब-तब यहाँका राजा-महाराजाहरू उनै उत्तर आदि देशहरूमा आर्यहरूको सहायक हुने गर्दथे । फेरि जुन श्रीरामचन्द्रसँग दक्षिणमा युद्ध भएको थियो, त्यसको नाम **'देवासुर-संग्राम'** होइन, किन्तु त्यसलाई राम-रावण अथवा आर्य र राक्षसहरूको संग्राम भन्दछन् । कुनै पनि संस्कृत ग्रन्थमा वा इतिहासमा लेखिएको छैन कि आर्यहरू ईरानबाट आए र यहाँका जङ्गलीहरूसित लडेर, जय पाएर, उनीहरूलाई निकालेर यस देशका राजा भए, पुनः विदेशीहरूका लेख माननीय कसरी हुन सक्दछ ? र–

## आर्य र म्लेच्छहरूको विषयमा व्याख्या (८.५)

**आर्यवाचो म्लेच्छवाचः सर्वे ते दस्यवः स्मृताः ॥१॥ म्लेच्छदेशस्त्वतः परः ॥२॥**

–मनुस्मृति (तुलना-अध्याय १०/श्लोक ४५, अध्याय २/श्लोक २३) ॥

जुन आर्यावर्त देशहरूदेखि भिन्न देश छन्, तिनीहरूलाई 'दस्युदेश' र 'म्लेच्छदेश' भनिन्छ ॥१-२॥ यसबाट पनि यो सिद्ध हुन्छ कि आर्यावर्तदेखि भिन्न पूर्वदेशदेखि लिएर ईशान, उत्तर, वायव्य र पश्चिम देशहरूमा रहनेवालाहरूको नाम 'दस्यु' र 'म्लेच्छ' तथा 'असुर' हो । साथै नैर्ऋत, दक्षिण तथा आग्नेय दिशाहरूमा आर्यावर्त देश भन्दा भिन्न रहनेवालाहरूको नाम 'राक्षस' हो । अहिले पनि हेर ! हब्शी र निग्रोहरूको स्वरूप भयङ्कर जस्तो कि राक्षहरूको वर्णन गरिएको छ, त्यस्तै नै देखिन्छ । फेरि आर्यावर्तको सीधा तल रहनेहरूको नाम 'नाग' र त्यस देशको नाम 'पाताल' यस कारण भन्दछन् कि ती देशहरू आर्यावर्तीय मनुष्यहरूको 'पाद' (पाउ) अर्थात् पैतालामुनि खुट्टादेखि तल पर्दछ । तिनीहरूलाई 'नागवंशी' अर्थात् नाग नाम भएका पुरुषहरूका वंशका राजा हुने गर्दथे । त्यसैकी उलुपी राजकन्यासँग अर्जुनको विवाह भएको थियो, अर्थात् इक्ष्वाकुदेखि लिएर कौरव-पाण्डवसम्म सर्व-भूगोलमा आर्यहरूको राज्य र वेदहरूको थोरै-थोरै प्रचार आर्यावर्तदेखि भिन्न देशहरूमा पनि हुने गर्दथ्यो । यसमा यो प्रमाण छ कि ब्रह्माको पुत्र विराट्, विराट्को मनु, मनुको मरीच्यादि दश, यिनका स्वायंभवादि सात राजा र उनका सन्तान इक्ष्वाकु आदि राजा जो आर्यावर्तका प्रथम राजा भए, जसले यो आर्यावर्त बसाएका हुन् ।

अब अभाग्योदयले र आर्यदेखि आलस्य, प्रमाद, परस्परको विरोधले गर्दा अन्य देशको राज्यलाई गाभ्ने त कुरै भएन यसको कथा के भनौं, किन्तु आर्यावर्तमा पनि आर्यहरूको अखण्ड, स्वतन्त्र, स्वाधीन, निभर्य राज्य यति वेला छैन । जे-जति छन् त्यसमा पनि विदेशीहरूको पादाक्रान्त भैरहेको छ । केही-केही नगन्य मात्रामा राजाहरू स्वतन्त्र छन् । दुर्दिन जब आउँछ तब देशवासीहरूले अनेक दुःख भोग्नु पर्दछ । **कसैले कति नै किन नगरोस्, परन्तु जुन स्वदेशीय राज्य हुन्छ, त्यो सर्वोपरि उत्तम हुन्छ । अथवा मतमतान्तरको आग्रहरहित, आफ्नो र परायको पक्षपातशून्य, प्रजामाथि माता-पिताको समान कृपा, न्याय र दयाको साथमा रहेको विदेशीहरूको राज्य पनि पूर्ण सुखदायक हुँदैन ।** परन्तु भिन्न-भिन्न भाषा, पृथक्-पृथक् शिक्षा, अलग-अलग व्यवहारको विरोध छुट्न अति दुष्कर छ । बिना यसलाई नछोडिकन परस्परको पूरा उपकार र अभिप्राय सिद्ध हुन कठिन छ । त्यसैले जे-जति वेदशास्त्रहरूमा व्यवस्था वा इतिहास लेखिएका छन्, त्यसैलाई मान्य गर्नु भद्रपुरुषहरूको काम हो ।

**प्रश्न**– जगत्को उत्पत्तिमा कति समय व्यतीत भयो ?

**उत्तर**– एक अर्ब, छयान्नब्बे करोड, कयौं लाख र कयौं हजार वर्ष जगत्को उत्पत्ति र वेदहरूको प्रकाश हुनमा लागेको छ । यसको स्पष्ट व्याख्या हेर्न चाहेमा मैले बनाएको **'ऋग्वेदादिभाष्यभूमिका'** हेर्नुहोला ।

इत्यादि प्रकार सृष्टिको बनाउनमा र बन्नमा रह्यो र यो पनि छ कि सबै भन्दा सूक्ष्म टुक्रा अर्थात् जसलाई काट्न सकिंदैन, त्यसको नाम परमाणु, साठी परमाणुहरू मिलेर एक अणु, यसलाई अंग्रेजीमा 'एटम' भन्दछन्, दुई अणु मिलेर एक द्वयणुक जुन कि स्थूल वायु हो, तीन द्वयणुकको अग्नि, चार द्वयणुकको जल, पाँच द्वयणुकको पृथ्वी अर्थात् तीन द्वयणुकको त्रसरेणु र त्यसको दुई गुणा हुनाले पृथ्वी आदि दृश्य पदार्थ हुन्छन् । यसै प्रकार क्रमैले मिलाएर भूगोलादि परमात्माले बनाएका हुन् ।

## ईश्वरले जगत्लाई धारण गर्ने विषयमा व्याख्या (८.६)

**प्रश्न**– यसको धारण कसले गर्दछ ? कोही भन्दछन्– **'शेष'** अर्थात् हजार फणवाले सर्पको शिरमा पृथ्वी छ । दोस्राले भन्दछ कि– गोरुको सींगमाथि छ । तेस्रो भन्दछ कि– कसैमाथि पनि छैन । चौथोले भन्दछ कि– वायुको आधारमा । पाँचौंले भन्दछ कि– सूर्यको आकर्षणले खिचिएर आफ्नो ठेगानामा स्थित । छैटौंले भन्दछ कि– पृथ्वी भारी हुनाले तल-तल आकाशमा धसिएर गैरहेको छ, इत्यादिमा कसको कुरालाई सत्य मान्ने ?

**उत्तर**– जसले **"शेष सर्पको फणमा र गोरुको सींगमा अडिएर पृथ्वी स्थित छ"** भन्दछ, त्यसलाई सोध्नुपर्दछ कि सर्प र गोरुका आमा-बाउको जन्म समयमा के माथि थियो ? तथा सर्प र गोरु आदि के माथि छन् ? गोरुवाला मुसलमान त चुप हुन जानेछन्, परन्तु सर्पवाले भन्नेछन् कि सर्प कूर्ममाथि, कूर्म जलमा, जल अग्निमा, अग्नि वायुमा र वायु आकाशमा अडिएको छ । तिनीहरूसित सोध्नुपर्दछ कि ती सबै के माथि छन् ? अवश्य भन्नेछन् कि परमेश्वरमा स्थित छन् । जब उनीहरूसँग कसैले सोधोस् कि शेष र गोरु कसको छोरो हो ? त भन्ने छन् कि कश्यप कद्रू, र गोरु गाईको । कश्यप मरीची, मरीची मनु, मनु विराट् र विराट् ब्रह्माको पुत्र, ब्रह्मा चाहिं आदि सृष्टिको थियो । जब शेषको जन्म नै भएको थिएन, त्यसको भन्दा पहिला पाँच पुस्ता भैसकेको छ, तब कसले धारण गरेको थियो ? अर्थात् कश्यपको जन्म-समयमा पृथ्वी कसमाथि थियो ? त 'तैं चुप मै चुप' र लड्न लाग्नेछन् । यसको साँचो अभिप्राय यो हो कि

जुन 'बाँकी' रहन्छ, त्यसलाई 'शेष' भन्दछन् । सो कुनै कविले **'शेषधारा पृथिवीत्युक्तम्'** पृथ्वी 'शेषको आधारमा छ ।'– यस्तो भन्यो दोस्राले उसको अभिप्रायलाई बुझेन र सर्पको मिथ्या कल्पना गऱ्यो । परन्तु जसको लागि परमेश्वर उत्पत्ति र प्रलयदेखि बाँकी अर्थात् पृथक् रहन्छ, त्यसै कारणले उसलाई **'शेष'** भन्दछन् र उसैको आधारमा पृथ्वी छ–

**सत्येनोत्तभिता भूमिः ॥** –ऋग्वेद (मं.१०/सू.८५/मं.१), अथर्ववेद (कां.१४/सू.१/मं.१) ॥

(सत्य) अर्थात् जो त्रैकाल्याबाध्य, जसको कहिल्यै नाश हुँदैन, उसै परमेश्वरले भूमि आदि सबै लोकहरूलाई धारण गरेको छ ।

**उक्षा दाधार पृथिवीमुत द्याम् ॥** –यो पनि (ऋग्वेद १०/३१/८; अथर्व.४/११/१) मन्त्रको भाग हो ॥

यसै 'उक्षा' शब्दलाई देखेर कसैले गोरुको ग्रहण गऱ्यो होला, किनभने उक्षा गोरुको पनि नाम हो । परन्तु त्यस मूढलाई यो विदित पनि भएन कि यति ठूलो भूगोललाई धारण गर्ने सामर्थ्य गोरुमा कहाँबाट आओस् ! यसैले 'उक्षा' वर्षाद्वारा भूगोललाई सेचन गर्नाले 'सूर्य' को नाम हो । उसले आफ्नो आकर्षणबाट पृथ्वीलाई धारण गरेको छ । परन्तु सूर्यादिलाई धारण गर्नेवाला बिना परमेश्वरको दोस्रो कोही पनि छैन ।

**प्रश्न**– यति ठूला-ठूला भूगोलहरूलाई परमेश्वरले कसरी धारण गर्न सक्दछ होला ?

**उत्तर**– जसरी अनन्त आकाशको सामुन्ने ठूला-ठूला भूगोल केही पनि होइन अर्थात् समुद्रको अगाडि जलको सानो-सानो कणको तुल्य पनि होइन, त्यसरी नै अनन्त परमेश्वरको सामुन्ने असंख्यात लोक एक परमाणुको तुल्य पनि होइन भन्न सकिन्छ । ऊ बाहिर-भित्र सर्वत्र व्यापक छ अर्थात्–

**विभूः प्रजासु ॥** –यो यजुर्वेद (अध्याय ३२/मन्त्र ८) को वचन हो ॥

त्यो परमात्मा सबै प्रजाहरूमा व्यापक हुँदै सबैलाई धारण गरिरहेको छ । यदि त्यो ईसाई, मुसलमान र पुराणीहरूको कथनानुसार, विभू हुन्थेन भने त यो सबै सृष्टिको धारण कहिल्यै गर्न सक्ने थिएन । किनभने बिना प्राप्तिको कसैलाई कुनैले धारण गर्न सक्दैन । कसैले भन्दछ कि यी सबै लोक परस्परको आकर्षणले धारण भएका छन्, पुनः परमेश्वरले धारण गर्नको के अपेक्षा छ ? तिनीहरूलाई यो उत्तर दिनुपर्दछ कि यो सृष्टि अनन्त छ, वा सान्त ? जसले अनन्त भन्दछ भने त आकारवाला वस्तु अनन्त हुन सक्दैन र यदि सान्त भन्दछ भने त उसको पर-भाग 'सीमा' अर्थात् जसदेखि पर कुनै पनि दोस्रो लोक छैन, वहाँ कसको आकर्षणले धारण हुनेछ ? जसरी समष्टि र व्यष्टि अर्थात् जब-जब समुदायको नाम वन राख्दछौं त 'समष्टि' भनिन्छ, र एक-एक वृक्षादिलाई भिन्न-भिन्न गणना गऱ्यौं भने त 'व्यष्टि' भनिन्छ, त्यसरी नै सबै भूगोलहरूलाई समष्टिमा गनेर जगत् भन्यौं भने त जगत्को धारण र आकर्षणको कर्ता बिना परमेश्वरको दोस्रो कोही पनि छैन । यसैले जसले सबै जगत्लाई रच्दछ, वही–

**स दाधार पृथिवीं द्यामुतेमाम् ॥** –यो यजुर्वेद (अध्याय १३/मन्त्र ४) को वचन हो ॥

पृथिव्यादि प्रकाशरहित लोक-लोकान्तर र पदार्थ तथा सूर्यादि प्रकाशसहित लोक र पदार्थहरूको रचन-धारण वही परमात्मा गर्दछ, जो सबैमा व्यापक भैरहेको छ ।

**प्रश्न**– पृथिव्यादि लोक घुम्दछन् कि स्थिर छन् ?

**उत्तर**– घुम्दछन् ।

**प्रश्न**– कति मान्छेले त भन्दछन् कि सूर्य घुम्दछ र पृथ्वी घुम्दैन । फेरि कसैले भन्दछन् कि पृथ्वी घुम्दछ, सूर्य घुम्दैन । यसमा सत्य कुनलाई मान्ने हो ?

**उत्तर**– यी दुइटै आधा झुट्टा हुन्, किनभने वेदमा लेखिएको छ–

**आयं गौः पृश्निरक्रमीदसदन्मातरं पुरः । पितरं च प्रयन्त्स्वः ॥**

–यजुर्वेद (अध्याय ३/मन्त्र ६) ॥

अर्थात् यो पृथ्वी जलको सहित आफ्नो अक्षमा घुम्दै फन्को मारेर आकाशमा सौर्यमण्डलको परिधिको कक्षभित्र रहेर सूर्यको परिक्रमा गर्दछिन् । अर्थात् सूर्यको वरिपरि रहेर पृथ्वी घुम्ने गर्दछिन् ।

**आ कृष्णेन रजसा वर्त्तमानो निवेशयन्नमृतं मर्त्यं च ।**

**हिरण्ययेन सविता रथेना देवो याति भुवनानि पश्यन् ॥**

–यजुर्वेद (अध्याय ३३/मन्त्र ४३) ॥

जो 'सविता' अर्थात् सूर्य वर्षादिको कर्ता, प्रकाशस्वरूप, तेजोमय, रमणीयस्वरूपको साथ वर्तमान, सबै प्राणी-अप्राणीहरूमा अमृतरूप वृष्टि वा किरणद्वारा अमृतको प्रवेश गराएर सबै मूर्तिमान् द्रव्यहरूलाई

देखाउँदै, सबै लोकहरूको साथ केन्द्रमा रहेर आकर्षण गुणले सह वर्तमान हुँदै आफ्नो अक्षमा घुमिराख्दछ, किन्तु कुनै लोकको चारैतिर घुम्दैन । त्यसरी नै एक-एक ब्रह्माण्डमा एक सूर्य प्रकाशक र दोस्रा सबै लोक-लोकान्तर प्रकाश्य छन्, जस्तै–

**दिवि सोमो अधि श्रितः ॥** –अथर्ववेद (काण्ड १४/अनुवाक १/मन्त्र १) ॥

जसरी यो चन्द्रलोक सूर्यबाट प्रकाशित हुन्छ, त्यसरी नै पृथिव्यादि लोक पनि सूर्यको प्रकाशबाटै प्रकाशित हुन्छन् । परन्तु रात र दिन सर्वदा वर्तमान रहन्छन्, किनभने पृथिव्यादि लोक घुमेर जति भाग सूर्यको सामुन्ने आउँछ, त्यतिमा दिन र जति पृष्ठमा अर्थात् छेकिन्छ, त्यतिमा रात हुन्छ । अर्थात् उदय, अस्त, संध्या, मध्याह्न, मध्यरात्रि आदि जति कालावयव छन्, ती देशदेशान्तरहरूमा सदा वर्तमान रहन्छन् । अर्थात् जब आर्यावर्तमा सूर्योदय हुन्छ, त्यति वेला 'पाताल' अर्थात् 'अमेरिका' मा अस्त हुन्छ र जब आर्यावर्तमा अस्त हुन्छ, तब पाताल-देशमा उदय हुन्छ । जब आर्यावर्तमा मध्य दिन वा मध्य रात हुँदा, त्यही समयमा पाताल-देशमा मध्य रात वा मध्य दिन हुन्छ ।

जसले भन्दछन् कि सूर्य घुम्दछ र पृथ्वी घुम्दैन, ती सबै जना अज्ञ हुन्, किनभने यदि यस्तो हुन्थ्यो भने त कयौं हजार वर्षको दिन र रात हुन्थ्यो । अर्थात् सूर्यको नाम (ब्रध्नः) पृथ्वी भन्दा लाखौं गुणा ठूलो र करोडौं कोस दूर छ । जस्तै तोरीको गेडाको सामुन्ने पहाड घुमेमा धेरै बेर लाग्नेछ तर पहाडको सामुन्ने तोरीको गेडा घुमेमा धेरै समय लाग्दैन, त्यसरी नै पृथ्वी घुम्नाले यथायोग्य रात-दिन हुन्छन्, सूर्य घुम्नाले हुँदैन । फेरि जसले सूर्य स्थिर छ भन्दछन्, ती पनि ज्योतिर्विद्यावित् होइनन् । किनभने यदि सूर्य घुम्दैनथ्यो भने त एक राशि स्थानदेखि दोस्रो 'राशि' अर्थात् स्थानलाई प्राप्त हुन्थेन, र गुरु पदार्थ बिना नघुमिकन आकाशमा नियत स्थानमा कहिल्यै पनि रहन सक्दैन । साथै जुन जैन आदि भन्दछन् कि पृथ्वी घुम्दैन किन्तु तल जान्छ र दुई सूर्य र चन्द्र केवल जम्बूद्वीपमा छन्, ती त बाह्र लोहोटा गहिरो भाङ्गको नशामा निमग्न छन्, किनभने यदि तल-तल जान्थ्यो भने त चारैतिरबाट वायुको चक्र नबन्नाले पृथ्वी छिन्न-भिन्न हुन्थ्यो र निम्न-स्थल पृथ्वीमा रहनेहरूलाई वायुको स्पर्श हुनेथिएन, तलतिरपट्टिकालाई अधिक र एकैनासको वायुको गति हुन्थ्यो । दुइटा सूर्य र चन्द्र हुन्थे भने त रात र कृष्णपक्षको हुनु नै नष्ट-भ्रष्ट हुन्थ्यो । त्यसैले एक भूमिको नजिक एक चन्द्र र अनेक चन्द्र, अनेक भूमिहरूको मध्यमा एक सूर्य रहने गर्दछ ।

**प्रश्न**– सूर्य, चन्द्र र ताराहरू के वस्तु हुन् र तिनमा मनुष्यादि सृष्टि छ कि छैन ?

**उत्तर**– यी सबै भूगोल लोक हुन् र जीवन सम्भव भएकामा मनुष्यादि प्रजा पनि रहन्छन्, किनभने–

**एतेषु हीदꣳ सर्वं वसु हितमेते हीदꣳ सर्वं वासयन्ते तद्यदिदꣳ सर्वं वासयन्ते तस्माद्वसव इति ॥**

–शतपथ ब्राह्मण काण्ड १४ (प्रपा.६/ब्रा.७/कं.४) ॥

पृथ्वी, जल, अग्नि, वायु, आकाश, चन्द्र, नक्षत्र र सूर्य यिनीहरूको वसु नाम यसै कारणले भएको हो कि यिनीहरूमा नै पदार्थ र जीवन सम्भाव्यता भएकामा प्रजा बस्दछन् र यिनैले सबै पदार्थलाई आफूमा बसाउँदछन् । जस कारण वासको निवास गर्नको लागि घर भएकाले यिनैको नाम **'वसु'** हो । जब यस हाम्रो एक सौरमण्डलमा स्थित सूर्य, पृथ्वी, चन्द्र, मंगल, बुध, शनि, राहु, केतु र नक्षत्र आदि वसु छन् भने, पश्चात् यस विशाल ब्रह्माण्डमा रहेका अन्य सौरमण्डलस्थ आदिका पृथिव्यादि लोकमा पनि यसै प्रकारका प्रजा हुनमा केको सन्देह ? र जसरी परमेश्वरको यो सानो पृथ्वीलोक मनुष्यादि सृष्टिले भरिएको छ भने त, के ती सबै मण्डलस्थ भित्रका पृथिव्यादि लोक शून्य छन् होला ? परमेश्वरको कुनै पनि काम निष्प्रयोजन हुँदैन भने त, के यतिका असंख्य लोक भित्रमा जीवन सम्भाव्यता रहेका पृथिव्यादि लोकमा मनुष्यादि सृष्टि नहोस् त सफल कहिल्यै हुन सक्दछ ? यसैले सर्वत्र मण्डलस्थ भित्रका पृथिव्यादि लोकमा पनि मनुष्यादि सृष्टि छ ।

**प्रश्न**– जस्तो यस देशमा मनुष्यादि सृष्टिको आकृति अवयव छ, त्यस्तै नै अन्य लोकहरूमा छ कि विपरीत ?

**उत्तर**– कुनै-कुनै आकृतिमा भेद हुन सम्भव छ, जस्तै यस देशमा **चीनी, हब्शी** र **आर्यावर्त**, **यूरोप**मा अवयव र रङ्ग-रूप र आकृतिमा पनि थोरै-थोरै भेद देखिन्छ, यसै प्रकारले लोक-लोकान्तरहरूमा पनि भेद हुन्छन् । परन्तु जुन जातिको जस्तो सृष्टि यस देशमा छ, त्यस्तो जातिकै नै सृष्टि अन्य लोकहरूमा पनि हुन सक्दछ । जुन-जुन शरीरको प्रदेशमा नेत्रादि अङ्ग छन्, उसै-उसै प्रदेश र लोकान्तरहरूमा पनि उसै जातिको अवयव पनि त्यस्तै नै हुन्छन् । किनभने–

**सूर्याचन्द्रमसौ धाता यथापूर्वमकल्पयत् । दिवं च पृथिवीं चान्तरिक्षमथो स्वः ॥**

–ऋग्वेद (मण्डल १०/सूक्त १९०/मन्त्र ३) ॥

'धाता' परमात्माले जुन प्रकारको सूर्य, चन्द्र, द्यौ, भूमि, अन्तरिक्ष र तत्रस्थ सुख विशेष पदार्थ पूर्वकल्पमा रचेको थियो, त्यस्तै नै यस कल्प अर्थात् यस सृष्टिमा रचेको छ, तथा सबै लोक-लोकान्तरहरूमा पनि बनाएको छ। भेद किंचित्-मात्र पनि हुँदैन।

**प्रश्न**– जुन वेदहरूको यस लोकमा प्रकाश छ, उनै वेदहरूको ती लोकहरूमा पनि प्रकाश छ कि छैन ?

**उत्तर**– उनै वेदहरूको छ। जसरी एक राजाको राज्यव्यवस्थाको नीति देशभरि सबैमा समान हुन्छ, त्यसरी नै परमात्मा राजराजेश्वरको वेदोक्त नीति आफ्नो सृष्टिरूप सबै राज्यमा एकैनास हुन्छ।

**प्रश्न**– जब यी जीव र प्रकृतिस्थ तत्त्व अनादि र ईश्वरले बनाएको होइन भने त, ईश्वरको अधिकार पनि यी माथि न हुनुपर्ने, किनभने सबै स्वतन्त्र भए ?

**उत्तर**– जसरी राजा र प्रजा समकालमा हुन्छन् र राजाको आधीन प्रजा हुन्छन्, त्यसरी नै परमेश्वरको आधीन जीव र जड पदार्थ छन्। जब परमेश्वर सबै सृष्टिलाई बनाउने, जीवहरूलाई कर्मफलहरू दिने, सबैको यथावत् रक्षक र अनन्त सामर्थ्यवाला हुनाले, अल्प सामर्थ्य जीव पनि र जड पदार्थ उसको आधीन किन नहुने ? यसैले जीव कर्म गर्नमा स्वतन्त्र, परन्तु कर्मको फल भोग्नमा ईश्वरको व्यवस्थाले परतन्त्र छ, त्यसरी नै सर्वशक्तिमान् सृष्टि, संहार र पालन सबै विश्वको गरिरहेको छ।

यस भन्दा अगाडि विद्या, अविद्या, बन्ध र मोक्ष-विषयमा लेखिनेछ। यो आठौं समुल्लास पूरा भयो।

## इति श्रीमद्दयानन्दसरस्वतीस्वामिकृते सत्यार्थप्रकाशे सुभाषाविभूषिते सृष्टिचुत्पत्तिस्थितिप्रलयविषयेऽष्टमः समुल्लासः सम्पूर्णः ॥८॥

# (९) नवौं समुल्लास
# विद्या-अविद्या, बन्ध-मोक्षको विषयमा व्याख्या
## विद्या-अविद्याको विषय (९.१)

**विद्यां चाऽविद्यां च यस्तद्वेदोभयँ सह। अविद्यया मृत्युं तीर्त्वा विद्ययाऽमृतमश्नुते॥**

–यजुर्वेद (अध्याय ४०/मन्त्र १४)॥

जो मनुष्य विद्या र अविद्याको स्वरूपलाई साथ-साथै नै जान्दछ, त्यो **'अविद्या'** अर्थात् कर्मोपासनाले मृत्युदेखि तरेर **'विद्या'** अर्थात् ज्ञानले मोक्षलाई प्राप्त गर्दछ। अविद्याको लक्षण–

**अनित्याशुचिदुःखानात्मसु नित्यशुचिसुखात्मख्यातिरविद्या॥**

–यो योगसूत्र (साधनपाद २/सूत्र ५) को वचन हो॥

जुन **'अनित्य'** संसार र देहादिमा, नित्य- अर्थात् जुन कार्य जगत् देखिन्छ सुनिन्छ, सदा रहनेछ, सदादेखि छ र योगबलले उनै देवहरूको शरीर सदा रहन्छ- त्यस्तो विपरीत बुद्धि हुनु, अविद्याको प्रथम भाग हो। **'अशुचि'** अर्थात् मलमय स्त्र्यादिको र मिथ्याभाषण, चोरी आदि अपवित्रमा पवित्र बुद्धिः छन् दोस्रो भाग हो। अत्यन्त विषयसेवनरूप **'दुःख'** मा सुखबुद्धि हुनु आदि तेस्रो भाग हो। **'अनात्मा'** मा आत्मबुद्धि गर्नु अविद्याको चौथो भाग हो। यस चार प्रकारको विपरीत ज्ञानलाई **'अविद्या'** भन्दछन्। यसको विपरीत अर्थात् अनित्यमा अनित्य र नित्यमा नित्य, अपवित्रमा अपवित्र र पवित्रमा पवित्र, दुःखमा दुःख र सुखमा सुख, अनात्मामा अनात्मा र आत्मामा आत्माको ज्ञान हुनु **विद्या** हो। अर्थात् **'वेत्ति यथावत् तत्त्वं पदार्थस्वरूपं यया सा विद्या, यया तत्त्वस्वरूपं न जानाति भ्रमादन्यस्मिन्नन्यन्निश्चिनोति साऽविद्या'** जसबाट पदार्थको यथार्थ स्वरूपको बोध हुन्छ यो **'विद्या'** र जसबाट तत्त्वस्वरूप जान्न नसकियोस्, अन्यमा अन्य बुद्धि हुन्छ, यसलाई **'अविद्या'** भनिन्छ। अर्थात् कर्म र उपासना 'अविद्या' यस कारणले हो कि यो बाह्य र अन्तर्क्रियाविशेषको नाम हो, ज्ञानविशेषको होइन। यसलै मन्त्रमा भनिएको छ कि बिना शुद्ध कर्म र परमेश्वरको उपासना नगरिकन मृत्यु दुःखबाट कसैले पनि पार पाउन सक्दैन। अर्थात् पवित्र कर्म, पवित्रोपासना र पवित्र ज्ञानबाट नै मुक्ति र अपवित्र मिथ्याभाषाणादि कर्म, पाषाणमूर्त्यादिको उपासना र मिथ्याज्ञानले बन्ध हुन्छ। कुनै पनि मनुष्य क्षणमात्र पनि कर्म, उपासना र ज्ञानबाट रहित हुँदैन। यसैले धर्मयुक्त सत्यभाषणादि कर्म गर्नु र मिथ्याभाषणादि अधर्मलाई छोडिदिनु **'मुक्ति'** को साधन हो।

**प्रश्न**– मुक्ति कसलाई प्राप्त हुँदैन ?

**उत्तर**– जो बद्ध छ।

**प्रश्न**– बद्ध को छ ?

**उत्तर**– जुन अधर्म अज्ञानमा फसेको जीव छ।

**प्रश्न**– बन्ध र मोक्ष स्वभावबाट हुन्छ कि निमित्तबाट ?

**उत्तर**– निमित्तबाट। किनभने स्वभावबाट हुन्थ्यो भने त बन्ध र मुक्तिको निवृत्ति कहिल्यै पनि हुने थिएन।

**प्रश्न– न निरोधो न चोत्पत्तिर्न बद्धो न च साधकः। न मुमुक्षुर्न वै मुक्तिरित्येषा परमार्थता॥**

–यो माण्डूक्योपनिषदमा श्लोक छ, (गौडपादीयकारिका/प्रकरण २/काण्ड ३२)॥

जीव ब्रह्म हुनाले वस्तुतः जीवको 'निरोध' अर्थात् न कहिल्यै आवरणमा आयो, न जन्म लिन्छ, न बाँधिएको छ र न 'साधक' अर्थात् न केही साधना गर्नेवाला हो, न छुट्नको लागि इच्छा गर्दछ र न कहिल्यै यसको मुक्ति छ। किनभने जब परमार्थबाट बन्ध नै छैन भने त मुक्ति कता ?

**उत्तर**– यो नवीन वेदान्तीहरूले भनेको कुरो सत्य होइन। किनभने जीवको स्वरूप अल्प हुनाले आवरणमा आउँछ, शरीरको साथ प्रकट हुने रूप जन्म लिन्छ, पापरूप कर्मको फल-भोगरूप बन्धनमा फस्दछ, त्यसबाट छुट्नको लागि साधन गर्दछ, दुःखबाट छुट्नको लागि इच्छा गर्दछ र दुःखहरूबाट छुटेर परमानन्द परमेश्वरलाई प्राप्त गरेर मुक्तिलाई पनि भोग्दछ।

**प्रश्न**– यी सबै धर्म देह र अन्तःकरणका हुन्, जीवको होइन। किनभने जीव त पाप-पुण्यदेखि रहित साक्षीमात्र हो। शीतोष्णादि शरीरादिको धर्म हो, क्षुधा-तृषा प्राणको र हर्ष-शोक मनको धर्म हो, आत्मा निर्लेप छ।

**उत्तर**– देह र अन्तःकरण जड हुन्, तिनलाई शीतोष्णको प्राप्ति र भोग हुँदैन, जस्तै ढुङ्गालाई शीत र उष्णको भान वा भोग हुँदैन। जो चेतन मनुष्यादि प्राणी त्यसलाई स्पर्श गर्दछ उसैलाई शीत-उष्णको भान र भोग हुन्छ। त्यसै गरी प्राण पनि जड हो, न त्यसलाई भोक र तिर्खा, किन्तु प्राणवाला जीवलाई क्षुधा-

तृषा (भोक-तिर्खा) लाग्दछ । त्यसै गरी मन पनि जड हो, न यसलाई हर्ष र शोक हुन सक्दछ, किन्तु मनबाट हर्ष-शोक, सुख-दुःखको भोग जीवले गर्दछ । जसरी बहिष्करण श्रोत्रादि इन्द्रियहरूबाट राम्रा-नराम्रा शब्दादि विषयहरूको ग्रहण गरेर जीव सुखी-दुःखी हुन्छ, त्यसरी नै 'अन्तःकरण' अर्थात् मन, बुद्धि, चित्त, अहङ्कारबाट सङ्कल्प, विकल्प, निश्चय, स्मरण र अभिमान गर्नेवाला जीव हो । जसरी तलवार आदि कुनै शस्त्रले कसैलाई मार्ने वा रक्षा गर्नेवाला दण्ड र मान्यको भागी कर्मको कर्ता हुन्छ, तलवार हुँदैन, त्यसरी नै देहेन्द्रिय, अन्तःकरण र प्राणरूप साधनहरूबाट राम्रा-नराम्रा कर्महरूको कर्ता जीव सुख-दुःखको भोक्ता हो । जीव कर्महरूको साक्षी होइन, किन्तु कर्ताको हो । कर्महरूको साक्षी त एक परमात्मा हो । जुन कर्मलाई गर्नेवाला जीव हो, वही कर्महरूमा लिप्त हुन्छ; त्यो ईश्वर साक्षी हुँदैन ।

**प्रश्न**– जीव ब्रह्मको प्रतिबिम्ब हो । जसरी दर्पणको टुट्न-फुट्नाले बिम्बको केही हानि हुँदैन, यसै प्रकार अन्तःकरणमा ब्रह्मको प्रतिबिम्ब जीव तबसम्म हुन्छ कि जबसम्म त्यो अन्तःकरणोपाधि हुन्छ । जब अन्तःकरण नष्ट भयो, तब त्यो जीव मुक्त हो ।

**उत्तर**– यो बालकपनको कुरो हो । किनभने प्रतिबिम्ब साकारको साकारमा हुन्छ । जसरी मुख र दर्पण आकारवाला हुन् र पृथक् पनि छन् । यदि पृथक् नभएमा त प्रतिबिम्ब हुनसक्दैन । ब्रह्म निराकार, सर्वव्यापक हुनाले उसको प्रतिबिम्ब हुन सक्दैन ।

**प्रश्न**– हेर ! गम्भीर स्वच्छ स्थिर जलमा निराकार र व्यापक आकाशको आभास हुन्छ । यसै प्रकार स्वच्छ अन्तःकरणमा परमात्माको आभास हुन्छ । त्यसैले यसलाई **'चिदाभास'** भन्दछन् ।

**उत्तर**– यो बालबुद्धिको मिथ्या प्रलाप हो । किनभने आकाश दृश्य नै होइन, त्यसलाई आँखाले कसैले पनि देख्नसक्दैन । जब आकाशमा भएको स्थूल वायुलाई त आँखाले देख्न सक्दैन भने आकाशलाई कसरी देख्न सक्दछ ?

**प्रश्न**– यो जुन माथितिर नीलो र घुर्मैलो (तुवाँलोजस्तो) देखिन्छ त्यो आकाश हो कि होइन ?

**उत्तर**– होइन ।

**प्रश्न**– त्यसो भए के हो त ?

**उत्तर**– अलग-अलग पृथ्वी, जल र अग्निको त्रसरेणु देखिन्छ । त्यसमा जुन नीलो देखिन्छ त्यसले अधिक जल जुन वर्षाउँछ सो नील, जुन घुर्मैलो देखिन्छ त्यो पृथ्वीदेखि धुलो उडेर वायुमा घुमिराख्दछ त्यही देखिन्छ, र त्यसैको प्रतिबिम्ब जल वा दर्पणमा देखिन्छ; आकाशको कहिल्यै होइन ।

**प्रश्न**– जसरी घटाकाश, मठाकाश, मेघाकाश र महदाकाशको भेद व्यवहारमा हुन्छन्, त्यसरी नै ब्रह्मको ब्रह्माण्ड र अन्तःकरण उपाधिको भेदले ईश्वर र जीव नाम हुन्छ । जब घटादि नष्ट हुनजान्छ तब महाकाश नै भनिन्छ ।

**उत्तर**– यो कुरो पनि अविद्वान्हरूको हो । किनभने आकाश कहिल्यै छिन्न-भिन्न हुँदैन । व्यवहारमा पनि 'घैंटो ल्याऊ' इत्यादि व्यवहार हुन्छ, कसैले भन्दैन कि घैंटाको आकाश ल्याऊ । त्यसैले यो कुरो ठीक होइन ।

**प्रश्न**– जसरी समुद्रका माझमा माछा, किरा र आकाशको माझमा पक्षी आदि घुम्दछन्, त्यसरी नै चिदाकाश ब्रह्ममा सबै अन्तःकरण घुम्दछन् । ती स्वयं त जड हुन्, परन्तु सर्वव्यापक परमात्माको सत्ताले जस्तो कि अग्निदेखि फलाम, त्यस्तै चेतन भैरहेका छन् । जस्तै तिनीहरू हिंड्दा-डुल्दा (चलायमान) हुन् र आकाश तथा ब्रह्म स्थिर छ, त्यसरी नै जीवलाई ब्रह्म मान्नमा कुनै पनि दोष आउँदैन ।

**उत्तर**– तिम्रो यो दृष्टान्त पनि सत्य होइन, किनभने जो सर्वव्यापी ब्रह्म सबै अन्तःकरणहरूमा प्रकाशमान भएर जीव हुन्थ्यो भने त सर्वज्ञादि गुण उसमा हुन्छ कि हुँदैन ? यदि भन्दछौ कि आवरण हुनाले सर्वज्ञता हुँदैन, तब भन कि ब्रह्म आवृत र खण्डित वा अखण्डित हो ? यदि भन्दछौ कि अखण्डित हो त बीचमा कुनै पर्दा हुन सक्दैन । जब पर्दा छैन भने त सर्वज्ञता किन होइन ? यदि भन्दछौ कि आफ्नो स्वरूपलाई भुलेर अन्तःकरणमा ब्रह्म फस्न गयो तब त ब्रह्म नित्य मुक्त भएन । फेरि ब्रह्म अन्तःकरणको साथ हिंड्दछ वा हिंड्दैन ? तब यस्तो भनौला कि हिंड्दैन । जब स्वयं चल्दैन तब अन्तःकरण जति-जति पूर्व प्राप्त देश छोड्दै जान्छ र अगाडि-अगाडि जहाँ-जहाँ सर्कंदै जानेछ, त्यहाँ-त्यहाँको ब्रह्म भ्रान्त, अज्ञानी हुँदै जानेछ र जति-जति छोड्दै जानेछ, त्यहाँ-त्यहाँको ज्ञानी, पवित्र र मुक्त हुँदै जानेछ । एवं प्रकारले सर्वत्र सृष्टिका ब्रह्मलाई अन्तःकरणले बिगार्नेछ र बन्ध-मुक्ति पनि क्षण-क्षणमा हुन जानेछ । जुन तिमीले भने अनुसार प्रमाण हुन्थ्यो भने त कुनै जीवलाई पूर्व देखे-सुनेको स्मरण हुने थिएन । किनभने जुन ब्रह्मले देख्यो त्यो पृथक् रह्यो र दोस्रो देशमा दोस्रै ब्रह्मको सम्बन्ध हुनेछ । जसरी फलाममा अग्निको नै दाह प्रकाश हो फलामको होइन, त्यसरी नै चेतनता अन्तःकरणमा ब्रह्मको हो आफ्नो होइन, तब ब्रह्म नै कर्ता, भोक्ता,

बद्ध र मुक्त हुन जानेछ । त्यसैले जीव सबै पृथक्-पृथक् हुन् । ब्रह्म जीव वा जीव ब्रह्म एक कहिल्यै हुँदैन, सदा पृथक्-पृथक् छन् ।

**प्रश्न–** यो सबै अध्यारोपमात्रै हो । अर्थात् अन्य वस्तुमा अन्य वस्तुको स्थापन गर्नुलाई 'अध्यारोप' भनिन्छ, त्यसरी नै ब्रह्म वस्तुमा सबै जगत् र यसको व्यवहारको अध्यारोप गर्नाले जिज्ञासुलाई बोध गराउन हुन्छ, वास्तवमा सबै ब्रह्म नै हो ।

**(प्रतिप्रश्न) प्रश्न–** अध्यारोपलाई गर्नेवाला को हो ?

**उत्तर–** जीव ।

**प्रश्न–** जीव कसलाई भन्दछन् ?

**उत्तर–** अन्तःकरणावच्छिन्न चेतनलाई ।

**प्रश्न–** अन्तःकरणावच्छिन्न चेतनदेखि दोस्रै हो कि त्यही ब्रह्म हो ?

**उत्तर–** त्यही ब्रह्म हो ।

**प्रश्न–** के त्यसो भए ब्रह्मले नै आफूमा जगत्को झुटो कल्पना गऱ्यो त ?

**उत्तर–** हो, ब्रह्मलाई यसबाट के हानि छ र ?

**प्रश्न–** जसले मिथ्या कल्पना गर्दछ, के त्यो झुटो हुँदैन र ?

**उत्तर–** हुँदैन । किनभने जुन मन, वाणीले कल्पित वा कथित हुन्छ, त्यो सबै झुटो हो ।

**प्रश्न–** फेरि मन, वाणीले झुटो कल्पना गर्ने र मिथ्या बोल्नेवाला ब्रह्म कल्पित र मिथ्यावादी भयो कि भएन ?

**उत्तर–** भयो, मलाई इष्टापत्ति छ ।

वाह रे झुट्टा वेदान्तीहरू ! तिमीले सत्यस्वरूप, सत्यकाम, सत्यसङ्कल्प परमात्मालाई मिथ्याचारी बनाइदियौ । के यो तिम्रो दुर्गतिको कारण होइन ? कुन उपनिषद्, सूत्र वा वेदमा लेखिएको छ कि परमेश्वर मिथ्यासङ्कल्प र मिथ्यावादी हो ? किनकि जस्तै कुनै **'चोरले उल्टै न्यायाधीशलाई दण्ड दिने'** अर्थात् 'चोरले न्यायाधीशलाई दण्ड' यो कथा तिमीमा घट्दछ । न्यायाधीशले चोरलाई दण्ड दिनु त उचित हो । परन्तु चोरले न्यायाधीशलाई दण्ड दिनु यो कुरो विपरीत हो । त्यसरी नै तिमी मिथ्यासङ्कल्प र मिथ्यावादी भएर त्यही आफ्नो दोष ब्रह्ममा व्यर्थै लगाउँछौ । यदि ब्रह्म मिथ्याज्ञानी, मिथ्यावादी र मिथ्याकारी हुन्छ भने त सबै अनन्त ब्रह्म त्यस्तै हुन जानेछ, किनभने त्यो एक रस छ, सत्यस्वरूप, सत्यमानी, सत्यवादी र सत्यकारी छ । यी सबै दोष तिम्रा हुन्, ब्रह्मको होइन । जसलाई तिमी विद्या भन्दछौ त्यो अविद्या र झुटो अध्यारोप हो, किनभने आफू ब्रह्म नहुँदा पनि आफूलाई ब्रह्म र ब्रह्मलाई जीव मान्नु यो अविद्या र मिथ्याज्ञान नभए के हो त ? जो सर्वव्यापक छ त्यो परिच्छिन्न अज्ञान र बन्धमा कहिल्यै गिर्दैन, किनभने अज्ञान परिच्छिन्न, एकदेशी, अल्प, अल्पज्ञ जीवमा हुन्छ, सर्वज्ञ सर्वव्यापी ब्रह्ममा होइन ।

## बन्ध र मुक्तिको विषयमा वर्णन (९.२)

**प्रश्न–** मुक्ति कसलाई भन्दछन् ?

**उत्तर–मुञ्चन्ति पृथग्भवन्ति जना यस्यां सा मुक्तिः** मुक्ति नाम हो छुटेर जानुको ।

**प्रश्न–** कसबाट छुटेर जानु ?

**उत्तर–** जसबाट छुट्नको इच्छा सबै जीवले गर्दछन् ।

**प्रश्न–** कसबाट छुट्नको लागि इच्छा गर्दछन् ?

**उत्तर–** जसबाट छुट्न चाहन्छन् ।

**प्रश्न–** कसबाट छुट्न चाहन्छन् ?

**उत्तर–** दुःखबाट ।

**प्रश्न–** छुटेर कसलाई प्राप्त गर्दछन् र कहाँ रहन्छन् ?

**उत्तर–** सुखलाई प्राप्त गरेर ब्रह्ममा रहन्छन् ।

**प्रश्न–** मुक्ति र बन्ध कुन-कुन कुराले हुन्छ ?

**उत्तर–** परमेश्वरको आज्ञा पालन गर्नाले, अधर्म, अविद्या, कुसङ्ग, कुसंस्कार, नराम्रा दुर्व्यसनीदेखि अलग रहनु र सत्यभाषण, परोपकार, विद्या, पक्षपातरहित न्याय-धर्मको वृद्धि गर्ने, पूर्वोक्त प्रकारबाट परमेश्वरको स्तुति, प्रार्थना र 'उपासना' को अर्थात् योगाभ्यास गर्नु; विद्या पढ्ने-पढाउने र धर्मले पुरुषार्थ गरेर ज्ञानको उन्नति गर्नु; सबै भन्दा उत्तम साधनहरूलाई गर्नु, जे-जति गरिन्छ त्यो सबै पक्षपातरहित न्यायधर्मानुसार नै गर्ने, इत्यादि साधनहरूबाट **'मुक्ति'** र यी देखि विपरीत ईश्वराज्ञाभङ्ग गर्नु आदि कामबाट 'बन्ध' हुन्छ ।

**प्रश्न**– मुक्तिमा जीवको लय हुन्छ कि विद्यमान रहन्छ ?

**उत्तर**– विद्यमान रहन्छ ।

**प्रश्न**– कहाँ रहन्छ ?

**उत्तर**– ब्रह्ममा ।

**प्रश्न**– ब्रह्म कहाँ छ र त्यो मुक्त जीव एक ठेगानमा रहन्छ कि स्वेच्छाचारी भएर सर्वत्र विचरण गर्दछ ?

**उत्तर**– जुन ब्रह्म सर्वत्र पूर्ण छ, उसैमा मुक्त जीव 'अव्याहतगति' अर्थात् त्यसलाई कहीं रोकावट हुँदैन, विज्ञान आनन्दपूर्वक स्वतन्त्र विचर्दछ ।

**प्रश्न**– मुक्त जीवहरूको स्थूल शरीर रहन्छ कि रहँदैन ?

**उत्तर**– रहँदैन ।

**प्रश्न**– फेरि त्यसले सुख र आनन्दलाई कसरी भोग गर्दछ त ?

**उत्तर**– त्यसका सत्य-सङ्कल्पादि स्वाभाविक गुण-सामर्थ्य सबै रहन्छन्, भौतिकसङ्ग रहँदैन । जस्तै–

**शृण्वन् श्रोत्रं भवति, स्पर्शयन् त्वग्भवति, पश्यन् चक्षुर्भवति, रसयन् रसना भवति, जिघ्रन् घ्राणं भवति, मन्वानो मनो भवति, बोधयन् बुद्धिर्भवति, चेतयँश्चित्तम्भवत्यहङ्कुर्वाणोऽहङ्कारो भवति ॥**

–(तुलना)–शतपथ ब्राह्मण काण्ड १४ (३/२/१७) ॥

–छान्दोग्योपनिषद् (प्रपाठक ८/खण्ड १२/प्रवाक ४-५) ॥

मोक्षमा भौतिक शरीर वा इन्द्रियहरूका गोलक जीवको साथमा रहँदैन, किन्तु आफ्ना स्वभाविक शुद्ध गुण रहन्छन् । जब सुन्न चाहन्छ तब श्रोत्र, जब स्पर्श गर्न चाहन्छ तब त्वचा, जब हेर्ने सङ्कल्प गर्दछ तब चक्षु, स्वादको अर्थमा रसना, गन्धको अर्थमा घ्राण, सङ्कल्प–विकल्प गर्दाखेरि मन, निश्चय गर्नको लागि बुद्धि, स्मरण गर्नको लागि चित्त र अहङ्कार गर्नको लागि अहङ्काररूप आफ्नो स्वशक्तिबाट जीवात्मा मुक्तिमा हुन जान्छ र सङ्कल्प इच्छामात्र शरीर हुन्छ । जसरी शरीरको आधारमा रहेर इन्द्रियहरूका गोलकद्वारा जीवले स्वकार्य गर्दछ, त्यसैरी नै आफ्नो शक्तिले मुक्तिमा सबै आनन्दलाई भोग गर्दछ ।

**प्रश्न**– उसको शक्ति कस्तो प्रकारको र कति छन् ?

**उत्तर**– मुख्य एक प्रकारको शक्ति छ । परन्तु बल, पराक्रम, आकर्षण, प्रेरणा, गति, भीषण, विवेचन, क्रिया, उत्साह, स्मरण, निश्चय, इच्छा, प्रेम, द्वेष, संयोग, विभाग, संयोजक, विभाजक, श्रवण, स्पर्शन, दर्शन, स्वादन र गन्धग्रहण तथा ज्ञान यी २४ प्रकारको सामर्थ्ययुक्त जीव हो । यसैबाट मुक्तिमा पनि आनन्दको प्राप्ति भोग गर्दछ । यदि मुक्तिमा जीवको लय हुन्थ्यो भने त मुक्तिको सुखलाई कसले भोग्ने ? र जसले जीवको लयलाई मान्दछन्, तिनीहरू जीवको नाशलाई नै मुक्ति सम्झन्छन्, तिनीहरू महामूढ हुन् । किनभने मुक्ति जीवको यो हो कि दुःखहरूबाट छुटेर आनन्दस्वरूप, सर्वव्यापक, अनन्त परमेश्वरमा जीवहरू आनन्दले रहनु । हेर वेदान्त शारीरक सूत्रहरूमा–

**अभावं बादरिराह ह्येवम् ।** –वेदान्तशास्त्र (अध्याय ४/पाद ४/सूत्र १०) ॥

जो बादरि व्यासजीका पिता हुन्, उनले मुक्तिमा जीव र उसको साथ मनको भाव मान्दछन् । अर्थात् जीव र मनको लय पराशरजीले मान्दैनन्, त्यसरी नै–

**भावं जैमिनिर्विकल्पामननात् ।** –वेदान्तशास्त्र (अध्याय ४/पाद ४/सूत्र ११) ॥

र जैमिनि आचार्य मुक्त पुरुषको मनको समान सूक्ष्म शरीर, इन्द्रियहरू, प्राण आदिको पनि विद्यमान मान्दछन्, अभाव होइन ।

**द्वादशाहवदुभयविधं बादरायणोऽतः ।** –वेदान्तशास्त्र (अध्याय ४/पाद ४/सूत्र १२) ॥

व्यास मुनि मुक्तिमा भाव र अभाव दुइटै मान्दछन् । अर्थात् दोष अविद्यादि क्लेशादिको अभाव र जीव, अन्तःकरण, आनन्द, प्राण, इन्द्रियहरूको शुद्ध भाव रहन्छ अर्थात् शुद्ध सामर्थ्ययुक्त जीव मुक्तिमा बनिराख्दछ । अपवित्रता, पापाचरण, दुःख, अज्ञानादिको अभाव मान्दछन् ।

**यदा पञ्चावतिष्ठन्ते ज्ञानानि मनसा सह । बुद्धिश्च न विचेष्टते तामाहुः परमां गतिम् ॥**

–कठोपनिषद् (अध्याय २/वल्ली ३/मन्त्र १०) ॥

जब शुद्ध मनको साथ पाँच ज्ञानेन्द्रिय जीवको साथमा रहन्छन् र बुद्धिको निश्चय स्थिर हुन्छ, त्यसैलाई 'परमगति' अर्थात् मोक्ष भन्दछन् ।

**य आत्मा अपहतपाप्मा विजरो विमृत्युर्विशोकोऽविजिघत्सोऽपिपासः सत्यकामः सत्यसङ्कल्पः सोऽन्वेष्टव्यः स विजिज्ञासितव्यः सर्वांश्च लोकानाप्नोति सर्वांश्च कामान् यस्तमात्मानमनुविद्य विजानातीति ॥**

–छान्दोग्योपनिषद् (अध्याय ८/खण्ड ७/मन्त्र १) ॥

**स वा एष एतेन दैवेन चक्षुषा मनसैतान् कामान् पश्यन् रमते ।**

**य एते ब्रह्मलोके तं वा एतं देवा आत्मानमुपासते तस्मात्तेषाꣳ सर्वे च लोका आत्ताः सर्वे च कामाः स सर्वांश्च लोकानाप्नोति सर्वांश्च कामान् यस्तमात्मानमनुविद्य विजानातीति ।**

–छान्दोग्योपनिषद् (अध्याय ८/खण्ड १२/मन्त्र ५, ६) ॥

**मघवन्मर्त्यं वा इदꣳशरीरमात्तं मृत्युना तदस्याऽमृतस्याऽशरीरस्यात्मनोऽधिष्ठानमात्तो वै सशरीरः प्रियाप्रियाभ्यां न वै सशरीरस्य सतः प्रियाप्रिययोरपहतिरस्त्यशरीरं वाव सन्तं न प्रियाप्रिये स्पृशतः ॥**

–छान्दोग्योपनिषद् (अध्याय ८/खण्ड १२/मन्त्र १) ॥

जो परमात्मा अपहतपाप्मा, सर्व-पाप, जरा, मृत्यु, शोक, क्षुधा, पिपासादेखि रहित, सत्यकाम, सत्यसङ्कल्प छ, उसको खोजि र उसलाई जान्नको लागि इच्छा गर्नुपर्दछ । उस परमात्माको सम्बन्धले मुक्त जीव सबै लोकहरू सबै कामहरूलाई प्राप्त गर्दछ, उस परमात्मालाई जानेर मोक्षको साधन र आफूलाई शुद्ध गर्न जान्दछ ॥ सो यस्तो मुक्तिलाई प्राप्त जीव शुद्ध दिव्य नेत्र शुद्ध मनले कामहरूलाई देख्दै, प्राप्त भएर रमण गर्दछ ॥ जुन यी ब्रह्मलोक अर्थात् दर्शनीय परमात्मामा स्थित भएर सुखलाई भोग्दछन् र यसै परमात्माका जुन कि सबैको अन्तर्यामी आत्मा हो, उसैको उपासना मुक्तिलाई प्राप्ति गर्नेवाला विद्वान्हरूले गर्दछन्, उसैबाट उनीहरूलाई सबै लोक र सबै काम प्राप्त हुन्छन्, अर्थात् जुन-जुन सङ्कल्प गर्दछन्, त्यो-त्यो लोक र त्यही-त्यही काम प्राप्त गर्दछन् र ती मुक्त जीव स्थूल शरीर छोडेर सङ्कल्पमय शरीरले आकाशमा परमेश्वरमा विर्चदछन् । किनभने जो शरीरवाला हुन्छन्, तिनीहरू सांसारिक दुःखले रहित हुन सक्दैनन् ॥ जसरी इन्द्रसँग प्रजापतिले भनेका छन् कि– हे परमपूजित धनयुक्त पुरुष ! यो स्थूल शरीर मरणधर्मी छ र जसरी सिंहको मुखमा बाख्रो हुन्छ, त्यसरी नै यो शरीर मृत्युको मुखको बीचमा छ । उक्त शरीर यस 'मरण र शरीररहित' जीवात्माको निवासस्थान हो । यसैले यो जीव सुख र दुःखदेखि सदा ग्रसित रहन्छ । किनभने शरीरसहित जीवको सांसारिक प्रसन्नता-अप्रसन्नताको निवृत्ति हुँदैन, र जो शरीररहित मुक्त जीवात्मा ब्रह्ममा रहन्छ, जसलाई सांसारिक सुख-दुःखको स्पर्श पनि हुँदैन किन्तु सदा आनन्दमा रहन्छ ।

**प्रश्न**– जीव मुक्तिलाई प्राप्त गरेर पुनः जन्म-मरणरूप दुःखमा कहिल्यै आउँछ कि आउँदैन ? किनकि–

**न च पुनरावर्त्तते न च पुनरावर्त्तत इति ॥१॥** –छान्दोग्योपनिषद् (अध्याय ८/खण्ड १५/मन्त्र १) ॥

**अनावृत्तिः शब्दादनावृत्तिः शब्दात् ॥२॥** –शारीरक सूत्र, वेदान्तशास्त्र (अध्याय ४/पाद ४/सूत्र २२) ॥

**यद् गत्वा न निवर्त्तन्ते तद्धाम परमं मम ॥३॥** –भगवद्गीता (अध्याय १५/श्लोक ६) ॥

त्यसपछि फर्कंदैन अर्थात् आवागमनदेखि मुक्त हुन्छ ॥१॥ ब्रह्मलोकलाई प्राप्त गरेको मुक्तात्माको पुनः आगमन हुँदैन ॥२॥ जुन परमपदलाई प्राप्त गरेर मनुष्य फर्केर संसारमा आउँदैन, त्यही मेरो धाम हो ॥३॥ इत्यादि वचनहरूबाट विदित हुन्छ कि मुक्ति त्यही हो कि जसबाट निवृत्त भएर पुनः संसारमा कहिल्यै आउँदैन ।

**उत्तर**– यो कुरो ठीक होइन । किनभने वेदमा यस कुराको निषेध गरिएको छ–

**कस्य॑ नू॒नं क॑त॒मस्या॒मृता॑नां॒ मना॑महे॒ चारु॑ दे॒वस्य॒ नाम॑ ।**

**को नो॑ म॒ह्या अदि॑तये॒ पुन॑र्दात् पि॒तरं॑ च दृ॒शेयं॑ मा॒तरं॑ च ॥१॥**

**अ॒ग्नेर्व॒यं प्र॑थ॒मस्या॒मृता॑नां॒ मना॑महे॒ चारु॑ दे॒वस्य॒ नाम॑ ।**

**स नो॑ म॒ह्या अदि॑तये॒ पुन॑र्दात् पि॒तरं॑ च दृ॒शेयं॑ मा॒तरं॑ च ॥२॥**

–ऋग्वेद (मण्डल १/सूक्त २४/मन्त्र १-२) ॥

**इदानीमिव सर्वत्र नात्यन्तोच्छेदः ॥३॥** –सांख्याशास्त्र सूत्र (अध्याय १/सूत्र १५९) ॥

**अर्थ– [प्रश्न**– हामीहरूले कसको नाम पवित्र जानौं ? को नाशरहित पदार्थहरूको मध्यमा वर्तमान देव सदा प्रकाशस्वरूप छ, हामीहरूलाई मुक्तिको सुख भोगाएर पुनः यस संसारमा जन्म दिन्छ र माता तथा पिताको दर्शन गराउँदछ ? ॥१॥

**उत्तर**– हामीले यस स्वप्रकाशस्वरूप, अनादि, सदामुक्त परमात्माको नाम पवित्र जानौं, जसले हामीलाई मुक्तिमा आनन्द भोगाएर पृथ्वीमा पुनः माता-पिताको सम्बन्धमा जन्म दिएर माता-पिताको दर्शन गराउँदछ । त्यही परमात्माले यस प्रकार मुक्तिको व्यवस्था गर्दछ र सबैको स्वामी हो ॥२॥

जसरी यस समयमा बन्ध मुक्त जीवहरू छन्, त्यसरी नै सर्वदा रहन्छन् । अत्यन्त विच्छेद बन्ध वा मुक्ति कहिल्यै हुँदैन, किन्तु बन्ध र मुक्ति सदा रहँदैन ॥३॥]

**प्रश्न– तदत्यन्तविमोक्षोऽपवर्गः ।**

**दुःखजन्मप्रवृत्तिदोषमिथ्याज्ञानानामुत्तरोत्तरापाये तदनन्तरापायादपवर्गः ॥**

–न्यायसूत्र (अध्याय १/आह्निक १/सूत्र २२ ,२) ॥

जब दुःखको अत्यन्त विच्छेद हुन्छ, त्यसैलाई **'मुक्ति'** भनिन्छ ।

किनभने जब मिथ्या ज्ञान, अविद्या, लोभादि दोष, विषय दुष्ट-व्यसनहरूमा प्रवृत्ति, जन्म र दुःखको उत्तर-उत्तरहरू छुट्नाले पूर्व-पूर्वको निवृत्ति हुनाले नै **'मोक्ष'** हो, जुन चाहिं सदा बनिरहन्छ ।

**उत्तर–** यो आवश्यक छैन कि अत्यन्त शब्द अत्यन्ताभावको नै नाम होओस् । जसरी **'अत्यन्तं दुःखमत्यन्तं सुखं चास्य वर्त्तते'** धेरै दुःख र धेरै सुख यस मनुष्यलाई छ । यसबाट विदित हुन्छ कि यसलाई धेरै दुःख वा सुख छ । यसै प्रकारले यहाँ पनि 'अत्यन्त' शब्दको अर्थ जान्नुपर्दछ ।

**प्रश्न–** यदि मुक्तिबाट पनि जीव फेरि आउँछ भने त त्यो कति समयसम्म मुक्तिमा रहन्छ ?

**उत्तर– ते ब्रह्मलोके ह परान्तकाले परामृतात् परिमुच्यन्ति सर्वे ।**

–तुलना [तै.आ. (प्रपा.१०/अनु.३/ऋचा २२); मुण्डकोपनिषद् (मु.३/ख.२/मं.६)] ॥

ती मुक्त जीव मुक्तिमा प्राप्त भएर ब्रह्ममा आनन्दलाई तबसम्म भोगेर पुनः महाकल्पको पश्चात् मुक्ति-सुखलाई छोडेर संसारमा आउँछन् ।

यसको संख्या यो हो कि– त्रिचालीस लाख बीस हजार वर्षहरूको एक 'चतुर्युगी', दुई हजार चतुर्युगीहरूको एक 'अहोरात्र', यस्ता तीस अहोरात्रको एक 'महिना', यस्तै बाह्र महिनाको एक 'वर्ष', यस्तै शत-वर्षहरूको **'परान्तकाल'** हुन्छ । यसलाई गणितको रीतिबाट यथावत् सम्झनुहोस् । यति समय मुक्तिमा **सुख** भोग्नको लागि हो ।

**प्रश्न–** सबै संसार र ग्रन्थकारहरूको यही मत छ कि जसबाट पुनः जन्म-मरणमा कहिल्यै नआओस् ।

**उत्तर–** यस्तो कुरो कहिल्यै हुन सक्दैन । किनभने प्रथम त जीवको सामर्थ्य, शरीरादि पदार्थ र साधन परिमित छन्, पुनः त्यसको फल अनन्त कसरी हुन सक्दछ ? अनन्त आनन्दलाई भोग्ने असीम सामर्थ्य, कर्म र साधन जीवमा छैन, यसैले अनन्त सुख भोग्न सक्दैन । जसका साधन अनित्य छन्, तिनीहरूका फल नित्य कहिल्यै हुन सक्दैनन् । यदि मुक्तिबाट कोही पनि जीव फर्केर आएनन् भने त संसारको 'उच्छेद' अर्थात् जीव निश्शेष हुनुपर्ने हो ।

**प्रश्न–** जति जीव मुक्त हुन्छन्, ईश्वरले त्यति नै नयाँ उत्पन्न गरेर संसारमा राखिदिन्छ, यसैले निश्शेष हुँदैनन् ।

**उत्तर–** यदि यस्तो भएमा त जीव अनित्य हुन जानेछ । किनभने जसको उत्पत्ति हुन्छ, त्यसको नाश अवश्य हुन्छ । फेरि तिम्रो मतानुसार मुक्ति पाएर पनि विनष्ट हुन जानेछन् । मुक्ति अनित्य हुन गयो । साथै मुक्तिको स्थानमा थुप्रै भीडभ्भाड हुने भयो । किनभने त्यहाँ आगम अधिक र व्यय केही पनि नहुनाले बढोत्तरीको पारावार रहनेछैन ।

र दुःखको अनुभवको बिना सुख केही पनि हुनसक्ने छैन । जस्तै कटु भएन भने त मधुर कहाँ ? जहाँ मधुर भएन भने त कटु केलाई भन्ने ? किनभने एक स्वादको एक रसको विरुद्ध हुनाले दुइटैको परीक्षा हुन्छ । जस्तै कुनै मनुष्यले मीठो मधुर नै खाँदै-पिउँदै गएमा, त्यसलाई त्यस्तो सुख हुँदैन, जस्तो सबै प्रकारका रसहरू भोग्नेवालालाई हुन्छ ।

यदि ईश्वरले अन्तवाला कर्महरूको अनन्त फल दियो भने त, उसको न्याय नष्ट हुन जान्छ । त्यस कारण जसले जति भार उठाउन सक्दछ, त्यति नै उसलाई बोकाउन बुद्धिमानीहरूको काम हो । जसरी एक मन भारी उठाउन सक्नेको टाउकामाथि दस मनको भारी बोकाइदियो भने त त्यो बोकाइदिनेवालाको निन्दा हुन्छ, त्यसरी नै अल्पज्ञ अल्प-सामर्थ्यवाले जीवमाथि अनन्त सुखको भारी बोकाउनु, ईश्वरको लागि ठीक होइन ।

यदि परमेश्वरले नयाँ जीव उत्पन्न गर्दछ भने त जुन कारणले उत्पन्न हुन्छन्, त्यो चुक्न जानेछ । किनभने चाहे जतिसुकै नै ठूलो धनकोश होस्, परन्तु जसमा व्ययमात्रै छ आय छैन भने त कहिले न कहिले यो टाट पल्टिन जाने छ । त्यसैले यही व्यवस्था ठीक छ कि मुक्तिमा जानु, वहाँबाट आउनु नै राम्रो हो । के थोरै कारागार भन्दा **'जन्म कैद'** वा **'कालापानी'** अथवा **'फांसी'** लाई कसैले राम्रो मान्ला र ? जब वहाँदेखि

आउनु नै छैन भने त **'जन्म-कारागार'** भन्दा यति नै अन्तर भयो कि वहाँ मजदुरी गर्न पर्दैन, र ब्रह्ममा लय हुनु समुद्रमा डुबेर मर्नु हो ।

**प्रश्न**– जसरी परमेश्वर नित्यमुक्त, पूर्ण-सुखी छ, त्यसरी नै जीव पनि नित्यमुक्त र सुखी रह्यो भने त कुनै पनि दोष आउने छैन ।

**उत्तर**– परमेश्वर अनन्त स्वरूप, सामर्थ्य, गुण, कर्म, स्वभाववाला छ, यसैले ऊ कहिल्यै पनि अविद्या र दुःख बन्धनमा गिर्न सक्दैन । जीव मुक्त भएर पनि शुद्धस्वरूप, अल्पज्ञ र परिमित गुण-कर्म-स्वभाववाला रहन्छ, परमेश्वरको सदृश कहिल्यै हुन सक्दैन ।

**प्रश्न**– जब यस्तो हो भने त; मुक्ति पनि जन्म-मरणको सदृश भयो । यसको लागि परिश्रम गर्नु व्यर्थ छ ।

**उत्तर**– मुक्ति, जन्म-मरणको सदृश होइन । किनभने जबसम्म ३६,००० (छत्तीस हजार) पटक उत्पत्ति र प्रलयको जति समय हुन्छ, त्यति नै समय पर्यन्त मुक्तिको आनन्दमा रहनु, दुःख नहुनु, के सानो कुरा हो त ? जब आज खान्छौ-पिउँछौ, भोलि फेरि भोक लाग्नेवाला छ, पुनः यसको उपाय किन गर्दछौ ? जब क्षुधा, तृषा, क्षुद्र धन, राज्य, प्रतिष्ठा, स्त्री, सन्तान आदिको लागि उपाय गर्नु आवश्यक छ भने त, मुक्तिको लागि किन नगर्ने ? जसरी मर्न अवश्य पर्नेछ, तापनि जीवनको उपाय गर्ने गरिन्छ, त्यसरी नै मुक्तिबाट फर्केर जन्ममा आउनुनै छ, तथापि यसको उपाय गर्न अत्यावश्यक छ ?

**प्रश्न**– मुक्तिका के-के साधन छन् ?

**उत्तर**– केही साधन त प्रथममै लेखेर आएको छु परन्तु विशेष उपाय यिनीहरू हुन्– जसले मुक्ति चाहन्छ त्यो **'जीवनमुक्त'** अर्थात् जुन मिथ्याभाषणादि पाप-कर्महरूको फल दुःख हो, त्यसलाई छोडेर सुखरूप फललाई दिनेवाला सत्यभाषणादि धर्माचरण अवश्य गरोस् । जो-कसैले दुःखलाई छोड्न र सुखलाई प्राप्त गर्न चाहन्छ, त्यसले अधर्मलाई छोडेर धर्म अवश्य गर्नु । किनभने दुःखको पापाचरण र सुखको धर्माचरण मूल कारण हो ।

**प्रथम साधन**– सत्पुरुषहरूको सङ्गले **'विवेक'** अर्थात् सत्याऽसत्य, धर्माऽधर्म, कर्त्तव्याऽकर्त्तव्यको निश्चय अवश्य गरोस्, पृथक्-पृथक् जानोस् र **'शरीर'** अर्थात् जीव पञ्चकोशहरूको विवेचन गरोस् । **एक 'अन्नमय'** जुन त्वचादेखि लिएर अस्थिपर्यन्तको समुदाय पृथ्वीमय छ । **दोस्रो– 'प्राणमय'** जसमा **'प्राण'** अर्थात् जुन भित्रबाट बाहिर जान्छ, **'अपान'** जुन बाहिरबाट भित्र आउँछ, **'समान'** जुन नाभिस्थ हुँदै सर्वत्र शरीरमा रस पुऱ्याउँछ, **'उदान'** जसबाट कण्ठस्थ अन्न-पान खिचिएर आउँछ र बल-पराक्र हुन्छ, **'व्यान'** जसबाट सबै शरीरमा चेष्टा आदि कर्म जीवले गर्दछ । **तेस्रो– 'मनोमय'** जसमा मनको साथ अहङ्कार, वाक्, पाद, पाणि, पायु र उपस्थ गरेर पाँच कर्म इन्द्रियहरू हुन् । **चौथो– 'विज्ञानमय'** जसमा बुद्धि, चित्त, श्रोत्र, त्वचा, नेत्र, जिह्वा र नासिका यी पाँच ज्ञानेन्द्रियहरू, जसबाट जीवले ज्ञानादि व्यवहार गर्दछ । **पाँचौं– 'आनन्दमयकोश'** जसमा प्रीति-प्रसन्नता, न्यून आनन्द, अधिकानन्द, आनन्द र साधारण कारणरूप प्रकृति हो । यिनैलाई **'पाँच कोष'** भनिन्छ । यिनैदेखि जीवले सबै प्रकारको कर्म, उपासना र ज्ञानादि व्यवहारहरू गर्दछ । **तीन अवस्था छन्**– पहिलो **'जागृत'** दोस्रो **'स्वप्न'** र तेस्रो **'सुषुप्ति'** अवस्था भनिन्छ । **तीन शरीर छन्**– पहिलो **'स्थूल'** जुन यो देखिन्छ । दोस्रो– **पाँच प्राण, पाँच ज्ञानेन्द्रिय, पाँच सूक्ष्म-भूत** र **मन** तथा **बुद्धि** यिनै सत्र तत्त्वको समुदायलाई **'सूक्ष्मशरीर'** भनिन्छ । यही सूक्ष्म शरीर जन्ममरणादिमा पनि जीवको साथमा रहन्छ । यसका **दुई भेद** छन्– पहिलो **'भौतिक'** अर्थात् जुन सूक्ष्म-भूतहरूको अंशले बनेको छ । दोस्रो **'स्वाभाविक'** जुन जीवको स्वाभाविक गुण रूप हो । यो दोस्रो **'अभौतिक'** शरीर मुक्तिमा पनि रहन्छ । यसैबाट जीवले मुक्तिमा सुखलाई भोग्दछ । **तेस्रो कारण**– जसमा **'सुषुप्ति'** अर्थात् गाढा निद्रा हुन्छ, त्यो प्रकृतिरूप हुनाले सर्वत्र विभु र सबै जीवहरूको लागि एक हो । **चौथो 'तुरीय'** शरीर त्यसलाई भनिन्छ– जसमा समाधिबाट परमात्माको आनन्दरूपमा मग्न जीव हुन्छन् । यसै समाधि संस्कारजन्य शुद्ध शरीरको पराक्रम मुक्तिमा पनि यथावत् सहायक रहन्छ । यी सबै कोष, अवस्थाहरूदेखि जीव पृथक् छ । किनभने जब मृत्यु हुन्छ, तब कोहीले भन्दछन् कि जीव निक्लेर गयो । किनभने यही जीव सबैको प्रेरक, सबैको धर्ता, साक्षी, कर्ता, भोक्ताको नामले चिनिन्छ । यदि कसैले भन्दछ कि जीव कर्ता-भोक्ता होइन, तब त्यसलाई जान्नु कि त्यो अज्ञानी, अविवेकी हो । किनभने बिना जीवको यी जति पनि सबै जड पदार्थहरू छन्, यिनीहरूलाई सुख-दुःखको भोग वा पाप-पुण्य-कर्तृत्व कहिल्यै हुन सक्दैन । हो, यिनको सम्बन्धले गर्दा जीव पाप-पुण्यहरूको कर्ता र सुख-दुःखको भोक्ता हुन्छ । जब इन्द्रियहरू अर्थहरूमा, मन इन्द्रियहरूमा र आत्मा मनको साथ संयुक्त भएर प्राणलाई प्रेरणा गरेर राम्रा-नराम्रा कर्महरूमा लगाउँछ, तब नै त्यो बहिर्मुख हुन जान्छ । त्यसै वेला भित्रबाट आनन्द, उत्साह, निर्भयता र नराम्रा कर्महरूमा, भय, शङ्का, लज्जा उत्पन्न हुन्छ, त्यो अन्तर्यामी परमात्माको

शिक्षा हो । जो-कसैले यस शिक्षाको अनुकूल वर्त्तन्छ, त्यो मुक्तिजन्य सुखलाई प्राप्त हुन्छ, र जो विपरीत वर्त्तन्छ, त्यो बन्धजन्य दुःख भोग्दछ ।

**दोस्रो साधन– 'वैराग्य'** अर्थात् जसले विवेकद्वारा सत्याऽसत्यलाई जानेको छ, त्यसबाट सत्याचरणको ग्रहण र असत्याचरणको त्याग गर्नु, विवेक यो हो– जुन पृथ्वीदेखि लिएर परमेश्वर-पर्यन्त पदार्थहरूको गुण, कर्म, स्वभावले जानेर– त्यसको आज्ञा-पालन र उपासनामा तत्पर हुनु, त्यसदेखि विरुद्ध नचल्नु, सृष्टिबाट उपकार लिनु विवेक भनिन्छ ।

तत्पश्चात् **तेस्रो साधन– 'षट्क सम्पत्ति'** अर्थात् छः प्रकारको कर्म गर्नु । एक– **'शम'** जसबाट आफ्नो आत्मा र अन्तःकरणलाई अधर्माचरणदेखि हटाएर, धर्माचरणमा सदा प्रवृत्त राख्नु । दोस्रो– **'दम'** जसबाट श्रोत्रादि इन्द्रियहरू र शरीरको व्यभिचारादि नराम्रा कर्मदेखि हटाएर, जितेन्द्रियत्वादी शुभ कर्महरूमा प्रवृत्त राख्नु । तेस्रो– **'उपरति'** जसबाट दुष्टकर्म गर्ने पुरुषहरूदेखि सदा टाढा रहनु । चौथो– **'तितिक्षा'** चाहे निन्दा, स्तुति, हानि, लाभ कति नै किन नहोस्, परन्तु हर्ष-शोकलाई छोडेर मुक्ति-साधनहरूमा सदा लागिरहनु । पाँचौं– **'श्रद्धा'** जुन वेदादि सत्य शास्त्र र यिनको बोधले पूर्ण आप्त विद्वान् सत्योपदेष्टा महाशयहरूको वचनमा विश्वास गर्नु । छैटौं– **'समाधान'** चित्तको एकाग्रता; यी छः मिलेर एक साधन तेस्रो भनिन्छ ।

चौथो– **'मुमुक्षुत्व'** अर्थात् जसरी क्षुधा-तृषातुरलाई सिवाय अन्न-जलको दोस्रो केही पनि राम्रो लाग्दैन, त्यसरी नै बिना मुक्तिको साधन र मुक्ति बाहेक, दोस्रामा प्रीति नहुनु; यी चार साधन र चार **'अनुबन्ध'** अर्थात् साधनहरूको पश्चात् यी कर्म गर्नुपर्ने हुन्छ– यिनीहरूमा जुन पुरुष यी चार साधनले युक्त हुन्छ, त्यही नै मोक्षको **'अधिकारी'** हुन्छ । दोस्रो– **'सम्बन्ध'** ब्रह्मको प्राप्तिरूप मुक्ति प्रतिपाद्य र वेदादि-शास्त्र-प्रतिपादकलाई यथावत् बुझेर अन्वित गर्नु । तेस्रो– **'विषयी'** सबै शास्त्रहरूको प्रतिपादन-विषय ब्रह्म उसको प्राप्तिरूप विषयवाला पुरुषको नाम विषयी हो । चौथो– **'प्रयोजन'** सबै दुःखहरूको निवृत्ति र परमानन्दलाई प्राप्त गरेर मुक्ति-सुखको हुनु, यी चारलाई **'अनुबन्ध'** भन्दछन् ।

## तदनन्तर **'श्रवणचतुष्टय'** (९.३)

एक– **'श्रवण'** जब कुनै विद्वान्ले उपदेश गर्दछ तब शान्त, ध्यान दिएर सुन्नु, विशेष गरेर ब्रह्मविद्यालाई सुन्दाखेरि अत्यन्त ध्यान दिनुपर्दछ, किनभने यो सबै विद्याहरूमा सूक्ष्म विद्या हो । सुनेर दोस्रो– **'मनन'** एकान्त देश (ठाउँ) मा बसेर सुनेको कुरालाई विचार गर्नु, जुन कुरामा शङ्का उठ्दछ पुनः सोध्नु र सुन्दाखेरि पनि वक्ता र श्रोताले उचित सम्झन्छन् भने त सोध्नु र समाधान गर्नु । तेस्रो– **'निदिध्यासन'** जब सुनेर र मनन गरेर निःसन्देह हुन्छ तब **'समाधिस्थ'** भएर त्यस कुरालाई ध्यान योगबाट हेर्नु-बुझ्नु कि त्यो जस्तो सुनिएको थियो, विचार गर्दा त्यस्तै छ कि छैन । चौथो- **'साक्षात्कार'** अर्थात् जस्तो पदार्थको स्वरूप, गुण र स्वभाव हुन्छ, त्यस्तै यथातथ्य जानिलिनुलाई,– **'श्रवणचतुष्टय'** भन्दछन् ।

सदा तमोगुण अर्थात् क्रोध, मलिनता, आलस्य, प्रमाद आदि; रजोगुण अर्थात् ईर्ष्या, द्वेष, काम, अभिमान, विक्षेप आदि दोषहरूदेखि अलग भएर सत्त्व अर्थात् शान्त प्रकृति, पवित्रता, विद्या, विचार आदि गुणहरूलाई धारण गरोस् । (मैत्री) सुखी जनहरूमा मित्रता, (करुणा) दुःखी जनहरूमाथि दया, (मुदिता) पुण्यात्माहरूदेखि हर्षित हुनु, (उपेक्षा) दुष्टात्माहरूसँग न त प्रीति न त वैर गर्नु ।

नित्यप्रति न्यून भन्दा न्यून दुई घण्टा-पर्यन्त मुमुक्षु ध्यान अवश्य गरोस्, जसबाट भित्रका मन आदि पदार्थ साक्षात् हुन सकून् । हेर ! आफ्ना चेतनस्वरूप छन्, यसैबाट ज्ञानस्वरूप र मनको साक्षी हुन्छ । किनभने जब मन शान्त, चञ्चल, आनन्दित वा विषादयुक्त हुन्छ, त्यसलाई यथावत् देखिन्छ । त्यसरी नै इन्द्रियहरू-प्राण आदिको ज्ञाता, पूर्वदृष्टको स्मरणकर्ता र एक कालमा अनेक पदार्थहरूको वेत्ता, धारणाकर्षणकर्ता र सबै भन्दा पृथक् छ । यदि पृथक् हुन्थेन भने त स्वतन्त्र, कर्ता, यिनका प्रेरक, अधिष्ठाता, कहिल्यै हुन सक्थेन ।

**अविद्याऽस्मितारागद्वेषाभिनिवेशाः पञ्च क्लेशाः ।** –योगशास्त्र (पाद २/सूत्र ३) ॥

यी मध्येमा **'अविद्या'** को स्वरूप भनियो । पृथक् वर्तमान बुद्धिलाई आत्मादेखि भिन्न नसम्झनु **'अस्मिता'** हो । सुखमा प्रीति **'राग'** । दुःखमा अप्रीति **'द्वेष'** र सबै प्राणीमात्रलाई यो इच्छा सदैव रहन्छ कि "म सदा शरीरस्थ रहूँ, नमरूँ" मृत्यु दुःखदेखि त्रासलाई **'अभिनेवेश'** भन्दछन् । यी पाँचै क्लेशहरूलाई योगाभ्यास, विज्ञानले छुटाइदिएपछि ब्रह्मलाई प्राप्त गरेर, मुक्तिको परमानन्दलाई भोग्नुपर्दछ ।

**प्रश्न**– जस्तो मुक्ति तपाईंले मान्नुहुन्छ, त्यस्तो अन्य कसैले मान्दैन । हेर ! जैनीहरू मोक्षशिला र शिवपुरमा गएर चुपचाप बसिरहनु; ईशाई चौथो आकाश, जसमा विवाह लडाईं बाजा-गाजा वस्त्रादि धारणबाट आनन्द भोग्नु; त्यसरी नै मुसलमान सातौं आकाश; वाममार्गी श्रीपुर; शैवमार्गी कैलाश; विष्णुमार्गी

वैकुण्ठ र गोकुलीय गोसाई गोलोक आदिमा गएर उत्तम स्त्री, अन्न, पान, वस्त्र, स्थान आदिलाई प्राप्त गरेर आनन्दमा रहनको लागि **मुक्ति** मान्दछन् । पौराणिकहरू **(सालोक्य)** ईश्वरको लोकमा निवास, **(सानुज्य)** सानो भाइकै सदृश ईश्वरको साथमा रहनु, (सारूप्य) जस्तो उपासनीय देवको आकृति छ, त्यस्तै बन्नु, **(सामीप्य)** सेवकको समान ईश्वरको समीपमा रहनु, **(सायुज्य)** ईश्वरसँग संयुक्त हुन जानु; **यी चार प्रकारको मुक्ति मान्दछन् ।**

वेदान्तीहरू **ब्रह्ममा** लय हुनुलाई **मोक्ष** मान्दछन् ।

**उत्तर**– जैनी (१२) बाह्रौं, ईसाई (१३) तेह्रौं र (१४) चौधौं समुल्लासमा मुसलमानहरूको मुक्ति आदि विषय विशेष गरेर लेखिनेछ । जुन वाममार्गी श्रीपुरमा गएर लक्ष्मीकै सदृश स्त्रीहरू, मद्य-मांसादि खानु-पिउनु, रङ्ग-राग भोग गर्नुलाई मान्दछन्, त्यो यहाँको भन्दा केही विशेष भएन, त्यसरी नै महादेव र विष्णुको सदृश आकृतिवाला पार्वती र लक्ष्मीकै सदृश स्त्रीयुक्त भएर आनन्द भोग्नु, यहाँका धनाढ्य राजाहरू भन्दा अधिक, यति नै लेखिन्छ कि **"वहाँ रोग नहोला र युवावस्था रहला",** यो तिनीहरूको कुरो मिथ्या हो । किनभने जहाँ भोग, वहाँ रोग, जहाँ रोग वहाँ वृद्धावस्था अवश्य हुन्छ । साथै पौराणिकहरूसँग सोध्नुपर्दछ कि जस्तो तिम्रो चार प्रकारको मुक्ति छ, त्यस्तो त कृमि-कीट-पतङ्ग-पश्वादिलाई पनि स्वतःसिद्ध प्राप्त छ, किनभने यी जति लोक छन् ती सबै ईश्वरका हुन्, यिनैमा सबै जीवहरू रहन्छन्, यसैले **'सालोक्य'** मुक्ति अनायास नै प्राप्त छ । **सामीप्य**– ईश्वर सर्वत्र व्याप्त हुनाले सबै उसका समीपमा छन्, यसैले **'सामीप्य'** मुक्ति स्वतःसिद्ध छ । जीव ईश्वर भन्दा सबै प्रकारले सानो र चेतन हुनाले स्वतः बन्धुवत् छ, यसैले **'सानुज्य'** मुक्ति पनि बिना प्रयत्नले सिद्ध छ । र सबै जीव सर्वव्यापक परमात्मामा व्याप्य हुनाले संयुक्त छन्, यसबाट 'सायुज्य' मुक्ति पनि स्वतःसिद्ध छ । फेरि अन्य साधारण नास्तिकहरू मर्नाले तत्त्वहरूमा तत्त्व मिलेर मुक्ति मान्दछन्, त्यो त कुकुर, गधा आदिलाई पनि प्राप्त छ ।

यी मुक्तिहरू होइनन् किन्तु एक प्रकारको बन्धन हो । किनभने तिनीहरू शिवपुर, मोक्षशिला, चौथो आकाश, सातौं आकाश, श्रीपुर, कैलाश, वैकुण्ठ, गोलोकलाई एकदेशमा स्थान-विशेष मान्दछन् । यदि तिनीहरू ती स्थानदेखि पृथक् भएमा त मुक्ति छुट्नेछ । त्यसैले जसरी १२ ढुङ्गाको भित्र दृष्टिबन्ध हुन्छ, त्यसकै समान बन्धनमा हुन्छन् । मुक्ति त त्यो हो कि जहाँ इच्छा हुन्छ त्यहाँ विचरोस्, कहीं पनि नअड्कियोस् । न भय, न शङ्का, न दुःख हुन्छ । जुन जन्म हो त्यो **'उत्पत्ति'** र मर्नु **'प्रलय'** भनिएको छ । समयमा जन्म लिन्छन् ।

**प्रश्न**– जन्म एक हो कि अनेक ?

**उत्तर**– अनेक ।

**प्रश्न**– यदि अनेक हो भने त पूर्व जन्म र मृत्युको कुराको किन स्मरण हुँदैन ?

**उत्तर**– जीव अल्पज्ञ हो, त्रिकालदर्शी होइन, त्यसैले स्मरण रहँदैन । फेरि जुन मनले ज्ञान गर्दछ, त्यसले पनि एक समयमा दुइटा ज्ञान गर्न सक्दैन । पूर्व जन्मको कुरा त टाढा रहनदिनुहोस्, यसै देहमा जब गर्भमा जीव थियो, शरीर बन्यो, पश्चात् जन्मियो, पाँचौं वर्षदेखि पूर्वसम्मको जे-जे कुरा भए, तिनलाई स्मरण किन गर्न सक्दैन ? र जागृत वा स्वप्नमा थुप्रै व्यवहार प्रत्यक्ष गरेर जब 'सुषुप्ति' अर्थात् गाढा निद्रा हुन्छ, तब जागृतादि व्यवहारहरूलाई किन समरण गर्न सक्दैन ? र तिमीसँग कसैले सोधोस् कि बाह्र वर्षको पूर्व तेह्रौं वर्षको पाँचौं महिनाको नवौं दिनको दश बजेर एक मिनट जाँदा तिमीले के गरेका थियौ ? तिम्रो मुख, हात, कान कतापट्टि फर्केका थिए ? र मनमा के विचार थियो ? जब यसै शरीरमा यस्तो हाल छ भने त पूर्व-जन्मको कुराको स्मरणमा शङ्का गर्नु केवल लडकपनको कुरा हुन्छ । **साथै जुन स्मरण हुँदैन यसै कारणले नै जीव सुखी छ**, नत्र भने त सबै जन्मको दुःखहरूलाई हेर्दाहेर्दै दुःखी भएर मर्ने थियो । यदि कसैले पूर्व र पछिको जन्मको वर्तमानलाई जान्न चाहेमा पनि जान्न सक्दैन, किनभने **जीवको ज्ञान र स्वरूप अल्प छ** । यो कुरो ईश्वरको लागि जान्न योग्य हो, जीवको लागि होइन ।

**प्रश्न**– जब जीवलाई पूर्वको ज्ञान हुँदैन र ईश्वरले त्यसलाई दण्ड दिन्छ भने त जीवको सुधार हुन सक्दैन । किनभने जब तिनीहरूको पापकर्महरूलाई जनाएर दण्ड देओस् अर्थात् तिनलाई ज्ञान होस् कि हामीले अमुक काम गरेका थियौं, त्यसैको यो फल हो, तब नै जीवले ती नराम्रा कामहरूदेखि बच्न सक्दछ ?

**उत्तर**– तिमीले **ज्ञान कति प्रकारको** मान्दछौ ?

**वादी प्रश्न**– प्रत्यक्षादि प्रमाणहरूबाट **आठ प्रकारको** ।

**प्रतिवादी (उत्तर)–** त्यसो भए तिमीले जन्मेदेखि लिएर समय-समयमा राज, धन, बुद्धि, विद्या, दारिद्र्य, निर्बुद्धि, मूर्खता आदि सुख-दुःख संसारमा देखेर पूर्व-जन्मको ज्ञान किन गर्दैनौ ? जस्तै एक वैद्य र

एक अवैद्यलाई कुनै रोग लाग्यो, त्यसको निदान अर्थात् कारण वैद्यले जान्दछ तर अविद्वान्ले जान्न सक्दैन । उसले वैद्यकविद्या पढेको छ तर दोस्राले पढेको छैन । परन्तु ज्वरोखरो हुँदा अवैद्यले पनि यति त जान्न सक्दछ कि मलाई कुनै कुपथ्य भएको छ, जसले गर्दा ज्वरो आएको छ । त्यसरी नै जगत्मा विचित्र सुख-दु:ख आदिको घट्दो-बढ्दोलाई देखेर पूर्वजन्मको अनुमान किन लगाउन सक्दैनौ ? यदि पूर्व जन्मलाई मान्दैनौ भने त परमेश्वर पक्षपाती हुन जान्छ । किनभने बिना पापको दारिद्रचादि दु:ख र बिना पूर्वसञ्चित पुण्यको राज्य, धनाढचता र बुद्धि त्यसलाई किन दियो ? र पूर्वजन्मको पाप-पुण्यको अनुसार दु:ख-सुखलाई दिनाले परमेश्वर न्यायकारी यथावत् रहन्छ ।

**प्रश्न**– एक जन्म हुनाले पनि परमेश्वर न्यायकारी हुन सक्दछ । जस्तै सर्वोपरि राजाले जे गर्दछ त्यो न्याय । जसरी मालीले आफ्नो उपवनमा साना र ठूला वृक्ष लगाउँछ, कुनैलाई काट्छ, उखेल्छ र कसैलाई रक्षा गरेर बढाउँछ । जसको जुन वस्तु हो, उसले त्यसलाई चाहे जसरी राखोस् । उसमाथि कोही पनि दोस्रो न्याय गर्नेवाला हुँदैन, जसले उसलाई दण्ड दिन सकोस्, ईश्वर वा अरू कसैसँग डराओस् ।

**उत्तर**– परमात्मा जसको लागि न्याय चाहन्छ गर्दछ, अन्याय कहिल्यै गर्दैन, यसैले ऊ पूजनीय र ठूलो छ । **जसले न्यायविरुद्ध गर्दछ, त्यो ईश्वर हुन सक्दैन ।** जसरी माली युक्तिको बिना सडकमा अथवा अस्थानमा वृक्ष लगाउने, न काट्न योग्यलाई काट्ने, अयोग्यलाई बढाउने, योग्यलाई नबढाउनाले दूषित हुन्छ, यसै प्रकार बिना कारणको गर्नाले ईश्वरलाई दोष लाग्दछ । परमेश्वरको माथि न्याययुक्त काम गर्नु अवश्य पर्दछ, किनभने ऊ स्वभावदेखि नै पवित्र र न्यायकारी छ । यदि उन्मत्तले काम गर्दछ भने त जगत्को श्रेष्ठ न्यायाधीश भन्दा पनि न्यून र अप्रतिष्ठित हुन जान्छ । के यस जगत्मा बिना योग्यताको उत्तम काम गर्नेलाई प्रतिष्ठा र दुष्ट काम गर्नेलाई बिना दण्ड दिनेवाला निन्दनीय र अप्रतिष्ठित हुँदैन ? यसैले ईश्वर अन्याय गर्दैन र ऊ कसैसँग डराउँदैन ।

**प्रश्न**– परमात्माले प्रथमदेखि नै जसको लागि जति दिनु छ, त्यो विचारेको छ, त्यति नै दिन्छ र जति थोरै गर्नु छ, त्यति नै घटाउँछ ।

**उत्तर**– उसको विचार जीवहरूको कर्मानुसार हुन्छ, अन्यथा होइन । यदि अन्यथा भयो भने त, त्यही अपराधी अन्यायकारी हुन्छ ।

**प्रश्न**– ठूला-सानाको एकैखालेजस्तो सुख-दु:ख हुन्छ । ठूलालाई ठूलै चिन्ता र सानालाई सानै चिन्ता । जस्तै– कुनै साहूकारको विवाद राजघरानामा लाख रुपैयाँको छ, ऊ आफ्नो घरबाट पालकीमा बसेर कचहरीमा उष्णकालमा जान्छ । बजारमा जाँदै गरेको देखेर अज्ञानीहरूले भन्दछन् कि– "हेर पूर्व जन्मको पाप र पुण्यको प्रत्यक्ष फल यही हो कि एउटा पालकीमा आनन्दले बसेको छ, र अर्का चाहिं बिना जुत्ताको तल-माथिबाट तपायमान हुँदै पालकीलाई बोकेर लैजाँदैछन् ।" परन्तु बुद्धिमानीहरू यसमा यस्तो जान्दछन् कि जति-जति कचहरी निकट आउँछ, त्यति-त्यति साहूकारलाई ठूलो शोक र सन्देह बढ्दै जान्छ, र डोलेहरूलाई आनन्द हुँदै जान्छ । जब कचहरीमा पुग्दछन् तब सेठजीले यता-उता जाने विचार गर्दछ कि प्राड्विवाक् (=वकिल) कहाँ जाऊँ या इष्टमित्रकहाँ । आज हार्छु कि जित्छु, के होला ? र डोलेहरू तमाखू बनाउँदै खान्छन् र प्रसन्न हुँदै आनन्दमा सुत्दछन् । यदि साहूले जितेमा त केही सुख र हारेमा त सेठजी दु:खसागरमा डुब्नेछन्, डोलेहरू त जस्ताका तस्तै रहन्छन् । यसै प्रकार जब राजा सुन्दर कोमल बिछौनामा सुते पनि निद्रा आउँदैन र मजदुर गिट्टी, ढुङ्गा, बालुवा र माटोमा सुत्दछ, त्यसलाई उत्तिखेरै निद्रा लाग्दछ, यस्तै सर्वत्र जान्नु ।

**उत्तर**– यस्तो बुझाइ अज्ञानीहरूको हो । के कुनै साहूकारलाई भन्ने कि तँ डोले बन् र डोलेहरूलाई भन्ने कि तिमीहरू साहूकार बन, साहूकार कहिल्यै डोले बन्दैन र डोलेहरू साहूकार बन्न चाहन्छन् । यदि सुख-दु:ख बराबर हुन्थ्यो भने त आफ्नो-आफ्नो अवस्था छोडेर तल्लो र उपल्लो दुइटैले बन्न चाहँदैनन् । हेर ! एक जीव विद्वान्, पुण्यात्मा, श्रीमान् राजाकी रानीको गर्भमा आउँछ र दोस्रो महादरिद्रकी स्त्रीको गर्भमा आउँछ । एउटालाई गर्भदेखि लिएर सर्वथा सुख र अर्कोलाई सबै प्रकारको दु:ख मिल्दछ । एउटा जब जन्मन्छ, तब सुन्दर सुगन्धियुक्त जलादिले स्नान, युक्तिले नाडी-छेदन, दुग्धपानादि यथायोग्य प्राप्त हुन्छ । जब उसले दूध पिउन चाहन्छ, तब उसलाई मिश्री आदि मिलाएर यथेष्ट मिल्दछ । त्यसलाई प्रसन्न राख्नको लागि नोकर-चाकर, खेलौना, सवारी, उत्तम स्थानहरूमा माया-प्रेम र अधिक आनन्द मिल्दछ । अर्काको जन्म वनमा हुन्छ, स्नानको लागि जल पनि पाउँदैन, भोक लागेको वेलामा दूध त जहाँसुकै जाओस् उल्टो थप्पड अथवा मुड्की पाउँछ । अत्यन्त आर्तस्वरले रुन्छ, कसैले सोध्दैनन्, इत्यादि जीवहरूलाई बिना पुण्य-पापको सुख-दु:ख हुनाले परमेश्वरमाथि दोष आउँछ ।

दोस्रो जसरी बिना कर्म नगरिकनै सुख-दुःख मिल्दछ भने त अगाडि स्वर्ग-नरक पनि नहुनुपर्ने । किनभने जसरी परमेश्वरले यस समयमा बिना कर्महरूको सुख-दुःख दिएको छ, त्यस्तै मरेपछि पनि जसलाई चाहन्छ स्वर्गमा र जसलाई चाहन्छ नरकमा पठाइदिनेछ । पुनः सबै जीवहरू अधर्मयुक्त हुन जानेछन्, धर्म किन गर्ने ? निनकि धर्मको फल मिल्नमा सन्देह छ । परमेश्वरको हातमा छ । जस्तो उसलाई प्रसन्नता हुनेछ, त्यस्तै गऱ्यो भने त पाप-कर्महरूमा भय नभएर संसारमा पापको वृद्धि र धर्मको क्षय हुन जानेछ । यसैले पूर्वजन्मको पाप-पुण्यको अनुसार-वर्तमान जन्म र वर्तमान तथा पूर्वजन्मको कर्मानुसार भविष्यत् जन्म हुन्छन् ।

**प्रश्न**– मनुष्य र अन्य पश्वादिको शरीरमा जीव एकैनास छन् कि भिन्न-भिन्न जातिको ?

**उत्तर**– जीव एकैनासका छन् । परन्तु पाप-पुण्यको योगले गर्दा मलिन र पवित्र हुन्छन् ।

**प्रश्न**– मनुष्यको जीव पश्वादिमा र पश्वादिको जीव मनुष्यको शरीरमा र स्त्रीको पुरुषमा, पुरुषको स्त्रीको शरीरमा आउने-जाने गर्दछ कि गर्दैन ?

**उत्तर**– हो, आउने-जाने गर्दछ ।

**प्रश्न**– कुन प्रकारले आउने-जाने गर्दछ ?

**उत्तर**– जब पाप बढ्दछ, पुण्य न्यून हुन्छ, तब मनुष्यको जीव पश्वादि नीच शरीर र जब धर्म अधिक तथा अधर्म न्यून हुन्छ तब 'देव' अर्थात् विद्वान्हरूको शरीर मिल्दछ र जब पाप-पुण्य बराबर हुन्छ तब साधारण मनुष्य-जन्म हुन्छ । यसमा पनि पुण्य-पापको उत्तम, मध्यम र निकृष्ट हुनाले मनुष्यादिमा पनि उत्तम, मध्यम र निकृष्ट शरीरादि सामाग्रीवाले हुन्छन्, र जब अधिक पापको फल पश्वादि शरीरमा भोग गर्दछन्, पुनः पाप-पुण्यको तुल्य रहनाले मनुष्य शरीरमा आउँछ र पुण्यको फल भोगेर फेरि पनि मध्यस्थ मनुष्यको शरीरमा आउँछ । जब शरीरबाट निक्लन्छ उसैको नाम **'मृत्यु'** र शरीरको साथ संयोग हुनाको नाम **'जन्म'** हो । जब शरीर छोड्दछ तब 'यमालय' अर्थात् आकाशस्थ वायुमा रहन्छ । किनभने **'यमेन'** [ऋग्वेद (१०/१४/८)], **'वायुना'** [अथर्ववेद (२०/१४१/२)] वेदमा लेखिएको छ कि **'यम' नाम वायुको हो,** गरुडपुराणको कल्पित यम होइन, यसको विशेष खण्डन-मण्डन एघारौं समुल्लासमा लेख्नेछु । पश्चात् 'धर्मराज' अर्थात् परमेश्वरले त्यस जीवको पाप-पुण्यानुसार जन्म दिन्छ ।

त्यो वायु, अन्न, जल अथवा शरीरको छिद्रद्वारा दोस्राको शरीरमा ईश्वरको प्रेरणाले प्रविष्ट हुन्छ । त्यो प्रविष्ट हुँदै क्रमशः वीर्यमा गएर, गर्भमा स्थित हुँदै, शरीर धारण गरेर बाहिर आउँछ । यदि स्त्रीको शरीर धारण गर्नयोग्य कर्महरू भएमा त स्त्री, र पुरुषको शरीर धारण गर्नयोग्य कर्महरू भएमा त पुरुषको शरीरमा प्रवेश गर्दछ, र नपुंसक गर्भको स्थिति समय स्त्री-पुरुषको शरीरमा सम्बन्ध गरेर अपुष्ट रज-वीर्यको बराबर हुनाले यस्तो हुन जान्छ । यसै प्रकार नाना प्रकारको जन्म-मरणमा तबसम्म जीव परिराख्दछ कि जबसम्म उत्तम कर्मोपासना-ज्ञानको आश्रय गरेर मुक्ति पाउँदैन । किनभने उत्तम कर्मादि गर्नाले मनुष्यमा उत्तम जन्म र मुक्तिमा महाकल्प पर्यन्त जन्म-मरण-दुःखहरूबाट रहित भएर आनन्दमा रहन्छ ।

**प्रश्न**– मुक्ति एक जन्ममा हुन्छ कि अनेक जन्ममा ?

**उत्तर**– अनेक जन्ममा । किनभने–

**भिद्यते हृदयग्रन्थिश्छिद्यन्ते सर्वसंशयाः । क्षीयन्ते चास्य कर्माणि तस्मिन्दृष्टे पराऽवरे ॥**

–मुण्डकोपनिषद् (मुण्डक २/खण्ड २/मन्त्र ८) ॥

जब यस जीवको हृदयको अविद्या-अज्ञानरूपी गाँठो काटिन्छ, सबै संशय छिन्न हुन्छन् र दुष्ट कर्म क्षयलाई प्राप्त हुन्छ, तबै उस परमात्मा जुन कि आफ्नो आत्माको भित्र र बाहिर व्यापीरहेको छ, उसैमा निवास गर्दछ ।

**प्रश्न**– मुक्तिमा जीव परमेश्वरमा मिल्दछ कि पृथक् रहन्छ ?

**उत्तर**– पृथक् रहन्छ । किनभने यदि मिल्यो भने त मुक्तिको सुख कसले भोग्ने र मुक्तिका जति पनि साधन छन्, ती सबै निष्फल हुन जानेछन् । यो मुक्ति त होइन, किन्तु जीवको प्रलय जान्नुपर्दछ । जब जीव परमेश्वरको आज्ञापालन, उत्तम कर्म, सत्सङ्ग, योगाभ्यास, पूर्वोक्त सबै साधन गर्दछ, उसैले मुक्ति पाउँछ ।

**सत्यं ज्ञानमनन्तं ब्रह्म यो वेद निहितं गुहायां परमे व्योमन् ।**
**सोऽश्नुते सर्वान् कामान् सह ब्रह्मणा विपश्चितेति ।**

–तैत्तिरीयोपनिषद् (ब्रह्मानन्दवल्ली/अनुवाक १) ॥

जुन जीवात्मा आफ्नो बुद्धि र आत्मामा स्थित सत्यज्ञान र अनन्त-आनन्दस्वरूप परमात्मालाई जान्दछ, त्यो उस व्यापकरूप ब्रह्ममा स्थित भएर उस **'विपश्चित्'** अनन्तविद्यायुक्त ब्रह्मको साथ सबै

कामहरूलाई प्राप्त गर्दछ । अर्थात् जुन-जुन आनन्दको कामना गर्दछ, त्यस-त्यस आनन्दलाई प्राप्त गर्दछ, यसैलाई **'मुक्ति'** भन्दछन् ।

**प्रश्न–** जसरी शरीरको बिना सांसारिक सुख भोग गर्न सक्दैन, त्यसरी मुक्तिमा बिना शरीर आनन्द कसरी भोग्न सक्दछ ?

**उत्तर–** यसको समाधान माथि नै गरेर आएको छु, यहाँ यति अधिक भन्दछु कि सुन– जसरी सांसारिक सुख शरीरको आधारले भोग्दछ, त्यसरी नै परमेश्वरको आधारले मुक्तिको आनन्दलाई जीवात्माले भोग्दछ । त्यो मुक्त जीव अनन्त व्यापक ब्रह्ममा स्वच्छन्द घुम्दै, शुद्ध ज्ञानले सबै सृष्टिलाई हेर्दै, अन्य मुक्तहरूसित मिलेर, सृष्टिविद्यालाई क्रमैदेखि हेर्दै, सबै लोक-लोकान्तरहरूमा अर्थात् जति यी लोकहरू देखिन्छन् र देखिंदैनन्, ती सबैमा घुम्दछ । त्यसले सबै पदार्थहरूलाई-जुन कि उसको ज्ञानको सामुन्ने छन्- सबैलाई हेर्दछ । जति ज्ञान अधिक हुन्छ, उसलाई त्यति नै अधिक आनन्द हुन्छ । मुक्तिमा जीवात्मा निर्मल हुनाले पूर्ण ज्ञानी भएर उसलाई सबै सन्निहित पदार्थहरूको भान यथावत् हुन्छ । यही सुखविशेष **'स्वर्ग'** र विषय-तृष्णामा फसेर दुःखविशेष भोग गर्नुलाई **'नरक'** भनिन्छ । **'स्वः'** सुखको नाम हो । **'स्वः सुखं गच्छति यस्मिन् स स्वर्गः, अतो विपरीतो दुःखभोगो नरक इति'** जुन सांसारिक सुख हो, त्यो **'सामान्य स्वर्ग'** र जुन परमेश्वरको प्राप्तिबाट आनन्द हुन्छ त्यही **'विशेष स्वर्ग'** भनिन्छ । सबै जीव स्वभावबाटै सुखप्राप्तिको इच्छा र दुःखको वियोग हुन चाहन्छन्, परन्तु जबसम्म धर्म गर्दैनन् र पाप छोड्दैनन्, तबसम्म तिनीहरूलाई सुखको मिल्नु र दुःखको छुट्नु हुनेछैन । किनभने जसको 'कारण' अर्थात् मूल हुन्छ, त्यो कहिल्यै नष्ट हुँदैन । जसरी–

**छिन्ने मूले वृक्षो नश्यति तथा पापे क्षीणे दुःखं नश्यति ।**

जसरी मूल काटिन जानाले वृक्ष नष्ट हुन्छ, त्यसरी नै पापलाई छोड्नाले दुःख नष्ट हुन्छ । हेर ! मनुस्मृतिमा पाप र पुण्यको थुप्रै प्रकारको गति–

**मानसं मनसैवायमुपभुङ्क्ते शुभाऽशुभम् । वाचा वाचा कृतं कर्म कायेनैव च कायिकम् ॥१॥**
**शरीरजैः कर्मदोषैर्याति स्थावरतां नरः । वाचिकैः पक्षिमृगतां मानसैरन्त्यजातिताम् ॥२॥**
**यो यदैषां गुणो देहे साकल्येनातिरिच्यते । स तदा तद्गुणप्रायं तं करोति शरीरिणम् ॥३॥**
**सत्त्वं ज्ञानं तमोऽज्ञानं रागद्वेषौ रजःस्मृतम् । एतद्व्याप्तिमदेतेषां सर्वभूताश्रितं वपुः ॥४॥**
**तत्र यत्प्रीतिसंयुक्तं किञ्चिदात्मनि लक्षयेत् । प्रशान्तमिव शुद्धाभं सत्त्वं तदुपधारयेत् ॥५॥**
**यत्तु दुःखसमायुक्तमप्रीतिकरमात्मनः । तद्रजोऽप्रतिघं विद्यात् सततं हारि देहिनाम् ॥६॥**
**यत्तु स्यान्मोहसंयुक्तमव्यक्तं विषयात्मकम् । अप्रतर्क्यमविज्ञेयं तमस्तदुपधारयेत् ॥७॥**
**त्रयाणामपि चैतेषां गुणानां यः फलोदयः । अग्र्यो मध्यो जघन्यश्च तं प्रवक्ष्याम्यशेषतः ॥८॥**
**वेदाभ्यासस्तपो ज्ञानं शौचमिन्द्रियनिग्रहः । धर्मक्रियात्मचिन्ता च सात्त्विकं गुणलक्षणम् ॥९॥**
**आरम्भरुचिताऽधैर्य्यमसत्कार्यपरिग्रहः । विषयोपसेवा चाजस्रं राजसं गुणलक्षणम् ॥१०॥**
**लोभः स्वप्नोऽधृतिः क्रौर्यं नास्तिक्यं भिन्नवृत्तिता । याचिष्णुता प्रमादश्च तामसं गुणलक्षणम् ॥११॥**
**यत्कर्म कृत्वा कुर्वंश्च करिष्यंश्चैव लज्जति । तज्ज्ञेयं विदुषा सर्वं तामसं गुणलक्षणम् ॥१२॥**
**येनास्मिन्कर्मणा लोके ख्यातिमिच्छति पुष्कलाम् । न च शोचत्यसम्पत्तौ तद्विज्ञेयं तु राजसम् ॥१३॥**
**यत्सर्वेणेच्छति ज्ञातुं यन्न लज्जति चाचरन् । येन तुष्यति चात्मास्य तत्सत्त्वगुणलक्षम् ॥१४॥**
**तमसो लक्षणं कामो रजसस्त्वर्थ उच्यते । सत्त्वस्य लक्षणं धर्मः श्रेष्ठ्यमेषां यथोत्तरम् ॥१५॥**

–मनुस्मृति (अध्याय १२/श्लोक ८-९, २५-३३, ३५-३८) ॥

मनुष्य यस प्रकार आफ्नो श्रेष्ठ, मध्य र निकृष्ट स्वभावलाई जानेर उत्तम स्वभावको ग्रहण; मध्य र निकृष्टको त्याग गरोस् र यो पनि निश्चय जानोस् कि जुन जीव मनले शुभ वा अशुभ कर्म गर्दछ त्यसलाई मनबाट, वाणीले गरेको वाणी र शरीरबाट गरेको शरीरबाटै सुख-दुःख भोग्दछ ॥१॥ जो नर शरीरबाट चोरी, परस्त्रीगमन, श्रेष्ठहरूलाई मार्ने आदि दुष्ट कर्म गर्दछ, त्यसलाई वृक्षादि स्थावरको जन्म, वाणीबाट गरिएको पाप कर्महरूको लागि पक्षी र मृगादि, तथा मनबाट गरिएको दुष्ट कर्महरूको लागि चाण्डाल आदिको शरीर मिल्दछ ॥२॥ जुन गुण यी जीवहरूको देहमा अधिकताले वर्त्तन्छ, त्यही गुणले उस जीवलाई आफ्नो सदृश गराउँदछ ॥३॥ जब आत्मामा ज्ञान हुन्छ तब 'सत्त्व', जब अज्ञान रहन्छ तब 'तम', र जब राग-द्वेषमा आत्मा लाग्दछ तब 'रजोगुण' जान्नुपर्दछ । यी तीन प्रकृतिका गुण सबै संसारस्थ पदार्थहरूमा व्याप्त भएर रहन्छ ॥४॥ त्यसको विवेक यस प्रकारले गर्नुपर्दछ कि जब आत्मामा प्रसन्नता, मन प्रसन्न, प्रशान्तको सदृश शुद्धभानयुक्त वर्त्तोस्, तब सम्झनु कि सत्त्वगुण प्रधान र रजोगुण तथा तमोगुण अप्रधान छन् ॥५॥ जब आत्मा र मन दुःखसंयुक्त, प्रसन्नतारहित, विषयमा यता-उता गमन-आगमनमा लाग्दछ भने, तब सम्झनु कि

रजोगुण प्रधान; सत्त्वगुण र तमोगुण अप्रधान छन् ॥६॥ जब 'मोह' अर्थात् सांसारिक पदार्थहरूमा फसेको आत्मा र मन हुन्छ, जब आत्मा र मनमा केही विवेक रहँदैन, विषयहरूमा आसक्त, तर्क-वितर्क-रहित, जान्नयोग्य हुँदैन, तब निश्चय सम्झनुपर्दछ कि यस समयमा ममा तमोगुण प्रधान र सत्त्वगुण तथा रजोगुण अप्रधान छन् ॥७॥ अब यी तीन गुणहरूको उत्तम, मध्यम र निकृष्ट फलोदय हुन्छ, त्यसलाई बताइन्छ ॥८॥ जब सत्त्वगुणको उदय हुन्छ, तब वेदहरूको अभ्यास, धर्मानुष्ठान, ज्ञानको वृद्धि, पवित्रताको इच्छा, इन्द्रियहरूको निग्रह, धर्म-क्रिया र आत्माको चिन्तन हुन्छ, यही सत्त्वगुणको लक्षण हो ॥९॥ जब रजोगुण उदय हुन्छ; सत्त्व र तमोगुणको अस्तभाव हुन्छ, तब आरम्भमा रुचिता, धैर्य त्याग, असत् कर्महरूको ग्रहण, निरन्तर विषयहरूको सेवामा प्रीति हुन्छ, तब सम्झिनु कि रजोगुण प्रधानताले ममा वर्त्तिरहेको छ ॥१०॥ जब तमोगुणको उदय हुन्छ; र दुइटैको आन्तर्भाव हुन्छ, तब अत्यन्त 'लोभ' अर्थात् सबै पापहरूको मूल बढ्दछ, अत्यन्त आलस्य र निद्रा, धैर्यको नाश, क्रूरता हुनु, 'नास्तिक्य' अर्थात् वेद र ईश्वरमा श्रद्धा नरहनु, भिन्न-भिन्न अन्तःकरणको वृत्ति र एकाग्रताको अभाव, जो कसैसँग 'याचना' अर्थात् माग्नु, 'प्रमाद' अर्थात् मद्यपानादि दुष्ट व्यसनहरूमा फस्न जानु, तब सम्झिनु कि तमोगुण ममा वर्त्तिरहेको छ ॥११॥ यो सबै तमोगुणको लक्षणलाई विद्वान्ले जान्नयोग्य छ कि जब आफ्नो आत्मा जुन कर्म गरेर, गर्दै र गर्नको लागि इच्छाबाट लज्जा, शङ्का र भयलाई प्राप्त हुन्छ, तब जान्नु कि ममा प्रवृद्ध तमोगुण छ ॥१२॥ जुन कर्मले यस लोकमा जीवात्मा पुष्कल प्रसिद्धि चाहन्छ, दरिद्रता हुँदा पनि चारण, भाट आदिलाई दान दिन छोड्दैन, तब सम्झनु कि ममा रजोगुण प्रबल छ ॥१३॥ र जब मनुष्यको आत्मा सबैसँग जान्न चाहन्छ, गुण ग्रहण गर्दै जान्छ, राम्रा कर्ममा लज्जा नगरोस् र जुन कर्मले आत्मा प्रसन्न हुन्छ अर्थात् धर्माचरणमा नै रुचि रहेमा, तब सम्झनु कि ममा सत्त्वगुण प्रबल छ ॥१४॥ तमोगुणको लक्षण काम, रजोगुणको अर्थ-संग्रहको इच्छा र सत्त्वगुणको लक्षण धर्मसेवा गर्नु हो, परन्तु तमोगुण भन्दा रजोगुण र रजोगुण भन्दा सत्त्वगुण श्रेष्ठ हो ॥१५॥ अब जुन-जुन गुणले जुन-जुन गतिमा जीवले प्राप्त गर्दछ, त्यसको बारेमा अगाडि लेखिन्छ–

**देवत्वं सात्त्विका यान्ति मनुष्यत्वञ्च राजसाः । तिर्यक्त्वं तामसा नित्यमित्येषा त्रिविधा गतिः ॥१॥**
**स्थावराः कृमिकीटाश्च मत्स्याः सर्पाश्च कच्छपाः । पशवश्च मृगाश्चैव जघन्या तामसी गतिः ॥२॥**
**हस्तिनश्च तुरङ्गाश्च शूद्रा म्लेच्छाश्च गर्हिताः । सिंहा व्याघ्रा वराहाश्च मध्यमा तामसी गतिः ॥३॥**
**चारणाश्च सुपर्णाश्च पुरुषाश्चैव दाम्भिकाः । रक्षांसि च पिशाचाश्च तामसीषूत्तमा गतिः ॥४॥**
**झल्ला मल्ला नटाश्चैव पुरुषाः शस्त्रवृत्तयः । द्यूतपानप्रसक्ताश्च जघन्या राजसी गतिः ॥५॥**
**राजानः क्षत्रियाश्चैव राज्ञां चैव पुरोहिताः । वादयुद्धप्रधानाश्च मध्यमा राजसी गतिः ॥६॥**
**गन्धर्वा गुह्यका यक्षा विबुधानुचराश्च ये । तथैवाप्सरसः सर्वा राजसीषूत्तमा गतिः ॥७॥**
**तापसा यतयो विप्रा ये च वैमानिका गुणाः । नक्षत्राणि च दैत्याश्च प्रथमा सात्त्विकी गतिः ॥८॥**
**यज्वान ऋषयो देवा वेदा ज्योतींषि वत्सराः । पितरश्चैव साध्याश्च द्वितीया सात्त्विकी गतिः ॥९॥**
**ब्रह्मा विश्वसृजो धर्म्मो महानव्यक्तमेव च । उत्तमां सात्त्विकीमेतां गतिमाहुर्मनीषिणः ॥१०॥**
**इन्द्रियाणां प्रसङ्गेन धर्मस्यासेवनेन च । पापान्संयान्ति संसारानविद्वांसो नराधमाः ॥११॥**

–मनुस्मृति (अध्याय १२/श्लोक ४०, ४२-५०, ५२) ॥

जो मनुष्य सात्त्विक छन् तिनीहरू 'देव' अर्थात् विद्वान्; जो रजोगुणी हुन्छन् तिनीहरू मध्यम मनुष्य; र जो तमोगुणयुक्त हुन्छन्, तिनीहरूले नीच गतिलाई प्राप्त गर्दछन् ॥१॥ जो अत्यन्त तमोगुणी हुन्छन्, तिनीहरू स्थावर वृक्षादि, कृमि, किरा, माछो, सर्प, कछुवा, पशु र मृगको जन्म प्राप्त गर्दछन् ॥२॥ जो मध्यम तमोगुणी हुन्छन्, तिनीहरू हात्ती, घोडा, शूद्र, म्लेच्छ, निन्दित काम गर्नेहरू, सिंह, व्याघ्र, 'वराह' अर्थात् सुँगुरको जन्म प्राप्त गर्दछन् ॥३॥ जो उत्तम तमोगुणी छन्, तिनीहरू 'चारण' जसले कविता र मुक्तक एवं शायरी बनाएर मनुष्यहरूको प्रशंसा गर्दछन्, सुन्दर पक्षी र 'दांभिक' पुरुष अर्थात् आफ्नो मुखले आफ्नै प्रशंसा गर्नेहरू, 'राक्षस' जुन हिंसक, 'पिशाच' र अनाचारी अर्थात् मद्यादिका आहारकर्ता र मलिन हुन्छन् । त्यो सबै उत्तम तमोगुणको कर्मको फल हो ॥४॥ 'झल्ला' अर्थात् कोदालो आदिले तलाब आदि खन्नेहरू, 'मल्ला' अर्थात् डुँगा आदि चलाउनेवालाहरू, 'नट' जो बाँस आदि कलामा कुद्ने-चढ्ने-उत्रिने आदि गर्दछन्, शस्त्रधारी भृत्य, द्यूत र मद्यपानमा आसक्त हुनेहरू, यस्तो जन्म नीच रजोगुणको फल हो ॥५॥ जो मध्यम रजोगुणी हुन्छन्, तिनीहरू राजा, क्षत्रियवर्णस्थ राजाहरूका पुरोहित, वादविवाद गर्नेहरू, दूत, प्राड्विवाक (वकिल, बैरिष्टर), युद्ध-विभागका अध्यक्षको जन्म मिल्दछ ॥६॥ जो उत्तम रजोगुणी हुन्छन् तिनीहरू (गन्धर्व) गाइनेहरू, (गुह्यक) वादित्र बजाउनेवालाहरू, (यक्ष) धनाढ्य, विद्वान्हरूका सेवक र 'अप्सरा' अर्थात् उत्तम रूपवाली स्त्रीको जन्म पाउँछन् ॥७॥ जो तपस्वी, यति-संन्यासी, वेदपाठी, विमानलाई चलाउनेहरू, ज्योतिषी र 'दैत्य' अर्थात् देहपोषक मनुष्य हुन्छन्, तिनलाई प्रथम सत्त्वगुणको कर्मको फल जान्नु ॥८॥ जो मध्यम

सत्त्वगुणयुक्त भएर कर्म गर्दछन्, ती जीवहरू यज्ञकर्ता, वेदार्थवित्, विद्वान्, वेद, विद्युत् आदि, र काल-विद्याका ज्ञाता, रक्षक, ज्ञानी र 'साध्य' कार्यसिद्धिको लागि सेवन गर्न योग्य अध्यापकको जन्म पाउँछन् ॥९॥ जो उत्तम सत्त्वगुणयुक्त भएर उत्तम कर्म गर्दछन्, तिनीहरू 'ब्रह्मा' सबै वेदहरूका वेत्ता, 'विश्वसृज' सबै सृष्टिक्रम विद्यालाई जानेर विविध विमानादि यानहरूलाई बनाउनेवाला, धार्मिक, सर्वोत्तम बुद्धियुक्त र अव्यक्तको जन्म र प्रकृतिवशित्व सिद्धिलाई प्राप्त गर्दछन् ॥१०॥ जो इन्द्रियहरूको वशमा भएर विषयी, धर्मलाई छोडेर अधर्म गर्ने अविद्वान् छन्, ती मनुष्यहरूमा 'नीच-जन्म' नराम्रो-नराम्रो दुःखरूप जन्म पाउँछन् ॥११॥ यस प्रकारले सत्त्व, रज र तमोगुणयुक्त वेगले जुन-जुन प्रकारको कर्म जीवले गर्दछ, त्यस-त्यसलाई त्यसै-त्यसै प्रकारको फल प्राप्त हुन्छ ।

जो मुक्त हुन्छन्, तिनीहरू 'गुणातीत' अर्थात् सबै गुणहरूको स्वभावमा नफसेर, महायोगी भएर मुक्तिको साधान गरून् । किनभने–

**योगश्चित्तवृत्तिनिरोधः ॥१॥**

**तदा द्रष्टुः स्वरूपेऽवस्थानम् ॥२॥** –योगशास्त्र सूत्र (समाधिपाद/सूत्र १, ३) ॥

मनुष्य रजोगुण-तमोगुण-युक्त कर्महरूले मनलाई रोकेर, शुद्ध सत्त्वगुणयुक्त हुँदै पश्चात् त्यसको निरोध गरेर 'एकाग्र' अर्थात् एक परमात्मा र धर्मयुक्त कर्म यिनको अग्रभागमा चित्तलाई रोकेर राख्नु, 'निरुद्ध' अर्थात् सबैतिरबाट मनको वृत्तिलाई रोक्नु ॥१॥ जब चित्त एकाग्र र निरुद्ध हुन्छ तब सबका 'द्रष्टा' ईश्वरको स्वरूपमा जीवात्माको स्थिति हुन्छ ॥२॥ इत्यादि साधन मुक्तिको लागि गर्नु । र–

**अथ त्रिविधदुःखात्यन्तनिवृत्तिरत्यन्तपुरुषार्थः ॥** –सांख्यशास्त्र सूत्र (अध्याय १/सूत्र १) ॥

जुन 'आध्यात्मिक' अर्थात् शरीर-सम्बन्धी पीडा, जुन 'आधिभौतिक' अरू प्राणीहरूबाट दुःखी हुनु, 'आधिदैविक' जुन अतिवृष्टि, अतिताप, अतिशीत, मन इन्द्रियहरूको चञ्चलताबाट हुन्छ, यस 'त्रिविध दुःख' लाई छुटाएर मुक्ति पाउनु **'अत्यन्त पुरुषार्थ'** हो ।

यसको अगाडि आचार, अनाचार र भक्ष्याऽभक्ष्यको विषयमा लेखिनेछ ।

## इति श्रीमद्दयानन्दसरस्वतीस्वामिनिर्मिते सत्यार्थप्रकाशे सुभाषाविभूषिते विद्याऽविद्याबन्धमोक्षविषये नवमः समुल्लासः सम्पूर्णः ॥९॥

●

# (१०) दशौं समुल्लास

## आचार-अनाचार र भक्ष्य-अभक्ष्यको विषयमा व्याख्या

### आचार र अनाचारको विषयमा वर्णन (१०.१)

अब आचार अर्थात् जुन धर्मयुक्त कर्महरूको आचरण, सुशीलता, सत्पुरुषहरूको सङ्ग र सद्विद्याको ग्रहणमा रुचि आदि **'आचार'** र यसदेखि विपरीतलाई **अनाचार** भन्दछन्, यसको बारेमा लेखिन्छ–

**विद्वद्भिः सेवितः सद्भिर्नित्यमद्वेषरागिभिः । हृदयेनाभ्यनुज्ञातो यो धर्मस्तन्निबोधत ॥१॥**
**कामात्मता न प्रशस्ता न चैवेहास्त्यकामता । काम्यो हि वेदाधिगमः कर्मयोगश्च वैदिकः ॥२॥**
**सङ्कल्पमूलः कामो वै यज्ञाः सङ्कल्पसम्भवाः । व्रतानि यमधर्माश्च सर्वे सङ्कल्पजाः स्मृताः ॥३॥**
**अकामस्य क्रिया काचिद् दृश्यते नेह कर्हिचित् । यद्यद्धि कुरुते किञ्चित् तत्तत्कामस्य चेष्टितम् ॥४॥**
**वेदोऽखिलो धर्ममूलं स्मृतिशीले च तद्विदाम् । आचारश्चैव साधूनामात्मनस्तुष्टिरेव च ॥५॥**
**सर्वन्तु समवेक्ष्येदं निखिलं ज्ञानचक्षुषा । श्रुतिप्रामाण्यतो विद्वान् स्वधर्मे निविशेत वै ॥६॥**
**श्रुतिस्मृत्युदितं धर्ममनुतिष्ठन् हि मानवः । इह कीर्त्तिमवाप्नोति प्रेत्य चानुत्तमं सुखम् ॥७॥**
**श्रुतिस्तु वेदो विज्ञेयो धर्मशास्त्रं तु वै स्मृतिः । ते सर्वार्थेष्वमीमांस्ये ताभ्यां धर्मो हि निर्बभौ ॥८॥**
**योऽवमन्येत ते मूले हेतुशास्त्राश्रयाद् द्विजः । स साधुभिर्बहिष्कार्यो नास्तिको वेदनिन्दकः ॥९॥**
**वेदः स्मृतिः सदाचारः स्वस्य च प्रियमात्मनः । एतच्चतुर्विधं प्राहुः साक्षाद्धर्मस्य लक्षणम् ॥१०॥**
**अर्थकामेष्वसक्तानां धर्मज्ञानं विधीयते । धर्मं जिज्ञासमानानां प्रमाणं परमं श्रुतिः ॥११॥**
**वैदिकैः कर्मभिः पुण्यैर्निषेकादिर्द्विजन्मनाम् । कार्य्यः शरीरसंस्कारः पावनः प्रेत्य चेह च ॥१२॥**
**केशान्तः षोडशे वर्षे ब्राह्मणस्य विधीयते । राजन्यबन्धोर्द्वाविंशे वैश्यस्य द्व्यधिके ततः ॥१३॥**

–मनुस्मृति (अध्याय २/श्लोक १-४, ६, ८-१३, २६, ६५) ॥

मनुष्यहरूले सदा यस कुरामा ध्यान दिनुपर्दछ कि जसको सेवन राग-द्वेष रहित विद्वान्हरूले नित्य गरून्, जसलाई 'हृदय' अर्थात् आत्माले सत्य-कर्तव्यलाई जानोस्, त्यही धर्म नै माननीय र करणीय सम्झोस् ॥१॥ किनभने यस संसारमा अत्यन्त कामात्मता र निष्कामता श्रेष्ठ हुँदैन । वेदार्थ-ज्ञान र वेदोक्त-कर्म यी सबै कामनाबाट नै सिद्ध हुन्छन् ॥२॥ यदि कसैले भन्दछ कि म निरिच्छ र निष्काम हूँ, वा हुन जाऊँ त यस्तो कहिल्यै हुन सक्दैन । किनभने सबै 'काम' अर्थात् यज्ञ, सत्यभाषणादि-व्रत, यम, नियमरूपी धर्म सबै सङ्कल्पबाट नै बन्दछन् ॥३॥ किनभने जुन-जुन हस्त, पाद, नेत्र, मन आदि चलाइन्छ, ती सबै कामनाबाट नै चल्दछन् । यदि इच्छा हुँदैन भने त आँखा चिम्लनु र खोल्नु पनि हुँदैनथ्यो ॥४॥ यसैले सम्पूर्ण वेद, मनुस्मृति तथा ऋषिप्रणीत शास्त्र, सत्पुरुषहरूको आचार र जुन-जुन कर्ममा आफ्नो आत्मा प्रसन्न रहन्छ अर्थात् भय, शङ्का, लज्जा जसमा हुँदैन, ती कर्महरूको सेवन गर्न उचित हुन्छ । हेर ! जब कुनै मनुष्य मिथ्याभाषण, चोरी आदिको इच्छा गर्दछ भने त्यति वेलै उसको आत्मामा भय, शङ्का, लज्जा उत्पन्न अवश्य हुन्छ, त्यसैले त्यो कर्म गर्नयोग्य होइन भन्ने थाहा लाग्दछ ॥५॥ मनुष्य सम्पूर्ण शास्त्र, वेद, सत्पुरुषहरूको आचार, आफ्नो आत्माको अविरुद्ध राम्रो तरहले विचार गरेर ज्ञाननेत्र उघार्दै श्रुति-प्रमाणबाट स्वात्मानुकूल धर्ममा प्रवेश गरोस् ॥६॥ किनभने जो मनुष्यले वेदोक्त धर्म र जो वेदसँग अविरुद्ध स्मृत्युक्त धर्मको अनुष्ठान गर्दछ, त्यसले यस लोकमा कीर्ति र मरेपछि पनि सर्वोत्तम सुखलाई प्राप्त गर्दछ ॥७॥ 'श्रुति' वेद र 'स्मृति' धर्मशास्त्रलाई भन्दछन्, यिनीहरूबाट सबै कर्त्तव्याऽकर्त्तव्यको निश्चय गर्नुपर्दछ ॥८॥ जो कसैले वेद र वेदानुकूल आप्तग्रन्थहरूको अपमान गर्दछ भने, त्यसलाई श्रेष्ठ जनहरूले जातिबाह्य गरिदिनु । किनभने जसले **वेद**को निन्दा गर्दछ भने त त्यही **'नास्तिक'** हो भन्ने जान्नु ॥९॥ यसैले वेद, स्मृति, सत्पुरुषहरूको आचार र आफ्नो आत्माको ज्ञानदेखि अविरुद्ध प्रियाचरण, यी **चार धर्म**का 'लक्षण' अर्थात् यिनैबाट धर्म लक्षित हुन्छ ॥१०॥ परन्तु जो द्रव्यहरूको लोभमा र 'काम' अर्थात् विषयसेवामा फसेको छैन, त्यसैलाई धर्मको ज्ञान हुन्छ । जसले धर्मलाई जान्ने इच्छा गर्दछ, उसको लागि वेद नै परम प्रमाण हो ॥११॥ त्यसैले सबै मनुष्यलाई यो उचित छ कि वेदोक्त पुण्यरूप कर्महरूले ब्राह्मण, क्षत्रिय, वैश्यले आफ्ना सन्तानहरूको निषेकादि संस्कार गरोस्, जसले यस जन्म वा परजन्मलाई पवित्र गर्दछ ॥१२॥ ब्राह्मण वर्णका सोह्रौं, क्षत्रियका बाईसौं र वैश्यका चौबीसौं वर्षमा **'केशान्त-कर्म'** र **मुण्डन** गर्नुपर्दछ, अर्थात् यस विधिको पश्चात् केवल शिखा राखेर अन्य दारी, जुँगा र कपाल सदा फाल्दै राख्नुपर्दछ अर्थात् कहिल्यै नराख्नु, र शीतप्रधान देशमा आफ्नो वास र कामाचार छ भने, चाहे पञ्चकेश राखोस् र जहाँ अति उष्ण देश छ भने त सबै शिखा-सहित पनि छेदन गराउनुपर्दछ, किनभने शिरमा कपाल रहनाले उष्णता अधिक हुन्छ र त्यसले गर्दा

बुद्धि कम हुन जान्छ । दारी-जुँगा राख्नाले भोजन-पान राम्रोसँग हुँदैन र उच्छिष्ट पनि रउँहरूमा रहन जान्छ ॥१३॥

**इन्द्रियाणां विचरतां विषयेष्वपहारिषु । संयमे यत्नमातिष्ठेद्विद्वान्यन्तेव वाजिनाम् ॥१॥**
**इन्द्रियाणां प्रसङ्गेन दोषमृच्छत्यसंशयम् । सन्नियम्य तु तान्येव ततः सिद्धिं नियच्छति ॥२॥**
**न जातु कामः कामानामुपभोगेन शाम्यति । हविषा कृष्णवर्त्मेव भूय एवाभिवर्द्धते ॥३॥**
**वेदास्त्यागश्च यज्ञाश्च नियमाश्च तपांसि च । न विप्रदुष्टभावस्य सिद्धिं गच्छन्ति कर्हिचित् ॥४॥**
**वशे कृत्वेन्द्रियग्रामं संयम्य च मनस्तथा । सर्वान् संसाधयेदर्थानक्षिण्वन् योगतस्तनुम् ॥५॥**
**श्रुत्वा स्पृष्ट्वा च दृष्ट्वा च भुक्त्वा घ्रात्वा च यो नरः । न हृष्यति ग्लायति वा स विज्ञेयो जितेन्द्रियः ॥६॥**
**नापृष्टः कस्यचिद् ब्रूयान्न चान्यायेन पृच्छतः । जानन्नपि हि मेधावी जडवल्लोक आचरेत् ॥७॥**
**वित्तं बन्धुर्वयः कर्म विद्या भवति पञ्चमी । एतानि मान्यस्थानानि गरीयो यद्यदुत्तरम् ॥८॥**
**अज्ञो भवति वै बालः पिता भवति मन्त्रदः । अज्ञं हि बालमित्याहुः पितेत्येव तु मन्त्रदम् ॥९॥**
**न हायनैर्न पलितैर्न वित्तेन न बन्धुभिः । ऋषयश्चक्रिरे धर्मं योऽनूचानः स नो महान् ॥१०॥**
**विप्राणां ज्ञानतो ज्यैष्ठ्यं क्षत्रियाणां तु वीर्यतः । वैश्यानां धान्यधनतः शूद्राणामेव जन्मतः ॥११॥**
**न तेन वृद्धो भवति येनास्य पलितं शिरः । यो वै युवाप्यधीयानस्तं देवाः स्थविरं विदुः ॥१२॥**
**यथा काष्ठमयो हस्ती यथा चर्ममयो मृगः । यश्च विप्रोऽनधीयानस्त्रयस्ते नाम बिभ्रति ॥१३॥**
**अहिंसयैव भूतानां कार्यं श्रेयोऽनुशासनम् । वाक् चैव मधुरा श्लक्ष्णा प्रयोज्या धर्ममिच्छता ॥१४॥**

–मनुस्मृति (अध्याय २/श्लोक ८८,९३,९४,९७,९८,१००,११०,१३६,१५३-१५७,१५९) ॥

मनुष्यको यही मुख्य आचार हो कि जुन इन्द्रियहरू चित्तलाई हरण गर्नेवाला विषयहरूमा प्रवृत्त गराउँछ, त्यसलाई रोक्नमा प्रयत्न गरोस् । जसरी घोडालाई सारथिले रोकेर शुद्ध मार्गमा चलाउँछ, यस प्रकार यिनलाई आफ्नो वशमा गरेर अधर्ममार्गबाट हटाएर धर्ममार्गमा सदा चलाउने गरोस् ॥१॥ किनभने इन्द्रिहरूलाई विषयासक्ति र अधर्ममा लगाउनाले मनुष्य निश्चित दोषलाई प्राप्त गर्दछ । र जब यिनलाई जितेर धर्ममा लगाउँछ तबै अभीष्ट सिद्धिलाई प्राप्त गर्दछ ॥२॥ यो निश्चय हो कि अग्निमा इन्धन र घ्यू हाल्नाले बढ्दै जान्छ, त्यसरी नै कामहरूको उपभोगले काम शान्त कहिल्यै हुँदैन, किन्तु झन-झन बढ्दै जान्छ, यसैले विषयासक्त मनुष्य कहिल्यै पनि बन्नुहुँदैन ॥३॥ जो अजितेन्द्रिय पुरुष हुन्छ, त्यसलाई **'विप्रदुष्ट'** भन्दछन् । त्यस्तोले गर्नाले न त वेदज्ञान, न त त्याग, न त यज्ञ, न त नियम र न त धर्माचरणले नै सिद्धिलाई प्राप्त गर्दछन्, किन्तु यी सबै कुरा जितेन्द्रिय, धार्मिक जनहरूलाई नै सिद्ध हुन्छ ॥४॥ यसैले पाँच कर्म, पाँच ज्ञानेन्द्रिय र एघारौं मनलाई आफ्नो वशमा गरेर युक्ताहारविहार योगले शरीरको रक्षा गर्दै सबै अर्थहरूलाई सिद्ध गरोस् ॥५॥ **'जितेन्द्रिय'** त्यसलाई भन्दछन् कि जुन स्तुति सुनेर हर्ष र निन्दा सुनेर शोक, राम्रो स्पर्श गरेर सुख र दुष्ट स्पर्श गरेर दुःख, सुन्दर रूप देखेर प्रसन्न र दुष्टरूप देखेर अप्रसन्न, उत्तम भोजन गरेर आनन्दित र निकृष्ट भोजन गरेर दुःखित, सुगन्धमा रुचि र दुर्गन्धमा अरुचि गर्दैन ॥६॥ कहिले बिना सोधे वा अन्यायसँग सोध्नेवालालाई कि जसले कपटले सोध्छ, त्यसलाई उत्तर नदेओस् । तिनीहरूका अगाडि बुद्धिमान् जडजस्तै बनोस् । हो, जो निष्कपट र जिज्ञासु छ भने त उसलाई बिना सोधे उपदेश गरोस् ॥७॥ एक धन, दोस्रो बन्धु कुटुम्ब कुल, तेस्रो अवस्था, चौथो उत्तम कर्म र पाँचौं श्रेष्ठ विद्या, यी पाँच मान्यका स्थान हुन् । परन्तु धन भन्दा उत्तम बन्धु, बन्धु भन्दा अधिक अवस्था, अवस्था भन्दा श्रेष्ठ कर्म र कर्म भन्दा पवित्र विद्यावाला उत्तरोत्तर अधिक माननीय हुन्छ ॥८॥ किनभने चाहे सय वर्षको पनि किन नहोस् परन्तु जुन विद्या, विज्ञानरहित छ, त्यो बालक हो र यदि विद्या, विज्ञानको दाता छ भने, त्यस बालकलाई पनि वृद्ध मान्नुपर्दछ । किनभने सबै शास्त्र आप्त र विद्वान्ले अज्ञानीलाई **'बालक'** र ज्ञानीलाई **'पिता'** भन्दछन् ॥९॥ धेरै वर्ष बित्नाले, केश पाक्नाले, अधिक धनले र ठूलो गोलबगालले वृद्ध हुँदैन, किन्तु ऋषि-महात्माहरूको यही निश्चय छ कि हाम्रो बीचमा विद्या, विज्ञानमा जो अधिक हुन्छन्, उनैलाई **'वृद्ध'** पुरुष भन्दछन् ॥१०॥ ब्राह्मण ज्ञान, क्षत्रिय बल, वैश्य धनधान्य र शूद्र जन्मले अर्थात् अधिक आयुले वृद्ध हुन्छ ॥११॥ शरीरको केश श्वेत हुनाले बुढो हुँदैन, किन्तु जुन युवाले विद्या पढेको छ, उसैलाई विद्वान्हरूले ठूलो मान्दछन् ॥१२॥ र जसले विद्या पढेको छैन, त्यो जस्तै काठको हात्ती, काढिएको छालाको मृग हुन्छ, त्यस्तै अविद्वान् मनुष्य जगत्मा नाममात्रका मनुष्य हुन्छन् ॥१३॥ यसैले विद्या पढेर विद्वान्, धर्मात्मा हुँदै, निर्वैरताले सबै प्राणीहरूलाई कल्याणको उपदेश गरोस् । उपदेशमा वाणी मधुर र कोमल बोलोस् । जो सत्योपदेशले धर्मको वृद्धि र अधर्मको नाश गर्दछन्, ती पुरुष धन्य हुन् ॥१४॥ नित्य स्नान, वस्त्र, अन्न, पान, स्थान सबै शुद्ध राखोस् । किनकि यिनको शुद्ध हुँदामा चित्तको शुद्धि र आरोग्यता प्राप्त गरेर पुरुषार्थ बढ्दछ । शौच त्यति नै गर्नु योग्य हुन्छ कि जतिले मल-दुर्गन्ध दूर हुन जान्छ ।

**आचारः परमो धर्मः श्रुत्युक्तः स्मार्त्त एव च ॥** –मनुस्मृति (अध्याय १/श्लोक १०८) ॥

जुन सत्यभाषणादि कर्महरूको आचरणलाई गर्नु हो, त्यही नै वेद र स्मृतिमा भनिएको **'आचार'** हो ।

**मा [नो] वधीः पितरं मोत मातरम् ।** –यजुर्वेद (अध्याय १६/मन्त्र १५) ॥

**आचार्य्य उपनयमानो......ब्रह्मचारिणमिच्छते ॥** –अथर्ववेद (काण्ड ११/सूक्त ५/मन्त्र ३-१७) ॥

**मातृदेवो भव । पितृदेवो भव । आचार्य्यदेवो भव । अतिथिदेवो भव ॥**

–तैत्तिरीय (आरण्यक प्र.७/अनु.११); तैत्तिरीयोपनिषद् (शिक्षाध्याय/अनुवाक ११/श्लोक २) ॥

माता, पिता, आचार्य र अतिथिको सेवा गर्नुलाई **'देवपूजा'** भनिन्छ र जुन-जुन कर्मले जगत्को उपकार हुन्छ त्यो-त्यो गर्नु र हानिकारलाई छोड्नु नै मनुष्यको मुख्यकर्म हो । कहिल्यै पनि नास्तिक, लम्पट, विश्वासघाती, चोर, मिथ्यावादी, स्वार्थी, कपटी, छली आदि दुष्ट मनुष्यहरूको सङ्ग नगरोस् । **'आप्त'** जो सत्यवादी, धर्मात्मा, परोपकारप्रिय जन छन्, उनीहरूको सङ्ग गर्नु **'श्रेष्ठाचार'** हो ।

**प्रश्न**– आर्यावर्त्तवासीहरूको आर्यावर्त्त भन्दा भिन्न देशहरूमा जाँदा आचार नष्ट हुन्छ कि हुँदैन ?

**उत्तर**– यो कुरो झुट्टो हो । जुन भित्र-बाहिरको पवित्रता गर्नुका साथै सत्यभाषणादि आचार गर्नु हो, यो जहाँ कहीं पनि गर्नेछ, आचार र धर्मभ्रष्ट कहिल्यै हुनेछैन । फेरि जो आर्यावर्त्तमा रहेर पनि दुष्टाचार गर्नेछ, त्यही नै धर्मभ्रष्ट र आचारभ्रष्टमा गनिन्छ । यदि यस्तो हुन्थ्यो भने त–

**मेरोर्हरेश्च द्वे वर्षे वर्षं हैमवतं ततः । क्रमेणैव समागम्य भारतं वर्षमासदत् ॥१॥**

**स दृष्ट्वा विविधान् देशान् चीनहूणनिषेवितान् ॥२॥**

–यो महाभारत शान्तिपर्व मोक्षधर्ममा व्यास-शुकसंवादको वचन हो ॥

–तुलना महाभारत, कलकत्ता मिशन प्रेश संस्करण वि.सं. १८९६ (अध्याय ३२७/श्लोक १४-१५) ॥

अर्थात् एक समयमा व्यासजी आफ्ना पुत्र शुक र शिष्य-सहित 'पाताल' अर्थात् जसलाई अहिलेको समयमा 'अमेरिका' भन्दछन्, त्यहाँ निवास गर्दथे । शुकाचार्य्यले पितासँग एक प्रश्न सोधे कि– "आत्मविद्या यति नै हो कि अधिक पनि छ ?" व्यासजीले जाने पनि त्यसको उत्तर दिएनन्, किनभने पूर्व त्यस कुराको उपदेश गरिसकेका थिए । दोस्रालाई साक्षीको लागि आफ्नो पुत्र शुकदेवलाई भने कि– "तँ मिथिलामा गएर यही प्रश्न राजा जनकसँग गर्नु । उनले यसको यथायोग्य उत्तर दिनेछन् ।" पिताको वचन सुनेर शुकाचार्य्य पातालबाट 'मिथिला' तिरको लागि हिंडे । प्रथम 'मेरु' अर्थात् हिमालयदेखि ईशान, उत्तर र वायव्य दिशामा जुन देशहरू पर्दछन्, तिनीहरूको नाम हरिवर्ष थियो । अर्थात् हरि भन्दछन् बाँदरलाई, त्यस देशका मनुष्य अझै पनि **'रक्तमुख'** केही-केही बाँदरकै समान राता आँखा हुन्छन् । जुन देशहरूको नाम यस समयमा 'यूरोप' छ, त्यसैलाई संस्कृतमा 'हरिवर्ष' भन्दथे । ती देशहरूलाई हेर्दै र जसलाई 'हूण' यहूदी पनि भन्दछन्, ती देशहरूलाई हेर्दै 'चीन' मा आए । चीनदेखि हिमालय र हिमालयदेखि हिंडेर मिथिलापुरीमा आए ।

फेरि श्रीकृष्ण तथा अर्जुन पातालमा 'अश्वतरी' मा अर्थात् जसलाई अग्नियान डुँगा भन्दछन्, त्यसमा बसेर पातालमा गएर महाराजा युधिष्ठिरको यज्ञमा उद्दालक ऋषिलाई लिएर आएका थिए । धृतराष्ट्रको विवाह 'गान्धार' जसलाई अहिले अफगानिस्तानको 'कन्धार' भन्दछन् वहाँकी राजपुत्रीसँग भएको थियो । माद्री जुन कि पाण्डुकी स्त्री थिइन् 'ईरान' की राजाकी कन्या थिइन् र अर्जुनको विवाह पाताल देशमा जसलाई 'अमेरिका' भन्दछन् वहाँका राजाकी छोरी उलुपीको साथमा भएको थियो । यदि देशदेशान्तर, द्वीपद्वीपान्तरमा जाँदैनथे भने त यी सबै कुराहरू कसरी हुन सक्दथे ? मनुस्मृतिमा जुन समुद्रमा जाने नौका (डुँगा) माथि **'कर'** लिनको लागि लेखिएको छ, त्यो पनि आर्यावर्तदेखि द्वीपान्तरमा जानाको कारणले नै हो । र जब महाराज युधिष्ठिरले राजसूय-यज्ञ गरेका थिए, त्यसमा भूगोलका सबै राजाहरूलाई बोलाउन निमन्त्रणा दिनको लागि भीम, अर्जुन, नकुल र सहदेव चारै दिशामा गएका थिए । यदि यसलाई दोष मान्थे भने त कहिल्यै जाँदैनथे । सो प्रथम आर्य जनहरू व्यापार, राजकार्य्य र भ्रमणको लागि भूगोलको सबै ठाउँमा घुम्दथे । फेरि आजभोलि जुन छुवाछुत र धर्म नष्ट हुने कुराको शङ्का छ, त्यो केवल मूर्खहरूले बहकाउनाले र अज्ञान बढ्नाले गर्दा भएको हो । जो मनुष्य देश-देशान्तर र द्वीप-द्वीपान्तरमा जान-आउनमा शङ्का गर्दैन, ती देश-देशान्तरका अनेकविध मनुष्यहरूको साथ समागम, रीति-भाँति, कला-कौशल देख्नाले ज्ञान बढेर, आफ्नो राज्य र व्यवहारलाई बढाउनाले निर्भय शूरवीर हुँदै राम्रो व्यवहारको ग्रहण र नराम्रा कुराहरूलाई छोड्नमा तत्पर हुँदै, ठूलो ऐश्वर्यलाई प्राप्त गर्दछन् । जहाँ महाभ्रष्ट म्लेच्छकुलोत्पन्न वेश्या आदिको भेटघाटले मात्रै आचारभ्रष्ट धर्महीन हुँदैनन्, किन्तु देश-देशान्तरका उत्तम पुरुषहरूको साथ समागममा दोष मान्नु केवल मूर्खताको कुरा हो ।

हो, यति कारण त हुन्छ कि जो मान्छेहरू मांस मद्यपानी हुन्छन्, तिनका शरीर, वीर्यादि धातु पनि दुर्गन्धादिले दूषित हुन्छन्, यसैले उनको सङ्ग गर्नाले आर्यहरूलाई पनि कतै यी कुलक्षण नलागोस्, यो कुरो त ठीक छ । परन्तु तिनीहरूसँगबाट व्यवहार र गुणग्रहण गर्नमा कुनै पनि दोष हुँदैन, किन्तु उनीहरूका मद्यपानादि दोषहरूलाई छोडेर, गुणहरूलाई ग्रहण गरेमा त केही पनि हानि हुँदैन । जबकी उनीहरूलाई हेर्दा र स्पर्श गर्दा पनि मूर्ख-जनहरूले पाप मान्दछन्, त्यसैले उनीहरूसँग युद्ध कहिल्यै गर्न सक्दैनन्; किनभने युद्धमा उनीहरूलाई हेर्न र स्पर्श गर्न आवश्यक हुन्छ ।

सज्जनहरूले राग, द्वेष, अन्याय, मिथ्याभाषणादि छोडेर; निर्वैर, प्रीति, परोपकार, सज्जनतादिको धारण गर्नु उत्तम आचार हो । साथै यो पनि बुझ्नुपर्दछ कि धर्म हाम्रो आत्मा र कर्तव्यको साथ हुन्छ । जब हामीले राम्रो काम गर्दछौं भने, हामी देश-देशान्तर र द्वीप-द्वीपान्तरमा जानमा कुनै पनि दोष लाग्न सक्दैन । दोष त पापको काम गर्नमा लाग्दछ । हो, यति अवश्य चाहिन्छ कि वेदोक्त-धर्मको निश्चय र पाखण्डमतको खण्डन गर्न अवश्य सिक्नुपर्दछ, जसबाट कसैले हामीलाई झुटो निश्चय गराउन नसकोस् । के देश-देशान्तर र द्वीप-द्वीपान्तरमा राज्य वा व्यापार गरे बिना स्वदेशको उन्नति कहिल्यै हुनसक्दछ ? जब स्वदेशमै स्वदेशीहरूले व्यवहार गर्दछन् र परदेशीले स्वदेशमा व्यवहार वा राज्य गरेमा त सिवाय दारिद्र्य र दुःख बाहेक अरू कुरो हात लाग्दैन । पाखण्डीहरू यस्तो सम्झन्छन् कि हामीले यिनीहरूलाई विद्या पढायौं र देश-देशान्तरमा जाने आज्ञा दियौं भने त यिनीहरू बुद्धिमान् भएर हाम्रो पाखण्ड-जालमा नफस्नाले हाम्रो प्रतिष्ठा र जीविकाको नाश गर्नेछन् । त्यसैले भोजन-छादनमा बखेडा झिक्दछन् कारण कि दोस्रो देशमा जान नसकून् । हो, यति अवश्य चाहिन्छ कि मद्य-मांसादिको ग्रहण नगरून् ।

के सबै बुद्धिमानीहरूले यो निश्चय गरेनन् होलाकि राजपुरुषहरूमा युद्धको समयमा पनि चुलो-चौको लगाएर भान्छा बनाएर खानु, अवश्य पनि पराजयको हेतु हो ? किन्तु जबसम्म क्षत्रियहरू युद्धमा एक हातले रोटी खान्थे, जल पिउँथे र अर्को हातले शत्रुहरूको घोडा, हात्ती, रथमा चढेर वा पैदलै मारिदिंदै जान्थे, आफ्नो विजय गर्नु नै आचार र पराजित हुनु अनाचार हो । यसै मूढताले गर्दा यिनीहरूले चुलो-चौका लगाउँदा लगाउँदै विरोध गर्दा-गर्दै सबै स्वातन्त्र्य, आनन्द, धन, राज्य, विद्या र पुरुषार्थमाथि नै चौको लगाएर बसेका छन् । इच्छा गर्दछन् कि केही पदार्थ मिलेमा त पकाएर खानेथियौं । परन्तु त्यस्तो नहुनाले जान्नु कि देशभरिमै चौको लगाएर सर्वथा नाश गरिदिएका छन् । हो, जहाँ भोजन गरिन्छ उस स्थानलाई धुनु, लिप्नु, बढार्नु, फोहरलाई दूर गर्ने प्रयत्न अवश्य गर्नुपर्दछ, न कि मुसलमान वा ईसाईहरूका झैं भ्रष्ट पाकशाला बनाउनु ।

## भक्ष्य र अभक्ष्यको विषयमा वर्णन (१०.२)

**प्रश्न**–पाक्य र चोखो भनेको के हो ?

**उत्तर**– **'पाक्य'** जुन जल आदिमा उसिनेर पकाइन्छ, जस्तै अन्न एवं कन्दमूलादि; र जुन दूध-घ्यूमा पकाइन्छ, त्यसलाई **'चोखो'** । अर्थात् यो पनि यिनै धूर्तहरूको पाखण्ड हो, किनभने जसमा घ्यू-दूध अधिक हुन्छ, त्यसलाई खाँदामा उदरमा चिल्लो पदार्थ अधिक जाओस्, यसैले यस्तो प्रपञ्च रचेका हुन् । नत्र भने अग्नि वा कालले पाकेको 'पक्का' र नपाकेको 'कच्चा' हो । जुन पाकेकोलाई खाने र काँचोलाई नखाने यो पनि सर्वत्र ठीक होइन किनभने चना आदि काँचै पनि खाइन्छ ।

**प्रश्न**– द्विजले आफ्नो हातबाटै खाना बनाएर खाने कि शूद्रको हातले बनाएको खाना खाने ?

**उत्तर**– शूद्रको हातको खाना खाओस्, किनभने ब्राह्मण, क्षत्रिय, वैश्यवर्णस्थ स्त्रीपुरुष विद्या पढाउनमा, राज्यपालनमा र पशुपालन, खेती र व्यापारको काममा तत्पर रहनुपर्दछ र शूद्रको पात्र (मा) तथा उसको घरमा पकाएको खाना आपत्कालको बिना नखानु । यसमा प्रमाण–

**आर्याधिष्ठिता वा शूद्राः संस्कर्त्तारः स्युः ॥**

–यो आपस्तम्बको सूत्र (आपस्तम्ब धर्मसूत्र/प्रश्न २/पटल २/खण्ड ३/सूत्र ४) हो ॥

आर्यहरूको घरमा **'शूद्र'** अर्थात् मूर्ख स्त्री-पुरुषले पाकादिसेवा गरून्, परन्तु तिनीहरू पवित्र शरीर, सफा वस्त्र आदिले रहनुपर्दछ, आर्यहरूको घरमा जब भान्छा बनाऊन्, तब मुखमा लुगा बाँधेर बनाऊन् । किनभने तिनको मुखबाट उच्छिष्ट र निक्लेको श्वासादि पनि अन्नमा नपरोस्, साता-सातामा नखच्छेदन गरून् । सदा स्नान गरेर पाक बनाउने गरून् । आर्यहरूलाई ख्वाएर आफूले खाने गरून् ।

**प्रश्न**– शूद्रले छोएको पाकेको अन्नमा जब दोष लगाउँदछन् भने, झन उसैको हातले बनाएको खाना कसरी खान सकिन्छ त ?

**उत्तर**– यो कुरो कपोलकल्पित र एकदमै झुट्टो हो । किनभने जसले गुँड, चिनी, घ्यू, दूध, पिसान, शाक, फल, मूल खाए भने त जान्नु कि उनीहरूले सबै जगत्भरिको हातले बनाएको र उच्छिष्ट खाए ।

किनभने जब शूद्र, चमार, च्यामे, पोडे, मुलमान, ईसाई आदि मान्छेहरू खेतमा ऊखु काट्दछन्, छोडाउँछन्, पेलेर रस निकाल्दछन्, तब मल-मूत्रोत्सर्ग गरेर बिना हात धोए, उनै हातले छुँदै, उठाउँदै, राख्दै, आधा लाँक्रो चुस्दै त्यसैमा मिसाइदिन्छन्, र रस पकाउने वेलामा त्यसै आगोमा रोटी पनि पकाएर खान्छन् । जब चिनी बनाउँछन्, तब पुरानो जुत्ताको जसको तल विष्ठा, मूत्र, गोबर, धुलो लागिराखेको हुन्छ, तिनै जुत्तामा रगड्दछन् । दूधमा आफ्नो घरको उच्छिष्ट पात्रको जल हालिदिन्छन्, त्यसैमा घृतादि राख्दछन् र गहुँ, मकै, कोदो पिस्दाखेरि त्यसरी नै उच्छिष्ट हातले उठाउँछन् र पसीना पनि पीठोमा झर्दछ । शाक, फल, फूल, कन्दमा पनि यस्तै लीला हुनेगर्दछ । जब यी पदार्थहरूलाई खायौ भने त जान कि सबैको हातको खाइयो । खेतीपातीमा जब दलित वर्गले काम गर्दछन् भने, उनीहरूको पनि परिश्रम मिसिन जान्छ । उनैको घट्टामा लगेर हामीले पीठो पिंध्ने गर्दछौं ।

**प्रश्न**– रस, फल, फूल, कन्द, मूल र अदृष्टमा दोष मानिंदैन ।

**उत्तर**– वाहजी वाह ! सत्य हो जो यस्तो उत्तर दिंदैनथे भने त के खरानी-माटो खान्थे, गुँड-शक्कर मीठो लाग्ने, दूध-घ्यूले पुष्टि गर्दछ, यसैले यी मतलबसिन्धुले के-के रच्न छोडेनन् ? ए...जुन अदृष्टमा दोष हुँदैन भने त पोडे-च्यामे वा मुसलमान आदिले आफ्नो हातले दोस्रो स्थानमा बनाएर तिमीलाई ल्याएर दिए भने त खान्छौ कि खाँदैनौ ? यदि भनौला खान्नौं तब अदृष्टमा पनि दोष छ । हो, मुसलमान, ईसाई आदि मद्य-मांसहारीहरूको हातको खानमा आर्यलाई पनि मद्य-मांसादि खान-पिनको अपराध पछि लाग्दछ, परन्तु आपसमा आर्यहरूको एक भोजन हुनमा कुनै दोष देखिंदैन । जबसम्म एक मत, एक हानि-लाभ, एक सुख-दुःख परस्पर नमाने, तबसम्म उन्नति हुन एकदमै कठिन छ । परन्तु केवल खान-पिन मात्रै एक हुनाले सुधार हुनसक्दैन, किन्तु जबसम्म नराम्रा कुराहरूलाई छोडिंदैन र राम्रा कुराहरूलाई ग्रहण गरिंदैन, तबसम्म बढोत्तरीको सट्टामा हानि नै हुनेछ ।

**विदेशीहरूको आर्यावर्त्तमा राज्य हुनाको कारण**– आपसको फुट, मतभेद, ब्रह्मचर्यको सेवन नगर्नु, विद्या नपढ्नु-नपढाउनु, बाल्यावस्थामा अस्वयंवर विवाह, विषयासक्ति, मिथ्याभाषणादि कुलक्षण, वेदविद्याको अप्रचार आदि कुकर्मले गर्दा भएको हो । जब आपसमा भाइ-भाइ लड्दछन्, तब नै तेस्रो विदेशी आएर पञ्च बनेर बस्दछ । के तिमीहरूले महाभारतको कुरा जुन पाँच हजार वर्षको पूर्वमा भएको थियो, त्यसलाई पनि भुल्यौ ? हेर ! महाभारत युद्धमा सबै जनाले सवारीहरूमा नै खाने-पिउने गर्दथे । आपसको फुटले गर्दा कौरव, पाण्डव र यादवहरूको सत्यानाश हुन गयो, त्यो त भयो-भयो परन्तु अहिलेसम्म पनि त्यही रोग पछि लागिरहेको छ । न जाने यो भयङ्कर राक्षस कहिले छुट्नेछ वा आर्यहरूलाई सबै सुखहरूबाट छुटाएर दुःखसागरमा डुबाएर मार्नेछ ? त्यही दुष्ट दुर्योधन गोत्रहत्यारो, स्वदेशविनाशक, नीचको दुष्ट-मार्गमा आर्यहरू अझैसम्म पनि चलेर दुःख बढाइरहेका छन् । परमेश्वरले कृपा गरोस् कि यो महाराजरोग हामी आर्यहरूबाट नष्ट भएर जाओस् ।

भक्ष्याऽभक्ष्य दुई प्रकारको हुन्छ । एक धर्मशास्त्रोक्त, दोस्रो वैद्यकशास्त्रोक्त ।

जस्तै धर्मशास्त्रमा– **अभक्ष्याणि द्विजातीनाममेध्यप्रभवाणि च ॥** –मनुस्मृति (अध्याय ५/श्लोक ५) ॥

**'द्विज'** अर्थात् ब्राह्मण, क्षत्रिय, वैश्य; र शूद्रहरूले मलीन, विष्ठा-मूत्रादिको संसर्गबाट उत्पन्न भएका शाक, फल, मूलादि न खानु ।

**वर्जयेन्मधुमांसं च ॥** –मनुस्मृति (अध्याय २/श्लोक १७७) ॥

जसरी अनेक प्रकारको मद्य, गाँजा, भाङ्ग, अफिम आदि जुन-जुन–

**बुद्धिं लुम्पति यद् द्रव्यं मदकारी तदुच्यते ॥** –साङ्गंधर (प्रथम खण्ड/अध्याय ४/श्लोक २१) ॥

बुद्धिको नाश गर्नेखाले पदार्थहरू हुन्, यिनीहरूको सेवन कहिल्यै नगर्नु र जति अन्न सड्दछ, बिग्रन्छ, दुर्गन्धादिले दूषित हुन्छ, राम्रोसँग नबनेको र मद्यमांसाहारी म्लेच्छ कि जसको शरीर मद्यमांसको परमाणुहरूले नै पूरित हुन्छ, तिनका हातको नखानु । जसमा उपकारक प्राणीहरूको हिंसा अर्थात् जस्तै एक गाईको शरीरबाट दूध, घ्यू, गोरु, गाई उत्पन्न हुनाले एक पुस्तामा केही थोरै चार लाख मनुष्यहरूलाई सुख पुग्दछ, त्यसैले पशुहरूलाई नमार्नु, न त मार्न दिनु ।

जस्तै कुनै गाईले बीस सेर र कुनैले दुई सेर प्रतिदिन दूध दिन्छ भने, त्यसको मध्यभाग एघार सेर प्रत्येक गाईबाट दूध निस्कन्छ । कुनै गाईले अट्ठाह्र र कुनैले छः महिनासम्म दूध दिन्छन्, यसको मध्यभाग पनि बाह्र महिना भयो । अब प्रत्येक गाईको जन्मभरिको दूधले २४९६० (चौबीस हजार नौ सय साठी) मनुष्य एक पटकमा तृप्त हुन्छन् । उसका छः बाच्छा र छः बाच्छी हुन्छन्, ती मध्येमा दुइटा मरे भने पनि दश रहन्छन् । ती मध्येमा पाँच बाच्छीहरूको जन्मभरिको दूधलाई मिलाउँदा १२४८०० (एक लाख चौबीस हजार आठ सय) मनुष्य तृप्त हुन सक्दछन् । अब रहे पाँच गोरु, तिनले पनि जन्मभरिमा ५००० (पाँच

हजार) मन अन्न न्यून भन्दा न्यून उत्पन्न गर्दछन् । त्यस अन्नमा प्रत्येक मनुष्यको भोजनार्थ ६० रुपैयाँ भर– तीनपाव (=६० तोला)= अन्न खानाको भाग गर्नाले– २५०००० (साढे दुई लाख) मनुष्यहरूको तृप्ति हुन्छ । दूध र अन्न मिलाएर ३७४८०० (तीन लाख चौहत्तर हजार आठ सय) मनुष्य तृप्त हुन्छन् । दुइटै संख्यालाई मिलाएर एक गाईको एक पुस्तामा ३९९७६० (तीन लाख उनान्सय हजार सात सय साठी) मनुष्य एक पटकमा पालित हुन्छन् र पिंढी-दरपिंढी बढाएर लेखाजोखा गर्‍यौं भने त असंख्य मनुष्यहरूको पालन हुन्छ ।

यसको अतिरिक्त गाडी, सवारी, भार उठाउने आदि कर्महरूले मनुष्यको ठूलो उपकार हुने गरेको छ । तथा भैंसी गाई भन्दा पनि दूधको मात्रामा अधिक उपकारक हुन्छन्, परन्तु जसरी गोरु उपकारक हुन्छन्, त्यसरी नै राँगा पनि हुन्छन् । परन्तु गाईको दूध-घ्यूले जति बुद्धिवृद्धिले लाभ हुन्छ, त्यति भैंसीको दूध-घ्यूले हुँदैन । त्यसैले मुख्य उपकारक आर्यहरूले गाईलाई मानेका छन्, र जो कोही अन्य विद्वान् हुनेछ, त्यसले पनि यसै प्रकारले बुझ्नेछ ।

बाख्राको दूधबाट २५९२० (पच्चीस हजार नौ सय बीस) मनुष्यहरूको पालन हुन्छ, त्यसरी नै हात्ती, घोडा, ऊँट, भेडा, गधा, खच्चर आदिबाट पनि ठूलो उपकार हुन्छन् । यी पशुहरूलाई मार्नेवालालाई सबै मनुष्यहरूको हत्या गर्नेवाला भनेर जान्नु ।

हेर ! जब आर्यहरूको राज्य थियो, यी पशुहरू मारिन्थेनन्, तब आर्यावर्त्त वा अन्य भूगोल-देशहरूमा अति आनन्दमा मनुष्यादि प्राणी वर्त्तन्थे । किनभने दूध, घ्यू, गोरु आदि पशुहरूको बढोत्तरी हुनाले अन्न, रस पुष्कल प्राप्त हुन्थ्यो । जबदेखि विदेशी मांसाहारी यस देशमा आएर गाई आदि पशुहरूलाई मार्ने मद्याहारी राज्याऽधिकारी भएका छन्, तबदेखि नै क्रमशः आर्यहरूको दुःख बढ्दै गैरहेको छ । किनभने–

**नष्टे मूले नैव फलं न पुष्पम् ॥** –चाणक्यनीति (अध्याय १०/श्लोक १३) ॥

जब वृक्षको मूल नै काटिदिइन्छ भने त फल-फूल कहाँबाट हुने ?

**प्रश्न**– यदि सबै अहिंसक बने भने त व्याघ्रादि पशु यति बढ्ने छन् कि गाई आदि पशुहरूलाई मारेर खानेछन् । तिम्रो पुरुषार्थलाई व्यर्थ गरिदिने छन् ।

**उत्तर**– यो राजपुरुषहरूको काम हो कि जो हानिकारक पशु वा मनुष्य हुन्छन्, तिनलाई दण्ड दिने र प्राण पनि वियुक्त गरिदिने ।

**प्रश्न**– त्यसो भए के तिनीहरूको मासुलाई पनि फ्याँकिदिने त ?

**उत्तर**– चाहे फ्याँकिदिऊन्, चाहे कुकुर आदि मांसाहारीलाई ख्वाऊन्, वा जलाऊन् । चाहे कुनै मांसाहारीले खाओस् तर पनि संसारको हानि हुँदैन, किन्तु त्यस मनुष्यको स्वभाव मांसाहारी भएर हिंसक हुन सक्दछ । जति हिंसा र चोरी, विश्वासघात छल-कपट आदिले पदार्थहरूलाई प्राप्त गरेर भोग गर्नु **'अभक्ष्य'** र अहिंसा धर्मादि कर्महरूबाट प्राप्त भोजनादि गर्नु **'भक्ष्य'** हो । जुन पदार्थहरूले स्वास्थ्य, रोगनाशक, बुद्धि, बल, पराक्रम र आयुको वृद्धि हुन्छ, ती धान, गहुँ, मकै, कोदो, फल, फूल, मूल, कन्द, दूध, घ्यू, मिष्टादि पदार्थहरूको सेवन, ती पदार्थहरूको यथायोग्य पाक मेल गरेर यथोचित समयमा मिताहार भोजन गर्नुलाई **'भक्ष्य'** भन्दछन् । जति पदार्थ आफ्नो प्रकृतिदेखि विरुद्ध विकार गराउनेखाले छन्, जस-जसको लागि जुन-जुन पदार्थ वैद्यकशास्त्रमा वर्जित गरिएका छन्, त्यस-त्यसको त्याग र जुन-जुन जस-जसको लागि विहित गरिएका छन्, त्यस-त्यसको ग्रहण गर्नु **'भक्ष्य'** हो ।

**प्रश्न**– सँगै बसेर एकैसाथ खानमा केही दोष छ कि छैन ?

**उत्तर**– दोष छ । किनभने एकको साथमा दोस्राको स्वभाव मिल्दैन । जस्तै कुष्ठ रोगी आदिसँग बसेर खाँदामा निरोगी मान्छेको पनि रुधिर बिग्रन्छ, त्यसरी नै अर्कासँग एकै थालीमा खानाले पनि बिगार गर्दछ, सुधार हुन्न । त्यसैले–

**नोच्छिष्टं कस्यचिद्दद्यान्नाद्याच्चैव तथान्तरा । न चैवात्यशनं कुर्यान्न चोच्छिष्टः क्वचिद् व्रजेत् ॥**

–मनुस्मृति (अध्याय २/श्लोक ५६) ॥

न कसैलाई आफ्नो जूठो दिने र न कसैको जूठो खाने, न अधिक भोजन गर्ने र भोजन पश्चात् हात-मुख नधोइकन जुठै न कतै यता-उति लाग्ने ।

**प्रश्न**– **'गुरोरुच्छिष्ट भोजनम्'** यस वाक्यको के अर्थ हुनेछ ?

**उत्तर**– यसको अर्थ हो कि गुरुको भोजनको पश्चात् जुन पृथक् अन्न शुद्ध स्थित हुन्छ, त्यसको भोजन गर्नु, अर्थात् प्रथम गुरुलाई भोजन गराएपश्चात् शिष्यले भोजन गर्नु ।

**प्रश्न**– यदि उच्छिष्टमात्रको निषेध हो भने त, मौरीहरूको उच्छिष्ट मह, बाच्छाको उच्छिष्ट दूध र एक ग्रास लिएपछि त आफ्नो पनि उच्छिष्ट हुन जान्छ, यिनलाई पनि नखान पर्ने हो ।

**उत्तर**– मह भनाइलेमात्र उच्छिष्ट हो, त्यो धेरै औषधिहरूको सार ग्राह्य, बाच्छोले बाहिरको दूध जूठो पार्दछ भित्रको होइन, परन्तु बाच्छोले दूध चुसेपछि पानीले गाईको स्तनलाई धोएर सफा भाँडोमा दुहनु पर्दछ । फेरि आफ्नो जूठो आफूलाई विकारकारक हुँदैन । विचार गरेर हेर ! स्वभावले यो कुरो सिद्ध छ कि कसैको जूठो कसैले नखाओस्, जसरी आफ्नो मुख, नाक, कान, आँखा, उपस्थ र गुह्य इन्द्रियहरूका मलमूत्रादिको स्पर्शमा घृणा हुँदैन, कुनै दोस्राको मल-मूत्रको स्पर्शमा घृणा हुने गर्दछ । यसैले यो व्यवहार सृष्टिक्रमबाट सिद्ध हुन्छ कि कसैको उच्छिष्ट कसैले नखाओस् ।

**प्रश्न**– के स्त्री-पुरुष पनि साथमा र उच्छिष्ट नखाने त ?

**उत्तर**– नखाने । किनभने उनीहरूको पनि शरीरको स्वभाव भिन्न-भिन्न हुन्छ ।

**प्रश्न**– चाहे ब्राह्मण या चाण्डाल होस्, सबैको हात छालाको हुन्छ र जस्तो रुधिरादि ब्राह्मणको शरीरमा हुन्छ, त्यस्तै चाण्डालको पनि हुन्छ; पुनः पोडे-च्यामेको हातको खानमा के दोष छ ?

**उत्तर**– दोष छ । किनभने जुन उत्तम पदार्थहरूलाई खानु-पिउनुले ब्राह्मण र ब्राह्मणीको शरीरमा दुर्गन्धादि रहित शुद्ध रज-वीर्य हुन्छ, त्यस्तो चाण्डाल, चाण्डाल्नीको शरीरमा हुँदैन । किनभने चाण्डालको शरीर दुर्गन्धको परमाणुहरूले भरिएको हुन्छ, त्यस्तो ब्राह्मणादिको हुँदैन । यसैले ब्राह्मणादि उत्तम वर्णहरूको हातको खानु र पोडे-च्यामेको होइन । जब कसैले तिमीसँग सोध्ने छ कि जस्तो छालाको शरीर माता, सासू, बहिनी, कन्या, बुहारीको हुन्छ, त्यस्तै आफ्नी स्त्रीको पनि हुन्छ, के त आमा, बहिनीहरू आदिसँग पनि स्वस्त्रीकै समान व्यवहार गर्दछौ ? जसरी उत्तम अन्न हात र मुखले खाइन्छ, त्यसरी नै दुर्गन्ध पनि खान सकिन्छ भने के मल पनि खान्छौ ? यस्तो पनि कतै हुन सक्दछ र ?

**प्रश्न**– जुन गाईको गोबरले लिपपोत गर्दछौ, त आफ्नो गोबरले किन लिप्दैनौ ? र गोबरले लिपेको चौकामा जानाले चौको अशुद्ध किन हुँदैन ?

**उत्तर**– गाईको गोबरमा त्यस्तो दुर्गन्ध हुँदैन, जस्तो मान्छेको मलमा हुन्छ । गोबर चिप्लो हुनाले शीघ्र उप्किँदैन, न त लुगा नै बिग्रन्छ, न त मलीन हुन्छ । जस्तो माटोले मैलो पार्दछ, त्यस्तो सुक्का गोबरले पार्दैन । माटो र गोबरले जुन स्थानमा लिपिन्छ, त्यो देख्नमा अति सुन्दर हुन्छ, र जहाँ खाना पकाइन्छ वहाँ भोजनादिबाट घ्यू, मिष्ट र उच्छिष्ट पनि खस्दछ, त्यसबाट माखा, किरा आदि थुप्रै आउँछन् । जब त्यसलाई कुचोले बढारेर लिपिदियो भने वा पक्की घर भएमा त धोइदियो भने त्यो दोष रहँदैन । जस्तो मियाँजीको चुलामा कहीं कोइला, कही खरानी, कहीं दाउरा, कहीं फुटेका हाँडीका टुक्रा, कतै जूठो पत्तल, कहीं हाड-खोर हुनाले हेर्दामा पनि नराम्रो र हजारौं माखा र किराहरूको सल्याङ्बल्याङ्ले भरिएको हुन्छ । यदि गोबरले लिपेको अशुद्ध मान्दछन् भने त चुलामा जूठो कराही, त्यसैको आगोले तमाखू सल्काउने, घरको भित्तामा लेपन गर्ने आदिले मियाँजीको पनि चौको भ्रष्ट हुन जान्छ होला ?

**प्रश्न**– चौकामा खानु राम्रो कि बाहिर ?

**उत्तर**– जहाँ राम्रो देखिन्छ, त्यहाँ भोजन गर्नुपर्दछ । परन्तु आवश्यक युद्धादि कर्महरूमा त घोडा आदि यानहरूमा बसी-बसी वा उठी-उठी खान अत्यन्त उचित हुन्छ ।

**प्रश्न**– के आफ्नै हातको मात्र खाने अरूको हातको नखाने ?

**उत्तर**– यदि आर्यहरूमा शुद्ध रीतिले बनाउँछन् भने त बराबर सबै आर्यहरूको साथ खानमा कुनै हानि छैन । किनभने जो ब्राह्मणादि वर्णस्थ स्त्री-पुरुष भान्छा तयार गर्ने, चुलो-चौको लिप्ने, भाँडा माँभ्ने, लुगा धुने आदि बखेडामा लागिराखेमा त विद्यादि शुभगुणहरूको वृद्धि कहिल्यै हुँदैन । हेर ! महाराज युधिष्ठिरको राजसूय यज्ञमा भूगोलका राजा, ऋषि-महर्षि आएका थिए । एउटै पाकशालाबाट भोजन गर्ने गर्दथे । जबदेखि ईसाई र मुसलमान आदिको मतमतान्तरमा चल्न थाले, आपसमा वैर-विरोध हुन थाल्यो । उनीहरूले मद्य गोमांसादिलाई खान स्वीकार गरे, त्यही समयदेखि भोजनादिमा बखेडा शुरु भयो । हेर ! काबुल, कन्धार, ईरान, अमेरिका, यूरोप आदिका देशहरूका राजाहरूकी कन्या गान्धारी, माद्री, उलुपी आदिको साथमा आर्यावर्त्तदेशीय राजाहरूले विवाह गर्दथे । शकुनि आदि, कौरव-पाण्डवको साथ खाने-पिउने गर्दथे । केही विरोध गर्दैनथे, किनभने त्यो समयमा सर्व-भूगोलमा वेदोक्त एक मत थियो, त्यसैमा सबैको निष्ठा थियो र एक-अर्काको सुख-दुःख हानि-लाभ आपसमा आफ्नो सम्झन्थे, तब नै भूगोलमा सुख थियो । अब त थुप्रै मतवाला हुनाले धेरै दुःख र विरोध बढिरहेको छ । यसको निवारण गर्नु बुद्धिमानीहरूको काम हो । **परमात्माले सबैको मनमा सत्य-मतको यस्तो अङ्कुर फुटाओस् कि जसबाट मिथ्या मतले शीघ्र नै प्रलयलाई प्राप्त गरोस् ।** यसमा सबै विद्वान्हरूले विचार गरेर विरोधलाई छोडेर अविरुद्धमतको स्वीकारबाट सबै जना मिलेर सबैको हित, कल्याणार्थ आनन्दलाई बढाउँदै जाऊन् ।

यो थोरैमात्र आचार-अनाचार, भक्ष्याऽभक्ष्य विषयमा लेखियो । यस ग्रन्थको पूर्वार्द्ध यसै दशौं समुल्लास पर्यन्तमा पूरा भयो । यी समुल्लासहरूमा विशेष खण्डन-मण्डन यस कारणले लेखिएन कि जबसम्म मनुष्य सत्याऽसत्यको विचारमा कत्ति पनि सामर्थ्य बढाउँदैन तबसम्म स्थूल र सूक्ष्म खण्डनहरूको अभिप्रायलाई बुझ्न सक्दैन । यसैले प्रथम सबैलाई सत्य-शिक्षाको उपदेश गरेर-अब **'उत्तरार्द्ध'** अर्थात् जसमा चार समुल्लास छन्, तिनमा विशेष खण्डन-मण्डन लेखिनेछ ।

यी चारहरू मध्येमा प्रथम समुल्लासमा आर्यावर्तीय मतमतान्तर, दोस्रोमा जैनीहरूको, तेस्रोमा ईसाईहरूको र चौथोमा मुसलमानहरूको मतमतान्तरको खण्डन-मण्डनको विषयमा लेखिनेछ । र पश्चात् चौधौं समुल्लासको अन्तमा स्वमत पनि देखाइँनेछ । जो कसैले विशेष खण्डन-मण्डन हेर्न चाहन्छ भने, तिनीहरूले यी चार समुल्लासलाई हेर्नू । परन्तु सामान्य गरेर कहीं-कहीं दश समुल्लासहरूमा पनि केही थोरै खण्डन-मण्डन गरिएको छ । यी चौध समुल्लासलाई पक्षपात छोडेर न्यायदृष्टिले हेरेमा, उसको आत्मामा सत्य अर्थको प्रकाश भएर आनन्द हुनेछ । र जसले हठ, दुराग्रह र ईर्ष्याले हेर्दछ-सुन्दछ, त्यसलाई यस ग्रन्थको अभिप्राय यथार्थ विदित हुन असाध्यै कठिन हुनेछ । त्यसैले जो कोही यसलाई यथावत् विचार्दछ त्यो यस ग्रन्थको सुभूषित, र विचार्दैन त्यो यसको अभिप्राय नजानेर गोता खाइरहनेछ । विद्वान्हरूको यही काम हो कि सत्याऽसत्यको निर्णय गरेर सत्यको ग्रहण, असत्यको त्याग गरेर परम आनन्दित हुन्छन् । तिनीहरू नै गुणग्राहक पुरुष विद्वान् भएर धर्म, अर्थ, काम र मोक्षरूपी फलहरूलाई प्राप्त गरेर प्रसन्न रहनेछन् ॥

**इति श्रीमद्दयानन्दसरस्वतीस्वामिकृते सत्यार्थप्रकाशे**
**सुभाषाविभूषिते आचाराऽनाचारभक्ष्याऽभक्ष्यविषये**
**दशमः समुल्लासः सम्पूर्णः ॥१०॥**
**समाप्तोऽयम्पूर्वार्द्धः॥**

●

# ओ३म्
# उत्तरार्द्ध
## अनुभूमिका (१)

यो कुरा सिद्ध छ कि पाँच हजार वर्षहरूको पूर्व वेदमतदेखि भिन्न दोस्रो कुनै मत थिएन, किनभने वेदोक्त सबै कुराहरू विद्यासँग अविरुद्ध छन् । वेदहरू प्रति मनुष्यको अप्रवृत्ति हुनाको कारणले महाभारतको युद्ध भयो । यिनैको अप्रवृत्तिले गर्दा अविद्याऽन्धकारको भूगोलमा विस्तृत हुनाले मनुष्यहरूको बुद्धि भ्रमयुक्त हुँदै जसको मनमा जस्तो आयो, त्यस्तै मत चलाउन थाले ।

ती सबै मतहरूमा चार मत अर्थात् जो वेदविरुद्ध पुराणी, जैनी, किरानी र कुरानी सबै मतहरूका मूल हुन्, ती क्रमबाट एकको पछाडि दोस्रो, तेस्रो र चौथो हुँदै गरेर चलेका हुन् । अहिले यी चारैका शाखाहरू एक हजार भन्दा थोरै छैनन् । यी सबै मतवादीहरू, यिनका चेलाहरू र अन्य सबैलाई परस्पर सत्याऽसत्यको विचार गर्नको लागि अधिक परिश्रम गर्न नपरोस् भनेर यो ग्रन्थ बनाइएको छ । जुन-जुन यसमा सत्य-मतको मण्डन र असत्य मतको खण्डन लेखिएको छ । त्यसको सबैलाई जानकारी दिनको लागि नै प्रयोजन सम्झिएका छौं । यसमा जस्तो मेरो बुद्धि, जति मेरो विद्या र जति यी चारै मतहरूका मूल ग्रन्थलाई हेर्नाले बोध भएको छ, त्यसलाई सबैको अगाडि निवेदित गरिदिन मैले उत्तम सम्झेको छु, किनभने विज्ञान गुप्त भएकाको पुनर्मिलन हुन सहज छैन । पक्षपातलाई छोडेर यसलाई हेर्नाले सत्याऽसत्य मत सबैलाई विदित हुने नै छ । पश्चात् सबैले आफ्नो-आफ्नो समझ अनुसार सत्य मतको ग्रहण गर्न र असत्य मतको त्याग गर्न सहज हुनेछ । यिनीहरू मध्येमा जुन पुराणादि ग्रन्थहरूबाट शाखा-शाखान्तररूप मत आर्यावर्त देशहरूमा चलेका छन्, तिनीहरूको संक्षेपले गुण-दोष यस ११औं समुल्लासमा देखाइँनेछ ।

यस मेरो कर्मले यदि उपकार नमाने त विरोध पनि नगर्नू । किनभने मेरो तात्पर्य कसैको हानि वा विरोध गर्नको लागि होइन किन्तु सत्याऽसत्यको निर्णय गर्न-गराउनको लागि हो । यसै प्रकारबाट सबै मनुष्यहरू न्यायदृष्टिले चल्न अति उचित हुन्छ । मनुष्य-जन्मको प्रयोजन सत्याऽसत्यको निर्णय गर्न-गराउनको लागि नै हो, न कि वादविवाद, विरोध गर्न-गराउनको लागि ।

यसै मतमतान्तरको विवादले जगत्मा जति-जति अनिष्ट फल भए, हुन्छन् र हुनेछन्, तिनलाई पक्षपातरहित विद्वज्जनले जान्न सक्दछन् । जबसम्म यस मनुष्य जातिमा परस्पर मिथ्या मतमतान्तरको विरुद्धवाद छुट्नेछैन, तबसम्म अन्योऽन्यलाई आनन्द हुनेछैन । यदि हामी सबै मनुष्य र विशेष विद्वज्जन ईर्ष्याद्वेष छोडेर सत्याऽसत्यको निर्णय गरेर सत्यको ग्रहण र असत्यको त्याग गर्न-गराउन चाहेमा त हाम्रो लागि यो कुरो असाध्य होइन ।

यो निश्चय हो कि तिनै विद्वान्हरूको विरोधले नै सबैलाई विरोध-जालमा फसाएर राखेको छ । यदि तिनीहरू आफ्नो प्रयोजनमा नफसेर सबैको प्रयोजनलाई सिद्ध गर्न चाहेमा त अहिल्यै ऐक्यमत हुनुपर्दछ । यस्तो हुनको लागि युक्ति यसै ग्रन्थको पूर्तिमा लेख्नेछु ।

**सर्वशक्तिमान् परमात्मा एक मतमा प्रवृत्त हुनको लागि उत्साह सबै मनुष्यहरूको आत्माहरूमा प्रकाशित गरोस् ।**

**॥ अलमतिविस्तरेण विपश्चिद्वरशिरोमणिषु ॥**

**॥ इत्यनुभूमिका ॥**

●

**–दयानन्द सरस्वती**

# (११) एघारौं समुल्लास
# आर्यावर्तीय मतको खण्डन-मण्डनको विषयमा वर्णन
## मण्डनको विषय (११.१)

अब आर्य जनहरूको जुन कि आर्यावर्तमा बस्दछन्, उनीहरूका मतको खण्डन तथा मण्डनको विधान गर्दछु ।

यो आर्यावर्त देश यस्तो देश हो जसको सदृश भूगोलमा दोस्रो कुनै पनि देश छैन । त्यसैले यस भूमिको नाम सुवर्णभूमि हो, किनभने यसैले सुवर्णादि रत्नहरूलाई उत्पन्न गर्दछिन् । त्यसैले नै सृष्टिको आदिमा आर्यहरू यसै देशमा आएर बसे । त्यसैले हामीले सृष्टिविषयमा पनि भनेर आएका छौं कि **'आर्य'** नाम उत्तम पुरुषहरूको हो र आर्यहरूदेखि भिन्न मनुष्यहरूको नाम **'दस्यु'** हो । जति भूगोलमा देशहरू छन्, ती सबैले यसै देशको प्रशंसा गर्दछन् र आशा राख्दछन् । पारसमणि पत्थर हुने सुनिन्छ, त्यो कुरो त झुट्टो हो परन्तु आर्यावर्त देश नै साँच्चो पारसमणि हो कि जसलाई फलामरूपी दरिद्र विदेशीले छुनासाथ **'सुवर्ण'** अर्थात् धनाढ्य हुन जान्छन् ।

## चक्रवर्ती राजाहरूको नाम उल्लेख (११.२)

**एतद्देशप्रसूतस्य सकाशादग्रजन्मनः । स्वं स्वं चरित्रं शिक्षेरन् पृथिव्यां सर्वमानवाः ॥**

–मनुस्मृति (अध्याय २/श्लोक २०) ॥

सृष्टिदेखि लिएर पाँच हजार वर्षहरूदेखि पूर्व समय पर्यन्त आर्यहरूको **'सार्वभौम चक्रवर्ती'** अर्थात् भूगोलमा सर्वोपरि एकमात्र राज्य थियो । अन्य देशहरूमा **'माण्डलिक'** अर्थात् साना-साना राजाहरू रहन्थे किनभने कौरव-पाण्डव पर्यन्त यहाँका राजा र राजशासनमा सबै भूगोलका सबै राजा र प्रजाले मान्दथे, किनभने यो मनुस्मृति जुन सृष्टिको आदिमा भएको हो, यसको प्रमाण छ– 'यसै आर्यावर्तमा उत्पन्न भएका 'ब्राह्मण' अर्थात् विद्वान्हरूबाट भूगोलका सबै मनुष्य ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र, दस्यु, म्लेच्छ आदि आफ्नो-आफ्नो अनुकूल विद्या, चरित्रहरूको शिक्षा र विद्याभ्यास गरून् ।' र महाराजा युधिष्ठिरजीको राजसूय-यज्ञ र महाभारतको युद्धपर्यन्त यहाँका राज्याधीन सबै राज्यहरू थिए । सुन्नुहोस् ! चीनको 'भगदत्त', अमेरिकाको 'बब्रुवाहन', यूरोपको 'विडालाक्ष' अर्थात् बिरालाको सदृश आँखावाला, 'यवन' जसलाई यूनान भनिन्छ र ईरानको 'शल्य' आदि सबै राजा राजसूय-यज्ञ र महाभारत युद्धमा आज्ञाऽनुसार आएका थिए । जब रघुगण राजा थिए, तब रावण पनि यहाँको आधीन थियो । जब रामचन्द्रको समयमा विरुद्ध हुन गयो, तब त्यसलाई रामचन्द्रले दण्ड दिएर राज्यदेखि नष्ट गरेर उसको भाइ विभीषणलाई राज्य दिए ।

स्वायंभुव राजादेखि लिएर पाण्डवपर्यन्त आर्यहरूको चक्रवर्ती राज्य रह्यो । तत्पश्चात् आपसको विरोधले लडेर नष्ट भए । किनभने यस परमात्माको सृष्टिमा अभिमानी, अन्यायकारी, अविद्वान्हरूको राज्य धेरै दिन चल्दैन । साथै यो संसारको स्वाभाविक प्रवृत्ति पनि हो कि जब धेरैजसो धन असंख्य प्रयोजन भन्दा अधिक हुन्छ, तब आलस्य, पुरुषार्थरहितता, ईर्ष्या-द्वेष, विषयासक्ति र प्रमाद बढ्दछ । यसले गर्दा देशमा विद्या सुशिक्षा नष्ट भएर दुर्गुण र दुष्ट व्यसन देशमा बढ्दै जान्छ, जस्तै कि मद्य-मांस सेवन, बाल्यावस्थामा विवाह र स्वेच्छाचारादि दोष बढ्दै जान्छ । साथै जब युद्धविभागमा युद्धविद्याको कौशल र सेना यति बढे कि जसको सामना गर्नेवाला भूगोलमा दोस्रो हुँदैन, तब उनीहरूमा पक्षपात, अभिमान बढेर अन्याय बढ्न जान्छ । जब यस्तो दोष हुन जान्छ, तब आपसमा विरोध गरेर अथवा तिनीहरूदेखि अधिक दोस्रो सानो कुलमा कुनै यस्तो समर्थ पुरुष उभिन्छ कि तिनीहरूलाई पराजय गर्नमा समर्थ हुन्छ । जसरी मुसलमानहरूको बादशाहीको अगाडि 'शिवाजी', 'गोविन्दसिंहजी' उभिएर मुसलमानहरूको राज्यलाई छिन्न-भिन्न गरिदिए ।

**अथ किमेतैर्वा परेऽन्ये महाधनुर्धराश्चक्रवर्तिनः केचित्सुद्युम्नभूरिद्युम्नेन्द्रद्युम्नकुवलयाश्व यौवनाश्ववध्रियाश्वाश्वपतिः शबिन्दुर्हरिश्चन्द्रोऽम्बरीषोऽननूक्तः स्वयातिर्ययातिरनरण्याक्षसेनादयः । अथ मरुत्तभरतप्रभृतयो राजानः ॥** –मैत्राण्युपनिषद् (प्रपाठक १/श्लोक ५) ॥

इत्यादि प्रमाणहरूबाट सिद्ध हुन्छ कि सृष्टिदेखि लिएर महाभारतपर्यन्त चक्रवर्ती सार्वभौम राजा आर्यकुलमा नै भएका थिए । अहिले यिनीहरूका सन्तानहरूको अभाग्योदय हुनाले राजभ्रष्ट भएर विदेशीहरूको पादाक्रान्त भैरहेका छन् । जसरी यहाँ सुद्युम्न, भूरिद्युम्न, इन्द्रद्युम्न, कुवलयाश्व, यौवनाश्व, वध्रियाश्व, अश्वपति, शशविन्दु, हरिश्चन्द्र, अम्बरीष, अननूक्त, स्वयाति, ययाति, अनरण्य, उक्षसेन, उत्थ, मरुत्त् र भरत आदि 'सार्वभौम' सबै भूमिमा प्रसिद्ध चक्रवर्ती राजाहरूको नाम लेखिएको छ, त्यसरी नै

स्वायम्भुवादि चक्रवर्ती राजाहरूको नाम स्पष्ट मनुस्मृति, महाभारतादि ग्रन्थहरूमा लेखिएको छ । यसलाई मिथ्या गर्नु अज्ञानी र पक्षपातीहरूको काम हो ।

## मन्त्रहरूको सिद्धि एवं निराकरण (११.३)

**प्रश्न**– जुन आग्नेयास्त्र आदि विद्या लेखिएको छ, सो सत्य हो कि होइन ? र तोप तथा बन्दूक त्यस समयमा थियो कि थिएन ?

**उत्तर**– यो कुरो साँचो हो, यी शस्त्रहरू पनि थिए । किनभने पदार्थविद्याबाट यी सबै कुरा हुन सम्भव छ ।

**प्रश्न**– के ती देवताहरूका मन्त्रबाट सिद्ध हुने गर्दथे ?

**उत्तर**– होइन । यी सबै अस्त्र पदार्थहरूबाट सिद्ध गर्दथे । ती 'मन्त्र' अर्थात् विचारले सिद्ध गर्दथे र चलाउँथे । 'मन्त्र' शब्दमय हुन्छ, त्यसबाट कुनै द्रव्य उत्पन्न हुँदैन । यदि कसैले भन्दछ कि मन्त्रबाट अग्नि उत्पन्न हुन्छ, त्यसो भए त त्यो मन्त्रको जप गर्नेवालाको हृदय र जिब्रो नै भस्म गरिदिनुपर्ने । **'मार्न जाने शत्रुलाई र मरिरहने आफू ।'** यसैले 'मन्त्र' नाम हो विचारको, जसरी 'राजमन्त्री' अर्थात् राजकर्महरूको विचार गर्नेलाई भनिन्छ, त्यसरी नै 'मन्त्र' अर्थात् विचारबाट सबै सृष्टिको पदार्थको प्रथम ज्ञान र पश्चात् क्रिया गर्नाले अनेक प्रकारको पदार्थ र क्रियाकौशल उत्पन्न हुन्छन् ।

जसरी कसैले एक फलामको बाण वा गोला बनाएर त्यसमा यस्तो पदार्थ राखोस् कि जुन अग्नि लाग्नाले वायुमा धुवाँ फैलने र सूर्यको किरण वा वायुको स्पर्श हुनाले अग्नि जलोस्, यसैको नाम **'आग्नेयास्त्र'** हो । जब दोस्राले यसको निवारण गर्न चाहेमा त त्यसैमाथि **'वारुणास्त्र'** छोडिदेओस् अर्थात् शत्रुको सेनामाथि आग्नेयास्त्र छोडेर नष्ट गर्न चाहेमा, त्यसरी नै आफ्नो सेनाको रक्षार्थ सेनापति वारुणास्त्रले आग्नेयास्त्रको निवारण गरोस् । त्यो यस्तो द्रव्यहरूको योगले गर्दा हुन्छ जसको धुवाँ वायुको स्पर्श हुनेबित्तिकै नै बादल बनेर उत्तिखेरै वर्षन लागोस् र आगोलाई निभाइदेओस् । यसरी नै **'नागपाश'** अर्थात् जुन शत्रुमाथि छोड्नाले उसको अङ्गलाई जकडेर बाँधिदिन्छ । त्यसरी नै एक **'मोहनास्त्र'** अर्थात् जसमा नशाको चीज हाल्नाले, जसमा धुवाँ लाग्नाले सबै शत्रुका सेना 'निद्रास्थ' अर्थात् मूर्च्छित हुन जान्छन् । यसै प्रकारबाट सबै शस्त्रास्त्र हुन्थे र एक तार वा शीशाले अथवा कुनै अर्को पदार्थले विद्युत उत्पन्न गरेर शत्रुहरूको नाश गर्दथे, त्यसलाई पनि **'आग्नेयास्त्र'** तथा **'पाशुपतास्त्र'** भन्दछन् । **'तोप'** र **'बन्दूक'** नाम अन्य देशको हो । यो संस्कृत आर्यावर्तीय भाषाको होइन । किन्तु जसलाई विदेशीहरूले तोप भन्दछन्, संस्कृत र भाषामा त्यसको नाम **'शतघ्नी'** र जसलाई बन्दूक भन्दछन्, त्यसको नाम संस्कृत र आर्यभाषामा **'भुशुण्डी'** भन्दछन् । जसले संस्कृत विद्यालाई पढेन र यस देशको भाषालाई पनि ठीक-ठीक जान्दैन, ती भ्रममा परेर कुनैको केही र कुनैको केही लेख्ने र बक्ने गर्दछन् । त्यसलाई बुद्धिमानीहरूले प्रमाण मान्दैनन् ।

र जति विद्या भूगोलमा फैलिएको छ, त्यो सबै आर्यावर्त देशबाट मिश्रवासीहरूले, तिनीहरूबाट यूनानीहरूले, तिनीहरूबाट रोमवासीहरूले र तिनीहरूबाट अमेरिका आदि देशमा फैलियो । अहिलेसम्म जति प्रचार संस्कृत विद्याको आर्यावर्त देशमा भएको छ, त्यति अन्य कुनै देशहरूमा छैन । जो कसैले भन्दछ कि जर्मन देशमा संस्कृतको ठूलो प्रचार छ र जति संस्कृत मोक्षमूलर साहबले पढेका छन् त्यति कसैले पढेका छैनन्, यो कुरो त भन्नमात्रैको हो । किनभने **'यस्मिन्देशे द्रुमो नास्ति तत्रैरण्डोऽपि द्रुमायते'** अर्थात् जुन देशमा कुनै वृक्ष हुँदैन, त्यस देशमा एरण्डलाई नै ठूलो वृक्ष मान्दछन् । त्यसरी नै यूरोप देशमा संस्कृत विद्याको प्रचार न हुनाले जर्मन र मोक्षमूलर साहबले थोरै पढे पनि त्यस देशको लागि अधिक हो । परन्तु आर्यावर्त देशतिर हेर्‍यौं भने त उनको एकदमै न्यून गणना हुन्छ । किनभने मैले जर्मन देशनिवासीका–एक 'प्रिन्सिपल' को–पत्रबाट जानें कि जर्मन देशमा संस्कृत-चिट्ठीको अर्थ गर्नेहरू पनि एकदमै थोरै रहेछन्, अनि मोक्षमूलर साहबको संस्कृत-साहित्य र थोरै मात्रमा वेदको व्याख्यालाई हेरेर मलाई विदित भयो कि मोक्षमूलर साहबले यता-उता आर्यावर्तीय जनहरूले लेखेकै टीकालाई हेरेर केही-केही यथा-तथा लेखेका रहेछन् । जस्तै कि–

**'युञ्जन्ति ब्रध्नमरुषं चरन्तं परि तस्थुषः । रोचन्ते रोचना दिवि ॥'**

यस मन्त्रको अर्थ **'घोडा'** गरेका छन् । यस भन्दा त जुन सायणाचार्य्यले **'सूर्य'** अर्थ गरेका छन् त्यो राम्रो हो । परन्तु यसको ठीक अर्थ **'परमात्मा'** हो, सो मैले बनाएको **'ऋग्वेदादिभाष्यभूमिका'** मा हेर्नुहोला । उसमा यस मन्त्रको यथार्थ अर्थ गरिएको छ । यतिबाटै जान्न सक्नुहनेछ कि जर्मन देश र मोक्षमूलर साहबमा संस्कृत-विद्याको कति पाडित्य रहेछ ।

यो निश्चय हो कि जति विद्या र मत भूगोलमा फैलिएको छ, ती सबै आर्यावर्त देशबाट नै प्रचरित भएको हो । हेर ! एक जैकालियट साहब प्यारिस अर्थात् फ्रांस देश निवासी आफ्नो **'बाइबल इन इण्डिया'**

मा लेख्दछन् कि– **"सबै विद्या र भलाइहरूको भण्डार आर्यावर्त देश हो र सबै विद्या तथा मत यसै देशबाट फैलिएको हो"** र परमात्मासँग प्रार्थना गर्दछु कि **"हे परमेश्वर ! जस्तो उन्नति आर्यावर्त देशको पूर्व कालमा थियो, त्यस्तै नै हाम्रो देशलाई गर्नुहोस्,"** सो त्यस ग्रन्थमा हेर्न सक्नुहुनेछ । तथा 'दाराशिकोह' बादशाहले पनि यही निश्चय गरेका थिए कि जस्तो पूरा विद्या संस्कृतमा छ त्यस्तो अन्य कुनै भाषामा छैन । उनले यस्तो उपनिषद्हरूको भाषान्तरमा लेख्दछन् कि– "**मैले अरबी आदि थुप्रै भाषाहरू पढें, परन्तु मेरो मनको सन्देह छुटेर आनन्द मिलेन । जब संस्कृत हेरें र सुनें तब निःसन्देह भएर मलाई ठूलो आनन्द मिल्यो ।"** हेर, काशीमा 'मानमन्दिर' मा शशिमालचक्रलाई कि जसको पूरा रक्षा पनि भएको छैन, तर पनि कति उत्तम छ कि जसमा आजसम्म पनि खगोलको थुप्रै वृत्तान्त जस्तो विदित हुन्छ । जुन **'सवाई जयपुराधीश'** त्यसलाई सम्हालेर र टुट-फुट भएकोलाई मर्मत गरिदिएमा त असाध्यै राम्रो हुने थियो । परन्तु यस्तो शिरोमणि देशलाई महाभारत युद्धले यस्तो धक्का दियो कि अझैसम्म पनि यो आफ्नो पूर्व दशामा फर्केर आउन सकेन । किनभने जब भाइ-भाइमा मारकाट हुन लाग्यो भने त नाश हुनमा के सन्देह ?

**विनाशकाले विपरीतबुद्धिः ॥** –चाणक्यनीति (अध्याय १६/श्लोक ५) ॥

यो कुनै कविको वचन हो कि– जब नाश हुनको लागि समय निकट आउँछ तब उल्टो बुद्धि भएर उल्टो काम गर्न थाल्दछन् । कसैले तिनीहरूलाई सीधा सम्झाएमा पनि उल्टो मान्दछन् र उल्टो सम्झाएमा त त्यसलाई सीधा मान्दछन् । जब ठूला-ठूला विद्वान् महाराजा, ऋषि, महर्षिहरू महाभारत युद्धमा मारिए र थुप्रै मरेर गए, तब विद्या र वेदोक्त धर्मको प्रचार नष्ट हुन थाल्यो । ईर्ष्या, द्वेष र अभिमान आपसमा गर्न थाले । जुन बलवान् भयो त्यसले देशलाई दबाएर राजा बनेर बस्यो । त्यसरी नै सर्वत्र आर्यावर्त देशमा खण्ड-बण्ड राज्य हुन गयो । पुनः द्वीप-द्वीपान्तरको राज्यको व्यवस्था कसले गर्ने ?

जब ब्राह्मणहरू विद्याहीन भए तब क्षत्रिय, वैश्य र शूद्रहरूका अविद्वान् हुनमा त कथा नै के भन्ने ? जुन परम्परादेखि वेदादि शास्त्रहरूको अर्थसहित पढ्ने प्रचार थियो, त्यो पनि छुट्यो । केवल जीविकार्थ पाठमात्र ब्राह्मणहरूले पढ्नलागे । सो पाठमात्र पनि क्षत्रिय आदिलाई पढाएनन् । किनभने जब अविद्वानी गुरु बने तब छल, कपट, अधर्म पनि उनमा बढ्दै गयो । **'ब्राह्मणहरूले विचार गर्न थाले कि आफ्नो जीविकाको प्रबन्ध बाँध्नु पर्दछ ।'** सम्मति गरेर यही निश्चय गर्दै क्षत्रिय आदिलाई उपदेश गर्न लागे कि हामी नै तिम्रा पूज्यदेव हौं । बिना हाम्रो सेवाले तिमीलाई स्वर्ग र मुक्ति मिल्ने छैन । किन्तु तिमीहरू जो कसैले हाम्रो सेवा गरेनौ भने त घोर नरकमा पर्नेछौ । जुन-जुन पूर्ण विद्यावाला धार्मिकहरूको नाम ब्राह्मण र पूजनीय वेद र ऋषि-मुनिहरूका शास्त्रमा लेखिएको थियो, त्यसलाई आफ्नो मूर्ख, विषयी, कपटी, लम्पट, अधर्मीहरूमाथि घटाएर बसाए । कतै ती आप्त विद्वान्हरूको लक्षण यस्ता मूर्खहरूमा कहिल्यै घट्न सक्दछ ? परन्तु जब क्षत्रियादि यजमान संस्कृत-विद्याले अत्यन्त रहित भए, तब तिनीहरूको सामुन्ने जे-जे गफ मारे त्यस-त्यसलाई बिचराहरूले सबै मान्दै गए । जब तिनीहरूले माने तब यी नाममात्रका **'ब्राह्मणहरू'** को भनेजस्तो हुन थाल्यो । सबैलाई आफ्नो वचन-जालमा बाँधेर वशीभूत गराए र भन्न थाले कि–

**ब्रह्मवाक्यं जनार्दनः ॥**

अर्थात् जुन ब्राह्मणहरूको मुखबाट वचन निस्कन्छ, त्यो जान्नु कि साक्षात् भगवान्को मुखबाट निस्कन्छ । जब क्षत्रियादि वर्ण **'आँखाका अन्धा र गाँठका पूरा'** अर्थात् भित्री विद्याको आँखो फुटेको तर धनसम्पत्तिले परिपूर्ण भएका, यस्ता-यस्ता चेलाहरू मिल्दै गए, फेरि त के थियो र यी व्यर्थ नाममात्रका ब्राह्मणहरूलाई विषयानन्दको उपवन मिल्यो । यो पनि तिनीहरूले प्रसिद्ध गरे कि जे-जति पृथ्वीमा उत्तम पदार्थहरू छन्, ती सबै ब्राह्मणहरूका लागि हुन् । अर्थात् जुन गुण, कर्म, स्वभावबाट ब्राह्मणादि वर्णव्यवस्था थियो, त्यसलाई नष्ट गरेर जन्मको आधारमा राखे र मृतक तथा स्त्री पर्यन्तको दान पनि यजमानहरूबाट लिन थाले । जस्तो आफ्नो इच्छा भयो त्यस्तै गर्दै जान थाले । यहाँसम्म कि **'हामी भूदेव हौं'** हाम्रो सेवाको बिना देवलोक कसैलाई मिल्न सक्दैन । तिनीहरूसँग सोध्नुपर्दछ कि तिमीहरू कुन लोकमा जान्छौ ? तिम्रा काम त घोर नरकमा भोग्नपर्नेखाले छन्; कृमि, कीट बन्नेछौ । तब त अत्यन्त क्रोधित भएर भन्नेछन् कि– "हामी 'श्राप' दिन्छौं, तिम्रो नाश हुनेछ, किनकि लेखिएको छ **'ब्रह्मद्वेषी विनश्यति'** ब्राह्मणहरूसँग द्वेष गर्नेवाला नष्ट भएर जान्छ ।" हो, यो कुरो त साँचो हो कि सम्पूर्ण वेद, र परमात्मालाई जान्नेवाला, धर्मात्मा, सबै जगत्को उपकारक पुरुषहरूसँग जो कसैले द्वेष गर्दछ, त्यो अवश्य नष्ट हुन्छ । परन्तु जो ब्राह्मण छैन, त्यसको न ब्राह्मण नाम र न त त्यसको सेवा गर्न नै योग्य हुन्छ । परन्तु तिमी त ब्राह्मण होइनौ ।

**प्रश्न**– त्यसो भए हामी को हौं त ?

**उत्तर**– तिमी 'पोप' हौ ।

**प्रश्न**– 'पोप' कसलाई भन्दछन् ?

**उत्तर**– वास्तवमा यसको अर्थ **'रोमन भाषामा'** त गिर्जाघरको ठूलो र पिताको नाम **'पोप'** हो परन्तु अहिले छल-कपटबाट अर्कालाई ठगेर आफ्नो प्रयोजन फत्ते गर्नेवालालाई **'पोप'** भन्दछन् ।

**प्रश्न**– हामी त ब्राह्मण र साधु हौं । किनभने हाम्रा पिता ब्राह्मण र माता ब्राह्मणी तथा हामी अमुक साधुका चेला हौं ।

**उत्तर**– यो साँचो हो, परन्तु सुन भाइ ! आमा-बुबा ब्राह्मणी-ब्राह्मण हुनाले र कुनै साधुको शिष्य हुँदैमा ब्राह्मण वा साधु हुन सक्दैनौ, किन्तु ब्राह्मण र साधु त आफ्नो उत्तम गुण, कर्म, स्वभावबाट हुन्छन्, जुन कि परोपकारी होस् ।

सुनेका छौं कि जसरी रोमका 'पोप' आफ्ना चेलाहरूलाई भन्थे कि तिमीले आफ्नो पाप हाम्रो सामुन्ने भन्यौ भने त हामीले क्षमा गरिदिने छौं । बिना हाम्रो सेवा र आज्ञाले कोही पनि स्वर्ग जान सक्दैन । यदि तिमी स्वर्गमा जान चाहन्छौ भने त जति रुपैयाँ जम्मा गर्नेछौ त्यति नै सामाग्री स्वर्गमा तिमीलाई मिल्ने छ, जब कसैले लाख रुपैयाँ स्वर्गको इच्छा गरेर 'पोपजी' लाई दिन्थ्यो, तब त्यो 'पोपजी' ईसा र मरियमको मूर्तिको सामुन्ने हुण्डी लेखेर यस्तो कागज दिन्थ्यो कि–

**"हे खुदावन्द ईसामसी ! अमुक मनुष्यले तेरो नाममा लाख रुपैयाँ स्वर्गमा आउनको लागि हामीसँग जम्मा गराएको छ । जब त्यो स्वर्गमा आउँछ तब तैंले आफ्नो पिताको स्वर्गको राज्यमा पच्चीस हजार रुपैयाँमा बाग-बगैंचा, घर; पच्चीस हजारमा सवारी, नोकर-चाकर; पच्चीस हजारमा खाने-पिउने, लुगाफाटो-सुत्न-बस्नको लागि सबै सरजाम र पच्चीस हजारको इष्ट मित्रहरूका लागि जियाफत अर्थात् खातिरदारी आदिको लागि दिनु । यो हुण्डीलाई स्वीकारिदिनु ।"** –सही पोपजीको ।

फेरि पोपजी आफैले सही गरेर हुण्डीको कागज उसलाई थमाएर भन्दथ्यो कि– **"जब तँ मर्दछस् तब यो हुण्डी पनि कबर (चिहान) मा गाड्नको लागि आफ्ना कुटुम्बलाई भनिदिनु । जब फरिश्ता (दूतहरू) आउनेछन् तब तँलाई र हुण्डीलाई साथैमा लैजानेछन् र लेखिएको प्रमाण बमोजिम चीजहरू तँलाई उपलब्ध गराउनेछन् ।"**

अब जान कि स्वर्गका ठेकेदारहरू यिनै पोपजी हुन् । जबसम्म यूरोपमा मूर्खता थियो, तबसम्म वहाँ पोपलीला चल्दथ्यो । अहिले विद्यावान् हुनाले झुटो लीला धेरै गरेर चल्दैन, किन्तु निर्मूल पनि भएको छैन ।

त्यसरी नै आर्यावर्त देशमा पनि पोपजीहरूले लाखौं अवतार लिएर लीला फिंजाइरहेका छन्, अर्थात् राजा र प्रजाले विद्या नपढ्ने, राम्रा पुरुषहरूको सङ्गत गर्न नदिने, रात-दिन बहकाउनुको सिवाय अरू केही पनि काम गर्दैनन् । **परन्तु यो ध्यानमा राख्नु कि जस-जसले छल, कपट र स्वार्थको लीला गर्दछन्, तिनीहरूलाई नै 'पोप' भन्दछन्,** जो तिनीहरूमा पनि धार्मिक विद्वान् परोपकारी हुन्छन्, ती सच्चा ब्राह्मण र साधु हुन् । अब तिनै पोपहरू अर्थात् छली-कपटी-स्वार्थीहरू, "मनुष्यलाई ठगेर आफ्नो प्रयोजन सिद्ध गर्नेहरूका लागि नै" ग्रहण **'पोप'** शब्दबाट गर्न र **'ब्राह्मण'** तथा **'साधु'** नामबाट उत्तम पुरुषहरूलाई स्वीकार गर्न योग्य हुन्छ ।

हेर ! यदि कोही पनि उत्तम ब्राह्मण वा साधु हुँदैनथ्यो भने त वेदादिशास्त्रहरूको पुस्तक स्वरसहितको पठन-पाठन, जैन, मुसलमान र ईसाई आदिबाट बचाएर आर्यहरूलाई वेदादि शास्त्रमा प्रीतियुक्त र वर्णाश्रममा राख्ने काम कसले गर्न सक्दथ्यो ?

**'विषादप्यमृतं ग्राह्यम् ।'** –मनुस्मृति (अध्याय २/श्लोक २३९) ॥

विषदेखि पनि अमृतको ग्रहण गर्नुकै समान पोपलीलाबाट बहकाउँदा पनि आर्यहरूले जैन आदि मतहरूदेखि बचेर रहनु विषमा अमृतकै समान गुण सम्झनुपर्दछ ।

जब यजमान विद्याहीन हुनगए र आफूहरू केही पूजा-पाठ पढेर अभिमानमा आएपछाडि सबै जनाले सम्मति गरेर राजा आदिसँग भने कि **ब्राह्मण** र साधु अदण्डच हुन्छ, हेर ! **'ब्राह्मणो न हन्तव्यः' 'साधुर्न हन्तव्यः'** यस्ता-यस्ता वचन जुन कि सच्चा ब्राह्मण र सच्चा साधुहरूको विषयमा थियो, सो पोपहरूले आफूमाथि घटाउन थाले । साथै थुप्रै झुट्टा-झुट्टा वचनयुक्त ग्रन्थ बनाएर त्यसमा ऋषि-मुनिहरूका नाम राख्दै उनीहरूकै नामबाट सुनाउने गर्नथाले । ती प्रतिष्ठित ऋषि-मुनिहरूका नामबाट अविद्वानीहरूले मान्न थाले । पश्चात् जब आफूमाथिबाट दण्डको व्यवस्था हटाइदिए, पुनः यथेष्टाचार गर्न लागे, अर्थात् यस्ता कडा नियम चलाए कि ती पोपहरूको आज्ञाको बिना सुत्न, बस्न, जान, आउन पनि सक्दैनथे । राजाहरूलाई यस्तो निश्चय गराए कि पोपसंज्ञक भनाउँदा मात्रका ब्राह्मण साधुले चाहे जेसुकै गरोस्, कहिल्यै पनि दण्ड नदिनू अर्थात् उनीहरूमाथि मनले पनि दण्ड दिने विचार सोच्नु हुँदैन । जब यस्तो मूर्खता भयो, तब जस्तो

पोपहरूको इच्छा हुन्थ्यो, त्यस्तै गर्न थाले, अर्थात् यस प्रकारले बिगार्ने जडीको मूल महाभारत युद्ध भन्दा पूर्व एक हजार वर्षदेखि प्रवृत्त भएका थिए । किनभने त्यस समयमा ऋषि-मुनिहरू पनि थिए तथापि केही-केही आलस्य, प्रमाद, ईर्ष्या, द्वेषको अङ्कुर उम्रिएको थियो, त्यो बढ्दै-बढ्दै वृक्ष हुन गयो । जब साँचो उपदेश रहेन तब आर्यावर्तमा अविद्या फैलिएर आपसमा लड्न थाले । किनभने–

## वाममार्गको निराकरण (११.४)

**उपदेश्योपदेष्टृत्वात् तत्सिद्धिः । इतरथाऽन्धपरम्परा ॥**

–यो सांख्यसूत्र (अध्याय ३/सूत्र ७९, ८१) को वचन हो ॥

जब उत्तम-उत्तम उपदेशक हुन्छन् तब राम्रो तरहसँग धर्म, अर्थ, काम र मोक्ष सिद्ध हुन्छन् । र जब उत्तम उपदेशक र श्रोता रहँदैनन्, तब अन्धपरम्परा चल्नथाल्दछ । फेरि पनि जब सत्पुरुष निस्केर सत्योपदेश गर्दछ, तब अन्ध-परम्परा नष्ट भएर, प्रकाशको परम्परा चल्दछ । पुनः ती पोपहरू आफूलाई र आफ्नो चरणको पूजा गराउन लागे अनि भन्न थाले कि यसैमा तिम्रो कल्याण छ । जब यिनीहरू तिनका वशमा हुन गए, तब प्रमाद र विषयासक्तिमा निमग्न भएर गोठालाकै समान झुट्टा गुरु र चेला फसे । विद्या, बल, बुद्धि, पराक्रम, शूरवीरतादि शुभगुण सबै नष्ट हुन थाल्यो । पश्चात् एक वाममार्ग निकाले । **'शिव उवाच' 'पार्वत्युवाच' 'भैरव उवाच'** इत्यादि नाम लेखेर त्यसलाई **तन्त्र** नाम राखे । त्यसभित्र यस्तो-यस्तो कुरा लेखे कि–

**मद्यं मांसं च मीनं च मुद्रा मैथुनमेव च ।**
**एते पञ्च मकाराः स्युर्मोक्षदा हि युगे युगे ॥१॥** –महानिर्वाणतन्त्र पञ्चमोल्लास; कालीतन्त्रादि ॥
**प्रवृत्ते भैरवीचक्रे सर्वे वर्णा द्विजातयः ।**
**निवृत्ते भैरवीचक्रे सर्वे वर्णाः पृथक्-पृथक् ॥२॥** –कुलार्णव तन्त्र (८/९६) ॥
**पीत्वा पीत्वा पुनः पीत्वा यावत्पतति भूतले ।**
**पुनरुत्थाय वै पीत्वा पुनर्जन्म न विद्यते ॥३॥** –कुलार्णव तन्त्र (७/१००) ॥
**मातृयोनिं परित्यज्य विहरेत् सर्वयोनिषु ॥४॥**
**वेदशास्त्रपुराणानि सामान्यगणिका इव ।**
**एकैव शाम्भवी मुद्रा गुप्ता कुलवधूरिव ॥५॥**

–ज्ञानसंकलनी तन्त्र; हठयोग प्रदीपिका उपदेश (४/३५) ॥

हेर यी गर्वगण्ड पोपहरूको लीला कि जुन चाहिं वेदविरुद्ध महा अधर्मको काम हो त्यसैलाई श्रेष्ठ, वाममार्गीहरूले माने । मद्य, मांस, मीन अर्थात् माछा, मुद्रा पूरी, रोटी आदि चर्वण, योनि र पात्राधार मुद्रा तथा पाँचौं मैथुन अर्थात् पुरुष जति सबै शिव र स्त्री जति सबै पार्वतीकै समान मानेर–

**अहं भैरवस्त्वं भैरवी ह्यावयोरस्तु सङ्गमः ॥** –कुलार्णवतन्त्र उल्लास (८/९७, १०२) ॥

चाहे कुनै पुरुष वा स्त्री नै किन नहोस् यस्तो ऊट-पटांग वचनलाई पढेर समागम गर्नमा ती वाममार्गीहरूले दोष मान्दैनन् । अर्थात् जुन नीच स्त्रीहरूलाई छुन हुँदैन, तिनैलाई अतिपवित्र यिनीहरूले मानेका छन् । जसरी शास्त्रहरूमा रजस्वला आदि स्त्रीहरूको स्पर्शको निषेध गरिएको छ, त्यसलाई वाममार्गीहरूले अति पवित्र मानेका छन् । सुन ! यिनीहरूका श्लोक खण्ड बण्ड–

**रजस्वला पुष्करं तीर्थं चाण्डाली तु स्वयं काशी,**
**चर्मकारी प्रयागः स्याद्रजकी मथुरा मता ।**
**अयोध्या पुक्कसी प्रोक्ता ।** –इत्यादि (-रुद्रयामल तन्त्र) ॥

रजस्वलाको साथमा समागम गर्नाले जान्नु पुष्कर तीर्थको स्नान, चाण्डालीको साथमा समागम गर्नाले काशीको यात्रा, चमारीसँग समागम गर्नाले जान्नु प्रयागको स्नान, धोबीकी स्त्रीको साथमा समागम गर्नाले मथुरा-यात्रा र कञ्जरीको साथमा लीला गर्नाले जान्नु कि अयोध्या-तीर्थ गरेर आयौ । मद्यको नाम 'तीर्थ', मांसको नाम 'शुद्धि' र 'पुष्प', माछाको नाम 'तृतीया' र 'जलतुम्बिका', मुद्राको नाम 'चतुर्थी', मैथुनको नाम 'पञ्चमी' । यस्ता नाम तिनीहरूले यसको लागि राखे कि अरू कसैले बुझ्न नसकून् । आफ्नो नाम कौल, आर्द्र, वीर, शाम्भव र गण आदि राखेका छन् । फेरि जुन वाममार्ग मतमा छैन, त्यसलाई 'कण्टक', 'विमुख', 'शुष्कपशु' आदि नाम राखेका छन् ॥१॥

र भन्दछन् कि जब भैरवीचक्र हुन्छ, तब उसमा ब्राह्मणदेखि लिएर चाण्डालपर्यन्तको नाम द्विज हुन जान्छ, र जब भैरवीचक्रदेखि अलग भएमा त, सबै आफ्ना-आफ्ना वर्णस्थ हुन जान्छन् । भैरवीचक्रमा वाममार्गीहरू भूमि वा पट्टामा एक बिन्दु, त्रिकोण, चतुष्कोण, वर्त्तुलाकार बनाएर त्यसमा मद्यको घैंटो राखेर त्यसको पूजा गर्दछन्, फेरि यस्तो मन्त्र पढ्दछन्– **'ब्रह्मशापं विमोचय'** हे मद्य ! तँ ब्रह्मा आदिको श्रापदेखि

रहित भएस् । एक गुप्त स्थानमा कि जहाँ सिवाय वाममार्गी बाहेक अरूलाई आउन दिँदैनन्, त्यहाँ स्त्री र पुरुष जम्मा हुन्छन् । एउटी स्त्रीलाई नाङ्गी बनाएर पूज्दछन् र स्त्रीहरूले कुनै एक जना पुरुषलाई नाङ्गो बनाएर पूज्दछन् । पुनः कुनै कसैकी स्त्री, कुनै आफ्नी वा अर्काकी कन्या, कुनै कसैकी आमा, बहिनी, बुहारी आदि आउँछन् । पश्चात् एक पात्रमा मद्य भरेर मासु पनि ठूलो थालीमा राख्दछन् । त्यस मद्यको प्याला जुन कि उनीहरूका आचार्य हुन्छ, त्यसले हातमा लिएर **'भैरवोऽहम्' 'शिवोऽहम्'** 'म भैरव वा शिव हूँ' भन्दै पिउन थाल्दछ । त्यसकै जूठो पात्रले अरूले पनि पिउन थाल्दछन्, र जब कसैकी स्त्री वा वेश्यालाई नाङ्गी बनाएर अथवा कुनै पुरुषलाई नाङ्गो बनाएर त्यसको हातमा तलवार थमाउँदै स्त्रीको नाम देवी र पुरुषको नाम महादेव राख्दछन्, उनीहरूका उपस्थ (गुप्ताङ्ग) इन्द्रियको पूजा गर्दछन्, तब उस देवी वा शिवलाई मद्यको प्याला पियाएर, त्यही जूठो पात्रले एक-एक प्याला सबैले पिउँछन् । फेरि त्यसै प्रकार क्रमैले पिएर पिउँदा-पिउँदै उन्मत्त भएर, चाहे कुनै कसैको बहिनी होस्, चाहे कन्या वा आमा होस्, जसको साथ जसको इच्छा हुन्छ, उसैको साथमा कुकर्म गर्दछन् । कहिले-काहिं अधिक नशा चढ्दामा लात्ती वा जुत्ताले हानाहान्, मुड्कीले हानाहान्, केश लुछालुछ गरेर आपसमा लड्दछन् । कुनै-कुनैले त्यहीं वमन पनि गर्दछन् । तिनीहरूमा जुन पुगेको हुन्छ त्यो 'अघोरी' अर्थात् सिद्धमा गनिन्छ, त्यसले वमन गरेको चीजलाई पनि खाइदिन्छ । अर्थात् यिनीहरूका सबै भन्दा ठूला सिद्धहरूको कुरो यो छ कि–

**हालां पिबति दीक्षितस्य मन्दिरे, सुप्तो निशायां गणिकागृहेषु ।**
**विराजते कौलवचक्रवर्ती ॥** –कुलार्णवतन्त्र, उल्लास ९ ॥

जो 'दीक्षित' अर्थात् कलारको घरमा गएर बोतल माथि बोतल थप्दछ । रण्डीहरूको घरमा गएर कुकर्म गरेर सुत्दछ, जसले इत्यादि कर्म निर्लज्ज, निःशङ्क भएर गर्दछ, त्यही वाममार्गीहरूमा सर्वोपरि मुख्य चक्रवर्ती राजाको समान मानिन्छ । अर्थात् जति ठूलो कुकर्मी त्यही नै तिनीहरूमा ठूलो, र जसले राम्रो काम गर्दछ र नराम्रा कामहरूदेखि डराउँछ त्यो त्यति नै सानो । किनभने–

**पाशबद्धो भवेज्जीवः पाशमुक्तः सदा शिवः ॥** –ज्ञानसंकलनी तन्त्र, श्लोक ४३ ॥

यस्तो तन्त्रमा भन्दछन् कि जो लोकलज्जा, शास्त्रलज्जा, कुललज्जा, देशलज्जा आदि पाशोमा बाँधिन्छ त्यो 'जीव' र जो निर्लज्ज भएर नराम्रा कामहरू गर्दछ त्यही नै सदा 'शिव' हो **॥२॥**

'उड्डीस' तन्त्र आदिमा एक प्रयोग लेखिएको छ कि एक घरमा चारैतिरबाट आलय होस् । त्यसमा मद्यको बोतल भरेर राखिदिने । त्यस आलयमा एक बोतल पिएर, अर्को आलयमा जाओस् । फेरि त्यसबाट पनि पिएर तेस्रोमा जाओस्, तेस्रोबाट पिएर फेरि चौथो आलयमा जाओस् । उभिएरै तबसम्म मद्य पियोस् जबसम्म रूख लड्दाझैं पृथ्वीमा नलडोस् । फेरि जब नशा उत्रेमा त्यसरी पियोस् कि जबसम्म पृथ्वीमा गिर्दैन । यसरी नै पुनः तेस्रो पटक पिएर गिरेको मान्छे उठेमा त पुनर्जन्म हुने छैन, अर्थात् साँचो त यो हो कि यस्ता मनुष्यहरूको पुनः मनुष्यजन्म हुन कठिन छ, किन्तु नीच योनिमा बहुकालपर्यन्त परिरहनेछ **॥३॥**

वाममार्गीहरूको तन्त्र-ग्रन्थहरूमा यो नियम छ कि एक आमालाई मात्र छोड्नु बाँकी कसैलाई पनि नछोड्नु अर्थात् चाहे कन्या वा दिदी-बहिनी आदि नै किन नहून्, सबैको साथमा संगम गर्नुपर्दछ । यी वाममार्गीहरूमा दश महाविद्या प्रसिद्ध छन्, त्यस मध्येमा एउटा मातङ्गी विद्यावालाले भन्दछ कि **'मातरमपि न त्यजेत्'** अर्थात् आमालाई पनि समागम गरे बिना नछोड्नू । फेरि स्त्री पुरुषको समागमको समयमा मन्त्र जप्दछन् कि हामीलाई सिद्धि प्राप्त भओस् । यस्ता बहुलाहा तालका मान्छेहरू पनि संसारमा सारै नै न्यून होलान् **॥४॥**

जुन मनुष्यले झुटको खेती गर्न चाहन्छ, त्यसले सत्यको निन्दा अवश्य गर्दछ । हेर ! यी वाममार्गी के भन्दछन् ? वेद शास्त्र, र पुराण यी सबै सामान्य वेश्याहरूको तुल्य हुन् र जुन त्यो शाम्भवी वाममार्गको मुद्रा हो, त्यो गुप्त कुलकी स्त्रीहरूको तुल्य छ **॥५॥**

यसैले यिनीहरूले सर्वथा वेदविरुद्ध मत निकालेका छन् । पश्चात् यिनीहरूको मत धेरै चल्यो । तब धूर्तता गरेर वेदहरूको नामबाट पनि वाममार्गीको लीला कता-कति चल्न थाल्यो । अर्थात्–

**सौत्रामण्यां सुरां पिबेत् ।** –तुलना [शत.ब्रा.(कां.१२/३/५/२) तथा (ब.४/कं.५)] ॥
**प्रोक्षितं भक्षयेन्मांसम् ।** –मनस्मृति (अध्याय ५/श्लोक २७) ॥
**वैदिकी हिंसा हिंसा न भवति ॥१॥** –तुलना [मनुस्मृति (अध्याय ५/श्लोक ४४)] ॥
**न मांसभक्षणे दोषो न मद्ये न च मैथुने । प्रवृत्तिरेषा भूतानां निवृत्तिस्तु महाफला ॥२॥**
–मनुस्मृति (अध्याय ५/श्लोक ५६) ॥

**'सौत्रामणी'** यज्ञमा मद्य पियोस, यसको अर्थ त यो हो कि सौत्रामणी यज्ञमा **'सोमरस'** अर्थात् सोमवल्लीको रस पियोस् ।

**'प्रोक्षित'** अर्थात् यज्ञमा मासु खानमा दोष छैन, यस्ता-यस्ता पामरपनका कुराहरू वाममार्गीहरूले चलाएका छन् ।

तिनीहरूसँग सोध्नुपर्दछ कि यदि वैदिकी हिंसा हिंसा हुँदैन भने त, तँ र तेरा कुटुम्बलाई मारेर होम गरेमा त केको चिन्ता ? ॥१॥

मांसभक्षण गर्न, मद्य पिउन, परस्त्रीगमन गर्न आदिमा दोष छैन, यस्तो भन्नु छोकरपन हो । किनभने बिना प्राणीहरूलाई पीडा नदिइकन मांस प्राप्त हुँदैन, र बिना अपराधको पीडा दिनु धर्मको काम होइन । मद्यपानको त सर्वथा नै निषेध छँदैछ, किनभने अहिलेसम्म वाममार्गीहरूको बिना अरू कसैको ग्रन्थमा लेखिएको छैन, किन्तु सर्वत्र निषेध छ । साथै बिना विवाहको मैथुनमा पनि दोष छ, यसलाई निर्दोष भन्नेवाला नै सदोष हो ॥२॥

यस्तै-यस्तै वचन पनि पवित्र ऋषिहरूका ग्रन्थमा हालेर कयौं ऋषि-मुनिहरूको नामले ग्रन्थ बनाएर **'गोमेध', 'अश्वमेध'** नामका यज्ञ पनि गराउन थालेका थिए । अर्थात् 'यी पशुहरूलाई मारेर होम गर्नाले, यजमान र पशुलाई स्वर्गको प्राप्ति हुन्छ' यस्तो प्रसिद्धिको निश्चय त यो हो कि ब्राह्मणग्रन्थहरूमा अश्वमेध, गोमेध, नरमेध आदि शब्दहरू छन्, तिनका ठीक-ठीक अर्थ जानेन् । किनभने यदि जान्दथे भने त यस्तो अनर्थ किन गर्दथे ?

**सुरा मत्स्या मधु मांसमासवं कृसरारौदनम् ।**
**धूर्तैः प्रवर्तितं ह्येतन्नैतद् वेदेषु कल्पितम् ॥**
**मानान्मोहाच्च लोभाच्च लौल्यमेतत्प्रकल्पितम् ।**

–महाभारत (शान्तिपर्व/अध्याय २६५/श्लोक ९-१०) ॥

'सुरा, माछा, मद्य, मासु, आसव, कृसारा आदि खाने प्रचलन धूर्तहरूले गरेका हुन् । वेदमा यी पदार्थहरूको खाने-पिउने विधान छैन । ती धूर्तहरूले अभिमान, मोह र लोभको वशीभूत भएर ती वस्तुहरू प्रति आफ्नो लोलुपता नै प्रकट गरेका हुन् ।' यसरी महाभारतले त स्पष्ट रूपले बताइरहेको छ कि यो सबै हिंसाको प्रचलन धूर्तहरूले नै चलाएका हुन् ।

**प्रश्न– अश्वमेध, गोमेध, नरमेध** आदि शब्दहरूको अर्थ के हो त ?

**उत्तर**– यसको अर्थ यो हो कि–

**राष्ट्रं वा अश्वमेधः ॥** –शतपथ ब्राह्मणे (१३/१/६/३) ॥

**अन्नꣳहि गौः ॥** –शतपथब्राह्मणे (४/३/१/२५) ॥

**अग्निर्वा अश्वः ॥** –शतपथब्राह्मणे (३/५/१/५) ॥

**आज्यं मेधः ॥** –शतपथब्राह्मणे [तुलना– (१३/२/११/२)] ॥

घोडा, गाई आदि पशु तथा मनुष्यलाई मारेर होम गर्न कहीं पनि लेखिएको छैन । किन्तु यो कुरा पनि वाममार्गीहरूले नै चलाएका हुन्, र जहाँ-जहाँ यस्तो लेख छ, त्यो-त्यो सबै वाममार्गीहरूले प्रक्षेप गरेका हुन् । 'मेध' शब्दले बुद्धिपूर्वक कार्य गर्नको लागि भाव प्रकट गर्दछ । मेध शब्दको धातु पाठ "मेध=मेधृ=सं-ग-मे" बाट बनेको छ, यसको अर्थ हुन्छ मिलाप गर्नु, सशक्त गर्नु अथवा पोषित गर्नु भन्ने । हेर ! राजाले न्याय धर्मबाट प्रजाको पालन गरोस्, विद्यादि दिलाउने यजमान र अग्निमा घ्यू आदिको होम गर्नु अर्थात् राष्ट्र वा साम्राज्यको गौरव, वैभव, कल्याण र विकास एवं समृद्धिको लागि समर्पित यज्ञ नै **'अश्वमेध'** हो; अन्न दूषित हुनबाट बचाउनु, आफ्ना इन्द्रियहरूलाई वशमा राख्नु, सूर्यका किरणहरूबाट उचित उपयोग लिनु, पृथ्वीलाई स्वच्छ एवं पवित्र राख्नु अर्थात् पृथ्वी तथा पर्यावरणको शुद्धताको लागि समर्पित यज्ञ नै **'गोमेध'** हो; जब मनुष्य मर्दछ, तब उसको शरीरलाई विधिपूर्वक दाह गर्नुलाई नै **'नरमेध'** भनिन्छ । मानिसलाई उत्तम कार्यको लागि प्रशिक्षित एवं संगठित गर्नु पनि **नरमेध** वा **पुरुषमेध** अथवा **नृमेध** यज्ञ भनिन्छ ।

**प्रश्न**– यज्ञकर्ता भन्दछन् कि यज्ञ गर्नाले यजमान र पशु स्वर्गगामी; तथा होम गरेर फेरि पशुलाई जित्ने गर्दथे, यो कुरो साँचो हो कि होइन ?

**उत्तर**– साँचो होइन । यदि स्वर्ग जान्छ भने त यस्ता कुरा भन्नेलाई मारेर, होम गरेर, स्वर्गमा पुऱ्याउनुपर्दछ वा त्यसका प्रिय माता, पिता, स्त्री र पुत्रादिलाई मारेर होम गरेर स्वर्गमा किन पुऱ्याउँदैनन् ? वा वेदीबाट पुनः किन ब्युँताउँदैनन् ?

**प्रश्न**– जब यज्ञ गर्दछन् तब वेदहरूका मन्त्र पढ्दछन् । यदि वेदमा हुन्थेन भने त कहाँबाट पढ्दथे ?

**उत्तर**– मन्त्रले कसैलाई कहीं पनि पढ्नमा रोक्दैन, किनभने त्यो एक शब्द हो । परन्तु उनका अर्थ यस्तो होइन कि पुशलाई मारेर होम गर्नु । जस्तै **'अगनये स्वाहा'** इत्यादि मन्त्रहरूको अर्थ– 'अग्निमा हवि, पृष्टयादिकारक घृतादि उत्तम पदार्थहरूको होम गर्नाले वायु, वृष्टि, जल, शुद्ध भएर जगत्‌लाई सुखकारक गराउँदछ,' परन्तु यी सत्य अर्थहरूलाई ती मूढले बुझ्दैनथे । किनभने जो स्वार्थबुद्धि हुन्छन्, तिनीहरू आफ्नो स्वार्थ गर्नको अतिरिक्त दोस्रो केही पनि जान्दैनन्, मान्दैनन् । जब यी पोपहरूको यस्तो अनाचार देखेर अर्कातिर मरेकाको तर्पण, श्राद्धादि गरेको देखेर एक महाभयङ्कर, वेदादि-शास्त्रनिन्दक, बौद्ध र जैन मत प्रचलित भएको हो । सुनिन्छ कि यसै देशमा गोरखपुरको एउटा राजा थियो, उसबाट पोपहरूले यज्ञ गराए । उसकी प्रिय रानीको समागम घोडाको साथमा गराउनाले रानी मरेपछि, वैराग्यवान् भएर आफ्नो पुत्रलाई राज्य दिएर, आफू साधु बनेर, पोपहरूको पोल खोल्न थाल्यो । त्यसैको शाखारूप 'चारवाक' र 'आभाणक' मत पनि आएको थियो । तिनीहरूले यस प्रकारसँग श्लोक बनाएका छन्–

**पशुश्चेन्निहतः स्वर्गं ज्योतिष्टोमे गमिष्यति । स्वपिता यजमानेन तत्र कथं न हिंस्यते ॥१॥**
**मृतानामिह जन्तूनां श्राद्धं चेत्तृप्तिकारणम् । गच्छतामिह जन्तूनां व्यर्थं पाथेयकल्पनम् ॥२॥**

–सर्वदर्शनसंग्रह (चारवाक दर्शन, श्लोक ४-५) ॥

यदि मारेर अग्निमा होम गर्नाले पशु स्वर्गमा जान्छ भने त, यजमान आफ्नो पिता आदिलाई मारेर स्वर्गमा किन पठाउँदैन ॥१॥ यदि मरेका मनुष्यहरूको तृप्तिको लागि श्राद्ध र तर्पण हुन्छ भने त, विदेशमा जानेहरूका लागि बाटाखर्च खान-पिउनको लागि भनेर, पोको पारेर लैजानु व्यर्थ छ । किनभने जब मृतकलाई श्राद्ध, तर्पणले अन्नजल पुग्दछ भने त, जीउँदै परदेश रहेका वा बाटामा जाँदै गरेकाका लागि घरमा भान्छामा पकाइएको खाना थालीमा पस्केर अंखराभरी जल लिएर परदेशी वा बटुवाको नाममा राखिदिनाले किन पुग्न सक्दैन ? जब जीउँदा दूर देश अथवा दश हात पर बसेकालाई दिएको पुग्दैन भने त, झनै मरेकाहरूलाई दिएको त कुनै प्रकारले पनि पुग्न सक्दैन ॥२॥

उनीहरूका यस्ता युक्तिसिद्ध उपदेशहरूलाई मान्न थाले र उनीहरूको मत बढ्न थाल्यो । जब थुप्रै राजा र धनीमानीहरू उनका मतमा भए तब पोपजी पनि उनैतिर झुके, किनभने यिनीहरूलाई जता गजबका गफाडी मिल्दछन्, उतै जान थाले । धमाधम जैन बन्दै गए । जैनमा पनि अरू थुप्रै प्रकारको पोपलीला छ, सो १२औं समुल्लासमा लेख्नेछु । थुप्रैले यिनीहरूका मतलाई स्वीकार गरे परन्तु कतिले त जुन पर्वत, काशी, कन्नौज, पश्चिम, दक्षिण देशवासीहरू थिए, उनीहरूले जैनहरूको मतलाई स्वीकार गरेका थिएनन् । ती जैनीहरूले वेदको अर्थलाई नजानेर बाहिरियाका पोपलीलाको भ्रान्तिले वेदमाथि मानेर, वेहरूको पनि निन्दा गर्न थाले । यसको पठनपाठन, यज्ञोपवीतादि र ब्रह्मचर्यादि नियमहरूलाई पनि नाश गरे । जहाँ जति पुस्तक वेदादिका पाए, नष्ट गरे । आर्यहरूमाथि थुप्रै राजसत्ता पनि चलाए र दुःख दिए । जब तिनीहरूलाई भय, शङ्का रहेन, तब आफ्ना मतवाला गृहस्थ र साधुहरूको प्रतिष्ठा र वेदमार्गीहरूलाई अपमान र पक्षपातसँग दण्ड पनि दिन थाले । साथै आफूहरू ऐश-आराम र घमण्डमा आएर, फुल्न थाले । मै हूँ भन्दै डुल्न-फिर्न थाले । ऋषभदेवदेखि लिएर महावीर-पर्यन्त आफ्ना तीर्थङ्करहरूका ठूला-ठूला मूर्तिहरू बनाएर पूजा गर्न थाले, अर्थात् पाषाणादि मूर्तिपूजाको जड जैनीहरूबाट चल्यो । परमेश्वरलाई मान्न न्यून हुन थाल्यो, सबै पाषाणादि मूर्तिपूजामा लागे । यस्तो तीन सय वर्ष पर्यन्तसम्म आर्यावर्त्तमा जैनहरूको राज रह्यो । प्रायः आर्यहरू उनैमा मिलेर शूद्रप्राय वेदार्थ-ज्ञानदेखि शून्य हुन गएका थिए । यो कुरो अनुमानले कोई साढे दुई हजार वर्ष व्यतीत भयो होला ।

बाईस सय वर्ष भयो कि एक 'शङ्कराचार्य' द्रविणदेशोत्पन्न ब्राह्मण ब्रह्मचर्यबाट व्याकरणादि सबै शास्त्रहरूलाई पढेर सोच्न लागे कि अहह ! सत्य आस्तिक वेदको मत छुट्नु र जैन नास्तिक मत चल्नु, ठूलो नै हानिको कुरा भएको छ, यसलाई हटाउनुपर्दछ । शङ्कराचार्यले शास्त्र त पढेकै थिए । परन्तु जैन मतका पुस्तक पनि पढेका थिए र तिनीहरूका युक्ति पनि एकदम प्रबल थिए । उनले विचार गरे कि यिनीहरूलाई कसरी हटाउने ? निश्चय भयो कि उपदेश र शास्त्रार्थ गरेमा त यिनीहरू हट्नेछन् । यस्तो विचार गरेर उज्जैनमा आए । वहाँ त्यो समयमा 'सुधन्वा' राजा थिए, जसले जैनीहरूको ग्रन्थ र केही संस्कृत पनि पढेका थिए । त्यहाँ गएर शङ्कराचार्यले वेदको उपदेश गर्न लागे र राजासँग मिलेर भने कि तपाईंले संस्कृत र जैनीहरूका पनि ग्रन्थ पढ्नुभएको छ, जैन मतलाई मान्नुहुन्छ, यसैले म तपाईसँग भन्दछु कि जैनीहरूका पण्डितहरूसँग मेरो शास्त्रार्थ गराउनुहोस्, यस प्रतिज्ञामा कि– 'जसले हार्नेछ उसले जित्नेवालाको मतलाई स्वीकार गर्ने र तपाईंले पनि जित्नेवालाको मतलाई स्वीकार गर्नुहोला ।'

यद्यपि सुधन्वा जैन मतमा थिए तथापि संस्कृत ग्रन्थ पढ्नाले उनको आँखा केही खुलेको थियो । त्यसैले उनी अत्यन्त पशु थिएनन् । किनभने जो विद्वान् हुन्छ, त्यसले सत्य र असत्यको परीक्षा गरेर

सत्यलाई मान्दछ र असत्यलाई छोड्दछ । जबसम्म सुधन्वा राजालाई ठूला विद्वान् उपदेशक मिलेका थिएनन्, तबसम्म सन्देहमा थिए कि यिनीहरूमा कुन चाहिं सत्य हो र कुन चाहिं असत्य हो ? जब शङ्कराचार्यको यस्तो कुरा सुने, एकदमै प्रसन्नता हुँदै भने कि मैले शास्त्रार्थ गराएर सत्याऽसत्यको निर्णय अवश्य गराउनेछु । जैनीहरूका पण्डितहरूलाई टाढा-टाढादेखि बोलाएर सभा गराए । त्यसमा शङ्कराचार्यको वेदमत र जैनीहरूको वेदविरुद्ध मत थियो । अर्थात् शङ्कराचार्यको पक्ष वेदमतको स्थापन र जैनीहरूको खण्डन; जैनीहरूको आफ्नो मतको स्थापन र वेदको खण्डन पक्ष थियो । शास्त्रार्थ कयौं दिनसम्म भयो । जैनीहरूको मत यो थियो कि– 'सृष्टिको कर्ता अनादि ईश्वर कोई होइन; यो जगत् र जीव अनादि हो, यी दुइटैको उत्पत्ति र नाश कहिल्यै हुँदैन ।' यसदेखि विरुद्ध शङ्कराचार्यको मत थियो कि– 'अनादि सिद्ध परमात्मा नै जगत्को कर्ता हो; यो जगत् र जीव झुटो हो; किनभने उसै परमेश्वरले आफ्नो मायाले जगत् बनायो; वही धारण र प्रलयकर्ता हो; र यो जीव र प्रपञ्च स्वप्नवत् छ; परमेश्वर आफै नै सबै रूप हुँदै लीला गरिरहेको छ ।'

धेरै दिनसम्म शास्त्रार्थ भैरह्यो । परन्तु अन्तमा युक्ति र प्रमाणबाट जैनीहरूको मत खण्डित र शङ्कराचार्यको मत अखण्डित रह्यो । तब ती जैनीहरूका पण्डित र सुधन्वा राजाले वेदमतलाई स्वीकार गरे, जैनमतलाई छोडिदिए । पुनः ठूलो हल्ला भयो र सुधन्वाले आफ्ना मित्र राजाहरूलाई पत्र लेखेर शास्त्रार्थ गराए । परन्तु जैनीहरूको पराजयको समय हुनाले पराजित हुँदै गए । पश्चात् शङ्कराचार्यलाई सर्वत्र आर्यावर्तमा घुम्नको लागि प्रबन्ध सुधन्वादि राजाहरूले गरिदिए र उनको रक्षाको लागि साथमा नोकर-चाकर पनि राखिदिए । त्यसै समयबाट सबैको यज्ञोपवीत हुन थाल्यो र वेदहरूको पठनपाठन पनि चल्यो । दश वर्षको भित्रमा सर्वत्र आर्यावर्तमा घुमेर जैनीहरूको खण्डन र वेदहरूको मण्डन गरे । परन्तु शङ्कराचार्यको समयमा **'जैन-विध्वंस'** अर्थात् जति पनि मूर्तिहरू जैनीहरूका फुटेका निस्कन्छन्, ती सबै शङ्कराचार्यको समयमा फुटेका थिए । फेरि जति नफुटेका निस्कन्छन्, ती जैनीहरूले भूमिमा गाडिदिएका थिए ताकि कसैले नफुटालून् भनेर । तिनै अझैसम्म पनि कहीं कतै भूमिबाट निस्कन्छन् । शङ्कराचार्यको पूर्व शैवमत पनि केही थोरै थियो, त्यसको पनि खण्डन गरे । वाममार्गीहरूको खण्डन गरे । त्यो समयमा यस देशमा धन थुप्रै थियो र स्वदेशभक्ति पनि थियो । जैनीहरूका मन्दिर शङ्कराचार्य र सुधन्वाले फुटालेका थिएनन् तर तिनैमा वेदादिको पाठशाला बनाउने इच्छा भने गरेका थिए ।

जब वेदमतको स्थापना भैसक्यो, र विद्या-प्रचार गर्नको लागि विचार गर्दै थिए, त्यसैमा दुई जना बाहिरबाट वेदमत र भित्रबाट कट्टर जैन थिए, अर्थात् कपटमुनि थिए, शङ्कराचार्य उनीहरूमाथि अति प्रसन्न थिए, ती दुवै जनाले अवसर हेरेर शङ्कराचार्यलाई यस्तो विषयुक्त वस्तु ख्वाइदिए कि उनको भोक मन्द हुन गयो । पश्चात् शरीरमा थुप्रै घाउ-खटिरा आएर छः महिनाको भित्रमा नै शरीर छुटेर गयो । तब सबै निरुत्साहित हुन पुगे र जुन विद्याको प्रचार हुन गैरहेको थियो, त्यो पनि हुन पाएन ।

जुन-जुन उनले शारीरक-भाष्यादि बनाएका थिए, त्यसको प्रचार शङ्कराचार्यका शिष्यहरूले गर्न थाले । अर्थात् जुन जैनीहरूको खण्डनको लागि 'ब्रह्म सत्य, जगत् मिथ्या र जीव ब्रह्मको एकता' कथन गरेका थिए, त्यसको उपदेश गर्न लागे । दक्षिणमा शृङ्गेरी, पूर्वमा भूगोवर्धन, उत्तरमा जोशीमठ र द्वारिकामा सारदामठ बाँधेर शङ्कराचार्यका शिष्यहरू महन्त बनेर र श्रीमान् हुँदै आनन्द गर्न थाले, किनभने शङ्कराचार्यको पश्चात् उनका शिष्यहरूको ठूलो प्रतिष्ठा हुन थाल्यो ।

अब यसमा विचार गर्नु पर्दछ कि 'जीव ब्रह्मको एकता, जगत् मिथ्या' शङ्कराचार्यको निज मत थियो भने त त्यो राम्रो मत होइन, र यदि जैनीहरूको खण्डनको लागि त्यस मतलाई स्वीकार गरेका भए त, केही राम्रो हो ।

## अद्वैतवादको समीक्षा (११.५)

नवीन वेदान्तीहरूको मत यस्तो छ–

**प्रश्न**– जगत् स्वप्नवत्, रस्सी (डोरी) मा सर्प, सिपीमा चाँदी, मृगतृष्णिकामा जल, गन्धर्वनगर, इन्द्रजालवत् यो संसार झुट्टो हो । एक ब्रह्म नै साँचो हो ।

**सिद्धान्ती**– 'झुट्टो' तिमी कसलाई भन्दछौ ?

**नवीन वेदान्ती**– जुन वस्तु होइन तर प्रतीत हुन्छ ।

**सिद्धान्ती**– जुन वस्तु नै होइन, त्यसको प्रतीति कसरी हुन सक्दछ ?

**नवीन वेदान्ती**– अध्यारोपबाट ।

**सिद्धान्ती**– अध्यारोप कसलाई भन्दछौ ?

**नवीन वेदान्ती**– **'वस्तुन्यवस्त्वारोपणमध्यासः'** –तुलना (सदानन्दविरचित वेदान्तसार खण्ड ६) ॥

**'अध्यारोपापवादाभ्यां निष्प्रपञ्चं प्रपञ्च्यते' ।**

–विद्यारण्यविरचित (अनुभूतिप्रकाश अध्याय १/श्लोक १८) ॥

पदार्थ कुनै अर्को हुन्छ, त्यसमा अन्य वस्तुको **आरोपण** गर्नु **अध्यास, अध्यारोप;** र त्यसको निराकरण गर्नुलाई अपवाद भनिन्छ । यी दुइटैमा **प्रपञ्चरहित ब्रह्ममा प्रपञ्चरूप जगत् विस्तार गर्दछौं ।**

**सिद्धान्ती**– तिमी रस्सी (डोरी) लाई वस्तु र सर्पलाई अवस्तु मानेर यस भ्रमजालमा परेका छौ । के सर्प वस्तु होइन ? यदि भन्दछौ कि रस्सीमा छैन त देशान्तरमा, र त्यसको संस्कारमात्र हृदयमा हुन्छ । फेरि त्यो सर्प पनि अवस्तु रहेन । त्यसरी नै स्थाणुमा पुरुष, सिपीमा चाँदी आदिको व्यवस्था सम्झनुपर्दछ । र स्वप्नमा पनि जसको भान हुन्छ, त्यो देशान्तरमा हुन्छ र त्यसको संस्कार आत्मामा पनि हुन्छ । त्यसैले त्यो स्वप्न पनि वस्तुमा अवस्तुको आरोपणकै समान होइन ।

**नवीन वेदान्ती**– जसलाई कहिल्यै देखेको छैन, सुनेको छैन, जस्तै कि आफ्नो शिर काटिएको छ र आफू रोइरहेको छ, जलको धारा माथिरतिर गैरहेको छ, जुन कहिल्यै भएको थिएन, त्यो सत्य कसरी हुनसक्दछ ?

**सिद्धान्ती**– यस दृष्टान्तले पनि तिम्रो पक्षलाई सिद्ध गर्दैन, किनभने बिना देखे सुने संस्कार बन्दैन । संस्कारको बिना स्मृति र स्मृतिको बिना साक्षात् अनुभव हुँदैन । जब कसैबाट सुन्यो वा देख्यो कि अमुकको शिर काटिएको र उसका भाइ तथा बाउ आदिलाई लडाईंमा प्रत्यक्ष रुँदै देख्यो र फोहराको जल माथि चढ्दै गरेको देख्यो वा सुन्यो त्यसको संस्कार उसको आत्मामा हुन्छ । जब यो जागृतको पदार्थदेखि अलग भएर हेर्दछ; तब आफ्नो आत्मामा उनै पदार्थहरूको, जसलाई देखेको सुनेको थियो, देख्दछ । जब आफूमा नै देख्दछ तब जान्नु आफ्नो शिर काटिएको, आफै रोएको र माथि जाँदै गरेको जलको धारालाई देख्दछ । यो पनि वस्तुमा अवस्तुको आरोपणकै सदृश होइन, किन्तु जसरी नक्शा बनाउने वालाले पूर्व दृष्ट, श्रुत वा गरिएकाहरूलाई आत्मादेखि निकालेर कागजमा लेखिदिन्छ अथवा प्रतिबिम्बलाई उतार्नेवाला बिम्बलाई देखेर, आत्मामा आकृतिलाई बसाएर, बराबर लेखेर दिन्छ ।

हो ! यति त हो कि कहिलेकाहिं स्वप्नमा स्मरणयुक्त प्रतीति जस्तो कि आफ्नो अध्यापकलाई देख्दछ र कहिले धेरै काल देख्नाले र सुन्नाले अतीतको ज्ञानलाई साक्षात्कार गर्दछ, तब स्मरण रहँदैन कि जुन मैले त्यस समयमा देखें, सुनें वा गरेको थिएँ त्यसैलाई देख्छु, सुन्छु वा गर्दछु । जस्तो जागृतमा स्मरण गर्दछ, त्यस्तो स्वप्नमा नियमपूर्वक हुँदैन । हेर ! जन्मान्धलाई रूपको स्वप्न आउँदैन । त्यसैले तिम्रो अध्यास र आरोपको लक्षण झुट्टो हो, र जो वेदान्तीहरू 'विवर्त्तवाद' अर्थात् रस्सीमा सर्पादिको भान हुनुको दृष्टान्त, ब्रह्ममा जगत्को भान हुनमा दिन्छन्, त्यो पनि ठीक होइन ।

**नवीन वेदान्ती**– अधिष्ठानको बिना अध्यस्त प्रतीत हुँदैन । जस्तै रस्सी नभएमा त सर्पको पनि भान हुन सक्दैन । जसरी रस्सीमा सर्प तीनै कालमा हुँदैन परन्तु अन्धकार, केही प्रकाशको मेलमा अकस्मात् रस्सीलाई देख्नाले सर्पको भ्रम भएर काँप्दछ । जब त्यसलाई दीप आदिले हेर्दछ, उत्तिखेरै भ्रम र भय निवृत्त हुन जान्छ । त्यसरी नै ब्रह्ममा जुन जगत्को मिथ्या प्रतीति भएको छ, त्यसको निवृत्ति र ब्रह्मको प्रतीति, जस्तो कि सर्पको निवृत्ति र रस्सीको प्रतीति हुनेगर्दछ ।

**सिद्धान्ती**– यी वेदान्तीहरूसँग सोध्नुपर्दछ कि ब्रह्ममा जगत्को भान कसलाई भयो ?

**नवीन वेदान्ती**– जीवलाई ।

**सिद्धान्ती**– जीव कहाँबाट भयो ?

**नवीन वेदान्ती**– अज्ञानबाट ।

**सिद्धान्ती**– अज्ञान कहाँबाट भयो र कहाँ रहन्छ ?

**नवीन वेदान्ती**– अज्ञान अनादि र ब्रह्ममा रहन्छ ।

**सिद्धान्ती**– ब्रह्ममा ब्रह्मको अज्ञान भयो वा कुनै अन्यको ? र त्यो अज्ञान कसलाई भयो ?

**नवीन वेदान्ती**– चिदाभासलाई ।

**सिद्धान्ती**– चिदाभासको स्वरूप के हो ?

**नवीन वेदान्ती**– ब्रह्म । ब्रह्मलाई ब्रह्मको अज्ञान अर्थात् आफ्नो स्वरूपलाई आफैले नै भुल्दछ ।

**सिद्धान्ती**– उसले भुल्नमा निमित्त के छ ?

**नवीन वेदान्ती**– अविद्या ।

**सिद्धान्ती**– अविद्या सर्वव्यापी सर्वज्ञको गुण हो कि अल्पज्ञको ?

**नवीन वेदान्ती**– अल्पज्ञको ।

**सिद्धान्ती–** जुन तिम्रो मतमा बिना एक अनन्त सर्वज्ञ चेतनको बाहेक दोस्रो कुनै चेतन छ कि छैन ? अल्पज्ञ कहाँबाट आयो ? हो, जुन अल्पज्ञ चेतन चाहिं ब्रह्मदेखि भिन्न मान्दछौ भने त ठीक हो । जब एक ठेगानामा ब्रह्मलाई आफ्नो स्वरूपको अज्ञान हुन्छ भने त सर्वत्र अज्ञान फैलनेछ । जसरी शरीरमा पिलोको पीडाले सबै शरीरभरिका अवयवहरूलाई निकम्मा गराइदिन्छ, यसै प्रकार ब्रह्म पनि एकदेशमा अज्ञानी र क्लेशयुक्त हुन्छ भने त सबै ब्रह्म अज्ञानी र पीडाको अनुभवयुक्त हुन जान्छ ।

**नवीन वेदान्ती–** यो सबै उपाधिको कर्म हो, ब्रह्मको होइन ।

**सिद्धान्ती–** उपाधि जड हो कि चेतन ? र सत्य हो कि असत्य ?

**नवीन वेदान्ती–** अनिर्वचनीय छ । अर्थात् जसलाई जड हो कि चेतन, सत्य वा असत्य भन्न सकिँदैन ।

**सिद्धान्ती–** यो तिमीले भन्नु **'वदतो व्याघातः'** कै तुल्य छ किनभने भन्दछौ अविद्या छ जसलाई जड, चेतन, सत्, असत् भन्न सकिंदैन । यो त यस्तो कुरो भयो कि जस्तै सुनमा पित्तल मिलेको हुन्छ, त्यसलाई सुँदारकहाँ लगेर परीक्षा गराओस् कि सुन हो कि पित्तल । तब यही भन्नेछ कि यसलाई हामीले न त सुन न त पित्तलै भन्न सक्दछौं किन्तु यसमा दुइटै धातु मिसिएको छ ।

**नवीन वेदान्ती–** हेर ! जसरी घटाकाश, मठाकाश, मेघाकाश र महदाकाशोपाधि अर्थात् घडा, घर र मेघको हुनाले भिन्न-भिन्न प्रतीत हुन्छ, वास्तवमा महदाकाश नै हो; यसरी नै माया, अविद्या, समष्टि, व्यष्टि र अन्तःकरणहरूको उपाधिहरूबाट ब्रह्म अज्ञानीहरूलाई पृथक्-पृथक् प्रतीत भैरहेको छ; वास्तवमा एक नै हो । हेर ! अग्रिम प्रमाणमा के भनेको छ–

**अग्निर्यथैको भुवनं प्रविष्टो रूपं रूपं प्रतिरूपो बभूव ।**
**एकस्तथा सर्वभूतान्तरात्मा रूपं रूपं प्रतिरूपो बहिश्च ॥** –कठोपनिषद् (वल्ली ५/मन्त्र ९) ॥

जसरी अग्नि लामो, चौडा, गोलो, सानो, ठूलो पदार्थहरूमा व्यापक भएर तदाकार देखिन्छ र ती आकृतिवाला पदार्थहरूदेखि पृथक् हुन्छ, त्यसरी नै सर्वव्यापक परमात्मा अन्तःकरणहरूमा व्यापक भएर अन्तःकरणाऽऽकार भैरहेको छ परन्तु ती देखि अलग छ ।

**सिद्धान्ती–** यो पनि तिमीले भनेको व्यर्थ हो । किनभने जसरी घट, मठ, मेघहरूलाई पृथक् मान्दछौ र आकाशलाई भिन्न मान्दछौ, त्यसरी नै कारणकार्य्यरूप जगत् र जीवलाई ब्रह्मदेखि र ब्रह्मलाई यिनीहरूदेखि भिन्न मान ?

**नवीन वेदान्ती–** जसरी अग्नि सबैमा प्रविष्ट भएर देख्नमा तदाकार रहन्छ, यसै प्रकार परमात्मा जड र जीवमा व्यापक भएर जड र जीवाकारयुक्त अज्ञानीहरूलाई देखिन्छ । वास्तवमा ब्रह्म न त जड न त जीव हो । जसरी हजार जलका भुँड्का राखिएको हुन्छ, तिनमा सूर्यको हजार प्रतिबिम्ब देखिन्छ, वस्तुतः सूर्य एउटै हुन्छ । भुँड्काहरू नष्ट हुँदामा, जल चल्नाले वा फैलनाले सूर्य नष्ट हुँदैन, न त चल्छ न त फैलन्छ; यसै प्रकार अन्तःकरणहरूमा ब्रह्मको आभास जसलाई चिदाभास भन्दछन्, परेको छ । जबसम्म अन्तःकरण हुन्छ, तबसम्म जीव हुन्छ । जबसम्म अन्तःकरण ज्ञानबाट नष्ट हुन्छ तब जीव ब्रह्मस्वरूप हुन्छ, यस चिदाभासलाई आफ्नो ब्रह्मस्वरूपको अज्ञान-कर्ता-भोक्ता, सुखी-दुःखी, पापी-पुण्यात्मा, जन्म-मरण आफूमा आरोपित गर्दछ– तबसम्म संसारका बन्धनहरूबाट छुट्दैन ।

**सिद्धान्ती–** यो दृष्टान्त तिम्रो व्यर्थ छ । किनभने सूर्य आकारवाला, जलका भुँड्का पनि आकारवाला हुन् । सूर्य जल-भुँड्कादेखि भिन्न र जल-भुँड्का सूर्यदेखि भिन्न हुन्, तब नै प्रतिबिम्ब पर्दछ । यदि निराकार हुन्थे भने त तिनीहरूको प्रतिबिम्ब कहिल्यै हुन्थेन । साथै जसरी परमेश्वर निराकार, सर्वत्र आकाशवत् व्यापक हुनाले ब्रह्मदेखि कुनै पदार्थ वा पदार्थदेखि ब्रह्म पृथक् हुन सक्दैन र व्याप्यव्यापक सम्बन्धले एक पनि हुन सक्दैनन् । अर्थात् अन्वयव्यतिरेकभावबाट हेर्नाले व्याप्यव्यापक मिलेका र सदा पृथक रहन्छन् । यदि एक हुन्थे भने त आफूमा व्याप्यव्यापकभाव सम्बन्ध कहिल्यै घट्न सक्दैन । सो बृहदारण्यकको अन्तर्यामी ब्राह्मण (अ.३/ब्रा.७/कं.३-२३) मा स्पष्ट लेखिएको छ । र ब्रह्मको आभास पनि हुन सक्दैन, किनभने बिना आकारको आभास हुन असम्भव छ ।

जुन अन्तःकरणोपाधिबाट ब्रह्मलाई जीव मान्दछौ, सो तिम्रो कुरो बालकको समान छ, किनभने अन्तःकरण चलायमान, खण्ड-खण्ड र ब्रह्म अचल र अखण्ड छ । यदि तिमी ब्रह्म र जीवलाई पृथक्-पृथक् मान्दैनौ भने त यसको उत्तर देऊ कि जहाँ-जहाँ अन्तःकरण चल्दै जानेछ, त्यहाँ-त्यहाँको ब्रह्म अज्ञानी र जुन-जुन देशलाई छोड्नेछ, त्यहाँको ब्रह्म ज्ञानी हुँदै जान्छ कि जाँदैन ? जसरी छाता प्रकाशको बीचमा जहाँ-जहाँ जान्छ त्यहाँको प्रकाश आवरणयुक्त र जहाँ-जहाँबाट हट्दछ त्यहाँ-त्यहाँको प्रकाश आवरणरहित

हुन्छ, त्यसरी नै अन्तःकरण ब्रह्मलाई क्षण-क्षणमा ज्ञानी, अज्ञानी, बुद्ध, मुक्त गर्दै जानेछ । अखण्ड ब्रह्मको एकदेशमा आवरणको प्रभाव सर्वदेशमा हुनाले सबै ब्रह्म अज्ञानी हुन जानेछ, किनभने त्यो चेतन हो ।

र मथुरामा अन्तःकरणस्थ जुन ब्रह्मले जुन वस्तु देख्यो त्यसको स्मरण उसै अन्तःकरणस्थले काशीमा हुन सक्दैन । किनभने–

**'अन्यदृष्टमन्यो न स्मरतीति न्यायात्' ।** –योगदर्शन (विभूतिपाद सूत्र १४ व्यासभाष्य) ॥

एउले देखेको स्मरण अर्कैलाई हुँदैन । जुन चिदाभासले मथुरामा देख्यो त्यही चिदाभास काशीमा रहँदैन, किन्तु जुन मथुरास्थ अन्तःकरणको प्रकाशक हो, त्यो काशीस्थ ब्रह्म हुँदैन । यदि ब्रह्म नै जीव हो, पृथक् होइन भने त; सबै जीव सर्वज्ञ हुनुपर्दछ । यदि ब्रह्मको प्रतिबिम्ब पृथक् हो भने त 'प्रत्यभिज्ञा' अर्थात् पूर्व दृष्ट, श्रुतको ज्ञान कसैलाई हुनसक्नै छैन । यदि भन्दछौ कि ब्रह्म एक हो त्यसैले स्मरण हुन्छ भने त एक ठेगाना अज्ञानको दुःख हुनाले सबै ब्रह्मलाई अज्ञान वा दुःख हुनुपर्दछ । र यस्ता दृष्टान्तहरूले नित्य-शुद्ध-बुद्ध ब्रह्मलाई तिमीले अशुद्ध, अज्ञानी र बद्ध गरिदिएका छौ, र अखण्डलाई खण्ड गरिदियौ ।

**नवीन वेदान्ती**– निराकारको पनि आभास हुन्छ, जस्तै कि दर्पण वा जलादिमा आकाशको आभास पर्दछ । त्यो नीलो अथवा कुनै अन्य प्रकारले गम्भीर गहिरो देखिन्छ, ब्रह्मको पनि सबै अन्तःकरणहरूमा आभास पर्दछ ।

**सिद्धान्ती**– जब आकाशमा रूप नै छैन भने त त्यसलाई आँखाले कसैले पनि देख्न सक्दैन । जुन पदार्थ देखिंदैन, त्यो दर्पण र जलादिमा कसरी देखिन्छ ? गहिरो वा घुर्मैलो साकार वस्तु देखिन्छ, निराकार होइन ।

**नवीन वेदान्ती**– त्यसो हो त फेरि जुन यो माथि नीलोजस्तो देखिन्छ, त्यही आदर्श वा जलमा भान हुन्छ, त्यो के पदार्थ हो ?

**सिद्धान्ती**– त्यो पृथ्वीदेखि उडेको जलका कण, पृथ्वी र अग्निको त्रसरेणु हो । जहाँबाट वर्षा हुन्छ, त्यहाँ जल नभए त वर्षा कहाँबाट हुने ? यसैले जुन दूर-दूर त्रिपालको समान देखिन्छ, त्यो जलको चक्रको हो । जसरी कुहिरो टाढाबाट घनाकार देखिन्छ र निकटबाट पातलो र सेतोजस्तो पनि देखिन्छ, त्यस्तै आकाशमा जल देखिन्छ ।

**नवीन वेदान्ती**– के हाम्रा रस्सी, सर्प र स्वप्नादिको दृष्टान्त मिथ्या हुन् त ?

**सिद्धान्ती**– होइन । तिम्रो समझ मिथ्या हो, सो मैले पूर्व लेखिसकें । मात्र यति भन कि प्रथम अज्ञान कसलाई हुन्छ ?

**नवीन वेदान्ती**– ब्रह्मलाई ।

**सिद्धान्ती**– ब्रह्म अल्पज्ञ हो कि सर्वज्ञ ?

**नवीन वेदान्ती**– न सर्वज्ञ र न त अल्पज्ञ । किनभने सर्वज्ञता र अल्पज्ञता उपाधिसहितमा हुन्छ ।

**सिद्धान्ती**– उपाधिदेखि सहित को हो ?

**नवीन वेदान्ती**– ब्रह्म ।

**सिद्धान्ती**– त ब्रह्म नै सर्वज्ञ र अल्पज्ञ भयो । त्यसो भए तिमीले सर्वज्ञ र अल्पज्ञलाई किन निषेध गरेका थियौ ? यदि भन्दछौ कि उपाधि कल्पित अर्थात् मिथ्या हो भने त 'कल्पक' अर्थात् कल्पना गर्नेवाला को हो ?

**नवीन वेदान्ती**– जीव ब्रह्म हो कि अन्य ?

**सिद्धान्ती**– अन्य हो । किनभने यदि ब्रह्मस्वरूप हो भने त जसले मिथ्या कल्पना गऱ्यो त्यो ब्रह्म नै हुन सक्दैन । जसको कल्पना मिथ्या छ, त्यो साँचो कहिले हुन सक्दछ र ?

**नवीन वेदान्ती**– हामीले सत्य र असत्यलाई झुटो मान्दछौं र वाणीले बोल्नु पनि मिथ्या हो ।

**सिद्धान्ती**– जब तिमी झुटो बोल्ने र मान्नेवाला हौ भने त झुट्टे किन होइनौ ?

**नवीन वेदान्ती**– हो, झुटो र साँचो हामीमा नै कल्पित छन् र हामी दुइटाको साक्षी अधिष्ठान हौं ।

**सिद्धान्ती**– जब तिमी साँचो र झुटोको आधार भयौ भने त साहूकार र चोर कै सदृश तिमी भयौ । यसबाट तिमी प्रामाणिक पनि रहेनौ । किनभने प्रामाणिक त्यो हुन्छ, जसले सर्वदा सत्य मान्दछ, सत्य बोल्दछ, सत्य गर्दछ; झुट मान्दैन, झुट बोल्दैन, झुटो गर्दैन । जब तिमी आफ्नो कुरालाई आफैले झुट्टो गर्दछौ भने त तिमी अनाप्त मिथ्यावादि हौ ।

**नवीन वेदान्ती**– अनादि माया जुन कि ब्रह्मको आश्रय र ब्रह्मकै आवरण गर्दछ, त्यसलाई मान्दछौ कि मान्दैनौ ?

**सिद्धान्ती**– मान्दैनौं । किनभने तिमीले मायाको अर्थ यस्तो गर्दछौ कि जुन वस्तु छैन र भास्दछ भने त, यस कुरालाई त्यसले मान्दछ जसको हृदयको आँखो फुटेको छ । किनभने जुन वस्तु छैन त्यसको भासमान हुनु सर्वथा असम्भव छ, जसरी बन्ध्याको पुत्रको प्रतिबिम्ब कहिल्यै पनि हुन सक्दैन । र यो **'सन्मूलाः सोम्येमाः प्रजाः'** (प्रपा.६/खं.८/प्रवाक ४) इत्यादि छान्दोग्य उपनिषद्को वचनदेखि विरुद्ध भन्दछौ ?

**नवीन वेदान्ती**– के तिमी वसिष्ठ, शङ्कराचार्य आदि र निश्चलदास पर्यन्त भन्दा पनि अधिक पण्डित हौ, उनीहरूले जे लेखेका छन्, विचार गरेर लेखेका छन् ? उनीहरू तिमीभन्दा धेरै ठूला पण्डित थिए ।

**सिद्धान्ती**– तिमीले के देख्छौ ?

**नवीन वेदान्ती**– मैले त वसिष्ठ, शङ्कराचार्य र निश्चलदास आदिलाई अधिक देख्छु ।

**सिद्धान्ती**– तिमी विद्वान् हौ कि अविद्वान् ।

**नवीन वेदान्ती**– म पनि केही विद्वान् छु ।

**सिद्धान्ती**– त्यसो भए आऊ वसिष्ठ, शङ्कराचार्य आदि र निश्चलदासको पक्षलाई हाम्रो सामुन्ने स्थापना गर, हामी खण्डन गर्दछौं । जसको पक्ष सिद्ध हुन्छ त्यही ठूलो हुनेछ । यदि उनीहरूतिर तिम्रो कुरो अखण्डनीय हुन्थ्यो भने त तिमी उनीहरूका युक्तिहरू लिएर हाम्रो कुराको खण्डन किन गर्न सक्देनौ ? तब नै तिम्रो र उनीहरूको कुरो माननीय हुनेछ । अनुमान छ कि शङ्कराचार्य आदिले त जैन मतको खण्डन गर्नको लागि नै यो मत स्वीकार गरेका हुन् कि, किनभने देश-कालको अनुकूल आफ्नो पक्षलाई सिद्ध गर्नको लागि थुप्रै स्वार्थी विद्वान् आफ्नो आत्माको ज्ञानको विरुद्ध पनि गर्दछन् । र जुन यी कुराहरूलाई अर्थात् जीव ईश्वरको एकता, जगत् मिथ्या आदि व्यवहार साँचो नै मान्दथे भने त उनीहरूको कुरा साँचो हुन सक्दैन ।

र निश्चलदासको पाण्डित्य हेर यस्तो छ **'जीवो ब्रह्माऽभिन्नश्चेतन-त्वात्'** 'वृत्तिप्रभाकर' (२/९) मा जीव ब्रह्मको एकताको लागि अनुमान लेखेका छन् कि 'चेतन हुनाले जीव ब्रह्मदेखि अलग हो' । यो एकदमै थोरै समझ भएको पुरुषको सदृश कुरो हो । किनभने साधर्म्यमात्रले एक दोस्राको साथ एकता हुँदैन, वैधर्म्य भेदक हुन्छ । जस्तै कसैले भन्दछ कि **'पृथिवी जलाऽभिन्ना जडत्वात्'** 'जड हुनाले पृथ्वी जलदेखि अभिन्न छ ।' जसरी यो वाक्य सङ्गत कहिल्यै हुन सक्दैन, त्यसरी नै निश्चलदासजीको पनि लक्षण व्यर्थ हो । किनभने जुन अल्प, अल्पज्ञता र भ्रान्तिमत्त्वादि धर्म जीवमा ब्रह्मबाट र सर्वगत, सर्वज्ञता र निर्भ्रान्तित्वादि वैधर्म्य ब्रह्ममा जीवदेखि विरुद्ध छ, त्यसैले जीव र ब्रह्म भिन्न-भिन्न हुन् । जसरी गन्धवत्त्व, कठिनत्व आदि भूमिको धर्म, रसवत्त्व, द्रवत्वादि जलको धर्मदेखि विरुद्ध हुनाले पृथ्वी र जल एक होइन, त्यसरी जीव र ब्रह्मको वैधर्म्य हुनाले जीव र ब्रह्म न कहिल्यै एक थिए, न छन् र न कहिल्यै हुनेछन् । यतिबाट नै निश्चलदासादिलाई बुझ्नुहोस् कि उनीहरूमा कति पाण्डित्य थियो ।

र जसले योगवासिष्ठ बनाएको हो, त्यो कुनै आधुनिक वेदान्ती थियो; न वाल्मीकि, न वसिष्ठजी र न त रामचन्द्रले बनाएका वा भनेको नै सुनिएको छ । किनभने उनीहरू सबै वेदानुयायी थिए । वेददेखि विरुद्ध बनाउन सक्दैनथे र न त भन्न सुन्न नै सक्दथे ।

**प्रश्न**– व्यासजीले जुन शारीरक सूत्र बनाउनुभएको छ, त्यसमा पनि जीव ब्रह्मको एकता देखिन्छ ? हेर–

**सम्पद्याऽऽविर्भावः स्वेन शब्दात् ॥१॥**

**ब्राह्मेण जैमिनिरुपन्यासादिभ्यः ॥२॥ चितितन्मात्रेण तदात्मकत्वादित्यौडुलौमिः ॥३॥ एवमप्युपन्यासात् पूर्वभावादविरोधं वादरायणः ॥४॥ अत एव चानन्याधिपतिः ॥५॥**

–वेदान्तशास्त्र (अध्याय ४/पाद ५/सूत्र १, ५-७, ९) ॥

**अर्थ**– जीव आफ्नो स्व-रूपलाई प्राप्त भएर प्रकट हुन्छ जुन कि पूर्व ब्रह्मस्वरूप थियो, किनभने 'स्व' शब्दबाट आफ्नो ब्रह्मस्वरूपको ग्रहण हुन्छ ॥१॥ **'अयमात्मा अपहतपाप्मा'** [तुलना– छां.उप.(८/७/१)] इत्यादि 'उपन्यास' ऐश्वर्यप्राप्ति पर्यन्त हेतुहरूबाट जीव स्थित हुन्छ, यस्तो जैमिनि आचार्यको मत छ ॥२॥ र औडुलोमि आचार्य तदात्मकस्वरूप-निरूपणादि बृहदारण्यक [(३/७/३-२३); (४/५/१३)] को हेतुरूपका वचनहरूले चैतन्यमात्र स्वरूपबाट जीव मुक्तिमा स्थित रहन्छ ॥३॥ व्यासजी यिनै पूर्वोक्त उपन्यासादि ऐश्वर्यप्राप्तिरूप हेतुहरूबाट जीवको ब्रह्मस्वरूप हुनमा अविरोध मान्नुहुन्छ ॥४॥ योगी ऐश्वर्यसहित आफ्नो ब्रह्मस्वरूपलाई प्राप्त भएर 'अन्य अधिपतिदेखि रहित' अर्थात् स्वयं आफू, आफ्नो र सबैको अधिपतिरूप ब्रह्मस्वरूपबाट मुक्तिमा स्थित रहन्छ ॥५॥

**उत्तर**– यी सूत्रहरूको अर्थ त्यस्तो प्रकारको होइन, किन्तु यिनका यथार्थ अर्थ यो हो कि, सुन्नुहोस् ! जबसम्म जीव आफ्नो स्वकीय शुद्धस्वरूलाई प्राप्त, सबै मलहरूदेखि रहित भएर पवित्र हुँदैन, तबसम्म

योगले ऐश्वर्यलाई प्राप्त गरेर आफ्नो अन्तर्यामी ब्रह्मलाई प्राप्त गर्दै आनन्दमा स्थित हुन सक्दैन ॥१॥ यसै प्रकार जब पापादिरहित ऐश्वर्ययुक्त योगी हुन्छ तब नै ब्रह्मको साथ मुक्तिको आनन्दलाई भोग्न सक्दछ, यस्तो जैमिनि आचार्यको मत छ ॥२॥ जब अविद्यादि दोषहरूबाट छुटेर शुद्ध चैतन्यमात्र स्वरूपले जीव स्थिर हुन्छ तब नै 'तदात्मकत्व' अर्थात् ब्रह्मस्वरूपको साथ सम्बन्धलाई प्राप्त गर्दछ (यस्तो औडुलोमि आचार्यको मत छ) ॥३॥ जब ब्रह्मको साथ ऐश्वर्य र शुद्ध विज्ञानलाई जितेर नै जीवनमुक्त हुन्छ, तब आफ्नो निर्मलज पूर्व स्वरूपलाई प्राप्त गरेर आनन्दित हुन्छ यस्तो व्यासमुनिको मत छ ॥४॥ जब योगीको सत्य सङ्कल्प हुन्छ तब स्वयं परमेश्वरलाई प्राप्त गरेर मुक्तिसुखलाई पाउँछ । वहाँ स्वाधीन स्वतन्त्र रहन्छ । जसरी संसारमा एक प्रधान अर्को अप्रधान हुने गर्दछ, त्यस्तो मुक्तिमा हुँदैन । किन्तु सबै मुक्त जीव एकजस्तै रहन्छन् ॥५॥ यदि यस्तो हुँदैन भने त–

**नेतरोनुपपत्तेः ॥१॥ भेदव्यपदेशाच्च ॥२॥** –वेदान्तसूत्र (अध्याय १/पाद १/सूत्र १६-१७) ॥
**विशेषणभेदव्यपदेशाभ्यां च नेतरौ ॥३॥** –वेदान्तसूत्र (अध्याय १/पाद २/सूत्र २२) ॥
**अस्मिन्नस्य च तद्योगं शास्ति ॥४॥** –वेदान्तसूत्र (अध्याय १/पाद १/सूत्र १९) ॥
**अन्तस्तद्धर्मोपदेशात् ॥५॥ भेदव्यपदेशाच्चान्यः ॥६॥** –वेदान्तसूत्र (अध्याय १/पाद १/सूत्र २०, २१,) ॥
**गुहां प्रविष्टावात्मानौ हि तद्दर्शनात् ॥७॥** –वेदान्तसूत्र (अध्याय १/पाद २/सूत्र ११) ॥
**अनुपपत्तेस्तु न शारीरः ॥८॥** –वेदान्तसूत्र (अध्याय १/पाद २/सूत्र ३) ॥
**अन्तर्याम्याधिदैवादिषु तद्धर्मव्यपदेशात् ॥९॥** –वेदान्तसूत्र (अध्याय १/पाद २/सूत्र १८) ॥
**शारीरश्चोभयेऽपि हि भेदेनैनमधीयते ॥१०॥** –वेदान्तसूत्र (अध्याय १/पाद २/सूत्र २०) ॥

**अर्थ–** ब्रह्मदेखि इतर जीव सृष्टिकर्ता होइन । किनभने यस अल्पज्ञ अल्पसामर्थ्यवाला जीवमा सृष्टिकर्तृत्व घट्न सक्दैन, यसैले जीव ब्रह्म होइन ॥१॥

**'रसं ह्ये वायं लब्ध्वानन्दी भवति'** [तैत्तिरीयोपनिषद् (ब्रह्मानन्दवल्ली/अनुवाक ७)] यो उपनिषद्को वचनको ।

जीव र ब्रह्म भिन्न हुन्, किनभने यी दुइटैका भेद प्रतिपादन गरिएको छ । यदि यस्तो हुन्थेन भने त 'रस' अर्थात् आनन्दस्वरूप ब्रह्मलाई प्राप्त गरेर जीव आनन्दस्वरूप हुन्छ, यो प्राप्तिविषय ब्रह्म र प्राप्त हुनेवाला जीवको निरूपण घट्न सक्दैन, यसैले जीव र ब्रह्म एक होइन ॥२॥

**दिव्यो ह्यमूर्त्तः पुरुषः स बाह्याभ्यन्तरो ह्यजः । अप्राणो ह्यमनाः शुभ्रो ह्यक्षरात्परतः परः ॥**

–मुण्डकोपनिषद् (मुण्डक २/खण्ड १/मन्त्र २) ॥

**'दिव्य' शुद्ध, मूर्तिमत्त्वरहित, सबैमा पूर्ण, बाहिर-भित्र निरन्तर व्यापक, 'अज' जन्म-मरण-शरीरधारणादि रहित, श्वास-प्रश्वास, शरीर र मनको सम्बन्धदेखि रहित, प्रकाशस्वरूप इत्यादि परमात्माको विशेषण; र 'अक्षर' नाशरहित प्रकृतिदेखि पर अर्थात् सूक्ष्म जीव, त्यसदेखि पनि परमेश्वर पर अर्थात् ब्रह्म सूक्ष्म छ । प्रकृति र जीवहरूदेखि ब्रह्मको भेद प्रतिपादनरूप हेतुबाट प्रकृति र जीवदेखि ब्रह्म भिन्न छ ॥३॥**

यसै सर्वव्यापक ब्रह्ममा जीवको योग वा जीवमा ब्रह्मको योग प्रतिपादन गर्नाले जीव र ब्रह्म भिन्न हुन्छ, किनभने योग भिन्न पदार्थहरूको हुने गर्दछ ॥४॥ यस ब्रह्मको अन्तर्यामी आदि धर्म कथन गरिएको छ र जीवको भित्र व्यापक हुनाले व्याप्य जीव व्यापक ब्रह्मदेखि भिन्न हुन्छ, किनभने व्याप्यव्यापक सम्बन्ध पनि भेदमा संघटित हुन्छ ॥५॥ जसरी परमात्मा जीवदेखि भिन्नस्वरूप छ, त्यसरी नै इन्द्रिय, अन्तःकरण, पृथ्वी आदि भूत, दिशा, वायु, सूर्यादि दिव्यगुणहरूको योगले देवतावाच्य विद्वान्हरूदेखि पनि परमात्मा भिन्न छ ॥६॥

**'गुहां प्रविष्टौ सुकृतस्य लोके'** [तुलना- कठोपनिषद् (अ.१/३/१)] इत्यादि उपनिषद्हरूका वचनबाट जीव र परमात्मा भिन्न हो । त्यसरी नै उपनिषद्हरूका थुप्रै ठाउँमा देखाइएको छ ॥७॥

**'शरीरे भवः शारीरः'–** शरीरधारी जीव ब्रह्म होइन, किनभने ब्रह्मका गुण, कर्म, स्वभाव जीवमा घट्दैनन् ॥८॥

(अधिदैव) सबै दिव्य मन आदि इन्द्रियादि पदार्थहरू (अधिभूत) पृथिव्यादि भूत (अध्यात्म) सबै जीवहरूमा परमात्मा अन्तर्यामी रूपबाट स्थित छ, किनभने उसै परमात्माको व्यापकत्वादि धर्म सर्वत्र उपनिषदहरूमा व्याख्यात छन् ॥९॥

शरीरधारी जीव ब्रह्म होइन, किनभने ब्रह्मदेखि जीवको भेद स्वरूपबाटै सिद्ध छ ॥१०॥ इत्यादि शारीरक सूत्रले पनि स्वरूपदेखि ब्रह्म र जीवको भेद सिद्ध हुन्छ ।

त्यसरी नै वेदान्तीहरूका उपक्रम र उपसंहार पनि घट्न सक्दैन, किनभने **'उपक्रम'** अर्थात् आरम्भ ब्रह्मबाट र **'उपसंसार'** अर्थात् प्रलय पनि ब्रह्ममा नै गर्दछन् । जब दोस्रो कुनै वस्तु मान्दैनन् भने त

उत्पत्ति र प्रलय पनि ब्रह्मको धर्म हुन जान्छन् । र उत्पत्ति विनाशरहित ब्रह्मको प्रतिपादन वेदादि सत्यशास्त्रहरूमा गरिएको छ, त्यसले नवीन वेदान्तीहरूमाथि कोप गर्नेछ । किनभने निर्विकार, अपरिणामी, शुद्ध, सनातन, निर्भ्रान्तित्वादि विशेषणयुक्त ब्रह्ममा विकार, उत्पत्ति र अज्ञान आदिको सम्भव कुनै प्रकारले हुन सक्दैन । तथा उपसंहार (प्रलय) को हुँदा पनि ब्रह्म, कारणात्मक जड र जीव बराबर बनिराख्दछन् । यसैले उपक्रम र उपसंहार पनि यी वेदान्तीहरूको ठीक होइन । यसै प्रकारका यी नवीन वेदान्तीहरूका कल्पना भुट्टा हुन् । यस्ता अन्य धेरै अशुद्ध कुराहरू छन् कि जुन शास्त्र र प्रत्यक्षादि प्रमाणहरूदेखि विरुद्ध छन् ।

यसको पश्चात् केही जैनीहरू र केही शङ्कराचार्यका अनुयायीहरूका उपदेशको संस्कार आर्यावर्त्तमा फैलिएको थियो र आपसमा खण्डन-मण्डन पनि चल्दथ्यो । शङ्कराचार्यको तीन सय वर्षको पश्चात् उज्जैन नगरीमा विक्रमादित्य राजा केही प्रतापी भए, जसले सबै राजाहरूको मध्य प्रवृत्त भएको लडाईंलाई मेटाएर शान्ति स्थापना गरे । तत्पश्चात् भर्तृहरि राजा काव्यादि-शास्त्र र अन्यमा पनि केही-केही विद्वान भए, उनले वैराग्यवान् भएर राज्यलाई छोडिदिए । विक्रमादित्यको पाँच सय वर्षको पश्चात्मा राजा भोज भए । उनले थोरै व्याकरण र काव्यालङ्कारादिको यति प्रचार गरे कि त्यसको प्रभावले उनको राज्यमा कालिदास जस्तो बाख्रा गोठालो पनि 'रघुवंश' काव्यको कर्ता बने । राजा 'भोज' जो कसैले राम्रो श्लोक बनाएर लैजान्थे भने त त्यसलाई थुप्रै धन दिएर प्रतिष्ठा गर्दथे । उनीपछाडिका राजाहरू र श्रीमान्हरूले त पढ्न नै छोडिदिए ।

## भस्म, रुद्राक्ष, तिलक, माला, कण्ठी आदिको समीक्षा (११.६)

यद्यपि शङ्कराचार्यजीको पूर्व, वाममार्गीहरूको पश्चात् शैव आदि सम्प्रदायस्थ मतवादी पनि देखा परेका थिए, परन्तु तिनीहरूलाई बढी बल मिल्न सकेको थिएन । महाराजा विक्रमादित्यदेखि लिएर शैवहरूको बल बढ्दै आयो । शैवहरूमा पाशुपतादि थुप्रै शाखाहरू पनि भएका थिए, जसरी वाममार्गीहरूमा दश महाविद्यादिका शाखाहरू छन् । मान्छेहरूले शङ्कराचार्यलाई शिवको अवतार माने । उनका अनुयायी संन्यासीहरू पनि शैवमतमा प्रवृत्त हुन गए र वाममार्गीहरूसँग पनि मिल्दै राखे । **वाममार्गी– 'देवी' जुन शिवकी पत्नी हुन् उनका उपासक, र शैव 'महादेव' का उपासक भए ।** यी दुवैले रुद्राक्ष र भस्मलाई अद्यावधि धारण गर्दछन्, परन्तु जति वाममार्गी वेदविरोधी छन्, त्यति शैव वेदविरोधी छैनन् । यिनीहरूले–

**धिग् धिग् कपालं भस्मरुद्राक्षविहीनम् ॥१॥**
**रुद्राक्षान् कण्ठदेशे दशनपरिमितान्मस्तके विंशती द्वे,**
**षट् षट् कर्णप्रदेशे करयुगलगतान् द्वादशान्द्वादशैव ।**
**बाह्वोरिन्दोः कलाभिः पृथगिति गदितमेकमेवं शिखायाम्,**
**वक्षस्यष्टाऽधिकं यः कलयति शतकं स स्वयं नीलकण्ठः ॥२॥**

–तुलना [शिवपुराण (विद्येश्वर संहिता १/अध्याय २५/श्लोक ३७-३८)] ॥

इत्यादि थुप्रै प्रकारका श्लोकहरू बनाए र भन्न थाले कि जसको निधारमा भस्म र कण्ठमा रुद्राक्ष हुँदैन भने त, त्यसलाई धिक्कार छ । **'तं त्यजेदन्त्यजं यथा'** [तुलना- शिवपुराण (विद्येश्वर संहिता १/अध्याय २३/श्लोक १३)] त्यसलाई चाण्डालकै तुल्य त्याग गरिदिनु पर्दछ ॥१॥ जसले कण्ठमा ३२, शिरमा ४०, कानहरूमा ६-६, करमा १२-१२, भुजामा १६-१६, शिखामा १ र हृदयमा १०८ रुद्राक्ष धारण गर्दछ, त्यो साक्षात् महादेवको सदृश हो ॥२॥ यस्तै शाक्तहरूले पनि मान्दछन् ।

पश्चात् यी वाममार्गीहरू र शैवमार्गीहरूले सम्मति गरेर भग-लिङ्गको स्थापना गरे, जसलाई जलाधारी र शिवलिङ्ग भन्दछन् र त्यसको पूजा गर्न थाले । ती निर्लज्जहरूलाई लज्जा पनि आएन कि यो पामरपनको अर्थात् शर्मको काम हामीले किन गर्दैछौं ? कुनै कविले भनेका छन् कि **'स्वार्थी दोषं न पश्यति'**– [चाणक्यनीति (अध्याय ६/श्लोक ८)] स्वार्थीहरू आफ्नो काम सिद्ध गर्नमा दुष्ट कामलाई पनि श्रेष्ठ मानेर, दोषलाई हेर्दैनन् । त्यही पाषाणादि मूर्ति र योनि-लिङ्गको पूजामा नै धर्म, अर्थ, काम र मोक्ष मान्न लागे । जब राजा भोजको पश्चात् जैनीहरूले आफ्नो-आफ्नो मन्दिरहरूमा मूर्तिस्थापना गर्न र दर्शनको लागि आउन-जान थाले तब त यी पोपहरूका चेला पनि त्यसमा जाने-आउने गर्न थाले र उता पश्चिममा केही दोस्राको मत र यवनहरू आर्यावर्तमा जाने-आउने पनि गर्न थाले । तब पोपहरूले यो श्लोक बनाए–

**न वदेद्यावनीं भाषां प्राणैः कण्ठगतैरपि । हस्तिना ताडयमानोऽपि न गच्छेज्जैनमन्दिरम् ॥**

–तुलना [भविष्यपुराण (प्रतिसर्ग पर्व ३/खण्ड ३/अध्याय २८/श्लोक ५३)] ॥

चाहे कति नै दुःख परोस्, प्राण कण्ठगत अर्थात् मृत्युको समय आए तापनि, म्लेच्छ अर्थात् यवनहरूको भाषा मुखले नबोल्नू र उन्मत्त हात्ती दौडँदै मार्नको लागि आइरहेको छ, जैनको मन्दिरमा

पस्नाले प्राण बच्न सक्दछ भने पनि जैनको मन्दिरमा प्रवेश नगर्नू । किन्तु जैन मन्दिरमा प्रवेश गरेर बच्न भन्दा हात्तीको सामुन्ने परेर मर्नु निको हुन्छ ।

यस्ता-यस्ता कुरा आफ्ना चेलाहरूलाई उपदेश गर्न लागे । जब उनीहरूसँग कसैले प्रमाण सोध्यो कि तिम्रा मतमा कुनै माननीय ग्रन्थको पनि प्रमाण छ ? तब भन्दथे कि छ । जब तिनीहरूले भन्थे कि देखाओ ? तब मार्कण्डेय पुराणादिको वचन पढेर सुनाउँथे जस्तो कि दुर्गा (चण्डी) पाठमा देवीको वर्णन लेखिएको छ ।

राजा भोजको राज्यमा (११औं शताब्दी) व्यासजीको नामबाट मार्कण्डेय र शिवपुराण कसैले बनाएर तयार गरेको थियो, यसको सूचना राजा भोजलाई हुनाले ती पण्डितहरूलाई हस्तछेदनादि दण्ड दिए र तिनलाई भने कि जो कसैले काव्यादि ग्रन्थ बनाउँछ भने त आफ्नो नामबाट बनाओस्, ऋषि-मुनिहरूको नामबाट होइन । **यो कुरो राजा भोजले बनाएको 'संजीवनी' नामक इतिहासमा लेखिएको छ** जुन कि ग्वालियरको राज्य 'भिंड' नामक नगरको तिवाडी ब्राह्मणको घरमा छ, जसलाई लखुनाका रावसाहेब र उनका गुमास्ता रामदयाल चौबेजीले आफ्नै आँखाले देखेका हुन्, त्यसमा स्पष्ट लेखिएको छ कि व्यासजीले चार हजार चार सय र उनका शिष्यहरूले पाँच हजार छ सय अर्थात् जम्मा दश हजार श्लोकको प्रमाण **'भारत'** बनाएका थिए । त्यही पुस्तक महाराजा विक्रमादित्यको समयमा आएर बीस हजार श्लोकको पाइयो, फेरि महाराज भोज भन्दछन् कि मेरो पिताको समयमा त्यही पुस्तक पच्चीस हजार र मेरो आधा उमेर सम्ममा आइपुग्दा त तीस हजार श्लोकयुक्त **'महाभारत'** को पुस्तक मिलेको छ । यदि यसरी नै बढ्दै गयो भने त महाभारतको पुस्तक एउटा ऊँटको बोझ जत्तिकै हुन जानेछ* र ऋषि-मुनिहरूका नामबाट पुराणादि ग्रन्थ बनाएमा त आर्यावर्त्तीयहरू भ्रमजालमा परेर वैदिकधर्मविहीन भएर भ्रष्ट हुन जानेछन् । यसबाट विदित हुन्छ कि राजा भोजलाई केही-केही मात्रामा वेदहरूको संस्कार थियो । उनैको भोजप्रबन्धमा लेखिएको छ कि–

**घटचैकया क्रोशदशैकमश्वः सुकृत्रिमो गच्छति चारुगत्या ।**
**वायुं ददाति व्यजनं सुपुष्कलं विना मनुष्येण चलत्यजस्रम् ॥**

राजा भोजको राज्यमा र नजिकै यस्ता शिल्पीहरू बसेका थिए कि जसले घोडाको आकारको एक यान कलायन्त्रयुक्त बनाएका थिए कि जुन एक कच्ची घडीमा एघार कोस र एक घण्टामा साढे सत्ताईस कोस जान्थ्यो । त्यो भूमि र अन्तरिक्षमा पनि चल्दथ्यो । फेरि दोस्रो पङ्खा यस्तो बनाएका थिए कि बिना मनुष्यले चलाए कलायन्त्रको बलले नित्य चलेर पुष्कल वायु दिन्थ्यो । यदि यी दुइटै पदार्थ आजसम्म बनेर रहन्थे भने त यूरोपियन यति अभिमानमा चढ्ने थिएनन् ।

तब पोपजीले आफ्ना चेलाहरूलाई जैनीहरूदेखि रोक्न थाले तर पनि मन्दिरहरूमा जानबाट रोक्न सकेनन् र जैनीहरूका कथामा पनि मान्छेहरू जान थाले । जैनीहरूका पोपहरूले यी पुराणी पोपहरूका चेलाहरूलाई बहकाउन थाले । तब पुराणी पोपहरूले विचार गरे कि यसको कुनै उपाय निकाल्नु पर्दछ, नत्र भने त आफ्ना चेलाहरू जैनी बन्न जानेछन् । पश्चात् पोपहरूले यही सम्मति गरे कि जैनीहरूकै सदृश आफ्ना पनि अवतार, मन्दिर, मूर्ति र कथाका पुस्तकहरू बनाउने । यिनीहरूले जैनीहरूकै चौबीस तीर्थङ्करहरूकै सदृश आफ्ना पनि चौबीस अवतार, मन्दिर र मूर्तिहरू बनाए । फेरि जसरी जैनीहरूका आदि र उत्तर-पुराणादि छन् त्यसरी नै अट्ठाह्र पुराणहरू र उपपुराणहरू बनाउन थाले ।

राजा भोजको डेढ सय वर्षको पश्चात् वैष्णवमतको आरम्भ भयो । एक शठकोप नामक कञ्जर (फिरन्ते) वर्णमा उत्पन्न भएको थियो, उसदेखि थोरै चल्यो । त्यसको पश्चात् मुनिवाहन भंगी कुलोत्पन्न र तेस्रो यावनाचार्य्य यवनकुलोत्पन्न आचार्य भयो । तत्पश्चात् ब्राह्मण कुलज चौथो रामानुज भए, यिनले आफ्नो मत फैलाए ।

---

*हाल गीताप्रेसबाट उपलब्ध 'महाभारत' मा १,००,२१४ एक लाख दुई सय चौध श्लोक रहेका छन् । यसबाट के प्रष्ट हुन्छ भने, मूल रूपमा वेदव्यास र उनका शिष्यले रचना गरेको 'भारत' जम्मा १०,००० दश हजार श्लोकको थियो । अहिलेसम्म आइपुग्दा ९०,२१४ नब्बे हजार दुई सय चौध श्लोक थपिएको देखिन्छ । भगवद्गीता पनि महाभारतभित्रको अंश भएकोले अहिले यसमा ७०० सात सय श्लोक उपलब्ध छन् । यसलाई पनि महाभारतको अहिलेसम्मको थपाइको क्रमको तुलनाबाट हेर्ने हो भने, मूल भगवद्गीता चाहिं जम्मा ७०-७५ श्लोकको हुनपर्ने देखिन्छ । फेरि यस कुरालाई सम्भव पनि देखिन्छ । किनभने लडाईंको तयारीको मुखमा श्रीकृष्णले अर्जुनलाई गीताको उपदेश गरेका छन् । त्यहाँ उपदेशकै लागि भनेर धेरै समय खर्चिनु उपयुक्त देखिंदैन । किनभने छोटो भन्दा छोटो समयमा अर्जुनलाई सम्झाउनुपर्ने देखिन्छ कारण अनेकौं पटकको प्रयासमा पनि शान्तिको वार्ता असफल भएपछि दुवै तर्फका सेना लड्नको लागि मैदानमा उत्रेर अस्त्र-शस्त्र छोड्ने तयारीको समय छ । अहिले उपलब्ध भगवद्गीताको ७०० श्लोकलाई पढ्नको लागि मात्रै पनि आधा दिन भन्दा कम्ती समय लाग्दैन । यसको लेखाजोखा तपाईंहरू स्वयंले नै गर्न सक्नुहुने छ । –अनुवादक ।

शैवहरूले शिवपुराणादि, शाक्तहरूले देवीभागवतादि, वैष्णवहरूले विष्णुपुराणादि बनाए । त्यसमा आफ्नो नाम यस कारणले राखेनन् कि हाम्रो नामबाट बनायौं भने त कसैले प्रमाण मान्ने छैनन् । त्यसैले व्यास आदि ऋषि-मुनिहरूका नाम राखेर पुराण बनाए । नाम पनि यिनले वास्तवमा नवीन राख्नुपर्थ्यो, परन्तु जस्तै कुनै दरिद्रले आफ्नो छोराको नाम महाराजाधिराज र आधुनिक पदार्थको नाम सनातन राखिदियो भने त के नै आश्चर्य हुन्छ र ? अब यिनीहरूका आपसका जस्ता झगडा छन्, त्यस्तै नै पुराणहरूमा भरेर राखेका छन् ।

हेर ! देवीभागवतमा 'श्री' नामा एक देवी स्त्रीलाई श्रीपुरकी स्वामिनी लेखिएको छ, उनैले सबै जगत्लाई बनाइन् र ब्रह्मा, विष्णु जुन महादेवलाई पनि उनैले रचेकी हुन् । जब ती देवीको इच्छा भयो तब उनले आफ्नो हातलाई घसिन् ।

उनको हातबाट छालाको फोका बन्यो । त्यसैबाट ब्रह्माको उत्पत्ति भयो । ब्रह्मासँग देवीले भनिन् कि तैंले मसँग विवाह गर् । ब्रह्माले भने कि तिमी मेरी आमा लाग्छयौ, मैले तिमीसँग विवाह गर्न सक्दिन । आमालाई क्रोध चढ्यो, केटालाई भस्म गरिदिइन्, र फेरि हात घसेर उसैप्रकारबाट दोस्रो छोरो उत्पन्न गरेर त्यसको नाम विष्णु राखिन् । विष्णुसँग पनि त्यसरी नै कुरो भनिन् । उनले मानेन्, विष्णुलाई पनि भस्म गरिदिइन् । पुनः उसै प्रकारले तेस्रो छोरो उत्पन्न गरिन्, त्यसको नाम महादेव राखिन्, त्यसरी नै भनिन् कि तैंले मसँग विवाह गर् । महादेवले भने कि तिमीसँग विवाह गर्न सक्दिन, तिमीले दोस्रो स्त्रीको शरीर धारण गर । देवीले त्यसै गरिन् ।

तब महादेवले भने कि यी दुई ठाउँमा केको खरानीको थुप्रो हो ? देवीले भनिन् कि यी दुइटै तिम्रा दाइका हुन्, तिनीहरूले मेरो आज्ञा मानेन्, त्यसैले भस्म गरिदिएँ । महादेवले भने कि म एक्लैले के गर्छु र, यिनीहरूलाई ब्युँताइदेऊ र दुइटा स्त्री उत्पन्न गर, तीनै जनाको विवाह तीनै जनासँग हुनेछ । त्यस्तै नै देवीले गरिन् । फेरि तीनै जनाको साथमा विवाह भयो, वाह रे ! आमासँग विवाह गरेनन् र बहिनीसँग विवाह गरे ! के यसलाई उचित मान्न हुन्छ ? पश्चात् इन्द्रादिलाई उत्पन्न गरे । ब्रह्मा, विष्णु, रुद्र र इन्द्रलाई पालकी उठाउने डोले बनाए, इत्यादि लामा-चौडा मनमानी गफ लेखेका छन् । कसैले उनीसँग सोधून् कि त्यस देवीको शरीर र त्यस श्रीपुरलाई बनाउनेवाला र देवीका माता-पिता को थिए ? भनौला कि देवी अनादि हुन्, त्यसो भए त जुन संयोगजन्य वस्तु हुन्छ, त्यो अनादि कहिल्यै पनि हुन सक्दैन । जो माता-पुत्रको विवाह गर्नमा डराउँछ भने भाइ-बहिनीको विवाहमा कुनचाहिं राम्रो कुरो निक्लन्छ र ? जस्तो यस देवीभागवतमा महादेव, विष्णु र ब्रह्मादिको क्षुद्रता र देवीको बडाइ-चडाइ लेखिएको छ, त्यसै प्रकारले शिवपुराणमा देवी आदिको धेरै क्षुद्रता लेखिएको छ । अर्थात् यी सबै महादेवका दास र महादेव सबैका ईश्वर हुन् । जुन 'रुद्राक्ष' अर्थात् एक वृक्षको फलको गेडो र खरानी धारण गर्नाले मुक्ति मान्दछन् भने त, खरानीमा लडीबुडी खेल्ने गधा आदि पशु र वनका गेडागुडी आदिको गहना र माला धारण गर्नेवाला भील (कुसुण्डा), कञ्जर आदिले मुक्ति पाउनेछन् र सुँगुर, कुकुर, गधा, आदि पशु खरानीमा लडीबुडी खेल्नेहरूको मुक्ति किन हुँदैन ?

**प्रश्न**– कालाग्निरुद्रोपनिषद्मा भस्म लगाउने विधान लेखिएको छ । के यो झुटो हो ?

**'त्र्यायुषं जमदग्नेः०'** –यजुर्वेद (३/६२) ॥

इत्यादि वेदमन्त्रले पनि भस्म-धारणको विधान र पुराणहरूमा रुद्रको आँखाको अश्रुपातबाट जुन वृक्ष बन्यो त्यसैको नाम रुद्राक्ष हो । यसैले त्यसको धारणमा पुण्य लेखिएको छ । एउटामात्र रुद्राक्ष धारण गरेमा त सबै पापहरूबाट छुटेर स्वर्ग जान्छ र यमराज र नरकको डर हुँदैन ।

**उत्तर**– कालाग्निरुद्रोपनिषद् कुनै 'फुस्रा' मनुष्य अर्थात् खरानी धारण गर्नेवालाले बनाएको हो । किनभने **'यास्या प्रथमा रेखा सा भूर्लोकः'** इत्यादि वचन त्यसमा अनर्थक छन् । जुन प्रतिदिन हातले बनाएको रेखा हो, त्यो भूलोक वा यसको वाचक कसरी हुन सक्दछ ?

र जुन– **त्र्यायुषं जमदग्नेः कश्यपस्य त्र्यायुषम् ।** –यजुर्वेद (अध्याय ३/मन्त्र ६२) ॥

इत्यादि मन्त्र छन्, ती भस्म वा त्रिपुण्ड्र धारणको वाची होइनन् किन्तु–

**चक्षुर्वै जमदग्निर्ऋषिः** –शतपथ ब्राह्मणे (८/१/२/३) ॥

हे परमेश्वर ! मेरो नेत्रको ज्योति (त्र्यायुषम्) तीनगुणा अर्थात् तीन सय वर्ष पर्यन्त रहोस् र मैले पनि यस्तै धर्मको काम गरूँ कि जसबाट दृष्टि-नाश नहोस् ।

हेर त यो कति मूर्खताको कुरा हो कि आँखाको अश्रुपातबाट कहिल्यै वृक्ष उत्पन्न हुन सक्दछ ? के परमेश्वरको सृष्टिक्रमलाई कसैले अन्यथा गर्न सक्दछ ? जस्तो जुन वृक्षको बीज परमात्माले रचेको छ, त्यसैबाट त्यही वृक्ष उत्पन्न हुन सक्दछ, अन्यथाबाट होइन । त्यसैले जति पनि रुद्राक्ष, भस्म, तुलसी, कमलाक्ष, घाँस, चन्दन आदि कण्ठमा धारण गरिन्छ, त्यो सबै जङ्गली पशुवत् मनुष्यको काम हो । यस्ता वाममार्गी र शैवमार्गी धेरै मिथ्याचारी, विरोधी र कर्तव्य कर्मका त्यागी हुन्छन् । यिनीहरूमा जो श्रेष्ठ पुरुष हुन्छ, त्यसले यी सबै कुरालाई विश्वास नगरेर राम्रो कर्म गर्दछ । यदि रुद्राक्ष भस्म-धारणले यमराजका दूत डराउँछन् भने त पुलिसका सिपाही पनि डराउँछन् होला ? जब रुद्राक्ष भस्म-धारण गर्नेवालासित कुकुर, सिंह, सर्प, बिच्छी, माखो र लामखुट्टे आदि पनि डराउँदैनन् भने त न्यायाधीशका गण किन डराउने ?

## वैष्णवमतको बारेमा समीक्षा (११.७)

**प्रश्न**– वाममार्गी र शैव त राम्रा होइनन् परन्तु वैष्णव त राम्रा हुन् ?

**उत्तर**– यी पनि वेदविरोधी हुनाले ती भन्दा पनि अधिक नराम्रा हुन् ।

**प्रश्न**– **'नम॑स्ते रुद्र म॒न्यवे॑'** ॥ **'शिवाय च शिवतराय च'** ॥ –यजुर्वेद (अध्याय १६/मन्त्र १, ४१) ॥

**'वै॒ष्णव॒म॑सि'** ॥ –यजुर्वेद (अध्याय ५/मन्त्र २१) ॥

**'वाम॒नाय॑ च॒'** ॥ **'ग॒णानां॑ त्वा ग॒णप॑तिꣳ हवामहे'** ॥ –यजुर्वेद (अ. १६/मं. ३०, १९) ॥

**'भग॑वती॒ भूयाः'** ॥ –अथर्ववेद (काण्ड ९/सूक्त १०/मन्त्र २०) ॥

**'सूर्य॑ आ॒त्मा जग॑तस्त॒स्थुष॑श्च'** ॥ –यजुर्वेद (अध्याय १३/मन्त्र ४६) ॥

इत्यादि वेद प्रमाणहरूबाट शैवादि मत सिद्ध हुन्छन्, पुनः किन खण्डन गर्दछौ ?

**उत्तर**– यी वचनहरूबाट शैवादि सम्प्रदाय सिद्ध हुँदैनन्, किनभने 'रुद्र' परमेश्वर प्राणादि वायु, जीव, अग्नि आदिका नाम हुन् । जो क्रोधकर्ता रुद्र अर्थात् दुष्टहरूलाई रुवाउनेवाला परमात्मालाई नमस्कार गर्नु, प्राण र जाठराग्निलाई अन्न दिनु ।

**नम इति अन्ननाम ।** –निघण्टु (२/७) को वचन हो ।

जो मङ्गलकारी सबै संसारलाई अत्यन्त कल्याण गर्नेवाला हो, उस परमात्मालाई नमस्कार गर्नुपर्दछ । **'शिवस्य परमेश्वरस्यायं भक्तः शैवः'** । **'विष्णोः परमात्मनोऽयं भक्तो वैष्णवः'** । **'गणपतेः सकलजगत्स्वामिनोऽयं सेवको गाणपतः'** । **'भगवत्या वाण्या अयं सेवको भागवतः'** । **'सूर्यस्य चराचरात्मनोऽयं सेवकः सौरः'** यी सबै रुद्र, शिव, विष्णु, गणपति, सूर्यादि परमेश्वरको र भगवती सत्यभाषणयुक्त वाणीको नाम हो । यसमा बिना सम्झे यसरी झगडा मच्चाएका छन्, जस्तै–

एउटा कुनै वैरागीका दुइटा चेला थिए । तिनीहरूले गुरुका पाउ दबाउने गर्दथे । एउटाले दायाँ पाउ र अर्कोले बायाँ पाउको सेवा गर्नको लागि बाँडेका थिए । एक दिन एउटा चेलो कहीं गएको थियो र अर्कोले आफ्नो सेव्यको पाउको सेवा गरिरहेको थियो । यत्तिकैमा गुरुले कोल्टो फेर्‍यो, तब आफ्नो भागमा अर्को गुरुभाइको पाउ चाहिं पर्न आयो । उसले लाठी लिएर पाउमा बजार्‍यो । गुरुले भन्यो अरे दुष्ट ! तैंले यो के गरेको ? उसले भन्यो– मेरो खुट्टोमाथि यो अर्को खुट्टो कसरी चढ्यो ? यत्तिकैमा दोस्रो चेलो आइपुग्यो । उसले पनि सेवा गर्न लाग्यो । देख्यो कि खुट्टो सुनिएको छ । गुरुसँग सोध्यो कि यो मेरो सेव्य पाउमा के भयो ? गुरुले सबै वृत्तान्त सुनाइदियो । त्यो पनि मुर्ख न बोली न चाली, चुपचाप लाठी उठाएर जोड्सित दोस्रो पाउमा बजार्‍यो । गुरुले पुकार्दैराख्यो । फेरि दुइटै चेलाले लाठी लिएर गुरुको पाउलाई पिट्न थाले । बडो पुकार मच्चियो, तब कुनै बुद्धिमान् पुरुष आएर छुट्ट्याइदियो, ती दुइटै मूर्खलाई उपदेश दिए कि "हेर ! यी दुइटै पाउ तिम्रा गुरुका हुन् । दुइटैको सेवा गर्नाले उसैलाई सुख र दुःख दिनाले उसै एकलाई दुःख हुन्छ ।"

जसरी एउटा गुरुको सेवामा चेलाहरूले लीला गरे, त्यस्ता हीन, पामर, महामूर्ख, सम्प्रदायी मान्छेहरूले– परमेश्वरको विष्णु, रुद्रादि सबै नाम छन्, जस्तो कि प्रथम समुल्लासमा लेखेर आइएको छ । तिनलाई नजानेर शाक्त, शैव र वैष्णवादि परस्पर एक दोस्राको नामको निन्दा गर्दछन् ।

**तापः पुण्ड्रं तथा नाम माला मन्त्रस्तथैव च । अमी हि पञ्च संस्काराः परमैकान्तहेतवः ॥१॥**

–भरद्वाज संहिता परिशिष्ट, (अध्याय २/श्लोक २) रामानुजपटलपद्धति ॥

**अत॑प्ततनू॒र्न तदा॒मो अ॑श्नुते । इति श्रुतेः ॥** –ऋग्वेद (मण्डल ९/सूक्त ८३/मन्त्र १) ॥

अर्थात् (तापः) शङ्ख, चक्र, गदा र पद्मका चिह्नहरूलाई अग्निमा तपाएर, भुजाको मूलमा दाग दिएर, दूधको पात्रमा निभाउँछन्, फेरि कसैले त्यस दूधलाई पिउँछन् पनि । अर्थात् त्यसमा केही मात्रामा मनुष्यको शरीरको मांसको अंश पनि आउँछ होला । यस्तो कर्म गर्नाले परमेश्वरलाई प्राप्त गर्ने आशा गर्दछन् र भन्दछन् कि बिना शङ्ख, चक्रादिले शरीर नतपाए त जीव परमेश्वरलाई प्राप्त हुँदैन, किनभने त्यो (आमः) अर्थात् काँचो छ । र जसरी राज्यका कर्मचारीको भेषभूषामा सरकारी चिह्न हुनाले उनीहरूसँग अरू मान्छे डराउँछन्, त्यसरी नै विष्णुका चक्रादि आयुधहरूको चिह्नलाई देखेर यम र यमका गण डराउँछन्, र भन्दछन् कि–

दोहा– **बाना बडा दयालका, तिलक छाप अरु माल ।**
**यम डरपै कालू कहे, भय माने भूपाल ॥** –भक्तमाल निष्ठा ६ ॥

भगवान्को बाना महान् छ । तिलक, छाप र माला धारण गर्ने ठूलो हो । जसदेखि यमराज र राजा पनि डर्दछन् । (पुण्ड्रम्) त्रिशूलको सदृश ललाटमा चित्र निकाल्नु, (नाम) नारायणदास, विष्णुदास, दासशब्दान्त नाम, कमलगट्टा आदिका माला र पाँचौं (मन्त्र) अर्थात्–

**ओं नमो नारायणाय ॥१॥** –पद्मपुराण (भाग ६/उत्तरखण्ड अध्याय ७२/श्लोक ११७) ॥

यो यिनीहरूले साधारण मनुष्यको लागि । दोस्रो–

**श्रीमन्नारायणचरणं शरणं प्रपद्ये ॥२॥ श्रीमते नारायणाय नमः ॥३॥** –भक्तमाल ॥

इत्यादि मन्त्र धनाढ्य र माननीयहरूका लागि । किनभने यो पनि एक दोकानै ठहरियो ! जस्तो मुख त्यस्तै तिलक ! यी पाँच संस्कारहरूलाई चक्राङ्कितहरूले मुक्तिको हेतु मान्दछन् ।

यी मन्त्रहरूका अर्थ– म नारायणलाई नमस्कार गर्दछु ॥१॥ र म लक्ष्मीयुक्त नारायणको चरणारविन्दको शरणमा प्राप्त हुन्छु ॥२॥ र श्रीयुत नारायणलाई नमस्कार गर्दछु अर्थात् जुन शोभायुक्त नारायण हुन्, उनैलाई मेरो नमस्कार पुगोस् ॥३॥

जसरी वाममार्गीले पाँच मकारलाई मान्दछन्, त्यसरी नै चक्राङ्कित पाँच संस्कारलाई मान्दछन् जुन वेदको वचन लेखिएको छ त्यसको यस प्रकारको पाठ र अर्थ हो–

**पवित्रं ते विततं ब्रह्मणस्पते प्रभुर्गात्राणि पर्येषि विश्वतः ।**

**अतप्ततनूर्न तदामो अश्नुते शृतास इद्वहन्तस्तत्समाशत ॥१॥**

**तपोष्पवित्रं विततं दिवस्पदे ॥२॥** –ऋग्वेद (मण्डल ९/सूक्त ८३/मन्त्र १, २) ॥

हे ब्रह्माण्ड र वेदहरूको पालन गर्नेवाला प्रभु सर्वसामर्थ्ययुक्त सर्वशक्तिमान् ! तपाईंले आफ्नो व्याप्तिबाट संसारको सबै अवयवहरूलाई व्याप्त गरेर राख्नुभएको छ । त्यो तपाईंको जुन व्यापक पवित्र स्वरूप छ त्यसलाई ब्रह्मचर्य, सत्यभाषण, शम, दम, योगाभ्यास, जितेन्द्रिय, सत्सङ्गादि तपश्चर्यादेखि रहित जो अपरिपक्व आत्मा अन्तःकरणयुक्त छ, त्यसले तपाईंको स्वरूपलाई प्राप्त गर्दैन र जो पूर्वोक्त तपले शुद्ध छन्, तिनैले यसको आचरण गर्दै त्यस तपाईंको शुद्धस्वरूपलाई राम्रो प्रकारसँग प्राप्त गर्दछन् ॥१॥ जसले प्रकाशस्वरूप परमेश्वरको सृष्टिमा विस्तृत पवित्राचरणरूप तप गर्दछन्, तिनीहरू नै परमात्मालाई प्राप्त गर्नमा योग्य हुन्छन् ॥२॥

अब विचार गर्नुहोस् कि रामानुजीयादि जनहरू यस मन्त्रबाट 'चक्राङ्कित' हुनु कुन तरिकाले निकाल्दछन् ? तिनीहरू विद्वान् थिए कि अविद्वान् ? यदि विद्वान् हुन्थे भने त यस्तो असम्भावित अर्थ यस मन्त्रको किन गर्दथे ? किनभने यस मन्त्रमा **'अतप्ततनूः'** शब्द छ किन्तु **'अतप्तभुजैकदेशः'** शब्द छैन । जुन **'अतप्ततनूः'** यो मन्त्र नखशिखाग्रपर्यन्त समुदायको अर्थ हो, यसलाई **प्रमाण** गरेर अग्निबाटै तपाउनु चक्राङ्कितहरू स्वीकार गर्दछन् भने त, आफ्नो-आफ्नो शरीरलाई भाडमा झोकेर सबै शरीरलाई जलाए पनि यस मन्त्रको अर्थदेखि विरुद्ध हुन्छ, किनभने यस मन्त्रमा सत्यभाषणादि पवित्र कर्म गर्न तप लेखिएको छ ।

**ऋतं तपः सत्यं तपो दमस्तपः स्वाध्यायस्तपः ॥**

–तैत्तिरीयोपनिषद् (शिक्षावल्ली ९); तैत्तिरीय (आरण्यक १०/अनुवाक ८) ॥

इत्यादि तप भनिन्छ । अर्थात् (ऋतं तपः) यथार्थ शुद्धभाव, सत्य मान्नु, सत्य बोल्नु, सत्य गर्नु, मनलाई अधर्ममा जान नदिनु, बाह्य इन्द्रियहरूलाई अन्यायाचरणमा जानदेखि रोक्नु अर्थात् शरीर, इन्द्रिय र मनबाट शुभ कर्महरूको आचरण गर्नु, वेदादि सत्य विद्याहरूलाई पढ्नु-पढाउनु, वेदानुसार आचरण गर्नु आदि उत्तम धर्मयुक्त कर्महरूको नाम **'तप'** हो । धातुलाई तताएर छालालाई पोल्नु तप भनिंदैन । हेर ! चक्राङ्कितहरू आफूलाई ठूला वैष्णव मान्दछन्, परन्तु आफ्नो परम्परा र कुकर्मतिर ध्यान दिंदैनन् कि प्रथम

यिनीहरूको मूलपुरुष 'शठकोप' थियो कि जुन चक्राङ्कितहरूको नै ग्रन्थहरूमा र भक्तमाल ग्रन्थ जुन नाभा डूमले बनाएको हो, त्यसमा–

**विक्रीय शूर्पं विचचार योगी ॥** –दिव्यसूरिचरितकाव्य सर्ग २ ॥

इत्यादि वचन लेखिएको छ । अर्थात् शठकोप योगी सुपोलाई बनाएर, बेच्दै हिंड्दथ्यो अर्थात् कञ्जर (घुमन्ता) जातिमा उत्पन्न भएको थियो । जब उसले ब्राह्मणहरूसँग पढ्न वा सुन्न चाह्यो होला, तब ब्राह्मणहरूले तिरस्कार गरे होलान् । त्यसले ब्राह्मणहरूको विरुद्ध सम्प्रदाय तिलक, चक्राङ्क आदि चलायो होला । त्यसको चेलो 'मुनिवाहन' जुन कि चाण्डाल वर्णमा उत्पन्न भएको थियो । त्यसको 'यावनाचार्य' जुन यवनकुलोत्पन्न थियो, जसको नाम फेरेर कसै-कसैले 'यामुनाचार्य' पनि भन्दछन् ।

यिनीहरूको पश्चात् 'रामानुज' ब्राह्मणकुलमा उत्पन्न भएर चक्राङ्कित भए । यसको पूर्वमा केही भाषाका ग्रन्थ बनाउने गर्दथे । रामानुजले केही संस्कृत पढेर संस्कृतमा श्लोकबद्ध ग्रन्थ र शारीरक सूत्र र उपनिषद्हरूको टीका शङ्कराचार्यका टीका भन्दा विरुद्ध बनाए, र शङ्कराचार्यको थुप्रै निन्दा पनि गरे । जस्तो शङ्कराचार्यको मत जीव ब्रह्मको एकता, जगत् प्रपञ्च, सबै मिथ्या मायारूप अनित्य छ । यसदेखि विरुद्ध रामानुजको जीव, ब्रह्म र माया तीनवटै नित्य छन् । शङ्कराचार्यको अद्वैत अर्थात् जीव ब्रह्म एक, ब्रह्म एउटै छ, दोस्रो कुनै वस्तु वास्तविक छैन । यहाँ शङ्कराचार्यको मत ब्रह्मदेखि अतिरिक्त जीव र कारण वस्तुलाई नमान्नु, राम्रो होइन । रामानुजको यस अंशमा, जुन कि विशिष्टाद्वैत– जीव र मायासहित परमेश्वर एक छ । यसरी तीनवटैलाई मान्नु र अद्वैत भन्नु सर्वथा व्यर्थ छ । जीवलाई सर्वथा ईश्वरको आधीन परतन्त्र मान्नु, कण्ठी, तिलक, माला, मूर्तिपूजादि पाखण्ड-मत चलाउने आदि नराम्रा कुराहरू चक्राङ्कितमा छन् । जसरी चक्राङ्कित आदि वेदविरोध गर्दछन्, त्यसरी शङ्करकराचार्यका मतले गर्दैनन् ।

## मूर्तिपूजाको बारेमा समीक्षा (११.८)

**प्रश्न**– मूर्तिपूजाको थालनी कहाँबाट भयो ?

**उत्तर**– जैनीहरूबाट ।

**प्रश्न**– जैनीहरूले कहाँबाट चलाए ?

**उत्तर**– आफ्नो मूर्खताबाट ।

**प्रश्न**– जैनीहरू भन्दछन् कि शान्त ध्यानावस्थित बसेको मूर्ति देखेर आफ्नो जीवको पनि शुभ परिणाम त्यस्तै नै हुन्छ ।

**उत्तर**– जीव चेतन, मूर्ति जड । के मूर्तिको सदृश जीव पनि जड हुन जान्छ ? यो मूर्तिपूजा केवल पाखण्ड मत हो, जैनीहरूले चलाएका हुन् । त्यसैले यसको खण्डन १२औं समुल्लासमा गर्नेछौं ।

**प्रश्न**– शाक्त आदिले मूर्तिहरूमा जैनीहरूका अनुकरण गरेका छैनन्, किनभने जैनीहरूका मूर्तिहरूका सदृश वैष्णवादिका मूर्तिहरू छैनन् ।

**उत्तर**– हो, यो त ठीक हो । यदि जैनीहरूका तुल्य बनाउँथे भने त जैनमतमा मिल्न जान्थे । त्यसैले जैनीका मूर्तिहरूदेखि विरुद्ध बनाए, किनभने जैनसँग विरोध गर्नु यिनीहरूको र यिनीहरूसँग विरोध गर्नु जैनीहरूको मुख्य काम थियो । जसरी जैनीहरूको मूर्ति नाङ्गो ध्यानावस्थित र विरक्त मनुष्यको समान बनाएका छन् । वैष्णवादिले बेसरी शृङ्गारित, उभिएको, स्त्रीको सहित रङ्ग राग भोग विषयासक्ति सहिताकार मूर्तिहरू बनाएका छन् । जैनीहरू धेरै शङ्ख, घण्टा घडियार बजाउँदैनन् । यिनीहरूले ठूलो कोलाहल गर्दछन् । तब नै यी वैष्णवादि पोपहरूका चेला जैनीहरूदेखि बचे र थुप्रैले व्यासादि नामबाट थुप्रै ग्रन्थ बनाए । त्यसको नाम 'पुराण' राखेर कथा पनि सुनाउन थाले । र मूर्तिहरू बनाएर, कहीं पहाड जङ्गलमा राखेर आए वा भूमिमा गाडेर आए । फेरि आफ्ना चेलाहरूमा प्रसिद्ध गरे कि– "मलाई स्वप्नमा महादेव, पार्वती, राधा, कृष्ण, सीता, राम वा लक्ष्मी, नारायण, भैरव, हनुमान आदिले भने कि हामी फलानो ठाउँमा छौं । हामीलाई त्यहाँबाट निकालेर ल्याएर मन्दिरमा स्थापना गर, तिमी नै पुजारी भयौ भने त हामीले मनोवाञ्छित फल दिनेछौं ।" जब **'आँखाका अन्धा, गाँठका पूरा'** ती मान्छेले सुनेपछि साँचो मानेर त्यससँग भने कि यस्तो त्यो मूर्ति कहाँ छ ? उसले तिनीहरूलाई लिएर गएर देखाइदियो, तब त ती मूर्खहरू त्यस धूर्तका खुट्टामा नुगेर भने कि "तँमाथि यस देवताको ठूलो कृपा छ । हिंड हामीले मन्दिर बनाइदिनेछौं र त्यसमा यिनै देवताको पूजा तैंले गर्ने गरेस्, र हामीहरूले यसको दर्शन गरेर मनोवाञ्छित फल पाउनेछौं ।"

यस प्रकारबाट जब एउटाले गऱ्यो पुनः सबै पोपहरूले पनि आफ्नो-आफ्नो जीविकार्थ यसै प्रकार कपट-छलबाट मूर्तिहरू स्थापना गरे ।

**प्रश्न**– परमेश्वर निराकार छ, त्यो ध्यानमा आउन सक्दैन, त्यसैले मूर्तिको हुनु आवश्यक छ । अरू केही नगरे पनि मूर्तिको सामुन्ने गएर केहीबेर परमेश्वरको स्मरण गरेर नाम लिन्छौं ।

**उत्तर**– जब परमेश्वर निराकार छ, तब उसको मूर्ति नै बन्न सक्दैन । जहाँ मूर्तिलाई देख्नाले परमेश्वरको स्मरण हुन्छ भने त परमेश्वरले बनाएको पृथ्वी, जल, अग्नि, वनस्पति आदि रचनायुक्त पृथ्वी, पहाड, हिमालय आदि परमेश्वर-रचित महामूर्तिहरू कि जुन पहाड आदिबाट यी मनुष्यकृत मूर्तिहरू बन्दछन्, यिनीहरूलाई देखेर परमेश्वरको स्मरण किन आउन सक्दैन ? जहाँ कुनै अर्कैलाई हेरेर दोस्रो कसैको स्मरण हुन्छ भने त, जब त्यो सामुन्ने रहँदैन तब परमेश्वरलाई भुल्नेछन् र जब परमेश्वरलाई मनुष्यले भुल्दछ तबै उसले एकान्त पाएर अन्याय गर्दछ कि यहाँ मलाई कसैले देख्दैन ।

जहाँ मूर्तिलाई नमानेर परमेश्वरलाई व्यापक मानेमा त त्यसले डरले कि मलाई परमेश्वरले देखिरहेको छ, पाप गर्दैन । नामस्मरण मात्रले केही पनि फल हुँदैन । जस्तै कि मिश्री भन्दैमा मुख मीठो र नीम भन्दैमा तीतो हुँदैन, किन्तु त्यसलाई जिब्रोले चाखेमा मात्रै मीठो र तीतोको थाहा हुन्छ ।

**प्रश्न**– के नाम लिनु सर्वथा मिथ्या हो, जुन सर्वत्र पुराणहरूमा नामस्मरणको बडो माहात्म्य लेखिएको छ ?

**उत्तर**– नाम लिने तिम्रो रीति उत्तम छैन । जुन तरिकाबाट तिमीले नामस्मरण गर्दछौ, त्यो रीति भुटो हो ।

**प्रश्न**– हाम्रो रीति कस्तो हो ?

**उत्तर**– वेदविरुद्ध ।

**प्रश्न**– त्यसो भए अब तपाईंले हामीलाई वेदोक्त नामस्मरणको रीति बताउँनुहोस् ?

**उत्तर**– नामस्मरण यस प्रकारले गर्नुपर्दछ– जस्तै **'न्यायकारी'** ईश्वरको नाम हो कि जसरी पक्षपातरहित भएर परमात्मा सबैको यथावत् न्याय गर्दछ, त्यस्ता नामहरूका अर्थहरूलाई आफूमा ग्रहण गरेर न्याययुक्त व्यवहार सर्वदा गर्ने, अन्याय कहिल्यै नगर्ने ।

**प्रश्न**– हामीले पनि जान्दछौं कि परमेश्वर निराकार छ, परन्तु आफ्ना शिव, विष्णु, गणेश, सूर्य, देवी आदिको शरीर धारण गरेर राम, कृष्णादि अवतार लिनाले उसको मूर्ति बन्दछ, के यो कुरो पनि भुटो हो त ?

**उत्तर**– हो-हो एकदमै भुटो किनभने–

**'अज एकपात्'** –ऋग्वेद (मण्डल ७/सूक्त ३५/मन्त्र १३); यजुर्वेद (अध्याय ३४/मन्त्र ५३) ॥

**'अकायम्'** –यजुर्वेद (अध्याय ४०/मन्त्र ८) ॥

इत्यादि विशेषणहरूबाट परमेश्वरको जन्म र शरीरधारण रहित वेदमा भनिएको छ, तथा युक्तिले पनि परमेश्वरको अवतार कहिल्यै हुन सक्दैन । किनभने जो आकाशवत् सर्वत्र व्यापक, अनन्त र सुख, दुःख, दृश्यादि गुणरहित छ, त्यो एक सानो वीर्य, गर्भाशय र शरीरमा कसरी आउन सक्दछ ? आउने-जाने त्यो हुन्छ जुन एकदेशी हुन्छ । जो अचल, अदृश्य, जसको बिना एक परमाणु पनि खाली छैन, उसको अवतार भन्नु जान कि बन्ध्याको पुत्रको विवाह गरेर, उसको पौत्रको दर्शन गर्ने कुरो हो ।

**प्रश्न**– जब परमेश्वर व्यापक छ भने त मूर्तिमा पनि छ । पुनः चाहे कुनै पदार्थमा भावना गरेर पूजा गर्नु राम्रो किन होइन ? हेर–

**न काष्ठे विद्यते देवो न पाषाणे न मृण्मये । भावे हि विद्यते देवस्तस्माद्भावो हि कारणम् ॥**

–तुलना [गरुडपुराण, धर्मकाण्ड, प्रेतकल्प (अध्याय ३८/श्लोक १३); चाणक्यनीति (८/११)] ॥

परमेश्वर देव न काष्ठ, न पाषाण, न मृत्तिकाबाट बनाएका पदार्थहरूमा छ किन्तु परमेश्वर त भावमा विद्यमान छ । जहाँ भाव गऱ्यो वहीं परमेश्वर सिद्ध हुन्छ ।

**उत्तर**– जब व्यापक छ भने त कुनै एक वस्तुमा परमेश्वरको भावना गर्नु, अन्यत्र नगर्नु यो यस्तो कुरो भयो कि जस्तै चक्रवर्ती राजालाई सबै राज्यको सत्ताबाट छुटाएर एक सानो कुटीको स्वामी मान्नु कति ठूलो अपमान हो ! त्यस्तै तिमीले पनि परमेश्वरको अपमान गर्दछौ । जब व्यापक मान्दछौ त वाटिकादेखि पुष्प-पत्र टिपेर किन चढाउँछौ ? चन्दन घसेर किन लगाउँछौ ? धूप किन बाल्दछौ ? शङ्ख, घण्ट, खैंजडी, मुजुरा, मृदङ्ग, करतल आदि किन बजाउँछौ ? तिम्रो हातमा छन्, किन जोड्छौ ? शिरमा छन्, किन निहुरन्छौ ? अन्न-जलादिमा छन्, किन नैवेद्य चढाउँछौ ? जलमा छन् किन स्नान गराउँछौ ? किनभने ती सबैमा परमात्मा व्यापक छ । र तिमीले व्यापकको पूजा गर्दछौ कि व्याप्यको ? यदि व्यापकको गर्दछौ भने त पाषाण, काष्ठ आदिमा चन्दन, पुष्पादि किन चढाउँछौ ? र यदि व्याप्यको पूजा गर्दछौ भने त 'हामी परमेश्वरको पूजा गर्दछौं' भनेर, यस्तो किन भुटो बोल्दछौ ? 'हामी पाषाणादिका पुजारी हौं', यस्तो सत्य किन भन्दैनौ ?

**'भाव' साँचो हो कि झुटो ?** यदि साँचो हो भने त तिम्रो भावको आधीन भएर परमेश्वर बद्ध हुन जानेछ । र तिमी माटोमा सुवर्ण, पाषाणमा हीरा-पन्ना, समुद्रफिंजमा मोती, जलमा घ्यू-दूध, बरफमा दही आदि, धुलोमा पीठो र शक्करको भावना गरेर तिनीहरूलाई किन त्यस्तै बनाउँदैनौ ? दुःखको भावना कसैले गर्दैन, फेरि दुःख किन हुने गर्दछ ? र सुखको भावना गर्दछौ, त्यो किन हुँदैन ? अन्धाले नेत्रको भावना गरेर किन देख्दैन ? मर्ने भावना हुँदैन फेरि किन मान्छे मर्दछन् ? यसैले तिम्रो भावना साँचो होइन । किनभने **'भावना'** जस्तोमा त्यस्तै भाव गर्नुलाई भनिन्छ । जस्तै अग्निमा अग्नि, जलमा जल जान्नु **'ज्ञान'** र अन्यथा जान्नु **'अज्ञान'** हो । यसैले तिमी अभावनालाई भावना र भावनालाई अभावना भन्दछौ ।

**प्रश्न**– एजी ! जबसम्म वेदमन्त्रहरूले आवाहन गरिंदैन, देवताहरू आउँदैनन् र आवाहन गर्नाले झट्सित आउँछन् र विर्सजन गर्नाले जान्छन् ।

**उत्तर**– यदि मन्त्रको आवाहन गर्नाले परमेश्वर आउँछ भने त मूर्ति चेतन किन हुँदैन ? र विसर्जन गर्नाले जान्छ भने त त्यो कहाँबाट आउँछ र कहाँ जान्छ ? सुन अन्धाहरू हो ! पूर्ण परमात्मा न आउँछ, न त जान्छ । यदि तिमी मन्त्रले परमेश्वरलाई बोलाउँछौ भने त उनै मन्त्रले आफ्नो मरेको पुत्रको शरीरमा जीवलाई किन बोलाउँदैनौ ? र शत्रुको जीवात्माको विसर्जन गरेर किन मार्न सक्दैनौ ? सुन भाइ ! हे भोलेहरू हो ! यहाँ पोपजीले तिमीलाई ठगेर आफ्नो प्रयोजन सिद्ध गर्दछन् । वेदहरूमा पाषाणादि मूर्तिपूजा र परमेश्वरको आवाहन-विसर्जन गर्नको लागि एक अक्षर पनि लेखिएको छैन ।

**प्रश्न– प्राणा इहागच्छन्तु सुखं चिरं तिष्ठन्तु स्वाहा ।**
**आत्मेहागच्छतु सुखं चिरं तिष्ठतु स्वाहा ।**
**इन्द्रियाणीहागच्छन्तु सुखं चिरं तिष्ठन्तु स्वाहा ॥** –प्रतिष्ठामयूख ग्रन्थ, तन्त्रग्रन्थ ॥

इत्यादि वेदका मन्त्रहरू छन्, किन भन्दछौ छैनन् ?

**उत्तर**– अरे भाइ ! अलिकति त आफ्नो बुद्धिलाई काममा लगाऊ । यो सबै कपोलकल्पित वाममार्गीहरूका वेदविरुद्ध तन्त्रग्रन्थहरूका पोपरचित पंक्तिहरू हुन्, वेदवचन होइनन् ।

**प्रश्न**– के तन्त्र झुटो हो त ?

**उत्तर**– हो, सर्वथा झुटो हो । जसरी आवाहन, प्राणप्रतिष्ठादि, पाषाण मूर्तिविषयक वेदहरूमा एक मन्त्र पनि छैन, त्यस्तै **'स्नानं समर्पयामि'** इत्यादि वचन पनि छैन । अर्थात् यति पनि छैन कि **'पाषाणादिमूर्त्तिं रचयित्वा मन्दिरेषु संस्थाप्य गन्धादिभिरर्चयेत् ।'** पाषाणको मूर्ति बनाएर, मन्दिरमा स्थापन गरेर चन्दन-अक्षतादिले पूजा गर, यस्तो लेशमात्र पनि छैन ।

**प्रश्न**– यदि वेदहरूमा विधि छैन त खण्डन पनि छैन । र जुन खण्डन छ त **'प्राप्तौ सत्यां निषेधः'** मूर्तिको हुनाले नै खण्डन सङ्गत हुन सक्दछ ।

**उत्तर**– विधि त छैन, परन्तु परमेश्वरको स्थानमा कुनै अन्य पदार्थलाई पूजनीय नमान्न र सर्वथा निषेध गरेको छ । के अपूर्वविधि हुँदैन ? सुन ! यो हो–

**अन्धन्तमः प्र विशन्ति येऽसम्भूतिमुपासते ।**

**ततो भूयऽइव ते तमो यऽउ सम्भूत्याᳫं रताः ॥१॥** –यजुर्वेद (अध्याय ४०/मन्त्र ९) ॥

**न तस्य प्रतिमाऽअस्ति ॥२॥** –यजुर्वेद (अध्याय ३२/मन्त्र ३) ॥

**मा चिदन्यद्वि शंसत सखायो... ॥३॥**

–ऋग्वेद (मण्डल ८/सूक्त १/मन्त्र १); सामवेद (मन्त्र २४२) ॥

**यद्वाचानभ्युदितं येन वागभ्युद्यते । तदेव ब्रह्म त्वं विद्धि नेदं यदिदमुपासते ॥४॥**
**यन्मनसा न मनुते येनाहुर्मनो मतम् । तदेव ब्रह्म त्वं विद्धि नेदं यदिदमुपासते ॥५॥**
**यच्चक्षुषा न पश्यति येन चक्षूँषि पश्यन्ति । तदेव ब्रह्म त्वं विद्धि नेदं यदिदमुपासते ॥६॥**
**यच्छ्रोत्रेण न शृणोति येन श्रोतमिदं श्रुतम् । तदेव ब्रह्म त्वं विद्धि नेदं यदिदमुपासते ॥७॥**
**यत्प्राणेन न प्राणिति येन प्राणः प्रणीयते । तदेव ब्रह्म त्वं विद्धि नेदं यदिदमुपासते ॥८॥**

–केनोपनिषद् (खण्ड १/ मन्त्र ४-८) ॥

**न संदृशे तिष्ठति रूपमस्य न चक्षुषा पश्यति कश्चनैनम् ।**
**हृदा हृदिस्थं मनसा य एनमेवं विदुरमृतास्ते भवन्ति ॥९॥**

–श्वेताश्वतरोपनिषद् (अध्याय ४/मन्त्र २०) ॥

जसले **'असम्भूति'** अर्थात् अनुत्पन्न अनादि प्रकृति कारणलाई नै, ब्रह्मको स्थानमा उपासना गर्दछन्, तिनीहरू अन्धकार अर्थात् अज्ञान र दुःखसागरमा डुब्दछन् । र **'सम्भूति'** जो कारणबाट उत्पन्न भएको कार्यरूप पृथ्वी आदि भूत, पाषाण र वृक्षादि अवयव र मनुष्यादिको शरीरको उपासना ब्रह्मको स्थानमा गर्दछन्, तिनीहरू त्यस अन्धकार भन्दा पनि अधिक अन्धकार अर्थात् महामूर्ख चिरकाल पर्यन्त घोर दुःखरूप नरकमा परेर महाक्लेश भोग्दछन् ॥१॥

जो सबै जगत्मा व्यापक छ उस निराकार परमात्माको प्रतिमा, परिमाण, सादृश्य वा मूर्ति छैन ॥२॥

हे मित्रहरू हो ! प्रभुदेखि भिन्न अरू कसैको शंसन वा स्तुति नगर, अर्थात् परमेश्वरलाई छोडेर अन्य कुनै देवको स्तुति उपादेय छैन ॥३॥

जो वाणीको **'इदंता'** अर्थात् यो जल हो लिनुहोस्, त्यस्तो विषय होइन, र जसको धारण वा सत्ताबाट वाणीको प्रवृत्ति हुन्छ, उसैलाई ब्रह्म जान र उपासना गर, जुन उसदेखि भिन्न छ, त्यो उपासनीय होइन । अर्थात् जो आफै वाणीले बोल्न सक्दैन, जसबाट शक्ति पाएर वाणीले बोल्नको लागि समर्थ हुन्छ, उसैलाई तैंले ब्रह्म जान्नू, जुन उसदेखि भिन्न छ, त्यो होइन ब्रह्म जसको तैंले उपासना गरेको छस् ॥४॥ जो मनदेखि **'इयत्ता'** गरेर मननमा आउँदैन, जसले मनलाई जान्दछ, उसै ब्रह्मलाई तिमीले जान र उसैको उपासना गर । जो उसदेखि भिन्न जीव र अन्तःकरण छ, उसको उपासना ब्रह्मको स्थानमा नगर । अर्थात् जो आफै मनले विचार गर्न सक्दैन, जसबाट शक्ति पाएर मनले विचार गर्नमा समर्थ हुन्छ, उसैलाई तैंले ब्रह्म जान्नू, जुन उसदेखि भिन्न छ, त्यो होइन ब्रह्म जसको तैंले उपासना गरेको छस् ॥५॥ जसलाई आँखाले देखिंदैन र जसबाट सबै आँखाले देख्दछ, उसैलाई तिमीले ब्रह्म जान र उसैको उपासना गर, जो उसदेखि भिन्न सूर्य, विद्युत् र अग्नि आदि जड पदार्थहरू छन्, त्यसको उपासना नगर । अर्थात् जो आफै आँखाले देख्न सक्दैन, जसबाट शक्ति पाएर आँखाले देख्दछ, उसैलाई तैंले ब्रह्म जान्नू, जुन उसदेखि भिन्न सूर्य, विद्युत र अग्नि आदि जड पदार्थहरू छन्, त्यो होइन ब्रह्म जसको तैंले उपासना गरेको छस् ॥६॥ जसलाई श्रोत्रले सुन्न सक्दैन र जसबाट श्रोत्रले सुन्दछ, उसैलाई तिमीले ब्रह्म जान र उसैको उपासना गर । उसदेखि भिन्न शब्दादिको उपासना ब्रह्मको स्थानमा नगर । अर्थात् जसलाई कानले आफै सुन्न सक्दैन, जसको शक्ति पाएर कानले सुन्ने गर्दछ, उसैलाई तैंले ब्रह्म जान्नू, जुन उसदेखि भिन्न शब्दादिको उपासना, त्यो ब्रह्म होइन ॥७॥ जो प्राणहरूबाट चलायमान हुँदैन, जसबाट प्राण गमनलाई प्राप्त गर्दछ, उसै ब्रह्मलाई तिमीले जान र उसैको उपासना गर । जुन यो उसदेखि भिन्न वायु छ, त्यसको उपासना नगर । अर्थात् जो प्राणवायुले जीवित हुँदैन, जसबाट शक्ति पाएर प्राणले गति गर्दछ, उसैलाई तैंले ब्रह्म जान्नू, जुन उसदेखि भिन्न छ, त्यो होइन ब्रह्म जसको तैंले उपासना गरेको छस् ॥८॥ यस परमात्माको कुनै रूप दृष्टिको सामुन्ने अडिन सक्दैन, उसलाई कसैका यी भौतिक आँखाले देख्न सक्दैन ॥९॥ इत्यादि थुप्रै निषेध छन् ।

निषेध प्राप्त र अप्राप्तको पनि हुन्छ । **'प्राप्त'** को– जस्तै कोही कहीं बसेको छ, उसलाई त्यहाँबाट उठाइदिनु । **'अप्राप्त'** को– जस्तै हे पुत्र ! तैंले चोरी कहिल्यै नगरेस्, इनारमा नखस्नु, दुष्टहरूको सङ्ग नगर्नु, विद्याहीन नरहनु, इत्यादि अप्राप्तको पनि निषेध हुन्छ । सो मनुष्यको ज्ञानमा अप्राप्त, परमेश्वरको ज्ञानमा प्राप्तको निषेध गरेको छ । यसैले पाषाणादि मूर्तिपूजा अत्यन्त निषिद्ध छ ।

**प्रश्न**- मूर्तिपूजामा पुण्य छैन त पाप पनि छैन ?

**उत्तर– कर्म** दुई प्रकारको नै हुन्छ– **विहित**-जुन कर्तव्यताबाट वेदमा सत्यभाषणादि प्रतिपादित छ । दोस्रो **निषिद्ध**-जुन अकर्तव्यताबाट मिथ्याभाषणादि वेदमा निषिद्ध छ । जसरी विहितको अनुष्ठान गर्नु त्यो धर्म, त्यसलाई नगर्नु अधर्म हो, त्यसरी नै निषिद्ध कर्मलाई गर्नु अधर्म र नगर्नु धर्म हो । जब वेदमा निषिद्ध मूर्तिपूजादि कर्म तिमीले गर्दछौ, तब पापी किन होइनौ ?

**प्रश्न–** हेर ! वेद अनादि हुन् । त्यो समयमा मूर्तिको के काम थियो ? किनभने पहिला त देवता प्रत्यक्ष थिए । यो रीति त पछिबाट तन्त्र र पुराणहरूदेखि चलेको हो । जब मनुष्यको ज्ञान र सामर्थ्य न्यून हुन गयो, परमेश्वरलाई ध्यानमा ल्याउन सकिंदैन, मूर्तिको ध्यान गर्न सकिन्छ, यस कारण अज्ञानीहरूका लागि मूर्तिपूजा हो । किनभने सिंढी-सिंढीबाट चढेर भवनमा पुगिन्छ । पहिलो सिंढी छोडेर माथि जान चाहेमा त जान सकिन्न, त्यसैले मूर्ति प्रथम सिंढी हो । यसलाई पूज्दा-पूज्दै जब ज्ञानी हुन्छ र अन्तःकरण पवित्र हुनेछ, तब परमात्माको ध्यान गर्न सक्नेछ । जसरी निशानाबाजले प्रथम स्थूलमा बाण, गोली वा गोला मार्दा-मार्दा पश्चात् सूक्ष्म निशानामाथि पनि मार्न सक्दछ । त्यसरी नै स्थूल मूर्तिको पूजा गर्दा-गर्दै सूक्ष्म ब्रह्मलाई पनि प्राप्त हुन्छ । जसरी केटीहरूले खेलौनाको खेल तबसम्म गर्दछन्, जबसम्म साँचो पतिलाई प्राप्त गर्दैनन्, इत्यादि प्रकारबाट मूर्तिपूजा गर्न दुष्ट काम होइन ।

**उत्तर–** जब वेदविहित धर्म र वेदविरुद्धाचरणमा अधर्म छ भने त तिमीले भन्दा पनि मूर्तिपूजा अधर्म ठहरियो । जुन ग्रन्थ वेददेखि विरुद्ध छन्, तिनीहरूको प्रमाण गर्नु जान कि नास्तिक हुनु हो । सुन–

**नास्तिको वेदनिन्दकः ॥१॥** –मनुस्मृति (अध्याय २/श्लोक ११) ॥

**या वेदब्राह्याः स्मृतयो याश्च काश्च कुदृष्टयः ।**
**सर्वास्ता निष्फलाः प्रेत्य तमोनिष्ठा हि ताः स्मृताः ॥२॥**
**उत्पद्यन्ते च्यवन्ते च यान्यतोऽन्यानि कानिचित् ।**
**तान्यर्वाक्कालिकतया निष्फलान्यनृतानि च ॥३॥** –मनुस्मृति (अध्याय १२/श्लोक ९५-९६) ॥

मनुजी भन्नहुन्छ जसले वेदहरूको 'निन्दा' अर्थात् अपमान, त्याग, विरुद्धाचरण गर्दछ, त्यसलाई 'नास्तिक' भन्दछन् ॥१॥ जुन ग्रन्थ वेदबाह्य, कुत्सित पुरुषहरूले बनाए, संसारलाई दुःखसागरमा डुबाउनेवाला हो, ती सबै निष्फल, असत्य, अन्धकाररूप, यस लोक र परलोकमा दुःखदायक हुन्छ ॥२॥ जति पनि यी वेदहरूदेखि विरुद्ध ग्रन्थ उत्पन्न हुन्छन्, ती आधुनिक हुनाले शीघ्र नष्ट हुन जान्छन् । तिनीहरूलाई मान्नु निष्फल र झुट्टो हो ॥३॥

यसै प्रकारबाट ब्रह्मादेखि लिएर जैमिनी मुनि पर्यन्तको मत छ कि वेदविरुद्धलाई मान्न हुँदैन, किन्तु वेदानुकूल कै आचरण गर्नु धर्म हो । किनभने वेद सत्य अर्थको प्रतिपादक हो, यसदेखि विरुद्ध जति पनि तन्त्र र पुराणहरू छन्, ती वेदविरुद्ध हुनाले झुट्टा हुन्, ती वेददेखि विरुद्ध चल्दछन् । तिनमा बताइएको मूर्तिपूजा पनि अधर्मरूप हो । मनुष्यको ज्ञान जडको पूजाले बढ्न सक्दैन किन्तु जे-जति ज्ञान छ, त्यो पनि नष्ट हुन जान्छ । यसैले ज्ञानीहरूको सेवा-सङ्गबाट ज्ञान बढ्दछ, पाषाणादिबाट होइन । के पाषाणादि मूर्तिपूजाबाट परमेश्वरलाई ध्यानमा कहिल्यै ल्याउन सक्दछ ? होइन-होइन । मूर्तिपूजा सिंढी होइन, किन्तु एउटा ठूलो खाल्डो हो, जसमा खसेर चकनाचूर हुन जान्छ । त्यस खाल्डोबाट निक्लन सक्दैन, किन्तु त्यसैमा मर्न पुग्दछ । हो, साना धार्मिक विद्वान्हरूदेखि लिएर परम विद्वान् योगीको सङ्गबाट सद्विद्या र सत्यभाषणादि परमेश्वरको प्राप्तिको सिंढीहरू हुन्, जसरी माथि घरमा जानको लागि निःश्रेणी हुन्छ । किन्तु मूर्तिपूजा गर्दा-गर्दै ज्ञानी त कोही भएनन्, प्रत्युत सबै मूर्तिपूजक अज्ञानी रहेर, मनुष्य जन्मलाई व्यर्थै गवाँए, थुप्रै मरेर गए र जति अब छन् र हुनेछन्, तिनीहरू पनि मनुष्य जन्मको धर्म, अर्थ, काम र मोक्षको प्राप्तिरूप फलहरूबाट विमुख भएर निरर्थ नष्ट हुन जानेछन् । मूर्तिपूजा ब्रह्मको प्राप्तिमा स्थूल लक्ष्यवत् होइन, किन्तु धार्मिक विद्वान् र सृष्टिविद्या हो । यसलाई बढाउँदै-बढाउँदै लगेर ब्रह्मलाई पनि पाउँछ । र मूर्ति खैलौनाको खेलवत् होइन, किन्तु प्रथम अक्षराभ्यास सुशिक्षाको हुनु, खेलौनाको खेलवत् ब्रह्मको प्राप्तिको साधन हो । सुन्नुहोस् ! जब राम्रो शिक्षा र विद्यालाई प्राप्त गर्नेछ, तब सच्चा स्वामी परमात्मालाई पनि प्राप्त गर्नेछ ।

**प्रश्न–** साकारमा मन स्थिर हुन्छ र निराकारमा स्थिर हुन कठिन छ, त्यसैले मूर्तिपूजा रहनुपर्दछ ।

**उत्तर–** साकारमा मन स्थिर कहिल्यै पनि हुन सक्दैन । किनभने त्यसलाई मनले झट ग्रहण गरेर त्यसको एक-एक अवयवमा घुम्दछ र दोस्रोमा दौडन जान्छ । र निराकार परमात्माको ग्रहणमा यावत्सामर्थ्य मन अत्यन्त दौडन्छ, तर पनि अन्त पाउँदैन । निरवयव हुनाले चञ्चल पनि रहँदैन किन्तु उसैको गुण-कर्म-स्वभावको विचार गर्दागर्दै आनन्दमा मग्न भएर स्थिर हुन जान्छ । यदि साकारमा स्थिर हुन्थ्यो भने त सबै जगत्को मन स्थिर हुन जान्थ्यो, किनभने जगत्मा मनुष्य, स्त्री, पुत्र, धन, मित्र आदि साकारमा फसिराख्दछ, परन्तु कसैको मन स्थिर हुँदैन, जबसम्म निराकारमा मन लगाउँदैन, किनभने त्यो निरवयव हुनाले उसमा मन स्थिर हुन जान्छ । त्यसैले मूर्तिपूजा गर्नु अधर्म हो ।

**दोस्रो–** त्यसमा करोडौं रुपैयाँ मन्दिरहरूमा व्यय गरेर दरिद्र हुन जान्छन् र त्यसमा प्रमाद हुन्छ ।

**तेस्रो–** स्त्री-पुरुषहरूको मन्दिरमा मेला हुनाले व्यभिचार, लडाईं-बखेडा र रोग उत्पन्न हुन्छन् ।

**चौथो–** त्यसैलाई धर्म, अर्थ, काम र मुक्तिको साधन मानेर पुरुषार्थरहित भएर मनुष्यजन्म व्यर्थै गवाउँछन् ।

**पाँचौं–** नाना प्रकारको विरुद्धस्वरूप-नाम-चरित्रयुक्त मूर्तिहरूका पुजारीहरूका ऐक्यमत नष्ट भएर, विरुद्धमतमा चलेर, आपसमा फुट बढाएर, देशको नाश गर्दछन् ।

**छैटौं–** त्यसैको भरोसामा शत्रुको पराजय र आफ्नो विजय मानेर बसिराख्दछन् । त्यसको पराजय भएर राज्य, स्वातन्त्र्य र धनको सुख उनका शत्रुका स्वाधीन हुन जान्छ । आफू पराधीन भाडाका टट्टू र कुमालेको गधाको तुल्य शत्रुहरूको वशमा परेर अनेकविध दुःख पाउँछन् ।

**सातौं–** जब कसैले कसैसँग भन्दछ कि हामी तेरो बस्ने आसनमा ढुङ्गा राखिदिन्छौं, तब त त्यो क्रोधित हुँदै पिट्न जाइलाग्नेछ, त्यसरी नै जुन परमेश्वरको उपासनाको स्थान हृदय र नाममा पाषाणादि मूर्तिहरू राख्दछन्, तिनको सत्यानाश परमेश्वरले किन नगर्ने ?

**आठौं**– भ्रान्त भएर मन्दिर-मन्दिर देश-देशान्तरमा घुम्दा-घुम्दा दुःख पाउँछन्, धर्म, संसार र परमार्थको कामलाई नष्ट गर्दछन्, चोर आदिबाट पीडित हुन्छन्, ठगहरूदेखि ठगिइराख्दछन् ।

**नवौं**– दुष्ट पुजारीहरूलाई धन दिन्छन्, तिनीहरूले त्यो धनलाई वेश्या, परस्त्रीगमन, मद्य, मांसाहार, लडाईं-बखेडाहरूमा व्यय गर्दछन्, जसबाट दाताको सुखको मूल नष्ट भएर दुःख पाउँछन् ।

**दशौं**– माता-पिता आदि माननीयहरूको अपमान र पाषाणादि मूर्तिहरूलाई मान गरेर कृतघ्न हुन जान्छन् ।

**एघारौं**– ती मूर्तिहरूलाई कसैले फुटाल्छ या चोरले लैजाँदा तब हा-हा गरेर रुन्छन् ।

**बाह्रौं**– पुजारी परस्त्रीहरूको सङ्ग र पुजारिन् परपुरुषहरूको सङ्गबाट प्रायः दूषित भएर स्त्री-पुरुषको प्रेमको आनन्दलाई हातबाट धोएर बस्दछन् ।

**तेह्रौं**– स्वामी-सेवकको आज्ञा पालन यथावत् नहुनाले, आपसमा विरुद्ध भएर नष्ट-भ्रष्ट हुन जान्छन् ।

**चौधौं**– जडको ध्यान गर्नेवालाको आत्मा पनि जडबुद्धि हुन जान्छ, किनभने ध्येयको जडत्व धर्म अन्तःकरणद्वारा आत्मामा अवश्य आउँछ ।

**पन्ध्रौं**– परमेश्वरले पुष्पादि सुगन्ध, वायु-जलको दुर्गन्ध निवारण र आरोग्यताको लागि बनाएको हो, त्यसलाई पुजारीले टिपेर नष्ट गरिदिन्छन्, पूर्ण सुगन्धको समयसम्म त्यसको सुगन्ध हुन्छ, त्यसको नाश मध्यमा नै गरिदिन्छन् । पुष्पादि मैलोको साथमा मिलेर-सडेर उल्टो दुर्गन्ध उत्पन्न गर्दछ । यसैले मूर्तिपूजा गर्नमा पाप हुन्छ । इत्यादि पापहरूको मूलकारण पाषाणादि मूर्तिपूजा पनि हो ।

यस्ता-यस्ता अनेक मूर्तिपूजा गर्दामा दोष आउँछन् । त्यसैले सर्वथा पाषाणादि मूर्तिपूजा सबै जनाको लागि त्यक्तव्य छ । फेरि जसले पाषाणमय मूर्तिपूजा गरेका थिए, गर्दछन् र गर्नेछन्, तिनीहरू पूर्वोक्त दोषहरूबाट नबचे, नबच्दछन् र न त बच्ने नै छन् ।

**प्रश्न**– कुनै प्रकारको मूर्तिपूजा गर्न हुन्छ कि हुँदैन र जुन हाम्रो आर्यावर्तमा **'पञ्चदेवपूजा'** शब्द प्राचीनकालदेखि चलेर आएको छ, त्यसको यही **'पञ्चायतनपूजा'**– जुन कि शिव, विष्णु, अम्बिका, गणेश र सूर्यको मूर्ति बनाएर पूज्दछन्– यही नै पञ्चायतनपूजा हो कि होइन ?

**उत्तर**– कुनै प्रकारको मूर्तिपूजा नगर्न, किन्तु **'मूर्तिमान्'** जो तल लेखिएका छन्, उनीहरूको 'पूजा' अर्थात् सत्कार गर्नुपर्दछ । त्यो पञ्चदेवपूजा, पञ्चायतनपूजा शब्द धेरै राम्रो अर्थवाला थियो, परन्तु मूढहरूले त्यसको सदर्थलाई छोडेर, असत्य अर्थ पक्डेका छन् । जो आजभोलि शिवादि पाँचैको मूर्तिहरू बनाएर पूज्दछन्, त्यसको खण्डन त माथि गरिसकेको छ । यो साँच्चो **'पञ्चायतन'** वेदोक्त र वेदानुकूलोक्त देवपूजा र मूर्तिपूजा हो, सुन–

**मा [नो] वधीः पितरं मोत मातरम् ॥१॥** –यजुर्वेद (अध्याय १६/मन्त्र १५) ॥

**आचार्य उपनयमानो......ब्रह्मचारिणमिच्छते ॥२॥** –अथर्ववेद (कां. ११/सू. ५/मं. ३–१७) ॥

**अतिथिर्गृहानुपगच्छेत् ॥३॥** –अथर्ववेद [तुलना- (काण्ड १५/सूक्त १२/मन्त्र १)] ॥

**अर्चत प्रार्चत प्रियमेधासो अर्चत ॥४॥** –ऋग्वेद (मण्डल ८/सूक्त ६९/मन्त्र ८) ॥

**त्वमेव प्रत्यक्षं ब्रह्मासि त्वामेव प्रत्यक्षं ब्रह्म वदिष्यामि ॥५॥** -तैत्तिरीयोपनिषद् (१/१) ॥

**कतम एको देव इति स ब्रह्म त्यदित्याचक्षते ॥६॥** –शतपथ ब्रा. (कां.१४/प्रपा.५/ब्रा.७/कं.१०) ॥

**मातृदेवो भव पितृदेवो भव आचार्यदेवो भव अतिथिदेवो भव ॥७॥** –तैत्ति.उप. (शि./अनु.११) ॥

**पितृभिर्भ्रातृभिश्चैताः पतिभिर्देवरैस्तथा ।**
**पूज्या भूषयितव्याश्च बहुकल्याणमीप्सुभिः ॥८॥** –मनुस्मृति (अध्याय ३/श्लोक ५५) ॥

**पूज्यो देववत्पतिः ॥९॥** –मनुस्मृति [तुलना- (अध्याय ५/श्लोक १५४)] ॥

प्रथम **'माता'** मूर्तिमती पूजनीय देवता अर्थात् सन्तानहरूबाट, तन-मन-धनले, वा सेवा गरेर मातालाई प्रसन्न राख्नु, हिंसा अर्थात् ताडना कहिल्यै नगर्नु । दोस्रो **'पिता'** सत्कर्तव्य देव । उसको पनि माताकै समान सेवा गर्नु ॥१॥ तेस्रो **'आचार्य'** जसले विद्या दिन्छ, उसको तन-मनले सेवा गर्नु ॥२॥ चौथो **'अतिथि'** जो विद्वान् धार्मिक, निष्कपटी, सबैको उन्नति चाहनेवाला, जगत्मा भ्रमण गर्दै, सत्य उपदेशले सबैलाई सुख पुऱ्याउँछ, त्यसको सेवा गर्नु ॥३॥ पाँचौं स्त्रीको लागि **'पति'** र पुरुषको लागि **'स्वपत्नी'** पूजनीय छ ॥४॥ यी **पाँच मूर्तिमान् देव** जसका सङ्गबाट मनुष्यदेहको उत्पत्ति, पालन, सत्यशिक्षा, विद्या र

सत्योपदेशको प्राप्ति हुने गर्दछ । यिनीहरू नै परमेश्वरको प्राप्ति हुने सिंढी हुन् । यिनीहरूको सेवा नगरेर जसले पाषाणादि मूर्ति पूज्दछन्, ती अतिव पामर, नरकगामी हुन् ।

**प्रश्न**– माता-पिता आदिको सेवा गर्ने र मूर्तिपूजा पनि गर्ने, तब कुनै दोष त हुँदैन होलानि ?

**उत्तर**– पाषाणादि मूर्तिपूजा सर्वथा छोड्न र मातादि मूर्तिमानहरूको सेवा गर्नमा नै कल्याण छ । बडो अनर्थको कुरो हो कि साक्षात् माता आदि प्रत्यक्ष सुखदायक देवहरूलाई छोडेर अदेव पाषाणादिमा शिर निहुराउन स्वीकार गरे । मूढहरूले यसको लागि स्वीकार गरेका हुन् कि यदि माता-पितादिको सामुन्ने नैवेद्य वा भेट-पूजा गर्‍यौं भने त स्वयं खानेछन् र भेटी पूजा पनि लिनेछन् । हाम्रो मुख वा हातमा पर्नेछैन । यसैले पाषाणादि मूर्ति बनाएर, त्यसको अगाडि नैवेद्य राखेर, टंटन घण्टा पूँपूँ शङ्ख बजाएर, औंलो देखाउँदै **'त्वमङ्गुष्ठं गृहाण, भोजनं पदार्थं वाऽहं ग्रहीष्यामि'** जस्ता कोही कसैलाई छलेर वा चिढाएर कि तँ घण्टा लिएर औंलो देखाएस्, त्यसको अगाडिका सबै पदार्थ ल्याएर आफै भोग्ने, त्यस्तै लीला यी **'पुजारीहरू'** अर्थात् पूजाको नाममा सत्कर्मका शत्रुहरूको हो । मूढहरूलाई चटक-मटक, चलक-झलक देखाएर, मूर्तिहरूलाई चमक-दमक पार्दै, आफै वेश्या, भँडुवा वा ठगहरूको तुल्य बन्ठनेर विचार गर्दछ कि निबुर्द्धि अनाथहरूको माललाई हात साफ पार्दै मोज गर्दछन् । यदि कुनै धार्मिक राजा हुन्थ्यो भने त यी पाषाणप्रियहरूलाई ढुङ्गा फोर्न, घर बनाउन आदि काममा लगाएर खान-पिनको व्यवस्था तथा निर्वाहको बाटो गरिदिने थियो ।

**प्रश्न**– जसरी स्त्री आदिको पाषाणादि मूर्ति देख्नाले कामोत्पत्ति हुन्छ, त्यस्तै वितराग शान्तको मूर्ति देख्नाले वैराग्य र शान्तिको प्राप्ति किन हुँदैन ?

**उत्तर**– हुन सक्दैन । किनभने त्यो मूर्तिको जडत्व धर्म आत्मामा आउनाले विचारशक्ति घट्न जान्छ । विवेकको बिना न वैराग्य, वैराग्यको बिना विज्ञान, र विज्ञानको बिना शान्ति हुँदैन । अरू जे-जति हुन्छ सो उनको सङ्ग, उपदेश र उनको इतिहासादिलाई देख्नाले हुने गर्दछ, किनभने जसको गुण वा दोष नजानेर त्यसको मूर्तिमात्र देख्नाले प्रीति नै हुँदैन । प्रीति हुनुको कारण गुणज्ञान हो । यस्ता मूर्तिपूजा आदि नराम्रा कारणहरूले नै आर्यावर्तमा निकम्मा, पुजारी, भिक्षुक, अल्छी पुरुषार्थरहित करोडौं मनुष्य भएका छन् । ती मूढ हुनाले सबै संसारमा मूढता उनैले फैलाएका हुन् । झुट-छल पनि धेरै फैलिएको छ ।

**प्रश्न**– हेर ! काशीमा 'औरङ्गजेब' बादशाहलाई 'लाटभैरव' आदिले बडो चमत्कार देखाएका थिए । जब मुसलमान त्यसलाई फोर्नको लागि जाइलागे, तोपको गोलाले हाने, तब ठूला-ठूला बारुला र अरिङ्गाल निस्केर, मुसलमानका सबै फौजलाई व्याकुल पारेर भगाइदिए ।

**उत्तर**– यो पाषाणको चमत्कार होइन । किन्तु त्यहाँ बारुला र अरिङ्गालको गोलो थियो होला । तिनको स्वभाव हुन्छ कि, जब कसैले तिनलाई छेड्दछ भने टोक्न जाइलाग्दछन् । र जुन दूधको धाराको चमत्कार भन्छौ भने त, त्यो पुजारीको लीला थियो ।

**प्रश्न**– हेर ! महादेवले म्लेच्छलाई दर्शन नदिनको लागि कूपमा र वेणीमाधव एक ब्राह्मणको घरमा गएर लुके । के यो पनि चमत्कार होइन त ?

**उत्तर**– जसका रक्षक भनाउँदा कालभैरव, लाटभैरव आदि भूत-प्रेत र गरुड आदि गणहरूले मुसलमानसँग लडेर किन हटाउन सकेनन् ? जब महादेव र विष्णुले पुराणहरूमा अनेक त्रिपुरासुर आदि बडा भयङ्कर दुष्टहरूलाई भस्म गरिदिए भने जाबो मुसलमानको फौजलाई किन भस्म गरेनन् ? यसबाट यही सद्धि हुन्छ कि त्यो बिचरा पाषाण के लड्थ्यो-लडाउँथ्यो ? जब मुसलमान मन्दिर र मूर्तिहरू फुटाल्दै काशीको नजिक आए, तब पुजारीहरूले त्यस पाषाणको लिङ्गलाई कूपमा (कुवामा) हालेर वेणीमाधवलाई ब्राह्मणको घरमा लुकाइदिए । जब काशीमा कालभैरवको डरको मारे यमदूत जाँदैनन्, प्रलयमा पनि काशीको नाश हुन दिंदैनन् भने त, म्लेच्छहरूका दूत किन नडराउने ? र आफ्ना राजाको मन्दिरको नाश किन हुन दिए ? यो सबै पोपलीला हो ।

## गयाश्राद्धको बारेमा समीक्षा (११.९)

**प्रश्न**– गयामा श्राद्ध गर्नाले पितृहरूका पाप पखालिएर श्राद्धको पुण्यको प्रभावले पितृ स्वर्गमा जान्छन् र पितृले आफ्नो हात निकालेर पिण्ड लिन्छन्, के यो पनि झुटो कुरो हो त ?

**उत्तर**– सर्वथा झुटो हो । जुन वहाँ पिण्ड दिनाको त्यहीखालको प्रभाव हुन्छ भने त जुन पण्डाहरूलाई पितृहरूको सुखको लागि लाखौं रुपैयाँ दिन्छन्, त्यसको व्यय गयावालाले वेश्यागमनादि पापमा व्यय गर्दछन्, त्यो पाप किन छुट्दैन ? र हात निक्लेर पिण्ड-पानी लिएको आजकाल कहीं पनि देखिंदैन, बिना पण्डाहरूको हात बाहेक । यहाँ यस्तो गरेका हुन् कि कुनै धूर्तले जमिनमा गुफा बनाएर एक जना मनुष्यलाई बसाल्यो । त्यसको मुखमा कुश बिच्छाएर पिण्ड दियो होला र त्यस मनुष्यले उठायो होला । कुनै

**'आँखाको अन्धो गाँठको पूरा'** लाई ठगे होलान्, यसमा कुनै आश्चर्य छैन । त्यसरी नै वैजनाथलाई रावणले ल्याएको थियो, यो कुरो पनि मिथ्या हो ।

**प्रश्न**– हेर ! कलकत्ताकी 'काली' र 'कामाक्षा' आदि देवीलाई लाखौं मनुष्यहरूले मान्दछन्, के यो चमत्कार होइन त ?

**उत्तर**– केही पनि होइन । यी अन्धाहरू भेडाको बथानझैं एकको पछाडि अर्को हिंड्दछन्, कुवा-खाल्डोमा खस्दछन्, हट्न सक्दैनन् । त्यसरी नै एक मूर्खको पछाडि अर्को हिंडेर मूर्तिपूजारूपी खाल्डोमा फसेर दुःख पाउँछन् ।

## जगन्नाथ तीर्थको बारेमा समीक्षा (११.१०)

**प्रश्न**– लौ त नि यसलाई त जान देऊ, परन्तु 'जगन्नाथ' मा प्रत्यक्ष चमत्कार छ । एक कलेवर बदलिने समयमा चन्दनको काठ समुद्रमा स्वयमेव आउँछ । चुलोमा माथि-माथि सात वटा कसौंडी राख्नाले माथि-माथिको पहिला-पहिला पाक्दछ । यदि कसैले जगन्नाथको प्रसाद खाएन भने त कुष्ठरोग हुन्छ र रथ आफै चल्दछ, पापीलाई दर्शन हुँदैन । 'इन्द्रदमन' को राज्यमा देवताहरूले मन्दिर बनाएका हुन् । कलेवर बदलिने समयमा एक राजा, एक पण्डा, एक सिकर्मी मर्ने आदि चमत्कारहरूलाई पनि तिमीले झुट्टो भन्न सक्नेछैनौ ।

**उत्तर**– जसले बाह्र वर्ष पर्यन्त जगन्नाथको पूजा गरेको थियो, त्यो विरक्त हुँदै मथुरामा आएको थियो, त्यसले मलाई भेटेको थियो । मैले ती सबै कुराको उत्तर सोधेको थिएँ, उनले यी सबै कुराहरू झुट्टा हुन् भने । किन्तु विचार गर्दा पनि यो निश्चय हुन्छ कि, जब कलेवर बदलिने समय आउँछ, तब डुँगामा चन्दनको काठ लगेर समुद्रमा हाल्दछन् । ती काठहरू समुद्रको छालले गर्दाखेरि किनारा लाग्दछन् । त्यसलाई ल्याएर मूर्तिकारहरूले मूर्ति बनाउँछन् । जब भान्छा बनाउँछन् तब फाटक बन्ध गरेर बिना भान्छेहरू बाहेक अरू कसैलाई जान र हेर्न दिंदैनन् । भूमिमा चारैतिर छः र माझमा एक चक्राकार चुलो बनाउँछन् । ती कसौंडीहरूको पिंधमा घ्यू, माटो र खरानी लगाएर छः चुलोमा चामलको कनिका पकाएर, त्यसका तल माझेर, यो माझको कसौंडीमा उत्ति वेलै चामल हालेर, छः वटै चुलाको मुख फलामको तावोले बन्ध गरेर, दर्शन गर्नेवाला जुनचाहिं धनाढ्य हुन्छ, त्यसलाई बोलाएर देखाउँछन् । माथि-माथिको कसौंडीबाट भात निकालेर, कनिका भएको भातलाई देखाउँदै, तलको काँचो भातलाई निकालेर देखाउँदै तिनीहरूलाई भन्दछन् कि "केही कसौंडीको पनि लागि राख ।" **'आँखाका अन्धा गाँठका पूरा'** ले, रुपैयाँ-असर्फी राख्दछन् र कसै-कसैले मासिक रूपमा पनि दिने गर्दछन् ।

शूद्र नीच जनहरूले मन्दिरमा नैवेद्य ल्याउँछन् । जब नैवेद्य चढाइसकिन्छ तब ती शूद्रहरूले जूठो हालिदिन्छन् । पश्चात् जो कसैले रुपैयाँ दिएर कसौंडी लिन्छ, उसको घर कसौंडी पुऱ्याइदिन्छन् र गरीब गृहस्थ र साधु सन्तहरूलाई लिएर शूद्र र अन्त्यज पर्यन्तलाई एकै पङ्क्तिमा बसालेर, जूठो भोजन गराउँछन् । जब त्यो पङ्क्ति उठ्दछ, तब-तब उनै पात-टपरीमा दोस्रालाई बसाल्दै जान्छन् । महा अनाचार छ । फेरि थुप्रै मान्छेहरू वहाँ जाँदाखेरि त्यहाँको जूठो नखाएर आफैले पकाएर खाएर आउँछन्, धेरैले प्रसाद पनि खाँदैनन्, तिनीहरूलाई कुनै कुष्ठरोग लाग्दैन । फेरि उस जगन्नाथपुरीमा पनि थुप्रै कुष्ठीहरू छन्, नित्यप्रति जूठो खाँदा पनि रोग छुटेको छैन ।

र यो जगन्नाथमा वाममार्गीहरूले भैरवीचक्र बनाएका छन्, किनभने 'सुभद्रा' श्रीकृष्ण र बलदेवकी बहिनी पर्दछिन् । उनैलाई दुइटै भाइहरूको बीचमा स्त्री र माताको स्थानमा बसाएका छन् । यदि भैरवीचक्र हुन्थेन भने त यो कुरो कहिल्यै पनि हुन सक्थेन ।

फेरि रथको पाङ्ग्राको साथमा कला बनाएका छन् । जब त्यसलाई सीधा घुमाउँछन् तब त्यो सीधा घुम्दछ, तब रथ हिंड्दछ । जब मेलाको बीचमा पुग्दछ त्यत्ति वेलै काँटीलाई उल्टो घुमाइदिन्छन्, जसको कारणले रथ रोकिन्छ । पुजारीहरू पुकार्दछन्– "दान चढाओ, पुण्य गर, जसबाट जगन्नाथ प्रसन्न भएर रथ चलाउनेछन्, आफ्नो धर्म रहोस् ।" जबसम्म भेटी आउने-जाने भैराख्दछ, तबसम्म यस्तै पुकार्दैराख्दछन् । जब पूरा आइसक्दछ, तब एक व्रजवासी राम्रो दोसल्ला ओढेर अगाडि उभिएर हात जोड्दै स्तुति गर्दछ कि- "हे जगन्नाथ स्वामिन् ! तपाईं कृपा गरेर रथलाई चलाउनुहोस्, हाम्रो धर्म राख्नुहोस्" इत्यादि भन्दै साष्टाङ्ग दण्डवत् प्रणाम गरेर रथमा चढ्दछ । ठीक त्यति वेलै काँटीलाई सीधा घुमाइदिन्छन् र जय-जयकारको शब्द बोल्दै, हजारौं मनुष्यले डोरी तान्दछन्, अनि रथ चल्दछ ।

जब थुप्रै मान्छेहरू दर्शनको लागि जान्छन्, तब यति ठूलो मन्दिर छ कि जसमा दिनमा अँधेरो रहन्छ र दीप जलाउन पर्दछ । ती मूर्तिहरूको अगाडि, खिचेर लगाउने परदा दुवैतिर रहन्छ । पण्डा-पुजारी भित्र उभिइराखेका हुन्छन् । जब बगलवालाले परदा खिच्दछ, तुरुन्तै मूर्ति छेकिन्छ । तब सबै पण्डा र पुजारी

पुकार्दछन् कि "तिमीले भेटी चढाऊ, तिम्रा पाप छुट्नेछन्, तब दर्शन हुनेछ । छिट्टो गर ।" ती बिचरा भोला मनुष्य धूर्तहरूका हातबाट लुटिन्छन् र झट परदा दोस्रोले खिचिदिन्छ, तब दर्शन हुन्छ । तब जय शब्द बोलेर प्रसन्न हुँदै धक्का खाएर तिरस्कृत हुँदै हिंड्दछन् ।

'इन्द्रदमन' वही हो कि जसका कुलका अझैसम्म कलकत्तामा छन् । त्यो धनाढ्य राजा र देवीको उपासक थियो । उसले लाखौं रुपैयाँ खर्च गरेर मन्दिर बनाएको थियो । यस कारणले कि आर्यावर्त्तको भोजनको बखेडा यस रीतिबाट छुटोस् । परन्तु ती मूर्खले कहिले छोड्ने ? 'देवता' मान त ती कारीगरहरूलाई जुन शिल्पीहरूले मन्दिर बनाए ।

राजा, पण्डा र सिकर्मी त्यो समयमा मर्दैनन्, परन्तु वहाँ प्रधान रहन्छन् । सानालाई दुःख दिन्छन् होला । उनीहरूले- सम्मति गरेर उसै समय अर्थात् कलेवर बदल्ने वेलामा ती तीनै उपस्थित रहन्छन् । मूर्तिको हृदय (छाती) मा भित्रपट्टि खाली छ । त्यसमा एउटा सुनको सम्पुटमा एक शालिग्राम राख्दछन् कि जसलाई प्रतिदिन धोएर चरणामृत बनाउँछन्, त्यसमा रात्रिको शयन आरतीमा ती मान्छेहरूले– विषको तेजाब लपेटिदिए होलान् । त्यसलाई धोएर उनै तीन जनालाई ख्वाइदिए होलान् । जसले गर्दा ती तीनै जना मरे होलान् । मरे भनेर यस प्रकारले भोजनभट्टहरूले प्रसिद्ध गरे होलान् कि जगन्नाथजी आफ्नो शरीर बदल्ने वेलामा तीनै जना भक्तहरूलाई पनि साथैमा लिएर गए । यस्ता झुट्टा कुरा पराय धन ठग्नको लागि धेरै हुने गर्दछ ।

## रामेश्वरको बारेमा समीक्षा (११.११)

**प्रश्न–** जुन रामेश्वरमा गङ्गोत्तरीको जल चढाउने समयमा लिङ्ग बढ्दछ, के यो कुरो पनि झुटो हो त ?

**उत्तर–** एकदमै झुटो हो । किनभने त्यस मन्दिरमा पनि दिनमा अँधेरो रहन्छ । दीप रात-दिन जलिराखेको हुन्छ । जब जलको धारा छोड्दछन्, तब त्यस जलमा बिजुलीको समान दीपको प्रतिबिम्ब चम्कन्छ, अरू केही पनि होइन । न पाषाण घट्छ, न बढ्छ, जत्तिको तत्ति रहन्छ । यस्तो लीला गरेर बिचरा निबुर्द्धिहरूलाई ठग्दछन् ।

**प्रश्न–** रामेश्वरलाई रामचन्द्रले स्थापना गरेका हुन् । यदि मूर्तिपूजा वेदविरुद्ध हुन्थ्यो भने त **'रामचन्द्रले'** मूर्तिस्थापन किन गर्थे र वाल्मीकिजीले रामायणमा किन लेख्थे ?

**उत्तर–** रामचन्द्रको समयमा त्यस लिङ्ग वा मन्दिरको नाम निशान पनि थिएन, किन्तु यो ठीक हो कि दक्षिण देशस्थ 'राम' राजाले मन्दिर बनाएर, लिङ्गको नाम 'रामेश्वर' राखिदिएका हुन् । जब रामचन्द्रजी सीताजीलाई लिएर हनुमान आदिको साथ लङ्का हिंडे, आकाशमार्गमा विमानमा बसेर अयोध्या आउँदै थिए, तब सीताजीसँग भन्दछन् कि–

**अत्र पूर्वं महादेवः प्रसादमकरोद्विभुः । सेतुबन्ध इति विख्यातम् ॥**

–वाल्मीकि रामायण, लङ्काकाण्ड-युद्धकाण्ड (सर्ग १२३/श्लोक २०, २१) ॥

हे सीते ! तिम्रो वियोगले म व्याकुल भएर घुम्दथें र यसै स्थानमा चातुर्मास गरेको थिएँ र परमेश्वरको उपासना ध्यान पनि गर्दथें । उनै जो सर्वत्र विभु व्यापक महान् देवहरूका देव 'महादेव' परमात्मा हुन्, उनैको कृपाले हामीलाई सबै सामाग्री यहाँ प्राप्त भयो । फेरि हेर ! यो सेतु हामीले बाँधेर लङ्कामा आएर, त्यस रावणलाई मारेर, तिमीलाई लिएर आयौं ॥ यसको सिवाय वहाँ वाल्मीकिले अन्य केही पनि लेखेनन् ।

## कालियकन्त, सोमनाथ आदिको समीक्षा (११.१२)

**प्रश्न– 'रङ्ग है कालियाकन्त को । जिसने हुक्का पिलाया सन्त को' ॥** दक्षिणमा एक कालियाकन्तको मूर्ति छ । त्यसले अझैसम्म पनि हुक्का पिउने गर्दछ । यदि मूर्तिपूजा झुटो हुन्थ्यो भने त यो चमत्कार पनि झुटो बनोस् ।

**उत्तर–** झुट्टो-झुट्टो-झुट्टो । यो सबै पोपलीला हो । किनभने त्यो, मूर्तिको मुखभित्र प्वाल छ होला । त्यसको छिद्र पृष्ठमा निकालेर, भित्ताको पारी, दोस्रो घरको कोठामा नल लगाएको छ होला । जब पुजारीले हुक्का भरेर, चिलम लगाउँदै मुखको नलीमा जोडाएर, परदा लगाएर बाहिर निस्कन्छ होला, ठीक त्यति वेला पछाडिको मान्छेले मुखले नलीबाट सर्को तान्दछ होला, यतातिर हुक्का गडगड गरेर आवाज गर्दछ होला । दोस्रो छिद्र नाक र मुखको साथमा लागेको छ होला । जब पछाडि फुँक मार्दछ, तब नाक र मुखको छिद्रबाट धुवाँ निक्लन्छ होला । त्यस समयमा थुप्रै मूढहरूबाट धनादि पदार्थ लुटेर धनरहित गर्दछन् होला ।

**प्रश्न–** हेर ! डाकोरजीको मूर्ति द्वारिकादेखि भगतको साथमा आयो । एक सवा रत्तीको सुनमा कयौं मनको मूर्ति तौलियो । के यो पनि चमत्कार होइन ?

**उत्तर–** होइन । त्यो भक्तले मूर्तिलाई चोरेर ल्यायो होला र सवा रत्तीको बराबर मूर्तिको तुलना, कुनै गँजडी मान्छेले गफ हाँकिदियो होला ।

**प्रश्न–** हेर ! सोमनाथजी पृथ्वीदेखि माथि रहन्थे र उनको बडो चमत्कार थियो, के यो पनि मिथ्या कुरो हो ?

**उत्तर–** हो मिथ्या हो । किनभने त्यो फलामबाट बनेको मूर्ति थियो । तल माथि चुम्बक पाषाण लगाएर राखेका थिए । त्यसको आकर्षणले गर्दा त्यो मूर्ति बिना आधार भुण्डिन्थ्यो । जब महमूद-गजनी आएर लड्यो, तब यो चमत्कार भयो कि त्यसको मन्दिर भत्काइयो र पुजारी भक्तहरूको दुर्दशा भयो, र लाखौं फौज दश हजार फौजसँग पराजित भएर भागेर गए । जुन पोप-पुजारी पूजा, पुरश्चरण, स्तुति, प्रार्थना गर्दथे कि "महादेव ! यस म्लेच्छलाई तैंले मारिदे, हाम्रो रक्षा गर", आफ्ना चेला राजाहरूलाई सम्झाउँथे कि "तपाईं निश्चिन्त रहनुहोस् । महादेवजीले भैरव अथवा वीरभद्रलाई पठाइदिनेछन् । उनीहरूले सबै म्लेच्छलाई मारेर अन्धो बनाइदिनेछन् । अहिले हाम्रा देवता प्रसिद्ध हुनेछन् । हनुमान, दुर्गा र भैरवले सपनामा भनेका छन् कि हामी सबै काम गरिदिनेछौं ।" ती बिचरा भोले राजा र क्षत्रिय पोपहरूले बहकाउनाले विश्वासमा परे ।

कति नै ज्योतिषी पोपहरूले भने कि अहिले तिमीले चढाई गर्ने मुहूर्त्त निस्केको छैन । एउटाले आठौं चन्द्रमा बतायो । अर्कोले योगिनी सामुन्ने देखायो, इत्यादि बहकावटमा रहे ।

जब म्लेच्छहरूको फौजले आएर घेरा हाले, तब दुर्दशाले अत्तालिएर भागे । कयौं पोप-पुजारी र उनका चेला पक्राउमा परे । पुजारीहरूले हात जोडेर यो पनि भन्न भ्याए कि **तीन करोड रुपैयाँ लेल,** मन्दिर र मूर्ति नफुटाल । मुसलमानहरूले भने कि "हामी 'बुत्परस्त' होइनौं किन्तु 'बुतशिकन्' अर्थात् मूर्तिपूजक होइनौं, किन्तु मूर्तिभञ्जक हौं अर्थात् फुटाल्नेवाला हौं ।" गएर मन्दिर फुटालिदिए । जब माथिको छत भत्कियो, तब चुम्बक पाषाण पृथक् हुनाले मूर्ति तल खस्यो । जब मूर्ति फुटाले सुनिन्छ कि **अट्ठाह्र करोडको रत्न निस्कियो** । जब पुजारी र पोपमाथि डण्डा र कोर्रा बर्सियो, तब रुन लागे । मुसलमानले भने कि कोष बताओ । डरको मारे तुरुन्तै भनिदिए । ती सबै लिएर लुटपाट गर्दै पोपका चेलाहरूलाई 'दास' बेगारी बनाएर, पिस्नसम्म पिसाएर, घाँस काट्न लगाए, मल-मूत्रादि उठाउन लगाए र चना खानको लागि दिए ।

हाय ! किन ढुङ्गाको मूर्तिलाई पूजा गरेर सत्यानाशलाई प्राप्त भए ? किन परमेश्वरको भक्ति गरेनन्, जसले म्लेच्छहरूका दाँत भाँचिदिन्थे र आफ्नो विजय गर्थे । हेर ! जति मूर्तिहरू थिए, त्यति शूरवीरहरूको पूजा गर्दथे भने तापनि यिनीहरूको कति रक्षा हुने थियो ? पुजारीहरूले यति भक्ति पाषाणहरूको गरे कि-परन्तु मूर्तिले एउटा पनि उनको शिरमा उडेर चोट पुऱ्याउन सकेन । यदि कुनै एउटा शूरवीरको पनि मूर्तिकै सदृश सेवा गरेको भए त, त्यसले आफ्नो सेवकको यथाशक्ति बचाउ गर्ने थियो र शत्रुलाई मार्नेथियो ।

## द्वारका ज्वालामुखी आदिको समीक्षा (११.१३)

**प्रश्न–** द्वारकाजीका 'रणछोडजी' को जसले 'नर्सीमेहता' लाई हुण्डी पठाइदिएर उसको ऋण चुक्ता गरिदिए, इत्यादि कुरो पनि झुटो हो त ?

**उत्तर–** कुनै साहुकारले रुपैयाँ दियो होला । कुनैले झुट्टो नाम उडाइदियो होला कि श्रीकृष्णले पठाए भनेर । जब संवत् १९१४ को वर्षमा तोपहरू चलाएर मन्दिर-मूर्तिहरू अंग्रेजहरूले उडाइदिएका थिए, तब मूर्ति कहाँ गएको थियो ? प्रत्युत बाघेर जनहरूले जति वीरतासँग लडे, शत्रुहरूलाई मारे, परन्तु मूर्तिले एउटा माखाको खुट्टा जत्तिलाई पनि भाँच्न सकेन । यदि कोही श्रीकृष्णको सदृश हुन्थ्यो भने त, यिनीहरूको धुलो काडिदिन्थे र यी भाग्ने थिए । जहाँ कि उसको रक्षकले नै मार खान्छ भने त, त्यसको शरणागत किन नपिटिने ?

**प्रश्न–** ज्वालामुखी त प्रत्यक्ष देवी हुन्, सबैलाई खान्छिन् र प्रसाद दिएमा त आधा खाइदिन्छिन् र आधा छोडिदिन्छिन् । मुसलमान बादशाहहरूले उनीमाथि जलको नहर छोडेर फलामको ताओ जडाइदिएका थिए तर पनि ज्वाला निभेन र रोकिएन पनि । त्यस्तै हिंगलाज पनि आधी रातको सवारी गरेर पहाडमा देखिन्छिन्, पहाडमा गर्जना गराउँदछिन् । चन्द्रकूप बोल्दछ र योनियन्त्रबाट निस्कन सकेमा पुनर्जन्म हुँदैन । ठूमरा बाँध्नाले पूरा महापुरुष हुन्छ । जबसम्म हिंगलाज गएर आउँदैन, तबसम्म आधा महापुरुष भनिन्छ, इत्यादि सबै कुराहरू के मान्नयोग्य छैन ?

**उत्तर–** छैन । किनभने त्यो ज्वालामुखी पहाडभित्रबाट आगो निस्कन्छ । त्यसमा पुजारी पोपहरूको विचित्र लीला छ । जसरी झान्नलाई तताएको चम्चाको घ्यूमा ज्वाला आउँछ, अलग गर्नाले वा फुँक मार्नाले निभ्दछ, थोरै घ्यूलाई खाइदिन्छ, शेष छोडेर गएकै समान त्यहाँ पनि हुन्छ । जसरी चुलाको ज्वालामा जे

हालिन्छ त्यो भस्म हुन जान्छ, जङ्गल वा घरमा लाग्न गएमा सबैलाई खाइदिन्छ, यसभन्दा त्यहाँ के विशेष छ र ? बिना एक मन्दिर, कुण्ड र यता-उता नल रचनाको । हिंगलाजमा न कुनै सवारी हुन्छ, र जे-जति हुन्छ, त्यो सबै पोप-पुजारीहरूको लीला बाहेक केही पनि होइन । एक जल र दल्दलको कुण्ड बनाएर राखेका छन्, जसको तलतिरबाट पानीको फकुन्टाहरू उठ्दछन् । त्यसैलाई सुफलयात्रा हुनु मूढहरूले मान्दछन् । योनिको यन्त्र पोपजीले धन हर्नको लागि बनाएर राखेका छन्, र ठूमरे पनि उसै प्रकारको पोपलीलाको हो । उसबाट महापुरुष हुन्छ भने त एक पशुमाथि ठूमरेको बोझ लदाइदिएमा के त्यो महापुरुष बन्छ त ? **महापुरुष त ठूला उत्तम धर्मयुक्त पुरुषार्थबाट हुने गर्दछ ।**

**प्रश्न**–अमृतसरको तलाउ अमृतरूप, एक रीठाको फल आधा मीठो, एक भित्ता निहुरन्छ र ढल्दैन, रेवालसरमा बेडा तर्दछन्, अमरनाथमा आफै लिङ्ग बन्दछ, हिमालयदेखि परेवाका जोडी आएर सबैलाई दर्शन दिएर जान्छन्, के यी सबै कुरालाई पनि मान्न योग्य छैन ?

**उत्तर**– छैन । उस तलाउको नाममात्र अमृतसर हो । जब कुनै बखतमा जङ्गल थियो होला, त्यति वेला त्यसको जल मीठो थियो होला । यसैले त्यसको नाम अमृतसर राखे होलान् । यदि अमृत हुन्थ्यो भने त पुराणीहरूले मानेभैंm कोई किन मर्दथे ? भित्ताको बनावट यस्तो होला कि नुग्छ पनि र ढल्दैन पनि । रीठाको कुरो कुनै लेखौडाले अथवा गफाडीले गफ हाँकिदिएको होला । रेवालसरमा बेडा तैराउने कुनै कारीगरी छ होला । अमरनाथमा बरफको पहाड बन्दछ भने, जल जमेर सानो लिङ्ग बन्नु कुनचाहिं आश्चर्यको कुरो भयो ? र परेवाका जोडा पालित होलान्, पहाडको आडबाट पोपजीले छोडिदिन्छन् होला । देखाएर पैसा हडप्छन् होला ।

## हरिद्वार, बदरीनारायण, पशुपतिनाथ आदिको समीक्षा (११.१४)

**प्रश्न**– 'हरिद्वार' स्वर्गको द्वार, 'हरकी पीढी' मा स्नान गरे त पाप छुटेर जान्छन्, 'तपोवन' मा रहँनाले तपस्वी हुन्छ । 'देवप्रयाग', गङ्गोत्तरीमा 'गोमुख', उत्तरकाशीमा 'गुप्तकाशी', 'त्रियुगीनारायण' को दर्शन हुन्छ । 'केदार' र 'बद्रीनारायण' को पूजा छः महिनासम्म मनुष्यले र छः महिनासम्म देवताले गर्दछन् । महादेवको मुख नेपालमा पशुपतिनाथ; मलद्वार केदारमा, तुङ्गनाथमा घुँडा अनि अमरनाथमा पैताला । यिनीहरूको दर्शन-पर्शन-स्नान गर्नाले मुक्ति मिल्दछ । वहाँ केदारनाथ र बद्रीनाथबाट स्वर्गमा जान चाहे त जान सकिन्छ, इत्यादि कुराहरू कस्तो हो ?

**उत्तर**– हरिद्वार उत्तर पहाडहरूमा जानको लागि एउटा मार्गको आरम्भ हो । 'हरकी पीढी' एक स्नानको लागि कुण्डको सिंढीहरूलाई बनाइएको छ । साँच्चै भनौं भने त 'हाडपीढी' हो, किनभने देश-देशान्तरहरूका मृतकका हाडखोरहरू त्यसमा तैरिराखेको हुन्छ । पाप कहिल्यै छुट्न सक्दैन बिना भोगे, अथवा कटिंदैनन् । 'तपोवन' जब थियो तब थियो होला, अहिले त **'भिक्षुकवन'** हो । 'तपोवन' मा जानाले, रहँनाले, तप हुँदैन, किन्तु तप त गर्नाले हुन्छ, किनभने वहाँ थुप्रै दोकानदार झुट बोल्नेहरू पनि रहन्छन् । **'हिमवतः प्रभवति गङ्गा'** पहाडको माथिबाट जल खस्दछ । गोमुखको आकार पोपलीलाबाट बनाएका होलान् र त्यही पहाड पोपको स्वर्ग हो । वहाँ उत्तरकाशी आदि स्थान ध्यानीहरूका लागि राम्रो हो, परन्तु दोकान्दारीहरूका लागि त्यहाँ पनि दोकानै हो । देवप्रयाग पुराणका गफाडीहरूको लीला हो, अर्थात् जहाँ अलखनन्दा र गङ्गा मिलेकी छन्, यसैले वहाँ देवता बस्दछन्, यस्तो गफ नमार्ने भने त त्यहाँ को जाने र कसले पैसा दिने ? गुप्तकाशी त छैन, त्यो त प्रसिद्ध काशी हो । तीन युगको धूनी त देखिंदैन परन्तु पोपहरूका दश-बीस पिंढीको होला, जस्तै जोगीहरूको धूनी र पार्सीहरूको अग्यारी सदैव जलिरहन्छ । तप्तकुण्ड पनि पहाडको भित्र हुनाले उष्मा गर्मी हुन्छ, त्यसमा तपेर जल आउँछ । त्यसको नजिकै दोस्रो कुण्डमा माथिको जल वा जहाँ तातो छैन, वहाँको जल आउँछ । यसैले चीसो हुन्छ । केदारनाथको स्थान– त्यो भूमि अति राम्रो छ, परन्तु वहाँ पनि एउटा जमेको ढुङ्गामाथि पोप वा पोपका चेलाहरूले मन्दिर बनाएर राखेका छन् । वहाँ महन्त-पुजारी-पण्डाले आँखाका **'अन्धा गाँठका पूरासँगबाट' मालमत्ता** लिएर विषयानन्द गर्दछन् । त्यसरी नै 'बद्रीनारायण' मा पनि ठग-विद्यावाले थुप्रै बसेका छन् । रावलजी नाम गरेका त्यहाँका मुख्य ठगदार हुन् । एउटी स्त्रीलाई छोडेर थुप्रै रखौटी बटुलेर राखेका छन् । पशुपतिनाथ एउटा मन्दिर र पञ्चमुखी मूर्तिको नाम महादेव राखेका छन् । जब कसैले सोध्दैन तब पोपलीला बलवती हुन्छ । परन्तु अरू तीर्थका जति धूर्त धनहरे हुन्छन्, त्यस्ता पहाडीहरू हुँदैनन् । भूमि बडो रमणीय र पवित्र छ ।

**प्रश्न**– विन्ध्याचलमा 'विन्ध्येश्वरी काली अष्टभुजा' प्रत्यक्ष सत्य हो । विन्ध्येश्वरीले तीन समयमा तीन रूप फेर्दछिन् र उनको बारभित्र माखा कत्ति पनि हुँदैनन् । प्रयाग तीर्थराज वहाँ टाउको मुडाएर सिद्ध, गङ्गा-जमुनाको सङ्गममा स्नान गर्नाले इच्छा सिद्धि हुन्छ । त्यस्तै अयोध्या कयौं पटक उडेर सबै बस्तीसहित

स्वर्गमा गयो । मथुरा सबै तीर्थहरूमा अधिक, वृन्दावन लीलास्थान र गोवर्द्धन व्रजयात्रा बडो भाग्यले मिल्दछ । सूर्यग्रहणमा कुरुक्षेत्रमा लाखौं मान्छे जाने-आउने गर्दछन्, के यी सबै कुराहरू अन्यथा हो त ?

**उत्तर–** प्रत्यक्ष त आँखाले तीनवटै मूर्तिहरू देखिन्छन्, पाषाणका मूर्तिहरू हुन् । र तीन कालमा तीन प्रकारको रूप हुनाको कारण पुजारीहरूको वस्त्र आभूषण पहिराउने चतुराईको कला हो र माखाहरू हजारौं-लाखौं हुन्छन्, मैले आफ्नै आँखाले देखेको छु । प्रयागमा कुनै नापित श्लोक बनाउनेवाला अथवा पोपजीलाई केही दिएर टाउको मुडाउने माहात्म्य बनाए वा बनाउन लगाए होलान् । प्रयागमा स्नान गरेर कोही पनि स्वर्ग गएको त देखिएको छैन, किन्तु घर फर्कंदै गरेका देखिन्छन् । अथवा यदि कुनै वहाँ डुबेर मऱ्यो भने त त्यसको जीव पनि आकाशमा वायुको साथमा घुमेर त्यहीं जन्म लिन्छ होला । तीर्थराज पनि नाम पोपहरूले राखेका हुन् । जडमा राजाप्रजाभाव कहिल्यै हुन सक्दैन । यो बडो असम्भवको कुरो छ कि अयोध्या नगरी, बस्ती, कुकुर, गधा, पोडे, च्यामे सहित तीन पटक स्वर्गमा गयो । स्वर्गमा त गएको छैन, वहींको वहीं छ, परन्तु पोपजीको मुख-गफ्फौडामा अयोध्या स्वर्गमा उडेर गयो । यो गफ्फौडा शब्दरूप उड्दै फिरिरहन्छ । यस्तै नै **नैमिषारण्य** आदिको पनि पोपलीला जान्नु । **'मथुरा तीनै लोकदेखि अद्वितीय'** त होइन, परन्तु त्यसमा तीन जन्तु **बडा लीलाधारी** छन् कि जसले गर्दा जल, स्थल र अन्तरिक्षमा कसैलाई सुख मिल्न कठिन छ । एक त चौबे जो कोही त्यहाँ स्नान गर्न जान्छ त्यसलाई दक्षिणाले लुटेर आफ्नो बनाउन उभिएर कराइरहेको हुन्छ "ल्याऊ यजमान ! भाङ्ग, चिलम पिऔं र लड्डु खाऔं ।" दोस्रो पानीमा कछुवाले मार्नै आँट्दछन्, जसले गर्दा घाटमा स्नान गर्न पनि कठिन हुन्छ । तेस्रो आकाशमाथि रातो मुख भएका बाँदर पगडी, टोपी, गहना, जुत्तासम्म पनि छोड्दैनन्, लुछ्न आउँछन्, धकेलेर खसाल्नै आँट्छन्, र यी तीनै थरी पोप र पोपका चेलाहरूमा पूजनीय छन् । चना आदि अन्न कछुवा, बाँदरलाई चना गुँड आदि र चौबेलाई दक्षिणा र लड्डुहरूले उनका सेवकले सेवा गर्दछन् । वृन्दावन जब थियो तब थियो, अहिले त वेश्यावनवत् लल्ला-लल्ली र गुरु-चेली आदिको लीला फैलिरहेको छ । त्यसरी नै दीपमालिकाको मेला, गोवर्द्धन र व्रजयात्रामा पनि पोपहरूको स्वार्थसिद्ध भएको छ । कुरुक्षेत्रमा पनि त्यही जीविकाको लीला सम्झनु । यिनीहरूमा जो कोही धार्मिक परोपकारी पुरुष छन्, यस पोपलीलाबाट पृथक् हुन जान्छन् ।

**प्रश्न–** यी मूर्तिपूजा र तीर्थ सनातनदेखि चलेर आएको छ, झुटो कसरी हुनसक्दछ ?

**उत्तर–** तिमीले सनातन कसलाई भन्दछौ ? जुन सदादेखि चलेर आएको छ । यदि यो सदादेखि हुन्थ्यो भने त वेद र ब्राह्मणादि ऋषिमुनिकृत पुस्तकहरूमा यिनीहरूको नाम किन छैन ? यो मूर्तिपूजा पच्चीस सय-तीन हजार वर्षको यतातिरबाट वाममार्गी र जैनीहरूले चलाएका हुन् । प्रथम आर्यावर्त्तमा थिएन । र यी तीर्थ पनि थिएनन् । जब जैनीहरूले गिरनार, पालिटाना, शिखर, शत्रुञ्जय र आबू आदि तीर्थ बनाए, उनकै अनुकूल यिनीहरूले पनि बनाए । यदि कसैले यिनको आरम्भको परीक्षा गर्न चाहन्छ भने ती पण्डाहरूको पुरानो भन्दा पुरानो बहीखाता, ताम्रपत्र, भुजपत्र, गुठीका अभिलेख आदि हेर्नुहोस्, तब निश्चय हुन जानेछ कि यी सबै तीर्थ पाँच सय अथवा हजार वर्षको यतादेखि बनेका हुन् । हजार वर्ष भन्दा उताको लेख कसैसँग छैन र निकाल्न पनि सकदैनन् । यसैले यी आधुनिक हुन् ।

**प्रश्न–** जुन-जुन तीर्थ वा नामको माहात्म्य अर्थात् जस्तै **'अन्यक्षेत्रे कृतं पापं काशीक्षेत्रे विनश्यति'** (काशीमाहात्म्य, काशीखण्ड) इत्यादि कुरो साँचो हो कि होइन ?

**उत्तर–** साँचो होइन । किनभने यदि पाप छुट्थ्यो भने त दरिद्रहरूलाई धन, राज; अन्धाहरूलाई आँखा मिल्थ्यो ! कुष्ठ रोगीहरूको रोग निको हुने थियो; यस्तो हुँदैन । यसैले पाप वा पुण्य कसैको पनि छुट्दैन ।

**प्रश्न–** हेर ! नेपालको मुक्तिनाथमा तीर्थयात्रीहरूको कत्रो भीड लाग्दछ । चारधाम गररे आयो तर मुक्तिनाथ गएन भने त मुक्ति मिल्दैन । कालीमा शालिग्राम पाइन्छ । शालिग्राममा विष्णुको चक्र प्रत्यक्ष देखिन्छ, के यो पनि झुटो हो त ?

**उत्तर–** हो, झुटो हो । मुक्तिनाथमा गएर मुक्त भएका त कोही देखिंदैनन्, उल्टो त्यहाँको सिरेटोले हानेर, उकालो चढ्दा दम बढेर र शीतले कठांग्रिएर थला पर्दै बिरामी भएर घर फर्कंदै गरेका धेरै देखिन्छन् । शालिग्रामको कुरा भूगोलको बनावटले गर्दा नदीका तीरमा फलामे ढुङ्गा पाइन्छन् । जसको बनावटमा धातु मिसिएकोले गर्दा त्यसलाई फोर्दाखेरि टुक्रामा चक्र पर्दछ । वैष्णवमतका प्रभावका कारण विष्णुको चक्र भनेर मान्दछन् ।

## मांसाहार एवं बलि प्रथाको निषेध (११.१५)

**प्रश्न–** फेरि, नेपालका अधिकांश माई शब्दान्त भएका शक्तिपीठहरू जस्तै– मनकामना माई, गढी माई, विन्ध्यवासिनी माई, चुरिया माई, कालिका माई, पाथीभरा इत्यादि र छब्दी वराह, ढोर वराह, ताल

वराह जस्ता वराहक्षेत्रको कत्रो महिमा छ । मेडो लिएर आउँछु भनेर भाकल गऱ्यो भने त मनोवाञ्छित फल मिल्दछ । विभिन्न कोतहरू लगायत दशैंको अष्टमी र नवमीमा शक्तिपीठ र घर-घरमा दुर्गाको स्थापना गरेर पशु-पक्षीको बलि दिन्छन् । के यसको फल र परम्परा पनि झुटो हो त ?

**उत्तर**– एकदमै झुटो हो ! जति पनि शक्तिपीठहरू, कोतहरू र वराहक्षेत्र छन्, ती सबैमा वाममार्गीहरूको विशेष प्रभाव परेको छ । विशेष गरेर दुर्गापाठ र तन्त्रग्रन्थहरूको असर हो । अर्थसहित वेदहरूलाई पढ्ने विद्वान् छँदैछैनन् भन्दा पनि हुन्छ । जीवहिंसाको आशा राखेर भाकल गर्नु र दशैंको काटमारको परम्परा कुनै प्रकारले पनि धर्म होइन । लाखौं निर्दोष पशु-पक्षीको बलि चढाएर रगतले शक्तिपीठ, कोत र आँगन रगताम्य पारेर दुर्गन्धित भैराखेको हुन्छ । यो मात्रै ढुङ्गो रातो पेट तातो गर्ने प्रपञ्च हो । मनोवाञ्छित फल पाएको त देखिंदैन, बरु कङ्गाल बन्दै गएका भने कयौं देखिन्छन् । परमेश्वरसँग सम्बद्ध कुनै पनि धर्मानुष्ठानको नाममा जीवहिंसा नगर्नको लागि वेदको स्पष्ट आदेश छ । हेर–

**...अघ्न्या...यजमानस्य पशून् पाहि ॥१॥** –यजुर्वेद (अध्याय १/मन्त्र १) ॥

**राजसूयं वाजपेयमग्निष्टोमस्तदध्वरः ।**

**अर्काश्वमेधावुच्छिष्टे जीवबर्हिर्मदिन्तमः ॥२॥** –अथर्ववेद (काण्ड ११/सूक्त ७/मन्त्र ७) ॥

**व्रीहिमत्तं यवमत्तमथो माषमथो तिलम् ।**

**एष वां भागो निहितो रत्नधेयाय दन्तौ मा हिंसिष्टं पितरं मातरं च ॥३॥**

–अथर्ववेद (काण्ड ६/सूक्त १४०/मन्त्र २) ॥

**नकिं देवा इनीमसि न क्या योपयामसि मन्त्रश्रुत्यं चरामसि ॥४॥**

–सामवेद (पूर्वाचिक/दशती ९/खण्ड ७/मन्त्र २); (मन्त्र १७६) ॥

**अर्थ**– हे मनुष्यहरू हो ! पशु **'अघ्न्य'** हुन्, अर्थात् कहिल्यै पनि मार्न योग्य छैनन्, पशुहरूको रक्षा गर ॥१॥ राजसूय, वाजपेय, अग्निष्टोम, अर्कमेध, अश्वमेध आदि सबै **'अध्वर'** अर्थात् हिंसारहित यज्ञ हुन् । जसले प्राणीमात्रको लागि वृद्धि र सुख-शान्तिको प्रकाश छर्दछ ॥२॥ हे दाँतका दुइटै पंक्तिहरू हो ! भात खाओ, जौ खाओ, मास खाओ र तिल खाओ । यी अनाज तिम्रा लागि नै बनेका हुन् । यसैबाट तिम्रो शरीरमा रस-रुधिर-मांस-मेदस्-अस्थि-मज्जा-वीर्यरूपी सात धातुहरूको निर्माण हुनेछ । तिनीहरूलाई नमार जो माता-पिता बन्ने योग्यता राख्दछन् ॥३॥ हे देवहरू हो ! हामीले हिंसा गर्दैनौं, न त त्यस्तो कुनै अनुष्ठान नै गर्दछौं जसले अरूलाई हानि पुऱ्याओस्, न त कुनै धर्म विरुद्ध कार्य गर्दछौं, किन्तु वेद मन्त्रको आदेश अनुसार धर्माचरण गर्दछौं ॥४॥

यहाँ यी माथिका मन्त्रहरूमा सम्पूर्ण यज्ञलाई **'अघ्न्य', 'अध्वर', 'मा हिंसिष्टम्', 'इनीमसि'** भनिएको छ । जसको एकमात्र सर्वसम्मत अर्थ **"हिंसारहित यज्ञ"** हो । अतः स्पष्ट छ कि वेदले कुनै पनि धार्मिक अनुष्ठानको कार्यमा पशुवधको आज्ञा दिएको छैन । साथै मनुष्यलाई मांसाहारदेखि सर्वथा दूर रहनको लागि आदेश गर्दछ ।

त्यसै गरी प्रक्षिप्त भागलाई छोडेर 'मनुस्मृति' प्रामाण्य छँदैछ । साथै यो ग्रन्थ महत्त्वपूर्ण दस्तावेज पनि हो । अतः मनुस्मृतिले हत्या, हिंसा अथवा मांस भक्षणको लागि जघन्य अपराध मान्दै पूर्णरूपले निषेध गर्दछ ।

**योऽहिंसकानि भूतानि हिनस्त्यात्मसुखेच्छया ।**
**स जीवंश्च मृतश्चैव न क्वचित्सुखमेधते ॥** –मनुस्मृति (अध्याय ५/श्लोक ४५) ॥

**अर्थ**– (**यः**) जो व्यक्ति (**आत्मसुख+इच्छया**) आफ्नो सुखको इच्छाले (**अहिंसकानि भूतानि**) कहिल्यै पनि नमार्न योग्य प्राणीहरूको (**हिनस्ति**) हत्या गर्दछ (**सः**) त्यसले (**जीवन् च मृतः**) जिउँदो हुँदाखेरि र मेरपछि पनि (**क्वचित् सुखं न एधते**) कहीं पनि सुख प्राप्त गर्दैन ॥

**नाकृत्वा प्राणिनां हिंसा मांसमुत्पद्यते क्वचित् ।**
**न च प्राणिवधः स्वर्ग्यस्तस्मान्मांसं विवर्जयेत् ॥** –मनुस्मृति (अध्याय ५/श्लोक ४८) ॥

**अर्थ–** (**प्राणिनां हिंसाम् अकृत्वा क्वचित् मांसं न उत्पद्यते**) प्राणीहरूको बिना हिंसा नगरी कहिल्यै पनि मासु प्राप्त हुँदैन (**च**) र (**प्राणिवधः**) जीवहरूको हत्या गर्नु (**न स्वर्ग्यः**) सुखदायक हुँदैन (**तस्मात्**) त्यस कारण (**मांसं विवर्जयेत्**) मासु खानु हुँदैन ॥

**समुत्पत्तिं च मांसस्य वधबन्धौ च देहिनाम् ।**
**प्रसमीक्ष्य निवर्तेत सर्वमांसस्य भक्षणात् ।** –मनुस्मृति (अध्याय ५/श्लोक ४९) ॥

**अर्थ–** (**च**) र (**मांसस्य समसत्पत्तिम्**) मासुको उत्पत्ति जसरी हुने गर्दछ त्यसमा (**देहिनां वध-बन्धौ**) प्राणीहरूको हत्या र बन्धनको कष्टलाई (**प्रसमीक्ष्य**) देखेर (**सर्वमांसस्य भक्षणात्**) सबै प्रकारका मांस भक्षणदेखि (**निवर्तेत**) दूर रहोस् ॥

**अनुमन्ता विशसिता निहन्ता क्रयविक्रयी ।**
**संस्कर्ता चोपहर्ता च खादकश्चेति घातकाः ॥** –मनुस्मृति (अध्याय ५/श्लोक ५१) ॥

**अर्थ–** (**अनुमन्ता**) मार्नको लागि आज्ञा दिनेवाला (**विशसिता**) मासुलाई काट्नेवाला (**निहन्ता**) पशुलाई मार्नेवाला (**क्रय-विक्रयी**) पशुलाई मार्नको लागि मोलतोल लिने र बेच्नेवाला (**संस्कर्ता**) पकाउनेवाला (**उपहर्ता**) पस्किनेवाला (**च**) र (**खादकः**) खानेवाला (**इति घातकाः**) यी सबै हत्यारा र पापी हुन् ॥

यसरी हिंसा अथवा बलि प्रथा कुनै हालतले पनि धर्म नभएको कुरा शास्त्रले बताउँछ भने जो यसका पक्षधर बनेर चलन चलाए ती अवश्य पनि आफ्नो निहित स्वार्थ पूर्ति गर्ने धूर्त नै हुन् ।

## गङ्गास्नानको समीक्षा (११.१६)

**प्रश्न–**

**गङ्गा गङ्गेति यो ब्रूयाद्योजनानां शतैरपि । मुच्यते सर्वपापेभ्यो विष्णुलोकं स गच्छति ॥१॥**
–ब्रह्मपुराण अध्याय (१७५/श्लोक ८२); पद्मपुराण उत्तरखण्ड (अध्याय २३/श्लोक २) ॥
**हरिर्हरति पापानि हरिरित्यक्षरद्वयम् ॥२॥** –पद्मपुराण उत्तरखण्ड (अध्याय ७२/श्लोक १२) ॥
**प्रातःकाले शिवं दृष्ट्वा निशिपापं विनश्यति । आजन्मकृतं मध्याह्ने सायाह्ने सप्तजन्मनाम् ॥३॥**
–यी सबै पोपपुराणहरूका श्लोक हुन् (तीर्थदर्पण पण्डाअर्पण-परिच्छेद २) ॥

जसले सयकडौं-हजारौं कोस दूरबाट पनि गङ्गा-गङ्गा भन्छ भने त, त्यसका सबै पापहरू नष्ट भएर त्यो विष्णुलोक अर्थात् वैकुण्ठमा जान्छ ॥१॥ 'हरि' यस दुई अक्षरको नामोच्चारणले सबै पापहरूलाई हरण गर्दछ, त्यसरी नै राम, कृष्ण, शिव, भगवती आदि नाम माहात्म्य छ ॥२॥ र जुन मनुष्य प्रातःकालमा 'शिव' अर्थात् लिङ्ग वा उसको मूर्तिको दर्शन गरेमा त रात्रिमा गरेको, मध्याह्नको दर्शनमा जन्मभरिको, सायङ्कालमा दर्शन गर्नाले सातै जन्महरूको पाप छुट्दछन् ॥३॥ यो दर्शनमाहात्म्य के झुटो हुनेछ ?

**उत्तर–** मिथ्या हुनमा के शङ्का ? किनभने गङ्गा वा हरे, राम, कृष्ण, नारायण, शिव र भगवती नामस्मरणले पाप कहिल्यै पनि छुट्दैन । यदि छुट्थ्यो भने त कोही पनि दुःखी हुन्थेनन् । र पाप गर्नबाट कोही पनि डराउने थिएनन्, जसरी आजभोलि पोपलीलामा पापको बढोत्तरी भैरहेको छ । किनभने मूढहरूलाई विश्वास छ कि हामीले पाप गरेर, नामस्मरण वा तीर्थयात्रा गर्‍यौं भने त पापहरूको निवृत्ति हुन जानेछ । यसै विश्वासमा पाप गरेर यस लोक र परलोकको नाश गर्दछन् । र गरेको पापलाई भोग्नै पर्दछ ।

## नामस्मरण र तीर्थ शब्दको व्याख्या (११.१७)

**प्रश्न–** त्यसो भए कुनै तीर्थ र नामस्मरण सत्य हो कि होइन त ?

**उत्तर–** सत्य हो । वेदादि शास्त्रहरूलाई पढ्नु-पढाउनु, धार्मिक विद्वान्हरूको सङ्ग; परोपकार, धर्मानुष्ठान, योगाभ्यास, निर्वैर, निष्कपटता, सत्यभाषण, सत्य मान्नु, सत्य गर्नु; ब्रह्मचर्य्य; आचार्य, अतिथि, माता, पिताको सेवा; परमेश्वरको स्तुति-प्रार्थना-उपासना; शान्ति, जितेन्द्रियता, सुशीलता, धर्मयुक्तपुरुषार्थ, ज्ञान-विज्ञान आदि शुभगुण-कर्म दुःखहरूबाट तार्ने हुनाले **तीर्थ** हुन् । र जुन जल-स्थलमय छन्, ती तीर्थ कहिल्यै हुन सक्दैनन् । किनभने **'जना यैस्तरन्ति तानि तीर्थानि'** मनुष्यले जसलाई गरेर दुःखबाट तर्दछ त्यसको नाम **'तीर्थ'** हो । जल-स्थल तार्नेवाला होइनन्, किन्तु डुबाएर मार्नेवाला हुन् । प्रत्युत डुँगा आदिको नाम **'तीर्थ'** हुन सक्दछ, किनभने उसबाट ताल, नदी र समुद्र आदि तर्ने गरिन्छ ।

**समानतीर्थे वासी ॥१॥** –पाणिनीय अष्टाध्यायी (अध्याय ४/पाद ४/सूत्र १०६) ॥

**नमस्तीर्थ्याय च ॥२॥** –यो यजुर्वेद (अध्याय १६/मन्त्र ४२) को वचन हो ॥

जो ब्रह्मचारी एक आचार्यसँग र एक शास्त्रलाई साथ-साथ पढ्दछ भने, ती सबै **'सतीर्थ्य'** अर्थात् समानतीर्थसेवी हुन्छन् ॥१॥

जो वेदादि-शास्त्र र सत्यभाषणादि धर्म-लक्षणहरूमा साधु हुन्छ, त्यसलाई अन्नादि पदार्थ दिनु र उसबाट विद्या लिनु इत्यादिलाई **'तीर्थ'** भन्दछन् ॥२॥

**'नामस्मरण'** यसलाई भन्दछन् कि– **यस्य नाम महद्यशः ॥** –यजुर्वेद (अध्याय ३२/मन्त्र ३) ॥

परमेश्वरको काम ठूलो **'यश'** अर्थात् धर्मयुक्त कामहरूलाई गर्नु हो । जसरी ब्रह्म, परमेश्वर, ईश्वर, न्यायकारी, दयालु, सर्वशक्तिमान् आदि नाम परमेश्वरका गुण-कर्म-स्वभावबाट हुन्छन् । जसरी 'ब्रह्म' सबैभन्दा ठूलो, 'परमेश्वर' ईश्वरहरूको पनि ईश्वर, 'ईश्वर' सामर्थ्ययुक्त, 'न्यायकारी' कहिल्यै अन्याय गर्दैन, 'दयालु' सबैमाथि कृपादृष्टि राख्दछ, 'सर्वशक्तिमान्' आफ्नो सामर्थ्यबाट नै सबै जगत्को उत्पत्ति-स्थिति-प्रलय गर्दछ, सहायता कसैको लिंदैन, 'ब्रह्मा' विविध जगत्को पदार्थहरू बनाउनेवाला, 'विष्णु' सबैमा व्यापक भएर रक्षा गर्दछ, 'महादेव' सबै देवहरूको देव, 'रुद्र' प्रलय गराउनेवाला आदि नामहरूको अर्थलाई आफूमा धारण गर्ने । अर्थात् ठूला कामबाट ठूलै होस्, समर्थहरूमा पनि समर्थ होस्, सामर्थ्यलाई बढाउँदै जाओस्, अधर्म कहिल्यै नगरोस्, सबैमाथि दया राखोस्, सबै प्रकारका साधनहरूलाई समर्थ गरोस्, शिल्पविद्याबाट नाना प्रकारका पदार्थहरूलाई बनाओस्, सबै संसारमा आफ्नो आत्माकै तुल्य सुख-दुःख सम्झोस्, सबैको रक्षा गरोस्, विद्वान्हरूमा पनि विद्वान् होस्, दुष्ट कर्मको प्रलय र दुष्ट कर्म गर्नेहरूका लागि प्रयत्नले दण्ड र सज्जनहरूको रक्षा गरोस् । यस प्रकार परमेश्वरको नामहरूको अर्थ जानेर परमेश्वरको गुण-कर्म-स्वभावको अनुकूल आफ्नो गुण-कर्म-स्वभावलाई ढाल्दै लैजानु नै परमेश्वरको **नामस्मरण** हो ।

## गुरु माहात्म्यको समीक्षा (११.१८)

**प्रश्न– गुरुर्ब्रह्मा गुरुर्विष्णुर्गुरुर्देवो महेश्वरः । गुरुरेव परं ब्रह्म तस्मै श्रीगुरवे नमः ॥**

–गुरुगीता माहात्म्य प्रकरण श्लोक १९ ॥

इत्यादि गुरुमाहात्म्य त साँचो हो ? गुरुको चरण धोएर पिउने, जस्तो आज्ञा गर्दछन् त्यस्तै पालन गर्ने, गुरु लोभी छ भने त वामनको समान, क्रोधी छ भने त नरसिंहको सदृश, मोही छ भने त रामको तुल्य र कामी छ भने त कृष्णकै समान गुरुलाई जान्नु । चाहे गुरुजीले कस्तै पाप गरे तापनि अश्रद्धा नगर्नु, सन्त वा गुरुको दर्शनलाई जानेमा त पाइला-पाइलामा अश्वमेधको फल पाइन्छ, यो कुरो ठीक हो कि होइन ?

**उत्तर**– ठीक होइन । ब्रह्मा, विष्णु, महेश्वर र परब्रह्म परमेश्वरका नाम हुन् । उसको तुल्य गुरु कहिल्यै हुन सक्दैन । यो गुरुमाहात्म्य गुरुगीता पनि एउटा ठूलो पोपलीला हो । गुरु त माता, पिता, आचार्य र अतिथि हुन्छन् । उनको सेवा गर्नु, उनीहरूबाट विद्या-शिक्षा लिनु-दिनु, शिष्य र गुरुको काम हो । परन्तु जुन गुरु लोभी, क्रोधी, मोही र कामी हुन्छ भने त त्यसलाई सर्वथा छोडिदिनु, शिक्षा गर्नु, सहज शिक्षाले पनि नमानेमा त 'अर्घ्यपाद्य' अर्थात् ताडना दण्ड प्राणहरणसम्म पनि गर्नमा केही दोष छैन । जुन विद्यादि सद्गुणहरूमा गुरुत्व छैन, झुट-मुट कण्ठी, तिलक, वेदविरुद्ध मन्त्रोपदेश गर्नेवाला, त्यो गुरुमात्रै हैन किन्तु गोठालो जस्तो हो । जसरी गोठालाले आफ्ना भेंडा-बाख्रादेखि दूध आदिले प्रयोजन सिद्ध गर्दछ, त्यसरी नै शिष्यहरूका, चेला-चेलीहरूका धन हरण गरेर आफ्नो प्रयोजन सिद्ध गर्दछन् । ती–

दोहा– **गुरु लोभी चेला लालची, दोनों खेलें दाव ।**
**भवसागर में डूबते, बैठ पत्थर की नाव ॥**

गुरु सम्झन्छ कि चेला-चेलीले केही न केही दिनेछन् र चेलाले सम्झन्छ कि झुटो सपथ र पापबाट छुटाइदिन्छन् आदि लालचमा दुइटै कपटमुनि भवसागरको दुःखमा डुब्दछन्, जसरी ढुङ्गाको डुँगामा बस्नेहरू समुद्रमा डुबेर मर्दछन् । यस्ता गुरु र चेलाहरूको मुखमा धुलो-खरानी परोस् । तिनीहरूको साथमा कोही नलागून् । जो लाग्दछन् तिनीहरू दुःखसागरमा पर्नेछन् । जसरी पोपलीला पुजारी-पुराणीहरूले चलाए, त्यसरी नै यी गोठालाका गुरुहरूले पनि लीला मच्चाएका छन् । यो सबै काम स्वार्थीहरूको हो । जो परमार्थीहरू हुन्छन्, आफूले दुःख पाएर पनि जगत्को उपकार गर्न छोड्दैनन् । र गुरु माहात्म्य तथा गुरुगीता आदि पनि यिनै लोभी, कुकर्मी गुरुहरूले बनाएका हुन् ।

## अष्टाद्ह पुराणहरूको समीक्षा (११.१९)

**प्रश्न– अष्टादशपुराणानां कर्त्ता सत्यवतीसतुः ॥१॥** –स्कन्दपुराण, रेवाखण्ड (अध्याय १/श्लोक १३) ॥
**इतिहासपुराणाभ्यां वेदार्थमुपबृंहयेत् ॥२॥** –महाभारत, आदिपर्व (अध्याय १/श्लोक २६७) ॥
**पुराणानि खिलानि च ॥३॥** –मनुस्मृति (अध्याय ३/श्लोक २३२) ॥
**इतिहासपुराणः पञ्चमो वेदानां वेदः ॥४॥** –छान्दोग्योपनिषद् (अ.७/खं.१/प्र.४) ॥

**दशमेऽहनि किंचित्पुराणमाचक्षीत ॥५॥** —तुलना-शतपथ ब्राह्मणे (१३/३/१/१३) ॥
**पुराणविद्या वेदः ॥६॥** —सूत्रम् (तुलना-शतपथ ब्राह्मणे १३/३/१/१३) ॥

अट्ठाह्र पुराणहरूका कर्ता व्यासजी हुन् । व्यासवचनलाई प्रमाण अवश्य मान्नुपर्दछ ॥१॥ इतिहास, महाभारत, अट्ठाह्र पुराणहरूबाट वेदहरूको अर्थ पढोस्-पढाओस्, किनभने इतिहास र पुराण वेदहरूकै अर्थ र अनुकूल छन् ॥२॥ पितृकर्ममा पुराण र 'खिल' अर्थात् हरिवंशको कथा सुन्नु ॥३॥ इतिहास र पुराणलाई पञ्चमवेद भन्दछन् ॥४॥ अश्वमेधको समाप्तिमा दशौं दिन थोरै मात्र पनि पुराणको कथा सुन्नुपर्दछ ॥५॥ पुराणविद्या वेदार्थलाई जनाउने भएकैले वेद हुन् ॥६॥

इत्यादि प्रमाणहरूबाट पुराणहरूको प्रमाण र यिनका प्रमाणबाट मूर्तिपूजा र तीर्थहरूको पनि प्रमाण हुन्छ, किनभने पुराणहरूमा मूर्तिपूजा र तीर्थहरूको विधान गरिएको छ ।

**उत्तर**– यदि अट्ठाह्र पुराणहरूका कर्ता व्यासजी हुन्थे भने त, तिनमा त्यति विघ्न गफौडा हुन्थेनन् । किनभने शारीरकसूत्र, योगशास्त्रका भाष्य आदि व्यासोक्त ग्रन्थहरूलाई हेर्नाले विदित हुन्छ कि व्यासजी कति ठूला विद्वान्, सत्यवादि, धार्मिक र योगी थिए । उनले यस्ता मिथ्या कथा कहिल्यै पनि लेख्ने थिएनन् । र यसबाट यही सिद्ध हुन्छ कि जुन सम्प्रदायीहरूका परस्पर विरोधीहरूले भागवतादि नवीन कपोलकल्पित ग्रन्थ बनाएका हुन्, त्यसमा व्यासजीका गुणहरूको लेशमात्र पनि थिएन । र वेदशास्त्रविरुद्ध असत्यवाद लेख्न व्यासजी सदृश विद्वान्हरूको काम पनि होइन, किन्तु यी काम विरोधी, स्वार्थी, अविद्वान् पामरहरूको हो । इतिहास र पुराण नाम भागवतशिवपुराणादिको होइन, किन्तु–

**ब्राह्मणानीतिहासान् पुराणानि कल्पान् गाथानाराशंसीरिति ।**

—यो ब्राह्मणग्रन्थ र सुत्रहरूको वचन हो ॥
—तैत्तिरीय आरण्यक (२/९); आश्वलायन गृह्यसूत्र (३/३/१) ॥

ऐतरेय, शतपथ, साम र गोपथ ब्राह्मण ग्रन्थहरूकै इतिहास, पुराण, कल्प, गाथा र नाराशंसी यी पाँच नाम हुन् । (**इतिहास**) जस्तै जनक र याज्ञवल्क्यको संवाद । (**पुराण**) जगदुत्पत्ति आदिको वर्णन आख्यान । (**कल्प**) वेद शब्दहरूका सामर्थ्यको वर्णन, अर्थ निरूपण गर्नु । (**गाथा**) कसैको दृष्टान्त दार्ष्टान्तरूप कथा प्रसङ्ग बताउनु । (**नाराशंसी**) मनुष्यको प्रशंसनीय वा अप्रशंसनीय कर्महरूको कथन गर्नु । यिनैबाट वेदार्थको बोध हुन्छ ।

**'पितृकर्म'** अर्थात् ज्ञानीहरूका प्रसङ्गमा केही सुन्नु, अश्वमेधको अन्तमा पनि यिनैलाई सुन्नु भनेर लेखिएको छ । किनभने जुन व्यासकृत ग्रन्थहरू छन्, तिनीहरूलाई सुन्नु-सुनाउनु व्यासजीको जन्मको पश्चात् हुन सक्दछ, पूर्व होइन । जब व्यासजीको जन्म नै भएको थिएन तबदेखि नै वेदार्थलाई पढ्ने-पढाउने सुन्ने-सुनाउने गर्दथे । यसैले सबैभन्दा प्राचीन ब्राह्मण-ग्रन्थहरूमा नै यी सबै घटना हुन सक्दछन् । यी श्रीमद्भागवत, शिवपुराणादि मिथ्यावाद दूषित ग्रन्थहरूमा घट्न सक्दैन । जब व्यासजीले वेद पढे र पढाएर वेदार्थ फैलाए, यसैले उनको नाम 'वेदव्यास' भयो । किनभने व्यास भन्दछन् वारपारको मध्ये रेखालाई; अर्थात् ऋग्वेदको आरम्भदेखि लिएर अथर्ववेदको पार पर्यन्त चारै वेद पढेका थिए र शुकदेव तथा जैमिनि आदि शिष्यहरूलाई पढाएका पनि थिए । नत्रभने उनको जन्मको नाम 'कृष्णद्वैपायन' थियो । कसैले यस्तो भन्दछन् कि "वेदहरूलाई व्यासजीले जम्मा गरे" यो कुरो झुट्टा हो । किनभने व्यासजीका पिता, पितामह, प्रपितामह; पराशर, शक्ति र वशिष्ठ; फेरि ब्रह्मा आदिले पनि चारै वेदहरू पढ्ने गर्दथे, यो कुरो कुन प्रकारले घट्न सक्थ्यो ?

## शिवपुराणको समीक्षा (११.२०)

**प्रश्न**– पुराणहरूमा सबै कुरो झुट्टो छ कि कुनै-कुनै साँचो पनि छ ?

**उत्तर**– धेरै कुराहरू झुट्टा छन् र कोई **'घुणाक्षरन्याय'** बाट साँचो पनि छ । जति साँचो छ त्यो वेदादि सत्य शास्त्रहरूको र जति झुटो छ त्यो सबै पोपहरूका पुराणरूपी घरको हो । जस्तै शिवपुराणमा शैवहरूले शिवलाई परमेश्वर मानेर विष्णु, ब्रह्मा, इन्द्र, गणेश र सूर्यादिलाई उनका दास ठहऱ्याएका छन् । वैष्णवहरूले विष्णुपुराण आदिमा विष्णुलाई परमात्मा माने र शिव आदिलाई विष्णुका दास । देवीभागवतमा देवी परमेश्वरी र शिव, विष्णु आदिलाई उनका किङ्कर बनाए । 'गणेशखण्ड' मा गणेशलाई ईश्वर र शेष सबैलाई दास बनाए । जहाँ यस्तो कुरो यी सम्प्रदायी पोपहरूको नभए कसको हो त ? एउटा मनुष्यले बनाउँदामा यस्तो परस्पर विरुद्ध कुरा हुँदैन भने त, विद्वान्ले बनाएकोमा त झनै कहिल्यै पनि हुन सक्दैन । यिनमा एउटा कुरालाई साँचो मानेमा दोस्रो झुटो हुन्छ र दोस्रो साँचो मानेमा अन्य झुट्टो हुन्छ । शिवपुराणवालाहरूले शिवबाट, विष्णुपुराणवालाहरूले विष्णुबाट, देवीपुराणवालाहरूले देवीबाट, गणेशखण्डवालाहरूले गणेशबाट, सूर्यपुराणवालाहरूले सूर्यबाट र वायुपुराणवालाहरूले वायुबाट सृष्टिको

उत्पत्ति-प्रलय लेखेर पुनः एक-एकले एक-एक जुन जगत्को कारण लेखे, त्यसको उत्पत्ति एक-एकबाट लेखे । कसैले सोधोस् कि जुन जगत्को उत्पत्ति-स्थिति-प्रलय गर्नेवाला हो, त्यो उत्पन्न र जो उत्पन्न हुन्छ, त्यो सृष्टिको कारण कहिल्यै हुन सक्दछ कि सक्दैन ? तब सिवाय चुप रहनको उपरान्त केही भन्न सक्दैनन् । र यी सबैका शरीरको उत्पत्ति पनि त्यहींबाटै भयो होला, फेरि आफै सृष्टि-पदार्थ र परिच्छिन्न भएर संसारको उत्पत्तिको कर्ता कुन तरिकाले हुन सक्दछन् ? र उत्पत्ति पनि विलक्षण-विलक्षण प्रकारले मानेका छन् जुन चाहिं कि सर्वथा असम्भव छ । जस्तै–

'शिवपुराणमा' शिवले इच्छा गरे कि मैले सृष्टि गरूँ, तब एक 'नारायण' जलाशयलाई उत्पन्न गरेर उसको नाभिबाट कमल, कमलबाट ब्रह्मा उत्पन्न भए । उनले देखे कि सबै जलमय छ । जलको अञ्जलि उठाएर हेर्दै जलमै पछारिदिए । त्यसबाट एक फकुण्टो र फकुण्टोबाट एउटा पुरुष बन्यो । त्यसले ब्रह्मालाई भन्यो कि 'हे पुत्र ! सृष्टि गर ।' ब्रह्माले उसलाई भने कि "म तेरो पुत्र होइन किन्तु तँ मेरो पुत्र होस् ।" उनीहरूमा विवाद भयो र दिव्यसहस्र-वर्षपर्यन्त दुइटै जलमा लड्दैराखे । तब महादेवले विचार गरे कि जसलाई सृष्टि गर्नको लागि पठाएको थिएँ, ती दुवै जना आपसमा लडिराखेका छन् । तब ती दुवै जनाको माझबाट एक तेजोमय लिङ्ग उत्पन्न भयो र त्यो शीघ्र आकाशमा गयो । त्यसलाई देखेर दुवै साश्चर्य भए । विचारे कि यसको आदि-अन्त थाहा पाउनुपर्‍यो । जसले आदि-अन्तको थाहा शीघ्र लिएर आउछ त्यो पिता र जो ढिलो आउँछ त्यो पुत्र हुनेछ । विष्णु कूर्मको स्वरूप धारण गरेर तलतिर लागे र ब्रह्मा हाँसको स्वरूप धारण गरेर माथितिर उडे । दुइटै मनोवेगले चले । दिव्यसहस्रवर्षपर्यन्त दुइटै लाग्दै रहे तर पनि त्यसको अन्त पाएनन् । तब तलबाट माथितिर विष्णु र माथिबाट तलतिर ब्रह्मा लागे । ब्रह्माले विचारे कि यदि उनले अन्तको साँध ल्याएको भए त म पुत्र बन्न पर्नेछ । यस्तै कुरा सोचिरहेकै थिए कि उसै समयमा एक गाई र एक केतकीको वृक्ष माथितिरबाट उत्रेर आए । तिनीहरूलाई ब्रह्माले सोधे कि "तिमीहरू कहाँबाट आउँदै छौ ?" उनीहरूले भने "हामी हजार वर्षदेखि यस लिङ्गको आधारदेखि आइरहेका छौं ।" ब्रह्माले सोधे कि "यस लिङ्गको थाहा छ कि छैन ?" उनीहरूले भने "थाहा छैन" । ब्रह्माले उनीहरूलाई भने कि "तिमीहरू मेरो साथमा हिंड र यस्तो साक्षी देऊ कि मैले यस लिङ्गको शिरमा दूधको धारा वर्षाउँथे र वृक्षले भन्नू कि मैले फूल वर्षाउँथे, यसरी साक्षी दिन्छौ भने म तिमीहरूलाई ठेगानामा लिएर जानेछु ।" उनीहरूले भने कि "हामी त यस्तो झुट्टो साक्षी दिंदैनौं ।" तब ब्रह्माले कुपित भएर भने– "यदि साक्षी दिंदैनौ भने त अहिले भर्खरै मैले भस्म गरिदिन्छु ।" तब दुइटैले डराएर भने– "तपाईंले जस्तो भन्नुहुन्छ, त्यस्तै साक्षी दिन्छौं ।" तब तीनै जना तलतिर लागे । विष्णु पहिला नै आइसकेका थिए, ब्रह्मा पनि आइपुगे । विष्णुसँग सोधे "तपाईंले थाहा ल्याउनुभयो कि ल्याउनुभएन ?" तब विष्णुले भने "मैले त पाइन ।" ब्रह्माले भने "मैले त ल्याएको छु ।" विष्णुले सोधे "साक्षी देखाऊ ?" तब गाई र वृक्षले साक्षी दिए कि– "हामी दुवै लिङ्गको शिरमा थियौं ।" तब लिङ्गदेखि शब्द निस्कियो र श्राप दियो "जुन कारणले तिमीहरूले झुटो बोल्यौ, त्यसैले तिम्रो फूल मलाई र अन्य देवतालाई जगत्मा कहीं पनि चढ्नेछैन र जो कसैले चढायो भने त त्यसको सत्यानाश हुनेछ ।" गाईलाई श्राप दिए कि "जुन मुखले तिमीले झुट्टो बोल्यौ, त्यसै मुखले विष्ठा खानेछौ । तिम्रो मुखको पूजा कसैले गर्नेछैन, किन्तु पुछारको गर्नेछन् ।" र विष्णुलाई वर दिए कि जसबाट "तिमीले सत्य बोल्यौ, त्यसैले तिम्रो पूजा सर्वत्र हुनेछ ।" र ब्रह्मालाई श्राप दिए कि जसबाट "तिमीले मिथ्या बोल्यौ, त्यसैले तिम्रो पूजा संसारमा कहीं पनि हुनेछैन ।" पुनः दुवैले लिङ्गको स्तुति गरे । त्यसदेखि प्रसन्न भएर लिङ्गबाट एउटा जटाजूट मूर्ति निस्किएर आयो र भन्यो कि "तिमीलाई मैले सृष्टि गर्नको लागि पठाएको थिएँ, झगडामा किन लागिराख्यौ ?" ब्रह्मा र विष्णुले भने कि "हामीले बिना सामाग्रीको कहाँबाट सृष्टि गर्ने ।" तब महादेवले आफ्नो जटाबाट भस्मको गोला निकालेर दिंदै "जाओ, यसैबाट सबै सृष्टि बनाओ" इत्यादि ।

कसैले यी पुराणहरू बनाउनेवाला पोपहरूसँग गएर सोध्नु कि जब सृष्टितत्त्व र पञ्चमहाभूत थिएन भने त ब्रह्मा, विष्णु, महादेवको शरीर, जल, कमल, लिङ्ग, गाई, केतकीको वृक्ष र भस्म तिम्रा बाबाको घरबाट आएर खसे ?

त्यसरी नै 'भागवत' मा विष्णुको नाभिबाट कमल, कमलबाट ब्रह्मा र ब्रह्माको दाहिने खुट्टाको बुढी औंलोबाट स्वायंभुव र बायाँ बुढी औंलाबाट सत्यरूपा रानी, निधारबाट रुद्र र मरीचि आदि दश पुत्र, उनीहरूबाट दक्ष प्रजापति, उनकी तेह्र छोरीहरूको विवाह कश्यपसँग, ती मध्येमा दितिबाट दैत्य, दनुबाट दानव, अदितिबाट आदित्य, विनताबाट पक्षी, कद्रूबाट सर्प, सरमाबाट कुकुर, स्याल आदि र अन्य स्त्रीहरूबाट हात्ती, घोडा, ऊँट, गधा, भैंसी, घाँस, फूस र काँडादार वृक्ष उत्पन्न भए ।

वाह रे ! भागवतलाई बनाउनेवाला लालभुजक्कड ? तिमीहरूलाई यस्तो मिथ्या कुराहरू लेख्नमा लाज शर्म पनि आएन । जहाँ ! स्त्री-पुरुषको रजवीर्यबाट मनुष्य त बन्दछन् नै परन्तु परमेश्वरको सृष्टिक्रमको विरुद्ध पक्षी, सर्प कहिल्यै उत्पन्न हुन सक्दैनन् । हात्ती, ऊँट, सिंहहरू स्थित हुनको लागि अवकाश स्त्रीको गर्भाशयमा हुन सक्दछ ? र सिंह आदि उत्पन्न भएर आफ्ना बाउ-आमालाई किन खाएनन् ? इत्यादि झुट्टा कुराहरूलाई अन्धा पोप र भित्र-बाहिरको आँखा फुटेका उनका चेलाले सुन्छन् र मान्छन् । यी मनुष्य हुन् कि अन्य ? यी भागवतादि पुराणहरूलाई बनाउनेवालाहरू जन्मदैनन्, गर्भमा नै नष्ट हुन्छन् वा जन्मेर उसै समय मर्दछन् । किनभने यी पोपहरूदेखि बच्थे भने त आर्यावर्त्त देश दुःखहरूबाट बच्ने थियो ।

**प्रश्न**– यी कुराहरूमा विरोध आउन सक्दैन । किनभने **'जसको विवाह उसैको गीत'** । जब विष्णुको स्तुति गर्न लागे, तब विष्णुलाई परमेश्वर अन्यहरूलाई दास, जब शिवको गुण गाउन लागे, तब शिवलाई परमात्मा अन्यहरूलाई किङ्कर बनाए । र परमेश्वरको मायामा सबै बन्न सक्दछ । मनुष्यदेखि पशु आदि र पशु आदिदेखि मनुष्यादिको उत्पत्ति परमेश्वरले गर्न सक्दछ । हेर ! बिना कारण आफ्नो मायाले सबै सृष्टि खडा गरिदिएको छ । उसमा कुनचाहिं कुरो अघटित छ ? जे गर्न चाहन्छ, त्यो सबै गर्न सक्दछ ।

**उत्तर**– अरे भोले ! विवाहमा जसको गीत गाउँछन्, त्यसलाई सबै भन्दा ठूलो र अरू साना वा निन्दा अथवा त्यसलाई सबैको बाउ त बनाउँदैनन् नि ? भन पोपजी ! तिमी भाट र खुशामदी चारणहरू भन्दा बढीचढी गफाडी हवौ कि होइनौ ? कि जसको पछि लाग्ने; उसैलाई सबै भन्दा ठूलो बनाउने र जोसँग विरोध गर्ने उसैलाई पछारेर तल पार्ने । तिमीलाई सत्य र धर्मदेखि के प्रयोजन, किन्तु तिमीलाई त आफ्नो स्वार्थबटार्नमा नै काम छ । माया मनुष्यमा हुन सक्दछ । जुन कि छली-कपटी हुन्छ, त्यसैलाई **'मायावी'** भन्दछन् । परमेश्वरमा छल-कपटादि दोष नहुनाले, उसलाई मायावी भन्न सकिंदैन । जुन आदि सृष्टिमा कश्यप र कश्यपकी स्त्रीहरूबाट पशु, पक्षी, सर्प, वृक्षादि भएका हुन्थे भने त आजभोलि पनि त्यसरी नै किन सन्तान हुँदैनन् ? सृष्टिक्रम जुन पहिला लेखेर आएको छु त्यही ठीक हो । र अनुमान हुन्छ कि पोपजी यहींबाट धोका खाएर बके होलान्–

**तस्मात् काश्यप्य इमाः प्रजाः ॥** –तुलना [शतपथ ब्राह्मणे (७/४/१/५)] ॥

शतपथब्राह्मणमा यो लेखिएको छ कि यो सबै सृष्टि 'कश्यप' बाट बनाइएको हो ।

**कश्यपः कस्मात् पश्यको भवतीति ॥** –निरुक्त [(अ.२/खं.१); तुलना- तै.आ.(१/८)] ॥

सृष्टिकर्ता परमेश्वरको नाम 'कश्यप' यस कारणले हो कि 'पश्यक' अर्थात् **'पश्यतीति पश्यः, पश्य एव पश्यकः'** जो निर्भ्रम भएर चराचर जगत्, सबै जीव र यिनका कर्म, सकल विद्याहरूलाई यथावत् देख्दछ र **'आद्यन्तविपर्ययश्च'** यस महाभाष्य (३/१/२३) को वचन अनुसार आदिको अक्षर अन्त र अन्तको वर्ण आदिमा आउनाले 'पश्यक' बाट 'कश्यप' बन्न गएको हो । यसको अर्थ नजानेर भाङ्गको लोहोटा चढाएर आफ्नो जन्म सृष्टिविरुद्ध कथन गर्नमा नष्ट गरे ।

## मार्कण्डेयपुराणको समीक्षा (११.२१)

**वैष्णवीचक्रभिन्नस्य रुधिरस्रावसम्भवैः । सहस्रो जगद्व्याप्तं तत्प्रमाणैर्महासुरैः ॥**

–मार्कण्डेयपुराण, दुर्गासप्तशती (अध्याय ८/श्लोक ४८) ॥

जसरी 'मार्कण्डेयपुराण' को दुर्गाशप्तशती पाठमा देवताहरूको शरीरदेखि तेज निस्किएर देवी बनिन्, उनले 'महिषासुर' लाई मारिन् । 'रक्तबीज' को शरीरबाट एक थोपा रगत भूमिमा पर्नाले उसकै सदृश रक्तबीजहरू उत्पन्न हुनाले सबै जगत्मा रक्तबीज भरिन जानु, रुधिरको (रगतको) नदी बग्नु आदि गफौडा थुप्रै लेखेका छन् । जब रक्तबीजदेखि सबै जगत् भरिन गएको थियो भने त देवीको सिंह र देवी कहाँ बसेकी थिइन् ? यदि भन्दछौ कि देवीदेखि टाढा-टाढा रक्तबीज थिए र जहाँ सबै जगत् रक्तबीजले भरिएको थिएन ? र सबै जङ्गली पशु, समुद्रका माछाहरू, पक्षी, वृक्ष आदि कहाँ रहेका थिए ? यहाँ यही निश्चय जान्नु कि दुर्गापाठ बनाउनेवालाको घरमा स्थित थिए होलान् । हेर्नुहोस् ! कस्तो असम्भव कथाको गफ भाङ्गको नशामा उडाए, जसको कुनै ठौर न ठेगाना ।

## भागवतपुराणको समीक्षा (११.२२)

जसलाई 'श्रीभद्भागवत' भन्दछन्, त्यसको लीला सुन्नुहोस् । ब्रह्माजीलाई नारायणले चतुःश्लोकी भागवतको उपदेश गरेका छन्–

**ज्ञानं परमगुह्यं मे यद्विज्ञानसमन्वितम् । सरहस्यं तदङ्गञ्च गृहाण गदितं मया ॥**

–भागवतपुराण (स्कन्ध २/अध्याय ९/श्लोक ३०) ॥

जब भागवतको मूल नै झुटो छ त त्यसको वृक्ष झुटो किन हुँदैन ?

हे ब्रह्माजी ! तपाईंले मेरो परमगुह्य ज्ञान जुन विज्ञान र रहस्ययुक्त एवं धर्मार्थ, काम, मोक्षको अङ्ग साधन हो, त्यसलाई मदेखि ग्रहण गर्नुहोस् ॥ जब विज्ञानयुक्त ज्ञान भने त 'परम' अर्थात् ज्ञानको विशेषण राख्न व्यर्थ छ र गुह्य विशेषणले रहस्य पनि पुनरुक्त भयो । जब मूल श्लोक नै अनर्थक छ भने त ग्रन्थ अनर्थक किन छैन ? जब भागवतको मूल नै झुटो छ भने त त्यसको वृक्ष झुटो किन नहोला ?

ब्रह्माजीलाई वर दिए कि–

**भवान् कल्पविकल्पेषु न विमुह्यति कर्हिचित् ॥**

–भागवतपुराण (स्कन्ध २/अध्याय ९/श्लोक ३६)॥

तपाईं 'कल्प' सृष्टि र विकल्प 'प्रलय' मा मोहलाई कहिल्यै प्राप्त हुनुहुन्न, यस्तो लेखेर पुनः दशमस्कन्धमा मोहित भएर वत्सहरण गरे । यी दुइटामा एउटा कुरो साँचो, अर्कोचाहिं झुटो । यस्तो भएर दुइटै कुरो झुट्टो भयो । जब वैकुण्ठमा राग, द्वेष, क्रोध, ईर्ष्या, दुःख छैन भने त सनकादिहरूलाई वैकुण्ठको द्वारमा क्रोध किन भयो ? यदि त्यहाँ क्रोध हुन्छ भने त त्यो स्वर्ग नै होइन । जब जय, विजय, द्वारपाल थिए । स्वामीको आज्ञा पालनी अवश्य थियो । उनीहरूले सनकादिहरूलाई रोक्दामा के अपराध भयो ? यसमाथि बिना अपराध श्राप लाग्न सक्दैन । जब श्राप लाग्यो कि तिमीहरू पृथ्वीमा झर, यस्तो भन्नाले यहाँ यो सिद्ध हुन्छ कि वहाँ पृथ्वी रहेनछ । आकाश, वायु, अग्नि र जल होला । यदि यस्तो हो भने त द्वार, मन्दिर र जल कसको आधारमा थियो ? पुनः जय, विजयले सनकादिहरूको स्तुति गरे कि "महाराज ! पुनः हामी वैकुण्ठमा कहिले आउनेछौं ?" सनकादिले तिनीहरूलाई भने कि "यदि प्रेमले नारायणको भक्ति गऱ्यौ भने त सातौं जन्ममा र विरोधले भक्ति गऱ्यौ भने त तेस्रो जन्ममा वैकुण्ठमा प्राप्त हुनेछौ ।" यहाँ विचार गर्नुपर्दछ कि, जय, विजय नारायणका नोकर थिए । उनको रक्षा र सहायतता गर्न नारायणको कर्तव्य काम थियो । जसले आफ्नो नोकरहरूलाई बिना अपराध दुःख दिन्छ भने, आफ्नो स्वामीले तिनीहरूलाई दण्ड दिँदैन भने त आफ्ना नोकरको दुर्दशा जो कसैले पनि गर्नेछन् । नारायणलाई उचित थियो कि जय, विजयको सत्कार र सनकादिहरूलाई मजासँग दण्ड दिनु, किनभने उनीहरूले भित्र जानको लागि किन हठ गरे ? र नोकरहरूँग किन लडे, किन श्राप दिए ? यिनको बदलामा सनकादिहरूलाई पृथ्वीमा झारिदिनु नारायणको न्याय हुन्थ्यो । जब यतिको अन्धेर नारायणको घरमा नै छ भने त, उसको सेवक जो कि वैष्णव भन्दछन्, तिनको जति दुर्दशा हुन्छ त्यो थोरै हो ।

पुनः ती दुई 'हिरण्याक्ष' र 'हिरण्यकशिपु' भएर उत्पन्न भए । तिनी मध्येमा हिरण्याक्षलाई वराहले मारे । त्यसको कथा यसरी लेखिएको छ कि त्यसले पृथ्वीलाई गुन्द्रीकै समान लपेटेर, शिरानी बनाएर सुत्यो । विष्णुले वराहको स्वरूप धारण गरेर, त्यसको शिरको तलबाट पृथ्वीलाई आफ्नो दाह्रामा धारण गरे । त्यो उठ्यो र दुइटैको भयङ्कर लडाईं भयो । वराहले हिरण्याक्षलाई मारिदिए । यी पोपहरूसँग कसैले सोध्नु कि पृथ्वी गोलो छ कि गुन्द्रीजस्तो ? तब केही भन्न सक्ने छैनन् । किनभने पौराणिकहरू भूगोलविद्याका शत्रु हुन् । भला, जब पृथ्वीलाई बेरेर शिरानी बनायो भने आफू के माथि सुत्यो ? र वराहजीले के माथि खुट्टा राखेर दौडँदै आए ? र फेरि पृथ्वीलाई त वराहजीले मुखमा राखे फेरि दुइटै के माथि उभिएर लडे ? वहाँ कतै बस्ने ठाउँ पनि थिएन । किन्तु भागवतादि पुराण बनाउनेवाला पोपजीको छातीमाथि उभिएर लडे होलान् ? र फेरि त्यो समयमा पोपजी के माथि सुत्यो होला ? यो कुरा– **'गफाडीको घरमा गफ्फी आए, भन गफाडीजी'** जब मिथ्यावादीहरूका घरमा अर्का गफाडीहरू आउँछन्, फेरि गफ मार्नमा केको कमी, यसै प्रकारको हो ।

अब रह्यो हिरण्यकशिपु, त्यसको छोरो जुन 'प्रह्लाद' थियो, त्यो भक्त भएको थियो । उसको बाउले पढ्नको लागि पठाउँथ्यो । तब त्यसले अध्यापकसँग भन्थ्यो "मेरो पाटीमा राम-राम लेखिदेऊ ।" जब उसको बाउले छोराको यस्तो कुरो सुन्यो, उसले भन्यो कि "तैंले हाम्रो शत्रुको भजन किन गर्दछस् ।" छोराले मानेन । त्यसलाई बाँधेर भिरबाट खसालिदियो, कुवामा हालिदियो, परन्तु छोरालाई केही पनि भएन । तब बाउले एउटा फलामको खाँबोलाई आगोमा तताएर छोरालाई भन्यो कि यदि तेरो इष्टदेव 'राम' साँचो हो भने त तैंले यस खाँबोलाई समाएमा पनि जल्नेछैनस् । प्रह्लाद समाउनको लागि हिंड्यो । मनमा शङ्का उठ्यो जल्नबाट बँच्छु कि बँच्दिन ? नारायणले त्यस खाँबोमा साना-साना कमिलाको पङ्क्ति बनाए । प्रह्लादलाई निश्चय भयो, झट् गएर खाँबोलाई समाइदियो । खाँबो फाट्यो, त्यसबाट नृसिंह निक्लिए । हिरण्यकशिपुलाई समातेर छातीमा नङ्ग्राले चिरेर मारिदिए । र तब प्रह्लादलाई चाट्न थाले । प्रह्लादलाई भने "वर माग ।" उसले पिताको सद्गति हुनको लागि वर माग्यो । नृसिंहले वर दिए "तेरा एक्काईस पुस्ता सद्गतिलाई प्राप्त भए" । हेर्नुहोस् ! यो पनि दोस्रो गफाडीको भाइ झन गफाडी । कुनै भागवत वाँचने वा सुन्नेहरूलाई समातेर माथिबाट खसालेमा त कसैले बचाउन सक्दैन, किन्तु चक्नाचूर भएर मर्नेछन् ।

प्रह्लादलाई उसको बाउले पढ्नको लागि पठाउँथ्यो के नराम्रो काम गरेको थियो ? र त्यो प्रह्लाद मूर्ख पढ्न छोडेर वैरागी हुन चाहन्थ्यो । जहाँ आगो बलिरहेको खाँबोमा कमिला र प्रह्लाद जलेनन्, यस कुरालाई जसले साँचो मान्दछ त्यसलाई पनि तातो खाँबोको साथमा लगाइदिनुपर्दछ । यदि यो पोलिएन भने त जान्नु कि प्रह्लाद पनि पोलिएन होला । र नृसिंह पनि किन पोलिएन ? प्रथम तेस्रो जन्ममा वैकुण्ठमा आउने वर सनकादि मुनिहरूको थियो । के त्यसलाई तिम्रो नारायणले भुल्यो ? भागवतको रीति अनुसार ब्रह्मा, प्रजापति, कश्यप, हिरण्याक्ष र हिरण्यकशिपु चौथो पुस्तामा आउँछन् । एक्काईस पुस्ता प्रह्लादको हुँदै भएन, पुनः "एक्काईस पुस्ताले सद्गति पाए" भन्नु कति प्रमादको कुरा हो ! र फेरि तिनै हिरण्याक्ष-हिरण्यकशिपु, रावण-कुम्भकर्ण, पुनः शिशुपाल-दन्तवक्त्र बनेर उत्पन्न भए भने त नृसिंहको वरचाहिं कहाँ उडेर गयो ? यस्ता प्रमादका कुराहरू प्रमादीले गर्दछन्, सुनाउँछन् र मान्दछन्, विद्वान्ले होइन ।

र अक्रूरजी– **रथेन वायुवेगेन ।** –भागवतपुराण (स्कं.१०/३९/३८) ॥

**उषित्वा रथमास्थाय प्रययौ नन्दगोकुलम् ॥** –भागवतपुराण (स्कं.१०/३८/१) ॥

**रथेन गोकुलं प्राप्तः सूर्यश्चास्तगिरिं नृप ॥** –भागवतपुराण (स्कं.१०/३८/२४) ॥

अक्रूरजी कंसले पठाउनाले वायुको समान दौडने घोडाको रथमा बसेर सूर्योदयमा हिंडे र चार मीलमात्र टाढा रहेको गोकुलमा सूर्यास्तको समयमा पुगे । सायद घोडाले भागवत बनाउनेवालाको परिक्रमा गरिराखे होलान् ? वा मार्ग भुलेर भागवत बनाउनेवालाको घरमा घोडा, सारथि र अक्रूरजी सुते होलान ?

पूतनाको शरीर छः कोस चौडा र धेरै लामो लेखिएको छ । मथुरा र गोकुलको बीचमा त्यसलाई मारेर श्रीकृष्णले सुताइदिए । यदि यस्तै हो भने त मथुरा र गोकुल दुइटै दबिएर यस पोपजीको घर पनि दबिन पुग्यो होला ।

'अजामिल' को कथा कति उट्पटयाङ्सँग लेखिएको छ– बाउलाई नारदले भनेपछि आफ्नो छोराको नाम 'नारायण' राखेको थियो । मर्ने वेलामा आफ्नो छोराको नाम लिएर पुकार्‍यो । बीचमा नारायण दौडिए । के नारायणले उसको अन्तःकरणको भावलाई जान्दैनथे कि आफ्नो छोरालाई पुकारेको हो, मलाई होइन । यदि नाम साँच्चैको माहात्म्य हो भने त आजभोलि पनि नारायणको स्मरण गर्नेहरूका दुःख छुटाउनको लागि किन आउँदैनन् ? यदि यो कुरो साँच्चै हो भने त कारागारका कैदीहरू नारायण-नारायण गरेर किन छुट्दैनन् ?

यसरी नै ज्योतिषशास्त्रसँग विरुद्ध सुमेरुको परिमाण लेखिएको छ । प्रियव्रतको रथको चक्रको लीकबाट समुद्र बन्यो । उनन्पचास कोटि योजन पृथ्वी छ, इत्यादि मिथ्या कुराहरूको भागवतमा केही पारावार छैन ।

भागवत वेदव्यासको रचना होइन भन्ने कुरा प्रष्टसँग बुझ्न सकिन्छ, हेर्नुहोस् यिनको आपसको झगडाको कथा–

**भगवत्या कालिकायास्तु महात्म्यं यत्र वर्ण्यते, नानादैत्यवधोपेतं तद्वै भागवतं विदुः ।**

**कलौ किञ्चिद्दुरात्मानो धूर्ता वैष्णवमानिनः, अन्यद्भागवतं नाम कल्पयिष्यन्ति मानवाः ॥**

–स्कन्दपुराण ॥

अर्थात् जुन ग्रन्थमा भगवती कालीको माहात्म्यको वर्णन छ तथा उनीद्वारा मारिएका नाना दैत्यहरूको उल्लेख गरिएको छ, त्यसैलाई नै भागवत भनेर जान्नुपर्दछ । कलियुगमा कुनै धूर्त तथा दुरात्मा वैष्णवहरूले अर्कै ग्रन्थलाई बनाएर त्यसलाई भागवतको नामले प्रसिद्ध गरिदिएका छन् ॥ यो स्कन्द पुराणको श्लोकले वैष्णवहरू तथा शाक्तहरूमा विद्यमान द्वेषको कुरालाई नै सिद्ध गर्दछ ।

फेरि भागवतमा व्यासपुत्र शुकदेवले भागवतको कथा राजा परीक्षित्लाई सात दिनसम्म सुनाएका थिए भनेर बताइएको छ, यो कुरो पूर्णरूपले झुटो सावित हुन्छ, ल हेर्नुहोस् महाभारतमा के लेखेको छ–

**अन्तर्हितं प्रभावं तु दर्शयित्वा शुकस्तदा । गुणान् संत्यज्य शब्दादीन् पदमभ्यगमत् परम् ॥**

–महाभारत शान्तिपर्व, [मोक्षधर्म पर्व (अध्याय ३३३/श्लोक २६–२७)] ॥

शुकदेवले महाभारतको युद्ध भन्दा पूर्व नै मोक्षलाई प्राप्त गरिसकेको कुरा यस अध्याय ३३३ को प्रसंगमा सन्दर्भसहित अध्यायले बताइरहेको छ । त्यसैको अंश यो श्लोक हो । जहाँ कि परीक्षित्को जन्म हुँदा शुकदेवको देहवसान भैसकेको थियो । कुन तरिकाले परीक्षितले शुकदेवबाट भागवतको कथा सुने आफै बुझ्नुहोस् । कथाको प्रसंग सोध्नेवाला परीक्षित्पुत्र राजा जनमेजय र शुकदेवको समयको अन्तर थोरैमा पनि ७०-८० वर्षको देखिन्छ । त्यस कारण यो भागवत पूर्णरूपले झुट्टा ठहरिन्छ ।

र यो भागवत 'बोबदेव' ले बनाएको हो, जसको दाइ 'जयदेव' ले 'गीतगोविन्द' बनाएको थियो । बोबदेव देवगिरिका राजा हिमाद्रिको सभासद् थियो । यसको जन्म तेह्रौं शताब्दीमा भएको थियो । उसले

हेर्नुहोस् यो श्लोक आफूले बनाएको कुरा 'हिमाद्रि' मा लेखेको छ कि 'श्रीमद्‌भागवत' मैले बनाएको हुँ, त्यस लेखको तीन पत्र हामीसँग थियो । त्यस मध्येमा एक पत्र हराएको छ । त्यस पत्रमा श्लोकहरूको जुन आशय थियो त्यस आशयको हामीले दुई श्लोक बनाएर तल लेखेका छौं । जो कसैलाई हेर्ने इच्छा छ भने, त्यो हिमाद्री ग्रन्थमा हेर्नुहोला । श्लोक–

**हिमाद्रेः सचिवस्यार्थे सूचना क्रियतेऽधुना । स्कन्धाऽध्यायकथानां च यत्प्रमाणं समासत ॥१॥**
**श्रीमद्‌भागवतं नाम पुराणं च मयेरितम् । विदुषा बोबदेवेन श्रीकृष्णस्य यशोन्वितम् ॥२॥**

यसै प्रकारको नष्टपत्रमा श्लोक थिए । अर्थात् राजाको सचिव हिमाद्रिले बोबदेव पण्डितसँग भने कि "मलाई तिमीले बनाएको श्रीमदभागवतको सम्पूर्ण कथा सुन्नको लागि अवकाश छैन, त्यसैले तिमीले संक्षेपमा श्लोकबद्ध सूचीपत्र बनाउनू, जसलाई हेरेर मैले श्रीमद्‌भागवतको कथा संक्षेपले जान्न सकूँ ।" सो तल लेखिएको सूचीपत्र उसै बोबदेवले बनाएको हो । त्यस मध्येमा त्यस नष्टपत्रमा १० श्लोक हराएका छन्, अब एघारौं श्लोकबाट लेख्दछु । यी तल लेखिएका श्लोक जति सबै बोबदेवले बनाएको हो । ती श्लोहकरू–

**बोधयन्तीति हि प्राहुः श्रीमद्‌भागवतं पुनः । पञ्च प्रश्नाः शौनकस्य सूतस्यात्रोत्तरं त्रिषु ॥११॥**
**प्रश्नावतारयोश्चैव व्यासस्य निर्वृतिः कृतात् । नारदस्यात्र हेतूक्तिः प्रतीत्यर्थं स्वजन्म च ॥१२॥**
**सुप्तघ्न द्रौण्यभिभवस्तदस्त्रात्पाण्डवा वनम् । भीष्मस्य स्वपदप्राप्तिः कृष्णस्य द्वारकागमः ॥१३॥**
**श्रोतुः परीक्षितो जन्म धृतराष्ट्रस्य निर्गमः । कृष्णमर्त्यत्यागसूचा ततः पार्थमहापथः ॥१४॥**
**इत्यष्टादशभिः पादैरध्यायार्थः क्रमात् स्मृतः । स्वपरप्रतिबन्धोनं स्फीतं राज्यं जहौ नृपः ॥१५॥**
**इति वै राज्ञो दाढर्चोक्तौ प्रोक्ता द्रौणिजयादयः ।**
**इति प्रथमः स्कन्धः ॥१॥**

इत्यादि बाह्र स्कन्धहरूका सूचीपत्र यसै प्रकारले बोबदेव पण्डितले बनाएर हिमाद्रि सचिवलाई दिए । जसले यसलाई विस्तारसँग हेर्न चाहन्छ, त्यो बोबदेवले बनाएको हिमाद्रि ग्रन्थमा हेर्नुहोला । यसै प्रकार अन्य पुराणहरूको लीला पनि उन्नाईस-बीस-एक्काईस कै हाराहारिमा एक-दोस्राादेखि बढेरै छन् ।

हेर ! श्रीकृष्णको इतिहास महाभारतमा अत्युत्तम छ । उनको गुण, कर्म, स्वभाव, चरित्र आप्त पुरुषहरूको सदृश छ । जसमा कुनै अधर्मको आचरण श्रीकृष्णले जन्मेदेखि मरणपर्यन्त नराम्रो काम गरेका भए, यस्तो लेखिएको छैन । र भागवतमा दूध, दही, नौनीको चोरी, कुब्जादासीसँग समागम, परस्त्रीहरूसँग रासमण्डल, क्रीडा आदि मिथ्या दोष श्रीकृष्णमा लगाएका छन् । यसलाई पढेर-पढाएर सुनेर-सुनाएर अन्य मतवालाहरूले श्रीकृष्णजीको धेरै निन्दा गर्दछन् । यदि यो भागवत हुन्थेन भने त श्रीकृष्णजीको सदृश महात्माहरूको झुटो निन्दा किन हुन्थ्यो ?

शिवपुराणमा बाह्र ज्योतिर्लिङ्ग लेखिएका छन् । त्यसको कथा सर्वथा असम्भव छ । नाम राखिएको छ ज्योतिर्लिङ्ग र जसमा प्रकाशको लेशमात्र पनि छैन । रात्रिमा बिना दीप जलाए लिङ्ग पनि अँधेरोमा देखिंदैन, यो सबै लीला पोपजीकै हुन् ।

**प्रश्न**– जब वेद पढ्नमा सामर्थ्य रहेन तब स्मृति, जब स्मृतिलाई पढ्नमा बुद्धि रहेन तब शास्त्र, जब शास्त्र पढ्नलाई क्षमता रहेन तब पुराण बनाए, केवल स्त्री-शूद्रहरूका लागि, किनभने यिनीहरूलाई वेद पढ्न-सुन्नको अधिकार छैन ।

**उत्तर**– यो कुरो मिथ्या हो । किनभने सामर्थ्य पढ्ने-पढाउने गर्नाले नै हुन्छ र वेद पढ्न-सुन्नको अधिकार सबैलाई छ । हेर ! गार्गी, आदि स्त्रीहरू र छान्दोग्य (प्रपाठक ४/खण्ड २/प्रवाक २) मा जनश्रुति शूद्रले पनि वेद 'रैक्वमुनि' सँग पढेको थियो । र यजुर्वेदको २६ छब्बीसौं अध्यायको दोस्रो मन्त्रमा स्पष्टसँग लेखिएको छ कि–

**यथेमां वाचं कल्याणीमावदानि जनेभ्यः ।**

**ब्रह्मराजन्याभ्याᳬ शूद्राय चार्याय च स्वाय चारणाय च ॥**

हे मनुष्यहरू हो ! म ईश्वर (**यथा**) जसरी (**ब्रह्मराजन्याभ्याम्**) ब्राह्मण, क्षत्रिय (**अर्याय**) वैश्य (**शूद्राय**) शूद्र (**च**) र (**स्वाय**) आफ्ना स्त्री, सेवक आदि (**च**) र (**अरणाय**) उत्तम लक्षणयुक्त प्राप्त भएका अन्त्यजका लागि (**च**) पनि (**जनेभ्यः**) यी उक्त सबै मनुष्यको लागि (**इह**) यस संसारमा (**इमाम्**) यस प्रकट भएको (**कल्याणीम्**) सुख दिने (**वाचम्**) चारै वेदरूप वाणीलाई उपदेश गर्दछु, त्यसरी नै तिमीहरूले पनि राम्रोसँग उपदेश गर ।

**अर्थ–** जुन प्रकार कल्याण गर्नेवाला यस दिव्य वेदवाणीलाई हामी (मन्त्रद्रष्टा ऋषि) ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र, प्रिय, अप्रिय जनहरू एवं सम्पूर्ण जनहरूको लागि उपदेश गरेको छ, उसै प्रकार हे मनुष्यहरू हो ! तिमीहरूले पनि उपदेश गर ।

वेदहरूको पढ्ने सुन्ने अधिकार मनुष्यमात्रलाई छ । जुन माथि स्पष्टसँग बतायो ।

यस्तो कुरालाई नबुझिकन पुनः त्यस्ता-त्यस्ता पुराणदि मिथ्याग्रन्थ बनाएर, मान्छेहरूलाई सत्यग्रन्थबाट विमुख राखेर, जालमा फसाएर, आफ्नो प्रयोजनलाई फत्ते गर्दछन्, तिनीहरू महापापी किन होइनन् ?

हेर्नुहोस् ! ग्रहहरूका चक्र कस्तो चलाएका छन् कि जसले विद्याहीन मनुष्यहरूलाई असाध्यै ग्रसित गरेको छ ।

**'आ कृष्णेन रजसा०'** ॥१॥ यो सूर्यको मन्त्र । –यजुर्वेदः (३३/४३) ॥

**'इमं देवाऽअसपत्नꣳ सुवध्वम्०'** ॥२॥ यो चन्द्रको मन्त्र । –यजुर्वेदः (९/४०) ॥

**'अग्निर्मूर्द्धा दिवः ककुत्पतिः०'** ॥३॥ यो मङ्गलको मन्त्र । –यजुर्वेदः (३/१२) ॥

**'उद्बुध्यस्वाग्ने०'** ॥४॥ यो बुधको मन्त्र । –यजुर्वेदः (१५/५४) ॥

**'बृहस्पते अतियदर्यो०'** ॥५॥ यो बृहस्पतिको मन्त्र । –यजुर्वेदः (२६/३) ॥

**'शुक्रमन्धसः०'** ॥६॥ यो शुक्रको मन्त्र । –यजुर्वेदः (१९/७२) ॥

**'शन्नो देवीरभिष्टय०'** ॥७॥ यो शनिको मन्त्र । –यजुर्वेदः (३६/१२) ॥

**'कया नश्चित्र आ भुव०'** ॥८॥ यो राहुको मन्त्र । –यजुर्वेदः (२७/३९) ॥

**'केतुं कृण्वन्नकेतवे०'** ॥९॥ यसलाई केतुको कण्डिका भन्दछन् । –यजुर्वेदः (२९/३७) ॥

(आ कृष्णे.) यो सूर्य र भूमिको आकर्षण ॥१॥ दोस्रो- राजगुण विधायक ॥२॥ तेस्रो- अग्नि ॥३॥ चौथो- यजमान ॥४॥ पाँचौं- विद्वान् ॥५॥ छैटौं- वीर्य, अन्न ॥६॥ सातौं- जल, प्राण र परमेश्वर ॥७॥ आठौं- मित्र ॥८॥ नवौं- ज्ञान ग्रहणका विधायक मन्त्र हुन् ॥९॥ ग्रहहरूका वाचक होइनन् । अर्थ नजानेर भ्रमजालमा परेका छन् ।

## सूर्यादि नवग्रहपूजाको समीक्षा (११.२३)

**प्रश्न–** ग्रहहरूको फल हुन्छ कि हुँदैन ?

**उत्तर–** जस्तो पोपलीलाको छ, त्यस्तो हुँदैन । किन्तु जसरी सूर्य-चन्द्रमाको किरणद्वारा उष्णता-शीतता अथवा ऋतुवत्कालचक्रको सम्बन्धमात्रले आफ्नो प्रकृतिको अनुकूल-प्रतिकूल सुख-दुःखको निमित्त हुन्छन् । परन्तु जुन पोपलीलावालाहरूले भन्दछन् "सुन महाराज ! सेठजी ! यजमानहरू ! तिम्रा आज आठौं चन्द्र-सूर्यादि ग्रह क्रूर घरमा आएका छन् । साढे दुई वर्ष शनिश्चरको दशा शुरू भएको छ । तिमीलाई ठूलो विघ्न पर्नेछ । घर-द्वार छोडेर परदेशमा घुमाउनेछ । परन्तु यदि तिमीले ग्रहहरूको दान, जप, पाठ, पूजा गरायौ भने त दुःखबाट बच्न सक्नेछौ ।" तिनीहरूलाई भन्नुपर्दछ कि "सुन पोपजीहरू हो ! तिम्रो र ग्रहहरूको के सम्बन्ध छ ? ग्रह के वस्तु हो ।"

**पोपजी– दैवाधीनं जगत्सर्वं मन्त्राधीनाश्च देवताः ।**
**ते मन्त्रा ब्राह्मणाधीनास्तस्माद् ब्राह्मणदैवतम् ॥**

हेर ! प्रमाण कस्तो छ । देवताहरूको आधीनमा सबै जगत्, मन्त्रहरूको आधीनमा सबै देवता र ती मन्त्रहरू सबै ब्राह्मणका आधीनमा छन्, त्यसैले ब्राह्मणलाई **'देवता'** भन्दछन् । किनभने चाहेमा उस देवतालाई मन्त्रको बलले बोलाएर, प्रसन्न गरेर, सिद्धि गराउनको लागि हाम्रो नै अधिकार छ, यदि हामीमा मन्त्रशक्ति हुँदैनथ्यो भने त तिमीहरू जस्ता नास्तिकले हामीहरूलाई संसारमा रहन दिने थिएनौ ।

**सत्यवादी–** जति चोर, डाँकू, कुकर्मीहरू छन्, तिनीहरू पनि तिम्रा देवताकै आधीनमा होलान् ? देवताले नै उनीहरूबाट दुष्ट काम गराउँछन् होला ? यदि यस्तै हो भने त तिम्रा देवता र राक्षसमा केही भेद रहेन । यदि तिम्रा आधीनमा मन्त्र छन् भने, तिमीले जे चाहन्छौ त्यही गर्न सक्दछौ, ती मन्त्रबाट देवताहरूलाई वशमा गरेर राजा र राज्यको कोष उठाएर लगेर, आफ्नो घरको भण्डारमा भरेर, आनन्दले बसेर किन भोग्दैनौ ? घर-घरमा शनिश्चरादिको तैल आदिको छायादान लिनको लागि मरिहत्ते गरेर किन

फिर्दछौ ? र जसलाई तिमीले कुबेर मान्दछौ उसलाई वशमा गरेर चाहे जति धन लिने गर । बिचारा गरीबहरूलाई किन लुट्दछौ ?

तिमीलाई दान दिनाले ग्रह प्रसन्न, नदिनाले अप्रसन्न हुन्छन् भने त, हामीलाई सूर्यादि ग्रहहरूका प्रसन्नता-अप्रसन्नता प्रत्यक्ष देखाऊ । जसलाई आठौं सूर्य चन्द्र र अर्काको तेस्रो छ भने, ती दुइटैलाई ज्येष्ठको महिनामा बिना जुत्ता लगाएर तातेको भूमिमा हिंड्न लगाउनू । जसमाथि प्रसन्न छन् त्यसको खुट्टा र शरीर जल्दैन अनि जसमाथि क्रोधित छन् उसको जल्नुपर्दछ । तथा पौष-माघको महिनामा दुइटैलाई नाङ्गो पारेर पौर्णमासीको रात्रिभर मैदानमा राख्नू । एउटालाई शीत लाग्यो अर्कोलाई लागेन भने त जान्नु कि ग्रह क्रूर र सौम्य दृष्टिवाला हुन्छन् । फेरि, के ग्रह तिम्रा सम्बन्धी हुन् ? र तिम्रो हुलाक वा तार उनीहरूसँग आउने-जाने गर्दछ ? अथवा तिमी उनीहरूकहाँ वा उनीहरू तिमीकहाँ आउने-जाने गर्दछन् ?

यदि तिमीमा मन्त्रशक्ति छ भने त तिमी स्वयं राजा वा धनाढ्य किन बन्दैनौ ? वा शत्रुहरूलाई किन आफ्नो वशमा गर्दैनौ ? **नास्तिक** त्यो हुन्छ, जसले वेद र ईश्वरको आज्ञा, वेदविरुद्ध पोपलीला चलाउँछ । जसलाई ग्रह लागेको छ त्यसले तिमीलाई दान नदेओस्, उसैले ग्रहदान भोगेमा त के चिन्ता हुन्छ ? यदि तिमीले भनौला कि हुँदैन, हामीलाई नै दान दिनाले ग्रह प्रसन्न हुन्छन्, अन्यलाई दिनाले होइन, त्यसो भए सबै ग्रहहरूको ठेक्का तिमीले लिएका छौ त ? यदि ठेक्कै लिएका छौ भने त सुर्यादिलाई आफ्नो घरमा बोलाएर जलेर मर ।

साँचो त यो हो कि सूर्यादि लोकहरू जड हुन् । तिनले न कसैलाई दुःख न कसैलाई सुख दिनको लागि चेष्टा गर्न सक्दछन् किन्तु जति तिमी ग्रहदानोपजीवि छौ, ती सबै तिमी ग्रहका मूर्तिहरू हौ, किनभने **'ग्रह'** शब्दको अर्थ पनि तिमीमा नै घटित हुन्छ । **ये 'गृह्णन्ति ते ग्रहाः'** जसले ग्रहण गर्दछ, त्यसको नाम **'ग्रह'** हो । जबसम्म तिम्रा चरण राजा, रईस, सेठ, साहूकार र दरिद्रहरूका घरमा पुग्दैनन्, तबसम्म कसैलाई ग्रहको स्मरण पनि हुँदैन । जब तिमी साक्षात् सूर्य-शनैश्चरादि मूर्तिमान् क्रूर रूप धारण गरेर उनीमाथि गएर चढ्दछौ, तब बिना ग्रहण नगरी उनीहरूलाई छोड्दैनौ र जो कोही तिम्रा ग्रासमा आउँदैन, त्यसको निन्दा **नास्तिकादि** शब्दबाट गर्ने गर्दछौ ।

**पोपजी**– हेर ! ज्योतिषको प्रत्यक्ष फल । आकाशमा रहनेवाला सूर्य, चन्द्र, राहु, केतुको संयोगरूप 'ग्रहण' लाई हामीले पहिले नै बताउने गर्दछौं । जसरी यो प्रत्यक्ष हुन्छ, त्यसरी नै ग्रहहरूको फल पनि प्रत्यक्ष हुन जान्छ । हेर ! धनाढ्य, दरिद्र, रङ्क, सुखी, दुःखी ग्रहहरूबाट नै हुने गर्दछन् ।

**सत्यवादी**– जुन यो ग्रहणरूप प्रत्यक्ष फल हो त्यो गणितविद्याको हो, फलितको होइन । जुन गणितविद्या हो त्यो साँचो हो र फलितविद्या स्वाभाविक सम्बन्धजन्यलाई छोडेर बाँकी झुटो हो । जसरी अनुलोम-प्रतिलोम घुम्नेवाला पृथ्वी र चन्द्रको गणितबाट स्पष्ट विदित हुन्छ कि अमुक समयमा, अमुक देशमा, अमुक अवयवमा सूर्यको वा चन्द्रमाको ग्रहण हुनेछ । जस्तै–

**छादयत्यर्कमिन्दुर्विधुं भूमिभाः ।** –ग्रहलाघव चन्द्रग्रहणधिकार (४/४) ॥

यो [ग्रहलाघव ?] को वचन र यसै प्रकार 'सूर्यसिद्धान्तादि' मा पनि छ । अर्थात् जब सूर्य र भूमिको मध्यमा चन्द्रमा आउँछ तब **'सूर्यग्रहण'** र जब सूर्य र चन्द्रमाको बीचमा भूमि आउँछ तब **'चन्द्रग्रहण'** हुने गर्दछ । अर्थात् चन्द्रको छायाँ पृथ्वीमा र पृथ्वीको छायाँ चन्द्रमामा पर्दछ । सूर्य प्रकाशरूप हुनाले उसको सम्मुख छायाँ कसैको पर्दैन किन्तु जसरी प्रकाशमान सूर्य वा दीपले देहादिको उल्टो छायाँ पर्दछ, त्यस्तै ग्रहणमा पनि सम्झनु ।

जति धनाढ्य, दरिद्र, राजा, रङ्क हुन्छन्, ती सबै आफ्नो कर्मले हुने गर्दछन्, ग्रहहरूले होइन । थुप्रै ज्योतिषीहरूले आफ्नो छोराछोरीको विवाह ग्रहहरूको गणितको अनुसारले गर्दछन्, पुनः उनीहरूमा विरोध वा विधवा अथवा मृतस्त्री पुरुष हुन जान्छन् । यदि फल साँचो हुन्थ्यो भने त यस्तो किन हुन्थ्यो ? त्यसैले कर्मको गति साँचो र ग्रहहरूको गति सुख-दुःख भोगमा कारण होइन । भला, ग्रह आकाशमा र पृथ्वी पनि आकाशमा धेरै टाढाको दूरिमा छ, यिनको सम्बन्ध कर्ता र कर्महरूको साथ साक्षात् छैन । कर्म र कर्मका फलको कर्ता-भोक्ता जीव, र कर्मको फलाई भोगाउनेवाला परमात्मा हो । यदि तिमीले ग्रहहरूको फललाई मान्दछौ भने त यसको उत्तर देऊ कि जुन क्षणमा एक मनुष्यको जन्म हुन्छ जसलाई तिमीले 'ध्रुवात्रुटि मानेर जन्मपत्र बनाउँछौ, त्यसै समयमा पृथ्वीमा दोस्रोको जन्म हुन्छ कि हुँदैन ? यदि भन्दछौ कि हुँदैन तब झुट र यदि भन्दछौ कि हुन्छ तब त एक चक्रवर्तीको सदृश भूगोलमा दोस्रो चक्रवर्ती राजा किन हुँदैन ? हो, यति भन्न सक्दछौ कि यो लीला हाम्रो पेट भर्नको लागि हो तब कसैले मान्न पनि सक्लान् ।

## गरुडपुराणको समीक्षा (११.२४)

**प्रश्न**– के गरुडपुराण पनि झुटो हो त ?

**उत्तर**– हो, असत्य हो ।

**प्रश्न**– फेरि मरेका जीवको के गति हुन्छ ?

**उत्तर**– जस्ता उसका कर्म छन् ।

**प्रश्न**– जो यमराज राजा, चित्रगुप्त मन्त्री, उसका बडा भयङ्कर गण कोइलाको पर्वतकै तुल्य शरीर भएकाले जीवलाई समातेर लैजान्छन् । पाप-पुण्यको अनुसार नरक-स्वर्गमा हाल्दछन् । त्यसको लागि दान, पुण्य, श्राद्ध, तर्पण, गोदानादि वैतरणी नदी तर्नको लागि गर्दछन् । यी सबै कुरा कसरी झुट्टो हुन सक्दछन् त ?

**उत्तर**– यी सबै कुराहरू पोपलीलाको गफौडा हो । यदि अन्यत्रका जीव त्यहाँ जान्छन्, तिनीहरूका धर्मराज, चित्रगुप्त आदिले न्याय गर्दछन् भने त, ती यमलोकका जीवले पाप गरेमा त दोस्रो यमलोक हुने मान्नुपर्दछ कि त्यहाँका न्यायाधीशले यिनीहरूको न्याय गरोस् र पर्वतकै समान यमगणहरूको शरीर हुन्छ भने त किन देखिँदैनन् ? र मर्नेवाला जीवलाई लिनको लागि सानो द्वारमा तिनीहरूको एउटा औंलो पनि पस्न सक्दैन र सडक-गल्लीमा किन रोकिँदैनन् । यदि भन्दछौ कि उनीहरूले सूक्ष्म देह पनि धारण गर्न सक्दछन् भने त, प्रथम पर्वतवत् शरीरका ठूला-ठूला हाड पोपजी बिना आफ्नो घरको कहाँ राख्नेछन् ? जब वनमा डडेलो लाग्दछ, तब साना-साना कमिलादि जीवहरूको शरीर छुट्दछ । तिनीहरूलाई समात्नको लागि असंख्य यमका गण आउँछन् भने त, त्यहाँ अन्धकार हुनुपर्ने हो, र जब आपसमा जीवहरूलाई समात्नको लागि दौडनेछन्, तब उनका शरीर ठोक्किएर जसरी पहाडका बडा-बडा चट्टान फुटेर भुइँमा खस्दछन्, त्यसरी नै यमगणका बडा-बडा अवयव गरुडपुराणलाई बाँचन गर्नेवालाको आँगनमा खसे भने त दबेर मर्नेछन्, वा घरको ढोका थुनियो अथवा सडक रोकियो भने त कसरी निक्लेर हिंड्सक्नेछन् ? श्राद्ध, तर्पण, पिण्डप्रदान ती मरेका जीवहरूलाई त पुग्न सक्दैन, किन्तु मृतकरूका प्रतिनिधि पोपजीको घर, उदर र हातमा पुग्नजान्छ । जुन वैतरणीको लागि गोदान लिन्छन्, त्यो त पोपजीको घरमा अथवा कसाई आदिको घरमा पुग्दछ । वैतरणीमा गाई त जाँदैन, पुनः कसको पुछार समातेर तर्नेछ ? र हात त यहीं जलाइदिए अथवा गाडिदिए, पुछारलाई कसरी समात्नेछ ? यहाँ एउटा जाटको दृष्टान्त यस कुरामा उपयुक्त हुन्छ–

एउटा जाट थियो । त्यसको घरमा बीस सेर दूध दिने एउटी गाई थिइन् । दूध बडो स्वादिष्ट थियो । कहिलेकाहीं पोपजीको मुखमा पनि पर्दथ्यो । त्यसको पुरोहितले यही ध्यान लगाइराखेको थियो कि जब जाटको बूढो बाउ मर्न लाग्नेछ, तब त्यो गाईलाई लिएर सङ्कल्प गराउनेछु । दैवयोगले त्यसको बाउको मरणको समय पनि आयो । बोली बन्द भयो र खाटबाट उतारेर तल भुइँमा सुताए । थुप्रै जाटका सम्बन्धीहरू उपस्थित भएका थिए । त्यसै मौकामा पोपजीले पुकारे “ल यजमान ! बाउको हातबाट गोदान गराऊ ।” जाटले १० रुपैयाँ निकाल्यो, पिताको हातमा राखेर भन्यो– “सङ्कल्प पढ्नुहोस् !” पोपजीले भने– “वाह ! बाउ फेरि-फेरि मरिराख्दछ र ? साक्षात् गाई नै ल्याऊ, त्यसले दूध पनि देओस् बूढी पनि नहोस् र सबै प्रकारले उत्तम होस् ।”

**जाट**– हाम्री मात्र एउटी गाई छन्, त्यसको बिना हाम्रा बालबच्चाको निर्वाह हुन सक्दैन, त्यसलाई मैले दिन्न । ल २० रुपैयाँ लिनुहोस् र पढ्नुहोस् सङ्कल्प । तपाईंले अर्कै गाई लिए हुन्छ ।

**पोपजी**– वाह जी वाह ! तिमीले आफ्नो जन्म दिने बाउ भन्दा पनि गाईलाई ठूलो मान्यौ ? आफ्नो पितालाई वैतरणीमा डुबाएर, दुःख दिन चाहन्छौ ? तिमी छोरो भएको धन्य रहेछौ ! तब त पोपजीको कुरातिर सबै जना कुटुम्बीहरू हुन गए । किनभने ती सबै जनालाई पहिलेदेखिबाटै पोपजीले मन्तरेर राखेको थियो र त्यति वेलै पनि इशारा गरिदियो । सबै जना एकैतिर खनिएर त्यस गाईको दान उसै पोपजीलाई जुटाइदिए । त्यति वेला जाटले केही पनि भन्न सकेन । त्यसको बाउ मर्‍यो । पोपजी गाई, बाच्छो र दूध दुहुने गौवा समेत लिएर घरमा गएर, गाई-बाच्छोलाई गोठमा बाँधेर, गौवालाई भित्र राखेर, यजमानको घरमा फर्केर आयो, अनि बूढाको लाशलाई श्मशानमा लगेर दाह संस्कार गरे । श्मशानघाटमा पनि केही-केही पोपलीला चलायो । पश्चात् दशगात्र सपिण्डी गर्न आदिमा पनि त्यसलाई मुडुल्याइदिए । महाब्राह्मणहरूले पनि लुटे, भोका-अगस्तिहरूले पनि थुप्रै माल पेटमा हाले, जब सबैथोक सकियो तब जाटले अरू कसै-कसैको घरबाट दूध मागी-जोगी गरेर निर्वाह गर्‍यो । चौधौं दिनको बिहानै जाट पोपजीको घरमा पुग्यो । देख्यो गाई दुहेर, गौवाभरी दूध लिएर, पोपजीको उठ्ने तयारी हुँदै थियो । यत्तिकैमा जाट पुग्यो । पोपजीले भने आऊ बस !

**जाटजी**– तपाईं पनि यहाँ आउनुहोस् ।

**पोपजी**– ल म दूध राखेर आउँछु ।

**जाटजी**– होइन, दूधको गौवै समेत लिएर यहाँ आउनुहोस् । पोपजी उसको नजिक गएर, गौवा सामुन्ने राखेर बसे ।

**जाटजी**– तपाईं बडो झुट्टो हुनुहुँदोरहेछ ।

**पोपजी**– के झुटो गरें र ?

**जाटजी**– गाई केको लागि लिनुभएको थियो ?

**पोपजी**– तिम्रो बाउको वैतरणी तार्नको लागि ।

**जाटजी**– फेरि तपाईंले वैतरणीको किनारामा किन पुऱ्याउनु भएन ? हामी तपाईंको भरोसामा बस्यौं । न जाँने मेरो बाउले वैतरणीको कति गोता खाए होलान् ?

**पोपजी**– होइन-होइन, वहाँ यस दानको पुण्यको प्रभावले अर्की गाई बनिसकिन् । तिम्रो बाउलाई पार गराइदिसकें ।

**जाटजी**– वैतरणी नदी यहाँबाट कति टाढा र कतापट्टि छ ?

**पोपजी**– अनुमान तीस करोड कोस टाढा छ । किनभने उनन्पचास कोटि योजन पृथ्वी छ र दक्षिण नैर्ऋत दिशामा वैतरणी नदी छ ।

**जाटजी**– यति टाढाबाट तपाईंको चिट्ठी वा तारको समाचार गएको भए, त्यसको उत्तर त पक्कै आएको छ होलानि कि पुण्यकी गाई बनिन्, अमुकको पितालाई वैतरणी पारी तराइदियौं, देखाउनुहोस् ?

**पोपजी**– हामीसँग 'गरुडपुराण' को लेख बाहेक अरू हुलाक वा तारसारको दोस्रो माध्यम छैन ।

**जाटजी**– यस गरुडपुराणलाई हामीले कसरी साँचो मान्ने ?

**पोपजी**– जसरी सबैले मान्दै आएकाछन् ।

**जाटजी**– यो पुस्तक तपाईंका पुर्खाहरूले तपाईंको जीविकाको लागि बनाएका हुन् । किनभने पितालाई बिना आफ्नो पुत्रको अरू कोही प्रिय हुँदैन । जब मेरो पिताले मलाई चिट्ठी-पत्र वा तार पठाउनेछन् तबै मैले वैतरणीको किनारामा गाईलाई पुऱ्याइदिनेछु र उनलाई पारी तारेर, पुनः गाईलाई घरमा ल्याएर दूधलाई मैले र मेरो बालबच्चाले पिउनेछौं, दिनुहोस् मलाई ! दूधको गौवा, गाई र बाच्छो लिएर जाटजी आफ्नो घर लाग्न थाले ।

**पोपजी**– तिमीले दान दिएर फिर्ता लिन्छौ, तिम्रो सत्यानाश हुन जानेछ ।

**जाटजी**– चुप लाग ! नत्र भने तेह्र दिनसम्म दूधको बिना जति दुःख हामीले पाएका छौं, त्यसको सबै कसर निकाल्नेछु । तब पोपजी चुप लागे र जाटजी तीनै चीज लिएर घर पुगे ।

जब यस्तै जाटजी जस्ता पुरुषहरू भए त पोपलीला संसारमा चल्ने थिएन । जुन गरुडपुराणीहरूले भन्दछन् कि दशगात्रको पिण्डबाट दश अङ्ग, सपिण्डी गर्नाले शरीरको साथ जीवको मेल भएर, औंलोमात्रको शरीर बनेर पश्चात् यमलोकमा जान्छ भने त मर्ने वेलामा यमदूतहरूको आउनु व्यर्थ हुन्छ । त्रयोदशाहको पश्चात् आउनुपर्दछ । यदि शरीर बन्दछ भने त आफ्ना स्त्री, सन्तान र मित्रहरूको मोहले किन आउँदैन ?

**प्रश्न**– स्वर्गमा केही पनि मिल्दैन, जे दान गरेको छ, त्यही वहाँ पाइँन्छ । त्यसैले सबै कुरो दान गर्नुपर्दछ ।

**उत्तर**– त्यस्तो तिम्रो स्वर्ग भन्दा त यहीं राम्रो भयो नि, जसमा धर्मशालाहरू छन्, मान्छेहरूले दान दिन्छन्, इष्ट-मित्र र जातिमा निमन्त्रणाहरू भैराख्दछ, राम्रा-राम्रा वस्त्रहरू पाइँन्छन्, तिमीले भनेको प्रमाणिक स्वर्गमा केही पनि पाइँदैन । यस्तो निर्दयी, कृपण, कङ्गाल स्वर्गमा पोपजी नै गएर नराम्रो बनून्, वहाँ भला मनुष्यको के काम ?

**प्रश्न**– गरुडपुराण आदिमा दशगात्र, एकादशाह, द्वादशाह, सपिण्डी कर्म, मासिक, ऊनमासिक, गयाश्राद्ध आदि क्रिया लेखिएको छ, के यी सबै असत्य हो त ?

**उत्तर**– हो, अवश्य मिथ्या हो । किनभने वेदहरूमा यी कर्महरूको विधान कतै पनि छैन । यसैले अकर्तव्य हो र मृतक जीवको सम्बन्ध पूर्व सम्बन्धीहरूको साथमा केही पनि रहँदैन, न त यी जीउँदा सम्बन्धीहरूको त्यस मृतकसँग सम्बन्ध रहन्छ । त्यस जीवले आफ्नो कर्मको अनुसार जन्म धारण गर्दछ ।

**प्रश्न**– यदि तिम्रो भनाइले यमलोक र यम छैन भने त मरेर जीव कहाँ जान्छ र यिनीहरूको न्याय कसले गर्दछ ?

**उत्तर**– तिम्रो गरुडपुराणले भनेको त मिथ्या र अप्रमाण हो । वेदका अज्ञानी र उपदेश नहुनाले यस्तो गरे, परन्तु जुन वेदोक्त प्रमाण यो हो कि–

**यमेन ॥** –ऋग्वेदः [(१०/१४/८); १/१६३/२)]; अथर्ववेदः (१८/२/११, २१) ॥

**वायुना ॥** –अथर्ववेदः [(४/३९/४); २०/१४१/२)] ॥

**सत्यराजन् ॥** –यजुर्वेदः [(२०/४); तुलना–ऋग्वेदः (१०/१४;४)] ॥

**षळिद् यमा ऋषयो देवजा इति ॥१॥** –ऋग्वेद (मण्डल १/सूक्त १६४/मन्त्र १५) ॥

**शकेम वाजिनो यमम् ॥२॥** –ऋग्वेद (मण्डल २/सूक्त ५/मन्त्र १) ॥

**यमाय जुहुता हविः । यमं ह यज्ञो गच्छत्यग्निदूतो अरंकृतः ॥३॥**

–ऋग्वेद (मण्डल १०/सूक्त १४/मन्त्र १३) ॥

**यमः सूयमानो विष्णुः सम्भ्रियमाणो वायुः पूयमानः ॥४॥** –यजुर्वेद (अध्याय ८/मन्त्र ५७) ॥

**वाजिनं यमम् ॥५॥** –ऋग्वेद (मण्डल ८/सूक्त २४/मन्त्र २२) ॥

**यमं मातरिश्वानमाहुः ॥६॥** –ऋग्वेद (मण्डल १/सूक्त १६४/मन्त्र ४६) ॥

**अर्थ**– यहाँ ऋतुहरूको नाम यम हो ॥१॥
यहाँ परमेश्वरको नाम यम हो ॥२॥
यहाँ अग्निको नाम यम हो ॥३॥
यहाँ वायु, विद्युत, सूर्यको नाम यम हो ॥४॥
यहाँ पनि वेगशाली हुनाको कारणले वायुको नाम यम हो ॥५॥
यहाँ परमेश्वरको नाम यम हो ॥६॥

इत्यादि वेदवचनबाट निश्चय हुन्छ कि **'यम'** नाम वायुको हो; शरीर छोडेर **'वायु'** को साथ अन्तरिक्षमा जीव रहन्छ; र जो सत्यकर्ता पक्षपातरहित परमात्मा **'धर्मराज'** हो, वही सबैका न्यायकर्ता हुन् ।

**प्रश्न**– अहिलेसम्म गरिँदै आएको अन्त्येष्टिकर्म ठीक हो कि होइन ? तेह्र दिनसम्म किरिया बस्ने चलन वेदविहित हो कि वेदविरुद्ध ?

**उत्तर**– **'अन्त्येष्टि'** कर्म त्यसलाई भन्दछन् कि जुन मृतक शरीरको अन्तको संस्कार हो, चितामा वा वेदीमा दाह गरिसकेपछि त्यस भस्म शरीरको लागि कुनै पनि अन्य संस्कार गर्नुपर्दैन । यसैलाई नरमेध, पुरुषमेध, नरयाग, पुरुषयाग पनि भन्दछन् ।

**भस्मान्तꣳ शरीरम् ॥१॥** –यजुर्वेद (अध्याय ४०/मन्त्र १५) ॥

**निषेकादिश्मशानान्तो मन्त्रैर्यस्योदितो विधिः ॥२॥** –मनुस्मृति (अध्याय २/श्लोक १६) ॥

**अर्थ**– यस शरीरको संस्कार (भस्मान्तम्) अर्थात् भस्म गर्ने पर्यन्त मात्रै हो ॥१॥ शरीरको आरम्भ ऋतुदान र अन्तमा श्मशान अर्थात् मृतक कर्म हो ॥२॥

**यस भन्दा अगाडि मृतकको लागि केही पनि कर्म कर्तव्य रहँदैन,** किनभने माथिको (**भस्मान्तꣳ शरीरम्**) यजुर्वेदको मन्त्रको प्रमाणबाट स्पष्ट भैसकेको छ कि दाहकर्म र अस्थिसञ्चयनदेखि पृथक् मृतकको लागि दोस्रो कुनै पनि कर्म-कर्तव्य बाँकी रहँदैन । हो, यदि त्यो सम्पन्न छ भने त जीउँदैमा, वा मरेपछि उसका सम्बन्धीले वेदविद्या वेदोक्त धर्मको प्रचार, अनाथपालन, वेदोक्त धर्मोपदेशको प्रवृत्तिको लागि चाहे जतिनै धन प्रदान गरोस्, धेरै राम्रो कुरा हुनेछ । यसैले पुराण आदिको सबै कल्पना झुटो हो ।

**प्रश्न**– श्राद्धको फल उसका पूर्वजहरूलाई पुग्दछ कि पुग्दैन ?

**उत्तर**– श्राद्धको फल उसका पूर्वजहरूलाई पुग्न सक्दैन, किनभने उसका पितृहरू विदित छैनन् कि उनीहरू कुन लोकमा छन् । यस सिद्धान्तलाई स्वीकार गर्दाखेरि दानको फल निष्फल छ ।

**प्रश्न**– आफू जीवित छँदा गरेको कर्मको फल मिल्ने र मरेपछि दोस्राले गरिदिएको नमिल्ने हो त ?

**उत्तर**– हो, जीउँदो हुँदाखेरिको त्यो जीवको आफ्नो कर्म हो, र कर्म कर्ताको साथमा रहन्छ, नष्ट हुँदैन परन्तु मृतकको श्राद्ध दोस्रो मान्छेको कर्म हो र जब उसको सम्बन्ध पूर्णतया संसारबाट टुटिसकेपछि गरिएको हुन्छ, त्यसैले निष्फल छ र शास्त्रमा पनि यस्तै लेखिएको छ ।

कर्ताको यस संसारबाट पूर्णतया नाता टुटिसकेपछि कुनै दोस्रो मान्छेले गरिदिएको कर्म मृतकको जीवात्मालाई प्राप्त हुँदैन । कर्ता आफैले गरेको पाप-पुण्यको फल देहबाट प्राण छुट्नासाथ ईश्वरले व्यवस्था गरेको नियमभित्र पर्दछ र ईश्वरले तुरुन्तै उसलाई दिन्छ । त्यस कारणले कसैको पनि पार्थिव शरीरको दाहसंस्कारपछि मृतकको जीवात्माको लागि भनेर दान-पुण्य गर्नेतिर लाग्नु व्यर्थ छ ।

फेरि यसको अतिरिक्त यदि यो मान्यौं कि पितृहरूलाई हाम्रो दान या प्रार्थनाले राम्रो लाभ हुन पुग्यो भने त यो पनि मान्नुपर्दछ कि उसका शत्रुले श्राप दिन्छन् अथवा उसका छोराले उसको नामबाट छल गर्दछन्, त्यसको प्रभाव पनि अवश्य हुन्छ । यसबाट के सिद्ध हुन्छ भने हाम्रो प्रार्थनाले स्वर्ग र श्रापले नरकमा पटक-पटक आउन-जान पर्नेछ । उसलाई पुण्यको फल मिल्नुपर्दछ, पापको होइन । कारण कि जुन समयमा त्यो व्यक्ति मऱ्यो त्यत्ति वेलै पापको फल अवश्य निश्चित भयो होला, त्यसैले श्रापको प्रभाव पनि हुन सक्दैन । ऊ मरेपछि दोस्रो मान्छेले गरिदिने कर्म उसको लागि पूर्णतया निष्फल हो ।

जीउँदा पितृहरूको श्रद्धाले सेवा पुरुषार्थ वा पदार्थहरूद्वारा तृप्ति गर्नु श्राद्ध र तर्पण कहिन्छ । यही वेदादि शास्त्रोक्त हो ।

## दान र पात्रको लक्षण एवं समीक्षा (११.२५)

**प्रश्न–** तिम्रो भनाइले त गोदानादि दान कसैलाई नदिने, र न केही दानपुण्य नै गर्ने, यस्तो सिद्ध हुन्छ ।

**उत्तर–** यस्तो तिमीले भन्नु सर्वथा व्यर्थ छ । किनभने सुपात्रहरूलाई, परोपकारीहरूलाई परोपकारार्थ सुन, चाँदी, हीरा, मोती, माणिक, अन्न, जल, वस्त्र, गाई आदि दान गर्न अवश्य उचित हुन्छ किन्तु कुपात्रहरूलाई कहिल्यै दिन हुँदैन ।

**प्रश्न–** **'कुपात्र'** र **'सुपात्र'** को लक्षण के हो ?

**उत्तर–** जो छली, कपटी, स्वार्थी, विषयी, काम, क्रोध, लोभ, मोहले युक्त, परहानि गर्नेवाला, लम्पट, मिथ्यावादी, अविद्वान्, कुसङ्गी, अल्छी, जो कुनै दाता हुन्छ, उसकहाँ बारम्बार माग्ने, धर्ना दिने, नाइँ भन्दा पनि हठ गरेर माग्दै जाने, सन्तोष नगर्ने, नदिएर त्यसको निन्दा, श्राप, गालिगलौज गर्ने, धेरै पटक सेवा गर्ने र एक पटक नगर्दामा त उसको शत्रु बन्ने, बाहिरबाट साधुको वेश बनाएर मान्छेहरूलाई बहकाएर ठग्ने र आफूसँग पदार्थ हुँदा पनि मसँग केही छैन भन्ने, सबैको खुशामद गर्ने, रात-दिन भीक माग्नमा नै प्रवृत्त रहँने, निमन्त्रण दिंदामा असाध्यै भाङ्ग आदि मादक द्रव्य पिएर धेरै खाने, मस्त भएर बहुलाहा वा प्रमादी हुने, सत्य-मार्गको विरोध र झुटो-मार्गलाई आफ्नो प्रयोजनार्थ चलाउने, आफ्ना चेलाहरूलाई आफ्नै सेवाको उपदेश गर्ने, अन्य योग्य पुरुषहरूको सेवालाई होइन, विद्यादि प्रवृत्तिका विरोधी, जगत्को व्यवहार अर्थात् स्त्री, पुरुष, माता, पिता, सन्तान, राजा, प्रजा, इष्टमित्रहरूमा अप्रीति गर्नेखाले यी सबै असत्य हुन्, जगत् पनि मिथ्या हो, इत्यादि दुष्ट उपदेश गर्ने आदि **'कुपात्रहरूको'** लक्षण हो ।

र जो ब्रह्मचारी, जितेन्द्रिय, वेदादिविद्यापठनपाठनशील, सत्यवादी, परोपकारप्रिय, पुरुषार्थी, उदार, विद्या-धर्मको निरन्तर उन्नति गर्नेवाला, धर्मात्मा, शान्त, निन्दा-स्तुतिमा हर्ष-शोकरहित, निर्भय, उत्साही, योगी, ज्ञानी, सृष्टिक्रम-वेदाज्ञा-ईश्वरको गुण-कर्म-स्वभावानुकूल चल्नेवाला, न्यायको रीतियुक्त, पक्षपातरहित, सत्योपदेश र सत्यशास्त्रहरूलाई पढ्ने-पढाउनेवालाहरूको परीक्षक, कसैको खुशामद नगर्नेवाला, प्रश्नहरूका ठीक-ठीक समाधानकर्ता, आफ्नो आत्माको तुल्य अन्यको पनि सुख-दु:ख, हानी-लाभलाइ बुझ्नेवाला, अविद्यादि क्लेश-हठ-दुराग्रहाऽभिमानरहित अमृतकै तुल्य अपमान र मानलाई विषकै तुल्य सम्झनेवाला, सन्तोषी, जो कोही प्रीतिले जति दिन्छ त्यतिमा नै प्रसन्न, एक फेर आपत्कालमा मागे पनि, नदिए वा वर्जना गरे पनि दु:ख वा नराम्रो चेष्टा नगर्ने, त्यहाँबाट तुरुन्तै हट्ने, त्यसको निन्दा नगर्ने, सुखीको साथ मित्रता, दु:खीमाथि करुणा, पुण्यात्माहरूबाट आनन्द र पापीहरूबाट 'उपेक्षा' अर्थात् प्रीति-द्वेषरहित रहने, सत्यमानी, सत्यवादी, सत्यकारी, निष्कपट, ईर्ष्या-द्वेषरहित, गम्भीराशय, सत्पुरुष, धर्मदेखि युक्त र सर्वथा दुष्टाचारदेखि रहित, आफ्नो तन-मन-धनलाई परोपकारमा लगाउनेवाला, पराय सुखको लागि आफ्नो प्राणको पनि समर्पितकर्ता इत्यादि शुभलक्षणयुक्त **'सुपात्र'** हुन्छन् । परन्तु दुर्भिक्षादि आपत्कालमा, अन्न, वस्त्र र औषधि, पथ्य, स्थानका अधिकारी सबै प्राणीमात्र हुन्छन् ।

**प्रश्न–** दाता कति प्रकारका हुन्छन् ?

**उत्तर–** **तीन प्रकारका** हुन्छन्- **उत्तम, मध्यम** र **निकृष्ट** । **'उत्तम दाता'** त्यसलाई भन्दछन् जो देश, काल र पात्रलाई जानेर, सत्यविद्या धर्मको उन्नतिरूप परोपकार्थ दान दिन्छ । **'मध्यम'** त्यो हो जसले कीर्ति र स्वार्थको लागि दान गर्दछ । **'नीच'** त्यो हो कि जसले आफ्ना र परायलाई केही उपकार गर्न सक्दैन, किन्तु वेश्यागमनादि वा भांड-भाटहरू आदिलाई दिन्छ, दिंदाखेरि तिरस्कार अपमानादि पनि गर्दछ, पात्र-कुपात्रको केही पनि भेद जान्दैन, किन्तु **'सबै अन्न बाह्र पसेरी'** बेच्नेवालाको तुल्य विवाद-लडाईं, दोस्रा धर्मात्माहरूलाई दु:ख दिएर सुखी हुनको लागि दिन्छ, त्यो **'अधम'** दाता हो । अर्थात् जहाँ परीक्षापूर्वक विद्वान् धर्मात्माहरूको सत्कार गरिन्छ, त्यो **'उत्तम'** दाता र केही परीक्षा गरोस् वा नगरोस् परन्तु जसमा आफ्नो प्रशंसा हुन्छ

त्यसलाई गर्दछ, त्यो **'मध्यम'** र जसले अन्धाधुन्ध परीक्षारहित निष्फल दान दिने गर्दछ, त्यसलाई **'नीच'** दाता भन्दछन् ।

**प्रश्न–** दानको फल यहाँ हुन्छ कि परलोकमा ?

**उत्तर–** सर्वत्र हुन्छ ।

**प्रश्न–** स्वयं हुन्छन् कि, कोही फल दिनेवाला छ ?

**उत्तर–** फल दिनेवाला ईश्वर छ । जसरी कोही चोर-डाँकू स्वयं बन्दीघरमा जाँन चाहँदैन । राजाले उसलाई अवश्य पठाउँछ । धर्मात्माहरूको सुखको सुरक्षा गर्दै, भोगाउँदै, डाँकू आदिदेखि बचाएर उनीहरूलाई सुखमा राख्दछ । त्यसरी नै परमात्माले सबैलाई पाप-पुण्यको दुःख र सुखरूप फलहरूलाई यथावत् भोगाउँदछ ।

## एकादशी आदि व्रतहरूको समीक्षा (११.२६)

**प्रश्न–** जुन यी गरुडपुराणादि ग्रन्थहरू छन्, 'वेदार्थ' वा 'वेद' को पुष्टि गर्नेवाला हुन् कि होइनन् ?

**उत्तर–** होइनन्, किन्तु वेदका विरोधी र उल्टो चल्दछन् तथा तन्त्र पनि यस्तैखाले हुन् । जसरी कोही मनुष्य एउटाको मित्र, अरू सबै संसारको शत्रु हुन्छ, त्यस्तै नै पुराण र तन्त्रलाई मान्नेवाला पुरुषको गति हुन्छ, किनभने यी एक अर्कासँग विरोध गर्नेवाला ग्रन्थहरू हुन् । यिनीहरूलाई मान्नु कुनै मनुष्यको काम होइन, किन्तु यिनलाई मान्नु त पशुता हो । राम्रोसँग हेर्नुहोस् ! शिवपुराणमा त्रयोदशी, सोमवार; आदित्यपुराणमा रविवार; चन्द्रखण्डमा सोमग्रहवाले मङ्गलवार, बुधवार, बृहस्पतिवार; शुक्र, शनैश्चर, राहु, केतुको; वैष्णव एकादशी; वामनको द्वादशी; नृसिंह वा अनन्तको चतुर्दशी; चन्द्रमाको पौर्णमासी; दिक्पालहरूको दशमी; दुर्गाको नवमी; वसुहरूको अष्टमी, मुनिहरूको सप्तमी; कार्त्तिकस्वामीको षष्ठी; नागको पञ्चमी; गणेशको चतुर्थी; गौरीको तृतीया; अश्विनीकुमारहरूको द्वितीया; आद्यादेवीको प्रतिपदा र पितृहरूको अमावस्या; अट्ठाह्र पुराणहरूका रीतिले यी उपवास गर्नुपर्ने दिनहरू हुन् । फेरि पुराणहरूमा सर्वत्र यही लेखिएको छ कि जो मनुष्यले यी वार वा तिथिहरूमा अन्न-पान ग्रहण गरेमा त्यो नरकगामी हुनेछ । अब पोप र पोपजीका चेलाहरूलाई चाहियो कि कुनै पनि वार वा तिथिमा तिनीहरूले भोजन नगरून् किनभने जसले भोजन-पान गर्दछ त्यो त नरकगामी हुन जानेछ ।

अब 'निर्णयसिन्धु' 'धर्मसिन्धु' 'व्रतार्क' आदि ग्रन्थ जुन प्रमादिहरूले बनाएका छन्, उनैमा एक-एक व्रतको यस्तो दुर्दशा गरेका छन् कि जसरी एकादशीमा शैव दशमीविद्धा, कोही द्वादशीमा एकादशीको व्रत गर्दछन्, अर्थात् वैष्णवानां र स्मार्तानां गरेर अगिल्लो र पछिल्लो दिनलाई मान्ने कस्तो बडो विचित्रको पोपलीला छ कि भोको मर्नमा पनि वाद-विवाद नै गरेका छन् । जसले एकादशीको व्रत चलाएको हो, त्यसमा आफ्नो स्वार्थपन नै छ र दया केही पनि छैन । भन्दछन् कि–

**एकादश्यामन्ने पापानि वसन्ति ॥**

–पद्मपुराण ब्रह्मखण्ड (अध्याय १५/श्लोक ११) तथा एकादशी माहात्म्य ॥

जति पनि पाप छन्, ती सबै एकादशीको अन्नमा गएर बस्दछन् । यस पोपजीसँग सोध्नुपर्दछ कि कसको पाप गएर त्यसमा बस्दछन् ? तिम्रो वा तिम्रो पिता आदिको ? यदि सबैको सबै पाप एकादशीमा गएर बसेमा त एकादशीको दिन कसैलाई पनि दुःख नहुनुपर्ने हो । यस्तो त हुँदैन किन्तु उल्टो क्षुधा (भोक) आदिले दुःख पाउँछन् । दुःख पापको फल हो । त्यसैले भोकै मर्नु पाप हो । यसको बारेमा बडो ठूलो माहात्म्य बनाएका छन्, जसको कथा वाँचेर धेरैलाई ठग्ने गर्दछन् । त्यसमा एउटा गाथा छ कि–

ब्रह्मलोकमा एउटी वेश्या थिई । त्यसले केही अपराध गरी । त्यसलाई श्राप पऱ्यो– "तँ पृथ्वीमा झरेस् ।" त्यसले स्तुति गरी कि म पुनः स्वर्गमा कुन उपायले आउन सक्नेछु ? श्रापदाताले भन्यो "जब कुनै वेला एकादशीको व्रतको फल तँलाई कसैले देला तब नै तँ स्वर्गमा आउनेछेस् ।" त्यो विमानसहित कुनै नगरमा खस्दी भई । त्यहाँको राजाले सोध्यो कि "तँ को होस् ?" तब उसले सबै वृत्तान्त सुनाई र भनी कि "जो कसैले आफ्नो एकादशीको फल मलाई अर्पण गरिदिएमा त म फेरि स्वर्गमा जान सक्नेछु ।" राजाले नगरमा खोजी गर्न लगायो । कोही पनि एकादशीको व्रत गर्नेवाला पाइएन । किन्तु कुनै एक दिन कुनै शूद्र स्त्री-पुरुषमा झगडा भएको थियो । क्रोधले गर्दाखेरि स्त्रीचाहिं त्यस दिन र रात भोकी रहेकी थिई । संयोगले त्यो दिन एकादशी परेको थियो । त्यसले भनी कि "मैले एकादशी जानेर त व्रत गरेकी होइन तर अकस्मात् त्यसै दिन भोकी रहँन पुगेकी थिएँ ।" यस्तो कुरा त्यसले राजाका सिपाहीहरूलाई भनी । राजाका सिपाहीले त्यसलाई राजाको सामुन्ने लगे । राजाले त्यस शूद्रालाई भने कि "तैंले यस विमानलाई छोइदे ।" त्यसले विमानलाई छोइदिई । हेर ! उत्तिवेलै विमान माथि उड्यो । यो त बिना जाने गरेको एकादशी व्रतको फल भयो, जसले जानेर गर्दछ भने त त्यसको फलको पारावार के होला !!!

वाह रे **आँखाका अन्धाहरू हो !** यदि यस्तो कुरो साँच्चै हो भने त हामीले एउटा पानको बिटो जुन कि स्वर्गमा हुँदैन, पठाउन चाहन्छौ । सबै एकादशीवालाले आफ्नो फल देओ । यदि एक पानको बिटो माथि गयो भने त पुनः लाखौं-करोडौं पान वहाँ पठाइदिनेछौं र हामीले पनि एकादशी व्रत गर्नेछौं र यदि यस्तो भएन भने त तिमीहरूलाई यस भोकोपेट मर्नेरूपी आपत्कालदेखि बचाउनेछौं ।

यी २४ चौबीस एकादशीहरूका नाम पृथक्-पृथक् राखेका छन् । कुनैको **'धनदा'**, कुनैको **'कामदा'**, कुनैको **'पुत्रदा'** र कुनैको **'निर्जला'** । थुप्रै दरिद्र, थुप्रै कामी र थुप्रै निर्वंशीहरूले एकादशीको व्रत गरेर बूढो भएर मरेर पनि गए, परन्तु तिनलाई धन, कामना र पुत्र प्राप्त भएन । फेरि ज्येष्ठ महिनाको शुक्लपक्षमा कि उष्णताले गर्दा एक मिनट पनि जल पाएन भने त मान्छे आकुल-व्याकुल हुन जान्छ, व्रत गर्नेहरूका लागि महादुःख प्राप्त हुन्छ । विशेष गरेर बङ्गालमा सबै विधवा स्त्रीहरूका लागि एकादशीको दिन बडो दुर्दशा हुने गर्दछ । यी निर्दयी कसाईहरूलाई लेख्ने समयमा कत्ति पनि मनमा दया आएन, नत्र भने त 'निर्जला' को नाम 'सजला' र पौषको महिनाको एकादशीको नाम 'निर्जला' राखिदिएको भए त केही राम्रो हुने थियो । परन्तु यस पोपलाई दयाको के काम ? **'कोही बाँचोस् कि मरोस् पोपजीको पेट पूरा भरोस् ।'** जहाँसम्म कि गर्भवती वा सद्योविवाहित स्त्री, केटा वा युवा पुरुषहरूले कहिल्यै पनि उपवास गर्नुहुँदैन । परन्तु कसैले गर्नुछ भने त जुन दिन अजीर्ण हुन्छ, भोक लाग्दैन, त्यस दिन शर्वत वा दूध पिएर बस्दा राम्रो हुन्छ । जसले भोक लाग्दा खाँदैनन् र भोक नलाग्दा खाने गर्दछन्, यस्ताखाले दुवै रोगसागरमा गोता खाएर दुःख पाइरहन्छन् । यी प्रमादीहरूले लेखेको-भनेको कुरालाई कसैले पनि प्रमाण नगर्नू ।

**अब गुरुशिष्यमन्त्रोपदेश र मतमतान्तरको चरित्रहरूको बारेमा भन्दछु ।**

मूर्तिपूजक सम्प्रदायीहरूले प्रश्न गर्दछन् कि वेद अनन्त छ । ऋग्वेदको २१, यजुर्वेदको १०१, सामवेदको १००० र अथर्ववेदको ९ शाखाहरू छन् । यी मध्येका थोरैमात्र शाखा पाइएका छन्, शेष लोप भएर गएका छन् । उनैमा मूर्तिपूजा र तीर्थहरूको प्रमाण थियो होला । यदि हुन्थेन भने त पुराणहरूमा कहाँबाट आउँथ्यो ? जब कार्यलाई देखेर कारणको अनुमान हुने गर्दछ, तब पुराणहरूलाई देखेर मूर्तिपूजामा के शङ्का छ ?

**उत्तर–** जसरी शाखा जुन वृक्षको हुन्छ उसैको सदृश हुने गर्दछ, विरुद्ध होइन । चाहे शाखा सानो-ठूलो किन नहोस् परन्तु उनमा विरोध हुन सक्दैन । त्यसरी नै जति शाखा पाइएका छन्, जब यिनीहरूमा पाषाणादि-मूर्ति र जल-स्थल-विशेष तीर्थहरूको प्रमाण पाइँदैन भने त, ती लुप्त शाखाहरूमा पनि थिएन । फेरि जो चार वेद पूर्ण पाइएका छन्, तिदेखि विरुद्ध शाखा कहिल्यै पनि हुन सक्दैन र जो तिदेखि विरुद्ध छन्, त्यसलाई शाखा कुनैले पनि सिद्ध गर्न सक्दैन । जब यस्तो कुरा छ भने त 'पुराण' वेदहरूका शाखा होइनन् किन्तु सम्प्रदायी मान्छेहरूले परस्पर विरुद्धरूप ग्रन्थ बनाएर राखेका छन् ।

वेदहरूलाई तिमीले परमेश्वरकृत मान्दछौ कि मनुष्यकृत ?

परमेश्वरकृत ।

जब परमेश्वरकृत मान्दछौ भने त 'आश्वालायनादि' ऋषि-मुनिहरूको नामबाट प्रसिद्ध ग्रन्थहरूलाई वेद किन मान्दछौ ? जसरी हाँगा र पात देख्नाले पीपल, वर र आँप आदिको रूखको पहिचान हुन्छ, त्यसरी नै ऋषि-मुनिहरूले गरेका वेदाङ्ग, चारै ब्राह्मण, अङ्ग, उपाङ्ग र उपवेद आदिबाट वेदार्थलाई चिनिन्छ । यसैले यी ग्रन्थहरूलाई शाखा मानिएको छ । जो वेददेखि विरुद्ध छन्, त्यसको प्रमाण र अनुकूलको अप्रमाण हुन सक्दैन ।

यदि तिमीले अदृश्य शाखाहरूमा मूर्ति आदिको प्रमाणको कल्पना गर्दछौ भने त, जब कुनैले यस्तो पक्ष गर्नेछ कि लुप्त शाखाहरूमा वर्णाश्रम व्यवस्था उल्टो अर्थात् अन्त्यज र शूद्रको नाम ब्राह्मणादि र ब्राह्मणादिको नाम शूद्र अन्त्यजादि, अगमनीया-गमन, अकर्तव्य कर्तव्य, मिथ्याभाषणादि धर्म, सत्यभाषणादि अधर्म आदि लेखिएको भए त तिमीले उसलाई त्यही उत्तर दिनेछौ जुन हामीले दियौं, अर्थात् वेद र प्रसिद्ध शाखाहरूमा जसरी ब्राह्मणादिका नाम ब्राह्मणादि र शूद्रादिको नाम शूद्रादि लेखिएको छ, त्यस्तै नै अदृष्ट शाखाहरूमा पनि मान्नुपर्दछ, नत्र भने त वर्णाश्रम व्यवस्था आदि सबै अन्यथा हुनजानेछन् ।

जहाँसम्म कि जैमिनी, व्यास र पतञ्जलिको समय पर्यन्तसम्म त सबै शाखा विद्यमान थिए कि थिएनन् ? यदि थिए भने त तिमीले कहिल्यै निषेध गर्न सक्नेछैनौ र यदि भन्दछौ कि थिएन भने त फेरि शाखाहरू हुनाको के प्रमाण छ ? हेर ! जैमिनीले मीमांसामा सबै **'कर्मकाण्ड'**, पतञ्जलि मुनिले योगशास्त्रमा सबै **'उपासनाकाण्ड'** र व्यासमुनिले शारीरक-सूत्रहरूमा सबै **'ज्ञानकाण्ड'** वेदानुकूल लेखेका छन् । तिनीहरूमा पाषाणादि-मूर्तिपूजा वा प्रयागादि तीर्थहरूका नामसम्म पनि लेखेनन् । लेखून् पनि कहाँबाट ?

कहीं वेदहरूमा हुन्थ्यो भने त बिना लेखे कहिल्यै छोड्ने थिएनन् । यसैले लुप्त शाखाहरूमा पनि यी मूर्तिपूजादिको प्रमाण थिएन ।

यी सबै शाखा वेद होइनन्, किनभने यिनमा ईश्वरकृत वेदहरूको प्रतीक राखेर व्याख्या र संसारी जनहरू आदिका इतिहास लेखिएका छन्, त्यसैले वेदमा यी कहिल्यै हुन सक्दैनन् । वेदहरूमा त केवल मनुष्यहरूलाई विद्याको उपदेश गरिएको छ । कुनै मनुष्यको नाममात्र पनि छैन । यसैले मूर्तिपूजाको सर्वथा खण्डन छ ।

हेर ! मूर्तिपूजाले गर्दा श्रीरामचन्द्र, श्रीकृष्ण, नारायण र शिवादिको बडो निन्दा र उपहास हुन्छ । सबैले जान्दछन् कि उनीहरू ठूला महाराजाधिराज र उनकी स्त्री सीता, तथा रुक्मिणी, लक्ष्मी र पार्वती आदि महारानी थिए, परन्तु जब उनका मूर्तिहरू मन्दिर आदिमा राखेर पुजारीहरूले उनको नामबाट भीक माग्दछन् अर्थात् उनीहरूलाई भिकारी बनाउँछन् कि "आओ महाराज ! राजाजी ! सेठ-साहूकारो ! दर्शन गर्नुहोस्, बस्नुहोस्, चरणामृत लिनुहोस्, केही भेटी चढाउनुहोस्, महाराज ! सीता-राम, कृष्ण-रुक्मिणी वा राधा-कृष्ण, तथा लक्ष्मी-नारायण र महादेव-पार्वतीलाई तीन दिनदेखि 'बालभोग' वा 'राजभोग' अर्थात् जलपान वा खानपान पनि मिलेको छैन । आज यिनीहरूसँग केही पनि छैन । सीता आदिलाई नथुनी आदि रानीजी वा सेठानीजीले ! बनाइदिनुहोस् । अन्न आदि पठाइदिनु भएमा त रामकृष्णादिलाई भोग लगाउने थियौं । वस्त्र सबै फाटिसके । मन्दिरको कुना सबै खसेको छ । माथिबाट चुहुन्छ र जे-जति थियो, सबै दुष्ट चोरले उठाएर लगे । रहेमा केही मुसाले काटिदिए । हेर्नुहोस् ! एक दिन त मुसाले यस्तो अनर्थ पनि गरे कि मूर्तिबाट आँखा पनि निकालिदिएर भागे । अब हामीले चाँदीको आँखा त बनाउन सकेनौं, त्यसैले कौडीको आँखा बनाएर लगाइदिएका छौं ।"

रामलीला र रासमण्डल पनि गराउँछौं, सीता-राम, राधा-कृष्ण नाचिराखेका छन्, राजा र महन्त आदि उनका सेवक आनन्दमा बसेका छन् ! मन्दिरमा सीता, रामादि उभिएका छन् र पुजारी वा महन्तजी आसन वा गद्दी शिरानी लगाएर बस्दछन् । महागर्मीमा पनि ताला लगाएर भित्र बन्ध गरिदिन्छौं र तपाईं सुन्दर वायुमा पलङ्ग बिछाएर सुत्नुहुन्छ । थुप्रै पुजारीहरूले आफ्नो नारायणलाई डब्बामा बन्ध गरेर माथिबाट कपडाले बेरेर घाँटीमा झुण्डयाउँछन्, जसरी कि वानरीले आफ्नो बच्चालाई घाँटीमा झुण्डयाउँछे, त्यसरी नै पुजारीहरूका घाँटीमा पनि झुण्डिन्छन् । जब कसैले मूर्तिलाई फुटालिदिन्छन् तब हाय-हाय गरेर छाती पिटेर बक्दछन् कि सीता-रामजी, राधा-कृष्णजी र शिव-पार्वतीलाई दुष्टहरूले फुटाले । अब अर्को मूर्ति मगाउन लगाएर जुन कि राम्रो शिल्पीले संगमरमरको बनाएको होस्, स्थापना गरेर पूज्नु पर्दछ । नारायणलाई बिना घ्यूको भोग लाग्दैन । धेरै नभए पनि थोरै त अवश्य पठाइदिनू । इत्यादि कुराहरू तिनीहरूमाथि पार्दछन् । फेरि रासमण्डल वा रामलीलाको अन्तमा सीता-राम वा राधा-कृष्णबाट भीक मगाउँछन् । जहाँ मेला-ठेला लागेको हुन्छ, वहाँ केटाहरूलाई मुकुट पैह्राएर कन्हैया बनाएर मार्गमा बसाउँदै भीक माग्न लगाउँछन् । इत्यादि कुराहरूमाथि तपाईंहरूले विचार गर्नुहोस् कि कति ठूलो शोकको कुरा छ ! के, भन्नुहोस् त, सीतारामादि यस्तै दरिद्र र भिक्षुक थिए ? यो उनीहरूको उपहास र निन्दा नभए के हो त ? यसले गर्दा हाम्रा माननीय पुरुषहरूको ठूलो निन्दा हुने गर्दछ ।

जुन समयमा यी महापुरुषहरू विद्यमान थिए, उस समय सीता, रुक्मिणी, लक्ष्मी, पार्वतीलाई सडकमा वा कुनै घरमा उभ्याएर पुजारीले भनेमा कि "आओ यिनको दर्शन गर र केही भेटीपूजा राख" तब सीतादिले यी मूर्खहरूको भनाइलाई मान्ने थिएनन् र यस्तो गर्न कहिल्यै पनि दिने थिएनन् । जो कसैले यस्तो उपहास उनको गर्थ्यो भने त, बिना दण्ड दिए त्यसलाई कहिल्यै छोड्थे ? हो, जब उनीहरूबाट दण्ड पाएनन् तब यिनका कर्महरूले पुजारीहरूलाई थुप्रै मूर्तिविरोधीहरूबाट प्रसादी मिलाइदिए र अहिलै पनि मिल्दैछ र जबसम्म यस कर्मलाई छोड्दैनौ तबसम्म मिल्नेछ पनि । यसमा के सन्देह छ कि जो आर्यावर्त्तको प्रतिदिन महाहानि, पाषाणादि-मूर्तिपूजकहरूको पराजय यिनै कर्महरूबाट हुने गर्दछ, किनभने पापको फल दुःख हो । यिनै पाषाणादि-मूर्तिहरूको विश्वासले थुप्रै हानि भएर गयो । यदि छोड्दैनौ भने त प्रतिदिन अधिक-अधिक हुँदैजानेछ ।

## मारण, मोहन, उच्चाटनको साथै वाममार्गको समीक्षा (११.२७)

यिनीहरू मध्येमा वाममार्गी बडो भारी अपराधी छन् । जब तिनीहरूले चेला बनाउँछन् तब साधारणलाई–

**दं दुर्गायै नमः । भं भैरवायै नमः । ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे ॥**

इत्यादि मन्त्रहरूको उपदेश गरिदिन्छन् र बङ्गालमा विशेष गरेर एकाक्षरी मन्त्रोपदेश गर्दछन्, जस्तै कि- **ह्रीं, श्रीं, क्लीं ॥** –(श्रीकण्ठशिवपण्डितरचित शावरतन्त्र बं.प्रकी.प्र.४४) ॥

इत्यादि । र धनाढचहरूलाई पूर्णाभिषेक गर्दछन् ।

यसरी नै दश महाविद्याहरूको मन्त्र- **ह्लां ह्लीं ह्लूं वगलामुख्यै फट् स्वाहा ॥** –(शावरतन्त्र ४१) ॥

कहीं-कहीं- **हूं फट् स्वाहा ॥** –(कामरत्न तन्त्र, बीजमन्त्र ४) ॥

र मारण, मोहन, उच्चाटन, विद्वेषण, वशीकरण, आदि प्रयोग गर्दछन् । सो मन्त्रबाट त केही पनि हुँदैन, किन्तु क्रियाबाट सबै कुरा गर्दछन् । जब कसैलाई मार्नको लागि प्रयोग गर्दछन्, तब यता गराउनेवालासँग धन लिएर पीठो वा माटाको पुत्ला जसलाई मार्न चाहन्छन्, उसको बनाउँछन् । त्यसको छाती, नाभि, कण्ठमा छुरा प्रवेश गराइदिन्छन् । आँखा, हात, खुट्टामा काँटी ठोकिदिन्छन् । त्यसको माथि भैरव वा दुर्गाको मूर्ति बनाएर, हातमा त्रिशूल राखेर, त्यसको छातीमा लगाउँछन् । एउटा वेदी बनाएर मासु आदिको होम गर्न लाग्दछन् र उता दूत आदि पठाएर त्यसलाई विष आदिले मार्ने उपाय गर्दछन् । यदि आफ्नो पुरश्चरणको बीचमा त्यसलाई मार्न सके भने त आफूलाई भैरव देवीको सिद्धिवाला बताउँछन् । **'भैरवो भूतनाथश्च'** इत्यादिको पाठ गर्दछन् ।

**मारय-मारय, उच्चाटय-उच्चाटय, विद्वेषय-विद्वेषय, छिन्धि-छिन्धि, भिन्धि-भिन्धि, वशीकुरु-वशीकुरु, खादय-खादय, भक्षय-भक्षय, त्रोटय-त्रोटय, नाशय-नाशय, मम शत्रून् वशीकुरु, मम शत्रून् वशीकुरु, हुं फट् स्वाहा ॥** –(कामरत्नतन्त्र, उच्चाटन प्रकरण, मन्त्र ५-७) ॥

इत्यादि मन्त्र जप्दछन्, मद्य भाङ्ग खुब पिउँछन्, मांसादि खान्छन्, भृकुटीको बीचमा सिन्दूरको रेखा कोर्दछन्, कहिलेकाहिं काली आदिको लागि कुनै मान्छेलाई समातेर मारेर होम गरेर त्यसको मासु पनि खान्छन् । यदि कोही भैरवीचक्रमा जान्छ र मद्य-मांस पिउँदैन-खाँदैन भने त त्यसैलाई मारेर होम गरिदिन्छन् । ती मध्येमा जुन 'अघोरी' हुन्छ, त्यसले मृतमनुष्यको मासु पनि खान्छ, अजरी-बजरी गर्नेवालाले विष्ठामूत्र पनि खान्छ-पिउँछ ।

एक 'चोलीमार्ग' र 'बीजमार्गी' पनि हुन्छन् । 'चोलीमार्गवाले' एक गुप्त स्थान वा भूमिमा एक स्थान बनाउँछन् । वहाँ सबैकी स्त्रीहरू, पुरुष, केटा, केटी, दिदी, बहिनी, आमा, बुहारी आदि सबै जम्मा भएर सबै जना मिलेर मासु खान्छन्, मदिरा पिउँछन्, एउटी स्त्रीलाई नाङ्गी बनाएर त्यसको गुप्ताङ्गको पूजा सबै पुरुषहरूले मिलेर गर्दछन्, त्यसको नाम दुर्गादेवी राख्दछन् । एउटा पुरुषलाई नाङ्गो बनाएर त्यसको उपस्थ इन्द्रिय (गुप्ताङ्ग) को पूजा सबै स्त्रीहरूले मिलेर गर्दछन् । जब मद्य पिउनसम्म पिएर उन्मत्त हुन्छन्, तब सबै स्त्रीहरूका छातीको वस्त्र जसलाई 'चोली' भन्दछन्, एउटा ठूलो माटाको घ्याम्पामा सबै वस्त्र मिलाएर राखेर एक-एक पुरुषले त्यसमा हात हालेर झिक्ने गर्दछन्, जसको हातमा जसको वस्त्र आउँछ– त्यो आमा, दिदी, बहिनी, छोरी र बुहारीको नै किन नहोस्, त्यस समयको लागि त्यो उसकी स्त्री बन्न जान्छे । आपसमा कुकर्म गर्ने र नशा अत्याधिक भएपछि जुत्ता आदिले हानाहान गर्दछन् । जब बिहान मिर्मिरे उज्यालो हुन्छ आफ्ना-आफ्ना घर लाग्दछन् तब आमा आमा, छोरी छोरी, दिदी दिदी, बहिनी बहिनी र बुहारी बुहारी नै हुन जान्छे । र 'बीजमार्गी' ले स्त्री-पुरुषको समागम गरेर जलमा वीर्यलाई मिलाएर पिउँछन् । यी पामर यस्ता कर्महरूलाई मुक्तिको साधन मान्दछन् । विद्या, विचार, सज्जनतादिदेखि रहित हुन्छन् ।

## शैवमतको समीक्षा (११.२८)

**प्रश्न**– शैव त राम्रा हुन्छन् ?

**उत्तर**– राम्रा कहाँबाट हुनु ? **'जस्तो प्रेतनाथ उस्तै भूतनाथ'** । जसरी वाममार्गीले मन्त्रोपदेशादि गरेर उनका धन हरण गर्दछन्, त्यस्तै शैव पनि **'ओं नमः शिवाय'** इत्यादि पञ्चाक्षरादि मन्त्रहरूको उपदेश गर्दछन्, रुद्राक्ष भस्म धारण गर्दछन्, माटाको र पाषाणादिको लिङ्ग बनाएर पूज्दछन्, **'हर-हर'**, **'बं-बं'** र बोकाकोजस्तो **'बड-बड-बड'** शब्द मुखबाट निकाल्दछन् । त्यसको कारण यो भन्दछन् कि ताली बजाउने र **बं-बं** शब्द बोल्नाले पार्वती प्रसन्न र महादेव अप्रसन्न हुन्छन् । किनभने जब भस्मासुरको अगाडिबाट महादेव भागेका थिए तब **बं-बं** र ठट्टाको तालीहरू बजेको थियो, फेरि गाला बजाउनाले पार्वती अप्रसन्न र महादेव प्रसन्न हुन्छन्, किनभने पार्वतीका पिता दक्षप्रजापतिको टाउको काटेर आगोमा हालेर त्यसको शरीरमा बोकाको टाउको जोडिदिएका थिए । त्यसैको नक्कल बोकाको शब्दकै तुल्य गाला बजाउन मान्दछन् । शिवरात्रि प्रदोषको व्रत गर्दछन्, इत्यादिबाट मुक्ति मान्दछन् । त्यसैले जसरी वाममार्गी भ्रान्त छन्, त्यसै गरी शैव पनि भ्रान्त छन् । यिनीहरूमा विशेष गरेर कनफट्टा, नाथ, गिरी, पुरी, भारती, वन, आरण्य, पर्वत र सागर तथा गृहस्थ पनि शैव हुन्छन् । कोही-कोही **'दुइटै घोडामाथि चढ्दछन्'** अर्थात् वाम र शैव दुइटै मतलाई मान्दछन् र कति त वैष्णवी पनि रहन्छन् । उनका-

## शाक्त-वैष्णवमतको समीक्षा (११.२९)

**अन्तः शाक्ता बहिश्शैवाः सभामध्ये च वैष्णवाः । नानारूपधराः कौला विचरन्तीह महीतले ॥**

–यो तन्त्रको श्लोक हो (कौलोपनिषत् तथा कुलार्णवतन्त्र एकादश उल्लास) ॥

भित्र 'शाक्त' अर्थात् वाममार्गी, बाहिर 'शैव' अर्थात् रुद्राक्ष भस्म धारण गर्दछन्, सभामा 'वैष्णव' भन्दछन् कि हामी विष्णुका उपासक हौं । यस्ता नाना प्रकारका रूप धारण गरेर वाममार्गीहरू पृथ्वीमा विचरण गरिरहेका छन् ।

**प्रश्न**– वैष्णवीहरू त राम्रा छन् ?

**उत्तर**– खाक राम्रा हुने । जस्ता तिनीहरू, त्यस्तै यिनीहरू पनि छन् । हेर वैष्णवहरूका लीला ! आफूलाई विष्णुका दास मान्दछन् । ती मध्येमा श्री वैष्णव जो कि चक्राङ्कित हुन्छन्, तिनीहरूले आफूलाई सर्वोपरि ठान्दछन्, त्यस्ता केही पनि होइनन् ।

**प्रश्न**– किन केही पनि होइनौं ? सबैथोक हौं । हेर ! ललाटमा (निधारमा) नारायणको चरणारविन्दको सदृश तिलक र बीचमा पहेंलो रेखा 'श्री' हुन्छिन्, यसै कारण हामी **'श्रीवैष्णव'** हौं भनेर चिन्दछन् । एक नारायणलाई छोडेर अरू कसैलाई मान्दैनौं । महादेवको लिङ्गको दर्शन पनि गर्दैनौं, किनभने हाम्रो ललाटमा श्री विराजमान छिन्, उनी लज्जित हुन्छिन् । आलमन्दारादि स्तोत्रहरूको पाठ गर्दछौं । नारायणको मन्त्र पूर्वक पूजा गर्दछौं, मासु खाँदैनौं, मदिरा पिउँदैनौं, फेरि राम्रा कसरी भएनौं ?

**उत्तर**– यस तिलकलाई **'हरिपदाकृति'**, यस पहेंलो रेखालाई **'श्री'** मान्नु व्यर्थ छ, किनभने यो त तिम्रो हातको कारीगरी र ललाटको चित्र हो, जसरी हात्तीको ललाटमा चित्र-विचित्र गर्दछन् । तिम्रो ललाटमा विष्णुको पदको चिह्न कहाँबाट आयो ? के कोही वैकुण्ठमा गएर विष्णुको पैतालाको चिह्न ललाटमा छपाएर आयो ?

**विवेकी**– फेरि, श्री जड हो कि चेतन ?

**वैष्णव**– चेतन हो ।

**विवेकी**– त्यसो भए त यो रेखा जड हुनाले 'श्री' होइन । हामीले सोध्छौं कि श्री बनाइएको हो कि बिना बनाइएको ? यदि बिना बनाइएको हो भने त यो श्री होइन, किनभने यसलाई तिमीले नित्य आफ्नो हातले बनाउँछौ फेरि त श्री हुन सक्दैन । जब तिम्रा ललाटमा श्री हुन्छ भने त कयौं वैष्णवहरूका नराम्रा मुख अर्थात् अनुहार किन शोभारहित देखिन्छ ? हेर्दा ललाटमा श्री छ तर घर-घर भीक माग्दछौ र सदावर्त्त लिएर पेट भर्दै किन फिर्दछौ ? यो कुरो सिरडी र निर्लज्जहरूको हो, देख्दा यिनका निधारमा श्री हुन्छ तर महादरिद्रहरूको काम गर्दछन् ।

यी मध्येमा एक 'परिकाल' नामको वैष्णव भक्त थियो । त्यसले चोरी-डाँका मारेर, छल-कपट गरेर, पराय धन हरेर, ल्याएका सबै पदार्थ वैष्णवहरूलाई दिएर आफू प्रसन्न हुने गर्दथ्यो । एक बखत त्यसलाई चोरी गर्ने पदार्थ केही पनि मिलेन जसलाई लुटोस् । व्याकुल भएर फिर्दथ्यो । नारायणले सम्झे कि मेरो भक्तले त दुःख पाइरहेको छ । सेठजीको स्वरूप धारण गरेर, औंठी आदि आभूषण पहिरिएर, रथमा बसेर त्यसको सामुन्ने आए । तब त त्यो परिकाल रथको सामुन्ने गयो । सेठलाई भन्यो कि सबै वस्त्र शीघ्र उतार, नत्र भने मारिदिन्छु । नारायणले फुकाल्दा-फुकाल्दै पनि औंठी फुकाल्न बेर लाग्यो । यस्तो हुँदा त्यो परिकालले नारायणको औंलो नै काटेर औंठी लियो । नारायण अत्यन्त प्रसन्न भएर त्यसलाई आफ्नो चतुर्भुज शरीर बनाएर दर्शन दिए । भने कि "तँ मेरो बडो प्रिय भक्त होस्, किनभने सबै धन मारकाट-लुटपाट-चोरी गरेर वैष्णवहरूको सेवा गर्दछस् यसैले तँ धन्य भइस् ।" त्यसले गएर वैष्णवहरूलाई सबै गहना दियो ।

एक पटक त्यो परिकाललाई कुनै साहूले नोकर बनाएर पानीजहाजमा बसाउँदै देशान्तरमा लिएर गयो । वहाँबाट जहाजमा सुपारीका भरी-भरी बोरा लादियो । त्यो परिकालले एउटा सुपारीको दाना लिंदै फुटालेर आधा बनाएर साहूसित भन्यो "यो मेरो आधा गेडो सुपारी जहाजमा राखिदेऊ र कागजमा लेखेर देऊ कि जहाजमा भएको आधा सुपारी परिकालको हो ।" साहूले भन्यो कि "चाहन्छौ भने तिमीले हजारौं सुपारी लेल ।" परिकालले भन्यो, "लिन्न । म त्यस्तो अधर्मी होइन, जसले झुट-मुटको लिने । मलाई त आधा मात्रै चाहिन्छ ।" साहू सोझो थियो, लेखेर दियो । जब आफ्नो देशको बन्दरगाहमा जहाज आइपुग्यो, सुपारीका बोरा उतार्नका लागि तयारी भयो, तब परिकालले भन्यो "मेरो आधा सुपारी मलाई देऊ ।" साहूले त्यही आधा गेडो सुपारी निकालेर दिन लाग्यो । तब परिकालले झगडा गर्न थाल्यो "मेरो त पुरै जहाजमा आधा सुपारी छ, आधा-आधा बाँड्नेछु ।" यस कुराको राजपुरुषहरूसम्म झगडा पुग्यो । परिकालले साहूले लेखेर दिएको कागज देखायो कि यसमा आधा सुपारी दिनु भनेर लेखिएको छ । साहूले थुप्रै कुरा भनिराख्यो परन्तु त्यसले मानेन । आखिरमा आधा सुपारी लिएर वैष्णवहरूलाई अर्पण गरिदियो । तब त वैष्णव बडो प्रसन्न भए । अझैसम्म पनि त्यस डाँकू चोर परिकालको मूर्ति मन्दिरहरूमा राख्दछन् । यो कथा भक्तमालमा लेखिएको छ । बुद्धिमान्हरूले विचार गर्नु कि वैष्णव, उनका सेवक र नारायण तीनवटै चोरमण्डली हुन् कि

होइनन् ? यद्यपि मतमतान्तरहरूमा केही थोरै मात्रमा राम्रो पनि हुन्छ, तथापि उस मतमा रहेर सर्वथा राम्रो पनि हुन सक्दैन ।

अब जस्तो वैष्णवहरूमा फुट-टुट भिन्न-भिन्न तिलक कण्ठी धारण गर्दछन्– रामानन्दीवालाले बगलमा गोपीचन्दन बीचमा रातो, निमावतवालाले दुइटै पातलो रेखा बीचमा कालो बिन्दु, माधववालाले कालो रेखा, गौड बङ्गालीले कटारीको तुल्य, रामप्रसादवालाले दुइटै चन्द्राकार रेखाको बीचमा एक सेतो गोलो टीका, इत्यादि यिनीहरूका कथन विलक्षण-विलक्षण छन् । रामानन्दीले रातो रेखालाई लक्ष्मीको चिह्न र नारायणको हृदयमा श्री, कृष्णचन्द्रजीको हृदयमा राधा विराजमान छिन्, इत्यादि कथन गर्दछन् ।

एउटा कथा भक्तमालमा लेखिएको छ । कोही एक मनुष्य वृक्षको तल छहारीमा सुतेको थियो । सुत्दा-सुत्दै मऱ्यो । माथि हाँगाबाट कागले विष्ठा गरिदियो । त्यो विष्ठा खसेर मृतकको ललाटमा तिलकाकार बन्न गएको थियो । त्यहाँ यमका दूत त्यसलाई लिनको लागि भनेर आए । यत्तिकैमा विष्णुका दूत पनि त्यहाँ आइपुगे । दुइटैले विवाद गर्दथे कि यो हाम्रो स्वामीको आज्ञा हो, हामीले यसलाई यमलोकमा लैजान्छौं । विष्णुका दूतहरूले भने कि "हाम्रो स्वामीको आज्ञा छ कि यसलाई वैकुण्ठमा लैजानको लागि । हेर ! यसको ललाटमा वैष्णवी तिलक छ । तिमीले कसरी लैजान सक्दछौ ?" तब त यमका दूतहरू चुप लागेर फर्किए । विष्णुका दूतले सुखसँग त्यसलाई वैकुण्ठमा लिएर गए । नारायणले त्यसलाई वैकुण्ठमा राखे । हेर ! जब अकस्मात् तिकल बन्न जाँदामा त यस्तो माहात्म्य छ भने त, जसले आफ्नै प्रीतिले हातले तिलक बनाएर लगाउँछन्, ती नरकबाट छुटेर वैकुण्ठमा जान्छन् भने त यसमा के आश्चर्य भयो !! हामीले सोध्छौं कि जाबो सानो तिलक गर्नाले त वैकुण्ठमा जान्छन् भने त पुरै मुखभरी लिप्नाले वा कालोमुख बनाउनाले वा शरीरभरी लिप्नाले वैकुण्ठ भन्दा पनि अगाडि सिधार्छन् कि सिधार्दैनन् ? त्यसैले यी कुराहरू सबै व्यर्थ हुन् ।

अब यिनीहरूमा पनि थुप्रै फुस्रेले मुढाको खलियो लगाएर धूनी ताप्दै, जीउभरी खरानी घस्दै, जट्टा बढाउँदै, सिद्धको वेश धारण गर्दछन् । बकुल्लाको समान ध्यानावस्थित हुन्छन् । गाँजा, भाङ्ग, धतूरो, चरेसको दम लगाउँछन्, राता-राता आँखा बनाएर राख्दछन्; सबैसँग चुट्की-चुट्की अन्न, पीठो, तरकारी, पैसा माग्दछन्, गृहस्थहरूका छोराहरूलाई बहकाएर आफ्ना चेला बनाउँछन् । धेरैजसो मजदुरी-निबेक गर्नेहरू तिनमा हुन्छन् । कसैले विद्या पढ्न खोज्यो भने त त्यसलाई भाँजो हालेर रोकिदिन्छन्, भन्दछन् कि–

**पठितव्यं तदपि मर्त्तव्यं दन्तकटाकटेति किं कर्त्तव्यम् ?**

सन्तहरूलाई विद्या पढ्नाले के काम ? किनभने विद्या पढ्नेहरू पनि मरेर जान्छन्, फेरि दन्त-कटाकट किन गर्ने ? साधुहरूले त चारै धाम फिरेर आउनु, सन्तहरूको सेवा गर्नु, रामजीको भजन गर्नु ।

जो कसैले मूर्ख अविद्याको मूर्तिको दर्शन गरेको छैन भने त यिनै फुस्रेहरूको दर्शन गरेर आए हुन्छ । तिनीहरूका नजिक जो कोही जान्छ, उनलाई बच्चा-बच्ची भन्दछन्, चाहे तिनीहरू फुस्रेका बाउ-आमाकै उमेर समानका किन नहुन् । जस्ता फुस्रेहरू छन्, त्यस्तै रूँखड-सूँखड, गोदडिये र जमातवाला सुतरेसाई, अकाली, कानफट्टा, कानचिरा, जोगी, औघड आदि सबै एकैखाले हुन् ।

एउटा फुस्रेको चेला 'श्री गणेशाय नमः' घोक्दा-घोक्दै पँधेरामा पानी भर्नको लागि गयो । त्यहाँ पण्डित बसिराखेको थियो । त्यसले 'स्रीगनेसाजनमें' भनेर घोक्दैथियो, पण्डितजीले भने "अरे साधु ! अशुद्ध कि घोक्दैछौ 'श्री गणेशाय नमः' यसरी शुद्ध घोक ।" त्यसले झट लोहोटा भरेर गुरुजीसँग गएर भन्यो कि "ए बम्मन मेरो घोखाइलाई असुद्ध भन्दछ ।" झट फुस्रे उठ्यो, पँधेरामा गयो, पण्डितसित भन्यो, "तिमीले मेरो चेलालाई बहकाउँछौ ? तिमी गुरुको लंडी के पढेका छौ ? हेर तिमीले एक प्रकारको पाठ जानेका छौ, हामीले तीन प्रकारका जानेका छौं- 'स्रीगनेसाजन्नमें' 'स्रीगनेसायन्नमें' 'श्री गनेसाय नमें ।"

**पण्डित–** सुन साधुजी ! विद्याको कुरो अति कठिन हुन्छ, बिना पढे आउँदैन ।

**फुस्रे–** जाऊ-जाऊ, सबै विद्वान्लाई हामीले रगड मारिसक्यौं, जसलाई भाङ्गमा घोटेर एक सर्कोमा सबै उडाइदियौं । सन्तहरूको घर ठूलो छ । तिमी बच्चाले के जान्दछौ ?

**पण्डित–** हेर ! यदि तिमीले विद्या पढेका हुन्थ्यौ भने त यस्तो अपशब्द किन बोल्थ्यौ ? सबै प्रकारको तिमीलाई ज्ञान हुन जान्थ्यो ।

**फुस्रे–** जाऊ-जाऊ, तिमी हाम्रा गुरु बन्दछौ ? तिम्रा उपदेश हामीले सुन्दैनौं ।

**पण्डित–** सुन्दछौ कहाँबाट ? बुद्धि नै छैन । उपदेश सुन्न-सम्झनको लागि विद्या चाहिन्छ ।

**फुस्रे–** जसले सबै वेद-शास्त्रलाई पढ्यो तर सन्तलाई मानेन भने त जान्नु कि त्यसले केही पनि पढेन ।

**पण्डित**– हो, हामीले सन्तहरूको सेवा गर्दछौं परन्तु तिमीजस्ता हुर्दङ्गालाई होइन । किनभने **'सन्त'** सज्जन, विद्वान्, धार्मिक, परोपकारी पुरुषहरूलाई भन्दछन् ।

**फुस्रे**– हेर ! हामी रात दिन नाङ्गै रहन्छौं, धूनी ताप्दछौं, गाँजा-चरेसको सयकडौं दम लगाउँछौं, तीन-तीन लोहोटा भाङ्ग पिउँछौं, गाँजा-भाङ्ग-धतूराको पातको तरकारी बनाएर खान्छौं, सङ्खी र अफिमलाई पनि चट निलिदिन्छौं, नशामा गर्क रात-दिन बेगम रहन्छौं, दुनियाँलाई केही सम्झन्नौं, भीक मागेर भुङ्ग्रे रोटी आगोमा पोलेर खान्छौं, रातभरी यस्तो खोकी उठ्छ, जो नजिकमा सुत्दछ त्यसलाई निद्रा कहिल्यै आउँदैन, इत्यादि सिद्धिहरू र साधूपन हामीमा छ, फेरि तिमीले हाम्रो निन्दा किन गर्दछौ ? चेत बच्चू ! जसले हामीलाई दिक्क पार्दछ, हामीले त्यसलाई भसम गरिदिनेछौं ।

**पण्डित**– यी सबै लक्षण असाधु, मूर्ख र गवर्गण्डहरूका हुन्, साधुहरूका होइनन् । सुन ! **'साध्नोति पराणि धर्मकार्याणि स साधुः'** जसले धर्मयुक्त उत्तम काम गर्दछ, सदा परोपकारमा प्रवृत्त रहन्छ, कुनै दुर्गुण जसमा हुँदैन, विद्वान्, सत्योपदेशले सबैको उपकार गर्दछ, त्यसलाई **'साधु'** भन्दछन् ।

**फुस्रे**– जाऊ-जाऊ ! तिमीले साधुको कर्म के जान्दछौ ? सन्तहरूको घर ठूलो छ । कुनै सन्तसँग पङ्गा नलेऊ । नत्र भने त हेर ! चिम्टा उठाएर मार्नेछ, टाउको फोरिदिनेछ ।

**पण्डित**– ए.. हो र.. फुस्रे ! जाऊ आफ्नो आसनमा, मसँग धेरै नरिसाऊ । थाहा छ नि राज्य कस्तो छ ? कसैलाई मार्‍यौ भने पक्राउमा पर्नेछौ, कारावास भोग्नुपर्नेछ, बेतको लट्ठीको कुटाई खानेछौ वा कसैले तिमीलाई नै मारिदेला, अनि के गर्नेछौ ? यो साधुको लक्षण होइन ।

**फुस्रे**– निक्ल-निक्ल ! कुन राक्षसको मुख देखियो ?

**पण्डित**– तिमीले कहिल्यै कुनै महात्माको सङ्ग गरेनौ, नत्र त यस्तो जड मूर्ख हुने थिएनौ ।

**फुस्रे**– हामी आफै महात्मा हौं । हामीलाई कुनै दोस्राको गर्ज छैन ।

**पण्डित**– जसको भाग्य फुटेको हुन्छ, तिनको तिम्रो जस्तै बुद्धि र अभिमान हुन्छ ।

फुस्रे गयो आफ्नो आसनमा, र पण्डित गए घर । जब सन्ध्याको आरती भयो । तब त्यस फुस्रेलाई बूढो सम्झेर थुप्रै अरू फुस्रेहरूले **'डण्डोत-दण्डोत'** भन्दै साष्टाङ्ग गरेर बसे । त्यस फुस्रेले सोध्यो, "अरे रामदासिया ! तैंले के पढेको छस् ?"

**रामदास**– महाराज ! मैले **'वेस्नुसहसर नाम'** पढेको छु ।

**फुस्रे**– "अरे गोविन्ददासिये ! तैंले के पढेको छस् ?"

**गोविन्दास**– मैले **'रामसतवराज'** पढेको छु, अमुक फुस्रेसँगबाट । तब रामदासले भन्यो कि "महाराज ! तपाईंले के पढ्नुभएको छ ?"

**फुस्रे**– मैले गीता पढेको छु ।

**रामदास**– को सँगबाट ?

**फुस्रे**- जा छोक्रे ! मैले कसैलाई गुरु बनाउँदिन । हेर ! म **'परागराज'** मा बस्थें । मलाई अख्खर आउँन्नथो । जब कुनै लामो धोतीवालालाई देख्थें तब गीताको गोटकेमादेखि सोध्थें कि यस कलङ्गीवाला अख्खरको नाम के हो ? यसरी नै सोध्दा-सोध्दै अट्ठाह्र अध्याय गीता रगड मारें । गुरु एउटालाई पनि बनाइन ।

हेर ! यस्ता विद्याका शत्रुहरूलाई अविद्याले घर बनाएर नबसे कहाँ जाने त ?

यिनीहरू बिना नशा, प्रमाद, लड्नु, खानु, सुत्नु, झाँझ पिट्नु, शङ्ख घण्ट बजाउनु, धूनी चिता जलाउनु, नुहाउनु, धुनु, सबै दिशाहरूमा व्यर्थै घुम-फिर गर्नु, सिवाय अन्य केही पनि राम्रो काम गर्दैनन् । बरु कसैले ढुङ्गालाई पगाल्न सक्ला तर यी फुस्रेहरूको आत्मालाई बोध गराउन कठिन छ । किनभने बहुधा तिनीहरू शूद्रवर्ण, निबेकी, किसान, भरिया आदि आफ्नो मजदुरी छोडेर खरानी घसेर रमाउँदै वैरागी, फुस्रा आदि बन्न जान्छन्, तिनीहरूले विद्या वा सत्सङ्ग आदिको महात्म्य बुझ्दैनन् । यी मध्येमा नाथहरूका मन्त्र **'नमः शिवाय'** । फुस्राहरूको **'नृसिंहाय नमः'** । रामावतहरूका **'श्रीरामचन्द्राय नमः'** अथवा **'सीतारामाभ्यां नमः'** । कृष्णोपासकहरूका **'श्रीराधाकृष्णाभ्यां नमः' 'नमो भगवते वासुदेवाय'** र बङ्गालीहरूका **'गोविन्दाय नमः'** । यी मन्त्रहरूलाई कानमा फुकिदिए मात्र पनि शिष्य बनाउँछन् र यस्ता-यस्ता शिक्षा दिन्छन् कि, बच्चा ! तुम्बाको मन्त्र पढ–

**जल पवितर सथल पवितर और पवितर कुआ । शिव कहे सुन पार्वती तूम्बा पवितर हुआ ॥**

–(रामस्नेहधर्मप्रकाश ३९० तूम्बामन्त्र, रामपटल पृष्ठ ३) ॥

कतै, यस्तो योग्यता साधु वा विद्वान् हुन अथवा जगत्को उपकार गर्नको लागि कहिल्यै हुन सक्दछ ? फुस्राले रात-दिन दाउरा, छानो र मुढा जोतेर पोलिराखेका हुन्छन् । एक महिनामा कयौं रुपैयाँको

दाउरा फुकिराखेका हुन्छन् । जहाँ एक महिनाको दाउराको मूल्यबाट कम्बलादि वस्त्र लियो भने त शतांश धनबाट आनन्दमा रहन सक्दछन् । यिनीहरूमा यति बुद्धि कहाँबाट पलाउने ? र आफूलाई उसै धूनीमा तपाउनाले नै तपस्वी नाम रोखेका छन् । यदि यस प्रकारबाट तपस्वी होइन्छ भने त जङ्गली मनुष्य यी भन्दा पनि अधिक तपस्वी हुन्छन् । लट्टा पाल्ने, खरानी घस्ने, तिलक लगाउने गर्नाले तपस्वी हुन्छन् भने त सबैले गर्न सक्ने थिए । यिनीहरू बाहिरका त्यागस्वरूपी र भित्रका महासंग्रही हुन्छन् ।

## कबीरपन्थको समीक्षा (११.३०)

**प्रश्न–** कबीरपन्थी त राम्रा हुन्छन् ?

**उत्तर–** हुँदैनन् ।

**प्रश्न–** किन राम्रा हुँदैनन् ? पाषाणादि मूर्तिपूजाको खण्डन गर्दछन् । कबीर साहब फूलबाट उत्पन्न भए र अन्तमा पनि फूल नै हुन गए । ब्रह्मा, विष्णु, महादेवको जन्म भएको थिएन, तब पनि कबीर साहब थिए । बडा सिद्ध, जुन कुरालाई वेद, पुराणले पनि जान्दैनन्, त्यसलाई कबीरले जान्दछन् । साँचो बाटो छ, सो कबीरले नै देखाएका हुन् । यिनको मन्त्र **'सत्यनाम कबीर'** आदि हो ।

**उत्तर–** पाषाणादिलाई छोडेर पलङ्ग, गद्दी-शिरानी, खराऊ, 'ज्योति' अर्थात् दीप आदिलाई पूज्नु पाषाणमूर्ति पूज्नुदेखि न्यून होइनौ । के त्यो फूलको मुजुरा वा थुङ्गामा बस्ने किरो थियो ? जुन फूलबाट उत्पन्न भयो ? र अन्तमा पनि फूल बन्यो ?

यहाँ जुन यो कुरा सुनिन्छ कि, त्यही साँचो हुन सक्दछ कि कोही दर्जी काशीमा बस्दथ्यो । त्यसका छोरा थिएनन् । एक समय रातको केही अँधेरोमा बजार जाँदै थियो, अचानक देख्यो कि सडकको किनारामा फूलको टोकरीभित्र फूलको माझमा त्यसै राति जन्मिएको बालक थियो । त्यसलाई दर्जीले उठाएर लग्यो । लगेर आफ्नी श्रीमतीलाई दियो र पालन-तालन गऱ्यो । जब हुर्किएर ठूलो भयो त्यसले पनि दर्जीको काम गर्दथ्यो । कुनै पण्डितसँग संस्कृत पढ्न भनेर गयो । पण्डितले त्यसको अपमान गऱ्यो । भन्यो कि, **"मैले दर्जीलाई पढाउँदिन ।"** यसै प्रकार कयौं पण्डितहरूकहाँ पुग्यो, परन्तु कसैले त्यसलाई पढाएनन् । तब ऊटपटाङ्ग भाषा बनाएर दर्जी आदि तल्ला वर्गका मान्छेहरूलाई सम्झाउन थाल्यो । खैंजडी लिएर गाउँथ्यो, भजन बनाउँथ्यो । **विशेष गरेर– पण्डित, शास्त्र, वेदहरूको निन्दा गर्ने गर्दथ्यो । केही मूर्ख मान्छेहरू उसको जालमा फसे ।** जब त्यो मऱ्यो, त्यसका मान्छेले त्यसलाई सिद्ध बनाइदिए । जुन-जुन उसले जीउँदो हुँदा बनाएको थियो, त्यसलाई त्यसका चेलाले पढ्दै गए । कान थुन्दा जुन शब्द सुनिन्छ त्यसलाई **'अनहत'** शब्द सिद्धान्त ठहऱ्याइदिए । मनको वृत्तिलाई **'सुरति'** भन्दछन् । त्यसलाई त्यस शब्द सुन्नमा लगाउनु, त्यसैलाई सन्त र परमेश्वरको ध्यान भन्दछन् । वहाँ काल पुग्न सक्दैन । बल्छीको तुल्य तिलक र चन्दनादि काठको कण्ठी बाँध्छन् । यसलाई विचार गरेर हेर्नुहोस् कि यसमा आत्माको उन्नति र ज्ञान के बढ्नसक्ला ? यो मत केटाहरूको खेलजस्तो लीला छ ।

## नानकपन्थको समीक्षा (११.३१)

**प्रश्न–** पंजाब देशमा **'नानकजी'** ले एउटा मार्ग चलाए । किनभने उनले पनि मूर्तिको खण्डन गर्दथे । मुसलमान हुनबाट बचाए । उनी साधु पनि बनेनन् किन्तु गृहस्थ बनिराखे । हेर ! उनले यो मन्त्र उपदेश गरेका छन् कि, यसैबाट विदित हुन्छ कि उनको आशय राम्रो थियो–

**ओं सत्यनाम कर्त्ता पुरुष निर्भो निर्वैर अकालमूर्त अजोनि सहभं गुरु प्रसाद जप,**
**आदि सच, जुगादि सच, है भी सच, नानक होसी भी सच ॥** –जपजी पौडी १ ॥

(ओ३म्) जसको सत्य नाम हो, वही कर्ता, पुरुष, भय र वैररहित 'अकालमूर्ति' जो कालमा र जुनिमा आउँदैन, प्रकाशमान छ, उसकै जप गुरुको कृपाबाट गर । त्यो परमात्मा आदिमा साँचो थियो, जुगहरूको आदिमा साँचो, वर्तमानमा साँचो र हुनेछ पनि साँचो ।

**उत्तर–** नानकजीको आशय त राम्रो थियो, परन्तु विद्या केही पनि थिएन । हो, भाषा त्यस देशको जुन कि गाउँको हो, त्यसलाई जान्दथे । वेदादि शास्त्र र संस्कृत कत्ति पनि जान्दैनथे । यदि जानेका हुन्थे भने त 'निर्भय' शब्दलाई 'निर्भो' किन लेख्दथे ? र यसको दृष्टान्त उनले बनाएको **'संस्कृती स्तोत्र'** छ । चाहेका थिए कि मैले पनि संस्कृतमा 'पाउ राखूँ' परन्तु बिना पढे संस्कृत कसरी आउन सक्दछ ? हो, ती ग्रामीणहरूको सामुन्ने कि जसले संस्कृत कहिल्यै पनि सुनेका थिएनन् 'संस्कृती' बनाएर संस्कृतका पनि पण्डित बन्न गए होलान् । यस्ता कुरा आफ्नो मान, प्रतिष्ठा र आफ्नो प्रख्यातीको इच्छा बिना कहिल्यै गर्ने थिएनन् । उनलाई आफ्नो प्रतिष्ठाको इच्छा अवश्य थियो; नत्र भने त जस्तो भाषा जान्दथे, त्यस्तै भन्दै राख्थे र यो पनि भनिदिने थिए कि मैले संस्कृत पढेको छैन । जब केही अभिमान थियो त मान-प्रतिष्ठाको लागि केही दंभ पनि गरे होलान् । त्यसैले उनको ग्रन्थमा जहाँ-तहाँ वेदहरूको निन्दा र स्तुति पनि छ,

किनभने यदि यस्तो गर्दैनथे भने त उनीसित पनि कसैले वेदको अर्थ सोध्नेथियो; जब आउँदैनथ्यो तब प्रतिष्ठा नष्ट हुन्थ्यो । त्यसैले पहिला नै आफ्ना शिष्यहरूका सामुन्ने कहीं-कहीं वेदहरूको विरुद्ध बोल्दथे र कहीं-कहीं वेदहरूका लागि राम्रो पनि भनेका छन् । किनभने यदि कहीं राम्रो भन्दैनथे भने त मान्छेले उनलाई नास्तिक बनाउने थिए । जस्तै–

**वेद पढत ब्रह्मा मरे चारों वेद कहानि । सन्त की महिमा वेद न जानी ॥**

–(सुखमनी अष्टपदी ७, पद ८) ॥

**ब्रह्मज्ञानी आप परमेश्वर ॥** –सुखमनी अष्टपदी ८, पद ६) ॥

के वेद पढ्नेहरू मरेर गए र नानकजी आदि आफूलाई अमर सम्झन्थे ? के उनी मरेनन् ? वेद त सबै विद्याहरूको भण्डार हो । परन्तु जसले चारै वेदहरूलाई कहानी भन्दछ, त्यसका सबै कुरा कहानी हुन् । जो मूर्खहरूको नाम सन्त हुन्छ, ती बिचराले वेदहरूको महिमा कहिल्यै जान्न सक्दैनन् । यदि नानकजीले वेदहरूको नै मान गर्दथे भने त उनको सम्प्रदाय चल्ने थिएन, न त उनी गुरु नै बन्न सक्ने थिए । किनभने संस्कृत विद्या त पढेका नै थिएनन् भने दोस्रालाई पढाएर शिष्य कसरी बनाउन सक्दथे ?

यो साँचो हो कि जुन समयमा नानकजी पंजाबमा भएका थिए, त्यस समयमा पंजाब संस्कृत-विद्याबाट सर्वथा रहित र मुसलमानहरूबाट पीडित थियो । त्यस समयमा उनले केही मान्छेहरूलाई बचाए । नानकजीको सामुन्ने केही उनका सम्प्रदाय वा धेरै शिष्य भैसकेका थिएनन् । किनभने अविद्वान्हरूमा यो चाल हुन्छ कि मरेपछाडि उनलाई सिद्ध बनाउँछन्, पश्चात् थुप्रै माहात्म्य गरेर ईश्वरकै समान मान्न थाल्दछन् ।

हो ! नानकजी ठूला धनी-मानी पनि थिएनन्, परन्तु उनका चेलाहरूले 'नानकचन्द्रोदय' र 'जन्मशाखी' आदिमा बडो सिद्ध र ठूला ऐश्वर्यवाला थिए भनेर लेखेका छन् । नानकजी ब्रह्मा आदिसित मिलेर थुप्रै कुराहरू गरे, सबैले यिनलाई मान गरे, नानकजीको विवाहमा थुप्रै घोडा, रथ, हात्ती, सुन, चाँदी, मोती, पन्ना आदि रत्नहरूले सजेका र अमूल्य रत्नहरूको कुनै पारावार थिएन, लेखेका छन् । भला, यो गफौडा नभए के हो त ? यसमा यिनका चेलाहरूको दोष छ, नानकजीको होइन ।

**दोस्रो**– जो उनको शेषपछि उनका छोराबाट उदासी चले, र रामदास आदिबाट निर्मले । कयौं गद्दीवालाहरूले भाषा बनाएर ग्रन्थमा राखेका छन् । अर्थात् यिनका गुरु गोविन्दसिंहजी दशौं भए । यिनको पछि त्यस ग्रन्थमा कसैले भाषा मिलाएका छैनन्, किन्तु वहाँसम्म जति साना-साना पुस्तक थिए, ती सबैलाई एउटैमा जम्मा गरेर गाता चढाइदिए । यिनीहरूले पनि नानकजीको पछाडि थुप्रै भाषा बनाए । कतिले त नाना प्रकारको पुराणहरूकै मिथ्या कथाकै तुल्य बनाए । परन्तु **'ब्रह्मज्ञानी तपाईं परमेश्वर'** बनेर त्यसमाथि कर्म उपासना छोडेर यिनका शिष्य झुक्दै आए, यसैले धेरै बिग्रन गयो । नत्र त, नानकजीले केही भक्ति- विशेष गरेर ईश्वरको लेखेका थिए, त्यसलाई अँगाल्दै आएको भए त राम्रो थियो ।

अहिले उदासी भन्दछन् "हामी ठूला", निर्मले भन्दछन् "हामी ठूला", अकाली तथा सूतरेसाई भन्दछन् कि "हामी सर्वोपरि हौं ।"

यिनीहरूमा गोविन्दसिंहजी शूरवीर थिए । जुन मुसलमानहरूले उनका पुर्खाहरूलाई धेरै दुःख दिएका थिए, तिनीहरूसित वैर लिन चाहन्थे, परन्तु यिनीसँग केही सामाग्री थिएन र उता मुसलमानहरूको बादशाही प्रज्वलित भैरहेको थियो । यिनले एउटा पुरश्चरण गराए । प्रसिद्धि गरे कि "मलाई देवीले वर र खड्ग दिएकी छन् कि तिमी मुसलमानहरूसँग लड, तिम्रो विजय हुनेछ ।" थुप्रै मान्छेहरू उनका साथी बने र उनले, जसरी वाममार्गीहरूले 'पञ्च मकार', चक्राङ्कितहरूले 'पञ्च संकार' चलाएका थिए, त्यसरी नै 'पञ्च ककार' अर्थात् यिनका पञ्च ककार युद्धका उपयोगी सामाग्री थिए ।

**एक- 'केश'** अर्थात् जसलाई राख्नाले लडाईंमा लट्ठी र तलवारबाट केही बचावट हुन सकोस् ।

**दोस्रो- 'कंगण'** जुन शिरमाथि पगडीमा अकालीहरूले राख्दछन् र हातमा **'कडा'** जसबाट हात र टाउको बच्न सकोस् ।

**तेस्रो- 'काछ'** अर्थात् घुँडादेखि माथि कि जुन एक जाँघे दौडन र कुद्नमा राम्रो हुन्छ, धेरै जसो गरेर अखाडमल्ल (कुस्ती) र नट पनि यसलाई धारण गर्दछन् कि जसबाट शरीरको मर्मस्थल छोपियोस् र अड्काउ नहोस् ।

**चौथो- 'कंगा'** कि जसबाट केश सुध्रन्छ ।

**पाँचौं- 'काचू'** (कृपाण) कि जसबाट शत्रुसँग भेट-भड्क्का हुँदामा लडाईंमा काम आओस् ।

यसैले यो रीति गोविन्दसिंहजीले आफ्नो बुद्धिमत्ताबाट त्यस समयको लागि लिएका थिए । अबको यस समयमा त्यसलाई राख्नु खाशै उपयोगी देखिँदैन । परन्तु पहिले जुन युद्धको प्रयोजनको लागि कुराहरू कर्तव्य थिए, तिनलाई आजभोलि धर्मको स्थानमा मानेका छन् ।

मूर्तिपूजा त गर्दैनन् परन्तु उस भन्दा विशेष ग्रन्थको पूजा गर्दछन्, के यो मूर्तिपूजा होइन ? कुनै जड पदार्थको सामुन्ने टाउको निहुराउनु वा त्यसको पूजा गर्नु सबै मूर्तिपूजा हो । जसरी मूर्तिवालाहरूले आफ्नो दोकान जमाएर जीविका ठाडो गरेका छन्, त्यसरी नै यिनीहरूले पनि गरेका छन् । जसरी पुजारीहरूले मूर्तिको दर्शन गराउँछन्, भेटी चढाउन लगाउँछन् । त्यसरी नै नानकपन्थीहरू ग्रन्थको पूजा गर्दछन्-गराउँदछन्, भेटी पनि चढाउन लगाउँछन् । अर्थात् मूर्तिपूजावालाले जति वेदको मान्यता गर्दछन्, त्यति यी ग्रन्थसाहबवालाले गर्दैनन् । हो, यो भन्न सकिन्छ कि यिनीहरूले वेदहरूलाई न त सुने न त देखे, के गरून् ? यदि सुन्न र देख्नमा आएमा त बुद्धिमानीहरू जो कि हठी-दुराग्रही छैनन् सबै सम्प्रदायवाले वेदमतमा आउँछन् । परन्तु यी सबैले भोजनको बखेडा धेरै हटाइदिएका छन् । जसरी यसलाई हटाए, त्यसरी नै विषयासक्ति र दुरभिमानलाई पनि हटाएर वेदमतको उन्नति गरे त, धेरै राम्रो कुरो हो ।

## दादूराम, रामस्नेह पन्थको समीक्षा (११.३२)

**प्रश्न**– दादूपन्थीको मार्ग त राम्रो छ ?

**उत्तर**– राम्रो त वेदमार्ग हो, जसलाई समाउन सक्यौ भने त समाऊ, नत्र त सदा गोता खाइराख्ने छौ । यिनको मतमा दादूजीको जन्म गुजरातमा भएको थियो । पुनः जयपुर नजिकै 'आमेर' मा बस्दथे । तेलीको काम गर्दथे । ईश्वरको सृष्टिको विचित्र लीला छ कि दादूजी पनि पुजिन लागे । तब वेदादि शास्त्रहरूका सबै कुरालाई छोडेर **'दादूराम-दादूराम'** मा नै मुक्ति मान्न थाले । जब सत्योपदेशक हुँदैन तब यस्ता-यस्ता नै बखेडा निस्कने गर्दछन् ।

थोरैमात्र दिन भएको छ कि एक 'रामस्नेही' मत शाहपुरबाट चलेको छ । ती सबैले वेदोक्त धर्मलाई छोडेर 'राम-राम' पुकारी राखेका छन् । उसैमा ज्ञान, ध्यान, मुक्ति मानेका छन् । परन्तु जब भोक लाग्दछ, 'रामनाम' बाट रोटी निस्कँदैन, किनभने खानपान आदि त गृहस्थहरूका घरमा नै मिल्दछ । तिनीहरूले पनि मूर्तिपूजालाई धिक्कार्दछन् परन्तु आफू स्वयं मूर्ति बन्दैछन् । स्त्रीहरूका सङ्गमा धेरै रहन्छन्, किनभने, रामजी-रामकीको बिना आनन्द नै मिल्न सक्दैन ।

अब थोरै विशेष रामस्नेही मतको विषयमा लेख्दछु–

एक **'रामाचरण'** नामक साधु भएको छ, जसको मत मुख्य गरेर 'शाहपुरा' स्थान मेवाडबाट चलेको छ । तिनीहरू 'राम-राम' गर्नलाई नै परममन्त्र र यसैलाई सिद्धान्त मान्दछन् । यिनीहरूको एउटा ग्रन्थ कि जसमा सन्तदासजी आदिका वाणी छन्, यस्तो लेख्दछन्–

**उनीहरूका वचन**

**भरम रोग तब ही मिटचा, रटचा निरंजन राइ ।**
**तब जम का कागज फटचा, कटचा करम तब जाइ ॥** –(सुमरणको अङ्ग १७) ॥

अब बुद्धिमानीहरूले विचार गर्नुहोस् कि 'राम-राम' गर्नाले भ्रम जो कि अज्ञान हो, वा यमराजको पापानुकूल शासन अथवा गरिएको कर्म कहिल्यै छुट्न सक्दछ कि सक्दैन ? यो केवल मनुष्यलाई पापमा फसाउनु र मनुष्य जन्मलाई नष्ट गरिदिनु हो । अब यिनका जुन मुख्य गुरु थियो 'रामचरण', त्यसका वचनहरू–

**महमा नांव प्रताप की, सुणौ सरवण चित लाइ । रामचरण रसना रटौ, क्रम सकल झड जाइ ॥१॥**
**जिन जिन सुमिरचा नांव कूं, सो सब उतरचा पार । रांमचरण जो बीसरचा, सो ही जम के द्वार ॥२॥**
**रांम विना सब झूठ बतायो ॥**
**रांम भजत छूटचा सब क्रम्मा । चंद अरु सूर देइ परकम्मा ।**
**रांम कहे तिन कूं भै नाहीं । तीन लोक में कीरतिं गाहीं ॥**
**रांम रटत जम जोर न लागै ॥**
**रांम नाम लिष पथर तराई । भगति हेति औतार ही धरही ॥**
**ऊंच नीच कुल भेद बिचारै । सो तो जनम आपणो हारै ॥**
**सन्तां कै कुल दीसै नाहीं । रांम रांम कह रांम सम्हांहीं ॥**
**ऐसो कुण जो कीरति गावै । हरि हरिजन कौ पार न पावै ॥**
**रांम संतां का अन्त न आवै । आप आपकी बुद्धि सम गावै ॥** –(नामप्रताप) ॥

**अब यिनका खण्डन**

प्रथम त रामचरण आदिको ग्रन्थ हेर्नाले विदित हुन्छ कि यो ग्रामीण एक सीधा सादा मनुष्य थियो । न त्यसले केही पढेको थियो, नत्र भने त यस्तो गपडचौथ किन लेख्थ्यो ? यो केवल यिनीहरूको भ्रम हो कि राम-राम भन्नाले कर्म छुटेर जान्छ । केवल यिनीहरू आफ्नो र अर्काको जन्म नष्ट गर्दछन् ।

जमको भय त बडो भारी छ, परन्तु राजसिपाही, चोर, डाँकू, व्याघ्र, सर्प, बिच्छी र लामखुट्टे आदिको भय कहिल्यै छुट्दैन । चाहे रात दिन राम-राम गरे पनि, केही पनि हुने छैन । जसरी 'चिनी-चिनी' भन्दैमा मुख मीठो हुँदैन, त्यसरी नै सत्यभाषणादि धर्म गरे बिना राम-राम गर्नाले केही पनि हुँदैन, र यदि राम-राम गर्दा, यिनका रामले सुन्दैन भने त जन्म-भरी भने पनि सुन्ने छैन र यदि सुन्दछ भने त दोस्रो पटक पनि राम-राम भन्न व्यर्थ छ । यिनीहरूले आफ्नो पेट भर्न र अरूको जन्म पनि नष्ट गर्नको लागि एउटा पाखण्ड ठडयाएका छन् । अझै हामीले बडो आश्चर्य सुनेका छौं र देखेका छौं कि नाम त राखेका छन् 'रामस्नेही' र कामचाहिं गर्दछन् राँडीस्नेहीको, जहाँ हेर वहाँ राँडी नै राँडीले सन्तहरूलाई घेरिरहेका छन् । यदि यस्ता-यस्ता पाखण्ड चल्दैनथ्यो भने त आर्यावर्त्त देशको दुर्दशा किन हुन्थ्यो ? यिनीहरूले आफ्ना चेलाहरूलाई जूठो ख्वाउँछन्, स्त्रीहरू लम्पसार परेर दण्डवत् प्रणाम गर्दछन् । एकान्तमा पनि स्त्रीहरूका र साधुहरूका लीला चलिराखेको हुन्छ ।

अब यिनको दोस्रो शाखा 'खेडापा' ग्राम मारवाड देशबाट चलेको छ । त्यसको इतिहास– एउटा रामदास नामक जातिको अधम बडो चलाख थियो । त्यसका दुइटी श्रीमतीहरू थिए । त्यो प्रथम धेरै दिनसम्म अघौड बनेर कुकुरहरूको साथमा खाइरह्यो । पछि वामी कूण्डापन्थी । फेरि पछि 'रामदेव' को कामडिया[1] बन्यो । आफ्नी दुइटै स्त्रीहरूको साथमा गाउँथ्यो । यसरी घुम्दा-घुम्दै 'सीथल'[2] मा अधमको गुरु 'रामदास' थियो, उसलाई भेटचो । उसले त्यसलाई 'रामदेव' को पन्थ बताएर आफ्नो चेला बनायो । त्यस रामदासले खेडापा ग्राममा आफ्नो ठाउँ बनायो र यसको मत यता चल्यो, उता शाहपुरामा रामचरणको मत चल्यो ।

त्यसको पनि इतिहास यस्तो सुनिएको छ कि त्यो जयपुरको बनियां थियो । त्यसले 'दांतडा' ग्राममा एक साधुको वेष लियो र उसलाई गुरु बनायो र शाहपुरमा आएर आफ्नो अड्डा जमायो । भोले मनुष्यहरूमा पाखण्डको जरो छिटो गाडिन्छ, गाडियो । यी सबैमा माथिको रामचरणको वचनको प्रमाणले चेला बनाएर उच-नीचको केही भेद छैन । ब्राह्मणमदेखि लिएर अन्त्यज पर्यन्त यसमा चेला बन्दछन् । अहिले पनि कूंडापन्थीबाटै छन्, किनभने माटाको आरीमा नै खान्छन् र साधुहरूको जूठो पनि खान्छन्, वेद धर्मबाट, माता, पितालाई संसारको व्यवहारबाट बहकाएर छुटाउँदै चेला बनाउँछन् र राम नामको महामन्त्र मान्दछन्; र यसैलाई 'छुच्छम'[3] वेद पनि भन्दछन् । राम-राम भन्नाले अनन्त जन्महरूको पाप छुटेर जान्छन्, यसको बिना मुक्ति कसैको हुँदैन ।

जसले श्वास र प्रश्वासको साथमा राम-राम भन्न सिकाउँछ, त्यसलाई सत्यगुरु भन्दछन् र सत्यगुरुलाई परमेश्वर भन्दा पनि ठूलो मान्दछन् र त्यसको मूर्तिको ध्यान गर्दछन् । साधुका चरण धोएर पिउँछन् । जब गुरुदेखि चेला टाढा हुन्छ तब गुरुको नङ र दारीका रउँ आफूसँग राख्दछन् । त्यसको चरणामृत नित्य लिन्छन्, रामदास र हररामदासको वाणीको पुस्तकलाई वेद भन्दा पनि अधिक मान्दछन् । त्यसको परिक्रमा र आठ दण्डवत् प्रणाम गर्दछन् र यदि गुरु समीपमा छ भने त गुरुलाई दण्डवत् प्रणाम गर्दछन् । स्त्री वा पुरुषलाई 'राम-राम' एकैसरी उपदेश गर्दछन्, नामस्मरणबाट कल्याण मान्दछन्, र पढ्नमा पाप सम्झन्छन् । उनीहरूको साखी–

**पंडताइ पाने पडी, ओ पूरब लो पाप । राम-राम सुमरचां विनां, रइग्यौ रीतो आप ॥१॥**

**वेद पुराण पढे पढ गीता, रांमभजन बिन रइ गए रीता ॥**

यस्ता-यस्ता पुस्तक बनाएका छन् । स्त्रीलाई पतिको सेवामा पाप र गुरु-साधुको सेवामा धर्म बताउँछन् । वर्णाश्रमलाई मान्दैनन् । जो ब्राह्मण रामस्नेही छैन भने त नीच, र चाण्डाल रामस्नेही भएमा त त्यसलाई उत्तम मान्दछन् ।

अहिले ईश्वरको अवतार मान्दैनन् र रामचरणको वचन जुन माथि लेखेर आइयो कि–

**भगति हेति औतार ही धरही ॥**

---

१. राजपूतानामा 'चमार' हरू गेरुवा वस्त्र रङ्गाएर 'रामदेव' आदिको गीत जसलाई उनीहरूले 'शब्द' भन्दछन्, चमार र अन्य जातिहरूहरूलाई सुनाउँछन्, तिनीहरूलाई 'कामडिये' भन्दछन् ।

२. 'सीथल' जोधपुरको राज्यमा एउटा ठूलो गाउँ छ ।

३. छुच्छम अर्थात् सूक्ष्म ।

सन्तहरूको हित अवतारलाई पनि मान्दछन्, इत्यादि पाखण्ड-प्रपञ्च यिनको जति छ, सो सबै आर्यावर्त्त देशको अहितकारक हो । यतिबाटै बुद्धिमान्हरूले धेरै कुराहरू बुझ्नेछन् ।

## गोकुलिये गोस्वामीमतको समीक्षा (११.३३)

**प्रश्न–** गोकुलिये गोसांईहरूको मत त अति राम्रो छ । हेर ! कस्तो ऐश्वर्य भोग्दछन् । के यो ऐश्वर्य लीलाको बिना हुनसक्दछ ?

**उत्तर–** यो ऐश्वर्य गृहस्थहरूको हो, गोसांईहरूको केही पनि होइन ।

**प्रश्न–** वाह-वाह ! गोसांईहरूका प्रतापले भएको हो । किनभने यस्तो ऐश्वर्य अरूलाई किन मिल्दैन ?

**उत्तर–** अर्काले पनि यस्तै छल प्रपञ्च रचेमा त ऐश्वर्य मिल्नमा के सन्देह छ र ? यदि यिनीहरू भन्दा अधिक धूर्तता गरे त अधिक ऐश्वर्य हुन पनि सक्दछ ।

**प्रश्न–** वाह जी वाह ! यसमा के धूर्तता छ ? सबै गोलोकको लीला हो ।

**उत्तर–** गोलोकको लीला होइन किन्तु गोसांईहरूको लीला हो । यदि गोलोकको लीला हो भने त गोलोक पनि यस्तै होला ।

यो मत 'तैलङ्ग' देशबाट चलेको हो । किनभने एउटा तैलङ्गी लक्ष्मणभट्ट नामक ब्राह्मण विवाह गरेर कुनै कारणले माता, पिता र स्त्रीलाई छोडेर काशीमा गएर त्यसले संन्यास लिएको थियो र झुटो बोलेको थियो कि मेरो विवाह भएको छैन । दैवयोगले त्यसका माता, पिता र स्त्रीले सुने कि काशीमा गएर संन्यासी भएको छ अरे । त्यसका माता, पिता र स्त्री काशीमा पुगेर जसले उसलाई संन्यास दिएको थियो, त्यसलाई भने कि "हाम्रो पुत्रलाई किन संन्यासी बनाइस् ? हेर ! यसकी यो युवती स्त्री हो ।" स्त्रीले भनी कि "यदि मेरो पतिलाई मसँग पठाउँदैनौ भने मलाई पनि संन्यासिनी बनाइदेऊ ।" तब त त्यसलाई बोलाएर भने कि "तँ त बडो मिथ्यावादी रहेछस् । संन्यास छोडेर गृहाश्रम गर; किनभने तैंले झुटो बोलेर संन्यास लिएको छस् ।" त्यसले पुनः त्यस्तै गर्‍यो । संन्यास छोडेर जोईपोइ मिलेर हिंडे ।

हेर ! यस मतको मूल नै झुट-कपटबाट चलेको छ । जब तैलङ्ग देशमा गए, त्यसलाई आफ्नो जातिमा कसैले लिएनन् । वहाँबाट निक्लेर घुम्न थाले । 'चरणार्गढ' जुन कि काशीको नजिक पर्दछ, जाँदाजाँदै त्यसैको नजिक 'चम्पारण्य' नामक जङ्गलमा पुगे । त्यहाँ कुनै एउटा केटोलाई जङ्गलमा छोडेर चारैतिरबाट टाडा-टाढा आगो सल्काएर छोडिदिएको थियो । किनभने छोड्नेवालाले पनि यो सम्झेको थियो कि– आगो लगाइन भने त अहिल्यै कुनै जनावरले मार्नेछ । लक्षमणभट्ट र उसकी स्त्रीले त्यस केटालाई लिएर आफ्नो पुत्र बनाए । फेरि काशीमा गएर बसे । जब केटो ठूलो हुँदै गयो तब त्यसका आमा-बाउको शरीर छुट्यो । काशीमा बाल्यवस्थादेखि युवावस्थासम्म केही पढ्दै पनि गर्‍यो, फेरि एक विष्णुस्वामीको मन्दिरमा चेला बन्यो । त्यहाँ केही खटपट परेको हुनाले त्यो फेरि काशीमा गयो र संन्यास लियो । फेरि कुनै त्यस्तै नै जातिबहिष्कृत ब्राह्मण काशीमा बस्दथ्यो । त्यसकी छोरी युवती थिई । त्यसले केटालाई भन्यो "तैंले संन्यासलाई छोडेर मेरी छोरीसित विवाह गरेर घरजम बस ।" त्यसै गर्‍यो । जसको बाउले जस्तो लीला गरेको थियो त्यस्तै पुत्रले किन नगर्ने ? त्यस स्त्रीलाई लिएर वहीं गयो जहाँ प्रथम विष्णुस्वामीको मन्दिरमा चेला भएको थियो । विवाह गरेको हुनाले त्यहाँबाट त्यसलाई निकालिदिए । फेरि ब्रजदेशमा जहाँ कि अविद्याले घर बनाएर राखेको छ, गएर आफ्नो प्रपञ्च अनेक प्रकारको छल-युक्तिहरू फैलाउन थाल्यो र भन्न थाल्यो कि मसँग कृष्णले भनेका छन् कि "जो गोलोकदेखि 'दैवीजीव' मर्त्यलोकमा आएका छन्, तिनीहरूलाई ब्रह्मसम्बन्ध आदिले पवित्र गरेर गोलोकमा पठाउनू ।" इत्यादि प्रलोभनका कुरा बताएर थोरै मान्छेहरू अर्थात् ८४ चौरासी वैष्णव बनायो र

**श्रीकृष्णः शरणं मम ॥१॥**

यो मन्त्र दरिद्रहरूका लागि बनायो ।

दोस्रो– **क्लीं कृष्णाय गोपीजनवल्लभाय स्वाहा ॥२॥**

–हेर्नुहोस् (गोपालसहस्रनाम तथा पद्मपुराण ६/उत्तर खण्ड/अध्याय ७२/श्लोक १२२) ॥

यी दुई साधारण मन्त्र हुन्, परन्तु अगाडिको यो निम्नोक्तलाई ब्रह्मसम्बन्ध र समर्पणको मन्त्र भन्दछन्–

**श्रीकृष्णः शरणं मम सहस्रपरिवत्सरमितकालजातकृष्णवियोगजनिततापक्लेशानन्ततिरोभावोऽहं भगवते कृष्णाय देहेन्द्रियप्राणान्तःकरणतद्धर्मांश्च दारगारपुत्राप्तवित्तेहपराण्यात्मना सह समर्प्पयामि दासोऽहं कृष्ण तवास्मि ॥**

यस मन्त्रको उपदेश गरेर शिष्यहरूलाई समर्पण गराउँछन् । **'क्लीं कृष्णायेति'**– यो **'क्लीं'** तन्त्र ग्रन्थकै हो । यसबाट विदित हुन्छ कि यो वल्लभ मत पनि वाममार्गीहरूकै भेद हो । त्यसैले स्त्रीसङ्ग गोसांईहरू बहुधा गर्दछन् । **'गोपीवल्लभेति'**– के कृष्ण गोपीहरूकै मात्र प्रिय थिए, अन्यका होइनन् ? स्त्रीहरूका प्रिय त्यो हुन्छ जो **'स्त्रैण'** अर्थात् स्त्री भोगमा फसेको छ । के श्रीकृष्णजी यस्तै थिए ?

अब **'सहस्रपरिवत्सरेति'**– सहस्र वर्षहरूको गणना व्यर्थ छ, किनभने वल्लभ र उसका शिष्य कोही सर्वज्ञ होइनन् । कृष्णको वियोग सहस्र वर्षदेखि भयो र आज अहिलेको वल्लभको मत त्यति वेला थिएन । अर्थात् न त वल्लभ जन्मेको थियो, उसको पूर्व आफ्ना दैवी जीवहरूको उद्धार गर्नको लागि किन आएन ?

'ताप' र 'क्लेश' यी दुइटै पर्यायवाची शब्द हुन् । यी मध्येमा एकको ग्रहण गर्न उचित थियो, दुइटाको होइन । 'अनन्त' शब्दको पाठ गर्न व्यर्थ छ, किनभने जहाँ अनन्त शब्द छ भने त 'सहस्र' को पाठ गर्न हुँदैन र यदि अनन्तकालदेखि हो भने 'तिरोहित' अर्थात् आच्छादित रहन्छ, उसको मुक्तिको लागि वल्लभको हुनु व्यर्थ छ, किनभने अनन्तको अन्त हुँदैन ।

भला ! देहेन्द्रिय, प्राणान्तःकरण र उसको धर्म, स्त्री, पुत्र, प्राप्तधनको अर्पण कृष्णलाई किन गर्ने ? किनभने कृष्ण पूर्णकाम हुनाले कसैको देहादिको इच्छा गर्न सक्दैनन् र देहादिलाई अर्पण गर्नु पनि हुन सक्दैन, किनभने देहादिको अर्पणले नखशिखाग्रपर्यन्त देह भनिन्छ । त्यसमा जे-जति राम्रो-नराम्रो वस्तु छ, मल मूत्रादिलाई पनि कसरी अर्पण गर्न सक्दछौ ? र जुन पाप-पुण्यरूप कर्म हुन्छन्, तिनलाई कृष्णार्पण गर्नाले त्यसका फलभागी पनि कृष्ण नै हुनेछन् अर्थात् नाम त कृष्णको लिन्छन् र अर्पण आफूबाट गराउँछन् । जे-जति देहमा मलमूत्रादि हुन्छ त्यो पनि गोसांईजीलाई किन अर्पण हुँदैन ? **'के मीठो-मीठो गडप्प र तीतो-तीतो थू'** ? र यो पनि लेखेको छ कि गोसांईजीलाई अर्पण गर्नु अन्य मतवालालाई होइन । यो सबै स्वार्थ-सिन्धुपन र पराय धनादि हर्ने र वेदोक्त धर्म-नाश गर्नको लागि लीला रचेका छन् । हेर्नुहोस् ! यो वल्लभको लीला–

**श्रावणस्यामले पक्षे, एकादश्यां महानिशी । साक्षाद्भगवता प्रोक्तं तदक्षरश उच्यते ॥१॥**
**ब्रह्मसम्बन्धकरणात् सर्वेषां देहजीवयोः । सर्वदोषनिवृत्तिर्हि दोषाः पञ्चविधाः स्मृताः ॥२॥**
**सहजा देशकालोत्था लोकवेदनिरूपिताः । संयोगजाः स्पर्शजाश्च न मन्तव्याः कदाचन ॥३॥**
**अन्यथा सर्वदोषाणां न निवृत्तिः कथञ्चन । असमर्पितवस्तूनां तस्माद्वर्ज्जनमाचरेत् ॥४॥**
**निवेदिभिः समर्प्यैव सर्वं कुर्यादिति स्थितिः । न मतं देवदेवस्य स्वामिभुक्तिसमर्प्पणम् ॥५॥**
**तस्मादादौ सर्वकार्ये सर्ववस्तुसमर्प्पणम् । दत्तापहारवचनं तथा च सकलं हरेः ॥६॥**
**न ग्राह्यमिति वाक्यं हि भिन्नमार्गपरं मतम् । सेवकानां यथा लोके व्यवहारः प्रसिध्यति ॥७॥**
**तथा कार्य्यं समर्प्यैव सर्वेषां ब्रह्मता ततः । गङ्गात्वे गुणदोषाणां गुणदोषादिवर्णनम् ॥८॥**

यी श्लोकहरू गोसांईहरूका **'सिद्धान्तरहस्यादि'** ग्रन्थहरूमा लेखिएका छन् । यही नै गोसांईका मतको मूल तत्त्व हो । भला, यिनीहरूसँग कसैले सोधून् कि श्रीकृष्णको देहान्त भएको केही कम पाँच हजार वर्ष बित्यो । श्रीकृष्ण वल्लभलाई श्रावण मासको आधी रातमा कसरी मिल्न सके ? ॥१॥ जो गोसांईको चेला हुन्छ र गुरुलाई सबै पदार्थको समर्पण गर्दछ, त्यसको शरीर र जीवको सबै दोषहरूको निवृत्ति हुन जान्छ । यही वल्लभको प्रपञ्च नै मूर्खहरूलाई बहकाएर आफ्नो मतमा लैजाने हो । यदि गोसांईका चेला-चेलीहरूका सबै दोष निवृत्त हुन जान्छ भने त रोग-दारिद्र्यादि दुःखहरूबाट किन पीडित रहन्छन् ? र ती दोष पाँच प्रकारका हुन्छन् ॥२॥ **एक**– सहज दोष अर्थात् जुन 'स्वाभाविक' काम-क्रोधादिबाट उत्पन्न हुन्छन् । **दोस्रो**– कुनै देश, कालमा नाना प्रकारको पाप गरिएको हुन्छ । **तेस्रो**– लोकमा जसलाई भक्ष्याभक्ष्य भन्दछन् र वेदोक्त जुन कि मिथ्याभाषणादि हुन् । **चौथो–** 'संयोगज' जुन कि नराम्रो सङ्गतबाट अर्थात् चोरी, जारी, माता, भगिनी, कन्या, पुत्रवधू, गुरुपत्नी आदिसँग संयोग गर्नबाट भएको । **पाँचौं**– 'स्पर्शज' अस्पर्शनीयहरूको स्पर्श गर्नबाट भएको । यी पाँच दोषहरूलाई गोसांईहरूका मतवालाले कहिल्यै नमान्ने अर्थात् यथेष्टाचार गर्ने ॥३॥ 'अरू कुनै प्रकारले दोषहरूको निवृत्ति हुँदैन, बिना गोसांईजीका मतको । यसैले बिना समर्पण गरेको पदार्थहरूलाई गोसांईका चेलाहरूले भोग्दैनन् ।' त्यसैले यिनका चेलाले आफ्नी स्त्री, कन्या, पुत्रवधू र धनादि पदार्थहरू पनि समर्पित गरिदिन्छन् । परन्तु समर्पणको नियम यो छ कि जबसम्म गोसांईजीको चरणसेवामा समर्पित हुँदैनन् तबसम्म उसको स्वामीले स्वस्त्रीलाई स्पर्श नगर्ने ॥४॥ यसैले गोसांईहरूका चेला समर्पण गरे पश्चात् आफ्नो-आफ्नो पदार्थको भोग गर्दछन्, किनभने स्वामीको भोगको पश्चात् समर्पण हुन सक्दैन ॥५॥ यसैले प्रथम सबै कामहरूमा सबै वस्तुहरूको समर्पण गर्ने । प्रथम गोसांईजीलाई भार्यादि समर्पण गरेर पश्चात् आफूले ग्रहण गर्ने, त्यसै गरी हरिलाई सम्पूर्ण पदार्थ समर्पण गरेर आफूले ग्रहण गर्ने ॥६॥ गोसांईजीको मतदेखि भिन्न मार्गको वाक्यलाई गोसांईका शिष्यले कहिल्यै पनि नसुन्ने, कहिल्यै ग्रहण

नगर्ने, यही उनका शिष्यहरूको व्यवहार प्रसिद्ध छ ॥७॥ त्यसरी नै सबै वस्तुहरूको समर्पण गरेर सबैको बीचमा ब्रह्मबुद्धि गर्ने । त्यसपछाडि जसरी गङ्गामा अन्य जल मिलेर गङ्गारूप हुन जान्छ, त्यसरी नै आफ्नो मतमा गुण र अर्काको मतमा दोषको वर्णन गर्ने गरोस् ॥८॥

अब लिनुहोस् कि यो ! गोसांईहरूको मत सबै मतहरूदेखि अधिक आफ्नो प्रयोजन सिद्ध गर्नेवाला हो । भला, गोसांईहरूलाई कसैले सोधोस् कि ब्रह्मको एक लक्षण पनि तिमीले जान्दैनौ भने त शिष्यहरूलाई ब्रह्मसम्बन्ध कसरी गर्न सक्दछौ ? यदि भनौला कि हामी नै ब्रह्म हौं, हाम्रो साथमा सम्बन्ध हुनाले ब्रह्मसम्बन्ध हुन जान्छ । त्यसो भए तिमीमा ब्रह्मको गुण-कर्म-स्वभाव एउटा पनि छैन, पुनः के तिमी केवल भोग-विलासको लागि मात्र ब्रह्म बनेका हौ ?

भला ! शिष्य र शिष्याहरूलाई त तिमीले आफूमा समर्पित गराएर शुद्ध गर्दछौ परन्तु तिमी र तिम्री भार्या, कन्या, पुत्रवधू तथा पुत्रादि असमर्पित रहनाले अशुद्ध रहन गयौ कि गएनौ ? यदि असमर्पित वस्तुलाई अशुद्ध मान्दछौ भने त तिमी अशुद्ध किन होइनौ ? यसैले तिमी र तिम्री भार्या र पुत्रादि अन्यको साथ समर्पित हुनुपर्दछ कि पर्दैन ? यदि भनौला कि पर्दैन तब त अन्यलाई आफ्नो साथ समर्पित किन गर्दछौ ? यसैले तिम्रा लागि यो उचित हुन्छ कि वेदमतलाई मान र प्रपञ्चादि नराम्रा कामहरूलाई छोड, जसबाट यस लोक र परलोकको शुद्धि भएर आनन्द भोग ।

यिनले आफ्ना सम्प्रदायलाई **'पुष्टि मार्ग'** भन्दछन् अर्थात् खानें-पिउँने, पुष्ट हुनें, सबै स्त्रीहरूसँग यथेष्ट भोग-विलास गर्ने । परन्तु जब भगंदरादि (भिरिङ्गी) रोग लाग्दछ त यही मत साक्षात् नरक मार्ग बन्दछ । बडो आश्चर्यको कुरा छ कि यस्ता-यस्ता पशुवत् क्रीडा गर्नेहरूका पनि मत संसारमा चलिराखेको छ । कहाँसम्म लेखूँ यिनीहरूका सबै लीला यसरी नै शास्त्रविरुद्ध पापवर्द्धक छन् ।

यसै प्रकार मिथ्याजाल रचेर बिचरा भोले-भाले मनुष्यहरूलाई जालमा फसाएर आफूलाई श्रीकृष्ण मान्दै सबैको स्वामी बन्दछन् । यस्तो भन्दछन् कि "जति पनि दैवी जीव गोलोकबाट आएका छन्, तिनीहरूको उद्धार गर्नको लागि हामी लीला पुरुषोत्तम जन्मेका हौं । जबसम्म हाम्रो उपदेश लिंदैनन् तबसम्म गोलोकको प्राप्ति हुँदैन । वहाँ एक श्रीकृष्ण पुरुष र बाँकी सबै स्त्रीहरू छन् ।"

वाह जी वाह ! राम्रो मत रहेछ !! गोसांईहरूका जति चेला छन्, ती सबै गोपिनीहरू बन्न जानेछन् । भला जुन एक पुरुषले दुइटी स्त्री राखेको हुन्छ, त्यसको बडो दुर्दशा हुन्छ भने त जहाँ एक पुरुष र करोडौं स्त्री एकको पछाडि लागेका छन्, त्यसको दुःखको पारै छैन । यदि भनौला कि श्रीकृष्णमा ठूलो सामर्थ्य छ, सबैलाई प्रसन्न गर्दछन् भने त उसकी स्त्री जसलाई स्वामिनीजी भन्दछन्, उसमा पनि श्रीकृष्णकै तुल्य सामर्थ्य छ होला, किनभने त्यो उसकी अर्द्धाङ्गिनी हो । जसरी यहाँ स्त्री पुरुषको कामचेष्टा तुल्य अथवा पुरुष भन्दा स्त्रीको अधिक हुन्छ भने त गोलोकमा किन नहोला ? यदि यस्तो छ भने त अन्य स्त्रीहरू र स्वामिनीजीको अत्यन्त लडाईं पनि हुन्छ होला, किनभने सपत्नीभावको जरो धेरै नराम्रो हुन्छ । पुनः गोलोक स्वर्गको बदला नरकवत् भयो होला, अथवा जसरी धेरै स्त्रीगामी पुरुष भगन्दरादि रोगहरूले पीडित रहन्छ, त्यस्तै गोलोकमा पनि छ होला । यस्तो गोलोक भन्दा त मर्त्यलोक नै राम्रो छ ।

हेर ! जसरी यहाँ गोसांईजी आफूलाई कृष्ण मान्दछन्, थुप्रै स्त्रीहको सङ्गले भगन्दर प्रमेहादि रोगहरूले पीडित छन् भने त अहिले जसका स्वरूप 'गोसांई' पीडित हुन्छन् भने त गोलोकका स्वामी श्रीकृष्ण यी रोगहरूबाट पीडित किन छैनन् होला ? र यदि छैनन् भने त उनका स्वरूप गोसांई किन पीडित हुन्छन् ?

**प्रश्न–** मर्त्यलोकमा लीलावतार धारण गर्नाले रोग-दोष हुन्छ, गोलोकमा हुँदैन, किनभने वहाँ रोग-दोष छैन ।

**उत्तर– 'भोगे रोगभयम्'** [भर्तृहरि वैराग्यशतक, श्लोक ३३] जहाँ भोग हुन्छ, त्यहाँ रोग अवश्य हुन्छ । र श्रीकृष्णका करोडौं-करोड स्त्रीहरूका सन्तान हुन्छन् कि हुँदैनन् ? यदि हुन्छन् भने त छोरा-छोरा मात्रै हुन्छन् कि छोरी-छोरी ? अथवा दुइटै ? जति छोरीहरू हुन्छन् तिनको विवाह कोसित हुन्छ होला ? किनभने वहाँ दोस्रो कोही पुरुष छैन, यदि दोस्रो छ भने त तिम्रो प्रतिज्ञा-हानि हुन गयो, र केटाहरूको विवाह कहाँ हुन्छ होला ? अथवा घरैमा विवाह गर्दछन् ? अन्यका छोराहरू छन् भने पनि तिम्रो प्रतिज्ञा 'गोलोकमा एउटै मात्र श्रीकृष्ण पुरुष' नष्ट हुन जानेछ र यदि सन्तान हुँदै-हुँदैनन् भने त कृष्ण अथवा उनकी स्त्रीहरूका शरीरमा वीर्यहीनता वा बन्ध्यापन दोष हुनेछ । त्यो गोलोक के हो, जान दिल्लीको बादशाहकी स्वास्नीहरूको सेना !

फेरि गोसांईहरू तन-मन-धन आफूमा अर्पण शिष्य र शिष्याहरूलाई गराउँदछन् । जुन शरीर हो त्यो विवाहित स्त्री र पतिलाई समर्पण हुन जान्छ र मन पनि फेरि दोस्रो पुरुषलाई समर्पण हुन सक्दैन, यदि

हुन सक्दछ भने त त्यो स्त्री दुई पतिवाली भएर व्यभिचारिणीमा गनिन्छे । र जुन नखशिखाग्रशरीर गुसांईजीलाई अर्पण हो भने त त्यसमा उत्पन्न भएका धातु, मल, मूत्रादि पनि गुसांईजीलाई अर्पण भैसक्यो र धनको अर्पण यसको लागि गर्दछन् कि कमाउने चेला भोग्ने गोसांई । जति गोसांई छन्, ती अहिलेसम्म तैलङ्गको जातिमा छैनन्, जो कसैले यिनलाई छोरी दिन्छ, त्यो पनि जातिबाह्य भएर भ्रष्ट हुन जान्छ, किनभने यी जातिबाट पतित गरिएका र विद्याहीन रात-दिन प्रमादमा रहन्छन् ।

फेरि हेर ! जब कोही यिनलाई पधरावनी (गुरुपूजा) गर्दछन् तब गएर चुपचाप काठको पुतलीझैं बस्दछन्, न बोल्नु न चाल्नु । किनभने बोलोस् तब नै जब मूर्ख हुँदैन । **'मूर्खाणां बलं मौनम्'** मूर्खहरूको बल मौनमा हुन्छ, यदि बोल्यो भने त त्यसको पोल खोलिन्छ, परन्तु स्त्रीहरूतिर खुब ताकिराख्दछ, जसलाई गोसांईजीले हेरे त्यो स्त्री, उसको पति, भाइ, बन्धु, माता, पिता बडो प्रसन्न हुन्छन् । सबै स्त्रीहरूले गोडा छुन्छन् । जसमाथि गोसांईजीको मन लाग्छ त्यसको हात गोडाको औंलाले दबाउँछ । त्यो स्त्री र त्यसका सम्बन्धीहरूले आफ्नो धन्यभाग सम्झन्छन् र त्यसका पति आदिले त्यस स्त्रीलाई भन्दछन् कि तँ गोसांईजीको चरणसेवामा जा । र जहाँ कहीं त्यसका पति आदि प्रसन्न हुँदैनन्, वहाँ दूतिनी कुटिनीहरूबाट काम सिद्ध गर्दछन् । साँच्चै सौध्छौ भने त यस्ता काम गर्ने गराउनेवाला उनका मन्दिर र उनैसँग भँडुवापन गर्नेवाला धेरै छन् ।

अब यिनीहरूको दक्षिणाको लीला अर्थात् भेटी यसरी माग्दछन् कि– गोसांईजीलाई, बुहारीजीलाई, लालाजीलाई, छोरीजीलाई, मुखियाजीलाई, बाहिरीयाजीलाई, गवैयाजीलाई, ठाकुरजीलाई भेटी ल्याऊ भन्दै, यी सात दोकानबाट खुब माल मार्दछन् । जब कुनै उनको सेवक मर्न लाग्दछ तब त्यसको छातीमा गोडो छुवाएर, जे मिल्दछ त्यो गासांईले लिन्छन् । के यो महाब्राह्मण र कर्टियाको, मुर्दावलीको दान होइन ? कसै-कसैले विवाहमा पनि गोसांईलाई बोलाउँछन् र केटा-केटीको पाणिग्रहण गराउँछन्, कोही-कोही सेवक जब **'केशरिया स्नान'** अर्थात् गोसांईजीको शरीरमा स्त्रीहरूले केशरको उबटन (लेपन) लगाएर एउटा ठूलो भाँडामा पट्टा लगाएर गोसांईजीलाई स्त्री-पुरुषले मिलेर स्नान गराउँछन्, परन्तु विशेष गरेर स्त्रीले स्नान गराउँछन् । पुनः जब गोसांईजी पिताम्बर पहिरेर खराऊमा खुट्टा राखेर बाहिर निस्कन्छन् र धोती उसैमा पट्किदिन्छन् । त्यस जलको आचमन उसका सेवकले गर्दछन्, र राम्रो मसालेदार पान बिडी गोसांईजीलाई दिन्छन् । त्यसलाई चबाएर केही निल्छन्, शेष एक चाँदीको कटौरामा उसका सेवकले मुख अगाडि राखिदिन्छन्, त्यसैमा वकलिदिन्छन् । त्यसको पनि प्रसादी बाँडिन्छ जसलाई **'खाश प्रसादी'** भन्दछन् ।

अब विचार गर्नुहोस् कि यिनीहरू कस्ता खालका मनुष्य हुन् ? जुन मूढता र अनाचर हुन्छ भने त यतिमात्रै होला र ! थुप्रैका समर्पण लिन्छन् । त्यस मध्येमा कतिले त वैष्णवहरूका हातबाट मात्रै खान्छन् अन्यको होइन । कतिले त आफ्नै हातले मात्र बनाएको खान्छन्, दाउरो र दाबिलो समेत धुन्छन् परन्तु पीठो, गुँड, चिनी, घ्यू आदि धोए बिना स्पर्श बिग्रन जान्छ । के गरून् बिचराले ! यदि यिनलाई धोएमा त पदार्थ नै गुमाउनु पर्दछ । तिनीहरू भन्दछन् कि हामीले ठाकुरजीको रङ्ग, राग, भोगमा थुप्रै धन लगाइदिन्छौं, परन्तु ती रङ्ग, राग, भोग आफैले गर्दछन् र साँच्चै भनौं भने त त्यहाँ बडा-बडा अनर्थ हुन्छन् । अर्थात् होलीको समयमा पिच्कारी भरेर स्त्रीहरूका अस्पर्शनीय अवयवहरूमा मार्दछन् र रसविक्रय ब्राह्मणको लागि निषिद्ध कर्म हो त्यसलाई पनि गर्दछन् ।

**प्रश्न**– गुसांईजी रोटी, दाल, कढी, भात, मठरी, लड्डु आदि बेच्दैनन् किन्तु आफ्ना नोकर-चाकरहरूलाई पत्तल (दुना र टपरीमा) बाँडिदिन्छन्, तिनीहरूले बेच्दछन्, गोसांईजीले होइन ।

**उत्तर**– यदि गोसांईजीले उनीहरूलाई मासिक तलबको रूपमा पैसा दिने हो भने त तिनीहरूले पत्तल नै किन लिन्थे ? गोसांईजी आफ्ना नोकरहरूको हात दाल-भात आदि नोकरीको बदलामा बेच्दछन् र तिनीहरूले बाहिर बेच्दछन् । यदि गोसांईजीले बाहिर बेच्थे भने त नोकर जो ब्राह्मणादि छन्, तिनीहरू त रसविक्रय दोषबाट बच्ने थिए, एक्लै गोसांईजी मात्रै रसविक्रयको पापमा फस्ने थिए । प्रथम आफू फसे र अन्यलाई पनि फसाए, कहीं-कहीं नाथद्वारा आदिमा गोसांईजीले पनि बेच्दछन् । रसविक्रय गर्नु नीचहरूको काम हो, उत्तमहरूको होइन । यस्ता-यस्ता मान्छेहरूले यस आर्यावर्त्तको अधोगति गरिदिएका छन् ।

## स्वामी नारायणमतको समीक्षा (११.३४)

**प्रश्न**– "स्वामीनारायणको" मत कस्तो छ ?

**उत्तर**– **'यादृशी शीतला देवी, तादृशो वाहन खरः'** जस्तो धनहरणादिमा गोसांई लीला छ, त्यस्तै नै स्वामीनारायणको पनि छ ।

जुन 'सहजानन्द' अयोध्याको नजिक एउटा ग्राममा जन्मेको थियो, त्यो ब्रह्मचारी बनेर गुजरात, काठियावाड, कच्छभुज आदि देशहरूमा फिर्दथ्यो । उसले देख्यो कि यो देश मूर्ख र भोला छ, जसरी चाहे पनि यिनीहरूलाई आफ्नो मतमा झुकाउनु पर्दछ । त्यसले दुई चार शिष्य बनायो । तिनीहरूले आपसमा सम्मति गरेर प्रसिद्ध गरे कि सहजानन्द नारायणको अवतार बडो सिद्ध छ , चतुर्भुज बनेर दर्शन पनि दिन्छ ।

एक पटक काठियावाडमा कुनै **'काठी'** अर्थात् जसको नाम **'दादाखाचर'** थियो । गढ्डाको भूमिया (जमिन्दार) थियो । त्यसलाई शिष्यहरूले भने कि "तिमीले चतुर्भुज नारायणको दर्शन गर्न चाहन्छौ भने त हामी सहजानन्दजीसँग प्रार्थना गरौं ?" त्यसले भन्यो- "अति राम्रो कुरो हो ।" त्यो भोला मान्छे थियो । एउटा कोठरीमा सहजानन्द मुकुट धारण गरेर शङ्ख-चक्र आफ्नो हातमा माथितिर धारण गऱ्यो र एक दोस्रो मान्छेले उसको पछाडि उभिएर गदा-पद्म आफ्नो हातमा लिएर सहजानन्दको बाहुला भन्दा अगाडि हात निकालेर चतुर्भुजको तुल्य बन-ठन गरेर देखाए । दादाखाचरसँग उनका चेलाहरूले सम्झाउँदै भने कि "एक पटक आँखा उघारेर हेर्नू अनि तुरुन्तै आँखा चिम्लिहाल्नू र यतातिर निस्किहाल्नू । यदि धेरैबेरसम्म हेरिराख्यौ भने त नारायणले कोप गर्नेछन् ।" अर्थात् चेलाहरूको मनमा त थियो कि हाम्रो कपटको परीक्षा नगरोस् । ती शिष्यहरूले त्यसलाई त्यो बनिबनाउ ठाउँमा लगे, त्यो सहजानन्द कारीगरीका सामाग्रीले सजिसजाउ र चम्कँदो रेशमी वस्त्र धारण गरेर बसेको थियो । अँधेरो कोठरीमा उभिएको थियो । त्यसका चेलाहरूले अचानक लालटेनले कोठा उज्यालो पारे । दादाखाचरले आँखा उघारेर हेर्दा त चतुर्भुज मूर्तिको रूपमा देख्यो, चेलाहरूले तुरुन्तै बत्ती छेकिदिए । ती सबै निहुरेर नमस्कार गर्दै दोस्रोतिरबाट बाहिर निस्किए र त्यसै वेला आवाज सुनाए कि "तिमी धन्य भाग्य भयौ । अब तिमी महाराजको चेला बन ।" त्यसले- "हुन्छ म बन्छु" भन्यो । जबसम्म फर्केर दोस्रो स्थानमा पुग्दा त वस्त्र बदलेर सहजानन्द आफ्नो गद्दीमा बसिराखेको थियो । तब चेलाहरूले उसलाई भने कि "हेर ! अब दोस्रो स्वरूप धारण गरेर यहाँ बस्नुभएको छ ।"

त्यो दादाखाचर यिनको जालमा फस्न पुग्यो । त्यहींदेखि यिनको मतको जरो गाडिन पुग्यो किनभने त्यो एउटा ठूलो भूमिया (जमिन्दार) थियो । त्यहीं आफ्नो जरो गडायो । पुनः यता-उति घुम्दै पनि रह्यो, सबैलाई उपदेश गर्दथ्यो, थुप्रैलाई साधु पनि बनायो । कहिलेकाहिं साधुको कण्ठको नाडीलाई मलेर मूर्छित पनि पारिदिन्थ्यो र सबैसँग भन्दथ्यो कि मैले यिनलाई समाधि चढाइदिएको छु । यस्ता-यस्ता धूर्ततामा काठिवाडका भोले मान्छेरू त्यसको पेचमा फस्न गए । जब त्यो मऱ्यो तब त्यसका चेलाहरूले थुप्रै पाखण्ड फैलाए ।

यसमा यो दृष्टान्त उचित हुनेछ कि– जस्तै एउटा चोरी गर्दागर्दै रङ्गेहात पक्रियो । न्यायाधीशले त्यसको नाक काट्नको लागि दण्ड सुनाए । जब त्यसको नाक काटियो तब त्यो धूर्त नाच्न, गाउन र हाँस्न थाल्यो । मान्छेहरूले सोधे कि "तँ किन हाँसेको छस् ?" त्यसले भन्यो– "कसैलाई भन्न हुँदैन !" फेरि मान्छेहरूले सोधे– "यस्तो कुनचाहिं कुरो छ ?" त्यसले भन्यो– "बडो भारी आश्चर्यको कुरो छ, मैले यस्तो त कहिल्यै देखेको थिइनँ ।" मान्छेहरूले भने– "भन्-भन् ! के कुरो हो ?" त्यसले भन्यो "मेरो सामुन्ने साक्षात् चतुर्भुज नारायण उभिनुभएको छ । मैले देखेर बडो प्रसन्न हुँदै नाच्ने-गाउने र आफ्नो भाग्यलाई धन्यवाद दिएको छु कि मैले नारायणको साक्षात् दर्शन गरिरहेको छु ।" मान्छेहरूले भन्नथाले– "हामीलाई किन दर्शन भएको छैन ?" त्यसले भन्यो कि– "नाकले छेकिरहेको छ । यदि नाक कटायौ भने त नारायणलाई देख्नेछौ, नत्र भने देख्दैनौ ।" ती मध्येमा एउटा मूर्खले अठोट गऱ्यो कि नाक बरु गए जाओस्, परन्तु नारायणको दर्शन अवश्य गर्नुपर्दछ । उसले भन्यो कि "मेरो पनि नाक काटिदेओ, नारायणलाई देखाइदेओ ।" त्यसले उसको नाक काटेर भन्यो कि "तैंले पनि मैले जस्तै गर, नत्र भने त तेरो र मेरो उपहास हुनेछ ।" उसले पनि कुरो बुझ्यो कि अब काटिएको नाक त फर्केर आउँदैन, यस्तै गर्नु ठीक छ, उसले पनि त्यसै गरी नाच्न, गाउन, कुद्न र हाँस्न थाल्यो अनि भन्न थाल्यो कि– "मैले पनि नारायणलाई देखें ।" यस्तै हुँदाहुँदै एक हजार मनुष्यको झुण्ड बन्यो, बडो कोलाहल भयो, आफ्नो सम्प्रदायको नाम 'नारायणदर्शी' राखे । यो कुरो कुनै मूर्ख राजाले सुन्यो, अनि तिनीहरूलाई बोलायो । जब राजा तिनीहरूका पासमा गयो तब त तिनीहरू धेरै नाच्न, कुद्न र हाँस्न थाले । तब राजाले सोध्यो कि "यस्तो के कुरो हो ?" तिनीहरूले भने कि "साक्षात् नारायण हामीले देखेका छौं ।"

**राजा**- मैले किन देख्दिन त ?

**नारायणदर्शी**– जबसम्म नाक हुन्छ तबसम्म देखिंदैन र जब नाक कटाउनेछौ, तब नारायणलाई प्रत्यक्ष देख्नेछौ । राजाले विचाऱ्यो ठीक छ । ज्योतिषीजी ! मुहूर्त्त निकाल्नुहोस् । "जो हुकुम ! दशमीको दिन प्रातःकाल आठ बजे नाक कटाउने र नारायणको दर्शन गर्नको लागि शुभ मुहूर्त्त छ ।"

वाह रे पोपजी ! आफ्नो ठेलीमा नाक काट्ने-कटाउने मुहूर्त्त पनि लेखिदियौ ।

जब राजाको इच्छा भयो र ती हजारौंलाई पङ्क्तिमा राखेर खुशी पार्न लागे तब त ती सबै प्रसन्न भएर नाच्न, कुद्न र गाउन थाले । यो कुरो राजाका सल्लाहाकार, मन्त्री आदि र कोही बुद्धि भएकाहरूलाई राम्रो लागेन । राजाको एउटा चार पिंढीको ९० वर्षको बूढो मन्त्री थियो । त्यसलाई गएर आफ्नो पलाँतिले जुन कि यतिखेर मन्त्री थियो, यो कुरो सुनायो । तब त्यस वृद्धले भन्यो कि– "तिनीहरू धूर्त हुन् । तैंले मलाई राजाकहाँ लैजा ।" पलाँतिले लिएर गयो । बस्दाखेरि राजाले ती नाक कटुवाहरूको कुरो बडो हर्षित भएर सुनाए । वृद्ध मन्त्रीले भने कि– "सुन्नुहोस् महाराज ! यस्तो शीघ्रता गर्नु हुँदैन । बिना परीक्षा गरे पश्चाताप हुन्छ ।"

**राजा**– के यी हजारौं मान्छेले झुटो बोल्दछन् ?

**वृद्ध मन्त्री**– झुटो भन या साँचो, बिना परीक्षाको साँचो-झुटो कसरी भन्न सकिन्छ ?

**राजा**– परीक्षा कुन प्रकारले गर्ने त ?

**वृद्ध मन्त्री**– विद्या, सृष्टिक्रम प्रत्यक्षादि प्रमाणहरूबाट ।

**राजा**– जसलाई पढिएकै छैन, त्यसको परीक्षा कसरी गर्ने ?

**वृद्ध मन्त्री**– विद्वान्हरूको सङ्गले ज्ञानको वृद्धि गरेर ।

**राजा**– यदि विद्वान् पाइएनन् भने त ?

**वृद्ध मन्त्री**– पुरुषार्थीलाई कुनै कुरो दुर्लभ छैन ।

**राजा**– त्यसो भए तपाईंले नै भन्नुहोस् अब के गर्ने ?

**वृद्ध मन्त्री**– म बूढो भएँ र घरमा बसिराख्दछु अब धेरै समय बाँच्दिन पनि । म प्रथम परीक्षा गरेर लिन्छु, तत्पश्चात् जस्तो उचित सम्झनुहुन्छ त्यस्तै गर्नुहोला ।

**राजा**– धेरै राम्रो कुरो हो । ज्योतिषीजी ! वृद्ध मन्त्रीको लागि मुहूर्त्त निकाल्नुहोस् ।

**ज्योतिषी**– जो महाराजको आज्ञा । यही शुक्ल पञ्चमी १० बजेको मुहूर्त्त राम्रो छ । जब पञ्चमी आयो राजाजीकहाँ आएर आठ बजे बूढो मन्त्रीले राजाजीलाई भने कि "हजार दुई हजार सेना लिएर हिंड्नुपर्दछ ।"

**राजा**– वहाँ सेनाको के काम छ ?

**वृद्ध मं.** – तपाईंलाई राज्य व्यवहारको बारेमा जानकारी छैन । जस्तो मैले भन्दछु त्यस्तै गर्नुहोला ।

**राजा**– हुन्छ, जाओ भाइ ! सेनालाई तयार गर । साढे नौ बजे सवारी गरेर राजाले सबैलाई लिएर गयो । यिनीहरूलाई देखेर ती नाच्न, गाउन, कुद्न र हाँस्न थाले । राजा गएर बसे । उनीहरूको महन्त जसले यो सम्प्रदाय चलाएको थियो, जसको प्रथम नाक काटिएको थियो, त्यसलाई बोलाएर भने कि "आज हाम्रा वृद्ध मन्त्रीलाई नारायणको दर्शन गराओ ।" त्यसले भन्यो– "हुन्छ ।"

दश बजेको समय आयो तब एउटा थाली मनुष्यको नाकको तल समातेर राखे । त्यसले धारिलो चक्कू लिएर नाक काटेर थालीमा फ्याँकिदियो र रुधिर (रगत) बग्न थाल्यो । वृद्धको मुख बिग्रियो । त्यस धूर्तले वृद्धको कानमा मन्त्रोपदेश गऱ्यो कि "तपाईं पनि हाँसेर सबैलाई भन्नुहोस् कि मैले नारायण देखें । काटिएको नाक अब फेरि आउनेछैन । यदि यस्तो भनेनौ भने त तिम्रो धेरै ठट्टा हुनेछ," यस्तो भनेर त्यो पन्छियो । वृद्धाले गम्छा लिएर काटिएको नाकलाई छोपे । जब वृद्धासँग राजाले सोधे कि "भन्नुहोस् ! नारायण देख्नुभएको छ कि छैन ?" वृद्धाले राजाको कानमा भने कि "केही पनि देखिंदैन, वृथा यस धूर्तले हजारौं मनुष्यलाई बिगाऱ्यो ।" राजाले वृद्धासँग सोधे– "अब के गर्नुपर्दछ ?" वृद्धाले भने– "यिनलाई समातेर कठिन दण्ड दिनुपर्दछ । जबसम्म बाँच्दछन् तबसम्म बन्दीघरमा राख्ने र त्यस दुष्टलाई जसले यी सबैलाई बिगाऱ्यो, गधामाथि चढाएर बडो दुर्दशाको साथमा मार्नुपर्दछ ।" जब राजा र वृद्धाले कानमा कुरागर्न लागे तब तिनीहरू डरको मारे भाग्नको लागि तयारी गर्न थाले, परन्तु चारैतिर राजाका फौजले घेरा हालेर राखेको थियो, भाग्न सकेनन् । राजाले आज्ञा दिए कि "सबैलाई समातेर साङ्लाले बाँध र यस दुष्टको मुख कालो गरेर, गधामाथि चढाएर, यसको कण्ठमा च्यातिएका जुत्ताको माला भिराएर, सर्वत्र घुमाएर, केटाहरूले धुलो-खरानी यसको जीउमाथि खन्याएर, चोक-चोकमा जुत्ताले पिट्दै, कुकुरहरूबाट टोकाउँदै मार्नू । यदि यस्तो गरिएन भने त पुनः अर्कोले पनि यस्तो काम गर्नदेखि डराउने छैन ।"

जब यस्तो भयो तब नाककट्टेका सम्प्रदाय बन्द भए । यस्तै प्रकारको वेदविरोधी सबै सम्प्रदायहरूको लीला छ ।

यी स्वामीनारायणवाले धनहरे अर्काको धन हर्नमा बडो चतुर छन्, छल-कपटयुक्त काम गर्दछन् । कतिले त मूर्खहरूलाई बहकाउनको लागि मर्ने वेलासम्म पनि भन्दछन् कि– "सेतो घोडामाथि बसेर सहजानन्दजी मलाई लिनको लागि आउनुभएको छ नित्य यस मन्दिरमा आउनुहुन्छ ।"

जब मेला लाग्दछ तब मन्दिरमा पुजारी रहन्छ र तलपट्टि दोकान हुन्छ । मन्दिरदेखि दोकानसम्म (छिद्र) प्वाल राख्दछन् । जो कसैले नरिवल चढाउँछ, त्यसैलाई छिद्रको मार्फत दोकानमा फ्याँक्दछन्, अर्थात् यसै प्रकारले एउटा नरिवल दिनमा हजारौं पटक बिक्दछ । यसरी नै सबै पदार्थहरूलाई बेच्दछन् ।

जुन जातिको साधु हुन्छ, त्यसबाट त्यही काम गराउँछन् । जस्तै नापित हो भने नापितको, कुमाले हो भने कुमालको, शिल्पी हो भने शिल्पको, बनिया हो भने बनियाको काम लिन्छन् । आफ्ना चेलामाथि अनेक प्रकारको कर बाँधिदिन्छन् । लाखौं करोडौं रुपैयाँ ठगेर एकत्र गर्दछन् र गर्दैजान्छन् । जो गद्दीमा बस्दछ, त्यो गृहस्थ विवाह गर्दछ, आभूषणादि पहिरन्छ । जहाँ कहीं पधरावनी (गुरुपूजा) हुन्छ, वहाँ गोकुलियेकै समान गोसांईजी, बहूजी आदिको नामबाट भेटीपूजा लिन्छन् । आफूलाई **'सत्सङ्गी'** र अन्य मतवालालाई **'कुसङ्गी'** भन्दछन् । आफ्ना सिवाय अर्का कस्तै नै उत्तम धार्मिक पुरुष किन नहोस्, त्यसको मान्य सेवा गर्दैनन्, अन्यको सेवामा पाप गन्दछन् ।

प्रसिद्धिमा यिनका साधुले स्त्रीको मुख हेर्दैनन्, परन्तु गुप्त के लीला हुन्छ होला, यसको प्रसिद्धि सर्वत्र न्यून भएको छ । कहीं-कहीं साधुहरूको परस्त्री गमनादिको लीला प्रसिद्ध भएको छ र यिनीहरूमा जो-जो ठूला-ठूला छन्, ती जब मर्दछन् तब तिनलाई गुप्त कुवामा फ्याँकेर प्रसिद्धि गर्दछन् कि अमुक महाराज त, सदेह वैकुण्ठमा जानुभयो । सहजानन्दजी आएर लिएर जानुभयो । हामीले धेरै प्रार्थना गर्‍यौं कि– "महाराज ! यिनलाई नलैजानुहोस्, किनभने यी महात्मा यहाँ रहँदामै राम्रो हुन्छ ।" सहजानन्दजीले भन्नुभयो कि– "हुँदैन, अब यिनको वैकुण्ठमा अति आवश्यकता छ, त्यसैले लैजान्छु ।" हामीले आफ्नै आँखाले सहजानन्दजीलाई र विमानलाई देख्यौं तथा जो मर्नेवाला थिए विमानमा बसाए, माथि उडाएर पुष्पको वर्षा गर्दै लगे ।

र जब कोही साधु बिरामी हुन्छ, बाँच्ने आशा हुँदैन, तब भन्दछ कि– "म भोलिको रातमा वैकुण्ठमा जानेछु ।" सुनिएको छ कि जसको त्यस रातमा प्राण छुट्दैन र मूर्छित परेको हुन्छ, तर पनि कुवामा लगेर फ्याँकिदिन्छन् किनभने यदि त्यस रातमा न फ्याँके त झुट हुन जान्छ, यसैले यस्तो काम गर्दा होलान् ।

यसरी नै जब गोकुलिया गोसांई मर्दछ तब उसका चेलाले भन्दछन् कि– "गोसांईजी लीला विस्तार गरेर जानुभयो ।" जुन यी गोसांई, स्वामीनारायणवालाहरूको उपदेश गर्ने मन्त्र एउटै नै **'श्रीकृष्णः शरणं मम'** छ, यसको अर्थ यस्तो गर्दछन् कि "श्रीकृष्ण मेरो शरण छन्, अर्थात् म श्रीकृष्णको शरणागत छु ।" परन्तु यसको अर्थ "श्रीकृष्ण मेरो शरणलाई प्राप्त अर्थात् शरणागत होऊन्" यस्तो पनि हुन सक्दछ । यी सबै जति मत छन्, ती विद्याहीन हुनाले ऊटपटाङ्ग शास्त्रविरुद्ध वाक्यरचना गर्दछन् । किनभने यिनीहरूलाई विद्याको नियमको जानकारी छैन ।

## माध्व, लिङ्ग, चक्राङ्कित, ब्राह्मप्रार्थना समाज आदिको समीक्षा (११.३५)

**प्रश्न**– माध्व मत त राम्रो छ ?

**उत्तर**– जस्ता अन्य छन्, त्यस्तै यो पनि हो, किनभने यी पनि चक्राङ्कित हुन्छन् । यिनमा चक्राङ्कितदेखि यति विशेष छ कि रामानुजीय एक पटक चक्राङ्कित हुन्छन् र माध्व– वर्ष-वर्षमा पटक-पटक चक्राङ्कित हुँदै जान्छन् । चक्राङ्कितले निधारमा पहेंलो रेखा र माध्वले कालो रेखा लगाउँछन् । एउटा माध्व पण्डितसँग कुनै एक महात्माको सवांद भएको थियो ।

**महात्मा**– तिमीले यो कालो रेखा र चन्द्राकार तिलक किन लगायौ ?

**शास्त्री**– यसलाई लगाउनाले हामी वैकुण्ठमा जानेछौं र श्रीकृष्णको स्वरूप पनि श्याम थियो, यसैले हामीले कालो तिलक लगाउँछौं ।

**महात्मा**– जब कालो रेखा र तिलक लगाउँदा मात्रैमा वैकुण्ठमा जान्छौ भने त मुखभरी कालो पोतेमा त कहाँ जान्छौ ? के वैकुण्ठ भन्दा पनि पर जान्छौ ? र जस्तो श्रीकृष्णको सबै शरीर कालो थियो, त्यस्तै तिमीले पनि पूरै शरीर कालो गर्ने गर, तब श्रीकृष्णको सादृश्य हुन सक्दछौ । यसैले यो मत पनि पूर्व मतहरूकै सदृश छ ।

**प्रश्न**– लिङ्गाङ्कितको मत कस्तो छ ?

**उत्तर**– जस्तो चक्राङ्कितको । तिनीहरू पनि लिङ्गाङ्कित हुन्छन् । सिवाय महादेवको अरू कसैलाई मान्दैनन्, जसरी चक्राङ्कितले नारायणदेखि अतिरिक्त दोस्रोलाई मान्दैनन् । यिनीहरूमा विशेष यो छ कि लिङ्गाङ्कित पाषाणको एउटा लिङ्ग सुन अथवा चाँदीमा मढेर घाँटीमा झुण्ड्याउँछन् । जब पानी पिउँछन् तब त्यसलाई देखाएर पिउने गर्दछन् । यिनको पनि मन्त्र शैवको तुल्य रहन्छ ।

## अब ब्राह्मसमाज र प्रार्थनासमाजको गुणदोषको कथन–

**प्रश्न**– 'ब्राह्मसमाज' र 'प्रार्थनासमाज' राम्रा छन् कि छैनन् ?

**उत्तर**– यिनीहरूमा केही कुराहरू राम्रा र धेरै कुराहरू नराम्रा छन् ।

**प्रश्न**– 'ब्राह्म' र 'प्रार्थनासमाज' सबै भन्दा राम्रा छन् किनभने यिनका नियम अति राम्रा छन् ।

**उत्तर**– नियम सर्वांशमा राम्रो छैन । किनभने वेदविद्याहीन मान्छेहरूको कल्पना सर्वथा सत्य कसरी हुन सक्दछ र ? जे-जति ब्राह्मसमाज र प्रार्थनासमाजीहरूले ईसाई मतमा मिसिनाले थोरै मनुष्यहरूलाई बचाए, केही मूर्तिपूजालाई हटाए, अन्य ग्रन्थहरूका जालबाट पनि केही बचाए, इत्यादि राम्रा कुराहरू हुन् । परन्तु–

१– यिनीहरूमा स्वदेशभक्ति अति न्यून छ । ईसाईहरूको आचरण धेरै लिएका छन् । खानपान विवाहादिका नियम पनि फेरेका छन् ।

२– आफ्नो देशको प्रशंसा वा पूर्वजहरूको बडाइ गर्नु त टाढा रह्यो, त्यसको बदलामा पेटभरी निन्दा गर्दछन् । व्याख्यानहरूमा ईसाई आदि अंग्रेजहरूको प्रशंसा भर पेट गर्दछन् । ब्रह्मादि महर्षिहरूको नाम पनि लिँदैनन्, प्रत्युत यस्तो भन्दछन् कि बिना अंग्रेजहरूको, सृष्टिमा आज पर्यन्त कोही पनि विद्वान् भएको छैन । आर्यावर्त्तीय मान्छेहरू सदादेखि मूर्ख बन्दै आएका छन् । यिनीहरूको उन्नति कहिल्यै भएन ।

३– वेदादिकहरूको प्रतिष्ठा त टाढा रह्यो परन्तु निन्दा गर्नबाट पनि पृथक् रहँदैनन् । ब्राह्मसमाजको उद्देश्यको पुस्तकमा साधुको संख्यामा 'ईसा' 'मूसा' 'मुहम्मद' 'नानक' र 'चैतन्य' लेखेका छन् । कुनै ऋषि-महर्षिका नाम पनि लेखेनन् । यसैबाट जान्न सकिन्छ कि यिनीहरू, जसका नाम लेखेका छन्, उनैका मतानुसारी मत-वाला हुन् ।

भला, जब आर्यावर्त्तमा जन्मिएका छन् आर्यावर्त्त देशको अन्न-जल खाए-पिए, अहिले पनि खाने-पिउने गर्दछन्; आफ्ना माता, पिता, पितामहादिको मार्गलाई छोडेर अर्कै विदेशीको मतमा अधिक झुक्न जानु, ब्राह्मसमाजी र प्रार्थनासमाजीहरूको एतद्देशस्थ संस्कृत-विद्यादेखि रहित आफूलाई विद्वान् प्रकाशित गर्नु, अंग्रेजी भाषा पढेर पण्डिताभिमानी हुँदै झटिति एक मत चलाउनमा प्रवृत्त भएका, मनुष्यहरूको स्थिर र वृद्धिकारक काम कसरी हुन सक्दछ ?

४– अंग्रेज, यवन, अन्त्यजादिसँग पनि खानपिनमा भेद राखेनन् । यिनीहरूले यही सम्झे होलान् कि खानपिन र जाति भेद तोड्नाले हामी र हाम्रो देश सुध्रनेछ, परन्तु यस्तो कुराले सुधार त कहाँ हुने, उल्टो बिग्रन जान्छ ।

५– **प्रश्न**– जातिभेद ईश्वरकृत हो कि मनुष्यकृत ?

**उत्तर**– ईश्वरकृत र मनुष्यकृत पनि जातिभेद छ ।

**प्रश्न**– कुनचाहिं ईश्वरकृत र कुनचाहिं मनुष्यकृत हो ?

**उत्तर**– मनुष्य, पशु, पक्षी, वृक्ष, जलजन्तु आदि जातिहरू परमेश्वरकृत हुन् । जस्तै पशुहरूमा गाई, घोडा, हात्ती आदि जातिहरू; वृक्षहरूमा पीपल, वर, आँप आदि; पक्षीहरूमा हाँस, काग, बकुल्लो आदि; जलजन्तुहरूमा माछा, गोही आदि जातिभेद हुन्, त्यसरी नै मनुष्यहरूमा ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र, अन्त्यज जातिभेद ईश्वरकृत हो । परन्तु मनुष्यहरूमा ब्राह्मणादिलाई सामान्य जातिमा होइन किन्तु सामान्य-विशेषात्मक जातिमा गन्दछन् । जसरी पूर्व वर्णाश्रमव्यवस्थामा लेखेर आएको छु, त्यसरी नै गुण, कर्म, स्वभावले वर्णव्यवस्था मान्नु अवश्य हो । यसमा मनुष्यकृतत्व उनका गुण, कर्म, स्वभावदेखि पूर्वोक्तानुसार ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्रादि वर्णहरूको व्यवस्था परीक्षापूर्वक गर्नु राजा र विद्वान्हरूको काम हो ।

भोजनभेद पनि ईश्वरकृत र मनुष्यकृत पनि छ । जस्तै सिंह मांसाहारी र अर्ना भैंसी घाँसादिको आहार गर्दछन्, यो ईश्वरकृत; र देश-काल-वस्तु भेदले भोजनभेद मनुष्यकृत हो ।

**प्रश्न**– हेर ! यूरोपियनहरू मुंडा जुत्ता, कोट-पतलुन लगाउँछन्, होटलमा सबै साथमा बसेर खान्छन्, यसैले उनीहरूको बढोत्तरी हुँदै गैरहेको छ ।

**उत्तर**– यो तिम्रो भुल हो । किनभने मुसलमान, अन्त्यजहरूले सबैको हातको खान्छन्, पुनः उनीहरूको उन्नति किन हुँदैन ? जहाँ यूरोपियनहरूले बाल्यवस्थामा विवाह नगर्नु, केटा-केटीलाई विद्या र सुशिक्षा गर्नु-गराउनु, स्वयंवर विवाह हुनु, घटिया मान्छेहरूको उपदेश हुँदैन, उनीहरू विद्वानी भएर जस कसैको पाखण्डमा फस्दैनन्, जे गर्दछन् सबैले परस्पर विचार र सभाबाट निश्चित गरेर गर्दछन्, आफ्ना स्वजातिको उन्नतिको लागि तन-मन-धन व्यय गर्दछन्, आलस्यलाई छोडेर उद्योग गर्ने गर्दछन् । हेर ! आफ्ना देशमा बनेको जुत्तालाई कार्यालय र कचहरीमा जान दिन्छन्, यहाँको देशी जुत्तालाई मान्यता

दिँदैनन् । यतिबाटै सम्झनु कि आफ्नो देशमा बनेको जुत्ताको पनि कति प्रतिष्ठा गर्दछन्, त्यति त अन्य देशस्थ मनुष्यलाई पनि गर्दैनन् । हेर ! सय वर्ष भन्दा केही बढी भयो यूरोपियनहरू यस देशमा आएको, परन्तु आजसम्म पनि उनीहरू बाक्लो लुगा लगाउँछन् जस्तो कि आफ्नो देशमा हुँदा लगाउँथे, त्यसलाई छोडेका छैनन् । र तिमी मध्येमा धेरैले उनीहरूको अनुकरण गर्‍यौ, यसैले तिमी निर्बुद्धि र उनीहरू बुद्धिमान् ठहरिन्छन् । अनुकरण गर्नु बुद्धिमान्‌हरूको काम होइन । र जो जुन काममा रहन्छ, त्यसले खटेर यथोचित पूरा गर्दछ । आज्ञानुवर्त्ती बराबर रहन्छन् । आफ्ना देशवासीलाई व्यापार आदिमा सहायता गर्दछन्, इत्यादि गुणहरू र राम्रा-राम्रा कर्मले उन्नति हुन्छ । मुंडा जुत्ता, कोट, पतलुन, होटलमा खाने आदि साधारण र नराम्रो कामले बढेका होइनन् ।

र यिनमा जातिभेद पनि छ । हेर ! जब कुनै यूरोपियन चाहे जति नै ठूलो अधिकारमा प्रतिष्ठित होस्, कुनै अन्य देश, अन्य मत-वालाकी छोरी वा यूरोपियन केटी अन्य-देशवालासँग विवाह गर्दछे भने, उसै समय त्यसको निमन्त्रण, साथमा बसेर खान र विवाह आदि लाई अन्यजनहरूले बन्ध गरिदिन्छन् । यो जातिभेद नभए के हो त ? र तिमी भोलाहरूलाई भन्दछन् कि हामीमा जातिभेद छैन । तिमी आफ्नो मूर्खताले मानिहाल्दछौ पनि । त्यसैले जे गर्नुछ, त्यसलाई सोच-विचार गरेर गर्नुपर्दछ, जसमा पुनः पश्चाताप गर्न नपरोस् ।

हेर ! वैद्य र औषधिको आवश्यकता रोगीको लागि हो, निरोगीको लागि होइन । विद्यावान् निरोग र विद्यारहित अविद्यारोगले ग्रसित रहन्छ । त्यस रोगलाई छुटाउनको लागि सत्यविद्या र सत्योपदेश आवश्यक हुन्छ । तिनीहरूलाई अविद्याले गर्दा यो रोग बसेको छ कि खान-पिनमा नै धर्म रहन्छ र जान्छ पनि । जब कसैलाई खान-पिनमा अनाचार गरेको देख्दछन् तब भन्दछन् र जान्दछन् कि त्यो धर्मभ्रष्ट हुन गयो, त्यसको पासमा नबस्ने र त्यसको कुरो नसुन्ने तथा त्यो भएको ठाउँमा अरू नबस्ने गर्दछन् । अब भन कि तिम्रो विद्या स्वार्थको लागि हो कि अथवा परमार्थको लागि ? परमार्थ त तबै हुन्छ कि जब तिम्रो विद्याले ती अज्ञानीहरूलाई लाभ पुग्दछ । यदि भनौला कि उनीहरूले लिंदैनन् त हामीले के गर्ने ? यो तिम्रो दोष हो । उनीहरूको होइन, किनभने यदि तिमीले आफ्नो आचरण राम्रो राख्थ्यौ भने त तिमीसित प्रेम गरेर उपकृत हुन्थे; सो तिमीले हजारौंको उपकार नाश गरेर आफ्नै मात्र सुख खोज्यौ, सो तिमीलाई यो ठूलो अपराध लाग्यो, किनभने परोपकार गर्नु धर्म र परहानि गर्नुलाई अधर्म भन्दछन् । यसै कारण विद्वान्‌ले यथायोग्य व्यवहार गरेर अज्ञानीहरूलाई दुःख सागरबाट तार्नको लागि डुँगारूप हुनुपर्दछ । सर्वथा मूर्खको सदृश कर्म गर्न हुँदैन, किन्तु जसमा उनको र आफ्नो उन्नति हुन्छ, त्यसै कर्मलाई गर्न उचित हुन्छ ।

**प्रश्न**– हामीले कुनै पुस्तकलाई ईश्वरप्रणीत वा सर्वांश सत्य मान्दैनौं किनभने मनुष्यको बुद्धि निर्भ्रान्त हुँदैन, यसैले उनले बनाएका ग्रन्थ सबै भ्रान्त हुन्छन् । यसैले हामी सबैसँगबाट 'सत्य' ग्रहण गर्दछौं र 'असत्य' लाई छोडिदिन्छौं । चाहे सत्य वेदमा, बाइबलमा, कुरानमा र अन्य कसैको ग्रन्थमा नै किन नहोस्, हामीलाई ग्राह्य छ, असत्य कसैको होइन ।

**उत्तर**– जुन कुराबाट तिमी सत्यग्राही हुन चाहन्छौ, त्यसै कुराबाट असत्यग्राही पनि ठहरिन्छौ, किनभने जब सबै मनुष्य भ्रान्तिरहित हुन सक्दैन भने त तिमी पनि मनुष्य हुनाले भ्रान्तिसहित भयौ । जब भ्रान्तिसहितको वचन प्रमाण सर्वांशमा हुँदैन भने त तिम्रो वचनको पनि हुँदैन । फेरि तिम्रो वचनमाथि पनि सर्वथा विश्वास गर्न हुँदैन । जब यस्तो छ भने त विषयुक्त अन्नको समान त्यागको योग्य छ । फेरि तिम्रा व्याख्यान पुस्तक बनाएको प्रमाण कसैले गर्न भएन ।

**'चले तो चौबेजी छब्बे बनने को, गाँठ के दो खोकर दुबे बन गये ।'**

तिमी सर्वज्ञ होइनौ, जस्तै कि अन्य मनुष्य सर्वज्ञ छैनन् । कदाचित् भ्रमले असत्यलाई ग्रहण गरेर सत्यलाई छोडि पनि दिन्छौ होला । यसैले सर्वज्ञको वचनको सहाय हामी अल्पज्ञलाई अवश्य हुनुपर्दछ । जस्तो कि वेदको व्याख्यानमा लेखेर आएको छु, त्यस्तै तिमीले अवश्य मान्नुपर्दछ । नत्र भने त **यतो भ्रष्टः** र **ततो भ्रष्टः** हुन जानु हो ।

जब सर्वसत्य वेदहरूमा प्राप्त हुन्छन्, जसमा असत्य केही पनि छैन, यिनको ग्रहण गर्नमा शङ्का गर्नु आफ्नो र पराई हानिमात्र गर्नु हो । यसै कुराले गर्दा तिमीलाई आर्यावर्त्तीयहरू आफ्नो सम्झदैनन् र तिमी आर्यावर्त्तको उन्नतिको कारण पनि हुन सकेनौ, किनभने तिमी "सबै घरमा भिक्षुक" ठहरियौ । तिमीले सम्झ्यौ कि यस कुराले हामीहरू आफ्नो र पराय उपकार गर्न सक्नेछौं, सो गर्न सक्दैनौ । जस्तै कि कसैका दुइटै आमा-बाउले सबै संसारका छोराहरूलाई पालन गर्न लागे भने, सबैको पालन गर्न त असम्भव छ किन्तु त्यस कुराबाट आफ्नो छोरालाई नष्ट गर्न पुग्दछन्, त्यस्तै तिमीहरूको गति छ ।

भला ! वेदादिकलाई माने बिना तिमी आफ्नो वचनहरूको सत्यता र असत्यताको परीक्षा र आर्यावर्त्तको उन्नति पनि कहिल्यै गर्न सक्दछौ ? जुन देशलाई रोग लागेको छ, त्यसको औषधि तिमीसँग छैन । र यूरोपियनहरू तिम्रो अपेक्षा गर्दैनन् र आर्यहरू तिमीलाई अन्य मतिहरूकै सदृश सम्झन्छन् । अझै पनि सम्झेर वेदादिको मान्यबाट देशोन्नति गर्न लाग्यौ भने त राम्रो हुनेछ ।

जुन तिमीले भन्दछौ कि सबै सत्य परमेश्वरबाटै प्रकाशित हुन्छ, पुनः ऋषिहरूको आत्माहरूमा ईश्वरबाट प्रकाशित भएको सत्यार्थ वेदहरूलाई किन मान्दैनौ ? हो, यही कारण हो कि तिमीहरूले वेद पढेनौ र न त पढ्नको लागि इच्छा गर्दछौ । कसरी तिमीलाई वेदोक्त ज्ञान हुन सक्दछ त ?

**६–** दोस्रो जगत्को उपादान कारणको बिना जगत्को उत्पत्ति र जीवको पनि उत्पन्न मान्दछौ, जस्तो ईसाई र मुसलमान आदि मान्दछन् । यसको उत्तर सृष्ट्युत्पत्ति र जीवेश्वरको व्याख्यामा हेर्नुहोला । कारणको बिना कार्यको हुन सर्वथा असम्भव र उत्पन्न वस्तुको नाश नहुन पनि त्यस्तै असम्भव छ ।

**७–** एउटा तिम्रो यो पनि दोष छ, जहाँ पश्चाताप र प्रार्थनाले पापहरूको निवृत्ति हुने मान्दछौ । यसै कुराबाट जगत्मा धेरै पाप बढ्न गएको छ । किनभने पुराणीहरू तीर्थादि यात्राबाट; जैनीहरू नवकार मन्त्र, जप र तीर्थादिबाट; ईसाईहरू ईसाको विश्वासबाट; मुसलमानहरू 'तौबाः' गर्नबाट पाप छुटेर जानु बिना भोगको मान्दछन् । यसले गर्दा पापदेखि भय नभएर पापहरूमा प्रवृत्ति धेरै भैरहेको छ । यस कुरामा ब्राह्म र प्रार्थनासमाजी पनि पुराणी आदिकै समान छन् । यदि वेदहरूलाई मान्थे त बिना भोगको पाप-पुण्यको निवृत्ति नहुनाले पापदेखि डराउँथे र धर्ममा सदा प्रवृत्त रहन्थे । यदि भोगको बिना निवृत्ति मानेमा त ईश्वर अन्यायकारी हुन्छ ।

**८–** जुन तिमीले जीवको अनन्त उन्नति मान्दछौ, सो कहिल्यै हुन सक्दैन, किनभने ससीम जीवको गुण-कर्म-स्वभावको फल पनि ससीम नै हुन अवश्य छ ।

**प्रश्न–** परमेश्वर दयालु छ, ससीम कर्महरूको फल अनन्त दिने छ ।

**उत्तर–** यस्तो गरेमा त परमेश्वरको न्याय नष्ट हुन जान्छ र सत्कर्महरूको उन्नति पनि कसैले गर्नेछैन, किनभने थोरैमात्र पनि सत्कर्महरूको अनन्त फल परमेश्वरले दिनेछ । र प्रश्चाताप वा प्रार्थनाबाट चाहे जतिसुकै होस् छुटेर जानेछन्, यस्तो कुराले धर्मको हानि र पाप-कर्महरूको वृद्धि हुन्छ ।

## आर्यसमाजको विषय (११.३६)

**प्रश्न–** हामी **'स्वाभाविक'** ज्ञानलाई वेद भन्दा ठूलो मान्दछौ, **'नैमित्तिक'** लाई होइन । किनभने जुन स्वाभाविक ज्ञान परमेश्वरदत्त हामीमा हुँदैनथ्यो भने त वेदहरूलाई पनि कसरी पढ्न-पढाउन सम्झन-सम्झाउन सक्थ्यौं । यसैले हामीहरूको मत अति राम्रो छ ।

**उत्तर–** यो तिम्रो कुरो निरर्थक छ । किनभने जुन कसैले दिएको ज्ञान हुन्छ, त्यो स्वाभाविक हुँदैन । जुन स्वाभाविक हुन्छ, त्यो **'सहज ज्ञान'** हुन्छ र न त त्यो घट-बढ नै हुन्छ । त्यसैले उन्नति कसैले गर्न सक्दैन । किनभने जङ्गली मनुष्यमा पनि स्वाभाविक ज्ञान हुन्छ, किन उनीहरूले आफ्नो उन्नति गर्न सक्दैनन् ? र जुन नैमित्तिक ज्ञान हो, त्यही उन्नतिको कारण हो । हेर ! तिमी हामी बाल्यवस्थामा कर्त्तव्याकर्त्तव्य र धर्माधर्म केही पनि ठीक-ठीक जान्दैनथ्यौं । जब हामीले विद्वान्हरूसँग पढ्यौं, तब नै कर्त्तव्याकर्त्तव्य र धर्माधर्मलाई सम्झन लाग्यौं । यसैले स्वाभाविक ज्ञानलाई सर्वोपरि मान्न ठीक होइन ।

**९–** जुन तिमीहरूले पूर्व र पुनर्जन्म मानेका छैनौ, त्यो ईसाई-मुसलमानहरूबाट लियौ होला । यसको पनि उत्तर पुनर्जन्मको व्याख्याबाट सम्झनु । यति बुझ कि जीव **'शाश्वत'** अर्थात् नित्य हो र उसको कर्म पनि प्रवाहरूपबाट **नित्य** छ । कर्म र कर्मवान्को नित्य सम्बन्ध हुन्छ । के त्यो जीव कहीं निकम्मा बसिराखेको थियो ? वा रहने छ ? र परमेश्वर पनि निकम्मा तिम्रो भनाइले हुन्छ । पूर्वापर जन्म नमान्नाले **'कृतहानि'** र **'अकृताभ्यागम' 'नैर्घण्य'** र **'वैषम्य'** दोष पनि ईश्वरमा आउँछन्, किनभने जन्म हुँदैन भने त पाप-पुण्यको फल-भोगको हानि हुन जान्छ । किनभने जुन प्रकारले दोस्रोलाई सुख-दुःख, हानि-लाभ पुऱ्याइएको हुन्छ, त्यस्तो उसको फल बिना शरीर धारण नगरीकन हुँदैन । दोस्रो– पूर्वजन्मको पाप-पुण्यको बिना सुख-दुःखको प्राप्ति यस जन्ममा कसरी हुन सक्दछ ? यदि पूर्वजन्मको पाप-पुण्यानुसार हुँदैन भने त परमेश्वर अन्यायकारी र बिना भोग गरी नाशकै समान कर्मको फल हुन जान्छ, यसैले यो पनि कुरो तिमीहरूको राम्रो होइन ।

**१०–** र एक यो कि ईश्वरको बाहेक दिव्य गुणवाला पदार्थहरू र विद्वान्हरूलाई पनि देव नमान्नु ठीक होइन । किनभने परमेश्वर महादेव, र यदि देव हुँदैनथ्यो भने त सबै देवहरूका स्वामी **'महादेव'** कसरी भनिन्थे ?

**११–** एक अग्निहोत्रादि परोपकारक कर्महरूलाई कर्तव्य नसम्झनु राम्रो होइन ।

**१२–** ऋषि-महर्षिले गरेका उपकारहरूलाई नमानेर ईसा आदिको पछि झुक्नु राम्रो होइन ।

**१३–** र बिना कारण विद्या वेदहरूको, अन्य कार्य विद्याहरूको प्रवृत्ति मान्नु सर्वथा असम्भव छ ।

**१४–** र जुन विद्याको चिह्न 'यज्ञोपवीत' र 'शिखालाई' छोडेर मुसलमान-ईसाईहरूको सदृश बनेर बस्नु व्यर्थ छ । जब पतलुन आदि वस्त्र लगाउँछौ र 'तक्मा' को इच्छा गर्दछौ भने त के यज्ञोपवीत आदिको धेरै भार हुन गएको थियो ?

**१५–** र ब्रह्मादेखि लिएर पछि-पछि आर्यावर्तमा थुप्रै विद्वान् भएका छन्, उनीहरूको प्रशंसा नगरेर यूरोपियनको नै स्तुतिमा उत्रिनु, यसलाई पक्षपात र खुशामदको बिना के भन्न सकिन्छ ?

**१६–** र बीजाङ्कुरकै समान जड-चेतनलाई योगबाट जीवोत्पत्ति मान्नु, उत्पत्तिको पूर्व जीवतत्त्वलाई नमान्नु र उत्पन्नको नाश नमान्नु पूर्वापर विरुद्ध हो । यदि उत्पत्तिको पूर्व चेतन र जड वस्तु थिएन भने त जीव कहाँबाट आए र संयोग कसको भयो ? यदि यी दुइटैलाई सनातन् मान्दछौ भने त ठीक हो परन्तु सृष्टिको पूर्व ईश्वरको बिना दोस्रो कुनै तत्त्वलाई नमान्नु, यो तिम्रो पक्ष व्यर्थ हुन जान्छ ।

यसैले यदि उन्नति गर्न चाहन्छौ भने त **'आर्यसमाज'** को साथ मिलेर यसको उद्देश्यानुसार आचरण गर्न स्वीकार गर, नत्र भने त केही पनि हातमा लाग्नेछैन, किनभने हामी तपाईंका लागि अति उचित यो हुन्छ कि जुन देशको पदार्थहरूले शरीर बन्यो, अहिले पनि पालन भैरहेको छ, अगाडि पनि हुनेछ, यसको उन्नति तन-मन-धनले सबै जना मिलेर प्रीतिले गरौं । यसै कारण जसरी आर्यसमाज आर्यावर्त देशको उन्नतिको कारण हो, त्यस्तो दोस्रो हुन सक्दैन । यदि यस समाजलाई यथावत उन्नति दिएमा त अति राम्रो कुरो हुनेछ, किनभने **समाजको सौभाग्य बढाउने समुदायको काम हो, एउटाको होइन ।**

## तन्त्रादि विषयक प्रश्नोत्तरहरू (११.३७)

**प्रश्न–** तपाईंले सबैको खण्डन गर्दै आउनुभएको छ परन्तु आफ्नो-आफ्नो धर्ममा सबै ठीक छन् । खण्डन कसैको गर्नहुँदैन । यदि गर्नुहुन्छ त तपाईंले यिनीहरूका भन्दा विशेष के बताउनुहुन्छ ? यदि बताउनुहुन्छ भने त के तपाईं भन्दा अधिक जान्ने वा तुल्य अरू कोही पुरुष थिएनन् ? र न छन् ? यस्तो अभिमान गर्नु तपाईंलाई उचित हुँदैन, किनभने परमात्माको सृष्टिमा एक-एक भन्दा अधिक, तुल्य र न्यून धेरै छन् । कसैले घमण्ड गर्नु उचित हुँदैन ।

**उत्तर– धर्म एक हुन्छ कि अनेक ? यदि भन्दछौ कि अनेक हुन्छन् तब त एक-दोस्रासँग विरुद्ध हुन्छन् कि अविरुद्ध ? यदि भन्दछौ कि विरुद्ध हुन्छन् तब त एकको बिना दोस्रो धर्म हुन सक्दैन र यदि भन्दछौ कि अविरुद्ध हुन्छन् तब त पृथक्-पृथक् हुन व्यर्थ छ । त्यसैले धर्म र अधर्म एउटै हो, अनेक होइन, यही मैले विशेष भन्दछु** कि जस्तै सबै सम्प्रदायहरूका उपदेशकहरूलाई कोही राजाले एक ठाउँमा जम्मा गराएमा त एक हजार भन्दा थोरै हुँदैनन् होला, परन्तु यिनका मुख्य भाग हेर्‍यौं भने त पुराणी, किरानी, जैनी र कुरानी चार मात्रै छन्, किनभने यी चारैमा सबै सम्प्रदाय आउँछन् । कुनै राजाले उनीहरूको सभा गराएर त्यसमा कोही एक जना जिज्ञासु बनेर प्रथम वाममार्गीसँग सोधोस्– "हे महाराज ! मैले आजसम्म न कोही गुरु र न त कुनै धर्मलाई ग्रहण गरेको छु, भन्नुहोस् ! सबै धर्म भन्दा उत्तम धर्म कसको छ ? जसलाई मैले ग्रहण गरूँ ?"

**वाममार्गी–** हाम्रो छ ।

**जिज्ञासु–** यी नौ सय उनान्सय कस्ता छन् ?

**वाममार्गी–** सबै झुट्टा र नरकगामी हुन्, किनभने **'कौलात्परतरं नहि'** (हेर्नुहोस्-कुलार्णव २/८) हाम्रो धर्मदेखि पर कुनै धर्म छैन ।

**जिज्ञासु–** तपाईंको धर्म के हो ?

**वाममार्गी–** भगवतीलाई मान्नु, मद्य-मांसादि पञ्च मकारहरूको सेवन, रुद्रयामल आदि चौसट्ठी तन्त्रहरूलाई मान्नु इत्यादि । यदि तिमीले मुक्तिको इच्छा गर्दछौ भने त हाम्रो चेला बन ।

**जिज्ञासु–** ल हुन्छ, म अरूको पनि दर्शन गरेर र सोधेर आउँछु । पश्चात् जसलाई चाहन्छु उसैको बन्नेछु ।

**वाममार्गी–** अरे ! किन भ्रान्तिमा परेका छौ । यिनीहरूले तिमीलाई बहकाएर आफ्नो जालमा फसाउनेछन् । कसैसित नजाऊ । हाम्रै चेला बन, नत्र पछुताउन पर्ला ।

**जिज्ञासु**– ल तनि हेरेर आउँछु । अगाडि बढेर शैवसँग सोध्यो उसले पनि यस्तै उत्तर दियो । यति विशेष भन्यो कि– "बिना शिव, रुद्राक्ष, भस्म धारण र लिङ्गार्चनले मुक्ति कहिल्यै पनि हुँदैन ।" त्यसले उसलाई छोडेर नवीन वेदान्तीहरूसित गयो ।

**जिज्ञासु**–भन्नुहोस् महाराज ! तपाईंको धर्म के हो ?

**वेदान्ती**– हामीले धर्माऽधर्म केही पनि मान्दैनौं । हामी साक्षात् ब्रह्म हौं । हामीमा धर्माऽधर्म कहाँ हुन्छ ? यो जगत् सबै मिथ्या हो । यदि ज्ञानी शुद्ध चेतन हुन चाहन्छौ भने त तिमीले पनि आफूलाई ब्रह्म मान, जीवभावलाई छोड, नित्यमुक्त हुनेछौ ।

**जिज्ञासु**– यदि तिमी ब्रह्म नित्य मुक्त हौ भने त ब्रह्मको गुण-कर्म-स्वभाव तिमीमा किन छैन ? र शरीरमा किन बाँधिएका छौ ?

**वेदान्ती**– तिमीलाई शरीर देखिएको छ, त्यसैले तिमी भ्रान्त छौ । हामीलाई केही पनि देखिंदैन बिना ब्रह्मको ।

**जिज्ञासु**– तिमी देख्नेवाला को र कसलाई देख्दछौ ?

**वेदान्ती**– देख्नेवाला ब्रह्म र ब्रह्मलाई ब्रह्मले देख्दछ ।

**जिज्ञासु**– के दुइटा ब्रह्म छन् ?

**वेदान्ती**– होइन, आफूले आफैलाई देख्दछ ।

**जिज्ञासु**– के कोही आफ्नो काँधमा आफै चढ्न सक्दछ ? तिम्रो कुरोमा केही दम छैन, यो त बहुलाहपनको कुरो हो ।

त्यसले अगाडि बढेर जैनीहरूसित गएर सोध्यो । उनीहरूले पनि यस्तै भने परन्तु यति विशेष भने कि– "जिण धर्म को बिना सबै धर्म खोटो, जगत्‌को कर्ता अनादि ईश्वर कोही होइन, जगत् अनादि कालदेखि जस्ताको तस्तै बनिराखेको छ र बनिरहनेछ । आऊ, तिमी हाम्रो चेला बन, किनभने हामी 'सम्यक्त्वी' अर्थात् सबै प्रकारबाट ठीक छौ, उत्तम कुरालाई मान्दछौं । जैनमार्गदेखि भिन्न सबै मिथ्यात्वी हुन् ।"

अगाडि बढेर ईसाईसँग सोध्यो । त्यसले वाममार्गीको तुल्य सबै प्रश्न उत्तर गर्‍यो । यति विशेष बतायो कि– "सबै मनुष्य पापी छन्, आफ्नो सामर्थ्यबाट पाप छुट्दैन । बिना ईसामाथि विश्वासले पवित्र भएर मुक्तिलाई पाउन सक्दैन । ईसाले सबैको प्रायश्चित्तको लागि आफ्नो ज्यान दिएर दया प्रकाशित गेरका छन् । तिमी हाम्रो नै चेला बन ।"

जिज्ञासुले सुनेर मौलवी साहबसित गयो । उनीसित पनि यस्तै प्रश्नोत्तर गर्‍यो । यति विशेष भने कि– "लाशरीक खुदा, उसका पैगम्बर र कुरानशरीफलाई बिना माने कसैले निजात पाउन सक्दैन । जसले यस मजहबलाई मान्दैन, त्यो दोजखी र काफिर हो, वाजिबुल्कत्ल हो ।"

जिज्ञासुले सुनेर वैष्णवसित गयो । त्यसरी नै संवाद भयो । यति विशेष भन्यो कि– "हाम्रो निधारमा तिलकछाप देखेर यमराज डराउँछ ।" जिज्ञासुले मनमनै सम्झ्यो कि जब लामखुट्टे, माखा, पुलिसका सिपाही, चोर, डाँकू र शत्रु डराउँदैनन् भने त यमराजका गण किन डराउने ?

फेरि अगाडि बढ्दा त सबै मतवालाहरूले आफ्नो-आफ्नोको साँचो भने । कोही हाम्रा कबीर साँचा, कोही हाम्रा नानक साँचा, कोही दादू, कोही वल्लभ, कोही सहजानन्द, कोही माध्व आदिलाई ठूला र अवतार बताउने सुने । हजारौंसित सोधेर, उनीहरूको परस्पर विरोध देखेर, विशेष निश्चय गर्‍यो, यिनीहरूमा कोही पनि गुरु गराउन योग्य छैन । किनभने एक-एकको झुटमा नौ सय उनान्सय साक्षी बने । जस्तो झुटो दोकान्दार वा वेश्या र भँडुवा आदि आफ्नो-आफ्नो वस्तुको राम्रो र अर्काको नराम्रो गर्दछन्, त्यस्तै यी छन्, यस्तो जान–

**तद्विज्ञानार्थं स गुरुमेवाभिगच्छेत् । समित्पाणिः श्रोत्रियं ब्रह्मनिष्ठम् ॥१॥**
**तस्मै स विद्वानुपसन्नाय सम्यक्प्रशान्तचित्ताय शमान्विताय ।**
**येनाक्षरं पुरुषं वेद सत्यं प्रोवाच तां तत्त्वतो ब्रह्मविद्याम् ॥२॥**

–मुण्डकोपनिषद् (मुण्डक १/खण्ड २/मन्त्र १२-१३) ॥

उस सत्यको विज्ञानार्थ त्यो **'समित्पाणि'** अर्थात् हात जोडेर अरिक्तहस्त भएर वेदवित् ब्रह्मनिष्ठ परमात्मालाई जान्नको लागि गुरुकहाँ जाओस् । यी पाखण्डीहरूको जालमा नपरोस् ॥१॥ जब यस्तो जिज्ञासु विद्वान्कहाँ जान्छ, त्यस शान्तचित्त, जितेन्द्रिय, समीप-प्राप्त जिज्ञासुलाई यथार्थ ब्रह्मविद्याको गुण-कर्म-स्वभावको उपदेश गरोस् र जुन-जुन साधनबाट त्यो श्रोता धर्मार्थ, काम, मोक्ष र परमात्मालाई जान्न सकोस्, त्यस्तो शिक्षा गरोस् ॥२॥

जब यस्तो पुरुषकहाँ गएर भन्यो कि महाराज ! अब यी सम्प्रदायीहरूका बखेडाले मेरो चित्त भ्रान्त भएको छ, किनभने यदि यिनीहरू मध्येमा कुनै एकको चेला बनें भने त नौ सय उनान्सय जनासँग विरोधी हुनुपर्नेछ । जसका नौ सय उनान्सय शत्रु र एक मित्र हुन्छ, त्यसलाई सुख कहिल्यै पनि हुन सक्दैन । यसैले तपाईंले मलाई उपदेश दिनुहोस्, जसलाई मैले ग्रहण गरूँ ।

**आप्तविद्वान्**– यी सबै मत अविद्याजन्य विद्याविरोधी हुन् । मूर्ख, पामर र जङ्गली मनुष्यहरूलाई बहकाएर आफ्नो जालमा फसाएर आफ्नो प्रयोजन सिद्ध गर्दछन् । ती बिचरा आफ्नो मनुष्य जन्मको फलदेखि रहित भएर आफ्नो मनुष्य जन्म व्यर्थै गुमाउँछन् । हेर ! जुन कुरामा यी सबै जना एक मत हुन्छन्, त्यो वेदमत ग्राह्य छ र जसमा परस्पर विरोध हुन्छ, त्यो कल्पित, झुटो, अधर्म, अग्राह्य हुन्छ ।

**जिज्ञासु**– यसको परीक्षा कसरी गर्ने ?

**आप्तविद्वान्**– तिमी गएर यी-यी कुराहरूलाई सोध । सबैको एक सम्मति हुनेछ । तब जिज्ञासुले ती हजार मण्डलीको माझमा उभिएर भन्यो कि– "सबै जनाले सुन्नुहोस् ! सत्यभाषणमा धर्म हुन्छ कि मिथ्यामा ?" सबैले एक स्वर गरेर भने कि "सत्यभाषणमा धर्म र असत्यभाषणमा अधर्म हुन्छ ।" "त्यसै गरी विद्या पढ्न, ब्रह्मचर्य गर्न, पूर्ण युवावस्थामा विवाह, सत्सङ्ग, पुरुषार्थ, सत्य व्यवहार आदिमा धर्म; र अविद्या ग्रहण, ब्रह्मचर्य नगर्ने, व्यभिचार गर्ने, कुसङ्ग, आलस्य, असत्य व्यवहार, छल, कपट, हिंसा, परहानि गर्ने आदि कर्महरूमा ?" सबै एकमत भएर एकै स्वरमा भने कि "विद्यादिको ग्रहणमा धर्म र अविद्यादिको ग्रहणमा अधर्म ।" तब जिज्ञासुले सबैसँग भन्यो कि– "तिमीहरू यसै प्रकारले सबै जना एकमत भएर सत्यधर्मको उन्नति र मिथ्यामार्गको हानि किन गर्दैनौ ?" ती सबैले भने– "यदि हामीले यस्तो गर्‍यौं भने त हामीलाई कसले सोध्ने ? हाम्रा चेलाहरू हाम्रा आज्ञामा रहने छैनन्, जीविका नष्ट हुन जानेछ, फेरि जुन आनन्द हामीले गरेर बसेका छौं, सो हातबाट फुत्कने छ । यसैले हामी जान्दछौं तर पनि आफ्नो-आफ्नो मतको उपदेश र आग्रह गर्दै जान्छौं । किनभने **'रोटी खाइये शक्कर से और दुनियाँ ठगिये मक्कर से'** यस्तो कुरो छ । हेर ! संसारमा सीधा-सच्चा मनुष्यलाई कसैले सोध्दैन । जसले जे-जति ढोङ्गीबाजी र धूर्तता गर्दछ त्यसैले पदार्थ पाउँछ ।"

**जिज्ञासु**– जुन तिमीले यस्तो पाखण्ड मत चलाएर अन्य मनुष्यहरूलाई ठग्दछौ, तिमीलाई राजाले दण्ड किन दिंदैन ?

**मत-वाला**– हामीले राजालाई पनि आफ्नो चेला बनाएका छौं । हामीले पक्का प्रबन्ध गरेका छौं, छुट्ने छैन ।

**जिज्ञासु**– जब तिमी छलले अन्य मनुष्यहरूलाई ठगेर, उनको हानि गर्दछौ, परमेश्वरको सामुन्ने के उत्तर दिनेछौ ? र घोर नरकमा पर्नेछौ, छोटो जीवनको लागि यति ठूलो अपराध गर्न किन छोड्दैनौ ?

**मत-वाला**– जे त होला । नरक र परमेश्वरको दण्ड जब होला तब होला, अहिले त आनन्द गर्दछौं । हामीलाई प्रसन्नताले धन दिन्छन्, बलात्कार गरेर लिंदैनौं, फेरि राजाले दण्ड किन दिने ?

**जिज्ञासु**– जसरी कसैले बालकलाई फुस्लाएर धनादि पदार्थ हर्दछ, जस्तो उसलाई दण्ड मिल्दछ, त्यस्तो तिमीलाई किन मिल्दैन ? किनभने–

**अज्ञो भवति वै बालः पिता भवति मन्त्रदः ॥** –मनुस्मृति (अध्याय २/श्लोक १५३) ॥

जो ज्ञानरहित हुन्छ, त्यो **'बालक'** र जसले ज्ञान दिन्छ, त्यो **'पिता'** र **'वृद्ध'** नामले चिनिन्छ । जो बुद्धिमान् विद्वान् हुन्छ, त्यो त तिम्रो कुरामा फस्दैन, किन्तु अज्ञानी जुन बालकको सदृश हुन्छ, तिनलाई ठग्नाले तिमीलाई राजदण्ड अवश्य हुनुपर्दछ ।

**मत-वाला**– जब राजा र प्रजा सबै हाम्रो मतमा छन् भने त हामीलाई दण्ड दिनेवाला कुन हुन्छ ? जब यस्तो व्यवस्था हुनेछ तब यी कुराहरूलाई छाडेर अर्को व्यवस्था गर्नेछौं ।

**जिज्ञासु**– जुन तिमीले बसि-बसि व्यर्थ माल मार्दछौ भने त विद्याभ्यास गरेर गृहस्थहरूका छोरा-छोरीलाई पढाएमा त तिम्रो र गृहस्थहरूको कल्याण हुनेछ ।

**मत-वाला**– यदि हामीले बाल्यवस्थादेखि लिएर मरणसम्मको सुखलाई छोडिदिने, बाल्यावस्थादेखि युवावस्थासम्म विद्या पढ्नमा, पश्चात् पढाउनमा र उपदेश गर्नमा जन्मभरि परिश्रम गर्नमा, हामीलाई के प्रयोजन ? हामीलाई त यत्तिकैमा लाखौं रुपैयाँ मिल्दछ, चैन गर्दछौं, त्यसलाई किन छोड्ने ?

**जिज्ञासु**– यसको परिणाम त नराम्रो हुन्छ, हेर ! तिमीलाई ठूलो रोग लाग्नेछ, शीघ्र मर्नेछौ, बुद्धिमान्हरूमा निन्दित हुन्छौ, फेरि पनि किन बुझ्दैनौ ?

**मत–वाला**– अरे भाइ !

**टका धर्मष्टका कर्म टका हि परमं पदम् । यस्य गृहे टका नास्ति हा ! टकां टकटकायते ॥१॥**

**आना अंशकलाः प्रोक्ता रूप्योऽसौ भगवान् स्वयम् । अतस्तं सर्वं इच्छन्ति रूप्यं हि गुण्वत्तमम् ॥२॥**

तिमी केटा हौ, संसारको कुरो तिमीलाई थाहा छैन, हेर ! पैसाको बिना धर्म, पैसाको बिना कर्म, पैसाको बिना परमपद हुँदैन, जसको घरमा पैसा छैन, त्यो हाय ! पैसा-पैसा गर्दा-गर्दै उत्तम पदार्थहरूलाई टक-टक हेरिराख्दछ कि हाय ! मसँग पैसा हुन्थ्यो भने त उत्तम पदार्थहरूलाई भोग्ने थिएँ ॥१॥ किनभने सबैले सोह्र कलायुक्त अदृश्य भगवान्को कथन-श्रवण गर्दछन्, सो त देखिंदैन, परन्तु सोह्र आना र पैसा कौडीरूप अंश कलायुक्त जुन रुपैयाँ हो, त्यही साक्षात् भगवान् हो । त्यसैले सबै जना रुपैयाँको खोजिमा लागेका छन्, किनभने सबैका काम रुपैयाँबाटै सिद्ध हुन्छन् ॥२॥

**जिज्ञासु**– ठीक छ, तिमीभित्रको लीला बल्ल बाहिर निस्कियो । तिमीले जति यो पाखण्ड खडा गरेका छौ, त्यो सबै आफ्नो सुखको लागि गरेका हौ, परन्तु यसबाट जगत्‌को नाश हुन्छ । किनभने जसरी सत्योपदेशबाट संसारलाई लाभ पुग्दछ, त्यसरी नै असत्योपदेशबाट हानि पुग्दछ । जब तिमीलाई धनको नै प्रयोजन थियो भने त नोकरी व्यापार गरेर धन किन कमाउँदैनौ ?

**मत-वाला**– त्यसमा परिश्रम र हानि पनि हुन्छ, परन्तु यसमा हानि कहिल्यै हुँदैन, लाभैलाभ हुन्छ । हेर ! तुलसी चरणामृत दिएर, कण्ठी बाँधेर, चेला मुडेर, जन्मभरिको पशु हुन जान्छ, चाहे जस्तै बोझ लादौं ।

**जिज्ञासु**– यी मान्छेहरू तिमीलाई थुप्रै धन केका लागि दिन्छन् ?

**मत-वााला**– धर्म, स्वर्ग र मुक्तिको अर्थ ।

**जिज्ञासु**– जब तिमी नै मुक्त छैनौ, न त मुक्तिको स्वरूप वा साधनलाई जान्दछौ भने त तिम्रो सेवा गर्नेहरूलाई के मिल्नेछ ?

**मत-वाला**– के यस लोकमा मिल्दछ ? मिल्दैन; किन्तु परलोकमा मिल्दछ । जति यी मान्छेहरूले हामीलाई दिन्छन् वा सेवा गर्दछन्, त्यो सबै मरेपछाडि यिनीहरूलाई मिल्दछ ।

**जिज्ञासु**– यिनीहरूले दिएको त पाउँछन् कि पाउँदैनन्, तिमी लिनेवालालाई के मिल्छ ? नरक वा अन्य केही ?

**मत-वाला**– हामीले भजन गर्दछौं । यसको सुख हामीलाई मिल्नेछ ।

**जिज्ञासु**– तिम्रो भजन त पैसाकै लागि हो । त्यो सबै पैसा यहीं रहनेछ, र जुन मांसपिण्डलाई यहाँ पाल्दछौ, त्यो भस्म हुनेछ । यदि तिमीले ईश्वरको भजन गर्दथ्यौ भने त तिम्रो आत्मा पनि पवित्र हुने थियो ।

**मत-वाला**– के हामी अशुद्ध छौं ?

**जिज्ञासु**– भित्रका बडो मैला छौ ।

**मत-वाला**– तिमीले कसरी जान्यौ ?

**जिज्ञासु**– तिम्रो चाल-चलनबाट ।

**मत-वाला**– महात्माहरूका व्यवहार हात्तीकै दाँतको समान हुन्छ । जसरी हात्तीको दाँत खानको लागि भिन्नै र देखाउनको लागि भिन्नै, त्यसरी नै भित्रबाट हामी पवित्र छौं बाहिरबाट लीलामात्र गर्दछौं ।

**जिज्ञासु**– यदि तिमी भित्रबाट शुद्ध हुन्थ्यौ भने त बाहिरको काम पनि शुद्ध हुन्थ्यो, त्यसैले भित्रबाट पनि मैला छौ ।

**मत-वाला**– हामी चाहे जस्तासुकै हौं परन्तु हाम्रा चेला त ठीक छन् ।

**जिज्ञासु**– जस्ता तिमी गुरु छौ, त्यस्तै तिम्रा चेला पनि होलान् ।

**मत-वाला**– एकमत कहिल्यै हुन सक्दैन, किनभने मनुष्यको गुण-कर्म-स्वभाव भिन्न-भिन्न हुन्छ ।

**जिज्ञासु**– यदि बाल्यवस्थामा एक समान शिक्षा दिइन्छ, सत्यभाषणादि धर्मको ग्रहण र मिथ्याभाषणादि अधर्मको त्याग गरेमा त एकमत अवश्य हुन सकिन्छ । र दुई मत अर्थात् धर्मात्मा र अधर्मात्मा सदा रहन्छन्, तिनीहरू रहून् । परन्तु धर्मात्मा अधिक हुनाले र अधर्मी न्यून हुनाले संसारमा सुख बढ्दछ र जब अधर्मी अधिक हुन जान्छन् तब दुःख बढ्दछ । जब सबै विद्वान्‌हरूले एकैखाले उपदेश गरेमा त एकमत हुनमा कत्ति पनि विलम्ब हुँदैन ।

**मत-वाला**– आजभोलि **'कलियुग'** छ, सत्ययुगको कुरा नगर ।

**जिज्ञासु**– **'कलियुग'** नाम कालको हो । काल निष्क्रिय हुनाले केही धर्मार्थ गर्नको लागि साधक-बाधक हुँदैन, तिमीहरू नै कलियुगका मूर्तिहरू बनिरहेका छौ । यदि मनुष्य नै सत्ययुग-कलियुग हुँदैन भने त कोही पनि संसारमा धर्मात्मा हुन्थेनन् । यी सबै सङ्गको गुण-दोष हो, स्वाभाविक होइन ।

यति भनेर आप्तसँग गयो । उनीसँग भन्यो कि महाराज ! तिमीले मेरो उद्धार गर्‍यौ, नत्र भने त म पनि कसैको जालमा फसेर नष्ट हुन जान्थें, अब मैले पनि यी पाखण्डीहरूको खण्डन र वेदोक्त सत्य-मतको मण्डन गर्नेछु ।

**आप्त–** यही नै सबै मनुष्यहरूको, विशेष विद्वान् र संन्यासीहरूको काम हो कि मनुष्यलाई सत्यको मण्डन र असत्यको खण्डन पढाउने-सुनाउने गरेर सत्योपदेशबाट उपकार पुर्‍याउनु पर्दछ ।

## ब्रह्मचारी एवं संन्यासीको समीक्षा (११.३८)

**प्रश्न–** 'ब्रह्मचारी', 'संन्यासी' त ठीक छन् ?

**उत्तर–** यी आश्रम त ठीक हुन् । परन्तु आजभोलि यिनमा पनि धेरै गडबडी चलेको छ । कतिले नाम **'ब्रह्माचरी'** राखेर, जटा बढाएर झुट-मुट सिद्धाई गर्दछन्, जप पुरश्चरणादिमा फसिराख्दछन्, विद्या पढ्नको लागि नाम पनि लिंदैनन् कि जुन हेतुबाट **'ब्रह्मचारी'** नाम हुन्छ, त्यस **'ब्रह्म'** अर्थात् वेद पढ्नमा कत्ति पनि परिश्रम गर्दैनन् । ती **'ब्रह्मचारी'** बाख्राको घाँटीमा झुण्डिएका लुर्कानजस्तै निरर्थक हुन् । र जो त्यस्ता **'संन्यासी'–** विद्याहीन, दण्ड लिएर, भिक्षा माग्दै फिर्दछन्, कत्ति पनि वेदमार्गको उन्नति गर्दैनन्, सानै अवस्थामा संन्यास लिएर घुम्दछन्, विद्याभ्यासलाई छोडिदिन्छन् । यस्ता ब्रह्मचारी र संन्यासी यता-उता जल, स्थल, पाषाणादि मूर्तिहरूको दर्शन, पूजन गर्दै-फिर्दै, विद्या जानेर पनि मौन रहन्छन्, एकान्त देशमा यथेष्ट खाएर-पिएर सुतिराख्दछन्, र ईर्ष्या-द्वेषमा फसेर निन्दा-कुचेष्टा गर्दै निर्वाह गर्दछन्, काषाय वस्त्र र दण्ड-ग्रहणमात्रले आफूलाई कृतकृत्य सम्झन्छन्, आफूलाई सर्वोत्कृष्ट जानेर उत्तम काम गर्दैनन्, यस्ता 'संन्यासी' पनि जगत्मा व्यर्थै वास गर्दछन् । र जसले सब जगत्को हित साध्छन्, ती ठीक छन् ।

**प्रश्न–** गिरी, पुरी, भारती, आदि गोसांईहरू त ठीक छन् ! किनभने मण्डली बाँधेर यता-उता घुम्दछन्, सयकडौं साधुहरूलाई आनन्द गराउँछन्, सर्वत्र अद्वैतमतको उपदेश गर्दछन्, र कतिले त पढ्ने-पढाउने पनि गर्दछन् यसैले तिनीहरू राम्रा छन् होला ।

**उत्तर–** यी सबै दश नाम पछिबाट कल्पित गरिएका हुन्, सनातन होइनन् । यिनका मण्डलीहरू केवल भोजनार्थी हुन् । थुप्रै साधुहरू भोजनको लागि नै मण्डलीहरूमा रहन्छन् । दम्भी पनि हुन्छन्, किनभने एउटालाई महन्त बनाएर, सायङ्कालमा एक महन्त जुन कि तिनीहरूमा प्रधान हुन्छ, त्यो गद्दीमा बस्दछ । सबै ब्राह्मण र साधु उभिएर हातमा पुष्प लिंदै–

**नारायणं पद्मभवं वसिष्ठं शक्तिं च तत्पुत्रपराशरं च । व्यासं शुकं गौडपदं महान्तम् ॥**

–हेर्नुहोस् पुष्पाञ्जलि ॥

इत्यादि श्लोक पढेर हर-हर भन्दै, त्यसमाथि पुष्प वर्षा गर्दै, साष्टाङ्ग नमस्कार गर्दछन् । जो कसैले यस्तो गर्दैन, उसलाई त्यहाँ रहँन पनि कठिन हुन्छ । यो दम्भ संसारलाई देखाउनको लागि गर्दछन्, जसबाट जगत्मा प्रतिष्ठा भएर माल मिलोस् ।

कति मठधारी त गृस्थ भएर पनि संन्यासको अभिमान मात्र गर्दछन्, कर्म केही पनि गर्दैनन् । संन्यासको त्यही कर्म हो, जुन पाँचौं समुल्लासमा लेखेर आएँ, त्यसलाई नगरेर व्यर्थै समय गवाउँछन् । यदि कसैले राम्रो उपदेश गरेमा पनि विरोधी हुन्छन् । बहुधा यिनीहरू भस्म, रुद्राक्ष धारण गर्दछन् र कसै-कसैले शैव तथा वैष्णव सम्प्रदायको अभिमान राख्दछन् र जब कहिलेकाहिं शास्त्रार्थ चल्दछ भने, तब त आफ्नो मतको अर्थात् शङ्कराचार्योक्तको स्थापन र चक्राङ्कित आदिको खण्डनमा प्रवृत्त रहन्छन् । वेदमार्गको उन्नति र यावत्पाखण्ड मार्ग जति छन् तावत्को खण्डनमा प्रवृत्त हुँदैनन् । यी संन्यासीहरूले यस्तो सम्झन्छन् कि हामीलाई खण्डन-मण्डनसित के प्रयोजन ? हामी त महात्मा हौं, यस्ता जनहरू पनि संसारमा भाररूप नै हुन् ।

जब यस्ता हुनाले, तब नै वेदमार्गविरोधी वाममार्गादि सम्प्रदायी, ईसाई, मुसलमान, जैनी आदि बढ्न पुगे, अहिले पनि बढिराखेका छन् र यिनको नाश हुँदै गैरहेको छ तापनि यिनका आँखा खुल्दैन ! खुलोस् पनि कहाँबाट ? जे-जति उनका मनमा परोपकार-बुद्धि र कर्तव्यकर्म गर्नमा उत्साह हुन्थ्यो ! किन्तु यिनीहरू आफ्नो प्रतिष्ठा खान-पिउनको सामुन्ने अन्य अधिक केही सम्झदैनन् र संसारको निन्दादेखि अति डराउँछन् । पुनः (**लोकैषणा**) अर्थात् लोकमा प्रतिष्ठा, (**वित्तैषणा**) धन बढाउनमा तत्पर हुँदै विषयभोग, (**पुत्रैषणा**) पुत्रवत् शिष्यमाथि मोहित हुनु, यी तीन एषणाहरूलाई त्याग गर्न उचित छ । जब एषणा नै छुट्दैन भने, पुनः संन्यास कसरी हुन सक्दछ ? अर्थात् पक्षपातरहित वेदमार्गोपदेशबाट जगत्को कल्याण गर्नमा अहर्निश प्रवृत्त रहनु संन्यासीहरूको मुख्य काम हो । जब आफ्नो-आफ्नो अधिकारको कर्महरूलाई गर्दैनन्, पुनः संन्यासादि

नाम धारण गर्नु व्यर्थ छ। नत्र त जसरी गृहस्थ व्यवहार, स्वार्थमा परिश्रम गर्दछन्, संन्यासी पनि भए किन्तु जसले उनीहरू भन्दा अधिक परिश्रम परोपकार गर्नमा तत्पर रहन्छ, तब नै सबै आश्रम उन्नतिमा रहन्छन्।

हेर ! तिम्रो सामुन्ने पाखण्ड-मत बढ्दै गएका छन् । ईसाई-मुसलमानसम्म बनिराखेका छन् । तिमीबाट आफ्नो घरको रक्षा र अर्कालाई मिलाउन बन्न सक्दैन । तब नै बन्छ, जब तिमीले पनि गर्न चाहन्छौ ! जबसम्म वर्तमान र भविष्यत्मा संन्यासी उन्नतिशील हुँदैनन्, तबसम्म आर्यावर्त र अन्य देशस्थ मनुष्यहरूको वृद्धि हुँदैन । जब वृद्धिको कारण वेदादि शास्त्रहरूको पठन-पाठन, ब्रह्मचर्यादि आश्रमहरूको यथावत् अनुष्ठान, सत्योपदेश हुन्छन्, तब नै देशोन्नति हुने गर्दछ ।

चेत राख ! थुप्रै पाखण्डका कुराहरू तिमीलाई साँचो लाग्न सक्दछ । जसरी कोही साधु वा दोकान्दारले पुत्र प्राप्त गराइदिने सिद्धि बताउँछन् तब त्यसकहाँ थुप्रै स्त्रीहरू जान्छन्, सबैले पुत्र माग्दछन्, र बाबाजीले सबैलाई पुत्र हुने आशीर्वाद दिन्छ। ती मध्येमा जस-जसलाई पुत्र हुन्छ तिनीहरूले सम्झन्छन् कि बाबाजीको वचनले भयो । जब तिनीहरूसँग कसैले सोधोस् कि सुँगुर्नी, कुकुर्नी, गधीनी र कुखुरी आदि पशु र पक्षीहरूका कच्चा-बच्चा कुन बाबाजीको वरले हुने गर्दछन् ? तब केही पनि उत्तर दिन सक्ने छैनन् ! जो कसैले भन्दछ कि छोरालाई जीउँदै राख्न सक्दछु त आफै किन मरेर जान्छ ?

कति धूर्तहरूले त यस्तो माया रच्दछन कि ठूला-ठूला बुद्धिमानीहरू पनि धोका खान पुग्दछन्, जस्तै धनसारीका ठग । यिनीहरू पाँच-सात जना मिलेर अनि टाढा-टाढा देशमा जान्छन् । जुन चाहिं शरीरले डिलडालमा राम्रो देखिन्छ, त्यसैलाई सिद्ध बनाउँछन् । जुन नगर वा ग्राममा धनाढ्य हुन्छन्, त्यसको समीप जङ्गलमा त्यो सिद्धलाई बसाउँछन् । उसका साधक नगरमा गएर अञ्जान बन्दै जो कसैसँग सोध्छन्– "तिमीले यस्ता महात्मालाई यहाँ कतै देख्यौ ?" त्यो महात्मा को हो र कस्तो छ ?

**साधक**– बडो सिद्ध पुरुष छन् । मनको कुरो बताइदिन्छन् । जे मुखले भन्छन्, त्यो भएरै छाड्छ । ठूलो योगीराज हुन् । उनको दर्शनको लागि हामीले आफ्नो घर-द्वार छोडेर खोज्दैछौं । मैले कसैसँगबाट सुनेको थिएँ कि ती महात्मा यतैतिर आएका छन् ।

**गृहस्थ**– जब ती महात्मा तिमीलाई मिले भने त हामीलाई पनि बताइदिनु, दर्शन गरेर मनको कुरो सोध्नेछौं ।

यसै प्रकार दिनभरी नगरमा फिर्दै र प्रत्येकलाई त्यस सिद्धको कुरो भनेर रात्रिमा जम्मा भएर सिद्ध-साधक बन्दै खाने-पिउने र सुत्ने गर्दछन् । फेरि पनि प्रातःकाल नगर वा ग्राममा गएर त्यसै प्रकारले दुई-तीन दिन भन्दै फेरि चारै साधकले कुनै एक-एक धनाढ्यसँग भन्दछन् कि– "**ती महात्मा मिलेका छन् । तिमीलाई दर्शन गर्ने इच्छा भएमा हिंड ।**" ती जब तयार हुन्छन् तब साधकले उनीहरूसँग सोध्छन् कि तिमीले के कुरा सोध्न चाहन्छौ ? हामीलाई भन । कसैले पुत्रको इच्छा गर्दछ, कसैले धनको, कसैले रोग निवारणको र कसैले शत्रुलाई जित्नको लागि । उनीहरूलाई साधकले लैजान्छन् ।

सिद्ध-साधकहरूले जस्तो संकेत गरेका हुन्छन् अर्थात् जसलाई धनको इच्छा छ उसको दाहिनेतिर, जसलाई पुत्रको इच्छा छ उसलाई सम्मुख, जसलाई रोग निवारणको इच्छा छ उसलाई बायाँतिर, र जसको शत्रुलाई जित्ने इच्छा छ उसलाई पछाडितिरबाट लगेर सामुन्नेवालाको माझमा बसाउँछन् । जब नमस्कार गर्दछन्, उसै समयमा त्यो सिद्ध उनीहरूसँग बोल्दछ कि– **"हामीसँग पुत्र राखेका छैनौं, जुन तिमी पुत्रको इच्छा गरेर हामीकहाँ आयौ ?"** यसै प्रकार धनवालालाई **"तिमी धनको इच्छा गरेर आयौ ? फकिरहरूसँग धन कहाँ राखिएको हुन्छ ?"** रोगवालासँग– **"तिमी रोग छुटाउनको आशाले आयौ ? हामी वैद्य होइनौं, जाऊ कुनै वैद्यकहाँ ।"**

परन्तु जब त्यसको पिता रोगी छ भने त उसका साधक बूढी औंलो, आमा रोगी भएमा त चोर औंलो, भाइ रोगी भएमा त माझी औंलो, स्त्री रोगी भएमा त काइँली औंलो, कन्या रोगी भएमा त कान्छी औंलो चलाएर देखाइदिन्छन् । त्यसलाई देखेर त्यो सिद्धले भन्दछ कि तिम्रो पिता रोगी छ, तिम्री आमा बिरामी छन्, तिम्रो भाइ, तिम्रो स्त्री र तिम्रो छोरी रोगी छन् । तब त ती चारै जना मोहित हुन जान्छन् । साधकहरूले उनीहरूलाई भन्दछन्, हेर ! हामीले जस्तो भनेका थियौं त्यस्तै रहेछन् कि रहेनछन् त ?

**गृहस्थले भन्दछन्**– हो, जस्तो सुनेका थियौं त्यस्तै रहेछन् । तिमीले बडो उपकार गर्‍यौ र हाम्रो ठूलो भाग्य रहेछ कि, यस्ता महाराजको दर्शन मिल्यो ।

साधकहरूले भन्दछन् कि यी महात्मा यहाँ धेरै दिन बस्दैनन् । जे-जति आशीर्वाद लिनु छ राम्रोसँग सेवा गर ।

तीं गृहस्थहरू प्रशंसा गर्दै घरतिर लाग्दछन् । साधक पनि उनका साथैमा जान्छन्, किनभने मार्गमा कसैले उनीहरूको पाखण्डको पोल नखोलिदिऊन् । ती धनाढचहरूको कोही आफ्ना मित्र मिल्दा पनि त्यसको प्रशंसा सुनाउँछन् । यसै प्रकार जो-जो साधकहरूसँग जान्छन् तिनीहरूका वृत्तान्त सबै बताइदिन्छन् ।

जब नगरमा हल्ला हुन्छ तब थुप्रै मनुष्यको जमात गएर सोधे कि महाराज ! मेरो मनको वृत्तान्त भनिदिनुहोस्, तब सिद्धजी चुपचाप हुन्छ र भन्दछ कि मलाई दिक्क नपार । उसका साधकले पनि सबैसँग भन्न लाग्दछन्– "यदि तिमीले धेरै दिक्क पाऱ्यौ भने त छोडेर जानेछन् ।" ती मध्येमा सबै भन्दा ठूलो जो हुन्छ त्यसले साधकलाई बोलाएर सोध्न लगाउँछन् कि "मेरो मनको कुरा भनेमा मात्र मैले मान्नेछु ।" साधकले सोध्यो "के कुरा हो ?" धनाढचले बतायो । त्यसलाई उसै प्रकारको संकेतले लगेर बसाए । उसले तुरुन्तै भनिदियो । कुरो तुरुन्तै भिडमा फैलियो र सबै सम्झे कि अहो ! बडो सिद्ध पुरुष रहेछ । कोहीले मिठाई, कोहीले पैसा, कोहीले रुपैयाँ, कोहीले अशर्फी, कोहीले लुगा र कोहीले सीधा-सामाग्री दिन थाले । फेरि जबसम्म मानिराखे तबसम्म लुट्दैराखे र कुनै **'आँखाको अन्धो गाँठको पूरा'** लाई पुत्र हुने आशीर्वाद दिएर हजारौं रुपैयाँ लिएर भन्यो कि तिम्रो साँचो भक्ति भयो भने त पुत्र हुनेछ ।

यस प्रकारका धेरै ठग हुन्छन्, जसको विद्वान्ले मात्रै परीक्षा गर्न सक्दछ अरू कसैले सक्दैनन् । त्यसैले वेदादि विद्या पढ्नु, सत्सङ्ग गर्नुपर्दछ जसबाट कसैले उसलाई ठगाइमा फसाउन नसकोस्, अरूलाई पनि बचाउन सकोस् । किनभने **मनुष्यको आँखा भनेको विद्या नै हो ।** बिना विद्या शिक्षाले ज्ञान हुँदैन । जसले बाल्यावस्थादेखि नै उत्तम शिक्षा पाउँछ, त्यही मनुष्य विद्वान् हुन्छ । जो कुसङ्गी हुन्छन्, ती दुष्ट, पापी, महामूर्ख भएर बडो दुःख पाउँछन् । त्यसैले ज्ञानलाई विशेष भनिएको छ कि जसले जान्दछ, त्यसैलाई मान्दछन् ।

**न वेत्ति यो यस्य गुणप्रकर्षं स तस्य निन्दां सततं करोति ।**
**यथा किराती करिकुम्भजाता मुक्ताः परित्यज्य विभर्ति गुञ्जाः ॥**

–चाणक्यनीति (अध्याय ११/श्लोक ८) ॥

यो कुनै कविको श्लोक हो । जसले कसैको गुणलाई चिन्दैन, त्यसले उसको निरन्तर निन्दामात्रै गर्दछ, जसरी जङ्गली भीलले गजमुक्ताहरूलाई छोडेर गुञ्जाको हार पहिरन्छ, त्यसरी नै जो पुरुष विद्वान्, ज्ञानी, धार्मिक, सत्पुरुषहरूको सङ्गी, योगी, पुरुषार्थी, जितेन्द्रिय, सुशील हुन्छ, त्यही धर्मार्थ, काम, मोक्षलाई प्राप्त गरेर यस जन्म र परजन्ममा सदा आनन्दले रहन्छ ।

यहाँ आर्यावर्तनिवासी मान्छेहरूका मतको विषयमा संक्षेपबाट लेखियो । यसको अगाडि जुन थोरै मात्र आर्यराजाहरूको इतिहास फेला परेको छ, त्यसलाई सबै सज्जनहरूको जानकारीको लागि यहाँ प्रकाशित गरिएको छ ।

अब थोरै आर्यावर्त्तीय राजवंशको जसमा श्रीमान् महाराजा **'युधिष्ठिर'** देखि लिएर महाराजा **'यशपाल'** सम्मको इतिहास लेख्दछु । र श्रीमान् महाराजा **'स्वायंभुव मनुजी'** देखि लिएर महाराज **'युधिष्ठिर'** सम्मको इतिहास महाभारतादिमा लेखिएको नै छ र यसबाट सबै सज्जनहरूले त्यहाँ भन्दा यताको केही इतिहासको वर्तमान विदित हुनेछ ।

यद्यपि यो विषय "विद्यार्थी सम्मिलित **'हरिश्चन्द्रचन्द्रिका'** र **'मोहनचन्द्रिका"** जुन कि पाक्षिकपत्र श्री **'नाथद्वारे'** बाट निस्किएको थियो । जुन राजपूताना देश मेवाड राज उदयपुर चित्तौडगढ सबैलाई विदित छ, यो त्यसबाट मैले अनुवाद गरेको हुँ । यदि यसरी नै हाम्रा आर्य सज्जनहरूले इतिहास र विद्या-पुस्तकहरूको खोज गरेर प्रकाश गरेमा त देशलाई ठूलो लाभ हुनेछ । उस पत्र सम्पादकले– आफ्नो मित्रबाट एक प्राचीन पुस्तक जुन कि विक्रम संवत् १७८२ (सत्र सय बयासी) मा लेखिएको थियो, त्यसबाट उक्त पत्रका सम्पादक महाशयले ग्रहण गरेर विक्रम संवत् १९३९ मार्गशीर्ष शुक्ल र कृष्णपक्ष १९-२० किरण अर्थात् आफ्ना दुई पाक्षिक पत्रहरूमा छापेका छन् । सो निम्न लिखित प्रमाण जान्नुहोस् ।

## आर्यावर्त्तदेशीय राजवंशावली (११.३९)

इन्द्रप्रस्थमा आर्यहरूले श्रीमन्महाराज 'यशपाल' पर्यन्त राज्य गरे । जसमा श्रीमन्महाराज 'युधिष्ठिर' देखि महाराज 'यशपाल' सम्मको वंश अर्थात् पुस्ता अनुमान १२४ (एक सय चौबीस), वर्ष ४१५७, महिना ९, दिन १४ समय भएको छ । यसको विवरण–

| राजा | शक | वर्ष | महिना | दिन |
|---|---|---|---|---|
| आर्यराजा | १२४ | ४१५७ | ९ | १४ |

श्रीमान्महाराज युधिष्ठिरादि वंश अनुमान पिंढी ३०, वर्ष १७७०, महिना ११, दिन २२ यिनको विस्तार–

| **आर्यराजा** | **वर्ष** | **महिना** | **दिन** |
|---|---|---|---|
| १. राजा युधिष्ठिर | ३६ | ८ | २५ |
| २. राजा परीक्षित | ६० | ० | ० |
| ३. राजा जनमेजय | ८४ | ७ | २३ |
| ४. राजा अश्वमेध | ८२ | ८ | २२ |
| ५. द्वितीयराम | ८८ | २ | ८ |
| ६. छत्रमल | ८१ | ११ | २७ |
| ७. चित्ररथ | ७५ | ३ | १८ |
| ८. दुष्टशैल्य | ७५ | १० | २४ |
| ९. राजा उग्रसेन | ७८ | ७ | २१ |
| १०. राजा शूरसेन | ७८ | ७ | २१ |
| ११. भुवनपति | ६९ | ५ | ५ |
| १२. रणजीत | ६५ | १० | ४ |
| १३. ऋक्षक | ६४ | ७ | ४ |
| १४. सुखदेव | ६२ | ० | २४ |
| १५. नरहरिदेव | ५१ | १० | २ |
| १६. सुचिरथ | ४२ | ११ | २ |
| १७. शूरसेन (दोस्रो) | ५८ | १० | ८ |
| १८. पर्वतसेन | ५५ | ८ | १० |
| १९. मेधावी | ५२ | १० | १० |
| २०. सोनचीर | ५० | ८ | २१ |
| २१. भीमदेव | ४७ | ९ | २० |
| २२. नृहरिदेव | ४५ | ११ | २३ |
| २३. पूर्णमल | ४४ | ८ | ७ |
| २४. करदवी | ४४ | १० | ८ |
| २५. अलंमिक | ५० | ११ | ८ |
| २६. उदयपाल | ३८ | ९ | ० |
| २७. दुवनमल | ४० | १० | २६ |
| २८. दमात | ३२ | ० | ० |
| २९. भीमपाल | ५८ | ५ | ८ |
| ३०. क्षेमक | ४८ | ११ | ११ |

राजा क्षेमकका प्रधान विश्रवाले क्षेमक राजालाई मारेर राज्य गरे । पिंढी १४, वर्ष ५००, महिना ३, दिन १६ यिनको विस्तार–

| **आर्याराजा** | **वर्ष** | **महिना** | **दिन** |
|---|---|---|---|
| १. विश्रवा | १७ | ३ | २९ |
| २. पुरसेनी | ४२ | ८ | २१ |
| ३. वीरसेनी | ५२ | १० | ७ |
| ४. अनङ्गशायी | ४७ | ८ | २३ |
| ५. हरिजित | ३५ | ९ | १७ |
| ६. परमसेनी | ४४ | २ | २३ |
| ७. सुखपाताल | ३० | २ | २१ |
| ८. कद्रुत | ४२ | ९ | २४ |
| ९. सज्ज | ३२ | २ | १४ |
| १०. अमरचूड | २७ | ३ | १६ |
| ११. अमीपाल | २२ | ११ | २५ |
| १२. दशरथ | २५ | ४ | १२ |
| १३. वीरसाल | ३१ | ८ | ११ |
| १४. वीरसालसेन | ४७ | ० | १४ |

राजा वीरसालसेनलाई वीर महा प्रधानले मारेर राज्य गरे । वंश १६, वर्ष ४४५, महिना ५, दिन ३ यिनको विस्तार–

| **आर्याराजा** | **वर्ष** | **महिना** | **दिन** |
|---|---|---|---|
| १. राजा वीरमहा | ३५ | १० | ८ |
| २. अजितसिंह | २७ | ७ | १९ |
| ३. सर्वदत्त | २८ | ३ | १० |
| ४. भुवनपति | १५ | ४ | १० |
| ५. वीरसेन | २१ | २ | १३ |
| ६. महीपाल | ४० | ८ | ७ |
| ७. शत्रुसाल | २६ | ४ | ३ |
| ८. संघराज | १७ | २ | १० |
| ९. तेजपाल | २८ | ११ | १० |
| १०. माणिकचन्द | ३७ | ७ | २१ |
| ११. कामसेनी | ४२ | ५ | १० |
| १२. शत्रुमर्दन | ८ | ११ | १३ |
| १३. जीवनलोक | २८ | ९ | १७ |
| १४. हरिराव | २६ | १० | २९ |
| १५. वीरसेन (दोस्रो) | ३५ | २ | २० |
| १६. आदित्यकेतु | २३ | ११ | १३ |

राजा आदित्यकेतु मगधदेशका राजालाई 'धन्धर' नामक राजा प्रयागकाले मारेर राज्य गरे । वंश पिंढी ९, वर्ष ३७४, महिना ११, दिन २६ यिनको विस्तार–

| **आर्यराजा** | **वर्ष** | **महिना** | **दिन** |
|---|---|---|---|
| १. राजा धन्धर | ४२ | ७ | २४ |
| २. महर्षी | ४१ | २ | २९ |
| ३. सनरच्ची | ५० | १० | १९ |
| ४. महायुद्ध | २० | ३ | ८ |
| ५. दुरनाथ | २८ | ५ | २५ |
| ६. जीवनराज | ४५ | २ | ५ |
| ७. रूद्रसेन | ४७ | ४ | २८ |
| ८. आरीलक | ५२ | १० | ८ |
| ९. राजपाल | ३६ | ० | ० |

राजा राजपाललाई सामन्त महानपालले मारेर राज्य गरे । पिंढी १, वर्ष १४, महिना ०, दिन ०, यिनको विस्तार छैन ।

राजा महानपालको राज्यमा राजा विक्रमादित्यले 'अवन्तिका' (उज्जैन) बाट आक्रमण गरेर राजा

महानपाललाई मारेर राज्य गरे । पिंढी १, वर्ष ९३, महिना ०, दिन ०, यिनको विस्तार छैन ।

राजा विक्रमादित्यलाई शालिवाहनका उमराव समुद्रपाल योगी पैठणकाले मारेर राज्य गरे । पिंढी १६, वर्ष ३७२, महिना ४, दिन १७ यिनको विस्तार–

| आर्यराजा | वर्ष | महिना | दिन |
|---|---|---|---|
| १. समुद्रपाल | ५४ | २ | २० |
| २. चन्द्रपाल | ३६ | ५ | ४ |
| ३. सहायपाल | ११ | ४ | ११ |
| ४. देवपाल | २७ | १ | २८ |
| ५. नरसिंहपाल | १८ | ० | २० |
| ६. सामपाल | २७ | १ | १७ |
| ७. रघुपाल | २२ | ३ | २५ |
| ८. गोविन्दपाल | २७ | १ | १७ |
| ९. अमृतपाल | ३६ | १० | १३ |
| १०. बलीपाल | १२ | ५ | २७ |
| ११. महीपाल | १३ | ८ | ४ |
| १२. हरीपाल | १४ | ८ | ४ |
| १३. सीसपाल* | ११ | १० | १३ |
| १४. मदनपाल | १७ | १० | १९ |
| १५. कर्मपाल | १६ | २ | २ |
| १६. विक्रमपाल | २४ | ११ | १३ |

*कुनै इतिहासमा भीमपाल पनि लेखिएको छ ।

राजा विक्रमपालले पश्चिम दिशाको राजा (मलुखचन्द बोहरा थियो) यी माथि आक्रमण गरेर मैदानमा लडाईं गरे, त्यस लडाईंमा मलुखचन्दले विक्रमपाललाई मारेर इन्द्रप्रस्थको राज्य गरे । पिंढी १०, वर्ष १९१, महिना १, दिन १६ यिनको विस्तार–

| आर्यराजा | वर्ष | महिना | दिन |
|---|---|---|---|
| १. मलुखचन्द** | ५४ | २ | १० |
| २. विक्रमचन्द | १२ | ७ | १२ |
| ३. अमीनचन्द | १० | ० | ५ |
| ४. रामचन्द | १३ | ११ | ८ |
| ५. हरिचन्द | २४ | ९ | २४ |
| ६. कल्याणचन्द | १० | ५ | ४ |
| ७. भीमचन्द | १६ | २ | ९ |
| ८. लोवचन्द | २६ | ३ | २२ |
| ९. गोविन्दचन्द | ३१ | ७ | १२ |
| १०.रानीपद्ममावती# | १ | ० | ० |

** यिनको नाम कतै-कतै मानकचन्द पनि छ ।
# यी पद्मावती गोविन्दचन्दकी रानी थिइन् ।

रानी पद्मावती मरिन् । यिनको पुत्र पनि कोही थिएन । यसैले सबै मुत्सद्दीहरूले सल्लाह गरेर हरिप्रेम वैरागीलाई गद्दीमा बसालेर मुत्सद्दी राज्य गर्न लागे । पिंढी ४, वर्ष ५०, महिना ०, दिन २१ हरिप्रेमको विस्तार–

| आर्यराजा | वर्ष | महिना | दिन |
|---|---|---|---|
| १. हरिप्रेम | ७ | ५ | १६ |
| २. गोविन्दप्रेम | २० | २ | ८ |
| ३. गोपालप्रेम | १५ | ७ | २८ |
| ४. महाबाहु | ६ | ८ | २९ |

राजा महाबाहुले राज्य छोडेर वनमा तपश्चर्या गर्नको लागि गए, यो कुरो बङ्गालको राजा आधीसेनले सुनेर इन्द्रप्रस्थमा आएर आफैले राज्य गर्न थाले । पिंढी १२, वर्ष १५१, महिना ११, दिन २ यिनको विस्तार–

| आर्यराजा | वर्ष | महिना | दिन |
|---|---|---|---|
| १. राजा आधीसेन | १८ | ५ | २१ |
| २. विलावलसेन | १२ | ४ | २ |
| ३. केशवसेन | १५ | ७ | १२ |
| ४. माधसेन | १२ | ४ | २ |
| ५. मयूरसेन | २० | ११ | २७ |
| ६. भीमसेन | ५ | १० | ९ |
| ७. कल्याणसेन | ४ | ८ | २१ |
| ८. हरीसेन | १२ | ० | २५ |
| ९. क्षेमसेन | ८ | ११ | १५ |
| १०. नारायणसेन | २ | २ | २९ |
| ११. लक्ष्मीसेन | २६ | १० | ० |
| १२. दामोदरसेन | ११ | ५ | १९ |

राजा दामोदरसेनले आफ्नो उमरावलाई असाध्यै दुःख दिए, यसैले राजाका उमराव दीपसिंहले सेना मिलाएर राजाको साथमा लडाईं गरे, त्यस लडाईंमा राजालाई मारेर दीपसिंह आफैले राज्य गर्न लागे । पिंढी ६, वर्ष १०७, महिना ६, दिन २२

यिनको विस्तार–

| आर्यराजा | वर्ष | महिना | दिन |
|---|---|---|---|
| १. दीपसिंह | १७ | १ | २६ |
| २. राजसिंह | १४ | ५ | ० |
| ३. रणसिंह | ९ | ८ | ११ |
| ४. नरसिंह | ४५ | ० | १५ |
| ५. हरिसिंह | १३ | २ | २९ |
| ६. जीवनसिंह | ८ | ० | १ |

राजा जीवनसिंहले केही कारणले गर्दा आफ्ना सबै सेना उत्तर दिशामा पठाइदिए । यो समाचार

पृथ्वीराज चहाण वैराटका राजाले सुनेर जीवनसिंहमाथि आक्रमण गरेर आए र लडाईंमा जीवनसिंहलाई मारेर इन्द्रप्रस्थको राज्य गरे✷। पिंढी ५, वर्ष ८६, महिना ०, दिन २० यिनको विस्तार–

| **आर्यराजा** | **वर्ष** | **महिना** | **दिन** |
|---|---|---|---|
| १. पृथ्वीराज | १२ | २ | १९ |
| २. अभयपाल | १४ | ५ | १७ |
| ३. दुर्जनपाल | ११ | ४ | १४ |
| ४. उदयपाल | ११ | ७ | ३ |
| ५. यशपाल | २६ | ४ | २७ |

राजा यशपालमाथि सुल्तान शहाबुद्दीन गौरी गढ गजनीबाट चढाई गरेर आए र राजा यशपाललाई प्रयागको किल्लामा विक्रम संवत् १२४९ सालमा पक्रेर कैद गरे । पश्चात् **'इन्द्रप्रस्थ'** अर्थात् आधुनिक दिल्लीको राज्य आफै (सुल्तान शहाबुद्दीन) ले गर्न थाले । पिंढी ५३, वर्ष ७४५, महिना १, दिन १७, यिनको विस्तार थुप्रै इतिहासका पुस्तकहरूमा विस्तारपूर्वक लेखिएका छन्, त्यसैले यहाँ अधिक लेखिएन ।

✷यसभन्दा अगाडि र इतिहासहरूमा यस प्रकार छ कि महाराज पृथ्वीराजमाथि सुल्तान शहाबुद्दीन गौरीले आक्रमण गरेर आयो र कयौं पटक हार खाएर फर्कियो । अन्तमा विक्रम संवत् १२४९ मा आपसको फुटको कारण महाराज पृथ्वीराजलाई जितेर, अन्धो बनाइदिएर आफ्नो देशमा गयो । पश्चात् दिल्ली (इन्द्रप्रस्थ) को राज्य आफैले गर्न थाल्यो– मुसलमानहरूको राज्य पिंढी ४५, वर्ष ६१३ रह्यो ।

–पण्डित लेखराम आर्यपथिकद्वारा पञ्चम संस्करणमा लिखित टिप्पणी ॥

यस भन्दा अगाडि बौद्ध-जैन मतको विषयमा लेखिनेछ ।

## इति श्रीमद्दयानन्दसरस्वतीस्वामिनिर्मिते सत्यार्थप्रकाशे सुभाषाविभूषित आर्य्यावर्त्तीयमतखण्डनमण्डनविषय एकादशः समुल्लासः सम्पूर्णः ॥११॥

ओ३म्

# अनुभूमिका (२)

जब आर्यावर्तस्थ मनुष्यहरूमा सत्याऽसत्यको यथावत् निर्णय कारक वेदविद्या छुटेर अविद्या फैलिएर मतमतान्तर ठडिए, यही जैन आदिका विद्याविरुद्ध मत प्रचारको निमित्त बन्यो । किनभने 'वाल्मीकीय' र 'महाभारतादि' मा जैनीहरूका नाममात्र पनि लेखिएन र जैनीहरूका ग्रन्थहरूमा 'वाल्मीकीय' र 'महाभारतमा' कथित 'राम-कृष्णादि' का गाथा बडो विस्तारपूर्वक लेखिएको छ । यसबाट यही सिद्ध हुन्छ कि यो मत यसको पछाडि चल्यो, किनभने आफ्नो मतलाई धेरै प्राचीन भनेर जैनीहरूले लेख्दछन्, त्यस्तो हुन्थ्यो भने त वाल्मीकीय आदि ग्रन्थहरूमा जैनीहरूका कथा अवश्य हुन्थ्यो, यसैले जैनमत यी ग्रन्थहरूको पछाडिदेखि चलेको हो ।

कसैले भन्दछ कि जैनीहरूका ग्रन्थहरूबाट कथालाई लिएर वाल्मीकीय आदि ग्रन्थ बने होलान्, तब तिनीहरूसँग सोध्नुपर्दछ कि वाल्मीकीय आदिमा तिम्रा ग्रन्थहरूका नाम लेख पनि किन छैन ? र तिम्रा ग्रन्थहरूमा किन छन् ? के पिताको जन्मको दर्शन पुत्रले गर्न सक्दछ र ? कहिल्यै हुँदैन । यसबाट यही सिद्ध हुन्छ कि जैन-बौद्ध मत; शैव-शाक्तादि मतहरूदेखि पछि चलेको हो ।

अब यस (१२) बाह्रौं समुल्लासमा जो-जो जैनीहरूका मत-विषयक लेखिएको छ, सो-सो तिनीहरूका ग्रन्थहरूका ठेगानापूर्वक लेखिएको छ । यसमा जैनीहरूले नराम्रो मान्नुहुँदैन, किनभने जुन-जुन हामीले यिनका मतविषयमा लेखेका छौं, त्यो केवल सत्याऽसत्यको निर्णयार्थ हो, न कि विरोध वा हानि गर्नको अर्थमा । यस लेखलाई जब जैनी, बौद्ध वा अन्य जनहरूले हेर्नेछन् तब सबैलाई सत्याऽसत्यको निर्णयमा विचार र लेखाजोखा गर्न समय मिल्नेछ र बोध पनि हुनेछ । जबसम्म वादी-प्रतिवादी भएर प्रीतिले वाद वा लेख गरिँदैन तबसम्म सत्याऽसत्यको निर्णय हुन सक्दैन । जब विद्वान्हरूमा सत्याऽसत्यको निश्चय हुँदैन तबै अविद्वान्हरूले महा अन्धकारमा परेर धेरै दुःख उठाउनुपर्दछ, यसैले सत्यको जय र असत्यको क्षयको अर्थ मित्रताबाट वाद वा लेख गर्न हाम्रो मनुष्यजातिको मुख्य काम हो । यदि यस्तो भएन भने त मनुष्यहरूको उन्नति कहिल्यै हुँदैन ।

र यो बौद्ध-जैन मतको विषय बिना यिनको अन्य-मतवालाहरूलाई अपूर्व लाभ र बोध गर्नेवाला हुनेछ, किनभने यिनीहरूले आफ्ना पुस्तकलाई कुनै अन्य मतवालालाई हेर्न, पढ्न वा लेख्नलाई पनि दिँदैनन् । बडो परिश्रमबाट मैले र विशेष आर्यसमाज मुम्बईका मन्त्री 'सेठ सेवकलाल कृष्णदास' को पुरुषार्थबाट ग्रन्थ प्राप्त भएका छन् । तथा काशीस्थ 'जैनप्रभाकर' यन्त्रणालयमा छाप्ने र मुम्बईमा 'प्रकरणरत्नाकर' ग्रन्थको छाप्नाले पनि सबैलाई जैनीहरूका मत देख्न सहज भएको हो ?

यस्तो कुन विद्वान्हरूको कुरो हो कि आफ्नो मतको पुस्तक आफैले हेर्नु र दोस्रालाई नदेखाउनु ? यसैबाट विदित हुन्छ कि यी ग्रन्थहरू बनाउनेवालालाई प्रथम नै शङ्का थियो कि यी ग्रन्थहरूमा असम्भव कुरा छन्, जसलाई दोस्रा मतवालाले हेरे भने त खण्डन गर्नेछन् र हाम्रा मतवालाले दोस्राको ग्रन्थ हेरे भने त यस मतमा श्रद्धा रहने छैन ।

अस्तु, जे होस् परन्तु धेरै मनुष्य यस्ता छन्, जसले आफ्नो दोष त देख्दैनन्, किन्तु अर्काको दोष देख्नमा अति उद्युक्त रहन्छन् । यस्तो न्यायको कुरो होइन, किनभने प्रथम आफ्नो दोष केलाएर पश्चात् अर्काको दोषमा दृष्टि दिएर निकालोस् ।

अब यी बौद्ध-जैनीहरूको मतको विषय सबै सज्जनहरूको सम्मुख राख्दछु, जस्तो लाग्दछ, त्यस्तै विचार गर्नुहोस् ।

**॥ किमधिकलेखेन बुद्धिमद्वर्य्येषु ॥**

**॥ इत्यनुभूमिका ॥**

**–दयानन्द सरस्वती**

# (१२) बाह्रौं समुल्लास
# नास्तिकमत अन्तर्गत चारवाक, बौद्ध र जैनमतको खण्डन-मण्डन विषयको बारेमा व्याख्या
## नास्तिकमतको समीक्षा (१२.१)

कुनै एक **'बृहस्पति'** नामा पुरुष भएको थियो जसले वेद, ईश्वर र यज्ञादि उत्तम कर्महरूलाई पनि मान्दैनथ्यो । हेर्नुहोस् ! उसको मत–

**यावज्जीवं सुखं जीवेन्नास्ति मृत्योरगोचरः । भस्मीभूतस्य देहस्य पुनरागमनं कुतः ॥**

–सर्वदर्शनसंग्रह चारवाकदर्शन ॥

कोई मनुष्यादि प्राणी मृत्युको अगोचर छैन अर्थात् सबैले मर्नुपर्दछ, त्यसैले जबसम्म शरीरमा जीव रहन्छ, तबसम्म सुखसित रहोस् । जो कसैले भन्दछ कि **"धर्माचरणबाट कष्ट हुन्छ, यदि धर्म छोडचो भने त पुनर्जन्ममा बडो दुःख पाउनेछ ।"** त्यसलाई 'चारवाक' ले उत्तर दिन्छ कि– "हे भोले भाइ ! जब मरेपश्चात् शरीर भस्म हुन जान्छ भने जसले खाए-पिएको छ, त्यो पुनः संसारमा आउनेछैन, त्यसैले जसरी हुन सक्दछ त्यसरी नै आनन्दमा बस, लोकमा नीतिबाट चल, ऐश्वर्यलाई बढाऊ र त्यसबाट इच्छित भोग गर । यसैलाई लोक सम्झ परलोक केही पनि छैन ।"

हेर ! पृथ्वी, जल, अग्नि, वायु यी चार भूतहरूको परिणामबाट यो शरीर बनेको छ, यसमा यिनीहरूको योगले चैतन्य उत्पन्न हुने गर्दछ । जसरी मादक द्रव्य खाने-पिउने गर्नाले नशा (मद) उत्पन्न हुन्छ, यसै प्रकार जीव शरीरको साथ उत्पन्न भएर शरीरको नाशको साथै आफू पनि नष्ट भएर जान्छ, फेरि कसलाई पाप-पुण्यको फल हुने ?

**तच्चैतन्यविशिष्टदेह एव आत्मा देहातिरिक्त आत्मनि प्रमाणाभावात् ॥** –चारवाकदर्शन ॥

यस शरीरमा चारै भूतहरूको संयोगले जीवात्मा उत्पन्न भएर उनैको वियोगको साथमा नै नष्ट हुन जान्छ, किनभने मरेपछाडि कुनै पनि जीव प्रत्यक्ष हुँदैन । हामी एक प्रत्यक्षलाई मात्रै मान्दछौं, किनभने प्रत्यक्षको बिना अनुमानादि हुँदै हुँदैनन् । त्यसले मुख्य प्रत्यक्षको सामुन्ने अनुमानादि गौण हुनाले त्यसको ग्रहण गरिंदैन । सुन्दर स्त्रीको आलिङ्गनबाट आनन्द गर्नु पुरुषार्थको फल हो ।

**उत्तर**– यी पृथिव्यादि भूत जड हुन्, यिनबाट चेतनको उत्पत्ति कहिल्यै हुन सक्दैन । जसरी अहिले माता-पिताको संयोगबाट देहको उत्पत्ति हुन्छ, त्यसरी नै आदि सृष्टिमा मनुष्यादि शरीरहरूको आकृति परमेश्वर कर्ताको बिना कहिल्यै पनि हुन सकदैन । मदको समान चेतनको उत्पत्ति र विनाश हुँदैन, किनभने मद चेतनलाई हुने गर्दछ, जडलाई होइन । पदार्थ 'नष्ट' अर्थात् अदृष्ट हुन्छन् परन्तु अभाव कसैको हुँदैन । यसै प्रकार अदृश्य हुनाले जीवको पनि अभाव मान्नु हुँदैन । जब जीवात्मा सदेह हुन्छ तब उसको प्रकटता हुने गर्दछ । जब शरीरलाई छोडिदिन्छ तब यो शरीर जुन मृत्युलाई प्राप्त भएको छ, त्यो जस्तो चेतनयुक्त पूर्व थियो, त्यस्तो हुन सक्दैन । यही कुरो बृहदारण्यकमा भनिएको छ–

**नाहं मोहं ब्रवीमि अनुच्छित्तिधर्मायमात्मेति ॥** –तुलना [बृह.आर.उप.(अ.४/ब्रा.५/कं.१४)] ॥

याज्ञवल्क्य भन्नुहुन्छ कि– "हे मैत्रेयी ! मैले मोहबाट कुरा गर्दिन किन्तु आत्मा अविनाशी हो, जसको योगबाट शरीरले चेष्टा गर्दछ ।" जब जीव शरीरदेखि पृथक् हुन जान्छ तब शरीरमा ज्ञान केही पनि रहँदैन । यदि देहदेखि आत्मा पृथक् हुन्थेन भने त जसको संयोगबाट चेतनता र वियोगबाट जडता हुन्छ त्यो देहदेखि पृथक् हो । जसरी आँखाले सबैलाई हेर्दछ तर आफूलाई होइन, यसै प्रकार प्रत्यक्षलाई गर्नेवाला आफ्नो ऐन्द्रिय प्रत्यक्ष गर्न सक्दैन । जसरी आफ्नो आँखाबाट सबै घट-पटादि पदार्थ देख्दछ, त्यसै गरी आँखालाई आफ्नो ज्ञानबाट देख्दछ । जो द्रष्टा हो त्यो द्रष्टा नै रहन्छ, दृश्य कहिल्यै हुँदैन । जसरी बिना आधार आधेय, कारणको बिना कार्य, अवयवीको बिना अवयव र कर्ताको बिना कर्म रहन सक्दैनन्, त्यस्तै कर्ताको बिना प्रत्यक्ष कसरी हुन सक्दछ ?

जुन सुन्दर स्त्रीसँग समागम गर्नलाई नै पुरुषार्थको फल मान्यौ भने त क्षणिक सुख र त्यसदेखि दुःख पनि हुन्छ, त्यो पनि पुरुषार्थको नै फल हुनेछ । जब यस्तो हो भने त स्वर्गको हानि हुनाले दुःख भोग्न पर्नेछ । यदि भन्दछौ कि दुःखलाई छुटाउन र सुखलाई बढाउनमा यत्न गर्नुपर्दछ त मुक्ति-सुखको हानि हुन जान्छ, यसैले त्यो पुरुषार्थको फल होइन ।

**चारवाक**– जसले दुःख-संयुक्त सुखको त्याग गर्दछन्, ती मूर्ख हुन् । जसरी धान्यार्थी धानको ग्रहण र भुसको त्याग गर्दछ, त्यसरी नै यस संसारमा बुद्धिमान् सुखको ग्रहण र दुःखको त्याग गरोस्, किनभने यस लोकमा उपस्थित सुखलाई छोडेर अनुपस्थित स्वर्गको सुखको इच्छा गरेर धूर्तकथित वेदोक्त अग्निहोत्रादि

कर्म, उपासना र ज्ञानकाण्डको अनुष्ठान परलोकको लागि गर्दछन्, ती अज्ञानी हुन् । जुन परलोक छँदैछैन त त्यसको आशा गर्नु मूर्खताको काम हो । किनभने–

**अग्निहोत्रं त्रयो वेदास्त्रिदण्डं भस्मगुण्ठनम् । बुद्धिपौरुषहीनानां जीविकेति बृहस्पतिः ॥**

–चारवाकदर्शन ॥

चरवाक मत प्रचारक **'बृहस्पति'** भन्दछ कि– "अग्निहोत्र, तीन वेद, तीन दण्ड र भस्मलाई लगाउनु बुद्धि र पुरुषार्थरहित पुरुषहरूले जीविका बनाएका छन् ।" किन्तु काँडा बिभ्नु आदिबाट उत्पन्न भएका दुःखको नाम **'नरक',** लोकसिद्ध राजा 'परमेश्वर' र देहको नाश हुनु **'मोक्ष',** अरू केही पनि छैन ।

**उत्तर**– विषयरूपी सुखमात्रलाई पुरुषार्थको फल मानेर विषयदुःख-निवारणमात्रमा कृतकृत्यता र स्वर्ग मान्नु मूर्खता हो । अग्निहोत्रादि यज्ञहरूबाट वायु, वृष्टि, जलको शुद्धिद्वारा आरोग्यता हुनु, त्यसबाट धर्म, अर्थ, काम र मोक्षको सिद्धि हुन्छ, त्यसलाई नजानेर वेद, ईश्वर र वेदोक्त धर्मको निन्दा गर्नु धूर्तहरूको काम हो । जुन त्रिदण्ड र भस्मधारणको खण्डन हो, त्यो चाहिं ठीक हो ।

यदि कण्टकादिबाट उत्पन्न नै दुःखको नाम नरक हो भने त त्यस भन्दा अधिक महारोगादि नरक किन भएन ? यद्यपि राजालाई ऐश्वर्यवान् र प्रजापालनमा समर्थ हुनाले श्रेष्ठ मानेमा त ठीक हो परन्तु जुन अन्यायकारी पापी राजा हुन्छ, त्यसलाई पनि परमेश्वरवत् मान्दछौ भने त तिमीहरू जस्तो कोही पनि मूर्ख छैन । शरीरको विच्छेद हुनुमात्र मोक्ष हो भने त गधा, कुकुर आदि र तिमीमा के भेद रह्यो ? किन्तु आकृतिमात्रै भिन्न रह्यो ।

## चारवाकमतको समीक्षा (१२.२)

चारवाक–

**अग्निरुष्णो जलं शीतं समस्पर्शस्तथाऽनिलः । केनेदं चित्रितं तस्मात् स्वभावात्तद्व्यवस्थितिः ॥१॥**
**न स्वर्गो नाऽपवर्गो वा नैवात्मा पारलौकिकः । नैव वर्णाश्रमादीनां क्रियाश्च फलदायिकाः ॥२॥**
**पशुश्चेन्निहतः स्वर्गं ज्योतिष्टोमे गमिष्यति । स्वपिता यजमानेन तत्र कस्मानन्न हिंस्यते ॥३॥**
**मृतानामपि जन्तूनां श्राद्धं चेत्तृप्तिकारणम् । गच्छतामिह जन्तूनां व्यर्थं पाथेयकल्पनम् ॥४॥**
**स्वर्गस्थिता यदा तृप्तिं गच्छेयुस्तत्र दानतः । प्रासादस्योपरिस्थानामत्र कस्मान्न दीयते ॥५॥**
**यावज्जीवेत्सुखं जीवेदृणं कृत्वा घृतं पिबेत् । भस्मीभूतस्य देहस्य पुनरागमनं कुतः ॥६॥**
**यदि गच्छेत्परं लोकं देहादेष विनिर्गतः । कस्माद् भूयो न चायाति बन्धुस्नेहसमाकुलः ॥७॥**
**ततश्च जीवनोपायो ब्राह्मणैर्विहितस्त्विह । मृतानां प्रेतकार्याणि न त्वन्यद्विद्यते क्वचित् ॥८॥**
**त्रयो वेदस्य कर्त्तारो भण्डधूर्तनिशाचराः । जर्फरीतुर्फरीत्यादि पण्डितानां वचः स्मृतम् ॥९॥**
**अश्वस्यात्र हि शिश्नन्तु पत्नीग्राह्यं प्रकीर्त्तितम् । भण्डैस्तद्वत्परं चैव ग्राह्यजातं प्रकीर्त्तितम् ॥१०॥**
**मांसानां खादनं तद्वन्निशाचरसमीरितम् ॥११॥**

–सर्वदर्शनसंग्रहे, चारवाकदर्शने (श्लोक १-२/श्लोक २-१०) ॥

**'चारवाक', 'आभाणक', 'बौद्ध'** र **'जैन'** पनि **जगत्को उत्पत्ति स्वभावबाटै मान्दछन् ।**

जुन-जुन स्वाभाविक गुण छन्, त्यस-त्यसबाट द्रव्यसंयुक्त भएर सबै पदार्थ बन्दछन्, जगत्को कर्ता कोही छैन ॥१॥

परन्तु यी मध्येमा चारवाकले यस्तो मान्दछ । किन्तु परलोक र जीवात्मा बौद्ध-जैनले मान्दछन्, चारवाकले मान्दैन । शेष यी तीनैको मत कुनै-कुनै कुरालाई छोडेर एकैखाले जस्तो छ ।

न कुनै स्वर्ग, न कुनै नगर र न त कुनै परलोकमा जानेवाला आत्मा छ, न त वर्णाश्रमको क्रिया फलदायक छ ॥२॥ यदि यज्ञमा पशुलाई मारेर होम गर्नाले स्वर्गमा जान्छ भने त, यजमानले आफ्नो पिता आदिलाई मारेर होम गरेर स्वर्गमा किन पठाउँदैन ? ॥३॥ यदि मरेका जीवहरूको लागि श्राद्ध र तर्पण तृप्तिकारक हुन्छ भने त, परदेशमा जानेवाला मार्गमा निर्वाहार्थको लागि अन्न, वस्त्र, धन किन लैजान्छन् ? यसरी लैजान व्यर्थ छ, किनभने जसरी मृतकको नामबाट अर्पण गरिएको स्वर्गमा पुग्दछ भने त परदेशमा जानेहरूका लागि उनका सम्बन्धीले पनि घरमा बसेर उनका नाममा अर्पण गरिदिनाले देशान्तरमा पुऱ्याइदिने छ । यदि यहाँ पुग्दैन भने त स्वर्गमा त्यो कसरी पुग्न सक्दछ ? ॥४॥

जहाँ मर्त्यलोकमा दान गर्नाले स्वर्गवासी तृप्त हुन्छन् भने त भुइँतलामा बसेर दिनाले घरको माथिल्लो तलामा बसेका पुरुष किन तृप्त हुँदैनन् ? ॥५॥ यसैले जबसम्म बाँचिन्छ, तबसम्म सुखसित बाँचोस् । यदि घरमा पदार्थ छैन भने ऋण गरेर पनि आनन्द गरोस्, ऋण तिर्नुपर्दैन, किनभने जुन शरीरमा जीवले खान्छ-पिउँछ, ती दुइटाको पुनरागमन हुने छैन, फेरि कोसँग कसले माग्ने ? र कसले दिने ? ॥६॥

जुन मान्छेहरूले भन्दछन् कि मृत्युसमयमा जीव शरीरबाट निस्केर परलोकमा जान्छ, यो कुरो मिथ्या हो, किनभने यदि यस्तो हुन्थ्यो भने त कुटुम्बको मोहबाट बद्ध भएर पुनः घरमा किन आउँदैन ? ॥७॥ यसैले यो सबै ब्राह्मणहरूले आफ्नो जीविकाको लागि उपाय गरेका हुन् । जुन दशगात्रादि मृतकक्रिया गर्दछन्, यो सबै उनीहरूका जीविकाको लीला हो ॥८॥

वेद बनाउनेहरू भाँड, धूर्त र राक्षस, यी तीन हुन् । 'जर्फरी' 'तुर्फरी' इत्यादि पण्डितहरूका धूर्ततायुक्त वचन हुन् ॥९॥ हेर्नुहोस् धूर्तहरूको रचना ! "घोडाको लिङ्गलाई स्त्रीले ग्रहण गर्नु ।" त्यसको साथ समागम यजमानकी स्त्रीलाई गराउनु, कन्यासँग ठट्टा आदि लेख्नु, धूर्तहरूको बिना हुन सक्दैन ॥१०॥ र जुन मासु खानुपर्ने लेखिएको छ, त्यो वेदभाग राक्षसले बनाएको हो ॥११॥

**उत्तर**– बिना चेतन परमेश्वरले निर्माण गरेको जड पदार्थ आपसमा स्वभावबाट नियमपूर्वक मिलेर उत्पन्न हुन सक्दैन । त्यस कारण सृष्टिको कर्ता अवश्य हुनुपर्दछ । यदि स्वभावबाटै हुन्थे भने त द्वितीय पृथ्वी, सूर्य, चन्द्र आफै किन हुँदैनन् ॥१॥

**'स्वर्ग'** सुख भोग र **'नरक'** दुःख भोगको नाम हो । यदि जीवात्मा हुन्थेन भने त सुख-दुःखको भोक्ता को हुन सक्दछ ? जसरी यस समयमा सुख-दुःखको भोक्ता जीव छ, त्यसरी नै परजन्ममा पनि हुन्छ । के सत्यभाषणादि दया आदि क्रिया पनि वर्णाश्रमीहरूका निष्फल हुन्छ ? कहिल्यै हुँदैन ॥२॥ पशुलाई मारेर होम गर्न वेदमा कहीं पनि लेखिएको छैन, त्यसैले यो खण्डन अखण्डनीय छ र मृतकहरूको श्राद्ध पनि कपोलकल्पित हुनाले वेदविरुद्ध पुराण मत-वालाहरूको मत हो ॥३, ४, ५॥

जुन वस्तु हुन्छ, त्यसको अभाव कहिल्यै हुँदैन भने त, विद्यमान जीवको अभाव कहिल्यै हुन सक्दैन । देह भस्म हुन जान्छ, जीव होइन । जीव त दोस्रो शरीरमा जान्छ, यसैले जो कसैले ऋणादिले सुख भोग गर्दछ, त्यसले दोस्रो जन्ममा अवश्य भोग्नेछ ॥६॥ देहबाट निस्केर जीव स्थानान्तर र शरीरान्तरलाई प्राप्त गर्दछ, उसलाई पूर्वजन्मको ज्ञान केही पनि रहँदैन, त्यसैले पुनश्च कुटुम्बमा आउँदैन ॥७॥ हो, ब्राह्मणहरूले प्रेतको कर्म आफ्नो जीविकाको लागि गरेका हुन् वेदोक्त होइन ॥८॥

यदि चारवाक आदिले असल वेदलाई हेरका हुन्थे भने त वेदको निन्दा कबै गर्ने थिएनन् । भाँड, धूर्त र निशाचरवत् पुरुष टीकाकार भएका छन्, उनैको नै धूर्तता हो, वेदको होइन । परन्तु शोक छ चारवाक, आभाणक, बौद्ध र जैनहरूमाथि कि यिनीहरूले मूल वेदलाई पनि सुनेनन्, हेरेनन् र न कुनै विद्वान्सित पढे, यसैले भ्रष्ट टीका र वाममार्गीहरूका लीला देखेर वेदहरूसँग विरोध गरेर नष्ट-भ्रष्ट बुद्धि हुँदै वेदहरूको निन्दा गर्न लागेका छन् । यही वाममार्गीहरूको दुष्ट चेष्टा चारवाक, बौद्ध र जैनहरूको मत उदय हुनाको कारण हो, किनभने चारवाक आदिले पनि वेदहरूका सत्य अर्थ जान्न सकेनन् ॥९॥

भला ! विचार गर्नुपर्दछ कि स्त्रीसँग अश्वको उपस्थ ग्रहण आदि लीला, त्यससँग समागम गर्नु र यजमानको कन्यासँग हाँसी-ठट्टा आदि गर्नु र मांस खानु आदि टीकाकारहरूको धूर्तता हो, वेदको होइन । सिवाय वाममार्गी बाहेकले अन्य भ्रष्ट, वेदार्थदेखि विपरीत, अशुद्ध व्याख्यान कसले गर्दछ ? ॥१०-११॥

यही नै चारवाक-बौद्धहरू बन्नाको मुख्य कारण हो, किनभने बौद्धहरूले चारवाकदेखि धेरैजसो चारवाकहरूका मत र थोरै चाहिं आफ्ना पनि गाँठका लगाएका छन्, यसैबाट बौद्धहरूको शाखा पृथक् चलेको छ ।

अब जुन चारवाकादिहरूमा भेद छ, सो लेख्दछु–

यी चारवाकादि धेरै कुराहरूमा एकै छन् परन्तु चारवाकले देहको उत्पत्तिको साथ जीवोत्पत्ति र त्यसको नाशको साथ नै जीवनको पनि नाश मान्दछ । पुनर्जन्म र परलोकलाई मान्दैन । एक प्रत्यक्ष प्रमाणको बिना अनुमानादि प्रमाणहरूलाई पनि मान्दैन । चारवाकको अर्थ– जो बोल्नमा **प्रगल्भ** र विशेषार्थ **वैतण्डिक** हुन्छ । र बौद्ध-जैन प्रत्यक्षादि चारै प्रमाण, अनादि जीव, पुनर्जन्म, परलोक र मुक्तिलाई पनि मान्दछन् । यतिनै चारवाकदेखि बौद्ध र जैनीहरूको भेद हो परन्तु नास्तिकता, वेद ईश्वरको निन्दा, परमतद्वेष, छः यतना र जगत्को कर्ता कोही होइन, इत्यादि कुराहरूमा सबै एकै नै छन् । यो चारवाकको मत संक्षेपमा दर्शाइदिएको छ ।

## बौद्धादिका नास्तिक भेदहरू (१२.३)

अब बौद्धमतको विषयमा संक्षेमा लेखिन्छ–

**कार्य्यकारणभावाद्वा स्वभावाद्वा नियामकात् । अविनाभावनियमो दर्शनान्तरदर्शनात् ॥**

–सर्वदर्शनसंग्रह बौद्धदर्शन ॥

**'कार्य्यकारणभाव'** अर्थात् कार्य्यको दर्शनले कारण र कारणको दर्शनले कार्यादिको साक्षात्कार प्रत्यक्षबाट शेषमा अनुमान हुन्छ, बिना यसको प्राणीहरूको सम्पूर्ण व्यवहार पूर्ण हुन सक्दैन, इत्यादि

लक्षणले अनुमानलाई अधिक मानेर चारवाकदेखि भिन्न शाखा बौद्धहरूको बन्यो, अन्य धेरै कुराहरू चारवाकहरूका लिएका छन् । बौद्ध चार प्रकारका हुन्छन्–

एक 'माध्यमिक', दोस्रो 'योगाचार' तेस्रो 'सौत्रान्तिक' र चौथो 'वैभाषिक' । **'बुद्धचा निर्वर्त्तते सः बौद्धः'** जुन बुद्धिबाट सिद्ध हुन्छ अर्थात् जुन-जुन कुरा आफ्नो बुद्धिमा आउँछ त्यस-त्यसलाई मान्ने र जुन आउँदैन त्यसलाई नमान्ने ।

यी मध्येमा **'माध्यमिक'** ले सर्वशून्यतालाई मान्दछ । अर्थात् जति पदार्थ छन्, ती सबै 'शून्य' हुन् अर्थात् आदिमा हुँदैनन्, अन्तमा रहँदैनन्, मध्यमा जुन प्रतीत हुन्छ त्यो पनि प्रतीत समयमा हो, पश्चात् शून्य हुन जान्छ । जसरी उत्पत्तिको पूर्व घट थिएन, प्रध्वंसको पश्चात् रहँदैन र घटज्ञान समयमा भास्दछ र पदार्थान्तरमा ज्ञान जानाले घटज्ञान रहँदैन, त्यसैले शून्य नै एक मात्र तत्त्व हो, यस्तो मान्दछ ।

दोस्रो **'योगाचार'** जुन बाह्य शून्य मान्दछ । अर्थात् पदार्थ भित्र ज्ञानमा भास्दछ, बाहिर होइन । जसरी घटको ज्ञान आत्मामा हुन्छ तब नै मनुष्यले भन्दछ कि **"यो घट हो",** यदि भित्र ज्ञान हुन्थेन भने त भन्न सक्थेन, यस्तो मान्दछ ।

तेस्रो **'सौत्रान्तिक'** जुन बाहिर अर्थको अनुमान मान्दछ, किनभने बाहिर कुनै पदार्थ साङ्गोपाङ्ग प्रत्यक्ष हुँदैन किन्तु एकदेश प्रत्यक्ष हुनाले शेषमा अनुमान गरिन्छ, यसको यस्तो खालको मत छ ।

चौथो **'वैभाषिक'** हो, यसको मतमा बाहिर पदार्थ प्रत्यक्ष हुन्छ, भित्र हुँदैन, जसरी **'अयं नीलो घटः'** यस प्रतीतिमा नीलयुक्त घटाकृति बाहिर प्रतीत हुन्छ, यसले यस्तो मान्दछ । **यद्यपि यिनका आचार्य बुद्ध उपदेष्टा जनाउनेवाला एक थियो** तथापि सुन्नेवाला पुरुषहरू र शिष्यहरूको बुद्धिभेदले गर्दा चार शाखा हुन गएको छ । जसरी सूर्य अस्त भएपछि जारपुरुषले जारकर्म, चोरले चोरीकर्म र पूर्ण विद्वान्ले सत्य आचरण गर्दछन् । समय एक र आफ्नो-आफ्नो बुद्धिको अनुसार भिन्न-भिन्न चेष्टा गर्दछन् ।

अब यी पूर्वोक्त चारैमा 'माध्यमिक'– सबैलाई क्षणिक मान्दछ । अर्थात् क्षण-क्षणमा बुद्धिको परिणाम हुनाले पूर्व क्षणमा ज्ञात वस्तु थियो, त्यस्तै नै दोस्रो क्षणमा रहँदैन, यस कारण सबैलाई क्षणिक मान्नुपर्दछ, यस्तो मान्दछ ।

दोस्रो 'योगाचार'– जुन-जुन प्रवृत्ति छ त्यो-त्यो दुःखस्वरूप हो, किनभने प्राप्तिमा सन्तुष्ट कोही पनि हुँदैनन् । एकको प्राप्तिमा दोस्रा अप्राप्तहरूको इच्छा बनिराख्दछ, यस प्रकार मान्दछ ।

तेस्रो 'सौत्रान्तिक'– सबै पदार्थ आफ्ना-आफ्ना लक्षणहरूले लक्षित हुन्छन्, जसरी गाईको चिह्नले गाई र घोडाको चिह्नले घोडा ज्ञात हुन्छ, त्यसरी नै लक्षण लक्ष्यमा सदा रहन्छन्, यस्तो भन्दछ ।

चौथो 'वैभाषिक'– शून्यलाई एक पदार्थ मान्दछ । प्रथम माध्यमिकले सबैलाई शून्य मान्दथ्यो, त्यसैको पक्ष वैभाषिकको पनि छ, इत्यादि बौद्धहरूमा धेरैजसो विवाद पक्ष छन् । यस प्रकार चार प्रकारको भावना मान्दछन् ।

**उत्तर**– यदि सबै शून्य हुन्छ भने त शून्यलाई जान्नेवाला शून्य हुन सक्दैन र यदि सबै शून्य भए भने त शून्यलाई शून्यले जान्न सक्दैन, यस कारण शून्यको ज्ञाता र ज्ञेय शून्य दुई पदार्थ सिद्ध हुन्छन् । र जहाँ योगाचार बाह्य-शून्यत्व मान्दछ भने त पर्वत यसको भित्र हुनुपर्दछ । यदि भन्दछ कि पर्वत यसको भित्र छ भने त उसको हृदयमा पर्वतको समान अवकाश कहाँ छ ? यसैले बाहिर पर्वत छ र पर्वतज्ञान आत्मामा रहन्छ ।

सौत्रान्तिक कुनै पदार्थलाई प्रत्यक्ष मान्दैन भने त त्यो आफू स्वयं र उसको वचन पनि अनुमेय हुनुपर्दछ, प्रत्यक्ष होइन । यदि प्रत्यक्ष होइन भने त **'अयं घटः'** यस्तो प्रयोग नहुनु पर्ने हो, किन्तु **'अयं घटैकदेशः'** यो घडाको एक देश हो र एक देशको नाम घडा होइन, किन्तु समुदायको नाम घट हो । **'यो घैंटो हो'** यो प्रत्यक्ष हो, अनुमेय होइन, किनभने सबै अवयवहरूमा अवयवी एक हुन्छ, त्यसको प्रत्यक्ष हुनाले सबै घटको अवयव पनि प्रत्यक्ष हुन्छन्, अर्थात् सावयव घट प्रत्यक्ष हुन्छ ।

चौथो वैभाषिक जुन बाह्य पदार्थहरूलाई प्रत्यक्ष मान्दछ, त्यो पनि ठीक होइन । किनभने जहाँ ज्ञाता र ज्ञान हुन्छ, वहीं प्रत्यक्ष हुन्छ । अर्थात् आत्मामा सबैको प्रत्यक्ष हुन्छ । यद्यपि प्रत्यक्षको विषय बाहिर हुन्छ, तदाकार ज्ञान आत्मालाई हुन्छ । त्यसरी नै क्षणिक पदार्थ र त्यसको ज्ञान क्षणिक हो भने त 'प्रत्यभिज्ञा' अर्थात् 'मैले त्यो कुरा गरेको थिएँ' अथवा 'त्यो चीज देखेको थिएँ' स्मरण नहुनुपर्ने हो, परन्तु पूर्व दृष्ट-श्रुतको स्मरण हुने गर्दछ, त्यसैले क्षणिकवाद पनि ठीक होइन । यदि सबै दुःख नै हुने र सुख नहुने हो भने त सुखको अपेक्षाको बिना दुःख सिद्ध हुन सक्दैन । जसरी रात्रिको अपेक्षाबाट दिन र दिनको अपेक्षाबाट रात्रि हुने गर्दछ, यसैले सबै दुःख मात्र ठीक होइन । यदि स्वलक्षण मात्रै मानेमा त नेत्र रूपको लक्षण हो र रूप लक्ष्य हो जसरी घटको रूप । घटको रूपको लक्षण चक्षु, लक्ष्यदेखि भिन्न हो र गन्ध पृथ्वीदेखि अभिन्न हो,

यसै प्रकार भिन्नाऽभिन्न लक्ष्य लक्षण मान्नुपर्दछ । शून्यको उत्तर जुन पूर्व दिइसकिएको छ वही अर्थात् शून्यलाई जान्नेवाला शून्यदेखि भिन्न हुन्छ ।

**सर्वस्य संसारस्य दुःखात्मकत्वं सर्वतीर्थङ्करसंम्मतम् ॥** —बौद्धदर्शन ॥

सबै संसार दुःखमय छ, यो सबै तीर्थङ्करहरूको मत हो । जसलाई बौद्धले तीर्थङ्कर मान्दछन्, उनैलाई जैनहरूले पनि मान्दछन्, त्यसैले यी दुइटै एक हुन् । र पूर्वोक्त 'भावनाचतुष्टच' अर्थात् चार भावनाहरूबाट सकल वासनाहरूको निवृत्तिदेखि शून्यरूप 'निर्वाण' अर्थात् मुक्ति मान्दछन् । आफ्ना शिष्यहरूलाई 'योग' र 'आचार' को उपदेश गर्दछन्– गुरुको वचनको प्रमाण गर्नु, अनादि बुद्धिमा वासना हुनाले बुद्धि नै अनेकाकार भास्दछ र चित्तचैत्तात्मक स्कन्ध पाँच प्रकारका मान्दछन्–

**रूपविज्ञानवेदनासंज्ञासंस्कारसंज्ञकः ॥** —बौद्धदर्शन ॥

ती मध्येमा प्रथम स्कन्ध– जुन इन्द्रियहरूबाट रूपादि विषय ग्रहण गरिन्छ त्यो 'रूपस्कन्ध' । (दोस्रो) आलयविज्ञान, प्रवृत्ति अर्थात् जसमा रूपादि विषय रहन्छन्, त्यसका विज्ञान-प्रवृत्तिलाई जान्नुरूप व्यवहारको 'विज्ञानस्कन्ध' । (तेस्रो) रूपस्कन्ध र विज्ञानस्कन्धबाट उत्पन्न भएको सुख-दुःख आदि प्रतीतिरूप व्यवहारलाई 'वेदनास्कन्ध' । (चौथो) गौ आदि संज्ञाको सम्बन्ध नामीको साथ मान्ने रूपलाई 'संज्ञास्कन्ध' । (पाँचौं) वेदनास्कन्धबाट रागद्वेषादि क्लेश र क्षुधा-तृषादि उपक्लेश, मद, प्रमाद, अभिमान, धर्म र अधर्मरूप व्यवहारलाई 'संस्कारस्कन्ध' मान्दछन् । सबै संसारलाई दुःखरूप, दुःखको घर र दुःखको साधनरूप भावना गरेर संसारबाट छुट्नु, चारवाकहरू भन्दा अधिक मुक्ति, अनुमान र जीवलाई मान्नु, बौद्धले मान्दछन् ।

**देशना लोकनाथानां सत्त्वाशयवशानुगाः । भिद्यन्ते बहुधा लोके उपायैर्बहुभिः किल ॥१॥**

**गम्भीरोत्तानभेदेन क्वचिच्चोभयलक्षणा । भिन्ना हि देशनाऽभिन्ना शून्यता द्वयलक्षणा ॥२॥**

द्वादशायतनपूजा श्रेयस्करीति बौद्धा मन्यन्ते–

**अर्थानुपाद्य बहुशो द्वाद्वशायतनानि वै । परितः पूजनीयानि किमन्यैरिह पूजितैः ॥३॥**

**ज्ञानेन्द्रियाणि पञ्चैव तथा कर्मेन्द्रियाणि च । मनो बुद्धिरिति प्रोक्तं द्वादशायतनं बुधैः ॥४॥**

—बौद्धदर्शन ॥

**अर्थ**– जो ज्ञानी, विरक्त, **जीवनमुक्त** लोकहरूका नाथ, बुद्ध आदि तीर्थङ्करहरूको पदार्थहरूको स्वरूपलाई जान्नेवाला उपदेशक जुन कि भिन्न-भिन्न पदार्थहरूको हो, जसका धेरैजसो भेद, धेरै उपायहरूबाट बताइएको छ, त्यसलाई मान्नु ॥१॥ बडो गम्भीर र प्रसिद्ध भेदले कहीं-कहीं गुप्त र प्रकटताबाट भिन्न-भिन्न गुरुहरूका उपदेश जुन कि शून्य लक्षणयुक्त पूर्व भनेर आइयो, त्यसलाई मान्नु ॥२॥ जुन द्वादशायतन पूजा हो, त्यही नै मोक्ष गराउनेवाला हो– त्यस पूजाको लागि थुप्रै द्रव्यादि पदार्थहरूलाई प्राप्त गरेर 'द्वादशायतन' अर्थात् बाह्र प्रकारको स्थान विशेष बनाएर सबै प्रकारले पूजा गर्नुपर्दछ, अन्यको पूजा गर्नमा के प्रयोजन ? ॥३॥ द्वादशायतन पूजा यो हो– पाँच 'ज्ञानेन्द्रिय' अर्थात् श्रोत्र, त्वचा, चक्षु, जिह्वा र नासिका; पाँच 'कर्मेन्द्रिय' अर्थात् वाक्, हस्त, पग, उपस्थ र गुह्य, मन र बुद्धि यिनैको 'सत्कार' अर्थात् यिनलाई आनन्दमा प्रवृत्त राख्नु बौद्धहरूको मत हो ॥४॥

**उत्तर**– यदि संसार सबै दुःखरूप हुन्थ्यो भने त कुनै जीवको प्रवृत्ति नहुनुपर्दछ । संसारमा जीवहरूको प्रवृत्ति प्रत्यक्ष देखिन्छ, त्यसैले संसार सबै दुःखरूप हुन सक्दैन किन्तु यसमा सुख-दुःख दुवै छन् । जहाँ बौद्धले यो कुरा गर्दछन् भने त खानपानादि र शरीररक्षण गर्नमा प्रवृत्त भएर सुख किन मान्दछन् ? यदि भन्लान् कि हामी प्रवृत्त त हुन्छौं परन्तु यसलाई दुःख नै मान्दछौं, तब पनि यो कथन सम्भव हुँदैन । किनभने जीवले सुख जानेर प्रवृत्त र दुःख जानेर निवृत्त हुने गर्दछ । संसारमा धर्मक्रिया, विद्या, सत्सङ्गादि सबै श्रेष्ठ व्यवहार सुखकारक छन् ।

जुन पाँच स्कन्ध बताएका छन्, ती पनि अपूर्ण छन् । किनभने यस्ता स्कन्ध विचार गर्न लाग्यौं भने त एक एकको अनेक भेद हुन सक्दछन् । जिन तीर्थङ्करहरूलाई उपदेशक र लोकनाथ मान्दछन्, अनादि ईश्वरलाई मान्दैनन् भने त उनीहरूले उपदेश कहाँबाट पाए ? यदि भनौला कि स्वयं प्राप्त भयो, तब त कारणको बिना कार्य हुन सक्दैन । न त यस समयमा पनि उपदेशको बिना कसैलाई ज्ञान हुन सक्दछ, र यदि हुन्छ भने त तिमी र अन्यलाई पनि हुन जानेछ । उपदेशक बुद्ध आदिको के आवश्यकता छ ॥१॥

यदि शून्यरूप नै अद्वैत उपदेशक बौद्धहरूको हो भने त विद्यमान वस्तु शून्यरूप कहिल्यै हुन सक्दैन; हो, सूक्ष्म कारणरूप त हुन जान्छ । जुन द्रव्यहरूको उपार्जनबाटै पूर्वोक्त द्वादशायतनपूजा मोक्षको साधन भनियो भने त दश प्राण र एघारौं जीवको पूजा किन गर्दैनौ ? र जब इन्द्रिय र अन्तःकरणको पूजा मोक्षप्रद छ भने त विषयीजन र बौद्धहरूमा के भेद रह्यो ? फेरि मुक्ति कहाँ ? पूर्व सबैमा दुःखरूप भावना गरेर फेरि द्वादशायतनपूजा लगाए । त्यसैले यिनको मत सर्वांश सत्य होइन ।

# बौद्ध र सौगतमतको समीक्षा (१२.४)

'विवेक विलास' ग्रन्थमा बौद्धहरूको मत यस प्रकारले बताइएको छ–

**बौद्धानां सुगतो देवो विश्वं च क्षणभङ्गुरम् । आर्यसत्त्वाख्यया तत्त्वचतुष्टयमिदं क्रमात् ॥१॥**
**दुखमायतनं चैव ततः समुदयो मतः । मार्गश्चेत्यस्य च व्याख्या क्रमेण श्रूयतामतः ॥२॥**
**दुःखं संसारिणः स्कन्धास्ते च पञ्च प्रकीर्त्तिताः । विज्ञानं वेदना संज्ञा संस्कारो रूपमेव च ॥३॥**
**पञ्चेन्द्रियाणि शब्दाद्या विषयाः पञ्च मानसम् । धर्मायतनमेतानि द्वादशायतनानि तु ॥४॥**
**रागादीनां गणो यस्मात् समुदेति नृणां हृदि । आत्मात्मीयस्वभावाख्यः स स्यात्समुदयः पुनः ॥५॥**
**क्षणिकाः सर्वसंस्कारा इति या वासना स्थिरा । स मार्ग इति विज्ञेयः स च मोक्षोऽभिधीयते ॥६॥**
**प्रत्यक्षमनुमानं च प्रमाणद्वितयं तथा । चतुःप्रस्थानिका बौद्धाः ख्याता वैभाषिकादयः ॥७॥**
**अर्थो ज्ञानान्वितो वैभाषिकेण बहु मन्यते । सौत्रान्तिकेन प्रत्यक्षग्राह्योऽर्थो न बहिर्मतः ॥८॥**
**आकारसहिता बुद्धिर्योगाचारस्य संमता । केवलां संविदं स्वस्थां मन्यन्ते मध्यमाः पुनः ॥९॥**
**रागादिज्ञानसन्तानवासनाच्छेदसम्भवा । चतुर्णामपि बौद्धानां मुक्तिरेषा प्रकीर्तिता ॥१०॥**
**कृत्तिः कमण्डलुर्मौण्डचं चीरं पूर्वाह्णभोजनम् । संघो रक्ताम्बरत्वं च शिश्रिये बौद्धभिक्षुभिः ॥११॥**

–बौद्धदर्शन (श्लोक ५-१३/श्लोक १-२) ॥

**अर्थ**– बौद्धहरूका सुगतदेव बुद्ध भगवान् पूजनीय देव र जगत् क्षणभङ्गुर आर्य पुरुष र आर्या स्त्री तथा तत्त्वहरूको 'आख्या' संज्ञादि प्रसिद्धि यी चार तत्त्व बौद्धहरूमा मन्तव्य पदार्थ हुन् ॥१॥ यस विश्वलाई 'दुःख' को घर जानेमा, तदनन्तर 'समुदय' अर्थात् उन्नति हुन्छ । 'मार्ग' र यिनको व्याख्या क्रमबाट सुन ॥२॥ संसारमा दुःखमात्रै छ, जुन पञ्चस्कन्ध पूर्वमा भनेर आइयो त्यसलाई जान्नु ॥३॥ पञ्च ज्ञानेन्द्रिय तिनका शब्दादि विषय पाँच र मन-बुद्धि-अन्तःकरण, धर्मका स्थान यी द्वादश हुन् ॥४॥ जुन मनुष्यको हृदयमा रागद्वेषादि समूहको उत्पत्ति हुन्छ त्यो 'समुदय' र जुन आत्मा, आत्माको सम्बन्धी र स्वभाव हो त्यो 'आख्या', यिनैबाट फेरि 'समुदय' हुन जान्छ ॥५॥ सबै संस्कार क्षणिक हो, जुन यो वासना स्थिर हुनु, त्यो बौद्धहरूको 'मार्ग' हो र त्यही शून्य तत्त्व शून्यरूप हुन जानु 'मोक्ष' हो ॥६॥ बौद्धजनहरू प्रत्यक्ष र अनुमान दुइटैमात्र प्रमाण मान्दछन् । चार प्रकारको यिनका भेद छन्– **वैभाषिक, सौत्रान्तिक, योगाचार** र **माध्यमिक** ॥७॥ यी मध्येमा **'वैभाषिक'** ज्ञानमा जुन अर्थ हुन्छ, त्यसलाई विद्यमान मान्दछन्, किनभने जुन ज्ञानमा छैन, त्यसको हुनु सिद्ध पुरुषले मान्न सक्दैन र **'सौत्रान्तिक'** भित्रका प्रत्यक्ष पदार्थ मान्दछ, बाहिरको होइन ॥८॥ **'योगाचार'** आकारसहित विज्ञानयुक्त बुद्धिलाई मान्दछ र **'माध्यमिक'** केवल आफूमा पदार्थहरूको ज्ञानमात्र मान्दछ, पदार्थलाई मान्दैन ॥९॥ र रागादि ज्ञानको प्रवाहको वासनाको नाशबाट उत्पन्न भएको मुक्ति चारै बौद्धहरूको हो ॥१०॥ मृगादिको छाला, कमण्डलु, टाउको मुडाउनु, वल्कल वस्त्र धारण, पूर्वाह्न अर्थात् नौ बजे भन्दा पूर्व भोजन, एक्लै नबस्नु, रक्त वस्त्रको धारण, यो बौद्धहरूको साधुहरूको वेश हो ॥११॥

**उत्तर**– यदि बौद्धहरूका सुगत बुद्ध नै देव हो भने त उसको गुरु को थियो ? र यदि विश्व क्षणभङ्ग हुन्छ भने त, चिरदृष्ट पदार्थको 'यो त्यही हो' यस्तो स्मरण नहुनुपर्ने हो । जुन क्षणभङ्ग हुन्छ भने त्यो पदार्थ नै रहँदैन, पुनः स्मरण कसको हुने ? ॥१॥ यदि क्षणिकवाद नै बौद्धहरूको मार्ग हो भने त यिनको मोक्ष पनि क्षणभङ्ग हुनेछ । यदि ज्ञानले युक्त अर्थ द्रव्य हो भने त जड द्रव्यमा पनि ज्ञान हुनुपर्दछ यसैले ज्ञानमा अर्थको प्रतिबिम्बजस्तो रहन्छ । यदि भित्र ज्ञानमा द्रव्य हुन्छ भने त बाहिर नहुनुपर्ने हो र त्यो चलनादि क्रिया कसमाथि गर्दछ ? बाहिर देखिन्छ त्यो कसरी मिथ्या हुन सक्दछ ? यदि आकारलेसहित बुद्धि हो भने त दृश्य हुनुपर्दछ । यदि ज्ञान नै हृदयमा आत्मस्थ हुन्छ भने त, बाह्य पदार्थहरूलाई केवल ज्ञानमात्रै मान्ने हो भने त ज्ञेयको बिना ज्ञान नै हुन सक्दैन । यदि वासनाच्छेद नै मुक्ति हो भने त सुषुप्तिमा पनि मुक्ति मान्नुपर्दछ । यो संक्षेपबाट बौद्ध मतको विषय लेखियो । यसको अगाडि जैनमतको विषय लेखिने छ, यसलाई जैनहरूले मान्दछन् ।

# जैनमतको समीक्षा (१२.५)

प्रकरण रत्नाकर १ भाग, नयचक्रसारमा निम्नलिखित कुराहरू लेखिएका छन्–

बौद्धहरू समय-समयमा नवीनपनबाट (१) आकाश, (२) काल, (३) जीव, (४) पुद्गल, यी चार द्रव्य मान्दछन् र जैनीहरू धर्मास्तिकाय, अधर्मास्तिकाय, आकाशास्तिकाय, पुद्गलास्तिकाय, जीवास्तिकाय र काल यी छः द्रव्य मान्दछन् । यसमा कालको आस्तिकायता छैन र यस्तो पनि मान्दछन् कि काल उपचारले द्रव्य हो, वस्तुतः होइन ।

त्यस मध्येमा पहिलो 'धर्मास्तिकाय' जुन गतिपरिणामीपनबाट परिणामलाई प्राप्त भएको जीव र पुद्गल, यिनको गतिको समीपले स्तम्भन गर्नको हेतु हो त्यो धर्मास्तिकाय, र त्यो असंख्य प्रदेश परिमाण र लोकमा व्यापक छ ।

र दोस्रो 'अधर्मास्तिकाय' यो हो कि जुन स्थिरताबाट परिणामी भएका जीव तथा पुद्गलको स्थितिको आश्रयको हेतु हो ।

तेस्रो 'आकाशास्तिकाय' त्यसलाई भन्दछन् कि जुन सबै द्रव्यहरूको आधार जसमा अवगाहन, प्रवेश, निर्गम आदि क्रिया गर्नेवाला जीव तथा पुद्गलहरूलाई अवगाहनको हेतु र सर्वव्यापी हुन्छ ।

चौथो 'पुद्गलास्तिकाय' यो हो कि जुन कारणरूप सूक्ष्म, नित्य, एकरस, वर्ण, गन्ध, स्पर्श, कार्यको लिङ्ग, पुरिने र गल्नेको स्वभाववाला हुन्छ ।

पाँचौं 'जीवास्तिकाय' यो हो कि जुन चेतना लक्षण ज्ञान-दर्शनमा उपयुक्त, अनन्त पर्यायहरूबाट परिणामी हुनेवाला कर्ता भोक्ता हुन्छ ।

र छैटौं 'काल' यो हो कि जुन पूर्वोक्त पञ्चास्तिकायहरूको परत्व-अपरत्व, नवीन-प्राचीनताको चिह्नरूप प्रसिद्धि वर्तमानरूप पर्यायहरूले युक्त हुन्छ, त्यसलाई काल भनिन्छ ।

**समीक्षक–** जुन बौद्धहरूले चार द्रव्य प्रतिसमयमा नवीन-नवीन मानेका छन्, त्यो झुटो हो, किनभने आकाश, काल, जीव र परमाणु, नयाँ पुरानो कहिल्यै हुन सक्दैनन् । किनभने यी अनादि र कारणरूपबाट अविनाशी हुन्, पुनः नयाँ र पुरानोपन कसरी घट्न सक्दछ ? र जैनीहरूको मान्नु पनि ठीक होइन । किनभने धर्माऽधर्म द्रव्य हुन सक्दैन किन्तु जीवका गुण हुन्, यी दुइटै जीवास्तिकायमा आउँछन्; यसैले आकाश, परमाणु, जीव र काल मानेका भए ठीक थियो । र जुन नव द्रव्य वैशेषिकमा मानेका छन् त्यो नै ठीक हो, किनभने पृथिव्यादि पाँच तत्त्व, काल, दिशा, आत्मा र मन यी नव पृथक्-पृथक् पदार्थ निश्चित हुन् । एक जीवलाई चेतन मानेर ईश्वरलाई नमान्नु, जैन-बौद्धहरूको मिथ्या पक्षपातको कुरा हो ।

## सात भङ्गका स्याद्वादहरू (१२.६)

अब जुन बौद्ध र जैनीहरू सप्तभङ्गी न्याय स्याद्वाद मान्दछन्, त्यो यो हो । हेर–

**प्रहिलो भङ्ग– 'सन् घटः'** यसलाई **प्रथम भङ्ग** भन्दछन्, किनभने घट आफ्नो वर्तमानतादेखि युक्त घडा हो, यसले अभावको विरोध गरेको छ ।

**दोस्रो भङ्ग– 'असन् घटः'** घडा छैन, प्रथम घटको भावले, यो घडाको असद्भावदेखि **दोस्रो भङ्ग भयो** ।

**तेस्रो भङ्ग–** यो हो कि '**सन्नसन् घटः**' अर्थात् यो घडा त हो परन्तु यो पट होइन, किनभने ती दुवैदेखि पृथक् हुन गयो ।

**चौथो भङ्ग– 'घटोऽघटः'** लाई भनिन्छ । जसरी **'अघटः पटः'** दोस्रो पटको अभावको अपेक्षा आफूमा हुनाले घट अघट भनिन्छ, युगपत् त्यसको दुई संज्ञा अर्थात् घट र अघट पनि हो ।

**पाँचौं भङ्ग–** यो हो कि घटलाई घट भन्नको योग्य अर्थात् घटलाई पट भन्न अयोग्य । त्यसमा घटपन वक्तव्य छ । र पटपन अवक्तव्य छ ।

**छैटौं भङ्ग–** यो हो कि जुन कुम्भ छैन घट भन्न योग्य पनि हुँदैन र जुन हुन्छ त्यो भन्न पनि योग्य हो ।

र **सातौं भङ्ग–** यो हो कि जुन भन्नमा त इष्ट हो परन्तु त्यो हुँदैन र भन्न योग्य पनि घट होइन, यसलाई सातौं भङ्ग भनिन्छ । यसै प्रकार–

**स्यादस्ति जीवोऽयं प्रथमो भङ्गः ॥१॥ स्यान्नास्ति जीवो द्वितीयो भङ्गः ॥२॥**
**स्यादवक्तव्यो जीवस्तृतीयो भङ्गः ॥३॥ स्यादस्ति नास्तिरूपो जीवश्चतुर्थो भङ्गः ॥४॥**
**स्यादस्ति अवक्तव्यो जीवः पञ्चमो भङ्गः ॥५॥ स्यान्नास्ति अवक्तव्यो जीवः षष्ठो भङ्गः ॥६॥**
**स्यादस्ति नास्ति अवक्तव्यो जीव इति सप्तमो भङ्गः ॥७॥**

–तुलना [(प्रकरण रत्नाकर भाग–१), (सर्वदर्शनसंग्रह आर्हतदर्शन)] ॥

**अर्थ–** "**छ जीव**" यस्तो प्रकथन हुन्छ भने त जीवको विरोधी जड पदार्थहरूको जीवमा अभावरूप **भङ्ग प्रथम** भनिन्छ ।

**दोस्रो भङ्ग** यो हो कि **"जीव छैन जडमा"** यस्तो कथन पनि हुन्छ, यसैलाई दोस्रो भङ्ग भनिन्छ ।

**"जीव भन्न योग्य छैन"** यो **तेस्रो भङ्ग** हो ।

"जब जीव शरीर धारण गर्दछ तब प्रसिद्ध र जब शरीरबाट पृथक् हुन्छ तब अप्रसिद्ध रहन्छ" यस्तो कथन हुन्छ भने त यसलाई **चतुर्थ भङ्ग** भन्दछन् ।

**"जीव छ परन्तु भन्न योग्य छैन"** जुन यस्तो कथन छ, त्यसलाई **पञ्चम भङ्ग** भन्दछन् ।

"जीव प्रत्यक्ष प्रमाणबाट भन्नमा आउँदैन, यसैले चाक्षुष प्रत्यक्ष छैन" जुन यस्तो व्यवहार हो, त्यसलाई **छैटौं भङ्ग** भन्दछन् ।

"एक कालमा जीवको अनुमानबाट हुनु र दृश्यपनमा नहुनु र एकजस्तै नरहनु किन्तु क्षण-क्षणमा परिणामलाई प्राप्त हुनु, अस्ति-नास्ति हुँदैन र नास्ति-अस्ति हुँदैन", यो **सातौं भङ्ग** भयो ।

यसै प्रकार **नित्यत्व सप्तभङ्गी,** अनित्यत्व सप्तभङ्गी तथा सामान्य धर्म, विशेष धर्म, गुण र पर्यायहरूको प्रत्येक वस्तुमा **सप्तभङ्गी हुन्छ** । त्यस्तै द्रव्य, गुण, स्वभाव र पर्यायहरूको अनन्त हुनाले सप्तभङ्गी पनि अनन्त हुन्छ । यस्तो बौद्ध तथा जैनीहरूको **'स्याद्वाद'** र **'सप्तभङ्गी'** न्याय भनिन्छ ।

**समीक्षक–** यो कथन एक अन्योन्याभावमा साधर्म्य र वैधर्म्यमा चरितार्थ हुन सक्दछ । यस सरल प्रकरणलाई छोडेर कठिन जाल-रचना केवल अज्ञानीहरूलाई फसाउनको लागि हुन्छ । हेर ! जीवको अजीवमा र अजीवको जीवमा अभाव रहन्छ नै । जसरी जीव र जडको वर्तमान हुनाले साधर्म्य र चेतन तथा जड हुनाले वैधर्म्य अर्थात् जीवमा चेतनत्व (अस्ति) छ र जडत्व (नास्ति) छैन । यसै प्रकार जडमा जडत्व छ र चेतनत्व छैन । यसबाट गुण-कर्म-स्वभावको समानधर्म, र विरुद्ध धर्मको विचारले सबै यिनका सप्तभङ्गी र स्याद्वाद सहजताले बुझ्न सकिन्छ, फेरि यति प्रपञ्च बढाउनु के कामको लागि हो ? यसमा बौद्ध र जैनहरूको एक मत छ । थोरैमात्र पृथक् हुनाले भिन्न-भाव पनि हुन जान्छ ।

## जैन र बौद्धको ऐक्यता (१२.७)

**अब यस भन्दा अगाडि केवल जैनमतको वर्णन छ–**

**चिदचिद् द्वे परे तत्त्वे विवेकस्तद्विवेचनम् । उपादेयमुपादेयं हेयं हेयं च कुर्वतः ॥१॥**
**हेयं हि कर्तृरागादि तत्कार्य्यमविवेकिनः । उपादेयं परं ज्योतिरुपयोगैकलक्षणम् ॥२॥**

–आर्हतदर्शन ॥

जैनीहरू **'चित्'** र **'अचित्'** अर्थात् चेतन र जड दुइटामात्रै परतत्त्व मान्दछन् । ती दुइटाको विवेचनको नाम **'विवेक'** । जुन-जुन ग्रहणको योग्य छ, त्यस-त्यसको ग्रहण र जुन-जुन त्याग गर्न योग्य छ, त्यस-त्यसको त्याग गर्नेवालालाई **'विवेकी'** भन्दछन् ॥१॥ जगत्को कर्ता र रागादि तथा ईश्वरले जगत् गरेको छ, यस अविवेकी मतको त्याग र योगले लक्षित परमज्योतिस्वरूप जुन जीव हो, त्यसको ग्रहण गर्नु उत्तम हो ॥२॥

अर्थात् जीवको बिना दोस्रो चेतनतत्त्व ईश्वरलाई मान्दैनन् । 'कोही पनि अनादि सिद्ध ईश्वर छैन', यस्तो बौद्ध-जैनहरू मान्दछन् । यसमा राजा शिवप्रसादजी **'इतिहासतिमिरनाशक'** ग्रन्थमा लेख्दछन् कि– "यिनका दुई नाम हुन्, **एक जैन** र **दोस्रो बौद्ध** । यी पर्यायवाची शब्द हुन् परन्तु बौद्धहरूमा वाममार्गी मद्यमांसाहारी बौद्ध छन्, तिनीहरूसँग जैनीहरूको विरोध छ । परन्तु जो महावीर र गौतम गणधर छन्, उनीहरूका नाम **बौद्धहरूले बुद्ध** राखेका छन् र **जैनीहरूले गणधर र जिनवर"** राखेका छन् । यसमा जिनको परम्परा जैनमत हो, ती राजा शिवप्रसादजीले आफ्नो **'इतिहासतिमिरनाशक'** ग्रन्थको तेस्रो खण्ड (मेडिकलहल, बनारस मुद्रित प्रथम संस्करण विक्रम संवत् १९३०, पृष्ठ १०९) मा लेखेका छन् कि "स्वामी शङ्कराचार्य भन्दा पहिला जिनको कुल चलेको हजार वर्ष लगभग भैसकेको थियो, सारा भारतवर्षमा बौद्ध अथवा जैनधर्म फैलिएको थियो ।" यसमाथि टिप्पणी– "...बौद्ध भन्नाले हाम्रो आशय उस मतसँग छ, जुन महावीरको गणधर गौतम स्वामीको समयदेखि शङ्कर स्वामीको समयसम्म वेदविरुद्ध सारा भारतवर्षमा फैलिराख्यो र जसलाई 'अशोक' र 'सम्प्रति' महाराजले माने, यसबाट जैन कुनै तरहले पनि बाहिर निस्कन सक्दैनन् ।.... **जिन,** जसबाट **जैन** निस्कियो र **बुद्ध,** जसबाट **बौद्ध** निस्कियो, **दुइटै पर्याय शब्द हुन् ।** कोशमा दुइटैको अर्थ एउटै लेखिएको छ र गौतमलाई दुवैले मान्दछन् । वरन् दीपवंश इत्यादि **पुराना बौद्ध ग्रन्थहरूमा शाक्यमुनि गौतम बुद्धलाई प्रायः महावीरको नामले नै लेखिएको छ ।** हुनसक्दछ उनको समयमा एउटै मत रह्यो होला ।.... हामीले जुन जैन नलेखेर गौतमका मतवालाहरूलाई बौद्ध लेख्यौं, यसको प्रयोजन केवल यति नै हो कि उनलाई दोस्रा देशवालाहरूले बौद्धकै नामले लेखेका छन्....।" यस्तै नै अमरकोशमा लेखिएको छ–

**सर्वज्ञः सुगतो बुद्धो धर्मराजस्तथागतः । समन्तभद्रो भगवान् मारजिल्लोकजिज्जिनः ॥१॥**
**षडभिज्ञो दशबलोऽद्वयवादी विनायकः । मुनीन्द्रः श्रीधनः शास्ता मुनिः शाक्यमुनिस्तु यः ॥२॥**
**स शाक्यसिंह सर्वार्थः सिद्धश्शौद्धोदनिश्च सः । गौतमश्चार्कबन्धुश्च मायादेवीसुतश्च सः ॥३॥**

–अमरकोश (काण्ड १/वर्ग १/श्लोक ८-१०) ॥

अब हेर्नुहोस् ! **'बुद्ध', 'जिन'** र **'बौद्ध'** तथा **'जैन'** एउटैको नाम हो कि होइन ? के 'अमरसिंह' ले पनि 'बुद्ध' 'जिन' लाई एक लेख्नमा भुलेको हो ? जति अविद्वानी छन्, तिनले न त आफ्नो जान्दछन् न त अर्काको, केवल हठमात्रले बर्बराउँछन्, परन्तु जो जैनहरूमा विद्वान् छन्, तिनीहरूले सबै जान्दछन् कि 'बुद्ध' र 'जिन' तथा 'बौद्ध' र 'जैन' पर्यायवाची हुन् ।

उनै बौद्धहरू र जैनीहरूमा नाममात्रको भेद हो, परन्तु जो मांसाहारी बौद्ध छन्, उनीहरूदेखि जैन भिन्दै हुन् । फेरि चारवाकको मत लिएर जैनमत प्रवृत्त भएको छ । अरू केही भेद पनि छ अर्थात् जसरी चारवाक् र बौद्धले ईश्वरलाई मान्दैनन् र जगत् अनादि कालदेखि स्वभावसिद्ध तथा प्रत्यक्ष र अनुमानलाई मान्दछन् ।

जैनीहरू जीवलाई अनादि र क्षणिकवाददेखि विरुद्ध मान्दछन् । जीव कर्मको कर्ता, स्वयंफल भोक्ता हो । फलप्रदाता र जगत्को कर्ता कोही छैन । कर्मक्षयबाट मुक्ति, दया, क्षमालाई धर्म मान्दछन् ।

र आफ्ना तीर्थङ्करहरूलाई नै केवली मुक्तिप्राप्त र परमेश्वर मान्दछन्, अनादि परमेश्वर कोही छैन । सर्वज्ञ, वीतराग, अर्हन्, केवली, तीर्थकृत, जिन यी छः नास्तिकहरूका देवताहरूका नाम हुन् ।

अनादिदेवको स्वरूप चन्द्रसूरिले **'आप्तनिश्चयालङ्कार'** ग्रन्थमा लेखेका छन्–

**सर्वज्ञो वीतरागादिदोषस्त्रैलोक्यपूजितः । यथास्थितार्थवादी च देवोऽर्हन् परमेश्वरः ॥१॥**

–आर्हतदर्शन ॥

तथा चोक्तं 'तौतातितौः–

**सर्वज्ञो दृश्यते तावन्नेदानीमस्मदादिभिः । दृष्टो न चैकदेशोऽस्ति लिङ्गं वा योऽनुमापयेत् ॥२॥**
**न चाऽऽगमविधिः कश्चिन्नित्यः सर्वज्ञबोधकः । न च तत्रार्थवादानां तात्पर्यमपि कल्प्यते ॥३॥**
**न चान्यार्थप्रधानैस्तैस्तदस्तित्वं विधीयते । न चानुवदितुं शक्यः पूर्वमन्यैरबोधितः ॥४॥**
**अनादेरागमस्यार्थो न च सर्वज्ञ आदिमान् । कृत्रिमेण त्वसत्येन स कथं प्रतिपाद्यते ॥५॥**
**अथ तद्वचनेनैव सर्वज्ञोऽन्यैः प्रतीयते । प्रकल्प्येत कथं सिद्धिरन्योऽन्याश्रययोस्तयोः ॥६॥**
**सर्वज्ञोक्ततया वाक्यं सत्यं तेन तदस्तिता । कथं तदुभयं सिध्येत् सिद्धमूलान्तरादृते ॥७॥**
**असर्वज्ञप्रणीतात्तु वचनान्मूलवर्जितात् । सर्वज्ञमवगच्छन्तस्तद्वाक्योक्तं न जानते ॥८॥**
**सर्वज्ञसदृशं किञ्चिद्यदि पश्येम सम्प्रति । उपमानेन सर्वज्ञं जानीयाम ततो यवम् ॥९॥**
**उपदेशोऽपि बुद्धस्य धर्माधर्मादिगोचरः । अन्यथा नोपपद्येत सर्वज्ञं यदि नाभवत् ॥१०॥**

–आर्हतदर्शन ॥

**अर्थ**– जसले रागादि दोषहरू जित्दछ सर्वज्ञ सबैको ज्ञाता, तीनै लोकमा पूजित, यथार्थवादी अर्हतदेव हुन् उनै परमेश्वर हुन् ॥१॥ यदि सर्वज्ञ अनादि ईश्वर हुन्थ्यो भने त त्यसलाई हामीले देख्दैनौं, यसैले ईश्वर प्रत्यक्ष होइन र उसको एक देश वा चिह्नलाई पनि हामीहरूले देख्दैनौं, जसबाट अनुमान गर्न सकियोस् ॥२॥ र सर्वज्ञको बोध गराउनेवाला कुनै आगम अर्थात् कुनै शास्त्रको विधि पनि छैन, यसैले ईश्वरमा शब्दप्रमाण पनि छैन । र उसमा अर्थवाद पनि घट्दैन, किनभने जुनसुकै वस्तु होस् त्यसको गुण-दोष जानेर स्तुति वा निन्दा हुन्छ भने त, अर्थापत्तिले पनि ईश्वरलाई सिद्ध गरोस् ॥३॥ त्यसैले अर्थापत्तिबाट पनि ईश्वर सिद्ध हुँदैन र न अन्यार्थ प्रधान लिङ्गहरूले ईश्वरको अस्तित्त्व सिद्ध हुन्छ, जसरी रचनालाई देखेर रचनाकारको अनुमान गरिन्छ । ईश्वरको अनुवाद पनि कसैले गर्न सक्दैन, किनभने जुन पूर्व कथित ईश्वर हुन्थ्यो भने त त्यसको अनुवाद हुन सक्दछ ॥४॥ र जो सर्वज्ञ आदिमान् हुन्छ त्यो अनादि शास्त्रको वा जगत्को कर्ता हुन सक्दैन, जुन कृत्रिम असत्य जगत् हो, उसमा अकृत्रिम सत्य ईश्वर कसरी हुन सक्दछ ॥५॥ यदि कसैले भन्दछ कि उसैको वचनबाट अन्य जीवहरू ईश्वरलाई जान्दछन् भने त 'ईश्वरको वचनबाट ईश्वरको सिद्धि र ईश्वरदेखि वचनको' यो अन्योऽन्याश्रय दोष आउँछ । किनभने सर्वज्ञोक्तवचनबाट वाक्य सत्य र उसदेखि ईश्वर अस्तित्त्व सिद्ध गर्नुछ, यी दुइटै एक-अर्काको सिद्धिमा अपेक्षा राख्दछन्, उसको बिना एक-अर्काको सिद्धि हुन सक्दैन ॥६-७॥ जुन मूलवर्जित असर्वज्ञप्रणीतवचनले सबैलाई जान्दछन्, तिनहरूले उसको वाक्योक्तधर्मलाई जान्दैनन् ॥८॥ यदि हामीले यस समयमा कसैलाई सर्वज्ञको तुल्य देख्यौं भने त उपमानबाट सर्वज्ञलाई मान्न सकिन्छ र उपदेश पनि बुद्ध अर्थात् जानकारको धर्माधर्म लक्षणस्वरूप हुन सक्दछ । अन्यथा अर्थात् बुद्धिको बिना सर्वज्ञ हुन सक्दैन । जुन सर्वज्ञ हामीलाई उपदेष्टा प्रत्यक्ष हुँदैन भने त हामीले धर्माधर्मलाई जान्न सक्दैनौं, यसैले सर्वज्ञ तीर्थङ्करहरूको वचन मान्नुपर्दछ **'अनादि ईश्वर कोही छैन'** ॥९-१०॥

**यसको खण्डन–**

**उत्तर**– यो सबै प्रपञ्चको कुरा हो । किनभने जुन प्रथम रागादि दोषयुक्त छ, त्यो सदाको लागि कहिल्यै पनि छुट्न सक्दैन, किनभने जुन नैमित्तिक दोष छन् भने त फेरि पनि निमित्त हुनाले हुन जानेछ र

स्वाभाविक हुन् भने त कहिल्यै छुट्नेछैनन् । जुन देशकालदेखि परिच्छिन्न वस्तु हुन्छ, त्यो एकदेशी र जुन एकदेशी हुन्छ, त्यो सर्वज्ञ होइन । किनभने जुन वस्तु अल्प हुन्छ, उसका गुण, कर्म, स्वभाव पनि अल्प हुन्छन्, त्यो सर्वज्ञ हुन सक्दैन । किन्तु जो सर्वव्यापक अनादि परमात्मा हो, वही सनातन ईश्वर हो ॥१॥

के तिमीलाई जुन वस्तु प्रत्यक्ष हुँदैन, त्यो हुँदैन र जुन प्रत्यक्ष छ त्यही हुन्छ, यस्तो नियम हुन्छ ? तिमीले **प्रत्यक्ष छः प्रकार**को मान्दछौ होला । **एक श्रावण, दोस्रो त्वाच, तेस्रो चाक्षुष, चौथो रासन, पाँचौं घ्राण र छैटौं मानस ।** जसरी पृथ्वीको गन्धादि गुण कठिनत्वादि स्वभावलाई देखेर पृथ्वी प्रत्यक्ष हुन्छ, त्यसरी नै परमेश्वरको गुण, कर्म, स्वभाव र नियम सृष्टिमा रचना आदि गुण, कर्म र स्वभाव कार्य नियम देखेर सर्वज्ञ, सर्वव्यापी, अनादि ईश्वरको प्रत्यक्ष गर्नुपर्दछ । र जब जीवात्मा कुनै दुष्ट वा श्रेष्ठ कामको ध्यान गर्दछ, त्यस समय ऊ तदाकार उसको अभिमुख हुन्छ । त्यसै समय उसको भित्रबाट अर्को प्रेरणा अर्थात् पापमा भय, शङ्का, लज्जा र पुण्यमा निर्भय, उत्साह र प्रसन्नता गराउने बुद्धि निस्कन्छ, त्यो ईश्वरको तिरबाट भएको हो । वहाँ गुण-गुणीको तादात्म्य सम्बन्ध हुन्छ, यसैले परमात्मा प्रत्यक्ष छ । जसरी कुनै कृत्रिम पदार्थलाई देखेर, उसमा भएको रचना विशेष लिङ्गलाई देखेर अदृष्ट कर्तालाई निश्चित जान्नपर्ने हुन्छ । के यो ईश्वरमा अनुमानको लिङ्ग होइन ॥२॥

आगम अर्थात् आप्तले भनेका प्रमाणलाई मान्नुपर्दछ । तिम्रो पुस्तकमा अनादि ईश्वरको निरूपण गरिएन, त्यो भुल हो । जो नित्य सर्वज्ञ होइन भने त सादि ज्ञानयुक्त पुरुषको शरीर पालनको लागि पदार्थ कहाँबाट हुन सक्दछ ? किनभने शरीरको आदि अन्त हुन्छ, यसको कर्ता जीव हुन सक्दैन । यदि शरीरादिको कर्ता हुन्थ्यो भने त शारीरिक क्रिया पनि जान्थ्यो कि यस आँखामा कति नाडी आदि पदार्थहरूको संयोग-वियोग छन्, त्यसलाई जान्दथ्यो । जसरी साँचोमा कुनै धातुलाई पगालेर हाल्दा, तादृशपात्र बन्न जान्छ । अथवा बीजमा जस्तो रचना गर्दछ त्यस्तै अङ्कुर, मूल, शाखा, पत्र, पुष्प, फल उत्पन्न हुन्छ, यो सामर्थ्य जीवको हो जडको होइन किनभने जीवलाई जब शरीर प्राप्त हुन्छ, तब नै केही गर्न सक्दछ र ज्ञानको सामर्थ्य बढाउन सक्दछ अन्यथा सक्दैन । यदि अनादि ईश्वरले जीवको शरीर वा बीज आदिको योग गर्थेन भने त केही पनि हुन सक्ने थिएन । हेर ! कति नै कुनै विद्वान् वा योगी किन नहोस् जब सुषुप्तिलाई प्राप्त हुन्छ, तब केही पनि भान रहँदैन ।

**दोस्रो**– जब दुःख प्राप्त हुन्छ, तब ज्ञान शून्य हुन जान्छ । जीव वा जड परमाणुहरूबाट स्वतः पनि रचनाविशेष हुन सक्दैन र यथार्थवाद पनि ईश्वरमा यथावत् घट्दछ, किनभने जगत्मा अनन्त विद्याको यथावत् रचित कार्यहरूलाई देख्नाले ईश्वर प्रशंसनीय हुन्छ । जब अन्तर्यामी ईश्वर आफ्नो गुण, कर्म र स्वभावको प्रकाश जीवात्मामा गर्दछ, पुनः दोस्राको सामुन्ने परमेश्वरको अनुवाद गर्न पनि सहज हुन्छ । अन्योऽन्याश्रय दोष अनित्य पदार्थमा आउँछ नित्यमा होइन । किनभने जुन साधनसाध्य हुन्छ त्यसैमा नै अनवस्था आउने गर्दछ, नित्यमा होइन । जसरी सूर्य र प्रदीपको प्रकाश र प्रकाश्य सूर्य र दीप हुन्छ, दोस्रो होइन, यसै प्रकार परमेश्वरको वचन र परमेश्वर नित्य र स्वयं प्रकाश हुनाले अनवस्था आउन सक्दैन । फेरि उपमानबाट पनि ईश्वर सिद्ध हुन्छ । किनभने परमेश्वरको सदृश परमेश्वर छ वा एकदेश अथवा एक गुण, कर्म, स्वभाव तुल्य दोस्रो आकाश, न्यायाधीश आदि हुन्छन्, त्यसको उपमाबाट पनि ईश्वर सिद्ध हुन्छ । यसैले जहाँ तीर्थङ्करहरूलाई परमेश्वर मान्दछौ भने त तिनीहरूका माता-पितालाई कसले उत्पन्न गरेको थियो ? यदि भन्दछौ कि ती स्वभावले भएका थिए भने त अहिले पनि स्वभावबाट मनुष्य किन हुँदैनन् ॥३-१०॥

## तौतातिको मतको उल्लेख (१२.८)

### आस्तिक र नास्तिकको संवाद

यस भन्दा अगाडि प्रकरणरत्नाकरको दोस्रो भागबाट जसलाई ठूला-ठूला जैनीहरूले आफ्नो सम्मतिको साथ मानेर मुम्बईमा छपाएका हुन् । जैनीहरूको ईश्वरखण्डनमा आस्तिक नास्तिक संवादको प्रश्नोत्तर यहाँ लेख्दछौं ।

**नास्तिक**– ईश्वरको इच्छाबाट केही पनि हुँदैन, जे-जति हुन्छ त्यो कर्मबाट हो ।

**आस्तिक**– कर्मबाट जुन हुन्छ त्यो कर्म कसबाट हुन्छ ? यदि भन्दछौ कि जीव आदिबाट भने त उनैको फल भोग्नु जीवको इच्छानुकूल हो । परन्तु पापको फल दुःखलाई जीव आफ्नो इच्छाले भोग्दैन, ईश्वरले भोगाइदिंदा भोग्दछ । जसरी चोरले सुख आफ्नो इच्छाले भोग्दछ र दुःख राजाको व्यवस्थाले ।

**नास्तिक**– ईश्वर अक्रिय हो, किनभने जो कर्म कर्ता हुन्थ्यो भने त, कर्मको फल पनि भोग्नु पर्थ्यो ।

**आस्तिक**– ईश्वर अक्रिय होइन, किनभने चेतन र सृष्टिकर्ता हो । जस्तो तिम्रो कृत्रिम बनावटको ईश्वर जस्तै कि तिमीले तीर्थङ्करहरूलाई जीवबाट ईश्वर बनेका मानेका छौ, त्यस्तो कदाचिद् हुने भएका

यस प्रकारको ईश्वरलाई कोही विद्वान्ले मान्न सक्दैन । किनभने जुन निमित्तबाट ईश्वर बन्दछ भने त अनित्य हुन जान्छ । किनभने ईश्वर बन्नु भन्दा पहिला जीव थियो, पश्चात् कुनै निमित्तबाट ईश्वर बन्यो होला, त्यो फेरि पनि जीव हुन जानेछ । किनभने यो अनादि कालदेखि जीव थियो, अनन्तकाल रहनेछ । फेरि बीचमा ईश्वर बन्यो, त्यो पनि अन्तमा पुनः जीव हुन जानेछ । त्यसैले यस अनादि ईश्वरलाई मान्न योग्य छ । परमेश्वरले पाप कहिल्यै गर्दैन । जस्तो स्वभाविक चेष्टा हुन्छ, उसै प्रकार जगत्को उत्पत्ति, स्थिति, प्रलय गर्दछ । यसैले जगत्को कर्ता ईश्वर हो । स्वभावबाट जगत् बन्दछ भने त, जगत्को कारणको स्वभाव जडत्व हो, त्यो ज्ञानपूर्वक श्रेष्ठ हुन सक्दैन, किनभने त्यसमा यथायोग्य बन्ने ज्ञान नै हुँदैन । जसरी माटोमा घैंटो कपासमा लुगा बन्ने स्वतः सामर्थ्य हुँदैन । दोस्रो ज्ञानवालाले बनाउनाले मात्र घैंटो र वस्त्र बन्दछ ।

**नास्तिक–** ईश्वर व्यापक छैन । यदि व्यापक हुन्थ्यो भने त सबै चेतन हुन्थे र बराबर चेतनता किन छैन ? ब्राह्मणादिमा उत्तम, मध्यम, निकृष्टता किन भयो ? किनभने सबैमा ईश्वर एकैनास व्यापक छ भने त यसरी साना-ठूला किन भए ?

**आस्तिक–** व्याप्य र व्यापक एक होइन, किन्तु दुई वटा हुन्छन् । जसरी आकाश सबैमा व्यापक छ र सबै आकाशको सदृश हुँदैनन् । त्यसै गरी परमेश्वरको चेतन हुनाले जबै जडवस्तु चेतन हुँदैन । जसरी आकाश सबैमा बराबरी छ, पृथ्वी आदिको अवयव बराबर छैन, त्यसै गरी परमेश्वरको बराबरी कोही छैन । जसरी विद्वान, अविद्वान्, धर्मात्मा अधर्मात्मा बराबर हुँदैनन्, त्यसरी नै विद्यादि सद्गुण र सत्यभाषणादि कर्म तथा सुशीलतादि स्वभावको अधिक न्यून हुनाले ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र र अन्त्यज ठूला-साना मानिन्छन् । वर्णहरूको व्याख्या जस्तो चतुर्थसमुल्लासमा लेखेर आएँ वहाँ हेर्नुहोला ।

**नास्तिक–** ईश्वरले जगत्को अधिपतित्व र जगत्रूप ऐश्वर्य के कारणले स्वीकार गऱ्यो ?

**आस्तिक–** ईश्वरले कहिल्यै अधिपतित्व न छोडेको थियो, न ग्रहण गरेको छ, किन्तु अधिपतित्व र जगत्रूप ऐश्वर्य ईश्वरमा नै छ । न कहिल्यै त्यसबाट अलग हुन सक्दछ भने त, ग्रहण कसरी गर्ने ? किनभने अप्राप्तको ग्रहण हुन्छ । व्याप्यबाट व्यापक र व्यापकबाट व्याप्य पृथक् कहिल्यै हुन सक्दैन । त्यसैले सदैव स्वामित्व र अनन्त ऐश्वर्य अनादि कालदेखि ईश्वरमा छ । यसको ग्रहण र त्याग जीवहरूमा घट्न सक्दछ, ईश्वरमा होइन ।

**नास्तिक–** यदि ईश्वरको रचनाबाट सृष्टि हुन्छ भने त, माता-पितादिको के काम ? जब परमात्मा शाश्वत, अनादि, चिदानन्द, ज्ञानस्वरूप छ भने त जगत्को प्रपञ्च र दुःखरूपमा किन पऱ्यो ? यस्तो काम कुनै साधारण मनुष्यले पनि आनन्दलाई छोडेर, दुःखलाई ग्रहण गर्दैन । ईश्वरले किन गऱ्यो त ?

**आस्तिक–** ईश्वरको सृष्टि भिन्न र मानुषी सृष्टि भिन्न हुन्छ । यसैले माता-पितादिको आवश्यकता हुन्छ । जसरी परमात्माले अनादि प्रकृति परमाणुरूप कारणबाट सृष्टि गर्दछ, त्यसै गरी परमात्माले माता-पितारूप निमित्त कारणदेखि उत्पत्तिको **प्रबन्ध** गरेको छ । यसमा कुनै दोष छैन ।

परमात्मा कुनै प्रपञ्च र दुःखमा गिर्दैन, न त आफ्नो आनन्दलाई छोड्दछ, किनभने प्रपञ्च र दुःखमा गिर्नु जुन एकदेशी हो त्यसको हुन सक्दछ; सर्वदेशीको हुँदैन । जो अनादि, चिदानन्द, ज्ञानस्वरूप परमात्माले जगत्लाई बनाउँदैन भने त अन्य कसले बनाउन सक्दछ ? जगत् बनाउने जीवमा सामर्थ्य छैन र जडमा स्वयं बन्ने पनि सामर्थ्य छैन । यसबाट यही सिद्ध हुन्छ कि परमात्माले नै जगत्लाई बनाउँछ र सदा आनन्दमा रहन्छ । जसरी परमात्माले परमाणुरूप कारणबाट सृष्टि गर्दछ त्यसरी माता पितारूप निमित्तकारणले पनि उत्पत्तिको प्रबन्ध-नियम उसैले गरेको छ ।

**नास्तिक–** ईश्वर मुक्तिपदलाई छोडेर जगत्मा अनेकरूप पदार्थहरूको सृष्टिधारण र प्रलय गर्ने बखेडामा किन पऱ्यो ?

**आस्तिक–** ईश्वर सदा मुक्त छ । तिम्रा तीर्थङ्करहरूको सदृश बन्धपूर्वक मुक्तिको हुनु ईश्वरमा हुँदैन । जगत्लाई बनाउँछ, धर्ता, पालनकर्ता र प्रलय गरेर पनि बन्धमा पर्दैन, किनभने बन्ध र मुक्ति सापेक्ष हुन् । जहाँ बन्ध छैन त मुक्ति छैन र मुक्ति छ त बन्ध छैन । परमेश्वरमा बन्ध-मोक्ष घट्न सक्दैन, किन्तु सदा मुक्त छ । र जो एकदेशी जीव छन्, उनै नै बद्ध र मुक्त सदा भैराख्दछन् । अनन्त सर्वदेशी, सर्वव्यापक, ईश्वर बन्धन वा नैमित्तिक मुक्तिको चक्रमा, जस्ता कि तिम्रा तीर्थङ्कर छन्, कहिल्यै पर्दैन ।

**नास्तिक–** जीव जसरी पिएको भाङ्गको नशाकै समान, आफ्नो-आफ्नो कर्मको फलमा प्राप्त हुन्छ, यसमा ईश्वरको केही काम छैन ।

**आस्तिक–** बिना राजाका डाँकू, चोर आदि दुष्ट मनुष्य स्वयं फांसी चढ्दैनन्, न त कारागारमा जान्छन्, किन्तु राजाले उनीहरूको कर्मको फल दिन्छ । त्यसरी नै ईश्वरको न्याय व्यवस्थाको बिना कर्महरूको फल कसैले पनि भोग्न सक्दैन, यसैले ईश्वर न्यायाधीश हुन आवश्यक छ ।

**नास्तिक–** जगत्मा एक ईश्वर छैन, किन्तु अनेक मुक्त जीव ईश्वररूप छन् ।

**आस्तिक–** यो भन्नु व्यर्थ छ । किनभने जो प्रथम बद्ध भएर मुक्त हुन्छ भने त पुनः अवश्य बन्धमा पर्नेछ, जस्तै कि तिम्रा तीर्थङ्कर । र जो सदा मुक्त हुन्छ, त्यो कहिल्यै बन्धमा गिर्दैन । फेरि जब थुप्रै हुन्छन् भने त, जसरी जीव अनेक हुनाले लड्दछन्-भिड्दछन्, त्यसरी नै ईश्वर पनि लड्नेछन्-भिड्नेछन् ।

**नास्तिक–** हे मूढ ! जगत्को कर्ता कोही छैन, किन्तु जगत् स्वयंसिद्ध हो ।

**आस्तिक–** कर्ताको बिना कुनै कर्म र कर्मको बिना कुनै कार्य हुन सक्दैन । यसैले ईश्वर जगत्को कर्ता हो । यदि जगत् स्वयंसिद्ध हुन्थ्यो भने त, तिम्रो खेतको गहुँ स्वयं पिसिएर, रोटी बनेर, तिमी छेउ आएर, मुखमा घुसेर, पेटमा पुग्यो भने मात्र बिना ईश्वरको जगत् पनि स्वयं बन्थ्यो होला ।

**नास्तिक–** ईश्वर विरक्त हो कि मोहित ? यदि विरक्त हो भने त जगत्को प्रपञ्चमा किन पऱ्यो ? यदि मोहित हो भने त जगत् बनाउने सामर्थ्य नै छैन होला ।

**आस्तिक–** परमेश्वरमा वैराग्यको मोह घट्न सक्दैन । किनभने ऊ सर्वव्यापक, सर्वोत्तम हुनाले कसैसँग पृथक् वा कसैसँग राग गर्न सक्दैन । ईश्वर भन्दा उत्तम वा उसलाई अप्राप्त कुनै पदार्थ छैनन् त्यसैले कसैमाथि मोह पनि हुँदैन । वैराग्य र मोहको हुनु जीवमा घट्दछ; ईश्वरमा होइन ।

**नास्तिक–** यदि जगत्को कर्ता, कर्महरूको फलको दाता ईश्वरलाई मान्यौ भने त ईश्वर प्रपञ्ची भएर दुःखी हुन जानेछ ।

**आस्तिक–** दुःख अज्ञान र अधर्माचरणबाट हुने गर्दछ । परमेश्वरमा यी दुवै हुँदैन । त्यसैले ईश्वर प्रपञ्ची होइन । प्रपञ्ची-अप्रपञ्ची जीव हुन्छन् इत्यादि विचारबाट ईश्वरको सिद्धि हुन्छ । जो कसैले यसलाई मान्दैन, त्यो मूढमत हो । हो, तिमी आफू र आफ्ना तीर्थङ्करकै समान परमेश्वरलाई पनि आफ्नो अज्ञानले सम्भन्छौ, सो तिम्रो अविद्याको लीला हो । यदि अविद्यादि दोषहरूबाट छुट्न चाहन्छौ भने त वेदादि सत्य शास्त्रहरूको आश्रय लेल । किन भ्रममा परी-परी ठक्कर खान्छौं ?

## जैनमतको ईश्वरखण्डन विषयमा प्रश्नहरू (१२.९)

अब जैनीहरू जीवलाई अनादि, अनन्त मान्दछन् सो ठीक हो, परन्तु जुन-जुन विरुद्ध छ, त्यस-त्यसलाई देखाएर खण्डन गरिनेछ । छः द्रव्यहरूमा एक जीवद्रव्य पनि जैनीहरूले मान्दछन् अर्थात् जगत्मा जीव र अजीव दुई वटा नै पदार्थ छन्, तेस्रो छैन । यस्तो उनका केवली आचार्य तीर्थङ्करको वचन छ ।

**मूल– सामि अणाई अणन्ते, चउगई संसारघोरकान्तारे ।**
**मोहाइ कम्मगुरुठिइ, विवागवसउ भमइ जीवो ॥**

–प्रकरणरत्नाकर (भाग दोस्रो (२)/षष्ठीशतक/सूत्र २) ॥

यो प्रकरणरत्नाकर नामक ग्रन्थको सम्यक्त्वप्रकाश प्रकरणमा गौतम र महावीरको संवाद हो । यसको संक्षेपबाट उपयोगी अर्थ यो हो कि यो संसार अनादि अनन्त छ । न कहिल्यै यसको उत्पत्ति भयो न त कहिले विनाश हुन्छ अर्थात् कसैले बनाएको जगत् होइन । सो नै आस्तिक-नास्तिकको संवादमा– "हे मूढ ! जगत्को कर्ता कोही छैन; न कहिले बन्यो, न त कहिल्यै विनाश हुन्छ ।"

**समीक्षक–** अब विचार गर्नुपर्दछ कि जीव अल्प र अल्पज्ञ हो । जगत्को कार्य र कारण जड हो । यदि तेस्रो अनन्त शक्तियुक्त परमात्मा हुँदैन भने त जगत्को उत्पादान, धारण आदि कर्मलाई गर्न सक्दैन । अब पृथिव्यादि भूत र भूगोललाई पनि जैनीहरू जीवको शरीर मान्दछन् । किनभने काँचो माटो सजीव हो, क्षार माटो अजीव हो, त्यसैले उसमा वनस्पति उम्रँदैन । वाह रे जैनीहरू ! र धन्य हुन् तिम्रा केवली तीर्थङ्कर जसलाई पदार्थ विद्यामा एकदमै भ्रम थियो । यदि पृथिव्यादि कुनै एक जीवको शरीर हो भने त जस्तै ठूला-ठूला तिमिङ्गिल माछो जता चाहन्छ, उतै जान्छ-आउँछ, त्यस्तै पृथ्वी आदि किन स्वेच्छित चाल चल्दैन ? के मीठो माटोमा वनस्पति उम्रने र क्षारीय माटोमा नउम्रने ? हो ! यो कुरा त हो कि मीठो माटोको वनस्पति आदि क्षारिय माटोमा, क्षारीय माटोका वृक्ष आदि मीठो माटोमा हुँदैनन् होला ? किन्तु आफ्ना-आफ्ना ठेगानमा सबै हुन्छन् ।

जुन संयोगबाट उत्पन्न हुन्छ त्यो अनादि र अनन्त कहिल्यै हुन सक्दैन । फेरि उत्पत्ति तथा विनाश नभैकन कर्म रहँदैन । जगत्मा जति पदार्थ उत्पन्न हुन्छन् ती सबै 'संयोगज' उत्पत्ति-विनाशवाला देखिन्छन् । पुनः जगत् उत्पन्न र विनाशवाला किन होइन ? यसैले तिम्रा तीर्थङ्करहरूलाई सम्यग्बोध थिएन । यदि उनलाई सम्यग्ज्ञान हुन्थ्यो भने त यस्तो असम्भव कुरो किन लेख्थे ? जस्ता तिम्रा गुरु छन् त्यस्तै तिमी शिष्य पनि छौ । तिम्रा कुरा सुन्नेहरूलाई पदार्थज्ञान कहिल्यै हुन सक्दैन ।

जुन प्रत्यक्ष संयुक्त पदार्थ देखिन्छ त्यसको उत्पत्ति र विनाश कसरी मान्दैनौ ? अर्थात् यिनका आचार्य वा जैनीहरूलाई भूगोल खगोल विद्या पनि आउँथेन, न त अहिले यो विद्या यिनमा छ ।

**प्रश्न**– जीवको आकार शरीरको सदृश हुन्छ, जसरी घटमा जलको आकार बन्दछ ।

**उत्तर**– यदि यो कुरो सत्य हो भने त हात्तीको जीव किरो र किरोको जीव हात्तीमा अटाउन सक्दैन । त्यसैले यो कुरो झुटो हो । यो पनि एउटा मूर्खताको कुरो हो ! किनभने जीव एक सूक्ष्म पदार्थ हो जुन कि एक परमाणुमा पनि रहन सक्दछ परन्तु उसका शक्तिहरू शरीरमा प्राण, बिजुली र नाडी आदिको साथ संयुक्त भएर रहन्छ, त्यसैबाट सबै शरीरको वर्तमान जान्दछ । असल सङ्गले असल र खराब सङ्गले खराब हुन जान्छ ।

जिनदत्त सूरिले यस प्रकार भने–

**जिनो देवो गुरुः सम्यक् तत्त्वज्ञानोपदेशकः । ज्ञानदर्शनचारित्र्याण्यपवर्गस्य वर्त्तिनी ॥१॥**
**स्याद् द्वादश्यप्रमाणे द्वे प्रत्यक्षमनुमापि च । नित्यानित्यात्मकं सर्वं नव तत्त्वानि सप्त वा ॥२॥**
**जीवाजीवौ पुण्यपापे चास्रवः संवरोऽपि च । बन्धो निर्जरणं मुक्तिरेषां व्याख्याऽधुनोच्यते ॥३॥**
**चेतनालक्षणो जीवः स्यादजीवस्तदन्यकः । सत्कर्म पुद्गलाः पुण्यं पापं तस्य विपर्ययः ॥४॥**
**आस्रवः कर्मणां बन्धो निर्जरणं द्वियोजनम् । अष्टकर्मक्षयान् मोक्षाथान्तरभावश्च कश्चन ॥५॥**
**सरजोहरणा भैक्षभुजो लुञ्चितमूर्द्धजाः । श्वेताम्बराः क्षमाशीला निःसंगा जैनसाधवः ॥६॥**
**लुञ्चिताः पिच्छिकाहस्ताः पाणिपात्रा दिगम्बराः । ऊर्ध्वाशिनो गृहे दातुर्द्वितीया स्युर्जिनर्षयः ॥७॥**
**भुङ्क्ते न केवली न स्त्री मोक्षमेति दिगम्बरः । प्राहुरेषामयं भेदो महान् श्वेताम्बरैः सह ॥८॥**

–इति (आर्हतदर्शन) ॥

**अर्थ**– जिन देव अर्थात् तीर्थङ्कर तत्त्व ज्ञानका उपदेशक, ज्ञान, दर्शन र चरित्र यी तीन रत्न अपवर्ग मोक्षको मार्गको प्राप्तिमा स्याद्वादका प्रत्यक्ष र अनुमान दुई प्रमाण, नित्य र अनित्यस्वरूप सबै जगत् जैनमतमा नव वा सात तत्त्व हुन् ॥१-२॥ एक जीव, दोस्रो अजीव, तेस्रो पुण्य, चौथो पाप, पाँचौं आस्रव, छैटौं संवर, सातौं बन्ध, आठौं निर्जरण र नवौं मुक्तितत्त्व मान्दछन् । यी नव तत्त्वहरूको यो व्याख्या हो ॥३॥ जो चेतन छ त्यो **जीव,** जो जड छ त्यो **अजीव,** जुन सत्कर्मको पुद्गल हो त्यो (**पुण्य**) **कर्म** र पापको पुद्गल **पाप,** कर्महरूको योग **आस्रव,** बन्धलाई छोडाउनु **निर्जर** र ज्ञानावर्णी आदि आठ कर्महरूको क्षय हुनुलाई **मुक्ति** भनिन्छ ॥४-५॥

## जगत्को अनादित्व सम्बन्धी समीक्षा एवं जैनका साधुहरूको लक्षण (१२.१०)

**अब जैनीहरूका साधुहरूको लक्षण**– रङ्गाइएको वस्त्र पहिरिने, भिक्षान्न भोजन गर्ने, शिर आदिको कपाल लुछ्ने, एक श्वेताम्बर शुक्लवस्त्र धारण गर्ने, क्षमायुक्त, सङ्गदोषदेखि रहित, दोस्रो उखेलेको केश, चँवर हातमा राख्ने, तेस्रो दिगम्बरले वस्त्र धारण नगर्ने, पाणिपात्र हात नै पात्र, गृहस्थको घरमा भोजनको पश्चात् भोजन गर्ने र ऋषिसंज्ञक पनि साधु हुन्छन् ॥६-७॥ एकको घरमा भोजन गर्दैनन्, स्त्रीको सङ्ग गर्दैनन्, ती दिगम्बर मुक्तिलाई प्राप्त हुन्छन् । यही दिगम्बर र श्वेताम्बरहरूमा भेद हो अर्थात् दिगम्बर पहिलाका हुन् र श्वेताम्बर पछिबाट भएका हुन् ॥८॥

**जैनी**– हाम्रा धर्म अधर्म पनि द्रव्य हुन् ।

**विवेकी**– धर्म, अधर्म गुण हो, द्रव्य कहिल्यै हुन सक्दैन । यदि धर्माधर्मलाई द्रव्य मान्दछौ भने त रूप, स्पर्श आदिलाई पनि द्रव्य मान ।

## जैनमतमा रहेका सिद्धान्त-संग्रहहरू (१२.११)

**प्रश्न**– जैनीहरू जगत् जीव, जीवको कर्म र बन्ध अनादि मान्दछन् ।

**उत्तर**– यहाँ पनि जैनीहरूका तीर्थङ्करले भुलेका छन् किनभने संयुक्त जगत्को कार्य कारण अनादिरूप र कार्य प्रवाहरूपबाट अनादि हुन सक्दछ । जसरी तिमी यस स्थूल जगत्लाई अनादि मान्दछौ सो बन्न सक्दैन, किनभने संयोगजन्य पदार्थ संयोग भन्दा पूर्व संयुक्तावस्थामा हुँदैन, किन्तु वियोगावस्थामा हुन्छ । जुन जीवलाई अनादिकाल बन्ध छ, त्यो कहिल्यै छुट्नसक्ने छैन र यदि अनादिलाई पनि छुट्न मान्यौ भने त जति अनादि द्रव्य तिम्रा मतमा छन्, ती सबै अनित्य हुन जानेछन् । र मुक्ति सबै कर्महरूको छुट्नाले तिमी मान्दछौ भने त सबै कर्महरूको छुट्नेरूप निमित्तबाट मुक्ति हुनाले नैमित्तिक भयो, जुन निमित्तबाट हुन्छ त्यो सदा रहँन सक्दैन । र कर्म, कर्ताको नित्य सम्बन्ध हुनाले कर्म कहिल्यै छुट्नेछैन । त्यसैले तिम्रो मतमा जुन-जुन तीर्थङ्कर आदि मुक्तिमा गएका छन् तिनीहरू फेरि फर्केर आउनेछन् । पुनः तिम्रा मतमा मुक्ति अनित्य हुन गयो ।

**प्रश्न**– जसरी मैलो लाग्नाको कारणले वस्त्रमा मैलो लाग्दछ र धुनाले मैलो छुट्दछ, पुनः मैलो लाग्दछ, त्यसै गरी मिथ्यात्वादि हेतुहरूबाट रागद्वेषादिको आश्रयले जीवलाई कर्मरूप मल लाग्दछ ।

**उत्तर**– यदि मिथ्यात्वादि हेतुहरूबाट जीव मलीन हुन्छ भने त, ती निमित्तको पूर्व जीवलाई निर्मल मान्न पर्नेछ र जहाँ निर्मललाई मल लाग्यो भने त अनिर्मोक्षापत्ति तिम्रो मतमा आउनेछ । किनभने मुक्तिमा जीवलाई तिमीले निर्मल मान्दछौ र मल लाग्नाको कारणहरूले मलहरू लाग्नु मान्दछौ भने त मुक्त जीव संसारी र संसारीजीव मुक्त हुन्छ, यस्तो अवश्य नै मान्नुपर्नेछ ।

**प्रश्न**– जीव अनादि कालदेखि कर्मसहित छ । कर्म छुटे पछि फेरि लाग्दैनन् ।

**उत्तर**– जो अनादिदेखि कर्मसहित हुन्छ, त्यसको छुट्न असम्भव छ र बिना छुटे मुक्ति कहाँ ? यसैले जीवहरूका कर्म र मुक्तिलाई प्रवाहरूपबाट अनादि मान । अनादि अनन्ततादेखि होइन ।

**प्रश्न**– जीव निर्मल कहिल्यै थिएन ।

**उत्तर**– यदि कहिल्यै निर्मल थिएन भने त कहिल्यै पनि निर्मल हुन सक्नैछैन । जसरी वस्त्रमा पछिबाट लागेको मल धुनाले जान्छ, पुनः मैलो लाग्दछ । परन्तु त्यसको श्वेतपन कहिल्यै छुट्न सक्दैन ।

**प्रश्न**– जीव पूर्वोपार्जित कर्महरूबाटै स्वयं शरीर धारण गर्दछ । ईश्वरको मान्नु व्यर्थ छ ।

**उत्तर**– यदि केवल कर्म नै जन्म धारण गर्नमा कारण हो भने त त्यो जीव नराम्रो जन्म जहाँ कि दुःख हुन्छ त्यसलाई धारण नगरोस्, किन्तु राम्रो-राम्रो जन्म धारण गरोस् । यदि भन्दछौ कि कर्म प्रतिबन्धक हो, तर पनि कर्मको जड हुनाले निरोधक वा प्रवर्त्तक हुन सक्दैन । यसैले कर्मको फल प्रदाता परमेश्वरलाई मान्न तिमीले उचित छ । यदि भन्दछौ कि नशाकै समान कर्म स्वयं परिणामलाई प्राप्त हुन्छ भने त, बिना गरिएको कर्म परिणामलाई प्राप्त किन हुँदैन ? यदि भन्दछौ कि जसको जस्तो स्वभाव हुन्छ, त्यो त्यस्तै नै हुन जान्छ भने त विषले बिना खाए किन कसैलाई मार्दैन ? किनभने त्यसको परिणामी स्वभाव हुन्छ । यदि भन्दछौ कि संयोगको बिना कर्म-परिणाम प्राप्त हुँदैन भने त जीव र कर्मलाई संयुक्त गर्नेवाला कुनै तेस्रोलाई मान्न पर्नेछ । यदि मान्दैनौ भने त, जडको संयोग स्वतः हुन सक्दैन । यसबाट यही सिद्ध हुन्छ कि बिना ईश्वरको कर्मफल व्यवस्था हुन सक्दैन ।

**प्रश्न**– जो कर्मदेखि मुक्त हुन्छ, त्यसैलाई ईश्वर भनिन्छ ।

**उत्तर**– जब अनादि कालदेखि जीवको साथ कर्म लागेको छ भने त मुक्त कसरी हुन सक्दछ ? र जसलाई कर्म लाग्दछ त्यो ईश्वर नै होइन । र कर्म, कर्ताको 'समवाय' अर्थात् नित्य सम्बन्ध हुन्छ, यो कहिल्यै छुट्दैन; त्यसैले जस्तो ९औं समुल्लासमा लेखेर आएको छु, त्यसैलाई मान्न ठीक छ । जीवले चाहे जसरी आफ्नो ज्ञान र सामर्थ्य बढाओस् तर पनि उसमा परिमितज्ञान र ससीम सामर्थ्य रहनेछ । ईश्वरको समान कहिल्यै हुन सक्दैन । हो, जति सामर्थ्य बढाउन उचित हुन्छ, त्यति योगबाट बढाउन सक्दछ ।

**प्रश्न**– कर्मको बन्ध सादि हो ।

**उत्तर**– यदि सादि हो भने त संयोगको आदिदेखि पूर्व जीव निष्कर्म थियो । जब निष्कर्मलाई कर्म लाग्यो भने त जति तिम्रा निष्कर्म मुक्त जीव छन् तिनीहरूलाई पनि कर्म लागेर संसारमा गिर्नेछन् ।

**प्रश्न**– यदि पशुलाई मारेर यज्ञमा होम गर्नाले पशु स्वर्गमा जान्छ भने त यजमानादि स्वयं अग्निमा आफ्नो शरीरको होम गरेर स्वर्गमा किन जाँदैन ?

**उत्तर**– यो कुरो वेदहरूको होइन । अर्थात् पशुलाई मारेर होम गर्न आदि विधि वाममार्गीहरूले बनाएका हुन् । परन्तु यसलाई कुनै पनि सज्जनले मान्दैन । परन्तु उनै चारवाकका मतको नै यो कुरो हो । यसैले जैनीहरू पनि कहीं-कहीं चारवाकको मतसँग पनि मिल्दछन् ।

**प्रश्न**– जसरी तूम्बीदेखि माटो थोरै निकाल्नाले त्यो माथि आउँछ, त्यस्तै जीवको कर्मबन्धन थोरै-थोरै हुनाले जीवको ऊर्ध्वगति भएर सिद्धशिलामा जान्छन् ।

**उत्तर**– जैनीहरूले तल-माथिका कुरालाई गमनारूपका सम्झेका छन्, यदि विद्या हुन्थ्यो भने त यस्तो निर्मूल कुरो केको लागि मान्थे ! हेर ! जसलाई हामीले माथि भन्दछौं, त्यसैलाई त्यसदेखि पर भएकाहरूले त्यसलाई तल भन्दछन् र जसलाई हामीले तल भन्दछौं, त्यसैलाई त्यसदेखि तल रहनेहरूले त्यसलाई माथि भन्दछन् । यस्तै नै अगल-बगलमा रहनेवालाहरूको कुरो हो । यसैले सिद्धशिला र शिवपुरलाई मुक्तिको स्थान मान्नु अविद्याको कुरा हो ।

**प्रश्न**– हाम्रो मतमा साधुहरूलाई रागद्वेष छैन ।

**उत्तर**– हेर ! तिम्रो मूल आवश्यक सूत्रमा के लेखेको छ–

**अरिहन्ते सुयरागो सारीसुवं भयारीसु** –इत्यादि

अर्थात् अशुभलाई छोड्नमा द्वेष, श्रेष्ठ र शुभ कामहरूमा राग गर्नु राम्रो । यो रागद्वेष कसैको छुट्दैन । अर्थात् नराम्रा कामहरूमा द्वेष र राम्रा कामहरूमा प्रीति गर्नु अति राम्रो कुरा हो ।

अब प्रकरणरत्नाकरको पहिलो भागमा जुन देवचन्द्रजी कृत नयचक्रसार छ, उसैको कुरा लेख्दछु । जसलाई सबै जैनीहरूले मान्दछन् ।

## जीवको अनन्तसत्वको विषयमा समीक्षा (१२.१२)

**तत्र द्रव्यभेदा यथा जीवा अनन्ताः; तत्रैकस्मिन् द्रव्ये प्रतिप्रदेशे स्वरूप एककार्य्यकरणसामर्थ्यरूपा अनन्ता अविभागरूपपर्याया एव गुणा अप्यनन्ता, प्रतिगुणं प्रतिदेशं पर्याया अप्यनन्ताः प्रति वस्तूनि अनन्तास्ततोऽनन्तगुणसामर्थ्यपर्यायाः ॥** –प्रकरणरत्नाकर भाग १ ॥

**उत्तर**– जीव अनन्त छ, उनका ज्ञान कुनै जीवको सामर्थ्य होइन, केवल अड्केर पच्चासीको कुरा हो । अनन्तको स्थानमा असंख्य भन्थ्यो भने त कुरो ठीक थियो । किनभने हामी जीवहरूले जीवको गणना गर्न सक्दैनौं । अब एक-एक द्रव्यमा आफ्ना-आफ्ना एक कार्यकरण सामर्थ्यको अविभाग पर्यायहरूबाट अनन्त मान्नु केवल अविद्याको कुरा हो । किनभने जब एक परमाणु द्रव्यको सीमा हुन्छ भने त उसमा अनन्त अविभाग रूप पर्याय कसरी रहन सक्दछ । र एक-एक द्रव्यमा अनन्त गुण र एक-एक गुण र प्रदेशदेखि अविभागरूप अनन्त पर्यायलाई मान्नु केवल बालकपनको कुरा हो । र एक-एक वस्तु पर्याय पनि अनन्त मान्नु केवल अविद्याको कुरो हो । किनभने जसको अधिकरणको अन्त छ, त्यसमा अनन्त कहिल्यै रहन सक्दैन । जसरी जैनीहरू भन्दछन् कि सानो कन्दमा अनन्त जीव हुन्छन् । जब कन्दको अन्त छ भने त जीवहरूको अन्त किन छैन ? जति विद्याशून्य मिथ्या कुराहरू छन् जैनका ग्रन्थहरूमा नै छन्, त्यति अन्यत्र छैन, र जहाँ कहीं छ, त्यसको मूल जैनमार्ग हो ।

## जैनमतको समीक्षा (१२.१३)

उनीहरूका एउटा नवकार मन्त्र छ। त्यसको स्वरूप–

**नमो अरिहन्ताणं नमो सिद्धाणं नमो आयरियाणं नमो उबज्भायाणं नमो लोए सब्बसाहूणं ।**
**एसो पंच नमुक्कारो सव्व पावप्पणासणो, मंगलाचरणं च सव्वेसिं पढमं हवइ मंगलम् ॥**

यस मन्त्रको अर्थ यो हो–

(**नमो अरिहन्ताणं**) सबै तीर्थङ्करहरूलाई नमस्कार । (**नमो सिद्धाणं**) जैनमतका सबै सिद्धहरूलाई नमस्कार । (**नमो आयरियाणं**) जैनमतका सबै आचार्यहरूलाई नमस्कार । (**नमो उवज्भायाणं**) जैनमतका सबै उपाध्यायहरूलाई नमस्कार । (**नमो लोए सब्बसाहूणं**) जति जैनमतका साधु यस लोकमा छन्, ती सबैलाई नमस्कार छ ।

यद्यपि मन्त्रमा जैनपद छैन, तथापि जैनीहरूका अनेक ग्रन्थहरूमा सिवाय जैनमतका अन्य कसैलाई नमस्कार पनि नगर्न लेखिएको छ । यसैले यही अर्थ ठीक हो । यसको यस्तो माहात्म्य गरेका छन् कि तन्त्र, पुराणलाई र भाटहरूको कथालाई पनि मात गरिदिएका छन् । अर्थात् यस मन्त्रको जपले सबै पाप नष्ट हुन जान्छन् । श्राद्धदिनकृत्य र आत्मनिन्दाभावनामा यसको यस्तो फल लेखिएको छ–

**नमुक्कारं तउ पढे ॥९॥**
**तउ कब्बं । मन्ताणमंतो परमो इमुत्ति धेयाणधेयं परमं इमुत्ति ।**
**तत्ताणतत्तं परमं पवित्तं । संसार सत्ताण दुहाइयाणं ॥१०॥**
**ताणं अंनंतु नो अत्थि जीवाणं भवसायरे ।**
**बुड्डं ताणं इमं मुत्तुं नमुक्कारं सुपोययम् ॥११॥**
**कब्बं । अणेगजम्मं तरसं चिआणं दुहाणं सारीरिअमाणुसाणु साणं ।**
**कत्तोय भब्बाणभविज्जनासो । न जावपत्तो नवकारमंतो ॥१२॥** –इत्यादि ॥

सबै मन्त्रहरूमा यो पवित्र र परम मन्त्र हो । ध्येयहरूको मध्येमा परम ध्येय, तत्त्वहरूमा परम तत्त्व, दुःखबाट पीडित संसारी जीवहरूका लागि यो नवकार मन्त्र जस्तो समुद्रको पार उतार्नमा डुँगा हुन्छ त्यस नौकाकै समान छ । संसारमा डुब्ने जीवहरूका लागि यही एक रक्षक हो । अनेक जन्मान्तर, शरीर र मन सम्बन्धी दुःख भव्यजीवहरूका नष्ट हुँदैनन्, जबसम्म नवकार मन्त्रको ग्रहण गर्दैनन् ।

अग्निप्रमुख आठ महाभय हुँदैनन् । भवसागरबाट तर्दछन् । जसरी वैदूर्य नामक मणि ग्रहण गर्नमा आउँछ अथवा शत्रुभयमा अमोघ शस्त्र ग्रहण गर्नमा आउँछ, त्यसरी नै श्रुतकेवलीको ग्रहण गर्ने र सबै द्वादशाङ्गीको नवकार मन्त्र रहस्य हो । –(श्राद्धदिनकृत्य पृष्ठ ३, सूत्र १३) ॥

## जैनमतमा मूर्तिपूजाको प्रमाणहरू (१२.१४)

**समीक्षक**– यो गफौडा होइन त के हो ? जुन संसारमा पाषाणादि मूर्तिपूजा चलेको छ, त्यो सबै बौद्ध र जैनीहरूमा चलेको छ कि जसले सबै जगत्लाई भ्रममा पारेको छ । हेर ! श्राद्धदिनकृत्यको पहिलो

पृष्ठमा लेखिएको छ– सन्ध्या समयको भोजनमा जिनबिम्ब अर्थात् उनका मूर्तिहरूलाई पूज्नु, द्वारपूजामा ठूला-ठूला बखेडा र नियम, मन्दिर बनाउने र पुरानो मन्दिरको मर्मत गर्नाले मुक्ति हुन जान्छ ।

यो बीसौं पृष्ठमा र तेईसौं पृष्ठमा– मन्दिरमा यस प्रकारले जाओस्, गएर बसोस्, बडो भाव, प्रीतिले पूजा गरोस् । **"नमोः जिनेन्द्रेभ्यः"** इत्यादि मन्त्रहरूले स्नानादि गराओस्, जल, चन्दनादि चढाओस् । त्यसै गरी रत्नसारभागको बाह्रौं पृष्ठमा मूर्तिपूजाको फल– पुजारीलाई राजा र प्रजा कसैले रोक्न सक्दैन । तेह्रौं पृष्ठमा– मूर्तिपूजाबाट रोग, पीडा, महादोष छुटेर जानेछ । पाँच कौडीको फूल चढाएर, उसले १८ देशको राज पायो । त्यसको नाम कुमारपाल थियो, इत्यादि ।

**समीक्षक**– यदि यी कुराहरू साँचो हुन् भने त जैनीहरू मध्येबाट राजा र प्रजाको दण्ड, रोग, पीडा कसले भोग्ने ? र महादोषहरूमा किन फसिराखेका छन् । यदि मूर्तिपूजाले भवसागरबाट पार होइन्छ भने त ज्ञान, सम्यग्दर्शन र चरित्रको प्राप्तिमा किन गर्ने ? वाह ! पाँच कौडीको फूल चढाउनाले १८ देशको राज मिल्दछ भने त सय रुपैयाँको फूल चढाउनाले के मिल्दछ होला अर्थात् ब्रह्माण्डमा सबै लोक-लोकान्तरको पनि राजा हुन्छ होला ? र गौतमको औंलो धोएर पिएमा त अमृतको फल पाउँछ । यो बाह्रौं पृष्ठमा लेखिएको छ । त्यसो भए जैनीहरू गौतमको औलो धोएर पिएर अमर किन हुँदैनन् ?

अब यिनीहरूको मुक्तिको बारेमा थोरैमात्र वर्णन गर्दछु–

त्यसै रत्नसार भागको तेईसौं पृष्ठमा लेखिएको छ कि सिद्धशिला अर्थात् जसमा सिद्धपुरुष रहन्छन्, त्यो पैंतालीस लाख योजन लामो, गोलो र आठ योजन चौडा छ । एक करोड, अस्सी लाख कोस लामो र गोलाई अनि बत्तीस कोस चौडा छ । यो सिद्धशिला चौधौं लोकको शिखामाथि छ ।

**समीक्षक**– यो कुरो महावीर तीर्थङ्करको मुखको हो र यहीं शिवपुरको पनि वर्णन छ । भला ! यो कुरो कुनै बुद्धिमान्‌को मनमा आउन सक्दछ ? यदि यो मुक्तिको स्थान हो भने त बन्धन हुन जान्छ । किनभने यसको माथि र चारैतिर आकाश नै होला । फेरि त्यस धामबाट बाहिर जानमा डराउँछन् होला । र यतिका लामो चौडा एक शिला जैनीका तीर्थङ्करले नापेर हेरेर भन्न आए होलान् । यदि यस्तै हो भने त अहिले किन भन्नको लागि आउँदैनन् ? यी जैनीहरू पनि मुक्तिविषयमा भ्रमले फसेका छन् । यो साँचो हो कि बिना वेदहरूको यथार्थ अर्थबोधले मुक्तिको स्वरूपलाई कहिल्यै जान्न सक्दैनन् ।

त्यसै रत्नसारको पृष्ठ २९ मा आबू, गिरनार, शत्रुञ्जय, शम्मेत शिखर आदि तीर्थ जसले गर्दछन्, तिनीहरू धन्य हुन्छन् । र कर्मको क्षय मुक्ति पर्यन्त मानेका छन् ।

**समीक्षक**– यो पनि बुद्धिमानीहरूको समझदेखि सबै प्रकारले विरुद्ध छ । र हेर ! बडो पक्षपात र अन्धाधुन्ध लेख विवेकसारको ५५ पृष्ठमा– गङ्गादि तीर्थ र काशी आदि क्षेत्रहरूको सेवन गर्नाले केही पनि परमार्थ सिद्ध हुँदैन ।

**समीक्षक**– वाह रे जैनीहरू ! आफ्ना जल, स्थल, पाषाणरूप मूर्ति आदिको सेवाले सबै पाप क्षय र मुक्तिपर्यन्त फल मान्ने र दोस्राका जल, स्थल, पाषाणमूर्तिको खण्डन गर्ने, यो आफ्नो मूर्खता, छल, झुट, मतलबसिन्धुको कुरो होइन भने त के हो ? साँचो त यो हो कि तिमी दुइटै झुट्टा हौ । जल, स्थल र पाषाणादि मूर्तिहरूबाट पापक्षय र मुक्ति कहिल्यै हुन सक्दैन ।

यो यिनीहरूको श्लोक हो, जल चन्दनादि चढाउनको लागि–

**जलचन्दनधूपनैरथदीपाक्षतकैर्निवेद्यवस्त्रैः ।**
**उपचारवरैर्वयं जिनेन्द्रान् रुचिरैरद्य यजामहे ॥१॥** –विवेकसार पृष्ठ ५२ ॥

अर्थात् जल, चन्दन, अक्षता, पुष्प, धूप, दीप, नैवेद्य, वस्त्र, अतिरुचिकारक उत्तम उपचारबाट आनन्दपूर्वक जिनेन्द्रहरू अर्थात् तीर्थङ्करका मूर्तिहरूको पूजा गर्दछौं ॥१॥

**समीक्षक**– जति पनि यो पूजाको आडम्बर चेलेको छ, ती सबै जैनीहरूका घरबाट चलेको हो । यो श्लोक विवेकसारको पृष्ठ ५२ मा लेखिएको छ ।

## जैनमतमा रहेका असम्भव कथाहरूको समीक्षा (१२.१५)

पृष्ठ १३६ विवेकसारमा दशार्णका राजा चौबीसौं तीर्थङ्कर महावीरको दर्शनको लागि गयो । वहाँ त्यसले केही अभिमान गर्दा त महावीरको दर्शनको लागि १६,७७,७२,१६००० यति इन्द्रका स्वरूप र १३,३७,०५,७२,८०,००००००० यति इन्द्राणी आएका थिए । राजाले देखेर आश्चर्यमा परे ।

**समीक्षक**– अब विचार गर्नुपर्दछ कि इन्द्र र इन्द्राणीहरू उभिनका लागि मात्र यस्ता-यस्ता कयौं भूगोल भएमा पनि अटाउन सक्दैनन् । परन्तु यसमा यस्तो होला कि कति त ग्रन्थाकारको घरमै बसे होलान् । अरू कति त यिनका चेलाको घरमा बसे होलान् र कति त यिनका काँधमा बसे होलान् र कतिले त पुकारिराखे होलान् ।

अब यिनीहरूका पक्षपातको कुराहरूलाई हेर ! आफ्ना तीर्थङ्करहरूको जसले गृहाश्रम गरे, पुत्रोत्पत्ति गरे, संसार भोगे, पश्चात् साधु बने, उनलाई मान गर्दछन् ।

र विवेकसार पृष्ठ १०३ मा– श्री स्थूलभद्र स्वामीको कथा ।

रत्नसारभाग, पृष्ठ ११० मा– ब्रह्मा, विष्णु, महादेव, स्त्रीका दास बताएका छन् ।

रत्नसारभाग, पृष्ठ १११ मा– कृष्णादि नव वासुदेव र प्रह्लादादि प्रतिवासुदेव नरकमा गए ।

रत्नसारभाग, पृष्ठ २० मा– ब्रह्मा, विष्णु, नारायण आदि सबै कामी हुन्, त्यसैले यिनलाई छोड्न योग्य बताइएको छ ।

**समीक्षक**– र जुन ऋषभदेव आदिले विवाह गरेर गृहाश्रम भोगे, ती त्यक्तव्य किन होइनन् ? यदि यी त्यक्तव्य छैनन् भने त नारायण आदि ठीक किन होइनन् ? ऋषभदेव संसारदुःखबाट तार्नको लागि काठको डुँगाको समान तार्नेवाला र महादेव, विष्णु आदि ढुङ्गाको डुँगाको समान डुबाउनेवाला हुन् । भला ! यो झुट, पक्षपातको कुरो जसरी कुञ्जरीले आफ्नो अमिला बयँरलाई मीठो बताउँछे, त्यस्तै के यो होइन र ?

विवेकसार पृष्ठ २१ मा– जिन मन्दिरमा मोह आउँदैन । भवसागरदेखि पारि तार्नेवाला हुन्छ ।

विवेकसार पृष्ठ ५१ र ५२ मा– मूर्तिपूजाबाट मुक्ति हुन्छ र जैन मन्दिरमा जानाले सद्गुण आउँछ । यदि जल चन्दनादिले जिन मूर्तिहरूको पूजा गरेमा त नरकबाट छुटेर स्वर्गमा जान्छ ।

विवेकसार पृष्ठ ५५ मा– जिन मन्दिरमा ऋषभदेव आदि मूर्तिहरूलाई पूज्नाले धर्म, अर्थ, काम र मोक्ष सिद्ध हुन्छ ।

विवेकसार पृष्ठ ६१ मा– जिन मूर्तिहरूको पूजाले सबै पाप छुटेर जान्छन् ।

विवेकसार पृष्ठ ६७ मा– जिन मूर्तिहरूको पूजा गरेमा त जगत्को क्लेश छुटेर जान्छ ।

विवेकसार पृष्ठ ८१ मा– श्री जिनको पूजाले सबै पाप छुटेर जान्छन् । इत्यादि बडा-बडा विचित्र, असम्भव कुराहरूको गफौडा उडाएका छन् । र यो पनि विवेकसारको तेस्रो पृष्ठमा लेखिएको छ कि– जसले 'जिन' को मूर्ति स्थापना गर्दछन्, ती आचार्यहरूले आफ्नो र आफ्ना कुटुम्बको लागि आजीविका चलाएका हुन्, यस्तो खण्डन पनि गर्दछन् ।

र त्यसै ग्रन्थको पृष्ठ २२५ मा– शिव, विष्णु आदि मूर्तिको पूजा गर्नु अति नराम्रो अर्थात् नरकको साधन हो ।

**समीक्षक**– भला ! यिनका ढुङ्गा र जैनीहरूका ढुङ्गामा केही भेद होला ? यदि भन्दछौ कि हाम्रा मूर्तिहरू **त्यागी** र **शान्त** छन् । भला ! यिनलाई सोध्नुपर्दछ कि तिम्रा मूर्ति त लाखौं रुपैयाँको मन्दिरमा रहन्छ र चन्दन पुष्पादि चढाउँछन्, यस भन्दा त अधिक त्यागी र तपस्वी पहाडहरू हुन् । र तिम्रा मूर्तिहरू नाङ्गा हुनाले मनुष्यहरू माझमा लज्जाकारक छ । भला ! उनीहरूले त आङ ढाकेर राखेका हुन्छन् । त्यसै कारणले तिमी दुइटैले मूर्तिपूजालाई छोड । सबै मतहरूका मूर्तिपूजा व्यर्थ छन् ।

अब अर्को हेर्नुहोस् बालकपनको कुरो । विवेकसार पृष्ठ १०१ मा– एक नन्दीषेणले दश पूर्वसम्म भोग गरे । एक मुनि वेश्याको घरमा रहेर भोग गरे, फेरि मुनिको दीक्षा लिएर स्वर्गमा गए । र स्थूलभद्र मुनिले पनि यस्तै काम गरेर स्वर्गमा गए ।

विवेकसार पृष्ठ २२८ मा– एक पुरुषले कोशा नामवाली वेश्यालाई भोग गर्‍यो, पश्चात् त्यागी बनेर स्वर्गमा गयो ।

विवेकसार पृष्ठ १०१ मा– अर्णकमुनि चरित्रबाट चुकेर, कयौं वर्ष दत्त सेठको घरमा भोग गर्‍यो, पश्चात् देवलोकमा गयो ।

विवेकसार पृष्ठ १०६ मा– श्रीकृष्ण तेस्रो नरकमा गए ।

विवेकसार पृष्ठ १४५ मा– धन्वन्तरि वैद्य नरकमा गए ।

र हेर विचित्र लीला ! विवेकसार पृष्ठ १०६ मा– श्रीकृष्णको पुत्र ढण्ढण मुनिलाई स्यालले उठाएर लगेर खाइदियो, पश्चात् देवता भए । जैनीहरूका सबै तीर्थङ्कर र उनका गण तथा शिष्य र जैनमतस्थ मनुष्य करोडौं करोड कोही शिवपुर, कोही सिद्धशिला, कोही देवलोक र कोही स्वर्गमा गए, परन्तु श्रीकृष्णादि र अन्य पनि अनेक नरकमा गए र जानेछन् ।

**समीक्षक**– भला ! अब विचार गर्नुहोस् यी कुराहरूलाई ! के जैनीहरूका हातमा मात्रै स्वर्ग-नरकको चाबी छ । यिनीहरूलाई यस्तो महाझुट लेख्दा बोल्दा लाज पनि आएन कि श्रीकृष्णादि महात्मा नरकमा गए र यिनका रण्डीबाजले पनि स्वर्ग र मुक्तिलाई प्राप्त गरे । हामीले जान्दछौं कि जति झुटे, महामूर्ख, हठी र पक्षपाती जैनीहरूमा थिए र छन्, यस्ता अन्यहरूमा छैनन् । भला ! यी जैनीहरूका ऋषभदेवादि तीर्थङ्कर नरकमा गए, महापापी थिए र सबै यिनका चेलाहरू पनि त्यस्तै थिए र छन्, यस्तो कसैले लेखोस् वा भनोस्

त उनीहरूलाई कत्तिको नराम्रो लाग्नेछ । त्यस्तै अरूको लागि पनि सम्झनुपर्दछ । किनभने यी महाहठी, दुराग्रही, मूर्खहरूको सङ्गतले सिवाय नराम्रोदेखि बाहेक अरू केही हात लाग्ने छैन । हो ! जति जैनीहरूमा उत्तम* जन छन्, तिनीहरूसँग सत्सङ्गादि गर्नमा केही पनि दोष छैन ।

अरू पनि यिनका धर्मदेखि उल्टो कुराहरू सुन । विवेकसार पृष्ठ ७ मा– जो शुद्ध जिनवचन यथास्थितक हुन्छ, उसैलाई सुगुरु अर्थात् अन्यलाई कुगुरु मान्दछन् ।

विवेकसार पृष्ठ ४८ मा– योगी, जङ्गम, काजी, मुल्ला आदि कयौं जना अज्ञानले तप कष्ट गरेर कुगतिलाई पाउँछन् । रत्नसार भाग १ पृष्ठ १७०-१७१ मा लेखिएको छ कि नव वासुदेव अर्थात् त्रिपृष्ठ वासुदेव, द्विपृष्ठ वासुदेव, स्वयंभू वासुदेव, पुरुषोत्तम वासुदेव, सिंहपुरुष वासुदेव, पुरुषपुण्डरीक वासुदेव, दत्त वासुदेव, लक्ष्मण वासुदेव र ९ श्रीकृष्ण वासुदेव यी सबै एघारौं, बाह्रौं, चौधौं, पन्ध्रौं, अट्ठाह्रौ, बीसौं र बाईसौं तीर्थङ्करहरूको समयमा नरकमा गए । र नव प्रतिवासुदेव अर्थात् अश्वग्रीव प्रतिवासुदेव, तारक प्रतिवासुदेव, मोदक प्रतिवासुदेव, मधु प्रतिवासुदेव, निशुम्भ प्रतिवासुदेव, बली प्रतिवासुदेव, प्रह्लाद प्रतिवासुदेव, रावण प्रतिवासुदेव र जरासन्ध प्रतिवासुदेव यी सबै पनि नरकमा गए ।

विवेकसार पृष्ठ १५४ मा– **अदेवा गुरवो धर्मेषु या देवगुरुधर्मधीः ।**

यो श्री हेमचन्द सूरीले लेखेका हुन्– अर्थात् ब्रह्मादि अदेव, जैनदेखि भिन्न मार्गका उपदेश अगुरु र जैनधर्मदेखि भिन्न सबै अधर्म, यिनमा देवगुरु धर्मबुद्धि गर्नु मिथ्यादृष्टि, चौथो गुण ठान्नेवाला, असंयति, अविरति, रजोहरणादि साधुवेश रहित जीवहरूलाई सम्यग् दृष्टि भन्दछन् भने रजोहरणादि भगवान्को वेश तथा शुद्ध धर्मलाई, जैनमार्गको उपदेशक सम्यग् दृष्टि किन भन्दछ ?

विवेकसार पृष्ठ १५६ मा– लिङ्गधारी अर्थात् वेशधारी मात्रको पनि सत्कार श्रावकहरूले गरून् । चाहे त्यो शुद्ध चरित्रको होस् वा अशुद्ध चरित्रको ।

विवेकसार पृष्ठ १६८ मा– जैन साधु चरित्रहीन भए तापनि अन्य साधुहरू भन्दा श्रेष्ठ नै हुन्छ ।

विवेकसार पृष्ठ १७१ मा– श्रावकहरूले जैनका साधुहरूलाई धर्मरहित भ्रष्ट देखेर पनि निस्नेह हुनुहुँदैन ।

विवेकसार पृष्ठ १९४ मा– जिन मतमा स्थित हुनु सार, शेष सबै संसारको मत असार ।

विवेकसार पृष्ठ १९६ मा– अन्य मतको अभिलाषा जैनीहरूले गर्नहुँदैन । उनीहरूको कुरा सुन्नमा पनि दोष हुन्छ ।

विवेकसार पृष्ठ २१६ मा– एउटा चोरले पाँच मुठी रउँ लुछेर चारित्र ग्रहण गर्‍यो । बडो कष्ट र पश्चाताप गर्‍यो । छैटौं महिनामा केवलज्ञान पाएर सिद्ध भयो ।

विवेकसार पृष्ठ २२१ मा– अन्य मतवालाहरूलाई खाने-पिउने चीजहरू पनि दिन हुँदैन ।

विवेकसार पृष्ठ २२१ मा– **१. 'परमतिको स्तुति'** अर्थात् उनका गुणकीर्तन, **२. 'नमस्कार'** उनको वन्दना, **३. 'आलपन'** अर्थात् उनीहरूसँग थोरै बोल्नु, ४. **'संलपन'** अर्थात् उनीहरूसँग पटक-पटक बोल्नु, **५. 'अन्नादिदान'** अर्थात् उनीहरूलाई खाने-पिउने चीज दिनु, **६. 'गन्धपुष्पादिदान'** अर्थात् परमतिको प्रतिमालाई पूज्नको लागि गन्ध, पुष्प दिनु । यी छः यतना अर्थात् यी छः कर्महरूलाई जैनीहरूले गर्नहुँदैन । यस्तै कुरा यिनका सबै ग्रन्थहरूमा लेखिएका छन् ।

**समीक्षक**– अब बुद्धिमानीहरूले यहाँ विचार गर्नुपर्दछ कि जसरी जैनमती दोस्रा मतका विरोधी निन्दक, हानिकारक छन्, त्यसरी दोस्रा अरू मतका छैनन् । जहाँ हेर, त्यहाँ, आफ्नो मतको प्रशंसा, स्तुति र दोस्रा मतवालाको निन्दाहरूले यिनका ग्रन्थहरूका खजाना भरिएको छ । साँच्चै हो जो यस्तो जाल नरचेका भए त यस्ता विद्याविरुद्ध अज्ञानीहरू मतमा फसेर बन्धनमा परेर किन रहँन्थे । यसैले जैनी आदिले कुकुर आदिलाई लड्डु लप्सी ख्वाउँछन्, परन्तु दोस्रो मतको मनुष्यसँग प्रीति गर्नेवाला बिरलै पाइन्छ ।

अब हेर्नुहोस् ! यिनका साधु चाहे कस्तै भ्रष्ट-नष्ट होस् तर पनि उत्तम र दोस्राको चाहिं कति नै श्रेष्ठ होस् तर पनि केही सम्झदैनन् । यद्यपि विवेकसार पृष्ठ २१७ मा– **अनुकम्पा** अर्थात् दुःखीहरूको निष्कारण दुःख दूर गर्ने इच्छा अर्थात् केही प्रयोजन नविचारिकन मलाई स्वर्ग, देवलोक वा मुक्ति मिल्नेछ, यस्तै इच्छा गर्नु । यो यिनीहरूको भनाई मात्रै हो वा कोही कहिल्यै जैनमतमा आग्रह हुनेछैन वा कसैको दबावले गर्दछ भने त, त्यो जान्नु कि नगरे बराबरै हुन्छ । किनभने–

**'प्रयोजनमननुदिश्य मन्दोऽपि न प्रवर्त्तते' इति न्यायात् ।**

---

*जो उत्तम जन हुन्छ, त्यो यस असार जैनमतमा कहिल्यै पनि रहन्न । [–दयानन्द सरस्वती]

अर्थात् प्रयोजनको बिना कसैको पनि प्रवृत्ति हुँदैन । विवेकसार पृष्ठ १०८ मा– लेखिएको छ कि मथुराको राजाको नमुची नामक मन्त्रीलाई जैनमतीहरूले आफ्नो विरोधी सम्झेर मारे र **आलोयणा** गरेर शुद्ध हुन गए । यो पनि दया र क्षमाको नाशक कर्म हो । जब अन्य मतवालाहरूमाथि प्राण लिन पर्यन्त वैर बुद्धि राख्दछन् भने त यिनलाई दयालुको स्थानमा हिंसक भन्नु नै सार्थक हुन्छ ।

## जैनमतमा रहेको काल र भूमिको परिमाण (१२.१६)

अरू पनि हेर्नुहोस् यिनका मिथ्या कुराहरू ! जिन तीर्थङ्करहरूलाई जैनीहरूले सम्यग्ज्ञानी र परमेश्वर मान्दछन्, तिनीहरूका यी मिथ्या कुराहरूको नमूना यस प्रकार छन्– रत्नसारभाग १ को पृष्ठ १४५ मा– यस ग्रन्थलाई जैनहरूले मान्दछन्, र यो विक्रम संवत् १९३६ वैशाख १७ गते बनारस जैन प्रभाकर प्रेसमा नानकचन्द जतीले छपाएर प्रसिद्ध गरेका छन्, त्यसको पूर्वोक्त पृष्ठ (एवं पृष्ठ १४६-१४७) मा कालको यस प्रकारको व्याख्या गरिएको छ–

**'समय'** को नाम सूक्ष्मकालको नाम हो । र असंख्यात समयलाई **'आवलि'** भन्दछन् । एक करोड, सतसट्ठी लाख, सतत्तर हजार, दुई सय सोह्र आवलिहरूको एक **'मुहूर्त्त'** हुन्छ । तीस मुहूर्त्तहरूको एक **'दिवस'**, त्यसरी नै पन्ध्र दिवसको एक **'पक्ष'**, त्यसरी नै दुई पक्षको एक **'महिना'**, त्यसरी नै बाह्र महिनाको एक **'वर्ष'** हुन्छ । सत्तरी लाख करोड र छपन्न हजार करोड वर्षहरूको एक **'पूर्व'**, असंख्यात पूर्वहरूको एक **'पल्योपम'** काल हुन्छ ।

असंख्यात त्यसलाई भन्दछन् कि– एक चार कोसको चौरस र गहिरो पनि चार कोसको खाल्डामा जुगलीय मान्छेको शरीरको निम्नलिखित रउँको टुक्राले भर्नु । अर्थात् वर्तमान मनुष्यको शरीरको रउँहरू भन्दा जुगुलीय मनुष्यको कपाल चार हजार छयान्नब्बे भाग सूक्ष्म हुन्छ । अर्थात् जुगुलीय मनुष्यको चार हजार छयान्नब्बे रउँहरूलाई जम्मा गर्दा मनुष्यको एउटा कपाल हुन्छ । यस्तै जुगलीय मनुष्यको एक कपालको एक औंलो जत्तिको भागलाई सात पटक टुक्रा गर्नु, फेरि त्यसलाई आठ-आठ टुक्रा पार्ने, तब २०९७१५२ अर्थात् बीस लाख, सन्तान्नब्बे हजार, एक सय बाउन्न एक कपालको तान्द्राको यति टुक्रा हुन्छन्, यस्ता टुक्राहरूले त्यो खाल्डोलाई भर्नु, त्यसबाट सय वर्षको अन्तरमा एक-एक टुक्रा निकाल्नु, जब सबै टुक्रा निक्लन्छ र खाल्डो खाली हुन्छ तब पनि त्यो **'संख्यात'** काल हो । जब ती एक-एक टुक्रालाई असंख्यात टुक्रा पारेर ती टुक्राहरूलाई उसै खाल्डोमा यस्तरी ठोसेर भर्ने कि त्यसको माथिबाट चक्रवर्ती राजाको सेना हिंडोस् तापनि नदबियोस् । ती टुक्रालाई सय वर्षको अन्तरमा एक टुक्रा निकाल्ने, जब त्यो खाल्डो रित्तो हुन्छ तब त्यसको नाम **'असंख्यात'** हुन्छ । असंख्यात पूर्व परेमा, तब एक **'पल्योपम'** काल हुन्छ । यो पल्योपमलाई खाल्डाको दृष्टान्तबाट जान्नुहोला ।

जब दश करोडौं करोड पल्योपम काल बितेर जान्छ, तब एक **'सागरोपम'** हुन्छ । जब दश करोडौं करोड सागरोपम काल व्यतीत हुन्छ, तब एक **'उत्सर्पिणी'** काल हुन्छ । जब दश करोडौं करोड उत्सर्पिणीकाल व्यतीत हुन्छ तब एक **'अवसर्पिणी'** काल हुन्छ । एक उत्सर्पिणी र अवसर्पिणी काल बित्दछ तब एक **'कालचक्र'** हुन्छ । जब अनन्त कालचक्र बित्दछ तब एक **'पुद्गलपरावर्त्त'** हुन्छ ।

अब अनन्तकाल कसलाई भन्दछन् कि जो सिद्धान्त पुस्तकहरूमा नव दृष्टान्तबाट कालको संख्या बताएका छन्, त्यसदेखि उपरान्त **'अनन्तकाल'** भन्दछन् । त्यसरी नै अनन्त पुद्गलपरावर्त्त काल जीवले भ्रमण गर्दै बितेको छ ।

सुन भाइ ! गणितविद्यावालाहरू हो ! जैनीहरूका ग्रन्थका कालसंख्या गर्न सक्दछौ कि सक्दैनौ ? र तिमीले यसलाई साँचो मान्न सक्दछौ कि सक्दैनौ ? हेर ! यी तीर्थङ्करहरूले यस्तो गणित पढेका थिए । यस्ता-यस्ता त यिनका मतमा गुरु र शिष्य छन्, जसको अविद्याको कुनै पारावार छैन । अरू पनि यिनका अन्धेर सुन–

रत्नसारभाग १ पृष्ठ १३४ देखि लिएर जे-जति 'बुट्टाबोल' अर्थात् जैनीहरूका सिद्धान्त ग्रन्थ जुन कि उनका 'तीर्थङ्कर' अर्थात् ऋषभदेवदेखि लिएर महावीर पर्यन्त चौबीस भएका छन्, उनैका वचनहरूको सारसंग्रह हो, यस्तो रत्नसारभाग १ पृष्ठ १४८ मा लेखिएको छ कि– पृथ्वीकायका जीव माटो ढुङ्गादिलाई पृथ्वीको भेद जान्नु । उनमा रहनेवाला जीवहरूको शरीरको परिमाण एक औंलोको असंख्य भाग सम्झनुपर्दछ, अर्थात् अतीव सूक्ष्म हुन्छ, उनको आयुमान अर्थात् तिनीहरू अधिक भन्दा अधिक २२ हजार वर्ष पर्यन्त जीउँछन् ।

रत्नसार पृष्ठ १४९ मा– वनस्पतिको एक शरीरमा अनन्त जीव हुन्छन्, ती साधारण वनस्पति भनिन्छ । जुन कि कन्दमूलप्रमुख र अनन्तकायप्रमुख हुन्छन्, तिनलाई साधारण वनस्पतिका जीव भन्नु पर्दछ । तिनको आयुमान अनन्तमुहूर्त्त हुन्छ परन्तु यहाँ पूर्वोक्त यिनका मुहूर्त्त सम्झनु पर्दछ ।

र एक शरीरमा जुन **'एकेन्द्रिय'** अर्थात् स्पर्श इन्द्रिय यिनमा हुन्छन् र त्यसमा जीव एउटा रहन्छ, त्यसलाई प्रत्येक-वनस्पति भन्दछन्, त्यसको देहमान एक हजार योजन अर्थात् पुराणीहरूका योजन ४ कोसको परन्तु जैनीहरूको योजन १०००० दश हजार कोसहरूको हुन्छ, यस्ता चार हजार कोसको शरीर हुन्छ, त्यसको आयुमान अधिक भन्दा अधिक दश हजार वर्षको हुन्छ ।

अब दुई इन्द्रियवाला जीव अर्थात् एक उनको शरीर र एकमुख जुन शङ्ख, कौडी र जुम्रा आदि हुन्छन्, यिनका देहमान अधिक भन्दा अधिक अडचालीस कोसको स्थूल शरीर हुन्छ । र यिनको आयुमान अधिक भन्दा अधिक बाह्र वर्षको हुन्छ ।

यहाँ धेरै भुलेको छ किनभने यति ठूलो शरीरको आयु अधिक लेख्दछ, र अडचालीस कोसको स्थूल जुम्रा जैनीहरूको शरीरमा पर्दछ होला र उनैले देखे पनि होलान्, अरूको यस्तो भाग्य कहाँ, जो यति ठूलो जुम्रालाई देख्ने !!!

रत्नसार भाग १ पृष्ठ १५० मा– अरू पनि हेर अन्धाधुन्ध ! बिच्छी, फटयाङ्ग्रो, खजुरो र माखाको एक योजनको शरीर हुन्छ, यिनको आयुमान अधिक भन्दा अधिक छः महिनाको हुन्छ ।

हेर भाइ ! चार-चार कोसको बिच्छी अन्य कसैले देखेका छैनन् होला । जो आठ मीलसम्मको शरीरवाला बिच्छी र माखो पनि जैनीहरूको मतमा हुन्छ, यस्ता बिच्छी र माखो यिनकै घरमा रहन्छन् होला र उनीहरूले देखे होलान् । अन्य कसैले संसारमा देखेका छैनन् होला । कहिलेकाहिं यस्ता बिच्छीले जैनीलाई टोकेमा त त्यसको के हालत हुन्छ होला ?

जलचर माछा आदिको शरीरको मान एक हजार योजन अर्थात् १०००० कोसको योजनको हिसाबले १,००,००,००० एक करोड कोसको शरीर हुन्छ र एक करोड पूर्व वर्षहरूको यिनको आयु हुन्छ ।

त्यस्तो स्थूल जलचर सिवाय जैनीहरू बाहेक अन्य कसैले देखेका छैनन् होला । र चतुष्पाद हात्ती आदिको देहमान दुई कोसदेखि नव कोस पर्यन्त र आयुमान चौरासी हजार वर्षहरूको इत्यादि ।

यस्ता ठूला-ठूला शरीरवाला जीव पनि जैनीहरूले देखे होलान् र मान्दछन्, अरू कुनै बुद्धिमान्ले मान्न सक्दैन ।

रत्नसार भाग १ पृष्ठ १५१ मा– जलचर गर्भज जीवहरूको देहमान उत्कृष्ट एक हजार योजन अर्थात् १,००,००,००० एक करोड कोसहरूको, र आयुमान एक करोड पूर्व वर्षहरूको हुन्छ । यति ठूला शरीर र आयुवाला जीवहरूलाई पनि यिनैका आचार्यहरूले स्वप्नमा देखे होलान् । के यो महा झुटको कुरो होइन कि जसको कदापि सम्भव हुन नसकोस् ?

अब सुन्नुहोस् भूमिको परिणामको बारेमा । रत्नसार भाग १ पृष्ठ १५२ मा– यस तेर्सो लोकमा असंख्यात द्वीप र असंख्यात समुद्र छन् । यी असंख्यातको प्रमाण अर्थात् जुन साढे दुई सागरोपम कालमा जति समय हुन्छ, उतिनै द्वीप तथा समुद्र जान्नु । अब यस पृथ्वीमा एक **'जम्बूद्वीप'** प्रथम सबै द्वीपहरूको बीचमा छ । यसको प्रमाण एक लाख योजन अर्थात् चार लाख कोसको छ र यसको चारैतिरबाट 'लवण' समुद्र छ, त्यसको प्रमाण दुई लाख योजनको छ अर्थात् आठ लाख कोसको । यस जम्बूद्वीपको चारैतिर जुन **'धातकीखण्ड'** नामको द्वीप छ, त्यसको चार लाख योजन अर्थात् सोह्र लाख कोसको प्रमाण छ र यसको पछाडि **'कालोदधि'** समुद्र छ, यसको आठ लाख योजन अर्थात् बत्तीस लाख कोसको प्रमाण छ । त्यसको पछाडि **'पुष्करावर्त्त'** द्वीप छ । यसको प्रमाण सोह्र लाख कोसको छ । यस द्वीपको भित्रपट्टिको भाग केही उठेको छ । यस द्वीपको आधा भागमा मनुष्य बस्दछन् र यसको उपरान्त असंख्यात द्वीप समुद्र छन्, त्यसमा तिर्यग् योनिका जीव रहन्छन् ।

रत्नसार भाग १ पृष्ठ १५३ मा– जम्बूद्वीपमा एक हिमवन्त, एक ऐरण्यवन्त, एक हरिवर्ष, एक रम्यक्, एक देवकुरु, एक उत्तरकुरु गरेर जम्मा यी छः क्षेत्र छन् ।

**समीक्षक**– सुन भाइ ! भूगोलविद्यालाई बेस्सरी जान्नेवालाहरू हो ! भूगोलको परिमाण गर्नमा तिमीले भुल्यौ कि जैन ! यदि जैनले भुलेका हुन् भने त तिमीले उनीहरूलाई सम्झाऊ, यदि तिमीले भुलेका हौ भनेत उनीहरूबाट सम्झ । थोरैमात्र विचार गरेमा पनि यो निश्चय हुन्छ कि जैनीहरूका आचार्य र शिष्यले भूगोल, खगोल र गणितविद्या कत्ति पनि पढेका थिएनन् । यदि पढेका हुन्थे भने त यस्तो महा असम्भव गफौडा किन मार्थे ?

भला यस्ता अविद्वान् पुरुषले जगत्लाई अकर्तृक र ईश्वरलाई नमानेमा यसमा के आश्चर्य हुन्छ ? त्यसैले जैनीहरू आफ्ना पुस्तकलाई कुनै विद्वान् वा अन्य मतस्थलाई दिदैनन् । किनभने जसलाई यिनीहरूले प्रमाणिक तीर्थङ्करहरूले बनाएका सिद्धान्त ग्रन्थ मान्दछन्, उनमा यसै प्रकारको अविद्यायुक्त कुराहरू भरिएर

रहेको छ, यसैले हेर्न दिंदैनन् । यदि दिए भने त पोल खुल्ने भयो । यिनको बिना जो कोही मनुष्यले अलिकति पनि बुद्धि राख्दछ भने, त्यसले कदापि यस गफाडिध्यायलाई सत्य मान्न सक्नेछैन ।

यो सबै प्रपञ्च जैनीहरूले जगत्लाई अनादि मान्नको लागि ठडयाएका हुन्, परन्तु यो पूरा फुटो हो । हो ! जगत्को कारण अनादि हो, किनभने त्यो परमाणु आदितत्त्वरूप अकर्तृक हो परन्तु त्यसमा नियमपूर्वक बन्न र बिग्रनमा सामर्थ्य केही पनि छैन । किनभने जब एक परमाणु द्रव्य कसैको नाम हो र स्वभावदेखि पृथक्-पृथक्-रूप र जड रहन्छ, त्यो आफै यथायोग्य बन्न सक्दैन । त्यसैले यिनलाई बनाउनेवाला चेतन अवश्य छ र त्यो बनाउनेवाला ज्ञानस्वरूप हो । हेर ! पृथ्वी सूर्यादि सबै लोकहरूलाई नियममा राख्नु अनन्त, अनादि, चेतन परमात्माको काम हो । जसमा संयोग रचना विशेष देखिन्छ, त्यो स्थूल जगत् अनादि कहिल्यै हुन सक्दैन । यदि कार्य जगत्लाई नित्य मान्दछौ भने त त्यसको कारण कोही हुनेछैन, किन्तु वही कार्य कारणरूप हुन जाने छ । यदि यस्तो भन्यौ भने त आफ्नो कार्य र कारण आफै हुनाले **'अन्योऽन्याश्रय'** र **'आत्माश्रय'** दोष आउनेछ, जस्तै आफ्नो काँधमा आफै चढ्न र आफ्नो पिता आफै पुत्र हुन सक्दैन, त्यसैले जगत्को कर्ता अवश्य नै मान्नुपर्दछ ।

**प्रश्न**– यदि ईश्वरलाई जगत्को कर्ता मान्दछौ भने त ईश्वरको कर्ता को हो ?

**उत्तर**– कर्ताको कर्ता र कारणको कारण कोही पनि हुन सक्दैन । किनभने प्रथम कर्ता र कारणको हुनाले नै कार्य हुन्छ । जसमा संयोग-वियोग हुँदैन, जुन प्रथम संयोग-वियोगको कारण हो, त्यसको कर्ता वा कारण कुनै प्रकारले पनि हुन सक्दैन । यसको विशेष व्याख्या आठौं समुल्लासको सृष्टिको व्याख्यामा लेखिएको छ, त्यहाँ हेर्नुहोला ।

## जैनमतमा रहेको जीव-अजीवको लक्षणहरू (१२.१७)

अब **'जीव'** र **'अजीव'** यी दुई पदार्थहरूको विषयमा जैनीहरूको निश्चय यस्तो छ–

**चेतनालक्षणो जीवः स्यादजीवस्तदन्यकः । सत्कर्मपुद्गलाः पुण्यं पापं तस्य विपर्ययः ॥**

यो 'जिनदत्तसूरि' को वचन हो । र यही प्रकरणरत्नाकरको पहिलो भाग नयचक्रसारमा लेखिएको छ कि– चेतनालक्षण **'जीव'** र चेतनारहित **'अजीव'** अर्थात् जड हुन् । सत्कर्मरूप पुद्गलले पुण्य र पापकर्मरूप पुद्गलले पाप गराउँछन् ।

**समीक्षक**– जीव र जडको लक्षण त ठीक हो परन्तु जुन जडरूप पुद्गल हुन्, ती पापपुण्ययुक्त कहिल्यै हुन सक्दैनन । किनभने पाप-पुण्य गर्ने स्वभाव चेतनमा हुन्छ । हेर ! यी जति जड पदार्थ छन्, ती सबै पाप-पुण्यदेखि रहित छन् । जीवलाई जुन अनादि मान्दछन्, यो त ठीक हो परन्तु उसै अल्प र अल्पज्ञ जीवलाई मुक्ति दशामा सर्वज्ञ मान्नु फुट हो, किनभने जो अल्प र अल्पज्ञ हुन्छ, त्यसको सामर्थ्य पनि सदा ससीम रहनेछ ।

**प्रश्न**– जसरी धानको बोक्रा उतार्ने वा अग्निको संयोग हुन जानाले बीज पुनः अंकुरित हुन सक्दैन, यसै प्रकार मुक्तिमा गएको जीव पुनः जन्ममरणरूप संसारमा आउँदैन ।

**उत्तर**– जीव र कर्मको सम्बन्ध बोक्रा र बीजको समान होइन, किन्तु यिनका समवाय सम्बन्ध हुन्छ, यसैले अनादि कालदेखि जीव र त्यसमा कर्म र कर्तृत्वशक्तिको सम्बन्ध हुन्छ । यदि त्यसमा कर्म गर्ने शक्तिको पनि अभाव मान्यौ भने त सबै जीव पाषाणवत् हुन जानेछन् र मुक्तिलाई भोग्ने सामर्थ्य पनि रहने छैन । जसरी अनादि कालको कर्मबन्धन छुटेर जीव मुक्त हुन्छ भने त तिम्रो नित्य मुक्तिबाट पनि छुटेर बन्धनमा पर्नेछ । साधनहरूबाट सिद्ध भएको पदार्थ नित्य कहिल्यै हुन सक्दैन र यदि साधन-सिद्धको बिना मुक्ति मान्यौ भने त कर्महरूको बिना नै बन्ध प्राप्त हुनेछ ।

## सम्यक्त्वादिको लक्षणहरू (१२.१८)

अब सम्यक्त्व दर्शनादिको लक्षणहरू **'आर्हत प्रवचन-संग्रह' 'परमागमसार'** मा कथित छन् । सम्यक् श्रद्धान, सम्यक् दर्शन, ज्ञान र चरित्र यी चार मोक्ष मार्गका साधन हुन् । यसको व्याख्या योगदेवले गरेका छन् । जुन रूपले जीवादि द्रव्य अवस्थित छन्, त्यसै रूपले जिनप्रतिपादित ग्रन्थानुसार विपरीत अभिनिवेशादिरहित जुन 'श्रद्धा' अर्थात् जिनमतमा प्रीति हुन्छ, सो **'सम्यक् श्रद्धान'** र **'सम्यक् दर्शन'** हो ।

**रुचिर्जिनोक्ततत्त्वेषु सम्यक् श्रद्धानमुच्यते ।** –आर्हतदर्शन ॥

जिनोक्त तत्त्वहरूमा सम्यक् श्रद्धा गर्नुपर्दछ, अर्थात् अन्यत्र कहीं पनि होइन ।

**यथावस्थिततत्त्वानां संक्षेपाद्विस्तरेण वा । योऽवबोधस्तमत्राहुः सम्यग्ज्ञानं मनीषिणः ॥**

–आर्हतदर्शन ॥

जुन प्रकारका जीवादि तत्त्वहरू छन्, तिनको संक्षेप वा विस्तारले जे बोध हुन्छ, त्यसैलाई 'सम्यग् ज्ञान' बुद्धिमान्ले भन्दछन् ।

**सर्वथाऽनवद्ययोगानां त्यागश्चारित्रमुच्यते । कीर्त्तितं तदहिंसादिव्रतभेदेन पञ्चधा ।**
**अहिंसासूनृतास्तेयब्रह्मचर्य्यापरिग्रहाः ॥** –आर्हतदर्शन ॥

सबै प्रकारबाट निन्दनीय अन्य मतसम्बन्धको त्यागलाई **'चारित्र'** भन्दछन् र अहिंसादि भेदले पाँच प्रकारको व्रत हुन्छ । एक (अहिंसा) अर्थात् कुनै पनि प्राणीमात्रलाई नमार्नु । दोस्रो (सूनृता) प्रिय वाणी बोल्नु । तेस्रो (अस्तेय) चोरी नगर्नु । चौथो (ब्रह्मचर्य) अर्थात् उपस्थ इन्द्रियको संयमन र पाँचौं (अपरिग्रह) सबै वस्तुहरूको त्याग गर्नु ।

यसमा धेरै कुराहरू राम्रा छन्, अर्थात् अहिंसा र चोरी आदि निन्दनीय कर्महरूको त्याग राम्रो कुरा हो परन्तु यी सबै अन्य मतहरूलाई निन्दा गर्नु आदि दोषहरूले सबै राम्रा कुराहरू पनि दोषयुक्त हुन गएको छ । जस्तो प्रथम सूत्रमा लेखिएको छ– 'अन्य हरि हरादिको धर्म संसारबाट उद्धार गर्नेवाला होइन ।' के यो सानो निन्दा हो कि जसको ग्रन्थ हेर्नाले नै पूर्ण विद्या र धार्मिकता पाइन्छ, त्यसलाई नराम्रो भन्नु ? र आफ्ना महा असम्भव जस्तो कि पूर्वमा लेखेर आएँ, त्यस्ता कुराहरूलाई भन्ने आफ्ना तीर्थङ्करहरूको स्तुति गर्नु ? केवल हठ र मूर्खताको कुरा हो । यस्तो कथन गर्नेवाला मनुष्यलाई भ्रान्त र बालबुद्धि नभने अरू के भन्ने ? यसमा यही विदित हुन्छ कि यिनका आचार्य बडो स्वार्थी थिए, पूर्ण विद्वान् होइनन् । किनभने यदि सबैको निन्दा गर्दैनथे भने त यस्तो झुटो कुरामा कोही फस्ने थिएन, न त उनको प्रयोजन नै सिद्ध हुन्थ्यो । हेर ! यो त सिद्ध हुन्छ कि जैनीहरूको मत डुबाउनेवाला र वेदमत सबैको उद्धार गर्नेवाला हो ।

**प्रकरणरत्नाकर र जैनीहरूका सिद्धान्त ग्रन्थहरूबाट गरिएको संग्रह**

प्रकरणरत्नाकर भाग २, पत्र ६२७ मा लेखिएको छ कि–

चाहे केही गर्न नसके पनि, एक अर्हन्तदेवलाई मान्नु अर्थात् जैन मतलाई नै मान्नु, किनभने जैनीहरूका वीतरागले बताएका धर्म, त्यही धर्म तार्नेवाला हो, अरू दोस्रो कसैले तार्दैन । जुन जैनीका देव छन्, उनै देव हुन्, अन्य हरिहरादि कुदेव हुन् ।

**समीक्षक–** हरिहरादि देव 'सुदेव' र यिनका ऋषभदेवादि सबै 'कुदेव' अरूले भनेमा त के यिनीहरूलाई नराम्रो लाग्दैन ।

प्रकरणरत्नाकर पृष्ठ ६२० मा– जिनमतको सिवाय न कोही तऱ्यो, न कोही सुन्नमा आयो र न आउनेछ ।

**[समीक्षक]**– वाह ! वाह !! के भन्नु !!!

प्रकरणरत्नाकर, भाग २, षष्ठीशतक मूलसूत्र–

**जइ न कुणसि तव चरणं, न पढसि न गुणेसि देसि नो दाणम् ।**
**ता इत्तियं न सक्किसि जं देवो इक्क अरिहन्तो ॥२॥**

**अर्थ–** हे मनुष्य ! जुन तैंले तप चारित्र गर्न सक्दैनस्, न सूत्र पढ्न सक्दछस्, न प्रकरणादिको विचार गर्न सक्दछस् र सुपात्रादिलाई दान दिन सक्दैनस् भने पनि तैंले एक देवता अरिहन्त नै हाम्रा आराधनाको योग्य सुगुरु, सुधर्म जैन-मतमा श्रद्धा राख्नु सर्वोत्तम कुरा र उद्धारको कारण हो ॥२॥

**समीक्षक–** भला, जुन जैनीले चारित्र गर्न सक्दैन, पढ्न सक्दैन, न त दान दिने सामर्थ्य नै छ तर पनि 'जैन मत साँचो छ', के यति मात्रै भने पनि त्यो उत्तम हुन जानेछ ? र अन्य मतवाला श्रेष्ठ पनि अश्रेष्ठ हुन जान्छ ?

**रे जीव भव दुहाइं, इक्कं चिय हरइ जिणमयं धम्मं ।**
**इयराणं परमन्तो, सुह कय्ये मूढ मुसिओसि ॥३॥** –प्र.र.भा.२/षष्टीशतक ६१/सूत्राङ्क ३ ॥

**संक्षेपमा अर्थ–** रे जीव ! एउटै जिनमत श्रीवीतरागभाषित धर्म संसार-सम्बन्धी जन्म-जरा-मरणादि दुःखहरूको हरणकर्ता हो । यसै प्रकार सुदेव र सुगुरु पनि जैन मत-वालालाई जान्नु । इतर जुन वीतराग ऋषभदेवदेखि लिएर महावीर पर्यन्त वीतराग देवहरूदेखि भिन्न अन्य हरि, हर, ब्रह्मादि कुदेव हुन्, तिनीहरूको आफ्नो कल्यार्थ जुन जीवले पूजा गर्दछ, ती सबै मनुष्य ठगिएका हुन् । यसको यो भावार्थ हो कि जैनमतका सुदेव, सुगुरु तथा सुधर्मलाई छोडेर अन्य कुदेव, कुगुरु तथा कुधर्मको सेवनले केही पनि कल्याण हुँदैन ।

**समीक्षक–** अब विद्वान्हरूले विचार गर्नुपर्दछ कि कस्ता निन्दायुक्त यिनका धर्मको पुस्तक छन् ।

**मूल– अरिहं देवो सुगुरु, सुद्धं धम्मं च पंच नवकारो ।**
**धन्नाणं कयच्छाणं, निरंतरं वसइ हिययम्मि ॥**

–प्रकर.भाग. २/षष्टि. ६१/सूत्र १ ॥

जुन अरिहन् देवेन्द्रकृत पूजादिकनको योग्य, दोस्रो पदार्थ उत्तम कुनै छैन, यस्ता जुन देवहरूका देव शोभायमान अरिहन्त देव-ज्ञान क्रियावान्, शास्त्रहरूका उपदेष्टा; शुद्ध कषायमलरहित सम्यक्त्व विनय दयामूल श्रीजिनभाषित जुन धर्म हो, त्यही नै दुर्गतिमा पर्न लागेका प्राणीहरूको उद्धार गर्नेवाला हो र अन्य हरि-हरादिको धर्म संसारदेखि उद्धार गर्नेवाला होइन; र पञ्च अरिहन्तादिक परमेष्ठी तत्सम्बन्धी उनको नमस्कार; यी चार पदार्थ धन्य हुन्, अर्थात् श्रेष्ठ हुन् । अर्थात् दया, क्षमा, सम्यक्त्व ज्ञान, दर्शन र चारित्र यो जैनीहरूको धर्म हो ॥

**समीक्षक**– जब मनुष्यमात्रमाथि दया छैन त्यो दया न क्षमा, ज्ञानको बदला अज्ञान, दर्शन अन्धेर र चारित्रको बदलामा भोकै मर्नु कुनचाहिं राम्रो कुरा हो । यो केवल मूर्खहरूलाई प्रलोभन दिएर आफ्नो मतमा फसाउने कुरो हो, अर्थात् यदि यिनका आचार्यले यस्तो नलेखेमा त उनका मतमा को फस्ने र नफसेमा त यिनको प्रयोजन कसरी सिद्ध हुने । जैनीहरूका बीतरागोक्त दया, क्षमा, ज्ञान, दर्शन, चारित्र यही हुन् । यसमा **दया**को नाश, क्षुद्र जीव र आफ्ना मतवालाको अतिरिक्त दोस्रो कसैलाई नमान्नु, निन्दा गर्नु, सुख नदिनु दया कहाँ ? र **क्षमाशील** हुन्थे भने त दोस्राको निन्दा र आफ्नो मुखको बडाइ किन गर्थे । तेस्रो **ज्ञान** जुन कि उनका जीव, अजीवादि नव तत्त्व छन्, तिनलाई जान्नु सो पनि ठीक-ठीक छैन । **सम्यक् दर्शन** उनका तीर्थङ्करहरूलाई हुन्थ्यो भने त हजारौं प्रकारका असम्भव कुराहरू किन लेख्थे ? **चारित्र**– उपवास गर्नु, स्नान नगर्नु इत्यादिबाट पनि के हुन सक्दछ । यसैले जहाँ यति नै कुराहरूको नाम धर्म मानेर गमक्क परेर फुल्दै हिंड्नु बेसमझको काम हो । तार्नेवाला यिनको धर्म छैन किन्तु डुबाउनेवाला अवश्य हो । हेर ! हरि, हरादि श्रेष्ठ पुरुषहरूलाई कुदेव भन्नु र आफ्ना मलीनहरूलाई देव भन्नु, आफ्ना मतवालाको बिना संसारमा अरू कोही पनि तरेनन् । यो केवल असम्भव र झुटो कुरा हो ।

यद्यपि दया र क्षमा राम्रो वस्तु हो, तथापि पक्षपातमा फस्नाले दया अदया र क्षमा अक्षमामा बदलिन जान्छ । यसको प्रयोजन यो हो कि कुनै जीवलाई दुःख नदिनु; यो कुरो सर्वथा सम्भव हुन सक्दैन । किनभने दुष्टहरूलाई दण्ड दिनु पनि दयामा गणनीय हुन्छ । जहाँ एक दुष्टलाई दण्ड दिइँदैन भने त हजारौं मनुष्यलाई दुःख प्राप्त हुन्छ, यसैले त्यो दया अदया र क्षमा अक्षमा हुन जान्छ । यो त ठीक हो कि सबै प्राणीहरूको दुःखनाश र सुखको प्राप्तिको उपाय गर्नुलाई दया भनिन्छ । केवल जल छानेर पिउनु, क्षुद्र जन्तुहरूलाई बचाउनुलाई नै दया भनिदैन, किन्तु यस प्रकारको दया जैनीहरूको कथनमात्रै हो, किनभने त्यसरी चल्दैनन् । के मनुष्यादिमाथि चाहे कुनै पनि मतमा किन नहोस्, दया गरेर उसको अन्नपानादिले सत्कार गर्नु र दोस्रा मतका विद्वान्हरूको मान्य र सेवा गर्नु दया होइन ?

अरू पनि यिनका आचार्य र मान्नेवालाहरूको भुललाई हेर्नुहोस् ।

प्रकरणरत्नाकर, भाग २, षष्ठीशतक, मूलसूत्र–

**जिणवर आणा भंगं, उमग्ग उस्सुत्त लेसदेसणउ ।**
**आणा भंगे पावंता जिणमय दुक्करं धम्मम् ॥११॥**

–प्रकर.भाग २/षष्ठी श. ६१/सूत्र ११ (पृ.६३१) ॥

**संक्षेपमा अर्थ**– जैनका धर्मलाई मिथ्यात्वी प्राप्त हुन सक्दैन, किनभने बडो कठिन छ । जुन प्रकारले जिनाज्ञा भंग नहोस्, त्यसै प्रकारले गर्नुपर्दछ । जो जैन मार्गदेखि उल्टो चल्दछ, त्यसको नाम उन्मार्ग, जिन वचनदेखि उल्टो बोल्नु उत्सूत्र, जिन आज्ञारहित जुन धर्म छन्, ती सबै पापफल दिनेवाला छन् र ती सबैलाई मिथ्यात्वी भन्दछन् ॥१॥

**समीक्षक**– जुन आफ्नै मुखबाट आफ्नो प्रशंसा र आफ्नै धर्मलाई ठूलो भन्नु र अरूको निन्दा गर्नु हो, त्यो मूर्खताको कुरा हो । किनभने प्रशंसा उसैको ठीक हन्छ जसलाई अरू विद्वान्ले गर्दछन् । आफ्नो मुखबाट आफ्नै प्रशंसा त चोरले पनि गर्दछन् भने, के ती प्रशंसनीय हुन सक्दछन् ? यसै प्रकारका यिनका कुराहरू छन् ।

**बहुगुणविज्झा निलओ, उस्सुत्त भासी तहावि मुत्तवो ।**
**जह वरमणिजुत्तो विहु, विग्घ करो विसहरो लोए ॥१८॥**

–प्रकर.भाग २/षष्ठी श. १/सूत्र १८ (पृ. ६३४) ॥

जसरी विषधर सर्पमा मणि त्याग्न योग्न हुन्छ, त्यसरी नै उत्सूत्रभाषी, द्रव्यलिङ्गी अर्थात् अन्यमार्गी जो जैनमतमा छैन, त्यो चाहे कति नै ठूलो पण्डित किन नहोस्, त्यसलाई त्यागिदिनु नै जैनीहरूलाई उचित हुन्छ ॥१८॥

**समीक्षक**– हेर ! कति ठूलो मूढताको कुरा छ कि आफ्नो मतको कस्तै नै दुराचारी होस्, त्यसलाई मान्नु, अन्य मतको अति नै श्रेष्ठ विद्वान् किन नहोस् त्यसलाई जैनीहरू कहिल्यै नमान्ने । यसभन्दा बढी मूर्खता र पक्षपातको कुरा कुन हुन्छ ? के सुवर्णलाई मल अथवा धुलोमा पर्‍यो भने कसैले त्याग्न सक्दछ ?

यसै प्रकारका थुप्रै सूत्र रत्नासार भाग २, षष्ठीशतकमा लेखेका छन् । अर्थात् २९ औं सूत्रमा–

**मूल– अइसय पाविय पावा, धम्मिअ पब्बेसु तोवि पावरया ।**
**न चलंति सुद्ध धम्मा, धन्ना किविपाव पव्वेसु ॥२९॥**

–प्रकर.भाग.२/षष्ठी.सू.२९ (पृष्ठ ६३९ पं. २४-२५) ॥

अन्य दर्शनी कुलिङ्गी अर्थात् जैनमत विरोधी अन्यमार्गी अर्थात् जो जैनी होइन त्यसको पनि दर्शन गर्न हुँदैन ॥२९॥

**समीक्षक**– यो कुरो कति पामरपनको छ । किनभने यदि अर्काको दर्शन गरे त यिनको पोल खुल्नेछ ॥२९॥

र त्यसैको सत्ताईसौं सूत्रमा–

**मूल– नामंपि तस्स असुहं, जेण निदिट्ठाइ मिच्च पव्वाइ ।**
**जेसिं अणुसंगाउ, धम्मीणवि होई पाव मइ ॥२७॥**

जैन धर्मदेखि विरुद्ध सबै धर्म मनुष्यलाई पापी बनाउनेवाला हुन्, त्यसैले अन्य कसैको धर्मलाई नमान्नु ॥२७॥

**समीक्षक**– यसबाट यही सिद्ध हुन्छ कि– सबैलाई डुबाउनेवाला जैन मार्ग हो । किनभने सबैको सब प्रकारले निन्दा गर्दछन् । त्यसैले जसले यस्तो लेखे तिनीहरू नै महा अधर्मी थिए । हो ! यदि यस्तो लेख्थे कि– सबैको साँचो मान्ने र आफ्नो झुटो कुरा छोडिदिने तब नै **धर्मात्मा** गनिन्थे ॥२७॥

र ३५ औं सूत्रमा–

**मूल– हा हा गुरुअ अकज्झं, सामी न हु अच्छि कस्स पुक्करिमो ।**
**कह जिण वयण कह सुगुरु, सावया कहइय अकज्झं ॥३५॥**

सर्वज्ञभाषित जिन वचन जैनका सुगुरु कहाँ ? अरू कहाँ उनीदेखि विरुद्ध कुगुरु अर्थात् अन्य मार्गीका भाषित र उपदेशक अर्थात् हाम्रा सबै कुरा राम्रा, अन्यका सबै नराम्रा ॥३५॥

**समीक्षक**– हो ! कुंजरीले पनि आफ्नो बयँरलाई अमिला भन्दिन । अर्थात् आफ्नो मार्गदेखि भिन्न मार्गीको सेवामा बडो अकार्य अर्थात् पाप गर्न्दछन् ॥३५॥

र हेर ! प्रकरणरत्नाकर भाग २, मूल सूत्र–

**सप्पो इक्कं मरणं, कुगुरु अणंताइ देइ मरणाइ ।**
**तो वरिसप्पं गहियुं, मा कुगुरुसेवणं भद्दम् ॥३७॥**

–प्रकर.भाग २/षष्ठी श./सूत्र ३७ (पृ. ६४३) ॥

यस सूत्रमा लेखिएको छ कि जैनदेखि भिन्न कुगुरु सर्प भन्दा पनि नराम्रा हुन्छन् । तिनलाई कहिल्यै पनि सेवा पूजा गर्नुहुँदैन । जसले अन्यमार्गीको सेवा गर्दछ त्यसलाई ठूलो दुःख पर्नेछ ॥३७॥

**समीक्षक**– हेर्नुहोस् ! कति दुराग्रही छन् कि यिनका सदृश कठोर, भ्रान्त, निन्दक, मूर्ख अरू मतवाला छैनन् । यी सबै स्वार्थका कुरा हुन् कि हाम्रो नै मान्यता होस्, हाम्रो नै सेवा होस् र हाम्रो नै प्रतिष्ठा होस्, अन्य कसैको नहोस् । तब नै यिनका चेला महामूढतामा फसेका छन् कि कोही असल महात्मा पुरुषको सेवा, दर्शन र सङ्ग पनि गर्दैनन् । यो यिनीहरूको दौर्भाग्यको कुरो हो । यदि सबै मतवालाहरूमा योग्य पुरुषहरूको सेवा गर्दथे, उनका मार्गको कुरा सुन्थे र आफ्नो पनि बताउँथे भने त उनीहरूका गुण ग्रहण र आफ्नो भुललाई छोडेर, सत्यमार्गलाई चिनेर आफ्नो मनुष्य जन्मको फल प्राप्त गर्ने थिए ॥३७॥

प्रकरणरत्नाकर भाग २, मूल सूत्र–

**किं भणिमो किं करिमो, ताण हयासाण धिट्ठ दुट्ठाणं ।**
**जे दंसिऊण लिंगं, खिवंति न रयम्मि मुद्ध जणम् ॥४०॥**

–प्रकर.भाग २/षष्ठी श./सूत्र ४० (पृ. ६४५) ॥

**संक्षेपमा अर्थ**– अन्य मार्गीका कुगुरु मुनिको वेष धारण गरेर मान्छेहरूका लागि यस्ता हुन् कि जस्तो अन्धो सिंहको आँखा खोल्न जाँदा उल्टो सिंहले नै आहारा बनाइदिन्छ । त्यस्तै अन्य मार्गी कुगुरुहरूको उपकार गर्नु आफ्नो नाश गर्नु हो । त्यसैले उनीहरूको उपकार कहिल्यै गर्न हुँदैन ॥४०॥

**समीक्षक–** जस्तो जैनीहरूले विचार्दछन्, त्यस्तै अन्य मतवालाले पनि विचारेमा त जैनीहरूको कति दुर्दशा हुन्छ होला ? र उनीहरूलाई कुनै प्रकारको उपकार नगरे त उनीहरूको कति कामहरू नष्ट भएर दुःख हुन्छ, त्यस्तै अन्यको लागि किन जैनीहरूले विचार्दैनन् ? ॥४०॥

प्रकरणरत्नाकर भाग २, मूलसूत्र–

**जह जह तुट्टह धम्मो, जह जह दुट्ठाण होइ अइ उदउ ।**
**समदिट्ठि जियाणं, तह तह उल्लसइ समत्तं ॥४२॥**

–प्रकर.भाग २/षष्ठी श./सूत्र ४२ (पृ. ६४६) ॥

**संक्षेपमा अर्थ–** जसै-जसै अन्य दर्शनी, त्रिदण्डी, परिव्राजक तथा विप्रादिक दुष्टहरूको अति उदय हुन्छ, तसै-तसै जैनधर्मको सम्यक् दृष्टि जीवहरूको सम्यक्त्व विशेष प्रकाशित हुन्छ ॥४२॥

**समीक्षक–** यो बडो आश्चर्य छ अर्थात् जैनका साधु पनि आपसमा लडेर मर्दछन् । अब हेर ! यी जैनहरू भन्दा अधिक ईर्ष्याद्वेषयुक्त, निन्दक अरू दोस्रो को होला ? र द्वेष नै पापको मूल हो, यसैले जैनीहरूमा पापाचार किन नहोस् ? ॥४२॥

प्रकरणरत्नाकर, भाग २, शतक ६०, मूलसूत्र–

**संगोवि जाण अहिउ, तेसिं धम्माइजे पकुव्वन्ति ।**
**मुत्तूण चोरसंगं, करन्ति ते चोरियं पावा ॥७५॥**

–प्रकर.भाग २/षष्ठी श./सूत्र ७५ (पृ. ६६१) ॥

यसको मुख्य आशय यति नै हो कि जसरी मूढजन चोरको सङ्गबाट नासिका छेदादि दण्डले भय मान्दैनन्, त्यस्तै जैन भिन्न चोर धर्महरूमा स्थित जन भय मान्दैनन् ॥७५॥

**समीक्षक–** यहाँ यति नै वक्तव्य छ कि जो स्वयं चोर धर्मवाला छन्, दोस्राको साथ अतीव ईर्ष्या, द्वेष आदि दुष्टताले युक्त जस्तो जैनमत छ, त्यस्ता अरू छैनन् ॥७५॥

**जच्छ पसुमहिसलरका, पव्वं होमंति पाव नवमीए ।**
**पूअंति तंपि सढ्डा, हा हीला वीयरायस्स ॥७६॥**

–प्रकर.भाग २/षष्ठी श./सूत्र ७६ (पृ. ६६१) ॥

**समीक्षक–** हेर नवमीको नाम पापनवमी र गणेश चतुर्थी आदि व्रतहरूको निन्दा गर्नु र आफ्ना पञ्चखाण आदि व्रतहरूलाई श्रेष्ठ भन्नु मूढपुरुषहरूको काम हो । के जैनीहरूका पजूसण आदि व्रतहरू नराम्रा छैनन्, जसबाट महाकष्ट हुन्छ ? यी दुइटैका झुटा र जुन सत्यभाषणादि व्रत छन्, ती दुइटैका सत्य ॥७६॥

प्रकरणरत्नाकर भाग २, शतक ६०–

**किं सोपि जणणि जाओ जाणो जगणीइं किं अगो विद्धिं ।**
**जइं मिच्छरओ जाओ, गुणेसु तह मच्छरं वहइ ॥८१॥**

–प्रकर.भाग २/षष्ठी श./सूत्र ८१ (पृ. ६६८) ॥

**वेसाण बंदियाणय, माहण डुंबाण जरकसिरकाणं ।**
**भत्ता भरकट्ठाणं, विरयाणं जंति दूरेणं ॥८२॥**

–प्रकर.भाग २/षष्ठी श./सूत्र ८२ (पृ. ६६४) ॥

हेर यिनको न्याय !

**संक्षेपमा अर्थ–** जैनमत विरोधी सबै मिथ्यात्वी अर्थात् मिथ्या धर्मवाला हुन् । ती किन जन्मने र जन्मे त बढ्ने किन ? अर्थात् शीघ्र नै नष्ट भैदिए त राम्रो हुन्थ्यो ॥८१॥

यसको प्रयोजन यो हो कि जो वेश्या, चारण, भाटादिहरू, ब्राह्मण, यक्ष, गणेशादिक मिथ्यादृष्टि देवी आदि देवताहरूका भक्त हुन्छन्, जसले यिनलाई मान्दछन्, ती सबै डुब्ने र डुबाउनेवाला हुन् । जसले देव देवी आदिलाई मान्दछन् तिनले दुःख दिन्छन् । किनभने उनीहरूसित नै ती सबै वस्तु माग्दछन् र बलिदान गर्दछन् । वीतरागीहरूकहाँ आउँदैनन् ॥८२॥

**समीक्षक–** हेर ! जैनमतको दयाको लहरो, कि आफ्नो मतदेखि भिन्न मनुष्यको जन्म हुनु र बढ्नु राम्रो मान्दैनन्, किन्तु उनका नाश हुनु नै राम्रो मान्दछन् भने दया र क्षमा कहाँ रह्यो । जब अन्यका देव-देवीहरूलाई मान्दैनन् भने त आफ्ना शासनदेवी आदि हिंसक जसले थप्पड मारेर मनुष्यको आँखा निकालिदिई, त्यसको बदलामा बाख्राको आँखो निकालेर त्यस मनुष्यलाई लगाइदिई, त्यसलाई किन मान्दछन् ? के यो दुर्गा र कालीकी सानी बहिनी होइन ? ॥८१-८२॥

रत्नसार भाग १ को पृष्ठ ६७ मा हेर के लेखेको छ– मरुतदेवी पथिकहरूलाई ढुङ्गाको मूर्ति बनेर सहायता गर्दथी । यसलाई पनि साँचो मान्नु हुँदैन ।

प्रकरणरत्नाकर, भाग २, षष्ठीशतक, मूलसूत्र–

**सुद्धे मग्गे जाया, सुहेण गच्छत्ति सुद्ध मग्गंमि ।**
**जे पुण अमग्गजाया, मग्गे गच्छन्ति ते चुय्यं ॥८३॥**

–प्रकर.भाग २/षष्ठी श./सूत्र ८३ (पृ. ६६४) ॥

**संक्षेपमा अर्थ–** जसले जैनकुलमा जन्म लिएर मुक्ति पाउँछ भने कुनै आश्चर्य होइन । परन्तु जैनभिन्न कुलमा जन्मेका मिथ्यात्वी अन्यमार्गी मुक्तिलाई प्राप्त गर्दछन् भने बडो आश्चर्य हुन्छ । अर्थात् मुक्ति नै हुँदैन, र कुमार्ग अर्थात् जैनभिन्न सम्प्रदायमा उत्पन्न भएर अर्थात् चेला-सेला बनेर सुमार्गमा चलेमा त यो बडो आश्चर्य हो । किनभने जो उन्मार्गी अर्थात् जैनभिन्न मार्गमा छन् ती सबै नरकमा पर्नेछन् । यस्तो जानेर पनि जैनमतमा नआओस् ॥८३॥

**समीक्षक–** के जैनकुलमा कोही पनि दुष्ट हुँदैनन् र सबैले मुक्ति प्राप्त गर्नेछन् ? र अन्य कुलहरूमा कोही पनि श्रेष्ठ नहुनाले मुक्तिमा जानेछैनन् ? कति बहुलाहपनको कुरा छ ? यस्तो कुरालाई महामूढ मनुष्यको बिना अरू कसले मान्न सक्दछ ? ॥८३॥

प्रकरणरत्नाकर, भाग २, शतक ६०–

**तिच्छयराणं पूआ, सम्मत्त गुणाणकारिणी भणिया ।**
**साविय मिच्छत्तयरी, जिण समये देसिया पूआ ॥९०॥**

–प्रकर.भाग २/षष्ठी श./सूत्र ९० (पृ. ६६७) ॥

**संक्षिप्तमा अर्थ–** जिन मूर्तिहरूको पूजा सार, यसदेखि भिन्न अन्य मार्गीहरूको मूर्तिपूजा असार हो । जसले जिन आज्ञा पालन गर्दछ, त्यो तत्त्वज्ञानी, र जसले पालन गर्दैन त्यो तत्त्वज्ञानी होइन ॥९०॥

**समीक्षक–** वाह ! के भन्नु !! तिम्रा मूर्ति पाषाणादि जड पदार्थहरूको होइन ? जस्तो वैष्णवादिहरूको हो ? त्यस्तै नै तिम्रा पाषाणादिपूजा हो । जस्तो तिम्रो मिथ्या हो त्यस्तै वैष्णवादिहरूका पनि मिथ्या हो । जसरी तिमी जैनी तत्त्वज्ञानी बन्दछौ र अन्यलाई अतत्त्वज्ञानी बनाउँछौ । यसैबाट विदित हुन्छ कि तिम्रा मतमा तत्त्वज्ञान छैन ॥९०॥

प्रकरणरत्नाकर, भाग २, शतक ६०, मूलसूत्र–

**जिण आणाए धम्मो, आणारहि आण फुडं अहमुत्ति ।**
**इय मुणिऊणय तत्तं, जिण आणाए कुणहु धम्मं ॥९२॥**

–प्रकर.भाग २/षष्ठी श./सूत्र ९२ (पृ. ६६८) ॥

**संक्षेपमा अर्थ–** जिनदेवको आज्ञा, क्षमा, दयादि रूप धर्म हो, अन्य सबै अधर्म हो ॥९२॥

**समीक्षक–** के जैनमतदेखि भिन्न पुरुषले सत्य आज्ञा गरे त्यसलाई धर्म मान्न हुँदैन । हो ! जो जैनमतस्थ पुरुषको मुख-जिब्रो छाला र हाडको होइन होला, बेग्लैखालको हाड-छालाले बनेको होला । यसैले उनैको मुखको वचनको बढाई गर्नु जान्नु कि भाँडहरूका दाजुको कुरो हो ॥९२॥

प्रकरणरत्नाकर, भाग २, शतक ६०, मूलसूत्र–

**वन्नेमि नारयाउवि, जेसिं दुरकाइ सम्भरं ताणम् ।**
**भव्वाण जणइ हरिहर, रिद्धि समिद्धी वि उद्धोसं ॥९५॥**
**इअराण ठक्कुराणवि, आणाभंगेण होइ मरण दुहं ।**
**किं पुण तिलोअ पहुणों, जिणिंद देवाइ देवस्स ॥९८॥**

–प्रकर.भाग २/षष्ठी श./सूत्र ९५,९८ (पृ. ६६९) ॥

**संक्षिप्तमा अर्थ–** यसको मुख्य तात्पर्य यो हो कि जुन हरि हरादिका विभूति छन्, ती नरकका हेतु हुन्, त्यसलाई देखेर जैनीहरूको शरीरमा काँडा उम्रन्छन् । जसरी राजाज्ञा भङ्ग गर्नाले मरणसम्म दुःख पाउँछ भने त जिनेन्द्र आज्ञा भङ्ग गर्नाले किन जन्ममरणको नुःख नपाउने ॥९५, ९८॥

**समीक्षक–** हेर्नुहोस् ! जैनीहरूले अर्काको उन्नति देख्न सक्दैनन् । देखेर भित्रभित्रै जल्दछन् अर्थात् चाहन्छन् होलाकि यो विभूति हामीलाई मिलोस् । बहुधा त्यस्तै व्यवहार पनि गर्दछन् होला । यो फोक्कट राजाभङ्गको दृष्टान्तले मूर्खहरूलाई भय देखाएर मुडाउने कुरो हो । के झुटो कुरा पनि राजाको मान्ने ? जति पनि ईर्ष्याद्वेषी छन्, ती जैनीहरू भन्दा बाहेक अरू कोही छैनन् होला ॥९५, ९८॥

प्रकरणरत्नाकर, भाग २, शतक ६०, मूलसूत्र–

**जो देइ सुद्ध धम्मं, सो परमप्पा जयम्मि न हु अन्नो ।**

**किं कप्पद्दुम सरिसो, इयर तरू होइ कइयावि ॥१०१॥**

–प्रक.भा.२/षष्टी.सू.१०१ (पृ. ६७२) ॥

**संक्षिप्तमा अर्थ–** ती मूर्खहरू हुन् जो जैनधर्मदेखि विरुद्ध छन् र जो जिनेन्द्रभाषित धर्मोपदेष्टा छन्, उनीहरू तीर्थङ्करकै तुल्य हुन् । उनको तुल्य अरूका कोही पनि छैनन् ॥१०१॥

**समीक्षक–** किन नहुन् ! यदि जैनीहरू छोकरबुद्धि हुँदैनथे भने त यस्तो कुरो किन मान्थे र किन गर्थे ? जसरी जैनमार्गका उपदेष्टालाई राम्रो मान्दछौ, त्यसरी दोस्राका उपदेष्टालाई किन मान्दैनौ ? यो सबै तिम्रा अज्ञानका माहात्म्य हुन् ॥१०१॥

प्रकरणरत्नाकर भाग २, शतक ६०, मूल सूत्र–

**मूल– जे अमुणिअ गुणदोषा ते कहअ वुहाण हंतिम सच्छा ।**

**अहते विहुमभ्फच्छा ता विस अमिआण तुल्लत्तं ॥१०२॥**

**मूल– मूल जिणिदं देवो, तव्वयणं गुरुजणं महासयाणं ।**

**सेसं पापट्ठाणं, परमप्पाणं च वज्जेमि ॥१०३॥** –प्रक.भा.२/षष्टी.सू.१०२, १०३ (पृ. ६७१) ॥

**संक्षिप्तमा अर्थ–** जिनेन्द्र देव, तदुक्त सिद्धान्त र उपदेष्टा ग्राह्य र सबै अन्य मतका वचन, सिद्धान्त र उपदेष्टाहहरूको त्याग गर्नु पर्दछ ॥१०२, १०३॥

**समीक्षक–** यो तिम्रो हठ, पक्षपात र अविद्याको फल हो । किनभने तिम्रा थोरै कुरा छोडेर बाँकी सबै कुरा त्यक्तव्य छन् । जोसँग थोरैमात्र बुद्धि भए पनि जैनीहरूका देव, सिद्धान्तग्रन्थ र उपदेष्टाहरूलाई हेरेर, सुनेर, विचार गर्‍यो भने तत्कालै निःसन्देह छोडिदिनेछ ॥१०२, १०३॥

**वयणे वि सुगुरू जिणवल्लहस्स केसिं न उल्लसइ सम्मं ।**

**अह कह दिणमणि तेयं, उलुआणं हरइ अन्धत्तं ॥१०८॥** –प्रक.भा.२/षष्टी.सू.१०८ (पृ. ६७५) ॥

**संक्षिप्तमा अर्थ–** जति जिन वचनको अनुकूल चल्दछन्, ती पूजनीय र जो विरुद्ध चल्दछन्, ती अपूजनीय छन् । जैन गुरुहरूलाई मान्नुपर्ने अर्थात् अन्यमार्गीहरूकालाई मान्नहुँदैन ॥१०८॥

**समीक्षक–** भला, यदि जैनीहरूले अन्य अज्ञानीहरूलाई पशुवत् चेला बनाएर नबाँधेमा त छुटेर आफ्नो मुक्तिको साधन गरेर जन्म सफल गर्नेछन् । यदि तिमीलाई कुनै अर्कोले कुमार्गी, कुगुरु, मिथ्यात्वी र कुपदेष्टा भनेमा त कति दुःख लाग्ला ? त्यसरी नै तिमी दोस्राको दुःखदायक हौ, यसैले तिम्रा मतमा असार कुराहरू थुप्रै भरिएका छन् ॥१०८॥

**मूल– जे रज्ज धणाईणं कारणभूया हवंति वावारा ।**

**तेवि हु अइपावजुया, धन्ना छड्डंति भवभीया ॥११९॥** –प्रक.भा.२/षष्टी.सू.११९ (पृ. ६७५) ॥

**संक्षिप्तमा अर्थ–** यदि मृत्युपर्यन्त दुःख परे तापनि कृषि-व्यापारादि कर्म जैनीहरूले नगर्ने, किनभने यी कर्म नरकमा लैजानेवाला हुन् ॥११९॥

**समीक्षक–** यदि जैनीहरूलाई कसैले सोधोस् कि तिमी व्यापारादि कर्म किन गर्दछौ ? यी कर्महरूलाई किन छोड्दैनौ ? र यदि छोडिदिन्छौ भने त तिम्रो शरीरको पालन-पोषण पनि हुन सक्नेछैन र तिम्रा भनाइमा लागेर सबैले छोडिदिने हो भने त के तिमीले ढुङ्गो खाएर बाँच्दछौ ? यस्तो अत्याचारको उपदेश गर्नु सर्वथा व्यर्थ छ । के गरून् बिचरा ! विद्या, सत्सङ्गको बिना जे मनमा आयो सो बकिदिए ॥११९॥

**मूल– तइया हमाण अहमा, कारणरहिया अनाणगव्वेण ।**

**जे जपंति उस्सुत्तं, तेसिं धिद्धिच्छ पंडिच्चं ॥१२१॥** –प्रक.भा.२/षष्टी.सू.१२१ (पृ. ६८०) ॥

**संक्षिप्तमा अर्थ–** जति जैनागमदेखि विरुद्ध शास्त्रलाई मान्नेवालाहरू छन्, ती अधमाऽधम हुन् । चाहे कुनै प्रयोजन सिद्ध हुन्छ भने पनि जैन मतदेखि विरुद्ध नबोल्ने, नमान्ने । चाहे कुनै पनि प्रयोजन सिद्ध हुने भए पनि अन्य मतलाई त्यागिदिनु ॥१२१॥

**समीक्षक–** तिम्रा मूलपूर्खादेखि लिएर आजसम्म जति भए र हुनेछन्, ती बिना दोस्रो मतलाई गालीप्रधान नगरी रहेनन् र रहने छैनन् पनि । भला, जहाँ-जहाँ जैनीहरू आफ्नो प्रयोजन सिद्ध हुने भएको देख्दछन्, वहाँ चेलाका पनि चेला बन्दछन् भने यस्तो मिथ्या लम्बा-चौडा कुरा हाँक्नमा थोरै पनि लाज लाग्दैन, यो बडो शोकको कुरा छ ॥१२१॥

**मूल– जं वीरजिणस्य जिओ, मिरई उस्सुत्त लेसदेसणओ ।**

**सागर कोडाकोडिं, हिंडइ अइ भीमभवरण्णे ॥१२२॥** –प्रक.भा.२/षष्टी.सू.१२२ (पृ. ६८०) ॥

**संक्षिप्तमा अर्थ–** यदि कसैले भन्दछ कि जैन साधुहरूमा धर्म हुन्छ, हाम्रो र अन्यमा पनि धर्म छ भने त त्यो मनुष्य करोडौंकरोड वर्षसम्म नरकमा रहेर फेरि पनि नीचमा जन्म लिन्छ ॥१२२॥

**समीक्षक–** वाह रे ! वाह !! विद्याका शत्रुहरू ! तिमीले यही विचार गऱ्यौ होला कि हाम्रो मिथ्या वचनलाई कसैले खण्डन नगरोस्, त्यसैले यो भयङ्कर वचन लेख्यौ, सो असम्भव छ । अब कहाँसम्म तिमीलाई सम्झाउने । तिमीले त झुट, निन्दा र अन्य मतहरूसित वैर-विरोध गर्नमा नै कम्मर कसेर आफ्नो प्रयोजन सिद्ध गर्न मोहनभोगकै समान सम्झेका छौ ॥१२२॥

**मूल– दूरे करणं दूरम्मि, साहणं तह पभावणा दूरे ।**

**जिण धम्म सद्दहाणं, पि तिरकदुरकाइ निट्ठवइ ॥१२७॥** –प्रक.भा.२/षष्टी.सू.१२७ (पृ. ६८२) ॥

**संक्षेपमा अर्थ–** जुन मनुष्यले जैन धर्मको केही पनि अनुष्ठान गर्न सकेन तर पनि **'जैन धर्म साँचो हो, अरूका होइन'** यति मात्रै श्रद्धा गर्नाले पनि दुःखदेखि तर्दछ ॥१२७॥

**समीक्षक–** भला ! यस भन्दा अधिक मूर्खहरूलाई आफ्नो मतजालमा फसाउने दोस्रो कुनचाहिं कुरो होला ? किनभने केही कर्म पनि गर्न नपर्ने र मुक्ति पनि हुने, यस्तो भूंदू मत कुनचाहिं होला ? ॥१२७॥

**मूल– कइया होही दिवसो, जइया सुगुरूण पायमूलम्मि ।**

**उस्सुत्त लेसविसलव, रहिओ निसुणेसु जिणधम्मं ॥१२८॥** –प्रक.भा.२/षष्टी.सू.१२८ ॥

**संक्षेपमा अर्थ–** जुन मनुष्यले 'जिनागम' अर्थात् **'जैनहरूको शास्त्रलाई मात्रै सुन्नेछु, उत्सूत्र अर्थात् अन्य मतको ग्रन्थहरूलाई कहिल्यै सुन्नेछैन'** यति इच्छामात्रले पनि दुःखसागरबाट तरेर जान्छ ॥१२८॥

**समीक्षक–** यो कुरो पनि मूर्खहरूलाई फसाउनको लागि हो । किनभने यस पूर्वोक्त इच्छाबाट पनि यहाँको दुःखसागरबाट पनि तर्दैन र पूर्वजन्मको पनि संचित पापहरूको दुःखरूपी फल भोगे बिना छुट्न सक्दैन । जुन यस्तो झुट्टो विद्याविरुद्ध कुरा नलेखेको भए त यिनका अविद्यारूपी ग्रन्थहरूलाई वेदादि शास्त्र देखेर सुनेर सत्याऽसत्य जानेर यिनका पोकल ग्रन्थहरूलाई छोडिदिन्थे । परन्तु यस्तरी कसेर यी अविद्वान्हरूलाई बाँधेका छन् कि यस जालबाट कोही एक बुद्धिमान् सत्सङ्गी चाहे छुट्न सकेमा त सम्भव छ, परन्तु अन्य जडबुद्धिहरू छुट्नलाई त अति कठिन छ ॥१२८॥

**मूल– जह्मा जेणहिं भणियं, सुय ववहारं विसोहियं तस्स ।**

**जायइ विसुद्ध बोही, जिणआणा राहगत्ताओ ॥१३८॥** –प्रक.भा.२/षष्टी.सू.१३८ (पृ. ६८७) ॥

**संक्षिप्तमा अर्थ–** जसले जिनाचार्यहरूले बताएका सूत्र, निरुक्ति, वृत्ति, भाष्य, चूर्णी मान्दछन्, तिनीहरूले नै शुभ व्यवहार र दुःसह व्यवहारलाई गर्नाले चारित्रयुक्त भएर सुखलाई प्राप्त गर्दछन्, अन्य मतका ग्रन्थहरू देख्नाले होइन ॥१३८॥

**समीक्षक–** के अत्यन्त भोको मर्न आदि कष्ट सहनलाई **'चारित्र'** भन्दछन् ? यदि भोक-तीर्खाले मर्नु आदि नै चारित्र हो भने त थुप्रै मनुष्य अकाल वा जसलाई अन्नादि मिल्दैन, भोकै मर्दछन्, तिनीहरू शुद्ध भएर शुभ फललाई प्राप्त गर्नुपर्ने हो । सो न यिनीहरू शुद्ध हुन्छन् न त तिमी, किन्तु पित्तादिको प्रकोपले रोगी भएर सुखको बदला दुःख प्राप्त गर्दछन् । 'धर्म' त न्यायाचरण, ब्रह्मचर्य, सत्यभाषणादि हो र असत्यभाषण अन्यायाचरणादि 'पाप' हो । र सबैसँग प्रीतिपूर्वक परोपकारार्थ चल्नुलाई 'शुभ चरित्र' भन्दछन्, जैनमतस्थहरूका भोक-तीर्खामा रहनु आदि धर्म होइन । यी सूत्रादिलाई मान्नाले अलिकति सत्य र अधिक झुटलाई प्राप्त गरेर दुःखसागरमा डुब्दछन् ॥१३८॥

**मूल– जंचिअ लोओ मन्नइ, तंचिअ मन्नंति सयल लोआवि ।**

**जं मन्नइ जिणनाहो, तंचिअ मन्नंति किवि विरला ॥१४६॥**

**मूल– साहंमि आउ अहिओ, बंधसुआईसु जाण अणुराओ ।**

**तेंसिं नहु सम्मत्तं, विन्नेयं समयनीईये ॥१४७॥**

**मूल– जइ जाणिसि जिण नाहो, लोयायारा विपरकए भूओ ।**

**ता तं तं मन्नंतो, कह मन्नसि लोअ आयारं ॥१४८॥**

**मूल– जे मन्नेवि जिणिदं, पुणोवि पणमन्ति इअर देवाणं ।**

**मिच्छत्त सन्निवायग, गच्छाणं ताण कोविज्जो ॥१४९॥**

–प्रक.भा.२/षष्टी.सू.१४६, १४७, १४८, १४९ (पृ. ६९१-६९२) ॥

**संक्षेपमा अर्थ–** जो उत्तम प्रारब्धवान् मनुष्य हुन्छन्, तिनीहरूले नै जिन-धर्मलाई ग्रहण गर्दछन् । अर्थात् जसले जिनधर्मको ग्रहण गर्दैनन्, तिनीहरूका प्रारब्ध नष्ट हुन्छन् ॥१४६॥

**समीक्षक–** के यो कुरो मूर्खताको र झुटो होइन ? के अन्य मतमा श्रेष्ठ-प्रारब्धी र जैन मतमा नष्ट-प्रारब्धी कोही पनि छैनन् ?

र जुन यो कुरा कि– **"साधर्मी** अर्थात् जैन धर्मवाले आपसमा क्लेश नगर्ने किन्तु प्रीतिपूर्वक चल्ने", यसबाट यो कुरा सिद्ध हुन्छ कि दोस्रोसँग कलह गर्नमा नराम्रो जैनहरूले मान्दैनन् होला । यो पनि यिनको

कुरा अयुक्त देखिन्छ, किनभने सज्जन पुरुष सज्जनको साथमा प्रेम र दुष्टलाई शिक्षा दिएर सुशिक्षित गर्दछन् ॥१४७॥

र जुन यो लेखे कि– "ब्राह्मण', 'त्रिदण्डी', 'परिव्राजकाचार्य' अर्थात् 'संन्यासी' र 'तापसादि' अर्थात् 'वैरागि' आदि सबै जैनमतका शत्रु हुन् ।" अब हेर्नुहोस् कि सबैलाई शत्रुभावले हेर्दछन् र निन्दा गर्दछन् भने जैनीहरूका दया र क्षमारूप धर्म कहाँ रह्यो ? किनभने दोस्रोमाथि द्वेष राख्नु दया क्षमाको नाश र यसको समान अर्को कुनै दोस्रो हिंसारूप दोष छैन । जस्ता द्वेषमूर्तिहरू जैनीहरू हुन् त्यस्ता अरूमा कतै हुन्छन् ॥१४८॥

ऋषभदेवदेखि लिएर महावीरपर्यन्त २४ तीर्थङ्करहरूलाई रागी, द्वेषी, मिथ्यात्वी भनौं र जैनमत मान्नेवालालाई सन्निपातज्वरले फसेका मानेमा र उनको धर्म नरक र विषकै समान सम्झेमा त जैनीहरूलाई कति नराम्रो लाग्ला ? ॥१४९॥

त्यसैले जैनीहरू निन्दा र परमतद्वेषरूप नरकमा डुबेर महाक्लेश भोगिराखेका छन्, यस कुरालाई छोडिदिएमा त धेरै राम्रो हुनेछ ।

**मूल– एगो अगुरू एगो वि सावगो चेईआणि विवहाणि ।**

**तच्छयजं जिणदव्वं, परुप्परं तं न विच्चन्ति ॥१५०॥** –प्रक.भा.२/षष्टी.सू.१५० (पृ. ६९२) ॥

**संक्षेपमा अर्थ**– सबै श्रावकहरूका देव गुरु धर्म एक हो, **'चैत्यवन्दन'** अर्थात् जिन-प्रतिबिम्ब मूर्ति देवल र जिन-द्रव्यको रक्षा र मूर्तिको पूजा गर्नु धर्म हो ॥१५०॥

**समीक्षक**– अब हेर ! जति पनि मूर्तिपूजाको झगडा चलेको छ, त्यो सबै जैनीहरूका घरबाट र पाखण्डको मूल पनि जैनमत नै हो ॥१५०॥

## जैनमतमा मूर्तिपूजाको प्रमाणहरू (१२.१९)

(विक्रम संवत् १९३३ मा बनारस जैनप्रभाकर प्रेसमा मुद्रित) श्राद्धदिनकृत्य पृष्ठ १ मा मूर्तिपूजाको प्रमाण–

**नवकारेण विवोहो ॥१॥ अणुसरणं सावउ ॥२॥ वयाइं इमे ॥३॥**

**जोगो ॥४॥ चिय वन्दणगो ॥५॥ यच्चरखाणं तु विहि पुब्वं ॥६॥** –इत्यादि ॥

श्रावकहरूले पहिला द्वारमा नवकारको जप गरेर जाग्नु ॥१॥ दोस्रो नवकार जपे पछाडि **"म श्रावक हूँ"** स्मरण गर्नु ॥२॥ तेस्रो **'अणुव्रतादिक'** हाम्रा कति छन् ॥३॥ चौथो द्वारका चार वर्गमा अग्रगामी मोक्ष छन्, त्यसको कारण ज्ञानादिक हो सो **'योग'**, त्यसको सबै अतीचार निर्मल गर्नाले छः आवश्यक कारणले पनि त्यसलाई पनि उपचारबाट योग भनिन्छ, सो योग भन्नेछु ॥४॥ पाँचौं **'चैत्यवन्दन'** अर्थात् मूर्तिलाई नमस्कार द्रव्यभाव पूजा भन्नेछु ॥५॥ छैटौं प्रत्याख्यान द्वार नवकारसीप्रमुख विधिपूर्वक भन्नेछु इत्यादि ॥६॥

**तत्त्वविवेक पृष्ठ १६९ मा**– जुन मनुष्यले काठ-ढुङ्गालाई देवबुद्धि गरेर पूज्दछ, त्यसले राम्रो फल प्राप्त गर्दछ ।

**समीक्षक**– यदि यस्तै हो भने सबैले दर्शन गरेर सुखरूप फलहरू किन प्राप्त गर्दैनन् ?

**रत्नसार भाग १ पृष्ठ १०मा**– पार्श्वनाथको मूर्तिको दर्शनले पाप नष्ट भएर जान्छन् ।

**कल्पभाष्य पृष्ठ ५१मा लेखिएको छ कि**– "सवा लाख मन्दिरहरूको जीर्णोद्धार गरियो" इत्यादि मूर्तिपूजाको विषयमा थुप्रै लेख छ, यसैबाट सम्झन सकिन्छ कि मूर्तिपूजाको मूलकारण जैनमत नै हो ।

**र कल्पभाष्यमा लेखिएको छ कि**– "ऋषभदेवदेखि लिएर महावीर पर्यन्त २४ तीर्थङ्कर सबैले मोक्षलाई प्राप्त गरे ।"

## जैनमतमा रहेको असम्भव कथाहरूको समीक्षा (१२.२०)

अब अरू थोरै यिनका असम्भव कुराहरू सुन्नुहोस्–

**विवेकसार पृष्ठ ७८ मा**– एक करोड साठी लाख कलशहरूले महावीरको जन्म समयमा स्नान गराए ।

**श्राद्धदिनकृत्य आत्मनिन्दा भावना पृष्ठ ३१ मा** लेखिएको छ कि– पँधेरो, कुवा, इनार र पोखरी बनाउनु हुँदैन ।

**समीक्षक**– भला, यदि सबै मनुष्य जैनमतमा हुन जाने र कुवा, पोखरी, पँधेरो आदि कसैले पनि नबनाउने हो भने त मान्छेहरूले जल कहाँबाट पिउने ?

**प्रश्न**– पोखरी आदि बनाउनाले जीव पर्दछन्, त्यसबाट बनाउनेवालालाई पाप लाग्दछ, यसैले हामी जैनीहरूले यस कामलाई गर्दैनौं ।

**उत्तर**– तिम्रो बुद्धि किन नष्ट हुन गयो ? किनभने जसरी साना-साना जीवहरू मर्नाले पाप गर्दछौ भने त ठूला-ठूला गाई आदि पशु र मनुष्यादि प्राणीहरूले जल पिउने आदिबाट महापुण्य हुनेछ, यसलाई किन गर्दैनौ ?

तत्त्वविवेक पृष्ठ १९६ मा– यस नगरीमा एक नन्दमणिकार सेठले पँधेरो बनायो, त्यसबाट धर्मभ्रष्ट भएर त्यसलाई सोह्र महारोग लाग्यो, मरेर त्यसै पँधेरामा भ्यागुतो बन्यो, महावीरको दर्शनबाट त्यसलाई जातिस्मरण हुन गयो । महावीर भन्दछन् कि म आउने थाहा पाएर त्यसले पूर्व जन्मको धर्माचार्य जान्दै वन्दना आउन लाग्यो । मार्गमा श्रेणिकको घोडाको टापले किचिएर मरेर शुभ ध्यानको योगले दर्दुराङ्क नाम महर्द्धिक देवता भयो । अवधिज्ञानबाट मलाई यहाँ आएको जानेर वन्दनापूर्वक ऋद्धि देखाएर गयो ।

**समीक्षक**– इत्यादि विद्याविरुद्ध असम्भव मिथ्या कुरा भन्ने महावीरलाई सर्वोत्तम मान्नु महाभ्रान्तिको कुरा हो ।

श्राद्धदिनकृत्य. पृष्ठ ३६ मा लेखिएको छ कि– मृतकवस्त्र साधुले लेओस् ।

**समीक्षक**– हेर्नुहोस् ! यिनका साधु पनि महाब्राह्मणका समान हुन गए । वस्त्र त साधुले लिने परन्तु मृतकको आभूषण कसले लिने ? बहुमुल्य हुनाले घरमा राखेहोलान् भने त तिमी को भयौ ?

रत्नसार पृष्ठ १०५ मा– भुट्न, पिस्न, कुट्न, अन्न पकाउन आदिमा पाप हुन्छ ।

**समीक्षक**– अब हेर्नुहोस् यिनको विद्याहीनता ! भला यी कर्म नगरे त मनुष्यादि प्राणी बाँच्ने कसरी ? र जैनीहरू पनि पीडित भएर मर्नेछन् ।

रत्नसार पृष्ठ १०४ मा– बगैंचा लगाउनाले मालीलाई एक लाख पाप लाग्दछ ।

**समीक्षक**– यदि मालीलाई लक्ष पाप लाग्छ भने त अनेक जीव, पुष्प, फल र छायाँले आनन्दित भएर करोडौं गुणा पुण्य पनि हुन्छ । यसमाथि कत्ति पनि ध्यान गएन, यो कति अन्धेर हो ?

तत्त्वविवेक पृष्ठ २०२ मा– एक दिन लब्धि साधु भुलेर वेश्याको घरमा गयो र धर्मले भिक्षा माग्यो । वेश्याले भनी कि यहाँ धर्मको काम छैन, किन्तु अर्थको काम छ, तब त्यस लब्धि साधुले साढे बाह्र लाख अशर्फीको-वर्षा, त्यसको घरमा गरिदियो ।

**समीक्षक**– यस कुरालाई सत्य, बिना नष्टबुद्धिको कसले मान्न सक्दछ ?

रत्नसार भाग १ पृष्ठ ६७ मा लेखिएको छ कि– एक पाषाणको मूर्ति घोडामा चढेको, त्यसको जहाँ-कहीं स्मरण गर्दा, त्यहाँ उपस्थित भएर रक्षा गर्दछ ।

**समीक्षक**– भन जैनी जी ! आजभोलि तिम्रा यहाँ चोरी, डाँका आदि र शत्रुबाट भय हुन्छ नै त्यसो भए त्यसको स्मरण गरेर आफ्नो रक्षा किन गर्दैनौ ? किन जहाँ-तहाँ पुलिस आदि राज-स्थानमा मरी-मरी गुहार्दछौ ?

कल्पसूत्रभाष्य पृष्ठ १०८ मा– केशवलुञ्चन गर्ने, गाईको रउँ तुल्य राख्ने ।

**समीक्षक**– अब भन्नुहोस् जैनीहरू हो ! तिम्रो दया धर्म कहाँ रह्यो ? के यो हिंसा चाहे आफ्नो हातले लुञ्चन गरोस्, उसको गुरुले गरोस् वा अन्य कोहीले, परन्तु कति ठूलो कष्ट त्यस जीवलाई हुन्छ होला ? जीवलाई कष्ट दिनुलाई नै हिंसा भन्दछन् ।

विवेकसार पृष्ठ ७ मा– विक्रम संवत् १९३३ सालमा श्वेताम्बरहरूबाट ढूंढिया र ढूंढियाहरूबाट तरेहपन्थी आदि ढोंगी निक्लेका छन् । ढूंढियाहरूले पाषाणादि मूर्तिलाई मान्दैनन् र यिनीहरूले भोजन स्नानलाई छोडेर सर्वदा मुखमा पट्टी बाँधिराख्दछन् र जती आदिले पनि जब पुस्तक वाँच्दछन् तब मुखमा पट्टी बाँध्छन, अन्य समय होइन ।

**प्रश्न**– मुखपट्टी अवश्य बाँध्नुपर्दछ, किनभने 'वायुकाय' अर्थात् जो वायुमा सूक्ष्म शरीरवाले जीव रहन्छन्, ती मुखको बाफको उष्णताले गर्दा मर्दछन् र त्यसको पाप मुखमा पट्टी नबाँध्नेलाई लाग्दछ, यसैले हामीहरू मुखमा पट्टी बाध्नु राम्रो सम्झन्छौं ।

**उत्तर**– यो कुरो विद्या र प्रत्यक्षादि प्रमाणादिको रीतिबाट अयुक्त छ । किनभने जीव अजर-अमर छन्, फेरि तिनीहरू मुखको बाफले कहिल्यै पनि मर्न सक्दैनन् । यिनलाई तिमीले पनि अजर-अमर मान्दछौ ।

**प्रश्न**– जीव त मर्दैन, परन्तु जुन मुखको उष्ण वायुले उनीहरूलाई पीडा पुग्दछ, त्यस पीडा पुऱ्याउनेवालालाई पाप हुन्छ, यसैले मुखमा पट्टी बाँध्नु राम्रो हुन्छ ।

**उत्तर**– यो पनि तिम्रो कुरा सर्वथा असम्भव हो, किनभने पीडा दिए बिना कुनै जीवको पनि किञ्चित् पनि निर्वाह हुन सक्दैन । जब मुखको वायुबाट तिम्रो मतमा जीवहरूलाई पीडा पुग्दछ भने हिंड्डुल गर्दा, फिर्दा, बस्दा, हात उठाउँदा र नेत्रादि चलाउँदा पनि पीडा अवश्य पुग्दछ होला, त्यसैले तिमी पनि जीवहरूलाई पीडा पुऱ्याउनबाट पृथक् रहन सक्दैनौ ।

**प्रश्न**– हो, जहाँसम्म बन्न सक्दछ, त्यहाँसम्म जीवहरूको रक्षा गर्नुपर्दछ र जहाँ हामीले बचाउन सक्दैनौं वहाँ अशक्त छौं, किनभने सबै वायु आदि पदार्थहरूमा जीव भरिएर रहेका छन् । यदि हामीले मुखमा लुगा बाँधेनौ भने त धेरै जीव मर्नेछन्, लुगा बाँधेमा थोरै मर्नेछन् ।

**उत्तर**– यो तिम्रो कथन पनि युक्तिशून्य छ, किनभने लुगा बाँध्नाले जीवहरूलाई अधिक दुःख हुन्छ । जब कसैले मुखमा लुगा बाँध्छ भने मुखको वायु रोकिएर तलतिरबाट वा पार्श्व र मौन समयमा नाकद्वारा एकत्र भएर वेगले वायु निस्कन्छ, यसले गर्दा उष्णता अधिक भएर जीवहरूलाई विशेष पीडा तिम्रो मताऽनुसार पुऱ्याउँछ होला ।

हेर ! जसरी घर वा कोठाको सबै झ्याल-ढोका बन्ध गरेर पर्दा लगाइदियो भने त त्यसमा उष्णता विशेष हुन्छ, खुला राख्दा त्यति हुँदैन, त्यसरी नै मुखमा कपडा बाँध्नाले उष्णता अधिक हुन्छ र खुला हुँदामा न्यून, त्यस्तै तिम्रो मतानुसार जीवहरूलाई अधिक दुःखदायक छौ । र जब मुख बन्ध गरिन्छ तब नासिकाको छिद्रबाट वायु रोकिएर जम्मा हुँदै वेगसित निक्लँदा, जीवहरूलाई अधिक धक्का र पीडा गर्दछ होला ।

हेर ! जसरी कुनै मनुष्य आगो बाल्नको लागि ढुङ्ग्राले आगोलाई फुक्दा बढी जोड परेर आगो छिटो बल्दछ भने मुखले मात्रै फुक्दा हावा फैलने हुनाले झट्टै बल्दैन । त्यसरी नै मुखमा पट्टी बाँध्नाले नासिकाबाट वेगसँग हावा निस्कने हुनाले जीवलाई अधिक दुःख हुन्छ, त्यसकारण मुखपट्टी बाँध्नेहरू धर्मात्मा होइनन् ।

र मुखमा पट्टी बाँध्नाले अक्षरहरूको यथास्थान प्रयत्नको साथ उच्चारण पनि हुँदैन । निरनुनासिक अक्षरहरूको सानुनासिक बोल्नाले तिमीलाई दोष लाग्दछ । तथा मुखपट्टी बाँध्नाले दुर्गन्ध पनि अधिक हुन्छ, किनभने शरीरको भित्र दुर्गन्ध भरिएको छ । शरीरबाट जति वायु बाहिर निस्कन्छ, त्यो दुर्गन्धयुक्त प्रत्यक्ष हुन्छ, यदि त्यसलाई रोकिदिएमा दुर्गन्ध पनि अधिक बढ्न जान्छ । जसरी बन्ध पाइखानामा अधिक दुर्गन्ध र खुलामा न्यून दुर्गन्ध हुने गर्दछ, त्यसरी नै मुख-पट्टी बाँध्नाले दन्तधावन, मुखप्रक्षालन, स्नान, राम्रोसँग वस्त्र नधोइनाले तिम्रो शरीरबाट अधिक दुर्गन्ध उत्पन्न भएर संसारमा धेरै रोग निस्कन जानाले जीवहरूलाई जति पीडा पुग्दछ, त्यति नै तिमीलाई अधिक पाप लाग्दछ ।

जसरी मेला आदिमा अधिक दुर्गन्ध हुनाले– 'विसूचिका' अर्थात् हैजा आदि थुप्रै प्रकारका रोग उत्पन्न भएर जीवहरूलाई दुःखदायक हुन्छन्, र न्यून दुर्गन्ध हुनाले रोग पनि न्यून भएर जीवहरूलाई धेरै दुःख हुँदैन । यसैले तिमी अधिक दुर्गन्ध बढाउनमा अधिक अपराधी र यदि मुख-पट्टी नबाँध्ने, दन्तधावन, मुखप्रक्षालन, स्नान गरेर स्थान-वस्त्रलाई शुद्ध राख्दछन्, ती धेरै असल हुन् ।

जसरी अन्त्यजहरूको दुर्गन्धको सहवासले निर्मल बुद्धि हुँदैन, त्यस्तै तिमी र तिम्रा सङ्गीहरूको बुद्धि पनि बढ्दैन ।

जसरी रोग र बुद्धिको स्वल्प हुनाले धर्माऽनुष्ठानमा बाधा हुन्छ, त्यसै गरी नै दुर्गन्धयुक्त तिम्रो र तिम्रा सङ्गीहरूको पनि वर्तमान हुन्छ होला ।

**प्रश्न**–जसरी बन्ध घरमा जलाएको अग्निको ज्वाला बाहिर निस्केर बाहिरका जीवहरूलाई दुःख पुऱ्याउन सक्दैन, त्यसरी नै हामी मुखपट्टी बाँधेर वायुलाई रोकेर बाहिरका जीवहरूलाई न्यून दुःख पुऱ्याउनेवाला हुन्छौं । मुखपट्टी बाँध्नाले बाहिरका वायुका जीवहरूलाई पीडा पुग्दैन, र जसरी सामुन्ने आगो बलिरहेको ज्वालामा हातले छेक्दामा आँच कम लाग्दछ । र वायुका जीव शरीरवाला हुनाले उनीहरूलाई पीडा अवश्य पुग्दछ ।

**उत्तर**– यो तिम्रो कुरो बालकपनको हो । प्रथम त हेर, जहाँ छिद्र र भित्रको वायुको योग बाहिरको वायुको साथ हुँदैन भने त वहाँ आगो बल्न नै सक्दैन । यदि यसलाई प्रत्यक्ष देख्न चाहन्छौ भने त पानसमा दीप जलाएर सबै छिद्र बन्ध गरेर हेर त दीप उत्तिवेलै निभ्दछ । जसरी पृथ्वीमा रहनेवाला मनुष्यादि प्राणी बाहिरका वायुको योगको बिना बाँच्न सक्दैन, त्यसै गरी अग्नि पनि जल्न सक्दैन । जब एकातिरबाट अग्निको वेग रोक्यौं भने त अर्कोतिरबाट अधिक वेगसँग निस्कनेछ र हातले छेक्दामा मुखमा आँच कम लाग्छ, परन्तु त्यो आँच हातमा अधिक लागिराखेको हुन्छ । त्यसैले तिम्रो कुरो ठीक होइन ।

**प्रश्न**– यसलाई सबैले जान्दछन् कि कुनै ठूलो मनुष्यले सानो मनुष्यको कानमा वा निकटमा भएर कुरा गर्दछ तब मुखमा हातले छेकेर गर्दछ, यसको लागि कि मुखको थुक उडेर वा दुर्गन्ध उसलाई नलागोस् र जब पुस्तक वाँच्दछन् तब अवश्य थुक उडेर किताबमा पर्दछ र बिग्रन्छ, यसैले मुखमा पट्टी बाँध्न राम्रो हुन्छ ।

**उत्तर**– यसबाट यो सिद्ध भयो कि जीवरक्षार्थ मुखपट्टी बाँध्नु व्यर्थ छ । र जब कोही ठूलो मान्छेसँग कुरा गर्दछ तब मुखमा हात राखेर यसकारणले गर्दछ कि उसको कुरा दोस्रो मान्छेले नसुनोस् । किनभने जब कसैले प्रसिद्ध कुरा गर्दछ, तब कसैले पनि मुखमा हात राख्दैन, यसबाट के विदित हुन्छ भने कि गुप्त

कुराको लागि हो । दन्तधावनादि नगर्नाले तिम्रो मुखादि अवयवहरूबाट अत्यन्त दुर्गन्ध निस्कन्छ र जब तिमी कसैको नजिकमा गएर बस्दछौ वा कोही तिम्रो पासमा आएर बस्दछ होला, तब बिना दुर्गन्धको अन्य के आउँछ होला ? इत्यादि ।

मुखको आडमा हात राख्नुको प्रयोजन अन्य धेरै छन् । जस्तै धेरै मान्छेहरूको सामुन्ने गुप्त कुरा गर्नको लागि हातले छेकिएन भने त दोस्रोतिर वायु फैलनाले कुरो पनि फैलन्छ । जब ती दुई एकान्तमा कुरा गर्दछन् तब मुखमा हात वा रूमाल यस कारणले लगाउँदैनन् कि त्यहाँ तेस्रो सुन्ने मान्छे कोही हुँदैन ।

यदि ठूलामाथि मात्रै थुक नपरे, यसबाट के साना माथि नै पर्ने त ? र त्यस थुकबाट बच्न पनि सक्दैन । किनभने हामी दूरस्थ कुरा गरौं वायु हामीतिरबाट हुँदै दोस्रोतिर जाँदैरहेछ भने त सूक्ष्म भएर उसको शरीरमा वायुको साथ त्रसरेणु अवश्य खस्दछ, त्यसको दोष गन्नु अविद्याको कुरा हो ।

किनभने यदि मुखको उष्णताले जीव मर्दछन् वा उनलाई पीडा हुन्छ भने त, वैशाख वा ज्येष्ठ महिनामा सूर्यको महा उष्णताले वायुकायको जीवहरू मरे बिना एउटा पनि बँच्न सक्दैनन् । सो उष्णताबाट पनि ती जीव मर्न सक्दैनन्, यसैले यो तिम्रो सिद्धान्त झुटो छ, किनभने यदि तिम्रा तीर्थङ्कर पनि पूर्ण विद्वान् हुन्थे भने त यस्तो व्यर्थको कुरा किन गर्थे ?

हेर ! पीडा त्यसै जीवलाई पुग्दछ, जसको वृत्ति सबै अवयवहरूको साथमा विद्यमान हुन्छ, यसमा प्रमाण–

**पञ्चावयवयोगात्सुखसंवित्तिः ॥** –यो सांख्यशास्त्र सूत्र (आह्निक ५/सूत्र २७) को वचन हो ॥

जब पाँचै इन्द्रियहरूको पाँचै विषयहरूको साथमा सम्बन्ध हुन्छ, तब नै सुख वा दुःखको प्राप्ति जीवलाई हुन्छ । जसरी बहिरोलाई गाली प्रदान, अन्धोलाई रूप वा अगाडिबाट सर्प– व्याघ्रादि भयदायक जीवहरूको आउनु, शून्य बहिरोवालेलाई शब्द र स्पर्श, पिनासको रोगवालालाई गन्ध र शून्य जिब्रोवालालाई रस प्राप्त हुनसक्दैन । यसै प्रकार ती जीवहरूको पनि व्यवस्था छ ।

हेर ! जब मनुष्यको जीव सुषुप्ति दशामा रहन्छ, तब उसलाई सुख वा दुःखको प्राप्ति केही पनि हुँदैन, किनभने त्यो शरीरको भित्र त हुन्छ, परन्तु त्यसको बाहिरका अवयवहरूको साथमा त्यस समय सम्बन्ध नरहनाले सुख-दुःखको प्राप्ति गर्न सक्दैन ।

र जसरी आजकालका डाक्टरहरू नशाको वस्तु ख्वाएर वा सुँघाएर रोगी पुरुषको शरीरको अवयवलाई काट्दछन् वा चिर्दछन्, रोगीलाई त्यत्ति वेला केही पनि विदित हुँदैन, त्यस्तै वायुकाय अथवा अन्य स्थावर शरीरवाला जीवहरूलाई सुख वा दुःख प्राप्त कहिल्यै हुन सक्दैन ।

जसरी मूर्छित प्राणी सुख-दुःखलाई प्राप्त हुन सक्दैन, त्यसै गरी वायुकायादिका जीवहरू पनि अत्यन्त मूर्छित हुनाले सुख-दुःखलाई प्राप्त हुन सक्दैनन् । फेरि यिनलाई पीडाबाट बचाउने कुरा सिद्ध कसरी हुन सक्दछ ? जब तिनीहरूलाई सुख-दुःखको प्राप्ति नै प्रत्यक्ष हुँदैन भने त अनुमानादि यहाँ कसरी युक्त हुनसक्दछन् ?

**प्रश्न**– जब तिनीहरू जीव हुन् भने त तिनीहरूलाई सुख-दुःख किन हुँदैन होला ?

**उत्तर**– सुन भोले भाइहरू ! जब तिमी सुषुप्तिमा हुन्छौ तब तिमीलाई सुख-दुःख प्राप्त किन हुँदैन ? सुख-दुःखको प्राप्तिको हेतु प्रसिद्ध सम्बन्ध छ, अहिले हामीले यसको उत्तर दिएर आयौं कि नशा सुँघाएर डाक्टरहरूले अङ्गलाई चिर-फार गर्ने र काट्ने गर्दछन्, जसरी रोगीलाई दुःख विदित हुँदैन, यसै प्रकार अतिमूर्छित जीवहरूलाई सुख-दुःख कसरी प्राप्त हुन सक्ने ? किनभने वहाँ प्राप्ति हुने साधन कोही पनि छैन ।

**प्रश्न**– हेर ! सागपात अर्थात् जति हरिया साग, पात र कन्दमूल छन्, तिनलाई हामीले खाँदैनौं, किनभने सागपातमा धेरै र कन्दमूलमा अनन्त जीव हुन्छन् । यदि हामीले तिनलाई खायौं भने त जीवहरूलाई मार्ने र पीडा पुऱ्याउनाले हामीहरू पापी हुन्छौं ।

**उत्तर**– यो तिम्रो बडो अविद्याको कुरो हो, किनभने हरित सागलाई खाँदामा जीवहरू मर्ने, उनीहरूलाई पीडा पुग्नु आदि के कारणले मान्दछौ ? भला, जब तिमीलाई पीडा प्राप्त भएको प्रत्यक्ष देखिंदैन, र यदि देख्छौ भने त हामीलाई पनि देखाऊ । तिमीले कहिल्यै पनि प्रत्यक्ष देख्न वा हामीलाई देखाउन सक्ने छैनौ । जब प्रत्यक्ष छैन त अनुमान, उपमान र शब्दप्रमाण पनि कहिल्यै घट्न सक्दैन ।

फेरि जुन हामीले माथि उत्तर दिएर आयौं त्यो यस कुराको पनि उत्तर हो । किनभने जो अत्यन्त अन्धकार, महासुषुप्ति र महानशामा जीव हुन्छन्, यिनलाई सुख-दुःखको प्राप्ति मान्नु तिम्रा तीर्थङ्करहरूको भुल विदित हुन्छ, जसले तिमीलाई यस्ता युक्ति र विद्याविरुद्ध उपदेश दिए । भला ! जब घरको अन्त छ भने

त्यसमा बस्नेहरू अनन्त कसरी हुन सक्दछन् ? जब कन्दको अन्त हामीले देख्दछौं भने त उसमा रहने जीवहरूको अन्त किन हुँदैन ? यसैले यो तिम्रो कुरो बडो भुलको हो ।

**प्रश्न**– हेर ! तिमीहरू बिना उष्ण गरेर काँचो पानी पिउँछौ, त्यो बडो पाप गर्दछौ । जसरी हामीले तताएर पानी पिउँछौं, त्यसरी नै तिमीहरूले पनि पिउने गर ।

**उत्तर**– यो पनि तिम्रो कुरो भ्रमजालको छ । किनभने जब तिमी पानीलाई तताउँछौ, तब पानीका सबै जीव मर्दछन् होला र उनका शरीर पनि जलमा घोलिएर पानीमा सोंफको अर्ककै तुल्य हुनाले जान्नु कि उनका शरीरहरूको 'तेजाब' पिउँछौ, यसमा तिमी बडो पापी हुन्छौ । र जसले चीसो पानी पिउँछन् तिनीहरू हुँदैनन् । किनभने जब चीसो पानी पिउनेछौं तब उदरमा जानाले किञ्चित् उष्णता पाएर श्वासको साथमा जीव पनि बाहिर निस्कन्छन् । जलकाय जीवहरूको सुख-दुःख प्राप्ति विषयक पूर्वोक्त रीतिले हुन सक्दैन, पुनः पाप यसमा कसैलाई हुँदैन ।

**प्रश्न**– जसरी जाठराग्निको उष्णता पाएर श्वासको साथ जीव बाहिर निक्लन्छ, त्यसै गरी अग्निको उष्णता पाएर जलदेखि बाहिर जीव किन निक्लने छैन ?

**उत्तर**– हो, निस्कन त निस्कन्छन् परन्तु जब तिमी मुखको वायुको उष्णताले जीवको मर्नु मान्दछौ भने त, जल उष्ण गर्नाले तिम्रो मतानुसार जीव मर्नेछन् वा अधिक पीडा पाएर निक्लनेछन् र तिनको शरीर त्यस जलमा घोलिन जानेछ, यसबाट तिमी अधिक पापी हुन्छौ कि हुँदैनौ ?

**प्रश्न**– हामी आफ्नो हातले पानी तताउँदैनौं र न कुनै गृहस्थलाई जल उष्ण गर्नको लागि आज्ञा दिन्छौं, यसैले हामीलाई पाप छैन ।

**उत्तर**– यदि तिमीले उष्ण जल नलिने, नपिउने हो भने त गृहस्थले किन तताउँथे ? यसैले त्यो पापको भागी तिमी नै हौ, प्रत्युत अधिक पापी हौ । किनभने यदि तिमीले कुनै एक गृहस्थलाई तताउनको लागि भन्थ्यो भने त एकै ठेगानमा तात्ने थियो । जब ती गृहस्थ यस भ्रममा रहन्छन् कि नजाने साधुजी कसको घर आउनेछन्, यसैले प्रत्येक गृहस्थका आफ्नो-आफ्नो घरमा पानी तताएर राख्दछन्, यसको पापको भागी मुख्य गरेर तिमी नै हौ ।

**दोस्रो**– अधिक काष्ठ र अग्नि जल्ने-जलाउने गर्नाले पनि माथि लेखिएका प्रमाणहरू भान्छा, खेती र व्यापारादिमा अधिक पापी र नरकगामी हुन्छौ । फेरि जब तिमी उष्ण गराउने मुख्य निमित्त र तिमी उष्ण जल पिउने र चीसो पानी नपिउने उपदेश गर्नाले तिमी नै मुख्य पापका भागी हौ । र जसले तिम्रो उपदेश मानेर यस्तो कुरा गर्दछन् । ती पनि पापी हुन् ।

अब हेर ! कि तिमी बडो अविद्यामा छौ कि छैनौ ? कि– साना-साना जीवहरूमाथि दया गर्ने तर अन्य मतवालाहरूको निन्दा गर्ने, अनुपकार गर्ने के सानो पाप हो त ? यदि तिम्रा तीर्थङ्करहरूका मत साँचो हुन्थ्यो भने त सृष्टिमा यति वर्ष, नदीहरू चल्नु र यति जल किन उत्पन्न ईश्वरले गर्‍यो ? र सूर्यलाई पनि उत्पन्न गर्ने थिएन, किनभने करोडौं करोड जीव तिम्रो मताऽनुसार मरिराख्दछन् होला । जब ती विद्यमान थिए र तिमी जसलाई ईश्वर मान्दछौ, उनीहरूले दया गरेर सूर्यको ताप र मेघलाई किन बन्ध गरेनन् ? र पूर्वोक्त प्रकारबाट बिना विद्यमान साधनहरूले प्राणीहरूलाई सुख-दुःखको प्राप्ति, कन्दमूलादि पदार्थहरूमा रहने जीवहरूलाई हुँदैन ।

सर्वथा सबै जीवहरूमाथि दया गर्नु पनि दुःखको कारण हुन्छ । किनभने यदि तिम्रो मताऽनुसार सबै मनुष्य हुन जाने, चोर-डाँकूहरूलाई कसैले पनि दण्ड नदिने हो भने त कति ठूलो पाप ठडिनेछ ? यसैले दुष्टहरूलाई यथावत् दण्ड दिने र श्रेष्ठहरूको पालन गर्नमा दया र यसदेखि विपरीत गर्नमा क्षमारूप धर्मको नाश हुन्छ ।

कति जैनीहरूले दोकान गर्दछन्, ती व्यवहारहरूमा झुट बोल्दछन्, पराय धन मार्दछन् र दीनहरूलाई छल्ने आदि कुकर्म गर्दछन्, त्यसको निवारणमा विशेष उपदेश किन गर्दैनौ ? र मुखपट्टी बाँध्ने आदि ढोंगमा किन रहन्छौ ? जति तिमी चेला-चेली बनाउँछौ तब केशलुञ्चन र धेरै दिनसम्म भोकै रहँनमा पराय वा आफ्नो आत्मालाई पीडा दिएर अर्कालाई पनि दुःख दिने र 'आत्माहत्या' अर्थात् आत्मालाई दुःख दिनेवाला भएर हिंसक किन बन्दछौ ? जब हात्ती, घोडा, गोरु, ऊँटमाथि चढ्ने र मनुष्यलाई मजुरी गराउनमा पाप जैनीहरूले किन मान्दैनन् ? जब तिम्रा चेला ऊटपटाङ्ग कुराहरूलाई सत्य गर्न सक्दैनन् भने त तिम्रा तीर्थङ्कर पनि सत्य गर्न सक्दैनन् । जब तिमी कथा वाँच्दछौ, तब मार्गमा श्रोताहरूको र तिम्रो मतानुसार जीव मर्दछन् नै होला, यसैले तिमी यस पापको मुख्य कारण किन होइनौ ?

यस थोरै कथनबाट धेरै बुझिलिनु कि ती जल, स्थल, वायुका स्थावर शरीरवाले अत्यन्त मूर्छित जीवलाई दुःख वा सुख कहिल्यै पनि पुग्न सक्दैन ।

# जैनमतका २४ तीर्थङ्करहरूको व्याख्या (१२.२१)

अब जैनीहरूका अरू पनि थोरै असम्भव कथा लेखिन्छ, सुन्नुपर्दछ । र यो पनि ध्यानमा राख्नु कि आफ्नो हातको साढे तीन हातको एक धनुष हुन्छ र कालको संख्या जसरी पूर्वमा लेखेर आइएको छ, त्यसरी नै सम्झनु ।

रत्नसार भाग १, पृष्ठ १६६-१६७ सम्म लेखिएको छ–

१. ऋषभदेवको शरीर ५०० पाँच शय धनुष लामो र ८४०००००० (चौरासी लाख) पूर्वको आयु ।
२. अजितनाथको ४५० धनुष परिमाणको शरीर र ७२०००००० (बहत्तर लाख) पूर्व वर्षको आयु ।
३. संभवनाथको ४०० धनुष परिमाणको शरीर र ६०००००० (साठी लाख) पूर्व वर्षको आयु ।
४. अभिनन्दनको ३५० धनुष परिमाणको शरीर र ५०००००० (पचास लाख) पूर्व वर्षको आयु ।
५. सुमतिनाथको ३०० धनुष परिमाणको शरीर र ४०००००० (चालीस लाख) पूर्व वर्षको आयु ।
६. पद्मप्रभको १४० धनुषको शरीर ३०००००० (तीस लाख) पूर्व वर्षको आयु ।
७. सुपार्श्वनाथको २०० धनुषको शरीर र २०००००० (बीस लाख) पूर्व वर्षको आयु ।
८. चन्द्रप्रभको १५० धनुषको शरीर र १०००००० (दश लाख) पूर्व वर्षको आयु ।
९. सुविधिनाथको १०० धनुष परिमाणको शरीर र २००००० (दुई लाख) पूर्व वर्षको आयु ।
१०. शीतलनाथको ९० धनुषको शरीर र १००००० (एक लाख) पूर्व वर्षको आयु ।
११. श्रेयांसनाथको ८० धनुषको शरीर र ८४०००००० (चौरासी लाख) वर्षको आयु ।
१२. वासुपूज्य स्वामीको ७० धनुषको शरीर ७२०००००० (बहत्तर लाख) वर्षको आयु ।
१३. विमलनाथको ६० धनुषको शरीर र ६०००००० (साठी लाख) वर्षको आयु ।
१४. अनन्तनाथको ५० धनुषको शरीर र ३०००००० (तीस लाख) वर्षको आयु ।
१५. धर्मनाथको ४५ धनुषको शरीर र १०००००० (दश लाख) वर्षको आयु ।
१६. शान्तिनाथको ४० धनुषको शरीर र १००००० (एक लाख) वर्षको आयु ।
१७. कुन्थुनाथको ३५ धनुषको शरीर र ९५००० (पञ्चान्नब्बे हजार) वर्षको आयु ।
१८. अमरनाथको ३० धनुषको शरीर र ८४००० (चौरासी हजार) वर्षको आयु ।
१९. मल्लीनाथको २५ धनुषको शरीर र ५५००० (पचपन्न हजार) वर्षको आयु ।
२०. मुनि सुव्रतको २० धनुषको शरीर र ३०००० (तीस हजार) वर्षको आयु ।
२१. नमिनाथको १४ धनुषको शरीर र १०००० (दश हजार) वर्षको आयु ।
२२. नेमिनाथको १० धनुषको शरीर र १००० (एक हजार) वर्षको आयु ।
२३. पार्श्वनाथको ९ हातको शरीर र १०० (एक शय) वर्षको आयु ।
२४. महावीर स्वामीको ७ हातको शरीर र ७२ (बहत्तर) वर्षको आयु ।

यी चौबीस तीर्थङ्कर जैनीहरूका मत चलाउनेवाला आचार्य र गुरु हुन्, यिनैलाई जैनीहरूले परमेश्वर मान्दछन् र यी सबै मोक्षमा गए । यसमा बुद्धिमानीहरूले विचार गर्नुहोस् कि यति ठूला शरीर यतिको आयु मनुष्यदेहको हुनु कहिल्यै सम्भव छ ? यस भूगोलमा अति थोरै मनुष्य रहनसक्दछन् । यिनै जैनीहरूका गफौडा लिएर जुन पुराणीहरूले एक लाख, दश हजार र एक हजार वर्षको आयु लेखेका छन् सो पनि सम्भव हुन सक्दैन भने जैनीहरूको कथनको त झन सम्भव कसरी हुन सक्दछ ?

अब अरू पनि सुन–

**कल्पभाष्य पृष्ठ ४-** नागकेतले ग्रामको बराबर एक शिला औंलामाथि उचालेर अडचायो ।

**कल्पभाष्य पृष्ठ ३५-** महावीरले बुढी औंलाले पृथ्वीलाई दबाए, यसबाट शेषनाग काँप्यो ।

**कल्पभाष्य पृष्ठ ४६-** महावीरलाई सर्पले टोक्यो, रक्तको ठाउँमा दूध आयो र त्यो सर्प ८ औं स्वर्गमा गयो ।

**कल्पभाष्य पृष्ठ ४७-** महावीरको खुट्टामा खीर पकाए तर खुट्टा जलेन ।

**कल्पभाष्य पृष्ठ १६-** सानो भाँडामा ऊँटलाई बोलाए ।

**रत्नसार भाग १, प्रथम पृष्ठ १४-** शरीरको मैललाई नपखाल्ने र नकन्याउने ।

**विवेकसार भाग १, पृष्ठ १५-** जैनीहरूका एक दमदार साधुले क्रोधित भएर उद्वेगजनक सूत्र पढेर एक शहरमा आगो लगाइदियो र महावीर तीर्थङ्करको अति प्रिय थियो ।

**विवेकसार भाग १, पृष्ठ १२७-** राजाको आज्ञा अवश्य मान्नुपर्दछ ।

**विवेकसार भाग १, पृष्ठ २२७-** एउटी कोशा नामकी वेश्याले थालीमा तोरीका गेडा भरेर त्यसमाथिबाट फूलले ढाकिएको सियोहरूमा सजिलै नाची परन्तु खुट्टामा सियो गडेन र तोरीका गेडा पनि हल्लिएनन् ।

**तत्वविवेक पृष्ठ २२८-** यसै कोशा वेश्याको साथ एक स्थूलमुनिले १२ वर्षसम्म भोग गरे र पश्चात् दीक्षा लिएर सद्गति प्राप्त गरे र कोशा वेश्या पनि जैन धर्मलाई पाल्दै सद्गति प्राप्त गरी ।

**विवेकसार भाग १, पृष्ठ १८४-** एक सिद्धको कन्था जुन घाँटीमा लगाइन्छ त्यो ५०० अशर्फी एक वैश्यलाई नित्य दिँदैरहे ।

**विवेकसार भाग १, पृष्ठ २२८-** बलवान् पुरुषको आज्ञा, देवको आज्ञा, घोर वनमा कष्टले निर्वाह, गुरुलाई रोक्ने, माता, पिता, कुलाचार्य, ज्ञातीयहरू र धर्मोपदेष्टा यी छः लाई रोक्नाले धर्ममा न्यूनता हुनाले धर्मको हानि हुँदैन ।

**समीक्षक–** अब हेर्नुहोस् यिनका मिथ्या कुराहरू ! एक मनुष्यले गाउँ बराबरको पाषाणको शिलालाई औंलोमा कहीं उठाउन सक्दछ ? ॥१॥ र पृथ्वीमाथि कहीं बुढी औंलाले दबाउनाले पृथ्वी दबिन्छ ? र जब शेषनाग नै छैन भने काँप्ने को ? कतै शरीरमा टोक्दा दूध निस्किएको कसैले देखिएको छ, सिवाय इन्द्रजालको अर्को कुरो होइन, उसलाई टोक्ने सर्प त स्वर्गमा गयो र महात्मा श्रीकृष्ण आदि तेस्रो नरकमा गए, यो कति मिथ्या कुरो हो ? ॥३-४॥

जब महावीरको खुट्टामा खीर पकाए तब उसको खुट्टो किन जलेन ? कतै सानो भाँडोमा ऊँट आउन सक्दछ ? ॥५॥ जसले शरीरको मैल नधुने र नकन्याउने गर्दछन्, ती दुर्गन्धरूप महा नरक भोग्दछन् होला ॥६॥

जुन साधुले नगर जलायो त्यसको दया र क्षमा कहाँ गयो ? जब महावीरको सङ्गले पनि त्यसको आत्मा पवित्र भएन भने त अब महावीर मरेपश्चात् उसको आश्रयले जैनहरू पनि कहिल्यै पवित्र हुनेछैनन् ॥७॥ राजाको आज्ञा मान्नु पर्दछ परन्तु जैनहरू बनिया हुन्, यसैले राजासँग डराएर यो कुरो लेखिदिए होलान् ॥८॥ कोशा वेश्या चाहे त्यसको शरीर जतिनै हलुका भए पनि तोरीको गेडाको थुप्रोमा सियो ठडयाएर त्यसमा नाच्नु, सियोले नकोप्नु र गेडा नबिग्रनु अतिव झुटो होइन भने त के हो ? ॥९-१०॥

भला, कन्था त वस्त्रको हुन्छ त्यसले नित्यप्रति ५०० अशर्फी कुन प्रकारले दिन सक्दछ ? ॥११॥ धर्म कसैले कुनै अवस्थामा पनि छोड्नुहुँदैन, चाहे जेसुकै होओस् ? ॥१२॥ अब यस्ता-यस्ता असम्भव कथाहरू यिनका लेखिराख्ने हो भने त जैनीहरूको सदृश पार पाइनसक्नु छ यसैले धेरै लेखिन । अर्थात् थोरै मात्र यी जैनीहरूको कुरा छोडेर बाँकी शेष मिथ्या-जाल भरिएको छ । हेर्नुहोस्–

## जैनमतमा रहेको जम्बूद्वीपादिको विस्तार (१२.२२)

**दो ससि दो रवि पढमे । दुगुणा लवणंमि धायई संमे ।**
**बारस ससि बारस रवि । तप्पमिइ निदिट्ठ ससि रविणो ॥७७॥**
**तिगुणा पुब्विल्ल जुया । अणंतराणंतरं मिखित्तंमि ।**
**कालो ए बायाला । बिसत्तरी पुस्कर द्वंमि ॥७८॥** –प्रकरण. भा.४/संग्रहणी सूत्र ७७-७८ ॥

जुन जम्बूद्वीप लाख योजन अर्थात् ४ लाख कोस लेखिएको छ, उनमा यो पहिलो द्वीपले चिनिन्छ । यसमा दुई चन्द्र र दुई सूर्य छन् र त्यसरी नै लवण समुद्रमा उसको दुई गुणा अर्थात् ४ चन्द्रमा र ४ सूर्य छन् तथा धातकीखण्डमा बाह्र चन्द्रमा र बाह्र सूर्य छन् ॥७७॥ र यिनलाई तीनगुणा गर्नाले ३६ हुन्छ, यिनको साथ दुई जम्बूद्वीपको र चार लवण समुद्रको मिलाएर बयालीस चन्द्रमा र बयालीस सूर्य कालोदधि समुद्रमा छन् र यसै प्रकारले अघिल्ला-अघिल्ला द्वीप र समुद्रमा पूर्वोक्त बयालीसको तीनगुणा गरेमा त एक सय छब्बीस हुन्छन्, उनमा धातकीखण्डको बाह्र, लवण समुद्रको ४ र जम्बूद्वीपको दुई, यसै रीतिले मिलाएर १४४ चन्द्र, १४४ सूर्य पुष्करद्वीपमा छन् । यो पनि आधा मनुष्यक्षेत्रको गणना हो । परन्तु जहाँ मनुष्य रहँदैनन्, वहाँ थुप्रै चन्द्र र थुप्रै सूर्य छन् । र जुन पछिल्लो अर्ध पुष्करद्वीपमा थुप्रै चन्द्र र सूर्य छन्, ती स्थिर छन्, पूर्वोक्त एक सय चवालीसलाई तीनगुणा गर्नाले ४३२ र उनमा पूर्वोक्त जम्बूद्वीपका दुई चन्द्रमा र दुई सूर्य, चार-चार लवण समुद्रका र बाह्र-बाह्र धातकीखण्डका र बयालीस कालोदधिका मिलाउनाले ४९२ चन्द्रमा तथा ४९२ सूर्य पुष्कर समुद्रमा छन् ॥७८॥

यी सबै कुरा श्रीजिनभद्रगणीक्षमाश्रमणले ठूलो 'संघयणी' मा तथा 'ज्योतीषकरण्डकपयन्ना मध्ये' र 'चन्दपन्नति' तथा 'सूरपन्नति' प्रमुख सिद्धान्तग्रन्थहरूमा यसै प्रकार बताइएको छ ।

**समीक्षक–** अब सुन्नुहोस्-भूगोल खगोललाई जान्नेवालाहरू ! यस एक भूगोलमा एक प्रकार ४९२ र दोस्रो प्रकार असंख्य चन्द्र र सूर्य जैनीहरूले मान्दछन् । तपाईंहरूको ठूलो भाग्य हो कि वेदमतानुयायी

सूर्यसिद्धान्तादि ज्योतिष ग्रन्थहरूको अध्ययनबाट ठीक-ठीक भूगोल-खगोल विदित भयो । यदि जैनका महा अन्धकार मतमा हुन्थे भने त जन्मभर अध्याँरोमा रहन पर्दथ्यो, जस्तै कि जैनहरू आजभोलि छन् । यी अविद्वान्हरूलाई यो शङ्का भयो कि जम्बूद्वीपमा एक सूर्य र एक चन्द्रबाट काम चल्दैन, किनभने यति ठूलो पृथ्वीको तीस घडीमा दोस्रो भागमा चन्द्र-सूर्य कसरी आउन सक्दछन् ? किनभने पृथ्वीलाई यिनीहरूले सूर्यादि भन्दा पनि ठूलो र स्थिर मान्दछन्, यही यिनको ठूलो भुल हो ।

**दो ससि दो रवि पंती । एगंतरिया छसट्ठि संखाया ।**

**मेरुं पयाहिणंता । माणुसखित्ते परिअंडति ॥७९॥** —प्रकरणरत्नाकर भाग ४/संग्रहणी सूत्र ७९ ॥

**अर्थ–** मनुष्यलोकमा चन्द्रमा र सूर्यको पंक्तिको संख्या गर्दछन् । दुई चन्द्रमा र दुई सूर्यको पंक्ति (श्रेणी) छन्, ती एक-एक लाख-लाख योजन अर्थात् चार-चार लाख कोसको अन्तरले चल्दछन् । जसरी एक सूर्यको पंक्तिको अन्तर एक पंक्ति चन्द्रमाको हुन्छ, यसै प्रकार चन्द्रमाको पंक्तिको अन्तर सूर्यको पंक्ति छ, यसै रीतिबाट चार पंक्ति छन् । ती एक-एक चन्द्र पंक्तिमा ६६ चन्द्रमा र एक सूर्यको पंक्तिमा ६६ सूर्य छन् । ती चारै पंक्ति जम्बूद्वीपको मेरु पर्वतको प्रदक्षिणा गर्दै मनुष्यक्षेत्रमा परिभ्रमण गर्दछ । अर्थात् जुन समय जम्बूद्वीपको मेरुबाट एक सूर्य दक्षिण दिशामा विहर्दछ, त्यस समय दोस्रो सूर्य उत्तर दिशामा घुम्दछ, त्यसरी नै लवण समुद्रको एक-एक दिशामा दुई-दुई चल्ने-फिर्ने गर्दछन्, धातकीखण्डका ६, कालोदधिका २१, पुष्करार्द्धका ३६, यस प्रकार मिलेर ६६ सूर्य दक्षिण दिशा र ६६ उत्तर दिशामा आफ्नो-आफ्नो क्रमले फिर्दछन् । र दुइटै दिशाहरूको पंक्तिलाई मिलाउने हो भने त १३२ सूर्य, यसरी नै छैसट्ठी-छैसट्ठी चन्द्रमाको दुवै दिशाका पंक्तिलाई मिलाउँदा १३२ चन्द्रमा मनुष्यलोकमा चाल चल्दछन् । यसै प्रकार चन्द्रमाको साथ नक्षत्रादिको पनि पंक्तिहरू थुप्रै जान्नु ॥७९॥

**समीक्षक–** अब हेर भाइ ! यस भूगोलमा १३२ सूर्य र १३२ चन्द्रमा जैनीहरूका घरमा तप्दैराख्दछन् होला ! भला तप्दछन् भने कसरी बाँच्दछन् होला ? र रात्रिमा पनि शीतको मारे जैनीहरू कठांग्रिदा होलान् ? यस्ता असम्भव कुरामा भूगोल-खगोललाई नजान्नेहरू फस्दछन्, अन्य होइनन् । जब एक सूर्य यस भूगोलको सदृश अन्य अनेक भूगोलहरूलाई प्रकाश गर्दछ भने त यस सानो भूगोलको कथा नै के भन्नु ? र यदि पृथ्वी नघुम्ने र सूर्य पृथ्वीको चारैतिर घुमेमा त कयौं एक वर्षको दिन र रात हुन जान्छ । र सुमेरु बिना हिमालयको दोस्रो केही होइन । यो सूर्यको सामुन्ने एउटा घैंटोको सामुन्ने तिलको दाना जत्तिको पनि होइन । यी कुराहरूलाई जैनीहरू, जबसम्म त्यस मतमा रहन्छन् तबसम्म जान्न सक्दैनन्, किन्तु सदा अँधेरोमा नै रहनेछन् ।

**सम्मत्तचरण सहिया । सव्वं लोगं फुसे निरवसेसं ।**

**सत्तय च उदसभाए । पंचय सुय देस विरईए ॥१३५॥** —प्रकरणरत्नाकर भाग ४/संग्रहणी सूत्र १३५ ॥

**अर्थ–** सम्यक्चारित्र सहित जो केवली, तिनीहरू केवल समुद्घात अवस्थाबाट सर्व चौध-राज्यलोक आफ्नो आत्मप्रदेश गरेर फिर्नेछन् ॥१३५॥

**समीक्षक–** जैनीहरू १४ चौध राज्य मान्दछन्, त्यस मध्येमा चौधौंको शीखामा सर्वार्थसिद्धि विमानको ध्वजादेखि थोरै माथि दूरीमा सिद्धशिला तथा दिव्य आकाशलाई शिवपुर भन्दछन् । त्यसमा 'केवली' अर्थात् जसलाई केवलज्ञान, सर्वज्ञता, पूर्ण पवित्रता प्राप्त भएको छ, तिनीहरू यस लोकमा जान्छन् । र आफ्नो आत्मप्रदेशले सर्वज्ञ रहन्छन् । जसको प्रदेश हुन्छ त्यो विभू होइन, जो विभू होइन, त्यो सर्वज्ञ केवलज्ञानी कहिल्यै हुनसक्दैन । किनभने जसको आत्मा एकदेशी हुन्छ, त्यही जाने-आउने गर्दछ र बद्ध, मुक्त, ज्ञानी, अज्ञानी हुन्छ, सर्वव्यापी सर्वज्ञ त्यस्तो कहिल्यै हुन सक्दैन । जो जैनीहरूका तीर्थङ्कर जीवरूप अल्प-अल्पज्ञ भएर स्थित थए, ती सर्वव्यापक-सर्वज्ञ कहिल्ये हुन सक्दैनन् । किन्तु जो परमात्मा अनाद्यनन्त, सर्वव्यापक, पवित्र, ज्ञानस्वरूप हो, त्यसलाई जैनीहरूले मान्दैनन् कि जसमा सर्वज्ञतादि गुण याथातथ्य घट्दछन् ।

**गब्भनर ति पलियाऊ । तिगाउ उक्कोस ते जहन्नेणं ।**

**मुच्छिम दुहावि अन्त मुहु । अंगुल असंख भागतणू ॥२४१॥** —प्रक. भाग ४/संग्रहणी सूत्र २४१ ॥

**अर्थ–** यहाँ मनुष्य दुई प्रकारका छन् । एक गर्भज, दोस्रा गर्भको बिना उत्पन्न भएका, उनीहरूमा गर्भज मनुष्यको उत्कृष्ट तीन पल्योपमको आयुष जान्नु र तीन कोसको शरीर ॥२४१॥

**समीक्षक–** भला, तीन पल्योपमको आयु र तीन कोसको शरीर भएको मनुष्य यस भूगोलमा थोरैमात्र अटाउन सक्नेछन् र फेरि तीन पल्योपमको जसरी माथि लेखेर आइयो, त्यति समयसम्म बाँचे भने त त्यसरी नै उनका सन्तान पनि तीन-तीन कोसको शरीरवाला हुनुपर्‍यो, जस्तै मुम्बईमा एक वा दुई, कलकत्तामा तीन वा चार मनुष्य मात्र निवास गर्नसक्दछन् । जैनीहरूले त नगरमा लाखौं मनुष्यको कुरा

लेखेका छन् त्यसो हो भने त तिनीहरू रहनको लागि पनि लाखौं कोसहरूको नगर हुनुपर्दछ यस्तै हो भने त भूगोलमा एउटा पनि नगर बस्न सक्दैन ।

**पणयाल लरकजोयण । विरकंभा सिद्धिसिल फलिह विमला ।**

**तदुवरिगजोयणंते । लोगंतो तच्छ सिद्धठिई ॥२५८॥** –प्रकरणरत्नाकर भाग ४/संग्रहणी सूत्र २५८ ॥

**अर्थ–** जुन सर्वार्थसिद्धि विमानको ध्वजादेखि माथि १२ योजनको सिद्धशिला छ, त्यो बाटुलो र लामोपन र गोलाईमा ४५ पैंतालीस लाख योजन प्रमाण छ, त्यो सबै धवला अर्जुन सुवर्णमय स्फटिककै समान निर्मल सिद्धशिलाको सिद्धभूमि हो । यसलाई कसैले 'ईषत्' 'प्राग्भारा' यस्तो नाम पनि भन्दछन् । यो सर्वार्थसिद्धशिला विमानदेखि १२ योजन अलोक पनि छ । यो परमार्थ केवली बहुश्रुतले जान्दछ । यो सिद्धशिला सर्वथा मध्य भागमा ८ योजन स्थूल छ । वहाँदेखि ४ दिशा र ४ उपदिशामा घट्दो-घट्टो माखाको प्वाँखको सदृश पातलो उत्तानछत्र र आकार गरेर सिद्धशिलाको स्थापना छ । त्यस शिलादेखि माथि एक योजनको अन्तरमा लोकान्त छन्, त्हाँ सिद्धहरूको स्थिति अर्थात् निवास हुन्छ ॥२५८॥

**समीक्षक–** अब विचार गर्नुपर्दछ कि जैनीहरूको मुक्तिको स्थान सर्वार्थसिद्धि विमानको ध्वजाको माथि पैंतालीस लाख योजनको शिला अर्थात् चाहे यस्तो राम्रो र निर्मल होस् तथापि त्यसमा रहनेवाले मुक्त जीव एक प्रकारले बद्ध छन्, किनभने त्यस शिलादेखि बाहिर निस्कनमा मुक्तिको सुखदेखि छुट्नजाने भए । र जो भित्र रहन्छन् होला तिनीहरूलाई वायु पनि लाग्दैन होला, यो केवल कल्पनामात्र अविद्वान्हरूलाई फसाउनको लागि भ्रमजाल हो ।

**जोयणसहस्स महियं । एगिंदियदेह मुक्कोसं ॥२६६॥**

**वि ति चउरिंदिय सरीरं । बारस जोयण तिकोस चउकोसं ।**

**जोयण सहस पणिंदिय । उहें वुच्छं विसेसंतु ॥२६७॥**

–प्रकरणरत्नाकर भाग ४/संग्रहणी सूत्र २६६-२६७ ॥

सामान्यपनदेखि एकेन्द्रियको शरीर १ सहस्र योजनको शरीरवाला उत्कृष्ट जान्नु ॥२६६॥ र दुई इन्द्रियवाला जो शंखादि उसको शरीर १२ योजनको जान्नु । त्यसरी नै किरा-माकुराको शरीर ३ कोसको जान्नु । र चतुरिन्द्रिय भ्रमरादिको शरीर ४ कोसको र पञ्चेन्द्रिय एक सहस्र योजन अर्थात् ४ सहस्र कोसको शरीरवाला जान्नु ॥२६७॥

**समीक्षक–** चार-चार सहस्र कोसको प्रमाणवाला शरीर भए भने त भूगोलमा एकदम थोरै मनुष्य अर्थात् सयकडौं मनुष्यले मात्रै ठसाठस भूगोल भरिनेछ, कोही हिंड्डुल गर्न पनि मिल्ने छैन, फेरि ती जैनीहरूसँग रहनको लागि ठेगाना र मार्ग सोधेमा त यिनले लेखेको भए त आफ्नो घरमा राख्लान् । परन्तु चार सहस्र कोसको शरीरवालाको निवासार्थ कुनै एउटाको लागि ३२ हजार कोसको घर त चाहियो । यस्ता एउटा घर बनाउनमा जैनीहरूको सबै धन लगाउँदा पनि बनेर तयार हुँदैन, यति ठूलो गाह्रो हजार कोसको छत बनाउनको लागि लट्ठा कहाँबाट ल्याउने ? र यदि त्यसमा खाँबो लगाउने हो भने त भित्र प्रवेश गर्न पनि सक्दैन, त्यसैले यस्ता झुट्टा हुने गर्दछन् ।

**ते थूला पल्ले विहु । संखिज्जाचेवहुंति सव्वेवि ।**

**ते इक्किक्क असंखे । सुहुमे खंडे पकप्पेह ॥**

–प्रकरणरत्नाकर भाग ४/लघुक्षेत्रसमासप्रकरण सूत्र ४ ॥

**अर्थ–** पूर्वोक्त एक औंलो लोम (कपाल) को खण्डबाट ४ कोसको चौरस र उतिनै गहिरो खाल्डो होस्, औंलो प्रमाण लोमको खण्ड सबै मिलेर बीस लाख सन्ताउन्न हजार एक सय बाउन्न हुन्छन् र अधिक भन्दा अधिक (३३०७६२१०४, २४६५६२५, ४२१९९६०, ९७५३६००, ००००००० ) तेत्तीस करोड, सात लाख बैसट्ठी हजार एक सय चार करोड, चौबीस लाख पैंसट्ठी हजार छः सय पच्चीस यति करोड तथा बयालीस लाख उन्नाईस हजार नौ सय साठी यति करोड तथा सन्तानब्बे लाख त्रिपन्न हजार र छः सय करोड, यति बाटुलो घन योजन पल्योपममा सर्व स्थूल रोम खण्डको संख्या होओस्, यो पनि संख्यातकाल हुन्छ । पूर्वोक्त एक लोम खण्डको असंख्यात खण्ड मनमा कल्पे तब असंख्यात सूक्ष्म रोमाणु हुन्छ ॥४॥

**समीक्षक–** अब हेर्नुहोस् यिनका गन्तीको रीति ! एक औंलो प्रमाण लोमलाई कति खण्ड गरे । यो कहिल्यै कसैको गन्तीमा आउन सक्दछ ? र त्यसको उपरान्त मनले असंख्य खण्ड कल्पन्छन्, यसैले पूर्वोक्त खण्ड, जैनीहरूले हातैले बनाए होलान् । यस्तै विदित हुन्छ । यो कुरो कहिल्यै सम्भव छैन ।

**जम्बूद्वीपपमाणं गुलजोयणलरक वट्ट विरकंभो ।**

**लवणाई यासेसा । वलयाभा दुगुण दुगुणाय ॥१२॥**

–प्रकरणरत्नाकर भाग ४/लघुक्षेत्रसमासप्रकरण सूत्र १२ ॥

प्रथम जम्बूद्वीपको लाख योजनको प्रमाण र गोलाई छ । र बाँकी लवणादि सात समुद्र, सात द्वीप, जम्बूद्वीपको प्रमाण दुईगुणा-दुईगुणा छन् । यस एक पृथ्वीमा जम्बूद्वीपादि सात द्वीप र सात समुद्र छन् । जसरी कि पूर्व लेखेर आएँ ॥१२॥

**समीक्षक**– अब जम्बूद्वीपदेखि दोस्रो द्वीप दुई लाख योजन, तेस्रो चार लाख योजन, चौथो आठ लाख योजन, पाँचौ सोह्र लाख योजन, छैटौं बत्तीस लाख योजन र सातौं चौसट्ठी लाख योजन र उतिनै प्रमाण वा ती भन्दा पनि अधिक समुद्रको प्रमाणले यस पन्ध्र हजार कोस परिधिवाला भूगोलमा कसरी अटाउन सक्दछ ? यसैले यो कुरो केवल झुट्टो हो ।

**कुरु नइ चुलसी सहसा । छच्चेवन्तरनईउ पइ विजयं ।**
**दो दो महा नईउ । चन्द दस सहसाउ पत्तेयं ॥६३॥**

–प्रकरणरत्नाकर भाग ४/लघुक्षेत्रसमासप्रकरण सूत्र ६३ ॥

कुरुक्षेत्रमा ८४ चौरासी हजार नदी छन् ॥६३॥

**समीक्षक**– भला, कुरुक्षेत्र अति सानो देश हो, त्यसलाई नहेरेर मिथ्या कुरो लेख्नमा यिनलाई लज्जा पनि आएन ।

**जामुत्तराउ ताउ । इगेगसिंहासणाउ अइपुव्वं ।**
**चउसुवि तासु नियासण, दिसि भवजिण मज्जणं होई ॥११९॥**

–प्रकरणरत्नाकर भाग ४/लघुक्षेत्रसमासप्रकरण सूत्र ११९ ॥

त्यस शिलाको विशेष दक्षिण र उत्तर दिशामा एक-एक सिंहासन जान्नुपर्दछ । ती शिलाहरूको नाम दक्षिण दिशामा अति-पाण्डु-कम्बला, उत्तर दिशामा अति-रक्त कम्बला शिला छ । ती सिंहासनहरूमा तीर्थङ्कर बस्दछन् ॥११९॥

**समीक्षक**– हेर्नुहोस् यिनका तीर्थङ्करको जन्मोत्सवादि गर्ने शिलाहरूलाई ! यस्तै नै मुक्तिका सिद्धशिला छन् । यस्ता यिनका कुराहरूमा गोलमाल र पोलपाल थुप्रै छन्, कहाँसम्म लेखूँ ? किन्तु जल छानेर पिउने र सूक्ष्म जीवहरूमाथि नामात्रको दया गर्ने, रात्रिमा भोजन नगर्ने यी तीन कुरा मात्र असल छन् । बाँकी जति यिनका कथन छन् सबै असम्भवग्रस्त छन् ।

यति लेखबाटै बुद्धिमानीहरूले धेरै बुझ्नेछन्, थोरै यो दृष्टान्तमात्र लेखेको छु । यदि यिनका सबै असम्भव कुराहरू लेख्न थाल्ने हो भने त यति पुस्तक बन्नजाने छ कि एक पुरुषले आयु भरी पनि पढेर सक्नेछैन ।

यसैले एउटा कसौंडीमा पाक्दै गरेको भातबाट एउटा सितो चामललाई परीक्षा गरेर हेर्दामा कसौंडीको सबै भात पाके नपाकेको थाहा हुन्छ, त्यसरी नै यस थोरै लेखबाट सज्जनहरूले धेरै कुरा बुझ्नेछन् । बुद्धिमान्हरूको सामुन्ने धेरै लेख्नु आवश्यकता छैन । किनभने दिग्दर्शनवत् सम्पूर्ण आशयलाई बुद्धिमान्हरूले जानिहाल्दछन् ।

यस भन्दा अगाडि ईसाईहरूको मतको विषयमा लेखिनेछ ।

## इति श्रीमद्दयानन्दसरस्वतीस्वामिनिर्मिते सत्यार्थप्रकाशे सुभाषाविभूषिते नास्तिकमतान्तर्गतचार्वाक-बौद्धजैनमतखण्डनमण्डनविषये द्वादशः समुल्लासः सम्पूर्णः ॥१२॥

●

ओ३म्

# अनुभूमिका (३)

जुन यो बाइबलको मत छ, त्यो केवल ईसाईहरूको हो भन्ने गरिन्छ सो होइन, किन्तु यसबाट यहूदी आदि पनि गृहीत हुन्छन् । जुन यो (१३) तेह्रौं समुल्लासमा ईसाईको मतको विषयमा लेखिएको छ, यसको अभिप्राय यो हो कि आजभोलि बाइबलको मतमा ईसाईहरू मुख्य भैरहेका छन् र यहूदी आदि गौंण छन् । मुख्यको ग्रहणबाट गौंणको पनि ग्रहण हुन जाने हुनाले, यसबाट यहूदीहरूको पनि ग्रहण सम्झनुपर्दछ ।

यिनको जुन विषय यहाँ लेखिएको छ सो केवल बाइबलबाट कि जसलाई ईसाई र यहूदी आदि सबैले मान्दछन् र यसै पुस्तकलाई आफ्नो धर्मको मूलकारण सम्झन्छन् ।

यस पुस्तकका भाषान्तर थुप्रै भएका छन्, जो कि यिनका मतमा ठूला-ठूला पादरी भए, उनैले बनाएका हुन् । त्यस मध्येमा देवनागरी वा संस्कृत भाषान्तरलाई हेर्दाखेरी मलाई बाइबलमा थुप्रै शङ्का भएको छ, त्यस मध्येबाट थोरै मात्र यस तेह्रौं समुल्लासमा सबैको विचारार्थ लेखेको छु । यो लेख केवल सत्यको वृद्धि र असत्यको ह्रास गर्नको लागि हो, न कि कसैलाई दुःख दिनु वा हानि गर्न अथवा मिथ्या दोष लगाउनको अर्थमा । यसको अभिप्राय उत्तर लेखमा सबैले सम्झनेछन् कि यो पुस्तक कस्तो छ र यिनको मत पनि कस्तो छ ?

यस लेखबाट यही प्रयोजन गरिएको छ कि सबै मनुष्यमात्रले हेर्न, सुन्न, लेख्न आदिको लागि सहज हुनेछ र पक्षी-प्रतिपक्षी भएर विचार गर्दै ईसाई मतको आन्दोलन सबैले गर्न सक्नेछन् ।

यसबाट एउटा यो प्रयोजन सिद्ध हुनेछ कि मनुष्यहरूको धर्मविषयक ज्ञान बढेर यथायोग्य सत्याऽसत्य मत र कर्त्तव्याकर्त्तव्य कर्मसम्बन्धी विषय विदित भएर सत्य र कर्तव्य कर्मको स्वीकार, असत्य र अकर्तव्य कर्मको परित्याग गर्न सहजताले हुन सक्नेछ ।

सबै मनुष्यलाई यो उचित छ कि सबैको मतविषयक पुस्तकहरूलाई हेरेर, बुझेर केही सम्मति वा असम्मति देऊन् वा लेखून्, नत्र सुन्ने गरून् । किनभने जसरी पढ्नाले **'पण्डित'** हुन्छ, त्यसरी नै सुन्नाले **'बहुश्रुत'** हुन्छ । यदि श्रोता दोस्रालाई सम्झाउन सक्दैनन् भने पनि स्वयंले त बुझ्ने नै छन् । जो कसैले पक्षपातरूप यानारूढ भएर हेर्दछन्, तिनीहरूलाई न आफ्नो न त पराय गुण दोष विदित हुन सक्दछ ।

मनुष्यको आत्मा यथायोग्य सत्याऽसत्यको निर्णय गर्नको लागि सामर्थ्य राख्दछ । जति आफ्नो पठित वा श्रुत हुन्छ, त्यति निश्चय गर्न सक्दछ । यदि एक मतवालाले दोस्रो मतवालाको विषहरूलाई जान्ने र अन्यले नजानेमा त यथावत् संवाद हुन सक्दैन, किन्तु अज्ञानी कुनै भ्रमरूप खोरमा पर्दछ । यस्तो नहोस् त्यसैले यस ग्रन्थमा, प्रचरित सबै मतहरूको विषय थोरै-थोरै लेखिएको छ । यत्तिबाटै शेष विषयहरूमा अनुमान गर्न सकिन्छ कि यिनीहरू साँचा हुन् कि झुट्टा ?

जुन-जुन सर्वमान्य सत्य विषय हुन्, ती सबैमा एक समान छन् । झगडा झुटो विषयमा हुने गर्दछ । अथवा एउटा साँचो र अर्को झुटो भएमा पनि केही थोरै विवाद त चलिहाल्दछ । यदि वादी-प्रतिवादीले सत्याऽसत्य निश्चयको लागि वाद-विवाद गरे भने त, अवश्य निश्चय हुन जान्छ ।

अब म यस १३औं समुल्लासमा ईसाईमत विषयक थोरै मात्र लेखेर सबैको सम्मुख स्थापित गर्दछु, विचार गर्नुहोस् कस्तो लाग्दछ ?

**॥ अलमतिलेखेन विचक्षणवरेषु ॥**

**॥ इत्यनुभूमिका ॥**

●

**–दयानन्द सरस्वती**

# (१३) तेह्रौं समुल्लास
# ईसाईमतको विषयमा व्याख्या
## ईसाईमतको समीक्षा (१३.१)

अब यस भन्दा अगाडि ईसाईहरूको मत-विषयमा लेखिन्छ, जसबाट सबैलाई विदित हुन जानेछ कि यिनको मत निर्दोष र यिनको बाइबल पुस्तक ईश्वरकृत हो कि होइन ? प्रथम बाइबलको तौरेतको विषय लेखिन्छ । त्यस मध्येबाट प्रथम उत्पत्तिको विषयमा केही-केही विषय देखाइन्छ–

## (क) पुरानो विधानको पुस्तक (तौरेत) (१३.२)
## उत्पत्ति पुस्तक (१३.२.१)

**मूल–१– आरम्भमा ईश्वरले आकाश र पृथ्वीलाई सृज्यो ॥ पृथ्वी असमान र सुनसान थियो अनि गहिराइमा अँध्यारो थियो र ईश्वरको आत्मा जलमाथि डोलिरहेको थियो ॥** [इलाहाबाद मिशन प्रेसबाट विक्रम संवत् १९२३ मा मुद्रित, पुरानो नियमको पहिलो भाग अर्थात् तौरेतको पुस्तक, **उत्पत्ति]**

–तौरेत (उत्पत्तिपर्व/अध्याय १/आयत १, २) ॥

**समीक्षक–** आरम्भ कसलाई भन्दछौ ?

**ईसाई–** सृष्टिको प्रथमोत्पत्तिलाई ।

**समीक्षक–** के यही सृष्टि प्रथम हो, यसको पूर्व कहिल्यै भएन ?

**ईसाई–** हामीले जान्दैनौं, भयो कि भएन, ईश्वरले जानोस् ।

**समीक्षक–** जब जान्दैनौ भने त तिमीले यस पुस्तकमाथि विश्वास किन गऱ्यौ, किनभने जसबाट सन्देहको निवारण हुन सक्दैन र यसैको भरोसामा मान्छेहरूलाई उपदेश गरेर यस सन्देहले भरिएको मतमा किन फसाउँदछौं ? र जुन निःसन्देह सर्वशङ्कानिवारक वेदमतलाई स्वीकार किन गर्दैनौ ? जब तिमीले ईश्वरको सृष्टिको हाललाई जान्दैनौ भने त ईश्वरलाई कसरी जान्दछौ होला ?

आकाश कसलाई मान्दछौ ?

**ईसाई–** खुला र माथितिरकोलाई ।

**समीक्षक–** खुलाको उत्पत्ति कुन प्रकारले भयो ! किनभने यो विभु पदार्थ र अति सूक्ष्म छ र तल माथि एकैनासको छ । जब आकाश सृजेको थिएन तब खुला र अवकाश थियो कि थिएन ? यदि थिएन भने त ईश्वर, जगत्को कारण र जीव कहाँ रहन्थे ? बिना अवकाशको कुनै पदार्थ स्थित हुन सक्दैन, यसैले तिम्रो बाइबलको कथन युक्त छैन ।

ईश्वर असमान, उसको ज्ञान-कर्म असमान हुन्छ कि समानवाला ?

**ईसाई–** समान हुन्छन् ।

**समीक्षक–** त्यसो भए यहाँ ईश्वरले बनाएको पृथ्वी समान थिएन, यस्तो किन लेखियो ?

**ईसाई–** असमानको अर्थ उबड-खाबड थियो, बराबर थिएन ।

**समीक्षक–** फेरि बराबर कसले गऱ्यो ? के अहिले पनि तल-माथि उठेको-बसेको छैन ? यसैले ईश्वरको काम असमान हुन सक्दैन, किनभने ऊ सर्वज्ञ छ, उसको काममा भुलचुक कहिल्यै हुँदैन र बाइबलमा ईश्वरको सृष्टि असमान लेखियो, यसैले यो पुस्तक ईश्वरकृत हुन सक्दैन ।

**समीक्षक–** प्रथम ईश्वरको आत्मा के पदार्थ हो ?

**ईसाई–** चेतन ।

**समीक्षक–** त्यो साकार हो कि निराकार तथा व्यापक हो कि एकदेशी ?

**ईसाई–** निराकार, चेतन र व्यापक हो । परन्तु कुनै **'चुनिएको पर्वत', 'चौथो आकाश'** आदिमा विशेष गरेर रहन्छ ।

**समीक्षक–** यदि त्यो निराकार हो भने त उसलाई कसले देख्यो ? र व्यापकको जलमाथि डोल्ने कहिल्यै हुँदैन । भला ! जब ईश्वरको आत्मा पानीमाथि डोलिरहेको थियो तब ईश्वर कहाँ थियो ? यसबाट यही सिद्ध हुन्छ कि ईश्वरको शरीर कहीं अन्यत्र स्थित थियो होला अथवा आफ्नो केही आत्माको एक टुक्रालाई पानीमाथि डुलाइदियो होला । यदि यस्तै हो भने त विभु र सर्वज्ञ कहिल्यै हुन सक्दैन । यदि विभु होइन भने त जगत्को रचना, धारण, पालन र जीवहरूको कर्महरूको व्यवस्था वा प्रलय कहिल्यै गर्न सक्दैन । किनभने जुन पदार्थको स्वरूप एकदेशी हुन्छ, त्यसको गुण, कर्म, स्वभाव पनि एकदेशी हुन्छन् । यदि यस्तो हो भने त त्यो ईश्वर हुन सक्दैन । किनभने ईश्वर सर्वव्यापक, अनन्त गुण-कर्म-स्वभावयुक्त,

सच्चिदानन्दस्वरूप, नित्य, शुद्ध, बुद्ध, मुक्तस्वभाव, अनादि, अनन्तादि लक्षणयुक्त वेदहरूमा भनिएको छ, उसैलाई मान तब नै तिम्रो कल्याण हुनेछ, अन्यथा हुँदैन ॥१॥

**मूल–२– र ईश्वरले भन्यो कि उज्यालो भएस् तब उज्यालो भयो ॥ ईश्वरले उज्यालोलाई हेऱ्यो कि राम्रो छ... ॥** –तौरेत (उत्पत्तिपर्व/अध्याय १/आयत ३, ४) ॥

**समीक्षक**– के ईश्वरको कुरा जडस्वरूप उज्यालोले सुन्यो ? यदि सुनेको भए, अहिले पनि सूर्य र दीप अग्निको प्रकाशले हाम्रो-तिम्रो कुरा किन सुन्दैन ? प्रकाश जड हुन्छ, त्यसले कहिल्यै कसैको कुरा सुन्न सक्दैन । के जब ईश्वरले उज्यालोलाई देख्यो तबै जान्यो कि उज्यालो राम्रो छ ? पहिला जान्दैनथ्यो ? यदि जान्दथ्यो भने त देखेर किन राम्रो छ भन्थ्यो ? यदि जान्दैनथ्यो भने त त्यो ईश्वर नै होइन । यसैले तिम्रो बाइबल ईश्वरोक्त र त्यसमा भनिएको ईश्वर सर्वज्ञ होइन ॥२॥

**मूल–३– र ईश्वरले भन्यो कि पानीको मध्यमा आकाश बनोस् र पानीलाई पानीले विभाग गरोस् ॥ तब ईश्वरले आकाशलाई बनायो र आकाशको तलको पानीलाई आकाशको माथिको पानीले विभाग गऱ्यो र यस्तै भयो ॥ ईश्वरले आकाशलाई स्वर्ग भन्यो अनि साँझ र बिहान दोस्रो दिन भयो ॥**

–तौरेत (उत्पत्तिपर्व/अध्याय १/आयत ६, ७, ८) ॥

**समीक्षक**– के आकाश र जलले पनि ईश्वरको कुरा सुने ? र यदि जलको बीचमा आकाश हुँदैनथ्यो भने त जल रहन्थ्यो नै कहाँ ? प्रथम आयतमा आकाशलाई सृजेको थियो पुनः आकाशलाई बनाउनु व्यर्थ भयो । यदि आकाशलाई स्वर्ग भने त त्यो सर्वव्यापक छ यसैले सर्वत्र स्वर्ग भयो, फेरि माथि स्वर्ग छ भन्नु व्यर्थ भयो । जब सूर्य उत्पन्न नै भएको थिएन भने पुनः दिन र रात कहाँबाट हुन गयो ? यस्तै असम्भव कुराहरू अगाडिका आयतहरूमा भरी छ ॥३॥

**मूल–४– तब ईश्वरले भन्यो कि मैले आदमलाई आफ्नो स्वरूपमा आफ्नो समान बनाउँछु । तब ईश्वरले आदमलाई आफ्नो स्वरूपमा उत्पन्न गऱ्यो, उसले त्यसलाई ईश्वरको स्वरूपमा उत्पन्न गऱ्यो, उसले तिनलाई नर र नारी बनायो ॥ र ईश्वरले तिनीहरूलाई आशीष दियो.....॥**

–तौरेत (उत्पत्तिपर्व/अध्याय १/आयत २६, २७, २८) ॥

**समीक्षक**– यदि आदमलाई ईश्वरले आफ्नो स्वरूपमा बनायो भने त ईश्वरको स्वरूप पवित्र, ज्ञानस्वरूप, आनन्दमय आदि लक्षणयुक्त हुन्छ, उसको सदृश आदम किन भएन ? यदि भएन भने त उसको स्वरूपमा बनेन । फेरि आदमलाई उत्पन्न गऱ्यो भने त ईश्वरले आफ्नो स्वरूपलाई नै उत्पत्तिवाला गरायो, पुनः त्यो अनित्य किन होइन र आदमलाई कहाँबाट उत्पन्न गऱ्यो ?

**ईसाई**– माटोबाट बनायो ।

**समीक्षक**– माटो कहाँबाट बनायो ?

**ईसाई**– आफ्नो 'प्रकृति' अर्थात् सामर्थ्यबाट ।

**समीक्षक**– ईश्वरको सामर्थ्य अनादि हो कि नवीन ?

**ईसाई**– अनादि हो ।

**समीक्षक**– जब अनादि हो भने त जगत्को कारण सनातन भयो, फेरि अभावबाट भावमा किन मान्दछौ ?

**ईसाई**– सृष्टिको पूर्व ईश्वरको बिना कुनै वस्तु थिएन ।

**समीक्षक**– यदि थिएन भने त यो जगत् कहाँबाट बन्यो ? र ईश्वरको सामर्थ्य गुण हो कि द्रव्य ? यदि द्रव्य हो भने त ईश्वरदेखि भिन्न दोस्रो पदार्थ थियो र गुण हो भने त गुणबाट द्रव्य कहिल्यै बन्न सक्दैन, जसरी रूपबाट अग्नि र रसबाट जल बन्न सक्दैन । यदि ईश्वरबाट जगत् बनेको भए त ईश्वरको सदृश गुण, कर्म, स्वभाववाला हुनुपर्ने थियो । उसको गुण, कर्म, स्वभावको सदृश नहुनाले यही निश्चय हुन्छ कि ईश्वरबाट बनेन, किन्तु जगत्को कारण अर्थात् परमाणु आदि नामवाला जडबाट बनेको हो ।

जस्तो कि उत्पत्ति वेदादि शास्त्रहरूमा लेखिएको छ, त्यस्तै नै मान, जसबाट ईश्वरले जगत्लाई बनाउँछ । यदि आदमको भित्रको स्वरूप जीव र बाहिर मनुष्यको सदृश हो भने त त्यस्तै ईश्वरको स्वरूप किन होइन ? किनभने जब आदम ईश्वरको सदृश बन्यो भने त ईश्वर आदमको सदृश अवश्य हुनुपर्दछ ॥४॥

**मूल–५– तब परमेश्वर ईश्वरले भूमिको धुलोबाट आदमलाई बनायो र उसको नथुनामा जीवनको श्वास फुक्यो र आदम जीवता प्राण भयो ॥ र परमेश्वर ईश्वरले अदनमा पूर्वतिर एउटा बगैंचा लगायो र त्यसमा आदम जसलाई पहिले बनाएको थियो, त्यसमा राख्यो ॥ र त्यस बगैंचाको मध्यमा जीवनको वृक्ष र राम्रा नराम्रा ज्ञानको वृक्ष भूमिबाट उमाऱ्यो ॥**

–तौरेत (उत्पत्तिपर्व/अध्याय २/आयत ७, ८, ९) ॥

**समीक्षक–** जब ईश्वरले अदनमा बगैंचा बनाएर त्यसमा आदमलाई राख्यो तब ईश्वरले जान्दैनथ्यो कि पुनः यहाँबाट यसलाई निकाल्न पर्नेछ ? र जब ईश्वरले आदमलाई धुलोबाट बनायो भने त ईश्वरको स्वरूप भएन, र यदि हो भने त ईश्वर पनि धुलोबाट बनेको होला ? जब त्यसको नथुनामा ईश्वरले श्वास फुक्यो भने त त्यो श्वास ईश्वरको स्वरूप थियो वा भिन्न ? यदि भिन्न थियो भने त आदम ईश्वरको स्वरूपमा बनेन । यदि एक हो भने त आदम र ईश्वर एकजस्तै भए । यदि एकजस्तै हुन् भने त आदमको सदृश जन्म, मरण, वृद्धि, क्षय, तृषा आदि दोष ईश्वरमा आयो, फेरि त्यो ईश्वर कसरी हुन सक्दछ ? त्यसैले यो तौरेतको कुरा ठीक विदित हुँदैन र यो पुस्तक पनि ईश्वरकृत होइन ॥५॥

**मूल–६– र परमेश्वरले आदमलाई गहिरो निद्रामा पारे र त्यो सुत्यो, तब परमेश्वरले त्यसको करङहरूबाट एउटा निकालेर त्यसमा मासु भरिदियो ॥ र परमेश्वर ईश्वरले त्यसै करङबाट एउटी नारी बनायो र आदमको नजिकमा ल्यायो ॥** –तौरेत (उत्पत्तिपर्व/अध्याय २/आयत २१, २२) ॥

**समीक्षक–** यदि ईश्वरले आदमलाई धुलोबाट बनायो भने त उसकी स्त्रीलाई धुलोबाट किन बनाएन ? यदि नारीलाई हड्डीबाट बनायो भने त आदमलाई किन हड्डीबाट बनाएन ? र जसरी नरबाट निस्कनाले नारी नाम भयो भने त नारीबाट निक्लेर नर पनि हुनुपर्दछ । र उनमा परस्पर प्रेम पनि रहोस्, जसरी स्त्रीको साथ पुरुषले प्रेम गरोस्, त्यसरी नै स्त्रीले पनि पुरुषको साथ प्रेम गरोस् ।

हेर विद्वान्हरू हो ! ईश्वरको कस्तो पदार्थविद्या अर्थात् **'फिलोसफी'** झल्कन्छ ! यदि आदमको एउटा करङ निकालेर नारी बनायो भने त सबै मनुष्यको एउटा करङ किन कम्ती हुँदैन ? र स्त्रीको शरीरमा एउटामात्र करङ हुनुपर्दछ, किन कि त्यो एउटा करङबाट मात्रै बनेकी छ । के जुन सामाग्रीबाट जगत्‌लाई बनायो, उसै सामाग्रीबाट स्त्रीको शरीरलाई बनाउन सक्दैनथ्यो ? त्यसैले यो बाइबलको सृष्टिक्रम सृष्टिविद्यादेखि विरुद्ध छ ॥६॥

**मूल–७– यहोवा परमेश्वरले जति बनैला पशु बनाएका थिए, ती सबैमा सर्प धूर्त थियो, र उसले स्त्रीसँग भन्यो, के साँचो हो, कि परमेश्वरले भनेको, कि तिमीले यस बाटिकाको कुनै वृक्षको फल नखानूँ ? ॥ स्त्रीले सर्पलाई भनी, यस बाटिकाको वृक्षको फल हामीले खान सक्दछौं ॥ परन्तु त्यस वृक्षको फल जुन बगैंचाको माझमा छ, ईश्वरले भनेको छ कि, तिमीले त्यसलाई नखाँनू न छुनू, कहीं यस्तो नहोस् कि मरौला ॥ तब सर्पले स्त्रीलाई भन्यो कि तिमीहरू निश्चय मर्नेछैनौ ॥ किनभने ईश्वरलाई थाहा छ कि जुन दिन तिमीले त्यसलाई खानेछौ त्यसै दिनबाट तिम्रो आँखा खुल्नेछ र तिमी राम्रो र नराम्रोको पहिचान गर्नमा ईश्वरकै समान हुन जानेछौ ॥ र जब स्त्रीले देखी त्यो वृक्ष खानमा सुस्वाद र दृष्टिमा सुन्दर बुद्धि दिनमा योग्य छ तब उसले फल टिपेर खाई र आफ्नो पतिलाई पनि दिई, उसले पनि खायो ॥ तब ती दुइटैको आँखा खुल्यो र दुवैले जाने कि हामी नाङ्गै छौं सो उनीहरूले अञ्जीरको पातलाई सिएर आफ्ना लागि ओढ्ने बनाए ॥**

**तब परमेश्वरले सर्पलाई भने कि तैंले जुन यो गराइस् यसको कारण तँ सारा घरेलु र हर एक वनको पशुभन्दा पनि अधिक श्रापित हुनेछस्, तँ आफ्नो पेटको बलले चल्नेछस् र आफ्नो जीवनभरी धुलो खानेछस् ॥ र मैले तँमा र तेरी स्त्रीमा र तेरो वंशमा र उसको वंशमा वैर बनाउनेछु, त्यसले तेरो शिर कुल्चनेछ र तैंले उसको कुर्कुच्चामा टोक्नेछस् ॥ र उसले स्त्रीलाई भन्यो कि मैले तेरो पीडा र गर्भधारणलाई बढाइदिनेछु, तैंले पीडाबाट बालकलाई जन्म दिनेछेस् र तेरो इच्छा तेरो पतिमाथि हुनेछ र त्यसले तँमाथि प्रभुता गर्नेछ । र उसले आदमलाई भन्यो कि तैंले आफ्नी पत्नीको वचनलाई मानिस् र जुन वृक्षको फल खानको लागि मैले वर्जना गरेको थिएँ, तैंले खाइस्, यसकारण भूमि तेरो लागि श्रापित छ, आफ्नो जीवनभरी तैंले त्यसको उपजलाई पीडाको साथमा खानेछस् । र त्यसले काँडा र धारिला वनस्पति तेरो लागि उमार्नेछ र तैंले खेतको साग पात खानेछस् ॥**

–तौरेत (उत्पत्तिपर्व/अध्याय ३/आयत १-७, १४-१८) ॥

**समीक्षक–** यदि ईसाईहरूको ईश्वर सर्वज्ञ हुन्थ्यो भने त यस **'धूर्त सर्प'** अर्थात् शैतानलाई किन बनाउँथ्यो ? र यदि बनाएमा पनि वही ईश्वर अपराधको भागी हुन्छ, किनभने उसले त्यस दुष्टलाई बनाउँदैनथ्यो भने त त्यसले किन दुष्टता गर्थ्यो ? र उसले पूर्व जन्म मान्दैन भने त बिना अपराध उसलाई पापी किन बनायो ? र साँच्चै भनौं भने त त्यो सर्प थिएन किन्तु मनुष्य थियो । किनभने मनुष्य हुन्थेन भने त मनुष्यको भाषा कसरी बोल्न सक्दथ्यो ?

र जो आफू झुटो र अरूलाई झुटोमा चलाउँछ भने, त्यसैलाई शैतान भन्नुपर्दछ । सो यहाँ शैतान सत्यवादी किन कि यसैले उसले त्यस स्त्रीलाई बहकाएन किन्तु साँचो बतायो र ईश्वरले आदम र हब्बासँग

झुट भन्यो कि यसलाई खानाले तिमीहरू मर्नेछौ । जब त्यो वृक्ष ज्ञानदाता र अमर बनाउनेवाला थियो भने त त्यसको फल खानमा किन वर्जना गरियो ? र यदि वर्जियो भने त त्यो ईश्वर झुटो र बहकाउनेवाला ठहरियो । किनभने त्यस वृक्षका फल मनुष्यको लागि ज्ञान र सुखकारक थिए, अज्ञान र मृत्युकारक होइन ।

जब ईश्वरले फल खानको लागि निषेध गर्‍यो भने त, ती वृक्षको उत्पत्ति केको लागि गरेको थियो ? यदि आफ्नो लागि गरेको हो भने त, के आफू अज्ञानी र मृत्युधर्मवाला थियो ? यदि अरूको लागि बनाएको हो भने त खाँदामा अपराध हुने भएन । र आजभोलि कुनै पनि वृक्ष ज्ञानकारक र मृत्युनिवारक देख्नमा पाइँदैन, के ईश्वरले त्यसको बीउ पनि नष्ट गरिदियो ? यस्तो कुराबाट मनुष्य छली-कपटी हुन्छ भने त ईश्वर किन त्यस्तो भएन ? किनभने जसले दोस्रोसँग छल-कपट गर्दछ, त्यो छली-कपटी किन भएन ?

र यी तीनै जनालाई श्राप दियो, त्यो बिना अपराधको छ, पुनः त्यो ईश्वर अन्यायकारी पनि भयो र यो श्राप ईश्वरलाई हुनुपर्ने थियो, किनभने उसले झुटो बोल्यो र उनीहरूलाई बहकायो ।

यो **'फिलोसफी'** हेर ! के बिना पीडाको गर्भधारण र बालकको जन्म हुन सक्दथ्यो ? र बिना श्रमको कसैले आफ्नो जीविका गर्नसक्दछ ? के प्रथम काँडा आदिका वृक्ष थिएनन् ? र जब साग-पात खान सबै मनुष्यलाई ईश्वरले बताउनाले उचित भयो भने त जुन उत्तरमा मांस खान बाइबलमा लेखियो, त्यो झुटो किन भएन ? र यदि त्यो साँचो हो भने त यो झुटो भयो ।

जब आदमको केही पनि अपराध सिद्ध हुँदैन भने त ईसाईहरू सबै मनुष्यलाई आदमको अपराधबाट सन्तान हुँदाखेरि अपराधी किन भन्दछन् ? भला यस्तो पुस्तक र यस्तो ईश्वर कहिल्यै बुद्धिमानीहरूलाई मान्न योग्य हुन सक्दछ ? ॥७॥

**मूल–८– र परमेश्वर ईश्वरले भन्यो कि हेर ! आदम राम्रो नराम्रोको ज्ञान पाएर हामीदेखि एकको समान हुनगयो र अबदेखि यस्तो नहोस् कि कतै त्यसले आफ्नो हात बढाएर जीवन वृक्षको फल पनि टिपेर खाओस्, र सदा अमर हुन जाओस् ॥ सो उसले आदमलाई निकालिदियो र अदनको बगैंचाको पूर्वतिर करोबीम (रक्षक) राख्यो । र चम्किलो खड्ग जुन चारैतिर घुम्दथ्यो, जसले जीवनको वृक्षको मार्गको रक्षा गर्दथ्यो ॥** –तौरेत (उत्पत्तिपर्व/अध्याय ३/आयत २२, २४) ॥

**समीक्षक**– भला ! ईश्वरलाई यस्तो ईर्ष्या र भ्रम किन हुन गयो कि ज्ञानमा हाम्रो तुल्य भयो ? के यो नराम्रो कुरो भयो ? यो शङ्का किन भयो ? किनभने ईश्वरको तुल्य कहिल्यै पनि कोही हुन सक्दैन । परन्तु यस लेखबाट यो पनि सिद्ध हुन सक्दछ कि त्यो ईश्वर थिएन, किन्तु एक मनुष्य विशेष थियो । बाइबलमा जहाँ कहीं ईश्वरको कुरो आउँछ वहाँ मनुष्यको तुल्य नै लेखिएको छ ।

अब हेर्नुहोस् ! आदमको बढ्दो ज्ञानलाई देखेर ईश्वर किन दुःखी भयो र अमर वृक्षको फल खानमा कति ईर्ष्या गर्‍यो, र प्रथम जब त्यसलाई बगैंचामा राख्यो तब उसलाई भविष्यत्को ज्ञान थिएन कि पुनः यसलाई निकाल्न पर्नेछ, त्यसैले ईसाईहरूको ईश्वर सर्वज्ञ थिएन । र चम्किलो खड्गको पहरा राख्यो यो पनि मनुष्यको काम भयो, ईश्वरको होइन, मलाई बडो आश्चर्य भएको छ कि यस्तो गुणवालालाई ईसाईहरूले ईश्वर किन मान्दछन् ? किनभने यी कुराहरू सबै मनुष्यको स्वभावमा घट्न सक्दछन्, ईश्वरमा होइन ॥८॥

**मूल–९– र कयौं दिन पछाडि यस्तो भयो कि काइन भूमिको फलहरूबाट परमेश्वरको लागि भेटी लिएर आयो ॥ र हाबिलले पनि आफ्नो बथानबाट भेडाका पाठाहरू लगेर परमेश्वरलाई दियो र परमेश्वरले उसको भेटीको आदर गर्‍यो ॥ परन्तु काइन र उसको भेटीको आदर गरेन, यसैले काइन अति कुपित भयो र रिसायो । तब परमेश्वरले सोध्यो कि तँ किन क्रुद्ध भएको छस् र तेरो अनुहारमा रिस देखिएको छ ।**

–तौरेत (उत्पत्तिपर्व/अध्याय ४/आयत ३, ४, ५, ६) ॥

**समीक्षक**– यदि ईश्वर मांसाहारी हुँदैनथ्यो भने त भेंडाको भेटी र हाबिलको सत्कार र काइन तथा उसको भेटीको तिरस्कार किन गर्दथ्यो ? यस्तो झगडा गराउने र हाबिलको मृत्युको कारण पनि ईश्वर नै भयो र जसरी आपसमा मनुष्यहरू एक अर्कासँग कुरा गर्दछन्, त्यस्तै नै ईसाईहरूका ईश्वरको कुरा छन् । बगैंचामा जानु-आउनु, त्यसलाई बनाउनु पनि मनुष्यको कर्म हो । यसबाट विदित हुन्छ कि बाइबल मनुष्यले बनाएको हो, ईश्वरले होइन ॥९॥

**मूल–१०– तब परमेश्वरले काइनसँग सोध्यो– तेरो भाइ हाबिल कहाँ छ र त्यसले भन्यो मलाई थाहा छैन, के म आफ्नो भाइको चौकिदार हूँ ॥ तब उसले सोध्यो– तैंले के गरिस् ? तेरो भाइको रगतको शब्दले भूमिबाट मलाई पुकार्दछ ॥ र अब तँ पृथ्वीदेखि श्रापित भइस्......॥**

–तौरेत (उत्पत्तिपर्व/अध्याय ४/आयत ९-११) ॥

**समीक्षक**– के ईश्वरले काइनसँग सोधे बिना हाबिलको हाल जान्दैनथ्यो र रगतको शब्दले भूमिबाट कसैलाई पुकार्न सक्दछ ? यी सबै कुराहरू अविद्वान्हरूका हुन्, यसैले यस पुस्तक न ईश्वर न त विद्वान्ले बनाएको हुन सक्दछ ॥१०॥

**मूल–११– र हनूक मतुसिलहको उत्पत्तिको पछि तीन सय वर्षसम्म ईश्वरको साथ-साथ चल्दथ्यो..॥**

–तौरेत (उत्पत्तिपर्व/अध्याय ५/आयत २२) ॥

**समीक्षक**– भला ! ईसाईहरूको ईश्वर मनुष्य हुन्थेन भने त, हनूकको साथ-साथ किन चल्थ्यो ? त्यसैले जहाँ वेदोक्त, निराकार, व्यापक ईश्वर छ, उसैलाई ईसाईहरूले मानेमा त उनीहरूको कल्याण हुनेछ ॥११॥

**मूल–१२– र यस्तो भयो कि मान्छे पृथ्वीमा बढ्न थाले र उनीहरूबाट छोरीहरू जन्मिए ॥ तब ईश्वरका पुत्रहरूले मनुष्यका पुत्रीहरूलाई देखे कि तिनीहरू अत्यन्त सुन्दरी छन् र उनीहरू मध्येमा जसलाई मन पराए उनीहरूसित विवाह गरे ॥ र त्यति वेला पृथ्वीमा दानवहरू थिए र त्यसको पछि पनि जब ईश्वरका पुत्र मनुष्यका पुत्रीहरूसँग मिले तब त उनीहरूबाट सन्तान उत्पन्न भए जो बलवान् थिए, जो अगाडिबाट नामी थिए ॥ र ईश्वरले देख्यो कि मनुष्यका दुष्टता पृथ्वीमा धेरै बढचो र उनका मनको चिन्ता र भावना दिन-प्रतिदिन नराम्रो हुँदै गैरहेको छ ॥ तब पृथ्वीमा मान्छेलाई उत्पन्न गर्नाले परमेश्वर पछुतायो र अति शोक भयो ॥ तब परमेश्वरले भन्यो कि मान्छे जसलाई मैले उत्पन्न गरें, मान्छेदेखि लिएर पशुसम्म र घस्रेर हिंड्ने र आकाशमा उड्ने पक्षीहरूलाई पृथ्वीबाट नष्ट गर्नेछु किनभने यिनीहरूलाई बनाउनाले म पछुताएको छु ॥** –तौरेत (उत्पत्तिपर्व/अध्याय ६/आयत १, २, ४, ७) ॥

**समीक्षक**– ईसाईहरूलाई सोध्नुपर्दछ कि ईश्वरका पुत्रहरू को हुन् ? र ईश्वरकी स्त्री, सासू, श्वसुर, साला र सम्बन्धी को हुन् ? किनभने अब त मान्छेका छोरीहरूसँग विवाह हुनाले ईश्वर यिनका सम्बन्धी बन्यो, र जति उनीहरूबाट उत्पन्न हुन्छन्, ती पुत्र र प्रपौत्र भए । के यस्तो कुरा ईश्वर र ईश्वरको पुस्तकको हुन सक्दछ ? किन्तु यो सिद्ध हुन्छ कि, ती जङ्गली मनुष्यहरूले यो पुस्तक बनाएका हुन् ॥

त्यो ईश्वर नै होइन जो सर्वज्ञ छैन, न त भविष्यत्को कुरा जान्दछ, त्यो जीव हो । के जब सृष्टि गरेथ्यो तब 'अगाडि मनुष्य दुष्ट हुनेछन्' यस्तो जान्दैनथ्यो ? र पछुताउनु, अति शोकादि हुनु, भुलले काम गरेपछि पछुताउनु आदि ईसाईहरूका ईश्वरमा घट्न सक्दछ, वेदोक्त ईश्वरमा होइन । र यसबाट यो पनि सिद्ध हुन्छ कि ईसाईहरूका ईश्वर पूर्ण विद्वान् योगी पनि थिएन, नत्र भने शान्ति र विज्ञानले अति शोकादिदेखि पृथक् हुन सक्दथ्यो ।

भला, पशु-पक्षी पनि दुष्ट हुन गए ! यदि त्यो ईश्वर सर्वज्ञ हुन्थ्यो भने त यस्तो विषादी किन हुन्थ्यो ? त्यसैले न यो ईश्वर र न त यो ईश्वरकृत पुस्तक हुनसक्दछ । जसरी वेदोक्त परमेश्वर सबै पाप, क्लेश, दुःख शोकादिबाट रहित 'सच्चिदानन्दस्वरूप' छ, उसलाई ईसाईहरूले मान्दथे वा अब पनि मानेमा त आफ्नो मनुष्य जन्मलाई सफल गर्न सक्दछन् ॥१२॥

**मूल–१३– त्यस डुँगाको लम्बाई तीन सय हात, चौडाई पचास हात र उचाई तीस हातको होस्...॥ तँ डुँगामा जानूँ, तँ र तेरा छोरा र तेरी पत्नी र तेरा छोराकी पत्नीहरू तेरो साथ ॥ र सारा शरीरहरूदेखि जीवता जन्तु दुई-दुई आफूसँग डुँगामा लैजानू, जसबाट तिनीहरू तँसग बाँच्दै राखून्, ती भाले र पोथी हुनेछन् ॥ एक-एक जातिका पक्षी, र एक-एक जातिका पशु, र एक-एक जातिका भूमिमा घस्रेर हिंड्नेवाला, सबैदेखि जोडी-जोडी तँसँग आउनेछन् कि तैंले उनीहरूलाई जीवित राख्नू ॥ र भाँति-भाँतिका भोज्य पदार्थ जुन खाने गरिन्छ, त्यसलाई तैंले लिएर आफूसँग जम्मा गर्नू सो तँलाई र उनीहरूलाई भोजनको लागि हुनेछ ॥ परमेश्वरको यस आज्ञाको अनुसार नूहले गऱ्यो ।**

–तौरेत (उत्पत्तिपर्व/अध्याय ६/आयत १५, १८, १९, २०, २१, २२) ॥

**समीक्षक**– भला कोही पनि विद्वान् यस्तो विद्यादेखि विरुद्ध असम्भव कुराको वक्तालाई ईश्वर मान्न सक्दछ ? किनभने यत्रो चौडा र उचाई डुँगामा हात्ती-हात्तीनी, ऊँट-ऊँटनी आदि करोडौं जन्तु र उनका लागि खाने-पिउने चीजहरू, ती सबै कुटुम्बहरू पनि, अटाउन सक्दछन् ? त्यसैले यो मनुष्यकृत पुस्तक हो । जसले यो लेख गरेको छ, त्यो विद्वान् पनि थिएन ॥१३॥

**मूल–१४– र नूहले परमेश्वरको लागि एक वेदी बनायो र सारा पवित्र पशु र हर एक पंछीहरूबाट अलिकति-अलिकति लिएर होमको भेटी त्यस वेदीमा चढायो ॥ र परमेश्वरले सुगन्ध सुँघ्यो र परमेश्वरले आफ्नो मनमा भन्यो कि मान्छेको लागि म पृथ्वीलाई फेरि कहिल्यै श्राप दिनेछैन, यस कारणले कि मान्छेको मनको भावना त्यसको बालककालदेखि बाटै जे-जति उत्पन्न हुन्छ सो नराम्रो नै हुने गर्दछ, र जुन रीतिबाट अहिले मैले सारा जीवधारीहरूलाई मारें, फेरि कहिल्यै मार्नेछैन ॥**

–तौरेत (उत्पत्तिपर्व/अध्याय ८/आयत २०, २१) ॥

**समीक्षक–** वेदी बनाउने, होम गर्ने आदि लेखबाट यही सिद्ध हुन्छ कि यी कुराहरू वेदहरूबाट बाइबलमा गएका हुन् । के परमेश्वरको नाक पनि छ जसबाट सुगन्ध सुँघ्यो ? के यो ईसाईहरूको ईश्वर मनुष्यवत् अल्पज्ञ होइन कि कहिले श्राप दिन्छ र कहिले पछुताउँछ, कहिले भन्दछ श्राप दिने छैन, पहिले दिएको थियो फेरि पनि दिनेछ । प्रथम सबैलाई मार्‍यो र अब भन्दछ कि कहिल्यै मार्नेछैन !!! यी कुराहरू सबै बच्पनाका हुन्, ईश्वरको होइन, र न त कुनै विद्वान्‌को । किनभने विद्वान्‌को पनि कुरो र प्रतिज्ञा स्थिर हुन्छ ॥१४॥

**मूल–१५– र ईश्वरले नूह र उसका छोराहरूलाई आशीष दियो र उनीहरूलाई भन्यो कि...॥ हर एक जीउँदो चल्दो जन्तु तिम्रो भोजनको लागि हुनेछ, मैले हरियो तरकारीकै समान सबै वस्तु तिमीलाई दिएँ ॥ परन्तु मासुलाई प्राणसमेत अर्थात् त्यसको रगत समेत नखानूँ ॥**

–तौरेत (उत्पत्तिपर्व/अध्याय ९/आयत १, ३, ४) ॥

**समीक्षक–** के एउटालाई प्राणकष्ट दिएर दोस्रालाई आनन्द गराउनाले दयाहीन ईसाईहरूको ईश्वर होइन ? जुन माता-पिताले एउटा छोरालाई मारेर अर्कालाई ख्वाएमा त महापापी हुँदैनन् ? यसै प्रकारको यहाँ कुरा छ, किनभने ईश्वरको लागि सबै प्राणी पुत्रवत् हुन्छन् । यस्तो नहुनाले यिनको ईश्वर कसाईवत् काम गर्दछ र सबै मनुष्यहरूलाई हिंसक पनि यसैले बनाएको छ । त्यसैले ईसाईहरूको ईश्वर निर्दयी हुनाले पापी किन भएन ? ॥१५॥

**मूल–१६– र सारा पृथ्वीमा एउटै बोली र एउटै भाषा थियो ॥ फेरि उनीहरूले भने कि आओ हामी एउटा नगर र एउटा गुम्मट जसको टुप्पो स्वर्गसम्म पुगोस् आफ्नो लागि बनाऔं र हाम्रो नाम राखौं, यस्तो नहोस् कि हामी सारा पृथ्वीमा छिन्न-भिन्न हुन परोस् ॥ तब परमेश्वर त्यस नगर र त्यस गुम्मट जसलाई आदमका सन्तानहरूले बनाउँदै थिए, हेर्नको लागि उत्रियो ॥ तब ईश्वरले भन्यो कि हेर ! यिनीहरू एकै छन् र यिनीहरू सबैको बोली एकैखाले छ, अब यस्तो-यस्तो गर्न थाल्नेछन् कि सो यिनीहरूले जसमा मन लगाउनेछन्, त्यसदेखि अलग गर्न सकिने छैन ॥ आऊ हामी उत्रिऔं र यिनीहरूको भाषामा गडबडी पारिदिऔं जसबाट एक दोस्राको बोली बुझ्न नसकून् ॥ तब परमेश्वरले उनीहरूलाई त्यहाँदेखि सारा पृथ्वीभरी छिन्न-भिन्न पारिदियो र उनीहरूले त्यो नगर र गुम्मट बनाउनमा असफल रहे ॥**

–तौरेत (उत्पत्तिपर्व/अध्याय ११/आयत १, ४, ५, ६, ७, ८) ॥

**समीक्षक–** जब सारा पृथ्वीमा एक भाषा र एक बोली थियो, त्यस समयमा सबै मनुष्यहरूलाई परस्पर अत्यन्त आनन्द प्राप्त भयो होला । परन्तु के गर्न सकिन्छ, यो ईसाईहरूको ईर्ष्यक ईश्वरले सबैको भाषामा गडबडी पारेर सबैको सत्यानाश गर्‍यो । उसले यो ठूलो अपराध गर्‍यो । के यो शैतानको काम भन्दा पनि घटिया काम होइन ? र यसबाट यही विदित हुन्छ कि ईसाईहरूको ईश्वर चुनिन्दा पहाड आदिमा रहन्थ्यो र जीवहरूको उन्नति पनि चाहँदैनथ्यो । यो बिना एक अविद्वान्‌को ईश्वरको कुरो र यो ईश्वरोक्त पुस्तक कसरी हुन सक्दछ ? ॥१६॥

**मूल–१७– ....तब उसले आफ्नी पत्नी सारैसँग भन्यो कि हेर मैले जान्दछु कि तँ देख्नमा अति सुन्दर स्त्री छेस् ॥ त्यसैले यस्तो हुनेछ कि जब मिश्रीले तँलाई देख्नेछन् तब तिनीहरूले भन्नेछन् कि यो त्यसकी स्त्री हो र मलाई मार्नेछन् परन्तु तँलाई जीउँदै राख्नेछन् । तैंले भन्नू कि, म उसकी बहिनी हूँ, जसकारण मेरो भला हुनेछ र मेरो प्राण तेरो हेतुबाट बच्नेछ ॥**

–तौरेत (उत्पत्तिपर्व/अध्याय १२/आयत ११, १२, १३) ॥

**समीक्षक–** अब हेर्नुहोस् ! जुन अब्राहम ठूलो पैगम्बर ईसाई र मुसलमानहरूमा बज्दछ र त्यसका कर्म मिथ्याभाषाणादि घटिया छन्, र आफ्नी स्त्रीको पातिव्रत्य धर्म भङ्ग गराएर व्यभिचारिणी बनाउँदछ । भला ! जसका यस्ता पैगम्बर छन्, तिनीहरूलाई विद्या वा कल्याणको मार्ग कसरी मिल्न सक्दछ ? ॥१७॥

**मूल–१८– र ईश्वरले अब्राहमलाई भन्यो कि तँ र तेरोपछि तेरो वंश उनीहरूको पुस्ताहरूमा मेरो नियमलाई मानून् ॥ तँ मेरो नियम जुन मबाट र तँबाट र तेरोपछाडि तेरो वंशबाट हुन्छ तिमीले मान्नपर्दछ कि सो यो हो कि तिमीदेखि हर एक पुरुषको खतनः (लिङ्गमुण्डच्छद) गरियोस् । र तिमीले आफ्नो-आफ्नो शरीरको लिङ्गको टुप्पाको छाला काट्नू र तिमीहरू मध्येमा यो नियमको चिह्न हुनेछ । र तिम्रा पिंढीहरूमा हर एक आठ दिनको पुरुषको खतनः गरियोस्, जुन तेरो घरमा उत्पन्न हुन्छ अथवा जुन कुनै परदेशीबाट जुन तेरो वंशको होइन, पैसाले किनेर लिइयोस् ॥ जुन तेरो घरमा उत्पन्न भएको होस् अथवा तैंले किनेको होस्, त्यसको अवश्य खतनः गरियोस् र मेरो नियम तिम्रा माँझमा सर्वदा नियमको लागि हुनेछ ॥ र**

**अखतनः बालक जसको लिङ्गको टुप्पाको छाला काटिएको छैन, सो प्राणी आफ्ना जनहरूबाट छुट्टचाइयोस् कि उसले मेरो नियमलाई तोडेको छ ॥**

–तौरेत (उत्पत्तिपर्व/अध्याय १७/आयत ९, १०, ११, १२, १३, १४) ॥

**समीक्षक**– अब हेर्नुहोस् ईश्वरको अन्यथा आज्ञा ! कि यदि यो खतनः गर्न ईश्वरलाई इष्ट हुन्थ्यो भने त त्यस छालालाई आदि-सृष्टिमा बनाउने नै थिएन, र जुन यो बनाइएको छ त्यो रक्षार्थको लागि हो, जसरी आँखाको परेला । किनभने त्यो गुप्तस्थान अति कोमल हुन्छ, यदि त्यसमाथि छाला हुँदैन भने एउटा किराले टोक्दा वा थोरै मात्र पनि चोट लाग्दा धेरै दुःख हुन्छ र पिशाब फेरेपछि केही मूत्रांश लुगामा नलागोस्, इत्यादिको लागि त्यसलाई काट्नु नराम्रो हो र अहिले ईसाईहरूले यस आज्ञालाई किन पालना गर्दैनन् ? यो आज्ञा सदाको लागि हो, यसलाई नगर्नाले ईसाको साक्षी जुन कि 'व्यवस्थाको पुस्तकको एक बिन्दु पनि झुटो होइन', मिथ्या हुन गयो । यसको सोच-विचार ईसाईले कत्ति पनि गर्दैनन् ॥१८॥

**मूल–१९– तब परमेश्वरले इब्राहीमसँग कुरा गर्न बन्द गरेर उसको नजिकबाट टाढिँदै ईश्वर माथितिर जाँदै रह्यो ॥** –तौरेत (उत्पत्तिपर्व/अध्याय १७/आयत २२) ॥

**समीक्षक**– यसबाट यही सिद्ध हुन्छ कि ईश्वर मनष्य वा पक्षीवत् थियो जो माथिबाट तल र तलबाट माथि आउने-जाने गर्दथ्यो । यो कोही इन्द्रजाली पुरुषवत् विदित हुन्छ ॥१९॥

**मूल–२०– इब्राहीम माम्रेको मैदानको बीच चर्को घामको समय तम्बूको द्वारमा बसेको थियो, तब यहोवाले उसलाई दर्शन दियो ॥ र उसले आँखा खोलेर दृष्टि लगाउँदा त के देख्यो भने, तीन पुरुष उसको सामुन्ने उभिएका छन्, जब उसले तिनीहरूलाई देख्यो तब उसले तिनीहरूलाई भेट्नको लागि तम्बूको द्वारबाट दौडियो, र भूमिमा निहुरेर दण्डवत् गऱ्यो र भन्यो ॥ हे प्रभु, यदि ममाथि तेरो अनुग्रहको दृष्टि छ भने त विन्ती गर्दछु कि आफ्नो दासलाई छोडेर नजाँनुहोस् ॥ इच्छा छ भने थोरै जल ल्याउँछु चरण पखाल्नुहोस् र वृक्षको तल विश्राम गर्नुहोस् ॥ र म एक टुक्रा रोटी लिएर आउँछु तपाईं तृप्त हुनुहोस्, त्यस पछाडिमात्रै अगाडि बढ्नुहोला, किनभने तपाईं यसैको लागि म दासकहाँ आउनुभएको हो, तब उनले भने जस्तो तैंले भनेको छस् त्यस्तै गर्नू ॥ र इब्राहीमले तम्बूमा सारासँग फूर्तीले गएर भन्यो कि तीन नपुवा पीठो लिएर मुछेर रोटी पका ॥ र इब्राहीम गाई गोरुको बथानतिर दौडियो, र एक कोमल र राम्रो बाच्छो ल्याएर आफ्नो सेवकलाई दियो, र उसले त्यसलाई फूर्तीसाथ पकायो । तब त्यसले नौनी, दूध र त्यो बाच्छो, जुन उसले पकाएको थियो, ल्याएर उनको अगाडि पस्किदियो र आफू उनकोसाथ वृक्षको तल उभियो, र उनीहरूले खान लागे ॥** –तौरेत (उत्पत्तिपर्व/अध्याय १८/आयत १, २, ३, ४, ५, ६, ७, ८) ॥

**समीक्षक**– अब हेर्नुहोस् सज्जनहरू हो ! जसको ईश्वरले बाच्छाको मासु खान्छ, त्यसका उपासकले गाई-बाच्छा आदि किन छोड्नें ? जसलाई कुनै दया छैन, मासु खानमा आतुर रहँने, त्यो बिना हिंसक मनुष्यको अर्को हुन सक्दैन ?

र ईश्वरको साथमा अरू दुई जना मनुष्य नजाने को थिए ? यसबाट विदित हुन्छ कि जङ्गली मनुष्यहरूको एक मण्डली थियो, उनीहरूमा जो प्रधान थियो त्यसैको नाम बाइबलमा ईश्वर राखे होलान् । यिनै कुराहरूले बुद्धिमानीहरू यिनको पुस्तकलाई ईश्वरकृत मान्न सक्दैनन्, न त यस्तालाई ईश्वर मान्न सक्दछन् ॥२०॥

**मूल–२१– र परमेश्वरले इब्राहीमसँग भन्यो कि साराले किन यस्तो भनेर मुस्कुराइन् कि म बुढी भैसकें साँच्चै बालक जन्माउन सक्छु ॥ के परमेश्वरको लागि कुनै कुरो असाध्य छ ? नियत समयमा, अर्थात् वसन्त ऋतुमा, म तँसँग फेरि आउनेछु, र साराको पुत्र उत्पन्न हुनेछ ॥**

–तौरेत (उत्पत्तिपर्व/अध्याय १८/आयत १३, १४) ॥

**समीक्षक**– अब हेर्नुहोस् कि के-के ईसाईहरूको ईश्वरको लीला ! जो केटा वा स्त्रीहरूको समान चिढिन्छ र ताना मार्दछ !!! ॥२१॥

**मूल–२२–तब परमेश्वरले आफूतिरबाट सदोम र अमोरमा आकाशबाट गन्धक र आगो वर्षायो ॥ र ती नगरहरूमा सारा मैदान र सारा नगर निवासीहरूलाई र जे-जति भूमिमा उम्रिएको थियो सबै उल्टो पारेर नष्ट गरिदियो ।** –तौरेत (उत्पत्तिपर्व/अध्याय १९/आयत २४, २५) ॥

**समीक्षक**– अब यो पनि लीला बाइबलको ईश्वरको हेर्नुहोस् कि जसलाई बालक आदिमाथि पनि केही दया आएन ! के ती सबै अपराधी थिए, सबैलाई भूमि उल्टचाएर दबाएर माऱ्यो ? यो न्याय, दया र विवेकदेखि विरुद्ध छ । जसको ईश्वरले यस्तो काम गर्दछ भने त्यसको उपासकले किन नगर्ने ? ॥२२॥

**मूल–२३– आओ हामीले हाम्रो पितालाई दाख रस पियाऊँ र उनको साथमा शयन गरौं ताकि हामीले आफ्नो पिताको वंश बचाऔं ॥ तब उनीहरूले त्यस रात आफ्नो पितालाई दाख रस पियाए र ठूली**

**छोरी गई र आफ्नो पिताको साथमा शयन गरी....॥ हामीले उसलाई आज राति पनि दाख रस पियाउनेछौं, बहिनी तँ गएर शयन गर....॥ सो लूतकी दुइटै छोरीहरू आफ्ना पिताबाट गर्भिणी भए....॥**

–तौरेत (उत्पत्तिपर्व/अध्याय १९/आयत ३२, ३३, ३४, ३६) ॥

**समीक्षक**– हेर्नुहोस् ! जब पिता-पुत्री पनि जुन मद्यपानको नशामा कुकर्म गर्नबाट बँच्न सकेनन्, यस्तो दुष्ट मद्यलाई जो कोही ईसाई आदिले पिउँछन्, उनीहरूको घटियापनको के पारावार छ ? त्यसैले सज्जनहरूले मद्यलाई पिउनको लागि नाम पनि लिनुहुँदैन ॥२३॥

**मूल–२४– र आफूले भने अनुसार परमेश्वरले सारासँग भेट गरेर आफ्नो वचनकै अनुसार साराको विषयमा गरे । र सारा गर्भिणी भई....॥** –तौरेत (उत्पत्तिपर्व/अध्याय २१/आयत १, २) ॥

**समीक्षक**– अब विचार गर्नुहोस् कि सारालाई भेटेर गर्भवती बनाए, यो काम कसरी भयो ? के बिना परमेश्वर र साराको तेस्रो कोही गर्भस्थापनको कारण देखिन्छ ? यस्तो विदित हुन्छ कि सारा परमेश्वरको कृपाबाट गर्भवती बनी ॥२४॥

**मूल–२५– तब इब्राहीमले बडो छिटो उठेर रोटी र एक छालाको थैलोमा जल लिएर हाजिराको काँधमा राखिदिए, र छोरा पनि उसैलाई सुम्पेर बिदा गरे ॥ जब थैलाको जल रित्तियो उसले त्यस छोरालाई बेशेर्बाको जङ्गलको झाडीको तल हालिदिई ॥ र ऊ त्यसको सामुन्ने बसेर चिच्याउँदै रोई ॥ परमेश्वरले त्यसबालकको आवाज सुने....॥** –तौरेत (उत्पत्तिपर्व/अध्याय २१/आयत १४, १५, १६, १७) ॥

**समीक्षक**– अब हेर्नुहोस् ! ईसाईहरूका ईश्वरको लीला, कि प्रथम त सारालाई पक्षपात गरेर हाजिरालाई वहाँबाट निकालिदियो, र चिच्याउँदै-चिच्याउँदै रोई हाजिरा र शब्द सुन्यो छोराको, यो कस्तो अद्भुतको कुरा हो ? यो यस्तो भयो होला कि ईश्वरलाई भ्रम भयो होला कि यो बालक नै रुन्छ । भला यो ईश्वर र ईश्वरको पुस्तकको कुरा कहिल्यै हुनसक्दछ बिना साधारण मनुष्यको वचनको ? यस पुस्तकमा थोरै कुरा सत्यको, र बाँकी कुरा असार भरिएको छ ॥२५॥

**मूल–२६– यी कुराहरूको पश्चात् यस्तो भयो कि ईश्वरले इब्राहीमलाई भनेर उसको परीक्षा लियो, उसले भन्यो हेर इब्राहीम म यहाँ छु ॥ उसले भन्यो तँ आफ्नो एउटा मात्रै छोरो इसाहक जसलाई तैंले धेरै माया गर्दछस्, लिएर उसलाई मोरिय्याह देशमा जा, र त्यसलाई एउटा पहाडको माथिबाट मैले बताउनेछु होमबलि गरेर चढाइदे ॥ र आफ्नो छोरा इसाहकलाई बाँधेर त्यस वेदीको काठमाथि राख्यो ॥ र इब्राहीमले छुरी लिएर आफ्नो छोरालाई घात गर्नको लागि हात बढायो ॥ तब परमेश्वरका दूतहरूले स्वर्गबाट पुकारे कि इब्राहीम-इब्राहीम ॥ आफ्नो हात छोराको गर्दनमा नबढा र त्यसलाई केही पनि नगर्नू किनभने अब मैले जाने कि तँ ईश्वरदेखि डराउँछस् ॥** –तौरेत (उत्पत्तिपर्व/अध्याय २२/आयत १, २, ९, १०, ११, १२) ॥

**समीक्षक**– अब स्पष्ट भयो यो बाइबलको ईश्वर अल्पज्ञ हो, सर्वज्ञ होइन । र इब्राहीम पनि एउटा भोला मनुष्य थियो, नत्र भने त यस्तो चेष्टा किन गर्दथ्यो ? ईश्वर सर्वज्ञ हुन्थ्यो भने त किन गराउँथ्यो र उसको भविष्यत् श्रद्धालाई पनि सर्वज्ञताबाट किन जान्दैन ? ॥२६॥

**मूल–२७– हे हाम्रा प्रभु, हाम्रो सुनः तँ त हाम्रो बीचमा ठूलो प्रधान होस्; सो हाम्रो कबर (चिहान) देखि जसलाई तैंले चाहन्छस् उसमा आफ्नो मुर्दालाई गाड्नु; हामी मध्येबाट कसैले पनि तँलाई कबर (चिहान) लिनको लागि रोक्ने छैनौं, कि तैंले आफ्नो मुर्दालाई उसमा गाड्न नपाए ॥**

–तौरेत (उत्पत्तिपर्व/अध्याय २३/आयत ६) ॥

**समीक्षक**– मुर्दाहरू गाड्नाले संसारको ठूलो हानि हुन्छ, किनभने त्यो सडेर वायुलाई दुर्गन्धमय गरेर रोग फैलाउँछ ।

**प्रश्न**– हेर ! जोसँग प्रीति हुन्छ उसलाई जलाउनु राम्रो कुरो होइन, र गाड्नु अर्थात् सुताइदिनु हो, यसैले गाड्नु राम्रो हुन्छ ।

**उत्तर**– यदि मृतकसँग प्रीति गर्दछौ भने त आफ्नै घरमा किन राख्दैनौ ? र गाड्दछौ पनि किन ? जुन जीवात्मासँग प्रीति थियो त्यो त निस्केर गयो, अब दुर्गन्धमय माटोसँग केको प्रीति ? र यदि प्रीति गर्दछौ भने त त्यसलाई पृथ्वीमा किन गाड्दछौ, किनभने कसैले कसैलाई भनोस् कि तँलाई भूमिमा गाडिदिनेछौं तब त्यसले सुनेर प्रसन्न कहिल्यै हुँदैन । त्यसको मुख, आँखा र शरीरमा धुलो, ढुङ्गा, ईंटा, चूना हाल्नु, छातीमा ढुङ्गा राख्नु कुनचाहिं प्रीतिको काम हो ?

र सन्दूकमा हालेर गाड्नाले धेरै दुर्गन्ध पृथ्वीमा फैलिएर वायुलाई बिगारेर दारुण रोगोत्पत्ति गराउँदछ ।

दोस्रो एक मुर्दाको लागि थोरैमा पनि ६ हात लामो र ४ हात चौडाई भूमि चाहिन्छ । यसै हिसाबले सय, हजार, वा लाख अथवा करोडौं मनुष्यको लागि कति भूमि व्यर्थमा रोकिन जान्छ । न त्यो खेत, न बगैंचा र न त बस्नयोग्य नै काममा आउँछ, त्यसैले सबै भन्दा नराम्रो गाड्नु हो ।

त्यस भन्दा केही नराम्रो जलमा छोड्नु हो, किनभने त्यसलाई जलजन्तुले उत्तिखेरै लुछेर खानेछन् परन्तु जे-जति हाडखोर वा मल जलमा रहनेछ, त्यो पनि सडेर जगत्लाई दुःखदायक हुनेछ ।

त्यस भन्दा थोरै राम्रो जङ्गलमा छोड्नु हो । किनभने त्यसलाई मांसाहारी पशु-पक्षीले लुछेर खानेछन् तथापि त्यसका हाडखोरले जति दुर्गन्ध हुन्छ, जगत्को अनुपकार नै हुन्छ ।

र जलाउने काम चाहिं सर्वोत्तम हो किनभने त्यसका सबै पदार्थ अणु बनेर वायुमा उडेर जान्छन् ।

**प्रश्न**– के मुर्दाको धुवाँमा दुर्गन्ध हुँदैन ? जलाउनाले पनि दुर्गन्ध त हुन्छ नै ।

**उत्तर**– हो ! यदि अविधिबाट जलाएमा त थोरै हुन सक्दछ, परन्तु गाड्ने आदि भन्दा थोरै हुन्छ । र जुन विधिपूर्वक जसरी वेदमा लेखिएको छ– वेदी मुर्दाको तीन हात गहिरो, साढे तीन हात चौडा, पाँच हात लामो, पिंधमा डेढ बीत्ता अर्थात् आवश्यकतानुसार खनेर शरीरको बराबर घ्यू, त्यसमा एक सेरमा रत्तीभर कस्तुरी, मासाभर केशर हालेर थोरै भन्दा थोरै आधा मन चन्दन, अधिक जति हुन सक्दछ लिएर, अगर, तगर, कपूर आदि र पलाश आदिको दाउरा वेदीमा जम्मा गरेर, त्यसमाथि मुर्दा राखेर पुन चारैतिर माथि वेदीको मुखबाट एक बीत्तासम्म भरेर त्यस घ्यूको आहुति दिएर जलाउनको लागि लेखिएको छ, यस प्रकारबाट दाह गरेमा त कत्ति पनि दुर्गन्ध हुँदैन किन्तु यसैको नाम अन्त्येष्टि, नरमेध, पुरुषमेध यज्ञ हो ।

र जो दरिद्र छन् भने त बीस सेर भन्दा थोरै घ्यू चितामा नहाल्ने, चाहे त्यो भीक माग्ने वा जातिवालाले दिने अथवा राजाबाट मिल्नाले प्राप्त होस् परन्तु उसै प्रकार दाह गर्नु । र यदि घ्यू नमिलेमा कुनै प्रकारले पनि गाड्नु भन्दा मृतकलाई दाउराले जलाउन नै उत्तम हुन्छ, किनभने एक विश्वाभर भूमिमा अथवा एक वेदीमा लाखौं-करोडौं मृतक जल्न सक्दछन्, भूमि पनि गाड्ने जति बिग्रँदैन र कबर (चिहान) लाई देख्नाले पनि भय हुन्छ, यसैले गाड्न आदि सर्वथा निषिद्ध छ ॥२७॥

**मूल–२८– धन्य हो मेरा स्वामी इब्राहीमका परमेश्वर यहोवा, जसले मेरो स्वामीलाई आफ्नो दया र आफ्नो सच्चाई बिना छोडेन, परमेश्वरले मलाई ठीक मार्गमा चलाएर मेरा स्वामीका भाइ बन्धुहरूका घरतिर पुऱ्याइदिए ॥** –तौरेत (उत्पत्तिपर्व/अध्याय २४/आयत २७) ॥

**समीक्षक**– के त्यो इब्राहीमको नै ईश्वर थियो ? र जसरी आजभोलि बेगारी वा अगुवाई अर्थात् अगाडि-अगाडि हिंडेर मार्ग देखाउँछन् तथा ईश्वरले पनि गऱ्यो भने त आजभोलि किन देखाउँदैन ? र मनुष्यहरूसँग किन कुरा गर्दैन ? यसैले यस्ता ईश्वर वा ईश्वरका पुस्तक पनि कहिल्यै हुन सक्दैन किन्तु जङ्गली मनुष्यको हो ॥२८॥

**मूल–२९– इश्माएलका छोराहरूको नाम यी हुन्- जेठो पुत्र नबायोत, फेरि केदार, अद्बेल, मिबसाम ॥ मिश्मा, दूमा, मस्सा ॥ हदर, तेमा, यतूर, नफीश र केदमा ॥**

–तौरेत (उत्पत्तिपर्व/अध्याय २५/आयत १३, १४, १५) ॥

**समीक्षक**– यो इश्माएल इब्राहीमबाट उसकी हाजिरा दासीतिरबाट पुत्र भएर जन्मेको थियो, यसैको वंश मुसलमान भएका हुन् । तब नै दासी पुत्र हुनाले मुसलमानहरू बडो खुशामदी हुन्छन् ॥२९॥

**मूल–३०– ....मैले तेरो पिताको रुचिको समान स्वादिष्ट भोजन बनाउनेछु ॥ र तैंले पितालाई लगेर दिनु जसलाई उसले खाएर आफू मर्न भन्दा अगाडि तँलाई आशीष दिनेछन् ॥ र रिबकाले घरबाट आफ्नो जेठो पुत्र ऐसावको राम्रो लुगा लिएर आफ्नो सानो छोरो याकूबलाई पहिरायो ॥ र बाख्राको पाठाको छाला उसको हातमा र घाँटीमा बेर्‍यो ॥ तब याकूबले आफ्नो पितासँग भन्यो कि म त तपाईंको जेठो छोरो ऐसाव हूँ, तपाईंले भने बमोजिम मैले गरेको छु, आउनुहोस् उठेर बस्नुहोस् र मेरो हरिणको मासु खानुहोस्, जसबाट तपाईंको प्राणले मलाई आशीष देओस् ॥**

–तौरेत (उत्पत्तिपर्व/अध्याय २७/आयत ९, १०, १५, १६, १७, १९) ॥

**समीक्षक**– हेर्नुहोस् ! यस्तो झुट-कपटबाट आशीर्वाद लिएर पश्चात् सिद्ध र पैगम्बर बन्दछन्, के यो आश्चर्यको कुरो होइन ? र यस्ता ईसाईहरूका अगुवा भएका छन् पुनः यिनको मतको गडबडमा के न्यूनता होस् ? ॥३०॥

**मूल–३१– र याकूब बिहानै छिटो उठेर त्यस ढुङ्गा जसलाई उसले सिरानी बनाएको थियो लिएर खाँबो ठडचायो र त्यसको टुप्पामा तेल हाल्यो ॥ र त्यस स्थानको नाम बैतएल राख्यो....॥ र यो ढुङ्गा जुन मैले खाँबो जस्तो ठडचाएको छु ईश्वरको घर हुनेछ....॥**

–तौरेत (उत्पत्तिपर्व/अध्याय २८/आयत १८, १९, २२) ॥

**समीक्षक–** अब हेर्नुहोस् जङ्गलीहरूको काम ! यिनीहरूले ढुङ्गा पूजे र अरूलाई पूजाए र यसलाई मुसलमानहरूले 'बैतएलमुकद्दस' भन्दछन् । के यही ढुङ्गो ईश्वरको घर र उसै पाषाणमात्रमा ईश्वर रहन्थ्यो ? वाह-वाह ! के भनौं ईसाईहरू हो ! महाबुत्परस्त त तिमीहरू नै हौ ॥३१॥

**मूल–३२– र ईश्वरले राहेलको स्मरण गऱ्यो र ईश्वरले उसको सुन्यो र उसको कोख खोल्यो ॥ र त्यो गर्भिणी भई र छोरा पाई ।** –तौरेत (उत्पत्तिपर्व/अध्याय ३०/आयत २२, २३) ॥

**समीक्षक–** वाह-वाह ईसाईहरूका ईश्वर ! कति ठूलो डाक्टर हो ! स्त्रीहरूको कोख खोल्नको लागि कुनचाहिं शस्त्र वा औषधि थियो जसबाट खोल्यो, यी सबै कुरा अन्धाधुन्धका हुन् ॥३२॥

**मूल–३३– परन्तु ईश्वर आरामी लाबानको स्वप्नमा रातको आयो र उसलाई भन्यो कि सावधान रहनु, तैंले याकूबलाई राम्रो नराम्रो नभन्नू ॥ किनभने तँ आफ्नो पिताको घरको बडो अभिलाषी होस्, तैंले के कारणले मेरा देवताहरूलाई चोरी गरिस् ॥** –तौरेत (उत्पत्तिपर्व/अध्याय ३१/आयत २४, ३०) ॥

**समीक्षक–** यो मैले नमूना लेख्दैछु, हजारौं मनुष्यहरूको स्वप्नमा आयो; कुरा गऱ्यो, जागृत साक्षात् मिल्यो; खायो-पियो, आयो-गयो आदि बाइबलमा लेखिएको छ परन्तु अहिले नजाने त्यो छ कि छैन ? किनभने अहिले कसैलाई स्वप्न वा जागृतमा पनि ईश्वर मिल्दैन र यो पनि विदित भयो कि यी जङ्गलीहरू पाषाणादि मूर्तिहरूलाई देवता मानेर पूज्दथे । परन्तु ईसाईहरूका ईश्वरले पनि ढुङ्गालाई नै देवता मान्दछ, नत्र भने त देवताहरूलाई चोर्नु भन्ने कुरा कसरी घट्न सक्दछ ? ॥३३॥

**मूल–३४– र याकूब आफ्नो मार्गमा हिंडचो र ईश्वरका दूतहरूले आएर उसलाई भेटे ॥ र याकूबले उनीहरूलाई देखेर भन्यो कि यी ईश्वरका दल (सेना) हुन् ॥**

–तौरेत (उत्पत्तिपर्व/अध्याय ३२/आयत १, २) ॥

**समीक्षक–** अब ईसाईहरूको ईश्वर मनुष्य हुनमा कत्ति पनि संदिग्ध रहेन, किनभने ईश्वरसँग सेना पनि छ । र सबै शस्त्र पनि होलान् तथा कसैसँग लडाईं-झगडा पनि हुन्छ होला; नत्र भने त सेना राख्नको के प्रयोजन छ ? ॥३४॥

**मूल–३५– र याकूब एक्लै रहन गयो वहाँ मिरमिरे उज्यालोसम्म एक जनासँग उसले मल्लयुद्ध गर्दै रह्यो ॥ र जब त्यसले देख्यो कि म याकूबमाथि प्रबल हुन सकिन तब उसको साँप्राको भित्री नसालाई छोयो, सो याकूबको साँप्राको नसा उससँग लड्दालड्दै नै चढचो ॥ तब उसले भन्यो कि मलाई जान दे, किनभने उज्यालो हुन लागिसक्यो, याकूबले भन्यो जबसम्म तैंले मलाई आशीष दिंदैनस् तबसम्म म जान दिन्न ॥ र उसले याकूबसँग सोध्यो, तेरो नाम के हो ? उसले भन्यो याकूब ॥ उसले भन्यो अब तेरो नाम याकूब होइन, परन्तु इस्राएल हुनेछ, किनभने तँ परमेश्वरसँग र मनुष्यसित पनि युद्ध गरेर प्रबल भएको छस् ॥ तब याकूबले भन्यो कि मैले विन्ती गर्दछु कि तिम्रो नाम के हो मलाई भन, उसले भन्यो मेरो नाम किन सोध्छस् ? तब उसले याकूबलाई आशीर्वाद दियो । र याकूबले त्यस स्थानको नाम पनूएल राख्यो, किनभने मैले ईश्वरलाई प्रत्यक्ष देखें र मेरो प्राण बचेको छ ॥ र जब ऊ त्यो पनीएलदेखि टाढा हुँदै गयो सूर्यको ज्योति उसमाथि पऱ्यो र ऊ साँप्राले लङ्गडाइरहेको थियो । यसैले इस्राएलका वंश त्यस साँप्राको नसा जुन चाहिं चढेको थियो आजसम्म पनि खाँदैनन् किनभने उसले याकूबको साँप्राको नसा जुन चढेको थियो, छोएको थियो ॥** –तौरेत (उत्पत्तिपर्व/अध्याय ३२/आयत २४-३२) ॥

**समीक्षक–** जब ईसाईहरूको ईश्वर अखाडमल्ल हो तब नै त सारा र राहेलमाथि पुत्र हुने कृपा गऱ्यो, भला यो कहिल्यै ईश्वर हुन सक्दछ ? केवल बालकपनको लीला हो । अरू हेर लीला ! एउटाले नाम सोध्छ त अर्कोले बताउँदैन ? र ईश्वरले उसको नाडी त चढाइदियो र जिताइदियो परन्तु यदि डाक्टर हुन्थ्यो भने त जाँघको नाडी पनि ठीक गरिदिने थियो । र यस्तो ईश्वरको भक्तिदेखि जुन कि याकूब लङ्गडाइराख्यो भने त अरू भक्त पनि लङ्गडाउँछन् होला । जब ईश्वरलाई प्रत्यक्ष देख्यो र मल्लयुद्ध गऱ्यो, यो कुरो बिना शरीर नभैकन कसरी हुन सक्दछ ? यो केवल लडकपनको लीला हो ॥३५॥

**मूल–३६– ....ईश्वरको मुख देख्यो....॥** –तौरेत (उत्पत्तिपर्व/अध्याय ३३/आयत १०) ॥

**समीक्षक–** जब ईश्वरको मुख छ भने त अरू पनि अवयव होलान् र त्यो जन्म-मरणवाला पनि होला ॥३६॥

**मूल–३७– र यहूदाहको जेठो छोरो एरमाथि परमेश्वरको दृष्टिमा दुष्ट थियो सो परमेश्वरले उसलाई मारिदियो ॥ तब यहूदाहले ओनानसँग भन्यो कि आफ्नी भाउजूसँग जा र उसँग विवाह गर र आफ्नो दाइको वंश चला ॥ र ओनानले भन्यो कि यो वंश त मेरो हुनेछैन र यस्तो भयो कि ऊ भाउजूसित जाँदा वीर्यलाई भूमिमा खसालिदियो....॥ र उसको यो कार्य परमेश्वरको दृष्टिमा नराम्रो थियो यसैले उसलाई पनि मारिदियो ॥** –तौरेत (उत्पत्तिपर्व/अध्याय ३८/आयत ७, ८, ९, १०, ११) ॥

**समीक्षक–** अब हेर्नुहोस् ! यो मनुष्यको काम हो कि ईश्वरको ? जब उसको साथमा नियोग भयो त उसलाई किन मार्ने ? उसको बुद्धिलाई शुद्ध किन गरिएन ? र वेदोक्त नियोग पनि प्रथम सर्वत्र चल्दथ्यो । यो निश्चय भयो कि नियोगको कुरा सर्वत्र चलेको थियो ॥३७॥

## यात्राको पुस्तक (तौरेत) (१३.२.२)

**मूल–३८– ती दिनहरूमा यस्तो हुन गयो कि जब मूसा जवान भयो, र बाहिर आफ्ना भाइ बन्धुहरूकहाँ गएर उनीहरूको दुःखमाथि दृष्टि गर्न थाल्यो; तब उसले देख्यो, कि कुनै मिस्री मान्छेले मेरो एउटा इब्री भाइलाई पिटिराखेको छ ॥ तब उसले यता-उता दृष्टि लगायो र देख्यो कि कोही पनि छैन तब त्यस मिस्रीलाई मारेर बालुवामा पुरिदियो ॥ फेरि दोस्रो दिन बाहिर जाँदा उसले देख्यो कि दुई जना इब्री पुरुष आपसमा मारपिट गरिराखेका छन्; उसले अपराधीसँग भन्यो, तैंले आफ्नो भाइलाई किन पिट्दैछस् ? त्यसले भन्यो, कसले तँलाई हामीमाथि हाकिम र न्याय ठहरायो ? जुन तरिकाले तैंले मिस्रीको हत्या गरिस् त्यसरी नै तैंले मलाई पनि घात गर्न चाहन्छस् ? तब मूसा यो सोचेर डरायो, कि निश्चय त्यस कुरालाई यिनीहरूले थाहा पाइसके ॥ जब फिरौनले यो कुरा सुने तब मूसाको हत्या गर्नको लागि युक्ति गरे । तब मूसा फिरौनको अगाडिबाट तुरुन्तै भाग्यो, र मिद्ययान देशमा गएर बस्न थाल्यो; र त्यो वहाँ एउटा कुवाको नजिकै बस्यो ॥** –तौरेत (यात्रापर्व/अध्याय २/आयत ११, १२, १३, १४, १५) ॥

**समीक्षक–** अब हेर्नुहोस् ! यस्तो कर्म गर्नेवाला मूसा पैगम्बर बन्न गयो । जुन बाइबलको मुख्य सिद्धकर्ता मतको आचार्य मूसा कि जसको चरित्र क्रोधादि गुणहरूले युक्त, मनुष्यको हत्या गर्नेवाला र चौरवत् राजदण्डदेखि बच्ने अर्थात् जब कुरा लुकाउँथ्यो भने त झुट बोल्नेवाला पनि अवश्य होला, यस्तालाई पनि जो ईश्वर मिल्यो, त्यो पैगम्बर बन्यो, त्यसले यहूदी आदिको मत चलायो, त्यो पनि मूसाकै सदृश भयो । यसैले ईसाईहरूका जो मूल पुर्खा भएका छन्, ती सबै मूसा आदिदेखि लिएर जङ्गली अवस्थामा थिए, विद्या-वस्थामा थिएनन्, इत्यादि ॥३८॥

**मूल–३९– तब परमेश्वरले देख्यो कि मूसा हेर्नको लागि फर्केर आउँदैछ तब ईश्वरले झाडीको मध्यबाट पुकारेर भन्यो कि हे मूसा ! हे मूसा ! तब उसले आवाज दियो म यहाँ छु । तब ईश्वरले भन्यो कि यता नआउनू, आफ्नो खुट्टाबाट जुत्ता फुकाल्नू, किनभने यो स्थान जसमाथि तँ उभिएको छस् पवित्र भूमि हो ॥** –तौरेत (यात्रापर्व/अध्याय ३/आयत ४, ५) ॥

**समीक्षक–** हेर्नुहोस् ! यस्ता मनुष्य जुन कि मनुष्यलाई मारेर बालुवामा पुर्नेवालासँग ईश्वरको मित्रता र उसलाई पैगम्बर मान्दछन् । र हेर तब तिम्रो परमेश्वरले मूसालाई भन्यो कि पवित्र स्थानमा जुत्ता लानु हुँदैन, तिमी ईसाईहरू यस आज्ञादेखि किन विरुद्ध हिंड्दछौ ?

**प्रश्न–** हामीले जुत्ताको स्थानमा टोपी उतार्दछौं ।

**उत्तर–** यो दोस्रो अपराध तिमीले गर्‍यौ, किनभने टोपी उतार्न न ईश्वरले भन्यो न त तिम्रो पुस्तकमा लेखिएको छ । र उतार्न योग्यलाई उतार्दैनौ, नउतार्न पर्नेलाई उतार्दछौ, यो दुइटै प्रकार तिम्रो पुस्तकदेखि विरुद्ध छ ।

**प्रश्न–** हाम्रो यूरोप देशमा शीत अधिक हुन्छ, यसैले हामीले जुत्ता उतार्दैनौं ।

**उत्तर–** के शिरमा शीत लाग्दैन ? अहिले त यहीं छौ जब यूरोप देशमा जान्छौ तब यस्तो गर्नु नि । परन्तु जब हाम्रो घरमा अथवा बिछौनामा आउँछौ तब त जुत्ता उतार्ने गर यदि उतार्दैनौ भने त आफ्नो बाइबल पुस्तकको विरुद्ध चल्दछौ, यस्तो तिमीले गर्नु हुँदैन ॥३९॥

**मूल–४०– तब परमेश्वरले उसलाई सोध्यो कि तेरो हातमा यो के हो ? उसले भन्यो कि छडी ॥ तब उसले भन्यो कि त्यसलाई जमिनमा फ्याँकिदे र उसले त्यस छडीलाई जमिनमा फ्याँक्दा सर्प बन्यो र मूसा त्यसको अगाडिबाट भाग्यो ॥ तब परमेश्वरले मूसालाई भन्यो कि आफ्नो हात बढाएर त्यसको पुछारलाई समात्, तब उसले आफ्नो हात बढाएर त्यसको पुछार समात्यो फेरि त्यो उसको हातमा छडी भयो । तब परमेश्वरले उसलाई भन्यो कि फेरि तैंले आफ्नो हात आफ्नो काखमा राख र उसले त्यसै गर्‍यो, तब उसले हात निकालेर हेर्दा त हिउँजस्तै कुष्ठी थियो । र उसले भन्यो कि फेरि तेरो हात काखमा राख उसले त्यसै गर्‍यो तब हेर्दा त त्यसको हात पहिलाको जस्तै दुरुस्त भयो ॥ तैंले नील नदीको जल लिएर सुक्का ठाउँमा हाल्नु र त्यो जल त्यहाँ सुक्का ठाउँमा रगत हुनेछ ॥**

–तौरेत (यात्रापर्व/अध्याय ४/आयत २, ३, ४, ६, ७, ९) ॥

**समीक्षक–** अब हेर्नुहोस् ! कस्तो जादुगरको खेल, खेलाडी ईश्वर, उसको सेवक मूसा र यी कुराहरूलाई मान्नेहरू कस्ता छन् ? के आजभोलिका जादुगरहरूले यस भन्दा कम्ती करामत गर्दछन् ? यो ईश्वर के, यो त ठूलो खेलाडी हो । यस्ता कुरालाई विद्वान्हरूले कसरी मान्दछन् ? र प्रत्येक पटक म ईश्वर

हूँ, इब्राहीम, इसहाक र याकूबको इत्यादि प्रत्येक पटक आफ्नै मुखले प्रशंसा गर्दै-फिर्नु, यो कुरो उत्तम जनको हुनै सक्दैन किन्तु कुनै दंभी मनुष्यको हुन सक्दछ ॥४०॥

**मूल–४१– तब मूसाले इस्राएलका सबै बुजुकहरूलाई बोलाएर भन्यो, तिमीहरूले आफ्नो-आफ्नो कुलको अनुसार एक-एक पाठा छुटचाएर राख, र फसहको (पर्वको) पशु बलि गर्नू ॥ र त्यसको रगत जुन तसलामा हुन्छ त्यसमा जूफाको एक गुच्छा डुबाएर उसै तसलाको रगतले द्वारको चौकोसको माथि दुवैतिर छचाप्नु र बिहानसम्म तिमीहरू कोही पनि घरबाट बाहिर ननिस्कनु ॥ किनभने परमेश्वरले देशको बीच हुँदै मिस्रीहरूलाई मार्दै जानेछ; जहाँ-जहाँ द्वारको चौकोसमा रगत छचापिएको देख्नेछ त्यस-त्यस द्वारलाई छोड्नेछ, र नाश गर्नेवालाहरूलाई तिम्रो घरमा मार्नको लागि प्रवेश दिने छैन ॥**

–तौरेत (यात्रापर्व/अध्याय १२/आयत २१, २२, २३) ॥

**समीक्षक**– भला, यो जुन काम टुना-मुना गर्नेवालाको जस्तै छ, त्यो ईश्वर कहिल्यै सर्वज्ञ हुन सक्दछ ? जब रगतको छाप देखेमात्र इस्राएलको कुलको घर जान्ने, अन्यथा नजान्ने । यो काम क्षुद्र बुद्धिवाला मनुष्यको जस्तो छ । यसबाट विदित हुन्छ कि यी कुराहरू कुनै जङ्गली मनुष्यले लेखेको हो ॥४१॥

**मूल–४२– र यस्तो भयो कि आधी रातको ईश्वरले मिस्र देशको सिंहासनमा विराजमान फिरौनदेखि लिएर बन्धनमा परेका बँधुवाहरूसम्म सबैका जेठो सन्तानलाई, वरन पशुहरू समेतका जेठा बच्चा सबैलाई मार्‍यो ॥ र फिरौन रातमा नै उठेर बस्यो, र उसका सबै कर्मचारी, सम्पूर्ण मिस्री उठे; र मिस्रमा बडो हाहाकार मच्चियो, किनभने एउटा घर पनि बचेको थिएन जसमा कोही मरेको नहोस् ॥**

–तौरेत (यात्रापर्व/अध्याय ४/आयत २९, ३०) ॥

**समीक्षक**– वाह ! आधी रातमा डाँकूको समान निर्दयी बनेर ईसाईहरूको ईश्वरले बच्चा, केटा, वयस्क, वृद्ध र पशुसमेत पनि बिना अपराध मारिदियो र कत्ति पनि दया आएन । मिस्रमा बडो विलाप भैरह्यो तर पनि ईसाईहरूको ईश्वरको चित्तबाट निष्ठुरता नष्ट भएन ! यस्तो काम ईश्वरले त के किन्तु कुनै भला मनुष्यले पनि गर्दैनन् । यसमा आश्चर्य छैन, किनभने यस्तो लेखिएको छ कि **'मांसाहारिणः कुतो दया'** जब ईसाईहरूको ईश्वर मांसाहारी छ भने त उसलाई दयाको के काम हुने ? ॥४२॥

**मूल–४३– परमेश्वर तिम्रा लागि युद्ध गर्नेछ, यसैले तिमीहरू चुपचाप रहनु ॥ तब परमेश्वरले मूसालाई भन्यो, तैंले किन मेरो चिन्ता गर्दैछस् ? इस्राएलका सन्तानलाई भन्नु कि तिमीहरू यहाँबाट अगाडि बढ ॥ र तैंले आफ्नो लट्ठी उठाएर आफ्नो हातलाई समुद्रमाथि बढाउनू, र त्यो दुई भाग हुन जानेछ; तब इस्राएली समुद्रको बीच हुँदै स्थलै-स्थलबाट हिंडेर जानेछन् ॥**

–तौरेत (यात्रापर्व/अध्याय १४/आयत १४, १५, १६) ॥

**समीक्षक**– के हो जी ! अगाडि त ईश्वर भेडाको पछाडि गोठालाको भैं इस्राएल कुलको पछि-पछि डुल्थ्यो, अब नजाँने कहाँ गयो ? नत्र भने त समुद्रको बीचबाट चारैतिरको रेलगाडिहरूको सडक बनाउनुपर्ने, जसबाट सबै संसारको उपकार हुने थियो र डुँगा आदि बनाउने परिश्रम पनि पर्ने थिएन । परन्तु के गर्ने, ईसाईहरूको ईश्वर नजाने कहाँ लुकिरहेको छ ? इत्यादि थुप्रै मूसाको साथमा असम्भव लीला ईश्वरले गर्‍यो । परन्तु यो विदित भयो कि यस्तो ईश्वर, यस्ता उसका सेवक र यस्ता ईश्वरकृत पुस्तक हामीहरूदेखि टाढा भएकै जाती ॥४३॥

**मूल–४४– तैंले उनलाई दण्डवत् नगर्नू, न त उनको उपासना नै गर्नू, किनभने म तेरो परमेश्वर जलन राख्नेवाला ईश्वर हूँ, र जसले मसँग वैर राख्दछन्, उनका छोराहरू, नातिहरू र पलाँतिहरूलाई पनि अर्थात् चौथो पिंढीसम्म दण्ड दिने गर्दछु ॥** –तौरेत (यात्रापर्व/अध्याय २०/आयत ५) ॥

**समीक्षक**– भला यो कुन घरको न्याय हो कि जो पिताको अपराधदेखि चार पुस्तासम्म दण्ड दिनु राम्रो मान्ने । के असल पिताको दुष्ट र दुष्ट पिताको श्रेष्ठ सन्तान हुँदैनन् ? यदि यस्तै हो भने त चौथो पुस्तासम्म दण्ड कसरी दिन सक्दछ ? र जो पाँचौ पुस्तादेखि अगाडि दुष्ट हुनेछ, त्यसलाई दण्ड दिन सक्नेछैन । बिना अपराध कसैलाई दण्ड दिनु अन्यायकारीको कुरा हो ॥४४॥

**मूल–४५– विश्रामको दिन उसलाई पवित्र राख्नको लागि स्मरण गर्नू ॥ छः दिनसम्म तैंले परिश्रम गर्नू....॥ परन्तु सातौं दिन परमेश्वर तेरो ईश्वरको विश्राम हो....॥....परमेश्वले विश्रामको दिनलाई आशीष दियो....॥** –तौरेत (यात्रापर्व/अध्याय २०/आयत ८, ९, १०, ११) ॥

**समीक्षक**– के रविवार एउटा मात्र पवित्र र बाँकी छः दिन अपवित्र हुन् ? र के परमेश्वरले छः दिनसम्म बडो परिश्रम गरेको थियो र जसबाट थाकेर सातौं दिन सुत्यो ? यदि रविवारलाई आशीर्वाद दियो भने त बाँकी सोमवार आदि छः दिनलाई के दियो ? अर्थात् श्राप दियो होला । यस्तो काम विद्वान्‌को पनि

हुन सक्दैन भने त ईश्वरको कसरी हुन सक्दछ ? भला रविवारमा के गुण र सोमवार आदिले के दोष गरेका थिए कि जसबाट एउटालाई पवित्र तथा वर दियो र अन्यलाई यत्तिकै अपवित्र गरिदियो ॥४५॥

**मूल–४६– आफ्नो छिमेकी माथि झुटो साक्षी नदिनू ॥.....आफ्ना छिमेकीको स्त्री, दास, दासी, चौपाय र कुनै वस्तुलाई जुन छिमेकीको हो, लालच नगर्नू ॥**

–तौरेत (यात्रापर्व/अध्याय २०/आयत १६, १७) ॥

**समीक्षक–** वाह ! तब नै ईसाईहरू परदेशीहरूको मालमा यसरी झुक्दछन् कि जानो तिर्खालु पानीमा, भोको अन्नमा । जस्तै यो केवल मतलबसिन्धु र पक्षपातको कुरा हो, यस्तै नै ईसाईहरूको ईश्वर पनि छ । यदि कसैले भन्दछ कि हामी सबै मनुष्यमात्रलाई छिमेकी मान्दछौं तब सिवाय मनुष्यहरूको अन्य कुन स्त्री र दासी आदि वाला हुन् जसलाई छिमेकी नमान्ने ? यसैले यी कुराहरू स्वार्थी मनुष्यको हो, ईश्वरको होइन ॥४६॥

**मूल–४७– जो कुनै मनुष्यलाई यस्तो मारोस् कि त्यो मरोस्, त्यो पनि निश्चय नै मारियोस् ॥ यदि उसको घातमा नबसेको होस्, र परमेश्वरको इच्छाबाटै उसको हातमा पर्दछ भने त, यस्तो मार्नेवालालाई भाग्नको लागि मैले एक स्थान बताइदिनेछु जहाँ त्यो भागेर जाओस् ॥**

–तौरेत (यात्रापर्व/अध्याय २१/आयत १२, १३) ॥

**समीक्षक–** यदि यो ईश्वरको न्याय साँचो हुन्थ्यो भने त मूसाले एक जनालाई मारेर गाडेर भागेको थियो, मूसालाई किन दण्ड दिइएन ? यदि भन्दछौ कि ईश्वरले त्यसलाई मार्नको लागि मूसालाई पठाएको थियो भने तापनि ईश्वर पक्षपाती ठहरियो, किनभने त्यस मूसालाई राजाबाट न्याय किन हुन दिइएन ? ॥४७॥

**मूल–४८– तब उसले कयौं इस्राएली जवानहरूलाई पठायो, जसले परमेश्वरको लागि होमबलि र गोरुहरूबाट बलिदान चढाए ॥ र मूसाले आधा रगतलाई लिएर भाँडामा राख्यो र आधा रगतलाई वेदीमा छर्कियो....॥ र मूसाले त्यस रगतलाई लिएर मान्छेहरूमाथि छर्कियो र भन्यो यो रगत त्यस वाचाको हो जसलाई परमेश्वरले यी सबै वचनहरूको कारण तिम्रो साथ गरेको छ ॥ र परमेश्वरले मूसालाई भन्यो कि पहाडमा मकहाँ आउनु र वहीं रहनु मैले तँलाई ढुङ्गाका पाटीहरू, व्यवस्था र आज्ञा जो मैले लेखेको छु तँलाई दिनेछु ॥**

–तौरेत (यात्रापर्व/अध्याय २४/आयत ५, ६, ८, १२) ॥

**समीक्षक–** अब हेर्नुहोस् ! यो सबै कुरा जङ्गली मान्छेहरूको हो कि होइन ? र परमेश्वर गोरुहरूको बलिदान लिने र वेदीमा रगत छर्किने यो कस्तो जङ्गलीपन र असभ्यताको कुरा हो ? जब ईसाईहरूको खुदाले पनि गोरुहरूको बलिदान लिन्छ भने त भक्तले गोरु-गाईको बलिदानको प्रसादीबाट पेट किन नभर्ने ? र जगत्मा हानि किन नगर्ने ?

यस्ता-यस्ता नराम्रा कुराहरू बाइबलमा भरिएको छ, यसैका कुसंस्कारहरूबाट वेदहरूमा पनि यस्तै झुट्टा दोष लगाउन चाहन्छन् परन्तु वेदहरूमा यस्ता कुराको नाम पनि छैन ।

र यो पनि निश्चय भयो कि ईसाईहरूको ईश्वर एक पहाडी मनुष्य थियो, पहाडमा रहन्थ्यो । जब त्यो खुदा मसी, कलम, कागज बनाउन जान्थेन; न त त्यसलाई प्राप्त थियो, यसैले ढुङ्गाका पाटीमा व्यवस्थाहरू लेखेर दिने गर्दथ्यो र यिनै जङ्गलीहरूको सामुन्ने ईश्वर बनेर बस्दथ्यो ॥४८॥

**मूल–४९– र भन्यो कि तैंले मेरो रूप देख्न सक्दैनस् किनभने मलाई देखेर कोई मान्छेहरू बाँच्न सक्दैनन् ॥ र परमेश्वरले भन्यो कि हेर मसँग एउटा चट्टानको स्थान छ र तँ त्यहाँ उभिनु ॥ र यस्तो हुनेछ कि जबसम्म मेरो विभव (तेज) तेरो सामुन्नेबाट निस्कने छ तब मैले तँलाई पहाडको खोंचमा राख्नेछु र जबसम्म तेरो सामुन्नेबाट निस्किसक्नेछु तँलाई आफ्नो हातले ढाक्नेछु ॥ फेरि आफ्नो हात उठाउनेछु र तँ मेरो पछाडि देखिनेछस् र पीठको दर्शन त गर्नेछस् परन्तु मेरो रूप देख्नेछैनस् ॥**

–तौरेत (यात्रापर्व/अध्याय ३३/आयत २०-२३) ॥

**समीक्षक–** अब हेर्नुहोस् ! ईसाईहरूको ईश्वर केवल मनुष्यवत् शरीरधारी र मूसासँग कस्तो प्रपञ्च रचेर आफू स्वयं ईश्वर बनेको छ । जो पछाडि देखिन्छ, रूप देखिंदैन भने त हातले त्यसलाई ढाकि पनि दियो होला । जब मूसालाई आफ्नो हातले ढाक्यो होला तब त उसको हातको रूप उसले देखेन होला ? ॥४९॥

## लैव्य व्यवस्थाको पुस्तक (तौरेत) (१३.२.३)

**मूल–५०– र परमेश्वरले मूसालाई बोलायो र मिलापवाला मण्डलीको तम्बूबाट यो वचन उसले भन्यो ॥ कि इस्राएलका सन्तानहरूसँग बोल र उनीहरूलाई भन्नु कि यदि तिमीहरूले परमेश्वरलाई भेटी ल्याउँदाखेरि त पशुबलि अर्थात् गाई, गोरु र भेडा, बाख्राबाट आफ्नो भेटी ल्याउने गर्नू ॥**

–तौरेत (लैव्य व्यवस्थापर्व/अध्याय १/आयत १, २) ॥

**समीक्षक**– अब विचार गर्नुहोस् ! ईसाईहरूको परमेश्वर गाई, गोरु, भेडा, बाख्रा आदिको भेटी लिनेवाला, जो कि आफ्नो लागि बलिदान गराउनको लागि उपदेश गर्दछ । त्यो गाई, गोरु, भेडा, बाख्रा आदि पशुको रगत र मासुको प्यासो, भोको हो कि होइन ? यसैबाट त्यसलाई अहिंसक र ईश्वरको कोटिको दाँजोमा गनिन कहिल्यै पनि सकिँदैन किन्तु मांसाहारी प्रपञ्ची मनुष्यको सदृश हो ॥५०॥

**मूल–५१– तब त्यो बाच्छोलाई परमेश्वरको सामुन्ने बलि गरोस्; र हारूनको पुत्र जुन याजक हो त्यसले रगतलाई समीपमा लगेर त्यस वेदीको चारैतिर छर्कियोस् जुन कि मिलापवाला तम्बूको द्वारमा छ ॥ फेरि त्यो होमबलिपशुको छाला काढेर त्यस पशुलाई टुक्रा-टुक्रा पारोस् ॥ तब हारून याजकको पुत्रले वेदीमा आगो बालोस्, र आगोमा दाउरा सजाएर राखोस् ॥ र हारूनको पुत्र जुन याजक हो उसले टाउकोबाट बोसो समेत पशुको टुक्रा पारेर त्यस वेदीको बलिरहेको दाउरामाथि सजाएर राखोस् ॥ र त्यसको भित्रीमासु र खुट्टालाई पानीले धोओस् । तब याजकले सबै टुक्रालाई वेदीमा जलाओस्, कि त्यो होमबलि परमेश्वरको लागि सुखदायक सुगन्धवाला हवन ठहरियोस् ॥**

–तौरेत (लैव्य व्यवस्थापर्व/अध्याय १/आयत ५-९) ॥

**समीक्षक**– थोरै विचार गर्नुहोस् त ! बाच्छोलाई परमेश्वरको अगाडि उसको भक्तले मार्ने र उसले मराउने र रगतलाई चारैतिर छर्कने, अग्निमा होम गर्ने, ईश्वरले सुगन्ध लिने, भला यो कसाईको घर भन्दा केही कम्तीको लीला छैन ? यसैबाट न बाइबल ईश्वरकृत, न त त्यो जङ्गली मनुष्यको सदृश लीलाधारी ईश्वर हुन सक्दछ ॥५१॥

**मूल–५२– फेरि ईश्वरले मूसालाई भन्यो ॥ कि इस्राएलीहरूलाई यो भन्नु कि, यदि कोई मनुष्य ती कामहरूदेखि जसलाई ईश्वरले निषेध गरेको छ कुनै कामलाई भुलले गरेर पापी हुन्छ भने ॥ र यदि अभिषिक्त याजकले यस्तो पाप गरेमा, जसबाट प्रजा दोषी ठहरिन्छन् भने त, आफ्नो पापको कारण त्यसले एउटा निष्खोट बाच्छो ईश्वरको लागि पापबलि गरेर चढाउनु ॥ र अभिषिक्त याजकले त्यस बाच्छोलाई मिलापवाला तम्बूको द्वारमा ईश्वरको अगाडि लगेर त्यसको टाउकामा हात राखेर, र त्यस बाच्छोलाई ईश्वरको सामुन्ने बलि गरोस् ॥** –तौरेत (लैव्य व्यवस्थापर्व/अध्याय ४/आयत १, २, ३, ४) ॥

**समीक्षक**– अब हेर्नुहोस् पापलाई छुटाउने प्रायश्चितको विधि ! स्वयंले पाप गर्ने, गाई आदि उत्तम पशुहरूको हत्या गर्ने र परमेश्वरले गराउने । धन्य हुन् ईसाईहरू कि यस्तो कुराहरूलाई गर्ने-गराउनेवालालाई पनि ईश्वर मानेर आफ्नो मुक्तिको आशा गर्दछन् ॥५२॥

**मूल–५३– जब कुनै अध्यक्षले पाप गर्दछ....॥....तब त्यसले निष्खोट पाठो आफ्नो भेटीको लागि लिएर आओस् ॥ र....त्यसलाई ....परमेश्वरको अगाडि बलि गरोस् तब पाप कटनी हुनेछ ॥**

–तौरेत (लैव्य व्यवस्थापर्व/अध्याय ४/आयत २२, २३, २४) ॥

**समीक्षक**– वाहजी ! वाह ! यदि यस्तै हो भने त यिनका अध्यक्ष अर्थात् न्यायाधीश तथा सेनापति आदि पाप गर्नदेखि किन डराउँछन् होला र ? आफूले यथेष्ट पाप गर्ने र प्रायश्चितको बदलामा गाई, बाच्छा, बाख्रा आदिका प्राण लिने, तब नै ईसाईहरू कुनै पशु वा पक्षीको प्राण लिनमा शङ्कित हुँदैनन् । सुन ईसाईहरू हो ! अब त यस जङ्गली मतलाई छोडेर सुसभ्य धर्ममय वेदमतलाई स्वीकार गर कि जसबाट तिम्रो कल्याण होस् ॥५३॥

**मूल–५४– यदि त्यसमा भेडा ल्याउने क्षमता छैन भने त त्यसले गरेको अपराधको लागि दुई वटा पाठापाठी अथवा परेवाका बच्चा परमेश्वरको लागि ल्याओस् ॥ र त्यसको टाउको गर्दनमा बटारोस् परन्तुनछिंदोस् ॥....त्यसले गरेको पापको प्रायश्चित गरोस् र त्यसको लागि क्षमा गरिनेछ ॥ तर यदि परेवाका बचेरा पनि ल्याउने क्षमता छैन भने त....सेर भर चोखो पीठो पापबलिको भेटीको लागि ल्याओस्* र त्यसमाथि तेल नहालोस्....॥....र त्यसलाई क्षमा हुनेछ ॥**

–तौरेत (लैव्य व्यवस्थापर्व/अध्याय ५/आयत ७, ८, १०, ११, १३) ॥

---

*यस ईश्वर धन्य हो कि जसले बाच्छा, भेडा बाख्राका पाठा-पाठी, परेवा र पीठोसम्म लिने नियम बनाएको छ । अद्भुत कुरा त यो छ कि परेवाका बचराको 'गर्दन बटारेर' लिने गर्दथ्यो ताकि आफूले बटार्न नपरोस् । यी सबै कुराहरूलाई हेर्दामा विदित हुन्छ कि जङ्गलीहरूमा कोई चतुर पुरुष थियो, त्यो पहाडमा गएर बस्यो र आफूलाई ईश्वर प्रसिद्ध गरायो । जङ्गलीहरू अज्ञानी थिए, उनीहरूले त्यसलाई ईश्वर स्वीकार गरे । आफ्ना युक्तिहरूबाट त्यसले पहाडमा नै खानको लागि पशु, पक्षी र अन्नादि मगाउने गर्दथ्यो र मोज गर्दथ्यो । त्यसका दूत=फरिश्ता काम गर्ने गर्दथे । सज्जनहरूले विचार गर्नुहोस् कि कहाँ त बाइबलमा गाई, गोरु, बाच्छा, बाख्रा, भेडा, पाठा-पाठी, परेवा र राम्रो पीठो खानेवाला ईश्वर र कहाँ सर्वव्यापक, सर्वज्ञ, अजन्मा, निराकार, सर्वशक्तिमान् र न्यायकारी इत्यादि उत्तम गुणयुक्त वेदोक्त ईश्वर ?

**समीक्षक–** अब सुन्नुहोस् ! ईसाईहरूमा पाप गर्नको लागि कोई धनाढच डराउँदैन होला न त दरिद्र पनि; किनभने यिनको ईश्वरले पापहरूको प्रायश्चित गर्नको लागि सहज बनाएर राखेको छ । यो एउटा कुरा ईसाईहरूको बाइबलमा अद्भुत छ कि बिना कष्ट गरेर पापबाट छुटेर जाने । किनभने एक त पाप गऱ्यो दोस्रो जीवहरूको हिंसा गऱ्यो र खुब आनन्दले मासु खायो र पाप पनि छुटेर गयो ।

भला ! परेवाको बचेराको गर्दन मोडिदिनाले धेरै बेरसम्म छटपटिन्छ होला तब पनि ईसाईहरूलाई दया आउँदैन । दया कसरी आउने ! यिनका ईश्वरको उपदेश नै हिंसा गर्नको लागि छ, र जब सबै पापहरूको यस्तो प्रायश्चित छ भने त ईसाको विश्वासबाट पाप छुटेर जान्छ, यो ठूलो आडम्बर किन गर्दछन् ॥५४॥

**मूल–५५– र याजक कसैको लागि होमबलि चढाउँछ भने त्यस होमबलिपशुको छाला त्यही याजकले लेओस् ॥ र तन्दूरमा, कराहीमा, वा ताओमा पाकेको सबै भेटबलि उसै याजकको हुनेछ जसले त्यसलाई चढाउँछ ॥** –तौरेत (लैव्य व्यवस्थापर्व/अध्याय ७/आयत ८, ९) ॥

**समीक्षक–** हामीले जान्दथ्यौं कि यहाँ देवीका भोपे र मन्दिरहरूका पुजारीहरूको पोपलीला विचित्र छ, परन्तु ईसाईहरूको ईश्वर र उनका पुजारीहरूको पोपलीला यस भन्दा पनि हजारौंगुणा बढेर रहेछ, किनभने चोरीको दाम र भोजनको पदार्थ खानको लागि आओस् फेरि ईसाईहरूका याजकहरूले खुब मौज उडाए होलान् ? र अहिले पनि उडाउँदै होलान् ? भला, कोई मनुष्य एउटा छोरालाई मार्ने र अर्को छोरालाई त्यसको मासु खुवाउने, यस्तो कहिल्यै हुन सक्दछ ? त्यसै गरी सबै मनुष्य, पशु, पक्षी आदि सबै जीव ईश्वरका पुत्रवत् हुन् । परमेश्वरले यस्तो काम कहिल्यै गर्न सक्दैन । त्यसैले यो बाइबल ईश्वरकृत र यसमा लेखिएको ईश्वर र यसलाई मान्नेवाला धर्मज्ञ कहिल्यै हुन सक्दैनन् । यस्तै नै सबै कुराहरू लैव्य व्यवस्था आदि पुस्तकहरूमा भरिएको छ, कहाँसम्म गणना गराऊँ ॥५५॥

## गणनाको पुस्तक (तौरेत) (१३.२.४)

**मूल–५६– सो गधिनीले परमेश्वरको दूतलाई आफ्नो हातमा नाङ्गो तलवार खिचेर बाटामा उभिएको देखी, तब गधिनी बाटोलाई छोडेर छुट्टै खेतमा पसी, त्यसलाई मार्गमा फर्काएर ल्याउनको लागि बिलामले गधिनीलाई लट्ठीले हिर्कायो ॥ तब परमेश्वरले गधिनीको मुख खोल्यो र त्यसले बिलामसित भन्यो कि मैले तेरो के बिराम गरेको छु कि तैंले मलाई अहिले तीन पटक चुटिस् ॥**

–तौरेत (गणनापर्व/अध्याय २२/आयत २३, २८) ॥

**समीक्षक–** प्रथम त गधासम्मले ईश्वरका दूतहरूलाई देख्दथे र आजभोलि बिशप पादरी आदि श्रेष्ठ वा अश्रेष्ठ मनुष्यहरूलाई पनि खुदा वा उसका दूत देखिंदैनन् । के आजभोलि परमेश्वर र उसका दूत छन् कि छैनन् ? यदि छन् भने त गहिरो निद्रामा सुतेका छन् ? वा रोगी भए अथवा कुनै अन्य भूगोलमा फड्को मारे ? वा कुनै अर्को धन्धामा लागे ? वा अब ईसाईहरूसँग रुष्ट हुन गए ? अथवा मरे ? विदित भएको छैन कि के भयो ? अनुमान त यस्तो लागिरहेको छ कि अहिले छैनन्, देखिंदैनन् त तब पनि थिएनन् र देखिन्थेनन् होलान्, किन्तु यी केवल मनमानी गफौडा उडाए होलान् ॥५६॥

**मूल–५७– सो अब केटाहरूमा हर एक छोरालाई र हर एक स्त्री जो पुरुषसँग संयुक्त भएकी छ, प्राण निकालिदिनु ॥ परन्तु छोरीहरू जो पुरुषसँग संयुक्त भएका छैनन्, उनीहरूलाई आफ्नो लागि जिउँदै राख्नू ॥**

–तौरेत (गन्तीपर्व/अध्याय ३१/आयत १७, १८) ॥

**समीक्षक–** वाह जी ! मूसा पैगम्बर र तिम्रो ईश्वर धन्य हो कि जो स्त्री, बाल, वृद्ध र पशु हत्या गर्नबाट पनि अलग रहेन र यसबाट स्पष्ट निश्चित हुन्छ कि मूसा विषयी थियो । किनभने यदि विषयी हुन्थेन भने त 'अक्षतयोनि' अर्थात् पुरुषहरूसँग समागम नगरेकी कुँवारी कन्याहरू आफ्नो लागि किन माग्दथ्यो वा उनीहरूलाई यस्तो निर्दय वा विषयीपनको आज्ञा किन दिन्थ्यो ? ॥५७॥

## समुएलको दोस्रो पुस्तक (तौरेत) (१३.२.५)

**मूल–५८– र त्यसै दिन रातिमा यस्तो भयो कि परमेश्वरको यो वचन भन्दै नातानमा पुग्यो ॥ कि जा र मेरो सेवक दाऊदलाई भन्नु कि परमेश्वरले भनेको छ कि– के मेरो निवासको लागि तैंले एउटा घर बनाइदिन्छस् ? ॥ किनभने जहिलेदेखि इस्राएलका सन्तानहरू मिस्रबाट निकालेर ल्याएँ, मैले त आजको दिनसम्म पनि घरमा वास गरेको छैन परन्तु तम्बूमा र डेरामा फिरिराखेको छु ॥**

–तौरेत (समुएल दोस्रोपर्व/अध्याय ७/आयत ४, ५, ६) ॥

**समीक्षक–** अब कत्ति पनि सन्देह रहेन कि ईशाईको ईश्वर मनुष्यवत् देहधारी हो । फेरि शिकायत गर्दछ कि मैले धेरै परिश्रम गरें, यता-उता धेरै दौडिएँ, अब दाऊद तैंले घर बनाइदिएमा त मैले त्यसमा आराम गर्ने थिएँ, किन ईसाईहरूको यस्तो ईश्वर र यस्ता पुस्तकलाई मान्नमा लज्जा पनि आउँदैन ? परन्तु के गरून् बिचराहरू फस्न गए त गए । अब निस्कनको लागि बडो पुरुषार्थ गर्नपर्ने भयो ॥५८॥

## राजाहरूको पुस्तक (तौरेत) (१३.२.६)

**मूल–५९– र बाबेलको राजा नबूकदनेस्सरको राज्यको उन्नाईसौं वर्षको पाँचौं महिनाको सातौं तिथिमा बाबेलको राजा एक सेवक नबूजरदान जुन जल्लादहरूको प्रधान अर्थात् निज सेनाको प्रधान अध्यक्ष थियो, यरूसेलममा आयो ॥ र त्यसले परमेश्वरको मन्दिर, राजाको भवन र यरूसेलमका सारा घरहरू र हर एक ठूला घरलाई जलाइदियो ॥ र कसदिहरूका सारा सेनाले जुन त्यस निज सेनाको अध्यक्षको साथमा थिए, यरूसेलमको भित्ता र पर्खाललाई चारैतिरबाट ढालिदिए ॥**

–तौरेत (राजाहरूको पर्व २/अध्याय २५/आयत ८, ९, १०) ॥

**समीक्षक–** के गर्ने त, ईसाईहरूको ईश्वरले त आफ्नो आरामको लागि दाऊद आदिसँगबाट घर बनाएको थियो, त्यसमा आराम गर्थ्यो होला, परन्तु नबूजरदानले ईश्वरको घरलाई नष्ट-भ्रष्ट गरिदियो र ईश्वर वा उसका दूतहरूको सेनाले केही पनि गर्न सकेनन् ।

प्रथम त यिनको ईश्वरले बडो लडाई गर्दथ्यो र विजयी हुन्थ्यो परन्तु अहिले त आफ्नो घरसमेत जलाएर-फोरेर बस्यो । न जाने चुपचाप किन बसिरह्यो ? फेरि त्यसका दूतहरू नजाने कता भागे ? यस्तो समयमा कोही पनि काममा आएनन् र ईश्वरको पराक्रम पनि न जाने कहाँ उडेर गयो ? यदि यो कुरो साँचो हो भने त जुन-जुन विजयको कुराहरू प्रथममा लेखे सो-सो सबै व्यर्थ हुन गयो । के मिस्रका केटा-केटीहरूलाई मारेर मात्रै शूरवीर बनेको थियो ? अहिले शूरवीरहरूको सामुन्ने चुपचाप भएर बसिरह्यो ? यो त ईसाईहरूको ईश्वरले आफ्नो निन्दा र अप्रतिष्ठा गरायो । यस्तै हजारौं यस पुस्तकमा निकम्मा कथाहरू भरेका छन् ॥५९॥

## जबूरको दोस्रो भाग

## कालको समाचारको पहिलो पुस्तक (इतिहास) (१३.२.७)

**मूल–६०– सो परमेश्वर मेरो ईश्वरले इस्राएलमा मरी पठायो र इस्राएलका मध्येबाट सत्तरी हजार पुरुष ढले ॥** –तौरेत (इतिहासपर्व १/अध्याय २१/आयत १४) ॥

**समीक्षक–** अब हेर्नुहोस् इस्राएलका ईसाईहरूको ईश्वरको लीला ! जुन इस्राएल कुलको लागि थुप्रै वर दिएको थियो र रात-दिन जसको कोर्कामा हल्लन्थ्यो, अब झट क्रोधित भएर मरीलाई पठाएर सत्तरी हजार मनुष्यहरूलाई माऱ्यो । यस्तै देखेर कुनै कविले लेखेका छन्, सत्य हो कि–

**क्षणे रुष्टः क्षणे तुष्टो रुष्टस्तुष्टः क्षणे क्षणे । अव्यवस्थितचित्तस्य प्रसादोऽपि भयङ्करः ॥**

जसरी कोई मनुष्य क्षणमा प्रसन्न, क्षणमा अप्रसन्न हुन्छ अर्थात् क्षण-क्षणमा प्रसन्न-अप्रसन्न हुन्छ, त्यस्ताको प्रसन्नता पनि भयदायक हुन्छ, त्यस्तै लीला ईसाईहरूको ईश्वरको छ ॥६०॥

## ऐयूबको पुस्तक (जबूर) (१३.२.८)

**मूल–६१– र एक दिन यस्तो भयो कि परमेश्वरको अगाडि ईश्वरको पुत्र आएर उभियो र शैतान पनि उनको मध्यमा परमेश्वरको अगाडि आएर उभियो ॥ र परमेश्वरले शैतानलाई सोधे कि तँ कहाँबाट आउँदैछस् ?, तब शैतानले उत्तर दिंदै परमेश्वरसँग भन्यो कि पृथ्वीमा घुम्दै र यता-उता फिर्दै आइरहेको छु ॥ तब परमेश्वरले शैतानलाई सोध्यो कि तैंले मेरो दास ऐयूबलाई जाँचेको छस् कि उसको समान पृथ्वीमा अरू कोही छैन, त्यो सिद्ध र खरो जन ईश्वरदेखि डराउँछ र पापदेखि अलग रहन्छ र अहिलेसम्म आफ्नो सच्चाईलाई थामेर राखेको छ र तैंले मलाई त्यसलाई अकारण नाश गर्नको लागि उक्साइस् ॥ तब शैतानले उत्तर दिएर परमेश्वरलाई भन्यो कि धूर्तको लागि धूर्त्याईं, परन्तु प्राणको बदलामा मनुष्यले आफ्नो सबै थोक दिन्छ ॥ परन्तु अहिले आफ्नो हात बढाएर त्यसको हाड-मासुलाई छोइदे, तब त्यसले निःसन्देह तँलाईं तेरो सामुन्ने निन्दा गर्नेछ ॥ तब परमेश्वरले शैतानलाई भन्यो कि, हेर त्यो तेरो हातमा छ, केवल त्यसको प्राणलाई बचाइदे ॥ तब शैतान परमेश्वरको अगाडिबाट निस्कियो र ऐयूबको शिरदेखि पाउसम्म नराम्रोसँग खटिराले पीडित गरायो ॥** –जबूर (ऐयूबपर्व/अध्याय २/आयत १-७) ॥

**समीक्षक–** अब हेर्नुहोस् ईसाईहरूको ईश्वरको सामर्थ्य ! कि शैतानले उसको सामुन्ने उसका भक्तलाई दुःख दिन्छ । न शैतानलाई दण्ड, न त आफ्नो भक्तलाई बचाउन सक्दछ न त उसका दूतहरूले नै

त्यसको सामना गर्न सक्दछन् । एउटा शैतानले सबैलाई भयभीत बनाएर राखेको छ । र ईसाईको ईश्वर पनि सर्वज्ञ होइन । यदि सर्वज्ञ हुन्थ्यो भने त ऐयूबको परीक्षा शैतानसँग किन गराउँथ्यो ? ॥६१॥

## उपदेशको पुस्तक (जबूर) (१३.२.९)

**मूल–६२– हो मेरो अन्तःकरणले बुद्धि र ज्ञान धेरै देखेको छ ॥ मैले आफ्नो मन लगाएँ कि बुद्धि र ज्ञानको भेद लिऊँ र बावलेपन र मूर्खतालाई पनि जानूँ, मलाई थाहा भयो कि यो पनि वायुलाई समाउनु जस्तै कठिन हो ॥ किनभने धेरै बुद्धिको साथ धेरै खेद पनि हुन्छ, र जसले आफ्नो ज्ञान बढाउँछ त्यसले आफ्नो दुःख पनि बढाउँछ ॥** –जबूर (सभोपदेशक पर्व/अध्याय १/आयत १६, १७, १८) ॥

**समीक्षक–** अब हेर्नुहोस् ! जुन बुद्धि र ज्ञान शब्द पर्यायवाची हुन्, त्यसलाई दुई मान्दछन् । र बुद्धिको वृद्धिमा शोक र दुःख मान्नु, बिना अविद्वान्को यस्तो लेख कसले गर्न सक्दछ ? त्यसैले यो बाइबल ईश्वरले बनाएको त हुँदैहोइन भने कुनै विद्वान्ले बनाएको पनि होइन ॥६२॥

यहाँ थोरैमात्र तौरेत र जबूरको विषयमा लेखियो । यसको अगाडि थोरैमात्र मत्ती आदि रचित इञ्जीलको विषयमा लेखिनेछ, अहिले जसलाई ईसाइहरूले ठूलो प्रमाणभूत मान्दछन्, जसको नाम इञ्जील राखेका छन्, त्यसको परीक्षा थोरैमात्र लेख्दछु कस्तो लाग्दछ ।

## (ख) नयाँ विधानको पुस्तक (इञ्जील) (१३.३)

## मत्तीरचित इञ्जील (१३.३.१)

**मूल–६३– यीशु ख्रीष्टको जन्म यस रीतिबाट भयो, उसकी आमा मरियमको यूसुफसित मंगनी (विवाहको लागि वचनवद्ध) भएको थियो । परन्तु उनको विवाह हुनुभन्दा पहिला नै देखियो कि उनी पवित्र आत्माबाट गर्भवती छन् ।....हेर परमेश्वरको एउटा दूतले स्वप्नमा उसलाई दर्शन दिएर भन्यो कि– हे दाऊदका सन्तान यूसुफ तँ आफ्नी स्त्री मरियमलाई यहाँ ल्याउनबाट नडरा किनभने उसको पेटमा जुन गर्भ रहेको छ त्यो पवित्र आत्माबाट भएको हो ।** –इञ्जील (मत्तीपर्व/अध्याय १/आयत १८, २०) ॥

**समीक्षक–** यी कुराहरूलाई कुनै विद्वान्ले मान्न सक्दैन कि जो प्रत्यक्षादि प्रमाण र सृष्टिक्रमदेखि विरुद्ध छ । यी कुराहरूलाई मान्नु जङ्गली मनुष्यको काम हो, सभ्य विद्वान्हरूको होइन । भला ! जो परमेश्वरको नियम हो त्यसलाई कसैले तोड्न सक्दैन र परमेश्वरले पनि उल्टो-पाल्टो गरेमा त उसको आज्ञालाई कसैले मान्नेछैन र त्यो पनि सर्वज्ञ र निर्भ्रम रहनेछैन । यस्तै हो भने त जुन-जुन कुमारीको गर्भ रहँन जान्छ तब सबैले यस्तो भन्न सक्नेछन् कि यसमा गर्भ रहनु ईश्वरतिरबाट भएको हो र झुट-मुट भनिदिने कि परमेश्वरको दूतले मलाई सपनामा भनेको छ कि यो गर्भ परमात्मातिरबाट रहेको हो । जस्तो यो असम्भव प्रपञ्च रचेका छन्, त्यस्तै नै सूर्यबाट कुन्ती गर्भवती हुनु पनि पुराणहरूमा असम्भव लेखिएको छ । यस्ता-यस्ता कुराहरूलाई **'आँखाका अन्धा गाँठका पूरा'** ले मानेर भ्रमजालमा पर्दछन् । यहाँ यस्तो कुरा भयो होला कि कुनै पुरुषसँग समागम हुनाले मरियम गर्भवती भईहोली, उसले वा कुनै दोस्राले यस्तो असम्भव कुरो उडाइदियो होला कि गर्भ ईश्वरतिरबाट रहेको हो ॥६३॥

**मूल–६४– तब आत्माले यीशुलाई जङ्गलमा लगेर शैतानद्वारा उसको परीक्षा लिन चाह्यो ॥ त्यो चालीस दिन र चालीस रात निराहार रह्यो अन्तमा उसलाई भोक लाग्यो ॥ तब परीक्षा लिनेवालाले भन्यो कि यदि तँ ईश्वरको पुत्र होस् भने त भनिदे कि यो ढुङ्गा रोटी बनोस् ॥**

–इञ्जील (मत्तीपर्व/अध्याय ४/आयत १, २, ३) ॥

**समीक्षक–** यसमा स्पष्ट सिद्ध हुन्छ कि ईसाईहरूको ईश्वर सर्वज्ञ होइन । किनभने सर्वज्ञ हुन्थ्यो भने त उसको परीक्षा शैतानबाट किन गराउँथ्यो ? स्वयं जान्न सक्थ्यो । भला ! कुनै ईसाईलाई आजभोलि चालीस रात दिन भोकै राखेमा त कहिल्यै बच्न सक्ला ? र यसबाट यही सिद्ध हुन्छ कि न त्यो ईश्वरको छोरो थियो र न त उसमा कुनै करामत अर्थात् सिद्धि नै थियो, नत्र भने त शैतानको सामुन्ने ढुङ्गाको रोटी किन बनाएन ? र आफू भोको किन रहन्थ्यो ? फेरि सिद्धान्त यो हो कि जसलाई परमेश्वरले ढुङ्गा बनाएको छ, त्यसलाई रोटी कसैले बनाउन सक्दैन र ईश्वरले पनि पूर्वकृत नियमलाई उल्टो गराउन सक्दैन किनभने ऊ सर्वज्ञ र उसका सबै कामहरू बिना भुल-चुकका छन् ॥६४॥

**मूल–६५– जब यीशुले सुन्यो कि यूहन्नालाई समातेर बन्दीगृहमा हाले, तब ऊ गलीलतिर गयो ॥**

–इञ्जील (मत्तीपर्व/अध्याय ४/आयत १२) ॥

**समीक्षक–** जब सुनेर यूहन्नानको बन्दीगृहमा पर्नु जान्यो भने त सर्वज्ञ होइन । किन कि सुनेर जान्नु त असर्वज्ञ जीवहरूको काम हो । यो सुनेर जान्नु, जानेर भुल्नु ईश्वरको स्वभाव होइन, किन्तु जीवको स्वभाव हो ॥६५॥

**मूल–६६– र यीशु बपतिस्मा लिएर तुरुन्त पानीबाट बाहिर निस्कियो, र देख्यो, उसको लागि आकाश खुल्यो; र उसले परमेश्वरको आत्मालाई परेवा जस्तै गरेर उत्रँदै र आफूमाथि आउँदै गरेको देख्यो ॥**
–इञ्जील (मत्तीपर्व/अध्याय ३/आयत १६) ॥

**समीक्षक**– भला ! ईश्वरको आत्मालाई आँखाले कहिल्यै देख्न सक्दछ ? र व्यापक ईश्वर परेवाको झैं न त कहिल्यै उत्रने र चढ्ने गर्दछ । र जो चढ्ने-ओर्लने गर्दछ, त्यो ईश्वर नै हुन सक्दैन ॥६६॥

**मूल–६७– र उनीहरूलाई भन्यो, मेरो पछि-पछि आओ, त मैले तिमीहरूलाई मान्छे समात्नेवाला बनाउनेछु ॥ तिनीहरूले तुरुन्त जाललाई छोडेर उसका पछि लागे ॥**
–इञ्जील (मत्तीपर्व/अध्याय ४/आयत १९, २०) ॥

**समीक्षक**– विदित हुन्छ कि यसै पाप अर्थात् जुन तौरेतमा दश आज्ञाहरूमा लेखिएको छ कि– 'सन्तानहरूले आफ्नो माता, पिताको सेवा र मान्यता गर्नु जसले गर्दा उमेर बढोस् ।' सो ईसाले न आफ्ना माता-पिताको सेवा गऱ्यो न त अरूलाई उनका माता-पितालाई सेवा गर्न नै दियो । यसै अपराधले चिरञ्जीवी रहेन । र यो पनि विदित भयो कि ईसाले मनुष्यलाई फसाउनको लागि एक मत चलाएको छ कि जालमा माछाकै समान मनुष्यहरूलाई स्वमत जालमा फसाएर आफ्नो प्रयोजन साध्ने ।

जब ईसा नै यस्तो थियो भने त आजभोलिका पादरीहरू आफ्नो जालमा मनुष्यहरूलाई फसाएमा त के नै आश्चर्य हुन्छ ? किनभने जसरी ठूला-ठूला र धेरै माछाहरूलाई जालमा फसाउनेवालाको प्रतिष्ठा र जीविका राम्रो हुन्छ । यसै गरी जसले धेरैलाई आफ्नो मतमा फसाउन सक्दछ त्यसको अधिक प्रतिष्ठा र जीविका हुन्छ । यसैले गर्दा यिनीहरू जसले वेद र शास्त्रहरू पढेनन् न त सुने, ती बिचरा भोले मनुष्यहरूलाई आफ्नो जालमा फसाएर उनका बाउ-आमा कुल-कुटुम्बदेखि छुटाइदिन्छन्, यसैले सबै विद्वान् आर्याहरूलाई यो उचित हुन्छ कि स्वयं यिनका भ्रमजालदेखि बच्नु र अन्य भोला-भाला आफ्ना दाजु-भाइहरूलाई पनि बचाउने ॥६७॥

**मूल–६८– तब यीशु सारा गलील देशमा उनका सभाहरूमा उपदेश गर्दै र राज्यको सुसमाचार प्रचार गर्दै र मान्छेहरूमा हर एक रोग र हर एक व्याधिलाई निको पार्दै हिंडचो ॥....सबै रोगीहरूलाई जो नाना प्रकारका रोगहरू र पीडाहरूबाट दुःखी थिए, भूतग्रस्तहरू, छारे रोगवाला र अर्द्धाङ्गीहरूलाई पनि निको पाऱ्यो ॥** –इञ्जील (मत्तीपर्व/अध्याय ४/आयत २३, २४) ॥

**समीक्षक**– जसरी आजभोलि पोपलीला, भूत-प्रेत निकाल्नको लागि पुरश्चरण, आशीर्वाद, जन्तर र खरानीको चुट्की दिनाले भूत-प्रेत निकाल्ने, रोगहरू निको पार्ने साँचो हो भने त त्यो इञ्जीलको कुरा पनि साँचो होला । यसैले भोले मनुष्यहरूलाई भ्रममा फसाउनको लागि यी कुरा हुन् । यदि ईसाईहरू ईसाको कुरा मान्दछन् भने त यहाँका देवी-भैरवका कुराहरू किन नमान्ने ? किनभने ती कुराहरू यिनैका सदृश छन् ॥६८॥

**मूल–६९– धन्य छन् ती, जो मनका दीन छन्, किनभने स्वर्गको राज्य उनैको हो ॥ धन्य छन् ती, जो शोक गर्दछन्, किनभने तिनैले शान्ति पाउँछन् ॥** –इञ्जील (मत्तीपर्व/अध्याय ५/आयत ३, ४) ॥

**समीक्षक**– स्वर्ग एउटा छ भने त राजा पनि एउटा हुनुपर्दछ । यसैले जति दीन छन्, ती सबै स्वर्गमा गएभने त स्वर्गमा राज्यको अधिकार कसलाई हुनेछ ? अर्थात् परस्पर लडाईं-भिडाईं गर्नेछन् र राज्य व्यवस्था खण्ड-बण्ड हुन जानेछ । र दीन भन्नाले कङ्गालहरू लिएमा त ठीक भएन, यदि निरभिमानीलाई लियौं भने तापनि ठीक भएन, किनभने दीन र निरभिमानको एकार्थ हुँदैन । किन्तु जो मनले दीन हुन्छ, त्यसलाई सन्तोष कहिल्यै हुँदैन, यसैले यो कुरो ठीक छैन ॥६९॥

**मूल–७०– लोप गर्नको लागि होइन, परन्तु पूरा गर्नको लागि आएको हूँ, कि जबसम्म आकाश र पृथ्वी डगमगाउँदैनन्, तबसम्म व्यवस्थाबाट एक मात्रा या बिन्दु पनि बिना पूरा नभै रहँदैन ॥ यसैले जो कोहीले यी साना-साना आज्ञाहरूमा कुनै एउटालाई मान्दैन, र त्यस्तै मान्छेहरूलाई सिकाउँछ भने, त्यो स्वर्गको राज्यमा सबै भन्दा तल्लो मानिनेछ, परन्तु जो कसैले त्यसलाई पालन गर्दछ र अरूलाई सिकाउँछ भने, त्यही स्वर्गको राज्यमा महान् मानिनेछ ॥** –इञ्जील (मत्तीपर्व/अध्याय ५/आयत १८, १९) ॥

**समीक्षक**– जब आकाश र पृथ्वी डगमगाउनेछन् तब व्यवस्था पनि सकिनेछ यस्तो अनित्य व्यवस्था मनुष्यहरूको हुन्छ, सर्वज्ञ ईश्वरको होइन । र यो एक प्रलोभन र भयमात्र दिएको छ कि जसले यी आज्ञाहरूलाई मान्दैन त्यो स्वर्गमा सबै भन्दा तल्लो मानिनेछ । जब यो ईसाको साक्षी हो भने त तौरेत र जबूरको लेखलाई पनि ईसाईहरूले अवश्य मान्नुपर्दछ । यद्यपि ती पुस्तकहरूमा जुन राम्रा कुराहरू छन् ती वेदोक्त हुनाले खण्डनीय हुन सक्दैन, किन्तु मन्तव्य छन् । परन्तु तिनमा जति दोष छन् त्यसको उत्तर दिनु

ईसाईहरूमाथि निर्भर गर्दछ । ती पुस्तकहरूमा बहुतांश त इतिहास मात्रै भरिएको छ र थुप्रै असम्भव कुराहरू पनि छन् । यस्तो पुस्तकको सत्य हुनमा ईसाको साक्षी दिनुले ईसालाई अविद्वान् बनाउँदछ ॥७०॥

**मूल–७१– मैले तिमीलाई भन्दैछु कि यदि तिम्रो धर्म अध्यापकहरू र फरीसिहरूको धर्मदेखि अधिक नभएमा त तिमी स्वर्गको राज्यमा प्रवेश गर्न पाउने छैनौ ॥**

–इञ्जील (मत्तीपर्व/अध्याय ५/आयत २०) ॥

**समीक्षक**– जब धर्माचरणबाट नै स्वर्ग प्राप्त हुन्छ भने त, चाहे वहाँ, चाहे उस समयमा, चाहे कोई पनि मनुष्य धर्मात्मा हुनेछ, त्यसले स्वर्ग पाउनेछ । ईसालाई मान्नुपर्ने आवश्यकता छैन ॥७१॥

**मूल–७२– सो जसरी तिम्रो स्वर्गवासी पिता सिद्ध हुनगए त्यसरी नै तिमी पनि सिद्ध बन ॥**

–इञ्जील (मत्तीपर्व/अध्याय ५/आयत ४८) ॥

**समीक्षक**– जब सबैका पिता परमेश्वर हुन् भने त ईसाईहरू केवल ईसाको पितालाई परमेश्वर भन्दछन्, यो यिनीहरूको ठूलो भुलको कुरा हो ॥७२॥

**मूल–७३– हाम्रो दिनभरिको लागि रोटी आज हामीलाई देऊ ॥ आफ्नो लागि पृथ्वीमा धनको सञ्चय नगर....॥** –इञ्जील (मत्तीपर्व/अध्याय ६/आयत ११, १९) ॥

**समीक्षक**– यसबाट विदित हुन्छ कि जुन समयमा ईसाको जन्म भएको छ, त्यस समयमा मान्छेहरू जङ्गली र दरिद्र थिए तथा ईसा पनि त्यस्तै दरिद्र थियो । यसैले त दिनभरिको रोटीको प्राप्तिको लागि ईश्वरसँग प्रार्थना गर्थ्यो र सिकाउँथ्यो । जब यस्तो हो भने त ईसाईहरूले धन सञ्चय किन गर्दछन् ? उनीहरूलाई चाहिन्छ कि ईसाको वचनदेखि विरुद्ध नचलेर सबै दान पुण्य गरेर दीन हुनुपर्दछ ॥७३॥

**मूल–७४– हर एक जो मसँग ! हे प्रभु ! हे प्रभु ! भन्दछ, त्यो स्वर्गको राज्यमा प्रवेश गर्नेछैन....॥**

–इञ्जील (मत्तीपर्व/अध्याय ७/आयत २१) ॥

**समीक्षक**– अब विचार गर्नुहोस् ! ठूला-ठूला पादरी बिशप साहेब र कृश्चीनहरू जुन यो ईसाको वचन सत्य हो, यस्तो सम्झन्छन् भने त प्रभु अर्थात् ईश्वर कहिल्यै नभनोस्, यदि यस कुरालाई मान्दैनौ भने त पापबाट कहिल्यै बच्न सक्देनौ ॥७४॥

**मूल–७५– उस दिन थुप्रैले मसँग भन्नेछन्; हे प्रभु, हे प्रभु, के हामीले तेरो नामबाट भविष्यवाणी गरेनौं, र तेरो नामले दुष्टात्माहरूलाई निकालेनौं, र तेरो नामले थुप्रै अचम्मका कामहरू गरेनौं ? ॥ तब मैले उनीहरूसित सम्झौता गरिदिनेछु कि मैले तिमीहरूलाई कहिल्यै जानिन, हे कुकर्म गर्नेवालाहरू, मेरो नजिकबाट टाढा जाओ ॥** –इञ्जील (मत्तीपर्व/अध्याय ७/आयत २२, २३) ॥

**समीक्षक**– हेर्नुहोस् ! ईसा जङ्गली मनुष्यहरूलाई विश्वास गराउनको लागि स्वर्गमा न्यायाधीश बन्न चाहन्छ, यो केवल भोले मनुष्यहरूलाई प्रलोभन दिने कुरो हो ॥७५॥

**मूल–७६– र हेर, एक कुष्ठीले नजिक आएर उसलाई प्रणाम गऱ्यो र भन्यो कि, हे प्रभु यदि तैंले चाहन्छस् भने त, मलाई शुद्ध गराइदे ॥ यीशुले हात बढाएर त्यसलाई छोएर– भन्यो कि तँ शुद्ध भइस्, र त्यो तुरन्त कुष्ठरोगबाट निको बन्यो ॥** –इञ्जील (मत्तीपर्व/अध्याय ८/आयत २, ३) ॥

**समीक्षक**– यी सबै कुराहरू भोला मनुष्यलाई फसाउनको लागि हो । किनभने जब ईसाईहरू यी विद्या सृष्टिक्रमविरुद्ध कुराहरूलाई सत्य मान्दछन् भने त शुक्राचार्य, धन्वन्तरि, कश्यप आदिका कुरा पुराण र महाभारत (आदि पर्व, अध्याय ६१) मा अनेक दैत्यहरूको मरेका सेनालाई ब्युँताइदिए, बृहस्पतिको पुत्र कचलाई टुक्रा-टुक्रा पारेर जनावर र माछ्चालाई ख्वाइदिए, फेरि पनि शुक्राचार्यले जिउँदो बनाइदिए, पश्चात् कचलाई मारेर शुक्राचार्यलाई नै ख्वाइदिए, फेरि उसलाई पेटैबाट जिउँदो बनाएर बाहिर निकाले, आफू मरे, उनलाई कचले जिउँदो बनायो । मनुष्यसहित वृक्षलाई तक्षकले भस्म गरेको थियो, पुनः कश्यप ऋषिले जस्ताको तस्तै बनाइदिए, धन्वन्तरिले लाखौं मुर्दालाई ब्युँताए, लाखौं कुष्ठ रोगीहरूलाई निको पारे, लाखौं अन्धा र बहिराहरूलाई आँखा र कान दिए, आदि कथालाई मिथ्या किन भन्दछन् ?

यदि यो कुरा मिथ्या हो भने त ईसाको कुरा मिथ्या किन होइन ? जसले दोस्राको कुरालाई मिथ्या र आफ्नो झुटो कुरालाई सत्य भन्दछ भने त हठी किन होइन ? त्यसैले ईसाइहरूका कुराहरू केवल हठ र लडकपनकै समान हुन् ॥७६॥

**मूल–७७– तब दुई भूतग्रस्त (दुष्टात्मा) मनुष्य चिहानबाट बाहिर निस्केर ऊ सँग मिले, जो अति प्रचण्ड थिए कि कोही पनि तिनको मार्गबाट जान सक्दैनथे ॥ फेरि तिनीहरूले चिच्याएर भने, हे परमेश्वरको पुत्र, हामीसित तेरो के काम छ ? के तँ समयदेखि पहिला नै हामीलाई दुःख दिनको लागि आएको होस् ? ॥ र तिनीहरूदेखि केही टाढा सुँगुरहरूको बथान चरिरहेको थियो ॥ ती भूतहरूले विन्ती गरे**

**कि यदि तैंले हामीलाई निकाल्दछस् भने त सुँगुरको बथानमा पठाइदे ॥ उसले भन्यो, जाओ, उनीहरू निस्केर सुँगुरको बथानमा पसे, र हेर, सबै बथान खाल्डाबाट हाम्फालेर पानीमा पर्दै डुबेर मरे ॥**

–इञ्जील (मत्तीपर्व/अध्याय ८/आयत २८, २९, ३०, ३१, ३२) ॥

**समीक्षक**– भला ! थोरैमात्र पनि विचार गर्नुहोस् त यी सबै कुरा झुटो हुन्, किनभने मरेको मनुष्य चिहानबाट कहिल्यै पनि निस्कँन सक्दैन । कसैमाथि चढ्दैन, न त संवाद नै गर्दछ, यी सबै कुरा अज्ञानीहरूका हुन्, जो कि महाजङ्गली हुन्, तिनैले यस्तो कुरामा विश्वास गर्दछन् । ती सुँगुरहरूको हत्या गरायो, सुँगुरवालाको हानि गर्नेको पाप ईसालाई भयो होला । र ईसाईहरू ईसालाई पाप क्षमा र पवित्र गर्नेवाला मान्दछन् भने त ती भूतहरूलाई पवित्र किन गर्न सकेन ? र सुँगुरवालाहरूको हानी किन भरिदिएन ? के आजभोलिका सुशिक्षित ईसाई अंग्रेजहरू यी गफौडा कुराहरूलाई पनि मान्दछन् होला ? यदि मान्दछन् भने त भ्रमजालमा परेका हुन् ॥७७॥

**मूल–७८– हेर ! मान्छेहरूले एउटा विकलाङ्गलाई जुन खाटमा थला परिरहेको थियो यीशुको सामुन्ने लिएर आए, यीशुले उनीहरूको विश्वासलाई देखेर भन्यो कि- हे पुत्र ! ढाडस (धैर्य) बाँध, तेरो पाप क्षमा गरिएको छ ॥** –इञ्जील (मत्तीपर्व/अध्याय ९/आयत २) ॥

**समीक्षक**– यो पनि कुरो त्यस्तै असम्भवको हो, जस्तो पूर्वमा लेखेर आएको छु र जुन पाप क्षमा गर्ने कुरो हो छ । त्यो केवल भोला मनुष्यहरूलाई प्रलोभन दिएर फसाउनु हो । जसरी एउटाले खाएको मदिरा, भाङ्ग र अफिमको नशा अर्कोलाई लाग्दैन । त्यसरी नै आफूले गरिएको पाप अर्कोसँग जाँदैन किन्तु जसले गर्दछ त्यसैले भोग्दछ, यही ईश्वरको न्याय हो । यदि एउटाले गरेको पाप अर्कोलाई प्राप्त हुन्छ भने अथवा न्यायाधीशले स्वयं लियो भने त कर्ताहरूको यथायोग्य फल ईश्वरले दिनेछैन, त्यो अन्यायकारी हुन जान्छ ॥७८॥

**मूल–७९– सो तिमी गएर यसको अर्थ सिक, किनभने मैले बलिदान होइन परन्तु दया चाहन्छु; किनभने मैले धर्मीहरूलाई होइन परन्तु पापीहरूलाई पश्चातापको लागि बोलाउन आएको हूँ ॥**

–इञ्जील (मत्तीपर्व/अध्याय ९/आयत १३) ॥

**समीक्षक**– अब विचार गर्नुहोस् कि धर्मात्माहरूलाई ईसाई हुनु केही आवश्यकता छैन, किनभने उनीहरू त धर्मबाटै मुक्तिमा जानेछन् र यसबाट यही सिद्ध हुन्छ कि धर्मादि आचरण नै मुक्तिको साधन हो ईसा होइन । किनभने ईसाई पनि जबसम्म धर्म गर्नेछैनन्, तबसम्म तिनीहरूको पनि सद्गति हुने छैन ॥७९॥

**मूल–८०– फेरि यीशुले आफ्ना बाह्र चेलाहरूलाई बोलाएर, उनलाई अपवित्र आत्माहरूमाथि अधिकार दियो कि, तिनीहरूलाई निकालेर सबै प्रकारको बिमारीहरू र सबै प्रकारको दुर्बलताहरूलाई निको पारून् ॥** –इञ्जील (मत्तीपर्व/अध्याय १०/आयत १) ॥

**समीक्षक**– यी तिनै शिष्य हुन्, जसमध्येमा एउटाले (३०) तीस ओटा सिक्काको लोभमा परेर ईसालाई पक्राउने छ । र अन्य वेष बदलेर छुट्टा-छुट्टै भाग्ने छन् । भला ! जब यी कुरा नै विद्यादेखि विरुद्ध छन् भने त भूत-प्रेतहरू लाग्नु-निस्कनु, बिना औषधि वा पथ्यको त्यत्तिकै व्याधिहरू छुट्नु सृष्टिक्रमबाट असम्भव छ, यसैले यस्ता कुराहरूलाई मान्नु अज्ञानीहरूको काम हो ॥८०॥

**मूल–८१– किनभने बोल्नेवाला तिमी होइनौ परन्तु तिम्रो पिताको आत्मा तिमीमा बोल्दछ ॥**

–इञ्जील (मत्तीपर्व/अध्याय १०/आयत २०) ॥

**समीक्षक**– जब परमेश्वरको आत्मा नै सबैमा बोल्दछ भने त वही मिथ्याभाषाणादि पापहरूबाट लिप्त भएर दु:खरूपी नरकमा पर्नेछ । यदि यस्तै हो भने त मूसाबाट दश आज्ञाको विषयमा उपदेश गऱ्यो कि झुटो नबोल, यो उपदेश किन गऱ्यो ? त्यसैले जीवहरूको व्यवहारमा जीव नै बोल्दछन्, ईश्वर होइन ॥८१॥

**मूल–८२– यो नसम्झ कि म पृथ्वीमा मिलाप गराउनको लागि आएको हूँ; मैले मिलाप गराउनको लागि होइन, परन्तु तलवार चलाउनको लागि आएको हूँ ॥ म आएको हूँ कि, मनुष्यलाई उसको पितादेखि, छोरीलाई उसकी आमादेखि र बुहारीलाई उसकी सासूदेखि छुटचाइदिनको लागि ॥ मनुष्यका वैरी उसैका घरका नै हुनेछन् ॥** –इञ्जील (मत्तीपर्व/अध्याय १०/आयत ३४, ३५, ३६) ॥

**समीक्षक**– यस्तो फुट गराएर लडाईं-झगडा मचाएर मनुष्यलाई दु:ख दिनेवाला र खड्ग (तलवार) चलाउने, पिता-पुत्र, आमा-छोरी, सासू-बुहारी आदिमा फुट गराएर, परस्पर वैर बढाइदिने मनुष्यको लागि अति नराम्रो काम हो । विदित हुन्छ कि ईसाईहरूले यसै उपदेशलाई अधिक प्रचारमा ल्याएका छन् । जहाँ यिनीहरू जान्छन्, त्यहीं भरपूर फुट हुन्छ । मेल-मिलापको नामो निशान पनि रहँदैन । यसैबाट आफ्ना

छिमेकीहरूबाट आपसमा उनीहरूलाई लडाएर, मालमत्ता मार्ने, कसैका छोरालाई बहकाएर आमा-बाउदेखि अलग गरिदिएर नष्ट गर्न सिकाएका छन् । यो केवल दोष हो । यसलाई तर्काइदिनु धेरै राम्रो कुरो हुनेछ ॥८२॥

**मूल–८३– यीशु भीडमा मान्छेहरूसँग कुरा गरिरहेको थियो, तब देख्यो, उसकी माता र भाइ बाहिर उभिएका थिए, र उनीसँग कुरा गर्न चाहन्थे ॥ कसैले आएर उनलाई भन्यो, हेर तिम्रो आमा र भाइ बाहिर उभिएका छन् र तिमीसँग कुरा गर्न चाहन्छन् ॥ यो सुनेर उसले त्यो भन्नेवालालाई उत्तर दियो कि– को हो मेरो माता र को हो मेरो भाइ ?** –इञ्जील (मत्तीपर्व/अध्याय १२/आयत ४६, ४७, ४८) ॥

**समीक्षक–** हेर्नुहोस् ! प्रथम त तौरेत र जबूरको ईसा साक्षी दिन्छ कि उसको एक बिन्दु पनि भुटो छैन । र त्यसमा आफ्नो माता, पिताको मान राख्नको लागि लेखिएको छ । र यहाँ माता आदिको अपमान गर्दछ । यो केवल हठको कुरा हो । र यसैले गर्दा आफ्नो आयु विशेष पनि पाएन । किनभने ईसाले यदि माता-पिताको सेवा गर्दथ्यो भने त आयु पनि बढ्ने थियो । र यो पूर्वापर विरुद्ध कुरा हुनाले ईसा कत्ति पनि विद्वान् थिएन । हो, ती जङ्गली मनुष्य मध्येमा केही असल थियो ॥८३॥

**मूल–८४– तब यीशुले त्यसलाई सोध्यो, तिमीसँग कति रोटी छ ? त्यसले भन्यो सात रोटी र थोरै माछा छ ॥ तब उसले मान्छेहरूलाई भुइँमा बस्नको लागि आज्ञा दियो ॥ र त्यो सात रोटी र माछा लिएर धन्यवाद गर्दै च्यातेर आफ्ना चेलाहरूलाई दिँदै गयो, र चेलाहरूले मान्छेलाई बाँड्दै गए ॥ त्यहाँ भएका सबै मान्छेले खाएर तृप्त भए अनि बचेको टुक्रा सात टोकरी भरी उठाए ॥ र खानेवालाहरूमा स्त्रीहरू बच्चाहरूलाई छोडेर चार हजार पुरुष थिए ॥**

–इञ्जील (मत्तीपर्व/अध्याय १५/आयत ३४, ३५, ३६, ३७, ३८) ॥

**समीक्षक–** अब हेर्नुहोस् ! के यो आजभोलिका भुटा सिद्धहरू र इन्द्रजाली आदिकै समान छलको कुरो होइन ? ती रोटीहरूमा अरू रोटी कहाँबाट आयो ? यदि ईसामा यस्तो सिद्धि हुन्थ्यो भने त आफू भोको भएर अञ्जीरको फल खानको लागि किन भट्कन्थ्यो ? आफ्नो लागि माटो, पानी र ढुङ्गा आदिबाट मोहनभोग रोटीहरू किन बनाउन सकेन ? यी सबै कुराहरू केटा-केटीको खेलको जस्तो छ । जसरी कति साधुले वैरागी यस्तै छलको कुरा गरेर भोले मनुष्यहरूलाई ठग्दछन्, त्यस्तै यो पनि छ ॥८४॥

**मूल–८५– मनुष्यको पुत्र आफ्ना स्वर्गदूतहरूको साथ आफ्नो पिताको महिमामा आउनेछ, र त्यस समयमा उसले हरेकलाई उनको कर्मको अनुसार प्रतिफल दिनेछ ॥**

–इञ्जील (मत्तीपर्व/अध्याय १६/आयत २७) ॥

**समीक्षक–** जब कर्मानुसार फल दिने छ भने त ईसाईहरूको पाप क्षमा हुनको उपदेश गर्नु व्यर्थ छ र त्यो साँचो हो भने त यो भुटो हुन जान्छ । यदि कोई भन्दछ कि माफ गर्न योग्य क्षमा गर्दछन् र क्षमा नगर्न योग्य क्षमा गरिँदैन, यो पनि ठीक होइन, किनभने सबै कर्महरूको फल यथायोग्य दिनाले नै न्याय र दया पूरा हुने गर्दछ ॥८५॥

**मूल–८६– यीशुले उत्तर दियो, हे अविश्वासी र हठीला जनहरू हो म कहिलेसम्म तिम्रा साथमा रहनेछु ? कहिलेसम्म तिम्रो सहनेछु ? त्यसलाई यहाँ मेरो नजिकमा लिएर आओ ॥ उसले उनीहरूलाई भन्यो, आफ्नो विश्वासको घटीको कारण मैले तिमीहरूलाई सत्य भन्दैछु यदि तिमीलाई तोरीको गेडा जत्ति पनि विश्वास छ भने त तिमीहरूले यस पहाडसँग भन्न सक्नेछौ कि यहाँबाट सरेर उता जा, त्यो सरेर जानेछ र कुनै काम तिमीहरूबाट असाध्य हुनेछैन ।** –इञ्जील (मत्तीपर्व/अध्याय १७/आयत १७, २०) ॥

**समीक्षक–** आजभोलि जो ईसाईहरू उपदेश गर्दै-फिर्दछन् कि 'आओ हाम्रो मतमा पाप क्षमा गराऔं मुक्ति पाओ' यो सबै मिथ्या हो । किनभने यदि ईसामा पाप छुटाउने, विश्वास जमाउने र पवित्र गराउने सामर्थ्य हुन्थ्यो भने त आफ्ना शिष्यहरूका आत्माहरूलाई निष्पाप, विश्वासी, पवित्र किन गर्दैनथ्यो ? जो ईसाको साथ-साथै घुम्दथे । जब उनैलाई शुद्ध, विश्वासी र कल्याण गर्न सकेन भने, त्यो मरेपछाडि नजाने कहाँ छ ? आजभोलि कसैलाई पवित्र गर्न सक्दैन ॥

जब ईसाका चेला तोरीको गेडा जत्ति पनि विश्वासदेखि रहित थिए र उनैले यो इञ्जील पुस्तक बनाएका हुन्, तब यसको प्रमाण हुन सक्दैन । किनभने जो अविश्वासी, अपवित्रात्मा, अधर्मी मनुष्यहरूको लेख हुन्छ त्यसमाथि विश्वास गर्न कल्याणको इच्छा गर्नेवाले मनुष्यहरूको काम होइन र यसैबाट यो पनि सिद्ध हुन सक्दछ कि यदि ईसाको वचन साँचो हो भने त, अहिले कुनै ईसाईमा एक तोरीको गेडा जत्ति 'विश्वास' अर्थात् ईमान छैन । यदि कसैले भन्दछ कि हामीमा पूरा वा थोरै विश्वास छ तब त्यसलाई भन्नु कि तिमीले यस पहाडलाई मार्गबाट हटाइदेऊ, यदि त्यसले हटाउनाले हटेमा पनि पूरा विश्वास हुन्न किन्तु एक तोरीको गेडा बराबर हो र यदि हटाउन सकेन भने त सम्झनु कि एक छिंटो बराबर पनि विश्वास

'ईमान' अर्थात् धर्म ईसाईहरूमा छैन । यदि कसैले भन्दछ कि यहाँ अभिमान आदि दोषहरूको नाम पहाड हो तब पनि ठीक होइन, किनभने यदि यस्तै हो भने त मुर्दाहरू, अन्धाहरू, कुष्ठीहरू, भूतग्रस्तहरूलाई निको पार्नु पनि अल्छी, अज्ञानी, विषयी र भ्रान्तहरूको बोध गरेर सचेत, कुशल गरायोहोला । यदि यस्तो मानेमा पनि ठीक हुँदैन, किनभने यदि यस्तो हुन्थ्यो भने त स्वशिष्यहरूलाई किन यस्तो गर्न सक्थेन ? त्यसैले यस्ता असम्भव कुरा भन्नु ईसाको अज्ञानताको प्रकाश गर्दछ ।

भला ! जे-जति पनि ईसामा विद्या हुन्थ्यो भने त यस्तो अटाटूट जङ्गलीपनको कुरा किन भन्थ्यो ? तथापि–

**'यत्र देशे द्रुमो नास्ति तत्रैरण्डोऽपि द्रुमायते'**

जुन देशमा कुनै वृक्ष नै हुँदैन भने त त्यस देशमा एरण्डको वृक्षलाई सबै भन्दा ठूलो र राम्रोमा गन्दछन् । त्यस्तै महाजङ्गली देशमा ईसाको हुनु पनि ठीक थियो, आजभोलि ईसाको के गणना हुन सक्दछ ? ॥८६॥

**मूल–८७– ....मैले तिमीसँग साँचो भन्दैछु, यदि तिमी फिर्दैनौ र बालकजस्तो बन्दैनौ, तब स्वर्गको राज्यमा प्रवेश गर्न पाउनेछैनौ ॥** –इञ्जील (मत्तीपर्व/अध्याय १८/आयत ३) ॥

**समीक्षक–** जब आफ्नै इच्छाले मनलाई फिराउनु स्वर्गको कारण र नफिराउनु नरकको कारण हुन्छ भने त, कसैको पाप-पुण्य कहिल्यै लिन सक्दैन, यस्तो सिद्ध हुन्छ । र बालकको समान हुने लेखबाट विदित हुन्छ कि ईसाका कुराहरू विद्या र सृष्टिक्रमदेखि धेरै विरुद्ध थियो र यो पनि उसको मनमा थियो कि मान्छेहरूले मेरो कुरालाई बालककै समान मान्नेछन्, सोध-साध कसैले पनि गर्नेछैनन्, आँखा चिम्लेर मान्नेछन् । धेरै ईसाईहरूको बालबुद्धिवत् चेष्टा छ, नत्र भने त यस्तो युक्ति, विद्याको विरुद्ध कुरालाई किन मान्दथे ? र यो पनि सिद्ध हुन्छ कि यदि ईसा आफू विद्याहीन बालबुद्धि हुन्थेन भने त अन्यलाई बालवत् बन्ने उपदेश किन गर्थ्यो ? किनभने जो जस्तो हुन्छ त्यसले अरूलाई पनि आफ्नो सदृश बनाउन चाहन्छ नै ॥८७॥

**मूल–८८– तब यीशुले आफ्ना चेलालाई भन्यो, मैले तिमीहरूलाई साँचो भन्दैछु कि, धनवान्लाई स्वर्गको राज्यमा प्रवेश गर्न कठिन छ ॥ फेरि तिमीलाई भन्दैछु कि, परमेश्वरको राज्यमा धनवान्ले प्रवेश पाउनु भन्दा त ऊँटले सियोको नाथ्रीबाट पार भएर जान सहज हुन्छ ॥**

–इञ्जील (मत्तीपर्व/अध्याय १८/आयत २३, २४) ॥

**समीक्षक–** यसबाट यो सिद्ध हुन्छ कि ईसा दरिद्र थियो । धनीमानीहरूले उसको प्रतिष्ठा गर्दैनथे होला त्यसैले यो लेखे होलान् । परन्तु यो कुरा साँचो होइन, किनभने धनाढ्यहरू र दरिद्रहरूमा राम्रा-नराम्रा हुन्छन् । जो कसैले राम्रो काम गर्नेछ, सुख पाउनेछ । र यसबाट यो कुरा पनि सिद्ध हुन्छ कि ईसाले ईश्वरको राज्य कुनै एक देशमा मान्दथ्यो, सर्वत्र होइन । जब यस्तो हो भने त त्यो ईश्वर होइन, यदि ईश्वर हो भने त उसको राज्य सर्वत्र हुन्छ; पुनः त्यसमा प्रवेश गर्दछ वा गर्दैन, यो भन्नु केवल अविद्याको कुरा हो । र यसबाट यो कुरा पनि आयो कि जति ईसाई धनाढ्य छन् के ती सबै नरकमा जानेछन् ? र दरिद्र जति सबै स्वर्गमा जानेछन् ? भला अलिकति पनि विचार ईसामसीले गर्दथे भने त जति सामाग्री धनाढ्यहरूसँग हुन्छ त्यति दरिद्रसँग हुँदैन । यदि धनाढ्यहरू विवेकले धर्म मार्गमा व्यय गरे त दरिद्र नीच गतिमा परिराखे पनि धनाढ्य उत्तम गतिमा प्राप्त हुन सक्दछन् ॥८८॥

**मूल–८९– यीशुले उनीहरूलाई भन्यो, मैले तिमीहरूलाई साँचो भन्दैछु कि, नयाँ सृष्टिमा जब मनुष्यको पुत्र आफ्नो महिमाको सिंहासनमा बस्नेछ, जो तिमीहरू पनि मेरो पछि लागेका छौ, बाह्र सिंहासनहरूमा बसेर इस्राएलका बाह्र गोत्रहरूको न्याय गर्नेछौ ॥ र जो कसैले घरहरू, या भाइहरू या बहिनीहरू या पिता या माता या छोराहरू या खेतहरूलाई मेरो नाममा छोडेका छन्, त्यसलाई सय गुणा मिल्नेछ: र त्यो अनन्त जीवनको अधिकारी हुनेछ ॥**

–इञ्जील (मत्तीपर्व/अध्याय १९/आयत २८, २९) ॥

**समीक्षक–** अब हेर्नुहोस् ईसाको भित्रको लीला ! कि मेरो जालदेखि मरे पछाडिबाट पनि मान्छेहरू उम्केर नजाऊन् र जसले ३० चाँदीका सिक्काको लोभले आफ्नो गुरुलाई पक्डाएर मरायो, त्यस्ता पापी पनि योसँग सिंहासनमा बस्नेछन् र इस्राएलका कुललाई पक्षपातले न्याय नै गरिने छैन किन्तु उनीहरूका सबै अपराध माफ र अन्य कुलहरूलाई न्याय गरिनेछ । अनुमान हुन्छ कि यसैबाट ईसाईहरूले धेरै पक्षपात गरेर 'कुनै गोराले कुनै कालोलाई मारिदियो भने तापनि बहुधा पक्षपातबाट गोरालाई निरपराधी घोषित गरेर छोडिदिन्छन् ।' यस्तै नै ईसाको स्वर्गको पनि न्याय होला र सबै भन्दा ठूलो दोष यिनको न्यायमा प्रणालीमा आउँछ किनभने एउटा सृष्टिको आदिमा मर्‍यो र अर्को चाहिं 'कयामत' को रातको निकटमा मर्‍यो भने,

एउटा त आदिदेखि अन्तसम्म आशामा नै परिराख्यो कि कहिले मेरो न्याय हुनेछ र अर्कोचाहिंको उति वेलै न्याय भयो, यो कति ठूलो अन्याय भयो, र जो नरकमा जानेछ, त्यसले अनन्तकालसम्म नरक भोगोस् र जो स्वर्गमा जानेछ, त्यसले सदा स्वर्गको फल भोग्नेछ, किनभने यहाँ पनि बडो अन्याय छ । कारण अन्तवाला साधन र कर्महरूको फल अन्तवाला हुनुपर्दछ, र तुल्य पाप वा पुण्य दुइटै एउटा जीवको हुन सक्दैन, त्यसैले तारतम्यबाट धेरै-थोरै सुख-दुःखवाला अनेक स्वर्ग र नरक हुनुपर्दछ, तब नै सुख-दुःख भोग्न सक्दछन्, सो ईसाईहरूको पुस्तकमा कहीं पनि यस्तो व्यवस्था छैन, त्यसैले यो पुस्तक ईश्वरकृत वा ईसा ईश्वरको पुत्र कहिल्यै हुन सक्दैन । यो बडो अनर्थको कुरा छ कि कदापि कसैको बाउ-आमा सय-सय हुन सक्दैनन् किन्तु एउटाको एउटी आमा र एउटै बाउ हुन्छ । अनुमान छ कि मुसलमानहरूले 'एउटालाई ७२ स्त्रीहरू बहिश्तमा (स्वर्गमा) मिल्दछ' भनेर लेखेका छन्, सो यिनीहरूले त्यहींबाट लिए होलान् ॥८९॥

**मूल–९०– बिहान जब त्यो नगरमा फर्कंदै थियो तब उसलाई भोक लाग्यो ॥ र मार्गमा एउटा अञ्जीरको वृक्ष देखेर त्यहाँ गयो, परन्तु त्यसमा फल थिएनन् केवल पातमात्रै थिए, र उसले भन्यो तँमा फेरि फल कहिल्यै नलागोस्, यस्तो भनेपछि अञ्जीरको वृक्ष तुरुन्त सुक्न गयो ।**

–इञ्जील (मत्तीपर्व/अध्याय २१/आयत १८, १९) ॥

**समीक्षक–** सबै पादरीहरू ईसाई भन्दछन् कि त्यो बडो शान्त, क्षमान्वित, क्रोधादि दोषरहित थियो । परन्तु यस कुरालाई हेर्दा क्रोधी, ऋतुको ज्ञानरहित ईसा थियो र त्यो जङ्गली मनुष्यपनको स्वभावयुक्त वर्त्तन्थ्यो । भला ! वृक्ष जड पदार्थ हो, त्यसको के अपराध थियो कि त्यसलाई श्राप दियो र त्यो सुक्यो, त्यसको श्रापले त सुकेन होला परन्तु कुनै त्यस्तो औषधि हाल्नाले सुक्न गएमा त कुनै आश्चर्य छैन ॥९०॥

**मूल–९१– ती दिनहरूका क्लेशपछाडि तुरुन्त सूर्य अँधेरो हुनेछ, र चन्द्रमाको प्रकाश पनि हराउँदै जानेछ, र तारा आकाशबाट खस्नेछन् र आकाशका सेनाहरू हल्लिनेछन् ॥**

–इञ्जील (मत्तीपर्व/अध्याय २४/आयत २९) ॥

**समीक्षक–** वाह जी ईसा ! ताराहरूको कुन विद्याबाट खस्न तिमीले जान्यौ र आकाशको सेना कुनचाहिं हो, जुन हल्लिनेछ ? यदि कहिल्यै ईसाले थोरै मात्र पनि विद्या पढेको भए त अवश्य जान्ने थियो कि तारा सबै भूगोल हुन्, कसरी खस्न सक्दछन् । यसबाट विदित हुन्छ कि ईसा सिकर्मीको कुलमा उत्पन्न भएको दाउरा चिर्ने, बोक्रा छोडाउने, काट्ने र जोड्ने गर्थ्यो होला । जब तरङ्ग उठ्यो कि म पनि यस जङ्गली देशमा पैगम्बर हुन सक्नेछु, कुरा गर्न थाल्यो । कति कुरा त उसको मुखबाट राम्रा पनि निस्के र धेरैजसो नराम्रा, त्यहाँका मान्छेहरू जङ्गली थिए, मान्न थाले । जसरी आजभोलि यूरोप देश उन्नतियुक्त छ, त्यस्तै पूर्वमा हुन्थ्यो भने त ईसाको सिद्धाई केही पनि चल्ने थिएन । आजकाल केही विद्यावान् भए पश्चात् पनि व्यवहारको पेच र हठले गर्दा यस पोकल मतलाई नछोडेर सर्वथा सत्य वेदमार्गतिर झुक्दैनन्, यही यिनमा न्यूनता छ ॥९१॥

**मूल–९२– बरु आकाश र पृथ्वी डगमगाउलान्, परन्तु मेरो कुरा कहिल्यै खेर जाँदैन ॥**

–इञ्जील (मत्तीपर्व/अध्याय २४/आयत ३५) ॥

**समीक्षक–** यो कुरो पनि अविद्या र मूर्खताको हो । भला ! आकाश डगमगाएर कहाँ जानेछ ? जब आकाश अति सूक्ष्म हुनाले आँखाले देख्नै सक्दैन भने त डगमगाएको कसले देख्न सक्ला ? र आफ्नो मुखबाट आफ्नो बडाइ गर्नु असल मान्छेको काम होइन ॥९२॥

**मूल–९३– तब उसले बायाँतिरकालाई भन्नेछ, हे श्रापितहरू हो ! मेरो सामुन्नेबाट त्यस अनन्त आगोमा जाओ, जो शैतान र त्यसका दूतहरूका लागि तयार गरिएको छ ॥**

–इञ्जील (मत्तीपर्व/अध्याय २५/आयत ४१) ॥

**समीक्षक–** भला, यो कति ठूलो पक्षपातको कुरा हो ! जो आफ्ना शिष्य हुन्, तिनीहरूलाई स्वर्ग र जो अरू छन्, उनीहरूलाई अनन्त आगोमा खसाल्ने । परन्तु जब 'आकाश नै रहँदैन' भनेर लेखेपछि त अनन्त आगोको नरक अर्थात् बहिश्त कहाँ रहनेछ ? यदि शैतान र त्यसका दूतहरूलाई ईश्वरले बनाउँदैनथ्यो भने त यति विघ्न नरकको तयारी किन गर्न पर्दथ्यो ? र जाबो एउटा शैतान नै ईश्वरको भयदेखि डराएन भने त त्यो ईश्वर नै के हो ? किनभने त्यसैको दूत भएर पनि बागी बन्यो र ईश्वरले त्यसलाई प्रथम नै पक्रेर बन्दीगृहमा हाल्न सकेन, न त मार्न सक्यो, पुनः त्यस्ताको ईश्वरता के ? जसले ईसालाई नै चालीस दिनसम्म दुःख दियो, ईसाले पनि त्यसको केही गर्न सकेन भने त ईश्वरको छोरो हुनु व्यर्थ भयो । यसैले ईसा न ईश्वरको पुत्र र न त बाइबलको ईश्वर, ईश्वर हुन सक्दछ ॥९३॥

**मूल–९४– तब बाह्र शिष्यहरू मध्येमा एउटा यहूदी इस्करियोती नामक चेलो प्रधान याजकहरू कहाँ गयो र भन्यो कि यदि मैले यीशुलाई तपाईंहरूको हातमा पक्राइदिएँ भने त तपाईंहरूले मलाई के दिनुहुन्छ ? उनीहरूले त्यसलाई तीस चाँदीका सिक्का तौलेर दिए ॥**

–इञ्जील (मत्तीपर्व/अध्याय २६/आयत १४, १५) ॥

**समीक्षक–** अब हेर्नुहोस् ! ईसाको सबै करामत र ईश्वरता यहाँ खुल्न गयो, किनभने जुन उसको प्रधान याजक शिष्य थियो, त्यो पनि उसको साक्षत् सङ्गबाट पवित्रात्मा भएन भने त, अरूलाई मरेपछाडि पवित्रात्मा के गराउन सक्दछ ? र उसका विश्वासी मान्छेहरू उसका भरोसामा कति ठगिन जान्छन् होला, किनभने जसका साक्षात् सम्बन्धमा रहँदा पनि शिष्यको केही कल्याण गर्न सकेन, त्यसले मरेपछि कसैको के कल्याण गर्न सक्ला ? ॥९४॥

**मूल–९५– जब तिनीहरूले खाइराखेका थिए, तब यीशुले रोटी लियो, र आशीष मागेर रोटी च्यात्यो, र शिष्यहरूलाई दिएर भन्यो– लौ खाओ, यो मेरो देह हो ॥ फेरि उसले कटौरा लिएर, धन्यवाद गऱ्यो, र उनीहरूलाई दिँदै भन्यो, तिमी सबैले यसलाई पिओ ॥ किनभने यो वाचाको मेरो रगत हो, जुन धेरैको लागि पापहरूको क्षमाको निमित्त बगाउने गरिन्छ ॥**

–इञ्जील (मत्तीपर्व/अध्याय २६/आयत २६, २७, २८) ॥

**समीक्षक–** भला, के यस्तो कुरो कुनै पनि सभ्यले गर्दछ ? बिना अविद्वान् जङ्गली शिष्यहरूसँग खाने चीजलाई आफ्नो मासु र पिउने चीजलाई रगत भन्न सक्दैन । र यसै कुरालाई आजभोलिका ईसाईहरू 'प्रभु भोजन' भन्दछन् । अर्थात् खाने-पिउने चीजहरूमा ईसाको मासु र रगतको भावना गरेर खाने-पिउने गर्दछन्, यो कति नराम्रो कुरो हो ? जसले आफ्नो गुरुको मासु र रगतलाई पनि खाने-पिउनेको भावनाले छोडेनन् भने त अरूलाई कसरी छोड्न सक्दछन् ॥९५॥

**मूल–९६– र ऊ पतरस र जब्दीको दुइटै पुत्रलाई साथमा लिएर गयो, फेरि उदास र व्याकुल हुन थाल्यो ॥ तब उसले उनीहरूसँग भन्यो, मेरो मन असाध्यै उदास भएको छ, यहाँसम्म कि मेरो प्राण निस्कन चाहन्छ तिमी यहीं बस, र मेरो साथमा जाग्दै राख ॥ फेरि ऊ अलिकता अगाडि बढेर भुइँमा पछारियो, र यो प्रार्थना गर्न लाग्यो कि, हे मेरा पिता, यदि हुन सक्दछ भने त, यो कटौरा मदेखि अलप होस्, तर पनि जस्तो मैले चाहन्छु त्यस्तो होइन, परन्तु जस्तो तैंले चाहन्छस् त्यस्तै होओस् ॥**

–इञ्जील (मत्तीपर्व/अध्याय २६/आयत ३७, ३८, ३९) ॥

**समीक्षक–** हेर्नुहोस् ! यदि त्यो केवल मनुष्य नभएर, ईश्वरको पुत्र, त्रिकालदर्शी र विद्वान् हुन्थ्यो भने त यस्तो अयोग्य चेष्टा गर्ने थिएन, यसबाट विदित हुन्छ कि यो प्रपञ्च ईसाले अथवा उसका चेलाले झुटमुट बनाएका हुन् कि त्यो ईश्वरको छोरो, भूत भविष्यत्को वेत्ता र पाप क्षमा गराउने कर्ता हो । यसैबाट सम्झनुपर्दछ कि यो केवल साधारण, सीधा, सच्चा, अविद्वान् थियो, न विद्वान्, न योगी, न त सिद्ध नै थियो ॥९६॥

**मूल–९७– उसले यो भनिरहेको थियो कि, हेर यहूदा जुन बाह्र शिष्यहरू मध्येमा एउटा थियो, आयो, र उसको साथमा महायाजकहरू र जेठाबाठा मान्छेहरूको ठूलो भीड थियो, तलवार र लट्ठी लिएर आए ॥ यीशुलाई पक्राउनेवालाले यो भनेको थियो कि जसलाई मैले म्वाइँ खान्छु, त्यही हो; उसैलाई समात्नु ॥ र तुरुन्त त्यसले यीशुको नजिक आएर भन्यो, हे गुरु प्रणाम; र उसलाई धेरै म्वाइँ खायो ॥ यीशुले उसलाई भन्यो; हे मित्र, जुन कामको लागि तँ आएको होस्, त्यसलाई पूरा गरेस् । तब उनीहरूले आएर यीशुमाथि हात हाले, र उनलाई पक्रिए ॥ .....तब अरू सबै शिष्यहरू उसलाई छोडेर भागे ॥ अन्तमा दुई जना झुटा साक्षीले आएर भने कि, उसले भनेको छ कि; मैले परमेश्वरको मन्दिरलाई ढलाउन सक्दछु र त्यसलाई तीन दिनमा बनाउन सक्दछु । तब महायाजकले उभिएर उसलाई भन्यो, के तैंले कुनै उत्तर दिँदैनस् ? यी मान्छेहरूले तेरो विरोधमा के साक्षी दिएका छन् ? परन्तु यीशु चुप रह्यो, महायाजकहरूले उसलाई भने ॥ मैले तँलाई जीवता परमेश्वरको शपथ दिन्छु कि, यदि तँ परमेश्वरको पुत्र ख्रीष्ट (मसीह) होस् भने त, हामीलाई बताइदे ॥ यीशुले उसलाई भन्यो; तँ आफैले भनिहालिस् नि तः फेरि पनि मैले तिमीहरूसित यो भन्दैछु कि, अबदेखि तिमीहरू मनुष्यको पुत्रलाई सर्वशक्तिमान्को दाहिनेतिर बसेर आकाशको बादलमा आउँदै गरेको देख्नेछौ ॥ तब महायाजकले आफ्नो लुगा च्यातेर भन्यो, यसले परमेश्वरको निन्दा गरेको छ, अब हामीलाई साक्षीहरूको के प्रयोजन ? ॥ हेर, तिमीहरूले पनि अहिले यसले गरेको परमेश्वरको निन्दा सुनेका छौ ! तिमीहरूको विचार के छ ? उनीहरूले उत्तर दिए, वध गर्न योग्य छ ॥ तब उनैले उसको मुखमा थुके, र उसलाई मुड्कीले हिर्काए, अरूले थप्पड मारेर भने ॥ हे ख्रीष्ट (मसीह) ! हामीसित भविष्यद्वाणी गरेर बता कि कसले तँलाई पिटे ? ॥ र पतरस बाहिर आँगनमा बसेको**

**थियो कि, एउटी ठिटीले आएर भनी; तँ पनि यीशुको गलीलीको साथमा थिइस् ॥ त्यसले सबैको सामुन्ने यो भनेर मुख फेऱ्यो र भन्यो कि, मलाई केही थाहा छैन तैंले के भन्दैछेस् ॥ जब त्यो बाहिर सिंढीमा पुग्यो, तब अर्की ठिटीले त्यसलाई देखेर सबैका सामुन्ने भनी, 'यो पनि यीशु नासरीको साथ थियो' ॥ त्यसले धिक्कारेर किरिया खाँदै भन्यो कि मैले त्यसलाई चिन्दिन.....॥**

–इञ्जील (मत्तीपर्व/अध्याय २६/आयत ४७-५०, ५६, ६१-७४) ॥

**समीक्षक–** अब हेर्नुहोस् कि जसको यति पनि सामर्थ्य वा प्रताप थिएन कि आफ्ना चेलालाई पनि दृढ विश्वास गराउन सकोस् र चेलाहरू पनि चाहे प्राणै पनि किन नजाओस्, तर पनि आफ्नो गुरुलाई लोभले पक्राउँदैनन्, फिर्दैनन्, न मिथ्याभाषण गर्दछन्, न त झुटो किरिया नै खान्छन् । र ईसा पनि कुनै करामती थिएन, नत्र त तौरेतमा लेखिएको छ कि– लूतको घरमा पाहुनालाई मार्नको लागि थुप्रैले आक्रमण गरेका थिए, वहाँ ईश्वरका दुइटा दूत पनि थिए, आक्रमणकारीलाई दुइटैले अन्धो बनाइदिए । यद्यपि यो पनि कुरो असम्भव छ तथापि ईसामा त यति पनि सामर्थ्य थिएन । र आजभोलि कति भडम्बा उसको नाममा ईसाईहरूले बढाएर राखेका छन् । भला ! यस्तो दुर्दशाबाट मर्न भन्दा त आफू स्वयं जुझेर वा समाधि चढाएर अथवा कुनै प्रकारबाट प्राण छोड्थ्यो भने त राम्रो थियो परन्तु त्यो बुद्धि बिना विद्याको कहाँबाट उपस्थित हुने ? ॥९७॥

त्यो ईसाले यो पनि भनेको छ–

**मूल–९८– के तैले बुझ्दैनस्, कि मैले आफ्नो पितासँग विन्ती गर्न सक्दछु, र उनले स्वर्गदूतहरूको बाह्र पल्टन भन्दा अधिक मेरो समक्ष अहिल्यै उपस्थित गरिदिनेछन् ? ॥**

–इञ्जील (मत्तीपर्व/अध्याय २६/आयत ५३) ॥

**समीक्षक–** धम्काउँदै जान्छ, आफ्नो र आफ्नो पिताको बडाइ पनि गर्दै जान्छ, र अहिले यहाँ केही पनि गर्न सक्दैन । हेर आश्चर्यको कुरो ! जब महायाजकले सोधेको थियो कि– 'यी मान्छेहरूले तेरो विरुद्ध साक्षी दिएका छन्, यसको उत्तर दे' तब त ईसा चुप रह्यो । यो पनि ईसाले राम्रो गरेन, किनभने जुन साँचो थियो, त्यसलाई त्यहाँ भनिदिएको भए पनि त राम्रो हुन्थ्यो । धेरै आफ्नो घमण्डको कुरा गर्नु उचित थिएन । र जसले ईसामाथि झुटो आरोप लगाएर नराम्रो हालतमा मारे, उनीहरूले पनि यस्तो गर्न उचित थिएन । किनभने ईसाको त्यस्तो प्रकारको अपराध थिएन, जस्तो उसको विषयमा तिनीहरूले गरे । परन्तु तिनीहरू पनि जङ्गली थिए, न्यायको कुरालाई कता सम्झने ? यदि ईसा झुटमुटको ईश्वरको छोरो बन्दैनथ्यो र तिनीहरूले उसको साथमा यस्तो यातना गर्दैनथे भने त दुइटैको लागि उत्तम काम हुने थियो, परन्तु यति विद्या, धर्मात्मा र न्यायशीलता कहाँबाट आउने ? ॥९८॥

**मूल–९९– जब यीशु अध्यक्षको सामुन्ने उभिएको थियो तब अध्यक्षले सोध्यो के तँ यहूदीहरूको राजा होस् ? यीशुले उसलाई भन्यो, तिमी आफैले भनिरहेका छौ ॥ जब प्रधान याजक र प्राचीन मान्छेहरूले उसमाथि दोष लगाउँथे तब उसले केही पनि उत्तर दिएन ॥ तब पिलातुसले उसलाई भन्यो, के तैंले सुन्दैनस् कि तेरो विरोधमा कतिले साक्षी दिइरहेका छन् ? ॥ परन्तु उसले त्यसलाई एउटा पनि उत्तर दिएन, यो देखेर हाकिम बडो आश्चर्यमा पऱ्यो ॥**

**पिलातुसले उनीहरूसित सोध्यो कि– यीशु आफूलाई जुन ख्रीष्ट (मसीह) बताउँछ के गरूँ, सबैले भने कि उसलाई क्रूसमा चढाइयोस् । अध्यक्षले सोध्यो किन यसले के त्यस्तो नराम्रो काम गरेको छ र ? परन्तु अरूले पनि चिच्याउँदै-चिच्याउँदै भन्नथाले कि यसलाई क्रूसमा चढाइयोस् ॥ जब पिलातुसले देख्यो कि, भीडमा उसको कुरो कसैले सुन्दैन परन्तु उल्टो हुलदङ्ग हुन गएकोछ, तब उसले पानी लिएर भीडको सामुन्ने हात धोयो, र भन्यो; म यस धर्मीको रगतदेखि निर्दोष छु, तिमीहरूले नै जान ॥**

**यस कुरालाई उसले बरअब्बामाथि छोडिदियो, र यीशुलाई कोर्रा हनाएर सुम्पिदियो, कि क्रूसमा चढाइयोस् ॥ तब हाकिमका सिपाहीहरूले यीशुलाई किल्लामा लगेर उसका सारा पल्टनले उसलाई चारैतिरबाट घेरे ॥ र उसका लुगा फुकालिदिए र उसलाई किरमिरे डोरी पहिराए ॥ र काँडाको मुकुट बनाएर उसको टाउकामा लगाइदिए, दाहिने हातमा निगालोको डंठी दिए र उसको अगाडि घुँडाले टेकेर उसलाई ठट्टामा उडाउन थाले, कि हे यहूदीहरूका राजा नमस्कार ! र उसमाथि थुके, त्यही निगालो लिएर टाउकोमा हान्न थाले ॥ जब उसलाई ठट्टा गरेर उडाइसके, फेरि त्यो डोरीलाई उतारेर उसैका पहिलाका लुगा लगाइदिएर क्रूसमा चढाउनको लागि हिंडे ॥ बाटामा जाँदाखेरि उनीहरूलाई शमौन नामको एक कुरेनी मनुष्य मिल्यो, उनीहरूले त्यसलाई बेकारमा समाते ताकि उसको क्रूस बोकेर हिंडोस् ॥ र त्यस स्थानमा जुन गुलगुता नामको ठाउँ अर्थात् खोपडीको स्थानले चिनिन्थ्यो, त्यहाँ पुगे ॥ उनीहरूले पित्त मिलाएको अंगुररस पिउनको लागि दिए, परन्तु उसले चाखेर पिउन चाहेन ॥ तब उनीहरूले उसलाई क्रूसमा चढाए,**

**र दोषपत्र उसको टाउकामा लगाइदिए र उसको लुगा बाँडेर लिए ॥ र त्यहाँ बसेर उसलाई पहरा दिन थाले ॥**

**र उसको दोषपत्र टाउकामा लगाइदिएर भन्नथाले कि यो यहूदीहरूको राजा हो ॥ तब उसको साथैमा दुइटा डाँकूलाई एउटा दाहिनेतिर अर्कोलाई यीशुको बायाँतिर क्रूसमा चढाए ॥ र आउने-जानेवालाहरू टाउको हल्लाउँदै निन्दा गर्दथे ॥ र यस्तो भन्दथे कि– हे मन्दिरलाई ढालेर र तीन दिनमा बनाउनेवाला, तँ आफूलाई बचा, यदि तँ परमेश्वरको पुत्र होस् भने त, क्रूसबाट तल झरेर देखा ॥ यसै रीतिबाट प्रधान याजकहरू र प्राचीन सङ्गीहरूले पनि ठट्टा गरेर भने ॥ अरूलाई त बचाइस्, अब आफूलाई त बचाउन सक्दैनस् । यो त इस्राएलको राजा हो, अब क्रूसबाट तल झरिस् भने मात्रै हामीले विश्वास गर्नेछौं ॥ यसले ईश्वरमाथि भरोसा राख्दछ, यदि उसले यसलाई चाहन्छ भने त, अब यसलाई फुत्काओस्, किनभने यसले भनेको थियो कि म परमेश्वरको पुत्र हूँ ॥ जो डाँकू उसको साथमा टाँगिएका थिए उनीहरूले पनि यसै रीतिबाट यीशुको निन्दा गर्दथे । दोस्रो प्रहरदेखि लिएर तेस्रो प्रहरसम्म देशमा अँध्यारो छाइरह्यो ॥ तेस्रो प्रहरको निकट यीशुले ठूलो शब्दले पुकारेर भन्यो– "एली, एली लमा शबक्तनी ?" अर्थात् हे मेरा परमेश्वर, तैंले मलाई किन छोडिदिइस् ? जो मान्छे त्यहाँ थिए, यस्तो सुनेर तिनीहरूले भने कि– त्यसले त एलिय्याहलाई पुकारेको छ ॥ ती मध्येको एउटा चाहिं तुरुन्त दौडियो, र गद्दा लिएर अंगुररसमा भिजायो अनि निगालाको डाँठमा राखेर उसलाई चुसायो ॥ अरूले भने हेर्दैराख, एलिय्याह उसलाई बचाउनको लागि आउँछ कि आउँदैन ॥ तब यीशुले फेरि ठूलो शब्दले चिच्याएर प्राण त्यागिदियो ॥**

–इञ्जील (मत्तीपर्व/अध्याय २७/आयत ११-१४, २२-२४, २६-५०) ॥

**समीक्षक–** सर्वथा यीशुको साथ ती दुष्टहरूले नराम्रो काम गरे । परन्तु यीशुको पनि दोष छ, किनभने ईश्वरको न कोई पुत्र, न त्यो कसैको बाउ हो । किनभने त्यो कसैको बाउ भयो भने त कसैको श्वसुर, साला सम्बन्धी आदि पनि हुन्छ । जब अध्यक्षले सोधेको थियो तब जस्तो साँचो थियो त्यस्तै बताउनुपर्ने थियो । र यो ठीक हो कि जुन-जुन आश्चर्य कर्म प्रथममा गरेको साँचो भए त अहिले पनि क्रूसबाट तल झरेर आएर सबैलाई शिष्य बनाउन सक्ने थियो । र त्यो यदि ईश्वरको पुत्र हुन्थ्यो भने त पक्कै पनि ईश्वरले बचाउने थियो । यदि त्यो त्रिकालदर्शी हुन्थ्यो भने त अंगुररसमा पित्त मिलेको चाखेर किन छोड्थ्यो ? त्यसले पहिल्यैबाट जान्न सक्थ्यो । यदि त्यो करामती हुन्थ्यो भने त चिच्याउँदै-चिच्याउँदै किन प्राण त्यागथ्यो ? अर्थात् चाहे कोई कति नै चतुराई गरोस्, परन्तु अन्तमा सत्य-सत्य र झुट-झुट हुन जान्छ । यसबाट यो पनि सिद्ध हुन्छ कि यीशु एक त्यस समयको जङ्गली मनुष्यहरूमा केही राम्रो थियो । न त्यो करामती, न ईश्वरको पुत्र र न त विद्वान् थियो, किनभने यदि यस्तो हुन्थ्यो भने त त्यसले दुःख किन भोग्थ्यो ? ॥९९॥

**मूल–१००– अरू पनि हेर, ठूलो भुइँचालो गयो कि परमेश्वरको एउटा दूत स्वर्गबाट उत्रेर चिहानको द्वारबाट ढुङ्गा लडाउँदै त्यसमाथि बस्यो । त्यो यहाँ छैन, परन्तु आफ्नो वचनकै अनुसार ब्युँतिएको छ । आओ यो स्थान हेर, जहाँ प्रभु थियो ॥ र हेर यीशु उनीलाई मिल्यो र भन्यो, नमस्कार र उनीहरू नजिक आएर उसको खुट्टा समातेर दण्डवत गरे ॥ तब यीशुले भन्यो नडराओ, गएर मेरा भाइहरूलाई भन कि गलीलमा जानु त्यहाँ गएर मलाई देख्नेछौ ॥ र एघार चेलाहरू गलीलको त्यस पहाडमा गए जहाँ यीशुले उनीहरूलाई बताएको थियो ॥ र तिनीहरूले उसको दर्शन पाएर प्रणाम गरे, तर कसै-कसैलाई सन्देह भयो ॥ यीशुले उनीहरूको नजिक आएर भन्यो कि, स्वर्ग र पृथ्वीको सारा अधिकार मलाई दिइएको छ ॥ यसैले तिमीहरू गएर सबै जातिहरूका मान्छेहरूलाई चेला बनाओ र उनीहरूलाई पिता, पुत्र र पवित्रात्माको नामबाट बपतिस्मा देओ ॥ र उनीहरूलाई सबै कुराहरू जुन मैले तिमीहरूलाई आज्ञा दिएको छु, मान्न सिकाओ र हेर, म जगत्को अन्तसम्म तिमीहरूको सङ्ग छु ॥**

–इञ्जील (मत्तीपर्व/अध्याय २८/आयत २, ६, ९, १०, १६-२०) ॥

**समीक्षक–** यो कुरो पनि मान्नयोग्य छैन, किनभने सृष्टिक्रम र विद्याविरुद्ध छ । प्रथम ईश्वरसँग दूतहरू हुनु, उनीहरूलाई जहाँ-तहाँ पठाउनु, माथिबाट झर्नु, कस्तो ग्रामप्रमुख, जिल्लाप्रमुख जस्तो बनाइदिएको छ । के त्यसै शरीरबाट स्वर्ग गयो र ब्युँतियो ? किनभने ती स्त्रीहरूले खुट्टा समातेर प्रणाम गर्दा त त्यही शरीर थियो ? र त्यो तीन दिनसम्म किन सडेन ? र आफ्नो मुखले सबैको अधिकारी हूँ भन्नु केवल दम्भको कुरा हो । शिष्यहरूसँग मिल्नु उनीहरूसँग कुरा गर्नु असम्भव छ किनभने यी कुराहरू साँचो हो भने त आजभोलि पनि किन मुर्दा ब्युँतदैन ? र त्यसै शरीरबाट स्वर्ग किन जाँदैनन् ? ॥१००॥

यहाँसम्म मत्तीरचित इञ्जीलको विषय पूरा भयो । अब अगाडि मार्क रचित इञ्जीलको विषयमा लेखिन्छ ।

## मार्क रचित इञ्जील (१३.३.२)

**मूल–१०१– के यो सिकर्मी होइन ? जुन मरियमको पुत्र, याकूब, योसेस, यहूदा र शमौनको भाइ हो.... ॥** –इञ्जील (मार्कपर्व/अध्याय ६/आयत ३) ॥

**समीक्षक–** असलमा यूसुफ सिकर्मी थियो, यसैले ईसा पनि सिकर्मी थियो । कति वर्षसम्म त सिकर्मी काम गरेर हिंड्थ्यो । पश्चात् पैगम्बर बन्दा-बन्दै ईश्वरको पुत्र नै बन्यो र जङ्गली मान्छेहरूले बनाए, तब नै बडो कारीगरी चलायो । काट-कुट फुट-फाट गर्नु नै उसको काम हो ॥१०१॥

## लूका रचित इञ्जील (१३.३.३)

**मूल–१०२– यीशुले उसलाई भन्यो, तैंले मलाई उत्तम किन भन्दछस् ? कोई उत्तम छैनन्, केवल एक, अर्थात् परमेश्वर ।** –इञ्जील (लूकापर्व/अध्याय १८/आयत १९) ॥

**समीक्षक–** जब ईसाले नै एक अद्वितीय ईश्वर छ भन्दछ भने त ईसाईहरूले पवित्रात्मा, पिता, पुत्र तीन कहाँबाट बनाए ? ॥१०२॥

**मूल–१०३– ....तब त्यसलाई हेरोदेसकहाँ पठाइदिए....॥ हेरोदेस यीशुलाई देखेर अति प्रसन्न भयो, किनभने धेरै दिनदेखि उसले यीशुलाई देख्ने चाहना राखेको थियो, किनभने उसको विषयमा धेरै कुरा सुनेको थियो, र उसको कुनै चमत्कार हेर्ने आशा राख्दथ्यो ॥ त्यसले उससँग धेरै कुराहरू सोधिराख्यो, तर यीशुले त्यसलाई केही पनि उत्तर दिएन ॥** –इञ्जील (लूकापर्व/अध्याय २३/आयत ७, ८, ९) ॥

**समीक्षक–** यो कुरो मत्तीरचितमा छैन, यसैले यी साक्षी बिग्रिए । किनभने साक्षी एकैनासे हुनुपर्दछ र यदि ईसा चतुर र चमत्कारी हुन्थ्यो भने त हेरोदेसलाई पक्कै पनि उत्तर दिन्थ्यो र चमत्कार पनि देखाउँथ्यो, यसबाट विदित हुन्छ कि ईसामा विद्या र चमत्कार केही पनि थिएन ॥१०३॥

## यूहन्ना रचित सुसमाचार (१३.३.४)

**मूल-१०४– आदिमा वचन थियो, र वचन परमेश्वरको साथ थियो, र वचन परमेश्वर थियो ॥ यही आदिमा परमेश्वरको साथ थियो ॥ सबैथोक उसैद्वारा उत्पन्न भयो र जे-जति उत्पन्न भएको छ, त्यसबाट कुनै पनि वस्तु उसको बिना उत्पन्न भएको छैन ॥ उसमा जीवन थियो; त्यो जीवन मनुष्यको ज्योति थियो ॥**
–इञ्जील (यूहन्नापर्व/अध्याय १/आयत १, २, ३, ४) ॥

**समीक्षक–** आदिमा वचन बिना वक्ताको हुन सक्दैन र यदि वचन ईश्वरको सङ्ग थियो भने त 'आदिमा वचन ईश्वरको सङ्ग थियो' यो भन्नु व्यर्थ भयो । र वचन कहिल्यै ईश्वर हुन सक्दैन किनभने जब त्यो आदिमा ईश्वरको सङ्ग थियो भने त पूर्व वचन वा ईश्वर थियो, यो घट्न सक्दैन । वचनको द्वारा सृष्टि कहिल्यै हुन सक्दैन, जबसम्म त्यसको कारण हुँदैन । र वचनको बिना पनि चुपचाप रहेर कर्ता सृष्टि गर्न सक्दछ । जीवन कसमा अथवा के थियो, यस वचनले जीवलाई अनादि मान्नेछौ, यदि अनादि हो भने त आदमको नथुनामा श्वास फुंक्नु झुटो भयो र के जीवन मनुष्यहरूको मात्रै ज्योति हो, पश्वादिको होइन ? ॥१०४॥

**मूल–१०५– र भोजनको समयमा जब शैतानले शमौनको पुत्र यहूदा इस्करियोतीको मनमा यो कुरा हालिसकेको थियो कि, उसलाई पक्राउने ॥** –इञ्जील (यूहन्नापर्व/अध्याय १३/आयत २) ॥

**समीक्षक–** यो कुरो साँचो होइन, किनभने जब कसैले ईसाईहरूलाई सोध्छ कि शैतानले सबैलाई बहकाउँछ भने त शैतानलाई कसले बहकाउँछ ? यदि भन्दछौ कि शैतान आफै बहकिन्छ त मनुष्य पनि आफै बहकिन सक्दछ, पुनः शैतानको के काम ? र यदि शैतानलाई बनाउने र बहकाउनेवाला परमेश्वर नै हो भने त त्यही शैतानको शैतान ईसाईहरूको ईश्वर ठहरियो । परमेश्वरले नै सबैलाई त्यस मार्फत बहकायो । भला, यस्तो काम ईश्वरको हुन सक्दछ ? साँचो त यही हो कि यो पुस्तक ईसाईहरूको र ईसा ईश्वरको छोरो जसले बनाए ती शैतान हुन् त हुन् किन्तु न यो ईश्वरकृत पुस्तक, न यसमा भनिएको ईश्वर र ईसा ईश्वरको पुत्र हुन सक्दछ ॥१०५॥

**मूल–१०६– तिम्रो मन व्याकुल नहोस्, ईश्वरमाथि विश्वास राख र ममाथि पनि विश्वास गर ॥ मेरो पिताको घरमा थुप्रै बस्नको लागि स्थान छ, यदि हुँदैनथ्यो भने, मैले तिमीलाई बताउने थिएँ, किनभने म तिम्रो लागि स्थान तयार गर्न जान्छु ॥ र यदि मैले गएर तिम्रा लागि ठाउँ तयार गरूँ, त फेरि आएर तिमीलाई मेरो त्यहाँ लैजानेछु कि, जहाँ म रहन्छु त्यहाँ तिमीहरू पनि रहनेछौ ॥ र जहाँ म जान्छु तिमीले पनि त्यहाँको मार्ग जानेका छौ ॥ यीशुले भन्यो मार्ग, सच्चाई र जीवन म नै हूँ बिना मद्वारा कोही पनि पिताको ठाउँमा जान सक्दैन ॥ यदि तिमीले मलाई जानेका भए त मेरो पितालाई पनि जान्ने थियौ, र अब उसलाई जानेका छौ, र उसलाई देखेका पनि छौ ॥** –इञ्जील (यूहन्नापर्व/अध्याय १४/आयत १-४, ६,७) ॥

**समीक्षक–** अब हेर्नुहोस् ! यो वचन ईसाको के पोपलीला भन्दा कम्ती छ ? यदि यस्तो प्रपञ्च रच्दैनथ्यो भने त को त्यसको मतमा फस्थ्यो ? के ईसाले आफ्नो पितालाई ठेक्कामा लिएको छ ? र त्यो ईसाको वशमा छ भने त, पराधीन हुनाले त्यो ईश्वर हुन सक्दैन, किनभने ईश्वर कसैको सिफारिस सुन्दैन । के ईसा भन्दा पहिला कसैले पनि ईश्वरलाई प्राप्त गरेनन् होला ? यस्तो स्थान आदिको प्रलोभन दिन्छ र जुन आफ्नो मुखले आफ्नो मार्ग, सत्य र जीवन बनाउँछ, त्यो सबै प्रकारबाट दम्भी भनिन्छ, त्यसैले यो कुरो सत्य कहिल्यै हुन सक्दैन ॥१०६॥

**मूल–१०७– मैले तिमीसँग साँचो-साँचो भन्दैछु जसले ममाथि विश्वास गर्दछ, जुन काम मैले गर्दछु त्यसलाई उसले पनि गर्नेछ र यी भन्दा ठूला काम पनि गर्नेछ भने सबै आश्चर्यको कर्म गर्नेछ किनभने म पितासँग जाने गर्दछु ॥** –इञ्जील (यूहन्नापर्व/अध्याय १४/आयत १२) ॥

**समीक्षक–** अब हेर्नुहोस् ! यदि ईसाईहरू ईसामाथि यति नै विश्वास राख्दछन् भने त मरेका मुर्दालाई ब्युँताउने काम किन गर्न सक्दैनन् ? र यदि विश्वासबाट पनि आश्चर्यको काम गर्न सक्दैनन् भने त ईसाले पनि आश्चर्यको काम गरेको थिएन, यस्तो निश्चित जान्नुपर्दछ । किनभने स्वयं ईसाले नै भन्दैछ कि तिमीले पनि आश्चर्यको काम गर्नेछौ, तर पनि यस समयमा ईसाई कुनै एउटाले पनि गर्न सक्दैन भने त कसको हियोको आँखो फुटेको छ, त्यसले ईसालाई मुर्दा ब्युँताउने आदिको कर्ता मान्दछ ॥१०७॥

**मूल–१०८– ....जो अद्वैत सत्य ईश्वर हो....॥** –इञ्जील (यूहन्नापर्व/अध्याय १७/आयत ३) ॥

**समीक्षक–** जब अद्वैत ईश्वर छ भने त ईसाईहरूले यसरी तीन ओटा बताउनु सर्वथा मिथ्या हो ॥१०८॥

यसै प्रकार थुप्रै ठाउँमा इञ्जीलमा अन्यथा कुराहरू भरिएका छन् ॥

## यूहन्नाको प्रकाशित वाक्य (१३.३.५)

अब यूहन्नाको अद्‌भुत कुराहरू सुन्नुहोस्–

**मूल–१०९– र त्यस सिंहासनको चारैतिर चौबीस सिंहासन छन्; र यी सिंहासनहरूमा प्राचीन श्वेत वस्त्र पहिरेका बसेका छन्, र उनीहरूका शिरमा सुनको मुकुट छ ॥ र त्यस सिंहासनमा बिजुली र गर्जन निस्कन्छन् र सिंहासनको सामुन्ने अग्निका सात दीपक जलिराखेका छन्, यी परमेश्वरका सात आत्माहरू हुन् ॥ र सिंहासनको सामुन्ने स्फटिकजस्तै काँचका समुद्र छन्, र सिंहासनको माझमा र सिंहासनको चारैतिर चार प्राणी छन्, जसका अगाडि पछाडि आँखा छन् ॥ पहिलो प्राणी सिंहको समान छ, र दोस्रो बाच्छाको समान छ, तेस्रो प्राणीको मुख मनुष्यको जस्तो छ र चौथो प्राणी उडिराखेका चिलको जस्तो छ ॥**
–इञ्जील (प्रकाशितवाक्यपर्व/अध्याय ४/आयत ४, ५, ६, ७) ॥

**समीक्षक–** अब हेर्नुहोस् ! एक नगरको तुल्य ईसाईहरूको स्वर्ग छ । र यिनको ईश्वर पनि दीपकको समान अग्नि छ । र सुनका मुकुटादि आभूषण धारण गर्नु र अगाडि-पछाडि नेत्रहरू हुनु असम्भावित छ । यी कुराहरूलाई कसले मान्न सक्दछ ? र वहाँ सिंहादि चार पशु पनि लेखिएको छ ॥१०९॥

**मूल–११०– र जो सिंहासनमा बसेको थियो, मैले त्यसको दाहिने हातमा एउटा पुस्तक देखें, जुन भित्र र बाहिर लेखिएको थियो, र त्यसलाई सातओटा मोहर लगाएर बन्द गरिएको थियो ॥ फेरि मैले एक बलवन्त स्वर्गदूतलाई देखें जुन उच्च स्वरले यो प्रचार गरिरहेको थियो कि यस पुस्तकलाई खोल्न र यसमा लगाइएको मोहरलाई फुकाउन सक्ने कोही छ ? ॥ । न स्वर्गमा, न पृथ्वीमा, न त पृथ्वीको तल कोही त्यस पुस्तकलाई खोल्न सक्ने या त्यस पुस्तकमा दृष्टि लगाउन सक्ने निस्कियो ॥ र म धुरूधुरू रुन लागें, किनभने त्यस पुस्तकलाई खोल्नेवाला वा दृष्टि गर्नेवाला कोही पनि निस्किएन ॥**
–इञ्जील (प्रकाशितवाक्यपर्व/अध्याय ५/आयत १, २, ३, ४) ॥

**समीक्षक–** अब हेर्नुहोस् ! ईसाईहरूको स्वर्गमा सिंहासन र मनुष्यहरूको ठाँठ-बाँठ र किताबलाई कयौं शीलबन्दी गरिएको जसलाई खोल्नको लागि स्वर्ग, पृथ्वी र पातालमा कोही मिलेन । यूहन्नाको रुनु र पश्चात एक प्राचीनले भन्यो कि त्यसलाई वही ईसाले खोल्नेछ, प्रयोजन **'जसको विवाह उसैको गीत ।'** हेर्नुहोस् ! ईसामाथि नै सबै माहात्म्य नुगाइएको छ, परन्तु यी सबै कुराहरू केवल कथनमात्रै हुन् ॥११०॥

**मूल–१११– र मैले त्यस सिंहासन र चारै प्राणीहरू र ती प्राचीनहरूका बीचमा मानौं एउटा वध गरिएको पाठो उभिएको देखें, त्यसका सात सींग र सातै आँखा थिए, यी परमेश्वरका सात आत्माहरू हुन्, जुन सारा पृथ्वीमा पठाइएको छ ॥** –इञ्जील (प्रकाशितवाक्यपर्व/अध्याय ५/आयत ६) ॥

**समीक्षक–** अब हेर्नुहोस् यस यूहन्नाको स्वप्नको मनोव्यापार ! त्यस स्वर्गको बीचमा सबै ईसाई र चार पशु तथा ईसा पनि छ बाँकी कोही छैनन् ! यो बडो अद्‌भुत कुरो भयो यहाँ त ईसाको दुई आँखा थिए र सींगको नाम पनि थिएन र स्वर्गमा गएपछि सात सींग र सात आँखावाला भयो ! र ती सातै ईश्वरका

आत्मा ईसाको सींग र नेत्र बनेका थिए । हाय ! यस्ता कुराहरूलाई ईसाईले किन माने होलान् ? भला केही त बुद्धिलाई काममा लगाएको भए ॥१११॥

**मूल–११२– र जब उसले पुस्तक लियो, तब ती चारै प्राणी र चौबीसै प्राचीन त्यस पाठाको सामुन्ने ढले, र प्रत्येकको हातमा वीणा र धूपले भरिएका सुनका कटौरा थिए, यो त पवित्र मान्छेहरूको प्रार्थना हो ॥**

–इञ्जील (प्रकाशितवाक्यपर्व/अध्याय ५/आयत ८) ॥

**समीक्षक–** भला, जब ईसा स्वर्गमा हुँदैन तब यी बिचराहरूले धूप, दीप, नैवेद्य, आरती आदि पूजा कसको गर्दछन् होला ? र यहाँ प्रोटेस्टेंट ईसाईहरू बुत्परस्ती (मूर्तिपूजा) लाई त खण्डन गर्दछन् र यिनको स्वर्ग बुत्परस्तीको घर बनिरहेको छ ॥११२॥

**मूल–११३– फेरि मैले देखें कि, पाठाले ती सात शीलहरूलाई एक-एक गरेर खोल्यो, र ती चारै प्राणीहरू मध्येमा एउटाको गर्जनजस्तो शब्द सुनियो, कि आइज ॥ र मैले दृष्टि लगाएँ कि, एउटा सेतो घोडा छ, र त्यसको सवारी धनुष लिएको र त्यसलाई मुकुट दिइएको छ, र त्यो जय भन्दै निस्कियो कि अरू पनि जय प्राप्त गरौं ॥**

**र जब त्यसले दोस्रो शील खोल्यो, तब मैले सुनें कि दोस्रो प्राणीलाई पनि आइज ॥**

**फेरि एउटा घोडा निस्कियो, रातो रङ्गको थियो, त्यसको सवारलाई यो अधिकार दिइयो कि, पृथ्वीबाट मेल-मिलाप उठाएर लैजा, ताकि मान्छेहरू एक अर्कालाई वध गर्न सकून्, र त्यसलाई एउटा ठूलो तलवार दियो ॥**

**र जब त्यसले तेस्रो शील खोल्यो, तब त तेस्रो प्राणीले यो भन्दै गरेको मैले सुनें कि, आइज, र मैले दृष्टि लगाएँ कि, त्यहाँ एउटा कालो घोडा छ ॥ र जब त्यसले चौथो शील खोल्यो, र देख्यो कि एउटा पहेंलो घोडा छ र त्यसमाथि बसेकाको नाम मृत्यु हो इत्यादि ॥**

–इञ्जील (प्रकाशितवाक्यपर्व/अध्याय ६/आयत १, २, ३, ४, ५, ६, ७, ८) ॥

**समीक्षक–** अब हेर्नुहोस् पुराणहरूमा भन्दा पनि अधिक मिथ्या लीला छ कि छैन ? भला ! पुस्तकको बन्धनभित्र घोडाको सवार कहाँबाट हुन सक्दछ ? यो सपनाको सुनको महल जसले यसलाई सत्य मानेका छन्, तिनीहरूमा अविद्या जति थोरै भनौं, त्यति नै थोरै हुन्छ ॥११३॥

**मूल–११४– र तिनीहरूले ठूलो शब्दले पुकार्थे कि हे– स्वामी पवित्र र सत्य ! कहिलेसम्म तैंले न्याय गर्दैनस् र पृथ्वीका निवासीहरूबाट हाम्रो रगतको बदला लिंदैनस् ॥ र प्रत्येकलाई उजेलो वस्त्र दिइयो र तिनीहरूलाई भनियो कि अरू थोरैबेर विश्राम गर, जबसम्म तिम्रा सङ्गी दास, र भाइ, जो तिमीहरूको जस्तै वध गरिनेछन्, तिनीहरूको गन्ती पूरा गरेर सकिंदैन ॥**

–इञ्जील (प्रकाशितवाक्यपर्व/अध्याय ६/आयत १०, ११) ॥

**समीक्षक–** जो कोही ईसाई होलान्, तिनीहरू दौरासुपुर्द (कुराइमा) यस्तो न्याय गराउनको लागि रुने गर्दछन्, जसले वेदमार्गलाई स्वीकार गर्नेछ, त्यसको न्याय हुनमा कत्ति पनि बेर लाग्नेछैन । ईसाईहरूसँग सोध्नुपर्दछ कि– "कचहरी आजभोलि बन्द छ ? र न्यायको काम पनि हुँदैन ? न्यायाधीश निकम्मा बसेका छन्" भने त केही पनि ठीक-ठाक उत्तर दिन सक्ने छैनन् ।

र ईश्वरलाई पनि बहकाउँदा र उनका ईश्वर पनि बहकिन जान्छ किनभने यिनीहरूले भन्नेबित्तिकै शत्रुहरूसँग बदला लिन जान्छ । र दंशीला स्वभाववाला छन् मरेपछि पनि स्ववैर लिने गर्दछन्, शान्ति कत्ति पनि छैन । र जहाँ शान्ति छैन, त्यहाँ दुःखको के पारावार होला ॥११४॥

**मूल–११५– र आकाशका तारा पृथ्वीमा यस्तरी खसे कि जसरी ठूलो आँधीले हल्लिएर अञ्जीरको काँचा दाना बुटाबाट झर्दछन् ॥ र आकाश यसरी सर्कियो कि, जसरी पत्र लपेट्दा सर्कन्छ, र प्रत्येक पहाड र टापु आ-आफ्नो स्थानबाट खस्किएर अलग भए ॥**

–इञ्जील (प्रकाशितवाक्यपर्व/अध्याय ६/आयत १३, १४) ॥

**समीक्षक–** अब हेर्नुहोस् यूहन्ना भविष्यद्वक्ता ! जब विद्या हुँदैन तब नै यस्तो अण्ड-बण्ड कथा गायो । भला ! तारा सबै भूगोल हुन् एक पृथ्वीमा कसरी खस्न सक्दछन् ? र सूर्यादिको आकर्षणले तिनीहरूलाई यता-उता जान किन दिन्थ्यो ? र के आकाशलाई गुन्द्री जस्तै सम्झन्छ ? यो आकाश साकार पदार्थ होइन, जसलाई बेर्ने वा पटचाउन सक्ने ॥ त्यसैले यूहन्ना आदि सबै जङ्गली मनुष्य थिए, तिनीहरूलाई यी कुराको के खबर ? ॥११५॥

**मूल–११६– र जसमा मोहर लगाइयो, मैले त्यसको गन्ती सुनें, कि इस्राएलको सन्तानका सबै गोत्रहरू मध्येमा एक लाख चवालीस हजारमाथि मोहर लगाइयो । यहूदाका गोत्रमा बाह्र हजारमाथि मोहर लगाइयो, रुबेनको गोत्र मध्येमा बाह्र हजारमाथि, गादको गोत्र मध्येमा बाह्र हजारमाथि मोहर लगाइयो ॥**

–इञ्जील (प्रकाशितवाक्यपर्व/अध्याय ७/आयत ४, ५) ॥

**समीक्षक**– के जुन बाइबलमा ईश्वर लेखेको छ, त्यो इस्राएल आदि कुलहरूको स्वामी हो, वा सबै संसारको ? यदि यस्तो हुँदैनथ्यो भने त उनै जङ्गलीहरूलाई साथ किन दिन्थ्यो ? र उनैको सहायता गर्दथ्यो, दोस्राको नाम निशाना पनि लिंदैन, यसैले त्यो ईश्वर होइन । र इस्राएल कुल आदिका मनुष्यमाथि छाप लगाउनु अल्पज्ञता अथवा यूहन्नाको मिथ्या कल्पना हो ॥११६॥

**मूल–११७– यसै कारणले ती परमेश्वरका सिंहासनका अगाडि छन्, र उसको मन्दिरमा दिन रात उसको सेवा गर्दछन्, र जो सिंहासनमा बसेको छ, त्यसले उनीहरूमाथि तम्बू टाँग्नेछ ॥**

–इञ्जील (प्रकाशितवाक्यपर्व/अध्याय ७/आयत १५) ॥

**समीक्षक**– के यो महाबुत्परस्ती (मूर्तिपूजक) होइन ? अथवा उनका ईश्वर देहधारी मनुष्यको तुल्य एकदेशी होइन ? र ईसाईहरूको ईश्वर रातमा पनि सुत्दैन, सुत्थ्यो भने त रातमा पूजा कसरी हुन सक्दछ ? तथा त्यसको निद्रा पनि उड्छ होला र यदि रात-दिन जाग्छ भने त विक्षिप्त वा अति रोगी होला ॥११७॥

**मूल–११८– फेरि एउटा अर्को स्वर्गदूत सुनको धूपदानी लिएर आयो, र वेदीको निकटमा गयो र उसलाई बेस्सरी धूप दियो, कि सबै पवित्र मान्छेहरूको प्रार्थनाहरूको साथ त्यस सुनौलो वेदीमा जुन सिंहासनको सामुन्ने चढाए ॥ र त्यस धूपको धुवाँले पवित्र मान्छेहरूको प्रार्थनाहरूको सहित स्वर्गदूतको हातदेखि परमेश्वरको सामुन्ने पुग्यो ॥ र स्वर्गदूतहरूले धूपदानीलाई लिएर त्यसमा वेदीको आगो भरेर पृथ्वीमा हाले, र गर्जन र शब्द गर्दै बिजुली चम्केर भुइँचालो गयो ॥**

–इञ्जील (प्रकाशितवाक्यपर्व/अध्याय ८/आयत ३, ४, ५) ॥

**समीक्षक**– अब हेर्नुहोस् ! स्वर्गसम्म वेदी, धूप, दीप, नैवेद्य, नरसिंघाको शब्द हुन्छन्, के वैरागीहरूको मन्दिर भन्दा ईसाईको स्वर्ग कम्तीको छ त ? केही धूम-धाम अधिक नै छ ॥११८॥

**मूल–११९– र पहिलो स्वर्गदूतले नरसिंघा फुक्यो तब रगतले मुछिएका असिना र आगो उत्पन्न भयो, र त्यसलाई पृथ्वीमा हालियो, पृथ्वीको एक तिहाई भाग जल्न गयो र सबै हरियो घाँस पनि पोलियो ॥**

–इञ्जील (प्रकाशितवाक्यपर्व/अध्याय ८/आयत ७) ॥

**समीक्षक**– वाह रे ! ईसाईहरूका भविष्यद्वक्ता ! ईश्वर, ईश्वरका दूत, नरसिंघाको शब्द र प्रलयको लीला केवल केटाहरूको खेलजस्तो देखिन्छ ॥११९॥

**मूल–१२०– र पाँचौं दूतले नरसिंघा फुक्यो र मैले एउटा तारालाई स्वर्गबाट पृथ्वीमा खस्दै गरेको देखें र अथाह कुण्डको कूपको चाबी त्यसलाई दिइयो ॥ त्यसले अथाह कुण्डको कूप खोल्यो र कूपबाट ठूलो भट्टीको धुवाँजस्तै गरेर धुवाँ उठ्यो र सूर्य अनि वायुमा अँध्यारो भयो ॥ र त्यस धुवाँबाट सलह पृथ्वीमा निस्किएर अनि तिनीहरूलाई पृथ्वीका बिच्छीको जस्तो शक्ति दिइयो ॥ र भनियो कि पृथ्वीका घाँस, हरियाली र वृक्षलाई हानि नपुऱ्याइकन ती मनुष्यहरूको जसको निधारमा ईश्वरको छाप छैन ॥....पाँच महिनासम्म तिनीहरूलाई पीडा दिइयोस्.... ॥** –इञ्जील (प्रकाशितवाक्यपर्व/अध्याय ९/आयत १, २, ३, ४, ५) ॥

**समीक्षक**– के नरसिंघाको आवाज सुनेर तारा उनै दूतहरूमाथि र उसै स्वर्गमा खसे होलान् ? यहाँ त खसेनन् । भला ! त्यो कूप वा सलह पनि प्रलयको लागि ईश्वरले पाल्यो होला र छापलाई देखेर पढ्छ होला कि छापवालालाई नटोक ? यो केवल भोले मनुष्यहरूलाई डराएर ईसाई बनाउनको लागि धोका दिन हो कि यदि तिमी ईसाई भएनौ भने त सलहले टोक्नेछ । यस्ता कुरा विद्याहीन देशमा चल्नसक्दछ, आर्यावर्त्तमा होइन, के त्यो प्रलयको कुरो हुन सक्दछ ? ॥१२०॥

**मूल–१२१– र घोडचढी सेनाहरूको संख्या बीस करोड थियो, मैले त्यसको गन्ती सुनें ॥**

–इञ्जील (प्रकाशितवाक्यपर्व/अध्याय ९/आयत १६) ॥

**समीक्षक**– यति विघ्न घोडा स्वर्गमा कहाँ अडिन्थे, कहाँ चर्थे र कहाँ बस्थे र कहाँ हग्थे ? त्यसको दुर्गन्ध पनि स्वर्गमा कति भयो होला ? बस यस्तो स्वर्ग, यस्तो ईश्वर र यस्तो मतको लागि हामी सबै आर्यहरूले तिलाञ्जलि दिएका छौं । यस्तो बखेडा ईसाईहरूको शिरदेखि पनि सर्वशक्तिमान्‌को कृपाले दूर भएमा त राम्रो हुने थियो ॥१२१॥

**मूल–१२२– र मैले अर्को पराक्रमी दूतलाई स्वर्गबाट उत्रिंदै गरेको देखें जसले मेघलाई ओढेको थियो र त्यसको शिरमा मेघधनुष थियो र त्यसको मुख सूर्यजस्तो थियो र त्यसको खुट्टा आगाको खाँबोजस्तो थियो ॥....र त्यसले आफ्नो दाहिने खुट्टा समुद्रमा र बायाँ खुट्टा पृथ्वीमा राख्यो ॥**

–इञ्जील (प्रकाशितवाक्यपर्व/अध्याय १०/आयत १, २) ॥

**समीक्षक**– अब हेर्नुहोस् यी दूतहरूको कथा ! जुन पुराणहरू र भाटहरूको कथामा भन्दा पनि बर्ता छ ॥१२२॥

**मूल–१२३– र मलाई लट्ठीको समान लामो एउटा निगालो दिए, र कसैले भन्यो कि, उठेर परमेश्वरको मन्दिर, वेदी र त्यसमा भजन गर्नेहरूलाई नाप ॥**

–इञ्जील (प्रकाशितवाक्यपर्व/अध्याय ११/आयत १) ॥

**समीक्षक**– यहाँको त के कुरा ईसाईहरूको त स्वर्गमा पनि मन्दिर बनाएर नाप्ने गरिन्छ, राम्रो हो, यिनको जस्तो स्वर्ग छ, त्यस्तै कुराहरू छन् । त्यसैले यहाँ प्रभुभोजनमा ईसाको शरीरावयव मासु रगतको भावना गरेर खाने-पिउने गर्दछन्, गिर्जाघरमा पनि क्रूश आदिको आकार बनाउनु आदि बुत्परस्ती (मूर्तिपूजा) हो ॥१२३॥

**मूल–१२४– र परमेश्वरको जुन मन्दिर स्वर्गमा छ, त्यसलाई खोलियो, र त्यसको मन्दिरमा उसको वाचाको सन्दूक देखियो, र बिजुली चम्कियो र शब्द गर्जियो अनि भुइँचालो गयो, र ठूला-ठूला असिना वर्षियो ॥**

–इञ्जील (प्रकाशितवाक्यपर्व/अध्याय १९/आयत १९) ॥

**समीक्षक**–स्वर्गमा जुन मन्दिर छ त्यो हर समय बन्द रहन्छ होला, कहिलेकाहिं खोलिन्छ होला, के परमेश्वरको पनि मन्दिर हुन सक्दछ ? जुन वेदोक्त परमात्मा सर्वव्यापक छ, उसको कुनै पनि मन्दिर हुन सक्दैन । हो, ईसाईहरूको परमेश्वर जुन आकारवाला छ, त्यसको चाहे स्वर्गमा, चाहे भूमिमा हुन सक्दछ होला । र जस्तो लीला टन्-टन् पूँ-पूँ को यहाँ हुन्छ, त्यस्तै ईसाईहरूको स्वर्गमा पनि । र नियमको सन्दूक पनि कहिलेकाहिं ईसाईहरूले देख्दछन् होला, त्यसमा नजाने के प्रयोजन सिद्ध गर्दछन् ? साँचो त यो हो कि यी सबै कुराहरू मनुष्यलाई भुलाउनको लागि गरेका हुन् ॥१२४॥

**मूल–१२५– एउटा बडो आश्चर्य स्वर्गमा देखियो अर्थात् एक स्त्री जसले सूर्यलाई पहिरेकी छ र त्यसका खुट्टमा चन्द्रमा छ, त्यसको शिरमा बाह्र ताराहरूको मुकुट छ ॥ र त्यो गर्भवती भएर चिच्याएकी छ किनभने प्रसवको पीडाले चापेको छ र बच्चा जन्माउनको लागि पीडित छ ॥ र दोस्रो आश्चर्य स्वर्गमा देखियो कि, हेर ठूलो रातो अजिङ्गर छ जसको सात ओटा टाउका र दश ओटा सींग छन् र त्यसको टाउकामा सात ओटा राजमुकट छन् ॥ र त्यसको पुछारले आकाशका ताराहरूको एक तिहाई भागलाई तानेर पृथ्वीमा हालिदियो....॥**

–इञ्जील (प्रकाशितवाक्यपर्व/अध्याय १२/आयत १, २, ३, ४) ॥

**समीक्षक**– अब हेर्नुहोस् लम्बा-चौडा गफौडा ! यिनको स्वर्गमा पनि विचारी स्त्री चिच्याउँछे, त्यसको दुःख कसैले सुन्दैन, न त मेटाउन सक्दछन् । र त्यस अजिङ्गरको पुछार यति लामो थियो कि जसले ताराहरूको एक तिहाई पृथ्वीमा हालिदियो ? भला ! पृथ्वी सानो छ र ताराहरू पनि ठूला-ठूला लोक छन्, यस पृथ्वीमा एउटा पनि अटाउन सक्दैन । किन्तु यहाँ यही अनुमान गर्नुपर्दछ कि यी ताराहरूको तिहाई यस कुरालाई देख्नेवालाको घरमा खसे होलान् र जुन अजिङ्गरको पुछार यति लामो थियो जसले सबै ताराहरूको तिहाईलाई लपेटेर पृथ्वीमा पछाऱ्यो, त्यो अजिङ्गर पनि त्यसैको घरमा रहन्छ होला ॥१२५॥

**मूल–१२६– फेरि स्वर्गमा लडाईं भयो, मीकाईल र उसका स्वर्गदूत अजिङ्गरसँग लड्न निस्किए, र अजिङ्गर र उसका दूतको घमासान लडाईं भयो ॥**

–इञ्जील (प्रकाशितवाक्यपर्व/अध्याय १२/आयत ७) ॥

**समीक्षक**– जो कोही ईसाईहरूको स्वर्गमा जान्छ होला, त्यसले पनि लडाईंमा दुःख पाउँछ होला । यस्तो स्वर्गको यहाँबाट आशा छोडेर हात जोडेर बसिराख । जहाँ शान्तिभङ्ग र उपद्रव मच्चिरहोस्, त्यो ईसाईहरूकै लागि ठीक छ ॥१२६॥

**मूल–१२७– र त्यो अजिङ्गर अर्थात् त्यही पूरानो सर्प, जसलाई इब्लीस र शैतान भन्दछन्, र सारा संसारलाई भ्रममा पार्नेवाला हो, पृथ्वीमा खसालियो, र त्यसका दूतलाई पनि त्यसको साथैमा खसालियो ॥**

–इञ्जील (प्रकाशितवाक्यपर्व/अध्याय १२/आयत ९) ॥

**समीक्षक**– के जब त्यो शैतान स्वर्गमा थियो तब मान्छेहरूलाई भ्रममा पार्थेन ? र त्यसलाई जन्मभरी बन्दीगृहमा अथवा किन मारेनन् ? त्यसलाई पृथ्वीमा किन खसालियो ? यदि सबै संसारलाई भ्रममा पार्नेवाला शैतान हो भने त शैतानलाई भ्रममा पार्नेवाला को हो ? यदि शैतान स्वयं भ्रमेको हो भने त शैतानको बिना भ्रममा पर्नेहरू परिराखून् र यदि त्यसलाई भ्रमाउनेवाला परमेश्वर हो भने त त्यो ईश्वर नै ठहरिएन ।

विदित त यो हुन्छ कि ईसाईहरूको ईश्वर पनि शैतानसँग डराउँछ होला ? किनभने यदि शैतान भन्दा प्रबल हुन्थ्यो भने त ईश्वरले त्यसले अपराध गर्ने समयमा नै दण्ड किन दिएन ? जगत्मा शैतानको जति राज छ त्यसको सामुन्ने सहस्रांश पनि ईसाईहरूको ईश्वरको राज छैन । त्यसैले ईसाईहरूको ईश्वर त्यसलाई हराउन सक्दैन होला । यसबाट यहि सिद्ध हुन्छ जसरी अहिलेको समयमा राज्याधिकारी ईसाई

डाँकू-चोर आदिलाई शीघ्र दण्ड दिन्छन्, त्यस्तो पनि ईसाईहरूको ईश्वर छैन । पुनः को त्यस्तो निर्बुद्धि मनुष्य छ जसले वैदिक मतलाई छोडेर कपोल-कल्पित ईसाई मत स्वीकार गर्दछ ? ॥१२७॥

**मूल–१२८– यस कारण, हे स्वर्ग र तिनमा बस्ने मगनहरू हो, हे पृथ्वी र समुद्र, तिमीमाथि हाय ! किनभने शैतान बडो क्रोधको साथमा तिमीमाथि उत्रिँदैछ, किनभने जान्दछ कि, त्यसको थोरै समय बाँकी छ ॥** –इञ्जील (प्रकाशितवाक्यपर्व/अध्याय १२/आयत १२) ॥

**समीक्षक–** के त्यो ईश्वर वहींको रक्षक र स्वामी हो ? पृथ्वीका मनुष्यादि प्राणीहरूको रक्षक र स्वामी होइन ? यदि भूमिको पनि राजा हो भने त शैतानलाई किन मार्न सकेन ? ईश्वरले हेरिरहन्छ र शैतानले बहकाउँदै फिर्दछ भने पनि उसलाई निषेध गराउँदैन ॥ विदित त यो हुन्छ कि एक असल ईश्वर र एक समर्थ दुष्ट दोस्रो ईश्वर बन्दैछ ॥१२८॥

**मूल–१२९– ....र बयालीस महिनासम्म युद्ध गर्ने अधिकार त्यसलाई दिइयो ॥ र उसले ईश्वरको विरुद्ध निन्दा गर्नको लागि आफ्नो मुख खोल्यो, उसको नाम, तम्बू र स्वर्गमा वास गर्नेहरूका लागि निन्दा गर्ने ॥ र त्यसलाई यो दिइयो कि, पवित्र जनहरूसँग युद्ध गर्ने र तिनीहरूमाथि जय गर्ने र हर एक कुल, भाषा र देशमाथि त्यसलाई अधिकार दिइयो ॥**

–इञ्जील (प्रकाशितवाक्यपर्व/अध्याय १३/आयत ५, ६, ७) ॥

**समीक्षक–** भला ! यदि पृथ्वीका जनहरूलाई बहकाउनको लागि शैतान र पशु आदिलाई पठाएर मनुष्यसँग युद्ध गराउने, त्यो काम डाँकूहरूको सरदारको जस्तो छ यस्तो काम ईश्वर वा ईश्वरका भक्तहरूको होइन ॥१२९॥

**मूल–१३०– फेरि मैले दृष्टि लगाएँ कि, हेर, त्यो पाठो सियोन पहाडमाथि उभिएको छ, र त्यसको साथमा एक लाख चवालीस हजार मान्छेहरू छन्, जसका निधारमा उसका र उसका पिताको नाम लेखिएको छ ॥** –इञ्जील (प्रकाशितवाक्यपर्व/अध्याय १४/आयत १) ॥

**समीक्षक–** अब हेर्नुहोस् ! जहाँ ईसाको बाउ रहन्थ्यो, वहीं उसै सियोन पहाडमा उसको छोरो पनि रहन्छ । परन्तु एक लाख चवालीस हजार मनुष्यहरूको गणना कसरी गर्‍यो ? एक लाख चवालीस हजार नै स्वर्गका वासी भए, शेष करोडौं ईसाईहरूको टाउकामा छाप लगाइयो ? के ती सबै नरकमा गए ? ईसाईहरूले चाहियो कि सियोन पर्वतमा गएर ईसाको उक्त बाउ र उसको सेना त्यहाँ छन् कि छैनन् राम्रोसँग हेरून् ? यदि छन् भने त यो लेख ठीक छ नत्र भने त मिथ्या । यदि कहींबाट आए भने त कहाँबाट आए ? यदि भनौला स्वर्गबाट, के ती पक्षी हुन् कि यति ठूलो सेना र आफै तल माथि उडेर आउने-जाने गर्ने ? यदि ती आउने-जाने गर्दछन् भने त एउटा जिल्लाको न्यायाधीशकै जस्तो भयो । र त्यो एक, दुई, तीन हुन् भने त बन्न सक्दैन किन्तु न्यून भन्दा न्यून एक-एक भूगोलमा एक-एक ईश्वर चाहियो, किनभने एक, दुई, तीन ब्रह्माण्डहरूको न्याय गर्ने र सर्वत्र युगपत् घुम्नमा समर्थ कहिल्यै हुन सक्दैन ॥१३०॥

**मूल–१३१– ....आत्माले भन्दछ, हो किनभने तिनीहरू आफ्नो परिश्रमहरूबाट विश्राम पाउने छन्, र तिनीहरूका कार्य तिनीहरूको साथमा हुन जान्छ ॥** –इञ्जील (प्रकाशितवाक्यपर्व/अध्याय १४/आयत १३) ॥

**समीक्षक–** अब हेर्नुहोस् ! ईसाईहरूको ईश्वर त भन्दछ कि उनका कर्म उनैको साथमा रहन्छ अर्थात् कर्मानुसार फल सबैलाई दिइनेछ फेरि यिनीहरूले भन्दछन् कि ईशा सबै पापहरूलाई लिनेछ र क्षमा पनि गरिदिनेछ । यहाँ बुद्धिमानीहरूले विचार गर्नुहोस् कि ईश्वरको वचन साँचो वा ईसाईहरूको ? एक कुरामा दुईटै साँचा हुन त सक्दैनन्, यिनमा एउटा झुटो अवश्य होला । हामीलाई के ? चाहे ईसाईहरूको ईश्वर झुटो होस् वा ईसाईहरू ॥१३१॥

**मूल–१३२– ....परमेश्वरको प्रकोपको ठूलो रसकुण्डमा हालिदिए ॥ र नगरको बाहिर त्यस रसकुण्डमा अंगुर पेलियो, र त्यस रसकुण्डबाट यति रगत निस्कियो कि घोडाको लगामहरूसम्म पुग्यो, र सय कोससम्म बग्यो ॥** –इञ्जील (प्रकाशितवाक्यपर्व/अध्याय १४/आयत १९, २०) ॥

**समीक्षक–** अब हेर्नुहोस् ! यिनका गफौडा पुराणहरू भन्दा पनि बढी-चढी छ कि छैन ? ईसाईहरूको ईश्वर कोप गर्दाखेरि अति दुःखित हुन्छ होला र त्यसको कोपका कुण्ड भरी छन्, के त्यसको कोप जल हो ? वा अन्य द्रवित पदार्थ हो कि जसले कुण्ड भरेको छ ? र सय कोससम्म रगतको बग्नु असम्भव छ, किनभने रगत वायु लाग्नाले उत्निखेरै जमिहाल्दछ, पुनः कसरी बग्न सक्दछ ? यसैले यस्ता कुराहरू मिथ्या हुन्छन् ॥१३२॥

**मूल–१३३– र त्यसपछि मैले देखें कि, स्वर्गमा साक्षीको तम्बूको मन्दिर खोलियो ॥**

–इञ्जील (प्रकाशितवाक्यपर्व/अध्याय १५/आयत ५) ॥

**समीक्षक–** यदि ईसाईहरूको ईश्वर सर्वज्ञ हुन्थ्यो भने त साक्षीहरूको के काम ? किनभने त्यसले स्वयं सबैथोक जान्नसक्थ्यो । यसबाट सर्वथा यही निश्चय हुन्छ कि यिनीहरूको ईश्वर सर्वज्ञ होइन किन्तु मनुष्यवत् अल्पज्ञ हो, त्यसले ईश्वरता के गर्न सक्दछ ? होइन होइन होइन, र यसै प्रकरणमा दूतहरूका बडा-बडा असम्भव कुराहरू लेखिएको छ, त्यसलाई सत्य कसैले मान्न सक्दैन । कहाँसम्म लेखूँ, यस प्रकरणमा सर्वथा यस्तै कुराहरू भरिएको छ ॥१३३॥

**मूल–१३४– ....र त्यसको अधर्म परमेश्वरलाई स्मरण भयो ॥ जस्तो त्यसले तिमीलाई दिएको छ, त्यस्तै नै त्यसलाई भर्नू, र त्यसको कामहरूको अनुसार त्यसलाई दुई गुणा बदला दिनु....॥**

–इञ्जील (प्रकाशितवाक्यपर्व/अध्याय १८/आयत ५, ६) ॥

**समीक्षक–** हेर्नुहोस् ! प्रत्यक्ष ईसाईहरूको ईश्वर अन्यायकारी छ । किनभने न्याय त्यसलाई भन्दछन् कि जसले जस्तो वा जति कर्म गर्‍यो, त्यसलाई त्यस्तै र त्यति नै दिनु । त्यसमा अधिक-न्यून दिनु अन्याय हुन्छ । जसले अन्यायकारीको उपासना गर्दछन्, तिनीहरू अन्यायकारी किन होइनन् ॥१३४॥

**मूल–१३५– ....किनभने पाठाको विवाह आइपुगेको छ र त्यसकी पत्नीले आफूलाई तयार गरिसकेकी छ ॥** –इञ्जील (प्रकाशितवाक्यपर्व/अध्याय १९/आयत ७) ॥

**समीक्षक–** अब सुन्नुहोस् ! ईसाईहरूको स्वर्गमा विवाह पनि हुन्छन् ! किनभने ईसाको विवाह ईश्वरले वहीं गरायो । सोध्नुपर्दछ कि त्यसका श्वसुर, सासू, शालादि को थिए र जन्ती कति थिए ? र वीर्यको नाश हुनाले बल, बुद्धि, पराक्रम, आयु आदि पनि काटिएर अहिलेसम्म ईसाले वहाँ शरीर त्यागिदियो होला, किनभने संयोगजन्य पदार्थको वियोग अवश्य हुन्छ । अहिलेसम्म ईसाईहरूले त्यसको विश्वासमा धोका खाए र नजाने कहिलेसम्म धोका खाँदै राख्नेछन् ॥१३५॥

**मूल–१३६– ....र त्यस अजिङ्गर, अर्थात् पुरानो सर्पलाई, जुन इब्लीस र शैतान हो, पक्रेर हजार वर्षको लागि बाँधिदियो ॥ र त्यसलाई अथाह कुण्डमा हालेर बन्द गरिदिए र त्यसमाथि ताला लगाइदिए कि, त्यो हजार वर्ष पूरा नभएसम्म, थरी-थरीका मान्छेहरूलाई नभ्रमाओस्, ....॥**

–इञ्जील (प्रकाशितवाक्यपर्व/अध्याय २०/आयत २, ३) ॥

**समीक्षक–** हेर्नुहोस् ! मरें मरें गरेर शैतानलाई समात्यो र हजार वर्षसम्म बन्ध गर्‍यो; फेरि पनि छुट्नेछ । के फेरि भ्रममा पार्दैन ? यस्तो दुष्टलाई त बन्दीगृहमा सदाको लागि राख्नु वा मारे बिना छोड्नु नै हुँदैन । परन्तु शैतानको हुनु ईसाईहरूको भ्रममात्रै हो, वास्तवमा केही पनि होइन ।

केवल मान्छेहरूलाई डराएर आफ्नो जालमा ल्याउनको लागि उपाय रचिएको छ । जस्तै कुनै धूर्तले कुनै भोले मनुष्यहरूलाई भन्यो कि 'हिंड ! तिमीलाई देवताको दर्शन गराउँछु', कुनै एकान्त ठाउँमा लगेर एउटा मान्छेलाई चतुर्भुज बनाएर राख्यो । झाडीमा उभ्याएर भन्यो कि 'आँखा चिम्ल, जब मैले भन्छु तब आँखा खोल्नू र फेरि जब भन्नेछु तब आँखा चिम्ल्नूँ, यदि चिच्लेनौ भने त अन्धो हुन जानेछौ ।' त्यस्तै यी मतवालाहरूको कुरा छ कि जसले हाम्रो मजहबलाई मान्दैन, त्यो शैतानले बहकाएको हो ।

जब त्यो सामुन्ने आयो तब भन्यो कि- 'आँखा खोल' ! पुनः शीघ्र भन्यो कि आँखा चिम्ल । जब फेरि झाडीमा लुक्यो, तब फेरि भन्यो आँखा खोल ! देख्यौ नारायणलाई ? सबैले दर्शन गरे । त्यस्तै लीला मजहबीहरूको छ त्यसैले यिनका मायामा कोही पनि फस्न हुँदैन ॥१३६॥

**मूल–१३७– फेरि मैले एक ठूलो सेतो सिंहासन र त्यसमाथि जो बसेको थियो, देखें, जसको सामुन्नेबाट पृथ्वी र आकाश भागे, र यिनीहरूको लागि ठाउँ पुगेन ॥ फेरि मैले सबै साना-ठूला मरेका जति सबैलाई सिंहासनको अगाडि उभिएको देखें, र पुस्तक खोलियो, फेरि अर्को एउटा पुस्तक खोलियो अर्थात् जीवनको पुस्तक, र जस्तो त्यस पुस्तकमा लेखिएको थियो, तिनीहरूको कामको अनुसार मरेकाहरूको न्याय गरियो ॥** –इञ्जील (प्रकाशितवाक्यपर्व/अध्याय २०/आयत ११, १२) ॥

**समीक्षक–** ल हेर्नुहोस् त बालकपनको कुरो ! भला पृथ्वी र आकाश कसरी भाग्न सक्दछन् ? र तिनीहरू केमाथि बस्नेछन् ? जसको सामुन्नेबाट भागे र त्यसको सिंहासन र त्यो केमा बसेको थियो ? र मुर्दाहरू परमेश्वरको सामुन्ने उभ्याइयो भने त परमेश्वर पनि बस्यो अथवा उभियो होला ? के यहाँको कचहरी र दोकानजस्तै ईश्वरको व्यवहार छ जुन कि पुस्तक लेखानुसार हुने गर्दछ ? र जब जीवहरूको हाल ईश्वरले लेख्यो वा उसका भरौटेले ? यस्ता-यस्ता कुराहरूबाट अनीश्वरलाई ईश्वर र ईश्वरलाई अनीश्वर ईसाई आदि मतवालाले बनाइदिए ॥१३७॥

**मूल–१३८– ....त्यस मध्येबाट एउटा मसँग आयो, र मसँग कुरा गरेर भन्यो, यता आइज, मैले तँलाई दुलही अर्थात् पाठाकी पत्नीलाई देखाउनेछु ॥** –इञ्जील (प्रकाशितवाक्यपर्व/अध्याय २१/आयत ९) ॥

**समीक्षक–** भला ! ईसाले स्वर्गमा 'दुलही' अर्थात् स्त्री राम्री फेला पाऱ्यो, मोज गर्दछ होला । जो-जो ईसाई वहाँ जान्छन् होला, तिनीहरूलाई पनि स्त्रीहरू मिल्दछन् होला, ठिटा-ठिटी हुन्छन् होला र बडो भीडभाड हुनाले रोगोत्पत्ति भएर मर्दछन् पनि होला । यस्तो स्वर्गलाई त टाढैबाट हात जोड्नु राम्रो हुनेछ ॥१३८॥

**मूल–१३९– र त्यो नगर चौखुँडा मिलेको थियो र त्यसको लम्बाई र चौडाई बराबर थियो, फेरि त्यसले गजले त्यस नगरलाई नाप्यो, नापो साढे सात सय कोस निस्कियो, त्यसको लम्बाई, चौडाई र उचाई बराबर थियो ॥ र त्यसले उसको शरपनाहलाई मनुष्यको अर्थात् दूतहरूको हातको नापोले नाप्यो तब एक सय चवालीस हात निस्कियो ॥ र त्यस शरपनाहको जोडाई सूर्यकान्त मणिको थियो, र नगर यस्तो चोखो सुनको थियो कि लाग्दथ्यो स्वच्छ काँचकै समान हो ॥ र त्यस नगरको भित्ताहरू हर प्रकारका बहुमूल्य रत्नहरू जडेर बनाइएको थियो, पहिलो भित्ता सूर्यकान्तमणिको थियो, दोस्रो नीलमणिको, तेस्रो लालमणिको, चौथो मरकतमणिको ॥ पाँचौं गोमेदकको, छैटौं माणिक्यको, सातौं पीतमणिको, आठौं पेरोजको, नवौं पुष्पराजको, दशौं लहसनिएको, एघारौं धूम्रकान्तको, बाह्रौं मर्टीष (याकूत) को ॥ र बाह्रै फाटक, बाह्र प्रकारका मोतिले बनेको थियो र नगरको सडक स्वच्छ काँचकै समान चोखो सुनले बनेको थियो ॥**

–इञ्जील (प्रकाशितवाक्यपर्व/अध्याय २१/आयत १६-२१) ॥

**समीक्षक–** सुन्नुहोस् ईसाईहरूको स्वर्गको वर्णन ! यदि ईसाईहरू मर्दै जान्छन् र जन्मदै जान्छन् भने त यति ठूलो सहरमा कसरी अटाउँछन् ? किनभने त्यसमा मनुष्यहरूको आगम हुन्छ र त्यसबाट निक्लँदैनन् । र जुन यो बहुमूल्य रत्नहरूले बनेको नगर मानिएको छ, र सबै सुनको हो, इत्यादि लेख केवल भोले-भाले मनुष्यहरूलाई बहकाएर फसाउने लीला हो । भला लम्बाई चौडाई त त्यस नगरको लेखिएको हुन सक्दछ, परन्तु उचाई साढे सात कोस कसरी कुन सक्दछ ? यो सर्वथा मिथ्या कपोलकल्पनाको कुरा हो । र यति ठूला मोति कहाँबाट आए होलान् ? यस लेखलाई लेख्नेवालाको घरको घ्याम्पोबाट आयो होला, यो गफौडा पुराणहरूको पनि बाउ हो ॥१३९॥

**मूल–१४०– र त्यसमा कोही अपवित्र वस्तु या घृणित काम गर्नेवाला, या झुटो बोल्नेवाला कुनै रीतिले पनि प्रवेश गर्न पाउने छैन....॥** –इञ्जील (प्रकाशितवाक्यपर्व/अध्याय २१/आयत २७) ॥

**समीक्षक–** यदि यस्तै हो भने त ईसाईहरूले किन भन्दछन् कि पापीहरू पनि स्वर्गमा ईसाई हुनाले जान सक्दछन् ? यो झुटो कुरो हो । यदि यस्तै हो भने त यूहन्ना स्वप्नको मिथ्या कुराहरू चलाउनेवाला स्वर्गमा प्रवेश कहिल्यै गर्न सक्नेछैन, र ईसा पनि स्वर्गमा गएको छैन होला । किनभने जब एक्लै पापीले स्वर्ग प्राप्त गर्न सक्दैन भने त अनेक पापीहरूको पापभारयुक्त कसरी स्वर्गवासी हुन सक्दछ ? ॥१४०॥

**मूल–१४१– र जब कुनै श्राप हुनेछैन र ईश्वरको र पाठाको सिंहासन त्यस नगरमा हुनेछ र त्यसका दासले त्यसको सेवा गर्नेछन् । र त्यसको मुख देख्नेछन् र त्यसको नाम उनीहरूका निधारमा लेखिएको हुनेछ । र वहाँ रात हुने छैन र उनीहरूलाई दीपक अथवा सूर्यको ज्योतिको प्रयोजन हुँदैन किनभने परमेश्वर ईश्वरले उनीहरूलाई ज्योति दिनेछ उनीहरू सदा सर्वदा राज्य गर्नेछन् ॥**

–इञ्जील (प्रकाशितवाक्यपर्व/अध्याय २२/आयत ३, ४, ५) ॥

**समीक्षक–** हेर्नुहोस् यो ईसाईहरूको स्वर्गवास ! के ईश्वर र ईसा सिंहासनमा निरन्तर बसिराख्नेछन् ? र उनका दासले उनका सामुन्ने सधैं मुख देख्नेछन् ? अब यो त बताउनुहोस् तिम्रो ईश्वरको मुख यूरोपियनको सदृश गोरो वा अफ्रिका वालाहरूको सदृश कालो अथवा अन्य देशवालाहरू कै समान छ ? यो तिम्रो स्वर्ग पनि बन्धन हो, किनभने जहाँ सानो-ठूलो छ र त्यसै नगरमा रहन अवश्य पर्दछ भने त वहाँ दुःख किन हुँदैन ? जुन मुखवाला हो, त्यो ईश्वर सर्वज्ञ सर्वेश्वर कहिल्यै हुन सक्दैन ॥१४१॥

**मूल–१४२– हेर, म शीघ्र आउनेछु, र हरेकको कामको अनुसार बदला दिनको लागि प्रतिफल मसँग छ ॥** –इञ्जील (प्रकाशितवाक्यपर्व/अध्याय २२/आयत १२) ॥

**समीक्षक–** जब यही कुरो छ कि कर्मानुसार फल पाउँछन् भने त पापहरूको क्षमा कहिल्यै हुन सक्दैन, र यदि क्षमा हुन्छ भने त इञ्जीलको कुरा झुट्टा । यदि कसैले भन्दछ कि क्षमा गर्न पनि इञ्जीलमा लेखिएको छ भने त **पूर्वापर विरुद्ध** अर्थात् **हल्फदरोगी** भयो भने त झुट हो, यसलाई मान्न छोडिदेओ ॥१४२॥

अब कहाँसम्म लेखौं, यिनको बाइबलमा लाखौं कुराहरू खण्डनीय छन् । यो त थोरै चिह्नमात्र ईसाइहरूको बाइबल पुस्तकको देखाइयो, यत्तिबाटै बुद्धिमानीहरूले धेरै बुझ्न सक्नेछन् । थोरै कुराहरूलाई मात्रै छोडेर शेष सबै झुट भरिएको छ । जसरी झुटको सङ्गले सत्य पनि शुद्ध रहन सक्दैन, त्यसरी नै बाइबल पुस्तक पनि माननीय हुन सक्दैन किन्तु त्यो सत्य त वेदहरूलाई स्वीकार गर्नमा नै गृहीत हुन्छ ॥

यसको अगाडि मुसलमानहरूको मतको विषयमा लेखिनेछ ।

इति श्रीमद्दयानन्दसरस्वतीस्वामिनिर्मिते सत्यार्थप्रकाशे
सुभाषाविभूषिते कृश्चीनाख्यमतविषये त्रयोदशः
समुल्लासः सम्पूर्णः ॥१३॥

ओ३म्

# अनुभूमिका (४)

जुन यो (१४) चौधौं समुल्लास मुसलमानहरूको मतविषयमा लेखिएको छ सो केवल कुरानको अभिप्रायबाट; अन्य ग्रन्थहरूको मतबाट होइन; किनभने मुसलमान कुरानमाथि नै पूरा-पूरा विश्वास राख्दछन् । यद्यपि फिरके (समूह) हुनाको कारण कुनै शब्द, अर्थ आदि विषयमा विरुद्ध कुरा छ तथापि कुरानमाथि सबै ऐकमत्य छन् ।

जुन कुरान अरबी भाषामा छ त्यसमाथि मौलवीहरूले उर्दूमा अर्थ लेखेका छन्, त्यस अर्थको देवनागरी अक्षर र आर्यभाषान्तर गराएर पश्चात् अरबी ठूला-ठूला विद्वान्हरूसँग शुद्ध गराएर लेखिएको छ । यदि कसैले भन्दछ कि यो अर्थ ठीक होइन, तब त्यसलाई यो उचित हुन्छ कि मौलवी साहबहरूका तर्जुमाहरूलाई पहिला खण्डन गरोस्, पश्चात् यस विषयमा लेखोस् । किनभने यो लेख केवल मनुष्यको उन्नति र सत्यासत्यको निर्णयको लागि हो, अर्थात् सबै मतहरूको विषयमा थोरै-थोरै ज्ञान होओस्, यसबाट मनुष्यहरूलाई परस्पर विचार गर्नको लागि समय मिलोस् र एक-अर्काका दोषहरूलाई खण्डन गरेर गुणहरूलाई ग्रहण गरोस् । न कुनै अन्य मतमाथि, न त यसमाथि झुट-मुट नराम्रो वा राम्रो गराउनको प्रयोजन हो किन्तु जुन-जुन सत्य हो, त्यो सत्य र जुन-जुन असत्य हो, त्यही असत्य हो, सबैलाई विदित होस् । न कोही कसैमाथि झुटो लादोस् र न कसैले सत्यलाई रोक्न सकोस् । फेरि सत्यासत्य विषय प्रकाशित गरिसकेपछि पनि जसको इच्छा हुन्छ त्यसले मानोस् वा नमानोस्, कसैमाथि बलात्कार गरिंदैन ।

र यही सज्जनहरूको रीति हो कि आफ्नो वा पराय दोषहरूको दोष र गुणहरूको गुण जानेर गुणहरूको ग्रहण र दोषहरूको त्याग गरोस् र हठीहरूको हठ एवं दुराग्रह न्यून गरोस्-गराओस्, किनभने पक्षपातले के-के अनर्थ जगत्मा भएनन् र न हुन्छन् । साँचो त यो हो कि यो अनिश्चित क्षणभङ्गुर जीवनमा पराई हानि गरेर लाभबाट स्वयं रिक्त रहनु र अन्यलाई राख्नु मनुष्यपनदेखि बहिः हो ।

यसमा जे-जति विरुद्ध लेखिएको भएमा सज्जनहरूले विदित गराउनुहुनेछ । तत्पश्चात् जो उचित भएमा त मानिनेछ, किनभने यो लेख, हठ, दुराग्रह, ईर्ष्या, द्वेष, वाद-विवाद र विरोध घटाउनको लागि गरिएको हो न कि यिनलाई बढाउनको अर्थ । किनभने एक-दोस्राको हानि गर्नबाट पृथक् रहेर परस्परको लाभ पुऱ्याउनु हाम्रो मुख्य कर्म हो ।

अब यो १४औं समुल्लासमा मुसलमानहरूको मतविषय सबै सज्जनहरूको सामुन्ने निवेदन गर्दछु, विचार गरेर इष्टको ग्रहण, अनिष्टको परित्याग गर्नुहोस् ।

**॥ अलमतिविस्तरेण बुद्धिमद्वर्य्येषु ॥**

**॥ इति अनुभूमिका ॥**

**–दयानन्द सरस्वती**

# (१४) चौधौं समुल्लास
# यवनमतको विषयमा व्याख्या
## यवनमतको समीक्षा (१४.१)

### यसको अगाडि मुसलमानहरूको मत-विषयमा लेख्नेछु–

**मूल–१– आरम्भ साथ नाम अल्लाहको । क्षमा गर्नेवाला र दयालु ॥**

–मंजिल १/सिपारा १/सूरत १ ॥

**समीक्षक–** मुसलमानहरूले यस्तो भन्दछन् कि 'यो कुरान* खुदाले भनेको हो', परन्तु यस वचनबाट विदित हुन्छ कि यसलाई बनाउनेवाला कोही दोस्रो छ, किनभने यदि परमेश्वरले बनाएको हुन्थ्यो भने त "आरम्भ साथ नाम अल्लाहको" यस्तो भन्नेथिएन किन्तु "आरम्भ उपदेश मनुष्यको लागि" यस्तो भन्नेथियो । यदि मनुष्यहरूलाई शिक्षा गर्दछ कि तिमी यस्तो भन तब पनि ठीक हुँदैन, किनभने यसबाट पापको आरम्भ पनि खुदाको नामबाट भएर उसको नाम पनि दूषित हुन जानेछ ।

यदि त्यो क्षमा र दया गर्नेवाला हो भने त आफ्नो सृष्टिमा मनुष्यको सुखार्थ अन्य प्राणीहरूलाई मारेर, दारुण पीडा दिएर मार्दै मासु खानको लागि आज्ञा किन दियो ? के ती प्राणी निरपराधी र परमेश्वरले बनाएका होइनन् ?

र यो पनि भन्नु थियो कि "म परमेश्वरको नाममा राम्रा कुराहरूको आरम्भ गर्दछु, नराम्रा कुराको होइन ।" यस कथनमा गोलमाल छ । के चोरी, जारी, मिथ्याभाषणादि अधर्मको पनि आरम्भ परमेश्वरको नामबाटै गर्ने ? त्यसैले हेर्नुहोस्, कसाई आदि मुसलमान, गाई आदिका घाँटी रेट्नमा पनि **'बिस्मिल्लाह'** यस वचनलाई पढ्दछन्; जुन यही यसको पूर्वोक्त अर्थ हो भने त दुष्कर्मको आरम्भ पनि परमेश्वरको नामबाट मुसलमानले गर्दछन् र मुसलमानहरूको **'खुदा'** दयालु पनि छैन होला, किनभने उसको दया ती पशुहरूमाथि रहेन र यदि मुसलमानहरू यसको अर्थ जान्दैनन् भने त यस वचनको प्रकट हुनु व्यर्थ छ । यदि मुसलमानहरू यसको उल्टो अर्थ गर्दछन् भने त सीधा अर्थ के हो ? इत्यादि ॥१॥

**मूल–२– सबै स्तुतिहरू परमेश्वरकै लागि हुन् जो परवरदिगार अर्थात् पालनहार हो सारा संसारको ॥ क्षमा गर्नेवाला दयालु छ ॥** –मंजिल १/सिपारा १/१ सूरः अल-फातिहा/आयत १, २ ॥

**समीक्षक–** यदि कुरानको खुदा संसारको पालनहार हुन्थ्यो र सबैमाथि क्षमा र दया गर्थ्यो भने त, अन्य मतवाला र पशु आदिको पनि मुसलमानहरूको हातबाट मराउनको हुकुम दिने थिएन ।

यदि क्षमा गर्नेवाला हो भने त के पापीहरूमाथि पनि क्षमा गर्नेछ ? र यदि यस्तो हो भने त अगाडि लेखिनेछ कि **"काफिरहरूलाई कत्ल गर"** अर्थात् जसले कुरान र पैगम्बरलाई मान्दैन त्यो काफिर हो, यस्तो किन भन्थ्यो ? यसैले कुरान ईश्वरकृत देखिँदैन ॥२॥

**मूल–३– न्यायको दिनको मालिक होस् ॥ हामीले तेरै नै भक्ति गर्दछौं र तँबाटै सहायता चाहन्छौं ॥ हामीलाई सीधा बाटो देखाइदे ॥** –मंजिल १/सिपारा १/१ सूरः अल-फातिहा/आयत ३, ४, ५ ॥

**समीक्षक–** के खुदाले नित्य न्याय गर्दैन ? कुनै एक दिन न्याय गर्दछ ? यसबाट त अन्धेर विदित हुन्छ ! उसैको भक्ति गर्नु र उसैको सहायता चाहनु त ठीक हो परन्तु के नराम्रो कुराको पनि सहायता चाहनु ? र सीधा मार्ग एक मुसलमानहरूको मात्रै हो कि अरूको पनि ? सीधामार्गलाई मुसलमानहरूले किन ग्रहण गर्दैनन् ? के सीधा मार्ग कुभलोतिरको त चाहँदैनन् ? यदि भलाइ सबैको एउटै हो भने त फेरि मुसलमानहरूमा नै विशेष केही पनि रहेन र यदि अर्काको भलाइ चाहँदैनन् भने त पक्षपाती हुन् ॥३॥

**मूल–४– देखा ती मान्छेहरूको मार्ग जसमाथि तैंले कृपा गरिस् ॥ तिनीहरूको मार्ग होइन जसमाथि तेरो क्रोध भयो, न त ती मान्छेहरूको मार्ग जुन मार्गबाट भट्किए ॥**

–मंजिल १/सिपारा १/१ सूरः अल-फातिहा/आयत ६, ७ ॥

**समीक्षक–** जब मुसलमानहरू पूर्वजन्म र पूर्वकृत पाप-पुण्य मान्दैनन् भने त कसैलाई दुवै लोकहरूको ऐश्वर्य दिने र कसैलाई नदिनाले खुदा पक्षपाती हुनेछ, किनभने बिना पाप-पुण्यको सुख-दुख दिनु केवल अन्यायको कुरा हो । र बिना कारण कसैमाथि दया र कसैमाथि क्रोध दृष्टि गर्नु पनि खुदाको स्वभावदेखि बहिः हो । किनभने बिना सुकर्म-दुष्कर्मको उसले दया अथवा क्रोध गर्न सक्दैन, फेरि उनीहरूका पूर्वसञ्चित पुण्य-पाप नै छैन भने त कसैमाथि दया र कसैमाथि क्रोध गर्न हुनसक्दैन ॥

---

***वास्तवमा यो शब्द 'कुरआन' हो, परन्तु भाषामा मान्छेहरूले बोल्नमा कुरान आउँछ, यसैले यहाँ यस्तै लेखिएको छ ।**

र जुन 'भट्किएए' शब्दको अर्थ टिप्पणीमा काफिर, बेदीन (जो मुसलमान होइन) यस्तो लेखिएको छ भने त त्यो खुदा केवल मुसलमानहरूको नै पक्षपाती हुनेछ, अन्यको होइन । किनभने यदि सबै मत-मतान्तरहरूमा धर्मात्मा र पापात्मा हुन्छन् भने त, धर्मात्मा पनि यस लेखबाट काफिर हुन सक्दछन् र जुन मुसलमानहरूमा नराम्रो काम गर्दछन, के तिनीहरू काफिर होइनन् ? र जो काफिर छन, ती सबै मतहरूमा नराम्रा छन् र जो धर्मात्मा छन्, ती सबैका मतहरूमा उत्तम छन् भने मुसलमानहरूदेखि भिन्न मनुष्यहरूलाई यसरी काफिर भन्नु अविद्याको कुरा हो ।

फेरि यस सिपारा र सूरको टिप्पणीमा– "यो सूरः अल्लाह साहबले मनुष्यको मुखबाट बोलायो कि सदा यस प्रकारबाट भन्ने गरोस्", यदि यस्तो कुरा हो भने त 'अलिफ्, बे' आदि अक्षर पनि खुदाले नै पढाए होलान् । यदि होइन भन्दछौ भने त बिना अक्षरज्ञानको यस सूरः लाई कसरी पढ्न सक्ने ? के कण्ठबाटै बोलाए र बोल्दै गए ? यदि यस्तै हो भने त सबै कुरान नै कण्ठबाटै पढायो होला ।

यसबाट यस्तो सम्झनु पर्दछ कि जुन पुस्तकमा पक्षपातको कुराहरू पाइन्छ, त्यो पुस्तक ईश्वरकृत हुन सक्दैन, जस्तै कि अरबी भाषामा उतार्नाले अरबवालाहरूलाई त यसलाई पढ्न सुगम, अन्य भाषाहरू बोल्नेवालाको लागि कठिन हुन्छ, यसैबाट खुदा पक्षपात देखिन्छ र जसरी सृष्टिस्थ सबै देशस्थ मनुष्यहरूमाथि न्याय दृष्टिले सबै देशभाषाहरूदेखि विलक्षण संस्कृत भाषाको जुन सबै देशवालाहरूको लागि एकैखालको परिश्रमबाट विदित हुन्छ उसैमा वेदहरूको प्रकाश गरेको छ, कुरानलाई पनि गर्थ्यो भने त केही दोष हुने थिएन ॥४॥

**मूल–५– यो अल्लाहको किताब हो, यसमा कुनै सन्देह छैन, मार्गदर्शन हो डराउनेहरूका लागि ॥ जसले बिना देखे विश्वास गर्दछन् र नमाज स्थापित गर्दछन्, र जे-जति मैले उनीहरूलाई दिएको छु, त्यसबाट नै उनीहरूले खर्च गर्दछन् ॥ र जुन ईमान ल्याउँछन् त्यसमा जुन तिमीमाथि अवतरित भएको छ (कुरान) र जुन तिमीदेखि पूर्व अवतरित गरिएको छ, र त्यो आखिरत (परलोक) मा विश्वास गर्दछन् ॥ उनै मान्छेहरूले आफ्नो पालनहारको मार्ग (शिक्षा) पाएका छन् र उनैले सफलता पाउनेवाला छन् ॥ जुन मान्छेहरूले (यस कुरानको) अवज्ञा गरे, उनीहरूको लागि समान छ तिमीले उनीहरूलाई डराऊ वा नडराऊ, उनीहरू मान्नेवाला छैनन् ॥ अल्लाहले उनीहरूको हृदयमा र उनीहरूको कानमा मोहर (छाप) लगाइदिएको छ, र उनीहरूको आँखामा पर्दा छ, र उनीहरूको लागि कठोर यातना छ ॥**

–मंजिल १/सिपारा १/२ सूरः अल-बकर/आयत २, ३, ४, ५, ६, ७ ॥

**समीक्षक**– के आफ्नै मुखले आफ्नै किताबको प्रशंसा गर्नु खुदाको नै दम्भको कुरो होइन ? जब परहेजगार अर्थात् धार्मिक मान्छेहरू छन् भने त उनीहरू स्वतः सच्चा मार्गमा हुन्छन् र जो झुटो मार्गमा छन्, उनीहरूलाई यस कुरानले मार्ग देखाउन सक्दैन भने फेरि के कामको रह्यो ?

के पाप-पुण्य र पुरुषार्थको बिना खुदा आफ्नै खजानाबाट नै खर्च गर्नको लागि दिन्छ ? यदि दिन्छ भने त सबैलाई किन दिंदैन ? र मुसलमानहरूले किन परिश्रम गर्दछन् ?

र यदि बाइबल इञ्जील आदिमा विश्वास गर्न योग्य छ भने त मुसलमान इञ्जील आदिमा ईमान जस्तो कुरानमा छ, त्यस्तै किन गर्दैनन् ? यदि गर्दछन् भने त कुरान हुनु केको लागि ? यदि भन्दछौ कि कुरानमा अधिक कुराहरू छन् तब त पहिलो किताबमा लेख्न खुदाले भुल्यो होला ! यदि भुलेको छैन भने त कुरानलाई बनाउनु निष्प्रयोजन छ र हामीले देखेका छौं कि बाइबल र कुरानका कुराहरू कुनै-कुनै मिल्दैन नत्र त सबै मिल्दछ । एउटा नै पुस्तक जस्तै वेद छ किन बनाएन ? के कयामतमा मात्रै विश्वास राख्नुपर्ने अन्यमा होइन ?

के ईसाई र मुसलमान मात्रै खुदाको शिक्षामा छन् उनीहरूमा कोही पनि पापी छैनन् ? के जो ईसाई र मुसलमान अधर्मी छन्, उनीहरूले छुट्कारा पाउने र दोस्रा मतका धर्मात्माहरूले पनि नपाउने हो भने त बडो अन्याय, अन्धेरको कुरो हो ॥ फेरि जसले मुसलमान मतलाई मान्दैनन्, उनीहरूलाई काफिर भन्नु एकतर्फी रूपमा डङ्गा बजाउनु होइन ? ॥

यदि परमेश्वरले नै उनको अन्तःकरण र कानमा मोहर लगाइदियो र त्यसैले उनीहरू पाप गर्दछन् भने त उनीहरूको केही पनि दोष छैन, यो दोष खुदाको नै हो फेरि उनीहरूमाथि सुख-दुःख वा पाप-पुण्य हुन सक्दैन, पुनः उनीहरूलाई सजाय किन गर्दछ ? किनभने उनीहरूले पाप वा पुण्य स्वतन्त्रताले गरेनन् ॥५॥

**मूल–६– तिनीहरू अल्लाह र ईमान्दारहरूलाई धोका दिन चाहन्छन्, परन्तु केवल तिनीहरूले आफूलाई धोका दिइरहेका छन् र उनीहरूलाई यसको बोध छैन ॥ उनीहरूको अन्तःकरणमा रोग छ भने त अल्लाहले उनीहरूको रोगलाई बढाइदियो ॥** –मंजिल १/सिपारा १/२ सूरः अल-बकर/आयत ९, १० ॥

**समीक्षक–** के ईश्वरदेखि कसैको छल, कपट अज्ञात रहन सक्दछ ? यदि रहन्छ भने त त्यो खुदा नै होइन । त्यसैले यस्तो लेख्न व्यर्थ छ । कहीं परमेश्वरलाई कसैले भ्रमाउन सक्दछ ? यदि भ्रमाउनाले बहकिन जान्छ भने त, त्यो ईश्वर नै हुन सक्दैन । बिना अपराध खुदाले उनीहरूको रोग बढाइदियो, दया आएन; ती बिचराहरूलाई बडो दुःख भयो होला ! के यो शैतानको भन्दा पनि बढी शैतानीपनको काम होइन ? कसैको मनमा ताला (मोहर) लगाउनु, कसैको रोग बढाउनु, खुदाको काम हुन सक्दैन, किनभने रोगहरू बढ्नु आफ्नो पापबाट हुन्छ ॥६॥

**मूल–७– उनीहरूसँग अल्लाहले ठट्टा गर्दछ छ ॥ वही हस्ती हो जसले तिम्रा लागि जमिनलाई बिछौना बनायो र आकाशलाई छत बनायो ॥** –मंजिल १/सिपारा १/२ सूरः अल-बकर/आयत १५, २२ ॥

**समीक्षक–** जब कसैको ठट्टा गर्नु उत्तम पुरुषको काम होइन, त खुदाले ठट्टा गर्नयोग्य कहिल्यै हुँदैन, र जो ठट्टेबाज हुन्छ त्यो खुदा नै होइन । भला आकाश छत कसैको हुन सक्दछ ? यो अविद्याको कुरा हो । आकाशलाई छतको समान मान्नु हाँसोको कुरा हो । यदि कुनै प्रकारले पृथ्वीलाई आकाश मान्दछन् भने त उनैका घरको कुरा हो ॥७॥

**मूल–८– यदि त्यसको विषयमा जुन हामीले आफ्ना पैगम्बरमाथि उतारेका छौं, तिमी कुनै सन्देहमा छैनौ भने त्यस्तै कुनै अर्को सूरः लिएर आओ, अल्लाहको सिवा यदि तिमी साँचा हौ भने ॥ तिम्रालाई बोलाएर देखाऊ । यदि तिमीले यस्तो गर्न सक्दैनौ भने त डराउनु त्यस आगोसँग जसको इन्धन बन्नेछन् मनुष्य र ढुङ्गा, त्यो तयार गरिएको छ काफिरहरूको लागि ॥**

–मंजिल १/सिपारा १/२ सूरः अल-बकर/आयत २३, २४ ॥

**समीक्षक–** भला, कुनै यस्तो कुरो पनि हुन्छ त्यसको सदृश कुनै सूरत नबनोस् ? के अकबर बादशाहको समयमा मौलवी फैजीले बिना नुकताको कुरान बनाएको थिएन ?

त्यो कुनचाहिं आगो जुन दोजख (नरक) को हो ? के यहाँको आगोसँग डराउनु हुँदैन ? यसको पनि इन्धन यहाँ जे-जति छ त्यो सबै हो ? जस्तो कुरानमा लेखिएको छ कि काफिरहरू (मत नमान्नेहरू) का लागि ढुङ्गा बनाइएको हो भने, त्यस्तै पुराणहरूमा पनि लेखिएको छ कि म्लेच्छहरूका लागि घोर नरक बनेको छ ! अब भन्नुहोस् कसको कुरो साँचो मान्ने ?

आफ्ना-आफ्ना वचनले दुइटै स्वर्गगामी र दोस्राको मतले दुइटै नरकगामी हुन्छन्, त्यसैले यी सबै झगडा झुटो हो, किन्तु जति धार्मिक छन् उनीहरूले सुख र जति पापी छन् सबै मतमा उनीहरूले दुःख पाउँछन् ॥८॥

**मूल–९– र शुभ सन्देश देओ तिनीहरूलाई जसले ईमानदारी गरेर राम्रो काम गरे । उनीहरूको लागि यस्तो बगैंचा हुनेछ कि जसमा तल नहर बगेको हुनेछ, जति वेला पनि उनीहरूलाई बगैंचाबाट फल खान मिल्नेछ, तब भन्नेछन् कि यो त्यही हो जुन हामीलाई पहिला दिइएको थियो, उनीहरूका लागि वहाँ पवित्र जोडी हुनेछन्, स्त्रीहरू त्यहाँ सदैव रहनेछन् ॥**

–मंजिल १/सिपारा १/२ सूरः अल-बकर/आयत २५ ॥

**समीक्षक–** भला ! यो कुरानको बहिश्त (जन्नत-स्वर्ग) मा संसारदेखि कुनचाहिं उत्तम कुरो छ ? किनभने जो पदार्थ संसारमा छन्, त्यही नै मुसलमानहरूको स्वर्गमा छन् । मात्र यति विशेष छ कि यहाँ जसरी पुरुष जन्मन्छन्-मर्दछन् र आउँछन्-जान्छन्, उसै प्रकारले स्वर्गमा छैन । किन्तु यहाँकी स्त्रीहरू सदा रहँदैनन् र वहाँ पत्नीहरू अर्थात् उत्तम स्त्रीहरू सदाकाल रहन्छन् भने त जबसम्म कयामत (प्रलय) को रात आउनेछैन तबसम्म ती विचारीहरूको दिन कसरी काटिन्छ होला ?

हुनसक्दछ खुदाको उनीहरूमाथि कृपा हुन्छ होला ! यदि खुदाकै आश्रयमा दिन काट्दछन् भने त ठीकै हो ! किनभने यो मुसलमानहरूको स्वर्ग त गोकुलिये गुसांईहरूको गोलोक र मन्दिरकै सदृश देखिन्छ । किनभने त्यहाँ स्त्रीहरूको मान्यता धेरै छ, पुरुषहरूको छैन, र जति उनीहरूमाथि खुदाको प्रेम धेरै छ, त्यति पुरुषहरूमाथि छैन, किनभने स्त्रीहरूलाई खुदाले सदाको लागि बहिश्त (बगैंचा) मा राख्यो तर पुरुषहरूलाई राखेन, ती श्रीमतीहरू बिना खुदाको मर्जीले स्वर्गमा कसरी रहन सक्ने ? यदि यो कुरो यस्तै हो भने त खुदा स्त्रीहरूसँग फस्नेछ ॥९॥

**मूल–१०– आदमलाई सारा नाम सिकाए, फेरि फरिश्ताहरूको सामुन्ने पारेर भन्यो कि– यदि तिमी साँचो हौ भने मलाई यिनीहरूका नाम भन ॥ फेरि भन्यो कि हे आदम ! त्यसलाई उनीहरूका नाम बताइदे, तब उसले बताइदियो, फेरि खुदाले फरिश्ताहरूसँग भन्यो कि– के मैले तिमीसित भनेको थिइन कि निश्चय म पृथ्वी र आकाशमा लुकेका वस्तुहरूको र प्रकट-अप्रकट कर्महरूलाई जान्दछु ॥**

–मंजिल १/सिपारा १/२ सूरः अल-बकर/आयत ३१, ३३ ॥

**समीक्षक–** भला, यस्ता फरिश्ताहरूलाई धोका दिएर आफ्नो बडाइ गर्नु खुदाको काम हुन सक्दछ ? यो त एउटा दम्भको कुरो भयो, यसलाई कुनै विद्वान्‌ले मान्न सक्दैन र न यस्तो अभिमान गर्दछ । के यस्तो कुराहरूले नै खुदा आफ्नो सिद्धाइ जमाउन चाहन्छ ? हो जङ्गलीहरूमा कुनैले यस्तो पाखण्ड चलाउन चाहेमा चलाउन सक्दछ, सभ्यजनहरूमा होइन ॥१०॥

**मूल–११– जब मैले फरिश्ताहरूलाई भने कि बाबा आदमलाई सज्दा (नमस्कार) गर, तब उनीहरूले नमस्कार गरे तर इबलीस (शैतान) ले नमस्कार गरेन । उसले अवज्ञा गऱ्यो र घमण्ड गऱ्यो किनभने त्यो पनि काफिर थियो ।** –मंजिल १/सिपारा १/२ सूरः अल-बकर/आयत ३४ ॥

**समीक्षक–** त्यसैले खुदा सर्वज्ञ होइन । अर्थात् भूत, भविष्यत् र वर्तमानको पूरा कुरा जान्दैन । यदि जान्दथ्यो भने त शैतानलाई पैदा नै किन गऱ्यो ? र खुदामा केही तेज पनि छैन, किनभने शैतानले खुदाको हुकुमलाई नै मानेन र खुदाले त्यसलाई केही पनि गर्न सकेन ।

अरू हेर्नुहोस् ! जाबो एक शैतान काफिरले खुदाको पनि छक्का छुटाइदियो भने त, मुसलमानहरूको कथनानुसार भिन्न जहाँ करोडौं काफिरहरू छन् । वहाँ मुसलमानहरूको खुदा र मुसलमानीहरूको केही चल्न सक्दछ ?

कहिलेकाहिं खुदाले पनि कसैको रोग बढाइदिने गर्दछ, कसैलाई भ्रममा पारिदिन्छ, खुदाले यी कुराहरू शैतानबाट सिकेको होला र शैतानले खुदाबाट; किनभने बिना खुदाको शैतानहरूको वस्ताद अरू कोही हुन सक्दैन ॥११॥

**मूल–१२–मैले भने ओ आदम ! तँ र तेरी जोरू बगैंचामा रहेर आनन्दमा जहाँ चाहन्छौ खाओ परन्तु समीपमा नजानु त्यस वृक्षको कि पापी हुनेछौ । शैतानले भ्रममा पाऱ्यो र उनीहरूलाई बगैंचाको आनन्ददेखि छुटाइदियो तब मैले भने कि तल झर तिम्रो कुनै शत्रु छ, तिम्रो ठेगाना पृथ्वी हो र एक समयसम्म लाभ हुनेछ ॥ आदमले आफ्नो मालिकको केही कुरा सिकेर पृथ्वीमा आयो ॥**

–मंजिल १/सिपारा १/२ सूरः अल-बकर/आयत ३५, ३६, ३७ ॥

**समीक्षक–** अब हेर्नुहोस् खुदाको अल्पज्ञता ! भर्खरै स्वर्गमा रहनको लागि आशीर्वाद दियो र पुनः केहीबेर पछि भन्यो निस्क । यदि भविष्यत्‌को कुरा जान्थ्यो भने त वर नै किन दिन्थ्यो ? र बहकाउनेवाला शैतानलाई दण्ड दिनमा पनि असमर्थ देखिन्छ । फेरि त्यो वृक्ष कसको लागि उत्पन्न गरेको थियो ? के आफ्नो लागि हो कि अर्काको लागि ? यदि आफ्नो लागि हो भने त त्यसको के जरुरत थियो ? यदि अर्काको लागि हो भने त किन रोक्यो ? त्यसैले यस्ता कुरा न खुदाको, न त उसले बनाएको पुस्तकमा हुन सक्दछ । आदम साहेबले खुदासँग कति कुरा सिकेर आए ? र जब पृथ्वीमा आदम साहेब आए तब कुन प्रकारले आए ? के तो बगैंचा पहाडमा छ कि आकाशमा ? त्यसबाट कसरी उत्रिएर आए ? अथवा पक्षीको तुल्य आए अथवा जसरी माथिबाट ढुङ्गा लडेझैं खसे ? यसमा यो विदित हुन्छ कि आदम साहेब माटोबाट बनेका भए त यिनको स्वर्गमा पनि माटो होला । फेरि जति वहाँ छन् ती सबै पनि त्यस्तै फरिश्ता आदि होलान्, किनभने माटाको शरीर बिना इन्द्रियभोग हुन सक्दैन । जब पार्थिव शरीर छ भने त मृत्यु पनि अवश्य हुनुपर्दछ ॥ यदि मृत्यु हुन्छ भने त तिनीहरू त्यहाँबाट कहाँ जान्छन् होला ? र मृत्यु हुँदैन भने त उनको जन्म पनि भएन । जब जन्म छ त मृत्यु अवश्य नै हुन्छ । यदि यस्तै हो भने त कुरानमा लेखिएको छ कि पत्नीहरू सदैव बगैंचामा रहन्छन्, सो झुटो हुन जानेछ किनभने उनको पनि मृत्यु अवश्य होला, जब यस्तो छ भने त बगैंचामा जानेवालाको पनि मृत्यु अवश्य होला ॥१२॥

**मूल–१३– त्यस दिनसँग डर कि जब कुनै जीवले कुनै जीवसँग भरोसा गर्नेछैन, न त त्यसको सिफारिश नै स्वीकार गरिनेछ, न त्यसको बदलामा केही लिइनेछ र न सहायता पाउनेछ ॥**

–मंजिल १/सिपारा १/२ सूरः अल-बकर/आयत ४८ ॥

**समीक्षक–** के वर्तमान दिनहरूमा नडराउने ? दुष्कर्म गर्नमा सबै दिन डराउनुपर्दछ । जब सिफारिश सुनिनेछैन भने त फेरि पैगम्बरको साक्षी वा सिफारिशबाट खुदाले स्वर्ग दिनेछ यो कुरा कुन तरिकाले साँचो हुन सक्ला ? के खुदा स्वर्गवाला मात्रैको सहायक हो, नरकवालाको होइन ? यदि यस्तै हो भने त खुदा पक्षपाती हो ॥१३॥

**मूल–१४– र जब मैले मूसालाई किताब र कसौटी दिएँ ताकि तिमीले मार्ग पाउन सक ॥ मैले तिनीहरूलाई भनें कि तिमीहरू निन्दित बाँदर बन्नेछौ ॥ यो एक चेतावनी दिएँ जुन तिनीहरूका लागि जो अगाडि थिए र आउने पिंढीको लागि, अनि शिक्षा इमान्दारहरूका लागि ॥**

–मंजिल १/सिपारा १/२ सूरः अल-बकर/आयत ५३, ६५, ६६ ॥

**समीक्षक–** जब मूसालाई किताब दियौ भने त कुरानको हुनु निरर्थक छ । र उसलाई आश्चर्य शक्ति दिइयो यो बाइबल र कुरान दुइटैमा लेखिएको छ परन्तु यो कुरा मान्नयोग्य छैन, किनभने यदि यस्तो हुन्थ्यो भने त अहिले पनि हुन्थ्यो, जो अहिले छैन त सो पहिले पनि थिएन । जसरी स्वार्थीहरू आजभोलि पनि अविद्वान्हरूको सामुन्ने सिद्ध बन्दछन् त्यस्तै त्यो समयमा पनि कपट गरे होलान्, किनभने खुदा र उसका सेवक अहिले पनि विद्यमान छन् पुनः यति वेला खुदाले आश्चर्य कर्म किन दिंदैन र गर्न सक्दैनन् ? यदि मूसालाई किताब दिएको थियो भने त पुनः कुरानलाई दिनु के आवश्यक थियो ? किनभने जुन हित-अहित गर्ने नगर्नेको उपदेश सर्वत्र एकैखालको हुन्छ । पुनः भिन्न-भिन्न पुस्तक गर्नाले पुनरुक्त दोष हुन्छ । के मूसाजीलाई दिएको पुस्तकमा खुदाले भुलेको थियो ? यदि निन्दित बाँदर बन्न केवल चेतावनी दिनको लागि भनेको थियो भने त, त्यसले भन्नु व्यर्थ भयो अथवा छल गऱ्यो । जसले यस्तो कुरा गर्दछ र जसमा यस प्रकारका कुराहरू छन्, त्यो न खुदा न त यो पुस्तक खुदाले बनाएको हुन सक्दछ ॥१४॥

**मूल–१५– यस प्रकार अल्लाहले मुर्दाहरू ब्युँताउँछ, तिमीलाई आफ्नो निशानीहरू देखाउँछ, ताकि तिमीहरूले बुझ्न सक ॥** –मंजिल १/सिपारा १/२ सूरः अल-बकर/आयत ७३ ॥

**समीक्षक–** के मुर्दाहरूलाई आफैले ब्युँताउँथ्यो भने त अहिले किन ब्युँताउँदैन ? के कयामतको रातसम्म चिहानमा रहिरहने छन् ? के आजभोलि दौरासुपुर्द (चिहानको भ्रमणमा) हो ? के यतिमात्रै ईश्वरका निशानीहरू हुन् ? पृथ्वी, सूर्य, चन्द्रादि निशानीहरू होइनन् ? के जगत्मा विविध रचना विशेष प्रत्यक्ष देखिन्छन् यी निशानीहरू थोरै हुन् ? ॥१५॥

**मूल–१६– जसले ईमानदारी गरे तिनीहरू सदैव जन्नत (वैकुण्ठ) मा वास गर्नेछन् किन्तु बुराइ कमाउनेहरू लागि तिनको अपराधले घेर्नेछ र सदैव आगो (नरक) मा वास गर्नेछन् ॥**

–मंजिल १/सिपारा १/२ सूरः अल-बकर/आयत ८२ ॥

**समीक्षक–** कुनै पनि जीव अत्यन्त पाप पुण्य गर्ने सामर्थ्य राख्दैन यसैले सदैव स्वर्ग नरकमा रहन सक्दैनन् । र यदि खुदाले यस्तो गर्दछ भने त ऊ अन्यायकारी र अविद्वान् हुन जान्छ । कयामतको रातमा न्याय हुनेछ भने त मनुष्यका पाप पुण्य बराबर हुनु उचित हुन्छ, जो अनन्त छैन त्यसको अनन्त फल कसरी हुन सक्दछ ? र सृष्टि भएको सात आठ हजार वर्ष यतामात्रै बताउँछन्, के यसको पूर्व खुदा निकम्मा बसेको थियो ? र कयामतको पछाडि पनि निकम्मा हुनेछ ? यी कुराहरू सबै बच्चाका जस्ता छन्, किनभने परमेश्वरको काम सदैव वर्तमान रहन्छन् र जति जसको पाप पुण्य हुन्छ त्यति नै त्यसलाई फल दिन्छ, यसैले कुरानको यो कुरो साँचो होइन ॥१६॥

**मूल–१७– जब मैले तिमीलाई प्रतिज्ञा गराएँ कि तिमीले आफ्नाको रगत बगाउने छैनौ र आफ्ना मान्छेहरूलाई आफ्ना बस्तीबाट निकाल्ने छैनौ, फेरि तिमीले मलाई वचन दियौ र त्यसको तिमी साक्षी छौ ॥ फेरि तिमीहरू त्यही मान्छे हौ जसले कि आफ्नाको हत्या गर्दछौ र आफ्ना नै एक समूहलाई उनीहरूको बस्तीबाट बाहिर निकाल्दछौ, उनीहरूका विरुद्ध उनका शत्रुहरूलाई सहायता गर्दछौ ॥**

–मंजिल १/सिपारा १/२ सूरः अल-बकर/आयत ८४, ८५ ॥

**समीक्षक–** भला प्रतिज्ञा गर्नु र गराउनु अल्पज्ञहरूको कुरा हो कि परमात्माको ? जब परमेश्वर सर्वज्ञ छ भने त यस्तो कडाकूट संसारी मनुष्यको समान किन गर्नेछ ? भला यो कुनचाहिं राम्रो कुरो भयो कि आपसमा रगत नबगाउनु, आफ्ना मतवालालाई घरबाट ननिकाल्नु, अर्थात् दोस्रो मतवालाहरूको रगत बगाउनु र घरबाट बाहिर निकालिदिनु ? मिथ्या, मूर्खता र पक्षपातको कुरा नभए के हो ? के परमेश्वर प्रथमबाटै जान्दैनथ्यो कि यिनीहरूले प्रतिज्ञादेखि विरुद्ध गर्नेछन् ? यसैबाट विदित हुन्छ कि मुसलमानहरूको खुदा पनि ईसाईहरूका थुप्रै उपमा राख्दछ र यो कुरान स्वतन्त्र पुस्तक बन्न सक्दैन किनभने यसमा थोरै मात्र कुराहरूलाई छोडेर बाँकी सबै कुरा बाइबलका छन् १७॥

**मूल–१८– यिनीहरू नै हुन् ती मान्छेहरू जसले आखरत (परलोक) को बदलामा सांसारिक जीवन किने, अतः यिनीहरूको यातनामा कटौति गरिनेछ र उनीहरूलाई सहायता पुग्नेछ ॥**

–मंजिल १/सिपारा १/२ सूरः अल-बकर/आयत ८६ ॥

**समीक्षक–** भला ! यस्तो ईर्ष्या-द्वेषको कुरो कतै ईश्वरको हुन सक्दछ ? अर्काको कथा अर्कैलाई भन्ने, कसैको पक्ष लिने खुदाको कुरा हुन सक्दछ ? किन्तु कुनै मतावलम्बी मनुष्यकोतिरबाट हो । जसका पापहरूको कटौति गरिने र जसलाई सहायता गरिने ती मान्छेहरू को हुन् ? यदि तिनीहरू पापी हुन् र पापहरूको दण्ड दिए बिना नै छुट्कारा दिने हो भने त अन्याय हुनेछ । जसलाई सजाय दिएर हल्का गर्ने हो भने त जसको बयान यस आयतमा गरिएको छ, ती सबैले सजाय पाएर हल्का हुन सक्दछन् । फेरि दण्ड दिएर पनि हल्का गरिएन भने पनि अन्याय हुनेछ । जहाँ पापहरूबाट हल्का गराउने कुराको प्रयोजन

धर्मात्माहरूको हो भने त, उनीहरूका पाप त आफै हल्का हुन्छ; खुदाले के नै गर्छ ? त्यसैले यो लेख विद्वान्को होइन । साथै धर्मात्माहरूलाई सुख र अधर्मीहरूलाई दुःख, तिनका कर्मानुसार सदैव दिनु पर्दछ ॥१८॥

**मूल–१९– फेरि मैले मूसालाई किताब दिएँ र त्यस पछाडि एक रसूल (पैगम्बर-सन्देशवाहक) पठाएँ । र मरियमको पुत्र ईसालाई खुल्ला निशानीहरू प्रदान गरें कि पवित्र आत्मा (रूहल-कुद्स)* बाट उसलाई सहायता गरियो । जब कुनै पनि पैगम्बरले तिमीकहाँ त्यो कुरा लिएर आयो जुन तिम्रो मनलाई राम्रो लागेन तब तिमीले घमण्ड गर्‍यौ । फेरि तिमीले एक समूहलाई झुटो बनायौ र एक समूहको हत्या गरिदियौ ॥** –मंजिल १/सिपारा १/२ सूरः अल-बकर/आयत ८७ ॥

**समीक्षक–** जब कुरानमा साक्षी छ कि मूसालाई किताब दिइयो भने त त्यसलाई मान्नु मुसलमानहरूलाई आवश्यक हुन्छ, र जुन-जुन त्यस पुस्तकमा दोष छ त्यो पनि मुसलमानको मतमा आएर खस्यो र 'मौजिजे' अर्थात् दैवीशक्तिको कुरा सबै अन्यथा हो, भोला-भाला मनुष्यलाई बहकाउनको लागि मान्छेहरूले झुट-मुट चलाएका हुन्, किनभने सृष्टिक्रम र विद्यादेखि विरुद्ध सबै कुराहरू झुटा नै हुन्छन् । यदि त्यो समयमा 'मौजिजे' थिए भने त यति वेला किन छैनन् ? जब यति वेला छैनन् भने त उति वेला पनि थिएनन्, यसमा केही पनि सन्देह छैन ॥१९॥

**मूल–२०–यस भन्दा अगाडि त्यसलाई जसले मान्दैनथे, उनैमाथि विजय गर्न थाले, फेरि त्यो किताब उनीहरूकहाँ आयो, त्यसलाई उनीहरूले चिने पनि, जस (काफिर) ले स्वीकार्न चाहेन अल्लाहको फट्कार (लानत) छ ॥** –मंजिल १/सिपारा १/२ सूरः अल-बकर/आयत ८९ ॥

**समीक्षक–** के जसरी तिमीले अन्य मतवालाई काफिर भन्दछौ त्यसरी नै उनीहरूले तिमीलाई काफिर भन्दछन् ? र उनका मतकाले पनि तिमीलाई उनका ईश्वरतिरबाट धिक्कार्दछन्, फेरि भन को साँचो को झुटो ? यदि विचार गरेर हेर्ने हो भने त सबै मतवालाहरूमा झुट पाइन्छ र जुन साँचो हो त्यो सबैमा एकसमान छ, यो सबै लडाईं मूर्खताको हो ॥२०॥

**मूल–२१– आनन्दको सन्देश ईमान्दारहरूलाई ॥ जो अल्लाह फरिश्ताहरू, पैगम्बरहरू, जिबरईल र मीकाईलको शत्रु छ अल्लाह पनि त्यस्ता काफिरहरूको शत्रु हो ? ॥**

–मंजिल १/सिपारा १/२ सूरः अल-बकर/आयत ९७, ९८ ॥

**समीक्षक–** जब मुसलमान भन्दछन् कि 'खुदा लाशरीक' हो, फेरि यी फौजका फौज 'शरीक' कहाँबाट गर्‍यो ? जो शैतानको शत्रु हुन्छ, त्यो के परमेश्वरको पनि शत्रु हो ? के त्यो खुदाको आज्ञादेखि विरुद्ध चल्दैन ? यसैबाट खुदा पक्षपाती हुन जान्छ ॥२१॥

**मूल–२२– र भन कि ए पालनहार ! हाम्रो पापहरूलाई क्षमा गरिदे, हामीले तिम्रा पापहरूलाई क्षमा गरिदिनेछौं र भलाइ गर्नेवालालाई अधिक पनि दिनेछौं ॥**

–मंजिल १/सिपारा १/२ सूरः अल-बकर/आयत ५८ ॥

**समीक्षक–** भला यो खुदाको उपदेश सबैलाई पापी बनाउनेवाला छ कि छैन ? किनभने जब पाप क्षमा हुने आश्रय मनुष्यलाई मिल्दछ तब नै पापदेखि कोही डराउँदैन, त्यसैले यस्तो भन्नेवाला खुदा र यो खुदाले बनाएको पुस्तक हुन सक्दैन । किनभने त्यो न्यायकारी छ, अन्याय कहिल्यै गर्दैन र पाप क्षमा गर्दामा अन्यायकारी भैहाल्दछ; किन्तु यथापराध दण्ड नै दिनाले न्यायकारी हुन सक्दछ ॥२२॥

**मूल–२३– जब मूसाले आफ्नो कौम (कुल) को लागि पानी माग्यो, तब मैले भने आफ्नो लाठी ढुङ्गामा बजार्दे, तब त्यसबाट बाह्र ओटा पानीका मूल फुटे ॥**

–मंजिल १/सिपारा १/२ सूरः अल-बकर/आयत ६० ॥

**समीक्षक–** अब हेर्नुहोस् ! यी गफौडाको तुल्य दोस्रो कुनै छ होला ? एउटा ढुङ्गाको शिलामा लट्ठी मार्नाले बाह्र ओटा पानीका मूल निस्कनु सर्वथा असम्भव छ । यदि त्यस ढुङ्गालाई भित्रबाट खाली गरेर, त्यसमा पानी भरेर बाह्र प्वाल गरे मात्रै सम्भव छ, अन्यथा हुँदैन ॥२३॥

**मूल–२४– अल्लाहले जसलाई चाहन्छ आफ्नो दयाको लागि चुन्दछ, अल्लाह अत्यन्त दयावान् छ ॥**

–मंजिल १/सिपारा १/२ सूरः अल-बकर/आयत १०५ ॥

**समीक्षक–** जसलाई मुख्य बनाउन योग्य छैन, न त दया गर्न योग्य छ, के त्यस्तालाई पनि प्रधान बनाएर त्यसमाथि दया गर्दछ ? यदि यस्तै हो भने त खुदा बडो गडबडियावाला हो, किनभने फेरि राम्रो काम कसले गर्ने ? नराम्रो काम कसले छोड्ने ? किनभने खुदाको प्रसन्नतामा नै सबै कुरा निर्भर गर्दछ, कर्मफलमाथि होइन । यसैबाट सबैमा अनास्था जागेर धर्मोच्छेदप्रसङ्ग हुनेछ ॥२४॥

---

*रूहल-कुद्स भन्दछन् जिब्रीललाई जुन कि हरबखत मसीहको साथमा रहन्थ्यो ।

**मूल–२५– यस्तो नहोस् कि काफिरहरूले ईर्ष्या गरेर तिमीलाई ईमानबाट फेराइदिऊन्, किनभने उनीहरूमा ईमानवालाहरूका थुप्रै मित्र छन् ॥** –मंजिल १/सिपारा १/२ सूरः अल-बकर/आयत १०९ ॥

**समीक्षक**– अब हेर्नुहोस् ! खुदाले नै उनीहरूलाई चेताउँछ कि तिम्रो ईमानलाई काफिरहरूले नडगमगाइदिऊन् । के त्यो सर्वज्ञ छैन ? यस्तो कुरा खुदाको हुन सक्दैन ॥२५॥

**मूल–२६–तिमीले जतातिर मुख गर्दछौ त्यतैतिर अल्लाहको मुख पर्दछ ॥**

–मंजिल १/सिपारा १/२ सूरः अल-बकर/आयत ११५ ॥

**समीक्षक**– यदि यो कुरा साँचो हो भने त मुसलमान 'काबातिर' किन मुख पर्काउँछन् ? यदि भन्लान् कि हामीलाई काबातिर नै मुख फर्काउनको लागि हुकुम छ, तब यो पनि हुकुम छ कि चाहे जतातिर पनि मुख गर, के एउटा कुरा साँचो र अर्को झुटो हो त ? यदि अल्लाहको मुख छ भने त त्यो सबैतिर हुन नै सक्दैन, किनभने एक मुख एकातिरमात्रै हुन्छ, सबैतिर कसरी हुन सक्दछ ? यसले यो कुरो सङ्गत छैन ॥२६॥

**मूल–२७– ऊ आकाश र भूमिलाई उत्पन्न गर्नेवाला हो, जब उसले केही गर्न चाहन्छ, यो होइन कि उसलाई गर्नु पर्दछ किन्तु त्यसलाई भन्दछ कि "भइजा" ! अनि त भैहाल्दछ ॥**

–मंजिल १/सिपारा १/२ सूरः अल-बकर/आयत ११७ ॥

**समीक्षक**– भला खुदाले हुकुम दियो कि "भइजा" तब त्यो हुकुम कसले सुन्यो ? र कसलाई सुनायो ? फेरि को बन्यो ? कुन कारणले बनायो ? जब यस्तो लेख्दछन् कि सृष्टिको पूर्व सिवाय खुदाको अरू दोस्रो वस्तु केही पनि थिएन भने त यो संसार कहाँबाट आयो ? बिना कारण कुनै पनि कार्य हुँदैन भने त यति ठूलो जगत् कारणको बिना कहाँबाट भयो ? यो कुरो केवल बच्पनाको हो

**पूर्वपक्षी**– खुदाको इच्छाबाट ।

**उत्तरपक्षी**– के तिम्रो इच्छाले एउटा माखाको टाङ्ग पनि बन्न सक्दछ ? जुन भन्दछौ कि खुदाको इच्छाले यो सबै जगत् बन्यो ।

**पूर्वपक्षी** – खुदा सर्वशक्तिमान् छ त्यसैले जे चाहन्छ त्यो गर्न सक्दछ ।

**उत्तरपक्षी**– सर्वशक्तिमान् शब्दको के अर्थ हो ?

**पूर्वपक्षी** – जे चाहन्छ त्यो गर्नसक्ने ।

**उत्तरपक्षी**– के खुदा अर्को खुदा पनि बन्न सक्दछ, आफै मर्न सक्दछ, मूर्ख, रोगी र अज्ञानी पनि बन्न सक्दछ ?

**पूर्वपक्षी** – यस्तो कहिल्यै बन्न सक्दैन ।

**उत्तरपक्षी**– यसैले परमेश्वर आफ्नो र अरूको गुण, कर्म, स्वभावको विरुद्ध केही पनि गर्न सक्दैन । जसरी संसारमा कुनै वस्तु बनाउनको लागि तीन पदार्थ आवश्यक हुन्छन्– एक बनाउनेवाला जस्तै कुमाले, दोस्रो घैंटो बन्ने माटो र तेस्रो त्यसका साधन जसबाट घैंटो तयार पारिन्छ, जस्तै कुमाले, माटो र साधनले घैंटो बन्दछ र घैंटो बन्न भन्दा पूर्व कुमाले, माटो र साधन उपस्थित रहेका हुन्छन्, त्यसरी नै जगत्को बन्न भन्दा पूर्व परमेश्वर, जगत्को कारण प्रकृति र उनका गुण, कर्म, स्वभाव अनादि रहेका हुन्छन्, त्यसैले यो कुरानको कुरा सर्वथा मिथ्या हो ॥२७॥

**मूल–२८– जब मैले काबालाई मान्छेहरू एकत्र हुनको लागि पवित्र स्थान र शान्तिको स्थान घोषित गरें । अनि आदेश दिएँ कि मकाम इब्राहीमको उभिने स्थानलाई नमाज पढ्नको लागि स्थान बनाओ, फेरि मैले इब्राहीम र स्माईललाई हुकुम दिएँ कि मेरो घरको परिक्रमा गर्नेवालाहरू, एतेकाफ (बसेर स्तुति) गर्नेवालाहरू, रुकू (झुकेर) र सजदा (नमन) गर्नेवालाहरूको लागि पवित्र राख ॥**

–मंजिल १/सिपारा १/२ सूरः अल-बकर/आयत १२५ ॥

**समीक्षक**– के काबाको भन्दा पहिला पवित्र स्थान खुदाले कुनै पनि बनाएको थियो कि थिएन ? यदि बनाएको थियो भने त काबालाई बनाउनु कुनै आवश्यकता रहेन, यदि बनाएको थिएन भने त बिचरा पूर्वोत्पन्नहरूलाई पवित्र स्थानको बिना नै राख्दथ्यो ? जब कुरान बनाएको थियो, तब ईश्वरलाई पवित्र स्थान बनाउनको लागि स्मरण भएन होला ॥२८॥

**मूल–२९– ती कुन मनुष्य हुन जसले इब्राहीमको दीनलाई मन पराउँदैनन्, परन्तु त्यो जसले आफूले आफैलाई मूर्ख बनाएको होला । जब कि मैले इब्राहीमलाई संसारको लागि चुनेको थिएँ र परलोकमा त्यो धार्मिक मान्छेहरूमा हुनेछ ।** –मंजिल १/सिपारा १/२ सूरः अल-बकर/आयत १३० ॥

**समीक्षक**– के मुसलमानहरू इब्राहीमको मजहबदेखि धेरै फेरिएका छैनन् ? के यो खुदाको कुरो हो कि उसलाई मूर्ख प्रसन्न हुन्छन्, विद्वान् होइनन् ? यो कुरो अविद्वत्ताको हो अर्थात् जब यस पुस्तकलाई

बनाउनेवालाले सम्झियो कि म अविद्वान् छु र विद्वान्हरूले मेरो कुरो काट्नेछन्, मैले उत्तर दिन सक्ने छैन, यसैले धर्म-विषयमा मूर्खको समान भएर जेसुकै अण्ड-बण्ड भनिदिए पनि सबै कुरा मान्नुपर्दछ । यदि यस्तो गर्दैनथ्यो भने त मान्छेहरू उसका मजहबमा आउने थिएनन्, आएर पनि स्थिर रहने थिएनन्, न त उसको प्रयोजन नै सिद्ध हुने थियो । हो, यो त ठीक हो कि जो धर्मात्मा हुन्छ वही ईश्वरको प्रिय हुन्छ, अधर्मी होइन ॥२९॥

**मूल–३०– मैले तिम्रो मुख पटक-पटक आकाशतिर उठेको देख्नेछु, अतः मैले तिमीलाई उसै काबातिर फेराइदिनेछु जसलाई तिमीले मन पराउँछौ र तिमी जहाँबाट पनि निस्क, आफ्नो मुख मस्जिद-ए हराम (काबा) तिर पार्नू ॥** –मंजिल १/सिपारा १/२ सूरः अल-बकर/आयत १४४, १४९ ॥

**समीक्षक–** के यो सानो बुत्परस्ती हो ? होइन, किन्तु ठूलो ।

**प्रश्न–** हामी मुसलमानहरू बुत्परस्ती (मूर्तिपूजक) होइनौं किन्तु बुत्शिकन (मूर्तिनाशक) अर्थात् बुत्हरूलाई फुटाल्नेवाला हौं, किनभने हामीले काबालाई खुदा मान्दैनौं ।

**उत्तर–** त के भयो जसलाई तिमीले बुत्परस्त सम्झन्छौ उनीहरू पनि त्यस-त्यस मूर्तिलाई ईश्वर मान्दैनन् किन्तु त्यसको सामुन्ने परमेश्वरको भक्ति गर्दछन् । यदि बुत्हरूलाई फुटाउनेवाला हौ भने त त्यस मस्जिद काबा ठूलो बुत्लाई किन फुटालेनौ ?

**प्रश्न–** वाह जी ! हामीलाई त काबातिर मुख फर्काउनको लागि कुरानमा हुकुम छ र यसलाई वेदमा हुकुम छैन फेरि ती बुत्परस्त किन होइनन् ? र हामी किन ? किनभने हामीलाई खुदाको हुकुम बजाउनु अवश्य छ ।

**उत्तर–** जसरी तिम्रो लागि कुरानमा हुकुम छ त्यसरी नै यिनीहरूको लागि पुराणमा आज्ञा छ । जसरी तिमीले कुरानलाई खुदाको कलाम सम्झन्छौं त्यसरी नै पुराणीले पनि पुराणहरूलाई खुदाको अवतार व्यासजीको वचन सम्झन्छन् । तिमीमा र यिनीहरूमा बुत्परस्तीको केही पनि भिन्नभाव छैन प्रत्युत तिमी ठूला बुत्परस्त र यी साना बुत्परस्त हुन् । किनभने जबसम्म कोई मनुष्य आफ्नो घरमा प्रवेश गरेको बिरालोलाई धपाउन लाग्दछ तबसम्ममा उसको घरमा ऊँट प्रविष्ट हुनजान्छ, त्यसै गरी नै मुहम्मद साहबले साना बुत्लाई मुसलमानको मनबाट त निकाले परन्तु ठूलो बुत् जुन कि पहाडको सदृश मक्काको मस्जिद हो त्यो सबै मुसलमानहरूको मनमा प्रविष्ट गराइदिए, के यो सानो बुत्परस्ती हो ? हो, जुन हामीहरू वैदिक छौं त्यस्तै तिमीहरू पनि वैदिक भयौ भने त बुत्परस्ती आदि नराम्रा कामबाट बँच्न सक्दछौ, अन्यथा सक्दैनौ । तिमीले 'जबसम्म आफ्नो ठूलो बुत्परस्तीलाई निकाल्दैनौ तबसम्म' दोस्रा साना बुत्परस्तहरूको खण्डनबाट लज्जित भएर निवृत्त रहनुपर्दछ र आफूलाई बुत्परस्तीदेखि पृथक् गरेर पवित्र गर्नु पर्दछ ॥३०॥

**मूल–३१– जति मान्छेहरू अल्लाहको मार्गमा मारिन्छन्, उनीहरूलाई मृतक नभन्नू, उनीहरू जीवित छन्, परन्तु तिमीलाई ज्ञात छैन ॥** –मंजिल १/सिपारा २/२ सूरः अल-बकर/आयत १५४ ॥

**समीक्षक–** भला ईश्वरको मार्गमा मर्न मार्नको के आवश्यकता छ ? यो किन भन्दैनौ कि यो कुरो आफ्नो मतलब सिद्ध गर्नको लागि हो कि यो लोभ दियौं भने खुब लड्नेछन्, आफ्नो विजय हुनेछ, मर्नदेखि डराउने छैनन्, लुटमार गर्नाले ऐश्वर्य प्राप्त हुनेछ, पश्चात् विषयानन्द गर्नेछौं इत्यादि स्वप्रयोजनको लागि यो विपरीत व्यवहार गरेको हो ॥३१॥

**मूल–३२– यिन* मान्छेहरूमाथि मालिक (रब) तिरबाट दया र दरुद छ र यिनैले मार्ग पाउनेछन् ॥** –मंजिल १/सिपारा २/२ सूरः अल-बकर/आयत १५७ ॥

**समीक्षक–** अब हेर्नुहोस् ! यो काम पनि एक प्रकारबाट बुत्परस्ती नै हो । भला ! मुर्दाहरूमाथि आयतहरू पढ्नाले के हुन्छ ? किनभने त्यसको जीवात्मा त पहिल्यै निस्केर गैसक्यो, पुनः पाठ कसले सुन्दछ ? यसैले यो व्यर्थ कर्म हो । इत्यादिबाट यो ईश्वरकृत वा विद्वत्कृत पनि होइन ॥३२॥

**मूल–३३– जसले लुकाउँछन् त्यसलाई जुन कि मैले प्रमाण र शिक्षाबाट उतारेको छु । त्यसको बीचमा जे छ त्यो सबै अल्लाहको लागि धिक् दिनेहरूका लागि धिक्कार छ, परन्तु जसले तौबा (क्षमायाचना) र भलाइ गर्‍यो, तिनीहरूमाथि फेरि दया गर्दछु र गर्नेछु । जो मान्छेहरू काफिर भए र मरे, र काफिर नै रहे, ती माथि खुदा र फरिश्ताहरू र सबै मान्छेहरूमाथि धिक्कार छ । सदैव त्यसैमा रहनेछन् । तिनीहरूको पाप घटाइँने छैन, न त क्षमा नै गरिनेछ । तिम्रो एउटै मालिक छ अरू कोई छैन । त्यो क्षमा गर्नेवाला र दयालु छ ॥** –मंजिल १/सिपारा २/२ सूरः अल-बकर/आयत १५९, १६० ॥

---

*यो वाक्य आशीर्वामा लिंदैनन् । यसको प्रचार मुसलमानहरूमा नै छ । कबर (चिहान) वासीहरूमाथि पढ्दछन् **दरुद** र **फातः** ॥

**समीक्षक–** यो कुरो जुन कि पहिला पैगम्बरहरूको सामुन्ने जस्तो कि इब्राहीम साहेबको सामुन्ने खतना आदिको नियम बाँधेका थिए, त्यसलाई जसले गर्दैनथे र मक्का शहरमा सफा र मुरब्बा दुई पहाड छन्, अरबका मान्छेहरू इब्राहीमको समयदेखि नै सदैव हज गर्दथे, परन्तु मुसलमानहरूले कुनै कारणले छोडिदिएका थिए, तिनीहरूमाथि यो आयत उतारे, उनैलाई धिक्कार दिइन्छ र जो मुसलमान तौबा गर्दछ तब माफ हुन्छ, परन्तु जो काफिर अर्थात् गैर मुस्लिम छन्, तिनीहरूमाथि खुदा बडो तिक्तता गर्दछ । भला ! यस्तो कुरा खुदाको हुन सक्दछ ? र जो पक्षपाती छ त्यो कहिल्यै ईश्वर हुन सक्दैन । के मुसलमानमाथि क्षमा गर्नेवाला दयालु हो, अन्यमाथि दयाकर्तालाई दयाहीन भन्ने ? यसैले न यो ईश्वरकृत पुस्तक र न यसमा भनिएको ईश्वर हुन सक्दछ ॥३३॥

**मूल–३४– र यो हो कि अल्लाह कठोर दण्ड दिनेवाला हो ॥ शैतानको पक्ष नलेल निश्चय त्यो तिम्रो शत्रु हो ॥ त्यसको बिना अरू कोही हुँदैन जसले दुष्कर्म र निर्लज्जताको आदेश दिन्छ, तिमीले भन अल्लाहको बारेमा त्यस्तो कुरा गर ॥** –मंजिल १/सिपारा २/२ सूरः अल-बकर/आयत १६५, १६८, १६९ ॥

**समीक्षक–** के कठोर दुःख दिनेवाला दयालु खुदा सबै पापीहरू र पुण्यात्माहरूको माथि छ अथवा मुसलमानहरूमाथि दयालु र अन्यमाथि दयाहीन हो ? यदि यस्तै हो भने त त्यो ईश्वर हुन सक्दैन । र पक्षपाती छैन भने त जो मनुष्य जहाँ कहीं धर्म गर्नेछ त्यसमाथि ईश्वर दयालु र जसले अधर्म गर्दछ त्यसमाथि दण्डदाता हुन्छ भने त फेरि बीचमा मुहम्मद साहेब र कुरानलाई मान्न आवश्यक रहेन । र जुन सबैलाई दुष्ट गराउनेवाला मनुष्यमात्रको शत्रु शैतान हो त्यसलाई खुदाले उत्पन्न नै किन गऱ्यो ? के त्यसले भविष्यत्को कुरो जान्दैनथ्यो ? यदि भन्दछौ कि जान्दथ्यो परन्तु परीक्षाको लागि बनायो तर पनि बन्न सक्दैन, किनभने परीक्षा गर्नु अल्पज्ञको काम हो, सर्वज्ञ त सबै जीवहरूको राम्रा नराम्रा कर्महरूलाई सदादेखि ठीक-ठीक जान्दछ । र शैतानले सबैलाई भ्रममा पार्दछ भने त शैतानलाई कसले भ्रममा पार्दछ ? यदि भनौला कि शैतान आफै भ्रममा पर्दछ तब अन्य पनि आफै भ्रममा पर्दछन्, बीचमा शैतानको के काम ? र यदि खुदाले नै शैतानलाई बहकाएको हो भने त खुदा शैतानको पनि शैतान ठहरिनेछ । यस्तो कुरो ईश्वरको हुन सक्दैन । र जो कोही बहकिन्छ त्यो कुसङ्ग तथा अविद्याबाट भ्रमित हुन्छ ॥३४॥

**मूल–३५– उसले त तिमीमाथि केवल मुर्दार, रगत, सुँगुरको मासु र जसमाथि अल्लाहको अतिरिक्त कुनै अरूको नाम लिइएको होस्, हराम ठहराएको छ ॥**

–मंजिल १/सिपारा २/२ सूरः अल-बकर/आयत १७३ ॥

**समीक्षक–** यहाँ विचार गर्नुपर्दछ कि मुर्दा चाहे आफै मरोस् वा कसैले मार्नबाट, दुइटै बराबर हुन् । हो, यिनमा केही भेद पनि छ तथापि मृतकपनमा केही भेद छैन । जहाँ रगत हराम छ भने त मरेपछाडि शरीरमा नै रगत जमेर मासु बन्दछ, फेरि मासु खानु मुसलमानहरूको लागि सर्वथा हराम भयो र जब एउटा सुँगुरको निषेध गरियो भने त के मनुष्यको मासु खान उचित हुन्छ ? के यो कुरा राम्रो हुन सक्दछ कि परमेश्वरको नाममा पशु आदिलाई अत्यन्त दारुण दुःख दिएर प्राणहत्या गर्नु ? यसबाट ईश्वरको नाम कलङ्कित हुन जान्छ । हो ईश्वरले बिना पूर्वजन्मको अपराधको मुसलमानहरूको हातबाट दारुण दुःख किन गरायो ? के तिनीहरूमाथि दयालु छैन ? उनीहरूलाई पुत्रवत् मान्दैन ? जुन वस्तुबाट अधिक उपकार हुन्छ ती गाई आदिलाई मार्नको निषेध नगर्नु जान कि हत्या गराएर खुदा जगत्को हानिकारक, हिंसारूप पापबाट कलङ्कित पनि हुन जान्छ । यस्ता कुराहरू खुदा र खुदाको पुस्तकमा कहिल्यै पनि हुन सक्दैन ॥३५॥

**मूल–३६– तिम्रो लागि रोजाको रातमा आफ्ना पत्नीहरूसँग जान वैध (हलाल) गरिएकोछ । ती तिम्रा लागि पर्दा हुन् र तिमी उनका पर्दा हौ । अल्लाहले जान्यो कि तिमी आफैले आफूसँग छल-कपट गरिरहेका थियौ तब उसले तिमीमाथि कृपा गऱ्यो र तिमीलाई क्षमा गरिदियो । अब तिमी उनीहरूसित मिल र मदनोत्सव गर अल्लाहले तिम्रो लागि लेखिदियो । खान-पान गर यहाँसम्म कि बिहानको मिरमिरे उज्यालो स्पष्ट छुट्टियोस्, फेरि पूरा गर्नु रोजा रातसम्म । र जब तिमी मस्जिदमा एतेकाफमा हुन्छौ भने त पत्नीहरूसँग सम्भोग नगर्नू । यो अल्लाहले बनाएको सीमा हो त्यसलाई तिमीले उल्लङ्घन नगर । यसरी अल्लाह आफ्नो निशानीहरू मान्छेहरूका लागि बयान गर्दछ ताकि तिनीहरू बचून् ॥**

–मंजिल १/सिपारा २/२ सूरः अल-बकर/आयत १८७ ॥

**समीक्षक–** यहाँ यो निश्चित हुन्छ कि जब मुसलमानहरूको मत चल्यो वा त्यसको पहिला कसैले पौराणिकसँग सोध्यो होला कि चान्द्रायण व्रत जुन कि एक महिनाभरी हुन्छ त्यसको विधि के हो ? त्यो शास्त्रविधि जुन कि चन्द्रको कला घट्बढको अनुसार ग्रासहरूलाई बढाउने र दिनको मध्याह्नमा खान लेखिएको छ त्यसलाई नजानेर भन्यो होला कि चन्द्रमाको दर्शन गरेर खानु । त्यसैलाई यी मुसलमानहरूले यस प्रकारसँग मान्न थाले । परन्तु व्रतमा स्त्रीसमागमको त्याग छ त्यो एउटा कुरा खुदाले थपिदियो कि

तिमी स्त्रीसँग पनि समागम गर र रातमा मज्जासित खानु पनि । भला यो व्रत कता भयो ? दिनमा नखाने रातमा खाँदैराख्ने, यो सृष्टिक्रमदेखि विपरीत छ कि दिनमा नखानें रातमा खानें ॥३६॥

**मूल–३७– अल्लाहको मार्गमा ती मान्छेहरूसँग लड जो तिमीसँग लड्दछन् ॥ मारिदेओ तिनीहरूलाई जुन ठाउँमा पाउँछौ र निकालिदिनु त्यहाँबाट जहाँबाट तिमीलाई तिनीहरूले निकाले, कतल भन्दा कुफ्र (उपद्रव) नराम्रो हो ॥ यदि तिनीहरूले युद्ध छेडेमा त तिनीहरूको कतल (वध) गरिदिनु, यही दण्ड हो अवज्ञाकारीहरूको लागि ॥** –मंजिल १/सिपारा २/२ सूरः अल-बकर/आयत १९०-१९३ ॥

**समीक्षक–** यदि कुरानमा यस्तो कुरा हुँदैनथ्यो भने त मुसलमानहरू यति ठूलो अपराध जुन कि अन्य मतवालाहरूमाथि गर्ने गर्दछन्, र बिना अपराधीहरूलाई मार्नु ती माथि बडो पाप हुन्छ । जसले मुसलमानको मतलाई ग्रहण गर्दैन, त्यसलाई कुफ्र (उपद्रवी) भन्दछन् अर्थात् कुफ्र भन्दा कतल (हत्या) लाई मुसलमानहरूले राम्रो मान्दछन् अर्थात् जसले हाम्रो दीन (मत) लाई मान्दैन कतल गर्नेछौं सो गर्दै आएका छन् । मजहबको लागि लड्दै-लड्दै आफै नै राज्य आदिबाट नष्ट हुन गए र यिनीहरूको मन अन्य मतवालाहरूमाथि अति कठोर रहन्छ । के चोरीको बदला चोरी हो ? कि जति हाम्रो अपराध चोर आदिले गर्दछन् के हामीले पनि चोरी गर्ने ? यो सर्वथा अन्यायको कुरा हो । के कोई अज्ञानीले हामीलाई गाली दियो भने उसलाई पनि हामीले गाली दिने ? यो कुरा न ईश्वर, न ईश्वरको भक्त विद्वान्को न त ईश्वरोक्त पुस्तकको नै हुन सक्दछ । यो त केवल स्वार्थी अज्ञानी मनुष्यको हो ॥३७॥

**मूल–३८– अल्लाह झगडालुलाई मित्र बनाउँदैन ॥ ए मनुष्यहरू हो ! जसले ईमान ल्याएकाछौ, सबै इस्लाममा प्रविष्ट गर र शैतानको पद-चिह्नमाथि नहिंड्नु, त्यो तिम्रो प्रत्यक्ष शत्रु हो ॥**

–मंजिल १/सिपारा २/२ सूरः अल-बकर/आयत २०४, २०८ ॥

**समीक्षक–** यदि झगडालुलाई खुदाले मित्र सम्झदैन भने त किन आफै मुसलमानलाई झगडा गर्नको लागि प्रेरणा गर्दछ ? र झगडालु मुसलमानहरूदेखि मित्रता किन गर्दछ ? के मुसलमानको मतमा मिल्न जाँदामै खुदा राजी हुन्छ ? त्यसो भए त मुसलमानहरूको नै पक्षपाती भयो सबै संसारको होइन । यसबाट यहाँ विदित हुन्छ कि न कुरान ईश्वरकृत न त यसमा भनिएको ईश्वर पनि हुन सक्दैन ॥३८॥

**मूल–३९– खुदा जसलाई चाहन्छ अनन्त आनन्द दिन्छ ॥**

–मंजिल १/सिपारा २/२ सूरः अल-बकर/आयत २१२ ॥

**समीक्षक–** के बिना पाप पुण्यको खुदाले यस्तै आनन्द दिन्छ ? फेरि सुकर्म-दुष्कर्म गर्नु एकजस्तै भयो, किनभने सुख-दुःख प्राप्त हुनु उसको इच्छामा भर पर्दछ । त्यसैले धर्मदेखि विमुख भएर मुसलमानहरू यथेष्टाचार गर्दछन् । र कोई-कोई यस कुरानोक्तमाथि विश्वास नगरेर धर्मात्मा पनि हुन्छन् ॥३९॥

**मूल–४०– प्रश्न गदर्छु तिमीसँग रजस्वलालाई भन्दिनु त्यो अपवित्र हो, पृथक् रहनु ऋतुसमयमा उनको समीपमा नजानु जबसम्म उनीहरू पवित्र हुँदैनन्, जब नुहाउँछन् तब उनीहरूका समीपमा जानु खुदाले आज्ञा दियो ॥ तिम्रा श्रीमतीहरू तिम्रा लागि खेती हुन्, जसरी चाहन्छौ त्यसरी नै जाऊ तिम्रो खेतमा ॥ यत्तिकैमा मुखबाट निक्लेका बेकारका शपथ तोड्नमा पक्रँदैन तिमीलाई अल्लाहले ॥**

–मंजिल १/सिपारा २/२ सूरः अल-बकर/आयत २२२, २२३ ॥

**समीक्षक–** जुन यो रजस्वलाको सङ्ग नगर्नु लेखिएको छ त्यो राम्रो कुरा हो । परन्तु जुन स्त्रीहरूलाई खेतीको तुल्य लेख्नु र जसरी चाहन्छौ त्यसरी बर्त्तनु, यो विषयी र पुंसि मैथुनको पनि कारण हुन सक्दछ । जब खुदाले बेकारका शपथलाई समाउँदैन भने त सबैले झुटो बोल्नेछन् र शपथ तोड्नेछन् । यसबाट खुदा झुटको प्रवर्तक हुनेछ ॥४०॥

**मूल–४१– त्यो कुन मनुष्य हो जसले अल्लाहलाई ऋण देओस् कि अल्लाहले त्यसलाई बढाएर त्यसको कयौं गुणा गरिदिन्छ ।** –मंजिल १/सिपारा २/२ सूरः अल-बकर/आयत २४५ ॥

**समीक्षक–** अब हेर्नुहोस् यो कुरान बनाउने वा बनाउन लगाउनेवालाको मतलबसिन्धुको कुरो ! कि ईश्वरको नामबाट मान्छेहरूको धन ठगेर स्वप्रयोजन सिद्ध गर्न चाहन्छ । के ईश्वरले उसलाई धन दिन सक्दैनथ्यो ? के त्यसको खजाना रित्तियो ? तथा के त्यो हुण्डी पर्ची व्यापारादिमा मग्न हुनाले टाट पल्टियो र उधार* लिन थाल्यो ? अनि एकको साटोमा कयौं गुणा दिनलाई स्वीकार गर्दछ, के यो साहूकारहरूको

---

*यसै आयतको भाष्यमा तफसीर हुसैनीमा लेखिएको छ कि एक मनुष्य मुहम्मद साहेबकहाँ आयो । उसले भन्यो कि ऐ रसूलल्लाह खुदाले किन उधार माग्दछ ? उनले उत्तर दिए कि तिमीलाई जन्नतमा लैजानको लागि । उसले भन्यो कि तपाईंले जमानत लिनुहोस्, तब मैले दिन्छु । मुहम्मद साहेबले त्यसको जमानत लिए । खुदाको विश्वास भएन, उसको दूतको विश्वास भयो । भला खुदाले उधार लिनमा के प्रयोजन ? जसले सारा संसारलाई बनायो, त्यसले मनुष्यसँग उधार माग्दछ ? कदापि होइन । यस्तो त नबुझिकन पनि भन्न सकिन्छ ।

काम हो ? किन्तु यस्तो काम त टाट पल्टेका वा जसको खर्च अधिक र आय न्यून हुनेहरूलाई गर्न पर्दछ, ईश्वरलाई होइन ॥४१॥

**मूल–४२– ती मध्येमा कसैले त इमान ल्याए र ती मध्येमा कतिले त इन्कार गरे । यदि अल्लाहले चाहन्थ्यो भने त परस्पर लड्ने थिएनन्, परन्तु अल्लाहले जे चाहन्छ त्यही गर्दछ ॥**

–मंजिल १/सिपारा ३/२ सूरः अल-बकर/आयत २५३ ॥

**समीक्षक**– जति लडाईं हुन्छ त्यो के सबै ईश्वरको इच्छाबाट हो ? के उसले अधर्म गर्न चाह्यो भने त गर्न सक्दछ ? यदि यस्तै कुरा हो भने त त्यो खुदा नै होइन, किनभने भले मनुष्यको यो कर्म होइन कि शान्तिभङ्ग गरेर लडाईं गराओस् । यसैबाट विदित हुन्छ कि यो कुरान न ईश्वरले बनाएको, न त कुनै धार्मिक विद्वान्बाट रचित हो ॥४२॥

**मूल–४३– जति पनि आकाश र पृथ्वीमा पदार्थहरू छन् त्यो सबै उसैको लागि हो, चाहे उसको कुर्सीभित्र आकाश र पृथ्वी नै समेटिएको किन नहोस् ॥**

–मंजिल १/सिपारा ३/२ सूरः अल-बकर/आयत २५५ ॥

**समीक्षक**– जति पनि आकाश र भूमिमा पदार्थहरू छन्, ती सबै जीवहरूका लागि परमात्माले उत्पन्न गरेको हो, आफ्नो लागि होइन । किनभने ऊ पूर्णकाम छ, उसलाई कुनै पदार्थको अपेक्षा छैन । जब त्यसको कुर्सी छ भने त त्यो एकदेशी हो । जो एकदेशी हुन्छ, त्यो ईश्वर हुँदैन, किनभने ईश्वर त व्यापक हुन्छ ॥४३॥

**मूल–४४– इब्राहीमले भन्यो कि अल्लाहले सूर्यलाई पूर्वबाट निकाल्दछ, तैंले उसलाई पश्चिमबाट निकालिदे । तब त्यो काफिर (अवज्ञाकारी) स्तब्ध रह्यो र अल्लाहले अत्याचारीहरूलाई मार्ग देखाउँदैन ॥**

–मंजिल १/सिपारा ३/२ सूरः अल-बकर/आयत २५८ ॥

**समीक्षक**– हेर्नुहोस् यो अविद्याको कुरा ! भला सूर्य न पूर्वदेखि पश्चिम न त पश्चिमबाट पूर्व नै आउने-जाने गर्दछ, त्यो त आफ्नो परिधिमा नै घुम्दछ । यसबाट निश्चित जान्न सकिन्छ कि कुरानको कर्तालाई खगोल र भूगोल विद्या आउँदैनथ्यो । जब पापीहरूलाई मार्ग बताउँदैन भने त पुण्यात्माहरूको लागि पनि मुसलमाहरूको खुदाको आवश्यकता छैन, किनभने धर्मात्मा त धर्म मार्गमा नै हुन्छन्, मार्ग त धर्मबाट भुलेकाहरूको लागि बताउने हो । सो कर्तव्यलाई नगर्नाले कुरानको कर्ताको बडो भुल छ ॥४५॥

**मूल–४५– खुदाले भन्यो चार पक्षी लेल, तिनको चिनारी राख् अनि तिनलाई आफैमा आपसमा मिलाइदे फेरि ती मध्येमा हर एकलाई अलग-अलग पहाडमा राखिदे, फेरि तिनलाई पुकार्नु, ती दौडँदै तेरो नजिक आउनेछन् ॥** –मंजिल १/सिपारा ३/२ सूरः अल-बकर/आयत २६० ॥

**समीक्षक**– वाह-वाह हेर्नुहोस् जी ! मुसलमानहरूको खुदाले भानमतीको जस्तो खेल गरिरहेको छ ! के यस्तै कुराहरूबाट खुदाको खुदाइ हो ? तब नै बुद्धिमानीहरूले यस्ता खुदालाई तिलाञ्जलि दिएर दूर रहनेछन् र मूर्खहरू फस्नेछन्, त्यसैले खुदाको बडाइको बदलामा बुराइ त्यसको पोल्टामा पर्नेछ ॥४५॥

**मूल–४६– जसलाई चाहन्छ नीति दिन्छ, ॥**

–मंजिल १/सिपारा ३/२ सूरः अल-बकर/आयत २६९ ॥

**समीक्षक**– जसलाई चाहन्छ उसलाई नीति दिन्छ भने त जसलाई चाहँदैन त्यसलाई अनीति दिन्छ होला ? यो कुरो ईश्वरताको होइन । किन्तु जसले पक्षपातलाई छोडेर सबैलाई नीतिको उपदेश गर्दछ, वही ईश्वर र आप्त हुन सक्दछ, अन्य होइन ॥४६॥

**मूल–४७– जसले व्याज खान्छन् ती कयामतको दिन चिहानबाट उठ्ने छैनन् ॥**

–मंजिल १/सिपारा ३/२ सूरः अल-बकर/आयत २७५ ॥

**समीक्षक**– के यिनीहरू चिहान (कबर) मै रहिरहनेछन् ? यदि रहेमा त कहिलेसम्म रहन्छन् ? यस्तो असम्भव कुरो ईश्वरको त हुनै सक्दैन, किन्तु बालबुद्धिहरूको त हुन सक्दछ ॥४७॥

**मूल–४८– उसले जसलाई चाहन्छ, क्षमा गर्नेछ, जसलाई चाहन्छ पापी बनाउनेछ, किनभने ऊ सबै वस्तुमाथि बलवान् छ ॥** –मंजिल १/सिपारा ३/२ सूरः अल-बकर/आयत २८४ ॥

**समीक्षक**– के क्षमाका योग्यलाई क्षमा नगर्ने, अयोग्यमाथि क्षमा गर्ने कुरा गवरगण्ड राजाको तुल्य यो कर्म होइन ? यदि ईश्वरले जसलाई चाहन्छ पापी वा पुण्यात्मा बनाउँथ्यो भने त जीवलाई पाप पुण्य नलाग्नुपर्ने हो, किनभने जब ईश्वरले नै उसलाई यस्तो गऱ्यो भने त जीवलाई सुख-दुःख नहुनुपर्ने हो । जस्तै सेनापतिको आज्ञाले कुनै सेवकले कसैलाई माऱ्यो वा रक्षा गऱ्यो त्यसको फलभागी त्यो हुँदैन किन्तु त्यसको सेनापति हुन्छ, त्यसरी नै उनीहरू पनि हुँदैनन् ॥४८॥

**मूल–४९– के तिमीलाई भनूँ यस भन्दा पनि बढिया चीज, ती मान्छेहरूको लागि जो धर्मपरायणता अपनाउँछन्, उनीहरूका लागि खुदासँग स्वर्ग-बगैंचा छ, जसको तल नहर बगिरहेको छ, वहाँ पाक-साफ जोडी अर्थात् शुद्ध गोरी-गोरी पत्नीहरू अल्लाहको प्रसन्नताले प्राप्त हुनेछन्, र अल्लाहको नजरमा सबै जना रहनेछन् ॥**
–मंजिल १/सिपारा ३/३ सूरः अल-ए इमरान/आयत १४ ॥

**समीक्षक–** भला यो स्वर्ग हो कि वेश्यावन ? यसलाई ईश्वर भन्नु वा स्त्रैण अर्थात् स्त्रीहरूमा प्रसक्त ? कुनै पनि बुद्धिमानीले यस्ता कुरा जसमा छन् त्यसलाई परमेश्वरले बनाएको पुस्तक कहिल्यै मान्न सक्दैनन् । यो पक्षपात किन गर्दछ ? जो पत्नीहरू बगैंचामा सदा रहन्छन्, ती यहाँ जन्मिएर पछि वहाँ गएका हुन् कि वहीं उत्पन्न भएका हुन् । यदि यहाँ जन्मिएर पछि वहाँ गएका हुन् भने त कयामतको रातभन्दा पहिला नै वहाँ पत्नीहरू बोलाइयो र उनका चहिताहरूलाई किन बोलाइएन ? र कयामतको रातमा सबैको न्याय हुनेछ यस नियमलाई किन तोडियो ? यदि वहीं जन्मेका हुन् भने कयामतको समयसम्म कसरी निर्वाह गर्दछन् ? यदि परिश्ताहरूसँग निर्वाह गर्दछन् भने त यहाँबाट जन्नतमा जानेवाले मुसलमानहरूका लागि खुदाले पत्नीहरू कहाँबाट दिन्छ ? के क्षतयोनि भएका नै उनैलाई दिन्छ ? र जसरी पत्नीहरू बगैंचामा सदा रहनेवाली बनायो त्यसरी नै पुरुषहरूलाई त्यहाँ सदा रहनेवाला किन बनाएन ? यसैले मुसलमानहरूको खुदा अन्यायकारी, बेसमझ छ ॥४९॥

**मूल–५०– निश्चय अल्लाहतिरबाट दीन (धर्म) त इस्लाम नै हो अरू होइन ॥**
–मंजिल १/सिपारा ३/३ सूरः अल-ए इमरान/आयत १९ ॥

**समीक्षक–** के अल्लाह मुसलमान मात्रैको हो अन्यको होइन ? के तेह्र सय वर्षहरूको पूर्व ईश्वरीय मत थिंदै थिएन ? यसैबाट सिद्ध हुन्छ कि कुरान ईश्वरले बनाएको होइन किन्तु कुनै पक्षपातीले बनाएको हो ॥५०॥

**मूल–५१– प्रत्येक जीवलाई पूरा दिइनेछ जे-जति त्यसले कमाएको छ र त्यसलाई अन्याय गरिनेछैन ॥ तैंले भन् कि हे अल्लाह तँ नै साम्राज्यको मालिक होस्, जसलाई चान्हछस् दिन्छस् जसलाई चाहँदैनस् दिंदैनस्, चाहेकोलाई प्रतिष्ठा दिन्छस् नचाहेकोलाई अपमानित गर्दछस्, सबैथोक तेरै हातमा छ, प्रत्येक वस्तुमाथि तँ नै बलवान् छस् ॥ तैंले रातलाई दिनमा प्रवेश गराउँदछस् र दिनलाई रातमा प्रवेश गराउँदछस्, जीवितलाई मृतक र मृतकलाई जीवित पारेर निकाल्दछस् र जसलाई चाहन्छस् अत्यन्त अन्न दिन्छस् ॥ मुसलमानहरूलाई यो उचित छ कि काफिरहरूलाई मित्र नबनाउनू सिवाय मुसलमानहरूको, जुन व्यक्तिले यस्तो गर्दछ भने त अल्लाहको त्यससँग कुनै सम्बन्ध हुनेछैन ॥ यदि जो कसैले यस्तो गर्दछ भने त त्यो अल्लाहतिरबाट होइन ॥ भन कि तिमीले चाहन्छौ अल्लाहलाई, मेरो मतमा लाग, अल्लाहले तिमीलाई चाहनेछ र तिम्रो पापलाई क्षमा गर्नेछ, खुदा निश्चय करुणामय छ ॥**
–मंजिल १/सिपारा ३/३ सूरः अल-ए इमरान/आयत २५-३० ॥

**समीक्षक–** जब प्रत्येक जीवलाई कर्महरूको पूरा-पूरा फल दिइनेछ भने त क्षमा गरिनेछैन, र यदि क्षमा गरियो भने त पूरा फल दिन मिल्दैन र अन्याय हुनेछ । जब बिना उत्तम कर्मको नै राज्य प्रतिष्ठा दिन्छ भने तापनि ईश्वर अन्यायी हुन जानेछ र बिना पापको राज्य र प्रतिष्ठा छिनेर लिएमा पनि अन्यायकारी हुन जानेछ । भला ! रातमा दिन र दिनमा रात तथा जीवितबाट मृतक र मृतकबाट जीवित कहिल्यै हुन सक्दछ ? किनभने ईश्वरको व्यवस्था अछेद्य अभेद्य छ, कहिल्यै अदल-बदल हुन सक्दैन । अब हेर्नुहोस् ! पक्षपातका कुराहरू ! जो कि मुसलमानको मजहबमा छैन त्यसलाई काफिर ठहऱ्याउनु, अरूका श्रेष्ठहरूसित पनि मित्रता नराख्ने र मुसलमानहरूमा दुष्टहरूसँग पनि मित्रता राख्नको लागि उपदेश गर्नु ईश्वरको ईश्वरतादेखि बहिः गरिदिन्छ । त्यसैले यो कुरान, कुरानको खुदा र मुसलमानहरू केवल पक्षपात अविद्याले भरिएका छन् । त्यसैले मुसलमानहरू अँध्यारोमा छन ! र हेर्नुहोस् मुहम्मद साहेबको लीला ! यदि तिमीले मेरो पक्ष लियौ भने त तिम्रो पक्ष खुदाले लिनेछ । यदि तिमीले पक्षपातरूप पाप गऱ्यौ भने तापनि त्यसको पनि क्षमा गरिदिनेछ । यसबाट सिद्ध हुन्छ कि मुहम्मद साहेबको अन्तःकरण शुद्ध थिएन । यसैले मतलब सिद्ध गर्नको लागि मुहम्मद साहेबले कुरान बनाए वा बनाउन लगाए यस्तो विदित हुन्छ ॥५१॥

**मूल–५२– जब फरिश्ताहरूले भने, ऐ मरियम ! अल्लाहले तँलाई रोज्यो र तँलाई पवित्रता प्रदान गऱ्यो, फेरि तँलाई संसारका स्त्रीहरूको तुलनामा चुन्यो ॥**
–मंजिल १/सिपारा ३/३ सूरः अल-ए इमरान/आयत ४२ ॥

**समीक्षक–** भला ! जब आजभोलि खुदाका फरिश्ता र खुदा कसैसँग कुरा गर्नको लागि आउँदैनन् भने त प्रथममा पनि आएनन् होला । यदि भनौला कि पहिलाका मनुष्यहरू पुण्यात्मा हुन्थे अहिलेका छैनन्, तब यो कुरा मिथ्या हो । किन्तु जुन समयमा ईसाई र मुसलमानहरूको मत चलेको थियो, त्यस समय ती

देशहरूमा जङ्गली र विद्याहीन मनुष्य अधिक थिए, त्यसैले यस्ता विद्याविरुद्ध मत चल्नपुग्यो । अहिले विद्वान् अधिक छन् यसैले चल्दैन । किन्तु जुन-जुन यस्ता पोकल मजहब छन्, ती पनि अस्त हुँदै जान्छन्, वृद्धिको कथानै के छ ! ॥५२॥

**मूल–५३– जब उसले कुनै कामको निर्णय लिन्छ तब भन्दछ कि "भइजा", अनि त्यो हुन जान्छ ॥ काफिरहरूले धोका दिए, ईश्वरले धोका दियो, ईश्वर बडो तोड गर्नेवाला छ ॥**

–मंजिल १/सिपारा ३/३ सूरः अल-ए इमरान/आयत ४७, ५४ ॥

**समीक्षक–** जब मुसलमानहरू खुदाको सिवाय दोस्रो चीजलाई मान्दैनन् भने त खुदाले कोसँग भन्यो ? र उसले भन्दामा को बन्यो ? यसको उत्तर मुसलमानहरूले सात जन्ममा पनि दिन सक्दैनन्, किनभने बिना उपादान कारणको कार्य कहिल्यै हुन सक्दैन । बिना कारणको कार्य भन्नु जान्नु कि आफ्ना आमा-बाउको बिना मेरो शरीर बन्यो यस्तो कुरा हो । जसले धोका खान्छ अनि छल र दम्भ गर्दछ भने त्यो ईश्वर त कहिल्यै हुन सक्दैन किन्तु उत्तम मनुष्यले पनि यस्तो काम गर्न सक्दैन ॥५३॥

**मूल–५४– नमर परन्तु मुसलमान बन ॥ के तिमीलाई यो यथेष्ट हुनेछैन कि अल्लाहले तिमीलाई तीन हजार फरिश्ता उतारेर सहायता गर्नेछ ॥**

–मंजिल १/सिपारा ४/३ सूरः अल-ए इमरान/आयत १०२, १२४ ॥

**समीक्षक–** यसबाट यो सिद्ध हुन्छ कि मुसलमान बनेनौ भने त, हामीले तिमीलाई मार्नेछौं । यो कथन केवल अधर्मको कुरा हो । यदि मुसलमानहरूलाई तीन हजार फरिश्ताहरूको साथमा सहायता मिल्थ्यो भने त अहिले मुसलमानहरूको बादशाही धेरै नष्ट भएर गयो र हुँदैछन् पनि, किन सहायता गर्दैन ? यसैले यो केवल लोभ दिएर मूर्खहरूलाई फसाउने महा अन्यायको कुरा हो ॥५४॥

**मूल–५५– र काफिर हरूमाथि जित्नको लागि हामीलाई सहायता गर ॥ अल्लाह तिम्रो संरक्षक र सबै भन्दा असल सहायक हो ॥ यदि तिमी अल्लाहको मार्गमा मारियौ वा मऱ्यौ भने त, अल्लाहको क्षमादान र उसको दयालुता त त्यस भन्दा उत्तम हुन्छ ॥**

–मंजिल १/सिपारा ४/३ सूरः अल-ए इमरान/आयत १४७, १५०, १५७ ॥

**समीक्षक–** हेर्नुहोस् मुसलमानहरूको मुर्खता ! कि जो आफ्नो मतदेखि भिन्न छन् उनलाई मार्नको लागि खुदाको प्रार्थना गर्दछन् । के परमेश्वर भोला हो जो यिनका कुरा सुनोस् ? यदि मुसलमानहरूको संरक्षक अल्लाह नै हो भने त फेरि मुसलमानहरूको कार्य नष्ट किन हुन्छन् ? र खुदा पनि मुसलमानहरूको साथ मोहमा फसेको देखिन्छ । यदि यस्तै पक्षपाती खुदा हो भने त धर्मात्मा पुरुषहरूको उपासनीय कहिल्यै हुन सक्दैन ॥५५॥

**मूल–५६– यो लडाईं यसको लागि हो कि अल्लाहले तिम्रो परीक्षा लेओस् ॥**

–मंजिल १/सिपारा ४/३ सूरः अल-ए इमरान/आयत १६६ ॥

**समीक्षक–** यदि लडाईंको बिना परीक्षा गर्न सक्दैन भने त त्यो सर्वज्ञ होइन । यसबाट त्यो ईश्वर कसरी हुन सक्दछ ॥५६॥

**मूल–५७– र अल्लाह तिमीलाई सर्वज्ञ गराउँदैन किन्तु आफ्ना पैगम्बरहरूदेखि जसलाई चाहन्छ मन पराउँदछ, अनि त अल्लाह र उसका रसूल (सन्देष्टा) का साथ ईमान ल्याओ ॥**

–मंजिल १/सिपारा ४/३ सूरः अल-ए इमरान/आयत १७९ ॥

**समीक्षक–** के कुनै पैगम्बरलाई खुदाले आफू सदृश गर्न सक्दछ ? यदि गर्न सक्दछ भने त दोस्रो खुदा शरीकखुदा भयो । यदि गर्न सक्दैन भने त यस आयतको झुट हुनाले खुदाले झुट बोल्यो । जसको कुरो झुटो हुन्छ, त्यो स्वयं झुटो भयो । जब मुसलमानहरू सिवाय खुदाको न कसैसँग ईमान ल्याउँछन्, न कसैलाई खुदाको साक्षी मान्दछन् भने त ईमानमा खुदाको साथ पैगम्बर साहेबलाई शरीक किन गऱ्यो ? अल्लाहले पैगम्बरको साथ ईमान ल्याउन लेख्यो, यसबाट पैगम्बर पनि शरीक हुन गयो, पुनः लाशरीक भन्नु झुटो भयो ॥५७॥

**मूल–५८– ऐ ईमानवाले ! परस्पर धैर्य राखेर लडाईं गरिराख, अल्लाहसँग डराओ कि तिमीले छुट्कारा (सफलता) पाउनेछौ ॥** –मंजिल १/सिपारा ४/३ सूरः अल-ए इमरान/आयत २०० ॥

**समीक्षक–** यो कुरानको खुदा र पैगम्बर दुइटै लडाकू थिए । जसले लडाईंको आज्ञा दिन्छ त्यो शान्तिभङ्ग गर्नेवाला हुन्छ । के नाममात्रको खुदासँग डराउनाले छुट्कारा पाइन्छ ? अथवा अधर्मयुक्त लडाईं आदिबाट डराउनाले ? यदि प्रथम पक्ष हो भने त डराउन र नडराउन बराबर, र यदि दोस्रोचाहिं पक्ष हो भने त ठीक छ ॥५८॥

**मूल–५९– यो अल्लाहले निश्चित गरेको सीमाहरू हुन्, जो कसैले अल्लाह र उसका रसूलहरूका आदेशहरूको पालन गर्नेछ, त्यसलाई अल्लाहले यस्तो बगैंचामा प्रवेश गराउनेछ कि जसको तल नहर बगिरहेको हुनेछ र यसैमा त्यो सदैव रहनेछ, यही बडो सफलता हो ॥ परन्तु जसले अल्लाह र उसका रसूलको अवज्ञा गर्नेछ र उसको सीमाहरूको उल्लङ्घन गर्नेछ, त्यसलाई अल्लाहले दोजखको आगो (यातना) मा झोंक्नेछ र सदैव त्यसमा जलिरहनेछ ॥** –मंजिल १/सिपारा ४/४ सूरः अन-निसा/आयत १३, १४ ॥

**समीक्षक**– जब खुदाले नै मुहम्मद साहेब पैगम्बरलाई आफ्नो शरीक बनाएको छ र स्वयंले कुरानमा लेखेको छ भने त मुसलमानहरूले लाशरीक खुदालाई भन्नु व्यर्थ छ । र हेर्नुहोस् ! खुदा पैगम्बर साहबको साथमा कसरी फसेको छ कि जसले बगैंचामा रसूललाई साझा बनाइदिएको छ । यस कुरामा पनि स्वतन्त्रता रहेन । यस्ता-यस्ता कुराहरू ईश्वरको किताबमा हुन सक्दैन ॥५९॥

**मूल–६०– निःसन्देह अल्लाहले कत्ति पनि कसैमाथि अन्याय गर्नेछैन, यदि नेकी (सुकर्मी) छ भने त कयौं गुणा बढी दिनेछ र आफूसँगबाट बडो पुण्य दिनेछ ॥**

–मंजिल १/सिपारा ५/४ सूरः अन-निसा/आयत ४० ॥

**समीक्षक**– यदि एक अणुको बराबर पनि अन्याय खुदाले गर्दैन भने त पुण्यलाई कयौं गुणा किन गराइदिन्छ ? र मुसलमानहरूको पक्षपात किन गर्दछ, जीवलाई आफैले किन पापी बनाउँछ, फेरि दुःख किन दिन्छ ? किनभने अधिक न्यून गर्नाले अधिष्ठातालाई सुकर्म-दुष्कर्मको फल मिल्दछ, आधीनलाई होइन । जसरी सेनाको लडाईंमा राजाको जय-पराजयरूप फल हुन्छ, भृत्यहरूको होइन । त्यसरी नै कयौंगुणा वा न्यून फल कर्महरूको दिन्छ भने त खुदा अधर्मी हुन जान्छ ॥६०॥

**मूल–६१– जसले ईमान ल्याए र भलो कर्म गरे उनीहरूलाई मैले बगैंचामा प्रवेश दिनेछु जसको तल नहरहरू बगिरहेका हुनेछन्, त्यसमा उनीहरू सदैव रहनेछन्, वहाँ उनीहरूका लागि सुकिला-मुकिला पत्नीहरू हुनेछन् र उनीहरूलाई मैले वृक्षको घना छायाँमा राख्नेछु ॥**

–मंजिल १/सिपारा ५/४ सूरः अन-निसा/आयत ५७ ॥

**समीक्षक**– यो केवल अज्ञानीहरूलाई लोभ देखाएर मुहम्मद साहेबले फसाएका हुन् र आफू पनि स्त्रीहरूमा आसक्त होलान्, नत्र भने त यस्तो कुरा किन गर्थे ? ॥६१॥

**मूल–६२– जति ईमानवाला छन् तिनीहरू अल्लाहको मार्गमा लड्दछन्, र जति अवज्ञाकारी (काफिर) छन् तिनीहरू बुत् (शैतान) हरूको मार्गमा लड्नेछन्, अतः तिमीहरू शैतानका मित्रहरूसँग लड, निःसन्देह शैतानको चाल एकदम कमजोर छ ॥ तिमीलाई जुन भलाइ पुग्दछ अल्लाहतिरबाट हो र तिमीलाई जुन बुराइ हुन्छ त्यो तिम्रो आफ्नै कारणले हो, र मैले तिमीलाई मनुष्यतिर पैगम्बर बनाएर पठाएको छु र अल्लाहको साक्षी पर्याप्त छ ॥** –मंजिल १/सिपारा ५/४ सूरः अन-निसा/आयत ७६, ७९ ॥

**समीक्षक**– भला ! ईश्वरको मार्गमा लडाईंको के काम ? र जो बुत्परस्त काफिर छन् भने त मुसलमान ठूला बुत्परस्त हुनाले महा काफिर हुन्छन् । किनभने यी बुत्परस्तीहरू साना-साना मूर्तिहरूको सन्मुख नमन गर्दछन् र भक्ति गर्दछन् । त्यसरी नै मुसलमानहरू मक्काको एक ठूलो मस्जिद छ, त्यसको सामुन्ने नमन गर्दछन् । यदि भनौला कि हामी मस्जिदलाई खुदा मान्दैनौ र कुरानको आज्ञा हो । यसैले उतातिर मुखमात्रै गरेर खुदाको बन्दगी गर्दछौं, यहाँ पनि यिनीहरूले ढुङ्गालाई ईश्वर मान्दैनन्, किन्तु ढुङ्गामा ईश्वरको भावना गरेर भक्ति गर्दछन् र यिनीहरूको पनि पुराणमा त्यस्तै आज्ञा छ व्यासजीको, जुन कि मान्छेहरूले ईश्वरको अवतार मान्दछन् उनको आज्ञा छ, कि तिमीले मूर्ति पूज ।

त्यसैले ठूलो मस्जिदलाई ईश्वरको भक्तिमा सामुन्ने राख्नेहरू मुसलमान महा बुत्परस्ती र यी मान्छेहरू साना बुत्परस्ती हुन् । जसरी कुनै मनुष्यले आफ्नो घरमा पसेको बिरालोलाई निकाल्न लाग्दा ऊँट प्रविष्ट हुन जान्छ, त्यस्तै दशा मुहम्मद साहेब आदि मुसलमानहरूको छ । किनभने बिरालाको भैंं साना-साना पाषाणादिको मूर्तिहरू तोड-फोड गरेर आफ्नो घरबाट त निकाले, परन्तु ऊँटजत्रा मस्जिद हृदयरूपी घरमा प्रवेश गऱ्यो । यसैबाट मुसलमानहरूले ठूला हानिलाई प्राप्त गरे । जब यी ठूला बुत्परस्ती हुन् भने त कुन मुखले अर्का साना बुत्परस्तीहरूको खण्डन गर्न सक्दछन् । हो ! पहिले आफूले आफ्नो बुत्परस्तलाई छोडचौ भने मात्र अन्यको खण्डन गर्न सक्दछौ ॥६२॥

**मूल–६३– र मान्छेहरूले भन्दछन् कि हामीलाई स्वीकार छ, फेरि जब तेरो नजिकबाट गुज्रन्छन्, तब ती मध्येबाट एक समूह तेरो विरुद्ध परामर्श गर्दछन् जुन त्यसले भनिसकेको थियो, र अल्लाहले तिनीहरूका कानाफूसिहरू (साउती) लाई लेखिरहेको छ, अतः तिमी उनीहरूसँगबाट बच र अल्लाहमाथि भरोसा राख र अल्लाह भरोसाको लागि पर्याप्त छ ॥ फेरि तिमीलाई के भैरहेको छ कि तिमी कपटचारीहरूको मामिलामा दुविधामा परिरहेका छौ, जब कि अल्लाहले उनको कृत्यको कारणले उल्टो**

**पारिदिएको छ, के तिमीले चाहन्छौ कि तिनीहरूलाई मार्गमा ल्याउने जसलाई अल्लाहले भट्काइदियो, र जसलाई अल्लाहले भट्कायो तिमीले कदापि तिनीहरूको कुनै मार्ग पाउन सक्दैनौ ॥**

–मंजिल १/सिपारा ५/४ सूरः अन-निसा/आयत ८१, ८८ ॥

**समीक्षक**– यदि अल्लाहले कुराहरूलाई लेखेर बहीखाता बनाउँदै जान्छ भने त सर्वज्ञ होइन ! र यदि सर्वज्ञ हो भने त लेख्नको के काम छ ? र जुन मुसलमानहरूले भन्दछन् कि शैतानले नै सबैलाई भ्रममा पार्नाले दुष्ट भयो भने त जब खुदाले नै जीवहरूलाई गुमराह (भ्रमाउने) गर्दछ भने त खुदा र शैतानमा के भेद रह्यो ? हो, यति भेद छ भन्न सकिन्छ कि खुदा ठूलो शैतान, त्यो फरिश्ता सानो शैतान, किनभने मुसलमानहरूको यही कौल (भनाइ) हो कि जसले बहकाउँछ त्यही नै शैतान हो, तब त यस प्रतिज्ञाले पनि खुदालाई शैतान बनाइदियो ॥६३॥

**मूल–६४– यदि उसले यसलाई स्वीकार नगरे त त्यसलाई समात, र जहाँ कही तिनीहरूलाई भेट्टाउँछौ हत्या गर र तिनमा कसैलाई पनि मित्र वा सहायक नबनाउनू ॥ मुसलमानलाई मुसलमानले मार्न योग्य हुँदैन, यदि कसैले अनजानले मार्दछ भने एक गर्दन मुसलमानको छोडिदिनु ॥ अनि रगत बगाउनु ती मान्छेतिर सुम्पिएको जुन कौमसित हुन्छ, तिम्रो लागि दान गरिदिओस्, जुन दुश्मनको कौम छ र जो कोहीले मुसलमानलाई जानेर मार्दछ त्यो सदैव काल दोजख (नरकमा) मा रहनेछ, त्यसमाथि अल्लाहको क्रोध र फट्कार (लानत) हुनेछ ॥** –मंजिल १/सिपारा ५/४ सूरः अन-निसा/आयत ८९, ९०, ९१, ९२ ॥

**समीक्षक**– अब हेर्नुहोस् कि महा पक्षपातको कुरा ! जुन कि मुसलमान होइन भने त जहाँ पाउँछौ त्यही हत्या गरिदिनु र मुसलमानलाई नमार्नु । भुलले मुसलमानलाई मार्दा प्रायश्चित्त र अन्यलाई मार्दा स्वर्ग मिल्ने यस्तो उपदेशलाई कुवामा फ्याँकिदिनुपर्दछ । यस्ता-यस्ता पुस्तक, यस्ता पैगम्बर, यस्ता खुदा र यस्तो मतले सिवाय हानि बाहेक लाभ केही पनि हुँदैन । यस्तो नहुनु नै राम्रो र यस्ता प्रामादिक मतबाट बुद्धिमान्हरूले अलग रहेर वेदोक्त सबै कुराहरूलाई मान्नुपर्दछ, किनभने त्यसमा असत्य किञ्चिन्मात्र पनि छैन । र जसले मुसलमानलाई मार्दछ त्यसलाई दोजख (नरक) मिल्ने र दोस्रा मतवालाले भन्दछन् कि मुसलमानहरूलाई मारे त स्वर्ग मिल्दछ, लेखेका छन् । अब भन्नुहोस् दुइटै मतमा कसलाई मान्ने कसलाई छोड्ने ? किन्तु यस्ता मूढ प्रकल्पित मतहरूलाई छोडेर वेदोक्त मत स्वीकार गर्न योग्य सबै मनुष्यहरूको लागि छ कि जसमा आर्य मार्ग अर्थात् श्रेष्ठ पुरुषहरूको मार्गमा चल्नु र दस्यु अर्थात् दुष्टको मार्गदेखि अलग रहनु लेखिएको छ सर्वोत्तम हो ॥६४॥

**मूल–६५– र शिक्षा प्रकट भैसकेपछि पनि जसले रसूलसित विरोध गरे र मुसलमानहरूसित विरुद्ध पक्ष लिए, अवश्य हामीले तिनीहरूलाई दोजख (नरक) मा पठाउनेछौं ॥**

–मंजिल १/सिपारा ५/४ सूरः अन-निसा/आयत ११५ ॥

**समीक्षक**– अब हेर्नुहोस् खुदा र रसूलका पक्षपातपूर्ण कुराहरू ! मुहम्मद साहेब आदि सम्झन्थे कि यदि खुदाको नामबाट यसरी हामीले लेखेनौं भने त आफ्नो मजहब बढ्नेछैन र पदार्थ पनि मिल्नेछैन, आनन्दभोग हुनेछैन । यसैबाट विदित हुन्छ कि तिनीहरू आफ्नो मतलब पूरा गर्नमा थिए र अन्यको प्रयोजन बिगार्नमा थिए । यसै कारण यी अनाप्त थिए ! यिनका कुराको प्रमाण आप्त विद्वान्हरूको सामुन्ने कहिल्यै पनि हुन सक्दैन ॥६५॥

**मूल–६६– जसले अल्लाह, रसूलहरू, फरिश्ताहरू र उसको किताबसँग कुफ्र (उपद्रव) गर्दछ भने निश्चय त्यो गुमराह हो ॥ जो मान्छेहरू काफिर थिए र ईमान ल्याए फेरि काफिर भए फेरि-फेरि पुनः फेरिएर कुफ्रमा अधिक बढे, अल्लाहले तिनीहरूलाई कहिल्यै क्षमा गर्नेछैन र मार्ग देखाउनेछैन ॥**

–मंजिल १/सिपारा ५/४ सूरः अन-निसा/आयत १३६, १३७ ॥

**समीक्षक**– के अहिले पनि खुदा लाशरीक रहन सक्दछ ? के लाशरीक भन्दै जानु र उसको साथमा थुप्रै पनि शरीक मान्दै जानु यो परस्परको विरुद्ध कुरा होइन ? के तीन पटक क्षमाको पश्चात् खुदाले क्षमा गर्दैन ? र तीन पटक कुफ्र गर्दासम्म बाटो देखाउँछ ? वा चौथोपटकदेखि अगाडि देखाउँदैन ? यदि चार-चार पटक पनि कुफ्र सबैले गर्ने हो भने त कुफ्र धेरै नै बढ्नेछन् ॥६६॥

**मूल–६७– निश्चय अल्लाहले दृष्टहरू र काफिरहरूलाई दोजख (नरक) मा हाल्नेछ ॥ दुष्टहरूले धोका दिन्छन् अल्लाहलाई र निश्चय उसले तिनीहरूलाई धोका दिन्छ ॥ ऐ ईमानवालाहरू हो ! मुसलमानलाई छोडेर काफिरहरूलाई मित्र नबनाउनू ॥**

–मंजिल १/सिपारा ५/४ सूरः अन-निसा/आयत १३८, १३९, १४४ ॥

**समीक्षक**– मुसलमानहरूलाई स्वर्गमा र अन्यहरूलाई नरकमा जानपर्ने के प्रमाण छ ? वाह जी वाह ! जो दुष्टहरूको धोकामा आउँछ र अन्यलाई धोका दिन्छ । यस्तो खुदा हामीबाट अलगै रहेको बेश,

किन्तु जो धोकेबाज छ उनैसित गएर मेल गरोस् र उनीहरूले यससित मेल गरून् । किनभने–

**"यादृशी शीतला देवी तादृशः खरवाहनः"**

जस्तालाई तस्तै मिलेमा नै निर्वाह हुन सक्दछ ।

जसको खुदा धोकेबाज छ त्यसका उपासक मुसलमानहरू धोकेबाज किन हुँदैनन् ? तब नै मुसलमानहरूले धोका दिनमा तत्पर रहन्छन् होला । के दुष्ट मुसलमान छ भने त्यससँग मित्रता र अन्य श्रेष्ठ, मुसलमान भिन्नसँग शत्रुता गर्नु कसैलाई उचित हुन सक्दछ ? ॥६७॥

**मूल–६८– ऐ मनुष्यहरू हो ! निश्चय तिमीकहाँ सत्यको साथ खुदातिरबाट पैगम्बर आएका छन्, मात्र तिमीहरूले उनीहरूमाथि ईमान ल्याओ ॥ अल्लाह त केवल एक्लै पुज्य छ ॥**

–मंजिल १/सिपारा ६/४ सूरः अन-निसा/आयत १७०, १७१ ॥

**समीक्षक–** के जब पैगम्बरहरूमा ईमान ल्याउन लेखियो भने त पैगम्बर खुदाको शरीक अर्थात् साक्षी भयो कि भएन ? अब अल्लाह एकदेशी हो व्यापक होइन, यसैले उसँग पैगम्बर आउने-जाने गर्दछन् भने त त्यो ईश्वर पनि हुन सक्दैन । कहीं सर्वदेशी लेखिएको छ, कहीं एकदेशी । यसैबाट विदित हुन्छ कि कुरान एउटाले बनाएको होइन, किन्तु धेरै जना मिलेर बनाएका हुन् ॥६८॥

**मूल–६९– तिम्रो लागि अवैध (हराम) गरिएको मुर्दार, रगत, सुँगुरको मासु र ती जनावर जो अल्लाहको नामको अतिरिक्त कुनै अर्कैको नाममा जबह (कुर्बान) गरिएको र त्यो जुन मऱ्यो घाँटी अठचाउनाले, चोट लाग्नाले, भिरबाट खस्नाले, जुधेर सींग मार्नाले र जसलाई शिकारी जन्तुले खाएको होस् ॥**

–मंजिल २/सिपारा ६/५ सूरः अल-माइदा/आयत ३ ॥

**समीक्षक–** के यतिमात्रै पदार्थ हराम हो ? अन्य थुप्रै पशु तथा तिर्यक् जीव किरा आदि मुसलमानहरूको लागि हलाल होला ? त्यसैले यो मनुष्यको कल्पना हो, ईश्वरको होइन । त्यसैले यसको प्रमाण पनि मानिंदैन ॥६९॥

**मूल–७०– र अल्लाहलाई राम्रो ऋण दियौ भने मैले तिमीबाट तिम्रो पाप अवश्य दूर गरिदिनेछु र तिमीलाई अवश्य स्वर्गको बगैंचामा प्रवेश गराइदिनेछु ।**

–मंजिल २/सिपारा ६/५ सूरः अल-माइदा/आयत १२ ॥

**समीक्षक–** वाह जी ! मुसलमानहरूको खुदाको घरमा केही पनि धन विशेष रहेन होला, यदि विशेष हुन्थ्यो भने त उधारो किन माग्दथ्यो ? र उनीहरूलाई किन बहकाउँथ्यो कि तिम्रो पापजति छुटाइदिएर तिमीलाई स्वर्गमा पठाइदिनेछु ? यहाँ यही विदित हुन्छ कि खुदाको नामबाट मुहम्मद साहेबले आफ्नो मतलब साधेका हुन् ॥७०॥

**मूल–७१– जसलाई चाहन्छ पुण्यात्मा बनाउँछ, जसलाई चाहन्छ पापात्मा बनाउँछ ॥ जुन संसारमा कसैलाई नदिएको कुरो त्यो तँलाई दिएको छ ॥**

–मंजिल २/सिपारा ६/५ सूरः अल-माइदा/आयत १८, २० ॥

**समीक्षक–** जसरी शैतानले जसलाई चाहन्छ पापी बनाउँछ त्यसरी नै मुसलमानको खुदाले पनि शैतानको काम गर्दछ ? यदि यस्तै हो भने त फेरि स्वर्ग र नरकमा खुदा नै जाओस् किनभने वही पाप पुण्य गर्नेवाला बन्यो; जीव पराधीन छ । जसरी सेना सेनापतिको आधीन रक्षा गर्दछ र कसैलाई मार्दछ, त्यसको राम्रो नराम्रोको परिणामको हकदार सेनापतिको हुन्छ, सेनाको होइन ॥७१॥

**मूल–७२– तँ यी काफिरमाथि दुःखी नभएस्, यिनीहरू पृथ्वीमा भट्किंदै फिर्नेछन्, ॥**

–मंजिल २/सिपारा ६/५ सूरः अल-माइदा/आयत २५ ॥

**समीक्षक–** कति अधर्म र पक्षपातको कुरा छ कि मुसलमान होइन भने त दुःखी नहुने र मुसलमानमाथि दुःखी हुनु केवल अधर्मको कुरा हो ॥७२॥

**मूल–७३– अल्लाहको आज्ञाको पालन गर र रसूलको आज्ञाको पालन गर ॥**

–मंजिल २/सिपारा ७/५ सूरः अल-माइदा/आयत ९२ ॥

**समीक्षक–** हेर्नुहोस् ! यो कुरो खुदाको शरीक हुनको लागि छ, फेरि खुदालाई 'लाशरीक' मान्नु व्यर्थ हुन्छ ॥७३॥

**मूल–७४– जुन पहिला भैसक्यो त्यसलाई अल्लाहले क्षमा गरिदियो, परन्तु जो कसैले फेरि यस्तो गऱ्यो भने त अल्लाहले त्यससँग बदला लिनेछ ॥**

–मंजिल २/सिपारा ७/५ सूरः अल-माइदा/आयत ९५ ॥

**समीक्षक–** गरिएको पापलाई क्षमा दिनु जान्नु कि पापहरू गर्नको लागि आज्ञा दिएर बढाउनु हो । पाप क्षमा गर्ने कुरा जुन पुस्तकमा हुन्छ त्यो न ईश्वर, न त कुनै विद्वान्ले बनाएको हो, किन्तु पापवर्द्धक

हो । हो, आगामी पाप छुटाउनको लागि कसैसँग प्रार्थना र स्वयं छोड्नको लागि पुरुषार्थ, पश्चाताप गर्नु उचित हुन्छ परन्तु केवल पश्चाताप गर्दैरहने, नछोड्ने हो भने त केही पनि हुन सक्दैन ॥७४॥

**मूल–७५– र त्यस मनुष्यदेखि अधिक पापी को छ जसले अल्लाहमाथि झुट्टो बनाउँछ र भन्दछ कि मलाई पनि त्यही गरियो र मैले पनि उतार्नेछु ॥**

–मंजिल २/सिपारा ७/५ सूरः अल-माइदा/आयत १०१ ॥

**समीक्षक–** यस कुराबाट सिद्ध हुन्छ कि जब मुहम्मद साहेब भन्थे कि मलाई खुदातिरबाट आयतहरू आउँछन् तब कुनै दोस्राले पनि मुहम्मद साहेबको तुल्य लीला रच्यो होला कि मलाई पनि आयत उत्रिन्छन्, मलाई पनि पैगम्बर मान । यसलाई हटाउनको लागि र आफ्नो प्रतिष्ठा बढाउनको लागि मुहम्मद साहेबले यो उपाय गरे होलान् ॥७५॥

**मूल–७६– अवश्य मैले तिमीलाई उत्पन्न गरें, फेरि तिम्रो रूप बनाएँ, फेरि फरिश्तालाई भनें कि आदमलाई सजदा गर, अतः उनीहरूले सजदा गरे, परन्तु इबलीस सजदा गर्नेहरूमा सम्मिलित भएन ॥ अल्लाहले सोध्यो कि तँलाई सजदा गर्नमा कुन चीजले रोक्यो, जब कि मैले तँलाई आदेश दिएको थिएँ, इबलीसले भन्यो कि म त्यो भन्दा राम्रो छु, तैंले मलाई आगोबाट बनाएको छस् र आदमलाई माटोबाट ॥ अल्लाहले भन्यो कि तँ यहाँबाट तल झरिहाल, तँलाई यो अधिकार छैन कि तैंले घमण्ड गर्ने, अतः निस्केर जा तँ निश्चित रूपबाट अपमानित छस् ॥ इबलीसले भन्यो कि तैंले मलाई त्यस दिनसम्म समय दे कि जबसम्म सबै मान्छेहरू उठाइँन्छ ॥ अल्लाहले भन्यो कि तँलाई अवसर दिएँ ॥ इबलीसले भन्यो किन कि तैंले मलाई भट्काएको छस्, म पनि मान्छेहरूको लागि तगारो बनेर तेरो सीधामार्गमा बस्नेछु ॥ फेरी प्रायः तँलाई धन्यवाद दिनेवाला ती बाट पाउनेछैनस् ॥ भन्यो यहाँबाट निस्केर जा तँ अपमानित र तिरस्कृत, जो कोई यिनीहरू तेरो मार्गबाट चलेमा तिमी सबैलाई दोजख (नरक) मा पार्नेछु ॥**

–मंजिल २/सिपारा ८/७ सूरः अल-आराफ/आयत ११-१८ ॥

**समीक्षक–** अब ध्यान दिएर सुन्नुहोस् खुदा र शैतानको झगडा ! एक फरिश्ता जस्तो कि पिअन (चपरासी) हो, थियो, त्यो पनि खुदासँग दबिंदैन र खुदाले उसको आत्मालाई पवित्र गर्न पनि सक्दैन, फेरि यस्तो बागी, मान्छेलाई पापी बनाएर आतंक गर्नेवाला थियो त्यसलाई खुदाले छोडिदियो । खुदाको यो ठूलो भुल हो । शैतान त सबैलाई भ्रममा पार्नेवाला र खुदा शैतानलाई बहकाउनेवाला हुनाले यो सिद्ध हुन्छ कि शैतानको पनि शैतान खुदा हो । किनभने शैतानले त प्रत्यक्ष भन्दैछ कि तैंले मलाई गुमराह बनाइस् । यसबाट खुदामा पवित्रता पनि पाइँदैन र सबै दुष्टता चलाउनेवालाको मूल कारण खुदा भयो । यस्तो खुदा मुसलमानहरूको नै खुदा हुन सक्दछ, अन्य श्रेष्ठ विद्वान्हरूको होइन । र फरिश्ताहरूसँग मनुष्यवत् वार्तालाप गर्नाले देहधारी, अल्पज्ञ, न्यायरहित मुसलमानहरूको खुदा हो, यसैबाट बुद्धिमानीहरू इस्लामको मजहबलाई मन पराउँदैनन् ॥७६॥

**मूल–७७– निश्चय नै तिम्रो मालिक अल्लाह हो जसले आकाश र पृथ्वीलाई छः दिनमा उत्पन्न गर्‍यो, फेरि राजसिंहासनमा बस्यो ॥ दीनताबाट आफ्नो मालिकलाई पुकार ॥**

–मंजिल २/सिपारा ८/७ सूरः अल-आराफ/आयत ५४, ५५ ॥

**समीक्षक–** भला ! जसले छः दिनमा जगत्लाई बनाउँछ, अर्श अर्थात् माथिको आकाशमा सिंहासन थापेर आराम गर्ने, त्यो ईश्वर सर्वशक्तिमान् र व्यापक कहिल्यै हुन सक्दैन ? यो नहुनाले त्यो खुदा पनि भन्न सकिंदैन । के तिम्रो खुदा बहिरो छ जो पुकारेमा मात्रै सुन्ने ? यी सबै कुराहरू अनीश्वरकृत हुन्, त्यसैले कुरान ईश्वरकृत हुन सक्दैन । यदि छः दिनमा जगत् बनायो, सातौं दिनमा सिंहासनमा आराम गर्‍यो भने त थाक्यो पनि होला र अहिलेसम्म सुतिराखेको छ कि जागिराखेको छ ? यदि जागिराखेको छ भने त अहिले केही काम गर्दछ कि निकम्मा सैल सपट्टा गर्दैछ, ऐश गरेर फिर्दैछ ॥७७॥

**मूल–७८– पृथ्वीमा झगडा मच्चाउँदै नहिंड ॥**

–मंजिल २/सिपारा ८/७ सूरः अल-आराफ/आयत ७४ ॥

**समीक्षक–** यो कुरा त राम्रो हो परन्तु यसदेखि विरुद्ध जिहाद गर्न र काफिरहरूलाई मार्न पनि लेखिएको छ, अब भन कि यो पूर्वापर विरुद्ध होइन ? यसबाट यो विदित हुन्छ कि जब मुहम्मद साहेब निर्बल भए होलान् तब यो उपाय रचे होलान् र जब सबल भए होलान्, झगडा मच्चाए होलान् । यसैले यी कुराहरू झुटा हुन् ॥७८॥

**मूल–७९– तब मूसाले एक पटक भुइँमा आफ्नो लट्ठी राखिदियो, तब अचानक एक प्रत्यक्ष अजिङ्गर बन्न गयो ॥** –मंजिल २/सिपारा ९/७ सूरः अल-आराफ/आयत १०७ ॥

**समीक्षक–** अब यस्तो लेख्नाले विदित हुन्छ कि यस्तो झुट्टो कुरा खुदा र मुहम्मद साहेबले पनि मान्दथे । यदि यस्तै हो भने त यी दुइटै विद्वान् होइनन्, किनभने जस्तो आँखाले देखेको र कानले सुनेकोलाई कसैले अन्यथा गर्न सक्दैन ! त्यसैले यिनका यी इन्द्रजाली कुराहरू हुन् ॥७९॥

**मूल–८०– त्यसले भन्यो कि हामीले तिनीहरूका छोराहरूको हत्या गरिदिनेछौं र तिनीहरूका स्त्रीहरूलाई जीवित राख्नेछौं ॥ फेरि हामीले तिनीहरूमाथि तुफान पठायौं, र सलह, जुम्रा, भ्यागुता र रगत, यी सबै निशानीहरू छुट्टाछुट्टै देखायौं, फेरि पनि तिनीहरूले घमण्ड गरे र तिनीहरू अपराधी थिए ॥ बस फिरऔनसित बदला लियौं र तिनीहरूलाई डुबाइदियौं समुद्रमा ॥ र इस्राईलका सन्तानलाई समुद्रपारी उतारिदियौं ॥ निश्चय त्यो दीन (धर्म) झुटो हो कि जसमा तिनीहरू लागेका छन् र तिनीहरूको कार्य पनि झुटो हो ॥** –मंजिल २/सिपारा ९/७ सूरः अल-आराफ/आयत १२७, १३३, १३६, १३८, १३९ ॥

**समीक्षक–** जसले छोराहरूको हत्या गरिदिन्छ र स्त्रीहरूलाई जीवित राख्दछ, र त्यसभन्दा निर्दयी, राक्षस स्वभावयुक्त, विषयासक्त मनुष्य र दुष्टमत दोस्रो कुनै पनि छैन होला । अर्को हेर्नुहोस् जस्तै कुनै पाखण्डीले कसैलाई डराउन दिन्छ कि तँलाई टोकाउनको लागि हामीले सर्प पठाइदिनेछौं, यस्तै नै यहाँ कुरा छ । भला ! जो यस्तो पक्षपातीको एक जातिलाई डुबाइदिने र अर्कोलाई पार लगाइदिने, यो पक्षपाती, मतलबीजस्तो खुदा किन होइन ? जसले दोस्रा मतका जसमा हजारौं करोडौं मनुष्य छन्, झुट्टा हुन् भन्ने र आफ्नालाई साँचो बताउने, यसभन्दा पर झुटो दोस्रो मत अर्को कुन हुन सक्दछ ? किनभने कुनै पनि मतमा सबै मनुष्य असल र दुष्ट हुन सक्दैनन् । यो एकतर्फी डङ्का बजाउनु महामूर्खको काम हो । के तौरेत जबूरको दीन (धर्म), जुन कि तिनीहरूको थियो, किन आफूले गरेकोलाई नै खुदाले झुट्टो बनायो ? वा तिनीहरूको अर्को कुनै मजहब थियो कि जसलाई झुटो भन्यो, र यदि त्यो अन्य मजहब थियो भने त कुनचाहिं थियो भन कि जसको नाम कुरानमा छ ॥८०॥

**मूल–८१– मूसाले खुदालाई भन्यो कि मलाई तेरो स्वरूप देखाइदे, खुदाले भन्यो कि तैंले मलाई कदापि देख्न सक्दैनस्, हो, पहाडतिर हेर यदि त्यो पहाड आफ्नो स्थानमा स्थिर रह्यो भने त तैंले मलाई देख्न सक्नेछस्, खुदाले पहाडमा आफ्नो प्रकाश हाल्यो त पहाड चकनाचूर हुन पुग्यो र मूसा मूर्छित भएर भूमिमा ढल्यो ॥** –मंजिल २/सिपारा ९/७ सूरः अल-आराफ/आयत १४३ ॥

**समीक्षक–** जुन देखिनमा आउँछ त्यो व्यापक हुन सक्दैन । फेरि यस्तो चमत्कार गर्दै फिर्ने थियो भने त खुदा अहिले त्यस्तै चमत्कार कसैलाई किन देखाउँदैन ? सर्वथा विद्या विरुद्ध हुनाले यो कुरो साँचो होइन ॥८१॥

**मूल–८२– जब मूसाको कौमले पानी माग्यो तब मैले मूसालाई आदेश दिएँ कि अमुक चट्टानमा आफ्नो लट्ठी बजार्नू,तब त्यस चट्टानबाट बाह्रओटा पानीका मूल फुटे ॥**

–मंजिल २/सिपारा ९/७ सूरः अल-आराफ/आयत १६० ॥

**समीक्षक–** अब हेर्नुहोस् ! भानुमतीको जस्तो बडाइ-चडाइ खुदाको खुदाइ र पैगम्बरको पैगम्बराइ । यसलाई कुनै पनि बुद्धिमान्ले साँचो मान्न सक्दैन, सिवाय जङ्गली मनुष्यको ॥८२॥

**मूल–८३– आफ्नो मालिकलाई आफ्नो हृदयमा प्रातः र संध्याको समयमा विनम्रतापूर्वक, डराउँदै र मसिनो आवाजको साथ सम्झने गर ॥** –मंजिल २/सिपारा ९/७ सूरः अल-आराफ/आयत २०५ ॥

**समीक्षक–** कहीं-कहीं कुरानमा लेखिएको छ कि ठूलो डाँकोले आफ्नो मालिकलाई पुकार, कहीं-कहीं सुस्तरी मसिनो स्वरले मनमा खुदाको स्मरण गर । अब भन्नुहोस् ! कुनचाहिं कुरो साँचो र कुनचाहिं कुरो झुटो ? जहाँ एक दोस्रो कुरासँग विरोध गर्दछ भने त्यो कुरो प्रमत्त गीतकै समान हुन्छ । यदि कुनै कुरो भ्रमले विरुद्ध निक्लेमा त त्यसलाई मानेमा तब कुनै चिन्ता छैन ॥८३॥

**मूल–८४– तिमीसँग युद्धमा लुटेको मालको सम्बन्धमा प्रश्न गर्दछन्, भन कि अल्लाह र उसका रसूलको हो, अतः तिमीहरू अल्लाहसित डराओ ॥**

–मंजिल २/सिपारा ९/८ सूरः अल-अनफाल/आयत १ ॥

**समीक्षक–** जसले लुटपाट मचाउने, डाँकूको कर्म गर्ने-गराउने फेरि खुदा तथा पैगम्बर र ईमान्दार पनि बन्ने, बडो आश्चर्यको कुरो छ र अल्लाहको डर देखाउने र डाँकादि दुष्ट काम पनि गर्दै जाने अनि 'उत्तम मत हाम्रो हो' भन्नमा लज्जा पनि नमान्ने । हठ छोडेर सत्य वेदमतको ग्रहण नगर्ने यसभन्दा अधिक दुष्टता दोस्रो कुनचाहिं होला ? ॥८४॥

**मूल–८५– र जरो काटिदियो काफिरहरूको ॥ मैले तिम्रो सहायताको लागि एक हजार फरिश्ता निरन्तर पठाइरहनेछु ॥ अवश्य मैले काफिरहरूको मनमा भय पैदा गराइदिनेछु, तिमीले मार उनीहरूका गर्दनमा र प्रत्येक जोर्नी-जोर्नीमा ॥** –मंजिल २/सिपारा ९/८ सूरः अल-अनफाल/आयत ७, ९, १२ ॥

**समीक्षक–** वाह जी वाह ! कस्तो खुदा र कस्ता दयाहीन पैगम्बर । जो मुसलमानी मतदेखि भिन्न काफिरहरूको जरो कटाउने र खुदाले आज्ञा दिने उनीहरूको गर्दन र खुट्टाको नसा-नसामा हान्नको लागि सहायता र सम्मति दिने । भला ! यस्तो खुदा लङ्केश भन्दा केही कम छ ? यो सबै प्रपञ्च कुरान कर्ताको हो, खुदाको होइन । यदि खुदाको हो भने त यस्तो खुदा हामीबाट टाढै रहोस् र त्यसदेखि हामी टाढा रहौं ॥८५॥

**मूल–८६– अल्लाह मुसलमानहरूको साथमा छ ॥ ऐ ईमानवालाहरू हो अल्लाह र रसूलको आज्ञा पालन गर र त्यसदेखि मुख नेफेर्नु जब कि पुकार तिमीले सुनिरहेका छौ ॥ ए ईमानवालाहरू हो चोरी ( विश्वासघात) नगर अल्लाह र रसूलको, चोरी नगर आफ्नो धरोहर (अमानत) को ॥ र अल्लाहले आफ्नो चाल लगाउँदैथियो हित गर्नेहरूका लागि ॥**

–मंजिल २/सिपारा ९/८ सूरः अल-अनफाल/आयत १९, २४, २७, ३० ॥

**समीक्षक–** के अल्लाह मुसलमानहरूको पक्षपाती हो ? यदि यस्तै हो भने त अधर्म गर्दछ । नत्र भने त ईश्वर सबै सृष्टिभरिको हो । के खुदा बिना पुकारे सुन्दैन ? बहिरो छ ? र उसको साथमा रसूललाई शरीक गर्नु एकदम नराम्रो काम होइन ? के अल्लाहको कुनचाहि खजाना भरिएको छ जो कसैले चोरी गर्दछ ? के रसूल र आफ्नो सम्पत्तिलाई छोडेर अन्य सबैको चोरी गर्ने ? यस्तो उपदेश अविद्वान् र अधर्मीहरूको हुन सक्दछ । भला ! जहाँ चाल चल्दछ र चाल चल्नेहरूको सङ्गी हुन्छ त्यो खुदा कपटी, छली र अधर्मी किन भएन ? त्यसैले यो कुरान खुदाले बनाएको होइन कुनै कपटी छलीले बनाएको होला, नत्र भने त यस्तो अन्यथा कुराहरू लिखित किन हुन्थ्यो ? ॥८६॥

**मूल–८७– र उनीहरूसँग यतिसम्म युद्ध गर कि नरहोस् फितना (उपद्रव) अर्थात् काफिरहरूको बल र हुन जाओस् दीन (धर्म) पूराको पूरा अल्लाहको लागि ॥ र जान्नु कि जे-जति माल युद्धमा लुटेर मिलेको छ तिम्रो लागि, त्यसको पाँचौं भाग अल्लाह र उसका रसूलहरूको लागि र सम्बन्धी, अनाथ, निर्धन र यात्रीहरूका लागि हो, निश्चय म तिम्रो पक्षी हूँ ॥**

–मंजिल २/सिपारा ९/८ सूरः अल-अनफाल/आयत ३९, ४१ ॥

**समीक्षक–** यस्तो अन्यायबाट लडाका र लड्ने-लडाउने वाला मुसलमानहरूको खुदा भन्दा शान्तिभङ्गकर्ता दोस्रो को होला ? अब हेर्नुहोस् मजहब कि अल्लाह र रसूलको लागि जगत्लाई लुट्ने लुटाउने लुटेराहरूको जस्तो काम होइन ? र लुटको मालमा आफू अंशियार बन्नु जान कि डाँकू बन्नु हो र यस्ता लुटेराहरूको पक्षपाती बन्नु खुदाले आफ्नो खुदाईमा कलङ्क लगाउँदछ । बडो आश्चर्यको कुरा छ कि यस्तो पुस्तक, यस्तो खुदा र यस्ता खुदाका पैगम्बर र यस्तो उपाधीखोर मजहब संसारमा महा शान्तिभङ्ग गरेर दुःखदायी कहाँबाट भयो ? यदि यस्ता-यस्ता मत जगत्मा प्रचलित हुँदैनथे भने त सबै जगत् आनन्दमा रम्ने थियो ॥८७॥

**मूल–८८– यदि तिमीले देख्थ्यौ जब कि फरिश्ता ती काफिरको प्राण निकाल्दछन्, मार्दै उनका मुखमा र पीठमा अनि यो भन्दै कि लौखा अब यातना डड्नको लागि ॥ र हामीले फिरऔनवालालाई डुबाइदियौं, ती सबै अत्याचारी थिए ॥ र तिनीहरूसँग लड्नको लागि तिमीबाट जे-जति हुनसक्दछ तयारी गर बल, सेना र घोडाको ॥** –मंजिल २/सिपारा १०/८ सूरः अल-अनफाल/आयत ५०, ५४, ५९ ॥

**समीक्षक–** किनजी ! आजभोलि रूसले रोम आदि र बेलायतले मिश्रको दुर्दशा गरिदियो, फरिश्ताहरू कहाँ सुत्न गए ? र आफ्ना सेवकहरूका शत्रुहरूलाई खुदाले पूर्वमा मारिदिन्थ्यो, डुबाइदिन्थ्यो यो कुरो साँचो भएको भए आजभोलि पनि यस्तै गरेर देखाओस्, जसबाट यो हुन सक्दैन त्यसैले यो कुरा मान्नयोग्य छैन । अब हेर्नुहोस् ! यो कस्तो दुष्ट आज्ञा छ कि जे-जति तिमी गर्न सक्दछौ भिन्न मतवालाहरूको लागि दुःखदायक कर्म गर, यस्तो आज्ञा विद्वान् र धार्मिक दयालुको हुन सक्दैन । फेरि लेख्दछन् कि खुदा न्यायकारी र दयालु छ । यस्ता कुराहरूले मुसलमानहरूको खुदाबाट न्याय र दयादि सद्गुण दूर बस्दछन् ॥८८॥

**मूल–८९– ए नबी तिम्रो लागि अल्लाह पर्याप्त छ र ती मुसलमान जसले तिम्रो साथ दिए ॥ ए नबी मोमिनहरूलाई युद्धको लागि प्रेरित गर, यदि तिमीमा २० व्यक्ति अटल निश्चयवाला भए भने त तिनीहरू २०० माथि भारी पर्नेछन् र यदि तिमीमा १०० भए भने त तिनीहरूले हजार काफिरलाई ढाल्न सक्नेछन् ॥ अतः जो मालमत्ता तिमीले लुटेका छौ त्यसलाई खाओ, तिम्रो लागि वैध र पवित्र छ र अल्लाहसँग डराओ, निस्सन्देह अल्लाह क्षमा गर्नेवाला दयावान् छ ॥**

–मंजिल २/सिपारा १०/८ सूरः अल-अनफाल/आयत ६४, ६५, ६९ ॥

**समीक्षक–** भला ! यो कुनचाहिं न्याय, विद्वत्ता र धर्मात्मताको कुरा हो कि जुन आफ्नो पक्ष गर्दछ र चाहे अन्याय पनि गर्दछ उसैको पक्ष र लाभ खुदाले पुऱ्याउने ? र जसले प्रजामा शान्तिभङ्ग गरेर लडाई

गर्ने-गराउने र लुटमारको पदार्थहरूलाई हलाल बताउने अनि फेरि उसैको नाम क्षमावान् दयालु लेख्ने यो कुरो खुदाको त कहिल्यै हुन सक्दैन । किन्तु कुनै भलो मान्छेको पनि हुन सक्दैन । यस्ता-यस्ता कुराहरूले कुरान ईश्वरवाक्य कहिल्यै हुन सक्दैन ॥८९॥

**मूल–९०– त्यसमा यिनीहरू सदैव रहनेछन्, अल्लाहसँग उसको पुण्य ठूलो छ ॥ ए मनुष्यहरू हो ! आफ्ना पिता र भाइहरूलाई मित्र नबनाउनु यदि आस्थाको तुलनामा अवज्ञा (कुफ्र) लाई प्रिय गर्दछन् भने र तिमी मध्येबाट जो कसैले उसलाई मित्र बनाउँछ भने त यिनीहरू नै अत्याचारी हुन् ॥ फेरि उतार्‍यो अल्लाहले आफ्नो स्थिरता आफूमाथि रसूल आफ्ना मुसलमानका र उतार्‍यो लश्कर देखेनौ तिमीले उनलाई र ज्वालामा हालिदियो यही सजा हो काफिरहरूलाई ॥ फेरि-फेरि आउनेछ अल्लाह पछि तिनीहरूमाथि लडाई गर जसले ईमान ल्याउँदैनन् ॥**

–मंजिल २/सिपारा १०/९ सूरः अत-तौबा/आयत २२, २३, २५, २६, २९ ॥

**समीक्षक–** भला ! जो स्वर्गवालाको समीपमा अल्लाह रहन्छ भने त सर्वव्यापक हुन सक्दैन ? जो सर्वव्यापक छैन भने सृष्टिकर्ता र न्यायधीश हुन सक्दैन । र आफ्ना आमा, बाउ, भाइ र मित्रहरूलाई छुटाउनु केवल अन्यायको कुरा हो, हो जब तिनीहरूले नराम्रो उपदेश गरे, नमान्नु, परन्तु उनको सेवा सधैं गर्नुपर्दछ । जुन पहिला खुदा मुसलमानहरूमाथि सन्तुष्ट थियो र उनको सहायताको लागि लश्कर उतार्थ्यो भन्ने कुरा साँचो हो भने त अहिले त्यस्तो किन गर्दैन ? र प्रथम काफिरहरूलाई दण्ड दिन्थ्यो र पुनः-पुनः उनीहरूमाथि आइरहन्थ्यो भने त अहिले कहाँ गयो ? के बिना लडाईंले ईमान खुदाले बनाउन सक्दैन ? यस्ता खुदालाई हाम्रोतिरबाट सदा तिलाञ्जलि छ, खुदा के हो एउटा खेलाडी हो ? ॥९०॥

**मूल–९१–शिर्क (मुशरिक) गर्नेवालाहरूसित सबै मिलेर लडाईं गर, जसरी तिनीहरू सबै मिलेर तिमीहरूसँग लड्दछन् ॥ जब कि हामीलाई तिम्रो हकमा यसै कुराको प्रतीक्षा छ कि अल्लाहले आफूतिरबाट तिमीलाई कुनै यातना दिन्छ अथवा हाम्रो हातबाट दिलाउँछ ॥**

–मंजिल २/सिपारा १०/९ सूरः अत-तौबा/आयत ३६, ५२ ॥

**समीक्षक–** के मुसलमानहरू आपसमा न्याय र दोस्रामा अन्याय गर्नमा धर्म सम्झन्छन् । यदि यस्तै हो भने त मुसलमानहरू अन्यायका मूर्तिहरू हुन् । के मुसलमान मात्रै पुलिस बनेका हुन् कि आफ्नो हात वा मुसलमानहरूको हातबाट अन्य कुनै मतवालालाई दण्ड दिन्छ ? के अरू करोडौं मनुष्य ईश्वरलाई अप्रिय छन् ? मुसलमानहरूमा पापी पनि प्रिय छन् ? यसैले **'अन्धेर नगरी गवरगण्ड राजा'** को जस्तो व्यवस्था देखिन्छ । आश्चर्य छ कि जो बुद्धिमान् मुसलमान छन् तिनीहरूले पनि यस निर्मूल अयुक्त मतलाई मान्दछन् ॥९१॥

**मूल–९२– मोमिन पुरुषहरू र मोमिन स्त्रीहरूसँग अल्लाहको वादा छ स्वर्गको जसको तल नहरहरू बगिरहेका हुनेछन्, त्यसमा उनीहरू सदैव रहनेछन्, र वादा छ सफा घरहरूलाई सदैव रहनेवाला बगैंचामा र अल्लाहको प्रसन्नता सबैभन्दा बढी छ, यही ठूलो सफलता हो ॥ बस उनीहरूले ठट्ठा गर्दछन् अल्लाहसँग, ठट्ठा गरिदियो अल्लाहले उनीहरूसँग ॥** –मंजिल २/सिपारा १०/९ सूरः अत-तौबा/आयत ७२, ७९ ॥

**समीक्षक–** यो खुदाको नामबाट स्त्री पुरुषहरूलाई प्रलोभन दिनु हो, आफ्नो मतलबको लागि । किनभने यस्तो प्रलोभन दिंदैनथे भने त मुहम्मद साहेबको जालमा फस्ने थिएनन्, यस्तै नै अन्य मतवालाले पनि गर्ने गर्दछन् । भला ! मनुष्यहरूले त आपसमा ठट्टा गर्ने गर्दछन्, परन्तु खुदाले कसैसँग ठट्टा गर्नु उचित हुँदैन । यो कुरान ग्रन्थ के हो ठूलो खेल हो ॥९२॥

**मूल–९३– परन्तु रसूल र जो मनुष्यहरूले उनको साथ ईमान ल्याए, उनीहरूले आफ्नो जान र प्राणको साथ जेहाद गरे, तिनैलाई भालाइ र सफलता छ ॥ र अल्लाहले उनीहरूका हृदयमा मोहर लगाइदियो, अतः उनीहरूले जान्दैनन् ॥** –मंजिल २/सिपारा १०/९ सूरः अत-तौबा/आयत ८८, ९३ ॥

**समीक्षक–** अब हेर्नुहोस् मतलबसिन्धुको कुरा ! कि तिनै भला हुन् जसले मुहम्मद साहेबको साथ ईमान ल्याए र जसले ल्याउँदैनन् ती दुष्ट हुन् ! के यो कुरो पक्षपात र अविद्याले भरिएको छैन ? जब खुदाले नै मोहर लगाइदियो भने त उनका अपराध पाप गर्नमा कोही पनि छैनन् । किन्तु खुदाको नै अपराध हो, किनभने ती बिचराहरूलाई भलाइले हृदयमा मोहर लगाइदिएर रोकिदियो, यो कति ठूलो अन्याय हो ॥९३॥

**मूल–९४– तिमीले उनका खैरातको माल दान लिएर भित्र-बाहिरबाट पवित्र गर, र त्यसबाट उनीहरूलाई सुधार गर र उनको दुआ गर । निस्सन्देह तिम्रो दुआ उनको लागि सर्वथा परितोष हुन्छ ॥ निस्सन्देह अल्लाहले मोमिनहरूसितबाट उनीहरूको प्राण र उनीहरूको माल यसको बदलामा किनेको छ कि उनीहरूका लागि जन्नत छ, उनीहरू अल्लाहको मार्गमा लड्दछन्, फेरि उनीहरूले मार्दछन् पनि मारिंदै जान्छन् पनि ॥** –मंजिल २/सिपारा ११/९ सूरः अत-तौबा/आयत १०३, १११ ॥

**समीक्षक–** वाह जी ! वाह मुहम्मद साहेब ! तिमीले त गोकुलिये र गुसांईको बराबरी कर लियौ किनभने उनीहरूको माल लिनु र उनीहरूलाई गुप्तमा पवित्र गर्नु यही कुरा त गुसांईहरू हो । वाह खुदा जी ! तिमीले अति राम्रो सौदागिरी लगायौ कि मुसलमानहरूको हातबाट अन्य गरीबहरूको प्राण लिनु नै लाभ सम्झियौ र ती अनाथहरूलाई मराएर ती निर्दयी मनुष्यहरूलाई स्वर्ग दिनाले, दया र न्यायदेखि मुसलमानहरूको खुदा हात धोएर बस्यो र आफ्नो खुदाइमा कलङ्क लगाएर बुद्धिमान् धार्मिकहरूमा घृणित हुन गयो ॥९४॥

**मूल–९५– ऐ मान्छेहरू हो ! जसले ईमान ल्याएका छौ, यी काफिरसँग युद्ध गर जो तिम्रा आस-पासमा छन्, उनीहरूलाई तिमीहरूले भित्रैबाट कठोरता निकालेर दबाउनू ॥ के यिनीहरूले देखेका छैनन् कि उनीहरूलाई प्रतिवर्ष एक पटक वा दुई पटक जाँचमा हाल्ने गरिन्छ तापनि न त तौबा गर्दछन् न त चेत्दछन् ॥** –मंजिल २/सिपारा ११/९ सूरः अत-तौबा/आयत १२३, १२६ ॥

**समीक्षक–** हेर्नुहोस् ! यो पनि एउटा विश्वासघातको कुरा खुदाले मुसलमानहरूलाई सिकाउँछ कि चाहे छिमेकी होस् वा कसैको नोकर होस्, जब अवसर पाउँछौं तब नै लडाई वा घात गर्ने । यस्तो कुराहरू मुसलमानबाट धेरै निस्किएको छ, कारण यसै कुरानको लेखले गर्दा हो, अब त यी मुसलमानहरूले बुझेर यस्तो कुरानको दुष्टतालाई छोडिदिएमा त अति राम्रो हुनेछ ॥९५॥

**मूल–९६– निश्चय तिम्रो परवरदिगार अल्लाह हो जसले आकाश र धर्तीलाई छः दिनमा रचना गऱ्यो, फेरि त्यो सिंहासनमा विराजमान भएर व्यवस्था चलाइरहेको छ ॥**
–मंजिल ३/सिपारा ११/१० सूरः यूनस/आयत ३ ॥

**समीक्षक–** के अल्लाहले तिम्रो नित्य सेवा गर्दछ ? आकाश एक र बिना बनाएको अनादि हो । त्यसलाई बनाउनु लेख्नाले यो निश्चय हुन्छ कि त्यो कुरानको कर्ता पदार्थविद्यालाई जान्दैनथ्यो ? के परमेश्वरको अगाडि छः दिनसम्म बनाउनुपर्ने हुन्छ ? जब कि कुरानमा अल्लाहले "यस्तो भइजा" भन्दा तुरुन्तै भैहाल्ने कुरा ठाउँ-ठाउँमा लेखिएको छ । फेरि छः दिन केको लागि लाग्यो ? यो सबै झुटो हो । यदि त्यो व्यापक हुन्थ्यो भने त सिंहासनमा कसरी विराजमान हुन्थ्यो ? र मामलाहरूको व्यवस्था गर्ने काममा त ठीक तिम्रो खुदा मनुष्यको समान छ, यदि सर्वज्ञ हुन्थ्यो भने त बसि-बसि के रफ्फा-डफ्फा गर्थ्यो ? यसैबाट विदित हुन्छ कि ईश्वरलाई नजान्नेहरूले अर्थात् जङ्गली मनुष्यहरूले यो पुस्तक बनाए होलान् ॥९६॥

**मूल–९७– मुसलमानहरूको लागि अल्लाहको तर्फबाट उपदेश, रोग निवारण, मार्गदर्शन र दया आइसकेको छ ॥** –मंजिल ३/सिपारा ११/१० सूरः यूनस/आयत ५७ ॥

**समीक्षक–** के त्यो खुदा केवल मुसलमानहरू मात्रैको हो ? अरूको होइन ? पक्षपाती हुन्छ यदि मुसलमानहरूलाई मात्रै दया गर्दछ भने, यदि मुसलमान ईमान्दारहरूलाई भन्दछन् भने त उनीहरूको लागि शिक्षाको आवश्यकता नै छैन र मुसलमानहरूदेखि भिन्नलाई उपदेश गर्दैन भने त खुदाको विद्या नै व्यर्थ भयो ॥९७॥

**मूल–९८– उसको सिंहासन पानीमा थियो, ताकि तिम्रो परीक्षा लियोस् कि कसले राम्रो काम गर्दछ, र यदि तिमीले भन कि मरेपछि तिमीहरूलाई चिहानबाट उठाइनेछ, तब त झुट्टा बनाउनेवालाहरूले भन्नेछन् कि यो त खुल्लमखुल्ला जादु हो ॥** –मंजिल ३/सिपारा ११/११ सूरः हूद/आयत ७ ॥

**समीक्षक–** जब पानीमाथि खुदाको सिंहासन छ भने त त्यो एकदेशी हुनाले खुदा नै बन्न सक्दैन र जब कर्महरूको परीक्षा गर्दछ भने त सर्वज्ञ होइन । र जुन मृत्युपछि उठाउँछ भने त दौडासुपुर्द (चिहानको कुराइमा) राख्दछ र जुन कि 'मेरका जीवित नहोऊन्' आफ्नो यस्तो नियमलाई तोड्दछ । यसले खुदालाई कलङ्कित गर्दछ ॥९८॥

**मूल–९९– र भनियो कि ऐ पृथ्वी, आफ्नो पानी निलिदे र ऐ आकाश तँ थामिन जा, र पानी सुक्यो अनि मामलाको निर्णय भयो र नौका पहाडमा अडियो र भनियो कि टाढा भएस् अत्याचारीहरूका कौम ॥ र ऐ मेरा कौम, यो अल्लाहकी ऊँटनी तिम्रो लागि एक निशानी हो, अतः यसलाई छोडिदेओ कि यसले अल्लाहको भूमिमा चरोस् र यसलाई कसैले कष्ट नपुऱ्याउनु, अन्यथा अतिशीघ्र तिमीलाई यातनाले पक्रनेछ ॥** –मंजिल ३/सिपारा ११/११ सूरः हूद/आयत ४४, ६४ ॥

**समीक्षक–** कस्तो बच्चाकोजस्तो कुरा छ ! पृथ्वी र आकाशले कहिल्यै कुरा सुन्न सक्दछन् ? वाह जी वाह ! खुदाकी ऊँटनी पनि छ भने त ऊँट पनि होला ? तब हात्ती, घोडा, गधा आदि पनि होलान् ? र खुदाले ऊँटनीलाई खेतमा चराउने कति राम्रो कुरा हो ? के ऊँटनीमा सवारी पनि गर्दछ ? यदि यस्तै हो भने त नवाबीको जस्तै घसड-पसड खुदाको घरमा पनि भयो ॥९९॥

**मूल–१००– वहाँ तिनीहरू सदैव रहनेछन्, जबसम्म आकाश र धर्ती स्थिर रहन्छन्, कुरो यो हो कि तिम्रो खुदाको नै इच्छा चल्नेछ, तिम्रो अल्लाहले जे चाहन्छ त्यही गर्दछ ॥ रहनेछन् ती जो भाग्यशाली हुनेछन् जन्नतमा हुनेछन्, जहाँ तिनीहरू सदैव रहनेछन् र उपहारको क्रम टुट्नेछैन ॥**

–मंजिल ३/सिपारा १२/११ सूरः हूद/आयत १०८, १०९ ॥

**समीक्षक–** जब दोजख (नरक) र बहिश्त (स्वर्ग) मा कयामतको पश्चात् सबै जना जानेछन् फेरि आकाश र पृथ्वी कसको लागि हुनेछ ? जब स्वर्ग र नरक, आकाश र धर्ती रहुन्जेलसम्मको अवधि हो भने त 'सदा रहनेछन् स्वर्ग वा नरकमा', यो कुरो झुट्टा भयो । यस्तो कथन अविद्वान्हरूको हुन्छ, ईश्वर वा विद्वान्हरूको होइन ॥१००॥

**मूल–१०१– जब यूसुफले आफ्नो पिता याकूबसित भन्यो कि अब्बाजान, मैले स्वप्नमा एघार तारा, सूर्य र चन्द्रमा देखें । मलाई तिनीहरूले नमन गरिराखेका थिए ॥**

–मंजिल ३/सिपारा १२/१२ सूरः यूसुफ/आयत ४ देखि ५७ सम्म ॥

**समीक्षक–** यस प्रकरणमा पिता पुत्रको संवादरूप किस्सा-कथा भरिएको छ, यसैले कुरान ईश्वरले बनाएको होइन । कुनै मनुष्यले मनुष्यहरूको इतिहास लेखिदिएको छ ॥१०१॥

**मूल–१०२– अल्लाह नै हो जसले आकाशलाई माथि उठायो बिना खाँबोको, जसलाई तिमीले देखिरहेका छौ, फेरि ऊ आफ्नो सिंहासनमा आसीन भयो र उसले सूर्य र चन्द्रमालाई एउटा नियममा बाँधिदियो, प्रत्येक एक नियत समयमा चल्दछन्, अल्लाहले नै प्रत्येक कार्यको व्यवस्था गर्दछ ॥ अल्लाहले आकाशबाट पानी उतार्‍यो, फेरि नाला आ-आफ्नो क्षमताले बग्न थाले ॥ अल्लाहले जसलाई चाहन्छ जीविका अधिक दिन्छ र जसको लागि चाहन्छ संकुचित गरिदिन्छ ॥**

–मंजिल ३/सिपारा १३/१३ सूरः अर-रअद/आयत २, १७, २६ ॥

**समीक्षक–** मुसलमानहरूको खुदाले पदार्थविद्यालाई कत्ति पनि जान्दैनथ्यो । यदि जान्दथ्यो भने त आकाशलाई खाँबो लगाउने कथा गुरुत्व नहुनाले केही पनि आवश्यकता थिएन । यदि खुदा स्वर्गरूप एक स्थानमा रहन्छ भने त त्यो सर्वशक्तिमान् र सर्वव्यापक हुन सक्दैन । र यदि खुदाले मेघविद्यालाई जान्दथ्यो भने त 'आकाशबाट पानी उतार्‍यो' लेखियो, पुनः यो किन लेखिएन कि 'पृथ्वीबाट पानी माथि चढाइयो ।' यसबाट निश्चय हुन्छ कि कुरानलाई बनाउनेवाला मेघविद्याको पनि जानकार थिएन । र जसले बिना राम्रा-नराम्रा कामहरूको सुख-दुःख दिन्छ भने त पक्षपाती निरक्षर भट्ट हो ॥१०२॥

**मूल–१०३– अल्लाहले जसलाई चाहन्छ पथभ्रष्ट पारिदिन्छ र उसले आफ्नो मार्ग त्यसलाई देखाउँछ, जसले उसतिर ध्यान लगाउँछ ।** –मंजिल ३/सिपारा १३/१३ सूरः अर-रअद/आयत २७ ॥

**समीक्षक–** जब अल्लाहले नै पथभ्रष्ट पार्दछ भने त खुदा र शैतानमा के फरक रह्‍यो ? जब कि शैतान दोस्रालाई भ्रमित अर्थात् भट्काउनाले दुष्ट भनिन्छ भने त, खुदाले पनि त्यस्तै काम गर्नाले दुष्ट शैतान किन भएन ? र भ्रमित पार्नाको पापले नरकी किन हुनु पर्दैन ? ॥१०३॥

**मूल–१०४– यसै प्रकार मैले यस कुरानलाई एक आदेशको हैसियतले अरबी भाषामा उतारें । अब यदि तिमी त्यस ज्ञानको पश्चात् पनि, जुन तिमीले पाइसकेका छौ, उनीहरूका इच्छाहरूको पछाडि चल्यौ भने त अल्लाहको तुलनामा न त तिम्रो कुनै सहायक मित्र हुनेछ र न कोई बचाउनेवाला ॥ मैले जुन वादा उनीहरूसँग गरेकोछु चाहे त्यसबाट मैले तिमीलाई केही भाग देखाइदिऊँ, या तिमीलाई मृत्यु दिऊँ, तिम्रो दायित्व त केवल सन्देश पुर्‍याउनु हो, हिसाब लिने त मेरो जिम्मा हो ॥**

–मंजिल ३/सिपारा १३/१३ सूरः अर-रअद/आयत ३७, ४० ॥

**समीक्षक–** कुरान कतातिरबाट उतारियो ? के खुदा माथि रहन्छ ? यदि यो कुरो साँचो हो भने त त्यो एकदेशी हुनाले ईश्वर नै हुन सक्दैन, किनभने ईश्वर त सबै ठेगानमा एकरस व्यापक छ । सन्देश पुर्‍याउनु त हुलाकीको काम हो र हल्काराको आवश्यकता उसैलाई हुन्छ जो मनुष्यवत् एकदेशी हो । र हिसाब लिनु-दिनु पनि मनुष्यको काम हो, ईश्वरको होइन, किनभने ऊ सर्वज्ञ छ । यो निश्चय हुन्छ कि कुनै अल्पज्ञ मनुष्यले कुरान बनाएको हो ॥१०४॥

**मूल–१०५– सूर्य र चन्द्र तिम्रो लागि कार्यरत गर्‍यो र नियत विधानको अधीन निरन्तर घुमिरहन्छन् ॥ मनुष्य बडो अन्यायी र पापी (कृतघ्न) छ ॥**

–मंजिल ३/सिपारा १३/१४ सूरः इब्राहीम/आयत ३३, ३४ ॥

**समीक्षक–** के चन्द्र, सूर्य सदा घुम्दछन् र पृथ्वी घुम्दैन ? यदि पृथ्वी नघुम्ने हो भने त कयौं वर्षको दिन र रात हुनेछ । र जो मनुष्य निश्चय अन्याय र पाप गर्नेवाला छ भने त कुरानबाट शिक्षा लिनु व्यर्थ हुन्छ । किनभने जसको स्वभाव पाप नै गर्नमा छ भने त उनीहरूमा पुण्यात्मा कहिल्यै हुँदैन, र संसारमा

पुण्यात्मा र पापात्मा सदा देखिन्छन्, यसैले यस्तो कुरा ईश्वरकृत पुस्तकको हुन सक्दैन । यहाँ यी दुइटै शब्द एकार्थ वाचक हुनाले पुनरुक्त भयो, पुनरुक्त भनेको प्रमत्त वाक्य हुन्छ ॥१०५॥

**मूल–१०६– जब मैले त्यसलाई पूरा बनाउनेछु र त्यसमा आफ्नो आत्माबाट प्राण फुकिदिनेछु तब तिमी उसको लागि सजदा (नमन) मा निहुरँदै झुक्नु ॥ तर पनि फरिश्ताले नमन गरे ॥ परन्तु इबलीसले गरेन ॥ इबलीसले भन्यो, ऐ अल्लाह जसरी तैंले मलाई भ्रमित (गुमराह) पारिस्, उसै प्रकार धर्तीमा यिनीहरूको लागि सुसज्जित गरेर सबैलाई पथभ्रष्ट (भ्रमित) पार्नेछु ॥**

–मंजिल ३/सिपारा १४/१५ सूरः अल-हिज्र/आयत २९, ३०, ३१, ३९ देखि ४६ सम्म ॥

**समीक्षक–** यदि खुदाले आफ्नो रूह (पवित्रात्मा) आदम साहेबमा हालेको थियो भने त, त्यो पनि खुदा भयो र त्यो खुदा थिएन भने त, सजदा अर्थात् नमस्कारादि भक्ति गर्नमा आफ्नो शरीक किन गऱ्यो ? जब शैतानलाई भ्रमित पार्नेवाला खुदा नै हो भने त शैतानको पनि शैतान ठूलो दाजु, गुरु किन भएन ? किनभने तिमीहरूले बहकाउनेवालालाई शैतान मान्दछौ भने त खुदाले पनि शैतानलाई बहकायो र प्रत्यक्ष शैतानले भन्यो कि मैले बहकाउनेछु फेरि पनि, त्यसलाई समातेर दण्ड दिएर किन कैद गरेन ? र किन मारेन ॥१०६॥

**मूल–१०७– उसले मान्छेलाई एक पटक थोपा (वीर्य) बाट उत्पन्न गऱ्यो ॥ मैले हर समुदायमा कोई न कोई पैगम्बर पठाएँ ताकि अल्लाहको उपासना गर र शैतानसँगबाट बच ॥ जब मैले कुनै चीजको सङ्कल्प गर्दछु, अनि यो भन्दछु कि "भइजा", तब त्यो भैहाल्दछ ॥**

–मंजिल ३/सिपारा १४/१६ सूरः अन-नह्ल/आयत ४, ३६, ४० ॥

**समीक्षक–** यसबाट एक जन्म सिद्ध हुन्छ, परन्तु यसमा बडो भारी भुल छ, किनभने जन्म अनेक हुन्छन् । जब जीव अनादि हो भने त्यसको गुण, कर्म, स्वभाव पनि अनादि हुन्छ, त्यसको फल भोग पनि अनादिदेखि नै चलेर आएको हुन्छ, पश्चात् एक जन्मलाई मान्न व्यर्थ छ । यसको विशेष संवाद नवम समुल्लासमा हेर्नुहोला । यदि सबै कौम (समुदाय) हरूमा पैगम्बर पठाएका हुन् भने त, सबै जना उनै पैगम्बरको रायमा चल्दछन् भने त फेरि ती काफिर किन ? के दोस्रा पैगम्बरको मान्य हुँदैन सिवाय तिम्रा पैगम्बरको ? यो सर्वथा पक्षपातको कुरा हो । यदि सबै देशहरूमा पैगम्बर पठायौ भने त आर्यावर्तमा कुनचाहिं पैगम्बर पठायौ ? त्यसैले यो कुरो मान्न योग्य छैन । जब खुदाले चाहन्छ र भन्दछ कि पृथ्वी "भइजा" । त्यो जडले कहिल्यै पनि सुन्न सक्दैन, खुदाको हुकुम कसरी लागु हुन सक्दछ ? र सिवाय खुदाको दोस्रो चीजलाई मान्दैनौ भने त त्यो कुरालाई सुन्यो कसले ? र त्यहाँ बन्न को गयो ? यो सबै अविद्याका कुरा हुन्, यस्ता कुरालाई मूढहरूले मात्रै मान्दछन् ॥१०७॥

**मूल–१०८– र तिनीहरूले अल्लाहको लागि छोरीहरू पक्का गर्दछन्, यसैले महान् र पवित्र छन् तिनीहरू र आफ्नो लागि जो त्यो मनले चाहन्छ ॥ कसम अल्लाहको, मैले तिमी भन्दा पहिला विभिन्न कौम (समुदाय) हरूतिर पैगम्बर पठाएँ ॥** –मंजिल ३/सिपारा १४/१६ सूरः अन-नह्ल/आयत ५७, ६३ ॥

**समीक्षक–** अल्लाहले छोरीहरूसित के गर्नेछ ? छोरीहरू त कुनै मनुष्यलाई चाहिन्छ, किन छोराहरू नियत (पक्का) गरिँदैन र छोरीहरूलाई नियत गरिन्छ ? यसको के कारण हो ? बताउनुहोस् ? कसम खानु झुटाहरूको काम हो, खुदाको होइन । किनभने बहुधा संसारमा देख्नमा यो आउँछ कि जो झुटो हुन्छ उसैले कसम खाने गर्दछ, साँचोले किन शपथ खाने ? ॥१०८॥

**मूल–१०९– यी ती मान्छेहरू हुन् कि अल्लाहले यिनको मनमा, कानमा र आँखामा मोहर (छाप) लगाइदिएको छ, र यी मान्छेहरू पूर्णतः निश्चेत छन् ॥ जुन दिन प्रत्येक व्यक्तिले आफ्नै पक्षमा बोल्दै जानेछ र प्रत्येक व्यक्तिलाई उसले गरेको पूरा बदला मिल्नेछ र उनीहरूमाथि अत्याचार अन्याय गरिनेछैन ॥**

–मंजिल ३/सिपारा १४/१६ सूरः अन-नह्ल/आयत १०८, १११ ॥

**समीक्षक–** जब खुदाले नै मोहर लगाइदियो भने त ती बिचरा बिना अपराध मारिए किनभने उनीहरूलाई पराधीन गरियो, यो कति ठूलो अपराध हो ? र फेरि भन्दछन् कि जसले जति गरेको छ त्यति नै उनीहरूलाई दिइनेछ, न्यूनाधिक होइन । भला ! उनीहरूले स्वतन्त्राले पाप गर्दै गरेनन् किन्तु खुदाले गराउनाले गरेका हुन्, पुनः उनीहरूको अपराध नै भएन, उनीहरूलाई फल मिल्नुहुँदैन । यसको फल खुदालाई मिल्न उचित हुन्छ । यदि पूरा दिइन्छ भने त, क्षमा कुन कुराको लागि गरिन्छ ? यदि क्षमा गरिन्छ भने त न्याय उड्दछ । यस्तो गडबडाध्यायको कुरो ईश्वरको कहिल्यै पनि हुन सक्दैन, किन्तु निर्बुद्धि छोकरहरूको हुन्छ ॥१०९॥

**मूल–११०– यदि तिमीहरू उसै पूर्वनीतिमा पल्टिमाऱ्यौ भने त हामीले पनि त्यही गर्नेछौं र हामीले नरकलाई काफिरहरूको लागि कारागार बनाइदिएकाछौं ॥ र हामीले प्रत्येक मनुष्यको भाग्य त्यसको घाँटीमा**

**बाँधिदिएका छौं, र हामीले कयामतको दिन त्यसको लागि एउटा किताब निकाल्नेछौं जसलाई त्यसले खोलिएको पाउनेछ ॥ र नूहको पछि हामीले कयौं कौम (नश्ल) हरूलाई नष्ट गरिदियौं र तेरो अल्लाह पर्याप्त छ आफ्ना बन्धुहरूको पापलाई जान्नको लागि र उनीहरूलाई देख्नको लागि ॥**

–मंजिल ४/सिपारा १५/१७ सूरः अल-इस्र/आयत ८, १३, १७ ॥

**समीक्षक–** यदि काफिर तिनीहरू नै हुन् कुरान, पैगम्बर र कुरानले बताएको खुदा, सातौं आकाश र नमाज आदिलाई नमान्नेवाला यिनैको लागि कारागार (दोजख) हो भने त, यो कुरा केवल पक्षपातको ठहरिन्छ । के कुरानलाई मान्नेहरू मात्रै सबै ठीक र अन्यलाई मान्नेवालाहरू सबै बेठीक हुन सक्दछन् ? यो बडो लडकपनको कुरा हो कि उसको घाँटीमा कर्मको लेख खुदाले लेखिदियो । यो कुरो सर्वथा विरुद्ध छ, किनभने गर्दनको नसा-नसा र हाड-हाड हेरे पनि केही पनि लेखिएको पाउँदैन, र कयामतको रातमा खुदाले निकाल्ने किताब आजभोलि कहाँ छ ? के साहूले लेन-देनको हिसाब लेखेभैं लेखिराख्दछ ? हो यहाँ यो विचार गर्नुपर्दछ कि यदि पूर्व जन्म छैन भने त, जीवहरूको कर्म नै हुन सक्दैनन् फेरि कर्मको रेखा कताबाट लेखेर घाँटीमा बँधायो ? र यदि बिना कर्मको लेख्यो भने त उनीहरूमाथि अन्याय गऱ्यो, किनभने बिना राम्रा-नराम्रा कर्महरूको उनीहरूलाई दुःख-सुख किन दियो ? यदि भनौला कि खुदाको मर्जी, त्यसो भए तापनि अन्याय गऱ्यो, अन्याय त्यसैलाई भन्दछन् कि बिना राम्रा-नराम्रा कर्म नगरी दुःख-सुखरूप फल न्यूनाधिक दिनु । र त्यस समयमा खुदाले नै किताब वाँच्ने छ कि अरू कोई सछिमेकीले सुनाउनेछ ? यदि खुदाले नै दीर्घकालसम्म सम्बन्धी जीवहरूलाई बिना अपराध माऱ्यो भने त, त्यो अन्यायकारी हुन गयो । जो अन्यायकारी हुन्छ त्यो खुदा हुन सक्दैन ॥११०॥

**मूल–१११– र मैले समूदलाई ऊँटनी स्पष्ट प्रमाणको रूपमा प्रदान गरें ॥ र तैंले जति भ्रमित पार्न सक्दछस् पार ॥ त्यस दिनको लागि डराओ जुन दिन मैले प्रत्येक जत्थालाई उसको आफ्नो नायकको साथमा बोलाउनेछु, फेरि त्यसको कर्मपत्र त्यसैको दाहिने हातमा दिइनेछ ॥**

–मंजिल ४/सिपारा १५/१७ सूरः अल- इस्र/आयत ५९, ६४, ७१ ॥

**समीक्षक–** वाह ! जति खुदाको निशानी आश्चर्य छन्, ती मध्येमा ऊँटनी पनि खुदाको हुनमा प्रमाण अथवा परीक्षामा साधक छ । यदि खुदाले नै शैतानलाई बहकाउनको लागि हुकुम दियो भने त, खुदा नै शैतानको सरदार र सबै पाप गर्नेवाला ठहरियो, यस्तोलाई खुदा भन्नु मात्र नासमझको कुरा हो । जब कयामतमा अर्थात् प्रलयमा नै न्याय गर्न-गराउनको लागि पैगम्बर र उनका उपदेश मान्नेवालाहरूलाई खुदाले बोलाउँछ भने, जबसम्म प्रलय हुनेछैन तबसम्म सबै दौडा सुपुर्द रहने र दौडासुपुर्द (कुराइमा) सबैलाई दुःखदायक हुन्छ, जबसम्म न्याय गरिँदैन । यसैले शीघ्र न्याय गर्नु न्यायधीशको उत्तम काम हो । यो त **पोपाँबाईको न्याय** ठहरियो । जस्तै कुनै न्यायाधीशले भन्दछ कि जबसम्म पचास वर्षसम्मका चोर र साहूकार जम्मा हुँदैनन्, तबसम्म उनीहरूलाई दण्ड वा प्रतिष्ठा गर्नुहुँदैन, त्यस्तै नै यो भयो कि एक त पचास वर्षसम्म दौडा सुपुर्दमा रह्यो र एउटालाई आजै समातियो, यस्तो न्यायको काम हुन सक्दैन । न्याय त वेद र मनुस्मृतिमा हेर जसमा क्षणमात्र पनि विलम्ब हुँदैन र आफ्नो-आफ्नो कर्मानुसार दण्ड वा प्रतिष्ठा सदा पाइराख्दछन् । दोस्रा पैगम्बरहरूलाई गवाही (साक्षी) को तुल्य राख्नाले ईश्वरको सर्वज्ञताको हानि हुन्छ । यस्तो पुस्तक ईश्वरकृत र यस्ता पुस्तकका उपदेश गर्नेवाला ईश्वर कहिल्यै हुन सक्दछ ? कहिल्यै हुँदैन ॥१११॥

**मूल–११२– यस्तै मान्छेहरूका लागि स्वर्गमा सदाबहार बगैंचा छ । उनीहरूका तल नहर बगिरहेका हुनेछन् । वहाँ उनीहरूलाई सुनको गहना पहिराइनेछ अनि पातला र गाढा रेशमी पोशाक लगाउनेछन् र उँचा खाटहरूमा गद्दा र शिरानी राखिएको हुनेछ । कति राम्रो बदला (पुण्य) र कति राम्रो विश्रामस्थल ॥**

–मंजिल ४/सिपारा १५/१८ सूरः अल-कहफ/आयत ३१ ॥

**समीक्षक–** वाह जी वाह ! कुरानको कस्तो स्वर्ग छ जसमा बगैंचा, गहना, वस्त्र, गद्दी, शिरानी आनन्दको लागि छन् । भला ! कोई बुद्धिमान् यहाँ विचार गरोस् त यहाँ भन्दा वहाँ मुसलमानहरूको बगैंचामा अधिक केही पनि छैन सिवाय अन्यायको । त्यो यो हो कि कर्म उनीहरूका अन्तवाला र फल उनीहरूका अनन्तवाला, फेरि जसले मीठो प्रतिदिन खान्छ भने त केही दिनमा नै त्यसलाई विषजस्तो प्रतीत हुन थाल्दछ, यसैगरी जब सदा तिनीहरूले सुख भोग्नेछन् भने त, उनीहरूलाई सुख नै दुःखरूप हुन जानेछ, यसैले महाकल्प पर्यन्त मुक्तिसुख भोगेर पुनर्जन्म पाउनु नै सत्य सिद्धान्त हो ॥११२॥

**मूल–११३– र यी नगर (बस्ती) हरू हुन् जसलाई हामीले नष्ट गरिदियौं, जब कि तिनीहरू अत्याचारी हुन गए र मैले उनीहरूको विनाशको लागि एक समय निर्धारित गरेको थिएँ ॥**

–मंजिल ४/सिपारा १५/१८ सूरः अल-कहफ/आयत ५९ ॥

**समीक्षक–** भला ! बस्तीभरी पूराका पूरा कहिल्यै पापी हुन सक्दछन् ? र पछिबाट प्रतिज्ञा गर्नाले ईश्वर सर्वज्ञ रहेन, किनभने जब उनीहरूको अत्याचार देख्यो तब नै प्रतिज्ञा गऱ्यो, पहिला जान्दैनथ्यो । यसैले दयाहीन पनि ठहरियो ॥११३॥

**मूल–११४– र छोराको मामला यो थियो कि उसका माता-पिता ईमानमा थिए, मलाई सन्देह भयो कि त्यो बढेर ठूलो भएपछि आफ्नो विद्रोह र अवज्ञाले उनीहरूलाई कष्ट पुऱ्याउनेछ ॥ यहाँसम्म कि त्यो सूर्यास्त हुने स्थानसम्म पुग्यो, उसले सूर्यलाई देख्यो कि त्यो मैलो कालो पानीमा डुब्दै थियो र त्यसलाई त्यहाँ एउटा जत्था मिल्यो ॥ उनीहरूले भने कि ऐ जुलकरनैन ! निश्चय याजूज र माजूजले पृथ्वीमा उत्पात मच्चाउँछन् ॥** –मंजिल ४/सिपारा १६/१८ सूरः अल-कहफ/आयत ८०, ८६, ९४ ॥

**समीक्षक–** भला ! यो खुदाको कति बेसमझपना हो ! शङ्काले डरायो कि यो केटाले कतै आफ्नो आमा-बुबालाई मेरो मार्गदेखि बहकाएर उल्लङ्घन गरिदिन सक्दछ । यो कुनै हालतले पनि ईश्वरको कुरा हुन सक्दैन । अब अगाडिको अविद्याको कुरा हेर्नुहोस् कि यस किताबलाई बनाउनेवालाले सूर्यलाई एउटा तालमा रात्रिमा डुब्दै गरेको जान्दछ, फेरि प्रातःकाल निक्लन्छ । भला ! सूर्य त पृथ्वीदेखि कयौं गुणा ठूलो छ, त्यो नदी वा ताल वा समुद्रमा कसरी डुब्न सक्दछ ? यसबाट यो विदित हुन्छ कि कुरानलाई बनाउनेवालासँग भूगोल र खगोलको विद्या थिएन । यदि हुन्थ्यो भने त यस्तो विद्याविरुद्ध कुरा किन लेख्थ्यो ? र यस पुस्तकलाई मान्नेवालाहरूसँग पनि विद्या छैन । यदि हुन्थ्यो भने त यस्तो मिथ्या कुराहरूले युक्त पुस्तकलाई किन मान्दछन् ? अब हेर्नुहोस् खुदाको अन्याय ! आफै नै पृथ्वीलाई बनाउनेवाला राजा न्यायाधीश हो र याजूज माजूजलाई पृथ्वीमा दङ्गा-फसाद पनि गर्न दिन्छ । यो ईश्वरको कुरादेखि विरुद्ध छ । यसैले यस पुस्तकलाई जङ्गली मान्छेहरूले मान्ने गर्दछन्, विद्वान्ले होइन ॥११४॥

**मूल–११५– र किताबमा मरियमको वर्णन गर, जब कि त्यो आफ्ना मान्छेहरूदेखि अलग भएर पूर्वी स्थानमा जाँदी भई ॥ फेरि उसले आफूलाई पर्दामा राखी र मैले उसलाई एउटा फरिश्ता पठाइदिएँ जुन उसको सामुन्ने पूरा मनुष्य बनेर उभियो ॥ मरियमले भनी, मैले तँबाट बच्नको लागि कृपालु अल्लाहको शरण लिन्छु यदि तँ अल्लाहदेखि डराउँछस् भने ॥ उसले भन्यो, मलाई तिम्रो अल्लाहले पठाएको हो ताकि मैले तिमीलाई एक पवित्र पुत्र दिऊँ ॥ मरियमले भनी कि मबाट कसरी पुत्र हुनेछ जब कि कुनै मनुष्यले मलाई छोएको पनि छैन र न त म वेश्या नै हूँ ॥ अत मरियमले त्यसको गर्भ उठाई र त्यसलाई लिएर एक दूरवर्ती स्थानमा जाँदी भई ॥**

–मंजिल ४/सिपारा १६/१९ सूरः मरियम/आयत १६, १७, १८, १९, २०, २२ ॥

**समीक्षक–** अब बुद्धिमानीहरूले विचार गर्नुहोस् कि फरिश्ता सबै खुदाका नै आत्मा (रूह) हुन् भने त, खुदादेखि अलग पदार्थ हुन सक्दैनन् । र शैतान पनि नापाक रूह (अपवित्र आत्मा) खुदाको नै हो भने त, खुदा नै नापाक भयो । यदि यस्तै हो भने त यस्ता नापाक खुदाका भक्त पाक (पवित्र) कसरी हुन सक्दछन् ? दोस्रो यो अन्याय कि मरियम कुमारीको पुत्र हुनु, कसैको सङ्ग गर्न चाहँदैनथी परन्तु खुदाको हुकुमबाट फरिश्ताले उसलाई बलात्कार गरेर गर्भवती बनाइदियो, यो न्यायदेखि विरुद्ध कुरा हो । यहाँ अन्य पनि थुप्रै असभ्यताका कुराहरू लेखिएका छन् तिनीहरूलाई लेख्न उचित सम्झिन ॥११५॥

**मूल–११६– के तिमीले देखेनौ कि मैले काफिर (अवज्ञाकारी) हरूमाथि शैतानलाई छोडिदिएको छु, त्यसले उनीहरूलाई अत्यधिक बहकाइरहेको छ ॥** –मंजिल ४/सिपारा १६/१९ सूरः मरियम/आयत ८३ ॥

**समीक्षक–** जब खुदाले नै शैतालाई बहकाउनको लागि पठाउँछ भने त, बहकिनेहरूको केही दोष हुन सक्दैन, न उनीहरूलाई दण्ड नै हुन सक्दछ, न त शैतानलाई, किनभने यो सबै खुदाको हुकुमबाट भएको हुन्छ, यसको फल खुदालाई हुनुपर्दछ । यदि त्यो सच्चा न्यायकारी हो भने त दोजख (नरक) को फल आफैले भोगोस् र यदि न्यायलाई छोडेर अन्याय गऱ्यो भने त अन्यायकारी भयो । अन्यायकारीलाई नै पापी भन्दछन् ॥११६॥

**मूल–११७– हो, जसले तौबा गर्दछ, ईमान ल्याउँछ, भलो कर्म गर्दछ र सन्मार्गमा रहन्छ भने त त्यसको लागि म धेरै भन्दा धेरै क्षमा गर्दछु ॥** –मंजिल ४/सिपारा १६/२० सूरः ताहा/आयत ८२ ॥

**समीक्षक–** जुन तौबाले पाप क्षमा गर्ने कुरा कुरानमा लेखिएकोछ, त्यो सबैलाई पापी गराउनको लागि मद्दत हो । किनभने पापीहरूलाई पाप गर्नको लागि यसबाट साहस धेरै बढ्नेछ । यसैले यो पुस्तक र यसलाई बनाउनेवाला पापीहरूलाई पाप गराउनमा हौसला बढाउनेवाला हो । यसैले यो पुस्तक परमेश्वरकृत र यसमा भनिएको परमेश्वर पनि हुन सक्दैन ॥११७॥

**मूल–११८– जसलाई मैले चाहें बचाएँ, र हद नाघ्नेहरूलाई मैले नष्ट गरिदिएँ ॥ अल्लाह, सिंहासनको स्वामी, ती कुराहरूबाट पवित्र छ जुन यिनीहरूले बयान गर्दछन् ॥ र मैले धर्तीमा पहाड बनाएँ कि यिनीहरूलाई लिएर त्यो नझुकोस् नहल्लियोस् ॥**

–मंजिल ४/सिपारा १७/२१ सूरः अल-अम्बिया/आयत ९, २२, ३१ ॥

**समीक्षक–** हेर्नुहोस् दङ्गा-फसाद लुटमार ! कि जसलाई चाह्यो माऱ्यो र जसलाई चाह्यो बचायो । राम्रो-नराम्रो कर्मको अपेक्षा केही पनि गर्दैन । जब सातौं आकाशको गद्दीको निवासी अल्लाह हो भने त, त्यो सबै जगत्‌को स्रष्टा, धर्ता, ज्ञाता कहिल्यै हुन सक्दैन । यदि कुरानलाई बनाउने वालाले पृथ्वीको घुम्ने आदि कुरा जान्दथ्यो भने त्यो कुरो कहिल्यै भन्ने थिएन कि पहाडहरू राखिदिनाले पृथ्वी हल्लिंदैन । शङ्का भयो कि यदि पहाड नराखेको भए त हल्लिने थियो ! यतिभाँति भन्दा पनि भूकम्पमा किन हल्लिन पुग्दछन् ? ॥११८॥

**मूल–११९– र त्यो महिला जसले आफ्नो सतीत्वलाई बचाई, तब मैले उसभित्र आफ्नो आत्मा फुकिदिएँ, त्यसलाई र त्यसको छोरालाई सारा संसारको लागि एक निशानी बनाइदिएँ ॥**

–मंजिल ४/सिपारा १७/२१ सूरः अल-अम्बिया/आयत ९१ ॥

**समीक्षक–** यस्तो अश्लील कुराहरू खुदाको पुस्तक, खुदाको र सभ्य मनुष्यको पनि हुन सक्दैन । जब कि मनुष्यहरूमा यस्ताखाले कुराहरू लेख्न शोभनीय मानिंदैन भने परमेश्वरको सामुन्ने कसरी राम्रो हुन सक्दछ ? यस्ता कुराले कुरान दूषित हुन्छ । यदि राम्रा कुराहरू हुन्थे भने त अति प्रशंसा हुन्थ्यो जस्तो वेदको ॥११९॥

**मूल–१२०– के तिमीले देखेनौ अल्लाहलाई नै नमन गर्दछन्, ती सबै जो आकाशमा छन् र धर्तीमा छन्, र सूर्य, चन्द्र, तारा, पहाड, वृक्ष, जनावर र थुप्रै मनुष्य ॥ निस्सन्देह अल्लाह ती मान्छेहरूलाई, जसले ईमान ल्याए र तिनीहरूले राम्रो कर्म गरे, यस्तो बगैंचामा प्रवेश गराउनेछ कि जसको तल नहर बगिरहेको हुनेछ, वहाँ सुनका र मोतीका आभूषणले विभूषित गराइँनेछ र उनीहरूको परिधान (वस्त्र) रेशमी हुनेछ ॥ र मेरो घरलाई परिक्रमा गर्नेवालाहरू, उभिनेहरू र झुक्नेहरू र नमन गर्नेहरूका लागि पवित्र-सफा राख्नू ॥ फेरि उनीहरूले मैलो कुचैलो दूर गरून् र आफ्नो भाकल पूरा गरून् र यस पुरातन (कदीम) घरको परिक्रमा गरून् ॥ र प्रत्येक समुदायको लागि मैले कुरबानीको विधान गरिदिएँ, ताकि उनीहरूले ती चौपायमाथि अल्लाहको नाम लिऊन् ॥**

–मंजिल ४/सिपारा १७/२२ सूरः अल-हज/आयत १८, २३, २६, ३४ ॥

**समीक्षक–** भला ! जुन जड वस्तु हुन्, तिनले परमेश्वरलाई जान्न नै सक्दैनन्, फेरि उनीहरूले त्यसको भक्ति कसरी गर्न सक्दछन् ? यसैबाट यो पुस्तक ईश्वरकृत त कहिल्यै हुन सक्दैन, किन्तु कुनै भ्रान्तले बनाएको देखिन्छ । वाह ! बडो असल स्वर्ग छ, जहाँ सुन र मोतीका गहना र रेशमी लुगा लगाउन मिल्ने । यो स्वर्ग यहाँका राजाहरूको महल भन्दा केही विशेष देखिंदैन । र जब परमेश्वरको घर छ भने त, त्यो त्यसै घरमा बस्ने पनि गर्दछ होला । फेरि बुत्परस्ती किन भएन ? र दोस्रा बुत्परस्तहरूको खण्डन किन गर्दछन् ? जब खुदाले भेटी लिन्छ, आफ्नो घरको परिक्रमा गर्नलाई आज्ञा दिन्छ र पशुलाई मारेर ख्वाउँछ भने त, यो खुदा मन्दिरवाला र भैरव, दुर्गाकै सदृश भयो र महाबुत्परस्तीलाई चलाउनेवाला भयो । किनभने मूर्तिहरू भन्दा मस्जिद ठूलो बुत् हो । यसैले खुदा र मुसलमान ठूला बुत्परस्त र पुराणी तथा जैनी साना बुत्परस्त भए ॥१२०॥

**मूल–१२१– फेरि कयामतको दिन तिमीलाई निश्चय नै उठाइँनेछ ॥**

–मंजिल ४/सिपारा १८/२३ सूरः अल-मोमिनून/आयत १६ ॥

**समीक्षक–** कयामतसम्म मुर्दाहरू चिहान (कबर) मै रहँनेछन् कि अन्य ठाउँमा ? यदि वहीं रहन्छन् भने त सडेर दुर्गन्धरूपी शरीरमा रहेर पुण्यात्माले पनि दुःख भोग गर्नेछन् ? यो न्याय अन्याय हो । र दुर्गन्ध अधिक भएर रोगोत्पत्ति गराउनाले खुदा र मुसलमान पापभागी हुनेछन् ॥१२१॥

**मूल–१२२– त्यस दिन जब कि उनीहरूको मुखले उनकै विरुद्ध साक्षी दिनेछ र उनका हात र खुट्टाले पनि ती कर्महरूलाई जुन कि तिनीहरूले गर्दथे ॥ अल्लाह आकाश र पृथ्वीको प्रकाशक हो, उसको प्रकाशको उदाहरण यस्तो छ कि– एक ताक उसमा एक दीपक छ, दीपक एक पानसको भित्र छ । पानस यस्तो छ कि एक चम्किलो तारा, त्यो जैतूनको एक यस्तो विभूतिपूर्ण वृक्षको तेलबाट बालिन्छ, जो न पूर्वी हो न पश्चिमी, त्यसको तेल यस्तो छ कि मानौं बिना आगोले छोएर स्वयं बल्दछ, प्रकाशको माथि प्रकाश, अल्लाहले आफ्नो प्रकाशको मार्ग देखाउँछ, जसलाई चाहन्छ र अल्लाह मनुष्यको लागि उदाहरण बयान गर्दछ अनि उसले हर चीजलाई जान्दछ ॥**

–मंजिल ४/सिपारा १८/२४ सूरः अन-नूर/आयत २४, ३५ ॥

**समीक्षक–** हात खुट्टा आदि जड हुनाले कहिल्यै गवाही (साक्षी) दिन सक्दैनन्, यो कुरो सृष्टिक्रमदेखि विरुद्ध हुनाले मिथ्या हो । के खुदा आगाको बिजुली हो ? जस्तो दृष्टान्त दिइएको छ, त्यस्तो दृष्टान्त ईश्वरमा घट्न सक्दैन । हो, कुनै साकार वस्तुमा घट्न सक्दछ ॥१२२॥

**मूल–१२३– र अल्लाहले प्रत्येक जीवधारीलाई पानीबाट उत्पन्न गर्‍यो, फेरि ती मध्येमा कुनै आफ्नो पेटको सहाराले चल्दछन्, कुनै दुई खुट्टाले, कुनै चार खुट्टाले, अल्लाहले पैदा गर्दछ जो उसले चाहन्छ ॥ र जो व्यक्ति अल्लाह र उसका रसूलको आज्ञापालन गर्दछ र त्यो अल्लाहसँग डरोस् र उसको विरोधदेखि बचोस् त सफल हुनेछ ॥ भन्नु कि खुदा र रसूलको आज्ञा पालन गर्‍यौ भने त तिमीमाथि दयाले वास गर्नेछ ॥**

–मंजिल ४/सिपारा १८/२४ सूरः अन-नूर/आयत ४५, ५२, ५४, ५६ ॥

**समीक्षक–** यो कुनचाहिं फिलोसफी हो कि जुन जनावरहरूको शरीरमा सबै तत्त्व देखिन्छन् र भन्ने कि केवल पानीबाट उत्पन्न गर्‍यो ? यो केवल अविद्याको कुरा हो । जब अल्लाहको साथ पैगम्बरको सेवा गर्न भनिएको छ भने त खुदाको शरीक भयो कि भएन ? यदि यस्तै हो भने त खुदालाई लाशरीक किन कुरानमा लेखियो र भन्दछौ ? ॥१२३॥

**मूल–१२४– जुन दिन आकाश एक बादलको साथमा फाट्नेछ र फरिश्ताहरू लगातार उतारिने छन् ॥ अतः तिमीले काफिरहरूको कुरा नमान र कुरानको माध्यमबाट उनीहरूसँग भयङ्कर जोडको तोडले जिहाद (संघर्ष) गर ॥ सिवाय त्यसको जो फिरेर आयो र ईमान ल्यायो अनि राम्रो कर्म गर्‍यो, यस्ता जनहरूको नराम्रा कामलाई राम्रा काममा बदलिदिनेछ ॥ र जसले तौबा गर्‍यो र राम्रो कर्म गर्‍यो भने त निश्चय नै त्यो व्यक्ति अल्लाहतिर फर्किरहेछ, जस्तो कि फर्कने हक छ ॥**

–मंजिल ४/सिपारा १९/२५ सूरः अल-फुरकान/आयत २५, ५२, ७०, ७१ ॥

**समीक्षक–** यो कुरो कहिल्यै साँचो हुन सक्दैन कि आकाश बादलको साथमा फाट्नेछ । यदि आकाश कोई मूर्तिमान् पदार्थ हो भने त बल्ल फाट्न सक्दछ । यो मुसलमानहरूको कुरान र खुदा शान्तिभङ्ग गरेर आतङ्कित पार्दै झगडा मच्चाउनेवाला हो, त्यसैले धार्मिक विद्वान्हरू यसलाई मान्दैनन् । यो पनि बडो राम्रो न्याय भयो कि जो पाप र पुण्यको हेराफेरी गरिदिने ? के यो तिल र मासको जस्तो कुरा हो जुन साटफेर गरिदिने ? यदि तौबा गर्नाले पाप छुट्ने र ईश्वर मिल्ने भए त कसैले पनि पाप गर्नबाट डराउनेछैन, यसैले यी सबै कुराहरू विद्यादेखि विरुद्ध छन् ॥१२४॥

**मूल–१२५– र मैले मूसालाई सन्देश पठाएँ कि मेरा मान्छेहरूलाई लिएर रातैमा निस्कनु, निश्चय नै तिम्रो पिछा गरिनेछ ॥ अतः फिरऔनले एकत्र गर्नेवालाहरूलाई दूत बनाएर नगरहरूमा पठायो ॥ जसले मलाई पैदा गर्‍यो, उसैले मेरो मार्गदर्शन गर्दछ ॥ र उसैले मलाई ख्वाउने पियाउने गर्दछ ॥ र त्यही हो जोसँग मैले आशा राख्दछु कि कयामतको दिनमा मेरो गलतीहरूलाई क्षमा गरिदिनेछ ॥**

–मंजिल ५/सिपारा १९/२६ सूरः अश-शुआरा/आयत ५२, ५३, ५४, ७८, ७९ ८२ ॥

**समीक्षक–** जब खुदाले मूसातिर त्यही पठायो पुनः दाऊद, ईसा र मुहम्मद साहेबतिर किताब किन पठायो ? किनभने परमेश्वरको कुरा सदा एउटै र बिना भुलचुकको हुन्छ । र त्यसको पछाडि कुरानसम्म पुस्तकहरूको रूपमा पठाउनु पहिलो पुस्तकलाई अपूर्ण, भुलयुक्त मानिनेछ । यदि यी तीन पुस्तक साँचा हुन् भने त यो कुरान झुटो होला । चारै जनाको जुन कि परस्पर प्रायः विरोध राख्दछन् उनीहरूको सर्वथा सत्य हुन नै सक्दैन । यदि खुदाले रूह अर्थात् जीव पैदा गरेको हो भने त तिनीहरू मरेर पनि जानेछन् अर्थात् तिनीहरूको कहिले न कहिले अभाव हुन पनि जानेछ । यदि परमेश्वरले नै मनुष्यादि प्राणीहरूलाई ख्वाउने पियाउने गर्दछ भने त कसैलाई रोग नहुनुपर्ने हो र सबैलाई तुल्य भोजन दिनुपर्ने हो । पक्षपातले एकलाई उत्तम र दोस्रोलाई निकृष्ट जस्तो कि राजा र कङ्गाललाई श्रेष्ठ र निकृष्ट भोजन मिल्दछ यस्तो हुनुहुँदैन । जब परमेश्वर नै ख्वाउने पियाउने र पथ्य गराउनेवाला हो भने त रोग नै नहुनुपर्ने हो परन्तु मुसलमान आदिलाई पनि रोग हुन्छन् । यदि खुदाले नै रोगलाई छुटाएर आराम गराउनेवाला हो भने त मुसलमानहरूको शरीरमा रोग नरहनुपर्ने हो । यदि रहन्छ भने त खुदा पूरा वैद्य भएन । यदि पूर्णवैद्य हो भने त मुसलमानहरूको शरीरमा रोग किन रहन्छन् ? यदि उसैले मार्ने र ब्युँताउने गर्दछ भने त उसै खुदालाई पाप पुण्य लाग्दछ होला । यदि जन्म जन्मान्तरको कर्मानुसार व्यवस्था गर्दछ भने त उसको कुनै पनि अपराध छैन । त्यो पापलाई क्षमा र न्याय कयामतको रातमा गर्दछ भने त खुदा पाप बढाउनेवाला भएर पापयुक्त हुनेछ । यदि क्षमा गर्दैन भने त यो कुरानको कुरा झुट्टो ॥१२५॥

**मूल–१२६– तिमी मात्र मजस्तै मनुष्य हौ, यदि तिमी सच्चा हौ भने त कुनै निशानी ल्याएर देखाइदेऊ ॥ सालेहले भन्यो यो एउटा ऊँटनी छ, यसको लागि पानी पिउने एउटा पालो हो, र एउटा निर्धारित दिनको पालो तिम्रो हो ॥** –मंजिल ५/सिपारा १९/२६ सूरः अश-शुआरा/आयत १५४, १५५ ॥

**समीक्षक–** यो खुदालाई शङ्का र अभिमान किन भयो कि तँ मजस्तै होइनस्, र ऊँटनीको निशानी दिनु केवल जङ्गली व्यवहार हो, ईश्वरकृत होइन । यदि यो किताब ईश्वरकृत हुन्थ्यो भने त यस्तो व्यर्थ कुराहरू यसमा हुनेथिएन ॥१२६॥

**मूल–१२७– ऐ मूसा, यो म हूँ अल्लाह, शक्तिशाली र विवेकशील ॥ र तिमीले आफ्नो लट्ठी राखिदेऊ, फेरि जब उसले त्यसलाई यसरी चलेको देख्यो कि जसरी सर्प हो, ऊ पछाडितिर मोडियो र फर्केर हेरन, ऐ मूसा नडरा, मेरो सामुन्ने पैगम्बर डराउने गर्दैनन् ॥ अल्लाहको सिवा दास्रो कोई उपास्य छैन, स्वामी महान् सिंहासनको ॥ मेरो मुकाबिलामा विद्रोह नगर र मुसलमान बनेर मेरो साथमा आओ ॥**

–मंजिल ५/सिपारा १९/२७ सूरः अन-नम्ल/आयत ९, १०, २६, ३१ ॥

**समीक्षक–** अरू पनि हेर्नुहोस् ! आफ्नो मुखबाट आफै अल्लाह बडो जबरदस्त बन्दछ । आफ्नो मुखबाट आफ्नै प्रशंसा गर्नु श्रेष्ठ पुरुषहरूको पनि काम होइन, खुदाको कसरी हुन सक्दछ ? तब नै इन्द्रजालको खेल देखाएर, जङ्गली मनुष्यहरूलाई वशमा गरेर आफै खुदा बनेर बस्यो । यस्तो कुरो ईश्वरको पुस्तकको कहिल्यै हुन सक्दैन । यदि त्यो महान् सिंहासन अर्थात् सातौं आकाशको मालिक हो भने त, त्यो एकदेशी हुनाले ईश्वर नै हुन सक्दैन । यदि बराबरी गर्न नराम्रो हो भने त खुदाले, मुहम्मद साहेब र फरिश्ताहरूले ईमान ल्याउने, सेवा गर्नमा साथमा किन मिलायो, यसबाट बराबरी भयो कि भएन ? यसैले यो कुरान पुनरुक्त र पूर्वापर विरुद्ध कुराहरूले भरिएको छ ॥१२७॥

**मूल–१२८– र तिमीले पहाडहरूलाई देखेर सम्झन्छौ कि ती जमेका छन्, र ती हिंड्दछन् जसरी बादल हिंड्दछन्, यो अल्लाहको कारीगरी हो जसले हर वस्तुलाई सुदृढ गरेको छ, निस्सन्देह उसले खबरदारी राख्दछ जे तिमीले गर्दछौ ॥** –मंजिल ५/सिपारा २०/२७ सूरः अन-नम्ल/आयत ८८ ॥

**समीक्षक–** भला ! बादलको जस्तै गरेर पहाड चल्नु कुरान बनाउनेवालाको देशमा हुन्छ होला, अन्यत्र होइन । र खुदाको खबरदारी त शैतान बागीलाई नपक्रने र न दण्ड दिनेबाट नै विदित हुन्छ कि जसले जाबो एउटा बागीलाई पनि जबसम्म पक्राउमा आउँदैन, दण्ड पाउँदैन । यस भन्दा अधिक असावधानीता के होला ? ॥१२८॥

**मूल–१२९– तब मूसाले उसलाई मुड्किले हिर्कायो र उसको प्राणपखेरु उडाइदियो, ॥ उसले भन्यो ऐ मेरो अल्लाह ! मैले आफूमाथि नै अत्याचार गरेको छु, अतः तैंले मलाई क्षमा प्रदान गरिदे, तब अल्लाहले उसलाई क्षमा गरिदियो, निस्सन्देह ऊ क्षमा गर्नेवाला दयालु छ ॥ र तेरो मालिकले पैदा गर्दछ जो चाहन्छ र उसले मन पराउँछ जसलाई चाहन्छ ॥**

–मंजिल ५/सिपारा २०/२८ सूरः अल-कसस/आयत १५, १६, ६८ ॥

**समीक्षक–** अब अन्य पनि हेर्नुहोस् ! मुसलमान र ईसाईहरूको पैगम्बर र खुदाको मूसा पैगम्बरले मनुष्यको हत्या गर्ने र खुदाले क्षमा गर्ने, यी दुवै अन्यायकारी हुन् कि होइनन् ? के आफ्नो इच्छाबाटै जस्तो चाहन्छ त्यस्तै उत्पत्ति गर्दछ ? के उसले आफ्नो इच्छाबाटै एउटालाई राजा, अर्कोलाई कङ्गाल र एउटालाई विद्वान् र अर्कोलाई मूर्खादि बनाएको हो ? यदि यस्तै हो भने त यो अन्यायकारी हुनाले कुरान सत्य र यो खुदा नै हुन सक्दैन ॥१२९॥

**मूल–१३०– र मैले मनुष्यलाई सचेत गराएँ कि उसले आफ्ना माता-पिताको साथमा राम्रो व्यवहार गरोस्, यदि उनीहरूले तँमाथि दबाव पारेमा कि तैंले मेरो यस्तो चीजलाई साक्षी बनाउने जसको बारेमा तँलाई ज्ञान छैन, तब उनीहरूले भनेको नमान्नू, तिमीहरू सबै फर्केर मकहाँ नै आउनुछ, त्यतिवेला फेरि बताइदिनेछु कि जे-जे तिमीले गरेका थियौ ॥ र मैले नूहलाई उसको कुलतिर पठाइदिएँ, तब त्यो पचास वर्ष कम एक हजार (९५०) वर्ष उनीहरूसँग रह्यो, फेरि तिनीहरूलाई तुफानले लपेटचो र तिनीहरू अत्याचारी थिए ॥** –मंजिल ५/सिपारा २०-२१/२९ सूरः अल-अन्कबूत/आयत ८, १४ ॥

**समीक्षक–** माता-पिताको सेवा गर्नु त राम्रो नै हो । यदि खुदाको साथ शरीक गर्नको लागि भनेमा त उनीहरूले भनेको नमान्नु यो पनि ठीक हो, परन्तु यदि माता-पिता मिथ्याभाषणादि गर्नको लागि आज्ञा दिन्छन् भने त के मान्नुपर्दछ ? त्यसैले यो कुरा आधा ठीक र आधा बेठीक छ । के नूह आदि पैगम्बरलाई मात्रै खुदाले संसारमा पठाउँछ भने त, अन्य जीवहरूलाई कसले पठाउँछ ? यदि सबैलाई उसैले पठाउँछ भने त सबै पैगम्बर किन भएनन् ? यदि पहिला मनुष्यको आयु हजार वर्षको हुन्थ्यो भने त अहिले किन हुँदैन ? यसैले यो कुरो ठीक होइन । यदि खुदाको न्याय घरमा पनि तल टाउको, माथि खुट्टा बाँधेर दण्ड दिइने गरिन्छ भने त त्यस भन्दा आजभोलिको यहाँको राज नै ठीक छ । आजभोलि दण्ड त दिइन्छ, परन्तु खुट्टा तल टाउको माथि नै राखिन्छ । यदि यस्तै दण्ड भएमा पनि मनुष्यहरूमा संघटित हुन सक्दछ ॥१३०॥

**मूल–१३१– अल्लाहले सृष्टिको आरम्भ गर्दछ, फेरि उसैले त्यसको पुनरावृत्ति गर्दछ, फेरि त्यतैतिर तिमीहरू फर्कनेछौ ॥ जुन दिन कयामत हुनेछ, त्यस दिन अपराधीहरू निराश रहनेछन् ॥ अतः जसले ईमान ल्याए र उनीहरूले राम्रा कर्म गरे, तिनीहरू स्वर्गको एक बगैंचामा आभूषण सहित प्रसन्नतापूर्वक रहँनेछन् ॥ यदि मैले अर्कै हावा पठाइदिएँ भने जसको प्रभावले तिनीहरूले खेतीलाई पहेंलो भएको देख्नेछन् ॥ यस प्रकार अल्लाहले ती मान्छेहरूको हृदयमा मोहर लगाइदिन्छ जो अज्ञानी हुन्छन् ॥**

–मंजिल ५/सिपारा २१/३० सूरः अर-रुम/आयत ११, १२, १५, ५१, ५९ ॥

**समीक्षक–** यदि अल्लाह दुई पटक उत्पत्ति गर्दछ तेस्रो पटक होइन भने त उत्पत्तिको आदि र दोस्रो पटकको अन्तमा निकम्मा बस्दैराख्दछ होला ? र एक तथा दुई पटक उत्पत्तिको पश्चात् उसको सामर्थ्य निकम्मा र व्यर्थ हुन जानेछ । यदि न्याय गर्नको लागि दिन नराखेर, रात राख्ने हो भने त गवर्गण्ड-जस्तो लीला हुन जानेछ । न्याय त दिनमा नै गर्न सर्वत्र प्रसिद्ध छ । यसैले यो मुसलमान र मुसलमानहरूको खुदाको उल्टो कुरा हो । यदि बगैंचामा राख्न र श्रृङ्गार पहिराउन नै मुसलमानहरूको स्वर्ग हो भने त यसै संसारको जस्तै भयो, वहाँ माली र सुनार पनि होलान्, अथवा खुदाले नै माली र सुनार आदिको काम गर्दछ होला । यदि कसैलाई थोरै गहना मिलेमा त चोरी पनि हुन्छ होला र स्वर्गबाट चोरी गर्नेलाई नरकमा पनि हाल्दछ होला । यदि यस्तै हो भने त 'सदा स्वर्गको बगैंचामा रहने' कुरा झुटो हुने भयो । जुन किसानहरूको खेतीमा पनि खुदाको दृष्टि छ, यो विद्या खेती गर्ने अनुभवबाट हुन्छ र यदि मानौं कि खुदाले आफ्नो विद्याले सबै कुरा जान्यो भने तापनि यस्तो भय दिनु आफ्नो घमण्ड प्रसिद्ध गर्नु हो । यदि अल्लाहले जीवहरूको हृदयमा मोहर लगाएर पाप गरायो भने त त्यस पापको भागी वही हुनेछ, जीव होइन । जसरी जय-पराजय सेनाधीशको हुन्छ, त्यसरी नै यो सबै पाप खुदालाई नै प्राप्त हुन जान्छ ॥१३१॥

**मूल–१३२– यी आयतहरू हुन् किताब हिक्मतवालाको ॥ उसले आकाशलाई पैदा गर्‍यो बिना यस्तो खम्बाको जुन तिमीले देख्दछौ, र उसले धर्तीमा पहाड जमाइदियो ताकि डामाडोल भएर नहल्लियोस् ॥ के तिमीले देखेनौ कि अल्लाहले रातलाई दिनमा प्रविष्ट गर्दछ र दिनलाई रातमा प्रविष्ट गर्दछ ॥ के तिमीले देखेनौ कि किश्तीहरू समुद्रमा अल्लाहको अनुग्रहले चल्दछन्, ताकि तिमीलाई आफ्नो केही निशानी देखाओस् ॥**

–मंजिल ५/सिपारा २१/३१ सूरः लुकमान/आयत २, १०, २९, ३१ ॥

**समीक्षक–** वाह जी ! हिक्मतवाली किताब ! कि जसमा सर्वथा विद्यादेखि विरुद्ध आकाशको उत्पत्ति, उसमा खाँबो लगाउने शङ्का र पृथ्वीलाई स्थिर राख्नको लागि पहाड राख्ने कुरा ! थोरैमात्र विद्यावालाले पनि यस्तो लेख कहिल्यै लैख्दैन र न मान्दछ । र हिक्मत हेर कि जहाँ दिन छ वहाँ रात छैन र जहाँ रात छ वहाँ दिन छैन, उसलाई एक दोस्रामा प्रवेश गराउने कुरा लेख्दछ, यो बडो अविद्वान्को करा हो, यसैले यो कुरान विद्याको पुस्तक हुन सक्दैन । के यो विद्याविरुद्धको कुरा होइन कि, डुँगा मनुष्य र उसको क्रियाकौशलादिबाट चल्दछ वा खुदाको कृपाबाट ? यदि फलाम र ढुङ्गाको नौका बनाएर समुद्रमा चलाएमा त खुदाको निशानी डुब्नजान्छ कि जाँदैन ? यसैले यो पुस्तक न विद्वान् र न ईश्वरले बनाएको हुन सक्दछ ॥१३२॥

**मूल–१३३– उसले कार्यको व्यवस्था गर्दछ आकाशदेखि धर्तीसम्म, फेरि सारा मामला उसैतिर फर्कन्छन् एक दिनमा, जसको अवधि तिम्रो गणना अनुसार एक हजार वर्षको हुन्छ ॥ वही नै हो परोक्ष र प्रत्यक्षलाई जान्नेवाला अत्यन्त प्रभुत्वशाली दयालु छ ॥ फेरि त्यसको अङ्ग ठीक गर्‍यो र त्यसमा आफ्नो रूह (आत्मा) फुक्यो ॥ जुन मृत्युको फरिश्ता तिमीमाथि नियुक्त छ, प्राण निकाल्नको लागि त्यसले तिमीलाई पूर्ण रूपले आफ्नो कब्जामा गर्नेछ ॥ यदि मैले चाहन्थें भने त प्रत्येक व्यक्तिलाई उसको आफ्नो सन्मार्ग देखाउँथे, किन्तु मतिरबाट कुरा सिद्ध भैसकेको छ कि मैले जहन्नम (नरक) मा जिन्नहरू र मनुष्यहरूले भरेर राख्नेछु ॥**

–मंजिल ५/सिपारा २१/३२ सूरः अस-सज्दा/आयत ५, ६, ९, ११, १३ ॥

**समीक्षक–** अब ठीक सिद्ध हुन गयो कि मुसलमानहरूको खुदा मनुष्यवत् एकदेशी हो । किनभने यदि व्यापक हुन्थ्यो भने त एकदेशबाट प्रबन्ध गर्ने र चढ्ने उत्रिने कुरा हुन सक्दैनथ्यो । यदि खुदाले फरिश्तालाई फठाउँछ भने पनि आफू एकदेशी हुन गयो । आफू आकाशमा टाँसिएर बसेको छ र फरिश्ताहरूलाई दौडाउँछ । यदि फरिश्ताले घुस लिएर कुनै मामला बिगारिदिएमा वा कुनै मुर्दालाई छोडिदिएमा त खुदालाई के थाहा हुन सक्दछ ? थाहा त उसलाई हुन्छ जो सर्वज्ञ तथा सर्वव्यापक हुन्छ, सो त छँदैछैन; हुन्थ्यो भने त फरिश्ताहरूलाई पठाउने तथा कयौं मान्छेहरूको कयौं प्रकारको परीक्षा लिनको के काम थियो ? र एक हजार वर्षमा प्रबन्ध गर्नाले सर्वशक्तिमान् पनि भएन । यदि मृत्युको फरिश्ता छ भने त त्यस फरिश्तालाई मार्नेवाला मृत्यु कुनचाहिं हो ? यदि त्यो नित्य हो भने त अमरपनमा खुदाको बराबर शरीक भयो । एक फरिश्ता एक समयमा नरक भर्नको लागि जीवहरूलाई शिक्षा गर्दैन र उनीहरूलाई बिना पापको आफ्नो मर्जीले नरकमा भरेर दुःख दिंदै तमाशा हेर्दछ भने त खुदा पापी, अन्यायकारी र दयाहीन हो ।

यस्तो कुरा जुन पुस्तकमा हुन्छ, न त्यो विद्वान् र ईश्वरकृत, फेरि दया न्यायहीन ईश्वर पनि कहिल्यै हुन सक्दैन ॥१३३॥

**मूल–१३४– भनिदेऊ यदि तिमी मृत्यु अथवा मारिन जानबाट भागेमा पनि यो भाग्नु तिम्रो लागि कदापि लाभप्रद हुनेछैन ॥ ऐ नबीकी स्त्रीहरू हो ! तिमीमध्येमा जो कसैले खुला अश्लीलताको कर्ममा लिप्त रहेको पाइएमा त, त्यसको लागि दुईगुणा यातना हुनेछ, र यो अल्लाहको लागि एकदमै सरल छ ॥**

–मंजिल ५/सिपारा २१/३३ सूर: अल-अहजाब/आयत १६, ३० ॥

**समीक्षक**– यो मुहम्मद साहेबले यस कारणले लेखे-लेखाए होलान् कि लडाईंमा कोही पनि नभागून्, हाम्रो विजय होस्, मर्नदेखि पनि नडराऊन्, ऐश्वर्य बढ्दै जाओस् र मजहब पनि बढोस् ? र यदि स्त्रीहरू निर्लज्जतासँग पैगम्बरको सामुन्ने नआउने भने त, के पैगम्बर साहेब निर्लज्ज भएर उनीहरूको सामुन्ने जाने ? र पैगम्बर साहेबमाथि दण्ड नहुने, यो कुन घरको न्याय हो ? ॥१३४॥

**मूल–१३५– र तिमी आफ्नो घरधन्दामै लागि रहनू......रसूलहरूको आज्ञा पालन गर, अल्लाहले चाहन्छ कि तिमी रसूलहरूका घरवालाको मैला दूर गरेर पूर्ण पवित्रता आओस् ॥ फेरि जब जैदले उसको आफ्नो इच्छा पूर्ति गरिसक्यो, मैले तिम्रो र उसको विवाह गराइदिएँ ताकि ईमानवालाहरूमाथि आफ्नो जेठोबाठो छोराको पत्नीहरूको लेपालकको बारेमा कुनै संकोच नरहोस्, जब कि उसले उनीहरूसित आफ्नो आवश्यकतापूर्ति गरोस् र अल्लाहको आज्ञा हुनेवाला नै थियो ॥ रसूलका लागि यसमा कुनै हानि छैन जुन अल्लाहले उसका लागि निर्धारित गरिदिएको होस् ॥ मुहम्मद तिम्रा पुरुषहरूमा कसैको पिता होइनन् ॥ रसूल मैले तिम्रो लागि हलाल (वैध) गरिदिएँ तिम्रा ती पत्नीहरू, जसको भारा तिमीले दिइसकेका छौ र ती महिलाहरू पनि जो तिम्रो स्वामित्वमा छन्, जसलाई अल्लाहले गनिमतमा (इच्छामा) तिमीलाई दिएको हो ॥ ती मध्येमा तिमीले जसलाई चाहन्छौ टाढा राख र जसलाई चाहन्छौ नजिक राख, जसलाई तिमीले टाढा गऱ्यौ ती मध्येमा फेरि कसैलाई बोलाएमा त तिमीमाथि कुनै पाप लाग्नेछैन ॥ ऐ ईमानवालाहरू हो, पैगम्बरका घरमा जाने नगर ॥**

–मंजिल ५/सिपारा २२/३३ सूर: अल-अहजाब/आयत ३३, ३६-३८,४०, ५०, ५१, ५३ ॥

**समीक्षक**– यो बडो अन्यायको कुरा छ कि स्त्री घरमा कैदको समान रहने र पुरुष खुला हिंड्ने । के स्त्रीहरूको चित्तले शुद्ध वायु, शुद्ध देशमा भ्रमण गर्न, सृष्टिका अनेक पदार्थहरूलाई हेर्न मन चाहँदैन होला ? यसै अपराधबाट मुसलमानहरूका केटाहरू विशेष गरेर सैलानी (घुम्ने) र विषयी हुन्छन् । अल्लाह र रसूलको एक अविरुद्ध आज्ञा छ वा भिन्न-भिन्न विरुद्ध ? यदि एक हो भने त दुइटैको आज्ञा पालन गर भन्नु व्यर्थ छ र यदि भिन्न-भिन्न विरुद्ध हो भने त एउटा साँचो अर्को झुटो ? एउटा चाहिं खुदा अर्को चाहिं शैतान हुन जानेछ । र शरीक पनि हुनेछ ? वाह कुरानका खुदा र पैगम्बर तथा कुरानलाई ! जसलाई दोस्राको मतलब नष्ट गरेर आफ्नो मतलब सिद्ध गर्न इष्ट हुन्छ यस्तै लीला अवश्य रच्दछ । यसबाट यो पनि सिद्ध हुन्छ कि मुहम्मद साहेब बडो विषयी थिए । यदि हुँदैनथे भने त लेपालककी स्त्री जुन कि पुत्रकी स्त्री थी, आफ्नी स्त्री किन बनाए ? फेरि यस्ता कुरा गर्नेवालाका खुदा पनि पक्षपाती बन्यो र अन्यायलाई न्याय ठहऱ्यायो । भला कोई मनुष्यहरूमा जङ्गली भएमा पनि त्यसले आफ्नी बुहारीलाई छोडिदिन्छ र यो कति ठूलो अन्यायको कुरा हो कि नबीलाई विषयासक्तिको लीला गर्नमा कत्ति पनि रोकावट छैन ! यदि नबी कसैको बाउ थिएन भने त जैदले पाएको लेपालक छोरो कसको थियो ? र किन लेखियो ? यो उसै मतलबको कुरा हो कि जसबाट बुहारीलाई पनि घरमा राख्नाले पैगम्बर साहेब बच्न सकेनन्, अन्यसित त कसरी बचे होलान् र ? यस्तो चतुराईबाट पनि नराम्रो कुरोमा चुकेर निन्दा हुनबाट कहिल्यै पनि छुट्न सक्दैन । के जो पराई स्त्री पनि नबीसँग प्रसन्न भएर विवाह गर्न चाहेमा पनि हलाल हुन्छ ? र यो महा अधर्मको कुरा हो कि नबीले त जुन स्त्रीलाई चाहन्छ छोडिदिने र मुहम्मद साहेबकी स्त्रीहरू यदि पैगम्बर अपराधी भएमा पनि कहिल्यै छोड्न नपाउने ! जसरी पैगम्बरका घरमा अन्य कोई व्यभिचार दृष्टिले प्रवेश नगर्ने हो भने त, त्यसै गरी पैगम्बर साहेब पनि कसैको घरमा प्रवेश गर्नहुँदैन । के नबी जो कसैको घरमा चाहिं निश्शङ्क प्रवेश गर्ने र माननीय पनि हुने ? भला ! कुन त्यस्तो हृदयको अन्धो होला कि जो यस कुरानलाई ईश्वरकृत र मुहम्मद साहेबलाई पैगम्बर र कुरानोक्त ईश्वरलाई परमेश्वर मान्न सक्ने । बडो आश्चर्यको कुरा छ कि यस्तो युक्तिशून्य धर्मविरुद्ध कुराहरूलाई अरबदेश निवासी आदि मनुष्यहरूले यस मतलाई कसरी माने ! ॥१३५॥

**मूल–१३६– रसूललाई कष्ट पुऱ्याउनु तिम्रो लागि योग्य हुँदैन, साथै यो पनि कहिल्यै नगर्नू कि उनका पछाडि उनकी श्रीमतीहरूसँग विवाह, निश्चय नै अल्लाहको दृष्टिमा यो महा पाप हुनेछ ॥ जसले अल्लाह र उसका पैगम्बरलाई कष्ट दिन्छन्, अल्लाहले तिमाथि संसार र परलोकको लागि फट्कार गर्दछ, तिनीहरूका लागि अपमानित यातना तयार गरेर राखेको छ ॥ र जसले मुसलमान महिला र पुरुषहरूलाई**

**दुःख दिन्छन् बिना अपराधको, तिनीहरूले आरोप र स्पष्ट पापको बोझ उठाए ॥ फट्कार पाउनेछन्, पक्राउ खानेछन् र नराम्रोसँग मारिनेछन् ॥ ऐ हाम्रो रब, उनीहरूलाई दुई गुणा यातना दे, र तिनीहरूमाथि भारी फट्कार गर ॥** –मंजिल ५/सिपारा २२/३३ सूरः अल-अहजाब/आयत ५३, ५७, ५८, ६१, ६८ ॥

**समीक्षक–** वाह ! के खुदाले आफ्नो खुदाईलाई धर्मको साथ देखाइरहेको छ ? जस्तो रसूललाई दुःख दिन निषेध गर्नु त ठीक हो परन्तु दोस्रालाई दुःख दिनमा रसूललाई पनि रोक्नु योग्य थियो, किन रोकेन ? के कसैले दुःख दिनाले अल्लाह पनि दुःखी हुन जान्छ ? यदि यस्तै हो भने त त्यो ईश्वर नै हुन सक्दैन । के अल्लाह र रसूललाई दुःख दिनाको निषेध गर्नाले यो सिद्ध हुँदैन कि अल्लाह र रसूलले जसलाई चाहन्छन् दुःख दिने ? जसरी मुसलमान पुरुष र महिलालाई दुःख दिनु नराम्रो हो भने त यिनीहरूबाट अन्य मनुष्यलाई दुःख दिनु पनि नराम्रो हो । के अन्य सबैलाई दुःख दिनुपर्दछ ? यदि यस्तो मान्ने हो भने त उसको यो कुरो पनि पक्षपातको हुन्छ । वाह दङ्गा मचाउनेवाला खुदा र नबी ! जस्ता यी निर्दयी हुन् त्यस्तै निर्दयी संसारमा एकदमै थोरै मात्र होलान् । जस्तो यहाँ कि 'अन्य जनहरू जहाँसुकै पाइयून्, मारियून्, पक्राउ खाऊन्' जस्ता कुराहरू लेखेका छन्, त्यस्तै मुसलमानहरूमाथि कसैले आज्ञा दिएमा त यो कुरो नराम्रो लाग्दछ वा लाग्दैन होला ? वाह कस्ता हिंस्र पैगम्बर आदि छन् कि जो परमेश्वरको प्रार्थना गरेर आफूबाट दोस्रालाई दुईगुणा दुःख दिनको लागि प्रार्थना गर्न लेखिएको छ । यो पनि पक्षपात मतलबसिन्धुपन र महा अधर्मको कुरा हो । यसैले अहिले पनि मुसलमानहरूमा धेरै शठहरू यस्तै कर्म गर्नमा डराउँदैनन् । यो ठीक हो कि सुशिक्षाको बिना मनुष्य पशुको समान रहन्छ ॥१३६॥

**मूल–१३७– र अल्लाह नै हो जसले हावालाई पठाउँछ, फेरि त्यसले बादललाई उठाउँछ, फेरि हामीले त्यसलाई कुनै एक शुष्क र मृत देशतिर लग्यौं, फेरि त्यसद्वारा धर्तीलाई उसको मृत हुन जानको पश्चात् फेरि जीवित गराइदियौं, यसै प्रकारबाट हुनेछ दोस्रो पटकको ब्युँतने क्रम पनि ॥ जसले हामीलाई आफ्नो उदार कृपाले वास गर्नको लागि यस्तो घरमा उतारेको छ, जहाँ न हामीलाई कष्ट गर्नपर्दछ, न त थकाइ नै लाग्दछ ॥** –मंजिल ५/सिपारा २२/३५ सूरः अल-फातिर/आयत ९, ३५ ॥

**समीक्षक–** वाह कस्तो फिलोसफी खुदाको छ । पठाउँछ वायुलाई, उठाउँदै फिर्दछ बादललाई ! र खुदा त्यसबाट मुर्दाहरूलाई ब्युँताउँदै फिर्दछ । यो कुरो ईश्वरसम्बन्धी कहिल्यै हुन सक्दैन, किनभने ईश्वरको काम निरन्तर एकखाले भइरहन्छ । जुन घर छन् ती बिना बनावटको हुन सक्दैन र यदि बनावटको हो भने त सदा रहन सक्दैन । जसको शरीर छ त्यो परिश्रमको बिना दुःखी हुन्छ र शरीरवाला रोगी भए बिना कहिल्यै बच्दैन । जो एक स्त्रीसँग समागम गर्दछ, त्यो बिना रोगको बच्न सक्दैन भने त, जसले धेरै स्त्रीहरूको विषयभोग गर्दछ, त्यसको के दशा हुन्छ होला ? त्यसैले मुसलमानहरूको स्वर्ग पनि सुखदायक सदा हुन सक्दैन ॥१३७॥

**मूल–१३८– कसम छ कुरान सुदृढको ॥ निश्चय नै तँ रसूलहरू मध्येमा होस् ॥ अत्यन्त सीधा मार्गमा ॥ यो सर्वशक्तिमान् र दयावान् अल्लाहतिरबाट उतारिएको हो ॥**

–मंजिल ५/सिपारा २३/३६ सूरः या-सीन/आयत २, ३, ४, ५ ॥

**समीक्षक–** अब हेर्नुहोस् ! यो कुरान खुदाले बनाएको हुन्थ्यो भने त त्यसले यो सौगन्ध किन खान्थ्यो ? यदि नबी खुदाले पठाएको हुन्थ्यो भने त, लेपालक छोराकी स्त्रीमाथि किन मोहित भयो ? यो कथनमात्रै हो कि कुरानलाई मान्नेहरू सीधा मार्गमा छन् । किनभने सीधा मार्ग त्यही हुन्छ जसमा सत्य मानिन्छ, सत्य बोलिन्छ, सत्य गरिन्छ; पक्षपात रहित न्याय धर्मको आचरण गर्नु आदि हो र यसदेखि विपरीतको त्याग गर्नु । सो न कुरानमा, न मुसलमानहरूमा, न त यिनको खुदामा यस्तो स्वभाव छ । यदि सबैमाथि प्रबल पैगम्बर मुहम्मद साहेब हुन्थे भने त, सबै भन्दा अधिक विद्यावान् र शुभगुणयुक्त किन भएनन् ? यसैले जसरी कुञ्जरीले आफ्ना बयँरलाई अमिला भन्दिन, त्यस्तै यो कुरो पनि छ ॥१३८॥

**मूल–१३९– र नरसिंघा (महाशङ्ख) फुकेर बजाइनेछ, फेरि के देख्नेछौ कि अचानक उनीहरू चिहान बाट निस्केर आफ्नो मालिकतिर दौडनेछन् ॥ आज मैले उनीहरूको मुखमा मोहर लगाइदिनेछु र उनीहरूका हात मसित बोल्नेछन् जे-जति कमाए र उनीहरूका खुट्टाले साक्षी दिनेछन् जे-जति गरे ॥ उसको मामला त बस यही हो कि जब उसले कुनै चीज पैदा गर्नको लागि सङ्कल्प गर्दछ, तब त्यसलाई भन्दछ कि– "भइजा !" र त्यो भैहाल्दछ ॥** –मंजिल ५/सिपारा २३/३६ सूरः या-सीन/आयत ५१, ६५, ८२ ॥

**समीक्षक–** अब सुन्नुहोस् कि ऊटपटाङ्गका कुराहरू ! खुट्टाले कहिल्यै साक्षी दिन सक्दछन् ? खुदाको सिवाय त्यस समयमा को थियो जसलाई उसले आज्ञा दियो ? कसले सुन्यो ? र को बन्न गयो ? यदि थिएन भने त यो कुरो झुटो र यदि थियो भने त त्यो कुरो– "जुन सिवाय खुदाको केही चीज थिएन र खुदाले सबैथोक बनाइदियो"– त्यो झुटो ॥१३९॥

**मूल–१४०– उनीहरूलाई यस्तो मदिराको प्याला ल्याएर घुमाइनेछ कि भाँडो भरी हुनेछ ॥ स्वच्छ पारदर्शी पिउनेवालाहरूको लागि सुस्वादु ॥ र उनीहरूसित नजर झुकाएकी ठूला-ठूला आँखा भएकी स्त्रीहरू हुनेछन् ॥ मानौं कि अण्डा हुन् लुकाएर राखिएका ॥ के अब हामीलाई मर्न पर्दैन ॥ र निस्सन्देह लूत पनि पैगम्बरहरू मध्येबाटै थियो ॥ जब कि मैले उसलाई र उसका मान्छेहरूलाई मुक्ति दिएँ, सिवाय एउटी बुढी पछि रहनेहरू वालामा थिई ॥ फेरि मैले अरूलाई मारिदिए ॥**

–मंजिल ६/सिपारा २३/३७ सूरः अस-साफ्फात/आयत ४५, ४६, ४८, ४९, ५८, १३३-१३७ ॥

**समीक्षक**– किनजी यहाँ त मुसलमानहरू रक्सीलाई नराम्रो बताउँछन्, परन्तु यिनको स्वर्गमा त नदीको नदी बगेको छ । यति त राम्रो हो कि यहाँ त कुनै प्रकारले मद्य पिउन छुटाएका छन्, परन्तु यहाँको साटोमा वहाँ उनका स्वर्गमा बडो नराम्रो छ ! बिना स्त्रीहरूको वहाँ कसैको चित्त स्थिर रहँदैन होला ! र भयङ्कर रोग पनि हुन्छन् होला ! यदि शरीरवाला हुन् भने त अवश्य मर्नेछन् र यदि शरीरवाला होइनन् भने त, त्यो विघ्नको भोग विलास नै गर्न सक्ने भएनन् । फेरि उनीहरूको स्वर्गमा जानु व्यर्थ हुनेछ । यदि लूतलाई पैगम्बर मान्दछन् भने त, जुन बाइबलमा लेखिएको छ कि– 'उसले आफ्नी दुईओटी छोरीहरूसँग सम्भोग गरेर दुईओटा छोरा जन्मायो' यस कुरालाई पनि मान्दछौ कि मान्दैनौ ? यदि मान्दछौ भने त यस्तोलाई पैगम्बर मान्न व्यर्थ छ । यदि यस्ता र यस्तैका सङ्गीहरूलाई खुदाले मुक्ति दिन्छ भने त, त्यो खुदा पनि त्यस्तै हो । किनभने बुढियाको कथा भन्नेवाला र पक्षपात गरेर अरूलाई मार्नेवाला खुदा कहिल्यै हुन सक्दैन । यस्तो खुदा मुसलमानहरूका घरमा नै रहन सक्दछ, अन्यत्र होइन ॥१४०॥

**मूल–१४१– सदाबहार बगैंचा जसको द्वार उनीहरूको लागि खोलिएको हुनेछ ॥ तिनीहरू त्यसमा शिरानी हालेर बसेका हुनेछन्, र अनेक प्रकारको फल पेय पदार्थ मागिराख्नेछन् ॥ र उनीहरूसित नजर झुकाएकी शर्मिली अनि समान आयुवाली पत्नीहरू हुनेछन् ॥ अतः सबै फरिश्ताहरूले नमन गरे ॥ परन्तु इबलीसले घमण्ड गरेर अवज्ञाकारीमा हुन गयो ॥ सोध्यो कि, ऐ इबलीस तँलाई कुन चीजले रोक्यो कि यसलाई सजदा गर्नमा, जसलाई कि मैले मेरो दुइटै हातले बनाएको हुँ, कि तैंले घमण्ड गरेको होस् कि ठूलो हूँ भनेर ॥ उसले भन्यो, म आदम भन्दा श्रेष्ठ छु, तैंले मलाई आगोबाट पैदा गरेको छस् र यसलाई माटोबाट ॥ भन्यो कि तँ यहाँबाट तुरुन्त निस्केर जा, किनभने तँ तिरस्कृत होस् ॥ र तँमाथि मेरो धिक्कार छ बदलाको दिनसम्म ॥ इबलीसले भन्यो कि, ऐ मेरो मालिक, मलाई अवकाश दे त्यस दिनसम्मको लागि जब सबै मुर्दाहरूलाई पुनः उठाइनेछ ॥ भन्यो कि तँलाई अवकाश दिइएको छ ॥ निर्धारित समयको लागि ॥ उसले भन्यो कि तेरो सम्मानको कसम, मैले ती सबैलाई भ्रमित पारेर राख्नेछु ॥ सिवाय तेरा ती बन्दाहरू जसलाई तैंले पवित्र गरेको छस् ॥** –मंजिल ६/सिपारा २३/३८ सूरः साद/आयत ५०-५३, ७३-८३ ॥

**समीक्षक**– यदि वहाँ जस्तो कि कुरानमा बगैंचा, नहर, घर, खानपान, आभूषण, मौजमस्ती लेखिएको छ त्यस्तो छ भने त, ती न सदादेखि थिए न सदा रहन सक्दछन् किनभने जो संयोगबाट पदार्थ बन्दछ त्यो संयोगको पूर्व थिएन, अवश्यभावी वियोगको अन्तमा पनि रहनेछैन । जब त्यो बगैंचा नै रहँदैन भने त त्यसमा रहँनेवालाहरू सदा कसरी रहँन सक्दछन् ? किनभने 'गद्दी, शिरानी, मेवा-फल र पेय पदार्थ' वहाँ मिल्नेछ लेखिएको छ । यसबाट यही सिद्ध हुन्छ कि जुन समयमा मुसलमानहरूको मजहब चल्यो, त्यस समयमा अरब देश विशेष धनाढ्य थिएन, यसैले मुहम्मद साहेबले शिरानी आदिको कथा सुनाएर गरीबहरूलाई आफ्नो मतमा फसाए, र जहाँ स्त्रीहरू हुन्छन् त्यहाँ निरन्तर सुख कहाँ ? ती स्त्रीहरू वहाँ कहाँबाट आए ? अथवा स्वर्गका हुन् ? यदि आएका हुन् भने त जानेछन् र त्यहींका नै हुन् भने त कयामतको पूर्व के गर्दथे ? के निकम्मा आफ्नो उमेरलाई बिताइराखेका थिए ? अब हेर्नुहोस् खुदाको तेज ! जसको हुकुम अन्य फरिश्ताहरूले मानेर आदम साहेबलाई नमस्कार गरे र शैतानले गर्न मानेन । खुदाले शैतानलाई सोध्यो कि मैले तँलाई आफ्नो दुइटै हातले बनाएँ, तैंले अभिमान नगर । यसबाट यही सिद्ध हुन्छ कि कुरानको खुदा दुई हातवाला मनुष्य थियो । यसैले त्यो व्यापक वा सर्वशक्तिमान् कहिल्यै हुन सक्दैन । र शैतानले सत्य कुरा भन्यो कि म आदम भन्दा उत्तम छु, यसमाथि खुदाले रिस किन गर्‍यो ? के आकाश मात्रै खुदाको घर हो पृथ्वी होइन ? त्यसो हो भने काबालाई खुदाको पहिलो घर किन लेखियो ? भला परमेश्वर आफूबाट वा सृष्टिबाट अलग कसरी निकाल्न सक्दछ ? र त्यो सृष्टि सबै परमेश्वरको हो यसबाट स्पष्ट विदित हुन्छ कि कुरानको खुदा बगैंचाको जिम्मेदार थियो । खुदाले त्यसलाई धिक्कारेर कैद गर्‍यो शैतानले भन्यो कि हे मालिक ! मलाई कयामतसम्म छोडिदे । खुदाले खुशी हुँदै कयामतको दिनसम्म छोडिदियो । जब शैतान छुटचो तब खुदासँग भन्दछ कि अब मैले मज्जासित भ्रमित पार्नेछु र आतङ्कित गराउनेछु । तब खुदाले भन्यो कि जतिलाई तैंले भ्रमित पार्नेछस् ती र तँलाई समेत दोजख (नरक) मा हाल्नेछु । अब सज्जनहरूले विचार गर्नुहोस् ! कि शैतानलाई बहकाउनेवाला खुदा हो कि आफै बहकेको

हो ? यदि खुदाले भ्रमित पारेको हो भने त खुदा शैतानको पनि शैतान ठहरियो । यदि शैतान स्वयं भ्रमित भयो भने त अन्य जीव पनि स्वयं भ्रमित हुनेछन्, शैतानको आवश्यकता छैन ! र जसबाट यस शैतान बागीलाई खुदाले खुला छोडिदियो यसबाट विदित भयो कि त्यो पनि शैतानको शरीक, अधर्म गराउनेमा भयो । यदि स्वयंले चोरी गराएर दण्ड दिन्छ भने त, त्यसको अन्यायको कुनै पारावार हुँदैन ॥१४१॥

**मूल–१४२– निस्सन्देह अल्लाहले समस्त पापहरूलाई क्षमा गरिदिन्छ, ऊ बडो क्षमावान् र कृपालु छ ॥ र धर्ती सम्पूर्ण रूपबाट उसको मुट्ठीमा हुनेछ, कयामतको दिन र समस्त आकाश लपेटिएको हुनेछ उसको दाहिने हातमा ॥ र धर्ती आफ्नो मालिकको प्रकाशबाट चम्कनेछ, र किताब राखिनेछ अनि पैगम्बर र साक्षी उपस्थित गराइँनेछ, र मनुष्यहरूलाई ठीक-ठीक निर्णय गरिनेछ कुनै अत्याचार गरिनेछैन ॥**

–मंजिल ६/सिपारा २४/३९ सूरः अज-जुमार/आयत ५३, ६७, ६९ ॥

**समीक्षक**– यदि समग्र पापलाई खुदाले क्षमा गर्दछ भने त, जान्नु सबै संसारलाई पापी बनाउँछ र दयाहीन हुन्छ, किनभने एक दुष्टमाथि दया र क्षमा गर्नाले त्यसले अधिक दुष्टता गर्नेछ र थुप्रै धर्मात्माहरूलाई दुःख दिनेछ । यदि किञ्चित् पनि अपराध क्षमा गरियो भने त, अपराध नै अपराध जगत्मा छाउनेछ । के परमेश्वर अग्निवत् प्रकाशवाला हो ? र कर्मपत्र कहाँ जम्मा रहन्छन् ? र कसले लेख्दछ ? यदि पैगम्बरहरू र साक्षीहरूको भरोसामा खुदाले न्याय गर्दछ भने त, त्यो असर्वज्ञ र असमर्थ हो । यदि उसले अन्याय गर्दैन, न्याय नै गर्दछ भने त कर्महरूको अनुसार गर्दछ होला । ती कर्म पूर्वापर वर्तमान जन्महरूका हुन सक्दछन् तब त पाप क्षमा गर्ने, हृदयमा ताला लगाउने र शिक्षा नगर्ने, शैतानबाट भ्रमित पार्ने, दौरासुपुर्द (कुराइमा) राख्ने जस्ता कुराहरू केवल अन्याय हो ॥१४२॥

**मूल–१४३– यस किताबको अवतरण प्रभुत्वशाली, सर्वज्ञ अल्लाहतिरबाट भएको हो ॥ जसले गुनाह क्षमा गर्दछ, तौबा कबूल गर्दछ, कठोर दण्ड दिन्छ, शक्तिमान् छ, उसको अतिरिक्त दोस्रो कोई पूज्य-प्रभु छैन, अन्ततः उसैतिर जानु छ ॥** –मंजिल ६/सिपारा २४/४० सूरः गाफिर/आयत २, ३ ॥

**समीक्षक**– यो कुरा यसको लागि हो कि भोले मान्छेहरू अल्लाहको नामबाट यस पुस्तकलाई मान्नेछन् कि जसमा थोरै सत्य राखेर बाँकी सबै असत्य भरिएको छ । साथै त्यो सत्य पनि असत्यसँग मिसिन गएर दूषित भएको छ । यसैले कुरान र कुरानको खुदा र यसलाई मान्नेहरू पाप वर्द्धक र पाप गर्ने-गराउनेवाला हुन्, किनभने 'पाप क्षमा गर्नु अत्यन्त अधर्म' हो । किन्तु यसैले गर्दा मुसलमानहरू पाप र उपद्रव गर्नमा डराउँदैनन् ॥१४३॥

**मूल–१४४– फेरि उसले दुई दिनमा सात आकाश बनायो र प्रत्येक आकाशमा उसले कामको रफ्फा-डफ्फाको आदेश पठायो ॥ तब उनका कान, आँखा र छालाले उनको विरुद्ध ती कुराहरूको साक्षी दिनेछन्, जो उनीहरूले गरेका थिए ॥ उनीहरूले आफ्नो छालासित भन्नेछन् कि तैंले हाम्रो विरुद्ध किन गवाही दिइस् ? तब तिनीहरूले भन्नेछन्, हामीलाई उसै अल्लाहले वाणी दिएकोछ जसले प्रत्येक चीजलाई वाक्-शक्ति प्रदान गरेको छ ॥ निस्सन्देह वही मुर्दाहरूलाई जीवित गर्नेवाला हो ॥**

–मंजिल ६/सिपारा २४/४१ सूरः फुस्सीलत/आयत १२, २०, २१, ३९ ॥

**समीक्षक**– वाह जी वाह मुसलमानहरू हो ! तिम्रो खुदा जसलाई तिमीले सर्वशक्तिमान् मान्दछौ भने त, त्यसले सात आकाशलाई दुई दिनमा बनाउन सक्यो ? र जो सर्वशक्तिमान् हुन्छ त्यसले त क्षणभरमा नै सबैलाई बनाउन सक्दछ । भला कान, आँखा र छालालाई ईश्वरले जड बनाएको छ तिनीहरूले साक्षी कसरी दिन सक्दछन् ? यदि साक्षी नै बोलाउने हो भने त, त्यसले प्रथममा किन जड बनायो ? र आफ्नो पूर्वापर नियम विरुद्ध किन गऱ्यो ? यसमा पनि बढी मिथ्या कुरो यो हो कि जब जीवमाथि साक्षी दियो, तब जीवले आफ्नो-आफ्नो छालासित सोध्यो कि तैंले हामीमाथि किन साक्षी दिइस् ? छालाले भन्यो कि खुदाले बोलायो मैले के गरूँ । भला यस्तो कुरा पनि कहिल्यै हुन सक्दछ ? जस्तै कसैले भन्दछ कि बन्ध्याको पुत्रको मुख मैले देखें, यदि पुत्र छ भने त बन्ध्या किन ? यदि बन्ध्या हो भने त पुत्र हुनै असम्भव छ । यसै प्रकारको यो मिथ्या कुरो हो । यदि त्यसले मुर्दाहरूलाई ब्युँताउने काम गर्दछ भने त पहिला मार्दछ किन ? के आफू पनि मुर्दा हुन्छ कि हुँदैन ? यदि हुन सक्दैन भने त मुर्दापनलाई किन नराम्रो मान्दछ ? र कयामतको रातसम्म मृतक जीव कुन मुसलमानको घरमा रहे ? र दौरासुपुर्द (कुराइमा) खुदाले बिना अपराध किन राख्यो ? शीघ्र न्याय किन गरेन ? यस्ता-यस्ता कुराले ईश्वरतामा कलङ्क लाग्दछ ॥१४४॥

**मूल–१४५– उसैको अधिकारमा आकाश र धर्तीका कुञ्जिहरू छन्, उसले जसको लागि चाहन्छ अधिक जीविका दिने गर्दछ र जसलाई चाहन्छ थोरै दिन्छ ॥ उसले जो चाहन्छ पैदा गर्दछ, उसले जसलाई चाहन्छ छोरी प्रदान गर्दछ र जसलाई चाहन्छ छोरा प्रदान गर्दछ ॥ अथवा उनीहरूलाई एकत्र गरिदिन्छ छोरा पनि र छोरी पनि, र जसलाई चाहन्छ निःसन्तान राख्दछ ॥ र कुनै मनुष्यको यो सामर्थ्य छैन कि**

**अल्लाहले उससँग कुरा गरोस्, परन्तु आयतको माध्यमबाट अथवा पर्दाको* पछाडिबाट अथवा कुनै फरिश्तालाई पठाएर ॥** –मंजिल ६/सिपारा २४/४२ सूरः अश-शूरा/आयत १२, ४९, ५०, ५१ ॥

**समीक्षक–** खुदासँग कुञ्जिहरूको भण्डार भरिएको छ होला । किनभने सबै ठेगानहरूको ताला खोल्नुपर्ने हुन्छहोला ! यो लडकपनको कुरा हो । के जसलाई चाहन्छ त्यसलाई बिना पुण्य कर्मको ऐश्वर्य दिन्छ ? र घट्बढ गर्दछ ? यदि यस्तै हो भने त, त्यो बडो अन्यायकारी हो । अब हेर्नुहोस् कुरान बनाउनेवालाको चतुराई ! कि जसबाट स्त्री पनि मोहित भएर फसून् । यदि जो चाहन्छ उत्पन्न गर्दछ भने त दोस्रो खुदालाई पनि उत्पन्न गर्न सक्दछ कि सक्दैन ? यदि गर्न सक्दैन भने त सर्वशक्तिमत्ता यहाँनेर अड्कियो । भला मनुष्यलाई त खुदाले जसलाई चाहन्छ छोरा-छोरी दिन्छ, परन्तु कुखुरा, माछा, सुँगुर आदि जसको थुप्रै छोरा-छोरी हुन्छन् तिनलाई कसले दिन्छ ? र स्त्री पुरुषको समागम बिना किन दिँदैन ? कसैलाई आफ्नो इच्छाले बाँझो राखेर दुःख किन दिन्छ ? वाह ! खुदा कति तेजस्वी छ कि उसको सामुन्ने कसैले कुरा गर्न सक्दैन ! परन्तु उसले पहिला भनेको छ कि पर्दा हालेर कुरा गर्न सक्दछ वा फरिश्ताहरूले खुदासँग कुरा गर्न सक्दछन् अथवा पैगम्बरले । यदि यस्तै कुरा हो भने त फरिश्ता र पैगम्बरले खुब आफ्नो मतलब खिच्दछन् होला ! यदि कोई भन्दछ कि खुदा सर्वज्ञ सर्वव्यापक हो, तब त 'पर्दा राखेर कुरा गर्न र हुलाकीले झैं खबर मगाएर जान्नु-लेख्नु' व्यर्थ छ । यदि यस्तै हो भने त, त्यो खुदा नै होइन किन्तु चालाक मनुष्य होला । यसैले यो कुरान कहिल्यै ईश्वरकृत हुन सक्दैन ॥१४५॥

**मूल–१४६– जब ईसा स्पष्ट प्रमाणहरूको साथमा आयो ॥**

–मंजिल ६/सिपारा २५/४३ सूरः अज-जुखरुफ/आयत ६३ ॥

**समीक्षक–** यदि ईसा पनि खुदाले पठाइएको हो भने त, उसको उपदेशको विरुद्ध कुरान खुदाले किन बनायो ? फेरि कुरानदेखि विरुद्ध इञ्जील किन बनायो ? यसैले यी किताबहरू ईश्वरकृत होइनन् ॥१४६॥

**मूल–१४७– यसलाई समात र घिसार्दै नरकको मध्यसम्म लैजाओ ॥ र हामीले उनैसँग विवाह गरिदिनेछौं गोरी ठूला-ठूला आँखा भएकीसँग ॥**

–मंजिल ६/सिपारा २५/४४ सूरः अद-दुखान/आयत ४७, ५४ ॥

**समीक्षक–** वाह ! कस्तो खुदा न्यायकारी हुँदै पक्राउने र प्राणीहरूलाई घिसार्ने ? जब मुसलमानहरूको खुदा नै यस्तो छ भने त, त्यसका उपासक मुसलमान अनाथ निर्बलहरूलाई समातेर घिसारेमा त यसमा के आश्चर्य हुन्छ ? र उसले संसारी मनुष्यकै समान विवाह पनि गराउँछ, जान्नु कि मुसलमानहरूको पुरोहित नै हो ॥१४७॥

**मूल–१४८– यदि काफिरहरूसँग मुठभेड भएमा गर्दनमा मार्नु, यहाँसम्म कि जब मजासँग रक्तपात भएपछि बलियोसँग बाँधिदिनु, त्यसपछि उपकार गर्नु या क्षतिपूर्ति लिनु ॥ र कयौं यस्ता बस्ती जुन शक्तिमा तिम्रो यस बस्तीदेखि अधिक ताकतवर थिए, जसले तिमीलाई निकाले, मैले उनीहरूलाई नष्ट गरिदिएँ, कोई उनीहरूका सहायक भएनन् ॥ जन्नत (स्वर्ग) को उदाहरण, जसको वादा डराउनेवालाहरूसँग गरिएको थियो, जसको विशेषता यो हो कि यसमा नहर बग्दछन्, यस्तो पानी कि जुन परिवर्तन हुँदैन र दूधको नहर हुनेछ, जसको स्वाद बदलिएको हुँदैन, र मदिराको नहर हुनेछ जुन पिउनेवालाहरूको लागि स्वादिष्ट हुनेछ र महको नहर हुनेछ जुन अत्यन्तै स्वच्छ हुनेछ ॥ र उनीहरूका लागि अनेक प्रकारको फल हुनेछ र खुदातिरबाट क्षमा हुनेछ ॥** –मंजिल ६/सिपारा २६/४७ सूरः मुहम्मद/आयत ४, १३, १५ ॥

**समीक्षक–** यसैले यो कुरान, खुदा र मुसलमान आतङ्क मच्चाउने, सबैलाई दुःख दिने र आफ्नो मतलब साध्नेवाले दयाहीन हुन् । जस्तो यहाँ लेखिएको छ त्यस्तै दोस्रा, कुनै दोस्रो मतवालाले मुसलमानहरूमाथि गरेमा त मुसलमानहरूलाई त्यस्तै दुःख जस्तो कि अन्यलाई दिन्छन्, हुन्छ कि हुँदैन ? र बडो पक्षपाती हुन् कि जसले मुहम्मद साहेबलाई निकालिदिए उनीहरूलाई खुदाले मार्‍यो । भला ! जसमा शुद्ध पानी, दूध, मद्य र महको नहर छन् त्यो संसारदेखि अधिक हुन त सक्दैन ? र दूधको नहर कहिल्यै हुन सक्दैन ? किनभने त्यो थोरै समयमा नै बिग्रन्छ । यसैले गर्दा बुद्धिमान्हरूले कुरानको मतलाई मान्दैनन् ॥१४८॥

---

*यस आयतको भाष्यमा 'तफसीरहुसैनी' मा लेखिएको छ कि "मुहम्मद साहेब दुई पर्दामा थिए र खुदाको आवाज सुने । एउटा पर्दा जरीको थियो र अर्कोचाहिं श्वेत मोतीहरूको थियो । फेरि दुवै पर्दाको बीचमा सत्तरी वर्ष हिंड्न पर्ने योग्य मार्ग थियो ?" बुद्धिमानीहरूले यस कुरालाई विचार गर्नुहोस् कि यो खुदा हो कि पर्दाको आड (पछि) बाट कुरा गर्नेवाली स्त्री ? यिनीहरूले त ईश्वरको नै दुर्दशा गराएका छन् । कहाँ वेद तथा उपनिषदादि सद्ग्रन्थहरूमा प्रतिपादित शुद्ध परमात्मा र कहाँ कुरानोक्त पर्दाको आडदेखि कुरा गर्नेवाला खुदा ! साँचो त यो हो कि अरबका अविद्वान्हरू थिए, उत्तम कुरा कसको घरबाट ल्याउने ?

**मूल–१४९– जब कि धर्ती थरथराएर कांप्नेछ ॥ र पहाड टुटेर चूर्ण-विचूर्ण हुन जानेछ ॥ ती छरिएको धुलो भएर रहनेछन् ॥ दायाँ हातवाला (सौभाग्यशाली), कसरी हुनेछन् दायाँ हातवाला ॥ र बायाँ हातवाला (दुर्भाग्यशाली), कसरी हुनेछन् बायाँ हातवाला ॥ माथि पलङ्ग सुनका तारहरूले बुनेका छन् ॥ आमुन्ने-सामुन्ने शिरानी राखिएको हुनेछ ॥ उनीहरूसँग किशोर हुनेछन् जो सदैव किशोरावस्थामै रहनेछन् ॥ गिलास र जग मदिराले भरिएका घुमिरहँनेछन् ॥ जसलाई पिउनाले न त टाउको दुख्नेछ न त बुद्धिमा विकार आउनेछ ॥ र स्वादिष्ट फल जो मनले चाहन्छ ॥ र पक्षीको मासु जो उनीहरूले चाहन्छन् ॥ ठूला आँखा भएकी स्त्रीहरू ॥ मानौं लुकाइएका मोती हुन् ॥ उच्चकोटिका बिछौना हुनेछन् ॥ मैले ती महिलाहरूलाई विशेष रूपबाट बनाएको छु ॥ फेरि उनीहरूलाई कुमारी राखिएकोछ ॥ मन मोहनीवाली र समान आयुवाली ॥ फेरि जसबाट आफ्नो पेट भर्नेछौ ॥ बस कसम खान्छु ताराहरूको स्थितिहरूको ॥ र यो ठूलो साक्षी हो तिमीले जान ॥**

–मंजिल ७/सिपारा २७/५६ सूरः अल-वाकिया/आयत ४-६, ८-९, १५-२३, ३४-३७, ५३, ७५,७६ ॥

**समीक्षक–** अब हेर्नुहोस् कुरान बनाउनेवालाको लीलालाई ! भला पृथ्वी त कांपिराख्दछ त्यस समयमा पनि कांपिरहनेछ । यसबाट यो सिद्ध हुन्छ कि कुरान बनाउनेवालाले पृथ्वीलाई स्थिर जान्दथ्यो ! भला पहाडहरूलाई कसरी चूर्ण पार्ला ? यदि धुलोमा किरैसरी मिले पनि सूक्ष्म शरीरधारी रहनेछन् भने त उनको दोस्रो जन्म किन हुँदैन ? वाह जी यदि खुदा शरीरधारी हुन्थेन भने त दाहिने र बायाँ अङ्ग कसरी उभ्भिन्थ्यो ? जब वहाँ खाट पनि सुनको तारले बनेका छन् भने त, सिकर्मी र सुनार पनि छन् होला र उडुसले टोक्दछन् होला ? जसले रात्रिमा तिनीहरूलाई सुत्न पनि दिँदैनन् होला । के शिरानी हालेर निकम्मा बगैंचामा बसिराख्दछन् ? या केही काम गर्दछन् ? यदि बसिराख्दछन् भने त खाएको अन्न पनि पाँचन नहुनाले रोगी भएर शीघ्र मर्दछन् पनि होला ? र जसले काम गर्दछन् होला यहाँको जस्तै मेहनत र मजदुरी होला, परिश्रम गरेर निर्वाह गर्दछन् होला, फेरि यहाँ संसारमा र तिम्रो स्वर्गको बगैंचामा खाशै विशेष के रह्यो, केही पनि रहेन । यदि वहाँ केटाहरू सधैं रहन्छन् भने त, उनका आमा-बाउ पनि रहन्छन् होला र सासू श्वसुर पनि रहन्छन् होला, तब त बडो ठूलो शहर बसेको होला । फेरि मलमूत्रादिको बढ्नाले रोग पनि हुन्छ होला । किनभने जब फल खानेछन्, गिलासमा पानी पिउनेछन् र प्यालामा रक्सी पिउनाले तिनीहरूको न टाउको दुख्नेछ, न त कुनैले जँडचाहा तालमा बोल्नेछ, यथेष्ट मेवा खानेछन् र जनावर अनि पक्षीका मासु लुछ्नेछन् । तब त अनेक प्रकारको दुःख, पक्षी र जनावर छन् होला, हत्या हुनेछ र हाड जहाँ तहाँ फ्याँकिएका होलान् र कसाईहरूको दोकान पनि होला । वाह ! के भनौं यिनको बगैंचाको प्रसंशा ! कि त्यो अरब देश भन्दा पनि बढीचढी देखिन्छ !!! र जब मांस मद्य खाएर पिएर उन्मत्त हुन्छन्, यसैले राम्री-राम्री ठिटी र ठिटा पनि वहाँ अवश्य हुनुपर्दछ नत्र भने त यस्ता नशेबाजहरूको टाउकामा गर्मी चढेर प्रमत्त हुन जानेछन् । अवश्य थुप्रै स्त्री-पुरुषहरूलाई बस्नको लागि बडा-बडा बिछौना चाहियो । जब खुदाले कुमारी केटी बगैंचामा उत्पन्न गर्दछ तब कुमार केटा पनि उत्पन्न गर्दछ होला । भला ! कुमारीहरूको त विवाह जो यहाँबाट उम्मेदवार भएर गएका छन्, उनैको साथमा खुदाले गरायो होला, परन्तु ती सदा रहनेवाला केटाहरूलाई कुनै कुमारीको साथमा विवाह लेखेन भने त के ती पनि उनै उम्मेदवारहरूको साथमा कुमारीवत् बनाएर दियो ? यसको व्यवस्था केही पनि लेखिएन । यो खुदामा ठूलो भुल किन हुन गयो ? यदि बराबर अवस्थावाली सुहागिन स्त्रीहरू पतिलाई पाएर बगैंचामा रहन्छन् भने त ठीक भएन, किनभने स्त्रीहरू भन्दा पुरुषको आयु दुई गुणा, साढे दुई गुणा चाहियो, यो त मुसलमानहरूको स्वर्गको बगैंचाको कथा हो । र नरकमा सिंहोड अर्थात् डमरू वृक्षलाई खाएर पेट भर्दछन् भने त, कण्टक (काँडा) वृक्ष पनि नरक (दोजख) मा होलान्, तब त काँडा पनि बिज्दछ होला, उम्लेको पानी पिउनाले नरकमा दुःख पनि हुन्छ होला । कसम खानु प्रायः झुट्टाहरूको काम हो, सच्चाको होइन । यदि खुदाले नै कसम खान्छ भने त झुटदेखि अलग हुन सक्दैन ॥१४९॥

**मूल–१५०– वही हो जसले आकाशहरू र धर्तीलाई छः दिनमा पैदा गऱ्यो, फेरि सिंहासनमा विराजमान भयो ॥ ईमान ल्याओ अल्लाह र उसका रसूलमाथि र त्यसबाट खर्च गर जसको उसले तिमीलाई अधिकारी बनाएको छ ॥ को छ जसले अल्लाहलाई ऋण दिन्छ, असल ऋण कि त्यसलाई उसले कयौं गुणा गरिदिन्छ ॥**

–मंजिल ७/सिपारा २७/५७ सूरः अल-हदीद/आयत ४, ७, ११ ॥

**समीक्षक–** यदि छः दिनमा पृथ्वी र आकाशहरूलाई बनाएर आकाशमा आराम गऱ्यो भने त, त्यो शरीरधारी, एकदेशी, असमर्थ र थाक्नेवाला हुनाले ईश्वर हुन सक्दैन । यदि ईमानमा पैगम्बर पनि शरीक हुन्छ भने त खुदाको शरीक भयो कि भएन ? र मुसलमानहरूको मतमा खुदाको सिवाय पनि ईमान राख्नु आवश्यक हुनाले लाशरीक खुदालाई भन्नु व्यर्थ छ । के खुदाको खजाना अथवा भण्डारमा टोटा पऱ्यो वा

कसैले लुट्यो अथवा खुदाले फैन फतूरीमा नाश गरिदियो कि जो कसैसँग पनि उधार (ऋण) माग्दछ र बढाएर दिन स्वीकार गर्दछ । भला ! यस्ता-यस्ता कुराहरू ईश्वर र ईश्वरकृत पुस्तकमा कहिल्यै हुन सक्दैन ॥१५०॥

**मूल–१५१– अल्लाहले उनीहरूको लागि कठोर यातना तयार गरेर राखेको छ, निश्चय नै नराम्रो काम हो जो तिनीहरूले गरे ॥ उनीहरूमाथि शैतानले पूरा तरहसँग आफ्नो प्रभाव जमायो, अतः उसले अल्लाहको सम्झनालाई उनीहरूमा बिर्साइदियो, ती शैतानका समुदायवाला हुन् ॥**

–मंजिल ७/सिपारा २८/५८ सूरः अल-मुजादिला/आयत १५, १९ ॥

**समीक्षक**– यदि मुसलमानी मजहबलाई नमान्ने र तिनीहरू असल हुन्, ती माथि खुदाले क्रोध गरेमा त अन्याय हुन्छ कि हुँदैन ? र जो मुसलमानहरूमा दुष्ट हुन्छ त्यससित प्रेम गरेमा पनि पक्षपाती भएर पापी हुनेछ । यदि खुदाको सृष्टिमा शैतान प्रबल हुन्छ र त्यसलाई उसले समात्न सक्दैन, दण्ड दिंदैन, मार्न सक्दैन, यसैले खुदा सर्वशक्तिमान् न्यायकारी पनि होइन ॥१५१॥

**मूल–१५२– त्यो भूमि लूटिएको अनुसारले नबाँडिकन अल्लाहले हजरतको आधीनमा राखिदियो ॥ यही भेद राखे कि लुट र सित्तैको मालमा, जुन लडाईंबाट प्राप्त भएको मालमत्तामा हुन्छ त्यसको पाँचौं भाग अल्लाहको लागि भेट र चार भाग सेना को लागि बाँडिदिने ॥**

–मंजिल ७/सिपारा २८/५९ सूरः अल-हश्र/आयत २, ६ ॥

**समीक्षक**– के भनौं ! तब नै मुसलमानहरू लुट-मार र फसाद गर्नमा डराउँदैनन् कि जसका खुदा र पैगम्बरले लुटको भूमि आदिलाई पनि स्वीकार गरेर लिए । किनभने त्यस लुटको मालमा पाँचौं भाग अल्लाहको पनि छ । के यी खुदा वा पैगम्बर लुट गराउनेवाला भएनन् । यस्ता खुदा र पैगम्बरलाई कुनै बुद्धिमान्ले मान्नसक्दैन । कतै यस्ताका कुराको प्रमाण हुन सक्दछ ? ॥१५२॥

**मूल–१५३– अल्लाह त ती मान्छेहरूसँग प्रेम गर्दछ, जो उसका मार्गमा मिलेर पंक्तिबद्ध हुँदै लड्दछन् ॥** –मंजिल ७/सिपारा २८/६१ सूरः अस-सफ्फ/आयत ४ ॥

**समीक्षक**– वाह ठीक छ ! यस्ता-यस्ता कुराहरूको उपदेश गरेर बिचरा अरब देश वासीहरूलाई सबैसँग लडाएर शत्रु बनाउँदै दुःख दिए, फेरि मजहबी नामको झण्डा उठाएर लडाईं फैलाए, यस्तालाई ईश्वर बुद्धिमान् कहिल्यै मान्न सकिंदैन । जसले मनुष्य जातिमा विरोध बढाउँछ, त्यही सबैको दुःखदाता हुन्छ ॥१५३॥

**मूल–१५४– यदि तिमीले अल्लाहलाई राम्रो ऋण दियौ भने त उसले तिम्रो लागि कयौं गुण बढाइदिनेछ र तिम्रो पाप क्षमा गरिदिनेछ ॥** –मंजिल ७/सिपारा २८/६४ सूरः अत-तगाबुन/आयत १७ ॥

**समीक्षक**– यो ऋण लिनु-दिनु सबै मुहम्मद साहेबको मतलबको कुरा हो । जसरी मूर्तिपूजक मूर्तिको नामबाट मान्छेहरूदेखि धन लिएर स्वकार्य सिद्ध गर्दछन्, यस्तै नै मुहम्मद साहेबको लीला हो । किनभने ईश्वरलाई कर्जा लिनको लागि कुनै प्रयोजन छैन ॥१५४॥

**द्रष्टव्य**– हजरतले एउटी आफ्नी श्रीमतीलाई आफू र आफ्ना बाँकी श्रीमतीहरूदेखि अलग गरिदिए । हजरतलाई एउटी उनकी मर्यम नामकी बादीसँग असाध्यै प्रीति भएको थियो । फेरि यस कुरालाई उनकी एउटी श्रीमतीले थाहा पाएर रोकिदिइन् । हजरतले रिसाएर उनलाई छोडपत्र गरिदिए । यो आयत हजरतका उनै श्रीमतीहरूको लागि हो । कुनै दिन कुनै श्रीमती रिसाई होली, त्यसै कुरामाथि यो आयत उतारे कि– "ऐ नबीकी स्त्रीहरू हो ! यो घमण्ड नगर कि पैगम्बरका लागि हामीहरू मात्रै हौं, सिवाय तिमीमात्रै होइन अरू पनि श्रीमतीहरू फेर्न सक्दछौ ।"

**मूल–१५५– ऐ नबी ! तिमीले किन त्यस चीजलाई हराम (निषिद्ध) गर्दछौ जुन अल्लाहले तिम्रो लागि हलाल (वैध) गरेकोछ, आफ्ना पत्नीहरूको प्रसन्नता चाहनको लागि, र अल्लाह बडो दयालु र क्षमा गर्नेवाला छ ॥ यदि पैगम्बरले तिमी सबैलाई तलाक (छोडपत्र) दिएमा त उसको मालिक तिम्रो बदलामा तिमीहरू भन्दा राम्रा श्रीमतीहरू उसलाई दिनेछ, आज्ञाकारी, मुसलमानी, कृतज्ञ, तौबा गर्नेवाली, इबादत गर्नेवाली, रोजा राख्नेवाली, विधवा र कुमारी ॥**

–मंजिल ७/सिपारा २८/६६ सूरः अत-तहरीम/आयत १, ५ ॥

**समीक्षक**– ध्यान दिएर हेर्नुहोस् त ! के खुदा मुहम्मद साहेबको घरको भित्र र बाहिर प्रबन्ध गर्नेवाला भला सेवक ठहरियो !!

प्रथम आयतमाथि दुई कथा छन्– एक त यो हो कि मुहम्मद साहेबलाई महको शर्बत अति प्रिय थियो । उनकी अनेकौं श्रीमतीहरू थिए, ती मध्येमा एउटीको घरमा पिउँदै जाँदा अबेर भएकोले अरूलाई

असह्य प्रतीत भयो, उनीहरूका शिकायत भन्ने सुन्ने गरेपछि मुहम्मद साहेबले कसम खाए कि मैले पिउने छैन ।

दोस्रो यो हो कि अनेकौं श्रीमतीहरू मध्येमा कुनै एउटीको पालो थियो । त्यसकहाँ रात्रिको जाँदाखेरि त्यो चाहिं ठाउँमा थिइन; आफ्नो पिताकहाँ गएकी थिई । मुहम्मद साहेबले एउटी ठिटी अर्थात् दासीलाई बोलाएर पवित्र गरे । जब श्रीमतीलाई यसको भनक लाग्यो, तब अप्रसन्न हुन गई । तब मुहम्मद साहेबले कसम खाए कि आइन्दा मैले यस्तो गर्नेछैन । र श्रीमतीलाई पनि भनिदिए कि यो कुरो तिमीले कसैसँग नगर्नू । श्रीमतीले स्वीकार गरिन् कि भन्नेछैन । फेरि उनले अर्की श्रीमतीसँग गएर भने । यसैमाथि यो आयत खुदाले उतार्‍यो "जुन वस्तुलाई मैले तेरो लागि हलाल गरिदिएँ, त्यसलाई तैंले किन हराम गर्दैछस् ?"

बुद्धिमान्हरूले विचार गर्नुहोस् कि कहीं खुदा पनि कसैको घरको निग्रानी गर्दै फिर्दछ ? र मुहम्मद साहेबको आचरण त यस कुराबाट प्रकट नै भएको छ, बताउनुपर्ने कुनै आवश्यकता नै छैन ।

फेरि दोस्रो आयतबाट प्रतीत हुन्छ कि मुहम्मद साहेबसित उनकी कुनै श्रीमती अप्रसन्न भईहोली, त्यसमाथि खुदाले यो आयत उतारेर त्यसलाई धम्कायो होला कि– "यदि तैंले गडबड गरिस् र मुहम्मद साहेबले तँलाई छोडिदए भने त, उनको खुदाले तँ भन्दा पनि राम्रा कुवाँरी श्रीमतीहरू उनलाई दिनेछ ।"

जो मान्छेसँग अलिकता पनि बुद्धि हुन्छ, त्यसले विचार गर्न सक्दछ कि यो खुदा-सुदाको काम हो कि आफ्नो प्रयोजन सिद्धिको लागि ! यस्ता-यस्ता कुराबाट यो सिद्ध हुन्छ कि खुदाले केही पनि भन्दैनथ्यो, केवल देश-काललाई हेरेर आफ्नो प्रयोजनलाई सिद्ध गर्नको लागि खुदाको तर्फबाट मुहम्मद साहेब आफैले भन्दन्थे । जति पनि मान्छेले खुदाको तर्फबाटै हो भनेर ठोकुवा गर्दछन्, तिनीहरूलाई हामीले मात्रै के, सबै बुद्धिमानीहरूले यही भन्नेछन् कि खुदा के ठहरियो मानौं मुहम्मद साहेबको लागि श्रीमती जुटाइदिने लमी ठहरियो !!!

भला ! जसले अनेक स्त्रीहरूलाई राख्दछ त्यो ईश्वरको भक्त वा पैगम्बर कसरी हुन सक्दछ ? र जसले एक स्त्रीलाई पक्षपात गरेर अर्कीलाई मान्य गर्दछ भने त, त्यो पक्षपाती भएर अधर्मी किन होइन र जो थुप्रै स्त्रीहरूदेखि पनि सन्तुष्ट नभएर बादीको साथमा फस्दछ, त्यसमा लज्जा, भय र धर्म कहाँबाट रहनें ? कसैले भनेका छन् कि–

## कामातुराणां न भयं न लज्जा

जो मनुष्य कामी हुन्छन् तिनीहरूलाई अधर्मदेखि भय या लज्जा हुँदैन । र यिनका खुदा पनि मुहम्मद साहेबकी स्त्रीहरू र पैगम्बरका झगडाको फैसला गर्नमा सरपञ्च बनेको छ । अब बुद्धिमान्हरूले विचार गर्नुहोस् कि यो कुरान कुनै विद्वान् वा ईश्वरकृत हो वा कुनै अविद्वान् मतलबसिन्धुले बनायो ? स्पष्ट विदित हुन जानेछ ॥१५५॥

**मूल–१५६– ऐ नबी ! झगडा र युद्ध गर काफिरहरूसँग, र कपटचारी शत्रुहरूसँग जिहाद गर अनि उनीहरूमाथि कठोरताले पेशिनु ॥** –मंजिल ७/सिपारा २८/६६ सूरः अत-तहरीम/आयत ९ ॥

**समीक्षक**– अरू हेर्नुहोस् मुसलमानहरूका खुदाको लीला ! अन्य मतवालासँग लड्नको लागि पैगम्बर र मुसलमानहरूलाई उक्साउँछ, यसैले आजसम्म मुसलमानहरू उपद्रव गर्नमा प्रवृत्त रहन्छन् । परमात्माले मुसलमानहरूमाथि कृपादृष्टि गरोस् कि जसबाट यिनीहरूले उपद्रव गर्न छोडिदिएर सबैसँग मित्रताले चलून् ॥१५६॥

**मूल–१५७– आकाश फाट्नेछ र त्यस दिन बन्धन खुकुलो हुनेछ ॥ र फरिश्ताहरू त्यसको किनारामा हुनेछन्, अनि त्यस दिन तिम्रो मालिकको सिंहासनलाई आठ जनाले उठाएका हुनेछन् ॥ त्यस दिन तिमीहरूलाई पेश गरिनेछ, तिम्रा कुनै पनि गुप्त कुरा लुक्नैछैनन् ॥ फेरि सबैलाई तिनीहरूका कर्म-पत्र उनीहरूका दाहिने हातमा दिइनेछ, तब तिनीहरूले भन्नेछन् कि ल पढ मेरो कर्म-पत्र ॥ अब रहे ती व्यक्ति जसका कर्म-पत्र उनीहरूका बायाँ हातमा दिइएको हुनेछ, उनीहरूले भन्नेछन् कि काश मेरो कर्म-पत्र मलाई नदिएको भए ॥** –मंजिल ७/सिपारा २९/६९ सूरः अल-हाक्का/आयत १६-१९, २५ ॥

**समीक्षक**– वाह कस्तो फिलोसफी र न्यायको कुरा छ ! कतै आकाश पनि फाट्न सक्दछ ? के त्यो वस्त्रको समान हो र फाट्ने ? यदि माथिका लोकलाई आकाश भन्दछन् भने त यो कुरो विद्यादेखि विरुद्ध छ । अब कुरानको खुदा शरीरधारी हुनमा कत्ति पनि सन्देह रहेन, किनभने सिंहासनमा बस्नु, आठ डोलेलाई बोकाउनु, बिना त्यो मूर्तिमान्को केही पनि हुन सक्दैन ? र अगाडि वा पछाडि आउने-जाने कुरा मूर्तिमान्को नै हुन सक्दछ । जब त्यो मूर्तिमान् छ भने त एकदेशी हुनाले सर्वज्ञ, सर्वव्यापक, सर्वशक्तिमान् हुन सक्दैन र सबै जीवहरूका कर्महरूलाई पनि कहिल्यै जान्न सक्दैन । यो बडो आश्चर्यको कुरा छ कि पुण्यात्माहरूको दाहिने हातमा कर्मपत्रलाई दिने, स्वर्गमा पठाउने र पापात्माहरूलाई देब्रे हातमा कर्मपत्र

दिएर नरकमा पठाउने, कर्मपत्र वाँचेर न्याय गर्ने ! सर्वज्ञको काम होइन यो सबै लडकपनको कुरा हो ॥१५७॥

**मूल–१५८– पढ्दै त्यसतिर फरिश्ता र रूह (जिब्रील) उसमाथि चढेर जान्छन्, एक त्यस्तो दिनमा जसको अवधि पचास हजार वर्षको समान हुन्छ ॥ जुन दिन चिहानबाट तेजीसँग निस्कनेछन् जस्तो कि कुनै लक्ष्य तिर दौडिएर गैराखेका छन् ॥** –मंजिल ७/सिपारा २९/७० सूरः अल-मआरिज/आयत ४, ४३ ॥

**समीक्षक–** जब फरिश्ताले पढ्दछन् तब खुदाले के गर्दछ ? सुन्दछ ? के पढ्न सक्दैन ? यदि पचास हजार वर्षको रात्रिको परिणाम हो भने त, पचास हजार वर्षको दिन किन बनाएन ? यदि उति लामो दिन छैन भने त, त्यति लामो रात पनि कहिल्यै हुन सक्दैन । रात्रिमा न्याय गर्नु ठीक होइन किन्तु दिनमा नै न्यायको लागि ठीक हो । के पचास हजार वर्षहरूसम्म खुदा, फरिश्ता र कर्मपत्रवाले ठिङ्गै उभिए कि बसे अथवा जागाराम बसे ? यदि यस्तै हो भने त सबै रोगी भएर पुनः मर्नेछन् । के चिहानबाट निस्केर खुदाको कचहरीतिर दौडन्छन् ? उनीहरूको चिहानसम्म सूचना कसरी पुग्यो ? र ती विचारहरूलाई त जो कि पुण्यात्मा, पापात्मा छन् यति लामो समयसम्म सबैलाई दौरासुपुर्द (कुराइ) मा कैद किन राख्यो ? र आजभोलि खुदाको कचहरी बन्द होला र खुदा तथा फरिश्ता निकम्मा बसेका होलान् ? अथवा के काम गर्दै होलान् ? आफ्नो-आफ्नो स्थानमा बसेर यता-उता घुम्ने, सुत्ने, नाच तमाशा हेर्ने वा ऐश आराम गर्दछन् होला । यस्तो अन्धेर कसैको राज्यमा छैन होला । यस्ता-यस्ता कुराहरूलाई सिवाय जङ्गलीले बाहेक दोस्रो कसले मान्दछ ? ॥१५८॥

**मूल–१५९– यद्यपि तिमीलाई तरह-तरहसँग बनायो ॥ के तिमीले देखेनौ कि अल्लाहले कुन प्रकार सात आकाश एक माथि एक बनायो ॥ र त्यसमा चन्द्रमालाई प्रकाश र सूर्यलाई दीपक बनायो ॥**

–मंजिल ७/सिपारा २९/७१ सूरः नूह/आयत १४, १५, १६ ॥

**समीक्षक–** यदि जीवहरूलाई खुदाले उत्पन्न गरेको हो भने त ती नित्य, अमर कहिल्यै रहँन सक्दैनन् ? फेरि स्वर्गमा सदा कसरी रहँन सक्नेछन् ? जुन वस्तु उत्पन्न हुन्छ, त्यो वस्तु अवश्य नष्ट हुन जान्छ । आकाशलाई एकमाथि अर्को तला कसरी बनाउन सक्दछ ? किनभने त्यो निराकार र विभु पदार्थ हो । यदि दोस्रो चीजको नाम आकाश राख्दछन् भने पनि त्यसलाई आकाश नाम राख्नु व्यर्थ छ । यदि तहमाथि तह गर्दै आकाश बनाएको छ भने त, सबैको बीचमा चन्द्रमा र सूर्य कहिल्यै रहँन सक्दैनन् । यदि बीचमा राखे भने त एउटा माथि र एउटा तलको पदार्थ मात्र प्रकाशित हुनेछ, फेरि बाँकीमा अन्धकार रहनुपर्दछ । यस्तो देखिदैन, यसैले यो कुरा सर्वथा मिथ्या हो ॥१५९॥

**मूल–१६०– र यो कि मस्जिद अल्लाहको लागि हो, अतः तिमीले अल्लाहको साथ अरू कसैलाई नपुकार ॥** –मंजिल ७/सिपारा २९/७२ सूरः अल-जिन्न/आयत १८ ॥

**समीक्षक–** यदि यही कुरो हो भने त मुसलमानहरू **'लाइलाह इल्लिलाः मुहम्मदर्रसूलल्लाः'** यस कलमामा खुदाको साथ मुहम्मद साहेबलाई किन पुकार्दछन् ? यो कुरा कुरानदेखि विरुद्ध छ र यदि विरुद्ध मान्दैनन् भने त कुरानको कुरालाई झुटो गर्दछन् । जब मस्जिदहरू खुदाका घर हुन् भने त मुसलमान महाबुत्परस्त भए । किनभने जसरी पुराणी, जैनी सानो मूर्तिलाई ईश्वरको घर मान्नाले बुत्परस्त ठहरिन्छन् भने, यिनीहरू किन होइनन् ? ॥१६०॥

**मूल–१६१– अनि सूर्य र चन्द्रमा एकत्र गरिनेछ ॥**

–मंजिल ७/सिपारा २९/७५ सूरः अल-कियामह/आयत ९ ॥

**समीक्षक–** कतै सूर्य र चन्द्रमा बटुल्न सकिन्छ ? हेर्नुहोस् यो कति बेसमझको कुरा छ । फेरि सूर्य चन्द्र नै बटुल्नमा के प्रयोजन तथा अन्य सबै लोकहरूलाई नबटुल्नमा के युक्ति छ ? यस्ता-यस्ता असम्भव कुराहरू परमेश्वरकृत कहिल्यै हुन सक्दछ ? बिना अविद्वान्हरूको अन्य कुनै विद्वान्को पनि हुँदैन ॥१६१॥

**मूल–१६२– उनको सेवामा यस्ता केटाहरू दौडिराखेका हुनेछन् कि जो सदैव किशोर देखिनेछन्, जब तिमीले तिनीहरूलाई देख्नेछौ, तब तिमीलाई लाग्नेछ कि छरिएका मोती जस्तो ॥ ती माथि मसिनो हरियो रेशमी वस्त्र हुनेछ, र बाक्लो रेशमी लुगा पनि, र उनीहरूलाई चाँदीका बाला लगाइँनेछ र उनको मालिकले मदिरा पियाउनेछ ॥** न्न–मंजिल ७/सिपारा २९/७६ सूरः अल-इंसान/आयत १९, २१ ॥

**समीक्षक–** के हो जी, मोतीका वर्ण जस्ता केटाहरू केको लागि वहाँ राखिन्छ ? के जवानहरूले सेवा वा स्त्रीहरूले तृप्त गर्न सकेनन् ? कति आश्चर्य छ कि यो महा दुस्कर्म केटाहरूको साथ दुष्टले गर्दछन् । त्यसको मूल यही कुरानको वचन हो । र बगैंचामा स्वामी सेवकभाव हुनाले स्वामीलाई आनन्द र सेवकलाई परिश्रम हुनाले स्वर्गमा दुःख तथा पक्षपात किन हुन्छ ? र जब खुदाले नै उनीहरूलाई मदिरा पियाउँछ भने

त, त्यो पनि उनीहरूको सेवकवत् ठहरियो, फेरि खुदाको बडाइ कसरी रहँन सक्दछ ? र वहाँ बगैंचामा स्त्री पुरुषको समागम र गर्भस्थितिका साथै बच्चा-बच्चीहरू पनि हुन्छन् कि हुँदैनन् ? यदि हुँदैनन् भने त उनीहरूको विषयसेवन गर्ने कुरा व्यर्थ भयो र यदि हुन्छन् भने त जीव कहाँबाट आए ? र बिना खुदाको सेवाको बगैंचामा किन जन्मिए ? यदि जन्मिए भने त बिचराहरूलाई बिना ईमान ल्याउनाले र खुदाको भक्ति गर्नाले सित्तैमा स्वर्ग मिल्यो । कुनैलाई ईमान ल्याउनपर्ने र कुनैलाई सित्तैमा धर्मको सुख मिल्न जानाले यस भन्दा ठूलो अन्याय कुनचाहिं होला ? ॥१६२॥

**मूल–१६३– बदला दिइनेछ उनका कर्मानुसार ॥ र टिलपिल भरिएका प्याला ॥ जुन दिन जिब्रील र फरिश्ता पंक्ति बनाएर उभिनेछन्, कसैले बोल्ने छैन परन्तु जसलाई रहमानले अनुमति दिन्छ र त्यसले उचित कुरो भन्नेछ ॥** –मंजिल ७/सिपारा ३०/७८ सूरः अन-नबा/आयत २६, ३४, ३८ ॥

**समीक्षक**– यदि कर्मानुसार फल दिने गरिन्छ भने त, सदा बगैंचामा रहँने गोरी, फरिश्ता र मोती जस्ता केटाहरूलाई कुन कर्मको अनुसार सदाको लागि बगैंचा मिल्यो ? जब प्याला भरी-भरी रक्सी पिउँछन् भने त मस्त हुँदै मातेर किन नलड्ने ? र रूह निराकार हुनाले वहाँ कसरी उभिन सक्दछ ? र खुदा त्यो समयमा उभिन्छ कि बस्छ होला ? ॥१६३॥

**मूल–१६४– जब सूर्यलाई बेरिनेछ ॥ सबै तारा मैला हुनेछन् ॥ पहाडलाई चलाइँनेछ ॥ र जब आकाशको छाला काढिनेछ ॥** –मंजिल ७/सिपारा ३०/८१ सूरः अत-तकवीर/आयत १, २, ३, ११ ॥

**समीक्षक**– यो बडो बेसमझको कुरा हो कि गोलो सूर्यलोक कसरी बेर्ने ? र तारा मैला कसरी हुन सक्नेछन् ? र पहाड जड हुनाले कसरी चल्नेछन् ? र आकाशलाई के पशु सम्झियो कि उसको छाला काढ्ने ? यो बडो मूर्खता र जङ्गलीपनको कुरा हो ॥१६४॥

**मूल–१६५– र जब कि आकाश फाट्नेछ ॥ र जब तारा छरिनेछन् ॥ र जब समुद्रलाई चिरिनेछ ॥ र जब चिहान ब्युँताइँनेछ ॥** –मंजिल ७/सिपारा ३०/८२ सूरः अल-इन्फितार/आयत १, २, ३, ४ ॥

**समीक्षक**– वाह जी कुरानलाई बनाउनेवाला दार्शनिक ! आकाशलाई कसरी फाट्न सक्दछ ? र तारा कसरी छरिन सक्दछ ? र समुद्र के दाउरा हो जो चिर्ने ? र चिहानहरू मुर्दा हुन् जो ब्युँताउने ? यी सबै कुराहरू बच्चाका सदृश छन् ॥१६५॥

**मूल–१६६– कसम छ बुर्जावाला आकाशको ॥ किन्तु त्यो गौरवशाली कुरान हो ॥ सुरक्षित पट्टिकामा अंकित ॥** –मंजिल ७/सिपारा ३०/८५ सूरः अल-बुरूज/आयत १, २१,२२ ॥

**समीक्षक**– यस कुरानलाई बनाउनेवालाले भूगोल खगोल केही पनि पढेको थिएन । नत्र भने त आकाशलाई किल्लाको समान बुर्जावाला किन भन्थ्यो ! यदि मेषादि राशीलाई बुर्ज भन्दछन् भने त अन्यलाई बुर्ज किन भनेन ? त्यसैले यो बुर्ज होइन, सबै तारालोक हुन् । के त्यो कुरान खुदासँग छ ? यदि यो कुरान उसैले गरेको हो भने त, त्यो पनि यस भन्दा अधिक विद्या र युक्तिले विरुद्ध भएर अविद्याले भरेको छ होला ॥१६६॥

**मूल–१६७– उनीहरूले एउटा चाल चलाइरहेका छन् ॥ र मैले पनि अर्को चाल चलाइरहेको छु ॥** –मंजिल ७/सिपारा ३०/८६ सूरः अत-तारिक/आयत १५, १६ ॥

**समीक्षक**– चाल भन्दछन् ठगपनलाई, के खुदा पनि ठग हो ? र के चोरीको उत्तर चोरी र झुटको उत्तर झुट हो ? के कुनै चोरले भलाद्मीको घरमा चोरी गरेमा त, त्यो भलाद्मीले पनि के त्यसको घरमा गएर चोरी गर्ने ? ॥१६७॥

**मूल–१६८– र तिम्रो मालिक अनि फरिश्ताहरू पंक्तिमा आउनेछन्, बन्दाहरूको एक-एक पंक्तिनेर ॥ र त्यस दिन नरक ल्याइँनेछ ॥** –मंजिल ७/सिपारा ३०/८९ सूरः अल-फज्र/आयत २२, २३ ॥

**समीक्षक**– भन जी ! जसरी कोटवाला वा सेनाध्यक्षले आफ्नो सेना लिएर पंक्ति बाँधेर फिर्दछन्, त्यस्तै नै यिनको खुदाको छ ? के नरक घैंटोजस्तो सम्झिएको छ, जसलाई उठाएर जहाँ चाहन्छ त्यहीं लैजाने । यदि यति नै सानो छ भने त असंख्य कैदी त्यसमा कसरी अटाउन सक्नेछन् ? ॥१६८॥

**मूल–१६९– तब अल्लाहका पैगम्बरले उनीहरूलाई भने कि अल्लाहकी ऊँटनी र उसले पानी पिउनबाट सचेत बन ॥ तब उनीहरूले त्यसलाई झुटो बनाइदिए, फेरि ऊँटनीका खुट्टा काटिदिए, र उनका पालनहारले उनका पापको कारण उनीहरूमाथि विनाश मच्चायो, अनि सबैलाई माटोमा मिलाइदियो ॥**
–मंजिल ७/सिपारा ३०/९१ सूरः अश-शम्स/आयत १३, १४ ॥

**समीक्षक**– के खुदा पनि ऊँटनीमाथि चढेर सैर गर्ने गर्दछ ? नत्र भने त केको लागि राख्यो र बिना कयामतको आफ्नो नियमलाई तोडेर ती माथि तबाही किन मच्चायो ? यदि मच्चायो भने त दण्ड दियो, फेरि कयामतको रातमा न्याय र त्यस रातको हुनु झुटो सम्झिनेछ ? यस ऊँटनीको लेखबाट यही अनुमान

हुन्छ कि अरब देशमा ऊँट, ऊँटनीको सिवाय दोस्रो सवारीको साधन हुने थिएन । यसैले कुनै अरब देशीले कुरान बनाएको हो ॥१६९॥

**मूल–१७०– यदि त्यसले मानेन भने त हामीले टाउकामा समातेर घिसार्नेछौं ॥ त्यस टाउकालाई जुन झुटो, पापी हो ॥ हामीले पनि नरकका फरिश्ताहरूलाई बोलाउनेछौं ॥**

–मंजिल ७/सिपारा ३०/९६ सूरः अल-अलक/आयत १५, १६, १८ ॥

**समीक्षक–** यस्तो नीच चपरासीहरूको काम घिसार्नबाट पनि खुदा बचेन । भला टाउको पनि कहिल्यै झुटो र अपराधी हुन सक्दछ ? सिवाय जीवको, कहीं यस्तो पनि खुदा हुनसक्दछ कि जसरी कारागार अध्यक्षलाई जिल्लाको हाकिमले बोलाएझैं ॥१७०॥

**मूल–१७१– मैले यसलाई उतारेकोछु कदर को रातमा ॥ र तिमीले के जान्दछौ कि कदरको रात के हो ? ॥ फरिश्ताहरू र रूह (जिब्रील-पवित्रात्मा) यसमा आफ्ना पालनहारको अनुमतिले उत्रिन्छन्, प्रत्येक आदेश लिएर ॥** –मंजिल ७/सिपारा ३०/९७ सूरः अल-कद्र/आयत १, २, ४ ॥

**समीक्षक–** यदि एकै रातमा कुरानलाई उतारे भने त, त्यो आयत अर्थात् त्यस समयमा उत्रियो र विस्तारै-विस्तारै उतारियो यो कुरो सत्य कसरी हुन सक्दछ ? फेरि रात्रि अँधेरो हुन्छ, यसमा के सोध्नु छ ? वहाँ लेखेर आएका छन् तल-माथि केही पनि हुन सक्दैन र यहाँ लेख्दछन् कि फरिश्ताहरू र पवित्रात्मा खुदाको हुकुमबाट संसारको प्रबन्ध गर्नको लागि आउँछन् । यसैले स्पष्ट विदित भयो कि खुदा मनुष्यवत् एकदेशी हो । अहिलेसम्म देखिएको थियो कि खुदा, फरिश्ताहरू र पैगम्बरहरू तीन ओटाका कथा हुन्थ्यो, अब एक पवित्रात्मा चौथो पनि निस्कियो ! अब नजाने यो चौथो पवित्रात्मा के हो ? यो त ईसाईहरूको मत अर्थात् पिता, पुत्र र पवित्रात्मा तीन ओटालाई मान्नाले चौथो पनि बढ्न गयो । यदि भन्लान् कि यी तीनैलाई हामीले खुदा मान्दैनौं, यस्तो पनि हुन सक्दछ, परन्तु जब पवित्रात्मा पृथक् छ भने त खुदा, फरिश्ता र पैगम्बरलाई पवित्रात्मा भन्नुपर्दछ कि पर्दैन ? यदि पवित्रात्मा हुन् भने त एउटाको मात्रै नाम पवित्रात्मा किन ? र ऊँट, घोडा आदि जनावर, रात-दिन र कुरान आदिको खुदाले कसम खाने गर्दछ, कसम खानु असल मान्छेको काम होइन ॥१७१॥

अब यो कुरानको विषयलाई लेखेर बुद्धिमान्हरूको सम्मुख स्थापित गर्दछु कि यो पुस्तक कस्तो छ ? मसित सोध्यौ भने त, यो किताब न ईश्वर, न विद्वान् न त विद्याको नै हुन सक्दछ । यो त थोरैमात्र यसमा दोष प्रकट गरें, यसको लागि कि धोकामा परेर आफ्नो जन्म व्यर्थ नगुमाऊन् । जे-जति थोरै यसमा सत्य छ त्यो वेदादि पुस्तकहरूको अनुकूल हुनाले जसरी मलाई ग्राह्य छ, त्यसरी नै अन्य मजहबका हठ र पक्षपात रहित विद्वान्हरूलाई र बुद्धिमान्हरूलाई ग्राह्य छ । यसको बिना जे-जति यसमा छ त्यो सबै अविद्या, भ्रमजाल र मनुष्यको आत्मालाई पशुवत् बनाएर, शान्तिभङ्ग गराउँदै, उपद्रव मच्चाएर, मनुष्यहरूमा विद्रोह फैलाएर, परस्पर दुःखोन्नति गर्नेवाला विषय छ । साथै पुनरुक्त दोषको त कुरान जान्नु कि भण्डार नै हो । परमात्माले सबै मनुष्यमाथि कृपा गरोस् कि सबैको प्रीति, परस्पर मेल र एक दोस्राको सुखको उन्नति गर्नमा प्रवृत्त होस् । जसरी मैले आफ्नो वा दोस्राका मतमतान्तरहरूको दोष पक्षपात रहित भएर प्रकाशित गर्दछु, यसै प्रकारले यदि सबै विद्वान्हरूले गरेमा त के कठिनता छ कि परस्परको विरोध छुटेर, मेल भएर आनन्दमा ऐक्यमत हुँदै सत्यको प्राप्ति सिद्ध नहोस् । यो थोरैमात्र कुरानको विषयमा लेखियो, यसलाई बुद्धिमान् धार्मिक जनहरूले ग्रन्थकारको अभिप्रायलाई सम्झेर लाभ उठाऊन् । यदि भ्रमले कहीं अन्यथा लेखिन गएको भएमा त्यसलाई शुद्ध गर्नुहोला ।

अब एउटा कुरो बाँकी छ कि धेरैजसो मुसलमानहरूले यस्तो भन्ने गर्दछन् र लेखाउने वा छपाउने गर्दछन् कि– "हाम्रो मजहबको कुरा अथर्ववेदमा लेखिएको छ ।" यसको उत्तर यो हो कि अथर्ववेदमा यस कुराको नामोनिशान पनि छैन ।

**प्रश्न–** के तिमीले अथर्ववेद सबै हेरेका छौ ? यदि हेरेका छौ भने त अल्लोपनिषद् हेर ! यो साक्षात् त्यसमा लेखिएको छ; फेरि किन भन्दछौ कि अथर्ववेदमा मुसलमानहरूको नाम निशाना पनि छैन ।

## अथाल्लोपनिषदं व्याख्यास्यामः ।

**अस्माल्लां इल्ले मित्रावरुणा दिव्यानि धत्ते । इल्लल्ले वरुणो राजा पुनर्द्दुः ।**
**हया मित्रो इल्लां इल्लल्ले इल्लां वरुणो मित्रस्तेजस्कामः ॥१॥**
**होतारमिन्द्रो होतारमिन्द्र महासुरिन्द्राः ।**
**अल्लो ज्येष्ठं श्रेष्ठं परमं पूर्णं ब्रह्माणं अल्लाम् ॥२॥**
**अल्लोरसूलमहामदरकबरस्य अल्लो अल्लाम् ॥३॥**

**आदल्लाबूकमेककम् । अल्लाबूक निखातकम् ॥४॥**
**अल्लो यज्ञेन हुतहुत्वा । अल्ला सूर्य्यचन्द्रसर्वनक्षत्राः ॥५॥**
**अल्ला ऋषीणां सर्वदिव्यां इन्द्राय पूर्वं माया परममन्तरिक्षाः ॥६॥**
**अल्लः पृथिव्या अन्तरिक्षं विश्वरूपम् ॥७॥**
**इल्लां कबर इल्लां कबर इल्लां इल्लल्लेति इल्लल्लाः ॥८॥**
**ओम् अल्लाइल्लल्ला अनादिस्वरूपाय अथर्वणाश्यामा हुं ह्रीं**
**जनानपशूनसिद्धान् जलचरान् अदृष्टं कुरु कुरु फट् ॥९॥**
**असुरसंहारिणी हुं ह्रीं अल्लोरसूलमहमदरकबरस्य**
**अल्लो अल्लाम् इल्लल्लेति इल्लल्लाः ॥१०॥**

## ॥ इत्यल्लोपनिषत् समाप्ता ॥

जुन यसमा प्रत्यक्ष मुहम्मद साहेब रसूल लेखिएको छ, यसैबाट सिद्ध हुन्छ कि मुसलमानहरूको मत वेदमूलक हो ।

**उत्तर**– यदि तिमीले अथर्ववेद हेरेका छैनौ भने त, हामीकहाँ आउनू ! आरम्भदेखि अन्तसम्म हेर । अथवा जो कोही अथर्ववेदीकहाँ गएर बीस काण्डयुक्त मन्त्रसंहिता अथर्ववेदलाई हेर्न सक्दछौ । त्यसमा कहीं पनि तिम्रा पैगम्बर साहेबको नाम वा मतको निशान देख्नेछैनौ ! र जुन यो अल्लोपनिषद् हो त्यो न अथर्ववेदमा, न यसको गोपथ ब्राह्मणमा छ वा न त कुनै शाखामा छ । यो त अकबरशाहको समयमा अनुमान छ कि कसैले बनायो । यसलाई बनाउनेवाला केही अरबी र केही संस्कृत पनि पढेको देखिन्छ, किनभने यसमा अरबी र संस्कृतका पद लेखिएको देखिन्छ । हेर ! **अस्मल्लां इल्ले मित्रा वरुणा दिव्यानि धत्ते** इत्यादिमा जुन कि दश अङ्कमा लेखिएको छ जस्तै– यसमा **अस्माल्लां** र **इल्ले** अरबी र **मित्रा वरुणा दिव्यानि धत्ते** यो संस्कृत पद लेखिएको छ, त्यसरी नै सर्वत्र देखिनमा आएकोले कुनै संस्कृत र अरबीलाई पढेकाले बनाएको हो । यदि यसको अर्थलाई हेर्ने हो भने त यो एकदमै कृत्रिम, अयुक्त, वेद र व्याकरणको-रीतिदेखि विरुद्ध सिद्ध हुन्छ । जस्तो यो उपनिषद् बनाइएको छ, त्यस्तै थुप्रै उपनिषद्हरू मतमतान्तरवाले पक्षपातीहरूले बनाएका छन् । जस्तै कि स्वरूपोपनिषद्, नृसिंहतापनी, रामतापनी, गोपालतापनी इत्यादि धेरै बनाएका छन् ।

**प्रश्न**– आजसम्म कसैले यस्तो भनेन अहिले तिमीले भन्दछौ, हामीले तिम्रो कुरालाई साँचो कसरी मान्ने ?

**उत्तर**– तिमीले मान्दामा वा नमान्दामा मेरो कुरा झुटो हुन सक्दैन । हो ! जुन प्रकारले यसलाई मैले अयुक्त ठहऱ्याएको छु, त्यसै प्रकारबाट जब तिमीले अथर्ववेद, गोपथ वा यसको शाखाहरूको प्राचीन लिखित पुस्तकहरूमा जस्ताको तस्तै लेख देखाएर अर्थसङ्गतिबाट पनि शुद्ध गर, तब त सप्रमाण हुन सक्दछ ।

**प्रश्न**– हेर ! हाम्रो मत कति असल छ कि जसमा सबै प्रकारको सुख र अन्तमा मुक्ति मिल्दछ ।

**उत्तर**– यस्तै नै आफ्ना-आफ्ना मतवाले सबैले भन्दछन् कि हाम्रो मत सबैभन्दा राम्रो छ, बाँकी सबै नराम्रा । बिना हाम्रो मतले दोस्राको मतबाट मुक्ति मिल्न सक्दैन । अब हामीले तिम्रो कुरालाई साँचो मान्ने कि अरूका ? हामीले त यही मान्दछौं कि सत्यभाषण, अहिंसा, दया आदि शुभगुण सबै मतहरूमा राम्रा छन् र बाँकी वाद, विवाद, ईर्ष्या, द्वेष, मिथ्याभाषणादि कर्म सबै मतहरूमा नराम्रा छन् । यदि तिमीलाई सत्य मतको ग्रहणको इच्छा छ भने त, वैदिक मतलाई ग्रहण गर ।

यस भन्दा अगाडि स्वमन्तव्याऽमन्तव्यको प्रकाश संक्षेपले लेखिनेछ ।

## इति श्रीमद्दयानन्दसरस्वतीस्वामिकृते सत्यार्थप्रकाशे सुभाषाविभूषिते यवनमतविषये चतुर्दशः समुल्लासः सम्पूर्णः ॥१४॥

# ओ३म्
## स्वमन्तव्य-अमन्तव्यको विषयमा प्रकाश

सर्वतन्त्र सिद्धान्त अर्थात् साम्राज्य सार्वजनिक धर्म जसलाई सदादेखि सबैले मान्दै आए, मान्दछन् र मान्नेछन् पनि, त्यसैले यसलाई सनातन नित्यधर्म भन्दछन् कि जसको कोही पनि विरोधी हुन नसकून् । यदि अविद्यायुक्तजन अथवा कुनै मतवालाले भ्रमाएको यसलाई अन्यथा जान्ने वा मान्ने त्यसलाई स्वीकार कुनै पनि बुद्धिमान्ले गर्दैन, किन्तु जसलाई आप्त अर्थात् सत्यमानी, सत्यवादी, सत्यकारी, परोपकारक पक्षपातरहित विद्वान्ले मान्दछन् त्यही सबैको मन्तव्य र जसलाई मान्दैनन् त्यो अमन्तव्य हुनाको कारण त्यसको प्रमाण हुँदैन । अब जुन वेदादि सत्यशास्त्र र ब्रह्मादेखि लिएर जैमिनिमुनि पर्यन्तले मानेको ईश्वरादि पदार्थ जसलाई कि मैले पनि मान्दछु सबै सज्जन महाशयहरूको सामुन्ने प्रकाशित गर्दछु ।

म आफ्नो मन्तव्यमा उसैलाई जान्दछु कि जो तीनै कालमा एक समान सबैको सामुन्ने मान्न योग्य छ । मेरो कुनै नवीन कल्पना वा मतमतान्तर चलाउने लेशमात्र पनि अभिप्राय होइन किन्तु जुन सत्य छ, त्यसलाई मान्नु, मनाउनु र जुन असत्य छ, त्यसलाई छोड्नु र छोडाउनु मेरो अभीष्ट हो । यदि मैले पक्षपात गर्दथें भने त आर्यावर्तमा प्रचरित मतहरूमा कुनै एक मतको आग्रही हुन्थें किन्तु जुन-जुन आर्यावर्त वा यी देशहरूमा अधर्मयुक्त चालचलन छन्, त्यसलाई स्वीकार र जुन धर्मयुक्त कुराहरू छन्, तिनलाई त्याग गर्दिनथें, न गर्न नै चाहन्छु किनभने यस्तो गर्नु मनुष्यधर्मदेखि बहिः हो ।

मनुष्य त्यसलाई भन्नुपर्दछ कि जो मननशील भएर स्वात्मवत् अन्यहरूको सुख-दुःख र हानि-लाभलाइ सम्झियोस् । अन्यायकारी बलवान्देखि पनि नडरोस् र धर्मात्मा निर्बलसित पनि डराओस् । यत्तिमात्रै होइन किन्तु आफ्नो सर्व सामर्थ्यले धर्मात्माहरू– कि चाहे तिनीहरू महा अनाथ, निर्बल र गुणरहित होऊन्– तिनको रक्षा, उन्नति, प्रियाचरण र अधर्मी चाहे चक्रवर्ती, सनाथ, महाबलवान् र गुणवान् पनि होस् तथापि त्यसको नाश, अवनति र अप्रियाचरण सधैं गरोस् । अर्थात् जहाँसम्म हुनसक्दछ त्यहाँसम्म अन्यायकारीहरूको बलको हानि र न्यायकारीहरूको बलको उन्नति सर्वथा गर्ने गरोस् । यस काममा चाहे उसलाई कति नै दारुण दुःख प्राप्त किन नहोस्, चाहे प्राण नै किन नजाओस् । परन्तु यस मनुष्यपनरूपी धर्मदेखि पृथक् कहिल्यै नहोस् । यसमा श्रीमान् महाराजे भर्तृहरि, व्यासजी र मनुले श्लोक लेखेका छन्, तिनीहरूको लेख्नु उपयुक्त सम्झेर लेख्दैछु–

**निन्दन्तु नीतिनिपुणा यदि वा स्तुवन्तु लक्ष्मीः समाविशतु गच्छतु वा यथेष्टम् ।**
**अद्यैव वा मरणमस्तु युगान्तरे वा न्याय्यत्पथः प्रविचलन्ति पदं न धीराः ॥१॥**

–भर्तृहरिशतक (नीतिशतक श्लोक ८५) ॥

**न जातु कामान्न भयान्न लोभाद् धर्मं त्यजेज्जीवितस्यापि हेतोः ।**
**धर्मो नित्यः सुखदुःखे त्वनित्ये जीवो नित्यो हेतुरस्य त्वनित्यः ॥२॥**

–महाभारत [उद्योगपर्व-प्रजागरपर्व (अध्याय ४०/श्लोक ११-१२)] ॥

**एक एव सुहृद्धर्मो निधनेऽप्यनुयाति यः । शरीरेण समं नाशं सर्वमन्यद्धि गच्छति ॥३॥**

–मनुस्मृति (अध्याय ८/श्लोक १७) ॥

**सत्यमेव जयते नानृतं सत्येन पन्था विततो देवयानः ।**
**येनाऽऽक्रमन्त्यृषयो ह्याप्तकामा यत्र तत्सत्यस्य परं निधानम् ॥४॥**

–मुण्डकोपनिषत् (मु.३/खं.१/मन्त्र ६) ॥

**नहि सत्यात्परो धर्मो नानृतात्पातकं परम् ।**
**नहि सत्यात्परं ज्ञानं तस्मात्सत्यं समाचरेत् ॥५॥** –उपनिषदि [तुलना-मनुस्मृति (अ.८/श्लो. १२)] ॥

यिनै महाशयहरूको श्लोकका अभिप्रायकै अनुकूल निश्चय राख्नु नै सबैका लागि योग्य छ ।

अब मैले जुन-जुन पदार्थहरूलाई जस्तो-जस्तो मान्दछु, तिन-तिनको वर्णन संक्षेपले यहाँ गर्दछु कि जसको विशेष व्याख्यान समेत यस ग्रन्थमा आफ्नो-आफ्नो प्रकरणमा मैले गरिदिएको छु । यसमा प्रथम–

१– **'ईश्वर'** चाहिं जसलाई ब्रह्म, परमात्मादि नामले पुकारिन्छ, जुन सच्चिदानन्दादि लक्षणयुक्त छ, जसको गुण, कर्म, स्वभाव पवित्र छन्, जुन सर्वज्ञ, निराकार, सर्वव्यापक, अजन्मा, अनन्त, सर्वशक्तिमान्, दयालु, न्यायकारी, सबै सृष्टिका कर्ता, धर्ता, हर्ता सबै जीवहरूको कर्मानुसार सत्य न्यायका फलदाता आदि लक्षणयुक्त परमेश्वर छ, उसैलाई मैले मान्दछु ।

२– चारै 'वेदहरू' को विद्या धर्मयुक्त ईश्वरप्रणीत संहिता मन्त्रभागलाई निर्भ्रान्त **स्वतःप्रमाण** मान्दछु, अर्थात् जुन स्वयं नै प्रमाणरूप हुन्, कि जसको प्रमाण हुनमा कुनै अन्य ग्रन्थको अपेक्षा नहोस् । जस्तै सूर्य

वा प्रदीप स्वयं आफ्नो स्वरूपको स्वतःप्रकाशक र पृथिव्यादिका प्रकाशक हुन्छन् यस्तै चारै वेद छन्, र चारै वेदका ब्राह्मण, छः अङ्ग, छः उपाङ्ग, चार उपवेद र ११२७ (एघार सय सत्ताईस) वेदहरूका शाखा जुन कि वेदहरूको व्याख्यानरूप ब्रह्मादि महर्षिहरूले बनाएका हुन्, तिनलाई **परतःप्रमाण** अर्थात् वेदहरूको अनुकूल हुनाले प्रमाण र यिनमा जुन वेदविरुद्ध वचन छन्, तिनलाई **अप्रमाण** गर्दछु ।

३– जुन पक्षपातरहित, न्यायाचरण सत्यभाषणादियुक्त ईश्वराज्ञा वेददेखि अविरुद्ध छ, त्यसलाई **'धर्म'** र जुन पक्षपातसहित अन्यायाचरण, मिथ्याभाषणादि ईश्वराज्ञाभङ्ग वेदविरुद्ध छ, त्यसलाई **'अधर्म'** मान्दछु ।

४– जुन इच्छा, द्वेष, सुख, दुःख र ज्ञानादि गुणयुक्त अल्पज्ञ नित्य छ, त्यसैलाई **'जीव'** मान्दछु ।

५– जीव र ईश्वर स्वरूप र वैधर्म्यदेखि भिन्न र **व्याप्य**, **व्यापक** र साधर्म्यदेखि अभिन्न छ अर्थात् जसरी आकाशदेखि मूर्तिवान् द्रव्य कहिल्यै भिन्न थिएन, न छ, न हुनेछ र न कहिल्यै एक थियो, न छ, न हुनेछ यसै प्रकार परमेश्वर र जीवको **व्याप्य-व्यापक**, उपास्य-उपासक र पिता-पुत्रवत् आदि सम्बन्धयुक्त मान्दछु ।

६– **'अनादि पदार्थ'** तीन छन् । **एक ईश्वर, द्वितीय जीव, तृतीय प्रकृति** अर्थात् जगत्‌को कारण, यिनैलाई नित्य पनि भन्दछन् । जुन नित्य पदार्थ छन्, तिनका गुण, कर्म, स्वभाव पनि नित्य छन् ।

७– **'प्रवाहदेखि अनादि'** जुन संयोगबाट द्रव्य, गुण, कर्म उत्पन्न हुन्छन्, ती वियोगको पश्चात् रहँदैनन्, परन्तु जसदेखि प्रथम संयोग हुन्छ त्यो सामर्थ्य तिनमा अनादि हुन्छ, र त्यससँग पुनरपि संयोग हुन्छ तथा वियोग पनि, यी तीनैलाई प्रवाहदेखि अनादि मान्दछु ।

८– **'सृष्टि'** त्यसलाई भन्दछन्, जुन पृथक् द्रव्यहरूको ज्ञान युक्तिपूर्वक मेल भएर नानारूप बन्दछ ।

९–**'सृष्टिको प्रयोजन'** यही हो कि जसमा ईश्वरको सृष्टिनिमित्त गुण, कर्म, स्वभावको साफल्य हुनु । जस्तै कसैले कसैसँग सोध्यो कि नेत्र केको लागि हो ? उसले भन्यो हेर्नको लागि । त्यसरी नै सृष्टि गर्ने ईश्वरको सामर्थ्यको सफलता सृष्टि गर्नमा नै छ र जीवहरूलाई कर्मको यथावत् भोग गराउनु आदि पनि हो ।

१०– **'सृष्टि सकर्तृक'** हो । यसको कर्ता पूर्वोक्त **ईश्वर** हो । किनभने सृष्टिको रचना देख्नाले, जड पदार्थमा आफै यथायोग्य बीजादि स्वरूप बन्ने सामर्थ्य नहुनाले सृष्टिको **'कर्ता'** अवश्य छ ।

११– **'बन्ध'** सनिमित्तक अर्थात् अविद्यादि निमित्तसँग छ । जुन-जुन पापकर्म ईश्वरभिन्नोपासना, अज्ञानादि यी सबैले दुःख फल गर्दछन् । त्यसैले यो 'बन्ध' हो, कि जसको इच्छा हुँदैन तर भोग्नुपर्दछ ।

१२– **'मुक्ति'** अर्थात् सबै दुःखबाट छुटेर बन्धरहित, सर्वव्यापक ईश्वर र उसको सृष्टिमा स्वेच्छाले विचरनु, नियत समय पर्यन्त मुक्तिको आनन्दलाई भोगेर पुनः संसारमा आउनु ।

१३– **'मुक्तिको साधन'** ईश्वरोपासना अर्थात् योगाभ्यास, धर्मानुष्ठान, ब्रह्मचर्यबाट विद्याप्राप्ति, आप्त विद्वान्‌हरूको सङ्ग, **सत्यविद्या, सुविचार र पुरुषार्थ** आदि हुन् ।

१४– **'अर्थ'** जुन धर्मबाट नै प्राप्त गरियोस् र जुन अधर्मबाट सिद्ध हुन्छ, त्यसलाई **'अनर्थ'** भन्दछन् ।

१५– **'काम'** त्यो हो कि जुन धर्म र अर्थबाट प्राप्त गरियोस् ।

१६– **'वर्णाश्रम'** गुण कर्महरूको योगले मान्दछु ।

१७– **'राजा'** त्यसैलाई भन्दछन् जसमा शुभ गुण, कर्म, स्वभावबाट प्रकाशमान, पक्षपातरहित न्यायधर्मको सेवी, प्रजाहरूमा पितृवत् वर्त्तिने र उनीहरूलाई पुत्रवत् मानेर उनीहरूको उन्नति र सुख बढाउनमा सदा यत्न गरिरहोस् ।

१८– **'प्रजा'** त्यसैलाई भन्दछन् जुन पवित्र गुण, कर्म, स्वभावलाई धारण गरेर पक्षपातरहित न्यायधर्मको सेवनले राजा र प्रजाको उन्नति चाहँदै राजविद्रोहरहित राजाको साथमा पुत्रवत् वर्त्तून् ।

१९– जसले सदा विचार गरेर असत्यलाई छोड्दै सत्यलाई ग्रहण गरोस्, अन्यायकारीहरूलाई हटाओस् र न्यायकारीहरूलाई बढाओस्, आफ्नो आत्माकै समान सबैको सुख चाहोस्, त्यसलाई **'न्यायकारी'** मान्दछु ।

२०– **'देव'** विद्वान्‌हरूलाई, र अविद्वान्‌हरूलाई **'असुर',** पापीहरूलाई **'राक्षस',** अनाचारीहरूलाई **'पिशाच'** मान्दछु ।

२१– उनै विद्वान्‌हरू, माता, पिता, आचार्य, अतिथि, न्यायकारी राजा र धर्मात्मा जन, पतिव्रता स्त्री र स्त्रीव्रत पतिको सत्कार गर्नु **'देवपूजा'** भनिन्छ, यसदेखि विपरीत अदेवपूजा । यी जीउँदा मूर्तिहरूको पूजा कर्तव्य, यी मूर्तिदेखि इतर जड-पाषाणादि मूर्तिहरूलाई सर्वथा अपूज्य सम्झन्छु ।

२२– **'शिक्षा'** जसबाट विद्या, सभ्यता, धर्मात्मता, जितेन्द्रियतादिको बढोत्तरी होस् र यसैबाट अविद्यादि दोष छुटोस् त्यसलाई शिक्षा भनिन्छ ।

२३– **'पुराण'** जुन ब्रह्मादिले बनाएका ऐतरेयादि ब्राह्मण पुस्तक हुन्, तिनैलाई पुराण, इतिहास, कल्प, गाथा र नाराशंसी नामले मान्दछु, अन्य भागवतादिलाई होइन ।

२४– **'तीर्थ'** जसले दुःखसागरबाट पार गराओस् कि जुन सत्यभाषण, विद्या, सत्सङ्ग, यमादि, योगाभ्यास, पुरुषार्थ विद्यादानादि शुभ कर्म छन्, तिनैलाई तीर्थ सम्झन्छु, इतर जलस्थलादिलाई होइन ।

२५– **'पुरुषार्थ प्रारब्धभन्दा ठूलो'** यस मानेमा छ कि, जसबाट संचित प्रारब्ध बन्दछ जुन सुध्रिंदाखेरि सबै सुध्रिन्छन् र जुन बिग्रंदाखेरि सबै बिग्रन्छन् । त्यसैले प्रारब्धको अपेक्षा पुरुषार्थ ठूलो हो ।

२६– **'मनुष्य'** ले सबैसँग यथायोग्य स्वात्मवत् सुख, दुःख, हानि, लाभमा वर्त्तिनु श्रेष्ठ, अन्यथा वर्त्तिनु नराम्रो सम्झन्छु ।

२७– **'संस्कार'** त्यसलाई भन्दछन् कि जसबाट शरीर, मन र आत्मा उत्तम होओस् । त्यो निषेकादि श्मशानान्त सोह्र प्रकारको छ । यसलाई कर्तव्य सम्झन्छु र दाहको पश्चात् मृतकको लागि केही पनि गर्नुहुँदैन ।

२८– **'यज्ञ'** त्यसलाई भन्दछन् कि जसमा विद्वान्हरूको सत्कार, यथायोग्य शिल्प अर्थात् रसायन जुन कि पदार्थविद्या त्यसबाट उपयोग र विद्यादि शुभगुणहरूको दान, अग्निहोत्रादि जसबाट वायु, वृष्टि, जल, औषधिको पवित्रता गरेर सबै जीवहरूलाई सुखी बनाउँदछ, त्यसलाई उत्तम सम्झन्छु ।

२९– जसरी **'आर्य'** श्रेष्ठ र **'दस्यु'** दुष्ट मनुष्यलाई भन्दछन्, त्यसलाई मैले पनि मान्दछु ।

३०– **'आर्यावर्त'** देश यस भूमिको नाम यस कारणले रहेको हो कि जसमा आदि सृष्टिको पश्चात् आर्य जनहरू निवास गर्दछन् परन्तु यसको अवधि उत्तरमा हिमालय, दक्षिणमा विन्ध्याचल, पश्चिममा अटक र पूर्वमा ब्रह्मपुत्र नदी छ । यी चारैको बीचमा जति देश छन्, त्यसैलाई **'आर्यावर्त'** भन्दछन् र जति यसमा सदा रहन्छन्, तिनीहरूलाई पनि **'आर्य'** भन्दछन् ।

३१– **'आचार्य'** त्यसलाई भन्दछन्, जो साङ्गोपाङ्ग वेदविद्याहरूको अध्यापक र सत्याचारलाई ग्रहण र मिथ्याचारलाई त्याग गराउँदछ ।

३२– **'शिष्य'** त्यसलाई भन्दछन् कि जुन सत्य शिक्षा र विद्यालाई ग्रहण गर्न योग्य धर्मात्मा, विद्याग्रहणको इच्छा र आचार्यलाई प्रिय गराउँदछ ।

३३– **'गुरु'** त्यो पनि हो, जसले माता, पिता र सत्यलाई ग्रहण गराउँदछ र असत्यलाई छुटाउँदछ ।

३४– **'पुरोहित'** जो यजमानको हितकारी सत्योपदेष्टा हुन्छ ।

३५– **'उपाध्याय'** जो वेदहरूको एकदेश वा अङ्गहरूलाई पढाउँदछ ।

३६– **'शिष्टाचार'** जुन धर्माचरणपूर्वक ब्रह्मचर्यबाट विद्यालाई ग्रहण गरेर प्रत्यक्षादि प्रमाणहरूबाट सत्याऽसत्यको निर्णय गरेर, सत्यको ग्रहण, असत्यलाई परित्याग गर्नुपर्दछ, यही शिष्टाचार हो र जसले यसलाई गर्दछ, त्यो **'शिष्ट'** भनिन्छ ।

३७– प्रत्यक्षादि आठ **'प्रमाणहरूलाई'** पनि मान्दछु ।

३८– **'आप्त'** त्यो हो जो यथार्थवक्ता, धर्मात्मा, सबैको सुखको लागि प्रयत्न गर्दछ, त्यसैलाई **'आप्त'** भन्दछु ।

३९– **'परीक्षा'** पाँच प्रकारका छन् । यसमा प्रथम ईश्वरको गुण, कर्म, स्वभाव र वेदविद्या, दोस्रो आठ प्रत्यक्षादि प्रमाण, तेस्रो सृष्टिक्रम, चौथो आप्तहरूको व्यवहार र पाँचौं आफ्नो आत्माको पवित्रता, विद्या, यी पाँच परीक्षाबाट सत्याऽसत्यको निर्णय गरेर सत्यलाई ग्रहण र असत्यलाई परित्याग गर्नुपर्दछ ।

४०– **'परोपकार'** जसबाट सबै मनुष्यको दुराचार, दुःख छुटोस्, श्रेष्ठाचार र सुख बढोस्, यस्तो गर्नुलाई परोपकार भन्दछु ।

४१– **'स्वतन्त्र' 'परतन्त्र'–** जीव आफ्नो काममा स्वतन्त्र र कर्मफल भोग्नमा ईश्वरको व्यवस्थाबाट परतन्त्र, त्यसरी नै ईश्वर आफ्नो सत्याचार काम गर्नमा स्वतन्त्र छ ।

४२– **'स्वर्ग'–** नाम सुख विशेष भोग र त्यसका सामाग्रीको प्राप्ति हुनु हो ।

४३– **'नरक'–** जुन दुःख विशेष भोग र त्यसका सामाग्रीको प्राप्ति हुनु हो ।

४४– **'जन्म'–** जुन शरीर धारण गरेर प्रकट हुनु सो पूर्व, पर र मध्य भेदले तीन प्रकारको मान्दछु ।

४५– शरीरको संयोगको नाम **'जन्म'** र वियोग मात्रको नाम **'मृत्यु'** भन्दछन् ।

४६– **'विवाह'–** जुन नियमपूर्वक प्रसिद्धिबाट आफ्नो इच्छा गरेर पाणि ग्रहण गर्नुलाई विवाह भनिन्छ ।

४७– **'नियोग'–** विवाह पश्चात् पति मर्ने आदि वियोगमा अथवा नपुंसकत्वादि स्थिर रोगहरूमा स्त्री वा पुरुष आपत्कालमा स्ववर्ण वा आफ्नो भन्दा उत्तम वर्णस्थ पुरुष (वा स्त्री)को साथ नियोग गरेर सन्तानोत्पत्ति गरोस् ।

४८– **'स्तुति'–** गुणकीर्त्तन, श्रवण र ज्ञान हुनु, यसको फल प्रीति आदि हुन्छन् ।

४९– **'प्रार्थना'–** आफ्नो सामर्थ्यको उपरान्त ईश्वरको सम्बन्धबाट जुन विज्ञान आदि प्राप्त हुन्छन् तिनको लागि ईश्वरसँग याचना गर्नु यसको फल निरभिमान आदि हुन्छ ।

५०– **'उपासना'–** जस्तो ईश्वरको गुण, कर्म, स्वभाव पवित्र छन्, त्यस्तै आफ्नो गर्नु । ईश्वरलाई सर्वव्यापक, आफूलाई व्याप्य जानेर, ईश्वरको समीप हामी र हाम्रो समीप ईश्वर छ, यस्तो निश्चय योगाभ्यासबाट साक्षात् गर्नुलाई **'उपासना'** भन्दछन्, यसको फल ज्ञानको उन्नति आदि हो ।

५१– **'सगुणनिर्गुणस्तुतिप्रार्थनोपासना'–** जुन-जुन गुण परमेश्वरमा छन् त्यससँग युक्त र जुन-जुन छैन तिनबाट पृथक् मानेर प्रशंसा गर्नु **सगुणनिर्गुण स्तुति** भनिन्छ र शुभ गुणहरूको ग्रहणलाई ईश्वरसँग इच्छा र दोष छुटाउनको लागि परमात्माको सहाय चाहनु **सगुणनिर्गुणप्रार्थना** र सबै दोषहरूदेखि रहित, सबै गुणहरूदेखि सहित परमेश्वरलाई मानेर आफ्नो आत्मालाई उसैतिर र उसैको आज्ञाको अर्पण गर्नु **निर्गुणसगुणोपासना** भनिन्छ ।

यसरी संक्षेपमा स्वसिद्धान्त देखाइदिएँ । यसको विशेष व्याख्या यसै **'सत्यार्थप्रकाश'** कै प्रकरण-प्रकरणमा छ, तथा भूमिका आदि ग्रन्थहरूमा पनि लेखेको छु, अर्थात् जुन-जुन कुरो सबैको सामुन्ने माननीय छ, त्यसलाई मान्दै अर्थात् जस्तो कि सत्य बोल्नु सबैको सामुन्ने राम्रो, र मिथ्या बोल्नु नराम्रो हो, यस्तो सिद्धान्तहरूलाई स्वीकार गर्दछु । र जुन मतमतान्तरका परस्परमा विरुद्ध झगडा छन्, त्यसदेखि म प्रसन्न छैन, किनभने यिनै मतवालाहरूले आफ्नो मतको प्रचार गरेर मनुष्यलाई फसाएर परस्पर शत्रु बनाइदिएका छन् । यस कुरालाई काटेर, सर्व सत्यको प्रचार गरेर, सबैलाई ऐक्यमतमा गराउँदै, द्वेष छुटाएर, परस्परमा दृढप्रीतियुक्त गराएर, सबैदेखि सबैलाई सुख लाभ पुऱ्याउनको लागि मेरो प्रयत्न र अभिप्राय हो । सर्वशक्तिमान् परमात्माको कृपा, सहाय र आप्तजनहरूको सहानुभूतिबाट यो सिद्धान्त सर्वत्र भूगोलमा शीघ्र प्रवृत्त भएर जाओस् र जसबाट सबै जना सहजले धर्मार्थ काम मोक्षको सिद्धि गरेर, सदा उन्नत र आनन्दित भैराखून्, यही मेरो मुख्य प्रयोजन हो ।

**अलमतिविस्तरेण बुद्धिमद्वर्य्येषु ।**

**ओ३म् । शन्नो मित्रः शं वरुणः । शन्नो भवत्वर्य्यमा । शन्न इन्द्रो बृहस्पतिः ।**
**शन्नो विष्णुरुरुक्रमः ॥ नमो ब्रह्मणे । नमस्ते वायो । त्वमेव प्रत्यक्षं ब्रह्मासि ।**
**त्वामेव प्रत्यक्षं ब्रह्मावादिषम् । ऋतमवादिषम् । सत्यमवादिषम् । तन्मामावीत् ।**
**तद्वक्तारमावीत् । आवीन्माम् आवीद्वक्तारम् । ओ३म् शान्तिः शान्तिः शान्तिः ॥**

–तैत्तिरीय आरण्यक (७/१२) ॥

**इति श्रीमत्परहंसपरिव्राजकाचार्य्याणां परमविदुषां**
**श्रीविरजानन्दसरस्वतीस्वामिनां**
**शिष्येण श्रीमद्दयानन्दसरस्वतीस्वामिना विरचितः**
**स्वमन्तव्यामन्तव्यसिद्धान्तसमन्वितः**
**सुप्रमाणयुक्तः सुभाषाविभूषितः ।**
**सत्यार्थप्रकाशोऽयं ग्रन्थः सम्पूर्तिमगमत् ॥**

॥ समाप्त ॥